आजको लागि सत्यता

टिप्पणी

एडि क्लोएर, डि. मिन.

प्रधान सम्पादक

आजको लागि सत्यता

टिप्पणी

पवित्र धर्मशास्त्रहरुको व्याख्या र प्रयोग

ख्रीष्टको जीवन, २
एक पूरक

डेभिड एल. रोपर

Truth for Today
World Mission School
2209 Benton
Searcy, AR 72143
USA

आजको लागि सत्यता टिप्पणी
ख्रीष्टको जीवन, २
Copyright © 2025 Truth for Today World Mission School
2209 Benton, Searcy, AR 72143 USA

सर्वाधिकार प्रकाशकमा सुरक्षित छ। प्रकाशकको अनुमति नलिई, यो पुस्तकको सानोभन्दा सानो अंश पनि कुनै पनि स्वरूपमा पुनः उत्पादन गर्न पाइने छैन।

ISBN: 979-8-9889512-8-5

मूल भाषामा शीर्षकः “ख्रीष्टको जीवन शृङ्खला”
प्रतिलिपि अधिकार © २००१, २००२ आजको लागि सत्यता वल्ड मिसन स्कूल

उचित अनुमति लिएर नेपालीमा प्रकाशित र Resource Publications सबै. अधिकार सुरक्षित, 2205 Benton Street, Searcy, AR 72143 USA, www.resourcepublications.net.

Bible Text: Nepali New Revised Version © Nepal Bible Society 1997, 2006, 2009, 2012. Used by permission. All Rights Reserved.

विषय-सूची

खण्ड २ को रूपरेखा १

भाग ६: तेस्रो निस्तार-चाडदेखि येशू बेथनियामा आइपुग्नुभएको समयसम्म ख्रीष्टको सेवकाइ (जारी) ९

मत्ती १९:१—२०:३४; मर्कूस १०:१-५२; लूका ९:५१—१९:२७; यूहन्ना ७:२—११:५४

खण्ड २: यहूदियामा ११

खण्ड ३: पेरियामा ९९

खण्ड ४: सम्पूर्ण प्यालेष्टाइनमा १२९

भाग ७: येशूको सेवकाइको अन्तिम हप्ता १८९

मत्ती २१:१—२७:६६; मर्कूस ११:१—१५:४६; लूका १९:२९—२३:५६; यूहन्ना ११:५५—१९:४२

खण्ड १: अन्तिम अनुरोधहरू १९१

खण्ड २: अन्तिम प्रस्थान २४५

खण्ड ३: उहाँको मृत्युको तयारी ३०५

खण्ड ४: धोका, पक्राउ, र परीक्षा ३६९

खण्ड ५: मृत्यु र दफन ४१३

भाग ८: येशूको पुनरुत्थान, उहाँ देखा पर्नुभएको, र उहाँको स्वर्ग आरोहण ४६९

मत्ती २८:१-२०; मर्कूस १६:१-२०; लूका २४:१-५३; यूहन्ना २०:१—२१:२५

परिशिष्ट १: थप अध्ययन ५२३

परिशिष्ट २: चार्ट, मानचित्र, र पुरातत्व ५३३

आजको लागि सत्यता वर्ल्ड मिशन स्कूल के हो? ५४३

प्रयोग

चेला बन्न चाहनेहरू (लूक ९:५७-६२; हेर्नुहोस्: मत्ती ८:१९-२२) १६

जीवनको पानी (यूहन्ना ७:३७-३९) ३०

“म अन्धो थिएँ, तर अब देख्दछु” (यूहन्ना ९) ४६

“हे प्रभु, हामीलाई प्रार्थना गर्न सिकाउनुहोस्” (लूक ११:१-१३) ६५

एक जना सफल व्यापारीको गल्ती (लूक १२:१३-२१) ७८

पश्चात्ताप गर वा नष्ट होओ (लूक १३:१-५) ८८

बाँकी कथा (लूक १५:२५-३२) ११०

“हे परमेश्वर, ममाथि दया गर्नुहोस्!” (लूक १८:९-१४) १४२

त्यसो भए तपाईं विवाह गर्नेबारे विचार गर्दै हुनुहुन्छ? (मत्ती १९:३-९) १५७

“ममा अझै के कमी छ?” (मर्कू १०:१७-२७; मत्ती १९:१६-२६; लूक १८:१८-२७) १६५

“तिमी ठूलो भएपछि के बन्छौ?” १७६
(मत्ती २०:१७-२८; मर्कू १०:३२-४५; लूक १८:३१-३४)

राजाको निमन्त्रणा! (मत्ती २२:१-१४) २१८

सबै कुराद्वारा परमेश्वरलाई प्रेम गर्नु (मर्कू १२:२९, ३०) २३५

“फरिसीहरूको खमिरबाट होशियार रहो” २५१
(मत्ती २३:१-३९; मर्कू १२:३८-४०; लूक २०:४५-४७)

जब हामीले दिएको येशूले हेर्नुहुन्छ (मर्कू १२:४१-४४; लूक २१:१-४) २५७

“समय आइपुगेको छ” (यूहन्ना १२:२०-३६, ४६-४८) २६५

प्रभुको निम्ति सबै थोकको जोखिम उठाउनु (मत्ती २५:१४-३०) २९४

“मेरो सम्झनामा यो गर्ने गर” (मत्ती २६:२६; मर्कू १४:२२; लूक २२:१९) ३२६

प्रभुको निम्ति फल फलाउनु (यूहन्ना १५:१-१२) ३४९

बगैंचामा ३६०
(मत्ती २६:३०, ३६-४६; मर्कू १४:२६, ३२-४२; लूक २२:३९-४६; यूहन्ना १८:१, ४, ११)

येशूको सतावट तथा परीक्षा ४०२
(मत्ती २६; २७; मर्कू १४; १५; लूक २२; २३; यूहन्ना १८; १९)

“त्यहाँ तिनीहरूले उहाँलाई क्रूसमा टाँगे” (लूक २३:३३-३८, ४४-४६) ४३०

“क्रूसमा टाँगिएको चोरलाई के भयो?” (मत्ती २७:३८-४४; लूक २३:३९-४३) ४३१
कलवरीका आश्चर्यकर्महरू ४४८
(मत्ती २७:४५-५४; मर्कू १५:३३-३८; लूक २३:४४-४६; यूह १९:२८, ३०)
“र ... उहाँलाई चिहानमा राखियो” ४६४
पुनरुत्थानले के घोषणा गर्छ ४८०
“महिमामा उचालिनुभयो” (मर्कू १६:१९; लूक २४:५०-५३; हेर्नुहोस्: प्रे १:९-१२) ५१३

थप अध्ययनको निम्ति

मृतकहरू कहाँ छन्? ११८
के मरेका धार्मिक मानिसहरू सिधै स्वर्ग जान्छन्? १२५
विवाह र विवाह-विच्छेदको विषयमा शिक्षा १५५
क्रूसमा महिला ४२९
येशू किन क्रूसमा मर्नुपर्‍यो? ४४१
येशू कुन दिन मर्नुभयो? ४४२
येशूको पुनरुत्थान शरीर ४७७

सम्पादकको दुई शब्द

ख्रीष्टको जीवनको यस विशेष अध्ययनले पछिबाट सार्वजनिक गर्न ठीक पारिएका मत्ती, मर्कूस, लूका र यूहन्नामाथिको पूर्ण टिप्पणीहरूलाई प्रतिस्थापन गर्ने अभिप्राय राख्दैन। यसको उद्देश् भनेको हाम्रा प्रभुको जीवनसँग सम्बन्धित कुराहरूलाई निरन्तर कथन गर्ने हो ता कि कुनै पनि व्यक्तिले धेरै विघ्न-बाधाबिना उहाँको जीवनलाई सीधै अध्ययन गर्न सकून्।

ख्रीष्टको पवित्र जीवनको यस अध्ययनको लेखकले आफ्ना टिप्पणीहरू भूलरहित छन् भनी ठानून् भन्ने चाहँदैन; उहाँलाई अरू सबैमा जस्तै आफूमा पनि गलत गर्ने स्वभाव छ भन्ने थाहा छ। फलस्वरूप, सुरुबाटै हामीले स्वीकार गर्नुपर्छ कि पूर्णता हाम्रो पहुँचभन्दा टाढो छ। "ख्रीष्टको जीवन" को यो अध्ययन सिद् छैन, र न यस्तो अरू कुनै हुनेछ। सुसमाचारहरूको सामञ्जस्य लेख्ने क्रममा लेखकको अरूसँग बाँड्ने एक मात्र इच्छा भनेको उहाँको धर्मशास्त्रमाथिको जीवनभरको अध्ययनको फल हो। हामी आशा गर्छौं कि यस बाँडचुँडले पाठकलाई अभिप्रेरित धर्मशास्त्रमा अभिप्रेरित परमेश्वरको ज्ञानप्रतिको उहाँहरुको खोजीमा सहायता र प्रोत्साहन पुऱ्याउने छ।

मैले डेभिड रोपरलाई धेरै वर्षदेखि चिन्दैआएको छु। उहाँले आफैलाई परमेश्वरका उत्कृष्ट सेवकहरूमध्ये एक हुनुहुन्छ भनेर प्रमाणित गर्नुभएको छ। थुप्रैले प्रेरितको पुस्तक र प्रकाशको पुस्तकमाथिका उहाँका अध्ययनहरू पढ्नुभएको छ र दोहोऱ्याएर पढ्नुभएको छ, जुन टिप्पणी श्रृंखलाहरुमध्येका पहिलो पुस्तकहरू हुन्, र यी पुस्तकहरूमाथि लेखिएका अध्यनयहरूमा उहाँको अध्ययनलाई विश्वासनीय पाइएको छ। हामी विश्वास गर्छौं कि येशूको जीवनमाथिको यस अध्ययनले यो पुस्तक पढ्ने जो कसैलाई येशू यस संसारमा किन आउनुभयो, यहाँ हुँदा उहाँले के गर्नुभयो र उहाँको जीवनले ल्याएका आशिष्हरूका बारेमा एउटा राम्रो बुझाइ प्रदान गर्ने छ।

अहिलेसम्म हामीले थाहा पाएअनुसार, जे. डब्लू. म्याकगार्भेको समयदेखि यता मण्डलीका विद्धानहरुमध्ये कसैले पनि सुसमाचारहरूको सामञ्जस्य छाप्नुभएको छैन। हामीले येशूको जीवनको यस लेखलाई सुसमाचारहरूको साँचो सामञ्जस्य भनेर नभने ता पनि, यसमा त्यो स्वाद छ र यसले उहाँको संसारिक जीवन र सेवाकाइलाई बुझ्नमा एकदम धेरै मदत गर्ने छ। हाम्रा प्रभुको जीवनका प्रत्येक कार्यहरू र वचनहरूका प्रस्तुतीकरणहरूभन्दा हामीले भावी पुस्तालाई दिन सक्ने अरू कुनै उत्कृष्ट देन छैन, जुन हाम्रो विश्वासनीय विद्वता र धर्मशास्त्रको उत्तरदायीपूर्ण व्याख्याको परिणामबाट आएको छ।

ख्रीष्टका मण्डलीहरूले कहिल्यै पनि सम्पूर्ण बाइबलमाथि एकभन्दा बढी लेखकहरू मिलेर टिप्पणी श्रृंखलाहरु लेखिसकेका छैनन्। अवश्य नै, यस किसिमको काम गर्ने समय अहिले नै हो। यस किसिमको भव्य परियोजनाको लागि धेरै विश्वासनीय कामदारहरू, धेरै समय र अथक मिहिनेतको आवश्यकता पर्छ। आउनुहोस्, ख्रीष्टको रगतद्वारा भएका दाजुभाइ तथा दिदीबहिनीहरूका रूपमा एकसाथ मिलौं र यो काम पूरा नभइञ्जेलसम्म एकसाथ काम गरौं।

परमेश्वरको वचनको लगनशील अध्ययन मार्फत्, हामी सबै जना हाम्रो लागि र यस

संसारको लागि परमेश्वरको इच्छामा हिँडून्।

एडि क्लोएर
प्रधान सम्पादक

छोटकरी सूचीपत्र

पुरानो करार

उत्पत्ति	उत	उपदेशक	उप
प्रस्थान	प्रस	श्रेष्ठगीत	श्रेष्ठ
लेवी	लेवी	यशैया	यशै
गन्ती	गन्ती	यर्मिया	यर
व्यवस्था	व्य	विलाप	विला
यहोशू	यहो	इजकिएल	इज
न्यायकर्ता	न्याय	दानिएल	दानि
रूथ	रूथ	होशे	होशे
१ शमूएल	१ शमू	योएल	योए
२ शमूएल	२ शमू	आमोस	आमो
१ राजा	१ राज	ओबदिया	ओब
२ राजा	२ राज	योना	योना
१ इतिहास	१ इति	मीका	मीका
२ इतिहास	२ इति	नहूम	नहू
एज्रा	एज्रा	हबकूक	हब
नहेम्याह	नहे	सपन्याह	सप
एस्तर	एस	हाग्गै	हाग
अय्यूब	अय्यू	जकरिया	जक
भजनसंग्रह	भज	मलाकी	मला
हितोपदेश	हितो		

नयाँ करार

मत्ती	मत्ती	१ तिमोथी	१ तिमो
मर्कूस	मर्क	२ तिमोथी	२ तिमो
लूका	लूक	तीतस	तीतस
यूहन्ना	यूह	फिलेमोन	फिलेमोन
प्रेरित	प्रे	हिब्रू	हिब्रू
रोमी	रोम	याकूब	याकूब
१ कोरिन्थी	१ कोर	१ पत्रुस	१ पत्र
२ कोरिन्थी	२ कोर	२ पत्रुस	२ पत्र
गलाती	गला	१ यूहन्ना	१ यूह
एफिसी	एफि	२ यूहन्ना	२ यूह
फिलिप्पी	फिलि	३ यूहन्ना	३ यूह
कलस्सी	कल	यहूदा	यहू
१ थेसलोनिकी	१ थेस	प्रकाश	प्रका
२ थेसलोनिकी	२ थेस		

खण्ड २ को रूपरेखा

६. तेस्रो निस्तार-चाडदेखि येशू बेथनियामा आइपुग्नुभएको समयसम्म (बाँकी)।

ठ. सेवकाइ यहूदियामा स्थानान्तर भयो (लूक ९:५१-६२; यूह ७:२-१०; हेर्नुहोस्: मत्ती ८:१९-२२; १९:१; यूह ७:१)।

१. येशूलाई उहाँका भाइहरूले छाप्रो-वासको चाडमा जान अनुरोध गरे (यूह ७:२-९)।

२. कसैले थाहा नपाउने हिसाबले येशू यरूशलेम जानुभयो (लूक ९:५१-५६; यूह ७:१०)।

३. जाँदाजाँदै: चेलापनको बारेमा शिक्षा (लूक ९:५७-६२; हेर्नुहोस्: मत्ती ८:१९-२२)।

ड. यरूशलेममा: छाप्रो-वासको चाड (यूह ७:११—१०:२१)।

१. चाडको बीचमा: मन्दिरमा शिक्षा (यूह ७:११-३६)।

२. चाडको अन्तिम दिन: जीवनको पानी विषयमा शिक्षा (यूह ७:३७-५२)।

३. चाडपछि: थप शिक्षा (यूह ७:५३—१०:२१)।

अ. व्यभिचारिणी महिलाको उद्धार (यूह ७:५३—८:११)।

आ. ज्योति र अन्धकारको विषयमा शिक्षा (यूह ८:१२-५९)।

इ. शारीरिक र आत्मिक अन्धापनको विषयमा शिक्षा (यूह ९:१-४१)।

ई. असल गोठालो र भाडाको मान्छे विषयमा शिक्षा (यूह १०:१-२१)।

ढ. यहूदियामा पछिल्लो सेवकाइ (लूक १०:१—१३:२१)।

१. येशू र सत्तरी चेलाहरू (लूक १०:१-२४)।

२. येशू र व्यवस्थाको पण्डित (असल सामरीको दृष्टान्त) (लूक १०:२५-३७)।

३. येशू, मरियम, र मार्था (लूक १०:३८-४२)।

४. येशू र उहाँका चेलाहरू (प्रार्थनाको विषयमा शिक्षा) (लूक ११:१-१३)। (लूक ११:१४-३६ को निम्ति खण्ड १ हेर्नुहोस्।)

५. यशू र फरिसीहरू (लूक ११:३७-५४)।

६. यशू र भीड (लूक १२:१—१३:९)।

अ. पाखण्डीपनाको विषयमा शिक्षा (लूक १२:१-१२)।

आ. भौतिक कुरालाई बढी महत्त्व दिने विरुद्धमा शिक्षा (लूक १२:१३-३४)।

इ. जाग र सतर्क हुनुपर्ने विषयमा शिक्षा (लूक १२:३५-४८)।

ई. आउन लागेको दु:खद घटनाको विषयमा शिक्षा (लूक १२:४९-५९)।

उ. पश्चात्तापको विषयमा शिक्षा (लूक १३:१-९)।

७. येशू र बिरामी महिला (सबाथ सम्बन्धी विवाद) (लूक १३:१०-२१)।

ण. समर्पणको चाड (लूक १३:२२; यूह १०:२२-३९)।

१. उहाँका शत्रुहरूसँग विवाद जारी (यूह १०:२३-३०)।

२. उहाँलाई मार्ने निरन्तर प्रयास (यूह १०:३१-३९)।

त. पेरियामा सेवकाइ (मत्ती १९:१, २; मर्कू १०:१; लूक १३:२३—१७:१०; यूह १०:४०-४२)।

१. "यर्दन पारि" येशूको सेवकाइ (मत्ती १९:१, २; मर्कू १०:१; यूह १०:४०-४२)।

२. येशूको प्रश्न र चेतावनी (लूक १३:२३-३५)।

३. येशूलाई फरिसीको घरमा निम्तो दिइएको र चाडका बारेमा तीन उपयुक्त शिक्षाहरू (लूक १४:१-२४)।

अ. नम्रताको विषयमा शिक्षा (लूक १४:७-११)।

आ. निस्वार्थ भावनाको विषयमा शिक्षा (लूक १४:१२-१४क)।

इ. विराट् भोजको दृष्टान्त (लूक १४:१४ख-२४)।

४. येशूलाई भीडले पछ्याएका र एउटा महत्त्वपूर्ण शिक्षा (लूक १४:२५-३५)।

५. येशूलाई कर उठाउनेहरू र पापीहरूले पछ्याएका र एउटै शिक्षा सिकाउने तीन हृदयस्पर्शी कथाहरू (लूक १५:१-३२)।

अ. पापीहरूसँग येशूको सहभागीता (लूक १५:१, २)।

आ. हराएको भेडाको दृष्टान्त (लूक १५:३-७)।

इ. हराएको सिक्काको दृष्टान्त (लूक १५:८-१०)।

ई. हराएको छोराको दृष्टान्त (लूक १५:११-३२)।

६. येशूलाई उहाँका चेलाहरूले साथ दिएका र अधर्मी व्यवस्थापकको दृष्टान्तद्वारा महत्त्वपूर्ण शिक्षा (लूक १६:१-१३)।

७. येशूलाई फरिसीहरूले चियो गरेका, र धनी मानिस र लाजरसको "दृष्टान्तद्वारा" विचारणीय शिक्षा (लूक १६:१४-३१)।

८. विविध शिक्षा (लूक १७:१-१०)।

थ. बेथानियामा (यूह ११:१-५३)।

१. लाजरसलाई जीवित पारिएको (यूह ११:१-४६)।

२. महासभाको उर्दी (यूह ११:४७-५३)।

द. प्यालेष्टाइनमा अन्तिम यात्रा (लूक १७:११ख; यूह ११:५४)।

१. एफ्राइममा फिर्ता (यूह ११:५४)।

२. सामरिया र गालीलमा (लूक १७:११ख)।

ध. यरूशलेममा अन्तिम यात्रा (मत्ती १९:१—२०:३४; मर्कू १०:१-५२; लूक १७:११—१९:२७)।

१. दश कुष्ठ रोगीहरू निको भएका (लूक १७:१२-१९)।
२. राज्यको विषयमा शिक्षा (लूक १७:२०-३७)।
३. प्रार्थना सम्बन्धी दृष्टान्तहरू (लूक १८:१-१४)।
अ. खुरन्धार गर्ने विधवाको दृष्टान्त (लूक १८:१-८)।
आ. फरिसी र कर उठाउनेको दृष्टान्त (लूक १८:९-१४)।
४. विवाह-विच्छेदको विषयमा प्रश्न र विवाह सम्बन्धी शिक्षा (मत्ती १९:१-१२; मर्कू १०:१-१२)।
५. बालकहरूका बारेमा गलत भ्रम र बालकहरू जस्तै हुनुपर्छ भन्ने विषयमा शिक्षा (मत्ती १९:१३-१५; मर्कू १०:१३-१६; लूक १८:१५-१७)।
६. अनन्त जीवन सम्बन्धी प्रश्न र धनसम्पत्तिको विषयमा शिक्षा (धनी युवकको कथा) (मत्ती १९:१६-२६; मर्कू १०:१७-२७; लूक १८:१८-२७)।
७. दाखबारीका खेतालाहरूको दृष्टान्त लगायत इनामको विषयमा प्रश्न र परमेश्वरको आशिषको बारेमा शिक्षा (मत्ती १९:२७—२०:१६; मर्कू १०:२८-३१; लूक १८:२८-३०)।
८. उहाँको आउन लागेको मृत्युको बारेमा अग्रिम चेतावनी (मत्ती २०:१७-१९; मर्कू १०:३२-३४; लूक १८:३१-३४)।
९. सेवक हुनुपर्छ भन्ने विषयमा आफ्ना चेलाहरूलाई शिक्षा दिनुभएको (मत्ती २०:२०-२८; मर्कू १०:३५-४५)।
१०. अन्धा बारतिमै र अर्का अन्धा देख्ने भएका (मत्ती २०:२९-३४; मर्कू १०:४६-५२; लूक १८:३५-४३)।
११. लोभलालचबाट जखायसई उद्धार गरिएको (लूक १९:१-१०)।
१२. उहाँका चेलाहरूलाई सच्याउँदै, मिनासको दृष्टान्त (वा "पाउन्ड") (लूक १९:११-२७)।

७. येशूको सेवकाइको अन्तिम हप्ता।

क. शुक्रबार अपह्रान्ह: बेथानियामा आइपुग्नुभएको (यूह ११:५५—१२:१)।
ख. शनिबार साँझ: बेथानियामा भोज (मत्ती २६:६-१३; मर्कू १४:३-९; यूह १२:२-११)।
ग. आइतबार अपह्रान्ह: यरूशलेममा विजय-प्रवेश (मत्ती २१:१-११; मर्कू ११:१-११; लूक १९:२९-४४; यूह १२:१२-१९)।
घ. सोमबार: अन्जिरको रूखलाई सराप दिइएको, मन्दिरको शुद्धिकरण, र अन्धा र लङ्गडालाई निको पारिएको (मत्ती २१:१२-१९; मर्कू ११:१२-१९; लूक १९:४५-४८; २१:३७, ३८)।
ङ. मंगलबार: "प्रश्नै-प्रश्नको दिन" (मत्ती २१:२०—२५:४६; मर्कू ११:२०—१३:३७; लूक २०:१—२१:३६; यूह १२:२०-५०)।
१. परिचय: ओइलाएको अन्जिरको रूख (मत्ती २१:२०-२२; मर्कू ११:२०-२६)।

२. अधिकारको बारेमा प्रश्न
(मत्ती २१:२३—२२:१४; मर्कू ११:२७—१२:१२; लूक २०:१-१९)।
अ. श्न र येशूको उत्तर (मत्ती २१:२३-२७; मर्कू ११:२७-३३; लूक २०:१-८)।
आ. उहाँको प्रतिक्रियाको भाग: तीन दृष्टान्तहरू (मत्ती २१:२८—२२:१४)।
(१) दुई छोराको दृष्टान्त (मत्ती २१:२८-३२)।
(२) मुर्ख मोहीहरूको दृष्टान्त (मत्ती २१:३३-४६; मर्कू १२:१-१२; लूक २०:९-१९)।
(३) राजाको छोराको विवाह-भोजको दृष्टान्त (मत्ती २२:१-१४)।
३. प्रश्नहरूको श्रृंखला (मत्ती २२:१५-४६; मर्कू १२:१३-३७; लूक २०:२०-४४)।
अ. कर तिर्ने विषयमा फरिसीहरू र हेरोदीहरूले प्रश्न गरेका (मत्ती २२:१५-२२; मर्कू १२:१३-१७; लूक २०:२०-२६)।
आ. सदुकीहरूले पुनरुत्थानको विषयमा प्रश्न गरेका (मत्ती २२:२३-३३; मर्कू १२:१८-२७; लूक २०:२७-३९)।
इ. व्यवस्थाका अध्यापकले सबैभन्दा महान् आज्ञाको बारेमा प्रश्न गरेको (मत्ती २२:३४-४०; मर्कू १२:२८-३४; लूक २०:४०)।
ई. येशूले "ख्रीष्ट" को बारेमा प्रश्न गर्नुभएको (मत्ती २२:४१-४६; मर्कू १२:३५-३७; लूक २०:४१-४४)।
४. शास्त्री र फरिसीहरूलाई ख्रीष्टको भर्त्सना (मत्ती २३:१-३९; मर्कू १२:३८-४०; लूक २०:४५-४७)।
५. विधवाको भेटी (मर्कू १२:४१-४४; लूक २१:१-४)।
६. भीडलाई उपदेश (यूह १२:२०-५०)।
अ. अन्यजातिहरूले येशूलाई खोजेका (यूह १२:२०-२२)।
आ. येशूको आउनलागेको मृत्यु यहूदी र अन्यजाति दुवैका निम्ति (यूह १२:२३-३६)।
इ. यहूदीहरूद्वारा येशूलाई इन्कार (यूह १२:३७-५०)।
७. यरूशलेमको विनाश र दोस्रो आगमनको विषयमा प्रेरितहरूलाई शिक्षा (मत्ती २४:१—२५:४६; मर्कू १३:१-३७; लूक २१:५-३६)।
अ. परिचयात्मक टिप्पणी र प्रश्नहरू (मत्ती २४:१-३; मर्कू १३:१-४; लूक २१:५-७)।
आ. यरूशलेमको विनाश सम्बन्धी शिक्षा (मत्ती २४:४-३५; मर्कू १३:५-३१; लूक २१:८-३६)।
(१) यरूशलेमको विनाशसँग सम्बन्धित नरहेका घटनाहरू (मत्ती २४:४-१४; मर्कू १३:५-१५; लूक २१:८-१९)।
(२) यरूशलेमको विनाशसँग सम्बन्धित घटना

(मत्ती २४:१५-३५; मर्कू १३:१४-३१; लूक २१:२०-३६)।

इ. दोस्रो आगमनको विषयमा शिक्षा
(मत्ती २४:३६—२५:४६; मर्कू १३:३२-३७)।

(१) सामान्य शिक्षा:

(क) दोस्रो आगमनको बारेमा सूचना नदिइने
(मत्ती २४:३६-४१; मर्कू १३:३२)।

(ख) तयार भएर बस्नुपर्ने आवश्यकता
(मत्ती २४:४२-५१; मर्कू १३:३३-३७)।

(२) दृष्टान्तहरू र सम्बन्धित शिक्षा:

(क) दश कन्या (मत्ती २५:१-१३)।

(ख) सुनका सिक्काको दृष्टान्त (मत्ती २५:१४-३०)।

(ग) भेडा र बाख्रा (मत्ती २५:३१-४६)।

च. बुधबार: आँधीभन्दा पहिलेको शान्त अवस्था
(मत्ती २६:१-१६; मर्कू १४:१, २, १०, ११; लूक २२:१-६; यूह १३:१)।

१. येशू: तयारी (मत्ती २६:१, २; यूह १३:१)।

२. महासभा: षडयन्त्र (मत्ती २६:३-५; मर्कू १४:१, २; लूक २२:१, २)।

३. यहूदा: विश्वासघात (मत्ती २६:१४-१६; मर्कू १४:१०, ११;
लूक २२:३-६)।

छ. बिहिबार: निस्तार-चाडको तयारी
(मत्ती २६:१७-१९; मर्कू १४:१२-१६; लूक २२:७-१३)।

ज. शुक्रबार: येशूको मृत्युको दिन (मत्ती २६:२०—२७:६१;
मर्कू १४:१७—१५:४७; लूक २२:१४—२३:५६क; यूह १३:२—१९:३७)।

१. अन्तिम भोज (मत्ती २६:२०-३५; मर्कू १४:१७-३१;
लूक २२:१४-३८; यूह १३:२—१७:२६)।

अ. निस्तार-चाड मनाइएको
(मत्ती २६:२०; मर्कू १४:१७, १८; लूक २२:१४-१८)।

आ. विवाद विरुद्ध हप्की (लूक २२:२४-३०)।

इ. नम्रताको प्रदर्शन गरिएको (यूह १३:२-२०)।

ई. पक्राइदिने/इन्कार गर्नेबारे भविष्यवाणी
(मत्ती २६:२१-२५, ३१-३५; मर्कू १४:१८-२१, २७-३१;
लूक २२:२१-२३, ३१-३८; यूह १३:२१-३८)।

उ. प्रभु-भोजको स्थापना (मत्ती २६:२६-२९; मर्कू १४:२२-२५;
लूक २२:१९, २०; हेर्नुहोस्: १ कोर ११:२३-२६)।

ऊ. प्रेरितहरूलाई उत्साह र चेतावनी दिइएको (यूह १४:१—१६:३३)।

ऋ. पितासँग बिन्ती गर्नुभएको (यूह १७:१-२६)।

२. गेतसमनीको बगैंचा (मत्ती २६:३०, ३६-४६;
मर्कू १४:२६, ३२-४२; लूक २२:३९-४६; यूह १८:१)।

३. विश्वासघात र पक्राउ (मत्ती २६:४७-५६; मर्कू १४:४३-५२;
लूक २२:४७-५३; यू220ह १८:२-१२)।

४. यहूदी "परीक्षा" (पहिलो र दोस्रो चरण) (मत्ती २६:५७, ५९-६८;

मर्कू १४:५३, ५५-६५; लूक २२:५४क, ६३-६५;
यूह १८:१२-१४, १९-२४)।

अ. पहिलो चरण: हन्नासद्वारा सोधपुछ गरिएको
(यूह १८:१२-१४, १९-२३)।

आ. दोस्रो चरण: प्रधान पूजाहारी कैयाफा र महासभाद्वारा सोधपुछ
(मत्ती २६:५७, ५९-६८; मर्कू १४:५३, ५५-६५; लूक २२:५४क, ६३-६५;
यूह १८:२४)।

५. पत्रुसको इन्कार (मत्ती २६:५८, ६९-७५; मर्कू १४:५४, ६६-७२;
लूक २२:५४ख-६२; यूह १८:१५-१८, २५-२७)।

६. यहूदी "परीक्षा" (तोस्रो चरण): महासभाद्वारा सजाय सुनाइयो
(मत्ती २७:१, २; मर्कू १५:१; लूक २२:६६—२३:१; यूह १८:२८)।

७. रोमी परीक्षा (मत्ती २७:११-३१क; मर्कू १५:२-२०क;
लूक २३:२-२५; यूह १८:२८—१९:१६)।

अ. पहिलो चरण: पिलातसको सामने (निर्दोष पाइयो)
(मत्ती २७:११-१४; मर्कू १५:२-५; लूक २३:२-७; यूह १८:२८-३८)।

आ. दोस्रो चरण: हेरोद एन्टिपासको सामने (दोषी पाइएन)
(लूक २३:८-१२)।

इ. तेस्रो चरण: पिलातसको सामने (मृत्यु दण्डको सजाय सुनाइयो)
(मत्ती २७:१५-३१क; मर्कू १५:६-२०क; लूक २३:१३-२५;
यूह १८:३९—१९:१६)।

८. यहूदाको मृत्यु: आत्महत्या (मत्ती २७:३-१०: हेर्नुहोस्: प्रे १:१८, १९)।

९. येशूको मृत्यु: क्रूसमा टाँगिएको (मत्ती २७:३१ख-५६;
मर्कू १५:२०ख-४१; लूक २३:२६-४९; यूह १९:१७-३०)।

अ. क्रूससम्मको यात्रा (मत्ती २७:३१ख-३४; मर्कू १५:२०ख-२२;
लूक २३:२६-३३; यूह १९:१७)।

आ. क्रूसमा पहिलो तीन घण्टा (सुरु) (मत्ती २७:३५, ३७-३९;
मर्कू १५:२३-२९; लूक २३:३३, ३८; यूह १९:१८-२२)।

इ. क्रूसमा पहिलो तीन घण्टा (जारी)
(मत्ती २७:३५, ३६, ३९-४४; मर्कू १५:२४, २९-३२;
लूक २३:३४-३७, ३९-४३; यूह १९:२३-२७)।

ई. क्रूसमा अन्तिम तीन घण्टा (मत्ती २७:४५-५४;
मर्कू १५:३३-४१; लूक २३:४४-४९; यूह १९:२८-३०)।

१०. येशूको शरीरलाई चिहानमा राखिएको (मत्ती २७:५५-६१;
मर्कू १५:४०-४७; लूक २३:४९-५६क; यूह १९:३१-४२)।

अ. उहाँको मृत्युलाई अवलोकन गरिएको
(मत्ती २७:५५, ५६; मर्कू १५:४०, ४१; लूक २३:४९)।

आ. उहाँको मृत्यु भएको ठहर गरिएको (यूह १९:३१-३७)।

इ. उहाँको शरीरलाई चिहानमा राखियो (मत्ती २७:५७-६०;
मर्कू १५:४२-४६; लूक २३:५०-५४; यूह १९:३८-४२)।

ई. उहाँको दफनलाई अवलोकन गरिएको

(मत्ती २७:६१; मर्कू १५:४७; लूक २३:५५, ५६क)।

झ. शनिबार: येशूको मृत्युको भोलिपल्ट (मत्ती २७:६२-६६; लूक २३:५६ख)।

१. उहाँका चेलाहरू: डराएका
(लूका २३:५६ख; हेर्नुहोस्: यूह २०:१९क)।

२. उहाँका शत्रुहरू: आशंका गरेका (मत्ती २७:६२-६६)।

८. येशूको पुनरुत्थान, उहाँ देखा पर्नुभएको, र उहाँको स्वर्ग आरोहण।

क. आइतबार: येशूको पुनरुत्थानको दिन
(मत्ती २८:१-८; मर्कू १६:१-८; लूक २४:१-१२; यूह २०:१-१०)।

१. स्त्रीहरू र रित्तो चिहान (मत्ती २८:१-८; मर्कू १६:१-८;
लूक २४:१-११; हेर्नुहोस्: लूक २४:२२-२४; यूह २०:१)।

२. दुई प्रेरितहरू र रित्तो चिहान (लूक २४:१२; यूह २०:१-१०;
हेर्नुहोस्: लूक २४:२४)।

ख. चालीस दिन (मत्ती २८:९-२०; मर्कू १६:९-१९;
लूक २४:१३-५३; यूह २०:११—२१:२४; हेर्नुहोस्: प्रे १:३)।

१. पहिलो पटक देखा पर्नुभएको: मरियम मग्दलिनीकहाँ
(मर्कू १६:९-११; यूह २०:११-१८; हेर्नुहोस्: लूक २४:१०)।

२. दोस्रो पटक देखा पर्नुभएको: अरू स्त्रीहरूकहाँ
(मत्ती २८:९-११क; हेर्नुहोस्: २८:५-८)।

३. विवरण र एउटा झूट (मत्ती २८:११ख-१५)।

४. तेस्रो पटक देखा पर्नुभएको: पत्रुसकहाँ
(लूक २४:३४; हेर्नुहोस्: १ कोर १५:५क)।

५. चौथो पटक देखा पर्नुभएको: क्लेओपास र अर्का चेलाकहाँ
(मर्कू १६:१२, १३; लूक २४:१३-३५)।

६. पाचौं पटक देखा पर्नुभएको: प्रेरितहरूकहाँ (थोमा नभएको बेला)
(मर्कू १६:१४; लूक २४:३६-४३; यूह २०:१९-२५)।

७. छैटौं पटक देखा पर्नुभएको: एक हप्तापछि प्रेरितहरूकहाँ यहूदामा
(थोमा उपस्थित भएको बेला) (यूह २०:२६-३१;
हेर्नुहोस्: १ कोर १५:५)।

८. सातौं पटक देखा पर्नुभएको: चालीस दिनको
अवधिमा गालीलमा कम्तीमा सात जना चेलाहरूकहाँ
(यूह २१:१-२४)।

९. आठौं पटक देखा पर्नुभएको: गालीलको डाँडामा
प्रेरितहरू र (पाँच सय चेलाहरू) कहाँ (मत्ती २८:१६, १७;
हेर्नुहोस्: १ कोर १५:६)।

१०. डाँडामा दिइएको महान आज्ञा (मत्ती २८:१८-२०;
मर्कू १६:१५-१८; हेर्नुहोस्: लूक २४:४६-४८)।

११. नवौं पटक देखा पर्नुभएको: याकूबकहाँ (ठाँउको नाम उल्लेख छैन)
(१ कोर १५:७क हेर्नुहोस्)।

१२. अन्तिम पटक देखा पर्नुभएको: यरूशलेम नजिकै यहूदामा सबै

प्रेरितहरूकहाँ (लूक २४:४४-४९; हेर्नुहोस्: प्रे १:३-८; १ कोर १५:७ख)।

१३. जैतून डाँडाबाट स्वर्ग आरोहण (मर्कू १६:१९; लूक २४:५०-५३; हेर्नुहोस्: प्रे १:९-१२)।

ग. सारांश भनाइहरू:

१. ख्रीष्टको जीवनको बारेमा सारांश अभिव्यक्ति (यूह २०:३०, ३१; २१:२५)।

२. त्यसपछिका घटनाहरूका बारेमा सारांश अभिव्यक्ति (मर्कू १६:२०; हेर्नुहोस्: लूक २४:५२, ५३; प्रे १:१२)।

भाग ६

तेस्रो निस्तार-चाडदेखि येशू बेथनियामा
आइपुग्नुभएको समयसम्म ख्रीष्टको सेवकाइ (जारी)

निम्न खण्डहरूको संयोजित अध्ययन

मत्ती १९:१—२०:३४

मर्कूस १०:१-५२

लूका ९:५१—१९:२७

यूहन्ना ७:२—११:५४

खण्ड २

यहूदियामा

निम्न खण्डहरूको संयोजित अध्ययन

लूका ९:५१—१३:२२

यूहन्ना ७:२—१०:३९

ख्रीष्टको जीवन, १, गालीलमा येशूको सेवकाइको अन्तिम उपदेशसँगै समाप्त भयो (मत्ती १८; मर्कू ९:३३-५०; लूक ९:४६-५०)। दोस्रो खण्डलाई सुरु गर्ने क्रममा, दृश्य उत्तर (गालील) बाट दक्षिण (यहूदिया) तर्फ परिवर्तन हुन्छ—महान गालील सेवकाइबाट पलिश्तीको सम्पूर्ण क्षेत्रको समाप्ती सेवकाइमा।

यो समाप्ती सेवकाइ छाप्रो-वासको चाडबाट त्यसपछिको निस्तार-चाडसम्म जम्मा छ महिनासम्म रह्यो। यो सेवकाइसँग सम्बन्धित कुञ्जी पद लूका ९:५१ हो: "उहाँको स्वर्गारोहणको दिन नजिकै आइपुग्दा [उहाँको मृत्यु, दफन र पुनरुत्थानपछि] उहाँले यरूशलेमतिरै जाने अठोट गर्नुभयो।" ग्रीक बाइबलको ठेड अनुवाद यस्तो हुन्छ, "उहाँको स्वर्गारोहणको निम्ति दिनहरू पूरा भएपछि, *उहाँले यरूशलेम जाने निर्णय गर्नुभयो*" (किङ्ग जेम्स् संस्करण [KJV] हेर्नुहोस्; जोड दिइएको छ)। यस अध्ययनमा हामी येशूले यहूदिया र पेरियामा यात्रा गर्नुभएको बारेमा हामी हेर्नेछौं, तर उहाँका विचारहरू आफ्नो आउन लागेको यरूशलेममा हुने मृत्युको बारेमा नै केन्द्रित थिए। दुष्टले जम्मा गरेको बादलले उहाँलाई रोक्न सकेन, छेक्न सकेन; उहाँ त्यो अन्धकारमय घटनाको निम्ति दृढताका साथ अघि बढ्नुभयो।

सेवकाइ यहूदियामा स्थानान्तर भयो (लूक ९:५१-६२; यूह ७:२-१०; हेर्नुहोस्: मत्ती ८:१९-२२; १९:१; यूह ७:१)

मत्ती १९:१ मा "यी कुरा बोल्नुभएपछि [गालीलमा उहाँको अन्तिम उपदेशपछि] येशू गालीलबाट यर्दनपारि यहूदियाको इलाकातिर जानुभयो" भनी उल्लेख गरिएको छ। येशूले पहिले नै यहूदियामा सेवकाइ सुरु गर्नुभएको थियो र यो बप्तिस्मा-दिने यूहन्नालाई पक्राउ गरिएको समयसम्म संचालनमा रहेको थियो। उहाँले आफ्नो सेवकाइ यहूदियाबाट उत्तर गालीलतर्फ स्थानान्तर गर्नुभएको थियो। यूहन्ना ले लेखेका छन्, "उहाँ यहूदियामा जान चाहनुभएन, किनभने यहूदीहरू उहाँलाई मार्ने दाउमा थिए" (यूह ७:१)। गालीलमा उहाँको अविस्मरणीय कामहरू भए, तर उहाँको निम्ति अब आफ्नो प्रारम्भिक सेवकाइको दृश्यमा नै फर्कने समय आएको थियो—सामान्य रूपमा यहूदियामा र निश्चित रूपमा यरूशलेममा।

येशूलाई उहाँका भाइहरूले छाप्रो-वासको चाडमा जान अनुरोध गरेका (यूह ७:२-९)

[२]अब यहूदीहरूका छाप्रो-वासको चाड नजिकै थियो। [३]यसकारण येशूका भाइहरूले उहाँलाई भने, "यो ठाउँ छाड़ेर यहूदिया जानुहोस्, र तपाईंले गरिरहनुभएका कामहरू तपाईंका चेलाहरूले पनि देखून्। [४]जुन मानिसले ख्याति प्राप्त गर्न चाहन्छ, त्यसले गुप्तमा काम गर्दैन। तपाईं यी कामहरू गर्नुहुन्छ भने आफूलाई संसारमा प्रकट गराउनुहोस्।" [५]किनकि उहाँका भाइहरूले पनि उहाँमाथि विश्वास गर्दैनथिए। [६]येशूले तिनीहरूलाई भन्नुभयो, "मेरो उपयुक्त समय अझै आएको छैन, तर तिमीहरूका निम्ति त सबै समय उपयुक्त छ। [७]संसारले तिमीहरूलाई घृणा गर्न सक्दैन, तर मलाई त घृणा गर्दछ, किनकि संसारको विषयमा त्यसका कामहरू दुष्ट छन् भनी म गवाही दिन्छु। [८]तिमीहरू यस चाड़मा जाओ। म यस चाड़मा जान्नँ, किनभने मेरो समय अझ पूरा भएको छैन।" [९]तिनीहरूलाई यसो भनेर उहाँ गालीलमै रहनुभयो।

ख्रीष्टको सेवकाइको नयाँ चरण, **छाप्रो-वासको** निम्ति यरूशलेममा गरिएको यात्रसँगै सुरु भयो। यो चाड यहूदीहरूका मुख्य तीन चाडमध्येको एक हो (लेवी २३:३९-४३; व्य

१५:१२-१५); यो सेप्टेम्बर महिनाको अन्त्यतिर वा अक्टोबरको सुरुतिर मनाइन्थ्यो।

यो चाडको समय नजिक आएपछि (यूह ७:२), उहाँले गालीलमा गर्नुभएका आश्चर्यकर्महरूजस्तै आश्चर्यकर्महरू यहूदियाका उहाँका चेलाहरूले पनि देख्न सकून् भनेर येशूका भाइहरूले उहाँलाई चाडमा जान अनुरोध गरे (यूह ७:३, ४)। येशूका यी भाइहरू र उहाँको आमा एउटै थिइन् (मरियम), तर बाबु उही थिएनन् (येशूको बाबु परमेश्वर हुनुहुन्छ; तिनीहरूका बाबु योसेफ थिए)। तिनीहरूका नाम याकूब, योसेफ, सिमोन, र यहूदा हुन् (मत्ती १३:५५; मर्कू ६:३)। यूहन्ना ७:५ अनुसार, यी भाइहरूले उहाँलाई विश्वास गरेका थिएनन्; त्यसैले तिनीहरूका कुरामा निश्चय नै व्यंग्योक्तिको अभिव्यक्ति लुकेको हुनुपर्छ। यहूदी अगुवाहरूका "खोजी" सूचीमा तिनीहरू नरहेका कारण यरूशलेम गए पनि *तिनीहरूलाई* कुनै समस्या नपर्ने, तर *उहाँको* निम्ति यरूशलेम जानु खतरापूर्ण हुन्छ भन्ने भाव ख्रीष्टको प्रतिक्रियामा झल्किएको पाइन्छ (यूह ७:६-८)। तसर्थ, यात्रीहरू यरूशलेम जाँदा उहाँ र उहाँका चेलाहरूले अरूसँग यात्रा गर्नुभएन (यूह ७:९)। तैपनि, पछि उहाँहरू कसैलाई थाहा निदिई चाडमा जानुभयो (यूह ७:१०)।

अन्त्यमा, येशू चाडमा जानुभयो, त्यसकारण ८ पदको उहाँका वचनहरू अलिक अलमल्याउने किसिमको जस्तो देखिन्छ: **"म यस चाड़मा जान्नँ, किनभने मेरो समय अझ पूरा भएको छैन।"** येशूले आफू जाँदिनँ भनी भन्नुभयो तर उहाँले आफ्नो मन परिवर्तन गर्नुभयो अनि जानुभयो भनी केही टिप्पणीकर्ताहरूले भन्ने गरेको पाइन्छ। त्यस प्रकारको टिप्पणी येशूको चरित्र र उहाँको एजेन्डाहरूसँग मिलेको देखिँदैन (लूक ९:५१)। येशूले झूट बोल्नुभएको होइन (यूह ७:१८ हेर्नुहोस्)। उहाँ सत्यताको प्रखर पक्षधर हुनुहुन्थ्यो र हुनुहुन्छ (यूह १४:६)।

येशूले भन्नुभएको र उहाँले गर्नुभएको विषयमा रहेको यस विरोधाभासलाई समाधान गर्नका निम्ति विभिन्न स्पष्टीकरणहरू दिइएका छन्। कतिको सुझाव के छ भने उहाँले भन्न खोज्नुभएको कुरा, उहाँका भाइहरूले भनेजस्तो—अर्थात्, आश्चर्यकर्म *देखाउनको निम्ति* झ्याली पिटाउदै हिँड्ने किसिमले—आफू नजाने भन्ने रहेको थियो। अन्यले वाक्यको पछिल्लो भागलाई विशेष जोड दिँदै त्यस वाक्यको अर्थ "*अहिले* नै म यो चाडमा जान्नँ" भन्ने हो भनी भन्छन्—अर्थात्, उहाँ तिर्थयात्रीहरूसँग होइन, तर पछि जानुभयो। यस वाक्यमा "अहिले नै" भन्ने वाक्यांशलाई वचनद्वारा वा सांकेतिक रूपमा समावेश गरिएको हुनुपर्छ। यसैलाई सबैभन्दा सामान्य स्पष्टिकरण मानिन्छ। कयौं प्राचीन ग्रीक हस्तलिपिहरूमा येशूको वचनमा "अहिले नै" भन्ने वाक्यांश उल्लेख गरिएको पाइन्छ। तसर्थ, न्यू इन्टरनेशनल संस्करण (NIV) मा यस्तो लेखिएको छ, "म *अहिले* नै यो चाडमा जान्नँ, किनभने मेरो लागि सही समय अझै आएको छैन" (जोड दिइएको छ)। किङ्ग जेम्स् संस्करण (KJV) र अन्य विभिन्न अनुवादहरूमा "अहिले नै" भाव दिने अर्को शब्द प्रयोग गरिएको छ। वारेन डब्ल्यू. वियर्सबे (Warren W. Wiersbe) ले लेखेका छन्, "येशूले यहाँ झूट बोल्नुभएको होइन अथवा छक्याउने हिसाबले पनि भन्नुभएको होइन; बरु, उहाँले सतर्कता भने अपनाइरहनुभएको थियो।"[1]

---

[1]वारेन डब्ल्यू. वियर्सबे (Warren W. Wiersbe), *द बाइबल एक्स्पोजिसन कमेन्टरी,* भोल. १ (विटन, Ill.: भिक्टोर बुक्स्, १९८९), ३१५।

येशू गोप्य रूपमा यरूशलेम जानुभयो (लूक ९:५१-५६; यूह ७:१०)

लूका ९:५१-५६

५१उहाँको स्वर्गारोहणको दिन नजिकै आइपुग्दा उहाँले यरूशलेमतिरै जाने अठोट गर्नुभयो। ५२अनि उहाँले समाचार लाने मानिसहरूलाई पहिलेबाटै पठाउनुभयो। तिनीहरू गए, र उहाँको निम्ति सबै कुरा तयार पार्नलाई सामरीहरूको एउटा गाउँमा पसे। ५३तर यरूशलेमतिर जाने उहाँको दृढ़ विचार थाहा पाएर तिनीहरूले उहाँलाई स्वागत गरेनन्। ५४तब यो देखेर उहाँका चेलाहरू याकूब र यूहन्नाले भने, "प्रभुज्यू, के तपाईं चाहनुहुन्छ कि स्वर्गबाट आगो बर्साएर यिनीहरू भस्म होऊन् भनी हामी आज्ञा गरौं?" ५५तर फर्केर उहाँले तिनीहरूलाई हप्काउनुभयो। [र भन्नुभयो, "तिमीहरूले के भनिरहेका छौ सो तिमीहरू जान्दैनौ। ५६किनभने मानिसको पुत्र मानिसहरूको जीवन नष्ट गर्न होइन तर तिनलाई बचाउनको निम्ति आएको हो"।] अनि उहाँहरू अर्को गाउँतिर जानुभयो।

यूहन्ना ७:१०

१०तर उहाँका भाइहरू चाड़मा गएपछि उहाँ पनि खुल्लमखुल्ला होइन, तर गुप्त रूपमा जानुभयो।

ख्रीष्टको परिवार र अरू मानिसहरू चाडको लागि हिँडेपछि, उहाँ गालीलमा केही दिनसम्म रहनुभयो। त्यसपछि उहाँ र उहाँका चेलाहरू यरूशलेम जानुभयो, **खुल्लमखुल्ला होइन, तर गुप्त रूपमा जानुभयो** (यूह ७:९, १०)।

लूकाले येशू यरूशलेम जानुभएको विवरण दिएका छन्। प्रभुले आफ्नो यात्रा सुरु गर्नमा ढिलाइ गर्नुभएको कारण, उहाँ यर्दन नदीको पूर्वी किनारहुँदै जानुपर्ने यहूदिया पुग्ने प्रचलित बाटोबाट जानुभएन। बरु, उहाँ सामरियाहुँदै जाने छोटो र छिटो बाटोबाट जानुभयो।

गालीलतर्फको त्यस यात्रामा, उहाँ यरूशलेममा चाडको निम्ति जाँदै हुनुहुन्छ भन्ने थाहा पाएपछि, पहिले उहाँप्रति सत्कारी र ग्रहणशील हुँदै आएका सामरीहरूले (यूह ४:४०) प्रभुलाई बास बस्न दिएनन् (लूक ९:५३)। यरूशलेमको मन्दिरमा गएर आराधना गर्नु भनेको गीरीज्जीम पहाडमा रहेको सामरी मन्दिरलाई परित्याग गर्नु हो भन्ने मान्यता शायद तिनीहरूको रहेको थियो (यूह ४:२० हेर्नुहोस्)।

याकूब र यूहन्ना, "गर्जनका छोराहरू" (मर्कू ३:१७) ले एलियाले उनका शत्रुहरूलाई गरेझैं (२ राज १:१०, १२), सामरीहरूलाई नष्ट गर्न स्वर्गबाट आगो बर्साऊं भनी ख्रीष्टलाई सोधे (लूक ९:५४)। केही राम्रा प्राचीन हस्तलिपिमा यी उल्लेख गरिएको नपाइए तापनि, यी शब्दहरूले याकूब र यूहन्नाको मनमा रहेको सोचाइलाई व्यक्त गर्दछ। के यी प्रेरितहरूले स्वर्गबाट आगो बर्साउन सक्थे होलान् त? हामीलाई थाहा छैन, तर यदि प्रभुको इच्छा भएमा तिनीहरूले त्यसो गर्न सक्थे भन्ने कुरा तिनीहरूले सोचेका थिए। येशूले तिनीहरूलाई हप्काउनुभयो (लूक ९:५५); उहाँले तिनीहरूलाई तिनीहरूका शत्रुलाई नष्ट गर्न होइन तर तिनीहरूलाई प्रेम गर्न र तिनीहरूका निम्ति प्रार्थना गर्न सिकाउनुभएको थियो (मत्ती ५:४४, ४५)। किङ्ग जेम्स् संस्करण (KJV) मा उल्लेख गरिएको येशूको हप्कीमा यी वाक्य पनि समावेश गरिएको पाइन्छ "मानिसको पुत्र मानिसहरूको जीवन नष्ट गर्न होइन तर तिनलाई बचाउनको निम्ति आएको हो।" यी शब्दहरू न्यू अमेरिकन स्टयाण्डर्ड बाइबल (NASB) मा कोष्ठभित्र राखिएको पाइन्छ र कतिपय प्राचीन हस्तलिपिमा यी

वाक्य पाइँदैन। एउटा सहरमा इन्कार गरिएमा अर्को सहरमा जानुपर्छ भनी तिनीहरूलाई पहिले नै आज्ञा दिइएको थियो (मत्ती १०:२३)। यस यात्रामा उहाँले त्यसै गर्नुभयो (लूक ९:५६)।

जाँदाजाँदै: चेलापनको बारेमा शिक्षा (लूका ९:५७-६२; हेर्नुहोस्: मत्ती ८:१९-२२)

५७उहाँहरू बाटोमा जाँदैगर्नुहुँदा, एक जना मानिसले उहाँलाई भन्यो, "हे प्रभु, तपाईं जता जानुहुन्छ म तपाईंको पछि लाग्नेछु।" ५८तब येशूले त्यसलाई भन्नुभयो, "स्यालका दुला छन्, र आकाशका चराचुरुङ्गीहरूका गुँड़, तर मानिसको पुत्रको त शिर राख्ने ठाउँ पनि छैन।" ५९उहाँले अर्कोलाई भन्नुभयो, "मेरो पछि लाग।" तर त्यसले भन्यो, "पहिले मेरा बाबुलाई गाड्न जान दिनुहोस्।" ६०उहाँले त्यसलाई भन्नुभयो, "मुर्दाहरूलाई आफ्नै मुर्दा गाड्न देओ, तर तिमी गएर परमेश्वरका राज्यको सुसमाचार प्रचार गर।" ६१अर्काले पनि भन्यो, "प्रभु, म तपाईंको पछि लाग्नेछु, तर पहिले आफ्नो घरमा हुनेहरूबाट मलाई बिदा लिन दिनुहोस्।" ६२तर येशूले त्यसलाई भन्नुभयो, "आफ्नो हात हलोमा लगाएर पछिल्तिर हेर्ने कोही पनि परमेश्वरका राज्यको योग्यको हुँदैन।"

यस घटनालाई अध्ययन गर्ने क्रममा हाम्रो प्राथमिक खण्ड लूका ९:५७-६२ हुनेछ। मत्ती ८:१९-२२ मा उस्तै घटनाको बारेमा उल्लेख गरिएको छ। यी घटनाहरू एउटै हो कि होइन त्यसबारे हामीलाई थाहा छैन। यी दुवै खण्डहरू धेरै नै मिल्छन् तसर्थ, एकै साथ अध्ययन गर्नु फाइदाजनक होला। शायद एकभन्दा धेरै घटनामा चेला बन्न चाहना गर्नेहरूले उहाँकहाँ आएर उस्तै प्रकारको कुरा गरेका थिए र उहाँले तिनीहरूलाई प्रत्येक पटक उही किसिमको प्रतिक्रिया दिनुभयो।

यरूशलेमतर्फको यात्रामा, केही दोधारे मन भएका चेलाहरूसँग ख्रीष्टको भेट भयो। आफ्नो आउनै लागेको मृत्युको बारेमा उहाँलाई थाहा भएको कारण, येशूले तिनीहरूलाई देखावटी रूपमा चेला बनेको चाहनुभएन। त्यसभन्दा पछि संकष्टको समय आइरहेको थियो; पूर्ण हृदयले भक्तिभाव राख्ने र एउटै उद्देश्यमा दृढताका साथ लाग्नेहरू मात्र आफ्ना विश्वासमा जीवित रहिरहन सक्थ्यो। निर्णय गरिसकेपछि, पछि फर्कन सकिन्नथ्यो। येशू आफैले गर्नुभएको कुराहरूबाहेक यी चेला बन्न चाहने व्यक्तिहरूलाई अरू कुनै कुरा गर्नू भनी उहाँले भन्नुभएन। उहाँले "आफ्नो हात हलोमा लगाउनुभएको थियो" र उहाँले पछि फर्केर हेर्नुभएन (लूक ९:६२ हेर्नुहोस्)।

प्रयोग: चेला बन्न चाहनेहरू (लूक ९:५७-६२; हेर्नुहोस्: मत्ती ८:१९-२२)

यसले काम गरेन भने पैसा फिर्ता भनी उल्लेख गरिएको लिखित ग्यारेन्टीको फसादमा तपाईं कहिल्यै पर्नुभएको छ कि? पछि, जब खरिद गरिएको सामानले भने अनुसारको काम गर्दैन, तब तपाईं पैसा फिर्ता माग्न जानुहुन्छ। अनि तपाईंलाई भनिन्छ, "अहो, यस्तो होइन, तपाईंलाई परेको समस्या यसको ग्यारेन्टीमा समावेश गरिएकै छैन। *यसमा लेखिएको कुरालाई राम्ररी पढ्नुहोस् न।*" लेखिएको कुरालाई राम्ररी पढ्नुहोस् भनी मानिसहरूले बहाना बनाउन सक्छन्, तर ख्रीष्टले कहिल्यै त्यसो गर्नुहुन्न। उहाँले मानिसहरूलाई चेला हुनका निम्ति बोलाउने क्रममा तिनीहरूले के गर्नुपर्छ र तिनीहरूले के कुराको आशा गर्नुपर्छ त्यसबारे पहिले नै स्पष्ट रूपमा बताइदिनुभयो।

लूका ९:५७-६२ मा जत्तिको अरू ठाउँमा यो कुरालाई त्यति स्पष्ट रूपमा उल्लेख

गरिएको छैन। येशू यरूशलेमतिर जाँदै हुनुहुन्थ्यो (लूक ९:५१)। त्यहाँ उहाँलाई सतावट र खेदोले—र, अन्त्यमा उहाँको मृत्युले पखिँरहेको थियो (लूक ९:४४)। उहाँ "जाँदैगर्नुहुँदा" (लूक ९:५७), चेला बन्ने चाहना गर्ने तीन जना उहाँकहाँ आए। उहाँले तिनीहरूलाई दिनुभएको चुनौतीले उहाँले कस्तो प्रकारको प्रतिबद्धतालाई चाहनुभएको थियो सो कुरालाई प्रस्तुत गरेको छ।

यी व्यक्तिहरूलाई ख्रीष्टले भन्नुभएको वचनलाई पढ्दै गर्दा तपाईंलाई यो रूखो लाग्यो होला। तर हामीले धेरै तथ्यहरूलाई विचार गर्नुपर्छ। पहिलो, त्यस बेलाको चलनको बारेमा हामीमध्ये धेरै अपरिचित छौं। यी प्रचलनका बारेमा रहेको ज्ञानले येशूलाई गरिएको अनुरोध र उहाँको प्रतिक्रियामा फरक दृष्टिकोण प्रदान गर्दछ। दोस्रो, उहाँले मानिसहरूको हृदय जान्न सक्नुहुन्छ। अनुरोध न्यायसंगत नै देखिए तापनि, व्यक्तिको मनमा *वास्तवमा* के थियो भन्ने कुरा ख्रीष्टलाई थाहा थियो। तेस्रो, उहाँ *युद्धमा* गइरहनुभएको थियो र कमजोर हृदय भएकालाई सिकाइरहने समय उहाँसँग थिएन। चौथो, येशू आफैले गरिरहनुभएका कुराहरूबाहेक अरू केही कुरा यी मानिसहरूलाई गर्नू भनी उहाँले भन्नुभएन। हाम्रो अध्ययनको क्रममा, मेरो काम भनेको, के कुरा गर्न अत्यावश्यक छ त्यसलाई नघटाई, यसको रूखो पनालाई हटाई कोमल गर्ने जमर्को गर्नु हो। त्यो समयमा र आज पनि ख्रीष्टले पूर्ण समर्पणता तथा प्रतिबद्धताको निम्ति बोलाउनुहुन्छ।

त्यसबेला चेला बन्न चाहनेहरू

आवेगपूर्ण उम्मेदवार (लूक ९:५७, ५८; हेर्नुहोस्: मत्ती ८:१९, २०)

चेला बन्न चाहने पहिलोले येशूलाई भन्यो, "हे प्रभु, तपाईं जता जानुहुन्छ म तपाईंको पछि लाग्नेछु" (लूक ९:५७ख)। चेलापनको निम्ति सँधै येशूले दिनुहुने बोलावट "मेरो पछि लाग" हो। यो मानिसले त्यही चुनौतीको प्रतिक्रिया दिएको थियो: "म तपाईंको पछि *लाग्नेछु*" (जोड दिइएको छ)। यसको साथै, आफू कतिसम्म उहाँको पछि लाग्ने त्यसबारे उसले कुनै सीमा तोकेको छैन: "तपाईं *जता* जानुहुन्छ म तपाईंको पछि लाग्नेछु" (जोड दिइएको छ)। त्यस प्रकारको समर्पणतालाई गल्ती हो भनी भन्नु अप्ठ्यारै कुरा हो। यदि मत्ती ८ ले त्यही घटनाको बारेमा उल्लेख गर्छ भने, उक्त मानिस शास्त्री थिए (पद १९)। धेरैजसो शस्त्रीहरू ख्रीष्टको विरोधीहरू थिए। शत्रुको पक्षको व्यक्तिले चेलाहरूमध्ये एक हुन पाऊं भनी अनुरोध गरेको कुरा रोचक छ।

तैपनि, जब येशूले व्यक्तिको हृदयलाई हेर्नुभयो उनले पूर्ण हृदयले बोलिरहेको थिएन भन्ने कुरा उहाँले देख्नुभयो। त्यो मानिसले मानिसहरूको भीड, आश्चर्यकर्म, र रोचकता देखेको थियो भने ख्रीष्टले उनलाई आत्म-त्याग, बलिदान र दुःख-कष्ट देखाउनुभयो। अनुशासन, खतरा, वा मृत्युको बारेमा सोच्दै नसोची वर्दी, परेड, र पदकको लागि सेनामा भर्ती हुने मानिसजस्तै उनी थिए।

प्रभुले यो मानिसको प्रस्ताव न त स्वीकार गर्नुभयो न त इन्कार नै गर्नुभयो। बरु, उनले उहाँलाई पछ्याउन सकेमा उनीबाट उहाँले के आशा गर्नुभएको छ सो उहाँले तोकेरै भन्नुभयो: "स्यालका दुला छन्, र आकाशका चराचुरुङ्गीहरूका गुँड़, तर मानिसको पुत्रको [आफ्नै विषयमा बताउँदै] त शिर राख्ने ठाउँ पनि छैन" (लूक ९:५८; हेर्नुहोस्: मत्ती ८:२०)। जंगली जनावर र चरारुङ्गीका बासस्थान हुन्छन् जसमा तिनीहरू दिनको अन्त्यमा फर्कनसक्छन्, तर ख्रीष्टको कुनै निश्चित बासस्थान थिएन। बेला-बेलामा येशू रातको

समयमा आराम लिन सक्ने घरहरू थिए—जस्तै कफर्नहुममा पत्रुसको घर र बेथानियामा मरियम र मार्थाको घर। प्राय:जसो उहाँ र उहाँका चेलाहरू ठाउँ-ठाउँमा घुमिरहनुहुन्थ्यो। उहाँको निम्ति पौवामा ठाउँ थिएन, (लूक २:७), गेरासेनसको भूमिमा उहाँको निम्ति ठाउँ थिएन (मर्कू ५:१-१७), र नासरतमा उहाँको निम्ति बस्ने ठाउँ थिएन (लूक ४:१६-३१)। अल्फ्रेड प्लम्मर (Alfred Plummer) ले भनेका छन्, "येशूको जीवन मागेको गोठबाट प्रारम्भ भयो र मागेकै चिहानमा अन्त्य भयो।"[2] पावलले लेखेका छन्, "किनकि हाम्रा प्रभु येशू ख्रीष्टको अनुग्रह तिमीहरूलाई थाहा छ, उहाँ धनी हुनुहुन्थ्यो, तरै पनि तिमीहरूका खातिर उहाँ गरीब हुनुभयो, ताकि उहाँको गरीबीबाट तिमीहरू धनी हुन सक" (२ कोर ८:९)।

येशूले त्यसको बारेमा गुनासो गरिरहनुभएको थिएन अथवा आफैलाई बिचरा भनोस् भनेर पनि भनिरहनुभएको थिएन; उहाँले आफ्नो जीवनशैली स्वेच्छाले नै रोज्नुभएको थियो। उहाँले स्वेच्छाले स्वर्ग त्याग्नुभएको थियो, र नासरतको आफ्नो घर उहाँले स्वेच्छाले नै छाड्नुभएको थियो। उहाँले चेला बन्न चहाने व्यक्तिलाई निरुत्साहित पनि गरिरहनुभएको थिएन, तर चेला भएपछि के-कस्ता अवस्थाहरूको सामना गर्नुपर्छ त्यसलाई त्यो मानिसले महसुस गरेको होस् भन्ने उहाँले चाहनुभएको थियो। हतारमा चेला बन्न चहाने उक्त व्यक्तिलाई प्रभुले दिनुभएको सन्देश थियो, "*लागत गणना गर्नुहोस्*।"

यदि कुनै जवान व्यक्ति डक्टर बन्न चाहान्छ भने, हामी यस्तो प्रतिक्रिया दिन्छौं, "त्यो त एकदम राम्रो लक्ष हो, तर यसको निम्ति *लागत गणना गर्नुहोस्*। वर्षौंको अध्ययन अनि इन्टर्नशिप सेवाको निम्ति आवश्यक पर्ने समर्पणताको बारेमा बुझेपछि पनि तिमीलाई त्यस प्रकारको प्रतिवद्धता गर्न मन छ भने, ठीक छ अघि बढ।" "लागत गणना गर्नुहोस्!" पढाइमा डिग्री हासिल गर्न चाहने, विश्व-स्तरीय खेलाडी हुन चाहने, अथवा विवाह गर्न चाहनेहरूलाई दिन सकिने उपयुक्त सल्लाह यही हो। धेरै पटक, कसैलाई सल्लाह दिनभन्दा पहिले उसले कति मूल्य चुकाउनुपर्छ त्यसको बारेमा बताउदैनौं, तर आउन सक्ने जस्तोसुकै समस्याहरू भए तापनि आफ्नो संकल्पमा अघि बढ्ने सल्लाह हामी दिन्छौं।

"बीउ छर्नेको दृष्टान्त" मा (मत्ती १३:१८), बिभिन्न प्रकारका जमिनहरूमध्ये एक प्रकारको जमिन सतही जमिन थियो। यो जमिनमा, बीउ चाँडै उम्रियो; तर जब घाम लाग्यो, यो त्यस्तै प्रकारले तत्कालै ओइलाएर गयो (मत्ती १३:५, ६)। ख्रीष्टले भन्नुभए अनुसार, यो त्यस्तो मानिस जस्तो हो जसले "वचन सुन्ने बित्तिकै खुशीसाथ झट्टै त्यो स्वीकार गर्दछ। तर त्यसको आफ्नै जरा नभएकोले त्यो थोरै बेर मात्र टिक्छ, र वचनको कारणले कष्ट कि सतावट परिआउने बित्तिकै त्यो पछि हट्छ" (मत्ती १३:२०, २१)। चेला बन्न चाहने त्यस व्यक्तिको अवस्था पनि यसरी नै अन्त्य भएको कुरा प्रभु चाहनुहुन्नथ्यो।

अनिर्णय उम्मेदवार (लूक ९:५९, ६०; हेर्नुहोस्: मत्ती ८:२१, २२)

चेला बन्न चाहने पहिलो व्यक्तिले तुरुन्तै आफ्नो स्वेच्छता देखायो, तर दोस्रोलाई उत्साह चाहिएको थियो। ख्रीष्टले अरू धेरैलाई भन्नुभएजस्तै, तिनलाई पनि भन्नुभयो, "मेरो पछि लाग" (लूक ९:५९क; हेर्नुहोस्: मत्ती ८:२२क)। जब ख्रीष्टले "मेरो पछि लाग"

---

[2]अल्फ्रेड प्लम्मर (Alfred Plummer), विलियम बार्क्ले (William Barclay) मा उद्धृत, *द गोस्पल अफ मत्ती,* भोल. १, रिभ. इड. मा उल्लेख गरिएको, द डेली स्टडी बाइबल सेरिज् (फिलादेल्फीया: वेस्टमिन्सटर प्रेस, १९७५), ३११।

भनी मानिसहरूलाई बोलाउनुभयो, धेरैजसो अवस्थामा उहाँले तिनीहरूलाई पूर्णकालीन सेवाको निम्ति बोलाइरहनुभएको थियो। यसको केही समयपछि, येशूले सत्तरी चेलाहरूलाई यहूदामा पठाउनुभयो (लूक १०:१)। ख्रीष्टले तिनीहरूलाई अवश्य नै यसै कामको निम्ति छनौट गर्नुभएको हुनसक्छ (लूक १०:२ हेर्नुहोस्; लूक ९:६०ख लाई १०:११ख सँग तुलना गर्नुहोस्)।

त्यसले भन्यो, "पहिले मेरा बाबुलाई गाड्न जान दिनुहोस्" (लूक ९:५९ख; हेर्नुहोस्: मत्ती ८:२१)। यो अनुरोध न्यायोचित नै रहेको जस्तो देखिन्छ। आफ्नो बाबुको मृत्यु संस्कार गर्नु छोराको कर्तव्य हो। त्यो समयमा, आफ्नो बाबुआमाको दाहसंस्कार गर्नु भनेको लगभग अरू सबै कुराभन्दा महत्त्वपूर्ण मानिन्थ्यो। रब्बीहरूका अनुसार, यो काम धार्मिक कृयाकलापमा सहभागी हुन तथा व्यवस्थाको अध्ययन गर्नुभन्दा पनि बढी प्राथमिकताको काम हुन्थ्यो। आफ्नो बाबुको मृत्यु संस्कार गर्नु छोराको धार्मिक, सामाजिक, र पारिवारिक जिम्मेवारी हुन्थ्यो। आफ्नो बाबुआमाको आदर गर्नुपर्छ भनी येशू आफैले पनि मानिसहरूलाई सिकाउनुभयो (मत्ती १५:४-६; हेर्नुहोस्: प्रस २०:१२; एफि ६:१-३)। उहाँले सिकाउनुभएको "आदर" शब्दमा अवश्य नै आफ्नो बाबुआमाको उचित मृत्यु संस्कार पनि समावेश हुन्छ।

त्यसैले यहाँ ख्रीष्टले दिनुभएको प्रतिक्रिया अनौठो देखिन्छ: "मुर्दाहरूलाई आफ्नै मुर्दा गाड्न देओ, तर तिमी गएर परमेश्वरका राज्यको सुसमाचार प्रचार गर" (लूक ९:६०; हेर्नुहोस्: मत्ती ८:२२)। येशूले "मुर्दा" शब्दलाई दुई अर्थमा प्रयोग गर्नुभएको छ: "*आत्मिक रूपमा* मरेकालाई *शारीरिक रूपमा* मरेकोले गाड्न देओ" (हेर्नुहोस्: एफि २:१; १ तिमो ५:६; १ यूह ३:१४)। झट्ट हेर्दा, प्रभुको यी वचन रूखो, असंवेदनशील, र अरूको मर्का नबुझ्ने भावको देखिन्छ। यिनका पछाडी के अर्थ लुकेको छ त? निम्न पक्षहरूलाई ध्यान दिनुहोस्:

(१) बाइबलीय भूमिमा रहेको प्रचलन अनुसार, दफन कार्य लगभग तुरुन्तै (सके त्यही दिन) गरिने गरिन्थ्यो तापनि, दफन पछिको रीतिरिवाज सम्पन्न गर्न भने एक हप्ता वा त्योभन्दा बढी समय लाग्थ्यो। जुनसुकै दृष्टिकोणबाट हेर्दा पनि, यो मानिसले प्रभुको बोलावटको प्रतिक्रिया दिनमा ढिलाई गरिरहेको थियो।

(२) ख्रीष्ट आफ्नो यरूशलेम यात्रामा जाँदै हुनुहुन्थ्यो। यदि त्यो मानिसले उहाँलाई पछ्याउन चाहेमा, ऊ त्यही बेला बाटो लाग्नुपर्थ्यो, पछि होइन।

(३) त्यो बेलाको रीतिथितिलाई विचार गर्दा, त्यस मानिसले आफ्नो निर्णयलाई अनिश्चित रूपमा ढिलाई गरिरहेको थियो। उनको प्रतिक्रियाको अर्थ उसको बाबुको मृत्यु भर्खरै भएको थियो र उसले दफन कार्यमा तुरुन्तै सहभागी हुनुपर्थ्यो नै भन्ने हुँदैन। उनको शब्दको अर्थ यो हुन सक्छ, "अहिले मसँग केही पारिवारिक जिम्मेवारीहरू छन्। केही समयपछि, मेरो बाबुको मृत्युभएपछि र मेरो जिम्मेवारीहरू पूरा *भइसकेपछि,* म तपाईंको पछि लाग्नेछु।" "पहिले मेरो बाबुलाई गाडन दिनुहोस्" भन्नुको अर्थ पछि भविष्यमा हुने कुरालाई उल्लेख गर्नको निम्ति प्रयोग गरिन्छ भनी त्यो संस्कारमा जीवन बिताएका मानिसहरूले धेरै उदाहरणहरू दिन्छन्। धेरै टिप्पणीकर्ताहरूको विचारमा यहाँ पनि त्यही कुरा लागू भएको छ। तिनीहरूले के औंल्याउछन् भने यदि त्यो मानिसको बाबु मरेको थियो भने, ऊ सडकको छेउमा उभिरहने थिएन, र येशूले तिनलाई "मेरो पछि लाग" भनी भन्नुहुनेथिएन। बरु, उनी आफ्ना ती जिम्मेवारीहरू पूरा गर्नमा नै व्यस्त हुनेथियो।

(४) याद गरौं, येशूलाई मानिसको मनको कुरा थाहा हुन्छ। यो मानिसको कुरा

न्यायसंगत नै देखिए पनि, उनका कुरा उहाँलाई नपछ्याउनका निम्ति उचित कारण होइन, तर बहाना हो भनी ख्रीष्टले भन्नुभयो।

यो मानिसले प्रयोग गरेको बहानाको एउटा दुःख लाग्दो शब्द "पहिले" भन्ने हो: "*पहिले* मेरो बाबुलाई गाड्न जान दिनुहोस्" (जोड दिइएको छ)। परेमेश्वरले भन्नुभएको छ, "मबाहेक अरू कुनै देवता-देवीहरू नमान्नू" (प्रस २०:३)। येशूले भन्नुभएको थियो, "तर पहिले उहाँको राज्य र उहाँका धार्मिकताको खोजी गर" (मत्ती ६:३३क)। उहाँलाई पछ्याउने कामलाई बाहेक अरू कुनै पनि कुरालाई पहिलो प्राथमिकता दिनु हुँदैन—चाहे त्यो परिवारको प्रेम नै किन नहोस् (लूक १४:२५-२७)। उहाँले इमान्दारीताको आमूल पारदर्शीताको निम्ति बोलाउनुभएको थियो।

ती सबै कुरा त्यो मानिसको हृदयमा थियो कि थिएन सोबारे हामीलाई थाहा छैन, तर उनकै जस्तो आत्मा भएका, चेला बन्न चाहने धरै मानिसहरूलाई हामीले देखेका छौं। केही किशोर अवस्थाकाहरू भन्छन्, "मलाई *पहिले* मेरो जवान अवस्थामा केही गर्न दिनुहोस्, त्यसपछि म येशूलाई पछ्याउनेछु।" जवान व्यवसायीहरू भन्छन्, "*पहिले* मलाई मेरो कामधन्दामा सफलता हुन र परिवार सुरु गर्न दिनुहोस्, त्यसपछि म येशूलाई पछ्याउनेबारे गम्भीर हिसाबले सोच्नेछु।" पाकोहरू भन्छन्, "मेरो कारोबारलाई *मिलाउनेबित्तिकै*, म येशूलाई पछ्याउनेछु।" कहिलेकहीं म यसो गर्छु, म उसो गर्छु भनी भनिएका योजनाहरू उपयुक्त हुन्छन् र कहिलेकहीं ती उपयुक्त हुँदैनन्; तर प्रत्येक अवस्थामा, दुःखको कुरा के हुन्छ भने, तिनीहरूले ख्रीष्टलाई होइन अरू नै थोकलाई *पहिले* भनी राखेका हुन्छन्।

मैले शिक्षा दिएर बप्तिस्मा दिएको एक जना जवान बाबु, प्रतिभावान र धेरै सामर्थ्य भएको व्यक्ति थिए। पहिले, उनी उत्साहित थिए र प्रभुको काममा सहभागी हुन्थ्यो। त्यसपछि उनले आफ्नै व्यवसाय सुरु गऱ्यो र दिनरात काम गर्न थाल्यो। उनले आफ्नो परिवारलाई बेवास्ता गऱ्यो; उनी सेवासंगतीमा पनि आक्कल-झुक्कल आउँथ्यो। उनले आफैसँग यसो भनी बहाना बनाउँथ्यो, "पहिले म मेरो व्यवसायलाई निर्माण गर्नेछु। त्यसपछि मसँग परमेश्वरलाई समर्पण गर्नको निम्ति समय र पैसा दुवै हुनेछ।" उनले पनि बाबुको बहाना बनाउने त्यही युवकले जस्तै प्रभुबाट तर्किएर जाने बहाना बनायो। मलाई थाहा भए अनुसार, उनी कहिल्यै फर्किएनन्।

चेला बन्न चाहने तर निर्णय गर्न नसक्ने व्यक्तिलाई येशूको सन्देश थियो "*संघर्षको बारेमा विचार गर।*" वास्तवमा उहाँले भन्नुभयो, "जब विरोधाभासपूर्ण जिम्मेवारीहरू बीच निर्णय गर्नुपर्ने हुन्छ, यदि तिमी मेरो चेला बन्न चाहान्छौ भने, तिमीले पहिले *मैले* आज्ञा गरेको कुरा नै गर्नुपर्छ।"

येशूले तिनलाई के आज्ञा *दिनुभयो?* "मुर्दाहरूलाई आफ्नै मुर्दा गाड्न देओ, *तर तिमी* गएर परमेश्वरका राज्यको सुसमाचार प्रचार गर" (लूक ९:६०; जोड दिइएको छ)। अर्को शब्दमा भन्दा, "दफन जस्ता जीवनका सामान्य कार्यहरू गर्नका निम्ति जहिल्यै पनि कोही न कोही हुनेछन्, तर मसँग तिम्रो निम्ति विशेष काम छ: सबैतिर गएर राज्य स्थापना हुन लागेको छ भनी घोषणा गर! यो आवश्यकता अर्जेन्ट छ, त्यसैले *अहिले* नै मेरो पछि लागिहाल।"

एक अनसुलझे उम्मेदवार (लूक ९:६१, ६२)

चेला बन्न चाहने तेस्रो व्यक्तिले पनि दोस्रोले जस्तै पहिले केही कुरा गर्न पाऊं भनी

अनुरोध गऱ्यो: "प्रभु, म तपाईंको पछि लाग्नेछु, तर पहिले आफ्नो घरमा हुनेहरूबाट मलाई बिदा लिन दिनुहोस्" (लूक ९:६१)। पहिलेको अनुरोधजस्तै, यो व्यक्तिको अनुरोध पनि अनुचित देखिदैन। तैपनि पूर्वीय देशहरूमा विदाइको रीतिरिवाज समाप्त हुन कयौं दिन, हप्तौं वा महिनौंसम्म लाग्न सक्थ्यो। यदि उक्त मानिसले प्रभुको पछि लाग्न चाहान्थ्यो भने, उसले त्यो काम त्यही बेला *तुरुन्तै* गर्नुपर्थ्यो; प्रभु अर्को दिन त्यहाँ रहनुहुने थिएन, हप्तौं र महिनाको कुरै नगरौं।

यो सम्भावनालाई पनि ध्यान दिऊं, यदि त्यो मानिस घरमा गई परिवारलाई बिदा मागेको भए, उसको परिवारले उसलाई, ख्रीष्टको चेला हुने अनिश्चित जीवनमा जान नदिन सक्थ्यो। हिन्दु धर्म मान्ने परिवारमा हुर्केका मानिसहरूलाई सिकाउने प्रचारकहरूले भने अनुसार, हिन्दुहरूले आफ्ना सन्तानलाई इसाई हुनबाट रोक्नका निम्ति जस्तोसुकै कदम पनि चाल्न तयार हुन्छन्। केही नलागे पछि, तिनीहरू भन्छन्, "ठिकै छ। तिमी बप्तिस्मा लिन चाहान्छौ भने पनि लिऊ। तर हामी तिमीलाई एउटै कुरा माग्छौं। तिमी बप्तिस्मा लिन जानुभन्दा पहिले, अन्तिम पटक घरमा भेटघाटको निम्ति आऊ। हामीले तिम्रो लागि जे जति गरेका छौं, त्यसको तुलनामा यो कुरा त के हो र, एक पटक आइदेऊ।" प्रचारकहरूले भने अनुसार यो हृदयविदारक अनुरोधलाई एक-दुई जनाले मात्र इन्कार गर्न सक्छन्, र घर जानेहरूमध्ये एक-दुई जना मात्र फर्केर इसाई बन्न आउछन्।[३]

दोस्रो व्यक्तिलाई भनेजस्तै यो व्यक्तिलाई पनि ढिलासुस्ती नगर भनी येशूले प्रतिक्रिया दिन सक्नुहुन्थ्यो। तैपनि, जब उहाँले व्यक्तिको हृदयलाई हेर्नुभयो, उनी उनको पुरानो जीवनको बन्धनमा थिए जसले गर्दा उनी कहिल्यै स्वतन्त्र हुन सक्दैन भन्ने कुरा उहाँले देख्नुभयो। अनिश्चित मन भएको यो व्यक्तिलाई उहाँले दिनुभएको सन्देश थियो, "*परिणामको बारेमा विचार गर।*" "तर येशूले त्यसलाई भन्नुभयो, 'आफ्नो हात हलोमा लगाएर पछिल्तिर हेर्ने कोही पनि परमेश्वरका राज्यको योग्यको हुँदैन'" (लूक ९:६२)। यहाँ बताइएको हलो, प्राचीन समयमा चलाउने हल्का प्रकारको हलो हो, जसलाई बायाँ हातले पक्रेर, दायाँ हातले गोरुलाई धपाउन सकिन्छ। कसैले पनि पछि फर्केर ठीक रूपले हलो जोत्न सक्दैन भन्ने कुरा निश्चितै हो।

पछि फर्केर हेर्ने कुरा हलिहरूका निम्ति मात्र विनाशकारी कुरो होइन; प्रभुलाई पछ्याउनेहरूका निम्ति पनि यो विनाशकारी नै हो। चेला बन्न चाहने यो व्यक्तिले पछाडि पर्केर आफ्नो परिवार र इष्ट-मित्रलाई हेरेको थियो भन्ने स्पष्ट देखिन्छ, तर यस्तो आकर्षणमा विगतको जे-सुकै कुरा पनि पर्न सक्छन्—इसाई सिद्धान्तहरूलाई बेवास्ता गरी प्राप्त गरेको विगतका सफलताहरू पनि यसैमा पर्छ। ख्रीष्टका अनुसार, जसले आफ्नो पुरानो पापमय जीवनलाई आकांक्षाका साथ फर्केर हेर्छन्, उनीहरूले आफैलाई राज्यमा प्रवेश गर्न अयोग्य ठहर्छन्।

अहिले चेला बन्न चाहनेहरू

यस वचनलाई अध्ययन गरिसकेपछि यसबारे हाम्रो निष्कर्ष के हो? विभिन्न संप्रदायहरूले आफ्नो परिवार र साथीभाइ लगायत विगतको जीवनको सम्पूर्ण सम्बन्धहरूलाई अलग गर्नुपर्छ भन्ने आफ्ना रूखो नियमलाई प्रमाणित गर्न लूका ९:५७-६२ जस्ता खण्डहरूलाई प्रयोग गर्छन्। तैपनि, परिवारको जिम्मेवारीहरूलाई पूरा गर्नु,

---

[३]स्टीफन एफ. ओल्फर्ड (Stephen F. Olford), *कमिटेड टु क्राइष्ट एण्ड हिज चर्च* (ग्राण्ड ऱ्यापिडस्, मचिगन: बेकर बुक हाउस्, १९९१), ३७-३८।

इष्टमित्र बनाउनु र दफन कार्यमा जानु गलत कुरा होइन भनी येशूले सिकाउनुभयो। यसको ठीक विपरित, हामीले हाम्रो बाबुआमालाई हेरचहार गर्नैपर्छ भनी उहाँले सिकाउनुभयो (मत्ती १५:४-६; १९:१९), उहाँका मित्रहरू थिए (लूक १२:४; यूह १५:१५), र उहाँ एक वा दुई मृत संस्कारमा समेत उपस्थित हुनुभयो (मत्ती ९:२३-२५; लूक ७:१२-१५)।

लूका ९:५७-६२ को सन्देशलाई "समर्पणता" शब्दद्वारा निष्कर्ष दिन सकिन्छ। ख्रीष्टको चेला बन्नको निम्ति हामी उहाँमा र उहाँको अभियानमा पूर्ण रूपमा समर्पित हुनुपर्छ, प्रतिबद्ध हुनुपर्छ।

हतारमा चेला बन्न चाहनेहरू

हतारमा चेला बन्न चाहनेहरूलाई, प्रभुले वास्तवमा यसो भन्नुहुन्छ, "प्रतिबद्धता देखाउनुभन्दा पहिले यसमा के छ, त्यसलाई बुझ।"

पहिले ख्रीष्टले भन्नुभएको थियो, "कोही मपछि आउने इच्छा गर्छ भने त्यसले आफूलाई इन्कार गरोस्, र दिनहुँ *आफ्नो क्रूस बोकेर* मेरो पछि लागोस्" (लूक ९:२३; जोड दिइएको छ)। कुनै व्यक्तिले आफ्नो क्रूस बोकेको कुरा प्यालेष्टाइनमा बस्नेहरूमध्ये धेरैले देखेका हुन्थे। यदि कसैले क्रूस बोकेको छ भने उनी मर्न लागेको हो भन्ने कुरा सबैलाई थाहा हुन्थ्यो (यूह १९:१७ हेर्नुहोस्); क्रूस बोकी हिँड्नु भनेको फर्केर नआउनु हो। जब प्रभुले "मेरो पछि लाग" भनी बोलावट दिनुभयो, उहाँले सबैभन्दा ठूलो आत्म-त्यागको निम्ति बोलाइ रहनुभएको थियो।

हामीमध्ये ज-जसले प्रचार गर्छौं वा शिक्षा दिन्छौं, यदि हामीले हाम्रा विद्यार्थीहरूलाई येशूलाई पछ्याउन सजिलो छ भनी सिकाउछौं भने हामीले उनीहरूलाई घात गरिरहेका हुन्छौं। ख्रीष्टले आफ्ना चेलाहरूलाई भन्नुभयो, "संसारमा तिमीहरूलाई सङ्कष्ट हुनेछ" (यूह १६:३३ख; किङ्ग जेम्स् संस्करण [KJV])। पावलले लेखेका छन्, "ख्रीष्ट येशूमा भक्तिसाथ जीवन बिताउन इच्छा गर्नेहरू सबै जना सतावटमा पर्ने नै छन्" (२ तिमो ३:१२)। एउटा पुरानो भजन गीतको शब्दले भन्छ, "यदि तिमी क्रूसको सामना गर्दैनौ भने, तिमीले मुकुट पहिरन सक्दैनौ।" आधारभूत सत्यता भनेको, येशूलाई पछ्याउनको निम्ति केही मोल तिर्नु नै पर्छ।

के येशूले हामीलाई उहाँको चेला भएको चाहनुहुन्छ? अवश्य नै चाहनुहुन्छ! यसको साथै, उहाँको चेला हुने निर्णय गर्नभन्दा पहिले, त्यसको निम्ति आवश्यक पर्ने प्रतिबद्धताको बारेमा हामीले पूर्ण रूपमा बुझेको उहाँ चाहनुहुन्छ।

दोधारे मन भएका चेला बन्न चाहने व्यक्तिहरू

दोधारे मन भएका अथवा निर्णय गर्न नसक्ने व्यक्तिहरूलाई, ख्रीष्टले वास्तवमा यसो भन्नुहुन्छ, "जब तिमी समर्पित हुन्छौ यो बुझ, सबै कुराभन्दा पहिले *म* आउनै पर्छ, मभन्दा पहिलो प्राथमिकतामा परिवार र इष्टमित्र पनि पर्नु हुँदैन।" "जसले मलाई भन्दा बढ़ी आफ्ना बुबा वा आमालाई प्रेम गर्दछ, त्यो मेरो योग्यको हुँदैन। जसले मलाई भन्दा बढ़ी आफ्ना छोरा वा छोरीलाई प्रेम गर्दछ, त्यो मेरो योग्यको हुँदैन" (मत्ती १०:३७)।

हाम्रो आधारभूत आवश्यकताहरूमध्ये घर, परिवार, र इष्टमित्रहरू पनि हुन्। आफ्नो जीवनलाई येशूमा समर्पण गर्नुभन्दा पहिले, हामी प्रत्येकले आफैलाई यो प्रश्न सोधेको उहाँ चाहनुहुन्छ, "तर यदि मैले प्रभुलाई पछ्याउनको निम्ति यी सबैलाई त्याग्नु पर्ने भयो भने? के त्यस्तो अवस्था आइपरेमा पनि म प्रभुलाई पछ्याउन सक्छु त?" यस प्रकारका

विचारणीय प्रश्नहरूलाई अझै टुक्र्याउन सकिन्छ: "यदि ख्रीष्टलाई पछ्याउँदा मेरो आम्दानी कम्ती भयो भने ... मैले गरेको समर्पणता तथा प्रतिबद्धतालाई मानिसहरूले बुझेनन् भने ... वा, मलाई सतावट आइपर्‍यो भने? के म उहाँलाई पछ्याउन सक्छु?" माइकल विलकोक (Michael Wilcock) ले लेखेका छन्, "दुई बाटाहरूमध्ये एउटालाई छनौट गर्नै पर्ने अवस्था आयो भने, हामी कुन बाटोलाई पछ्याउँछौं? सुविधा वा परम्परा वा रीतिरिवाज—वा ख्रीष्ट?"[4]

पावलले लेखेका छन्, "उहाँ शरीर, अर्थात् मण्डलीका शिर हुनुहुन्छ, ... ताकि प्रत्येक कुरामाथि उहाँ *सर्वोच्च होऊन्*" (कल १:१८; जोड दिइएको छ)। किङ्ग जेम्स् संस्करण (KJV) मा यस्तो पाइन्छ, "ताकि सबै कुरामाथि उहाँको *प्रभुत्व होस्*" (जोड दिइएको छ)। कतिपयलाई, प्रभु नै प्रथम स्थानमा आउनुपर्छ भन्ने कुरा याद दिलाइरहनु पर्ने हुनसक्छ; अरूका लागि यो चेतनामूलक कुरा हुनसक्छ।

चेला बन्न चाहने तर अनिश्चित मन भएका व्यक्तिहरू

येशूले अहिलेसम्म दिनुभएको सन्देशहरू महत्त्वपूर्ण छन्: "मलाई पछ्याउँदा के-कस्ता मूल्य चुकाउनु पर्छ, ध्यान देऊ, र यसमा के छ त्यसलाई बुझ।" तैपनि, यी दुई चेतावनीहरूलाई सुनिसकेपछि, चेला बन्न चाहने ती दुई व्यक्तिहरूले यसो भने भन्ने कल्पना गर्न सकिन्छ, "यदि ख्रीष्टलाई पछ्याउनु त्यति गाह्रो हुन्छ भने, म यसप्रति वास्तवमै इच्छुक छैन।" त्यसैले चेला बन्न चाहने तर अनिश्चित मन भएको व्यक्तिलाई ख्रीष्टले दिनुभएको यो वचन सन्तुलनको लागि हो: "मलाई पछ्याएर पछि फर्कंदा हुने परिणामलाई विचार गर। अन्यथा तिमी परमेश्वरको राज्यको निम्ति योग्य हुनेछैनौ!"

यसको केही समय पहिले, येशूले आफूले स्थापना गर्न लागेको मसीह राज्यलाई मण्डलीको रूपमा परिचित गर्नुभएको थियो (मत्ती १६:१८, १९; हेर्नुहोस्: कल १:१३)। स्वर्गलाई पनि धेरै पटक परमेश्वरको राज्य भनी उल्लेख गरिएको छ (१ कोर १५:५०; २ तिमो ४:१८; २ पत्र १:११)। त्यसैले, जब हामी "... कोही पनि परमेश्वरको राज्यको योग्यको हुँदैन," भनी पढ्छौं, हामी यो सोच्छौं, "हो, यदि कोही व्यक्ति प्रभुको पछि लाग्ने इच्छा गर्दैन भने, त्यस्तो व्यक्ति अन्त्यमा मण्डलीको विश्वासयोग्य सदस्य हुन सक्दैन र स्वर्ग जान सक्दैन।" यो भनाइको हरेक भाग सत्य नै हुन्, तर पहिलो शताब्दीका मानिसहरूले ख्रीष्टको यी वचन सुन्दा जत्तिको भावनात्मक प्रभाव पारेको थियो, त्यतिकै प्रभाव यसले प्रकट गर्न सक्दैन।

येशूका वचनहरू सुन्नेहरूले मसीह राज्य भनेको के हो भनी बुझेका थिए त्यसलाई ध्यान दिऊं। शताब्दीऔंदेखि तिनीहरू राज्यको पर्खाइमा थिए (मर्कू ११:१०; १५:४३ हेर्नुहोस्)। "स्वर्गको राज्य नजिकै आइपुगेको छ" भनी प्रचार गर्दै प्रभु आउनुभयो (मत्ती ३:२; ४:१७)। उहाँका अनुयायीहरूलाई उहाँले यसो भन्नुभएको थियो, "यहाँ उभिएकाहरूमध्ये कोही-कोही छन्, जसले परमेश्वरको राज्य शक्तिमा आएको नदेखुञ्जेल कुनै किसिमले मृत्यु चाख्नेछैनन्" (मर्कू ९:१)। त्यो राज्यको स्थापना हुने समय नजिकिदै गर्दा उत्साह बढ्दै गइरहेको थियो। राज्य आएपछि, यसमा सहभागी हुन नसक्नु भनेको सम्भावित विपत्तिहरूमध्येको सबैभन्दा ठूलो विपत्तिमा पर्नु हो। तैपनि, जसले "आफ्नो

---

[4]माइकल विलकोक (Michael Wilcock), *द म्यासेज् अफ लुक: द सेभियर अफ द वर्ल्ड,* द बाइबल स्पीक्स् सेरिज (डाउनर्स ग्रोभ, Ill.: इन्टर-भार्सिटि प्रेस, १९७९), ११९।

हात हलोमा लगाएर” र पछिल्तिर हेर्छ त्यसको हालत त्यस्तै विपत्तिमा परेको सरह हुन्छ भनी ख्रीष्टले दाबी गर्नुभयो।

जस्तोसुकै बलिदान तथा त्यागको योग्य, अत्यन्तै मूल्यवान सम्पत्तिसँग नयाँ करारले राज्य/मण्डलीलाई तुलना गरेको छ (मत्ती १३:४४-४६)। राज्य/मण्डलीसँग सम्बन्धित सन्देश “शुभ समाचार हो” (मत्ती २४:१४; प्रे ८:१२)। राज्य/मण्डलीमा, ख्रीष्टसँग हाम्रो संगती हुँदछ (मत्ती २६:२९)। राज्य/मण्डलीमा, हामीसँग धार्मिकता, शान्ति र आनन्द हुँदछ (रोम १४:१७)। येशूको राज्यमा योग्य नहुनु भनेको विपत्तिहरूको पनि विपत्तिमा पर्नु हो भन्ने कुरालाई हामीले पनि विश्वास गर्नुपर्छ।

निष्कर्ष

येशूले दिनुभएको चुनौतीहरूलाई चेला बन्न चाहने तीन व्यक्तिहरूले कसरी प्रतिक्रिया दिए? तिनीहरूले सबै कुरा त्यागेर उहाँलाई पछ्याए, कि मत्ती १९ को युवक शासकजस्तै शोकित भएर गइहाले? हामीलाई यसबारे बताइएको छैन। यदि हामीलाई निम्न कुरा भनिएको भए *हामीले* कस्तो प्रतिक्रिया दिनेथियौं होला ...

... यदि हामीले ख्रीष्टलाई पछ्यायौं भने हामीलाई दु:खकष्टले मात्रै पर्खिरहेको छ?

... हाम्रा प्रियजनलाई अरू कसैले गाड्नुपर्छ भनी भनिएको भए?

... हाम्रो परिवारलाई बिदा माग्न समेत सकिदैन भनी हामीलाई भनिएको भए?

... यदि हामी पछिल्तिर फर्क्यौं भने प्रभुको राज्यमा हामी योग्यको हुन सक्दैनौं भनी भनिएको भए?

यरूशलेममा: छाप्रो-वासको चाड (यूह ७:११—१०:२१)

छाप्रो-वासको चाडमा येशू जानुभएको बारे यूहन्नाको पुस्तकमा उल्लेख गरिएको छ। घटनाको विवरणलाई बुझ्नको निम्ति, उल्लेखित तीन फरक समूहहरूका बारेमा हामीले बिर्सनु हुँदैन। (१) यरूशलेमका धार्मिक अधिकारीहरूलाई सामान्यतया “यहूदीहरू” भनी उल्लेख गरिएको पाइन्छ (यूह ७:१३, १५, ३५)। यो समूहको अगुवाहरूलाई “मुख्य पूजाहारीहरू र फरिसीहरू” भनी भनिन्छ (यूह ७:३२; हेर्नुहोस्: ४५, ४७, ४८), जुन महासभालाई उल्लेख गर्ने अर्को नाम हो। (“मुख्य पूजाहारीहरू” प्राय: सदुकीहरू थिए।) (२) यरूशलेममा आफ्ना घर बनाएर बस्ने यहूदीहरू त्यहाँ थिए (यूह ७:२५)। (३) बिभिन्न मानिसहरूको समूहको घुइँचोलाई “भीड़” (“मानिसहरूको समूह”) (यूह ७:१२, २०, ३१, ३२, ४३) र “मानिसहरू” भनी भनिएको छ (यूह ७:४०)। कहिलेकहीं भीड शब्दले पहिलो दुई समूहका प्रतिनिधित्व गर्ने मानिसहरूलाई समावेश गर्दछ, तर विशेष रूपमा यसले तीर्थयात्रीहरूलाई बुझाउँदछ।

चाडको बीचमा: मन्दिरमा शिक्षा (यूह ७:११-३६)

[११]चाड़मा यहूदीहरूले उहाँलाई खोजिरहेका थिए, र “उनी कहाँ छन्?” भनी सोध्दैथिए। [१२]भीड़हरूका बीचमा उहाँको विषयमा चर्चा हुन लाग्यो। कोही भन्थे, “उनी असल छन्।” अरूले भन्थे, “होइन, यसले मानिसहरूलाई भ्रममा पारिरहेछ।” [१३]तर यहूदीहरूको डरले उहाँको विषयमा कोही खुल्लमखुल्ला बोल्दैनथिए। [१४]चाड़को बीचमा येशू मन्दिरभित्र पस्नुभयो, र शिक्षा दिनुभयो। [१५]यहूदीहरूले अचम्म मान्दै यसो भने, “कुनै अध्ययन नगरी यिनले कसरी यति विद्या हासिल गरे?” [१६]तब येशूले जवाफ दिई तिनीहरूलाई भन्नुभयो,

“मेरो शिक्षा मेरै होइन, तर उहाँको हो, जसले मलाई पठाउनुभयो। [१७]यदि कुनै मानिसले परमेश्वरको इच्छा पालन गर्न चाहन्छ भने, मेरो शिक्षा परमेश्वरतर्फबाट हो, कि मेरो आफ्नै तर्फबाट हो सो उसले जान्नेछ। [१८]जसले आफ्नै तर्फबाट बोल्दछ, उसले आफ्नै सम्मान खोज्दछ, तर जसले आफूलाई पठाउनेको सम्मान खोज्दछ, त्यो सत्य हो, र उसमा छल हुँदैन। [१९]के मोशाले तिमीहरूलाई व्यवस्था दिएनन्? तर तिमीहरू कसैले त्यो व्यवस्था पालन गर्दैनौ। तिमीहरू किन मलाई मार्न खोज्दछौ?” [२०]भीड़ले जवाफ दियो, “तिमीलाई भूत लागेको छ। कसले तिमीलाई मार्न खोज्दैछ?” [२१]येशूले जवाफ दिई तिनीहरूलाई भन्नुभयो, “एउटा काम मैले गरें, अनि तिमीहरू सबै यसमा आश्चर्य मान्दछौ। [२२]मोशाले तिमीहरूलाई खतनाको रीति दिएका छन् (हुन त, त्यो मोशाको तर्फबाट त होइन, तर पिता-पुर्खाहरूबाट हो), र पनि शबाथ-दिनमा तिमीहरू मानिसलाई खतना गर्दछौ। [२३]मोशाको व्यवस्था भङ्ग नहोस् भनेर यदि कुनै मानिसले शबाथ-दिनमा खतना गर्छ भने, मैले एक जना मानिसलाई शबाथ-दिनमा पूरै निको पारिदिएँ भनेर के तिमीहरू मसँग रीस गर्दछौ? [२४]मुख हेरेर होइन, तर ठीक किसिमले इन्साफ गर।” [२५]यरूशलेमका कोही-कोही मानिसहरूले भने, “के यिनी उही होइनन्, जसलाई तिनीहरूले मार्न खोज्दछन्? [२६]हेर, यिनी त खुल्लमखुल्ला बोलिरहेछन्, तर तिनीहरू यिनलाई केही भन्दैनन्! के यिनी नै ख्रीष्ट हुन् भन्ने धर्म-गुरुहरूले साँच्चै थाहा पाए? [२७]तर हामी जान्दछौं, यी मानिस कहाँबाट आएका हुन्। तर जब ख्रीष्ट देखा पर्नुहुन्छ, उहाँ कहाँका हुनुहुन्छ कसैले थाहा पाउनेछैन।” [२८]तब येशूले मन्दिरमा सिकाउनुहुँदा, उहाँले उच्च स्वरले भन्नुभयो, “तिमीहरू मलाई चिन्छौ, र म कहाँबाट आएको हुँ, त्यो पनि जान्दछौ। म आफ्नै इच्छाले आएको होइनँ, तर जसले मलाई पठाउनुभयो उहाँ सत्य हुनुहुन्छ। तिमीहरू उहाँलाई चिन्दैनौ, [२९]तर म उहाँलाई चिन्दछु, किनभने म उहाँबाट आएको हुँ, र उहाँले मलाई पठाउनुभएको हो।” [३०]यसकारण तिनीहरूले उहाँलाई पक्रन खोजे, तर कसैले उहाँमाथि हात हालेन, किनभने उहाँको समय अझ आइपुगेको थिएन। [३१]तर भीड़का धेरै मानिसहरूले उहाँमाथि विश्वास गरे। तिनीहरूले भने, “जब ख्रीष्ट आउनुहुन्छ, तब के यिनले गरेका चिन्हहरूभन्दा बढ़ी चिन्ह उहाँले गर्नुहोला र?” [३२]भीड़ले उहाँको विषयमा चर्चा गरिरहेको फरिसीहरूले सुने। तब मुख्य पूजाहारीहरू र फरिसीहरूले उहाँलाई पक्रन मन्दिरका पहरेदारहरू पठाए। [३३]येशूले भन्नुभयो, “अझ केही समयसम्म म तिमीहरूसँग छु, त्यसपछि म मलाई पठाउनुहुनेकहाँ जानेछु। [३४]तिमीहरूले मलाई खोज्नेछौ, तर भेट्टाउनेछैनौ, र जहाँ म हुन्छु, तिमीहरू आउन सक्दैनौ।” [३५]तब यहूदीहरूले आपसमा भने, “यिनी कहाँ जान आँटेका छन्, र हामी यिनलाई भेट्टाउनेछैनौं? के यिनी ग्रीकहरूका बीचमा छरपष्ट भई बसेका यहूदीहरूकहाँ गएर ग्रीकहरूलाई शिक्षा दिन चाहन्छन्? [३६]यिनले भनेको यो वचन के हो? ‘तिमीहरू मलाई खोज्नेछौ, तर भेट्टाउनेछैनौ, र जहाँ म हुन्छु, तिमीहरू आउन सक्दैनौ’?”

चाड सुरु भएपछि मानिसहरूले येशूको विषयमा कुराकानी गर्नथाले। उहाँले गालीलमा गर्नुभएका आश्चर्यकर्महरूका बारेमा मानिसहरूले अवश्य नै सुनेका थिए होलान्। यसका साथै, यसभन्दा अघिको उहाँको यरूशलेम यात्रामा उहाँले तालको छेउमा लङ्गडालाई निको पार्नुभएको विषयमा उठेको विवादको बारेमा पनि तिनीहरूले बिर्सेका थिएनन् (यूह ७:२१-२३; हेर्नुहोस्: यूह ५)। उहाँ यरूशलेममा आउनुभएको महिनौं भएको थियो, र यो चाडमा उहाँ आउनुहुन्छ वा आउनुहुन्न सो कुरामा मानिसहरूले विभिन्न अनुमानहरू गरिरहेका थिए (यूह ७:११)। चाडमा आएकाहरूका बीचमा गोप्य (यूह ७:१३; लाई ९:२२ सँग तुलना गर्नुहोस्) कुराकानी भइरहेको थियो: **कोही भन्थे, “उनी असल**

छन्।"; अरूले भन्थे, "होइन, यसले मानिसहरूलाई भ्रममा पारिरहेछ" (यूह ७:१२ख, ग)। यसमा पछिल्लो विचार, कुराकानी गर्नेहरूले महसुस गरेभन्दा बढी नै सचेतन प्रकारको छ। आज धेरैले येशूलाई ईश्वरको रूपमा स्वीकार गर्न चाहाँदैनन्, तैपनि तिनीहरू उहाँलाई "असल [मानिस]" भनी भन्छन्। यदि ख्रीष्टले दाबी गर्नुभए जस्तो उहाँ परमेश्वरको पुत्र हुनुहुन्नथ्यो भने, उहाँ असल व्यक्ति पनि हुनुहुन्नथ्यो—किनभने झूट बोल्नेहरू असल होइनन्। येशूलाई परमेश्वरको पुत्रको रूपमा स्वीकार गर्न नमान्नेहरूले उहाँलाई "असल [मानिस]" भनेर ओठे कुरा नगरे हुन्छ।

चाड़को बीचमा येशू अचानक देखा पर्नुभयो (यूह ७:१४क)—अवश्य नै मंगलबार, चाडको चौथो दिन हुनुपर्छ। येशू यरूशलेममा त्योभन्दा पहिले नै पुग्नुभएको हो कि होइन भनेर धर्मशास्त्रमा उल्लेख छैन। उहाँ मन्दिरमा जानुभएको बेला उहाँ भखरै त्यहाँ पुग्नुभएको थियो भनी मानिलिनु न्यायोचित देखिन्छ। उहाँ **मन्दिरभित्र पस्नुभयो, र शिक्षा दिनुभयो** (यूह ७:१४ख)। उहाँ अवश्य नै सोलोमनको दलानमा जानुभएको हुनसक्छ (हेर्नुहोस्: यूह १०:२३; प्रे ३:११)। यो पदमा मलाकी ३:१ पूरा भएको हो भन्ने विचार केहीको रहेको पाइन्छ।

सानो हुँदा, येशू मन्दिरमा सिक्न जानुहुन्थ्यो (लूक २:४६); उहाँको सेवकाइको प्रारम्भमा, उहाँले मन्दिरलाई शुद्धिकरण गर्नुभएको थियो (यूह २:१३-१७); र अहिले उहाँ त्यहाँ तिनीहरूलाई शिक्षा दिन जानुभयो। मन्दिर धार्मिक अधिकारीहरूको अखडा थियो भन्ने कुरालाई ध्यान दिनुहोस्। आफूलाई मार्न खोज्नेहरूसँग मुकाबला गर्न येशू हिचकिचाउनुभएन। उहाँले सिंहहरूको अड्डामा गएर सिंहहरूको दाह्री उखाल्नुभयो।

धेरैजसो अगुवाहरूले पहिलो पटक प्रभुको कुरा सुन्ने मौका यही बेला पाएका थिए, र उहाँको शिक्षाले तिनीहरूलाई "अचम्मित" तुल्यायो। तिनीहरूले प्रश्न गरे, **"कुनै अध्ययन नगरी यिनले कसरी यति विद्या हासिल गरे?"** (यूह ७:१५)। तिनीहरूले "कुनै अध्ययन नगरी" भनी भन्नुको अर्थ उहाँले रब्बी बन्ने कुनै पनि औपचारिक प्रशिक्षण लिनुभएको थिएन भन्ने हो। आजका मानिसहरूको भाषामा यसो भन्न सकिन्छ, "यिनीसँग विश्वविद्यालयको डिग्री समेत छैन।" येशूले वास्तवमा भन्नुभयो, उहाँलाई मानिसद्वारा "प्रमाणित" र "अनुमति-पत्र" प्रदान नगरिएको हुनसक्छ, तर उहाँलाई परमेश्वरले पठाउनुभएको हो (यूह ७:१६, १८, २८, २९) र *परमेश्वरले* उहाँलाई जे प्रदान गर्नुभएको छ त्यही कुरालाई सिकाइरहनुभएको थियो (यूह ७:१६)।

उहाँले भन्नुभयो, **"यदि कुनै मानिसले परमेश्वरको इच्छा पालन गर्न चाहान्छ भने, मेरो शिक्षा** [उहाँले दिइरहनुभएको शिक्षा] **परमेश्वरबाट हो, कि मेरो आफ्नै तर्फबाट हो सो उसले जान्नेछ"** (यूह ७:१७)। कुनै पनि कुरालाई बुझ्नको निम्ति व्यक्तिमा सही मनस्थिति हुनु महत्त्वपूर्ण हुन्छ, र परमेश्वरको वचन बुझ्नको निम्ति त झन यो पूर्णरूपमा नै आवश्यक हुन्छ। ख्रीष्टको शिक्षाले धार्मिक अगुवाहरूका बीचमा एउटा रहस्य प्रस्तुत गऱ्यो, किनभने तिनीहरू आफूले परमेश्वरको इच्छालाई पालन गरिरहेका छन् भनी भन्ठान्थे, तर वास्तवमा तिनीहरूले त्यसो गरिरहेका थिएनन्।

अधिकारीहरूले परमेश्वरको आज्ञा पालन गरेका छैनन् भनी प्रमाण प्रस्तुत गर्दै, छेटौं आज्ञालाई भङ्ग गर्ने योजना तिनीहरूका रहेको थियो भनी ख्रीष्टले औंल्याउनुभयो (प्रस २०:१३)। उहाँले भन्नुभयो, **"के मोशाले तिमीहरूलाई व्यवस्था दिएनन्? तर तिमीहरू कसैले त्यो व्यवस्था पालन गर्दैनौ। तिमीहरू किन मलाई मार्न खोज्दछौ?"** (यूह ७:१९)। तिनीहरूको षडयन्त्रको बारेमा उहाँलाई थाहा थियो (यूह ५:१८; ७:१) र उहाँलाई सो कुरा

थाहा छ भन्ने कुरा तिनीहरूले जानेका होऊन् भन्ने उहाँ चाहनुहुन्थ्यो।

सहर बाहिरका मानिसहरूले, त्यस अवस्थाको बारेमा थाहै नपाई प्रतिक्रिया दिए, **"तिमीलाई भूत लागेको छ। कसले तिमीलाई मार्न खोज्दैछ?"** (यूह ७:२०)। येशूलाई यसभन्दा पहिले भूत लागेको आरोप लगाइएको थियो (मत्ती ९:३२-३४; १०:२५; १२:२४), तर यहाँ यो भनाइको अर्थ "तिम्रो दिमाग ठीक ठाउँमा छैन कि क्याहो!" भन्ने हो (यूह १०:२० हेर्नुहोस्)।

येशूलाई मार्ने षडयन्त्र गरिएको छ कि छैन भन्ने यहाँको प्रश्नले, उहाँको अघिल्लो यरूशलेम यात्राको क्रममा यहूदी अगुवाहरूले "येशूलाई मार्न अझ बढ़ी प्रयत्न गर्न लागे" को कुरालाई झल्काएको पाइन्छ (यूह ५:१८)। येशूले शबाथ-दिनमा एक जना मानिसलाई निको पार्नुभएको थियो र सो कामको निम्ति उहाँले प्रतिबाद गर्नु परेको थियो (यूह ५)। अहिले उहाँले शबाथ-दिनमा निको पार्नेबारे थप तर्क प्रस्तुत गर्नुभयो: शबाथ-दिनमा खतना गर्नु ठीक हो भन्ने कुरालाई सबैले विश्वास गर्छन् भनी उहाँले औंल्याउनुभयो (यूह ७:२२, २३क)। यहूदी बालकहरूलाई जन्मेको आठ दिनमा खतना गरिनु पर्थ्यो (लेवी १२:३) र त्यो दिन शबाथ-दिन नै परे तापनि खतना गर्नु नै पर्थ्यो। उहाँले वास्तवमा यसो भन्नुभयो, "यदि शबाथ-दिनमा शरीरको एउटा अंगलाई पवित्र गर्नु ठीक हो भने, मैले सम्पूर्ण शरीरलाई पवित्र गर्दा तिमीहरू किन रीस गर्छौ?" (यूह ७:२३ख)।

प्रभुले शिक्षा दिने काम जारी राख्नुभएको देखेर, उहाँले मन्दिरमा खुल्लामखुल्ला शिक्षा दिन सक्नुभएको देखेर, यरूशलेममा बस्नेहरू (र उहाँको हत्या गर्ने षडयन्त्रको बारेमा थाहा पाएकाहरू) छक्कै परे (यूह ७:२५, २६क)। तैपनि, तिनीहरूले उहाँ ख्रीष्ट हुन सक्नुहुन्न भन्ने निष्कर्ष निकाले: **"तर हामी जान्दछौं, यी मानिस कहाँबाट आएका हुन्। तर जब ख्रीष्ट देखा पर्नुहुन्छ, उहाँ कहाँका हुनुहुन्छ कसैले थाहा पाउनेछैन"** (यूह ७:२७)। धेरैजसो यहूदीहरूले मसीह बेथलेहेममा जन्मनुहुनेछ भन्नेमा विश्वास गर्थे (यूह ७:४२; मत्ती २:५, ६)। तैपनि, मलाकी ३:१ र यशैया ५३:८ जस्ता खण्डहरूले मसीहको मूल वंश रहस्यमा ढाकिएको हुन्छ भन्ने बताउँछ भन्ने कुरालाई थोरैले मात्र विश्वास गरेका थिए।

बहसको समयमा, सहभागीहरूले तिनीहरूका अज्ञानतालाई प्रकट गरे, किनभने तिनीहरूलाई येशूको जन्मथलोबारे थाहा थिएन (यूह ७:४१ हेर्नुहोस्)। ख्रीष्टको उत्तरले वास्तवमा यो कुरालाई उल्लेख गरिरहेको थियो—तिनीहरूले उहाँको पार्थिव जन्मको बारेमा जानेका हुनसक्छन् अथवा नजानेका हुनसक्छन्, तर तिनीहरूले बुझ्नै नसकेका कुरा भनेको के थियो भने उहाँ वास्तवमा स्वर्गबाट आउनुभएको हो। येशूले आफ्नो यस भनाइमा व्यंगोक्ति प्रयोग गरिरहनुभएको थियो, **"तिमीहरू मलाई चिन्छौ, र म कहाँबाट आएको हुँ, त्यो पनि जान्दछौ"** (यूह ७:२८)।

भीडका धेरै मानिसहरूलाई येशूले अत्यन्तै प्रभाव पार्नुभएको कारणले तिनीहरूले उहाँमा विश्वास गरे (यूह ७:३१)। निश्चित रूपमै तिनीहरूका विश्वास कमजोर थियो; तर मुख्य पूजाहारी र फरिसीहरूलाई रीस उठाउनको निम्ति यही नै काफी भयो र तिनीहरूले उहाँलाई पक्राउ गर्न मन्दिरका पहरेदारहरूलाई पठाए (यूह ७:३२)। ख्रीष्टले आफ्नो प्रचारलाई बेफिक्रीताका साथ जारी राख्नुभयो: **"अझ केही समयसम्म म तिमीहरूसँग छु, त्यसपछि म मलाई पठाउनुहुनेकहाँ जानेछु। तिमीहरूले मलाई खोज्नेछौ, तर भेट्टाउनेछैनौ, र जहाँ म हुन्छु, तिमीहरू आउन सक्दैनौ"** (यूह ७:३३, ३४)। हामी क्रूसको यो भागमा जिइरहेका छौं, त्यसैले हामी उहाँको यी वचनहरूलाई बुझ्न सक्छौं। "अझ केही समयसम्म म तिमीहरूसँग छु": उहाँको मृत्यु हुन छ महिना मात्र बाँकी थियो। "त्यसपछि

म मलाई पठाउनुहुनेकहाँ जानेछु": उहाँ परमेश्वरकहाँ उचालिनुहुनेछ भन्ने कुरा। "तिमीहरूले मलाई खोज्नेछौ, तर भेट्टाउनेछैनौ, र जहाँ म हुन्छु, तिमीहरू आउन सक्दैनौ": यी वचनहरूले, अविश्वासको परिणास्वरूप (होशे ५:६ हेर्नुहोस्) तिनीहरूले प्राप्त मौकालाई पहिचान गर्न नसकेका कारण तिनीहरूमा आउने दुर्भाग्यलाई बताउँछ। भोलिपल्ट, येशूले यसो भन्नुभयो, "म गइहाल्छु, र तिमीहरूले मलाई खोज्नेछौ, र तिमीहरू आफ्ना पापमा मर्नेछौ। जहाँ म जान्छु, तिमीहरू आउन सक्दैनौ"; "... किनभने म उही हुँ [मसीह] भनेर तिमीहरूले विश्वास गरेनौ भने आफ्ना पापमा मर्नेछौ" (यूह ८:२१, २४)।

येशूले भन्नुभएको कुरा हामी बुझ्न सक्छौं, तर उहाँको कुरा सुनेर यहूदी अगुवाहरू अलमल्ला परे। उहाँ प्यालेष्टाइन छाडेर अन्यजातिहरूलाई प्रचार गर्न पो जानुहुन्छ कि भनी तिनीहरूले विचार गरे, किनभने तिनीहरूले भने, **"... के यिनी ग्रीकहरूका बीचमा छरपष्ट भई बसेका यहूदीहरूकहाँ गएर ग्रीकहरूलाई शिक्षा दिन चाहान्छन्?"** (यूह ७:३८)। अन्यजातिहरूका बीचमा छरिएर रहेका यहूदीहरूलाई बुझाउनको निम्ति "छरपष्ट" (διασπορά, *डियास्पारा, diaspora*) भन्ने ग्रीक शब्दलाई सेप्टुजेन्टमा प्रयोग गरिएको पाइन्छ।

चाडको अन्तिम दिनमा: जीवनको पानी भन्ने विषयमा शिक्षा (यूह ७:३७-५२)

[३७]अब चाड़को पछिल्लो दिन, अर्थात् चाड़को प्रमुख दिनमा, उभिएर येशूले उच्च स्वरमा यसो भन्नुभयो, "यदि कोही तिर्खायो भने त्यो मकहाँ आओस् र पिओस्। [३८]जसले ममाथि विश्वास गर्दछ, धर्मशास्त्रले भनेअनुसार 'त्यसको अन्तस्करणबाट जिउँदो पानीका खोलाहरू बगिनिस्कनेछन्'।" [३९]तर यो कुरो उहाँले पवित्र आत्माको विषयमा भन्नुभएको थियो, जुन पवित्र आत्मा उहाँमाथि विश्वास गर्नेहरूले प्राप्त गर्न लागेका थिए। किनकि पवित्र आत्मा अहिलेसम्म दिइएको थिएन, किनभने येशूको महिमा अझसम्म भएको थिएन। [४०]यी कुरा सुन्ने कोही-कोही मानिसले भने, "यिनी त साँच्चै अगमवक्ता रहेछन्।" [४१]अरूहरूले भने, "यिनी ख्रीष्ट हुन्।" तर कसै-कसैले भने, "के ख्रीष्ट गालीलबाट आउँछन् र? [४२]के धर्मशास्त्रले भनेको छैन, कि ख्रीष्ट दाऊदको वंशबाट र दाऊदकै गाउँ बेथलेहेमबाट आउँछन्?" [४३]यसैले मानिसहरूका बीचमा उहाँको कारण फाटो भयो। [४४]तिनीहरूमध्ये कतिले उहाँलाई पक्रन खोजे, तर उहाँमाथि कसैले पनि हात हालेन। [४५]तब मन्दिरका पहरेदारहरू मुख्य पूजाहारीहरू र फरिसीहरूकहाँ आए। तिनीहरूले यिनीहरूलाई भने "तिमीहरूले त्यसलाई किन ल्याएनौ?" [४६]पहरेदारहरूले जवाफ दिए, "यस मानिसले जस्तो त कुनै मानिसले कहिल्यै बोलेन!" [४७]फरिसीहरूले यिनीहरूलाई भने, "तिमीहरू पनि बहकियौ, कि कसो? [४८]के धर्म-गुरु अथवा फरिसीहरूमध्ये कसैले उसमाथि विश्वास गरेको छ? [४९]तर यो भीड, जसले व्यवस्था जान्दैन, त्यो श्रापित छ।" [५०]तिनीहरूमध्ये एक जना निकोदेमस, जो पहिले एक पल्ट येशूकहाँ आएका थिए, तिनले भने, [५१]"के हाम्रो व्यवस्थाले पहिले मानिसको सुनुवाइ नभई, र त्यसले के गरेको छ सो नजानिकन त्यसलाई दोषी ठहराउँछ र?" [५२]तिनीहरूले उनलाई जवाफ दिए, "के तिमी पनि गालीलका हौ? धर्मशास्त्र खोजेर हेर, र तिमीले देख्नेछौ, कि गालीलबाट अगमवक्ता निस्कँदैन।"

अर्को लिखित घटना **चाड़को पछिल्लो दिन, अर्थात् चाड़को प्रमुख दिनमा** (यूह

७:३७क)। त्यो दिनको मुख्य काम पानी सम्बन्धी अनुष्ठान थियो, जसमा पूजाहारीले सिलोआमको पोखरीमा सुनको सुरही भरेर थप विधिहरू गरी वेदीको फेदमा त्यस पानीलाई खन्याउथ्यो। तिनीहरूका पितापुर्खालाई मरुभूमिमा परमेश्वरले पानी दिनुभएको समयलाई (प्रस १७:५, ६; गन्ती २०:७-११) र मसीह आउनुभएपछि परमेश्वरको आत्मा खन्याइनेछ भन्ने कुराको सम्झना स्वरूप यो विधिलाई मान्ने प्रचलन रहेको थियो (योए २:२८; हेर्नुहोस्: प्रे २:१६, १७)।

त्यो दिन, उभिएर येशूले उच्च स्वरमा यसो भन्नुभयो, "यदि कोही तिर्खायो भने त्यो मकहाँ आओस् र पिओस्। जसले ममाथि विश्वास गर्दछ, धर्मशास्त्रले भनेअनुसार 'त्यसको अन्तस्करणबाट जिउँदो पानीका खोलाहरू बगिनिस्कनेछन्'" (यूह ७:३७ख, ३८)। सुनको सुरही अब खाली भएको थियो, तर उहाँलाई सुन्नेहरूलाई त्यस पानीको खोलाको बारेमा बताइँदै थियो जसमा पानी बग्न कहिल्यै बन्द हुँदैन।

यूहन्नाले ख्रीष्टका यी शब्दहरूको उत्प्रेरित व्याख्या दिएका छन्: **तर यो कुरो उहाँले पवित्र आत्माको विषयमा भन्नुभएको थियो, जुन पवित्र आत्मा उहाँमाथि विश्वास गर्नेहरूले प्राप्त गर्न लागेका थिए। किनकि पवित्र आत्मा अहिलेसम्म दिइएको थिएन, किनभने येशूको महिमा अझसम्म भएको थिएन** (यूह ७:३९)। यसले ख्रीष्टको स्वर्ग अरोहण भएपछिको पहिलो पेन्तिकोसमा हुने पवित्र आत्माको आगमनलाई संकेत गर्दछ (प्रे १:८; २:१-४, १६, १७, ३८)। चट्टानबाट निस्केको पानीले शारीरिक तिर्खालाई मेटाएजस्तै, येशूमा भरोसा गर्नेहरूका आत्मिक तिर्खालाई परमेश्वरको आत्माले तृप्त गरिदिनुहुन्छ।

येशूका यी वचन सुन्नेहरूले फरक-फरक प्रतिक्रिया दिए (यूह ७:४३)। केहीले उहाँ मोशाजस्तै अगमवक्ता हुनुहुन्छ भन्ने ठाने (यूह ७:४०; हेर्नुहोस्: व्य १८:१५)। थोरैले उहाँ नै मसीह हुनुहुन्छ भनी विचार गरे (यूह ७:४१क)। उहाँ मसीह हुनसक्नुहुन्न किनभने (तिनीहरूका विचारमा) उहाँ दाऊदको सहर बेथलेहेमबाट होइन, गालीलबाट आउनुभएको थियो भनी अरूले भने (यूह ७:४१ख, ४२; हेर्नुहोस्: २ शमू ७:१२-१६; मीका ५:२-४)।

ख्रीष्टको शिक्षाद्वारा प्रभावित हुनेहरूमा उहाँलाई पक्राउ गर्न पठाइएकाहरू पनि थिए (यूह ७:३२)। तिनीहरू आफ्ना अगुवाहरूकहाँ रित्तै हात आए र किन येशूलाई पक्रिएनन् भनी तिनीहरूलाई प्रश्न गरियो (यूह ७:४५)। तिनीहरूले उत्तर दिए, **"यस मानिसले जस्तो त कुनै मानिसले कहिल्यै बोलेन!"** (यूह ७:४६)।

फरिसीहरू क्रोधित भए (यूह ७:४७)। येशू मसीह हुनुहुने *सम्भावना छैन* किनभने *आफूहरूले* उहाँमा विश्वास गरेका छैनौं (यूह ७:४८), किनभने उहाँमा विश्वास गर्नेहरू अबुझहरू हुन् (यूह ७:४९), र किनभने गालीलबाट कहिल्यै अगमवक्ता आएको छैन भन्ने जिकिर तिनीहरूले गरे (यूह ७:५२)। पुरानो करारको बारेमा तिनीहरूको अज्ञानता र येशूको वंशको बारेमा तिनीहरूको अज्ञानता, यी दुवैलाई फरिसीहरूले प्रकट गरे। कम्तीमा एक जना अगमवक्ता गालीलमा जन्मेका थिए: योना (२ राज १४:२५)। यूहन्ना ९:२९ मा, उहाँ वास्तवमा कहाँको हुनुहुन्छ सोबारे तिनीहरूलाई थाहा नभएको कुरा तिनीहरूले स्वीकार गरेका छन्।

तिनीहरूको समूहमा रहेका एक जना **निकोदेमस** (येशूकहाँ रातको समयमा भेट्न आउने [यूह ३:१, २]) ले, उचित रूपले सुनुवाइ नगरी कुनै मानिसलाई दोषी ठहराउनु गलत हो भनी औंल्याए (यूह ७:५०, ५१; हेर्नुहोस्: व्य १:१६, १७; १९:१५-२१)।

निकोदेमसको कुराको एउटै प्रभाव भनेको के थियो भने, तिनीहरू उल्टै उनीमाथि जाइलागे।

धर्मशास्त्रमा उल्लेख गरिए अनुसार, तिनीहरूले प्रभुलाई हात हाल्न सकेनन् (यूह ७:३०क, ४४) "किनभने उहाँको समय अझ आइपुगेको थिएन" (यूह ७:३०ख; हेर्नुहोस्: ८:२०)। उहाँको मृत्युको "समय" नजिकै थियो—मात्र छ महिना—तर अहिलेसम्म त्यसको निम्ति समय भएको थिएन।

प्रयोग: जीवनको पानी[5] (यूह ७:३७-३९)

सगरमाथा हिमाल संसारकै सबैभन्दा अल्गो हिमाल हो। यो हिमालयको उच्च श्रेणीमा अवस्थित छ र यसको उचाइ समुद्री सतहबाट २९,०२८ फिट (वा ८,८४८ मिटर) रहेको छ—पृथ्वीको वायुमण्डलको दुई-तिहाइ भाग। सन् १९२० को प्रारम्भदेखि यसको चुचुरोमा चढ्ने धेरै प्रयासहरू भए। तीस वर्षको अवधिमा, नौ पटक प्रयासहरू गरिए र ती नौ वटै प्रयासहरू असफल भए। सन् १९५२ मा स्विजरल्याण्डका नागरिकहरूले निपुर्ण पर्वत आरोहीहरूको एउटा समूह निर्माण गर्यो। तिनीहरूले महिनौंसम्म तयारी गरे र योजनालाई एक-एक गरी लागू गरे, तर अन्त्यमा, तनाव र हैरानीको कारण तिनीहरूले आफ्नो प्रयासलाई त्यागे।

अर्को वर्ष, बेलायतीहरूले चिकित्सक कोलोनेल जोन हन्ट (Colonel John Hunt) को अगुवाइमा एउटा समूह खडा गरे। जब उक्त चिकित्सकले स्विजरल्याण्ड दलको प्रयासलाई अध्ययन गऱ्यो, उनले के पत्ता लगायो भने, त्यस प्रयासमा प्रत्येक व्यक्तिको निम्ति दिनमा दुई कप पानी मात्र छुट्याइएको थियो। हरेक आरोहीले दिनमा बाह्र कप पानी प्राप्त गर्न सकोस् भनेर उनले हिँउ पगल्ने उपकरणको बन्दोबस्त गरे। मेइ २९, १९५३ मा, यो समूह संसारकै सबैभन्दा अग्लो पर्वतको चुचुरामा आफ्नो झण्डा खडा गर्ने पहिलो अभियान दल बन्यो। पर्याप्त पानीले यहाँ ठूलो फरक पाऱ्यो।

आज हामी पानीको फाइदाकारी प्रभावहरूका बारेमा पत्ता लगाउदैछौं। संयुक्त राज्यमा, कफी, चिया, र कोला पिउने हाम्रो पुस्तालाई धेरैभन्दा धेरै पानी पिउनु पर्छ भनी सल्लाह दिइन्छ: दिनमा आठदेखि दश ग्लाससम्म। यसैमा हाम्रो स्वास्थ्यको अवस्था भर परेको हुन्छ भनी स्वस्थ्य अधिकारीहरूले जोड दिन्छन्। हाम्रो शरीरलाई शारीरिक पानी आवश्यक परे जस्तै, हाम्रो आत्मालाई आत्मिक पानी चाहिन्छ। यो कुरा यूहन्ना ७:३७-३९ मा जोड दिइएको छ।

प्रचलित विधिविधानमा ख्रीष्टको अवरोध

धर्मशास्त्रमा उल्लेख गरिएको ख्रीष्टको वचनलाई बुझ्नको निम्ति, उल्लेख गरिएको चाड र चाडको समयमा गरिने पानी सम्बन्धी अनुष्ठानको बारेमा केही कुरा हामीले बुझ्नु आवश्यक छ। यो छाप्रो-वास वा टम्बुको चाड, थियो (यूह ७:२), जसमा संसारको चारैतिरबाट यहूदीहरू यरूशलेममा भेला हुन्थे। यो चाड एक दिनको मात्र होइन, तर सात दिनको धूमधाम उत्सव थियो। प्रभुको समयसम्ममा, महत्त्वपूर्ण शबाथ दिनलाई समेत यसैमा गाभेर यसलाई आठौं दिनको चाड बनाइएको थियो।

---

[5]यो अवधारणा मुख्य रूपमा रस्टी पिटरम्यान (Rusty Peterman) को, "जीवनको पानी (The Water of Life)" शिर्षकको प्रवचनमा आधारित छ, उनले यो वचन ब्राउन ट्रेल चर्च अफ क्राइष्ट, फोर्ट वर्थ, टेक्ससमा मे १९८७ मा दिएका थिए।

अन्य यहूदी चाडहरूजस्तै, मानिसहरूका निम्ति यो चाडको विभिन्न महत्त्वहरू रहेको थिए। सर्बप्रथम यसको *ऐतिहासिक* महत्त्व थियो। तिनीहरूका पितापुर्खाहरू उजाड स्थानमा यताउता बरालिएको स्मरणस्वरूप यो चाड मनाइन्थ्यो (लेवी २३:४३)। चाडको समयमा यहूदीहरू बाहिर छाप्रोमा बस्थे—खजुरजस्ता रूखको पात र लहरे-पीपलका हाँगाबाट बनाइएको अस्थाई छाप्रामा (लेवी २३:४०)। यी छाप्राहरू सडकमा, मन्दिर वरपरका क्षेत्रको घरको छानोमा, र यरूशलेमको वरपर रहेको पहाडी वस्तीहरूमा बनाइएका हुन्थे। चाडको समयमा, बाबु अनि छोराहरू, आमा र छोरीहरू, बाजेबोजु—सबैजना यी छाप्राहरूमा बस्थे। परमेश्वरले आफ्ना मानिसहरूलाई उजाड स्थानमा कसरी जुटाउनुभयो सो कुराको स्मरण गर्दै तिनीहरू हप्तैभरि ती छाप्राहरूमा सुत्ने, खाने, प्रार्थना गर्ने, र अध्ययन गर्ने गर्थे।

परमेश्वरले विगतमा जुटाउनुभएको कुरालाई मात्र होइन, वर्तमानमा परमेश्वरले गर्नुभएको बन्दोबस्तका निम्ति पनि चाड मनाइन्थ्यो। यसको *कृषिगत* महत्त्व रहेको थियो। यो मुख्य बालीको फसलचाड थियो—जौ, गहूँ, अंगुर। यसकारण, यसलाई अन्न भित्र्याउने चाड भनेर पनि भन्ने गरिन्थ्यो (प्रस २३:१६; ३४:२२)। प्रशस्त बालीको निम्ति मानिसहरूले परमेश्वरलाई धन्यवाद चढाउने र आउँदो वर्षको बालीमा उहाँको आशिष माग्ने प्रचलन यो चाडमा रहेको थियो। पृथ्वीको सत्तरी देशहरूका निम्ति सत्तरी साँढेको बलि चढाइन्थ्यो। उक्त अनुष्ठानको कार्यक्रममा ४४६ जना पूजाहारीहरू र सम्बन्धित संख्यामा लेवीहरू सहभागी हुन्थे। मन्दीरको चोकहरूमा एक्काइस वटा तुरहीहरू फुकिन्थ्यो। स्त्रीहरूको चोकमा एउटा ठूलो समादान झुण्डचाइएको हुन्थ्यो, यसको ज्योतिले मन्दिरको परिसरलाई र वरपरका क्षेत्रलाई उज्यालो बनाउथ्यो। चाडको अनुष्ठानमा, यो समादानले उजाड स्थानमा तिनीहरूका पितापुर्खालाई डोऱ्याएको आगोको खामोको स्मरण यहूदीहरूलाई गराउँथ्यो। रातको समयमा, मानिसहरू ज्योतिमा नाचगान गर्थे। यो यहूदीहरूको चाडको सबैभन्दा रमाइलो उत्सव हुन्थ्यो।

यसले हामीलाई चाडको मुख्य विशेषतामा लिएर आउँछ: पानीको दैनिक अनुष्ठान। हरेक दिनको प्रारम्भमा, सेतो वस्त्र लगाएका पूजाहारीहरूले सहभागीहरूको भीडलाई मन्दिरको डाँडाबाट तल, गिहोन नदीको मूल मिसिने सिलोआमको पोखरीमा लिएर आउँथ्यो। सहरको मूख्य पानीको स्रोत अर्थात खाने पानीको *स्रोत* यही थियो। जब तिनीहरू पोखरीमा पुग्थे, पूजाहारीहरूमध्ये एक जनाले सुनको सुरहीलाई पोखरीमा डुबाएर यसमा पानी भर्थ्यो। उनले त्यसो गरेको बेला मानिसहरूले उच्च सोरमा यसो भन्थे, "आनन्दसित हामीले उद्धारको इनारबाट पानी भर्छौं!" (यशै १२:३ हेर्नुहोस्; किङ्ग जेम्स् संस्करण [KJV])।

आफ्नो शिरमाथि सुरहीलाई उठाएर पूजाहारीले भीडलाई माथि मन्दिरमा फर्काएर ल्याउँथ्यो। यसरी फर्कने क्रममा मानिसहरूले भजनसंग्रह ११३—११८ लाई गाउँथे। यसको अन्त्य यसरी हुन्छ, "हे परमप्रभु, हामीलाई बचाउनुहोस्, हे परमप्रभु, हामीलाई सफलता दिनुहोस्"; "परमप्रभुलाई धन्यवाद चढ़ाओ, किनभने उहाँ भलो हुनुहुन्छ। उहाँको करुणा सदासर्वदा रहिरहन्छ" (भज ११८:२५, २९)। भित्री चोकको दक्षिण भागमा रहेको पानी ढोकामा पुगेपछि, तिनीहरूलाई तीन तुरही वादनद्वारा अभिवादन गरिन्थ्यो।

पूजाहारी बलिदान चढाइएको वेदीतर्फ उक्लिन्थ्यो। पूजाहारीले सुरही माथि उचालेपछि हजारौं मानिसहरूले खजूरका पातहरू र लहरे-पीपलका हाँगाहरू हल्लाउँथे। त्यसपछि पानीलाई विस्तारै चाँदीको सोलीमा खन्याइन्थ्यो र त्यसबाट पानी बगेर जमिनमा

आउँथ्यो। यसबेला मानिसहरूले उच्च सोरमा महिमा गर्थे र तुरहीहरू बजाइन्थ्यो।

उजाड स्थानमा परमेश्वरले चट्टानबाट पानी दिई तिनीहरूलाई जुटाउनुभएको कुराको सम्झना स्वरूप यो समारोह गरिन्थ्यो (प्रस १७; गन्ती २०; व्य ८:१५; भज १०५:४१)। देशमा पानीको अत्यन्तै आवश्यकता रहेको कुरालाई पनि यसले संकेत गर्थ्यो। मेइदेखि अक्टोबरसम्मको अवधिमा पानी पऱ्यो भने यो क्षेत्रले पानी प्राप्त गर्थ्यो, नत्र भने यहाँ पानीको एकदमै अभाव हुन्थ्यो। चाडको केही समयपछि पानी परेन भने, अर्को वर्ष कुनै अन्न हुन्थेन। त्यसैले, परमेश्वरले विगतमा गर्नुभएको हेरचहारको निम्ति उहाँलाई धन्यवाद दिन र भविष्यको प्रवन्धको निम्ति बिन्ती गर्न, यी दुवैको निम्ति यो समारोह मनाइन्थ्यो। यो समारोहले बालबालिकाहरूलाई हेरेकोहेरै पार्थ्यो, महिलाहरूको हृदयलाई हर्षले भरिदिन्थ्यो, र बृद्ध-बृद्धालाई फेरि जवान भएको अनुभव गराउँथ्यो। यो चाडमा उदेककै तमाशा हुन्थ्यो।

उक्त विशाल धूमधामको बीचमा, येशूले खडा भएर उच्च स्वरमा बोल्नुभयो (यूह ७:३७क)। यहाँ उहाँ खडा हुनुभएको कुरा महत्त्वपूर्ण छ; सामान्यतया उहाँले बसेर शिक्षा दिनुहुन्थ्यो (यूह ८:२ हेर्नुहोस्)। उहाँले उच्च स्वरमा बोल्नुभएको कुरा महत्त्वपूर्ण छ; उहाँले कहिलेकहीं मात्र उच्च स्वरमा शिक्षा दिनुभएको कुरा उल्लेख गरिएको पाइन्छ। तैपनि, सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको उहाँको सन्देश थियो: "यदि कोही तिर्खायो भने त्यो मकहाँ आओस् र पिओस्। जसले ममाथि विश्वास गर्दछ, धर्मशास्त्रले भनेअनुसार 'त्यसको अन्तस्करणबाट जिउँदो पानीका खोलाहरू बगिनिस्कनेछन्'" (यूह ७:३७ख, ३८)।

ख्रीष्टको कुराले सबैको ध्यान केन्द्रित गऱ्यो—एउटा झस्काउने, आशा नै नगरेको कुरा। उहाँले गर्नुभएको कुरा साहसिक र निर्लज्ज कदम थियो। वास्तवमा उहाँले त्यसबेला आदर-सम्मान गरिएको त्यस समारोहको समयमा यसो भन्नुभयो, "के त्यहाँ, *त्यसमा* जीवन छ भन्ने तिमीहरूलाई लाग्छ? त्यहाँ जीवन छैन, *मलाई* हेर!" विधिविधान र समारोहमा होइन तर जीवन उहाँमा छ भन्ने कुरा मानिसहरूले बुझेका होऊन् भन्ने उहाँले चाहनुभएको थियो।

पहिलो शताब्दीमा यो सन्देशको आवश्यकता थियो; आज एकाइसौं शताब्दीमा पनि यसको आवश्यकता अझै छ। यदि हामी होशियार भएनौं भने, हाम्रो आत्मिक सामर्थ्यको स्रोत भनेको हामीले *गर्ने* कृयाकलाप नै हुन् भन्ने भान हामीलाई पनि पर्न सक्छ। आराधना भन्ने कुरालाई, बाइबल, भजन किताब, प्रभु-भोजको भाँडो, र भेटी चढाउने बाकसभन्दा महत्त्वपूर्ण नसम्झिने प्रचलन सुरु हुनथाल्छ। हामीले आराधनामा गर्ने सबै कुराको एउटै उद्देश्य हुन्छ: जीवित प्रभुसँग संगती गर्नु अथवा उहाँलाई भेट्नु। अन्यथा, हामी आराधनाको कृयाकलापमा त सहभागी हुन सक्छौं—सुन्ने, भजन गीत गाउँने, उभिने, बस्ने, शिर झुकाउने, हात उचाल्ने—तर यति गर्दागर्दै पनि, आफ्नो व्यापक आत्मिक तिर्खालाई नमेटाई मण्डली भवनबाट बिदा भएर जान सक्छौं। हाम्रो आराधनाले हामीलाई "आत्मिक चट्टान", अर्थात् येशू ख्रीष्ट, जसद्वारा जीवनको पानी बग्दछ, उहाँकहाँ लिएर आएपछि मात्र, हाम्रो आत्मिक तिर्खा मेट्न सक्छ (१ कोर १०:४)।

यूहन्ना ७:३७-३९ को सन्देश प्रत्येक व्यक्तिलाई आवश्यक छ। पहिले हामी येशूको प्रतिज्ञाहरूलाई हेरौं। त्यसपछि, ती प्रतिज्ञाहरू प्राप्त गर्नको निम्ति पूरा गर्नुपर्ने मापदण्डहरूका बारेमा हेर्नेछौं।

बग्ने नदी सम्बन्धी ख्रीष्टको प्रतिज्ञा

तिर्खाउनेहरूलाई ख्रीष्टले आफूकहाँ आउन अनुरोध गर्नुभएपछि, उहाँले यो घोषणा गर्नुभयो, "जसले ममाथि विश्वास गर्दछ, धर्मशास्त्रले भनेअनुसार, 'त्यसको अन्तस्करणबाट जिउँदो पानीको खोलाहरू बगिनिस्कनेछन्'" (यूह ७:३८)। धर्मशास्त्रको कुन भगको बारेमा उहाँले बताइरहनुभएको थियो सोबारे हामी यसै भनी भन्न सक्दैनौं। यी शब्द भएको पुरानो करारको कुनै पनि निश्चित पद पाइंदैन। तैपनि, यसको भाव भने पुरानो करारका विभिन्न खण्डहरूमा उल्लेख गरिएको पाइन्छ, जस्तै यशैया ४४:३; ५५:१; इजिकिएल ४७:१-११; र जकरिया १३:१; १४:८। खण्डको अर्को चुनौती भनेको के हो भने, ग्रीक र अंग्रेजी दुवैमा यूहन्ना ७:३७, ३८ मा एउटा अस्पष्टता रहेको पाइन्छ। किङ्ग जेम्स् संस्करण (KJV), न्यू अमेरिकन स्टयाण्डर्ड बाइबल (NASB), न्यू इन्टरनेशनल संस्करण (NIV), र अरू धेरै संस्करणहरूमा प्रयोग गरिएको वाक्यसंरचना अनुसार, "*त्यसको* अन्तसकरणबाट" भन्ने वाक्यांशले विश्वासीलाई बुझाउँदछ; तर वाक्यसंरचना तथा विराम चिन्हमा अलिकति मात्र परिवर्तन गरिएमा, यसले येशूलाई जीवनको पानीको स्रोतको रूपमा उल्लेख गर्दछ: "... 'यदि कोही तिर्खायो भने त्यो मकहाँ आओस्। र [उसले] पिओस्, जसले ममाथि विश्वास गर्दछ। पदले भने अनुसार, "उहाँको अन्तसकरणबाट पानीको खोलाहरू बगिनिस्कनेछन्।'" तर यो उहाँले पवित्र आत्माको बारेमा भन्नुभएको हो ...।" यस प्रकारको विस्तृत विवरणहरू तुलनात्मक रूपमा त्यति महत्तवपूर्ण होइनन्। प्रभुको मुख्य बुँदा स्पष्टै छ। *उहाँकहाँ* आउनेहरू मात्र आत्मिक रूपमा तृप्त हुनेछन्।

(१) येशूले *पानी* दिने प्रतिज्ञा गर्नुभएको थियो, आत्मिक पानी। यो अध्ययनको प्रारम्भमा नै हामीले हाम्रो खानपानमा पानीको महत्त्व कत्तिको हुन्छ त्यसबारे मानिसहरूले नयाँ कुराहरू पत्ता लगाइरहेका छन् भनी चर्चा गरेका थियौं। डा. जी.सी. पिट्स (Dr. G. C. Pitts), हार्भर्ड मानसिक चिकित्सकले पानी र शारीरिक क्षमताको सम्बन्धको बारेमा एउटा अध्ययन सर्वेक्षण गरेका थिए। उक्त सर्वेक्षणमा उनले साढे ३ माइल प्रतिघण्टा चल्ने ट्रेडमिलमा हिँड्नका निम्ति पुरुष अथ्लेटिक खेलाडीहरूलाई सहभागी गराएका थिए। सहभागीहरूलाई, सके जति र थकाइले लखतरान भई चल्नै नसक्ने अवस्था नभएसम्म ट्रेड मिलमा हिंड्नू भनी भनियो। एउटा समूहलाई उक्त परिक्षणको अवधिमा पानी दिइएन। तिनीहरूले साढे ३ घण्टा हिँड्न सके। दोस्रो समूहकाहरूलाई परिक्षणको अवधिमा शरीरमा पानीको मात्राको स्तरलाई रेखदेख गरियो। शरीरमा पानीको स्तर समान राख्नको निम्ति यी सहभागीहरूलाई आवश्यक मात्रामा पानी प्रदान गरियो। तिनीहरूले प्रत्येक पन्ध्र मिनटमा औसत एक गिलास पानी पाए। सहभागीहरूले कुनै थकानको लक्षण नदेखाएपछि दोस्रो परिक्षण सात घण्टापछि समाप्त गरियो। डाक्टरले चाहेसम्म आफूहरूले निरन्तरता दिनसक्ने थिए भनी तिनीहरूले पछि बताए।

पानी र शारीरिक थाकाई बीचको सम्बन्धले आत्मिक अर्थलाई देखाउँदछ। धेरै मानिसहरू जीवनको ट्रेडमिलमा वर्षौंसम्म आत्मिक रूपमा पानी नपाई घिस्रिरहेका छन्। तिनीहरू आन्तरिक रूपमा थाकेका छन्, आत्मिक रूपमा लखतरान भएका छन्। *ख्रीष्ट* आत्मिक पानीको स्रोत हुनुहुन्छ र त्यो पानीले तिनीहरूलाई अघि बढ्न सहायता गर्छ भन्ने कुरा तिनीहरूले महसुस गर्नु आवश्यक छ।

(२) येशूले *जीवन* दिने पानी दिने प्रतिज्ञा गर्नुभएको छ। प्रारम्भतिरै, सामरियामा इनारको महिलालाई उहाँले यसो भन्नुभएको थियो, "तिमीले परमेश्वरको वरदान र

तिमीसँग पानी माग्ने व्यक्तिलाई चिनेकी भए तिमीले उसलाई माग्नेथियौ, र उसले तिमीलाई जिउँदो पानी दिनेथियो" (यूह ४:१०)। जीवन दिने पानी जीवनको मूलतत्त्व हो; यसले आत्मालाई तृप्त गर्छ। ख्रीष्टले सामरी महिलालाई भन्नुभयो, "तर जस-जसले मैले दिने पानी पिउँछ त्यो कहिल्यै तिर्खाउनेछैन। जुन पानी म त्यसलाई दिनेछु, त्यो त्यसमा अनन्त जीवनको निम्ति उम्रिरहने पानीको मूल बन्नेछ!" (यूह ४:१४)। जीवनको पानी स्वर्गको आनन्दको पूर्वानुभव हो (प्रका ७:१७; २१:६; २२:१, १७)।

(३) येशूले जीवनको पानीको *खोलाहरू* दिने प्रतिज्ञा गर्नुभएको छ। "खोलाहरू" भन्ने शब्दले उहाँको आत्मिक बन्दोबस्तको प्रशस्ततालाई जोड दिँदछ। सामरियाको महिलालाई प्रतिज्ञा गरिएको "इनार" अब "खोलाहरू" मा परिवर्तन भएको कुरालाई कतिपयले टिपोट गरेका छन्।

यूहन्नाका अनुसार, परमप्रभुले दिनुहुने एउटा आशिषको बारेमा येशूले यसबेला विचार गरिरहनुभएको थियो: पवित्र आत्माको वरदान। ख्रीष्टको "त्यसको अन्तस्करणबाट जिउँदो पानीका खोलाहरू बगिनिस्कनेछन्," भन्ने वचनलाई उल्लेख गरिसकेपछि, प्रेरितले यो उत्प्रेरित व्याख्यालाई समावेश गरेका छन्: "तर यो कुरो उहाँले पवित्र आत्मा उहाँमाथि विश्वास गर्नेहरूले प्राप्त गर्न लागेका थिए। किनकि पवित्र आत्मा अहिलेसम्म दिइएको थिएन, किनभने येशूको महिमा अझसम्म भएको थिएन" (यूह ७:३९)। पानी खन्याइने कुराले परमेश्वरको आत्मालाई खन्याइने कुरालाई संकेत गर्छ भन्ने विचार यहूदीहरूको रहेको कारण, यो पानीको अनुष्ठानसँग स्वभाविक रूपमै सम्बन्धित रहेको थियो।

येशूको सेवकाइमा र उहाँसँग सम्बन्धित व्यक्तिहरूमा पवित्र आत्माले सक्रिय रूपमै काम गरिरहनुभएकोले, "पवित्र आत्मा अहिलेसम्म दिइएको थिएन" भन्ने वाक्यलाई स्पष्टीकरण गरिन आवश्यक छ। आफ्नो स्वर्ग आरोहणपछि परमेश्वरको दाहिने हाततर्फ उहाँको "महिमा" भएपछि (यूह १४:२६; १५:२६; १६:१३) पठाइने पवित्र आत्माको बारेमा ख्रीष्टले यहाँ बताइरहनुभएको थियो। उक्त विशेष घटना भविष्यमा हुनुपर्ने थियो। (अवश्य नै, यूहन्नाले यो लखेको समयमा, पेन्तिकोसमा पवित्र आत्मालाई पठाइएको कुरा विगतको घटना भइसकेको थियो।)

यूहन्ना ७:३९ को सबैभन्दा उचित टिप्पणी प्रेरित १ र २ हो। येशूको पुनरुत्थानपछि, उहाँले आफ्ना प्रेरितहरूलाई भन्नुभयो, "... पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ" (प्रे १:८क)। उहाँको स्वर्ग आरोहण भएको दश दिनपछि, पेन्तिकोसको दिन भनिने यहूदिहरूको चाडमा, बाह्र जना प्रेरितहरू "पवित्र आत्माले भरिए" (प्रे २:१-४)। पत्रुसले पछि यसलाई पवित्र आत्माको बप्तिस्मा भनी परिचित गरेका छन् (प्रे ११:१५, १६)। त्यसपछि, पेन्तिकोसको दिन पत्रुसले तिनीहरूलाई भने, "पश्चात्ताप गर, र तिमीहरूका पाप-क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ" (प्रे २:३८)।

प्रेरितहरूले प्राप्त गरेको पवित्र आत्माको वरदान आश्चर्यजनक वरदान थियो; बप्तिस्मा लिनेहरूले प्राप्त गरेको वरदान गैरआश्चर्यजनक थियो (र हो)। यो वरदान प्रभुको आज्ञापालन गर्ने प्रत्येकलाई दिइयो (प्रे ५:३२), र उहाँका सबै सन्तानहरूमा वर्षाइयो (गला ४:६; एफि १:१३, १४)। आफ्ना सन्तानलाई शक्ति र सामर्थ्य प्रदान गर्नको निम्ति दिइने यो परमेश्वरको स्वयम् उपस्थितिको उपहार हो। रोमी ८ ले केही विशेषताहरूलाई उल्लेख गरेको छ: परमेश्वरको आत्माले हामीलाई शरीरका कार्यहरू

निर्मुल गर्न सहायता गर्नुहुन्छ (१३ पद); उहाँले हाम्रो दुर्बलतामा सहायता गर्नुहुन्छ (२६ पद); उहाँले हामीलाई प्रार्थना गर्न सहायता गर्नुहुन्छ (२६ पद)। यूहन्ना ७:३८, ३९ को प्रतिज्ञाको पूरक र हरेक इसाईहरूका निम्ति पवित्र आत्माले के गर्नुहुन्छ त्यसको सम्भवत: सबैभन्दा मिल्दो वर्णन, प्रेरित ३:१९ को शब्दमा दिइएको पाइन्छ। उहाँले हामीलाई "परमप्रभुको उपस्थितिबाट आनन्दको समय" प्रदान गर्नुहुन्छ। यहाँ उल्लेख गरिएको पत्रुसको भनाइको अर्थ प्रेरित २:३८ को उनको अर्को भनाइको अर्थसँग मिल्दो छ भनी विचार गरिन्छ। त्यसो हो भने, "पवित्र आत्माको वरदान" र "आनन्दको समय" उही हो।

यूहन्ना ७:३९ मा फर्कौं, यहाँको कुञ्जी शब्द "विश्वास गर्नेहरू" भन्ने हो: "जुन पवित्र आत्मा उहाँमाथि *विश्वास* गर्नेहरूले प्राप्त गर्न लागेका थिए ...।" (जोड दिइएको छ।) ख्रीष्टमा विश्वास गर्ने प्रेरितहरूले पवित्र आत्माको बप्तिस्मा प्राप्त गर्नेछन्। तिनीहरूको प्रचारद्वारा येशूमा विश्वास गर्नेहरूले वरदानको रूपमा पवित्र आत्मालाई प्राप्त गर्नेछन् (प्रे २:३६-३८)। तैपनि, जसले प्रभुको विरोध गरे, जसले उहाँमा विश्वास गरेनन्, तिनीहरूले उक्त प्रतिज्ञा प्राप्त गरेनन्।

उहाँको निम्ति तिर्खाउनेहरूलाई ख्रीष्टले दिनुभएका मापदण्डहरू

ती प्रतिज्ञाहरूलाई प्राप्त गर्नको निम्ति पूरा गर्नुपर्ने मापदण्डहरूका बारेमा अब हामी चर्चा गरौं। हाम्रो खण्डले तीन मापदण्डहरूलाई अघि सारेको छ।

(१) *हामीले हाम्रो आवश्यकतालाई स्वीकार गर्नै पर्छ।* येशूले आफ्नो सन्देशको सुरुवात यसरी गर्नुभयो, "यदि कोही तिर्खायो भने त्यो मकहाँ आओस् ..." (यूह ७:३७)। हामीमध्ये धेरैलाई वास्तविक तिर्खा भनेको के हो त्यो थाहा छैन, तर तिनीहरूलाई थाहा थियो। तिनीहरूले भर्खरै वर्षेनी हुने लामो खडेरीलाई पार गरेका थिए। खडेरीले सुख्खा भएका यरूशलेमका पहाडी क्षेत्र चन्द्रमाको सतहजस्तै देखिन्थ्यो, उजाड। अरबी मरुभूमिबाट बहेर चल्ने तातो बतासले धुलोको मुस्लो ल्याएर प्रत्येक ठाउँलाई धुलोले ढाकिदिन्थ्यो।

उच्च आत्मिक आवश्यकतालाई उल्लेख गर्नको निम्ति ख्रीष्टले आधारभूत शारीरिक आवश्यकतालाई प्रयोग गरिरहनुभएको थियो। डाँडाको उपदेशमा, उहाँले "धार्मिकताको निम्ति" भोकाउने र तिर्खाउनेहरूका बारेमा बताउनुभएको थियो (मत्ती ५:६)। परमेश्वरप्रतिको तृष्णा प्रत्येक व्यक्तिको प्राणमा रहेको हुन्छ, तर मानिसहरूले यो आत्मिक तड्पनलाई शक्ति, सुख-चैन, र प्रसिद्धिको इच्छाद्वारा कुन्ठित पार्ने प्रयास गरेका छन्। तैपनि, नूनिलो पानीले शारीरिक तिर्खालाई झनझन बढाएजस्तै अन्त्यमा, यी कुराले आत्मिक तिर्खालाई पूरा गर्न सक्दैन। प्रभुले मात्र आत्मालाई तृप्त पार्न सक्नुहुन्छ। पहिलो मापदण्ड भनेको, उहाँविना हामी भित्रको उत्कट र अतृप्त तिर्खा रहिरहन्छ भन्ने कुरालाई मानिलिनु हो।

(२) *ख्रीष्टले मात्रै त्यो तिर्खालाई मेटाउन सक्नुहुन्छ भनेर हामीले स्वीकार गर्नै पर्छ।* "म तिर्खाएको छु" भनी भन्नु मात्र पर्याप्त छैन; येशू नै तृप्तीको स्रोत हुनुहुन्छ भन्ने कुरालाई हामीले मानिलिनु नै पर्छ। प्रभुले भन्नुभयो, "यदि कोही तिर्खायो भने त्यो मकहाँ आओस् र पिओस्। जसले ममाथि विश्वास गर्दछ, ... 'त्यसको अन्तस्करणबाट जिउँदो पानीका खोलाहरू बगिनिसक्नेछन्'" (यूह ७:३७, ३८)।

उहाँमा विश्वास गर्नुको महत्त्वको बारेमा ख्रीष्टले ३८ पदमा जोड दिनुभएको छ। यहाँको प्रसंगमा, यो यहूदीहरूले उहाँलाई मसीहको रूपमा स्वीकार गर्नेबारे थियो। अर्को

अध्यायमा, उहाँले भन्नुभयो, "किनभने म उही [प्रतिज्ञा गरिएको मसीह] हुँ भनेर तिमीहरूले विश्वास गरेनौ भने आफ्ना पापमा मर्नेछौ" (यूह ८:२४)। यसको अर्थ "विश्वासद्वारा" मुक्ति हुँदैन भन्ने होइन (याकू २:२४ हेर्नुहोस् किङ्ग जेम्स् संस्करण [KJV])। यसको अर्थ हाम्रो विश्वासको केन्द्रबिन्दु येशू नै हुनुपर्छ भन्ने हो।

(३) *हामीले हाम्रो विश्वासलाई लागू गर्नै पर्छ।* हामी तिर्खाएका छौं भनेर जान्नु मात्र पर्याप्त छैन; त्यो तिर्खालाई मेटाउने ख्रीष्ट मात्र हुनुहुन्छ भनेर जान्नु मात्र समेत पर्याप्त हुँदैन; प्रभुले गर्नुभएका प्रबन्धबाट फाइदा लिनको निम्ति हामीले हाम्रो तर्फबाट केही कुरा *गर्नै पर्छ*। के गर्नु पर्छ भन्ने कुरालाई हाम्रो खण्डले "आओस्" र "पिओस्" भन्ने शब्दद्वारा स्पष्ट पारेको छ। ख्रीष्टकहाँ आउनु भनेको उहाँलाई आफ्नो प्रभुको रूपमा स्वीकार गर्नु र उहाँको इच्छालाई पूरा गर्नको निम्ति आफूलाई समर्पण गर्नु हो। पिउनु भनेको उहाँको आशिषमा सहभागी हुनु र तिनलाई हाम्रो जीवनको भाग बनाउनु हो। जब हामी येशूमा विश्वास गर्छौं र उहाँको इच्छालाई पालन गर्छौं, हामी उहाँको भाग बन्छौं र उहाँ हाम्रो जीवनको भाग बन्नुहुन्छ। पावलले गलातियाका इसाईहरूलाई यस्तो कुरा लेखेका छन्: "किनकि विश्वासद्वारा तिमीहरू सबै ख्रीष्ट येशूमा परमेश्वरका सन्तान हौ। किनकि तिमीहरूमध्ये जतिको ख्रीष्टमा बप्तिस्मा भयो, *तिमीहरू सबैले ख्रीष्टलाई धारण गरेका छौ*" (गला ३:२६, २७; जोड दिइएको छ)।

चिसो, सङ्लो पानीको एउटा ठूलो खोला बगिरहेको कल्पना गर्नुहोस्। खोलाको दुवै किनारमा सुकेका हाड्डीहरू छरिएर रहेको कल्पना गर्नुहोस्—जीवन दिने खोलाको केही इन्च नजिकै तिर्खाका कारण मरेका मानिसहरू र जनावरका हड्डीहरू। त्यस प्रकारको दुर्भाग्यलाई भौतिक संसारमा बुझ्नु गाह्रो हुन्छ, तर यी कुरा आत्मिक संसारमा सामान्य नै छन्। येशू—जीवन दिने पानीको स्रोत—तिनीहरूका पहुँचमा हुँदाहुँदै पनि हजारौं-हजार मात्र होइन लाखौं मानिसहरू आत्मिक तिर्खाका कारण मरेका छन्। समस्य भनेको के हो भने, तिनीहरूले आफ्ना आत्मिक आवश्यकतालाई बेवास्ता गरे। तिनीहरूले उहाँमा भरोसा गर्न इन्कार गरे र पिएर तृप्त हुनको निम्ति उहाँमा आफ्ना जीवन समर्पण गर्न मानेनन्।

निष्कर्ष

निम्न कथा, हामीले अध्ययन गरिरहेको खण्डसँग सम्बन्धित एउटा बाल कथा हो। यो कथा सी. एस. लिविस् (C. S. Lewis') को *द सिल्भर चेयर* (अर्थात्, चाँदीको कुर्सी), क्रोनिकलस् अफ नार्निया (अर्थात्, नार्नियाको इतिहास) को छैटौं पुस्तकमा उल्लेख छ।[६]

यस कथामा, जिल नाम भएकी एक जना सानी बालिकाले आफैलाई एकलै जंगलमा पाउँछिन्। हिँड्दै जाँदा एउटा सिंहसँग उनको झम्काभेट हुन्छ। हामीमध्ये धेरैले जे गर्छौं, उनले पनि त्यसै गरिन्; उनी पछि फर्केर दगुरिन्। उनी दौडिरहिन् र अन्त्यमा उनी थकित भइन र उनलाई धेरै तिर्खा लाग्यो। उनलाई यति धेरै तिर्खा लाग्यो कि अब उनले एक गिलास पानी मात्र पिउन पाए सिंहले खाए पनि खाओस् भनी सोचिन्। उनी एउटा सानो नदी भएको ठाउँमा आइपुगिन्, तर उनी अघि बढ्न सकिनन्; नदीकै छेउमा सिंह बसिरहेको थियो। सिंहले जिललाई भन्यो, "तिमीलाई प्यास लागेको छ भने, पानी पिउन सक्छौ।" उनी हलचल नगरिकन बसिन्।

---

[६]सी. एस. लिविस् (C. S. Lewis), *द सिल्भर चेयर* (न्यू योर्क: हार्पर-ट्रोफी, हार्पर कोलिन्स् पब्लिसर, १९८१), १८-२३। क्रोनिकलस् अफ नार्नियाका कथाहरू धार्मिक रूपमा मिल्ने कथाहरूले भरिएका छन्।

"तिमीलाई तिर्खा लागेको छ कि छैन?" सिंहले भन्यो।

"म तिर्खाले *मर्नै* लागेकी छु," जिलले भनिन्।

"त्यसो भए पिऊ," सिंहले भन्यो।...

"म त्यहाँ आएँ भने तपाईंले मलाई केही गर्नुहुन्न भनी मलाई वचन—दिनुहुन्छ त?" जिलले भनिन्।

"म कुनै वचन दिन्न," सिंहले भन्यो।

जिललाई यति धेरै तिर्खा लागेको थियो कि, थाहै नपाइ उनी एक कदम अघि गइन्।

"तपाईंले सानी केटीहरूलाई *खानुहुन्छ?*" उनले भनिन्।

"मैले केटाकेटीहरू, पुरुष स्त्री, राजाहरू र सम्राटहरू, सहरहरू र राज्यहरूलाई सर्लक्कै निलेको छु," सिंहले भन्यो। सिंहले यसो भन्दा उसको कुरामा कुनै गौरव भाव थिएन, अथवा दया भाव पनि देखिएन, अनि क्रोध पनि थिएन। सिंहले कुनै भावरहित रूपमा यसो भन्यो।

"त्यसो भए मैले आएर पिउने प्रयास गर्नुहुँदैन" जिलले भनिन्।

"त्यसो गऱ्यौ भने तिमी तिर्खाले मर्नेछौ" सिंहले भन्यो।

"हे प्रिय!" अर्को कदम अघि आउँदै जिलले भनिन्। "मलाई लाग्छ मैले गएर अर्को नदी खोज्नु पर्छ।"

"अर्को नदी कहीं छैन," सिंहले भन्यो।

जिलले सिंहलाई विश्वास नगर्ने कुरो भएन—उसको गम्भीर मुहारलाई हेर्ने कसैले पनि त्यसो गर्न सक्दैनथ्यो—र सानी केटीको मानसिकता बिस्तारै परिवर्तन भयो। यो, उनले चाल्न सक्ने सबैभन्दा खराब कदम थियो तैपनि उनी नदीछेउ गइन, घोप्टिएर, आफ्नो अंजुलीद्वारा पानी पिउन थालिन्। यो पानी उनले अहिलेसम्म पिएको सबैभन्दा मीठो र स्वाच्छ पानी थियो। यस्तो पानी तपाईंले धेरै पिइरहनु पर्दैन, किनभने यसले तपाईंको तिर्खालाई तुरुन्तै मेटाइदिन्छ।[7]

हामीमध्ये धेरैजसो जीवनभर भौतारिरहेका छौं—हाम्रो किशोर अवस्थाका दिनहरूमा, हाम्रो जवानीका दिनहरूमा, हाम्रो वयस्क समयमा, अथवा हाम्रो बृद्ध अवस्थामा—र जति टाढासम्म हामीले यात्रा गरेका छौं त्यति नै बढी तिर्खा हामीलाई लागेको छ। हामी "यहूदाको कुलको सिंह" आमनेसामने आइपुगेका छौं (प्रका ५:५)। उहाँले हामीलाई नदौड भनी अनुरोध गरिरहनुभएको छ। उहाँबाहेक कसैबाट हामीले हाम्रो आत्मिक तिर्खालाई कहिल्यै मेट्न सक्दैनौं भन्ने कुरा उहाँले हामीलाई भनिरहनुभएको छ। हामी यसो भन्न सक्छौं, "म अर्को नदीलाई खोज्नेछु।" अर्को नदी छैन। हामी भन्न सक्छौं, "म मर्नेछु जस्तो मलाई लागिरहेको छ।" उहाँकहाँ आएनौं भने हामी आत्मिक रूपमा *मर्नेछौं*। दौडधुपमा थाकेका र तृषित भई थाकेका जो कोही पनि उहाँकहाँ आउन सक्छन्।

चाडपछिः थप शिक्षा (यूह ७:५३—१०:२१)

व्यभिचारिणी महिलाको उद्धार (यूह ७:५३—८:११)

५३[तब हरेक मानिस आ-आफ्ना घर गए।

१तर येशू जैतून डाँड़ामा जानुभयो। २उहाँ एकाबिहानै फेरि मन्दिरमा जानुभयो, र सबै मानिसहरू उहाँकहाँ आए, र उहाँ बस्नुभयो, र तिनीहरूलाई शिक्षा दिनुभयो। ३शास्त्री र

---

[7]इबिड. (Ibid.), २२-२३।

फरिसीहरूले व्यभिचारमा पक्राउ परेकी एउटी स्त्रीलाई ल्याए, र त्यसलाई माझमा उभ्याए। ४तिनीहरूले उहाँलाई भने, "गुरुज्यू, यो स्त्री व्यभिचारको कर्ममा पक्राउ परी। ५व्यवस्थामा मोशाले यस्ताहरूलाई ढुङ्गाले हान्ने हामीलाई आज्ञा दिएका छन्। तपाईं यसको बारेमा के भन्नुहुन्छ?" ६तर तिनीहरूले उहाँको जाँच गर्नलाई, र उहाँमाथि अभियोग लाउन सकिन्छ कि भनी यसो भनेका थिए। येशूले निहुरेर भूइँमा औँलाले लेख्नुभयो। ७तर जब तिनीहरूले उहाँलाई सोधी नै रहे, तब उहाँले खड़ा भएर तिनीहरूलाई भन्नुभयो, "तिमीहरूमा जो पापरहित छ, त्यसैले यस स्त्रीलाई पहिले ढुङ्गा हानोस्।" ८अनि फेरि निहुरेर उहाँले भूइँमा औँलाले लेख्नुभयो। ९तर जब तिनीहरूले यो सुने, तब ठूलादेखि सुरु गरी सानासम्म एक-एक गरेर गए, र येशू त्यस स्त्रीसँग एकलै छोडिनुभयो, अनि त्यो स्त्रीचाहिँ उहाँको अगि उभिरही। १०येशूले त्यस स्त्रीलाई हेरेर भन्नुभयो, "ए नारी, तिनीहरू कहाँ गए? के कसैले तिमीलाई दण्ड दिएन?" ११त्यसले भनी, "प्रभु, कसैले दिएन।" येशूले भन्नुभयो, "म पनि तिमीलाई दण्ड दिन्नँ। जाऊ, अनि फेरि पाप नगर।"]

यूहन्ना ७:५३—८:११ अद्वितीय छ। सबैभन्दा पुरानो हस्तलिपिमा यो खण्ड नपाइए तापनि, नयाँ करारको धेरैजसो अनुवादहरूमा यसलाई समावेश गरिएको पाइन्छ। केहीमा, यसलाई खण्डको एउटा भागको रूपमा लिइएको पाइन्छ (किङ्ग जेम्स् संस्करण [KJV]; न्यू किङ्ग जेम्स् संस्करण [NKJV])। अरू धेरैमा, यसलाई खण्डमा नै समावेश गरिएको छ तर केही तवरले यसलाई पृथक गरिएको छ (न्यू अमेरिकन स्टयाण्डर्ड बाइबल [NASB]; न्यू इन्टरनेशनल संस्करण [NIV]; रिभाइज् स्टयाण्डर्ड संस्करण [RSV])। यी पदहरू यूहन्नाको मुख्य हस्तलिपिको भाग भए पनि वा नभए पनि, यो घटना घटेकै हो भन्ने कुरामा विद्वानहरू सहमत हुन्छन्।

चाड सकेपछि, धेरैजसो मानिसहरू आफ्ना घर फर्किए (यूह ७:५३), तर येशू त्यही क्षेत्रमा रहनुभयो। उहाँले जैतून डाँडामा रात बिताउनुभयो (यूह ८:१; यो डाँडा सहरको पूर्वपट्टि किद्रोन उपत्यकाबाट पारि अवस्थित छ)। उहाँले चेलाहरूलाई तयारीको निम्ति पहिले नै पठाउनुभएको थियो, र उहाँले अवश्य नै आफ्ना चेलाहरूले बनाएको छाप्रोमा रात बिताउनुभएको हुनसक्छ (लूक ९:५२)। भोलिपल्ट उहाँ मन्दिरमा फर्कनुभयो र शिक्षा दिनुभयो (यूह ८:२, २०)। शायद उहाँको शिक्षा सुन्नेहरूमा यरूशलेमवासीहरू र त्यस बेलासम्म घर नफर्केका यात्रीहरू थिए।

व्यभिचारमा पक्राउ परेकी एउटी स्त्रीलाई ल्याए आएका उहाँका शत्रुहरूले उहाँलाई बाधा दिए **... कर्ममा** [वास्तविक] **पक्राउ परी** (यूह ८:३, ४)। तिनीहरूले उहाँलाई भने, **"व्यवस्थामा मोशाले यस्ताहरूलाई ढुङ्गाले हान्ने हामीलाई आज्ञा दिएका छन्। तपाईं यसको बारेमा के भन्नुहुन्छ?"** (यूह ८:५)। यी पाखण्डीहरूलाई व्यवस्थाको बारेमा कुनै सरोकार थिएन; अन्यथा तिनीहरूले उक्त अपराधमा संलग्न पुरुषलाई पनि पक्रेर ल्याउनेथिए। व्यभिचारमा पक्राउ पर्ने पुरुष र महिला *दुवैलाई* ढुङ्गाले हान्नू भनी व्यवस्थाले बताएको छ (लेवी २०:१०; व्य २२:२२)। तिनीहरूको चासो न्याय वा परमेश्वरको आज्ञा पालनको विषयमा थिएन; तिनीहरूले येशूलाई फन्दामा पार्नेबारे मात्र विचार गरिरहेका थिए (यूह ८:६क)।

ख्रीष्टले तिनीहरूलाई भन्नुभयो, **"तिमीहरूमा जो पापरहित छ, त्यसैले त्यस स्त्रीलाई पहिले ढुङ्गा हानोस्"** (यूह ८:७)। त्यसपछि उहाँ रोकिनुभयो र मन्दिरको ढुङ्गाले छापिएको भूँइलाई ढाकेको धुलोमा लेख्नुभयो (यूह ८:८)। जब उहाँ खडा हुनुभयो, आरोप लगाउनेहरू गइसकेका थिए (यूह ८:९, १०)।

येशूले सोध्नुभयो, **“ए नारी, तिनीहरू कहाँ गए? के कसैले तिमीलाई दण्ड दिएन?”** (यूह ८:१०)। त्यसले भनी, **“प्रभु, कसैले दिएन”** (यूह ८:११क)। त्यसपछि ख्रिष्टले भन्नुभयो, **“म पनि तिमीलाई दण्ड दिन्नँ। जाऊ, अनि फेरि पाप नगर”** (यूह ८:११ख)। धार्मिक अगुवाहरूले त्यस पापीलाई उपेक्षाका साथ व्यवहार गर्थे। व्यवस्थाले पापीलाई मृत्यु दण्ड दिन्थ्यो। प्रभुले पापीसँग इज्जतको साथ व्यवहार गर्नुभयो। उहाँले तिनको पापलाई क्षमा गर्नुभएन (उहाँले तिनलाई “अनि फेरि पाप नगर भनी भन्नुभयो”); तर उहाँले तिनलाई कृपा देखाउनुभयो, र दोस्रो मौका दिनुभयो। हामी सबैलाई कृपा र दोस्रो मौका चाहिन्छ।

ज्योति र अन्धकारको विषयमा शिक्षा (यूह ८:१२-५९)

**१२येशूले फेरि तिनीहरूलाई भन्नुभयो, “म संसारको ज्योति हुँ। मलाई पछ्याउने
अन्धकारमा हिँड्डुल गर्नेछैन, तर त्यसले जीवनको ज्योति पाउनेछ।” १३तब फरिसीहरूले
उहाँलाई भने, “तिमी आफ्नै विषयमा गवाही दिइरहेछौ। तिम्रो गवाही सत्य ठहर्दैन।”
१४येशूले जवाफ दिनुभयो, “म आफ्नै विषयमा गवाही दिन्छु, तापनि मेरो गवाही सत्य छ।
म जान्दछु, म कहाँबाट आएको हुँ, र म कहाँ गइरहेछु। तर तिमीहरू जान्दैनौ, म कहाँबाट
आउँछु, वा कहाँ गइरहेछु। १५तिमीहरू मानव दृष्टिले न्याय गर्दछौ। म कसैको न्याय
गर्दिनँ। १६मैले न्याय गरें भने पनि, मेरो न्याय सत्य ठहरिन्छ। किनभने न्याय गर्ने म एकलै
छैनँ, तर म छु, र मलाई पठाउनुहुने पिता हुनुहुन्छ। १७तिमीहरूको व्यवस्थामा पनि दुई
मानिसको गवाही सत्य ठहरिन्छ भनी लेखिएको छ। १८आफ्नो विषयमा म आफै गवाही
दिन्छु, र मलाई पठाउनुहुने पिताले मेरो विषयमा गवाही दिनुहुन्छ।” १९तिनीहरूले उहाँलाई
भने, “तिम्रा पिता कहाँ छन्?” येशूले जवाफ दिनुभयो, “तिमीहरू न त मलाई चिन्छौ न
मेरा पितालाई। तिमीहरूले मलाई चिनेका भए मेरा पितालाई पनि चिन्नेथियौ।” २०यी कुरा
उहाँले मन्दिरमा शिक्षा दिनुहुँदा भेटी चढ़ाउने ढुकुटीको छेउमा भन्नुभएको हो। अनि कसैले
उहाँलाई पक्रेन, किनभने उहाँको समय अझ आएको थिएन। २१उहाँले फेरि तिनीहरूलाई
भन्नुभयो, “म गइहाल्छु, र तिमीहरूले मलाई खोज्नेछौ, र तिमीहरू आफ्ना पापमा मर्नेछौ।
जहाँ म जान्छु, तिमीहरू आउन सक्दैनौ।” २२यहूदीहरूले भने, “यिनले त आत्महत्या पो
गर्ने हुन् कि क्या हो? किनभने यिनले ‘जहाँ म जान्छु तिमीहरू आउन सक्दैनौ’ भनी
भन्छन्।” २३अनि उहाँले तिनीहरूलाई भन्नुभयो, “तिमीहरू तलका हौ। म माथिको हुँ।
तिमीहरू यस संसारका हौ। म यस संसारको होइनँ। २४मैले तिमीहरूलाई भनें, ‘तिमीहरू
आफ्ना पापमा मर्नेछौ,’ किनभने म उही हुँ भनेर तिमीहरूले विश्वास गरेनौ भने आफ्ना
पापमा मर्नेछौ’।” २५तिनीहरूले उहाँलाई सोधे, “तिमी को हौ त?” येशूले तिनीहरूलाई
भन्नुभयो, “म उही हुँ, जो मैले तिमीहरूलाई सुरुदेखि नै भन्दैछु। २६मैले तिमीहरूका
विषयमा भन्नु र न्याय गर्नु धेरै नै छ। तर मलाई पठाउनुहुने सत्य हुनुहुन्छ, र उहाँबाट मैले
जे सुनें ती नै कुरा म संसारलाई भन्दछु।” २७पिताको विषयमा उहाँले भन्नुभएको हो भनी
तिनीहरूले बुझेनन्। २८यसकारण येशूले भन्नुभयो, “जब तिमीहरूले मानिसको पुत्रलाई
माथि उचाल्नेछौ, म उही हुँ भनी तिमीहरूले थाहा पाउनेछौ, र म आफ्नै अधिकारमा केही
गर्दिनँ, तर पिताले सिकाउनुभएका कुराहरू बोल्दछु भनी जान्नेछौ। २९मलाई पठाउनुहुने
मसँग हुनुहुन्छ। उहाँले मलाई एकलै छोड्नुभएको छैन, किनभने म सधैँ उहाँलाई प्रसन्न
तुल्याउने काम गर्दछु।” ३०उहाँले यी कुरा बोल्नुहुँदा धेरैले उहाँमाथि विश्वास गरे। ३१येशूले
आफूमाथि विश्वास गर्ने यहूदीहरूलाई भन्नुभयो, “तिमीहरू मेरो वचनमा रह्यौ भने**

तिमीहरू साँच्चै मेरा चेला हौ। ३२तब तिमीहरूले सत्य के हो सो जान्नेछौ, र सत्यले
तिमीहरूलाई स्वतन्त्र तुल्याउनेछ।” ३३तिनीहरूले उहाँलाई जवाफ दिए, “हामी
अब्राहामका सन्तान हौं, र अहिलेसम्म कसैको दासत्वमा परेका छैनौं। ‘तिमीहरू स्वतन्त्र
हुनेछौ’ भनी कसरी भन्छौ?” ३४येशूले तिनीहरूलाई जवाफ दिनुभयो, “साँच्चै, म
तिमीहरूलाई भन्दछु, पाप गर्ने प्रत्येक पापको कमारो हो। ३५कमारो सधैँभरि घरमा रहँदैन,
तर पुत्रचाहिँ सधैँभरि घरमा रहन्छ। ३६यसकारण पुत्रले तिमीहरूलाई स्वतन्त्र गरायो भने
तिमीहरू निश्चय स्वतन्त्र हुनेछौ। ३७म जान्दछु, तिमीहरू अब्राहामका सन्तान हौ। तर
तिमीहरू मलाई मार्न खोज्दछौ, किनभने मेरो वचनले तिमीहरूमा स्थान पाउँदैन। ३८जे-जे
मैले मेरा पिताको उपस्थितिमा देखेको छु, त्यही म भन्दछु। तिमीहरूले पनि जे तिमीहरूका
पिताबाट सुनेका छौ, त्यही गर्दछौ।” ३९तिनीहरूले उहाँलाई भने, “हाम्रा पिता त अब्राहाम
हुन्।” येशूले तिनीहरूलाई भन्नुभयो, “तिमीहरू अब्राहामका सन्तान हुँदा हौ त, अब्राहामले
जे काम गरे त्यही गर्नेथियौ। ४०मैले परमेश्वरबाट सुनेको सत्य तिमीहरूलाई भनेको छु, तर
अहिले तिमीहरू मलाई मार्न खोज्दछौ। अब्राहामले यस्तो काम गरेनन्। ४१तिमीहरूका
पिताले जे गरे तिमीहरू त्यही काम गर्दछौ।” तिनीहरूले उहाँलाई भने, “हामी व्यभिचारमा
जन्मिएका होइनौं! हाम्रा पिता एउटै हुनुहुन्छ, उहाँ परमेश्वर हुनुहुन्छ।” ४२येशूले
तिनीहरूलाई भन्नुभयो, “परमेश्वर तिमीहरूका पिता हुनुहुँदो हो त तिमीहरूले मलाई प्रेम
गर्नेथियौ, किनभने म परमेश्वरबाट निस्किआएँ। म आफ्नै इच्छाले आएको होइनँ, तर
उहाँले मलाई पठाउनुभयो। ४३मैले भनेको तिमीहरू किन बुझ्दैनौ? किनभने तिमीहरूले
मेरो वचन सुन्न सक्दैनौ। ४४तिमीहरू आफ्नो पिता दियाबलसका हौ, र तिमीहरूका
पिताको इच्छा पूरा गर्ने तिमीहरूको सङ्कल्प छ। त्यो त सुरुदेखि नै हत्यारा थियो, र
सत्यसँग त्यसलाई केही वास्ता छैन। किनभने त्यसमा केही सत्य छैन। जब त्यसले झूट
बोल्दछ, त्यो आफ्नै स्वभावअनुसार बोल्दछ, किनभने त्यो झूटो हो र झूटको पिता हो।
४५म सत्य बोल्दछु, तर तिमीहरू मलाई विश्वास गर्दैनौ। ४६तिमीहरूमध्ये कसले मलाई
पापको दोष लाउन सक्छ? यदि म सत्य बोल्दछु भने, किन तिमीहरू ममाथि विश्वास
गर्दैनौ? ४७जो परमेश्वरको हो, त्यसले परमेश्वरका वाणी सुन्दछ। तिमीहरू परमेश्वरका
होइनौ, यसैकारण तिमीहरू सुन्दैनौ।” ४८यहूदीहरूले उहाँलाई जवाफ दिए, “के हाम्रो यो
भनाइ ठीक होइन, कि तिमी सामरी हौ र तिमीलाई भूत लागेको छ?” ४९येशूले जवाफ
दिनुभयो, “मलाई भूत लागेको छैन, तर म आफ्ना पिताको आदर गर्दछु, र तिमीहरू मेरो
अनादर गर्दछौ। ५०तर म आफ्नै महिमा खोज्दिनँ, एक जना हुनुहुन्छ जसले महिमा
खोज्नुहुन्छ र फैसला गर्नुहुन्छ। ५१साँच्चै म तिमीहरूलाई भन्दछु, यदि कसैले मेरो वचन
पालन गऱ्यो भने त्यसले कहिल्यै मृत्यु देख्नेछैन।” ५२यहूदीहरूले उहाँलाई भने, “अब
हामीलाई पक्का थाहा भयो, तिमीलाई भूत लागेकै हो। अब्राहामको मृत्यु भयो,
अगमवक्ताहरू पनि मरे, तर तिमी भन्दछौ, ‘कसैले मेरो वचन पालन गऱ्यो भने त्यसले
कहिल्यै मृत्यु चाख्नेछैन।’ ५३के हाम्रा पुर्खा अब्राहामभन्दा तिमी महान् हौ? उनको मृत्यु
भयो, अनि अगमवक्ताहरू पनि मरे। तिमीचाहिँ आफैलाई को हुँ भनी दाबी गर्छौ?” ५४येशूले
जवाफ दिनुभयो, “यदि मैले आफ्नै महिमा गरें भने मेरो महिमा व्यर्थै हुन्छ। मलाई महिमा
दिने मेरा पिता हुनुहुन्छ, जसलाई तिमीहरू ‘हाम्रा परमेश्वर’ भन्दछौ। ५५तिमीहरूले
उहाँलाई चिनेका छैनौ, तर म उहाँलाई चिन्छु। म उहाँलाई चिन्दिनँ भन्छु भने म
तिमीहरूसरह झूटा ठहरिनेछु। तर म उहाँलाई चिन्दछु, र उहाँको वचन पालन गर्दछु।
५६तिमीहरूका पुर्खा अब्राहाम मेरो दिन देख्नलाई प्रफुल्लित भएका थिए, र तिनले देखे

अनि रमाए।” ५७यसकारण यहूदीहरूले उहाँलाई भने, “तिमी अझै पचास वर्ष पुगेका छैनौ, त के तिमीले अब्राहामलाई देखेका छौ?” ५८येशूले तिनीहरूलाई भन्नुभयो, “साँच्चै म तिमीहरूलाई भन्दछु, अब्राहाम हुनुभन्दा अघिबाटै म छँदैछु।” ५९तब तिनीहरूले उहाँलाई हान्न भनी ढुङ्गा टिपे, तर येशू लुकेर मन्दिरबाट बाहिर निस्किजानुभयो।

हामी यूहन्ना ८:१२—१०:२१ लाई अध्ययन गर्न लागेका छौं। येशू र धार्मिक अधिकारीहरूबीच भएको तिब्र विवादमा यो खण्ड केन्द्रित रहेको छ। उहाँले ती अगुवाहरूलाई भन्नुभयो, **“मैले *तिमीहरूका विषयमा* भन्नु र न्याय गर्नु धेरै नै छ”** (यूह ८:२६; जोड दिइएको छ)। यो घटनादेखि उसो, उहाँले आफूलाई प्रकट गर्नुका साथै आफ्ना शत्रुहरूको पर्दाफास गर्नुभयो। धर्मशास्त्रको यो खण्डमा, उहाँले आफू र तिनीहरूका बीचमा रहेका धेरै भिन्नताहरूलाई अघि सार्नुभयो—तोकेरै र सांकेतिक रूपमा:

ख्रीष्ट	उहाँका शत्रुहरू
संसारको ज्योति (यूह ८:१२)	अन्धकारमा रहेका (यूह ८:१२)
साँचो न्याय गर्ने (यूह ८:१६)	भौतिक न्याय गर्ने (यूह ८:१५)
माथिबाट आएको (यूह ८:२३)	तलको (यूह ८:२३)
यो संसारको होइन (यूह ८:२३)	यो संसारको (यूह ८:२३)
पिता: परमेश्वर (यूह ८:३८)	पिता: दुष्ट शैतान (यूह ८:४४)
परमेश्वरलाई चिन्नुभएको (यूह ८:५५)	परमेश्वरलाई नचिनेका (यूह ८:५५)
साँचो (यूह ८:१४, ४०, ४५, ४६)	झूटो (यूह ८:४४, ५५)
असल गोठालो (यूह १०:११, १४)	भाडाका मान्छे (यूह १०:१२, १३)

आफ्नो बारेमा दाबी गर्ने क्रममा ख्रीष्ट साहसी हुँदै गइरहनुभएको थियो। यूहन्नाको पुस्तकमा उल्लेख गरिएका सात वटा “म” भन्ने भनाइहरूमध्ये तीन वटा यूहन्ना ८:१२—१०:२१ मा उल्लेख गरिएको छ। येशूले भन्नुभयो, *“म* ससारको ज्योति हुँ” (यूह ८:१२; ९:५; जोड दिइएको छ) र *“म* असल गोठालो हुँ” (यूह १०:११, १४; जोड दिइएको छ)। तैपनि उहाँको सबैभन्दा साहसिक वाक्य थियो, “साँच्चै म तिमीहरूलाई भन्दछु, अब्राहाम हुनुभन्दा अघिबाटै *म* छँदैछु” (यूह ८:५८; जोड दिइएको छ)। उहाँ अब्राहमभन्दा पहिले नै अस्तित्वमा हुनुहुन्थ्यो भन्ने दाबी यो थियो, तर यो भनाइमा त्योभन्दा बढी भाव रहेको छ: यो ईश्वरीयताको स्वीकार थियो।

यो खण्ड अन्धकार र ज्योति विषयको शिक्षा सहित प्रारम्भ हुँदछ। येशूले मन्दिरमा शिक्षा दिइरहनुभएको थियो (यूह ८:२०, ५९), भेटी चढाउने **ढुकुटीको छेउमा** (यूह ८:२०)। भेटी चढाउने ढुकुटी स्त्रीहरूको चोकको भाग थियो, जसमा तेह्र वटा तुरही आकारको भेटी बाकसहरू राखिएका थिए। स्त्रीहरूको चोक मन्दिरको भाग थियो, जसमा यहूदी पुरुष र महिलाहरू दुवै जान सक्थे। महासभाका मानिसहरू भेटघाट गर्ने भवनदेखि यो त्यति टाढा थिएन। (परिशिष्ट २ मा “हेरोदको मन्दिर” हेर्नुहोस्।)

पहिले, ख्रीष्टले “जीवनको पानी” दिने प्रतिज्ञा गर्नुभएको थियो, जुन छाप्रो-वासको चाडमा गरिने पानीको अनुष्ठानसँग सम्बन्धित छ। अहिले उहाँले आफू “संसारको ज्योति” भएको घोषणा गर्नुभयो, जुन् अवश्य नै, चाडको समयमा स्त्रीहरूको चोकमा झुण्डयाइएका ठूला समादानद्वारा संकेत गरिएको प्रतिक हो। **येशूले फेरि तिनीहरूलाई**

भन्नुभयो, "म संसारको ज्योति हुँ। मलाई पछ्याउने अन्धकारमा हिँड्डुल गर्नेछैन, तर त्यसले जीवनको ज्योति पाउनेछ" (यूह ८:१२)। एच. आइ. हेस्टर (H. I. Hester) ले यसरी टिप्पणी दिएका छन्, "कस्तो उदेक लाग्दो दाबी—यो सत्य भए पनि नभए पनि, यो मानिसले बोलेको सबैभन्दा अभिमानी अभिव्यक्ति थियो।"[४]

ख्रीष्टको सहासिक वचनले यहूदी अधिकारीहरूसँग बढ्दो विवाद भयो जुन अध्यायको अन्त्यसम्मै जारी रहेको छ। यो विवाद अध्याय ७ मा भएको विवादको निरन्तरता हो र यसमा उठेको विषय अध्याय ५ मा उठेको विवादसँग मिल्दोजुल्दो छ।

यहूदी अगुवाहरूले येशूलाई चुनौती दिँदै प्रश्न तेर्स्याए, **"तिमी को हौ त?"**; **"... तिमीचाहिँ आफैलाई को हुँ भनी दाबी गर्छौ?"** (यूह ८:२५क, ५३ख)। आज हामी कसैलाई यसरी सोध्न सक्छौं, "आखिर तिमीले आफैलाई को हुँ भनी सोचेको छौ?" (लिभिङ बाइबल [LB] हेर्नुहोस्।) आफू को हो र आफ्नो मिसन के हो सोबारे तिनीहरूलाई बताउन ख्रीष्टले धक मान्नुभएन। उहाँ संसारको ज्योति हुनुहुन्छ भन्ने येशूको भनाइलाई हामीले अघि नै उल्लेख गरिसक्यौं। यसको साथै, उहाँले यी कुरा दाबी गर्नुभयो ...

... उहाँका वचनहरू सत्य हुन् (यूह ८:१४, १६)।
... उहाँ माथिबाट आउनुभएको हो (यूह ८:२३)।
... उहाँलाई परमेश्वरले पठाउनुभएको हो (यूह ८:२६)।
... परमेश्वरले सिकाउनुभएका कुराहरू मात्रै उहाँले बोल्नुभयो (यूह ८:२६, २८)।
... परमेश्वरलाई जे कुराले प्रसन्न पार्छ त्यही कुरा मात्र उहाँले गर्नुभयो (यूह ८:२९)।

परमेश्वरलाई जे कुराले प्रसन्न पार्छ त्यही कुरा मात्र उहाँले गर्नुभएको दाबीलाई ध्यान दिने क्रममा, हामीले यूहन्ना ८:४६ को उहाँको चुनौतीलाई टिपोट गर्ने पर्छ: **"तिमीहरूमध्ये कसले मलाई पापको दोष लाउन सक्छ?"** न्यू इन्टरनेशनल संस्करण (NIV) मा "तिमीहरूमध्ये कसैले मलाई पापको दोषी भनी प्रमाणित गर्न सक्छ?" भनी लेखिएको छ। यदि तपाईंले यस प्रकारको प्रश्न सोध्नु पर्ने भयो भने, हामीलाई चिन्ने व्यक्तिले केही क्षणमै हामीले गरेको पापहरूको लामो सूची दिन सक्छ। तैपनि, कसैले पनि येशूलाई दोषी भनी भन्न सकेन; उहाँ "पापरहित हुनुहुन्थ्यो" (हिब्रू ४:१५)।

यूहन्ना ८:२५ मा "तिमी को हौ त?" भन्ने प्रश्नको प्रतिक्रिया स्वरूप, येशूले वास्तवमा भन्नुभयो,

(१) "तिमीहरूले मार्ने प्रयास गरिरहेको व्यक्ति म हुँ" (यूह ८:३७, ४०)।
(२) "तिमीहरूले माथि उठाउने व्यक्ति म नै हुँ" (उहाँको क्रूसमा हुने मृत्युलाई उल्लेख गर्दै) (यूह ८:२८; हेर्नुहोस्: ३:१४; १२:३२)।
(३) "स्वर्ग गइहाल्ने व्यक्ति म नै हुँ" (उहाँको स्वर्ग आरोहणलाई उल्लेख गर्दै; यूह ८:२१)।
(४) "तिमीहरू बाँच्नुछ भने तिमीहरूले विश्वास गर्ने पर्ने व्यक्ति म हुँ" (यूह ८:२४, ३०, ४६)। (येशू नै मसीह हुनुहुन्छ भनी विश्वास गर्नु पर्ने कुरालाई यूह ८:२४ ले सामान्य रूपमा देखाए पनि, यसको वास्तविक भाव त्योभन्दा गहिरो रहेको छ। न्यू अमेरिकन स्टचाण्डर्ड बाइबल [NASB] मा, "उही" भन्ने शब्दलाई इटालीक गरिएको पाइन्छ। वास्तवमा तिनीहरूले उही "म"—अर्थात्, परमेश्वरलाई विश्वास गर्नु

[४]एच. आइ. हेस्टर (H. I. Hester), *द हर्ट अफ द न्यू टेस्टामेन्ट (The Heart of the New Testament)* (लिबर्टी, मो.: क्वालिटि प्रेस, १९६३), १६४-६५।

पर्नेछ भनी ख्रीष्टले ठेड रूपमा भन्नुभयो।)

३० पदले भन्छ, **उहाँले यी कुरा बोल्नुहुँदा धेरैले उहाँमाथि विश्वास गरे।** गजबको कुरो के छ भने, "उहाँमाथि विश्वास" गर्नेहरूमा केही यहूदी अधिकारीहरू पनि थिए (यूह ८:३१; हेर्नुहोस्: ९:१६)। यीमध्ये एक जना थिए, निकोदेमस (यूह ७:५०); अर्का अरिमाथियाका योसेफ थिए (मर्कू १५:४३; लूक २३:५०, ५१; यूह १९:३८); शायद त्यहाँ अरू पनि थिए (यूह १२:४२ हेर्नुहोस्)।

उहाँ प्रतिको विश्वास गोप्य हुनुहुँदैन, तर प्रकट गरिनुपर्छ भनी ख्रीष्टले जोड दिनुभयो। **येशूले आफूमाथि विश्वास गर्ने यहूदीहरूलाई भन्नुभयो, "*तिमीहरू मेरो वचनमा रह्यौ भने* तिमीहरू साँच्चै मेरा चेला हौ"** (यूह ८:३१; जोड दिइएको छ)। फेरि, उहाँले भन्नुभयो, **"...*यदि कसैले मेरो वचन पालन गऱ्यो भने* त्यसले कहिल्यै मृत्यु देख्नेछैन"** (यूह ८:५१; जोड दिइएको छ)। विश्वास मात्रै पनि पर्याप्त छैन।

केही यहूदी अगुवाहरू ख्रीष्टद्वारा प्रभावित भएका भए पनि, धेरैजसो अगुवाहरू प्रभावित भएका थिएनन्। तिनीहरूमध्ये धेरैले के विश्वास गरेका थिए भने, उहाँ होइन, तर तिनीहरूचाहिँ ज्ञान प्राप्त गरेका, ज्योति र समझको स्रोत हुन्। तिनीहरू ज्ञान र समझशक्ति दुवैमा पछि परेका छन् भनी येशूले तिनीहरूलाई थप (यूह ८:१४) क्रोधित तुल्याउनुभयो (यूह ८:४३)। तिनीहरूको अज्ञानतालाई देखाउने धेरै उदाहरणहरू यो अध्यायमा समावेश छ।

जब ख्रीष्टले आफ्नो पिताको बारेमा बताउनुभयो (यूह ८:१८), उहाँले स्वर्गमा बस्नुहुने आफ्नो पिताको बारेमा उल्लेख गरिरहनुभएको थियो भनेर तिनीहरूले बुझ्न सकेनन् (यूह ८:१९; हेर्नुहोस्: ८:२७)।

येशूले आफू चाँडै जाने र उहाँ जानुहुने ठाउँमा तिनीहरू आउन नसक्ने भनी भन्नुहुँदा (यूह ८:२१), उहाँले स्वर्ग जाने विषयमा बताइरहनुभएको थियो भन्नेबारे तिनीहरूले बुझ्न सकेनन्। उहाँले आत्महत्या गर्नेबारे पो कुरा गरिरहनुभएको हो कि भनी तिनीहरूले अडकल काटे (यूह ८:२२)।

जब सत्यताले तिनीहरूलाई स्वतन्त्र तुल्याउनेछ भनी प्रभुले बताउनुभयो (यूह ८:३२), तिनीहरूले राजनैतिक स्वतन्त्रताको बारेमा सोचे र भने, **"हामी अब्राहामका सन्तान हौं, र अहिलेसम्म कसैको दासत्वमा परेका छैनौं"** (यूह ८:३३क)। तिनीहरूको यो दाबी अनौठो थियो किनभने तिनीहरू बेबिलोन र पर्सियाको दासत्वमा परेका थिए। येशूको जीवनकालमा पनि यहूदीहरू रोमीहरूका अधिनमा थिए। येशूले अवश्य नै आत्मिक स्वतन्त्रताको बारेमा बताइरहनुभएको थियो—विशेष रूपमा दोष र पापको शक्तिबाटको स्वतन्त्रता (यूह ८:३४, ३६)।

अब्राहामको शारीरिक सन्तान हुनु नै महत्त्वपूर्ण कुरा हो भनी यहूदी अगुवाहरूले विचार गरेका थिए (यूह ८:३३, ३९, ५३, ५६)। विश्वास गर्ने मानिसको आत्मिक सन्तान हुनु नै त्योभन्दा महत्त्वपूर्ण हुन्छ भन्ने कुरा तिनीहरूले महसुस गरेनन् (यूह ८:३७, ३९; हेर्नुहोस्: रोम २:२८, २९)।

परमेश्वर तिनीहरूका आत्मिक पिता हुनुहुन्छ भनी तिनीहरूले पनि सोचेका थिए (यूह ८:४१)। तर येशूलाई इन्कार गरेर तिनीहरूले तिनीहरूका वास्तविक पिता, दुष्टको इच्छालाई पूरा गरिरहेका छन् भन्ने कुरा तिनीहरूले देख्न सकेका थिएनन् (यूह ८:३७, ३८, ४०, ४१, ४४)। दुष्ट र त्यसको कामको बारेमा सबैभन्दा छोटो अभिव्यक्तिहरूमध्ये एउटा यूहन्ना ८:४४ मा पाइन्छ। **सुरुदेखि नै हत्यारा** भन्ने शब्दले त्यसले हव्वालाई पाप

गर्न लगाएको कुरालाई उल्लेख गर्छ, जसको फलस्वरूप संसारमा शारीरिक मृत्यु आयो।

उहाँमा विश्वास गर्ने कसैले पनि **कहिल्यै मृत्यु देख्नेछैन** भनी ख्रीष्टले भन्नुभयो (यूह ८:५१), उहाँले शारीरिक मृत्युको बारेमा बताउनुभएको हो भनी ती अगुवाहरूले सोचे (यूह ८:५२, ५३)। तैपनि, येशूले आत्मिक मृत्युको बारेमा बताइरहनुभएको थियो। उहाँमा विश्वास गर्ने र उहाँको वचनलाई पूरा गर्नेलाई यो जीवनमा परमेश्वरबाट अलग गरिनेछैन (आत्मिक मृत्यु, एफि २:१; १ तिमो ५:६), न त तिनीहरू यो जीवनपछि नरकमा नै जानेछन् (दोस्रो मृत्यु; प्रका २०:१४; २१:८)।

जब अब्राहामले उहाँको दिन देखेर प्रफुल्लित भए भनी ख्रीष्टले बताउनुभयो (यूह ८:५६), उहाँले बेअर्थका कुरा बोलिरहनुभएको छ भनी तिनीहरूले सोचे (यूह ८:५७; हेर्नुहोस्: ८:४८, ५२; १०:२०)। अवश्व नै येशूले आफू पहिलेदेखि नै अस्तित्वमा रहेको कुरालाई उल्लेख गरिरहनुभएको थियो (यूह ८:५८; हेर्नुहोस्: १:१, २, १४)।

ख्रीष्टले धेरै कुरा बताउनुभयो, जुन उहाँका विरोधीहरूले बुझ्न सकेनन्, तर उक्त घटनामा उहाँले बताउनुभएको अन्तिम वचनको आधारभूत सत्यतालाई भने तिनीहरूले बुझे: **"साँच्चै म तिमीहरूलाई भन्दछु, अब्राहाम हुनुभन्दा अघिबाटै म छँदैछु"** (यूह ८:५८)। बलिरहेको पोथ्रामा परमेश्वरले मोशासँग कुरा गर्नुहुँदा, मोशाले उहाँलाई उहाँको नाउँ सोधेका थिए। हामी यसो लेखिएको पाउछौं, "परमेश्वरले मोशालाई भन्नुभयो, 'म हुँ जो म हुँ।' फेरि उहाँले भन्नुभयो, 'इस्राएलीहरूलाई तैंले यसो भन्नू, "म हुँ" भन्नेले तिमीहरूकहाँ मलाई पठाउनुभएको हो'" (प्रस ३:१४)। जब येशूले, "अब्राहमभन्दा पहिलेनै *म* छँदैछु" भनी भन्नुभयो, उहाँले परमेश्वरको सबैभन्दा श्रद्धालु नामलाई आफैमा लागू गराइरहनुभएको थियो।

उहाँलाई सुन्नेहरूले ख्रीष्टको वचनको महत्त्वलाई बुझे, तर तिनीहरूको पूर्वाग्रहीपनाले विश्वास गर्नबाट तिनीहरूलाई रोक्यो। तिनीहरूका अन्धकार पारिएको मनमस्तिष्कमा, येशू ईश्वर-निन्दाको दोषी हुनुभयो र उहाँलाई मारिनुपर्ने भनी तिनीहरूले सोचे (यूह १०:३१, ३३ सँग तुलना गर्नुहोस्)। **तब तिनीहरूले उहाँलाई हान्न भनी ढुङ्गा टिपे, तर येशू लुकेर मन्दिरबाट बाहिर निस्किजानुभयो** (यूह ८:५९)। उहाँ भीडमा पस्नुभएपछि उहाँलाई उहाँका साथीहरूले तुरुन्तै घेरेको हुनसक्छ। जे भए तापनि, उहाँलाई एक पटक फेरि परमेश्वरको सुरक्षाद्वारा रक्षा गरियो, **किनभने उहाँको समय अझै आएको थिएन** (यूह ८:२०)।

शारीरिक र आत्मिक अन्धापनको विषयमा शिक्षा (यूह ९:१-४१)

[१]त्यहाँबाट जाँदैगर्दा येशूले एक जना जन्मैको अन्धालाई देख्नुभयो। [२]उहाँका चेलाहरूले उहाँलाई सोधे, "रब्बी, कसले पाप गऱ्यो, यसले कि यसका आमा-बुबाले, र यो अन्धो जन्म्यो?" [३]येशूले जवाफ दिनुभयो, "न त यसले पाप गऱ्यो न यसका आमा-बुबाले, तर यो यस हेतुले भयो कि परमेश्वरको काम यस मानिसको जीवनमा प्रकट होस्। [४]मलाई पठाउनुहुनेका कामहरू हामीले दिन छँदै गर्नुपर्छ। रात आउँछ, जब कसैले काम गर्न सक्दैन। [५]म संसारमा रहुञ्जेल म संसारको ज्योति हुँ।" [६]यी कुरा भनेर उहाँले भूइँमा थुक्नुभयो, र थूकले माटो मुछेर लेप बनाई त्यसका आँखामा लगाइदिनुभयो। [७]अनि उहाँले त्यसलाई भन्नुभयो, "जाऊ, सिलोआमको (जसको अर्थ हो, पठाइएको) तलाउमा गएर पखाल।" त्यसले गएर पखाल्यो, र देख्ने भएर फर्क्यो। [८]त्यसका छिमेकीहरू र त्यसलाई भीख मागेको देख्नेहरूले भने, "बसेर भीख माग्ने मान्छे के यही होइन?" [९]कसै-कसैले भने,

“यो त्यही हो।” अरूले भने, “होइन, यो त्यहीजस्तो देखिन्छ।” त्यसले भन्यो, “म त्यही
हुँ।” [१०]तब तिनीहरूले त्यसलाई सोधे, “तेरा आँखा कसरी खोलिए त?” [११]त्यसले जवाफ
दियो, “येशू भन्ने एक जना मानिसले माटोको लेप बनाएर मेरा आँखामा लगाइदिएर मलाई
भन्नुभयो, ‘सिलोआममा जाऊ र पखाल।’ तब गएर मैले पखालें, र म देख्ने भएँ।”
[१२]तिनीहरूले त्यसलाई भने, “तिनी कहाँ छन् त?” त्यसले भन्यो, “म जान्दिनँ।” [१३]अघि
अन्धो हुने त्यस मान्छेलाई तिनीहरूले फरिसीहरूकहाँ ल्याए। [१४]जुन दिन येशूले माटोको
लेप बनाएर त्यसका आँखा खोलिदिनुभएको थियो त्यो शबाथ-दिन थियो। [१५]फरिसीहरूले
त्यसलाई सोधे, “तँ कसरी देख्ने भइस्?” त्यसले तिनीहरूलाई भन्यो, “उहाँले मेरा
आँखामा माटोको लेप लगाइदिनुभयो, अनि मैले पखालें र देख्ने भएँ।” [१६]फरिसीहरूमध्ये
कुनै-कुनैले भने, “त्यो मानिस परमेश्वरबाट आएको होइन, किनकि त्यसले शबाथ-दिन
पालन गर्दैन।” तर अरूहरूले भने, “कसरी पापी मानिसले यस्ता चिन्हहरू गर्न सक्तछ?”
र तिनीहरूका बीचमा फाटो हुन गयो। [१७]तिनीहरूले त्यस अन्धालाई फेरि सोधे, “उसले
तेरा आँखा खोलिदिएछ, अब उसको विषयमा तँ के भन्छस्?” त्यसले जवाफ दियो, “उहाँ
अगमवक्ता हुनुहुन्छ।” [१८]दृष्टि पाउने मानिसका आमा-बाबुलाई बोलाएर नसोधुञ्जेल
यहूदीहरूले त्यो अन्धो थियो र देख्ने भयो भनेर विश्वास गरेनन्। [१९]तब तिनीहरूले
उनीहरूलाई सोधे, “के यो तिमीहरूको छोरो हो जो अन्धो जन्मेको थियो भनी तिमीहरू
भन्छौ? त अब कसरी त्यो देख्न सक्ने भयो?” [२०]त्यसका आमा-बुबाले तिनीहरूलाई भने,
“हामी जान्दछौ यो हाम्रो छोरो हो, र अन्धो जन्मेको थियो। [२१]तर अब यो कसरी देख्ने
भयो हामी जान्दैनौं, अथवा यसका आँखा कसले खोलिदिए त्यो पनि हामी जान्दैनौं। यसको
उमेर पुगेको छ, यसैलाई सोध्नुहोस्। आफ्नो विषयमा त्यो आफै बोल्नेछ।” [२२]त्यसका
आमा-बुबाले यी कुरा भने, किनकि उनीहरू यहूदीहरूदेखि डराउँथे। किनभने कसैले
उहाँलाई ख्रीष्ट भनी स्वीकार गऱ्यो भने, त्यसलाई सभाघरबाट निकाल्नुपर्छ भनी यहूदीहरू
अघि नै सहमत भएका थिए। [२३]यसैकारण त्यसका आमा-बुबाले भने, “यसको उमेर पुगेको
छ, यसैलाई सोध्नुहोस्।” [२४]तब तिनीहरूले त्यस अन्धो मानिसलाई दोस्रो पल्ट बोलाएर
भने, “परमेश्वरलाई महिमा दे। हामी जान्दछौं यो मान्छे पापी हो।” [२५]त्यसले जवाफ दियो,
“उहाँ पापी हुनुहुन्छ कि हुनुहुन्न, म जान्दिनँ। एउटै कुरा मात्र म जान्दछु कि म अन्धो थिएँ,
तर अब देख्दछु।” [२६]तब तिनीहरूले त्यसलाई भने, “उसले तँलाई के गऱ्यो? उसले तेरा
आँखा कसरी खोलिदियो?” [२७]त्यसले तिनीहरूलाई जवाफ दियो, “मैले तपाईंहरूलाई
अघि नै भनिसकें, तर तपाईंहरूले सुन्नुभएन। अब फेरि किन सुन्न चाहनुहुन्छ? तपाईंहरू
पनि उहाँका चेला हुन चाहनुहुन्छ कि कसो?” [२८]तिनीहरूले त्यसलाई गाली गर्दै भने, “तँ
पो उसको चेला होस्, तर हामी त मोशाका चेला हौं। [२९]हामीलाई थाहा छ मोशासँग
परमेश्वरले बोल्नुभएको थियो, तर हामीलाई थाहा छैन यो मानिसचाहिँ कहाँको हो।”
[३०]त्यस मानिसले जवाफ दिई तिनीहरूलाई भन्यो, “कस्तो विचित्र कुरो! उहाँ कहाँबाट
आउनुभएको हो तपाईंहरू जान्नुहुन्न, तर मेरा आँखा उहाँले खोलिदिनुभयो। [३१]हामी
जान्दछौ कि परमेश्वर पापीहरूका कुरा सुन्नुहुन्न, तर परमेश्वरको भय मान्ने र उहाँको
इच्छा पालन गर्ने व्यक्तिको कुरा परमेश्वरले सुन्नुहुन्छ। [३२]संसार सुरु भएदेखि यसो
जन्मैको अन्धाका आँखा कसैले खोलिदिएको कुरा कहिल्यै सुनिएन। [३३]यदि यी मानिस
परमेश्वरबाट नआउनुभएको भए उहाँले केही गर्न सक्नुहुनेथिएन।” [३४]तिनीहरूले त्यसलाई
जवाफ दिई भने, “तँ त बिलकुलै पापमा जन्मेको थिइस्, र के अब तँ हामीलाई सिकाउन
चाहन्छस्?” अनि तिनीहरूले त्यसलाई बाहिर निकालिदिए। [३५]तिनीहरूले त्यसलाई

बाहिर निकालिदिए भन्ने येशूले सुन्नुभयो, र त्यसलाई भेट्टाएर भन्नुभयो, "के तिमी मानिसको पुत्रमाथि विश्वास गर्दछौ?" ३६त्यसले जवाफ दिई भन्यो, "प्रभु, उहाँ को हुनुहुन्छ? म उहाँमाथि विश्वास गर्नेछु?" ३७येशूले त्यसलाई भन्नुभयो, "तिमीले उसलाई देखेका छौ, अनि तिमीसँग बोल्ने उही नै हो।" ३८तब त्यसले भन्यो, "प्रभु, म विश्वास गर्दछु", र त्यसले उहाँलाई दण्डवत् गऱ्यो। ३९अनि येशूले भन्नुभयो, "म न्यायको लागि यस संसारमा आएँ, कि नदेख्नेहरूले देखून् र देख्नेहरूचाहिँ अन्धा होऊन्।" ४०यी कुरा सुनेर उहाँका नजिकै हुने फरिसीहरूमध्ये कुनै-कुनैले उहाँलाई भने, "के हामी पनि अन्धा हौं त?" ४१येशूले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू अन्धा भए ता पापको दोषी हुनेथिएनौ, तर तिमीहरू 'हामी देख्छौं' भन्दछौ, यसकारण तिमीहरूको पाप रहिरहन्छ।"

यूहन्ना ९:१—१०:२१ समर्पणको चाडमा घटेको हो भनी केहीले विश्वास गर्ने गर्छन् (यूह १०:२२), जुन सम्भावित कुरो नै हो। तैपनि, यूहन्ना ९ र छाप्रो-वासको चाडको अध्यायबीच घनिष्ट सम्बन्ध रहेको छ (यूह ७:१३ लाई ९:२२ र यूह ८:१२ लाई ९:५ सँग तुलना गर्नुहोस्); यूहन्ना ९:१—१०:२१ ले उही समयको घटनालाई जारी राखेको जस्तो देखिन्छ। अवश्य नै, यूहन्ना ८:५९ र यूहन्ना ९:१ को बीचमा केही समयको अन्तराल रहेको छ, र पछिल्लो यहूदियाको सेवकाइका केही घटनाहरू यहाँ समावेस गर्न सकिने सम्भावना छ।

मन्दिरबाट जाँदै गर्नुहुँदा **येशूले एक जना जन्मैको अन्धोलाई देख्नुभयो** (यूह ९:१)। त्यो मान्छे **भीख** मागिरहेको देखियो (यूह ९:८)। मागेर खानको निम्ति उचित ठाउँहरू मध्येका एक थियो, स्त्रीहरूको चोकको मुल ढोका (प्रे ३:२)। ख्रीष्टले त्यहीं शिक्षा दिनुभएको थियो (यूह ८:२०)। यहाँ के भएको हुनसक्छ भने, प्रभु आफै पनि शत्रुहरूबाट भागेर हतारमा गइरहनुभएको अवस्थामा, उहाँले अन्धा मानिसलाई निको पार्ने समय निकाल्नुभयो (यूह ९:६, ७)। यो पनि सम्भावना छ, उक्त चंगाइ यूहन्ना ८:५९ को घटनाको केही समयपछि भएको थियो।

यो चंगाइ शबाथ-दिनमा गरियो (यूह ९:१४), त्यसैले अर्को शबाथ-दिन सम्बन्धी विवाद भयो। (पहिलेको विवाद मत्ती १२:१-१४ र यूह ५:१-४७ मा पाइन्छ।) तैपनि, यस पटक, विरोध गरिने व्यक्ति येशू हुनुहुन्नथ्यो। विरोध गरिने व्यक्ति निको हुने मानिस नै थियो। अधिकारीहरूले उनलाई सक्दो केरकार गरे; तर सभाघरबाट लखेटे तापनि आफूले गवाही दिने कुरामा उनी डराएनन्। पछि, ख्रीष्टले उनलाई भेटेर, आफूलाई प्रकट गर्नुभएपछि, **त्यसले भन्यो "प्रभु, म विश्वास गर्दछु," र त्यसले उहाँलाई दण्डवत गऱ्यो** (यूह ९:३८)।

येशूप्रतिको विश्वासलाई जगाउनको निम्ति यो उल्लेखनीय घटनालाई यूहन्नाले समावेश गरेका छन् (यूह २०:३०, ३१)। यूहन्ना ९:३९-४१ अनुसार अर्को उद्देश्य भनेको, शारीरिक अन्धापन र आत्मिक अन्धापनलाई तुलना गर्नु थियो। येशूलाई मसीहको रूपमा स्वीकार गर्न नमान्नेहरूले यो कुराको महसुस गर्न सकेका थिएनन्, तैपनि तिनीहरू आत्मिक रूपमा अन्धा थिए, अज्ञानता, र पापको अन्धकारमा रुमलिरहेका अन्धाहरू थिए।

प्रयोग: "म अन्धो थिएँ, तर अब देख्दछु" (यूह ९)

यूहन्ना ९ मा हामी सुसमाचारको पुस्तकको सबैभन्दा स्पष्ट चरित्र-अध्ययन पाउछौं: येशूद्वारा चंगाइ गरिएको जन्मैको अन्धा मानिस। यूहन्नाले समावेश गरेका सात

"चिन्हहरू" मध्ये यो छैटौं चिन्ह हो। सात वटै चिन्हहरू विशेष छन्। यूहन्नाले तिनलाई "चिन्हहरू" भनी भने किनभने यी प्रत्येकले येशूको ईश्वरीयतालाई प्रस्तुत गर्दछ (यूह २०:३०, ३१)। यसको साथै, यी चिन्हहरूले सामान्यतया केही सत्यताहरूलाई उजागर गरेका छन्। यो आश्चर्यकर्मको घटनामा पनि यही कुरा लागू भएको पाइन्छ। यो विवरणलाई ख्रीष्ट "संसारको ज्योति" हुनुहुन्छ भन्ने कुराको ज्वलन्त दृष्टान्तको रूपमा लिन सकिन्छ (यूह ९:५)।

यो घटनालाई अध्ययन गर्ने क्रममा, कसरी एक जना भिखारीले अन्धोपनबाट दृष्टि पाए सो हेर्नेछौं—शारीरिक र आत्मिक दुवै रूपमा। यसको साथै, *हामी* अन्धकारबाट ज्योतिमा कसरी जान सक्छौं सोबारे पनि अध्ययन गर्नेछौं।

एक जना अन्धो मानिस (यूह ९:१-३८)

यो अध्यायको सुरुवात यसरी हुन्छ, "त्यहाँबाट जाँदैगर्दा येशूले एक जना जन्मैको अन्धालाई देख्नुभयो" (यूह ९:१)। त्यो मानिस भिखारी थियो भनी पद ८ ले संकेत दिएको पाइन्छ। त्यसबेला, अन्धाहरूका निम्ति एउटै मात्र उपलब्ध व्यवसाय माग्ने काम थियो (मर्क १०:४६ हेर्नुहोस्)।

एउटा हल गरिनु पर्ने पहेली (यूह ९:२-४)

जब प्रेरितहरूले त्यो मानिसलाई देखे, तिनीहरूले तिनलाई एउटा हल गरिनु पर्ने पहेलीको रूपमा देखे। तिनीहरूको जवान अवस्थादेखि नै तिनीहरूले तिनीहरूका शिक्षकहरूले यसो भनेको सुन्ने गरेका थिए, "पापविना कुनै मृत्यु हुँदैन, अधर्मविना कुनै रोगपीडा हुँदैन।" यस प्रकारको भ्रान्तिमूलक विचार त्यस बेलाका धेरै मानिसहरूमा हावी थियो, र अहिले पनि धेरैमा यस्तै विचार रहेको पाइन्छ। तैपनि, यो अवस्था एउटा अलमल्ल पार्ने किसिमको अवस्था थियो, किनभने त्यो मानिस *जन्मैको* अन्धो थियो। तिनीहरूले यसो भनी प्रश्न गरे, "रब्बी, कसले पाप गऱ्यो, यसले कि यसका आमा-बुबाले, र यो अन्धो जन्म्यो?" (यूह ९:२)। त्यो मानिस जन्मेदेखि नै अन्धो थियो भनेर तिनीहरूलाई कसरी थाहा भयो? येशूले तिनीहरूलाई बताउनुभएको हुनसक्छ। अथवा, शायद येशू त्यससँग कुराकानी गरिरहेको तिनीहरूले सुनेका थिए। अथवा नजिकैको कुनै मानिसले तिनीहरूलाई बताएको हुनसक्छ।

तिनीहरूको प्रश्नको भाग हास्यास्पद छ: के *यो* मानिसले पाप गरेको कारण अन्धा भएर जन्मेको हो? तिनी जन्मनुभन्दा पहिले कसरी तिनले पाप गर्न सक्थ्यो? तिनीहरूको प्रश्नको अर्को भाग आलोचक किसिमको छ: *यिनका बाबुआमाले* पाप गरेका कारण यिनी अन्धा जन्मेका हुन्? केही पापले गर्भमा रहेको बच्चालाई असर गर्न सक्छ, तर त्यो मानिसको बाबुआमा त्यस्तो पापमा सहभागी थिए भनी अड्कल काट्ने कुनै आधार चेलाहरूसँग थिएन।

ख्रीष्टले जवाफ दिनुभयो, "न त यसले पाप गऱ्यो न यसका आमा-बुबाले" (यूह ९:३क)। त्यो मानिस र त्यसको बाबुआमाले कहिल्यै पाप गरेनन् भनी ख्रीष्टले भनिरहनुभएको थिएन (रोम ३:२३)। त्यो मानिसको *अन्धोपन* त्यसको वा त्यसको बाबुआमाको पापको कारण आएको होइन भनी उहाँले बताइरहनुभएको थियो। पापको परिणाम जहिल्यै पनि पीडा हुन्छ, तर सबै पीडा पापको प्रतिफल भने होइनन्।

येशूले त्यसपछि भन्नुभयो, "तर यो यस हेतुले भयो कि परमेश्वरको काम यस

मानिसको जीवनमा प्रकट होस्” (यूह ९:३ख)। पछि पुत्र आएर आश्चर्यकर्म गरोस् भनेर जानी-जानी परमेश्वरले त्यो मानिसलाई अन्धो तुल्याउनुभएको हो भन्ने यसको अर्थ होइन। बरु, हरेक दु:ख कष्ट र समस्यासँग अवसरहरू गाँसिएर आएका हुन्छन् भनी ख्रीष्टले जोड दिइरहनुभएको थियो: परमेश्वरको अनुग्रह र कृपालाई व्यक्त गर्ने अवसर, अरूलाई सहयोग गर्ने अवसर, विश्वासको सामर्थ्य प्रदर्शन गर्ने अवसर, पिताको नजिक जाने मौका। जब हाम्रो जीवनमा दु:खकष्ट आइपर्छ, कहिलेकहीं हामी प्रश्न गर्छौं, “मैले यो पाउन योग्य के गरेको थिएँ र?” यसको उत्तर “केही पनि गरेको थिएनौ” भन्ने हुनसक्छ। हामीले *गर्नु पर्ने* प्रश्न भनेको, “मैले यो अवस्थालाई कसरी *प्रयोग* गरेँ भने परमेश्वरको काम प्रकट हुनसक्छ?”

येशूले यसमा थप्नुभयो, “मलाई पठाउनुहुनेका कामहरू हामीले दिन छँदै गर्नुपर्छ। रात आउँछ, जब कसैले काम गर्न सक्दैन” (यूह ९:४)। परमेश्वरको कामलाई तुरुन्तै गरिहाल्ने अवसरको रूपमा चेलाहरूले भिखारीलाई हेर्न आवश्यक थियो। येशूको निम्ति मृत्युको “रात” झन्-झन् नजिक आइरहेको थियो, र हामी प्रत्येकको निम्ति यो नजिक-नजिक आइरहेको छ। हामीमा सामर्थ्य हुँदै हामीले गर्नुपर्ने कामहरूलाई पूरा गर्नुपर्छ।

निको पारिनु पर्ने व्यक्ति (यूह ९:५-७, १४)

ख्रीष्टले भन्नुभयो, “म संसारमा रहुञ्जेल म संसारको ज्योति हुँ” (यूह ९:५)। अर्को शब्दमा, “म यो संसारमा बसुञ्जेलसम्म मानिसहरूलाई ज्योति दिने कुनै पनि अवसरलाई म गुमाउनेछैन—जसमा यो भिखारी पनि पर्छ।” प्रेरितहरूले यो मानिसलाई समाधान गरिनु पर्ने एउटा धर्मशास्त्रीय समस्याको रूपमा देखे, तर प्रभुले उनलाई सहयोग गर्नु पर्ने, दु:ख झेलिरहेको एक जना व्यक्तिको रूपमा देख्नुभयो। केही समय पहिले येशूले भन्नुभएको थियो, “म संसारको ज्योति हुँ। मलाई पछ्याउने अन्धकारमा हिँड्डुल गर्नेछैन, तर त्यसले जीवनको ज्योति पाउनेछ” (यूह ८:१२)। अहिले उक्त वचनलाई पूरा गर्न उहाँ अघि बढ्नुभयो।

“उहाँले भूइँमा थुक्नुभयो, र थूकले माटो मुछेर लेप बनाई त्यसका [भिखारीको] आँखामा लगाइदिनुभयो” (यूह ९:६)। चंगाइ गर्ने क्रममा येशूले थुकको प्रयोग गर्नुभएको यो तेस्र पटक हो (मर्कू ७:३३; ८:२२-२६ हेर्नुहोस्)। ख्रीष्टले किन यो प्रक्रिया प्रयोग गर्नुभयो भन्ने विषयमा टिप्पणीकर्ताहरूले धेरै अनुमानहरू गरेका छन् तर, यसै हो भनी हामीलाई थाहा छैन। सबैभन्दा उत्तम उत्तर भनेको, अवश्य नै “किनभने उहाँले त्यसै गर्न चाहनुभयो” भन्ने हो।

आँखामा लेप लगाइएको त्यस मानिसलाई उहाँले भन्नुभयो, “जाऊ सिलोआमको तलाउमा गएर पखाल” (यूह ९:७क)। अनुष्ठानको लागि चाहिने पानी सिलोआमको पोखरीबाट ल्याइन्थ्यो। सहरको दक्षिण-पूर्वी भागमा अवस्थित यो पोखरी यरूशलेमको उल्लेखनीय स्थानहरूमध्येको एक हो। प्राचीन समयको सबैभन्दा ठूलो निर्माणकार्यहरू मध्येको एउटा निर्माण कार्यको फलस्वरूप यसको निर्माण भएको थियो। हिजकिया राजाले चट्टानमा सुरुङ खनी सहरको पर्खाल बाहिरको खोलाबाट यहाँ पानी ल्याए। उक्त तलाउलाई “पठाइएको” भनी भनिन्थ्यो (यूह ९:७ख), किनभने पानी सुरुङहुँदै बाहिरबाट पठाइएको थियो।

हाम्रो ध्यानलाई अन्धो मानिसतर्फ केन्द्रित गरौं; यसपछिको बाँकी कथामध्ये धेरैजसो भाग तिनैमा केन्द्रित छ। तिनी त्यहाँ नभएजस्तै गरी चेलाहरू एक आपसमा बहस गरेको

सुन्दा तिनले कस्तो अनुभव गरे होलान्? येशूले तिनको आँखामा हिलो लगाइदिनुहुँदै आफूसँग बोल्नुभएको सुन्दा, र उहाँले यसो भनेको सुन्दा तिनको भावनामा कस्तो प्रभाव पऱ्यो होला, "जाऊ, सिलोआमको तलाउमा पखाल" (यूह ९:७क)। उहाँको आज्ञा मान्दै भिखारीले "गएर पखाले" (यूह ९:७ग)।

त्यो अन्धो मानिसले किन ख्रीष्टको वचन पालन गऱ्यो होला? उनी *कुनै पनि* स्थानमा गएर आफ्नो आँखाको हिलो धुनसक्थ्यो, त्यो कुरा म बुझ्न सक्छु, तर किन सिलोआमको पोखरी नै उनी गए? ऊ त्यस तलाउबाट केही दूरी टाढा रहेको थियो भनी हामी निश्चित रूपमा भन्न सक्छौं। तिनले देख्न सक्थेनन् भन्ने कुरालाई पनि नबिर्सनुहोस्। उनको लागि केही दूरी यात्रा गर्नु भनेको हाम्रो लागि माइल-माइलको यात्रा गर्नु जत्तिकै कठिन हुन्थ्यो। फेरि, म सोध्न चाहान्छु, "उसले किन येशूले भन्नुभएको कुरालाई मान्यो?"

पछि उनले आफ्ना छरछिमेकलाई भने, "*येशू भन्ने एक जना मानिसले* माटोको लेप बनाएर मेरा आँखामा लगाइदिएर मलाई भन्नुभयो, 'सिलोआममा जाऊ र पखाल।' तब गएर मैले पखालें, र म देख्ने भएँ" (यूह ९:११; जोड दिइएको छ)। मानिसहरूले येशूको बारेमा कुराकानी गरेको र उहाँले गर्नुभएको आश्चर्यकर्महरूका बारेमा उनले सुनेको हुनसक्छ (यूह ७:३१ हेर्नुहोस्)। वास्तवमा येशू को हुनुहुन्छ भन्ने बारेमा उनको बुझाइ सीमित थियो (यूह ९:१७, ३६ हेर्नुहोस्)। तैपनि, ख्रीष्टले "जाऊ, ... पखाल" भन्नुभएको शैलीमा त्यस किसिमको भाव रहेको थियो जसले त्यो अन्धो मानिसको हृदयमा पुगी उहाँको कुरालाई, "मैले यो गर्नु नै पर्छ!" भन्ने मनासय उनमा पैदा गऱ्यो।

त्यसैले, "त्यसले गएर पखाल्यो, र देख्ने भएर फर्क्यो" (यूह ९:७ग, घ)। "र देख्ने भएर फर्क्यो" भन्ने वाक्यमा एउटा अद्भुत संयमको प्रदर्शन भएको पाइन्छ। यिनी थिए, जीवनभर पहिले कहिल्यै देख्न नसकेका व्यक्ति। तिनले रंगहरूका बारेमा सुनेका थिए, यस्तो हुन्छ, उस्तो हुन्छ भनी वर्णन गरेका सुनेका थिए, र तिनले आकारलाई छोई अनुभव पनि गरेका थिए। तैपनि, कुनै कुरा *कस्तो देखिन्छ* भन्ने बारेमा उनलाई थाहा थिएन। उनी सिलोआमको तलाउसम्म जाँदा ठक्कर खाँदै गएका थिए। तिनले दहमा पुगेर, आफ्नो हातले पानी उठाएर आफ्नो अनुहारको हिलोलाई पखाले। त्यसपछि, जब तिनले आफ्नो आँखा खोले, तब तिनले *देख्न सके*। उनले पानी देख्न सक्यो; आफ्ना हातहरू देख्यो। उसले आफ्नो शिर उठायो अनि भीडको हलचल देख्यो। यी सबै आशिषहरू र थप कुरा चार शब्दमा समावेश गरिएको छ: "र देख्ने भएर फर्क्यो।"

१४ पद अनुसार, "जुन दिन येशूले माटोको लेप बनाएर त्यसका आँखा खोलिदिनुभएको थियो त्यो *शबाथ-दिन* थियो" (जोड दिइएको छ)। कथा अघि बढ्ने क्रममा के भयो याद गर्नुहोस्। येशूले शबाथ-दिनमा अर्को व्यक्तिलाई निको पार्नुभयो। समस्या बढीरहेको थियो।

एउटा समाधान गरिनु पर्ने समस्या (यूह ९:८-१४)

देख्न सक्ने भएपछि तिनी कहाँ जानु पर्ने थियो? येशू कहाँ हुनुहुन्छ भन्ने कुरा तिनलाई थाहा थिएन (यूह ९:१, १२), र आफ्नो भिखारी-अखडामा फर्केर आउनु उनको निम्ति उचित थिएन—त्यसैले तिनी घर गए।

जब छिमेकीहरूले तिनलाई देखे, त्यो मानिस तिनी नै हुन् कि होइनन् भन्नेमा तिनीहरू अन्यौलमा परे। तिनी उही व्यक्तिजस्तो *देखिन्थे,* तर तिनी अन्धा मानिसजस्तो होसियारीताका साथ हिँड्न छाडेका थिए। उसले आँखा देख्न सक्थ्यो र टक लगाएर हेर्न

सक्थ्यो। उसको शिर घरि यता र घरि उता फर्किन्थ्यो, किनभने हरेक नयाँ दृश्यले तिनको ध्यान तान्थ्यो। उसलाई विगतमा चिन्नेहरू खासखुस गर्न थाले: केहीले "भने, 'यो त्यही हो,' अरूले भने, 'होइन, यो त्यहीजस्तो देखिन्छ'" (यूह ९:९क)। तिनीहरू वादविवाद गरिरहँदा, उसले भनिरह्यो, "म त्यहीं हुँ" (यूह ९:९ख)। तिनले मानिसहरूको प्रश्नको जवाफ दिँदा र आफूलाई भएको कुरा भन्दा तिनी अवश्य नै मुस्कुराइरहेका थिए (यूह ९:१०-१२)।

चेलाहरूले त्यस मानिसलाई हल गरिनु पर्ने पहेलीको रूपमा देखेका थिए; अब तिनका छिमेकीहरूले तिनलाई एउटा समाधान गरिनु पर्ने समस्याको रूपमा देखे। आश्चर्यकर्मको वास्तविकताले तिनीहरूलाई अलमल्ल पाऱ्यो, आफूलाई निको पारिएको कामको श्रेय येशूलाई दिइएको कारण तिनीहरू अन्यौलमा परे (यूह ९:१६, २२ हेर्नुहोस्), र शबाथ-दिनमा आश्चर्यकर्म गरिएको तथ्यले तिनीहरूलाई (यूह ९:१४) रीस उठायो। तिनीहरूले यी समस्याहरूको लट्टालाई फुकाउन सकेनन्। त्यसैले, तिनीहरूले त्यो मानिसलाई आफूलाई सबै कुराको ज्ञान भएको व्यक्तिहरू ठान्ने मानिसहरूकहाँ लिएर आए: यरूशलेमका धार्मिक अगुवाहरूकहाँ (यूह ९:१३)। केरकार गर्ने काममा सहभागी हुनेहरूलाई सामान्यतया फरिसीहरू भनी भनिन्थ्यो (यूह ९:१३, १५, १६, ४०)। तैपनि, तिनीहरूलाई यसभन्दा बढी "यहूदीहरू" भनेर पहिचान गरिन्थ्यो (यूह ९:१८, २२), र तिनीहरूलाई पहिचान गरिने अझै परिचित शब्द भनेको यरूशलेमका धार्मिक अधिकारीहरू भन्ने थियो। छिमेकीहरूले उक्त व्यक्तिलाई महासभाको बैठक हुने भवनमा लिएर गएका हुनसक्छन्।

सामना गर्नु पर्ने एउटा दुर्दशा (यूह ९:१५-१७, २२)

फरिसीहरूले तिनलाई के भएको थियो भनी प्रश्न गरे, र फेरि उसले आफ्नो कथा सुनाइदिए (यूह ९:१५)। यो केरकारको समयमा येशूको नाम कहिल्यै लिइएन, तर तिनले कसलाई भेटेका थिए भन्ने कुरा अधिकारीहरूलाई पक्का थाहा थियो (यूह ९:२२)। जब तिनीहरूले त्यसलाई निको पर्नुभएको व्यक्तिको बारेमा सुने, तिनीहरूले झोक्किंदै भने, "त्यो मानिस परमेश्वरबाट आएको होइन, किनकि त्यसले शबाथ-दिन पालन गर्दैन" (यूह ९:१६क)।

शबाथ-दिनमा निको पार्नुभएको कारण यरूशलेमका अधिकारीहरूसँग पहिले पनि ख्रीष्टको विवाद भएको थियो (यूह ५:१, ९, १०, १६, १८; ७:२१-२३)। यस पटक उहाँले निको मात्र पार्नुभएको थिएन; माटोको लेप बनाउनेसम्मको साहस उहाँले गर्नुभएको थियो। हिलो बनाउने कुरालाई तिनीहरूले रोटीको निम्ति पीठो मोल्नु सरह बनाएका थिए; यसलाई एउटा "काम" को रूपमा लिइएको थियो। तिनीहरूको परम्पराले शबाथको दिनमा घाउमा थुक हाल्न समेत निषेध गरेको थियो। तिनीहरूका परम्परा अनुसार, येशूले शबाथ-दिनमा काम गर्नुभएको थियो, एक पटक मात्र होइन बारम्बार।

ख्रीष्ट सम्बन्धी ती अधिकारीहरूको तर्कलाई युक्तिवाक्यमा प्रस्तुत गर्न सकिन्छ:

- मुख्य आधार: "शबाथ-दिन सम्बन्धी हाम्रो परम्परालाई तोड्ने जोकोही व्यक्ति पापी हो।"
- सहायक आधार: "येशूले हाम्रो शबाथ-दिन सम्बन्धी परम्परालाई तोड्छ।"
- निष्कर्ष: "त्यसैले, येशू पापी हो।"

युक्तिवाक्यमा, यदि मुख्य आधार र सहायक आधार दुवै साँचो ठहरिएमा त्यसको निष्कर्ष पनि साँचो हुनै पर्छ। फरिसीहरूको युक्तिवाक्यमा रहेको समस्या भनेको, तिनीहरूको मुख्य आधार सत्य थिएन। यो सत्य थिएन, किनभने तिनीहरूको परम्परा परमेश्वरबाट होइन तर मानिसबाट आएको थियो (मत्ती १५:१-९ हेर्नुहोस्)।

फरिसीहरूले दोहोरो सोधपुछ गरिरहेका बेला पर्दा पछाडि के भइरहेको थियो भन्ने कुराको झलक पद १६ ले दिन्छ: "तर अरूहरूले [अर्थात्, धार्मिक अधिकारीहरू मध्येका अरू] भने, "कसरी पापी मानिसले यस्ता चिन्हहरू गर्न सक्तछ?" (यूह ९:१६ख)। तिनीहरूका युक्तिवाक्यमा भूल थियो भन्ने कुरा तिनीहरूले बुझ्न सकेका थिएनन्, तर निष्कर्ष सही निस्केको छैन भन्ने कुरालाई केही मानिसहरूले बुझेका थिए। त्यसैले, "तिनीहरूका बीचमा फाटो हुन गयो" (यूह ९:१६ग)। फाटो होस् भन्ने चाहना कसैलाई हुँदैन (१ कोर १:१०), तर यो घटनामा भएको यो फाटो असलै रड्र्यो। ख्रीष्टको सेवकाइले समितिका कठोर हृदय र कठोर मनस्थिति भएका केहीलाई समेत प्रभाव पारेको थियो।

तैपनि, तिनीहरूमध्ये धेरैजसो मानिसहरू प्रभावित थिएनन्। तिनीहरूले निको हुने मानिसलाई केरकार गर्ने कामलाई जारी राखे: "उसले तेरा आँखा खोलिदिएछ, अब उसको विषयमा तँ के भन्छस्?" (यूह ९:१७क)। त्यसले जवाफ दियो, "उहाँ अगमवक्ता हुनुहुन्छ" (यूह ९:१७ख)। येशू को हुनुहुन्थ्यो भन्ने बारेमा उनलाई अझै निश्चित रूपमा थाहा थिएन; तर, उहाँले आश्चर्यकर्म गर्न सक्नुभएको कारण, उहाँ कम्तीमा पनि अगमवक्तासम्म हुनुहुन्छ भनी तिनले ठाने।

एउटा जोगिनु पर्ने खतरा (यूह ९:१८-२३)

त्यस मानिसले निको भएको विषयमा झूटो बोलिरहेको छ भनेर सोधपुछमा संलग्न केहीले सोच्यो, त्यसैले तिनीहरूले त्यसको बाबुआमालाई बोलाइपठाए (यूह ९:१८)। त्यसका बाबुआमा, त्यहाँको सबैभन्दा शक्तिशाली मानिसहरूकहाँ डराउँदै आइपुगे (यूह ९:२२)। समितिले तिनीहरूलाई तीन वटा प्रश्न गरे: "के यो तिमीहरूको छोरो हो?"; "यिनी अन्धो जन्मेको थियो भनी तिमीहरू भन्छौ?"; र "त अब कसरी त्यो देख्न सक्ने भयो?" (यूह ९:१९)।

त्यसका बाबुआमाले पहिलो दुई वटा प्रश्नको उत्तर दिए—हो भनेर। तिनीहरूले तेस्रो प्रश्नको उत्तर दिन मानेनन्, "किनकि उनीहरू यहूदीहरूदेखि डराउँथे। किनभने कसैले उहाँलाई ख्रीष्ट भनी स्वीकार गऱ्यो भने, त्यसलाई सभाघरबाट निकाल्नुपर्छ भनी यहूदीहरू अघि नै सहमत भएका थिए" (यूह ९:२२)। "सभाघरबाट निकालिनु" भनेको सामाजिक, राजनैतिक, र आर्थिक लगायत धार्मिक बहिस्कार थियो। सबै कुरालाई विचार गर्दा, सभाघरबाट निकालिनु भनेको यहूदी राज्यबाट निकालिनु जत्तिकै थियो। कसैलाई समाजबाट निष्कासन गर्ने चुनौती दिनु यहूदी अधिकारीहरूको हातमा भएको एउटा शक्तिशाली हतियार थियो।

निको भएको मानिससँग *कसै न कसैले* खुशीयाली मनाउनु पर्ने थियो भनेर हामीले अपेक्षा गरेका हुनसक्छौं, तर कसैले पनि यसो गरेनन् भन्ने कुरा स्पष्टै छ। तिनका छिमेकीहरूले तिनलाई एउटा समाधान गरिनु पर्ने समस्याको रूपमा देखेका थिए। अब त्यसको बाबुआमाले तिनलाई एउटा जोगिनु पर्ने खतराको रूपमा देखे। तोस्रो प्रश्नमा—तिनले कसरी देख्न सक्ने भयो—तिनीहरूले उत्तर दिए, "... यो कसरी देख्ने भयो हामी

जान्दैनौं, अथवा यसका आँखा कसले खोलिदिए त्यो पनि हामी जान्दैनौं। यसको उमेर पुगेको छ, यसैलाई सोध्नुहोस्। आफ्नो विषयमा त्यो आफै बोल्नेछ" (यूह ९:२१)। "उमेर पुगेको छ" भन्नुको अर्थ त्यो मानिस तेह्र वर्षभन्दा माथि उमेर भएको व्यक्ति थियो भन्ने हो भनेर पनि कतिपयले सोच्ने गर्छन्। तिनी तीस वर्षभन्दा माथि उमेरका हुन सक्ने सम्भावना झनै बढी देखिन्छ; तीस वर्षलाई, मानिस परिपक्व हुने उमेरको रूपमा मानिन्थ्यो।

कुल्चिमिल्ची गरिने एक प्राणी (यूह ९:२४-३४)

त्यसको बाबुआमाबाट सन्तुष्ट नभएका फरिसीहरूले तिनीहरूको आक्रमणलाई छोरामा पोखाए। "तब तिनीहरूले त्यस अन्धो मानिसलाई दोस्रो पल्ट बोलाए" (यूह ९:२४क)। देख्न सक्नेले त नकरात्मक कुरा पनि देख्नु पर्ने रहेछ भनी उक्त भिखारीले थाहा पायो। तिनले घृणाको बारेमा *सुनेको थियो*। अब, उनले यसलाई पहिलो पटक *देख्यो*: रीसले आँखा राँकिएका, चिच्याउँदा जिब्रो बटारिएका, अविश्वासको कारण परेलाहरू ठाडा-ठाडा भएका।

तिनीहरूले त्यस अन्धो मानिसलाई भन्यो, "परमेश्वरलाई महिमा दे। हामी जान्दछौं यो मान्छे पापी हो" (यूह ९:२४ख)। "परमेश्वरलाई महिमा दे" भन्ने हप्कीको अर्थ "येशूलाई होइन परमेश्वरलाई महिमा दे" भन्ने हो, तर यो वाक्य तिनलाई साँचो कुरा बताउन लगाउनको निम्ति खुवाइएको किरिया पनि हुन सक्छ (योह ७:१९ हेर्नुहोस्)। यसको तात्पर्य "*वास्तवमै* के भएको थियो हामीलाई बता" भन्ने हो।

त्यसपछि के भयो त्यो उल्लेखनीय छ। जति तिनीहरूले त्यस मानिसलाई केरकार गरे, त्यति नै बलियो रूपमा येशूप्रति उसको विश्वास बढ्यो। जन्मदै अन्धा र भिखारी हुनु परेको त्यस मानिससँग थोरै शिक्षा थियो अथवा त्यो पनि थिएन होला, तैपनि तिनले बिरोधीहहरूको सामना राम्ररी नै गरे।

तिनले उत्तर दियो, "उहाँ पापी हुनुहुन्छ कि हुनुहुन्न, म जान्दिनँ। एउटै कुरा मात्र म जान्दछु कि म अन्धो थिएँ, तर अब देख्दछु" (यूह ९:२५)। तिनीहरूले तिनलाई दवाब दिइरहे (यूह ९:२६)। तिनीहरूका केरकारबाट दिक्क भएका तिनले भने, "मैले तपाईंहरूलाई अघि नै भनिसकें, तर तपाईंहरूले सुन्नुभएन। अब फेरि किन सुन्न चाहनुहुन्छ?" (यूह ९:२७क)। त्यसपछि उसले फेरि भन्यो, "तपाईंहरू पनि उहाँका चेला हुन चाहनुहुन्छ कि कसो?" (यूह ९:२७ख)।

तिनका कुराले तिनीहरूलाई चसक्क लाग्यो, र तिनीहरूले गिल्लाद्वारा यो कुरालाई टारे: "तँ पो उसको चेला होस्, तर हामी त मोशाका चेला हौं। हामीलाई थाहा छ मोशासँग परमेश्वरले बोल्नुभएको थियो, तर हामीलाई थाहा छैन यो मानिसचाहिँ कहाँको हो" (यूह ९:२८, २९)।

तिनले जवाफ दियो, "कस्तो विचित्र कुरो!" (यूह ९:३०क)। तिनलाई निको पार्ने व्यक्ति सबैभन्दा अचम्मका व्यक्ति थिए, तैपनि आफूलाई सबै कुरा थाहा भएको ठान्नेहरूलाई उहाँको बारेमा केही थाहा थिएन (यूह ९:३०ख)।

त्यस मानिसले भन्यो, "हामी जान्दछौ कि परमेश्वर पापीहरूका कुरा सुन्नुहुन्न, तर परमेश्वरको भय मान्ने र उहाँको इच्छा पालन गर्ने व्यक्तिको कुरा परमेश्वरले सुन्नुहुन्छ" (यूह ९:३१)। ती अगुवाहरूले आफूलाई मोशाको अनुयायीहरू बताएका कारण, परमेश्वरले पापीहरूका कुरा सुन्नुहुन्न भन्ने कुरा तिनले तिनीहरूलाई याद दिलाए।

त्यसपछि त्यस मानिसले भन्यो, "संसार सुरु भएदेखि यसो जन्मैको अन्धाका आँखा कसैले खोलिदिएको कुरा कहिल्यै सुनिएन" (यूह ९:३२)। विगतमा धेरै ठूला-ठूला आश्चर्यकर्महरू गरिएका थिए, तर येशू यो संसारमा आउनुभन्दा पहिले कसैले पनि अन्धालाई दृष्टि दिएका थिएनन्। हामीलाई थाहा भए अनुसार, ख्रीष्टले समेत यसभन्दा पहिले कहिल्यै पनि जन्मजात अन्धालाई निको पार्नुभएको थिएन। अन्धालाई निको पार्ने काम मसीहको सेवकाइको फरक विशेषता हुनु पर्ने थियो, र भयो (हेर्नुहोस्: यशै २९:१८; ३५:५; ४२:७; मत्ती ११:२-६)। येशूले गर्नुभएका अन्य कुनै पनि आश्चर्यकर्मभन्दा अन्धालाई दृष्टि दिइएको आश्चर्यकर्महरूको विवरण बढी दिइएको छ (मत्ती ९:२७-३१; १२:२२; २०:२९-३४)।

उनले आफ्नो निष्कर्ष यसरी सुनायो, "यदि यी मानिस परमेश्वरबाट नआउनुभएको भए उहाँले केही गर्न सक्नुहुनेथिएन" (यूह ९:३३)। फरिसीहरूसँग गलत युक्तिवाक्य थियो, जसद्वारा तिनीहरूले येशूलाई अभियोग लगाए; अब भिखारीसँग मान्य युक्तिवाक्य थियो जसले उहाँलाई पुष्टि गऱ्यो:

- मुख्य आधार: "परमेश्वरले पापीहरूका कुरा सुन्नुहुन्न।"
- सहायक आधार: "परमेश्वरले अवश्य नै यो मानिसको कुरा सुन्नुहुन्छ।"
- निष्कर्ष: "त्यसैले, उनी पापी *होइनन्!*"

ती अगुवाहरूले उनको तर्कलाई स्वीकार गर्न सकेनन्, तसर्थ तिनीहरूले वादविवाद गर्नेहरूले प्रयोग गर्ने एउटा पुरानो चलाकी प्रयोग गरे। जब तर्कको उत्तर दिन सकिन्न, तर्क गर्ने व्यक्तिलाई नै आक्रमण गर। तिनीहरूले भने, "तँ त बिलकुलै पापमा जन्मेको थिइस्, र के अब तँ *हामीलाई* सिकाउन चाहान्छस्?" (यूह ९:३४क, जोड दिइएको छ)। पापको कारणले उनी अन्धा नभएको कुरा येशूले पहिले नै उल्लेख गरिसक्नुभएको थियो (यूह ९:३)। बच्चा जन्मदा शुद्ध जन्मन्छन् भनी नयाँ करारले सिकाउँदछ (मत्ती १८:३; १९:१४)। आफ्ना सैद्धान्तिक हैसियतका कारण क्याल्भिनिस्ट टिप्पणीकर्ताहरूले फरिसीहरूको गलत शब्दहरूमा सहमती जनाउन परेकोमा यो तिनीहरूका लागि केही हदसम्म लाजमर्दो कुरो हुनसक्छ।

अनि "तिनीहरूले त्यसलाई बाहिर निकालिदिए" (यूह ९:३४ख)। यसको सामान्य अर्थ तिनीहरूले तिनलाई ढोकाबाट निकालिदिएको भन्ने हुन्छ, तर यसको अर्थ अवश्य नै, तिनका आमाबाबुले जे कुराको डर मानेका थिए त्यही कुराको पीडित तिनी भए भन्ने हो—तिनलाई "सभाघरबाट निकालिदिए" (यूह ९:२२), समाजबाट तिनलाई बहिस्कार गरियो। ग्रीक शब्द "निकालिदिनु" (ἐκβάλλω, *एक्बालो, ekballō*) लाई पुरानो करारको ग्रीक अनुवादमा (सेप्टुजेन्ट) बहिष्कृत गर्नु भन्ने अर्थमा प्रयोग गरिएको पाइन्छ।

बचाइनु पर्ने एक व्यक्ति (यूह ९:३५-३८)

परिषद् सदनबाट निस्केपछि तिनी कहाँ गए? तिनको जाने ठाउँ कहीं थिएन। शायद तिनी सार्वजानिक स्थलहरूतिर गएका हुनसक्छन् (यूह ९:३५, ३९, ४०), किनभने पछिप्रभुले तिनलाई भेट्नुभयो: "तिनीहरूले त्यसलाई बाहिर निकालिदिए भन्ने येशूले सुन्नुभयो, र त्यसलाई भेट्टाएर भन्नुभयो, ..." (यूह ९:३५)। कथाभरि, भिखारीको निम्ति ख्रीष्ट अग्रसर हुनुभयो—हाम्रो निम्ति पनि उहाँ अग्रसर भई अघि बढ्नुहुन्छ (१ यूह ४:१०)। यसको साथै, कथाभरि नै तिनलाई एक जना मानिसको रूपमा हेर्ने व्यक्ति येशू मात्र

हुनुहुन्थ्यो। पहिले, उहाँले त्यस मानिसलाई निको पारिनु पर्ने व्यक्तिको रूपमा देख्नुभएको थियो; अब अहिले उहाँले तिनलाई एक जना बचाइनु पर्ने व्यक्तिको रूपमा देख्नुभयो।

निको भएको मानिसलाई उहाँले सोध्नुभयो, "के तिमी मानिसको पुत्रमाथि विश्वास गर्दछौ?" (यूह ९:३५ख)। किङ्ग जेम्स् संस्करण (KJV) मा "परमेश्वरको पुत्र" भन्ने शब्द प्रयोग गरिएको पाइन्छ, तर राम्रा हस्तलिपिमा "मानिसको पुत्र" भन्ने नै रहेको पाइन्छ। येशूले प्रयोग गर्नुभएझैं, यी दुवै वाक्यहरू मसीह सम्बन्धी शब्दहरू हुन् ("मानिसको पुत्र" को निम्ति दान ७:१३ मा हेर्नुहोस्)। ग्रीक बाइबलमा, "तिमी" भन्ने शब्दमा जोड दिएको पाइन्छ: "*तिमी* मानिसको पुत्रमाथि विश्वास गर्दछौ?"

त्यसले जवाफ दिई भन्यो, "प्रभु, उहाँ को हुनुहुन्छ? म उहाँमाथि विश्वास गर्नेछु?" (यूह ९:३६)। येशू को हुनुहुन्छ भन्ने कुरा त्यस मानिसलाई अहिलेसम्म थाहा नभएको कारण, यहाँ तिनले उहाँको ईश्वरीय अधिकारलाई स्वीकार गर्न होइन तर आदरस्वरूप आदरवाचक शब्द (जस्तै "सर"; रिभाइज् स्टचाण्डर्ड संस्करण [RSV] हेर्नुहोस्) प्रयोग गरेका छन्। उहाँलाई ईश्वरीय व्यक्तित्वको रूपमा स्वीकार गरेको कुरा ३८ पदमा आउँछ। पहिले, तिनले येशूको बारेमा *सुनेका* थिए, तर उहाँलाई *देखेका* थिएनन्।

त्यस मानिस ग्रहणशील थिए। विश्वास गर्ने व्यक्तिलाई विश्वास नगरोस् भनी निश्चित गर्नको निम्ति संसारको सबै प्रमाणहरू ल्याएर देखाउन सकिन्छ, र पनि ती प्रमाणले तिनको विश्वासलाई हल्लाउने काम गर्दैन। विश्वास बौद्धिकताको प्रतिक्रिया हो, त्यस्तै यो इच्छाको पनि प्रतिक्रिया हो। येशूले तिनलाई भन्नुभयो, "तिमीले उसलाई देखेका छौ, अनि तिमीसँग बोल्ने उही नै हो" (यूह ९:३७)। अर्को शब्दमा, येशूले भन्नुभयो, "तिमीले उसैलाई हेरिरहेको छौ! मानिसको पुत्र *म* नै हुँ!"

जब ख्रीष्टले सो कुरा बताउनुभयो, उसको अन्यौलता हटच्यो। त्यस मानिसले भन्यो, "प्रभु, म विश्वास गर्दछु" (यूह ९:३८क)। तिनको विश्वासको यात्रा पूरा भएको थियो: तिनले प्रभुलाई "येशू भन्ने एक जना मानिस" भनी भनेका थिए (यूह ९:११)। त्यसपछि तिनले उहाँलाई "अगमवक्ता" (यूह ९:१७) र "यी मानिस परमेश्वरबाट" भनी भनेका थिए (यूह ९:३३)। अन्त्यमा, तिनले उहाँलाई "प्रभु" भनी पुकारे। जति हामी एक अर्काको विषयमा जान्दछौं, त्यति नै त्रुटि पत्ता लगाउँछौं। अर्कोतर्फ, जति हामी येशूको बारेमा जान्छौं, "आश्चर्य त्यति नै ठूलो हुँदै जान्छ; र समयमा मात्र होइन तर अनन्ततामा पनि यो सत्य सावित हुन्छ।"[७]

त्यसपछि निको भएको त्यस मानिसले येशूलाई "दण्डवत्" गऱ्यो (यूह ९:३८ख)। येशूले तिनलाई दण्डवत् गर्न अनुमति दिनुभएको कुराले उहाँले आफ्नो ईश्वरीयतालाई इन्कार गर्नुभएन भन्ने कुरालाई उल्लेख गर्दछ (मत्ती ४:१० हेर्नुहोस्)। यो तत्काल दिइएको प्रतिक्रिया थियो। भिखारीलाई दण्डवत गर्न हुकुम दिइएको थिएन। आफ्नो शरीर र आत्मामा ज्योति ल्याउनुहुने व्यक्तिलाई तिनले आराधना गर्न *चाहे*। जब कुनै व्यक्तिले ख्रीष्ट को हो र उहाँले तिनको निम्ति के गर्नुभएको छ सो कुरालाई बुझ्छ, उसले उहाँको आरधना गर्न र उहाँलाई चाहनुबाट आफैलाई रोक्न सक्दैन।

अन्धा मानिसहरू (यूह ९:३९-४१)

यो कथा अझै सकिएको छैन। येशूले विश्वासमा आएको शारीरिक रूपमा अन्धा

---

[७]विलियम बार्क्ले (William Barclay), *द गोस्पल अफ जन,* भोल २ रिभ. एड., द डेली स्टडी बाइबल सेरिज् (फिलादेल्फीया: वेस्टमिन्सटर प्रेस, १९७५), ५२।

व्यक्ति र उहाँमा विश्वास गर्न नचाहने आत्मिक रूपमा अन्धा, फरिसीहरूका बीचमा तुलना गर्नुभयो। त्यस मानिस ख्रीष्टको ज्योतिको नजिकमा आएका थिए, अर्कोतर्फ ख्रीष्टका शत्रुहरू अन्धकारतर्फ टाढिएर गएका थिए।

चंगाइ भएको उक्त मानिसलाई प्रभुले सार्वजनिक स्थलमा भेट्नुभयो भनेर हामीले पहिले नै उल्लेख गरेका छौं। येशूको नाउँ पहिले नै प्रत्येक मानिसको ओठमा थियो (यूह ७:१२), र अब यी बहिस्कार गरिएको मानिसको बारेमा चारैतिर हल्ला फैलियो (यूह ९:३५)। एउटै स्थानमा रहेका यी दुई प्रशिद्ध व्यक्तित्वहरूले अवश्य नै भीडको ध्यान केन्द्रित गर्नुभएको थियो—जसमा, केही समय पहिले भिखारीलाई बहिस्कार गर्ने अनि ख्रीष्टको ज्यान लिन खोज्नेहरू पर्छन् (यूह ९:४०)।

ख्रीष्टले भीडतर्फ फर्केर भन्नुभयो, "म न्यायको लागि यस संसारमा आएँ" (यूह ९:३९क)। उहाँ यो संसारमा आउनुको *कारण* पापीहरूलाई बचाउनु थियो (यूह ३:१७; १२:४७; हेर्नुहोस्: लूका १९:१०), तर उहाँ आउनुभएको घटनाको एउटा *परिणाम* न्याय हो (यूह ५:२२; १२:४८)। ज्योतिले उज्यालो मात्र दिँदैन; यसले पर्दाफास पनि गर्छ।

उहाँ आउनुको यही कारणलाई बताउने क्रमलाई उहाँले जारी राख्नुभयो: "कि नदेख्नेहरूले देखून् र देख्नेहरूचाहिँ अन्धा होऊन्" (यूह ९:३९ख)। शारीरिक अन्धापनलाई आत्मिक अन्धापनसँग तुलना गर्दै ख्रीष्टले सांकेतिक भाषाको प्रयोग गरिरहनुभएको थियो। शारीरिक अन्धापन भएकाहरूलाई देख्न सक्ने बनाउनको निम्ति उहाँ आउनुभएको थियो। अर्कोतर्फ, आफूमा आत्मिक अन्तरदृष्टि भएको कुरा *दाबी* गर्नेहरूका आत्मिक अन्धापनलाई पर्दाफास गर्न समेत उहाँ आउनुभएको थियो।

उहाँको कुरा सुनिरहेका फरिसीहरूले यो कुरा आफूहरूलाई भनिरहेको पो हो कि भनी आशंका गरे। तिनीहरूले भने, "के हामी पनि अन्धा हौं त?" (यूह ९:४०)। अर्को शब्दमा, तिनीहरू यसो भनी चिच्याए, "कतै, तैंले हाम्रो बारेमा त कुरा गरिरहेको छैनस्!" येशूले जवाफ दिनुभयो, "तिमीहरू अन्धा भए ता पापको दोषी हुनेथिएनौ, तर तिमीहरू 'हामी देख्छौं' भन्दछौ, यसकारण तिमीहरूको पाप रहिरहन्छ" (यूह ९:४१)। उहाँले आफ्नो सांकेतिक भाषाको प्रयोगलाई जारी राख्नुभयो। वास्तवमा उहाँले धार्मिक अगुवाहरूलाई भन्नुभयो, "यदि तिमीहरू *शारीरिक* रूपमा अन्धा भएका भए, यसले परमेश्वरसँगको तिमीहरूको सम्बन्धलाई प्रभाव पार्ने थिएन; तर तिमीहरूले आफ्ना *आत्मिक* अन्धापनलाई स्वीकार नगरेसम्म, तिमीहरूका निम्ति कुनै आशा छैन।"

शारीरिक अन्धापनको अवस्था जति डरलाग्दो छ, आत्मिक अन्धापनको परिणामको तुलनामा यो त्यति डरलाग्दो होइन। परमेश्वरद्वारा स्वीकार गरिएको व्यक्ति हुनको निम्ति पूरा गर्नुपर्ने एउटा मापदण्ड हो, इमान्दार हृदय (लूक ८:१५)। हामीले सत्यतालाई प्रेम गर्नै पर्छ (२ थेस २:१०)। हामीले वचनलाई नम्रता पूर्वक ग्रहण गर्नुपर्छ (याकू १:२१)। पूर्वधारणाका कारण धर्मशास्त्रलाई विकृत गर्नबाट हामी होशियार रहनुपर्छ (२ पत्र ३:१६)। कसैले भनेका छन्, "नहेर्ने जत्तिको अन्धा कोही पनि हुँदैन।"

निष्कर्ष

दृष्टि प्राप्त गर्ने मानिसलाई के भयो त्यसको बारेमा हामीलाई बताइएको छैन। सभाघरबाट बहिस्कार गरिएको परिणामलाई विचार गर्ने हो भेने, उनको पछिको जीवन त्यति सहज रहेन, तर फरिसीहरूसँग भएको उसको मुकाबलाले उनमा दृढ निश्चयता ल्याएको थियो।

असल गोठालो र भाडाको मान्छे भन्ने विषयमा शिक्षा (यूह १०:१-२१)

[१]"साँच्चै, म तिमीहरूलाई भन्दछु, जो भेड़ा-गोठको ढोकाबाट भित्र पस्दैन, तर अर्कोपट्टिबाट चढ़ेर पस्छ, त्योचाहिँ चोर र डाँकू हो, [२]तर ढोकाबाट भित्र पस्नेचाहिँ भेड़ाको गोठालो हो। [३]ढोकेले उसको लागि ढोका खोलिदिन्छ, र भेड़ाहरूले उसको सोर सुन्छन्, र उसले आफ्ना भेड़ाहरूलाई नाउँ काढ़ी-काढ़ी बोलाउँछ, अनि तिनीहरूलाई बाहिर लैजान्छ। [४]जब उसले आफ्ना सबै भेड़ाहरूलाई बाहिर निकालिसक्छ, ऊ तिनीहरूका अगिअगि हिँड्छ, र भेड़ाहरूले उसलाई पछ्याउँछन्, किनभने तिनीहरूले उसको सोर चिन्छन्। [५]तर अपरिचित व्यक्तिलाई तिनीहरू पछ्याउँदैनन्, तर त्यसदेखि भाग्नेछन्। किनभने अपरिचित व्यक्तिको सोर तिनीहरूले चिन्दैनन्।" [६]येशूले तिनीहरूलाई यो दृष्टान्त भन्नुभयो, तर उहाँले तिनीहरूलाई भन्नुभएको कुरा तिनीहरूले बुझेनन्। [७]यसकारण येशूले फेरि तिनीहरूलाई भन्नुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, भेड़ाहरूको ढोका मै हुँ। [८]मभन्दा अघि आउने सबै चोर र डाँकूहरू हुन्, तर भेड़ाहरूले तिनीहरूका कुरा सुनेनन्। [९]ढोका म नै हुँ, यदि कोही मानिस मबाट भित्र पस्यो भने त्यो बचाइनेछ, र भित्र-बाहिर आउने-जाने गर्नेछ, र खर्कमा चर्न पाउनेछ। [१०]चोर त चोर्न, मार्न र नाश पार्न मात्र आउँछ। म त तिनीहरूले जीवन पाऊन्, र त्यो प्रशस्त मात्रामा पाऊन् भन्ने हेतुले आएँ। [११]म असल गोठालो हुँ। असल गोठालाले आफ्ना भेड़ाहरूका निम्ति आफ्नो प्राण अर्पण गर्छ। [१२]भाडाको मान्छेचाहिँ भेड़ाहरूको आफ्नै गोठालोजस्तो होइन। त्यसले त ब्वाँसोलाई आएको देखेर भेड़ाहरूलाई छोडी त्यो भाग्छ, र ब्वाँसोले भेड़ाहरूलाई गाँजी लैजान्छ, र तितरबितर पारिदिन्छ। [१३]त्यो भाग्छ, किनभने त्यो भाडाको मान्छे हो, त्यसले भेड़ाको केही वास्ता गर्दैन। [१४]म असल गोठालो हुँ, म आफ्ना भेड़ाहरूलाई चिन्छु, अनि मेरा भेड़ाहरूले मलाई चिन्छन्। [१५]जसरी पिताले मलाई चिन्नुहुन्छ, म पितालाई चिन्छु, अनि म भेड़ाहरूका लागि आफ्नो प्राण अर्पण दिन्छु। [१६]मेरा अरू भेड़ा छन्, जो यस गोठका होइनन्। तिनीहरूलाई पनि मैले ल्याउनुपरेको छ, र तिनीहरूले मेरो सोर सुन्नेछन्, र तिनीहरू एउटै बगाल हुनेछन्, र एउटै गोठालो हुनेछ। [१७]पिताले मलाई यसैकारण प्रेम गर्नुहुन्छ, किनकि म आफ्नो प्राण फेरि फिर्ता लिने हेतुले अर्पण गर्छु। [१८]कसैले मबाट मेरो प्राण लिन सक्दैन, तर म आफ्नै इच्छाले आफ्नो प्राण अर्पण गर्दछु। आफ्नो प्राण अर्पण गर्ने अधिकार मसित छ, अनि फेरि लिने अधिकार पनि मसित छ। यो आज्ञा मैले मेरा पिताबाट पाएको छु।" [१९]यी वचनका कारणले यहूदीहरूमा फेरि मतभेद भयो। [२०]तिनीहरूमध्ये धेरैले भन्दथिए, "यसलाई भूत लागेको छ, र यो बौलाएको छ। तिमीहरू यसको कुरा किन सुन्छौ?" [२१]अरूहरूले भन्दथिए, "भूत लागेको मानिसको कुरा यस्तो हुँदैन। के भूतले अन्धाका आँखा खोल्न सक्तछ र?"

आत्मिक अन्धापनको विषयमा फरिसीहरूलाई येशूले भन्नुभएका शब्दहरूपछि (यूह ९:४०, ४१), उहाँले तुरुन्तै असल गोठालोको बारेमा उपदेश दिनुभयो। १ देखि ५ पदसम्मको भागलाई सामान्यतया "असल गोठालाको दृष्टान्त" भनी भनिन्छ (यूह १०:६ हेर्नुहोस्; किङ्ग जेम्स् संस्करण [KJV])। नयाँ करारमा विभिन्न प्रकारका आख्यानहरूलाई उल्लेख गर्नको निम्ति "दृष्टान्त" शब्दको प्रयोग गरिएको छ भन्ने कुरालाई ध्यान दियौं भने यहाँको खण्डलाई दृष्टान्त भनी स्वीकार गर्न सकिन्छ। पारिभाषिक रूपमा, यूहन्ना १०:१-५ को भाग एउटा रूपक हो। दृष्टान्त भनेको "विस्तृत उपमा" हो (तुलनात्मक शब्द जस्तै, "जस्तो" वा "जस्तै"), र रूपक भनेको विस्तृत उक्ति

हो (एक प्रकारको तुलना जसमा तुलना गर्नको निम्ति शब्द प्रयोग गरिँदैन)। दृष्टान्तले एउटै मात्र सत्यतालाई सिकाउँदछ, र रूपकले धेरै सत्यतालाई सिकाउँदछ। यूहन्नाले "दृष्टान्त" को निम्ति प्रयोग गरिने ग्रीक शब्द (παραβολή, *पाराबोले, parabolē*) प्रयोग गरेका छैनन्। बरु, उनले सामान्य शब्द (παροιμία, *पाराइमिया, paroimia*) प्रयोग गरेका छन्, जसको अर्थ "बाटोको छेउमा" भन्ने हुन्छ। यसको अर्थ सामान्य तरिकाले भाषालाई प्रयोग गर्नुको सट्टा केही फरक तरिकाले प्रयोग गर्ने भन्ने हुन्छ—अर्को शब्दमा, सांकेतिक भाषा। न्यू अमेरिकन स्टयाण्डर्ड बाइबल (NASB) ले ६ पदमा यो शब्दलाई **उरुवान** भनी अनुवाद गरेको छ; न्यू किङ्ग जेम्स् संस्करण (NKJV) ले "उदाहरण" भनी अनुवाद गरेको छ।

ख्रीष्टले दिनुभएको उदाहरणलाई राम्ररी बुझ्नको निम्ति, उहाँका पालामा भेडाहरूलाई गरिने हेरचहारको बारेमा केही व्यख्या गर्न आवश्यक देखिन्छ। दिनको समयमा,भेडाको बथानलाई गोठालाले खुला चौरमा लगेर चराउँथे। रातको समयमा, भेडालाई भेडी गोठमा राखिन्थ्यो। त्यस ठाँउमा प्रचलनमा रहेको भेडी गोठको बनावट, एउटा ढोका भएको छानारहित बारिएको क्षेत्र हुन्थ्यो; यसको वरिपरि खुकुलो ढुङ्गाको वा काँडाको झाडीको बार हुन्थ्यो। कहिलेकहीं एउटै भेडी गोठमा धेरै भेडाका बथानहरू राखिन्थ्यो जसलाई एक जना **ढोकेले** हेरचहार गर्थ्यो (यूह १०:३)। बिहान ढोकेले ढोका खोलेर भेडालाई बाहिर जान दिन्थ्यो। गोठालोले प्रत्येक भेडालाई बोलाउँथे र आफ्ना बथानका भेडाहरू उनकहाँ आउँथे; प्रत्येक भेडाले आफ्नो गोठालाको आवाज चिन्थ्यो। आधारभूत रूपमा, गोठालाहरूले वास्तवमै आफ्ना भेडाहरूको हितमा चासो देखाउँथे; तर, कुनै पनि व्यवसायमा लागू भएजस्तै, केहीको एउटै ध्यान भनेको भेडाको मालिकले तिनीहरूलाई दिने तन्खाहामा हुन्थ्यो। आफूलाई पछ्याउने मानिसहरूलाई उहाँले गर्नुहुने प्रेम र वास्ताको बारेमा एउटा शक्तिशाली शिक्षा दिनको निम्ति येशूले यी विवरणहरूलाई प्रयोग गर्नुभयो। येशूले यो दृष्टान्तलाई उहाँ र आफूलाई परमेश्वरको आत्मिक गोठालो भनी दाबी गर्नेहरूका बीचमा रहेको भिन्नताको बारेमा उल्लेख गर्न प्रयोग गर्नुभयो।

येशूले **"ढोका म हुँ"** भनी भन्नुहुँदा (यूह १०:७, ९), परमेश्वरकहाँ पुग्नको निम्ति एउटै मात्र बाटो भनेको उहाँ हुनुहुन्छ भन्ने कुरालाई जोड दिइरहनुभएको थियो (यूह १४:६ हेर्नुहोस्)। **भित्र-बाहिर आउने-जाने** (यूह १०:९) वाक्य, सुरक्षाको एउटै मार्ग (भेडा भेडी गोठमा जानु) र स्वतन्त्रता र छुटकाराको एउटै मार्ग (भेडा चाउरमा निस्केर जानु) उहाँ नै हुनुहुन्छ भन्ने सांकेतिक अभिव्यक्ति हो। यूहन्ना १० को उदाहरण असामान्य छ, किनभने ख्रीष्टले आफैलाई भेडी गोठको ढोके (यूह १०:७, ९) र भेडा गोठालो भनी उल्लेख गर्नुभयो (यूह १०:११, १४)। अवश्य नै, उहाँ दुवै हुनुहुन्छ—अनि त्योभन्दा बढी। एउटा सांकेतिक भाषाले उहाँको बारेमा सबै कुरालाई उल्लेख गर्न सक्दैन।

येशू किन यो संसारमा आउनुभयो सोबारे सबैभन्दा महान भनाई यूहन्ना १०:१० को पछिल्लो भाग हो। हामीले प्रशस्तताको जीवन पाऊन सकौं भनेर उहाँ आउनुभयो। यसको अर्थ हामीसँग जीवनमा प्रशस्त धनसम्पत्ति अथवा अन्य *थोकहरू* हुन्छन् भन्ने होइन। जिउन योग्य एउटै जीवन भनेको ख्रीष्टमा जिइने जीवन हो।

पद १६ को येशूको वचनप्रति हामी रमाउनु पर्छ: **"मेरा अरू भेड़ा छन्, जो यस गोठका होइनन्। तिनीहरूलाई पनि मैले ल्याउनुपरेको छ, र तिनीहरूले मेरो सोर सुन्नेछन्, र तिनीहरू एउटै बगाल हुनेछन्, र एउटै गोठालो हुनेछ।"** "अरू भेड़ा" भन्नाले यहूदीहरू बाहेकका अन्यजातिहरू हुन्। ख्रीष्टले सबै मानिसलाई प्रेम गर्नुभयो; उहाँले आफ्नो जीवन

सबैका लागि दिनुभयो। उहाँ विश्वव्यापी गोठालो हुनुहुन्छ।

१७ र १८ पदको विषयमा, जोन फ्र्याङ्कलिन कार्टर (John Franklin Carter) ले लेखेका छन्, "उहाँको मर्ने इच्छाको बारेमा, वा उहाँ पुनरुत्थान भई आउने उहाँको शक्तिको पर्याप्तताको बारेमा स्पष्ट भनाइ यहाँ बाहेक, बाइबलमा कहीं पनि पाइँदैन।"[10] उहाँको क्रूसको मृत्यु उहाँले इन्कार गर्न नसक्ने न्यायको कार्य थिएन; यो त उहाँले आफ्ना भेडाका निम्ति दिनुभएको स्वेच्छा-बलिदान थियो।

येशूलाई असल गोठालो भनी उल्लेख गरेको कारण धेरैले यो खण्डको यो भागलाई मन पराउँछन् (यूह १०:११, १४; हेर्नुहोस्: १०:२)। गोठालाको रूपमा ख्रीष्टले आफ्ना भेडालाई चिन्नुहुन्छ र तिनीहरूले उहाँलाई चिन्छन्। उहाँले आफ्ना भेडालाई (यूह १०:१३) "शान्त पानीको छेउमा" र "धार्मिकताको मार्गमा" डोऱ्याउनुहुन्छ (भज २३:२, ३)। उहाँका भेडाहरूले उहाँको सोर चिन्छन् र उहाँलाई पछ्याउँछन् (यूह १०:३, ४)। उहाँको चासो भनेको उहाँको आफ्नो सुरक्षा होइन, तर उहाँका भेडाहरूको सुरक्षा हो (यूह १०:१०)। उहाँले तिनीहरूलाई सुरक्षा दिनुहुन्छ (यूह १०:१२ मा उल्लेख गरिएको) र तिनीहरूका निम्ति मर्नसम्म तयार हुनुहुन्छ (यूह १०:११, १७, १८)।

प्रभुको बलिदानी स्वभावलाई त्यस बेलाका आत्म-सेवी धार्मीक अगुवाहरूसँग तुलना गरिएको छ। तिनीहरू यहूदीहरूका बीचमा परमेश्वरको गोठाला *हुनु पर्ने* थियो, तर तिनीहरू आफ्ना काममा नराम्ररी असफल भएका थिए (हेर्नुहोस्: इज ३४:१-६; यर ३३:१-६; जक ११:४-११; मत्ती ९:३६; मर्कू ६:३४): (१) परमेश्वरको इच्छा अनुसार गर्नको निम्ति मरिमेट्ने गोठालाहरू हुनको सट्टा, तिनीहरू भेडी गोठमा अन्य कुनै तरिकाले छिर्ने र आफ्नै खल्तीको मात्र वास्ता गर्ने चोर र डाँकूहरू बने (यूह १०:१, ८)। (२) भेडालाई चिन्ने र तिनमा व्यक्तिगत रूपले रुचि देखाउने गोठालो बन्नको सट्टा, तिनीहरू वास्तै नगर्ने पराईहरू बने (यूह १०:५)। (३) भेडालाई सुरक्षा दिनको निम्ति खतराको सामना गर्ने गोठालो बन्नको सट्टा (१ शमू १७:३४-३७ हेर्नुहोस्), तिनीहरू आफ्नै सुरक्षामा मात्र चासे देखाउँथे। तिनीहरूको मानसिकता "पैसाको लागि त गरेको हो नि" भन्ने किसिमको थियो; तिनीहरू भेडाको हीत होइन, तर आफ्ना ज्यालामा मात्र चासो राख्थे (यूह १०:११, १२)।

वास्तवमा ख्रीष्टले आफू ज्योति, प्रभु, र अगुवा भएको दाबी गर्नुभयो। उहाँलाई सुन्नेहरूबीच फूट भयो (यूह १०:१९)। केहीले भने, **"यसलाई भूत लागेको छ, र यो बौलाएको छ"** (यूह १०:२०), अरूले भने, **"भूत लागेको मानिसको कुरा यस्तो हुँदैन। के भूतले अन्धाका आँखा खोल्न सक्तछ र?"** (यूह १०:२१)। प्रत्येक व्यक्तिले येशूको बारेमा आफै निर्णय गर्नु पर्छ।

यहूदियामा पछिल्लो सेवकाइ (लूक १०:१—१३:२१)

पछिल्लो यहूदिया सेवकाइको अवधि, छाप्रो-वासको चाडबाट समर्पणको चाडसम्म साढे दुई महिना र रड्यो । यो प्यालेष्टाइनको सबै क्षेत्रमा ख्रीष्टको समाप्ती सेवकाइको पहिलो भाग थियो र यसपछि पेरियन सेवकाइ र यरूशलेमको अन्तिम यात्रा हुन्छ।

यो अवधिको समयाक्रमको बारेमा यसै हो भनी हामी भन्न सक्दैनौं। संयोजित अध्ययनहरूमा, येशूको जीवनको अन्य भागमा भन्दा यो समय अवधिको आधारभूत

---

[10]जोन फ्र्याङ्कलिन कार्टर (John Franklin Carter), *अ लेम्यान्स हार्मनि अफ द गोस्पल* (न्यासभेल: ब्रोडम्यान प्रेस, १९६१), २१०।

मान्यतामा ठूलो अन्तर (वा सबैभन्दा ठूलो अन्तर) रहेको पाइन्छ। उदाहरणको लागि, छाप्रो-वासको चाडको निम्ति यरूशलेममा प्रवेश गर्नुभन्दा पहिले, यहूदामा आइपुग्ने बित्तिकै (लूक १०:१) येशूले सत्तरी जनालाई पठाउनुभयो भनी केहीले विश्वास गर्छन् (यूह ७:१४)। तैपनि, यो हुन सक्ने सम्भावना कम छ किनभने त्यो समयमा, विश्वासयोग्य यहूदीहरू चाडको निम्ति यरूशलेममा नै हुन्थे। अन्यले सत्तरीको मिसनलाई यूहन्ना ८:५९ र यूहन्ना ९:१ को बीचमा राख्छन्। कतिपयले के पनि विचार गर्छन् भने, लूका १०:१३, १५ ले गालीलका सहरहरूका बारेमा उल्लेख गर्ने हुँदा, सत्तरी जनालाई पठाइएको विवरण महान गालील सेवकाइमा राख्नु उचित हुन्छ। दुई भागमा रहेको यस अध्ययनमा, पहिले हामीले यूहन्ना ७:१४—१०:२१ को यूहन्नाको विवरणलाई समावेश गऱ्यौं र अब यहूदामा येशूको पछिल्ला कामको विषयमा लूकाले समावेश गरेको विवरणलाई अध्ययन गर्नेछौं। (यो अवधिमा घटेका हुनसक्ने लूक ११:१४-३६ मा उल्लेख गरिएको केही घटनाहरू, अन्य सुसमाचारका पुस्तकहरूमा उल्लेख गरिएका उस्तै घटनाहरूलाई उल्लेख गर्ने क्रममा समावेश गरिएको छ।)

ख्रीष्टले बिभिन्न समुदायका बीचमा गर्नुभएको कार्यलाई यस खण्डले समावेश गर्छ। यूहन्ना १०:११, १४ मा प्रभुले आफैलाई असल गोठालो भनी परिचित गर्नुभयो, अब हामी, सबै मानिसहरूप्रति असल गोठालोको वास्ताबारे हेर्नेछौं।

येशू र सत्तरी चेलाहरू (लूक १०:१-२४)

[१]यसपछि प्रभुले अरू सत्तरी जनालाई नियुक्त गर्नुभयो, र आफू जान लाग्नुभएको हरेक सहर र गाउँमा आफूभन्दा अगाडि तिनीहरूलाई दुई-दुई जना गरी पठाउनुभयो। [२]उहाँले तिनीहरूलाई भन्नुभयो, "फसल त प्रशस्त छ, तर खेतालाहरू थोरै छन्। यसकारण फसलका प्रभुलाई प्रार्थना गर, र उहाँले आफ्नो फसलमा खेतालाहरू पठाइदेऊन्। [३]जाओ, हेर, म तिमीहरूलाई ब्वाँसाहरूका बीचमा भेड़ाका पाठाहरूझैँ पठाउँछु। [४]न त पैसाको थैली, न झोली, न जुत्ता बोक, न बाटोमा कसैलाई अभिवादन गर। [५]जुन घरमा पस्छौ पहिले भन, 'यस घरलाई शान्ति होस्!' [६]यदि त्यहाँ शान्तिप्रिय मानिस रहेछ भने तिमीहरूको शान्ति त्यससँग रहनेछ, तर रहेनछ भने त्यो शान्ति तिमीहरूकहाँ नै फर्किआउनेछ। [७]तिनीहरूले दिएका थोकहरू खानपान गरेर त्यसै घरमा बस। किनभने खेताला आफ्नो ज्यालाको योग्य हुन्छ। घर-घर नपसी हिँड़। [८]जब तिमीहरू कुनै सहरमा पस्छौ, र तिनीहरूले तिमीहरूलाई स्वागत गर्छन्, तब तिमीहरूका सामु राखिदिएको भोजन खाओ, [९]त्यहाँ भएका रोगीहरूलाई निको पार, र तिनीहरूलाई भन, 'परमेश्वरको राज्य तिमीहरूका नजिक आइपुगेको छ।' [१०]तर जब तिमीहरू कुनै सहरमा पस्छौ, र तिनीहरूले तिमीहरूलाई स्वागत गर्दैनन्, तब निस्केर त्यस सहरका सड़कहरूमा जाओ, र भन, [११]'हाम्रा खुट्टामा टाँसिएको तिमीहरूका सहरको धूलोसमेत हामी तिमीहरूका विरुद्धमा टकटक्याउँछौं। तापनि यो जान, कि परमेश्वरको राज्य नजिकै आइपुगेको छ।' [१२]म तिमीहरूलाई भन्दछु, त्यस दिन त्यस सहरको भन्दा सदोमको हालत सहनीय हुनेछ। [१३]धिक्कार तँलाई, खोराजीन! धिक्कार तँलाई, बेथसेदा! किनकि तिमीहरूमा भएका सामर्थ्यका काम टुरोस र सीदोनमा गरिएको भएदेखि तिनीहरूले अघि नै भाङ्ग्रा लाएर खरानीमा बसी पश्चात्ताप गर्नेथिए। [१४]तर न्यायको दिनमा तिमीहरूको भन्दा त टुरोस र सीदोनको हालत सहनीय हुनेछ। [१५]अनि तँ, कफर्नहुम! के तँ आकाशमा उचालिने र? तँ पातालमा खसालिनेछस्। [१६]जसले तिमीहरूका कुरा सुन्छ, त्यसले मेरो कुरा सुन्छ। जसले

तिमीहरूलाई अस्वीकार गर्दछ, त्यसले मलाई अस्वीकार गर्दछ, र जसले मलाई अस्वीकार गर्दछ, त्यसले मलाई पठाउनुहुनेलाई अस्वीकार गर्दछ।" [१७]ती सत्तरी जना आनन्दसाथ फर्केर आई यसो भने, "प्रभुज्यू, तपाईंको नाउँमा भूतहरू पनि हाम्रा वशमा आउँछन्।" [१८]उहाँले तिनीहरूलाई भन्नुभयो, "मैले शैतानलाई स्वर्गबाट बिजुलीझैँ खसिरहेको देखें। [१९]मैले तिमीहरूलाई सर्पहरू र बिच्छीहरू कुल्चने र शत्रुको सारा शक्तिमाथि अधिकार दिएको छु, र कुनै कुराले तिमीहरूलाई हानि गर्नेछैन। [२०]तापनि दुष्टात्माहरू तिमीहरूको वशमा छन् भनेर रमाउने होइन, तर तिमीहरूका नाउँ स्वर्गमा लेखिएका छन् भनेर नै रमाओ।" [२१]त्यही बेला येशू पवित्र आत्मामा उल्लसित हुनुभयो, र भन्नुभयो, "हे पिता, स्वर्ग र पृथ्वीका परमप्रभु, म तपाईंमा धन्यवाद चढ़ाउँछु, किनकि तपाईंले यी कुरा बुद्धिमान् र समझदारबाट गुप्त राखेर बालकहरूलाई प्रकट गर्नुभयो। किनकि, पिता, तपाईंलाई यही असल लाग्यो। [२२]मेरा पिताले सबै थोक मलाई सुम्पिदिनुभएको छ। पुत्र को हो भनी पिताबाहेक कसैले जान्दैन। पिता को हुनुहुन्छ भनी पुत्रले बाहेक, र पुत्रले उहाँलाई जसकहाँ प्रकट गर्ने इच्छा गर्दछ, त्यसले बाहेक अरू कसैले जान्दैन।" [२३]चेलाहरूतिर फर्केर उहाँले तिनीहरूलाई गुप्तमा भन्नुभयो, "धन्य हुन् ती आँखा, जसले तिमीहरूले देखेका यी कुराहरू देख्तछन्। [२४]किनकि म तिमीहरूलाई भन्दछु, धेरै अगमवक्ताहरू र राजाहरूले तिमीहरूले जे देख्तछौ, ती देख्ने इच्छा गरेका थिए, तर देखेनन्, र जे तिमीहरूले सुन्दछौ ती सुन्ने इच्छा गरेका थिए, तर सुनेनन्।"

पछिल्लो यहूदिया सेवकाइ, महान गालील सेवकाइ जस्तै रह्यो र उस्तै शिक्षाहरू समावेश गरियो। यो समानतालाई अपेक्षा गर्न सकिन्छ। प्रभु नयाँ मानिसहरूका समूहकहाँ जानुभएको थियो त्यसैले उहाँले उही शिक्षालाई दोहोऱ्याउनुभयो। महान गालील सेवकाइको अवधिमा, ख्रीष्टले बाह्रलाई सीमित आज्ञा दिई पठाउनुभएको थियो (मत्ती १०:१-४२)। हालको खण्डमा, उहाँले उस्तै किसिमको यहूदिया अभियानको आयोजना गर्नुभयो: **यसपछि प्रभुले अरू सत्तरी जनालाई नियुक्त गर्नुभयो, र आफू जान लाग्नुभएको हरेक सहर र गाउँमा आफूभन्दा अगाडि तिनीहरूलाई दुई-दुई जना गरी पठाउनुभयो** (लूक १०:१)। केही प्राचीन हस्तलिपीहरूले, उहाँले अन्य बहत्तरलाई पनि नियुक्त गर्नुभयो भनी बताउँछ (न्यू इन्टरनेशनल संस्करण [NIV] हेर्नुहोस्)।

यी दुई प्रचार अभियानका बीचमा धेरै समानता र केही भिन्नताहरू रहेका छन्। एउटा भिन्नता के थियो भने बाह्रको *काम* गालीलमा गरिने सामान्य सेवकाइ थियो भने सत्तरी जनाको मिसन यहूदियामा प्रभुको सेवकाइको *तयारी* सेवकाइ थियो।

यी सत्तरी को थिए भनेर हामीलाई थाहा छैन, तर प्रभुलाई थाहा छ (लूक १०:२०)। अनुत्प्रेरित परम्परा अनुसार, पछि यहूदाको (प्रे १:२३) बदलामा सम्भावित उम्मेदवारको रूपमा नाम दिइएको दुई जना यी सत्तरी जनाको समूहमा सहभागी थिए। वास्तवमा, ख्रीष्टले सत्तरीलाई तयार गर्नुभएको कुरा महत्त्वपूर्ण छ। गालीलमा, उहाँको लोकप्रियता चुलीमा पुग्यो अनि फेरि खस्कियो। धेरै चेलाहरूले त्यागे र उहाँसँग हिँड्न छाडे (यूह ६:६६)। यहूदामा, उहाँको सेवकाइप्रतिको चासो बढेको थियो। फेरि, उहाँको वरिपरि ठूला भीड जम्मा हुन थाल्यो (लूक १२:१ हेर्नुहोस्)। ख्रीष्ट अब उप्रान्त गोपनियताको बारेमा चासो दिन छाड्नुभएको थियो, र उहाँलाई सुन्नेहरूलाई उहाँले ध्यान दिनुभयो। यहूदी अधिकारीहरूसँग हुने उहाँको विवाद र उहाँको मृत्युतर्फ उहाँ दृढताकासाथ पाइला चाल्दै हुनुहुन्थ्यो। यो हर्षउल्लासको चरमचुली स्वरूप यरूशलेमको विजय-प्रवेश भयो (मत्ती २१:१-११)।

यहूदियाको मिसनको निम्ति गरिएको प्रबन्ध व्यवहारिक रूपमा गालीलको सेवकाइको जस्तै रह्यो। खेतालाहरूलाई दुई जनाको समूहमा पठाइयो (लूक १०:१; हेर्नुहोस्: मर्कू ६:७)। येशूले तिनीहरूलाई निको पार्ने र भूतहरू धपाउने शक्ति दिनुभयो (लूक १०:९, १७, १९; हेर्नुहोस्: मत्ती १०:८)। तिनीहरूको आधारभूत सन्देश, परमेश्वरको राज्य तिमीहरूका नजिक आइपुगेको छ भन्ने थियो (लूक १०:९; हेर्नुहोस्: मत्ती १०:७)। व्यक्तिगत रूपमा के-कस्तो व्यवहार गर्ने सो विषयमा दिइएको निर्देशनहरू बाह्र जनालाई दिइएको सँग लगभग मिल्थ्यो। निम्न खण्डहरूलाई तुलना गर्नुहोस्:

लूका १०:२ / मत्ती ९:३७, ३८
लूका १०:३ / मत्ती १०:१६
लूका १०:४ / मत्ती १०:११-१३
लूका १०:५-८ / मत्ती १०:११-१३
लूका १०:९ / मत्ती १०:७, ८
लूका १०:१०, ११ / मत्ती १०:१४
लूका १०:१२ / मत्ती १०:१५
लूका १०:१३-१५ / मत्ती ११:२०-२४
लूका १०:१६ / मत्ती १०:४०

ख्रीष्टले दिनुभएको निर्देशनहरूलाई यसरी संक्षिप्त गर्न सकिन्छ: "काम अर्जेन्ट छ! केही कुराले पनि तिमीहरूलाई नरोकोस्! परमप्रभुमा भरोसा गर!"

जब सत्तरी जना फर्के, तिनीहरू उत्साहले भरिएका थिए। तिनीहरू **आनन्दसाथ फर्केर आई यसो भने "प्रभुज्यू, तपाईंको नाउँमा भूतहरू पनि हाम्रा वशमा आउँछन्"** (लूक १०:१७)। ख्रीष्टले टिप्पणी गर्नुभयो, **"मैले शैतानलाई स्वर्गबाट बिजुलीझैँ खसिरहेको देखें"** (लूक १०:१८)। शैतान "बिजुलीझैँ खसेको" कुराले दुष्टको जन्म कसरी भयो भन्ने कुरालाई होइन, तर येशू र उहाँका चेलाहरूका कामको परिणामस्वरूप त्यसको शक्तिमा ह्रास आएको कुरालाई उल्लेख गर्दछ। जे. डब्ल्यू. म्याकगर्भे (J. W. McGarvey) ले लेखेका छन्,

> [*"देखें"*] भन्ने भावले सत्तरी जनाले विवरण दिए अनुसार अशुद्ध आत्माहरूमाथि गरिएको विजयलाई उल्लेख गर्दछ। तिनीहरूका सफलतामा येशूले शैतानलाई उचाइबाट बिजुलीको बेगमा खसेको देख्नुभयो। त्यसपछि शैतानको पतन बिस्तारै हुँदै गइरहेको छ—यूहन्ना १६:११; १२:३१।[11]

ख्रीष्टले सत्तरीलाई "सर्पहरू र बिच्छीहरू कुल्चने" अधिकार दिनुभएको थियो (लूक १०:१९)। अर्थात्, दुष्ट शक्तिहरूमाथि तिनीहरूको शक्ति थियो—तर येशूले भन्नुभयो, **"तापनि दुष्टात्माहरू तिमीहरूको वशमा छन् भनेर रमाउने होइन, तर तिमीहरूका नाउँ स्वर्गमा लेखिएका छन् भनेर नै रमाओ"** (लूक १०:२०)। पुरानो करार र नयाँ करार दुवैले "जीवनको पुस्तक," परमेश्वरको विश्वासयोग्य जनहरूको सूचीको बारेमा बताउँदछ (भज ६९:२८; फिलि ४:३; प्रका २१:२७)। आफ्नो नाम "स्वर्गमा लेखिनु" जत्तिको

---

[11]जे. डब्ल्यू. म्याकगर्भे र फिलिप वाई. पेण्ड्लेटन (J. W. McGarvey and Philip Y. Pendleton), *द फोरफोल्ड अफ गोस्पल अर हार्मनी अफ फोर गोस्पलस्* (सिन्सिनाटी:स्टयाण्डर्ड पब्लिसिङ को., १९१४), ४७३।

महत्त्वपूर्ण केही पनि हुँदैन।

यो भाग येशूले खुशी मनाउनुभएको घटना सँगै समाप्त भयो। यी इमानदार चेलाहरूमाझ परमेश्वरले आफ्नो इच्छा प्रकट गर्नुभएकोमा उहाँले परमेश्वरको प्रशंसा गर्नुभयो (लूक १०:२१-२४; हेर्नुहोस्: मत्ती ११:२५-२७; १३:१७)।

येशू र व्यवस्थाका पण्डित (असल सामरीको दृष्टान्त) (लूक १०:२५-३७)

२५व्यवस्थाका एक जना पण्डित उहाँको परीक्षा गर्न खड़ा भए, र यो प्रश्न गरे,
"गुरुज्यू, अनन्त जीवन प्राप्त गर्न मैले के गर्नुपर्छ?" २६उहाँले तिनलाई भन्नुभयो,
"व्यवस्थामा के लेखिएको छ? तिमीले के पढ़्यौ?" २७तिनले भने, "तैंले परमप्रभु, आफ्ना
परमेश्वरलाई आफ्नो सारा हृदयले, आफ्नो सारा प्राणले, आफ्नो सारा समझले र आफ्नो
सारा मनले प्रेम गर्, र आफ्नो छिमेकीलाई आफैलाई झैँ प्रेम गर्।" २८उहाँले तिनलाई
भन्नुभयो, "तिमीले ठीक जवाफ दियौ। त्यसै गर, र तिमी जिउनेछौ।" २९तर तिनले
आफूलाई धार्मिक देखाउने इच्छा गरेर येशूलाई भने, "मेरो छिमेकीचाहिँ को हो त?"
३०येशूले जवाफ दिनुभयो, "एक जना मानिस यरूशलेमबाट यरीहोतिर जाँदैथियो। त्यो
डाँकूहरूको फेला पऱ्यो। तिनीहरूले त्यसलाई नाङ्गै पारेर पिटे, र अधमरो पारी छोड़ेर
गए। ३१संयोगले एक जना पूजाहारी त्यही बाटो भएर जाँदैथियो, र त्यो अधमरो मान्छेलाई
देखेर त्यो अर्कोपट्टि तर्केर गयो। ३२त्यसै गरी एक जना लेवी पनि त्यस ठाउँमा आएर
त्यसलाई देखेपछि अर्कोपट्टि तर्केर गयो। ३३तर एक जना सामरी उसको यात्रामा जाँदैगर्दा
त्यो मान्छे भएको ठाउँमा आइपुग्यो, र त्यसलाई देखेर उसको मन दयाले भरियो। ३४र
त्यसकहाँ गएर तेल र दाखमद्य लगाएर त्यसका घाउहरूमा पट्टी बाँधिदियो, र आफ्नै
गधामाथि चढ़ाएर त्यसलाई एउटा पौवामा ल्याई त्यसको हेरचाह गऱ्यो। ३५भोलिपल्ट
उसले चाँदीका दुई सिक्का पौवाको मालिकलाई दिएर भन्यो, 'यिनको हेरचाह गर, र अरू
बढ़ी खर्च लागे म फर्केर आउँदा तिमीलाई तिरिदिनेछु'।" ३६येशूले सोध्नुभयो, "तिम्रो
विचारमा यी तीन जनामध्ये डाँकूहरूका हातमा पर्ने मानिसको छिमेकी कुनचाहिँ
ठहरियो?" ३७तिनले भने, "त्यस मानिसमाथि दया देखाउनेचाहिँ।" तब येशूले तिनलाई
भन्नुभयो, "जाऊ, तिमी पनि त्यसै गर।"

एक दिन येशूले शिक्षा दिइरहनुभएको बेला, ख्रीष्ट र भीडको ध्यान आफूमा खिच्न भनी (लूक १०:२५क) **व्यवस्थाका एक जना पण्डित खडा** भयो। यिनी "व्यवस्थाको विज्ञ" भनी परिचित थिए (लूक १०:२५क; न्यू इन्टरनेशनल संस्करण [NIV])—नागरिक कानूनको होइन, तर मोशाको व्यवस्थाको। तिनले प्रभुलाई प्रश्न गरे, **"गुरुज्यू, अनन्त जीवन प्राप्त गर्न मैले के गर्नुपर्छ?"** (लूक १०:२५ग)। योभन्दा महत्त्वपूर्ण अरू प्रश्न हुन सक्दैन; दुर्भाग्यवश, यी व्यक्ति मुक्तिप्रति चासो राख्ने व्यक्ति थिएनन्। येशूलाई "गुरुज्यू" भनी सम्बोधन गरी तिनले ख्रीष्टलाई आदर गरेको नाटक मात्र गरिरहेका थिए। त्यस मानिसले [ख्रीष्टलाई] **परिक्षा गर्ने** विचार गरेको थियो (लूक १०:२५ख)। तिनको उद्देश्य भनेको "येशूको धर्मनिष्ठतालाई जाँच्नु" थियो (लिभिङ बाइबल [LB])।

प्रभुले तिनलाई उल्टै प्रश्न गर्नुभएपछि शायद तिनी तर्सिए: **"व्यवस्थामा के लेखिएको छ? तिमीले के पढ़्यौ?"** (लूक १०:२६)। येशूको मृत्यु भइन्जेलसम्म व्यवस्था लागू भइरहेको थियो (कल २:१४, १६, १७), त्यसैले प्रभुले आफूलाई प्रश्न गर्ने व्यक्तिलाई

उक्त स्रोतमा हेर्नू भनी भन्नुभयो। ("अनन्त जीवन प्राप्त गर्न मैले के गर्नुपर्छ?" भन्ने प्रश्नको उत्तर क्रूसको यो भागमा फरक हुन्छ।) सबैले तिनलाई हेरिरहेको अवस्थामा, यदि व्यवस्थाको पण्डितले येशूको प्रश्नको जवाफ नदिएका भए तिनी मूर्ख साबित हुनेथिए। **तिनले भन्यो, "तैंले परमप्रभु, आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, आफ्नो सारा प्राणले, आफ्नो सारा समझले र आफ्नो सारा मनले प्रेम गर्, र आफ्नो छिमेकीलाई आफैलाई झैँ प्रेम गर्"** (लूक १०:२७)। पछि येशूलाई "व्यवस्थामा महान्आज्ञा कुन हो" भनी प्रश्न गरिँदा उहाँले यस्तै प्रतिक्रिया दिनुभयो (मत्ती २२:३६; हेर्नुहोस्: लूक १०:३५-४०)। व्यवस्थाका पण्डित र ख्रीष्ट दुवैले व्यवस्था ६:५ र लेवी १९:१८ बाट बोल्नुभयो।

येशूले तिनलाई भन्नुभयो, **"तिमीले ठीक जवाफ दियौ। त्यसै *गर,* र तिमी जिउनेछौ"** (लूक १०:२८; जोड दिइएको छ)। नियमकै रूपमा, व्यवस्थाका यी पण्डित सिद्धान्तमा पोख्त थिए तर ती सिद्धान्तलाई व्यवहारमा लागू गर्नमा उनी पछि परेका थिए। जान्नु एउटा कुरा हो; त्यसलाई व्यवहारमा गरेर देखाउनु अर्को कुरा हो।

ती व्यवस्थाका पण्डितले चाहेजस्तो गरी त्यस घटनाको अवस्था परिवर्तन भइरहेको थिएन। येशूको निम्ति थापेको पासोमा उनी आफै परे। प्रतिरक्षा स्वरूप (व्यवस्थाका पण्डितले **आफूलाई धार्मिक** गर्न चाहेका थिए), तिनले प्रश्न गरे, **"मेरो छिमेकीचाहिँ को हो त?"** (लूक १०:२९)। यो प्रश्नको कारण ख्रीष्टले भन्नुभएको दृष्टान्तहरूमध्ये सबैभन्दा प्रचलित र सबैले मन पराउने एउटा दृष्टान्तको जन्म भयो: यो दृष्टान्तलाई "असल सामरी" भनी भनिन्छ (लूक १०:३०-३७)। एच. आई. हेस्टर (H. I. Hester) ले भनेका छन्, "एक जना पाखण्डीको प्रश्नद्वारा सृजना भएको ... यो सुन्दर कथाका कारण अन्य कुनै पनि वचनले भन्दा बढी अस्पतालहरू र अन्य [सेवा प्रदायक] संस्थाहरूको निर्माण भएका छन्।"[12] येशूको जीवनको यो अवधिमा बताइएको दृष्टान्तहरूको श्रृंखलाको पहिलो दृष्टान्त यही हो; यी दृष्टान्तहरू लूकाको पुस्तकमा मात्र पाइन्छ।

पूजाहारी र लेवीले घाइतेलाई बेवास्ता गरेको र एक जना सामरीले तिनलाई सहायता गरेको कुरा बताइसक्नुभएपछि, येशूले यो प्रश्न गर्नुभयो **"तिम्रो विचारमा यी तीन जनामध्ये डाँकूहरूका हातमा पर्ने मानिसको छिमेकी कुनचाहिँ ठहरियो?"** (लूक १०:३६)। यहूदी व्यवस्थाका पण्डितले "सामरी" भनी भन्न सकेनन्। तिनले जवाफ दिए, **"त्यस मानिसमाथि दया देखाउनेचाहिँ"** (लूक १०:३७क)। "मेरो छिमेकी को हो?" भन्ने प्रश्नको उत्तर थियो "खाँचोमा हुने जो-कोही—चाहे त्यो तुच्छ शत्रु नै किन नहोस्।"

येशूले त्यस मानिसको आँखामा हेरी भन्नुभयो, **"जाऊ, तिमी पनि त्यसै गर"** (लूक १०:३७ख)। शायद, व्यवस्थाका ती पण्डित अनुहार रातो पारेर हिँडे।

यहूदीहरूले सामरीहरूलाई कति धेरै घृणा गर्थे ध्यान दिनुहोस् (यूह ४:९)। सामरीहरूले ख्रीष्टलाई इन्कार गरेको धेरै भएको थिएन भन्ने कुरालाई याद गर्ने हो भने यो कथा झनै उल्लेखनीय बन्छ (लूक ९:५२, ५३)।

येशू, मरियम, र मार्था (लूक १०:३८-४२)

३८उहाँहरू जाँदैगर्नुहुँदा उहाँ कुनै एउटा गाउँमा पस्नुभयो, र मार्था नाउँ भएकी एउटी स्त्रीले उहाँलाई आफ्नो घरमा स्वागत गरिन्। ३९मरियम नाउँ भएकी तिनकी एउटी बहिनी थिइन्। तिनी येशूका पाउनेर बसेर उहाँको वचन सुन्दथिन्। ४०तर मार्था सेवा-सत्कारको

---

[12]हेस्टर (Hester), १६७।

धेरै काममा अल्झेकी थिइन्। तिनले येशूकहाँ आएर भनिन्, "प्रभुज्यू, मेरी बहिनीले सेवा-सत्कारको काममा मलाई एकलै पारेकी छिन्, तपाईं वास्ता राख्नुहुन्न? त्यसलाई भनिदिनोस्, र त्यसले मलाई सघाओस्।" [४१]तर येशूले जवाफ दिएर तिनलाई भन्नुभयो, "मार्था, मार्था, तिमी धेरै कुराका विषयमा चिन्ता गर्छ्यौ, र व्याकुल हुन्छ्यौ। [४२]तर आवश्यकता एउटै कुराको छ, त्यही असल कुरा मरियमले छानेकी छे, जो तिनीबाट खोसिनेछैन।"

येशू र उहाँका चेलाहरू यहूदामा यात्रा गर्ने क्रममा, उहाँहरू बेथानिया भन्ने गाउँमा आइपुग्नुभयो (लूक १०:३८-४२ ले सहरको नाम उल्लेख गर्दैन, तर यूह ११:१ ले मरियम र मार्था बेथानियामा बस्थे भनी बताउँदछ)। बेथानिया यरूशलेमबाट दक्षिण-पूर्वतर्फ लगभग दुई माइल टाढा पर्ने, जैतून डाँडाको पूर्वी भागमा पर्थ्यो। (परिशिष्ट २ मा "ख्रीष्टको जीवनको समयमा प्यालेष्टाइन" को नक्सा हेर्नुहोस्।) येशूका तीन जना मित्रहरू त्यहाँ बस्थे: लाजरस र उनका दुई दिदीबहिनीहरू, मार्था र मरियम (लूक १०:३८, ३९; हेर्नुहोस्: यूह ११:१, २)। **मार्था नाउँ भएकी एउटी स्त्रीले उहाँलाई *आफ्नो* घरमा स्वागत गरिन्** भनी धर्मशास्त्रले बताउँदछ (जोड दिइएको छ)। शायद तिनी तीन दाजुभाइ-दिदिबहिनीमध्ये सबैभन्दा जेठी थिइन्।

मार्थाले प्रभुलाई आफ्नो घरमा स्वागत गरेपछि, उनी भोजको तयारी गर्नमा व्यस्त भइन् (लूक १०:४०)। उनी व्यस्त भएको बेला, मरियम **बसेर उहाँको वचन सुन्दथिन्** (लूक १०:३९)। आफ्नी बहिनीले आफूलाई सहायता नगरेकोमा मार्थाले गुनासो गरेपछि, ख्रीष्टले भन्नुभयो, **"मार्था, मार्था, तिमी धेरै कुराका विषयमा चिन्ता गर्छ्यौ, र व्याकुल हुन्छ्यौ। तर आवश्यकता एउटै कुराको छ, त्यही असल कुरा मरियमले छानेकी छे, जो तिनीबाट खोसिनेछैन"** (लूक १०:४१, ४२)।

"आवश्यकता एउटै कुराको छ" भन्ने वाक्यको अर्थ "एक प्रकारको *खाना* भए पर्याप्त हुनेथियो, किन तिमी धेरै प्रकारका खानेकुरा तयार गरिरहन्छौ?" भन्ने हो भनी केहीले विचार गर्छन्। तैपनि, प्रभुको वचनको अर्थ अवश्य नै, धेरै कुरा *असल* छन्, तैपनि एउटै कुरा *अत्यावश्यक* छ भन्ने हो: अनि त्यो हो, प्राणको हेरचहार।

के ख्रीष्टले अथितिसत्कार, खानपानको तयारी, वा कडा मेहनतलाई बेकार हुन् भनी भनिरहनुभएको थियो? होइन। सही समय र सही स्थानमा यी सबै कुरा असलै हुन्छन्। बरु, कुनै कुरालाई *प्राथमिकताको* आधारमा स्थान दिनु पर्ने आवश्यकताको बारेमा उहाँले जोड दिइरहनुभएको थियो। कुन कुरा असल हो र कुनचाहिँ सबैभन्दा उत्तम हो त्यसलाई छनौट गर्नु जीवनको चुनौतीहरूमध्येको एक हो। जब हामी अस्थाई र क्षणिक कुराहरूप्रति तनावग्रस्त बन्छौं, त्यस्तो अवस्थामा हामीले "आवश्यकता *एउटै* कुराको हुन्छ" भन्ने कुरालाई याद गर्नुपर्छ।

येशू र उहाँका चेलाहरू (प्रार्थनाको विषयमा शिक्षा) (लूक ११:१-१३)

[१]उहाँ कुनै एक ठाउँमा प्रार्थना गरिरहनुभएको थियो। उहाँले प्रार्थना गरिसक्नुभएपछि चेलाहरूमध्ये एक जनाले उहाँलाई भने, "हे प्रभु, यूहन्नाले आफ्ना चेलाहरूलाई सिकाएझैँ हामीलाई पनि प्रार्थना गर्न सिकाउनुहोस्।" [२]उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूले प्रार्थना गर्दा यसो भन, 'हे पिता, तपाईंको नाउँ पवित्र गरिओस्, तपाईंको राज्य आओस्। [३]हाम्रो दैनिक भोजन हामीलाई प्रतिदिन दिनुहोस्। [४]हाम्रा पाप हामीलाई क्षमा गरिदिनुहोस्,

किनकि हामी पनि हाम्रा विरुद्धमा अपराध गर्नेहरूलाई क्षमा गर्दछौं। हामीलाई परीक्षामा नलैजानुहोस्'।" ५अनि उहाँले तिनीहरूलाई भन्नुभयो, "मानिलेओ, तिमीहरूमध्ये कसैको एक जना मित्र छ। तिनी मध्यरातमा उनीकहाँ गएर भन्दछन्, 'मित्र, मलाई तीन वटा रोटी पैँचो देऊ। ६किनकि मेरा एक जना साथी यात्राबाट मकहाँ आएका छन्, र तिनलाई खान दिन मसँग केही छैन।' ७उनले भित्रबाट जवाफ दिएर भन्छन्, 'मलाई नभिँज्याऊ। ढोका अब बन्द भइसकेको छ, र मेरा केटाकेटीहरू मसँग ओछ्यानमा छन्। म उठेर तपाईंलाई केही दिन सक्दिनँ।' ८म तिमीहरूलाई भन्दछु, मित्रताको नाताले उनले उठेर तिनलाई केही नदेलान्, तर तिनले खुरन्धार मागिरहेकाले उठेर उनले खाँचो परे जति तिनलाई दिनेछन्। ९म तिमीहरूलाई भन्दछु, माग, त तिमीहरूलाई दिइनेछ। खोज, त तिमीहरूले भेट्टाउनेछौ। ढकढक्याओ, त तिमीहरूका निम्ति खोलिनेछ। १०किनकि हरेक जसले माग्छ त्यसले पाउँछ, जसले खोज्छ त्यसले भेट्टाउँछ, र जसले ढकढक्याउँछ त्यसको निम्ति खोलिनेछ। ११तिमीहरूमध्ये कुनचाहिँ बुबा होला, जसको छोराले रोटी माग्दा त्यसलाई ढुङ्गा देला, कि माछा माग्दा माछाको सट्टा सर्प देला? १२अथवा अण्डा माग्दा त्यसलाई बिच्छी देला? १३तिमीहरू दुष्ट भईकन आफ्ना छोराछोरीहरूलाई असल थोकहरू दिन जान्दछौ भने, तिमीहरूका स्वर्गीय पिताले उहाँसँग माग्नेहरूलाई कति बढ़ी गरेर पवित्र आत्मा दिनुहुन्छ।"

येशूले जहिल्यै पनि अरूलाई सहयोग गर्ने प्रयास गर्नुहुन्थ्यो त्यस्तै उहाँले प्रेरितहरूको निर्देशनलाई पनि बेवास्ता गर्नुभएन। एक दिन, उहाँले प्रार्थना गरिसक्नुभएपछि, चेलाहरूमध्ये एक जनाले यसो भनी अनुरोध गऱ्यो, **"हे प्रभु, यूहन्नाले आफ्ना चेलाहरूलाई सिकाएझैँ हामीलाई पनि प्रार्थना गर्न सिकाउनुहोस्"** (लूक ११:१)। लूका ५:३३ ले, यूहन्नाका चेलाहरूले प्रार्थना गर्थे भनी उल्लेख गर्दछ, तर यूहन्नाले आफ्ना चेलाहरूलाई प्रार्थनाका विषयमा कहिले र के सिकाए त्यसको बारेमा हामीसँग विवरण छैन। यहूदी शिक्षकहरूले आफ्ना चेलाहरूलाई प्रार्थना गर्न सिकाउने सामान्य परिपाटी त्यसबेला थियो।

पहिले डाँडाको उपदेशमा दिनुभएको नमूना प्रार्थनालाई ख्रीष्टले दोहोऱ्याउनुभयो (लूक ११:२-४; मत्ती ६:९-१३ सँग तुलना गर्नुहोस्)। यी दुई विवरणहरूमा फरक शब्दहरू रहेको तथ्यले, हामीले प्रार्थनालाई कण्ठ गरोस् भनी प्रभुले कहिल्यै सिकाउनुभएको थिएन भन्ने कुरालाई संकेत गर्दछ।

उहाँले यसपछि प्रार्थनाको महत्त्व र यसलाई निरन्तरता दिनुपर्ने आवश्यकताको बारेमा सामान्य शिक्षा दिनुभएको छ। उहाँले भन्नुभएका धेरैजसो वचनहरू, पहिलेको शिक्षासँग मिल्दो-जुल्दो छ (लूक ११:९-१३ लाई मत्ती ७:७-११ सँग तुलना गर्नुहोस्) र केही थप कुराहरू यसमा समावेश गरिएका छन्। लूका ११:५-८ मा उल्लेख गरिएको खुरन्धार गर्ने मित्रको दृष्टान्त र लूका ११:१२ मा येशूले गर्नुभएको टिप्पणी, लूकाको पुस्तकले दिएको बिशिष्ट विवरण हो। यसको साथै, आफ्ना सन्तानका निम्ति परमेश्वरले दिनुहुने वरदानलाई उल्लेख गर्दै, उहाँले "असल चीज दिनुहुन्छ" भनी मत्तीले उल्लेख गरेका छन्, र लूकामा **पवित्र आत्मा दिनुहुन्छ** भन्ने वाक्यांश पाइन्छ (मत्ती ७:११; लूक ११:१३)।

प्रयोग: "हे प्रभु, हामीलाई प्रार्थना गर्न सिकाउनुहोस्" (लूक ११:१-१३)

मानिसहरूले धेरै कुरा कसरी गर्ने भनी प्रश्न गरेका छन्—कसरी शिक्षा दिने र प्रचार

गर्ने, दृष्यात्मक सामाग्री कसरी तयार गर्ने, कसरी लेख्ने, सामाग्रीहरूलाई प्रयोग गर्न सकिने हिसाबले कसरी व्यवस्थित गर्ने इत्यादि—तर कसैले पनि मलाई अहिलेसम्म, "डेभिड, मलाई प्रार्थना गर्न सिकाउनुहोस्" भनी भनेको छैन। तैपनि, ख्रीष्टका चेलाहरूले उहाँलाई गरेको अनुरोध यही थियो: "हे प्रभु, यूहन्नाले आफ्ना चेलाहरूलाई सिकाएझैँ हामीलाई पनि प्रार्थना गर्न सिकाउनुहोस्" (लूक ११:१)।

प्रेरितहरूलाई प्रार्थनाको बारेमा केही ज्ञान थियो। "तिनीहरूले सभाघरको शिक्षामा कण्ठ गरेका प्रार्थनाहरू तिनीहरूलाई आउँथ्यो।"[13] "रब्बीहरूको, मन्दिरका पूजाहारीहरूको प्रार्थना [पाठ], र फरिसीहरूले मुख खोलेर गर्ने प्रार्थनाहरूजस्ता औपचारिक प्रार्थनाहरूका बारेमा तिनीहरूलाई थाहा थियो।"[14] तैपनि येशूको प्रार्थना र प्रार्थनाको जीवन यीभन्दा केही फरक थियो। तिनीहरूले उहाँलाई देखेका थिए "निर्जन स्थानहरूमा गएर प्रार्थना गर्नुहुन्थ्यो" (लूक ५:१६), र "एकलै प्रार्थना गर्न डाँड़ामा उक्लनुभयो" (मत्ती १४:२३), र "परमेश्वरसँग प्रार्थना गर्दै पूरै रात" बिताउनुभएको देखेका थिए (लूक ६:१२)। यसको साथै, प्रार्थनाले प्रभुको निम्ति के गरेको थियो त्यो पनि तिनीहरूले देखेका थिए। तिनीहरूले उहाँलाई घुँडा टेकेर नयाँ सामर्थ्यको साथमा उठ्नुभएको, आफ्नो पितासँग बातचित गरिसकेर शक्ति प्राप्त गर्नुभएको देखेका थिए। उहाँले प्राप्त गर्नुभएको कुरा तिनीहरूले पनि प्राप्त गर्न चाहान्थे। त्यसैले तिनीहरूले अनुरोध गरे, "हे प्रभु, ... हामीलाई प्रार्थना गर्न सिकाउनुहोस्।"

येशूको प्रतिक्रिया लूका ११:२-१३ मा पाइन्छ। उहाँले आफ्ना प्रेरितहरूलाई प्रार्थनाको बारेमा सबै कुरा बताउनुभएन, तर आफ्नो प्रार्थनाको जीवनलाई सुधार गर्न चाहनेहरूका निम्ति आवश्यक पर्ने आधारभूत सत्यतालाई प्रदान गर्नुभयो।

प्रार्थना गर्ने व्यक्ति हुनु (लूक ११:२-४)

२ देखि ४ पदसम्म, पहिले सामान्यतया "प्रभुको प्रार्थना" भनिने प्रार्थनाको भागलाई नै दोहोऱ्याउनुभयो। अझै ठीक रूपमा, यसलाई "चेलाहरूको प्रार्थना" वा "नमूना प्रार्थना" भन्न सकिन्छ। यसको लामो र सबैको निम्ति परिचित संस्करण डाँडाको उपदेशमा पाइन्छ (मत्ती ६:९-१५)। यो उदाहरणले, हामीले प्रार्थना गर्ने परमेश्वरको बारेमा धेरै कुरा बताउँदछ:

हामी परमेश्वरकहाँ आउछौं—हाम्रा *पिता* (हेर्नुहोस्: रोम ८:१५; गला ४:६; १ पत्र १:१७)। प्रार्थनाको सुरुवात "पिता" भन्ने शब्दबाट भएको छ।

हामी परमेश्वरकहाँ आउछौं—*ईश्वरीय व्यक्तिकहाँ*: "तपाईंको नाउँ पवित्र गरियोस्।" "पवित्र" गरिनु भनेको "पवित्र रूपमा व्यवहार गर्नु" हो। दश आज्ञाको देस्रो आज्ञामा लेखिएको छ, "परमप्रभु आफ्ना परमेश्वरको नाउँ व्यर्थैमा नलिनू" (प्रस २०:७क)। प्रत्येक प्रार्थनाको पहिलो सरोकार परमेश्वरको आदर गर्नु र उहाँलाई महिमा दिनु हो।

हामी परमेश्वरकहाँ आउछौं—*सार्वभौम व्यक्तिकहाँ*: "तपाईंको राज्य आओस्।" परमेश्वरको राज्य भनेको मानिसहरूको जीवनमा सर्वशक्तिमानको शासन हो। "तपाईंको

---

[13]जोन टी. क्यारोल र जेम्स् आर. क्यारोल (John T. Carroll and James R. Carroll), *प्रिचिङ द हार्ड सेइङ्स् अफ जिजस्* (पिबडी, मास.: हेण्ड्रिक्सन पब्लिसर्स, १९९६), १२०।

[14]एफ. वि. म्याकफ्याट्रिज (F. V. McFatridge), *लर्ड, टिच अस टु प्रे* (न्यासभिल: ब्रोडम्यान प्रेस, १९५६), १।

राज्य आओस्” भनी, चेलाहरूले पेन्तिकोसभन्दा पहिले प्रार्थना गरेजस्तो हामीले प्रार्थना गर्न मिल्दैन, किनभने राज्य/मण्डली स्थापना भइसकेको छ। त्यस बेलाको सबैभन्दा ठूलो सरोकारको विषय भनेको मसीह राज्यको स्थापना थियो। येशूको मृत्यु, दफन, र पुनरुत्थानपछिको पहिलो पेन्तिकोसमा त्यो पूरा भयो (मर्कू ९:१; प्रे १:८; २:१-४)। सबै ठाउँका मानिसहरूले आफ्नो जीवनमा परमेश्वर राजालाई मुकुट पहिऱ्याउन सकून् भनेर हामीले अझै प्रार्थना गर्नु आवश्यक छ।

हामी परमेश्वरकहाँ आउछौं—हामीलाई *जुटाउनुहुनेकहाँ*: “हाम्रो दैनिक भोजन हामीलाई प्रतिदिन दिनुहोस्।” यदि हामी खान चाहान्छौं भने हामीले काम गर्नै पर्छ, तर हाम्रो सम्पूर्ण आशिषको स्रोत परमप्रभु नै हुनुहुन्छ भन्ने कुरालाई हामीले बुझ्नुपर्छ (याकू १:१७)।

हामी परमेश्वरकहाँ आउछौं—हाम्रा *न्यायकर्ता*, हाम्रो गन्तव्य आफ्नो हातमा लिनुहुनेकहाँ: “हाम्रा पाप हामीलाई क्षमा गरिदिनुहोस्, किनकि हामी पनि हाम्रा विरुद्धमा अपराध गर्नेहरूलाई क्षमा गर्दछौं।” अंग्रेजी बाइबलमा यहाँ हाम्रा “ऋणी” (“indebted”) भन्ने शब्दले रुपैयापैसाको ऋणीलाई होइन तर पापको ऋणीलाई बुझाउँदछ। यसले हामी विरुद्ध पाप गर्ने प्रत्येकलाई बुझाउँदछ। दुई वटा कुराहरूले “इसाई जीवनको खुशीलाई नष्ट गर्छ र इसाई जीवनलाई कामै नलाग्ने बनाउँछ: स्वीकार नगरिएको र क्षमा नगरिएको आफ्नै जीवनको पाप, र अर्काप्रति तिक्तता, जिद्दी, क्षमा नदिने आचरण।”[15] नमूना प्रार्थनाले यी दुवैलाई समावेश गरेको छ।

हामी परमेश्वरकहाँ आउछौं—हाम्रो *रक्षककहाँ*: “हामीलाई परीक्षामा नलैजानुहोस्।” परमेश्वर “आफैले कसैलाई पनि परीक्षा गर्नुहुन्न” त्यसैले (याकू १:१३), यो अनुरोधको अर्थ “हे परमप्रभु, विचलित गर्ने कुनै पनि परीक्षाबाट हामीलाई बचाउनुहोस्” (हेर्नुहोस्: याकू १:१४, १५; १ कोर १०:१३)। एफ. वि. म्याकफ्याट्रिज (F. V. McFatridge) ले यस्तो तुलनात्मक विचार उल्लेख गरेका छन्: “अपराधहरूको क्षमा भनेको सर्पको टोकाइको औषधि हो; प्रार्थनाको [यो भाग] सर्पको इलाकाबाट हामीलाई बचाउनको निम्ति दिइएको हो।”[16]

नमूना प्रार्थनाले जीवनको सबै पक्षलाई समावेश गर्दछ: यसले *वर्तमानको* आवश्यकतालई समावेश गर्दछ: “हाम्रो दैनिक भोजन हामीलाई प्रतिदिन दिनुहोस्।” यसले *विगतको* अपराधहरूलाई समावेश गर्दछ: “हाम्रा पाप हामीलाई क्षमा गरिदिनुहोस्।” यसले *भविष्यको* परीक्षालाई समावेश गर्दछ: “हामीलाई परीक्षामा नलैजानुहोस्।”[17]

नमूना प्रार्थनाको विषयमा अझै धेरै कुरा बताउन सकिन्छ, तर यसलाई अध्ययन गरी हामीले प्राप्त गर्न सक्ने एउटा निष्कर्ष छ: हामी सबैले प्रार्थना गर्नु *आवश्यक* छ। येशूले भन्नुभयो, “विश्वास गरेर प्रार्थनामा जे माग्छौ त्यो तिमीहरूले पाउनेछौ” (मत्ती २१:२२)।

प्रार्थनाको विषयमा ख्रीष्टले सिकाउनुभएको शिक्षाको सारांश यसरी उल्लेख गर्न सकिन्छ: “प्रार्थना गर्ने होओ।” प्रार्थना गर्न सिक्नलाई कुनै व्यक्तिले गर्ने पहिलो काम भनेको प्रार्थना गर्न *सुरु* गर्नु हो। परमेश्वरकहाँ जानुहोस्। *हरेक* खाँचोसहित परमेश्वरकहाँ जानुहोस्।

---

[15]इबिड. (Ibid.), ४०।

[16]इबिड. (Ibid.), ४७।

[17]यो *गोस्पल अप लूक* मा विलियम बार्क्ले (William Barclay) ले दिएको सारांश हो, रिभ. एड., द डेली स्टडी बाइबल सेरिज् (फिलादेल्फीया: वेस्टमिन्सटर प्रेस, १९७५), १४४।

निरन्तर प्रार्थना गर्नु (लूक ११:५-८)

आफ्ना चेलाहरूलाई प्रार्थना गर्न उत्साह दिनका लागि येशूले ५ देखि ८ पदमा खुरन्धार लाग्ने एक जना घरधनीको दृष्टान्त बताउनुभयो। दृष्टान्तमा, एक जना मित्र आधारातमा आइपुग्छन्। घरमा सुत्ने ठाउँ त थियो, तर खानेकुरा थिएन; खानेकुरा राख्ने ठाउँ खाली थियो। त्यो समयमा, पाहुना सत्कार भनेको सामान्य कुरो थिएन; यो व्यवहारिक रूपमा अत्यावश्यक कुरा र नैतिक रूपमा गर्नै पर्ने कुरो हुन्थ्यो। पौवाहरू थोरै हुन्थे र ती टाढा-टाढा हुन्थे।

यो अवश्य नै लाजमर्दो अवस्था थियो। त्यस बेला रातभर खुल्ने पसलहरू थिएन। घरधनीले के गऱ्यो? उसले सोच्यो, "यहाँ नजिकै बस्ने मेरो एक जना साथी छ। म उसलाई रोटी माग्नेछु।" उनी साथीको घरमा गयो। ढोका बन्द र चुक्कुल हालिएको थियो अनि झ्यालहरू बन्द थिए। यो कुराले ती घरपट्टीलाई रोकेन; उसले ढोका ढकढक्याइरह्यो। (दृष्टान्तले ढोका ढकढक्याएको कुरा उल्लेख गर्दैन र यसको भावले यो कुरालाई देखाउँदछ [लूक ११:९, १०]।)

अवश्य नै भित्रबाट निद्राले लठ्ठिएको आवाज आयो: "को हो हँ? के चाहियो?"

बाहिर हुनेले भन्छ, "मित्र, मलाई तीन वटा रोटी पैँचो देऊ। किनकि मेरा एक जना साथी यात्राबाट मकहाँ आएका छन्, र तिनलाई खान दिन मसँग केही छैन" (लूक ११:५ख, ६)। उसले तीन वटा रोटी माग्यो, एउटा आफ्नो निम्ति, एउटा पाहुनाको निम्ति, र "उदारताको प्रमाणको रूपमा एउटा रिजर्भमा।"[18]

फेरि झण्झट मन्दै भित्रबाट जवाफ आउँछ: "मलाई नझिँज्याऊ; ढोका अब बन्द भइसकेको छ, र मेरा केटाकेटीहरू मसँग ओछ्यानमा छन्। म उठेर तपाईंलाई केही दिन सक्दिनँ" (लूक ११:७)। धेरैजसो घरमा एउटै मात्र कोठा हुन्थ्यो। रातको समयमा, भूँइमा गुन्द्रि ओछ्याइन्थ्यो। यदि घरमा धेरै बालबच्चा भए, भूँइमा सबै सुतिरहेका हुन्थे। रातको समयमा, न्यानो ओछ्यानबाट उठेर, अरू सुतिरहेका बेला अँध्यारोमा यताउता छामछाम-छुमछुम गर्दै तीन ओटा रोटी खोज्ने प्रयास गर्नु कस्तो झिजोलाग्दो हुन्छ कल्पना गर्नुहोस्! त्यो मानिसले किन वास्तवमा, "गइहाल!" भनी भने, हामी बुझ्न सक्छौं।

तैपनि, माग्ने मानिस "हुँदैन" भन्ने शब्दलाई उत्तरको रूपमा लिन तयार थिएनन्। येशूले भन्नुभयो, "म तिमीहरूलाई भन्दछु, मित्रताको नाताले उनले उठेर तिनलाई केही नदेलान्, तर तिनले *खुरन्धार मागिरहेकाले* उठेर उनले खाँचो परे जति तिनलाई दिनेछन्" (लूक ११:८; जोड दिइएको छ)। त्यसपछि के भयो होला भन्ने कुरालाई कल्पना गर्न त्यति गाह्रो छैन:

(ढक्-ढक्, ढक्-ढक्, ढक्-ढक्।)

"मैले जाऊ भनेको होइन! बच्चाहरूलाई सुताउन मलाई एक घण्टा लागेको थियो। तिनीहरू उठे भने, म आज रातभर सुत्नु *पाउदिनँ*!"

"तर मैले रोटी खानु पऱ्यो नि त!"

"हुँदैन!"

(ढक्-ढक्, ढक्-ढक्, ढक्-ढक्।)

"ढकढक्याउन छोड! यदि यसो गरिरह्यौ भने तिमीले मेरी श्रीमतीलाई पनि बिउँझाउनेछौ। र यदि तिमीले त्यसो गऱ्यौ भने, हामी दुवै समस्यामा पर्छौं। जब मेरी श्रीमती

---

[18]म्याकगर्भे एण्ड पेण्ड्लेटन (McGarvey and Pendleton), ४८०।

खुशी हुँदिनन्, *कोही पनि* खुशी हुँदैनन्!”

“तर मसँग रोटी *हुनुपर्छ*!”

“हुँदैन!”

(ढक्-ढक्, ढक्-ढक्, ढक्-ढक्।)

“लौ तिम्रै जित भो। अब तिमीले सबैलाई बिउँझायौ! डरलाग्दो गरि ढकढक्याउने त्यो काम बन्द गर, र के खानेकुरा छ, म हेर्नेछु!”

न्यू अमेरिकन स्टयाण्डर्ड बाइबल (NASB) मा प्रयोग गरिएको “खुरन्धार” (“persistence”) भन्ने शब्द (र किङ्ग जेम्स् संस्करण [KJV] र अन्य केही अनुवादमा “जिद्दी” [“importunity”] भनी अनुवाद गरिएको शब्द) ग्रीक शब्द (ἀναίδεια, *आनाइडाया, anaideia*) को ठेड अर्थ “शर्म” भन्ने हुन्छ। यदि घरधनीले आफ्नो पाहुनालाई खान नदिएका भए तिनी शर्ममा पर्नेथिए कुरालाई यसले उल्लेख गर्छ। निश्चय नै, उनी आफ्नो खुरन्धारतामा “शर्मरहित” भएर लागिपरेका थिए। उनले ढकढक्याउँदा, छिमेकका सबै मानिसहरू बिउँझे होलान्। सबैले बत्ती बाले होलान्। कुकुरहरू भुक्न थाले होलान्। सबैले रिसाउँदै, चुप लाग भनेको हुनसक्छ। त्यतिबेला शायद उनको अनुहार रातो हुँदै गइरहेको थियो। तैपनि, आफूले रोटी नपाउन्जेल् उनले *खुरन्धार* गरिरहे।

के हामीले मागेको कुरा दिनमा परमेश्वर अनिच्छुक हुनुहुन्छ भनेर यो दृष्टान्तले सिकाउँछ? अवश्य सिकाउँदैन। येशूले दिनुभएको प्रार्थना सम्बन्धी शिक्षाको क्रममा प्रयोग गरिएको अन्तिम उदाहरणलाई हेर्नको निम्ति १३ पदलाई हेर्नुहोस्: “तिमीहरू दुष्ट भईकन आफ्ना छोराछोरीहरूलाई असल थोकहरू दिन जान्दछौ भने, तिमीहरूका स्वर्गीय पिताले उहाँसँग माग्नेहरूलाई *कति बढ़ी* गरेर पवित्र आत्मा दिनुहुन्छ।” (जोड दिइएको छ।) दृष्टान्तको सन्देशलाई यसरी व्यक्त गर्न सकिन्छ: “खुरन्धार अनुरोध गरेको कारण अनिच्छुक मित्रले त मागेको कुरा दिन इच्छुक हुन्छ भने, तिमीहरूलाई आशिष दिन चाहनुहुने र इच्छुक, तिमीहरूका स्वर्गीय पिताले तिमीहरू खुरन्धार भयौ भने *कति बढ़ी* तिमीहरूको प्रार्थनाको उत्तर दिनुहुन्छ!” पछि, येशूले आफ्ना चेलाहरूलाई उस्तै सन्देश दिने अर्को दृष्टान्त बताउनुभयो, जसलाई यी शब्दहरूद्वारा परिचित गरिएको छ: “तिनीहरू सधैँ प्रार्थना गरिरहून् र निराश नहोऊन्” (लूक १८:१)। क्रिस बुलार्ड (Chris Bullard) ले भनेका छन्, दृष्टान्तको उद्देश्य भनेको “परमेश्वरको अनिच्छालाई जित्न सिकाउनु होइन, तर उहाँको इच्छामा हामी कसरी रहिरहने त्यो कुरालाई सिकाउनु हो।”[19]

हामी हाम्रो अनुरोधहरूमा *गम्भीर* छौं भन्ने कुरा परमेश्वर जान्न चाहनुहुन्छ। उहाँले दोधारे प्रार्थनाको उत्तर दिनुहुन्न। धेरै प्रार्थनाहरू सजिलैसँग गरिन्छन्, अनि चाँडैनै बिर्सिदिइन्छ। हाम्रो प्रार्थनाले परमेश्वरलाई प्रभाव पार्नुभन्दा पहिले, तिनले *हामीलाई* प्रभाव पार्नै पर्छ। हाम्रा प्रार्थनाहरू हाम्रो हृदयबाटै आएका हुनुपर्छ।

धैर्यधारण गर्नु (लूक ११:९, १०)

खुरन्धार हुनुपर्छ भन्ने कुराको जोडलाई येशूको अर्को वचनमा पनि निरन्तरता दिइएको पाइन्छ: “म तिमीहरूलाई भन्दछु, माग, त तिमीहरूलाई दिइनेछ। खोज, त तिमीहरूले भेट्टाउनेछौ। ढकढक्याओ, त तिमीहरूका निम्ति खोलिनेछ। किनकि हरेक

---

[19]क्रिस बुलार्ड (Chris Bullard), “अन्तरविन्तीकर्ता कसरी बन्ने (How to be an Intercessor),” भन्ने शिर्षकको प्रवचन, ओभरल्याण्ड पार्क चर्च अफ क्राइष्ट, ओभरल्याण्ड पार्क, केन्सस्, मेइ १३, १९८५ मा प्रचार गरिएको।

जसले माग्छ त्यसले पाउँछ, जसले खोज्छ त्यसले भेट्टाउँछ, र जसले ढकढक्याउँछ त्यसको निम्ति खोलिनेछ" (लूक ११:९, १०)। दृष्टान्तसँग रहेको यसको प्राकृतिक सम्बन्धलाई तपाईं देख्न सक्नुहुन्छ: लज्जित घरधनीले आफ्नो मित्रको लागि रोटी *खोजिरहेका* थिए, उनले आफ्नो मित्रको घरको ढोका *ढकढक्यायो,* र आफूलाई चाहिएको कुरा तिनले *माग्यो*।

यी पदहरूबाट हमीले सिक्न सक्ने शिक्षा भनेको के हो भने, आफूलाई परेको खाँचोमा हामीले परमेश्वरलाई *माग्नु* पर्छ। याकूबले लेखेका छन्, "तिमीहरूसित हुँदैन, किनभने तिमीहरू परमेश्वरसँग माग्दैनौ" (यकू ४:२ग)।

हाम्रो अनुरोधमा हामी *खुरन्धार* हुनुपर्छ भनेर पनि हामीलाई यी पदहरूले सिकाउँदछ। मूल बाइबलमा, "माग," "खोज," र "ढकढक्याओ" भनी अनुवाद गरिएका शब्दहरू सबै वर्तमान कालमा छन्, जसले निरन्तर गरिरहनु पर्ने कुरालाई उल्लेख गर्दछ। ९ पदको ठेड अर्थ हुन्छ, "*मागिरहो,* र तिमीहरूलाई दिइनेछ; *खोजिरहो,* र तिमीहरूले भेट्टाउनेछौ; *ढकढक्याइरहो,* र तिमीहरूका निम्ति खोलिनेछ।" सदोम र गमोराको विषयमा खुरन्धार प्रार्थना गर्ने, अब्राहामको बारेमा विचार गर्नुहोस् (उत १८:२२-३२)। आफ्नो शरीरको काँढोको निम्ति निरन्तर प्रार्थना गर्ने पावलको बारेमा विचार गर्नुहोस् (२ कोर १२:८)। रगतका ठूला-ठूला थोप्ला जस्तै पसिना खसुन्जेल बगैंचामा प्रार्थना गर्नुहुने ख्रीष्टको विषयमा सोच्नुहोस् (लूक २२:४४)। यी तीनै जना व्यक्तिहरूले प्रार्थनाको उत्तर प्राप्त गरुन्जेलसम्म आफ्नो बिन्तीमा निरन्तर रूपमा लागिरहनुभयो।

वाक्यमा रहेको क्रियापदको क्रमले खुरन्धार हुनु मात्र होइन, तर व्यपकतालाई बढाउँदै लानुपर्छ भन्ने कुरालाई पनि संकेत गर्दछ। खोज्नु भनेको माग्नुभन्दा बढी हो, र ढकढक्याउनको निम्ति खोज्ने कामको लागिभन्दा बढी प्रयासको आवश्यकता हुन्छ। हाम्रो प्रार्थना *खुरन्धार* हुनुपर्छ (याकू ५:१६ख हेर्नुहोस्; किङ्ग जेम्स् संस्करण [KJV])।

हामीले किन निरन्तर प्रार्थना गर्नुपर्छ? किनभने परमेश्वरले प्रार्थनाको उत्तर दिनुहुन्छ। यी पदहरूमा, प्रत्येक कार्यको निम्ति उचित प्रतिक्रिया छन्: जसले माग्छ त्यसले पाउँछ, जसले खोज्छ त्यसले भेट्टाउँछ, र जसले ढकढक्याउँछ त्यसको निम्ति खोलिनेछ। यो सत्यतालाई खुरन्धार लाग्ने घरधनीको दृष्टान्तमा चित्रित गरिएको छ। मागेर, खोजेर, र ढकढक्याएर त्यस मानिसले आफूलाई चाहेको तीन वटा रोटी प्राप्त गऱ्यो।

यसको अर्थ आफ्ना सन्तानले गरेका प्रत्येक अनुरोधलाई परमेश्वरले "दिन्छु" भनी भन्नुहुन्छ भन्ने हो? होइन। ख्रीष्टले पीडाको "प्याला" हटाउन अनुरोध गर्नुभयो (मत्ती २६:३९), तर यसलाई हटाइएन। पावलले पीडाको "काँढो" हटाउन बिन्ती गरे (२ कोर १२:७, ८), तर यसलाई हटाइएन। अर्को भाग, लूका ११:११-१३ ले परमेश्वरलाई संसारिक बाबुसँग तुलना गरेको छ। हामीमध्ये जो-जो बाबु भइसकेका छौं, के हामीले हाम्रा छोराछोरीले गरेको हरेक अनुरोधलाई स्वीकार गर्छौं त? गर्दैनौं। कहिलेकहीं हाम्रो उत्तर "हुँदैन" अथवा "केही समय पर्ख" भन्ने हुन्छ। "केही समय पर्ख" भन्ने उत्तरको विषयमा कसैले भनेका छन्, "परमेश्वरले गर्नुभएको ढिलाइ, उहाँको इन्कार होइन।" हामी यसो पनि भन्न सक्छौं, "हुँदैन, तर तिम्रोलागि योभन्दा असल कुरा छ।" यदि हामी हाम्रा छोराछोरीलाई प्रेम गर्छौं भने, हामी जहिल्यै पनि तिनीहरूको अनुरोधको प्रतिक्रिया *दिन्छौं*—र ८ देखि १० पदसम्म उल्लेख गरिएको मुख्य भाव पनि यही नै हो: यदि हामी खुरन्धार रूपमा लाग्यौं र धैर्यधारण गऱ्यौं भने परमेश्वरले अवश्य नै हाम्रो प्रार्थनाको उत्तर *दिनुहुन्छ*।

सकरात्मक हुनु (लूक ११:११-१३)

हामीले गरेको प्रार्थनामा सकरात्मक रहिरहनको निम्ति हामीसँग धेरै कारणहरू छन्। त्यो तथ्य ११ देखि १३ पदसम्म ख्रीष्टले दिनुभएको अन्तिम शब्दहरूमा समावेश छ।

पहिलो दृश्य। एक जना ठिटो आफ्नो बाबुकहाँ आएर माछा माग्छ। यो त्यस ठाउँमा खाने प्रचलनमा रहेको उसिनेको सानो माछा हुनसक्छ। "ठीकै छ," बाबुले मुस्कराउँदै भन्छ। छोराले हात थाप्छ, अनि बाबुले एउटा सानो चलिरहेको सर्प उसको हातमा खसाल्छ। यो त अत्यासलाग्दो नै हुनेथियो।

दोस्रो दृश्य। एक जना छोरो आफ्नो बाबुकहाँ आएर अण्डा माग्छ। यो बच्चाले बोकेर भोक लागेको बेला खान सक्ने उसिनेको अण्डा हुनसक्छ। "म तिमीलाई खुशीसाथ एउटा अण्डा दिन्छु," एउटा सानो डालो निकाल्दै, बाबु भन्छ। "झिकेर लैजाऊ।" जब ठिटोले डालोमा हात हाल्छ, त्यहाँ अण्डा हुँदैन—पुच्छर ठाडा-ठाडा बनाएका र डस्नलाई तयार बिच्छि मात्र त्यहाँ हुन्छ। यो उदाहरणमा बाबुलाई, आफ्ना छोरालाई *झुक्याउने आचरण* भएको एक बाबुको रूपमा प्रस्तुत गरिएको हो भनी बताइन्छ, किनभने सानो सर्प र सानो माछा उस्तै देखिन्छ र डल्ला परको बिच्छी अण्डाजस्तै देखिन्छ। येशूले पहिले उदाहरणको प्रयोग गर्नुहुँदा, रोटी र ढुङ्गाको नमुना प्रयोग गर्नुभएको थियो (मत्ती ७:९)। गोलो, खैरो रंगको ढुङ्गा, सजिलै त्यस बेला प्रयोग गरिने रोटीजस्तै देखिन सक्थ्यो। कति भयानक कुरो!

आफ्ना छोराछोरीलाई वास्ता गर्ने बाबुले तिनीहरूसँग छली काम गर्दैनन्, र हाम्रा स्वर्गीय पिताले पनि त्यसो गर्नुहुन्न भनी येशूले भन्नुभयो। "तिमीहरू दुष्ट भईकन आफ्ना छोराछोरीहरूलाई असल थोकहरू दिन जान्दछौ भने, तिमीहरूका स्वर्गीय पिताले उहाँसँग माग्नेहरूलाई कति बढ़ी गरेर पवित्र आत्मा दिनुहुन्छ" (लूक ११:१३)। पहिले, प्रभुले उस्तै उदाहरणको प्रयोग गर्ने क्रममा, उहाँले भन्नुभएको थियो, "स्वर्गमा हुनुहुने तिमीहरूका पिताले उहाँसित माग्नेहरूलाई कति बढ़ी गरेर *असल चीज* दिनुहुनेछ" (मत्ती ७:११ख; जोड दिइएको छ)। अहिले, महिनौंपछि, उहाँले परमेश्वरको सबैभन्दा महान वरदानहरूमध्ये एउटालाई तोकेरै उल्लेख गर्नुभयो: पवित्र आत्माको वरदान, जुन्, उहाँको नाममा बप्तिस्मा लिनेहरू सबैकहाँ बर्षाइन्छ (प्रे २:३८)। लिओन मोरिस (Leon Morris) ले लेखेका छन्,

> लूकाले ... आत्माको वरदानलाई हाम्रो सबैभन्दा उच्च भलाइको रूपमा प्रस्तुत गरेका छन्। "आकर्षक व्यक्तित्व" को वरदानको हिसाबले यसलाई हेर्नुपर्ने कुनै कारण यहाँ देखिँदैन। यसको अर्थ सामान्य रूपमा इसाई जीवनमा पवित्र आत्माको काम भन्ने हुन्छ, जस्तै रोमी ८।[20]

प्रश्न उठ्न सक्छ: "बप्तिस्मा लिने प्रत्येकलाई दने भनी परमेश्वरले प्रतिज्ञा गर्नुभएको वरदानलाई किन *माग्ने?*" परेमश्वरले दिन्छु भनी प्रतिज्ञा गर्नुभएको कुरा माग्नु सही कुरा हो। उदाहरणको लागि, परमेश्वरले विश्वासीहरूलाई जीवनका आधारभूत आवश्यकताहरू दिने भनी प्रतिज्ञा गर्नुभएको भए तापनि (मत्ती ६:३३), दैनिक भोजनको निम्ति उहाँलाई माग्नु उचित हुन्छ (मत्ती ६:११)। माग्ने कामले सबै असल थोकको स्रोतको बारेमा हामीलाई याद दिलाउँछ।

---

[20]लिओन मोरिस (Leon Morris), *लूक,* रिभ. एड., टेन्डल न्यू टेस्टामेन्ट कमेन्टरिज् (ग्राण्ड ऱ्यापिड्स्, मिचिगन: डब्लूएम. बी. एर्डम्यान्स् पब्लिसिङ को., १९९५), २१४-१५।

परमेश्वरले सबै अनुरोधहरूलाई “हुन्छ” भनी उत्तर दिनुहुन्न, तैपनि उहाँले उहाँका सन्तानको प्रत्येक प्रार्थनाको उत्तर दिनुहुन्छ। जब उहाँले त्यसो गर्नुहुन्छ, उहाँले जहिल्यै “जे असल हो त्यो दिनुहुन्छ।” हाम्रो निम्ति दिर्घकालीन रूपमा के सबैभन्दा असल हुन्छ, त्यही कुरा नै उहाँको प्राथमिक चासोको विषय हुन्छ। हामीले उहाँले दिनुभएको उत्तरलाई तत्काले असल नदेख्न सक्छौं; तर, अन्त्यमा, हामी यो कुरामा निर्धक्क बन्न सक्छौं, “उहाँलाई प्रेम गर्नेहरू र उहाँका अभिप्रायअनुसार बोलाइएकाहरूका निम्ति हरेक कुरामा परमेश्वरले भलाइ नै गर्नुहुन्छ” (रोम ८:२८)। प्रार्थना गर्ने क्रममा हामी सकरात्मक हुनु पर्ने हरेक कारणहरू हामीसँग छन्।

निष्कर्ष

चेलाहरूका निम्ति कसरी प्रार्थना गर्नु पर्ने हो सो जान्नु महत्त्वपूर्ण थियो। तिनीहरूका अघि गेतसमनी, आफ्नो गुरुको पक्राउ, उहाँलाई कोर्रा हानिएको, रक्त-तृषित भीडको गिल्ला, क्रूसको सन्त्रास, र चिहानको कालो सनसनी आइरहेको थियो।[21] आज, हामी पनि धेरै परिक्षा र सतावटहरूको सामना गर्छौं। हाम्रो निम्ति पनि कसरी प्रार्थना गर्ने सो सिक्नु त्यतिकै महत्त्वपूर्ण छ।

यशू र फरिसी (लूक ११:३७-५४)

३७येशू बोलिसक्नुभएपछि एक जना फरिसीले उहाँलाई भोजनमा निम्तो गरे। उहाँ घरभित्र पसेर खान बस्नुभयो। ३८तर खान अघि उहाँले हात नधुनुभएको देखेर ती फरिसी छक्क परे। ३९तर प्रभुले तिनलाई भन्नुभयो, “तिमी फरिसीहरू कचौरा र थालको बाहिरपट्टि त माझ्दछौ, तर तिमीहरूको भित्रचाहिँ लूट र दुष्टताले भरिएको हुन्छ। ४०मूर्ख मानिस हो, जसले बाहिरको भाग बनायो, त्यसले नै भित्रको पनि बनाएको होइन र? ४१तर भित्रका थोक दान स्वरूप देओ, र तिम्रो निम्ति सबै कुरा शुद्ध हुनेछ। ४२तर तिमी फरिसीहरूलाई धिक्कार! किनकि तिमीहरू पुदीना, आरूद र हरेक जडीबुटीको दशांश दिन्छौ, तर न्याय र परमेश्वरका प्रेमको उपेक्षा गर्दछौ। तर अरू कामको पनि उपेक्षा नगरी यी काम पनि तिमीहरूले गर्नुपर्नेथियो। ४३तिमी फरिसीहरूलाई धिक्कार! किनकि तिमीहरू सभाघरहरूमा मुख्यमुख्य आसन र बजारहरूमा अभिवादन लिन रुचाउँछौ। ४४तिमीहरूलाई धिक्कार! किनकि तिमीहरू ती चिहानहरू जस्ता छौ, जो देखिँदैनन्, अनि चालै नपाई मानिसहरू तीमाथि हिँड्छन्।” ४५व्यवस्थाका पण्डितहरूमध्ये एक जनाले उहाँलाई भने, “गुरुज्यू, यी कुरा गरेर तपाईंले त हाम्रो पनि बेइज्जत गर्नुहुन्छ।” ४६उहाँले भन्नुभयो, “तिमी व्यवस्थाका पण्डितहरूलाई पनि धिक्कार! किनकि बोक्न नसक्ने भारी मानिसहरूमाथि तिमीहरू लाद्दछौ, तर तिमीहरू आफैचाहिँ एक औँलाले पनि ती भारीहरू छुँदैनौ। ४७तिमीहरूलाई धिक्कार! किनकि तिमीहरूका पुर्खाहरूले मारेका अगमवक्ताहरूका चिहान तिमीहरू बनाउँछौ। ४८यसरी तिमीहरू आफ्ना पुर्खाहरूका काममा साक्षी छौ, र तिनीहरूसँग सहमत हुन्छौ, किनकि तिनीहरूले उनीहरूको हत्या गरे, र तिमीहरूचाहिँ उनीहरूका चिहान बनाउँछौ। ४९यसैले परमेश्वरको बुद्धिले पनि भन्दछ, ‘म तिनीहरूकहाँ अगमवक्ताहरू र प्रेरितहरू पठाउनेछु। उनीहरूमध्ये कसैलाई तिनीहरूले मार्नेछन् र कसैलाई सताउनेछन्। ५०संसारको सुरुदेखि सबै अगमवक्ताहरूका रक्तपातको

---

[21]यो वाक्य म्याकफ्याट्रिज (McFatridge), ३ बाट लिइएको हो।

लेखा यस पुस्तासँग लिइनेछ। ५१हो, म तिमीहरूलाई भन्दछु, हाबिलको रगतदेखि लिएर,
वेदी र मन्दिरको पवित्र-स्थानको माझमा मारिएका जकरियासम्मका रगतको लेखा यस
पुस्तासँग लिइनेछ।' ५२तिमी व्यवस्थाका पण्डितहरूलाई धिक्कार! किनकि तिमीहरूले
ज्ञानको साँचो लिन त लियौ, तर तिमीहरू आफै पनि भित्र प्रवेश गरेनौ, अनि अरू
पस्नेहरूलाई पनि रोक्यौ।" ५३जब उहाँ त्यहाँबाट निस्कनुभयो, तब शास्त्रीहरू र
फरिसीहरूले उहाँको घोर विरोध गर्दै धेरै विषयहरूमा उहाँलाई प्रश्न गर्न थाले, ५४र उहाँको
मुखबाट निस्केका कुरामा उहाँलाई पक्रने दाउमा बसे।

अर्को घटना आश्चर्यजनक ढङ्गले घटेको हुनसक्छ। फरिसीहरूले ख्रीष्टलाई मार्न खोजिरहेका भए पनि (मत्ती १२:१४; मर्कू ३:६), **एक जना फरिसीले उहाँलाई भोजनमा निम्तो गरे** (लूक ११:३७)। यो निम्तो मित्रताको संकेत हुनसक्छ; केही यहूदी अगुवाहरूले उहाँलाई विश्वास गर्थे (यूह १२:४२)। यो पनि हुनसक्छ, यी व्यक्तिले येशूको विषयमा कस्तो मानसिकता बनाउने सो हालसम्म निर्णय नगरेको र उहाँको बारेमा जान्न चाहेको थियो। तैपनि, प्रसंगले देखाए अनुसार, उहाँलाई निम्तो दिनुमा एउटा गोप्य अभिप्राय रहेको थियो: **उहाँको मुखबाट निस्केका कुरामा उहाँलाई पक्रने** (लूक ११:५४)। त्यस मानिसको प्रतिक्रिया, येशूको प्रतिक्रिया, र त्यसपछिको अवस्थालाई हेर्दा हामी के विश्वास गर्न सक्छौं भने घरधनीको एउटा गोप्य अभिप्राय थियो (लूक ११:३८-५४)।

प्रभुलाई फरिसीको घरमा निम्तो दिइएको यो दोस्रोपल्ट थियो। पहिले, गालीलमा ख्रीष्टले फरिसीसँग खानुभएको थियो (लूक ७:३६-५०)। त्यस्तै तेस्रो निम्तो लूका १४:१-२४ मा अध्ययन गरिनेछ। प्रत्येक खानपानको परिणास्वरूप प्रभु र उहाँलाई निम्त्याउनेबीच विवाद भएको थियो। यसद्वारा यो प्रश्न उठ्न सक्छ "येशूले किन यी निम्तोहरूलाई स्वीकार गर्नुभयो?" अवश्य नै, उहाँ खानको निम्ति मरिहत्ते गर्ने व्यक्ति हुनुहुन्नथ्यो। उहाँले फरिसीहरूलाई भर्त्सना गर्ने मौका हेरिरहनुभएको थियो भन्ने सम्भावनालाई पनि हामीले इन्कार गर्नै पर्छ। निश्चय नै, ख्रीष्ट आफ्ना मित्रहरूप्रति जति वास्ता राख्नुहुन्थ्यो त्यति नै वास्ता उहाँले शत्रुहरूप्रति पनि राख्नुहुन्थ्यो (मत्ती ५:४४ हेर्नुहोस्)। उहाँका शत्रुहरूसँगको कुराकानीले जस्तो अरू कुनै कुराले उहाँलाई खुशी तुल्याएको थिएन। फरिसीहरूप्रति उहाँले बोल्नुभएका गम्भीर शब्दहरू, केही हदसम्म, तिनीहरूको नक्कल गर्नबाट चेलाहरूलाई निरुत्साह गर्नकोनिम्ति बोलिएको थियो। उहाँका केही विरोधीहरूले पश्चात्ताप गर्छन् कि भन्ने आशामा ती बोलिएका थिए भनेर पनि हामीले विचार गर्न सक्छौं।

जब येशू फरिसीको घरमा आउनुभयो, परम्पराद्वारा तोकिएका विस्तृत विधिविधानमा नगई खानाको टेबलमा बस्नुभएको थियो। **तर खान अघि उहाँले हात नधुनुभएको देखेर ती फरिसी छक्क परे** (लूक ११:३८)। ग्रीक शब्द "धुनु" (βαπτίζω, *बप्टिजो, baptizō*) भनी लूका ११:३८ मा अनुवाद गरिएको शब्द, बप्तिस्मा (डुबुल्की मार्नु) को एउटा रूप हो। येशूले खान अघि आफ्नो सम्पूर्ण शरीर ननुहाउनुभएको देखेर फरिसीले अचम्म माने। ख्रीष्ट र उहाँका चेलाहरू त्यस प्रकारका परम्पराहरूप्रति चासो देखाउनुहुन्न भन्ने कुरा घरधनीले सुनेका थिए होलान् (मत्ती १५:१, २), तर यो कुरालाई प्रतक्ष देख्दा तिनी छक्कै परे।

फरिसीको विचारमा, रीतिरिवाजको हिसाबले येशू अशुद्ध हुनुभयो, तर सबैभन्दा चिन्ता गर्नुपर्ने अशुद्धता भनेको आन्तरिक अशुद्धता हो, बाहिरी होइन, भनी ख्रीष्टले जोड दिनुभयो (लूक ११:३९, ४०; हेर्नुहोस्: मत्ती २३:२५, २६)। उहाँले आफ्नो घरधनीलाई भन्नुभयो, **"तर भित्रका थोक दान स्वरूप देओ, र तिम्रो निम्ति सबै कुरा शुद्ध हुनेछ"** (लूक

११:४१)। अर्को शब्दमा, "यदि तिमीले अरूका निम्ति तिम्रो अन्तरआत्मालाई समर्पण गऱ्यौ भने, यसले तिमीलाई आन्तरिक र बाह्य दुवै रूपमा शुद्ध राख्छ।"

यो भनाइपछि श्रृंखलाबद्ध "धिक्कारहरू" भनिए (लूक ११:४२-४४)। यी धिक्कारहरूलाई पछि शास्त्री र फरिसीहरूका विरुद्ध गरिएको कठोर भर्त्सनामा विस्तारित गरियो (मत्ती २३)। अर्का पाहुना, व्यवस्थाका पण्डित, बेइज्जत भए: **"गुरुज्यू, यी कुरा गरेर तपाईंले त हाम्रो पनि बेइज्जत गर्नुहुन्छ"** (लूक ११:४५)। व्यवस्थाको पण्डितलाई भन्नुहुँदै येशूले धिक्कारलाई निरन्तरता दिनुभयो (लूक ११:४६-५२): **"तिमी व्यवस्थाका पण्डितहरूलाई धिक्कार! किनकि तिमीहरूले ज्ञानको साँचो लिन त लियौ, तर तिमीहरू आफै पनि भित्र प्रवेश गरेनौ, अनि अरू पस्नेहरूलाई पनि रोक्यौ"** (लूक ११:५२)। "ज्ञानको साँचो" भनेको पुरानो नियम हो। त्यो भनाइको सही अर्थ, मसीह र उहाँको राज्यको बुझ्ने साँचो हो। तैपनि, "व्यवस्थाका पण्डित" भनी भनाउँदाहरूले मसीहले भौतिक राज्य स्थापना गर्नुहुन्छ भन्ने तिनीहरूका अडकलद्वारा साँचोलाई उल्टयाएका थिए। अरूहरूमाझ गलत मान्यता फैलाएर, यी अगुवाहरूले मानिसहरूलाई राजा आएको बेला राजालाई पहिचान गर्नबाट बन्चित गरेका थिए।

लूका ११:५२ लाई अर्को तरिकाले भन्दा, पछि पत्रुसले जे गरे त्यसको ठीक विपरित व्यवस्थाका पण्डितहरूले गरे: तिनीहरूले "ज्ञानको साँचोलाई लुकाए" र मानिसहरूलाई राज्यमा प्रवेश गर्न दिएनन्, तर पत्रुसले "राज्यको साँचोलाई" (मत्ती १६:१९) प्रयोग गरे र पेन्तिकोसको दिन राज्य/मण्डलीको ढोकाहरूलाई पूरै रूपमा खोलिदिए (प्रे २:१४-४१)।

येशूले लगाउनुभएको आरोपले उहाँप्रति रहेको शत्रुहरूको घृणालाई अझै बढाइदियो। **जब उहाँ त्यहाँबाट निस्कनुभयो, तब शास्त्रीहरू र फरिसीहरूले उहाँको घोर विरोध गर्दै धेरै विषयहरूमा उहाँलाई प्रश्न गर्न थाले, र ... उहाँलाई पक्रने** (लूक ११:५३, ५४)।

येशू र भीड (लूक १२:१—१३:९)

लूका १२:१३—१३:९ मा येशूले भीडलाई दिनुभएको शिक्षा, पहिले गालीलमा दिइएको शिक्षासँग मिल्दोजुल्दो छ। परमेश्वरको प्रेरणालाई इन्कार गर्नेहरूले, येशूले यो वा त्यो शिक्षा कहाँ दिनुभएको थियो सो विषयमा सुसमाचारका लेखकहरू अलमलिएका थिए भनी भन्ने गर्छन्। ख्रीष्टले उही शिक्षा दुईपल्ट दिनुहुन्न भनी तिनीहरू भन्छन्—तैपनि तिनीहरू आफै समेत तिनीहरूका प्रिय नामलाई धैरैपल्ट दोहोऱ्याउँछन्। यो समानतालाई अपेक्षा गर्न सकिन्छ किनभने उहाँका यी वचन सुन्ने मानिसहरूको समूह फरक-फरक थिए। यसको साथै, उहाँसँग यात्रा गर्नेहरूले यी सत्यताहरूलाई घरी-घरी सुन्नु आवश्यक थियो (जसरी हामीलाई पनि आवश्यक पर्छ; २ पत्र १:१२, १३, १५; ३:१)। तैपनि, यस अवधिमा उहाँको शिक्षाको भाग नयाँ थियो।

पाखण्डीपनाको विषयमा शिक्षा (लूक १२:१-१२)

[१]यसै बीच जब हजारौँको भीड जम्मा भयो, यहाँसम्म कि एउटाले अर्कालाई कुल्चन लाग्यो, उहाँले पहिले आफ्ना चेलाहरूलाई भन्न लाग्नुभयो, "तिमीहरू फरिसीहरूको खमिरदेखि होशियार बस। त्यो खमिर तिनीहरूको कपट आचरण हो। [२]छोपिएको यस्तो कुनै कुरा छैन, जो प्रकट हुनेछैन, र छिपेको कुनै कुरा छैन, जो थाहा लाग्नेछैन। [३]यसकारण जे तिमीहरूले अँध्यारोमा भनेका छौ, त्यो उज्यालोमा सुनिनेछ। गुप्त कोठामा भनेका कुरा घरको धुरीबाट प्रचार हुनेछ। [४]मेरा मित्र हो, म तिमीहरूलाई भन्दछु, तिनीहरूदेखि नडराओ

जसले शरीरलाई मार्दछन्, तर त्यसपछि अरू केही गर्न सक्दैनन्। [५]तर कोदेखि डराउनुपर्छ,
म तिमीहरूलाई चेताउनी दिनेछु: तिनैसँग डराउनुपर्दछ जससँग शरीरलाई मारेपछि नरकमा
फालिदिने शक्ति छ। म तिमीहरूलाई भन्दछु, तिनीदेखि नै डराओ। [६]के दुई पैसामा पाँच
वटा भँगेरा बिक्दैनन्? तीमध्ये एउटालाई पनि परमेश्वरले बिर्सनुहुन्न। [७]तर तिमीहरूका त
शिरका केशसमेत गनिएका छन्। यसकारण नडराओ, तिमीहरू धेरै भँगेराभन्दा बढ़ी
मोलका छौ। [८]म तिमीहरूलाई भन्दछु, हरेक जसले मलाई मानिसहरूका सामुन्ने स्वीकार
गर्दछ, त्यसलाई मानिसको पुत्रले पनि परमेश्वरका दूतहरूका सामुन्ने स्वीकार गर्नेछ।
[९]तर जसले मलाई मानिसहरूका सामुन्ने अस्वीकार गर्दछ, परमेश्वरका दूतहरूका सामुन्ने
त्यो पनि अस्वीकृत हुनेछ। [१०]हरेक जसले मानिसको पुत्रको विरुद्धमा बोल्छ, त्यसलाई
क्षमा हुनेछ, तर जसले पवित्र आत्माको विरुद्धमा निन्दा गर्दछ, त्यसलाई क्षमा हुनेछैन।
[११]जब तिनीहरूले तिमीहरूलाई सभाघरहरू, शासकहरू र अधिकारीहरूका सामु
ल्याउँछन्, तब तिमीहरूले कसरी र के जवाफ दिने, अथवा के भन्नुपर्ने, सो फिक्री नगर,
[१२]किनभने त्यसै बेला तिमीहरूले के भन्नुपर्ने हो पवित्र आत्माले तिमीहरूलाई
सिकाउनुहुनेछ।"

लूका १२ अध्यायको सुरुवात, **यसै बीच ...** भन्ने वाक्यबाट सुरु भएको छ। "यसै बीच" भन्ने अवस्था, येशू र फरिसीहरूका बीचमा भएको मुठभेटहरू हुन्। ती विवादहरूका कारण व्यापक जनचासो बढेको थियो। त्यसैले, पद १ यसरी अघि बढ्छ, **... हजारौँको भीड जम्मा भयो, यहाँसम्म कि एउटाले अर्कालाई कुल्चन लाग्यो, ...।** यो ठूलो भीडका केही मानिसहरू सकरात्मक रूपमा उहाँको समर्थनको पक्षमा थिए भने अरूहरू उहाँको विरोधमा थिए (लूक १२:५६ हेर्नुहोस्)।

भीडले सुनिरहँदा, ख्रीष्टले फरक-फरक सन्देशहरू सुनाउनुभयो। उहाँले आफ्ना चेलाहरूलाई फरिसीहरू विरुद्ध होशियार रहनेबारे दिइएको सन्देश सँगै सुरु गर्नुभयो: **"तिमीहरू फरिसीहरूको खमिरदेखि होशियार बस। त्यो खमिर तिनीहरूको कपट आचरण हो"** (लूक १२:१ख)। फरिसीहरू आफ्ना अधर्म लुकाउनमा सिपालु थिए (लूक ११:३९); तर, अन्त्यमा, तिनीहरूको मुर्खता प्रकट भइछाड्थ्यो (लूक १२:२)। येशूले आफ्ना वचन सुन्नेहरूलाई यी मानिसहरूबाट नडराउन, तर परमेश्वर आफ्नो साथमा हुनुहुन्छ भनेर उहाँमा भरोसा गर्दै आफ्नो विश्वासको घोषणा गर्न निडर हुन अनुरोध गर्नुभयो (लूक १२:३-१२)।

यहाँको धेरैजसो शिक्षाहरू अर्को ठाउँमा दोहोरिएको छ। निम्न पदहरूलाई तुलना गर्नुहोस्:

लूका १२:१ / मत्ती १६:६; मर्कूस ८:१५
लूका १२:२-९ / मत्ती १०:२६-३३
लूका १२:८, ९ / मर्कूस ८:३८
लूका १२:१० / मत्ती १२:३१, ३२; मर्कूस ३:२८-३०
लूका १२:११, १२ / मत्ती १०:१९, २०

भौतिकतावाद विरुद्धमा शिक्षा (लूक १२:१३-३४)

[१३]भीड़बाट एक जनाले उहाँलाई भन्यो, "गुरु, मेरा दाज्यूलाई भनिदिनुहोस्, र तिनले
अंशबन्डा गरिदेऊन्।" [१४]तर उहाँले त्यसलाई भन्नुभयो, "मित्र, कसले मलाई

तिमीहरूमाथि न्याय गर्ने अथवा तिमीहरूको सम्पत्ति बाँड़िदिने तुल्यायो?” १५उहाँले
तिनीहरूलाई भन्नुभयो, “होशियार रहो, सबै किसिमका लालचबाट जोगिने काम गर,
किनकि मानिसको जिन्दगी उसको धन-सम्पत्तिको प्रशस्ततामा रहँदैन।” १६उहाँले
तिनीहरूलाई एउटा दृष्टान्त भन्नुभयो, “कुनै एक जना धनी मानिसको जमिनमा प्रशस्त
उब्जनी भयो। १७त्यसले मनमनै गुन्न लाग्यो, ‘मेरो अन्न राख्ने ठाउँ मसित छैन, अब म के
गरूँ?’ १८तब त्यसले भन्यो, ‘म यसो गर्नेछु— आफ्ना ढुकुटीहरू भत्काएर झन् ठूला-ठूला
बनाउनेछु, र मेरा सबै अनाज र मालसामान त्यहीँ राख्नेछु। १९अनि म आफ्नो प्राणलाई
भन्नेछु, “ए प्राण, धेरै वर्षसम्म पुग्ने प्रशस्त सम्पत्ति तेरो निम्ति थुप्रिएको छ। सुख-चैनमा
बस्। खा, पि, र मोज गर्”।’ २०तर परमेश्वरले त्यसलाई भन्नुभयो, ‘ए मूर्ख, आज राती नै
तेरो प्राण तँबाट लिइनेछ, र जे कुराहरू तैंले आफ्नो निम्ति थुपारेको छस्, ती कसको हुने?’
२१आफ्नो निम्ति धन-सम्पत्ति थुपार्ने, तर परमेश्वरको दृष्टिमा धनी नहुने मान्छेको अवस्था
यस्तै हुन्छ।” २२उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयो, “यसैकारण म तिमीहरूलाई भन्दछु,
आफ्नो प्राणको निम्ति के खाऔं र शरीरको निम्ति के पहिरौं भनी चिन्तित नहोओ।
२३किनकि प्राण भोजनभन्दा र शरीर वस्त्रभन्दा ठूलो हो। २४कागहरूलाई विचार गर:
तिनीहरू न त छर्दछन्, न कटनी गर्दछन्, तिनीहरूको न त भण्डार न ढुकुटी नै छ, तर पनि
परमेश्वरले तिनलाई खुवाउनुहुन्छ। तिमीहरू चराचुरुङ्गीभन्दा ज्यादै बढ़ी मोलका छौ!
२५तिमीहरूमध्ये कसले फिक्री गरेर आफ्नो आयुमा एक घड़ीसम्म पनि थप्न सक्छ?
२६यसकारण तिमीहरू त्यतिको सानो काम पनि गर्न सक्दैनौ भने, अरू कुराको चिन्ता किन
गर्दछौ? २७लिली फूललाई विचार गर, कसरी तिनीहरू न त परिश्रम गर्छन् न कात्छन्, तर
म तिमीहरूलाई भन्दछु, सोलोमन राजा पनि आफ्नो सारा गौरवमा यीमध्ये एउटा जतिको
पनि विभूषित थिएनन्। २८तर आज हुने र भोलि आगोमा फालिने मैदानको घाँसलाई
परमेश्वरले यसरी आभूषित गर्नुहुन्छ भने, ए अल्पविश्वासी हो, उहाँले तिमीहरूलाई झन्
कति बढ़ी आभूषित गर्नुहुनेछ। २९के खाऔंला कि के पिऔंला भनी तिमीहरू खोजीमा
नबस, र चिन्तित पनि नहोओ। ३०किनकि संसारका सबै मानिसहरू यी कुराहरूको
खोजीमा रहन्छन्। तिमीहरूका पिताले जान्नुहुन्छ कि तिमीहरूलाई यी कुराहरूको खाँचो
छ। ३१तर परमेश्वरका राज्यको खोजी गर, र यी सबै कुराहरू पनि तिमीहरूलाई दिइनेछन्।
३२सानो बगाल, नडराओ! किनभने तिमीहरूलाई राज्य दिन तिमीहरूका पिता प्रसन्न
हुनुहुन्छ। ३३तिमीहरूको सम्पत्ति बेचेर दान देओ। आफ्नो निम्ति थोत्रो नहुने थैलीहरू
बनाओ। स्वर्गमा कहिल्यै नष्ट नहुने धन स्वर्गमा सञ्चय गर। त्यहाँ चोर आउँदैन र कीरा
पनि लाग्दैन। ३४किनकि जहाँ तिम्रो धन छ, त्यहीँ तिम्रो मन पनि हुनेछ।”

येशूले शिक्षा दिइरहनुभएको बेला, उहाँलाई बाधा दिइयो: **भीड़बाट एक जनाले उहाँलाई भन्यो, “गुरु, मेरा दाज्यूलाई भनिदिनुहोस्, र तिनले अंशबन्डा गरिदेऊन्”** (लूक १२:१३)। त्यस प्रकारको समस्या कसरी समाधान गर्ने सोबारे व्यवस्थाले बताएको छ (व्य २१:१५-१७)। विवादहरूलाई रब्बीहरूले मिलाउने चलन थियो। ख्रीष्टले भौतिक राज्य स्थापना गर्नुहुन्छ भनी (अरू धेरैले गरे जस्तै) त्यस मानिसले अपेक्षा गरेका थिए, र तिनले चाँडै राजा बन्नुहुने राजालाई आफ्नो परिवारको विवादमा आफ्नो पक्षमा उभिदिएको चाहेका थिए।

येशूले त्यस मानिसलाई हप्काउनुभयो (लूक १२:१४) र भीडलाई भन्नुभयो **“होशियार रहो, सबै किसिमका लालचबाट जोगिने काम गर, किनकि मानिसको जिन्दगी उसको धन-सम्पत्तिको प्रशस्ततामा रहँदैन”** (लूक १२:१५) किङ्ग जेम्स् संस्करण (KJV) मा “ध्यान

देओ, र लालचीबाट होशियार रहो" भन्ने उल्लेख छ। "लोभ" वा "लालच" भनी अनुवाद गरिएको ग्रीक शब्द (ἀναίδεια, *प्लेअनेक्सिया, pleonexia*) को अर्थ "अझै बढी चाहना गर्नु" भन्ने हुन्छ र नयाँ करारमा "जहिल्यै पनि नकरात्मक भावमा यसलाई [प्रयोग गरिएको छ]।"[22] धेरै मानिसहरूले अनुचित रूपले धेरै कुराको लोभ गर्छन्। त्यस्ताइच्छाहरू, कहिल्यै पूरा नहुने र अरूमा होइन तर आफूमा केन्द्रित इच्छाहरू हुन्छन्। बाइबलले यसलाई "लालचीपन" भनेको छ र यसलाई गहन रूपमा दोषी ठहराउँछ (एफि ४:१९; कल ३:५; १ हेर्नुहोस्: कोर ५:११)।

१४ पदको "जीवन" भन्ने शब्दको विषयमा, रिचर्ड सी. ट्रेन्च (Richard C. Trench) ले भनेका छन्, "हामीसँग 'जीवन' भन्ने एउटै शब्द छ, तर ग्रीक भाषामा जीवन भनी बताउने दुई वटा शब्द छन्—पहिलो [βίος, *बियस्, bios*] ले हामीले *जिउने जीवन* भन्ने जनाउँछ, अर्को [ζωη, *जोए, zōē*] ले, हामी *जुन जीवनद्वारा जिउछौं त्यसलाई* जनाउँछ; र यहाँ ख्रीष्टले पछिल्लो जीवनको बारेमा बताउनुभएको छ।"[23]

त्यसपछि ख्रीष्टले एक जना धनी किसानको दृष्टान्त बताउनुभयो। त्यस किसानले आफ्नो जीवनमा "प्रशस्त धनसम्पत्ति" *छ* भनी सोचेको थियो (लूक १२:१५; किङ्ग जेम्स् संस्करण [KJV])। परमेश्वरले त्यस मानिसलाई **मुर्ख** भनी भन्नुभयो (लूक १२:२०)।

त्यसपछि येशूले धनी र मुर्खको दृष्टान्तसँगै जीवनको बारेमा सही दृष्टिकोण विकास गर्नको निम्ति चाहिने निर्देशनहरू दिनुभयो। लूकाले डाँडाको उपदेशको धरैजसो शिक्षाहरू लूका ६ मा उल्लेख गरेका छन्, तर शिक्षाको केही भाग भने पछिल्लो पटक प्रभुले आधारभूत विचारलाई दोहोऱ्याउनुहुँदाको भागमा समेत समावेश गरेका छन्। (लूक १२:२२-३१ लाई मत्ती ६:२५-३४ सँग तुलना गर्नुहोस्, र लूक १२:३३, ३४ लाई मत्ती ६:१९-२१ सँग तुलना गर्नुहोस्।) यसको एउटा उदाहरण ३१ पद हो, जसमा ख्रीष्टले, आफ्ना वचन सुन्नेहरूलाई राज्यको खोजी गर्न अनुरोध गर्नुभएको छ (मत्ती ६:३३ हेर्नुहोस्)। परमेश्वरले तिनीहरूलाई राज्य *दिनुहुन्छ* भनी उहाँले निश्चयता दिनुभयो (लूक १२:३२)। ख्रीष्टको मृत्यु, दफन, र पुनरुत्थान पछिको पहिलो पेन्तिकोसमा परमेश्वरले राज्य/मण्डलीको स्थापना गर्नुभएपछि उहाँले यो पूरा गर्नुभयो (प्रे २)।

फेरि, डाँडाको उपदेशमा येशूले आफ्ना चेलाहरूलाई भन्नुभएको थियो, "तर आफ्नो निम्ति स्वर्गमा धन-सम्पत्ति थुपार" (मत्ती ६:२०क)। तिनीहरूले *कसरी* "स्वर्गीय वचत" गर्न सक्छन् भन्ने कुरा उहाँले तिनीहरूलाई यहाँ बताउनुभएको छ: **"तिमीहरूको सम्पत्ति बेचेर दान देओ। आफ्नो निम्ति थोत्रो नहुने थैलीहरू बनाओ। स्वर्गमा कहिल्यै नष्ट नहुने धन स्वर्गमा सञ्चय गर। त्यहाँ चोर आउँदैन र कीरा पनि लाग्दैन"** (लूक १२:३३; हेर्नुहोस्: १ तिमो ६:१७-१९)। येशूले वास्तवमा भन्नुभयो, "यदि तिमीहरू आफ्ना सम्पत्तिलाई जोगाएर राख्न चाहान्छौ भने, *तिनलाई माथि राख*।"

धेरै भन्दा धेरै *चीजहरू* जम्मा गर्ने इच्छाले नशामा रहेको यस संसारलाई लूका १२:१३-३४ को शिक्षाको खाँचो छ। हामी प्रत्येकले येशूका यी वचनलाई घरी-घरी सुन्नु

---

[22] डब्ल्यू. इ. वाइन (W. E. Vine), *"प्लेओनेक्सिया" ("pleonexia"), द एक्स्पाण्डेड भाइन्स् एक्स्पसिटरी डिक्स्नरी अफ न्यू टेस्टामेन्ट वर्डस्,* एड. जोन आर. कोहलेनर्बगर १११ (John R. Kohlenberger III) विद जेम्स् ए. स्वानसन (James A. Swanson) (मिनिपोलिस: बेथानी हाउस पब्लिसर्स, १९८४), २४५।

[23] रिचर्ड सी. ट्रेन्च (Richard C. Trench), *नोट्स् अन द प्याराबल्स् अफ द लर्ड* (वेस्टवुड, एन. जे.; फ्लेमिङ् एच. रेभेल को., १९५३), ३३८।

आवश्यक छ: "मानिसको जिन्दगी उसको धन-सम्पत्तिको प्रशस्ततामा रहँदैन" (किङ्ग जेम्स् संस्करण [KJV])। कुनै मानिसको सफलता र असफलता उसले थुपार्न सकेको सम्पत्तिद्वारा मापन हुँदैन। "मानिसको जीवनको आधार सम्पत्ति र उसको व्यवसाय उही होइन।"[24] मानिससँग *भएको* कुरा र उसको परिचय दुई फरक कुरा *हुन्*।

प्रयोग: एक जना सफल व्यापारीको गल्ती (लूक १२:१३-२१)

जीवनलाई प्रदर्शन भ्याल (display window) सँग तुलना गरिएको पाइन्छ, जसमा बहुमूल्य सामानहरूलाई न्यून मूल्य टयाग दिइएको हुन्छ र कम मूल्य पर्ने समाग्रीलाई हास्यास्पद देखिने गरी अत्यन्तै उच्च मूल्य दिइएको हुन्छ। यो उदाहरणको अर्को संस्करणले के बताउँछ भने, एक जना मानिस रातको समयमा स्टोरमा पस्छ र मूल्य टयागलाई परिवर्तन गरिदिन्छ। आज, साँचो मूल्य भएको कुरा विनामहत्त्वका जस्तो देखिन्छ, र सस्तो र देखावटी सामान मूल्यवान देखिन्छ।

भौतिक कुरामा जोड दिने संसारमा हामी बसिरहेका छौं। धेरै जना आर्थिक सफलता, स्वास्थ्य अर्थव्यवस्था, र सम्पत्ति थुपार्ने कुराप्रति मरिहत्ते गर्छन्। हाम्रा वरपर यस किसिमको जोडलाई महत्त्व दिइएको पाउँदा, साँचो मूल्य के कुरामा हुन्छ त्यसलाई हामीले सजिलै बेवास्ता गर्न सक्छौं। लूका १२:१३-२१ को कथामा यही भएको पाइन्छ।

एक दिन, येशूले शिक्षा दिइरहनुभएको बेला, भीडबाट एक जना मानिस खडा भई उहाँलाई बाधा दिँदै र भन्यो: "गुरु, मेरा दाज्यूलाई भनिदिनुहोस्, र तिनले अंशबन्डा गरिदेऊन्" (लूक १२:१३)। त्यो मानिसको ध्यान ख्रीष्टको उपदेशमा थिएन। ख्रीष्टको वचनलाई सुन्नको सट्टा, तिनी परिवारको सानातिना किचलोको बारेमा सोचिरहेका थिए।

आफ्नो शिक्षा त्यस मानिसको हृदयमा प्रवेश गर्न नसकेकोमा प्रभु दु:खित हुनुभयो। उहाँले भन्नुभयो, "मित्र, कसले मलाई तिमीहरूमाथि न्याय गर्ने अथवा तिमीहरूको सम्पत्ति बाँड़िदिने तुल्यायो?" (लूक १२:१४) ग्रीकमा "तिमीहरू" (ὑμᾶς, *हुमास्, humas*) भन्ने शब्द बहुवचनमा छ। यसको अर्थ "तिमी र तिम्रो दाजु" भन्ने हुन्छ। तिनको दाजु पनि त्यहीं उपस्थित रहेको हुनसक्ने सम्भावना छ। त्यस मानिसको हृदयमा हेरेपछि, उहाँले त्यसमा भएको समस्यालाई पत्ता लगाउनुभयो। उहाँले तिनलाई भन्नुभयो, "होशियार रहो, सबै किसिमका लालचबाट जोगिने काम गर, किनकि मानिसको जिन्दगी उसको धन-सम्पत्तिको प्रशस्ततामा रहँदैन" (लूक १२:१५)। त्यसपछि उहाँले एउटा दृष्टान्त भन्नुभयो:

> कुनै एक जना धनी मानिसको जमिनमा प्रशस्त उब्जनी भयो। त्यसले मनमनै गुन्न लाग्यो, "मेरो अन्न राख्ने ठाउँ मसित छैन, अब म के गरूँ?" तब त्यसले भन्यो, "म यसो गर्नेछु— आफ्ना ढुकुटीहरू भत्काएर झन् ठूला-ठूला बनाउनेछु, र मेरा सबै अनाज र मालसामान त्यहीँ राख्नेछु। अनि म आफ्नो प्राणलाई भन्नेछु, 'ए प्राण, धेरै वर्षसम्म पुग्ने प्रशस्त सम्पत्ति तेरो निम्ति थुप्रिएको छ। सुख-चैनमा बस्। खा, पि, र मोज गर्'।" तर परमेश्वरले त्यसलाई भन्नुभयो, "ए मूर्ख, आज राती नै तेरो प्राण तँबाट लिइनेछ, र जे कुराहरू तैंले आफ्नो निम्ति थुपारेको छस्, ती कसको हुने?" (लूक १२: १६-२०)

उहाँले आफ्नो शिक्षालाई यसो भन्दै समाप्त गर्नुभयो, "आफ्नो निम्ति धन-सम्पत्ति थुपार्ने, तर परमेश्वरको दृष्टिमा धनी नहुने मान्छेको अवस्था यस्तै हुन्छ" (लूक १२:२१)।

---

[24]नील आर. लाइटफुट (Neil R. Lightfoot), *द प्याराबल्स् अफ जिसस्,* पार्ट १ (अस्टिन, टेक्सस्: आर. बी. स्वीट, को., १९६३), ७४।

"परमेश्वरको दृष्टिमा धनी" हुनु भन्नुको अर्थ "हामीसँग भएको सबै कुरा परमेश्वरबाट नै आएको हुन्छ भन्ने कुरालाई खुशीसाथ स्वीकार गर्नु र उहाँले दिनुभएका कुरालाई अरूका भलाइको निम्ति र परमेश्वरको महिमाको निम्ति प्रयोग गर्ने प्रयास गर्नु" हो।[25] जे. बी. फिलिप्स् अनुवाद (J. B. Phillips' Translation) मा "परमेश्वरले जेलाई वास्ता गर्नुहुन्छ त्यो धन होइन" भन्ने वाक्य पाइन्छ।

दृष्टान्तको त्यस मानिसलाई संसारले धेरै सफल व्यक्तिको रूपमा लिन्छ। मूल बाइबल अनुसार, तिनी किसान र व्यापारी थिए, र उनी दुवै व्यावसायमा सफल भएका थिए। आज हामी उनलाई "एक सफल व्यापारी" भनी भन्न सक्छौं। म यो भन्नमा हतार गर्न चाहान्छु, यो मानिससँग पैसा कमाउने वरदान थियो। "सबै दुष्टताको जरा रुपियाँपैसा हो" भनी केहिलेकहीं भनिन्छ, तर पावलले भनेका छन्, "रुपियाँपैसाको *मोह* नै सबै किसिमका खराबीको जड़ हो" (१ तिमो ६:१०क; जोड दिइएको छ)। पैसालाई असल कुराको निम्ति प्रयोग गर्न सकिन्छ। "अरिमाथियाका योसेफ नाउँ भएका एक जना धनी मानिस" "येशूको चेला" थिए (मत्ती २७:५७)। रुपियाँपैसा नै समस्या होइन तर यसप्रति व्यक्तिको आचरणचाहिँ समस्या हो। जर्ज डब्ल्यू. बेइले (George W. Bailey) ले यस विषयमा यसो भनेका छन्: "*धनसम्पत्तिले* होइन, तर धनसम्पत्ति प्रतिको *स्वाभावले* मानिसलाई घात पुऱ्याउँछ"[26]

त्यस धनी मानिसको मृत्यु भएपछि उसको दफनमा बोल्ने मानिसले तिनको विषयमा बताउनलाई राम्रो कुरा फेला पार्न समस्या भएको थिएन होला। त्यो मानिसले आफ्नो सम्पत्ति इमान्दारिता पूर्वक नै प्राप्त गरेका थिए भन्ने कुरा स्पष्टै छ। तिनले घुसखोरी गरेर वा अनैतिक व्यवसाय गरेर सम्पत्ति कमाएका थिए भन्ने कुनै संकेत पाइँदैन। अनैतिकताको बारेमा कुनै संकेत दिइएको छैन; तिनी असल, र नैतिक आचरण भएका मानिस थिए भन्ने देखिन्छ। तैपनि, यी सफल व्यापारीले धेरै गम्भीर गल्तीहरू गरेका थिए जसको कारण तिनको प्राणलाई असर पऱ्यो।

गल्ती #१—के कुरा मूल्यवान हो त्यसको ज्ञानको कमी तिनमा थियो

सबैभन्दा पहिले, के मूल्यवान हो त्यो कुरा तिनलाई थाहा थिएन। तिनले जिउनको निम्ति परमेश्वरको प्राकृतिक नियमलाई पालन गरेका थिए तर जीवन बनाउने परमेश्वरको आत्मिक नियमलाई तिनले बेवास्ता गरेका थिए।

जीवनको निर्देशन, लक्ष, र उत्प्रेरणा सम्बन्धी सिद्धान्त जत्तिको कुनै पनि कुरा महत्त्वपूर्ण हुँदैन। धन कमाउन सिकाउने पुस्तकहरूले मस्तिष्कलाई महत्त्वकाक्ष वा लक्षले भर्नु आवश्यक छ भन्ने कुरालाई जोड दिइएको पाइन्छ। त्यस प्रकारको लक्षको खतराको बारेमा पावलले लेखेका छन्:

> तर *धनी हुने इच्छा गर्नेहरू* परीक्षामा पर्छन्, पासोमा फस्छन् र धेरै अर्थहीन र दुःखदायी इच्छाहरूमा डुब्छन्, जसले मानिसहरूलाई बरबादी र सर्वनाशमा डुबाउँछन्। किनभने रुपियाँपैसाको मोह नै सबै किसिमका खराबीको जड़ हो। पैसाको *लोभमा परेर* कोही-कोही विश्वासबाट कुमार्गतिर लागेका छन्, र धेरै पीडाले तिनीहरूका हृदय घोचेका छन्

---

[25]वियर्सबे (Wiersbe), २२१।

[26]जर्ज डब्ल्यू. बेइले (George W. Bailey), "द रिच क्यान बि फुल एण्ड फुल क्यान बि रिच," *द प्रिचर्स् पेरियोडिकल* ३ (जुलाइ १९८२): २६।

(१ तिमो ६:९, १०; जोड दिइएको छ)।

त्यस धनी मानिस आफ्नो सम्पत्तिमै डुबेको थियो। धर्मशास्त्रले बताए अनुसार, तिनले परमेश्वर, आफ्ना मित्र, र तिनीहरूप्रति आफ्नो जिम्मेवारीहरूका बारेमा कहिल्यै पनि सोच्थेनन्। कसैको आँखा अघि सानो सिक्का राखिदिएमा तिनले ठूलो पर्वतलाई छल्न सक्छ। त्यसरी नै, सम्पत्तिको पछि दगुर्नेले जीवनमा वास्तवमै महत्त्वपूर्ण कुरा के हो त्यसलाई देख्न सक्दैन।

पावलले लेखेका छन् "हामी *दृश्य* कुरालाई होइन, तर अदृश्य कुरालाई हेर्छौं, किनभने दृश्य कुरा क्षणिक हुन्छन्, तर *अदृश्य* कुराचाहिँ अनन्तसम्म रहन्छन्" (२ कोर ४:१८; जोड दिइएको छ)। येशूले सोध्नुभयो, "सारा जगत् प्राप्त गरेर पनि आफ्नो प्राण गुमायो भने, मानिसलाई के लाभ हुन्छ? अथवा मानिसले आफ्नो प्राणको सट्टामा के दिन सक्छ?" (मत्ती १६:२६)। उहाँले हामी प्रत्येकलाई "पहिले उहाँ [परमेश्वर] को राज्य र उहाँका धार्मिकताको खोजी गर" उत्साह दिनुहुन्छ (मत्ती ६:३३)। व्यक्तिको सम्पत्ति कहाँ छ (कहाँ खर्च गर्छ) त्यसलाई हेरेर व्यक्तिको हृदय कहाँ छ भनी भन्न सकिन्छ भनी उहाँले बताउनुभयो (मत्ती ६:२१)।

त्यस धनी मानिसले जुन कुरो क्षणिक छ त्यसैमा भरोसा गरेको थियो। परमेश्वरले तिनलाई भन्नुभयो, "... आज राती नै तेरो प्राण तँबाट लिइनेछ, र जे कुराहरू तैंले आफ्नो निम्ति थुपारेको छस्, ती कसको हुने?" (लूक १२:२०)। मानिसहरू जीवनभर सम्पत्ति थुपार्नमै लाग्छन्—त्यसपछि, अन्त्यमा, तिनीहरूसँग के हुन्छ? केही पनि हुँदैन। भजनकारका अनुसार, जब कुनै धनी मानिस मर्छ, "त्यसले आफूसँग केही पनि लैजानेछैन" (भज ४९:१६, १७)। अय्यूबले भनेका छन्, "म आफ्नी आमाको गर्भबाट नाङ्गै आए, अनि म नाङ्गै फर्केर जानेछु" (अयू १:२१क)। पावलले लेखेका छन्, "किनकि हामीले न त यस संसारमा केही ल्यायौं न यहाँबाट केही लैजान नै सक्छौं" (१ तिमो ६:७)। नष्ट भएर जाने थोक हाम्रो प्राथमिकताको उच्च स्थानमा हुनुहुँदैन। येशूले यस्तो अनुरोध गर्नुभयो,

> "आफ्नो निम्ति पृथ्वीमा धन-सम्पत्ति नथुपार, जहाँ कीरा र खियाले ती नष्ट पार्छन् र जहाँ चोरहरूले घर फोरेर ती चोर्छन्। तर आफ्नो निम्ति स्वर्गमा धन-सम्पत्ति थुपार, जहाँ कीराले वा खियाले नष्ट पार्दैन, र चोरले पनि चोर्दैन" (मत्ती ६:१९, २०)।

एक जना धनी पशुपालकले एक जना प्रचारकलाई आफ्नो खेतको अल्गो डाँडामा लगेर पूर्व, पश्चिम, उत्तर र दक्षिण सबैतिर देखायो। "तिमीले जति टाढासम्म देख्छौ," उसले भन्यो, "सबै मेरो हो।" प्रचारकले स्वर्गतिर देखाउँदै भन्यो, "अनि *त्यसको* कति भाग तिम्रो हो?" के कुरा साँच्चै महत्त्वपूर्ण हो त्यसलाई हाम्रो जीवनको *पहिलो* प्राथमिकतामा राख्नु अनिवार्य कुरा हो।

गल्ती #२—तिनी स्वार्थी थिए

दोस्रो, ती सफल व्यापारी स्वार्थी थिए। ग्रीकमा, प्रथम पुरुष सर्वनाम ("म" र "मेरो"), तिनको कथा बताउने तीन वटा पदमा बाह्र पटक प्रयोग भएको पाइन्छ।

धनको निम्ति मरिमेट्नाले व्यक्तिलाई आफ्नै बारेमा मात्र सोच्ने र अरूलाई देख्दै नदेख्ने बनाउँछ। एक जना इसाई व्यापारीले एक दिन मलाई आफूले धेरै पैसा कमाइरहेको र त्यो रकम अब के गर्ने सोबारे उनी निश्चित नभएको कुरा बतायो। "त्यसपछि मैले लगानीमा नै हालें," उसले भन्यो। यसको केही समयपछि, उनी सदस्य रहेको मण्डलीले

एउटा राम्रो अभियानको निम्ति सहयोग दिन अनुरोध गऱ्यो। त्यस मण्डलीको धेरैजसो विधवाहरूले जति दिएका थिए तिनले त्योभन्दा थोरै दिए।

आफूसँग पहिलेदेखि नै "ढुकुटी" छ भन्ने कुरा तिनले महसुस गर्न सकेका थिएनन्: दु:खकष्ट भोगिरहेकाहरूका हातहरू, भोकाएकाहरूका भोको मुख, नाङ्गाहरूको शरीर, विधवाहरू र अनाथहरूका जीवन।[27]

अरूलाई सेवा गरून् भनी परमेश्वरले हामीलाई पृथ्वीमा राख्नुभएको छ। "यसकारण मौका पाएअनुसार हामी सबै मानिसको भलाइ गर्दैजाऔं, विशेष गरी तिनीहरूलाई, जो हाम्रो विश्वासका परिवारका हुन्" (गला ६:१०)। अचार बेचेर धेरै धन कमाएका जोन एच. हेन्ज (John H. Heinz) को नारा यस्तो थियो: "परमेश्वर पहिलो, अरू दोस्रो, अनि अचार तेस्रो।" एक जना बृद्ध मानिसले आफ्नो छोरोलाई भन्यो: "न्यायको दिनमा, परमेश्वरले तिम्रो पैसाको बारेमा तीन वटा प्रश्न गर्नुहुनेछ: 'तिमीले सक्ने जति तिमीले कमायौ?'; 'तिमीले इमान्दारसाथ कमायौ?'; 'तिमीले अरूका निम्ति प्रयोग गऱ्यौ'?" धनलाई प्रयोग मात्र गर्ने होइन; यसलाई काममा पनि लगाउनु पर्छ—अरूलाई सहायता गर्ने काममा।

धनी मानिसले आफ्ना सम्पत्तिहरू उनकै हो, र आफूले चाहे अनुसार तिनलाई प्रयोग गर्न सक्छु भनी सोचेको थियो। तिनी ती सम्पत्तिको *भण्डारे* मात्रै थिए भन्ने कुरा तिनले महसुस गर्न सकेका थिएनन्। कानूनी हिसाबमा, थोकहरू हाम्रो स्वमित्वमा हुनसक्छ; तर बाइबलीय हिसाबमा, हामी तिनलाई परमप्रभुको निम्ति हेरचहार मात्र गरिरहेका हुन्छौं, जसबाट ती आएका हुन्छन्। यसो भनी चिच्याउनेहरूले आज पनि त्यस धनी मानिसले गरेको गल्तीलाई दोहोऱ्याइरहेका छन्, "मसँग भएको कुरा *मेरै* हो, र मैले यसलाई के गर्ने त्योबारे कसैले मलाई सिकाउनु पर्दैन।"

गल्ती #३—आफ्नो प्राणको निम्ति भौतिक सम्पत्तिले मूल्य चुकाउन सक्छु भनी तिनले सोचेको थियो

तेस्रो, आफ्नो प्राणको निम्ति भौतिक सम्पत्तिले मूल्य चुकाउन सक्छु भनी तिनले सोचेको थियो। तिनले भन्यो, "ए प्राण, धेरै वर्षसम्म पुग्ने प्रशस्त सम्पत्ति तेरो निम्ति थुप्रिएको छ। सुख-चैनमा बस्। खा, पि, र मोज गर्" (लूक १२:१९)। एक जना लेखकले यी धनी मानिसले आफ्नो प्राणलाई भनेका कुराको सारांश यसरी दिएका छन्: अर्थात्, "आरम गर्, खा, रक्सी पि, अनि चम्कि (Recline, dine, wine, and shine)।"

त्यस मानिसको शब्दमा रहेको मुर्खता स्पष्टै देख्न सकिन्छ। एउटा टेबलको बायाँतर्फ मीठो खाना र दायाँतर्फ बाइबल राखिएको कल्पना गर्नुहोस्। पहिलो शरीरको लागि खाना हो र अर्को प्राणको लागि खाना। हामीले एउटाको खाना, अर्कोलाई खुवाउन सक्दैनौं। येशूले "नष्ट हुने भोजनको" सँग "जीवनसम्म रहने भोजनको" लाई तुलना गर्नुभयो (यूह ६:२७)। उहाँले भन्नुभयो, "मानिस रोटीले मात्र होइन, तर परमेश्वरको मुखबाट निस्केको हरेक वचनले जीवित रहँदछ" (मत्ती ४:४)। शरीरको लागि बन्दोबस्त गर्नु र आत्माको लागि कुनै पनि व्यवस्था नगर्नु भनेको सबैभन्दा ठूलो मुर्खता हो।

त्यस धनी मानिसलाई फसाउने पासोमा नै हामी पनि कहिलेकहीं पर्ने संभावना हुन्छ? हामीले कहिल्यै यस्तो सोचेका छौं वा भनेका छौं, "यदि मसँग राम्रो जागिर भैदिएको भए,

---

[27]यो वाक्य एम्ब्रोस (Ambrose), मिलानको चौथो शताब्दी विशप, बाट लिएको हो (ट्रेन्चमा [Trench] उल्लेख गरिएको, ३४१)।

म खुशी हुनेथिएँ”? धेरैजसो मानिसहरू धेरैभन्दा धेरै धनसम्पत्ति थुपार्दा मानसिक शान्ति र सुरक्षा हुन्छ भनी त्यसैको खोजी गरिरहेका छन्, तर प्रभुले भन्नुभयो, “मानिसको जिन्दगी उसको धन-सम्पत्तिको प्रशस्ततामा रहँदैन” (लूक १२:१५; किङ्ग जेम्स् संस्करण [KJV])। धेरैभन्दा धेरै प्राप्त गरेर खुशी प्राप्त हुँदैन, तर हामीसँग के छ त्यसप्रति राखिने सकरात्मक सोचद्वारा खुशी प्राप्त गर्न सकिन्छ। पावलले लेखेका छन्,

> सन्तुष्टिसहितको भक्ति नै ठूलो लाभ हो। किनकि हामीले न त यस संसारमा केही ल्यायौं न यहाँबाट केही लैजान नै सक्छौं। तर खान र लाउनसम्म छ भने हामी त्यसैमा सन्तुष्ट हुनेछौं (१ तिमो ६:६-८)।

कसैले भनेका छन्, “सारा संसार खुशीको पछि लागेका छन्, तर धेरै जना गलत मार्गमा छन्।” लिएर होइन तर दिएर चिरस्थायी खुशी प्राप्त हुन्छ। जोन ब्यानिस्टर (John Banister) ले लेखेका छन्, “जीवनको महत्त्वपूर्ण कुरा ... आम्दानी होइन, तर खर्च हो।”[28] येशूले भन्नुभयो, “लिनुभन्दा दिनु अझ धन्य [खुशीको अवस्था] हो” (प्रे २०:३५ख)।

भौतिक कुराहरूद्वारा प्राण कहिल्यै तृप्त हुँदैन। यदि हामी हाम्रो प्राणलाई तृप्त गर्न चाहान्छौं भने, हामीले परमेश्वरसँगको आज्ञाकारी सम्बन्ध र अरूसँगको प्रेमपूर्ण सम्बन्धद्वारा हाम्रो प्राणलाई खुवाउनु पर्छ।

गल्ती #४—आफ्नो जीवनको ग्यारेन्टी छ भन्ने तिनले सोच्यो

धनी मानिसको अन्य गल्तीहरूलाई पनि सूचीकृत गर्न सकिन्छ, तर एउटालाई यहाँ उल्लेख गर्नै पर्छ: आफ्नो जीवनको निम्ति भाडा तिरिसकेको छु भनी तिनले सोच्यो, अर्थात्, अझै धेरै वर्षसम्म जिउन र सफल हुन सक्छु भन्ने तिनले सोचेको थियो। तिनको विचार थियो, “ *धेरै वर्षसम्म पुग्ने* प्रशस्त सम्पत्ति तेरो निम्ति थुपारेको छु” (लूक १२:१९; जोड दिइएको छ); तर परमेश्वरले तिनलाई भन्नुभयो “*आज राती* नै तेरो प्राण तँबाट लिइनेछ” (लूक १२:२०; जोड दिइएको छ)।

कतिपयले “आफूसँग संसारको सबै समय उपलब्ध छ” भनी सोच्ने गर्छन्—इसाई बन्ने समय, प्रभुको निम्ति जिउनलाई गम्भीर हुने समय, तिनीहरूले सोचेका मानिसहरूप्रति दयालु हुने समय। धेरैले मलाई यसो भनेका छन्, “हो, मैले त्यो गर्नै पर्छ, र म *एक दिन* गर्ने नै पनि छु।” सोलोमनले यसो भनी चेतावनी दिएका छन्, “भोलिको धाक नलगा, किनभने एकै दिनमा के आइपर्ला भन्ने तँलाई थाहा हुँदैन” (हितो २७:१)। भविष्यको निम्ति निर्धक्क योजना बनाउनेहरूका निम्ति, याकूबले लेखेका छन्,

> “आज वा भोलि हामी फलानो सहरमा जाऔंला, त्यहाँ एक वर्ष बिताऔंला र व्यापार गरेर नाफा गरौंला” भन्नेहरू अब सुन, भोलि के हुने हो तिमीहरू जान्दैनौ। तिम्रो जिन्दगी के छ? तिमीहरू त तुवाँलो हौ, जो केही बेरको निम्ति देखा पर्छ, अनि हराइहाल्छ। यसको सट्टामा त तिमीहरूले यसो भन्नुपर्ने, “यदि परमेश्वरको इच्छा भयो भने हामी बाँचौंला र यस्तो-उस्तो गरौंला” (याकू ४:१३-१५)।

जीवन छोटो छ र यो अनिश्चित छ। बाइबलले हामीलाई यो सिकाउँछ, “स्त्रीबाट जन्मेको मानिस अल्पआयुको र अशान्तिले भरिएको हुन्छ, त्यो फूलझैँ फक्रन्छ र

---

[28]जोन ब्यानिस्टर (John Banister), “द रिच फुल,” *जोन ब्यानिस्टरका उपदेशहरू*, ग्रेट प्रिचरस् अफ टुडे सेरिज, एड. जे. डी. थोमस (J. D. Thomas) (एबिलेन, टेक्सस्: बिब्लिकल रिसर्ज प्रेस, १९६५), ११६।

ओइलाइहाल्छ। त्यो क्षणिक छायाजस्तै हराइहाल्छ, रहँदैन" (अयू १४:१, २)। हामी भोलिमा भर पर्न सक्दैनौं, किनकि भोलि कहिल्यै नआउन सक्छ। जे गरिनु पर्छ त्यो आजै गरिनु पर्छ।

हामी मृत्युको बारेमा नै सोचिरहने परिपाटिबाट जोगिनु पर्छ, तर यो आइपर्न सक्छ—र आउँछ नै—सोच्दै नसोचेको समयमा। आफ्नो जीवनको चरम अवस्थामा त्यस धनी मानिसले आफू अझै धेरै वर्ष बाँच्नेछु भनी सोचेको थियो। यसको ठीक विपरित, उनीसँग चौबिस घण्टा समेत थिएन: "आज राती नै तेरो प्राण तँबाट लिइनेछ।" "अचानक मृत्यु" अखबरका शिर्षकहरूमा चिच्याइरहन्छन्! मृत्युबाट कोही पनि भाग्न सक्दैनन्; यसबाट बच्न कुनै खोप लगाउन सकिन्न (हिब्रू ९:२७)। एक जना मानिस आफ्नो स्वास्थ्यको निम्ति धेरै नै होशियार थियो। ऊ आफ्नो कोलेस्ट्रोलको मात्रामा खुबै ध्यान दिन्थ्यो। उनले स्वास्थ्यवर्द्धक खानेकुरा खान्थ्यो। नियमित कसरत गर्थ्यो। उनले चिकित्सककहाँ निरन्तर परिक्षण गराउँथ्यो। तर एक दिन तिनलाई ट्रकले ठक्कर दिई माऱ्यो। हामी कसैसँग पनि भोलिको ग्यारेन्टी हुँदैन। अनन्तकालको निम्ति सँधै तयार रहनु महत्त्वपूर्ण हुन्छ।

निष्कर्ष

शायद त्यस धनी मानिसको अन्त्येष्टि सञ्चालन गर्ने व्यक्तिले त्यस मानिसको बारेमा असल कुराहरू भन्न गाह्रो परेन। र तिनलाई दफन गर्नेहरूले उनको बारेमा सराहानीय समाधी-लेख लेख्न गाह्रो नभएको हुनसक्छ, जस्तै "हाम्रा अग्र नागरिकहरूमध्येका एक, यहाँ सुतेका छन्।" तैपनि, तिनीप्रति परमप्रभुको समाधि-लेख, वास्तवमा यस्तो थियो, "एक जना मुर्ख मानिस यहाँ सुतेका छन्।" त्यस सफल व्यापारीले गरेको गल्ती गर्नबाट हामीलाई परमेश्वरले सहायता गर्नुभएको होस्।

सतर्कताको बारेमा सिकाउने (लूक १२:३५-४८)

३५"तिमीहरूका आफ्ना कम्मर कस र तिमीहरूका बत्ती बालिराख। ३६तिमीहरू ती मानिसहरू जस्ता होओ, जसले आफ्ना मालिक विवाहको भोजबाट फर्किआएर ढकढक्याउँदा तिनको निम्ति झट्टै ढोका खोलिदिन्छन्। ३७ती नोकरहरू धन्यका हुन्, जसका मालिक घर आउँदा तिनीहरूलाई जागिरहेका भेट्टाउनेछन्। साँच्चै म तिमीहरूलाई भन्दछु, तिनले आफ्नो पटुका कसेर तिनीहरूलाई खान बसाउनेछन्, र आएर तिनीहरूको सेवा गर्नेछन्। ३८यदि तिनी मध्यरात वा त्यसभन्दा अझ ढिलो आउँदा पनि नोकरहरूलाई जागै भेट्टाए भने, तिनीहरू धन्यका हुन्। ३९तर यो जान, कि चोर कुन बेला आउँछ भनेर घरका मालिकले जानेका भए तिनी जागा बस्नेथिए, र चोरलाई घर फोरेर पस्न दिनेथिएनन्। ४०तिमीहरू पनि तयार रहो, किनकि तिमीहरूले नचिताएको बेलामा मानिसको पुत्र आउनेछ।" ४१तब पत्रुसले भने, "हे प्रभु, के यो दृष्टान्त हाम्रै निम्ति मात्र बताउनुभएको हो, कि अरू सबैका निम्ति?" ४२प्रभुले भन्नुभयो, "त्यो विश्वासी र बुद्धिमानी भण्डारे को हो, जसलाई त्यसका मालिकले आफ्ना परिवारलाई निश्चित समयमा तिनीहरूका भागमा पर्ने भोजन दिनलाई खटाउनेछन्? ४३त्यो दास धन्यको हो, जसलाई त्यसका मालिक आउँदा त्यसै गरिरहेको भेट्टाउनेछन्। ४४साँच्चै म तिमीहरूलाई भन्दछु, तिनले त्यसलाई आफ्ना सारा सम्पत्तिमाथि अधिकार दिनेछन्। ४५तर त्यस दासले आफ्नो मनमा 'मेरा मालिक आउन ढिलाउनुहुनेछ' भनेर कमारा र कमारीहरूलाई पिट्न लाग्यो, र त्यो खान, पिउन र मात्न लाग्यो भने, ४६त्यसले आशा नगरेको दिन र नचिताएको घड़ीमा त्यसका मालिक

आउनेछन्, र त्यसलाई दण्ड दिनेछन्, र त्यसको दशा अविश्वासीहरूको जस्तो हुनेछ।
४७आफ्नो मालिकको इच्छा जानेर तयार नरहने र तिनको इच्छाबमोजिम नगर्ने दासले चाहिँ
ज्यादै पिटाइ खानेछ। ४८तर मालिकको इच्छा नजानेर पिटाइ खाने योग्यको काम गर्नेले
थोरै पिटाइ खानेछ। प्रत्येक जसलाई धेरै दिइएको छ, त्यसबाट धेरै मागिनेछ, र हरेक
जसलाई धेरै सुम्पिएको छ, त्यसबाट अझ बढ़ी लिइनेछ।"

ख्रीष्टले "स्वर्गीय सम्पत्ति" को बारेमा शिक्षा दिनुभएपछि, स्वर्गमा जानका लागि आफ्ना चेलाहरूलाई उहाँको दोस्रो आगमनको निम्ति तयार रहिरहन हौसला दिनुभयो: **"तिमीहरू पनि तयार रहो, किनकि तिमीहरूले नचिताएको बेलामा मानिसको पुत्र आउनेछ"** (लूक १२:४०)। यसलाई प्रभुको दोस्रो आगमनको दोस्रो स्पष्ट अभिव्यक्तिको रूपमा लिइन्छ। पहिलो मत्ती १६:२७ मा उल्लेख थियो।

जुनसुकै समयमा तयार रहिरहनुको महत्त्वलाई जोड दिन, येशूले उदाहरणहरूको श्रृंखला प्रयोग गर्नुभयो। कतिपयले यहाँ चार वटा फरक दृष्टान्तहरू छन् भनी भन्छन्: मालिकको प्रतिक्षामा बस्ने नोकरहरूको दृष्टान्त (लूक १२:३६-३८), राती आउने चोरको दृष्टान्त (लूक १२:३९), बुद्धिमानी भण्डारेको दृष्टान्त (लूक १२:४२-४६), र जानीजानी नगर्ने र नजानेको कारण नगर्ने दासहरूको दृष्टान्त (लूक १२:४७, ४८)। ध्यान दिनुहोस्, येशूले **दृष्टान्त** भन्ने शब्दलाई प्रयोग गर्नुभएन, तर ४१ पदमा पत्रुसले यो शब्द प्रयोग गरेका छन्। हामीले जुन अभिव्यक्तिलाई उदाहरणको रूपमा मान्छौं, त्यही अभिव्यक्तिलाई बुझाउन नयाँ करारमा कहिलेकहीं "दृष्टान्त" शब्द प्रयोग गरिएको पाइन्छ।

पहिलो दृष्टान्तमा, नोकरहरू आफ्नो मालिकको पर्खाइमा जुनसुकै समयमा तयार रहिरहनुपर्ने थियो। यस उदाहरणमा, येशूले भन्नुभयो, **"ती नोकरहरू धन्यका हुन्, जसका मालिक घर आउँदा तिनीहरूलाई जागिरहेका भेट्टाउनेछन्। साँच्चै म तिमीहरूलाई भन्दछु, तिनले आफ्नो पटुका कसेर तिनीहरूलाई खान बसाउनेछन्, र आएर तिनीहरूको सेवा गर्नेछन्"** (लूक १२:३७)। मालिकले पटुका कसेर आफ्ना नोकरहरूलाई खान बसाएको कुरा त्यस बेला उहाँको वचन सुन्ने मानिसहरूलाई कल्पना गर्न गाह्रो पारेको हुनसक्छ—तर यसले, विश्वासयोग्य रूपमा परमेश्वरलाई सेवा गर्ने व्यक्तिहरूलाई उहाँले व्यक्तिगत रूपमै इनाम दिनुहुनेछ भन्ने अचम्मको सत्यतालाई झल्काउँदछ।

नोकरहरूका बारेमा येशूले दिनुभएको यस शिक्षाको सामान्य अर्थ छ कि अथवा यो प्राथमिक रूपमा पत्रुस र अरू प्रेरितहरूलाई लक्षित गरिएको हो सो विषयमा पत्रुसलाई खुलदुली थियो (लूक १२:४१)। दास सम्बन्धी अर्को उदाहरणद्वारा ख्रीष्टले यसको प्रतिक्रिया दिनुभयो, र यही दृष्टान्तलाई उहाँले आफ्नो संसारिक सेवकाइको अन्तिम हप्तामा फेरि प्रयोग गर्नुभएको छ (मत्ती २४:४५-५१)। उहाँले एक जना मालिकको बारेमा बताउनुभयो। **आफ्ना परिवारलाई निश्चित समयमा तिनीहरूका भागमा पर्ने भोजन दिनलाई** एक जना भण्डारेलाई नियुक्त गरेर यो मालिक जान्छ (लूक १२:४२)। मालिक फर्कंदा, यदि भण्डारेले आफ्नो जिम्मेवारीहरूलाई विश्वसनीय ढङ्गले पूरा गरिरहेको पाएमा, उसलाई इनाम दिइन्छ भनी प्रभुले भन्नुभयो (लूक १२:४३, ४४)। अर्कोतर्फ, भण्डारेले आफ्नो अख्तियारलाई दुरुपयोग गरेको पाइएमा, उसलाई गम्भीर रूपमा दण्ड दिइन्छ (लूक १२:४५, ४६)। ४६ पद अनुसार, मालिकले [अविश्वासी भण्डारेलाई] **त्यसलाई दण्ड दिनेछन्**। यो ग्रीक शब्दको ठेड अनुवाद हो, तर मानिसको शरीरलाई टुक्रा-टुक्रा गरेर काटिनेछ भनी यसलाई लिइनु हुँदैन। (पदको पछिल्लो भागले, उसको दर्जा घटाइएको बारेमा बताउँदछ। यदि उसलाई टुक्रा-टुक्रा गरिएको भए यो सम्भव हुनेथिएन।) वाक्यको

अर्थ, उसले नराम्ररी कुटाइ खान्छ (लूक १२:४७), जसले गर्दा "[उसको ढाडमा] टुक्रा-टुक्रा भई चोट लाग्छ" भन्ने हुनसक्छ। शास्त्री र फरिसीहरू परमेश्वरका मानिसहरूका रेखदेख गर्ने व्यक्तिहरू हुनुपर्ने थियो तर तिनीहरू त्यस जिम्मेवारीमा विश्वासयोग्य बन्न सकेनन् भन्ने कुरालाई ध्यान नदिइकन यो खण्डलाई बुझ्न गाह्रो हुनेछ।

ख्रीष्टले त्यपछि भन्नुभयो, **"आफ्नो मालिकको इच्छा जानेर तयार नरहने र तिनको इच्छाबमोजिम नगर्ने दासले चाहिँ ज्यादै पिटाइ खानेछ। तर मालिकको इच्छा नजानेर पिटाइ खाने योग्यको काम गर्नेले थोरै पिटाइ खानेछ"** (लूक १२:४७, ४८क)। येशूले यी कुरा बोल्नुको उद्देश्य नरकमा हुने दण्डको हदको बारेमा नयाँ शिक्षा दिनु भन्ने थिएन। उहाँले व्यक्त गर्नुभएको भावभन्दा बढी अर्थ दिएर हामीले उहाँको वचनहरूलाई अर्थ लगायौं भने, बरु *नजानेकै* जाती भन्ने निष्कर्षमा हामी पुग्न सक्छौं, जुन निष्कर्ष सत्य होइन (यूह ८:३२)। बरु, *विशेषाधिकार तथा सुविधासँग जिम्मेवारी पनि गाँसिएर आएको हुन्छ* भन्ने कुरालाई ख्रीष्टले जोड दिइरहनुभएको थियो। उहाँले त्यसपछि भन्नुभयो, **"प्रत्येक जसलाई धेरै दिइएको छ, त्यसबाट धेरै मागिनेछ, र हरेक जसलाई धेरै सुम्पिएको छ, त्यसबाट अझ बढ़ी लिइनेछ"** (लूक १२:४८ख)। विशेषाधिकार जति ठूलो हुन्छ, जिम्मेवारी पनि त्यति नै ठूलो हुन्छ।

ख्रीष्टको शिक्षाको अर्थ सामान्य हो कि विशेष हो भन्ने बारेमा रहेको पत्रुसको प्रश्नप्रति उहाँको प्रतिक्रिया (लूक १२:४१), वास्तवमा यस्तो थियो, "यसको अर्थ *दुवै* हो।" परमेश्वरले दिनुभएको कुनै पनि विशेष जिम्मेवारीहरूमा, यो *सामान्य* रूपमा लागू हुन्छ। न्यू लिभिङ अनुवाद (NLT) ले प्रभुको प्रतिक्रियालाई यसरी उल्लेख गरेको छ: "मालिकले जिम्मेवारी सुम्पने *जुनसुकै* समझदार सेवकको बारेमा मैले कुरा गरिरहेको छु ..." (लूक १२:४२; जोड दिइएको छ)। तैपनि, यदि पत्रुस र अरू प्रेरितहरू विवेकशील थिए भने, तिनीहरूप्रति यी दृष्टान्तहरूको *विशेष* अर्थ थियो भन्ने कुरा तिनीहरूले महसुस गर्नुपर्ने थियो। प्रभुले तिनीहरूलाई "धेरै" दिनुभएको थियो; त्यसैले तिनीहरूले "धेरै" नै गर्नु आवश्यक थियो। लूका १२:४७, ४८ ले हाम्रो बारेमा पनि बताउँदछ भन्ने कुरालाई *हामीले* ध्यान दिनै पर्छ: के परमेश्वरले हामीलाई धेरै दिनुभएको छैन र? त्यसैले, हामीले धेरै गर्नु आवश्यक छैन र? "जसको कान छ, त्यसले सुनोस्" (प्रका २:७क)।

आउन लागेको दु:खद घटनाको विषयमा शिक्षा (लूक १२:४९-५९)

४९"म पृथ्वीमाथि आगो खन्याउन आएको हुँ, त्यो त बरु अघिबाटै सल्किसकेको भए हुनेथियो! ५०एउटा बप्तिस्मा छ, जो मैले लिनुपर्नेछ। त्यो पूरा नहोउञ्जेल म अति व्याकुल छु! ५१के तिमीहरू सम्झन्छौ कि म पृथ्वीमा शान्ति ल्याउन आएँ? होइन, म तिमीहरूलाई भन्दछु, बरु म विभाजन ल्याउन आएँ। ५२किनभने अब उसो एक परिवारमा पाँच जना एक-अर्कामा विभाजित हुनेछन्, तीन जनाका विरुद्धमा दुई, र दुई जनाका विरुद्धमा तीन। ५३तिनीहरूमा विभाजन हुनेछ— बाबुको विरुद्धमा छोरा, र छोराको विरुद्धमा बुबा, आमा छोरीको विरुद्धमा र छोरी आमाको विरुद्धमा, सासू आफ्नी बुहारीको विरुद्धमा, र बुहारी त्यसकी सासूको विरुद्धमा।" ५४उहाँले भीड़लाई पनि भन्नुभयो, "तिमीहरू पश्चिमतिर बादल उठ्दैगरेको देखेर झट्टै भन्दछौ, 'पानी पर्ने रहेछ,' र त्यसै हुन्छ। ५५जब दक्षिणी बतास चल्छ तब तिमीहरू भन्छौ, 'गर्मी हुनेछ', र त्यसै हुन्छ। ५६ए कपटी हो! तिमीहरू आकाश र पृथ्वीका लक्षणहरू बताइदिन सक्छौ, तर वर्तमान समयको अर्थ लाउन किन जान्दैनौ? ५७कुन कुरा ठीक हो भनेर तिमीहरू आफै किन निर्णय गर्दैनौ? ५८तिमीहरूको

उजूरवालासँग हाकिमकहाँ जाँदा, बाटैमा त्यससँग मिलाप गर, नत्रता त्यसले तिमीलाई न्यायाधीशकहाँ तानेर लैजानेछ, र न्यायाधीशले तिमीलाई अफिसरको हातमा जिम्मा दिनेछ, र अफिसरले तिमीलाई भ्यालखानमा हालिदिनेछ। ५९म तिमीलाई भन्दछु, तिमीले एक-एक पैसा नतिरुञ्जेल त्यहाँबाट छुट्नेछैनौ।"

येशूले आफ्नो दोस्रो आगमनको बारेमा बताउने क्रममा (लूक १२:४०), उहाँको मृत्यु लगायत, उहाँको आगमन हुनुभन्दा पहिले हुने विभिन्न घटनाहरूका बारेमा स्पष्ट रूपमै याद दिलाउनुभएको छ: **"म पृथ्वीमाथि आगो खन्याउन आएको हुँ, त्यो त बरु अघिबाटै सल्किसकेको भए हुनेथियो! एउटा बप्तिस्मा छ, जो मैले लिनुपर्नेछ। त्यो पूरा नहोउञ्जेल म अति व्याकुल छु!"** (लूक १२:४९, ५०)। "बप्तिस्मा" ले उहाँको दुःखकष्टको बप्तिस्मालाई बुझाउँछ (मर्कू १०:३८, ३९ हेर्नुहोस्)। "बप्तिस्मा" भन्ने शब्दको ठेड अर्थ "डुबाउनु" भन्ने हुन्छ। यसलाई लक्षणिक रूपमा प्रयोग गरिँदा यसको अर्थ, विचलित हुनु वा भारी पर्नु भन्ने हुन्छ। क्रूसमा प्रभु पीडामा *डुब्नुभयो*। आफ्नो क्रूसको कठिन पीडा पहिले नै भैसकेको भए हुनेथियो भन्ने चाहाना ख्रीष्टको रहेको थियो। ए. टि. रोबर्टसन् (A. T. Robertson) ले यसको बारेमा लेखेका छन्, "यस अभिव्यक्तिले ... हामीलाई, मुक्तिदाताको हृदयमा गुम्सिएर रहेको भावनाको ज्वालामुखीको झलक दिँदछ"।[29]

"पृथ्वीमाथि आगो खन्याउनु" भन्ने वाक्यले उहाँको सेवकाइको आगो जस्तो परिणामलाई जनाउँछ। येशूले त्यसपछि भन्नुभयो, **"के तिमीहरू सम्झन्छौ कि म पृथ्वीमा शान्ति ल्याउन आएँ? होइन, म तिमीहरूलाई भन्दछु, बरु म विभाजन ल्याउन आएँ"** (लूक १२:५१; हेर्नुहोस्: मत्ती १०:३४)। ख्रीष्टले भन्नुभएको कुरालाई गलत रूपमा नबुझ्नुहोस्। उहाँले शान्ति चाहानुहुन्छ, विभाजन र फूट होइन। उहाँले आफ्ना चेलाहरूलाई "आपसमा शान्तिमा रहो" भनी भन्नुभयो (मर्कू ९:५०)। प्रभुलाई पछ्याउने प्रत्येक व्यक्तिलाई, "सबै मानिसहरूसँग शान्तिमा बस्ने" आज्ञा दिइएको छ (हिब्रू १२:१४; हेर्नुहोस्: मत्ती ५:९; रोम १२:१८; १४:१९; १ थेस ५:१३; याकू ३:१७; १ पत्र ३:११)। यसको साथै, केहीले उहाँलाई स्वीकार गर्नेछन् र केहीले गर्नेछैनन् भन्ने कुरा उहाँलाई थाहा थियो—र त्यसले विभाजन ल्याउँछ। उहाँले भन्नुभयो,

> **"किनभने अब उसो एक परिवारमा पाँच जना एक-अर्कामा विभाजित हुनेछन्, तीन जनाका विरुद्धमा दुई, र दुई जनाका विरुद्धमा तीन। तिनीहरूमा विभाजन हुनेछ— बाबुको विरुद्धमा छोरा, र छोराको विरुद्धमा बुबा, आमा छोरीको विरुद्धमा र छोरी आमाको विरुद्धमा, सासू आफ्नी बुहारीको विरुद्धमा, र बुहारी त्यसकी सासूको विरुद्धमा"** (लूक १२:५२, ५३; हेर्नुहोस्: मत्ती १०:३५, ३६)।

ख्रीष्टका यी वचनहरू सुन्नेहरूमध्ये धेरैले उहाँलाई पहिले नै इन्कार गरिसकेका थिए (लूक १२:५६)। यिनीहरू कडा न्यायमा पर्नेछन् भनी ख्रीष्टले भन्नुभयो (लूक १२:५७)। उहाँले तिनीहरूलाई "चिन्हहरू बुझ्न" नसकेको दोष लगाउनुभयो—उहाँका आश्चर्यकर्महरू, उहाँको जीवन, र उहाँका शिक्षाहरूजस्ता चिन्हहरू—जसले उहाँ मसीह हुनुहुन्छ भन्ने कुरालाई प्रमाणित गऱ्यो (लूक १२:५४-५६; हेर्नुहोस्: मत्ती १६:२, ३)। जब कुनै व्यक्तिले प्रभुलाई इन्कार गर्छ, यसले उसको सोचाइलाई प्रभाव पर्दछ। उहाँलाई

---

[29]ए. टि. रोबर्टसन् (A. T. Robertson), *इपेक्स् इन द लाइफ अफ जिजस्* (लण्डन: होडर एण्ड स्टग्टन, एन.डी.), १२७।

आफ्नो पारिवारिक किचलो मिलाइदिन अनुरोध गर्ने मानिसको बारेमा बताउँदै, तिनीहरू एक आपसमा मिलेर बस्नुपर्छ भनी उहाँले यहाँ भन्नुभएको हुनसक्छ (लूक १२:५८, ५९ लाई मत्ती ५:२५, २६ सँग तुलना गर्नुहोस्)।

पश्चात्तापको विषयमा शिक्षा (लूक १३:१-९)

१त्यसै बेला त्यहाँ कति जना उपस्थित थिए, जसले ती गालीलीहरूका विषयमा उहाँलाई भने, जसलाई पिलातसले हत्या गरी तिनीहरूको रगत बलि भइरहेका पशुको रगतसँग मिसाइदिएका थिए। २तब येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "तिनीहरूले यसरी कष्ट भोगे भन्दैमा, के तिमीहरू ठान्छौ, यी गालीलीहरू अरू सबै गालीलीहरूभन्दा बढ़ी पापी थिए? ३म तिमीहरूलाई भन्दछु, त्यसो होइन, तर तिमीहरूले पश्चात्ताप गरेनौ भने तिमीहरू सबै त्यसरी नै नाश हुनेछौ। ४अथवा के तिमीहरू ठान्छौ, ती अठार जना, जो सिलोआममा धरहरा ढलेर मरेका थिए, कि तिनीहरू सबै यरूशलेमवासीहरूमध्ये बढ़ी अपराधी थिए? ५त्यसो होइन, तर म तिमीहरूलाई भन्दछु, तिमीहरूले पश्चात्ताप गरेनौ भने, तिमीहरू सबै त्यसरी नै नाश हुनेछौ।" ६त्यसपछि उहाँले यो दृष्टान्त भन्नुभयो: "कुनै मानिसले आफ्नो दाखबारीमा एउटा अञ्जीरको बोट रोपेको थियो। त्यस बोटमा फल फल्यो कि भनेर त्यो आयो, ७तब त्यसले मालीलाई भन्यो, 'तीन वर्ष भयो, म यस अञ्जीरको रूखमा फल खोज्दैछु, तर पाउँदिनँ। यसलाई काटेर ढालिदे, यसले जमिन किन ओगट्ने?' ८तर मालीले भन्यो, 'हजूर, यसलाई अझै एक वर्ष रहन दिनुहोस्। म यसको वरिपरि खनेर मल हाल्छु, ९र त्यसपछि फल फल्यो भने बेसै भयो, फलेन भने तपाईंले त्यसलाई ढालिदिनोस्'।"

येशूले शिक्षा दिइरहनुभएको बेला उहाँलाई फेरि बाधा दिइयो— **गालीलीहरूका ... जसलाई पिलातसले हत्या ... तिनीहरूको रगत बलि पशुको रगतसँग** विवरणद्वारा (लूक १३:१ख)। येशू रहनुभएको क्षेत्रमा यो दु:खद घटनाको बारेमा भर्खरै खबर आइपुगेको हुनसक्छ। धेरैजसो मानिसहरू अनन्त सत्यताको बारेमा भन्दा वर्तमानको घटनाहरूका बारेमा धेरै चाख दिन्छन्। *किन* पिलातसले बलिदान चढाउँदा गालीलीहरूलाई मारे त्यस विषयमा जोन फ्र्याङ्कलिन कार्टर (John Franklin Carter) को विचार यस्तो छ: "के तिनीहरूले रोमीहरूका विरुद्धमा विद्रोह अभियान चलाइरहेका थिए? तिनीहरू आफ्नो विद्रोहप्रति त्यति धेरै समर्पित भएका कारण आफैलाई बलिदानसँग जलाइनलाई तिनीहरूले समर्पण गरेका हुन् त? यदि तिनीहरू विद्रोहको दोषी थिएनन् भने, के पिलातसले तिनीहरूलाई राजद्रोही कृयाकलापमा संलग्न भएको आशंका गरेको थियो?"[30] ख्रीष्टले त्यस बाधालाई पश्चात्तापको बारेमा शिक्षा दिने एउटा अवसरको रूपमा परिवर्तन गर्नुभयो:

> **तिनीहरूले यसरी कष्ट भोगे भन्दैमा, के तिमीहरू ठान्छौ, यी गालीलीहरू अरू सबै गालीलीहरूभन्दा बढ़ी पापी थिए? म तिमीहरूलाई भन्दछु, त्यसो होइन, तर तिमीहरूले पश्चात्ताप गरेनौ भने तिमीहरू सबै त्यसरी नै नाश हुनेछौ। अथवा के तिमीहरू ठान्छौ, ती अठार जना, जो सिलोआममा धरहरा ढलेर मरेका थिए, कि तिनीहरू सबै**

[30]कार्टर (Carter), २०५।

यरूशलेमवासीहरूमध्ये बढ़ी अपराधी थिए? त्यसो होइन, तर म तिमीहरूलाई भन्दछु, तिमीहरूले पश्चात्ताप गरेनौ भने, तिमीहरू सबै त्यसरी नै नाश हुनेछौ (लूक १३:२-५)।

यहाँ उल्लेख गरिएको दुवै घटनाहरूका बारेमा इतिहासले कुनै थप कुरालाई प्रकाश पार्दैन। यो घटनाको शिकार हुनेहरूले असामान्य रूपमा पाप गरेका थिए अनि पीडा भोगे भनी यहूदीहरूले सोचे। पीडा भोगेकै भरमा व्यक्तिको मूल्याङ्कन गर्न मिल्दैन भनी यसभन्दा पहिले येशूले आफ्ना चेलाहरूलाई सिकाउनुभएको थियो (यूह ९:३)। *सबै* पापी छन् र सबै (रोम ३:२३ हेर्नुहोस्) आत्मिक मृत्यु पाउन योग्य छन् भनी उहाँले यहाँ औंल्याउनुभएको छ (रोम ६:२३ हेर्नुहोस्)। "*तिमीहरूले* पश्चात्ताप गरेनौ भने तिमीहरू सबै त्यसरी नै नाश हुनेछौ" भन्ने उहाँको निष्कर्ष थियो (लूक १३:३, ५; जोड दिइएको छ)। पश्चात्ताप भनेको मनको परिवर्तन हो, यसको परिणाम स्वरूप जीवन परिवर्तन हुँदछ। पश्चात्ताप गर्नु भनेको पाप कति डरलाग्दो कुरा हो भन्ने कुरालाई महसुस गर्नु र प्रभुको सहायताद्वारा आफ्नो जीवन परिवर्तन गर्ने संकल्प गर्नु हो। हरेक व्यक्तिको जीवनको सबैभन्दा ठूलो आवश्यकता पश्चात्ताप हो।

ख्रीष्टले त्यसपछि परमेश्वर धैर्यशील हुनुहुन्छ, तर उहाँको कृपामा हद हुन्छ भन्नेबारे बताउनुभयो (लूक १३:६-९)। लगभग तीन वर्षमा पनि फल नफलाउने अन्जिरको रूखको बारेमा उहाँले एउटा सामान्य कथा भन्नुभयो। फल फलाउन सक्ने परिपक्व रूख हुनको निम्ति अञ्जिरको बोटलाई तीन वर्ष लाग्छ भन्ने तथ्यलाई यसले संकेत गर्नसक्छ। यसलाई फेरि एउटा मौका दिइनु भनियो। अर्को वर्षसम्म राम्ररी हेरविचार गर्दा पनि यसले फल दिएन भने यसलाई काटिनु पर्थ्यो। फल नफलाउने अञ्जिरको रूख काम *नलाग्ने हुन्थ्यो*, तर यसमा थप कुरो पनि छ; ठाउँ ओगट्ने र फल फलाउने रूखलाई प्रदान गर्न सकिने मलजल यसले लिने हुँदा यो एउटा *अवरोध* पनि थियो। यसलाई ढालिनु *पर्थ्यो*।

एउटा राष्ट्रको रूपमा यो कुरा यहूदीहरूमा लागू गर्न सकिन्छ। येशू तिनीहरूसँग लगभग तीन वर्षसम्म रहनुभएको थियो; तर, अविश्वासको कारण, तिनीहरूले कुनै फल फलाउन सकेका थिएनन्। तिनीहरूलाई फेरि एउटा मौका दिइन्छ: ख्रीष्ट तिनीहरूसँग थप केही महिना रहनुहुनेछ। त्यसपछि, उहाँको स्वर्ग आरोहण भएपछि, उहाँले मानिसहरूलाई पापको दोषी ठहऱ्याउन (यूह १६:८) र उहाँको राज्य स्थापना गर्नको निम्ति पवित्र आत्मालाई पठाउनुहुन्छ। यदि एक वर्षको समय अवधिलाई यथार्थ रूपमै लिने हो भने, यो एक वर्षले ख्रीष्टको संसारिक सेवकाइको अन्तिम केही महिना र यरूशलेममा मण्डली अस्तित्वमा रहेको केही महिनालाई समावेश गर्छ। त्यसपछि पनि तिनीहरूले पश्चात्ताप गरेनन् भने तिनीहरूलाई परमेश्वरका मानिसहरूबाट "ढालिन्छ"। तिनीहरूको विपत्ति नजिकै आइरहेको थियो। येशूलाई त्यस यहूदी राष्ट्रले इन्कार गरेको परिणामस्वरूप घटेका घटनाहरूको चरम घटना इ.सं. ७० मा रोमीहरूले यरूशलेमलाई ध्वस्त गरको घटना हो। यहाँ ख्रीष्टले त्यही आउन लागेको विध्वंसको बारेमा कुरा गरिरहनुभएको हुनसक्छ (लूक १२:३४, ३५ हेर्नुहोस्)।

प्रयोग: पश्चात्ताप गर वा नष्ट होओ (लूक १३:१-५)

एक दिन येशूले शिक्षा दिइरहनुभएको बेला, केही बताइयो "गालीलीहरूका विषयमा उहाँलाई भने, जसलाई पिलातसले हत्या गरी तिनीहरूको रगत बलि भइरहेको पशुको रगतसँग मिसाइदिएका थिए" (लूक १३:१ख)। यी गालीलीहरू को थिए भन्ने बारेमा

हामीलाई स्पष्ट रूपमा थाहा छैन, तर तिनीहरूले त्यस प्रकारले मारिनको निम्ति असामान्य दुष्ट काम गरेका थिए भन्ने विचार, त्यस बेला ख्रीष्टको कुरा सुनिरहेका मानिसहरूले गरे। येशूले तिनीहरूलाई भन्नुभयो, "तिनीहरूले यसरी कष्ट भोगे भन्दैमा, के तिमीहरू ठान्छौ, यी गालीलीहरू अरू सबै गालीलीहरूभन्दा बढ़ी पापी थिए? म तिमीहरूलाई भन्दछु, त्यसो होइन, तर तिमीहरूले पश्चात्ताप गरेनौ भने तिमीहरू सबै त्यसरी नै नाश हुनेछौ" (लूक १३:२, ३)। त्यसपछि त्यही कुरालाई जोड दिन प्रभुले दोस्रो उदाहरण प्रयोग गर्नुभयो: "अथवा के तिमीहरू ठान्छौ, ती अठार जना, जो सिलोआममा धरहरा ढलेर मरेका थिए, कि तिनीहरू सबै यरूशलेमवासीहरूमध्ये बढ़ी अपराधी थिए? त्यसो होइन, तर म तिमीहरूलाई भन्दछु, तिमीहरूले पश्चात्ताप गरेनौ भने, तिमीहरू सबै त्यसरी नै नाश हुनेछौ" (लूक १३:४, ५)।

बाइबलमा केही पदहरू मात्र हुबहु रूपमा दोहोऱ्याइका छन्, तर लूका १३ मा दुई वटा पदहरूलाई दोहोऱ्याइएको पाइन्छ (३, ५ पद)। हामीले यसको सन्देशलाई नछुटाएको होस् भन्ने सुनिश्चित गर्न पवित्र आत्माले चाहानुहुन्थ्यो भन्ने कुरालाई यसले संकेत गर्छ: पश्चात्ताप गर वा नष्ट होओ!

"तिमीहरूले पश्चात्ताप गरेनौ भने ...।"

गर्नु पर्ने पश्चात्ताप

पश्चात्ताप गर्नु पर्ने आवश्यकतालाई पुरानो करार र नयाँ करार दुवैमा जोड दिइएको छ। जब बप्तिस्मा-दिने यूहन्नाले स्वर्गको राज्य नजिकै आइपुगेको छ भनी प्रचार गर्दै आए, उनले मानिसहरूलाई पश्चात्ताप गर्न अनुरोध गरेका थिए (मत्ती ३:२)। येशू र उहाँका चेलाहरूले पनि मानिसहरूलाई उही निर्देशन दिनुभयो (मत्ती ४:१७; मर्कू ६:१२)। प्रभुले दिनुभएको महान आज्ञामा, प्रचार गरिनु पर्ने सन्देशको भाग, पश्चात्ताप गर्नू भन्ने पनि समावेश थियो (लूक २४:४७)। जब सुसमाचारलाई यसको पूर्ण स्वरूपमा प्रचार गर्न थालियो, पापीहरूलाई पश्चात्ताप गर्नू भनियो (प्रे २:३८; ३:१९, २६; १७:३०, ३१)।

पश्चात्तापलाई, मानिसहरूले परमेश्वरको सबैभन्दा कठोर आज्ञाको रूपमा मान्ने हुँदा बाइबलले यसलाई ठूलो महत्त्व दिएको छ भन्ने अवधारणा रहेको पाइन्छ। प्रमाण देखेपछि, धेरैजसो मानिसहरूलाई विश्वास गर्न समस्या पर्दैन। उदाहरणको लागि, संयुक्त राज्यमा, ९० प्रतिशतभन्दा बढी अमेरिकन नागरिकहरूले परमेश्वरमा विश्वास गर्छन् भन्ने कुरा तथ्याङ्कले देखाउँछ—र यीमध्ये धेरैले येशूमा विश्वास गर्छन्। यसको अर्थ यी सबैले परमेश्वर र येशूलाई *सही* रूपमा विश्वास गर्छन् भन्ने होइन—तर तिनीहरूले कम्तीमा परमेश्वर हुनुहुन्छ र कुनै न कुनै हिसाबले येशू परमेश्वरको पुत्र हुनुहुन्छ भन्ने कुरालाई विश्वास गर्छन्। यसको साथै, मानिसहरूले एक पटक पश्चात्ताप गरिसकेपछि, परमेश्वरको अरू आज्ञालाई पालन गर्न त्यति समस्या भएको देखिदैन। तैपनि, पश्चात्ताप गर्नु कठिन कुरा हो—धेरै नै कठिन।

पश्चात्ताप गर्नु गाह्रो हुन्छ र यसका दुई वटा कारणहरू छन्। पहिलो, पश्चात्ताप गर्ने कुराले हाम्रो *अभिमानमा* धक्का पुऱ्याउँछ—र मानिसहरू अभिमान र घमण्डले भरिएका हुन्छन्। दोस्रो, साँचो पश्चात्तापमा व्यक्तिले जीवनशैलीमा परिवर्तन गर्नु पर्छ भन्ने कुरा हामी देख्न सक्छौं—र हामीलाई परिवर्तन *मन पर्दैन*। त्यसैले हामीमध्ये धेरैको निम्ति पश्चात्ताप गर्नु कठिन हुन्छ। जे. डब्ल्यू. म्याकगर्भे (J. W. McGarvey) ले लेखेका छन्,

"मानव जातिको मुक्तिको सबैभन्दा ठूलो बाधक उसको हठी इच्छा हो।"[31]

पश्चात्तापको परिभाषा

अघि बढ्नुभन्दा पहिले, पश्चात्ताप के हो भन्ने कुरालाई हामीले बुझ्नुपर्छ। धार्मिक व्यक्ति भनाउदाहरूले "पश्चात्ताप" गर्नुलाई "मैले पाप गरेँ भनेर खेद प्रकट गर्नु" हो भनी भन्छन्। विगतको पापको बारेमा नपछुताई कसैले पनि पश्चात्ताप गर्न सक्दैन, तर पापको बारेमा दु:खी हुनु भनेको पश्चात्ताप गर्नु होइन। वास्तविक रूपमा पश्चात्ताप नगरी पनि खेद प्रकट गर्न सकिन्छ।

यो दृश्यलाई कल्पना गर्नुहोस्। घरकी आमाले पाहुनाहरूका लागि कुकिज बनाएर, तातो-तातो कुकिज भएको प्लेट भान्साकोठाको टेबलमा राख्छिन्। "बाबु यसलाई नछोऊ है!" भनेर तिनले आफ्नो छोरालाई चेतावनी दिन्छिन्। तातो-तातो कुकिको वासना उसको लागि ठूलो परीक्षा ठहरिन्छ। एकैछिनपछि आमा भान्साकोठामा फर्केर आउछिन्। प्लेटको आधा कुकिज छैन। छोराको हातमा खाँदै गरेको कुकिज हुन्छ, र उसले लज्जित भई आफ्नो अनुहार छोप्छ। के यो ठिटोले खेद प्रकट गर्छ? हो गर्छ। उसलाई चोर्दाचोर्दै रङ्गे हात पक्रियो त्यसैले उसलाई खेद लाग्यो। अब हुन लागेको कुराप्रति त्यो केटो खेद प्रकट गर्छ किनभने उसले आफ्नो आमाको आज्ञालाई उल्लङ्घन गऱ्यो। भोलिपल्ट आमाले फेरि कुकिज बनाइन् भने के होला? यो घटना दोहोरिन सक्छ? अवश्य नै दोहोरिन सक्छ। किन? किनभने त्यो बालकले *खेद* त मान्यो, तर *पश्चात्ताप* गरेन।

यो कुरालाई गलत रूपमा नबुझ्नुहोस्। पाप गरेकोमा खेद जनाउनु त्यत्तिकै महत्त्वपूर्ण कुरा हो। वास्तवमा, यो अत्यावश्यक नै हुन्छ र म यसलाई "पश्चात्ताप को प्रक्रिया" भन्छु। तैपनि, फाइदाजनक परिणाम ल्याउनभन्दा पहिले *निश्चित प्रकारको* खेद तथा दु:ख प्रकट गरिएको हुनुपर्छ। यसको निम्ति प्रासंगिक देखिने खण्ड २ कोरिन्थी ७:९, १० हो। आफ्नो अघिल्लो पत्रमा गरिएको हप्कीको बारेमा उल्लेख गर्दै, पावलले लेखेका छन्,

> तिमीहरूलाई शोक भयो भनेर म खुशी भएको होइनँ, तर तिमीहरूको शोकले तिमीहरूलाई पश्चात्तापी बनायो भनेर हो, किनभने तिमीहरूले ईश्वरीय शोकको अनुभव गऱ्यौ, र हामीतर्फबाट तिमीहरूले केही नोक्सानी सहनुपरेन। किनभने ईश्वरीय शोकले मुक्तिको निम्ति पश्चात्ताप उत्पन्न गर्छ, र त्यसमा पछितो हुँदैन, तर सांसारिक शोकले भने मृत्यु उत्पन्न गर्छ।

कहिलेकहीं आफूले पाप गरेकामा मानिसहरू खेद प्रकट त गर्छन्, तर तिनीहरूको खेद "संसारिक खेद प्रकट" मात्र हुन्छ। तिनीहरू आफूले गरेको कामको प्रतिफल भोग्नु परेकोमा वा अरूले तिनीहरूको गल्ती थाहा पाएकामा खेद प्रकट गर्छन्। तैपनि, तिनीहरूले साँचो रूपमा पश्चात्ताप गरेका हुँदैनन्। यसलाई "परमेश्वरको इच्छा अनुसार" को खेदसँग तुलना गरिएको छ। किङ्ग जेम्स् संस्करण (KJV) मा यसलाई "ईश्वरीय खेद" भनी उल्लेख गरिएको छ। "ईश्वरीय खेद" भनेको के हो? जिमी एलन (Jimmy Allen) ले लेखेका छन्,

> यदि मैले यो कुरालाई राम्ररी बुझेको छु भने, हामीले परमेश्वरको विरुद्ध काम गरेका

---

[31]जे. डब्ल्यू. म्याकगर्भे (J. W. McGarvey), *प्रवचनहरू* (सिनसिनाटी पब्लिसिङ् को., १८९३; रिप्रिन्ट, एण्ड.डी.), ९७।

कारण हाम्रो हृदयमा आउने कुरा भनेका खेद र अफसोस हो भन्ने मलाई लाग्छ। हामीले यसको निम्ति सजाय भोगेका हुन सक्छौं वा नहुन सक्छौं, तैपनि हामी यसको बारेमा खेद प्रकट गर्छौं, र अफसोस मान्छौं। हामीले परमेश्वरको महान हृदयलाई आफ्नो खुट्टामुनि कुल्चेका हुन्छौं। हामीले उहाँलाई दुर्व्यवहार गरेकोमा र उहाँको चित्त दुखाएकोमा हाम्रो हृदय तोडिन्छ।[32]

यस प्रकारको अफसोसले "पश्चात्ताप ल्याउँछ" भनी पावलले भनेका छन्—यो आफै पश्चात्ताप होइन तर यसले पश्चात्ताप *ल्याउँछ*। जब पत्रुसले पेन्तिकोसको दिनमा येशूको बारेमा प्रचार गरे (प्रे २:१४-३६), उनलाई सुन्ने धेरैको "हृदय छियाछिया" भयो (प्रे २:३७); तिनीहरू पापको दोषी भए। हामी यसो भनी निर्धक्क भन्न सक्छौं, तिनीहरूले येशूलाई क्रूसमा चढाएका कारण तिनीहरूले *खेद* प्रकट गरे। तैपनि, तिनीहरूले *पश्चात्ताप* गर्नु आवश्यक छ भनी तिनीहरूलाई भनियो (प्रे २:३८)। पापको निम्ति दुःख मनाउनु र अफसोस मान्नु, यो आफैमा पश्चात्ताप होइन।

"पाप गरेकोमा खेद प्रकट" गर्नुलाई पश्चात्ताप नमान्ने धार्मिक मानिसहरूले अवश्य नै यस्तो परिभाषा दिन्छन्: "यसको अर्थ, गलत के हो त्यसलाई गर्न छाडेर सही के हो त्यसलाई गर्न थाल्नु हो।" "पश्चात्ताप प्रक्रिया" को अर्को अत्यावश्यक तत्व जीवन परिवर्तन हो, तर जीवन परिवर्तन मात्रै पनि पश्चात्ताप होइन। कसैले आफ्नो जीवनलाई परिवर्तन गर्न सक्छ तर कहिल्यै पश्चात्ताप नगरेको हुनसक्छ, के यो कुरा सम्भव होला त? कुनै व्यक्तिले आफ्नो जीवनशैली लाजमर्दो र नैतिक स्तरले पतित भएको कुरालाई महसुस गर्न सक्छ—र आफ्नो जीवनलाई परिवर्तन गर्ने अठोट लिन सक्छ—कुनै पनि पश्चात्ताप नगरिकन। जीवन परिवर्तन गर्ने प्रेरणा उसको घमण्ड वा अभिमानबाट आएको हुन्छ, परमेश्वरको अनाज्ञाकारी भएको कारण उसको हृदयमा उठेको खेद वा अफसोसको भावनाद्वारा होइन।

फेरि, मेरो कुरालाई गलत अर्थ नलगाउनुहोस्। जीवनमा परिवर्तन महत्त्वपूर्ण हुन्छ, र यो अत्यावश्यक कुरा पनि हो। त्यस प्रकारको परिवर्तन भनेको साँचो पश्चात्तापको *परिणाम* हो भनी बाइबलले सिकाउँछ। बप्तिस्मा-दिने यूहन्नाले मानिसहरूलाई यसो भनेका थिए, "यसकारण पश्चात्ताप सुहाउँदो फल फलाओ" (लूक ३:८क)। उनले उल्लेख गरेको "फल" भनेको तिनीहरूको जीवन परिवर्तन थियो (लूक ३:१०-१४ बढ्ने)। "निनवेका मानिसहरू ... योनाको प्रचारमा पश्चात्ताप ..." भनी येशूले भन्नुभयो (मत्ती १२:४१)। तिनीहरूले पश्चात्ताप गरे भनी हामी कसरी भन्न सक्छौं? किनभने "तिनीहरू आफ्ना कुमार्गबाट फर्केर आए" (योना ३:१०)। यदि कसैले आफ्नो पापमय मार्गबाट पश्चात्ताप गरेर फर्केको छु भनी *भन्छ* तर उसको जीवनशैलीबाट त्यो कुरा झल्कँदैन भने, उसले साँच्चिकै पश्चात्ताप गरेको हो कि होइन भनी मानिसहरूले आशंका गर्न थाल्छन्।

हो, "पश्चात्तापको प्रक्रिया" को निम्ति जीवनमा परिवर्तन हुनु अत्यावश्यक कुरा हो। साँचो पश्चात्तापले त्यस प्रकारको परिवर्तन ल्याउँछ। तैपनि, जीवन बदलेको कुरा आफै भने, पश्चात्ताप होइन।

त्यसो भए प्रश्न उठ्न सक्छ, "यदि पश्चात्ताप भनेको आफूले गरेको पापको निम्ति खेद प्रकट गर्नु होइन, र फेरि पाप नगर्ने निर्णय गर्नु पनि होइन भने, यो के *हो* त?" यो

---

[32]जिमी एलन (Jimmy Allen), "रिपेन्टेन्स," *वाट इज हेल लाइक? एण्ड ओदर सर्मन* (डालास: क्रीष्चियन पब्लिसिङ को., १९६५), १६४।

विस्तृत शब्द अध्ययनलाई ध्यान दिनुहोस्: "पश्चात्ताप" भन्ने शब्दलाई ग्रीक मिश्रित शब्द (μετανοέω, *मेटानाएओ, metanoeō*) बाट अनुवाद गरिएको हो। यस शब्दमा "पछि" (μετά, *मेटा, meta*) र "विचार" (νόημα*, नाएओ, noēma*) भन्ने दुई शब्दहरू मिश्रित छन्। यसको ठेड अर्थ "पछि-विचार" भन्ने हुन्छ, र यसले व्यक्तिको *विचार* परिवर्तनलाई बुझाउँदछ। कुनै व्यक्तिमा लागू गर्दा, पश्चात्तापको अर्थ "*पापको* बारेमा विचार परिवर्तन" भन्ने हुन्छ—सामान्य रूपमा पाप गर्न छोड्नु र/वा विशेष रूपमा निश्चित पाप गर्न छोड्नु हो।

अब "पश्चात्तापको प्रक्रिया" लाई पुर्नविचार गरौं। ईश्वरीय खेद प्रकटले पश्चात्ताप ल्याउँछ, जुन *मन तथा आचरणको परिवर्तन* हो। त्यसैले जीवन परिवर्तन ल्याउनको निम्ति *मनको परिवर्तन* अत्यावश्यक कुरा हो। जीवनको *पूर्ण* परिवर्तन पश्चात्ताप गरेको बिन्दुमा हुँदैन, तर *केही* परिवर्तन देखिनै पर्छ भन्ने कुरालाई ध्यान दिनुहोस्। व्यक्तिले जीवनभर प्रभुमा अघि बढ्ने कामलाई सुरु गर्नु पर्दछ।

एलनको (Allen) सुझाव अनुसार पश्चात्तापको पूर्ण भाव बुझाउन "आत्मसमर्पण" शब्द प्रयोग गर्न सकिन्छ:

> आफ्नो जीवनको स्वर्थी महत्वाकांक्षा, लक्ष र उद्देश्यहरूका निम्ति तपाईं मरेतुल्य बन्नुहुन्छ। तपाईंको पूर्णता, तपाईंसँग भएको सबै कुरा र तपाईंसँग भविष्यमा हुने सबै कुरा लिएर सर्वशक्तिमान परमेश्वरको निम्ति बलिदान चढाउन बेदीमा समर्पण गर्नुहुन्छ। तपाईं आफ्नो अनाज्ञाकारीता [को हतियार फ्याँकी] हात उठाउनुहुन्छ। परमप्रभुमा तपाईं आत्मसमर्पण गर्नुहुन्छ।[33]

"... तिमीहरू सबै त्यसरी नै नाश हुनेछौ"

विश्वव्यापी परिणाम

के हामीले परमेश्वरमा समर्पण (आत्मसमर्पण) गर्ने कुरा साँच्चै महत्त्वपूर्ण छ त? यदि हामीले आफ्नो पापको पश्चात्ताप *नगर्ने* निर्णय गऱ्यौं भने के हुन्छ? येशूको भनाइको अन्तिम भागलाई हेर्नुहोस्: "म तिमीहरूलाई भन्दछु, त्यसो होइन, तर तिमीहरूले पश्चात्ताप गरेनौ भने *तिमीहरू सबै त्यसरी नै नाश हुनेछौ*" (लूक १३:३; जोड दिइएको छ)। यहाँ "सबै" भन्ने शब्दलाई ध्यान दिनुहोस्। येशूलाई सुन्ने व्यक्तिहरूले आफ्ना पाप पिलातसले मारेका गालीलीहरूका जत्तिको खराब छैन भनी सोचेका थिए। तैपनि, पाप भनेको पापै हो, र सबै पापलाई सर्वशक्तिमान परमेश्वरको निम्ति तिरस्कार हुन्छ भन्ने कुरा तिनीहरूले बुझेको होस् भन्ने चाहाना येशूको थियो। संसारिक परिणाम अनुसार पाप फरक-फरक हुन्छ, र पाप गरिने उद्देश्यको आधारमा पनि ती फरक हुन्छन्; तर आधारभूत सत्यता यथावत रहन्छ, "पाप भनेको पाप हो।"

"*सबैले* पाप गरेका छन्" (रोम ३:२३; जोड दिइएको छ); त्यसैले *सबैले* पश्चात्ताप गर्नै पर्छ। पश्चात्ताप भनेको इसाई बन्नुको अत्यन्तै महत्त्वपूर्ण भाग हो (प्रे २:३८; ३:१९), र विश्वासयोग्य इसाई रहिरहनको निम्ति यो अत्यावश्यक कुरा हो (प्रे ८:२२; २ कोर ७:९, १०; हिब्रू ६:६)। पावलले भनेका छन्, "यस्तो अज्ञानताका समयलाई परमेश्वरले ध्यान दिनुभएन, तर अब *प्रत्येक ठाउँमा सब मानिसहरूलाई* पश्चात्ताप गर्ने आज्ञा दिनुहुन्छ" (प्रे

[33]इबिड. (Ibid.), १६८।

१७:३०; जोड दिइएको छ)।

कहिल्यै अन्त्य नहुने परिणाम

यदि कुनै व्यक्ति प्रभुको आज्ञापालन गर्न इच्छुक छैन भने के हुन्छ? येशूले सरल शब्दमा भन्नुभयो, "तिमीहरूले पश्चात्ताप गरेनौ भने तिमीहरू सबै त्यसरी नै *नाश* हुनेछौ" (लूक १३:३, ५; जोड दिइएको छ)। तिनीहरूले पश्चात्ताप गरेनन् भने तिनीहरूमाथि धरहरा खस्नेछ अथवा पिलातसले तिनीहरूलाई मार्नेछ भनी उहाँले भनिरहनुभएको थिएन। पश्चात्ताप नगरेमा हुने *आत्मिक* परिणामको बारेमा ख्रीष्टले विचार गरिरहनुभएको थियो। अर्को ठाउँमा, ख्रीष्टले भन्नुभयो, "तिनीहरूसँग नडराओ जसले शरीरलाई मार्छन्, तर आत्मालाई मार्न सक्दैनन्। बरु आत्मा र शरीर दुवैलाई नरकमा नाश गर्न सक्नेसँग डराओ" (मत्ती १०:२८)।

बितेको समयमा, एउटा प्रचलित सिद्धान्त देखा परेको थियो र परमेश्वरले मानिसहरूका हृदयमा इन्कारै गर्न नसकिने पश्चात्ताप गर्ने आत्मिक आवेग हालिदिनुहुन्छ जसको कारण मानिसहरूले आफै पश्चात्ताप गर्छन् भन्ने कुरा यस सिद्धान्तमा सिकाइन्थ्यो। यो सिद्धान्त आंशिक रूपमा दुई वटा खण्डहरूमा आधारित छन्, जुन खण्डहरूले परमेश्वरले पश्चात्तापी हृदय दिनुहुन्छ भन्ने बारेमा बताउँछ (प्रे ५:३०, ३१; ११:१८)। परमेश्वरले हामीलाई पश्चात्तापी हृदय "दिनुहुन्छ" अनि उहाँले हामीलाई पश्चात्ताप गर्ने *मौका* दिनुहुन्छ र पश्चात्ताप गरेमा पाइने *इनाम* दिनुहुन्छ। यदि उहाँले त्यसरी नै इन्कारै गर्न नसकिने आत्मिक आवेग दिनुहुने भए, हामी सबैले पश्चात्ताप गर्नेथियौं—किनभने "परमेश्वरले पक्षपात गर्नुहुन्न" (प्रे १०:३४)। उहाँले "*कोही* पनि नष्ट नहोस्, तर *सबै* जनाले पश्चात्ताप गरून् भन्ने इच्छा" (२ पत्र ३:९; जोड दिइएको छ)। सबै जनाले पश्चात्ताप गरेको परमेश्वर चाहानुहुन्छ, तर त्यसो गर्ने निर्णय गर्ने काम *हाम्रो* आफ्नो हो। हामीलाई पश्चात्ताप गर्ने उत्साह दिनको निम्ति, परमप्रभुले दुई वटा मुख्य उत्प्रेरणा प्रयोग गर्नुहुन्छ।

पहिलो, *उहाँको भलापनको खुशीको कथा* हो। पावलले लेखे, "अथवा परमेश्वरको कृपाले तिमीलाई पश्चात्तापमा डोऱ्याउँछ भन्ने थाहा नपाएर, के तिमी उहाँको दया, सहनशीलता र धैर्यको प्रशस्ततालाई तुच्छ ठान्छौ?" (रोम २:४)।

तैपनि, परमेश्वरले मानिसहरूलाई पश्चात्तापमा ल्याउनको निम्ति उहाँको *दुःखलाग्दो क्रोधको तथ्यलाई* पनि प्रयोग गर्नुहुन्छ। पावलले रोमीहरूलाई "परमेश्वरको कृपाले तिमीलाई पश्चात्तापमा डोऱ्याउँछ" भन्ने लेखिसकेपछि, उनले लेखेका छन्,

> तर परमेश्वरको धार्मिक इन्साफ प्रकट हुने त्यस क्रोधका दिनको लागि आफ्नो कठोर र अपश्चात्तापी हृदयले गर्दा तिमीले आफ्नो निम्ति क्रोध थुपारिरहेछौ। किनकि उहाँले हरेक मानिसलाई उसको कामअनुसार दिनुहुनेछ (रोम २:५, ६)।

आफ्ना कुरा सुन्नेहरूलाई नष्ट हुनेबारे चेतावनी दिने क्रममा येशूले त्यही कुरालाई प्रयोग गरिरहनुभएको थियो। हामीले अरूलाई नरकको बारेमा कुरा गरी आज्ञाकारीतामा ल्याउन "डर" देखाउनुहुँदैन भन्ने कतिपयको विचार रहेको छ। तैपनि, अन्य कुनै पनि परमेश्वरको प्रेरणा पाएका लेखकहरूलेभन्दा येशूले नरकको बारेमा धेरै कुरा बताउनुभयो। हामी हाम्रो अनाज्ञाकारीताको परिणामको बारेमा सोच्न चाहाँदैनौं, तर हामीले सोच्नै पर्ने कुरा यही हो।

निष्कर्ष

स्वर्ग मानिसहरूका निम्ति तयार गरिएको स्थान हो, र नरक पनि त्यस्तै हो, तयार भएका मानिसहरूका निम्ति तयार गरिएको। येशूले आफ्ना चेलाहरूलाई, आफू तिनीहरूका निम्ति "ठाउँ तयार गर्न" गइरहेको भनी भन्नुभयो (यूह १४:२)। नरक शैतान र त्यासका दूतहरूका निम्ति "तयार गरिएको" हो, तर दुष्टलाई पछ्याउनेहरू पनि त्यहीं जानेछन् (मत्ती २५:४१)। हामीले यीमध्ये एकको निम्ति आफैलाई तयार गरिरहेका छौं। स्वर्ग जान तयार रहनको निम्ति, हामीले हाम्रो पापलाई स्वीकार गरी पश्चात्ताप गर्नै पर्छ।

येशूले एक पटक यसो भन्दै कुनै सहरका नागरिकहरूलाई हप्काउनुभयो, "... तर म तिमीहरूलाई भन्दछु, न्यायको दिनमा तेरो भन्दा त सदोम मुलुकको हालत बढ़ी सहनीय हुनेछ" (मत्ती ११:२४)। किन? किनभने सदोमका मानिसहरूलाई दिइएको भन्दा येशूले सिकाउनुभएका मानिसहरूलाई पश्चात्ताप गर्ने ठूलो मौका दिइएको थियो—तैपनि, तिनीहरूले ती अवसरहरूलाई इन्कार गरे। येशूले दिनुभएको छनौटको बारेमा सिक्ने मौका हामीलाई दिइएको छ: पश्चात्ताप गर वा नष्ट होओ। यदि हामी पश्चात्ताप गर्नमा असफल हुन्छौं भने, हामीलाई छूट दिइनेछैन।

येशू र बिरामी महिला (शबाथ-दिन सम्बन्धी विवाद) (लूक १३:१०-२१)

[१०]एक शबाथ-दिन कुनै एउटा सभाघरमा उहाँले शिक्षा दिइरहनुभएको थियो। [११]त्यहाँ एउटी स्त्री थिई, जसलाई अठार वर्षदेखि दुर्बल पार्ने दुष्टात्मा लागेको थियो। त्यो कुप्री परेकी थिई, र आफै पूर्ण रूपले सीधा हुन सक्दिनथिई। [१२]येशूले त्यसलाई देख्नुभयो, र बोलाएर भन्नुभयो "ए नारी, तिमी आफ्नो दुर्बलताबाट मुक्त भयौ।" [१३]तब उहाँले त्यसमाथि आफ्ना हात राख्नुभयो, र त्यो तुरुन्तै सीधा भई र परमेश्वरको प्रशंसा गर्न लागी। [१४]सभाघरका शासक क्रोधित भए, किनकि येशूले शबाथमा निको पार्नुभएको थियो, र तिनले मानिसहरूलाई भने, "काम गर्ने छ दिन छन्। यसकारण यी छ दिनभित्र आएर निको होओ, शबाथ-दिनमा होइन।" [१५]तर प्रभुले जवाफ दिनुभयो, "कपटी हो! तिमीहरूमध्ये कसले शबाथ-दिनमा गोठ र तबेलाबाट आफ्नो गोरु कि गधा फुकाएर पानी खुवाउन लैजाँदैन? [१६]अब्राहामकी यो छोरी जो अठार वर्षसम्म शैतानको बन्धनमा थिई, शबाथ-दिनमा यस बन्धनबाट त्यो मुक्त हुनुपर्ने होइन र?" [१७]उहाँले यी कुरा भन्नुभएपछि उहाँका विरोधीहरू सबै शर्ममा परे, तर उहाँले गर्नुभएका सबै महिमामय कामहरूमा मानिसहरू आनन्दित भए। [१८]तब उहाँले भन्नुभयो, "परमेश्वरको राज्य केजस्तो छ? त्यसको तुलना म केसँग गरूँ? [१९]त्यो रायोको बीउको एउटा दानाजस्तो हो, जो एक जना मानिसले लगेर आफ्नो बारीमा रोप्यो, र त्यो बढ़ेर एउटा रूख भयो र आकाशका चराचुरुङ्गीहरूले त्यसका हाँगाहरूमा गुँड़ बनाए।" [२०]फेरि उहाँले भन्नुभयो, "परमेश्वरको राज्यलाई म केसँग तुलना गरूँ? [२१]त्यो खमिरजस्तो हो, जो एउटी स्त्रीले पच्चीस किलो पीठोमा मिसाई, र पूरै पीठो खमिरी भइहाल्यो।"

एक दिन, येशूले शबाथ-दिनमा सभाघरमा शिक्षा दिइरहनुभएको बेला, उहाँले अठार वर्षदेखि कुप्री परेकी स्त्रीलाई निको पार्नुभयो (लूक १३:१०-१३)। उनको ढाड सम्बन्धी समस्या थियो भन्ने देखिन्छ। बाइबलले उनलाई "दुर्बल पार्ने दुष्टात्मा" लागेको थियो भनी बताउँछ (लूक १३:११ मा ग्रीक शब्द πνεῦμα ἔχουσα ἀσθενείας [*न्युमा इखोउसा अस्थेनेइआस्, pneuma echousa astheneias*] प्रयोग गरिएको छ; किङ्ग जेम्स् संस्करण

[KJV]), र उनलाई शैतानले **बन्धनमा** परेको थियो भनी येशूले संकेत दिनुभएको छ (लूक १३:१६)। यसको अर्थ दुष्टात्मा लागेको कारण उनी पीडामा थिइन्; तर रोगको विवरण र येशूले निको पार्नुभएको तरीकालाई हेर्दा, यसलाई शारीरिक समस्या भन्न सकिन्छ। पावलमा भएको "काँढ़ो मेरो शरीरमा" लाई "शैतानको दूत" भनी भनिएको छ (२ कोर १२:७) तर प्रेरितलाई दुष्टात्मा लागेको थिएन।

यो आश्चर्यकर्मले अर्को शबाथ-दिन विवादलाई निम्त्यायो (लूक १३:१४)। यस प्रकारको विवादमध्ये, यसलाई पाचौं विवाद मानिन्छ। अघिल्ला विवादहरू यी हुन्: (१) यूहन्ना ५ मा अपाङ्ग मानिसलाई निको पारिएको; (२) मत्ती १२; मर्कूस २; र लूका ६ मा अन्नका बाला टिपेर खाएको; (३) मत्ती १२; मर्कूस ३; लूका ६ मा हात सुकेको मानिसलाई सभाघरमा निको पारिएको; र (४) यूहन्ना ९ मा जन्मैको अन्धालाई निको पारिएको।

ख्रीष्टले पहिले शबाथ दिनमा एउटा जनावरलाई बचाइने उदाहरणको प्रयोग गर्नुभयो (मत्ती १२:११, १२)। यस पटक पनि उहाँले उस्तै उदाहरण प्रयोग गर्नुभयो:

> **कपटी हो! तिमीहरूमध्ये कसले शबाथ-दिनमा गोठ र तबेलाबाट आफ्नो गोरु कि गधा फुकाएर पानी खुवाउन लैजाँदैन? अब्राहामकी यो छोरी जो अठार वर्षसम्म शैतानको बन्धनमा थिई, शबाथ-दिनमा यस बन्धनबाट त्यो मुक्त हुनुपर्ने होइन र?** (लूक १३:१५ख, १६)।

फेरि एक पटक उहाँका विरोधीहरू चुपचाप बस्नुपऱ्यो र तिनीहरू **शर्ममा परे** (लूक १३:१७क)।

उहाँले त्यस स्त्रीलाई निको पार्नुभएको र अन्य **नुभएका सबै महिमामय कामहरूमा** उहाँका शत्रुहरूले आनन्द मनाएनन् तर उपस्थित अरू मानिसहरूले आनन्द मनाए (लूक १३:१७ख)। तिनीहरूले आनन्द मनाएको कुराले भविष्यमा तिनीहरू ग्रहणशील हुनेछन् भन्ने कुराको संकेत गर्दछ। अन्त्यमा राज्यको बृद्धि हुने बारेमा पूर्वाअन्दाजाको रूपमा लिन सकिने दुई वटा दृष्टान्तहरूलाई ख्रीष्टले पुन: दोहोऱ्याउनुभयो (लूक १३:१८-२१; हेर्नुहोस्: मत्ती १३:३१-३३)। येशूले यसभन्दा पहिलेका दृष्टान्तहरूमा जस्तै लूका १३:१८-२१ मा पनि उहाँलाई सुन्ने मानिसहरूलाई उहाँका शत्रुहरूका प्रभावबाट बच्न उहाँले दिनुभएको चेतावनी समावेश *हुनसक्छ*। तैपनि, प्रसंगले थप सकरात्मक कुरालाई उल्लेख गर्दछ।

समर्पणको चाड (लूक १३:२२; यूह १०:२२-३९)

लूका १३:२२

२२अब सहर-सहर र गाउँ-गाउँ भएर यात्रा गर्दै शिक्षा दिँदै उहाँ यरूशलेमतिर जानुभयो।

यूहन्ना १०:२२

२२यरूशलेममा मन्दिर समर्पणको चाड थियो।

दुई दृष्टान्तहरूलाई उल्लेख गरेपछि, लूकाले ख्रीष्ट **सहर-सहर र गाउँ-गाउँ भएर यात्रा गर्दै शिक्षा दिँदै उहाँ यरूशलेमतिर जानुभयो** भनी लेखेका छन् (लूक १३:२२)। प्रभु जहाँ-जहाँ यात्रा गर्नुभए तापनि उहाँको ध्यानमा आफ्नो अन्तिम गन्तव्य नै रहेको थियो भन्ने तथ्यलाई यसले प्रतिबिम्बित गर्दछ। अर्कोतर्फ, यस पटक येशूले यरूशलेमतर्फ यात्रा

गर्नुभयो भन्ने कुराको संकेत समेत यसले गर्दछ। पछिल्लो यहूदिया सेवकाइको अन्त्यतिर येशू यरूशलेम जानुभयो भन्ने कुरा यूहन्नाको विवरणले बताउँछ (यूह १०:२२-३९)।

समर्पणको चाड भाग लिने उद्देश्यको साथ येशू यरूशलेम जानुभयो (यूह १०:२२)। यो चाड यहूदीहरूका मुख्य चाडहरू मध्येको अन्तिम चाड हो। यो चाडलाई नयाँ करार र पुरानो करारको बीचको, मक्काबियन स्वतन्त्रताको अवधिमा सुरु गरिएको थियो। अन्टिकस एपिफेनसले मन्दिरलाई अशुद्ध तुल्याएपछि (इ.पू. १६५ तिर) मन्दिरलाई पुन: समर्पण गरिएको स्मरणस्वरूप यसलाई मनाइन्छ। आज यो चाडलाई "समर्पण" को निम्ति हिब्रू शब्दद्वारा चिनिन्छ: हनुका (वा चानुका)। यो चाड डिसेम्बर महिनामा पर्छ (यूह १०:२३क लाई याद गर्नुहोस्)। येशूको पालामा, यो चाडको उत्सव आठ दिनसम्म चल्थ्यो र यसमा ठूलो भीडभाड हुन्थ्यो।

उहाँका शत्रुहरूसँग विवाद जारी (यूह १०:२३-३०)

२३यो हिउँदको समय थियो। येशू मन्दिरभित्र सोलोमनको दलानमा टहलिरहनुभएको थियो।
२४यहूदीहरूले उहाँका चारैपट्टि भेला भएर सोधे, "कहिलेसम्म तपाईं हामीलाई दोधारमा राख्नुहुन्छ? तपाईं ख्रीष्ट हुनुहुन्छ भने हामीलाई स्पष्ट भनिदिनुहोस्।" २५येशूले
तिनीहरूलाई जवाफ दिनुभयो, "मैले तिमीहरूलाई भनिसकेको छु, तर तिमीहरू विश्वास गर्दैनौ। मेरा पिताको नाउँमा जे काम म गर्दछु, तिनैले मेरो गवाही दिन्छन्। २६तर तिमीहरू
विश्वास गर्दैनौ, किनभने तिमीहरू मेरा भेड़ामध्येका होइनौ। २७मेरा भेड़ाहरूले मेरो सोर सुन्छन्, र तिनीहरूलाई म चिन्छु, र तिनीहरू मेरो पछि आउँछन्। २८तिनीहरूलाई म अनन्त
जीवन दिन्छु, र तिनीहरू कहिल्यै नष्ट हुनेछैनन्, र कसैले तिनीहरूलाई मेरो हातबाट खोसी लैजानेछैन। २९मेरा पिताले ती मलाई दिनुभएको छ; उहाँ सबैभन्दा महान् हुनुहुन्छ।
पिताको हातबाट कसैले तिनीहरूलाई खोसी लानेछैनन्। ३०पिता र म एक हौं।"

चाडको धुमधामको बेला, येशू **मन्दिरभित्र सोलोमनको दलानमा** हुनुहुन्थ्यो (यूह १०:२३ख)। यसलाई अन्यजातिहरूको चोकको पूर्वी पर्खालद्वारा घेरिएको थियो। (परिशिष्ट २ मा "हेरोदको मन्दिर" हेर्नुहोस्।) पछि, पत्रुसले आफ्नो दोस्रो सुसमाचारको प्रवचन "सोलोमन नामक दलानमा" प्रचार गरे (प्रे ३:११)। यो स्थान प्रारम्भिक इसाईहरूको भेटघाट हुने ठाउँ बन्यो भन्ने कुरा स्पष्ट छ (प्रे ५:१२ हेर्नुहोस्)। यहूदी परम्परा अनुसार, सोलोमनको ढोका, पहिले सोलोमनले मन्दिर बनाउदादेखि नै रहिरहेको थियो।

यहूदी अगुवाहरूले उहाँका चारैपट्टि भेला भएर उहाँलाई सोधे, "**कहिलेसम्म तपाईं हामीलाई दोधारमा राख्नुहुन्छ? तपाईं ख्रीष्ट हुनुहुन्छ भने हामीलाई स्पष्ट भनिदिनुहोस्"** (यूह १०:२४)। प्रभुले आफू ख्रीष्ट भएको कुरा सांकेतिक वाक्यद्वारा सार्वजानिक रूपमै बताइसक्नुभएको थियो। उदाहरणको लागि, उहाँले मसीह सम्बन्धी दानिएलले लेखेको शब्दलाई धेरैजसो प्रयोग गर्नुभयो: "मानिसको पुत्र" (मत्ती ८:२०; ९:६; १०:२३; १२:८)। उहाँले ख्रीष्ट/ईश्वरीय व्यक्ति/परमेश्वरको पुत्र भन्ने दाबी गर्नुभएको कुरालाई बुझ्न यहूदी अगुवाहरूलाई कुनै समस्या थिएन; तिनीहरूले उहाँलाई मार्न खोज्ने कारण पनि यही थियो (यूह ५:१८ हेर्नुहोस्)। तैपनि, उहाँलाई मृत्यु दण्ड दिन अझै स्पष्ट मुद्दा बनाउन सकौं भन्ने हेतुले उहाँले यो कुरा "सरल भाषामा" र सार्वजानिक रूपमा भनेको होस् भन्ने तिनीहरूले चाहेका थिए। *व्यक्तिगत रूपमा,* येशूले "ख्रीष्ट" पदलाई स्वीकार गर्नुभएको थियो (मत्ती १६:१६, १७, २०)। तैपनि, उहाँले सार्वजानिक रूपमा, "म ख्रीष्ट हुँ" भनी

भन्नुभएको थिएन। किनभने त्यो दाबी त जो-कोहीले पनि गर्न सक्थ्यो। उहाँले आफू मसीह/ख्रीष्ट भएको कुरा आफूले सिकाएका र गरेका कुराद्वारा *देखाउन* चाहानुभयो (यूह १०:२५, ३७, ३८)। यसको साथै, उहाँको त्यस अप्रतक्ष तरीकाले, अन्त्यमा उहाँको मृत्यु निम्त्याउने शत्रुहरूसँगको विवादबाट जोगिन उहाँलाई मद्दत गऱ्यो।

उहाँलाई विश्वास गर्ने अभिप्राय लिएर उहाँका शत्रुहरूले यी प्रश्नहरू गरिरहेका थिएनन्। बरु उहाँलाई मार्ने तिनीहरूका उद्देश्य पूरा गर्न उहाँलाई ईश्वर-निन्दा गरेको आरोप लगाउने मौका तिनीहरूले खोजिरहेका थिए। अन्त्यमा, तिनीहरूले उहाँलाई जबर्जस्ती आफू ख्रीष्ट भएको कुरा शपथ खान लगाए। त्यसपछि तिनीहरूले उहाँलाई ईश्वरनिन्दा गरेको पापको अभियोग लगाएर मृत्युदण्डको सजाय सुनाए (मत्ती २६:६३-६८)। तैपनि, यस घटनामा, येशूले तिनीहरूलाई उत्तर दिनुभयो, **"मैले तिमीहरूलाई भनिसकेको छु, तर तिमीहरू विश्वास गर्दैनौ। मेरा पिताको नाउँमा जे काम म गर्दछु, तिनैले मेरो गवाही दिन्छन्। तर तिमीहरू विश्वास गर्दैनौ, किनभने तिमीहरू मेरा भेड़ामध्येका होइनौ"** (यूह १०:२५, २६)।

आफ्नो "भेडा" को बारेमा बताउने क्रममा, ख्रीष्टले यसभन्दा पहिलेको अध्यायमा उल्लेख गरिएको उदाहरणलाई प्रयोग गरिरहनुभएको थियो (यूह १०:१-१८)। उहाँले आफ्ना भेडाहरूका निम्ति उहाँ र उहाँको पिताले गर्नुहुने वास्ताको बारेमा बताउनुभयो (यूह १०:२७-२९)—अर्थात्, उहाँलाई विश्वास गर्ने र उहाँको पछि लाग्नेहरूका निम्ति। उहाँले भन्नुभयो, **"पिता र म एक हौं"** (यूह १०:३०)।

यूहन्ना १०:२८, २९ लाई कहिलेकहीं "धर्मत्यागको असम्भवता" लाई प्रमाणित गर्न प्रयोग गरिन्छ। यस खण्डको मुख्य जोड परमेश्वरले आफ्ना भेडालाई वास्ता र हेरचहार गर्नुहुन्छ भन्ने हो। यसले मानवजातिको छनौट गर्ने स्वतन्त्रतालाई हटाउँदैन। गोठको सुरक्षाबाट भेडा बाहिर जान सक्छ र परमेश्वरका भेडा उहाँको सुरक्षाको हताबाट बाहिर जान सक्छ। परमेश्वरको सन्तान कहिल्यै पतन हुँदैन भनेर यो अध्यायले सिकाउँदैन (१ कोर १०:१३), तर जबसम्म हामी परमेश्वरको सुरक्षाको छानामुनि रहन चाहान्छौं, हामीलाई कसैले पनि "खोसेर" लैजान सक्दैन भन्ने यसले *सिकाउँछ*।

उहाँलाई मार्ने निरन्तर प्रयास (यूह १०:३१-३९)

[३१]यहूदीहरूले उहाँलाई हानौं भनी फेरि ढुङ्गा उठाए। [३२]येशूले तिनीहरूलाई भन्नुभयो, "मैले तिमीहरूलाई मेरा पिताबाट धेरै असल काम देखाएँ, तीमध्ये कुन कामको निम्ति तिमीहरू मलाई ढुङ्गाले हान्न चाहन्छौ?" [३३]यहूदीहरूले उहाँलाई जवाफ दिए, "असल कामको लागि हामी तिमीलाई ढुङ्गाले हान्दैनौं, तर ईश्वर-निन्दा गरेको कारणले, किनकि तिमी मानिस भएर पनि आफैलाई परमेश्वर तुल्याउँछौ।" [३४]येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "के तिमीहरूको व्यवस्थामा यसो लेखिएको छैन, 'मैले भनें, तिमीहरू देवहरू हौ'? [३५]यदि जसकहाँ परमेश्वरको वचन आयो, तिनीहरू देवहरू कहलाइन्छन् भने (धर्मशास्त्र भङ्ग हुन सक्दैन), [३६]पिताले पवित्र तुल्याएर संसारमा पठाउनुभएको व्यक्तिले 'म परमेश्वरको पुत्र हुँ' भन्दा कसरी ईश्वर-निन्दा हुन्छ? [३७]यदि मैले मेरा पिताका काम गरेको छैनँ भने ममाथि विश्वास नगर। [३८]तर यदि म पिताका काम गर्दछु र पनि तिमीहरू ममाथि विश्वास गर्दैनौ भने यी कामहरूमाथि विश्वास गर, र तिमीहरूले थाहा पाउन सक्नेछौ र बुझ्नेछौ, कि पिता ममा हुनुहुन्छ, र म पितामा छु।" [३९]तिनीहरूले फेरि उहाँलाई पक्रन खोजे, तर उहाँ तिनीहरूका हातबाट उम्कनुभयो।

ख्रष्टको साहसले उहाँका शत्रुहरूलाई क्रोधित तुल्यायो र फेरि तिनीहरूले उहाँलाई मार्न भनी ढुङ्गा टिपे (यूह १०:३१; हेर्नुहोस्: ८:५९)। **ईश्वर-निन्दाको** कारण तिनीहरूले यो गरेको कुरा तिनीहरूले यशूलाई भने; **... किनकि तिमी मानिस भएर पनि आफैलाई परमेश्वर तुल्याउँछौ** (यूह १०:३३)। व्यावस्थामा **परमेश्वरको** प्रतिनिधित्व गर्नेहरूलाई देवहरू भनी भनिएको छ भनी उहाँले जवाफ दिनुभयो (यूह १०:३४; हेर्नुहोस्: भज ८२:६)। यदि त्यो ईश्वर-निन्दा थिएन भने, वास्तवमा **परमेश्वर** भनी बोलाइन योग्य व्यक्तिलाई यो भन्नु झन् कति ईश्वर-निन्दा हो (यूह १०:३५, ३६)। उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ कि हुनुहुन्न त्यसलाई हेर्नका निम्ति उहाँको कामहरू (आश्चर्यकर्महरू) हेर्नू भनी येशूले उहाँलाई आरोप लगाउनेहरूलाई चुनौती दिनुभयो (यूह १०:३७, ३८)। ३५ पदको यी शब्दहरूलाई ध्यान दिनुहोस्: **धर्मशास्त्र भङ्ग हुन सक्दैन।** यसको अर्थ, परमेश्वरको प्रेरणाद्वारा लेखिएको वचन भङ्ग हुँदैन वा यसलाई बेवास्ता गर्न सकिँदैन भन्ने हो। अविश्वासी संसारले यो कुरा जान्नु आवश्यक छ।

उहाँको कुरा सुन्न इन्कार गर्दै उहाँका शत्रुहरूले उहाँलाई **पक्रन खोजे** (यूह १०:३९क; हेर्नुहोस्: ७:४४)। फेरि, **उहाँ तिनीहरूका हातबाट उम्कनुभयो** (यूह १०:३९ख; हेर्नुहोस्: ८:५९)।

खण्ड ३

पेरियामा

निम्न खण्डहरूको संयोजित अध्ययन

मत्ती १९:१, २

मर्कूस १०:१

लूका १३:२३—१७:१०

यूहन्ना १०:४०-४२

पेरियाको सेवकाइ (मत्ती १९:१, २; मर्कू १०:१; लूक १३:२३—१७:१०; यूह १०:४०-४२)

"यर्दन पारि" येशूको सेवकाइ (मत्ती १९:१, २; मर्कू १०:१; यूह १०:४०-४२)

मत्ती १९:१, २

[१]यी कुरा बोल्नुभएपछि येशू गालीलबाट यर्दनपारि यहूदाको इलाकातिर जानुभयो।
[२]ठूला भीड़हरू उहाँको पछि लागे र उहाँले त्यहाँ मानिसहरूलाई निको पार्नुभयो।

मर्कूस १०:१

[१]त्यस ठाउँलाई छोड़ेर यर्दन नदीको पारि यहूदियाको इलाकामा येशू जानुभयो र भीड उहाँकहाँ भेला भयो, अनि उहाँको रीतिअनुसार तिनीहरूलाई फेरि उहाँले शिक्षा दिनुभयो।

यूहन्ना १०:४०-४२

[४०]अनि उहाँ फेरि यर्दन पारि त्यस ठाउँमा जानुभयो, जहाँ यूहन्नाले पहिले बप्तिस्मा दिने गर्थे, र उहाँ त्यहीँ बस्नुभयो। [४१]धेरै मानिसहरू उहाँकहाँ आउन लागे, र तिनीहरूले भने, "यूहन्नाले कुनै चिन्हहरू गरेनन्, तर यूहन्नाले यिनको विषयमा जे-जति भनेका थिए त्यो सत्य रहेछ।" [४२]अनि त्यहाँ धेरैले उहाँमाथि विश्वास गरे।

फेरि एक पल्ट, यरूशलेमले येशूको निम्ति ढोका बन्द गऱ्यो। निस्तार-चाड मनाउने समय र उहाँको मृत्युको समयसम्मको लागि यो येशूको अन्तिम यरूशलेम यात्रा थियो। उहाँ र उहाँका चेलाहरूले यहूदियालाई छाडी उहाँले तीन वर्ष पहिले बप्तिस्मा लिनुभएको ठाउँ, पूर्वतर्फ लाग्नुभयो: **अनि उहाँ फेरि यर्दन पारि त्यस ठाउँमा जानुभयो, जहाँ यूहन्नाले पहिले बप्तिस्मा दिने गर्थे** (यूह १०:४०क)। यो क्षेत्रलाई पेरिया भनिन्थ्यो। (परिशिष्ट २ मा "ख्रीष्टको जीवनको समयमा प्यालेष्टाइन" को नक्सा हेर्नुहोस्।) पेरियालाई यहूदी भू-भागको रूपमा लिइन्थ्यो। यहाँका नागरिकहरूले गालील र यहूदियाको जस्तै धार्मिक र सामाजिक नियम पालन गर्थे। तैपनि, यर्दन पारि पश्चिमकाहरूले यसलाई पिछाडिएको क्षेत्रको रूपमा मान्थे। ख्रीष्टले त्यसो गर्नुभएन; पेरिया मुक्तिको खाँचो भएको मानिसहरूले भरिएको छ भन्ने कुरा उहाँलाई थाहा थियो। उहाँको बाँकी साढे तीन महिना अवधिको धेरैजसो समय उहाँले त्यहीं नै बिताउनुभयो।

उहाँले नयाँ स्थानमा सफलता प्राप्त गर्नुभयो: **ठूला भीड़हरू उहाँको पछि** (मत्ती १९:२)। उहाँले तिनीहरूलाई शिक्षा दिनुभयो (मर्कू १०:१), निको पार्नुभयो (मत्ती १९:२), र दुष्ट आत्माहरू निकाल्नुभयो (लूक १३:३२)। **धेरै मानिसहरू उहाँकहाँ आउन लागे, र तिनीहरूले भने, "यूहन्नाले कुनै चिन्हहरू गरेनन्, तर यूहन्नाले यिनको विषयमा जे-जति भनेका थिए त्यो सत्य रहेछ।" अनि त्यहाँ धेरैले उहाँमाथि विश्वास गरे** (यूह १०:४१, ४२)। यो भनाइले यूहन्नाको सेवकाइको बारेमा थप विवरण दिएको छ, जुन अन्य कहीं पाइदैन: उनले कुनै चिन्हहरू गरेनन्।

येशूको पेरियाको सेवकाइको दुई वटा घटनाहरूलाई हेरौं: *येशूद्वारा* दिइएको चेतावनी र *उहाँलाई* दिइएको चेतावनी।

येशूको प्रश्न र चेतावनी (लूक १३:२३-३५)

२३कुनै एक जनाले उहाँलाई सोध्यो, "प्रभु, के उद्धार पाउनेहरू थोरै छन्?" तर उहाँले तिनीहरूलाई भन्नुभयो, २४"साँघुरो ढोकाबाट पस्ने प्रयत्न गर, किनकि, म तिमीहरूलाई भन्दछु, धेरै जना पस्न खोज्नेछन्, तर सक्नेछैनन्। २५घरका मालिकले उठेर ढोका बन्द गरिसकेपछि, तिमीहरू बाहिर उभेर यसो भन्दै ढोका ढकढक्याउनेछौ, 'प्रभु, हाम्रा निम्ति ढोका खोलिदिनुहोस्', र उनले जवाफ दिएर भन्नेछन्, 'तिमीहरू कहाँबाट आएका हौ म चिन्दिनँ।' २६तब तिमीहरू भन्न लाग्नेछौ, 'हामीले तपाईंकै सामुन्नेमा खायौं र पियौं, अनि हाम्रा गल्लीहरूमा तपाईंले शिक्षा दिनुहुन्थ्यो।' २७उनले भन्नेछन्, 'म तिमीहरूलाई भन्दछु, तिमीहरू कहाँबाट आएका हौ म जान्दिनँ। दुष्ट काम गर्ने हो, मबाट दूर होओ।' २८जब तिमीहरूले अब्राहाम, इसहाक, याकूब र सबै अगमवक्ताहरूलाई परमेश्वरको राज्यभित्र देख्नेछौ, अनि तिमीहरू आफैचाहिँ बाहिर फालिएका हुन्छौ, तब तिमीहरू विलाप गर्नेछौ र दाह्रा किट्नेछौ। २९मानिसहरू पूर्व, पश्चिम, उत्तर र दक्षिणबाट आएर परमेश्वरका राज्यको भोजमा बस्नेछन्। ३०हेर, पछिल्लाहरूचाहिँ पहिला हुनेछन्, र पहिलाहरूचाहिँ पछिल्ला।" ३१त्यसै बेला कोही-कोही फरिसीहरूले आएर उहाँलाई भने, "यहाँबाट निस्केर जानुहोस्, किनभने हेरोदले तपाईंलाई मार्न चाहन्छन्।" ३२उहाँले तिनीहरूलाई भन्नुभयो, "गएर त्यस स्याललाई भन, 'हेर, आज र भोलि म भूतहरू धपाउँछु र निको पार्ने काम गर्छु, अनि तेस्रो दिनचाहिँ मेरो कार्य पूर्ण हुनेछ।' ३३तापनि आज, भोलि र पर्सि पनि म हिँड्नै रहनुपर्छ, किनभने यरूशलेमबाहिर कुनै अगमवक्ताको मृत्यु हुनै सक्दैन। ३४यरूशलेम, ए यरूशलेम, तँ अगमवक्ताहरूलाई मार्छस्, र तँकहाँ पठाइएकाहरूमाथि ढुङ्गा बर्साउँछस्! जसरी पोथीले आफ्ना चल्लाहरूलाई पखेटामुनि बटुल्छ, त्यसरी नै कति पल्ट मैले तेरा बालकहरूलाई बटुल्ने इच्छा गरें, तर तँ मानिनस्। ३५हेर, तेरो घर उजाड भएको छ। म तँलाई भन्दछु, जबसम्म तैंले 'धन्य हुन्, परमप्रभुको नाउँमा आउने' भन्दैनस्, तबसम्म मलाई देख्नेछैनस्।"

एक दिन, ख्रीष्टले शिक्षा दिइरहनुभएको बेला कसैले उहाँलाई प्रश्न गऱ्यो **"प्रभु, के उद्धार पाउनेहरू थोरै छन्?"** (लूक १३:२३क)। हुनसक्छ, यो, पश्चात्ताप गरेनन् भने तिनीहरू सबै नष्ट हुनेछन् भनी यसभन्दा पहिले उहाँले दिनुभएको शिक्षाको प्रतिक्रिया थियो (लूक १३:१-५)। बाँच्ने थोरै हुनेछन् भनी ख्रीष्टले डाँडाको उपदेशमा भन्नुभएको थियो (मत्ती ७:१३, १४)। यस घटनामा उहाँले दिनुभएको उत्तर, को बचाइनेछ र को बचाइनेछैन त्यस विषयमा यसभन्दा अघि दिइएको शिक्षाको पूर्णता थियो:

(1) मुक्तिको बाटो साँघुरो र कठिन छ (लूक १३:२४; लाई मत्ती ७:१३, १४ सँग तुलना गर्नुहोस्)।
(2) आफू बचाइएको भनी सोच्नेहरू बचाइएका हुनेछैनन् (लूक १३:२५-२७; लाई मत्ती ७:२१-२३ सँग तुलना गर्नुहोस्)।
(3) यहूदीहरूले यस्तो हुने सम्भावना छ भन्ने नसोचेका भए तापनि केही (अन्यजातिहरू) बचाइए (लूक १३:२८-३०; लाई मत्ती ८:११, १२ सँग तुलना गर्नुहोस्)।

प्रश्न गर्ने व्यक्तिले के बुझेको होस् भन्ने चाहना ख्रीष्टको थियो भने महत्त्वपूर्ण कुरा भनेको बचाइनेको संख्या के-कति हुनेछ भन्ने होइन तर त्यो संख्यामा *तिनी* सामेल छन् कि छैन भन्नेचाहिँ हो।

येशूलाई **फरिसीहरूले** यसो भनी बाधा दिए, **"यहाँबाट निस्केर जानुहोस्, किनभने हेरोदले तपाईंलाई मार्न चाहन्छन्"** (लूक १३:३१)। तिनीहरूले उल्लेख गरेको खतरा वास्तविक थियो। हेरोद गालीलको शासक भएजस्तै तिनी पेरियाको पनि शासक थिए। बप्तिस्मा दिने यूहन्नालाई बन्दी बनाएर पेरिया प्रान्तमा मारिएको थियो। त्यसपछि, हेरोदले येशूको बारेमा चासो गरिरहेका थिए र उहाँको खोजतलास गरिरहेका थिए (हेर्नुहोस्: मर्कू ६:१४; लूक ९:९; २३:८)।

फरिसीहरूले किन ख्रीष्टलाई चेतावनी दिइरहेका थिए सोबारे स्पष्ट छैन। उहाँको हितको बारेमा तिनीहरूलाई चासो थिएन। यदि तिनीहरू पेरियाका थिए भने, उहाँले समस्या निम्त्याउनभन्दा पहिले आफ्नो प्रान्तबाट उहाँ गइहालेको तिनीहरूले चाहेका हुनसक्छन्। तिनीहरू पेरियाका भए पनि वा नभए पनि, उहाँ यहूदियामा फर्केको तिनीहरूले चाहेको हुनसक्छ, जहाँ महासभाको ठूलो शक्ति थियो।

आफूलाई हेरोदको बारेमा चासो नभएको भन्ने संकेत येशूको जवाफमा पाइन्छ, तर उहाँले जवाफ दिनुभएको तरीकाद्वारा फरिसीहरू अवश्य नै रणभुल्लमा परे होलान्। उहाँले भन्नुभयो, **"गएर त्यस स्याललाई भन, 'हेर, आज र भोलि म भूतहरू धपाउँछु र निको पार्ने काम गर्छु, अनि तेस्रो दिनचाहिँ मेरो कार्य पूर्ण हुनेछ'"** (लूक १३:३२)। "कार्य" भनेको उहाँको मृत्यु र यसले पूरा गर्ने सबै कुरालाई जनाउँछ। उहाँले त्यसपछि भन्नुभयो, **"तापनि आज, भोलि र पर्सि पनि म हिँड्ड़ी नै रहनुपर्छ"** (लूक १३:३३क)। यी सबैद्वारा येशूले रहस्यमय शैलीद्वारा यसो भनिरहनुभएको थियो, "मैले पूरा गर्नु पर्ने काम छ र म यसलाई पूरा गर्नेछु—हेरोदले जेसुकै भने पनि, गरे पनि, म यो पूरा गर्ने नै छु।" त्यसपछि उहाँले थप कुरा गर्नुभयो, **"किनभने यरूशलेमबाहिर कुनै अगमवक्ताको मृत्यु हुनै सक्दैन"** (लूक १३:३३ख)। सांकेतिक शब्द प्रयोग गरिएको यो भनाइको अर्थ हो, "हेरोदले मलाई पेरियामा मार्छ भनेर चिन्ता नगर, किनभने म यरूशलेममा मारिनु आवश्यक छ। किनभने, परमेश्वरका धेरै अगमवक्ताहरूलाई तिमीहरूले त्यहीं मारेका छौ!" यी कुरापछि, यरूशलेमको विषयमा विलाप गरिएको छ (लूक १३:३४, ३५; हेर्नुहोस्: मत्ती २३:३७-३९)।

येशूलाई फरिसीको घरमा निम्तो दिइएको र भोजका बारेमा तीन उपयुक्त शिक्षाहरू (लूक १४:१-२४)

१एक शबाथ उहाँ फरिसीहरूका कुनै एक जना शासकको घरमा खान जानुभयो। फरिसीहरू उहाँको चेवामा बसिरहेका थिए। २जलग्रह रोगले पीडित एक जना मानिस उहाँको सामुन्ने थियो। ३येशूले व्यवस्थाका पण्डितहरू र फरिसीहरूलाई सोध्नुभयो, "शबाथमा निको पार्नु उचित छ, कि छैन?" ४तर तिनीहरू चूप लागिरहे, र उहाँले त्यस रोगीको शरीरमा हात राखी निको पार्नुभयो र त्यसलाई जान दिनुभयो। ५तब उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूमध्ये कसले आफ्नो गोरु वा गधा शबाथ-दिनमा इनारमा खस्यो भने त्यसलाई झट्टै निकाल्दैन?" ६अनि तिनीहरूले यस कुराको जवाफ दिन सकेनन्। ७अनि भोजमा आएका अतिथिहरूले आदरको स्थान छानेका देखेर उहाँले तिनीहरूलाई एउटा दृष्टान्त भन्नुभयो: ८"विवाहको भोजमा तिमीले कसैको निम्तो पायौ

भने आदरका स्थानमा नबस। तिमीभन्दा बढ़ी प्रतिष्ठित व्यक्तिले त्यहाँ निम्तो पाएका
होलान्। [९]तिमीलाई र तिनलाई निम्तो दिने मेजमानले आएर तिमीलाई भन्नेछ, 'यिनलाई
बस्ने ठाउँ देऊ,' र तिमीचाहिँ लज्जित भएर सबैभन्दा तल्लो स्थानमा बस्नुपर्नेछ। [१०]तर
जब तिमीले निम्तो पाउँछौ, गएर तल्लो ठाउँमा बस, र मेजमानले आएर तिमीलाई भन्नेछ,
'ए मित्र, माथि गएर बस्नोस्।' त्यस बेला तिमीसँग खान बस्नेहरूका सामुन्ने तिम्रो इज्जत
हुनेछ। [११]किनकि हरेक जसले आफूलाई उच्च तुल्याउँछ, त्यो होच्याइनेछ, र आफूलाई
होच्याउनेचाहिँ उच्च पारिनेछ।" [१२]अनि उहाँलाई निम्तो दिनेलाई पनि उहाँले भन्नुभयो,
"तिमीले बिहान अथवा बेलुकीको भोज लगाउँदा, आफ्ना मित्रहरूलाई, आफ्ना
दाजुभाइलाई वा तिम्रा कुटुम्बहरूलाई वा धनी छिमेकीहरूलाई निम्तो नदेऊ, नत्रता
तिनीहरूले पनि साटोमा तिमीलाई निम्तो दिएर तिम्रो गुण फर्काइदिनेछन्। [१३]तर तिमीले
भोज लगाउँदा, गरीब, लुला, लङ्गड़ा, अन्धाहरूलाई बोलाऊ, [१४]र तिमीले आशिष्
पाउनेछौ, किनकि तिनीहरूले तिम्रो गुण फर्काउन सक्दैनन्। तर मृत्युबाट धर्मीहरूको
पुनरुत्थान हुँदा तिमीले यसको प्रतिफल पाउनेछौ।" [१५]उहाँसँग खान बस्नेहरूमध्ये एक
जनाले यी कुरा सुनेर उहाँलाई भन्यो, "त्यो धन्य हो, जसले परमेश्वरको राज्यमा भोज
खानेछ!" [१६]तर उहाँले त्यसलाई भन्नुभयो, "कुनै एक जना मानिसले बेलुकीको एउटा
विराट् भोज तयार गऱ्यो, र धेरैलाई निम्तो दियो। [१७]उसले आफ्नो नोकरलाई भोजन खाने
बेलामा निम्ताराहरूलाई यसो भन्न पठायो, 'आउनुहोस्, अब सब थोक तयार छ।' [१८]तर
तिनीहरू सबैले समान रूपले एकनासको बहाना बनाउन लागे। पहिलोले त्यसलाई भन्यो,
'मैले एउटा खेत किनेको छु, मलाई त्यो हेर्न जानुपरेको छ। म बिन्ती गर्दछु, मलाई माफी
होस्।' [१९]अनि अर्काले भन्यो, 'मैले पाँच हल गोरु किनेको छु, म ती हेर्न जान्छु। म बिन्ती
गर्दछु, मलाई माफी होस्।' [२०]अर्काले भन्यो, 'मैले विवाह गरेको छु। यसकारण म आउन
सक्दिनँ।' [२१]तब नोकरले आएर आफ्नो मालिकलाई यो कुरा भनिदियो। तब घरको
मालिकले रिसाएर आफ्नो नोकरलाई भन्यो, 'सहरका सड़कहरू र गल्लीहरूमा चाँड़ो जा,
र गरीबहरू, लुलाहरू, अन्धाहरूलाई, लङ्गड़ाहरूलाई यहाँ भित्र ले।' [२२]तब नोकरले
भन्यो, 'हजूरले आज्ञा गर्नुभएबमोजिम काम भएको छ, तर अझै ठाउँ खाली छ।'
[२३]मालिकले नोकरलाई भन्यो, 'मूल सड़कहरू र गल्लीहरू हुँदो गएर मानिसहरूलाई भित्र
आउन कर लगा, र मेरो घर भरिओस्। [२४]किनभने म तिमीहरूलाई भन्दछु, निम्ताराहरूमध्ये
कसैले पनि मेरो भोजको स्वाद चाख्न पाउनेछैन'।"

"येशूका केही स्मरणीय दृष्टान्तहरू"[1] उहाँले आफ्नो पेरियाको सेवकाइको अवधिमा बताउनुभयो। यो अवधिमा ख्रीष्टले बताउनुभएका दृष्टान्तहरूको संख्याको बारेमा विद्वानहरूले फरक-फरक विचार प्रस्तुत गरेका छन् किनभने यसको संख्या, दृष्टान्तको परिभाषामा भर पर्छ। केही दृष्टान्तहरू प्रसंग अनुसारका छन्। धेरैजसो दृष्टान्तहरू प्रतक्ष वा अप्रतक्ष रूपमा फरिसीहरूप्रति केन्द्रित थिए (लूक १४:१; १५:२; १६:१४ हेर्नुहोस्)।

येशूले गालीलमा (लूक ७:३६-५०) र यहूदियामा फरिसीसँग खानुभएको थियो (लूक ११:३७-५४)। यहाँ पेरियामा पनि उहाँलाई फरिसीको घरमा खानपान गर्न निम्त्याइयो (लूक १४:१, १२क हेर्नुहोस्)। यसरी निम्तो दिइएको र निम्तोलाई स्वीकार गरिएको यो तेस्रो र अन्तिम लिखित विवरण हो। १ पद अनुसार, येशू फरिसीहरूको *अगुवाहरू* मध्येको एक

[1]एच. आइ. हेस्टर (H. I. Hester), *द हर्ट अफ द न्यू टेस्टामेन्ट* (लिबर्टी, मो.: क्वालिटी प्रेस, १९६३), १७५।

जनाको घरमा खाना खान जानुभएको थियो। “फरिसीहरू असंगठित समूह थियो, तैपनि तिनीहरूका शासकहरू [वा अगुवाहरू] *कार्यलयद्वारा* होइन तर प्रभावद्वारा स्थापित भएका हुन्थे।”[2]

फरिसीको घरमा यसभन्दा अघिको ख्रीष्टको अनुभवमा, उहाँलाई निम्तो दिने मानिसको सम्भावित अभिप्रायहरूका बारेमा थाहा दिइएको छैन। यस पटक अभिप्राय के थियो भन्ने बारेमा कुनै शंका छैन। **एक शबाथ उहाँ फरिसीहरूका कुनै एक जना शासकको घरमा खान जानुभयो। फरिसीहरू उहाँको चेवामा बसिरहेका थिए** भनी लूकाले लेखेको छ (लूक १४:१; हेर्नुहोस्: ११:५३, ५४)। उहाँले तिनीहरूको शबाथ-दिनको परम्परालाई तोड्नुहुन्छ कि भनी फरिसीहरूले “उहाँलाई चेवा गरिरहेका थिए” भन्ने कुरा खण्डले बताउँछ।

खाना खाने बेलामा उपस्थित हुनेहरूमध्येको एक जना **जलग्रह रोगले पीडित एक जना मानिस** (लूक १४:२)। “जलग्रह” भनेको शरीरमा पानी जमिएर सुनिने रोग हो। “ड्रोप्सी” (“dropsy”) भन्ने अंग्रेजी शब्द ग्रीक शब्द ὑδρωπικὸς (*हुद्रोपिकोस्, hudrōpikos*) बाट आएको हो, र यो शब्द “पानी” अर्थ दिने ग्रीक शब्दबाट (ὑδωρ, *हुदोर, hudōr*, यो शब्दबाट अंग्रेजी उपसर्ग शब्द “हाइड्रो” [“hydro”]) आएको हो। यो रक्तसञ्चार सम्बन्धी हृदयघातको एउटा लक्षण हो। यो पानी जम्ने समस्याको कारण मृगौलामा भएको खराबीको लक्षण पनि हुनसक्छ।[3] येशूले त्यस बिरामी मानिसलाई शबाथ-दिनमा निको पर्नुहुन्छ कि पार्नुहुन्न त्यो हेर्नलाई फरिसीले तिनलाई त्यहाँ ल्याएको थियो भन्नेमा कुनै शंका छैन।

ख्रीष्टले उहाँका शत्रुहरूलाई यसो भनी चुनौती दिँदै तिनीहरूलाई अचम्ममा पार्नुभयो: **“शबाथमा निको पार्नु उचित छ, कि छैन?”** (लूक १४:३; हेर्नुहोस्: मर्कू ३:४)। उहाँले पहिले प्रयोग गर्नुभएको जस्तै तर्क यहाँ पनि प्रयोग गर्नुभयो (मत्ती १२:११ हेर्नुहोस्)। उहाँको तर्क शबाथ दिनमा बच्चालाई वा जनावरलाई इनारबाट बचाउनु सही हो भन्ने आधारमा रहेको थियो (लूक १४:५)। अर्को शब्दमा उहाँको तर्क यस्तो हुन्छ: “यदि शबाथ-दिनमा तिमीहरूको सन्तानलाई पानी [इनार] बाट बचाउन उचित हुन्छ भने, मैले शबाथ-दिनमा परमेश्वरको सन्तानको शरीरबाट पानी [जल ग्रह रोग] निकाल्नु किन उचित हुँदैन?” ४ पदले भन्छ, **र उहाँले त्यस रोगीको शरीरमा हात राखी निको पार्नुभयो र त्यसलाई जान दिनुभयो।**

त्यसपछि ख्रीष्टले त्यस घटनालाई भोजसँग सम्बन्धित तीन वटा दृष्टान्तहरू बताउन प्रयोग गर्नुभयो।

नम्रताको विषयमा शिक्षा (लूक १४:७-११)

त्यहाँ आएका पाहुनाहरू आदरको स्थान खोजिरहेका येशूले देख्नुभयो (लूक १४:७; हेर्नुहोस्: मत्ती २०:२१; २३:६)। तल्लो स्थानको छनौट गरी बस्नु बुद्धिमानी हुन्छ भनी उहाँले भन्नुभयो (लूक १४:८-१०)। यसलाई **दृष्टान्त** भनियो (लूक १४:७) किनभने

---

[2]जे. डब्ल्यू. म्याकगर्भे एण्ड फिलिप वाइ. पेण्ड्लेटन (J. W. McGarvey and Philip Y. Pendleton), *द फोरफोल्ड अफ गोस्पल अर हार्मनी अफ फोर गोस्पलस्* (सिन्सिनाटी:स्टयाण्डर्ड पब्लिसिङ को., १९१४), ४९२।

[3]चार्लस् बी. क्लेम्यान (Charles B. Clayman), मेडिकल एड., *द अमेरिकन मेडिकल एसोसिएसन होम इनसाइक्लोपेडिया,* भोल १ (न्यू योर्क: ज्याण्डम हाउस, १९८९), एस.भि. “ड्रोप्सी” (“dropsy”)।

यसलाई जीवनको सबै क्षेत्रमा लागू गर्न सकिन्छ भन्ने अभिप्राय प्रभुको थियो: **किनकि हरेक जसले आफूलाई उच्च तुल्याउँछ, त्यो होच्याइनेछ, र आफूलाई होच्याउनेचाहिँ उच्च पारिनेछ** (लूक १४:११; हेर्नुहोस्: १८:१४; मत्ती २३:१२)।

निश्वार्थ भावनाको विषयमा शिक्षा (लूक १४:१२-१४क)

ख्रीष्टले आफ्नो घरको मालिकतर्फ फर्केर भन्नुभयो, जसले गुण फर्काउन सक्छन् त्यस्ताहरूलाई निम्त्याउनुमा पुन्य हुँदैन (लूक १४:१२)। उहाँले त्यस मानिसलाई भन्नुभयो, **"तिमीले भोज लगाउँदा, गरीब, लुला, लङ्गड़ा, अन्धाहरूलाई बोलाऊ, र तिमीले आशिष् पाउनेछौ, किनकि तिनीहरूले तिम्रो गुण फर्काउन सक्दैनन्। तर मृत्युबाट धर्मीहरूको पुनरुत्थान हुँदा तिमीले यसको प्रतिफल पाउनेछौ"** (लूक १४:१३, १४क)। प्रभुले यी शब्दहरूद्वारा घरको मालिकलाई मात्र होइन, तर आफ्ना साथी-सङ्गीलाई र आफू "समानका" भनी हामीले ठान्ने मानिसहरूलाई मात्रै "निम्त्याउने" तर अरूलाई ननिम्त्याउने परिपाटी भएका हामी सबैका लागि शिक्षा दिँदै हुनुहुन्थ्यो (हेर्नुहोस्: मत्ती ५:४६, ४७; लूक ६:३२, ३३)। हाम्रो घरमा साथी-सङ्गीलाई बोलाउनु गलत कुरो होइन, किनभने येशू पनि मार्था र मरियमजस्ता मित्रहरूको निम्तोमा जानुहुन्थ्यो (लूक १०:३८)। तैपनि, हाम्रो निम्तो, हामीलाई गुण फर्काउने सक्नेहरूमा मात्र *सीमित* हुनु हुँदैन।

विराट् भोजको दृष्टान्त (लूक १४:१४ख-२४)

साँचो निम्तोलाई **धार्मीहरूको पुनरुत्थानमा** इनाम दिइनेछ भनी येशूले भन्नुभयो (लूक १४:१४ख)। कतिपयले दुई प्रकारको पुनरुत्थान हुन्छ भनी सिकाउन यो वाक्यलाई प्रयोग गर्छन्: धर्मीहरूको पुनरुत्थान अनि पछि अधर्मीहरूको पुनरुत्थान्। तैपनि, असल र खराब *दुवैका* निम्ति *एउटै* पुनरुत्थान हुनेछ भनी बाइबलले सिकाउँछ (यूह ५:२८, २९)। लूका १४:१४ मा, पुनरुत्थानमा धर्मीहरू मात्र *आशिषित* हुनेछन् भनी येशूले सिकाइरहनुभएको थियो।

अतिथिहरूमध्येका एक जनाले, आफूले मसीह राज्यको आगमनलाई उल्लेख गरेको कुरालाई मानिलिदै यसो भनी भन्यो, **"त्यो धन्य हो, जसले परमेश्वरको राज्यमा भोज खानेछ!"** (लूक १४:१५)। ख्रीष्टले विराट् भोजको दृष्टान्तसहित प्रतिक्रिया दिनुभयो (यसलाई "इन्कार गरिएको भोजको दष्टान्त" पनि भनिन्छ)। भोजमा निम्त्याइएकाहरूले भोजमा सहभागी नजनाउने बहाना बनाए (लूक १४:१६-२१)। रिसाएका मालिकले गरीब र तल्लो स्तरका मानिसहरूसँग बसेर खान भनी तिनीहरूलाई बोलाइपठाए (लूक १४:२१-२३; लाई १४:१३ सँग तुलना गर्नुहोस्)। २३ पदमा उल्लेख गरिएको **कर लगा** भन्ने शब्दले शारीरिक रूपमा जबरजस्ती गर्नु भन्ने हुँदैन, तर धेरै मनाउन भन्ने हुन्छ। गरीब र समाजमा तल्लो स्तर मानिएका मानिसहरू धनी र शक्तिशाली मानिसको घरमा आउन हिचकिचाउन सक्छन्।

यो दृष्टान्तबाट धेरै पाठहरू सिक्न सकिन्छ, तर प्रभुले यो दृष्टान्त भन्नुभएको मुख्य उद्देश्य २४ पदमा पाइन्छ। मालिकले नोकरलाई भन्यो, **"किनभने म तिमीहरूलाई भन्दछु, निम्ताराहरूमध्ये कसैले पनि मेरो भोजको स्वाद चाख्न पाउनेछैन।"** यो प्रसंगमा, यसको अर्थ "तिमीहरूमध्ये जतिले 'परमेश्वरको राज्यमा भोज खानेछौं' भनी *सोचेका* छौ, तिमीहरू कसैले खान पाउनेछैनौ" भन्ने हुन्छ। तिनीहरूले परमेश्वरको निम्तोलाई इन्कार गरेका थिएन। निश्चित रूपमा, उहाँको पुत्रको राज्यमा सहभागी हुन उहाँले दिनुभएको

निम्तोलाई नसुनी तिनीहरू कानमा तेल हालेर बासेका थिए। तिनीहरूले येशूलाई परमेश्वरको पुत्रको रूपमा इन्कार गरे।

येशूलाई भीडले पछ्याएका र एउटा महत्त्वपूर्ण शिक्षा (लूक १४:२५-३५)

[२५]मानिसहरूको ठूलो भीड उहाँको साथ जाँदैथियो, र उहाँले फर्केर तिनीहरूलाई भन्नुभयो, [२६]"यदि कोही मकहाँ आउँछ, र आफ्ना बुबा, आमा, पत्नी, छोरा-छोरीहरू र दाजुभाइ, दिदी-बहिनीहरूलाई र आफ्नै प्राणलाई समेत तुच्छ ठान्दैन भने, त्यो मेरो चेला हुन सक्दैन। [२७]जुन व्यक्ति आफ्नो क्रूस बोकेर मेरो पछि लाग्दैन, त्यो मेरो चेला हुन सक्दैन। [२८]तिमीहरूमध्ये कसैले एउटा धरहरा बनाउने इच्छा गर्छ भने, त्यो धरहरा बनाई सिद्धयाउने खर्च आफूसित छ कि छैन भनी के त्यसले पहिले नै बसेर हिसाब लाउँदैन र? [२९]नत्र भने त्यसले जग बसालेपछि सिद्धयाउन सकेन भने, देख्नेहरू सबैले यसो भनेर त्यसको गिल्ला गर्न लाग्नेछन्, [३०]'यस मानिसले बनाउन त थाल्यो तर सिद्ध्याउन सकेन।' [३१]कुन राजा होला जसले अर्को राजासँग लड़ाइँ गर्न जाँदा आफ्नो साथ भएका दश हजारले त्यसको विरुद्ध आउने बीस हजारसँग लड़ाइँ गर्न सक्छु कि सक्दिनँ भनी पहिले बसेर सल्लाह गर्दैन? [३२]तिनले नसक्ने हो भने, त्यो अर्को राजा टाढ़ै हुँदा मिलापको शर्त सोध्न राजदूत पठाउनेछ। [३३]यसकारण तिमीहरूमध्ये जसले आफूसित भएका सबै थोक त्याग्दैन, त्यो मेरो चेला हुन सक्दैन। [३४]नून असल हो, तर नून अलिनो भयो भने केले त्यो नुनिलो हुने? [३५]त्यो न त जमिनको निम्ति न खादको निम्ति काम लाग्ने हुन्छ। मानिसहरूले त्यसलाई मिल्काइदिन्छन्। जसको सुन्ने कान छ, त्यसले सुनोस्।"

येशूलाई पहिले उहाँको गालील सेवकाइमा भीडहरूले पछ्याएका थिए (मत्ती ४:२५)। अब पेरियामा **मानिसहरूको ठूलो भीड उहाँको साथ जाँदैथियो** (लूक १४:२५) मसीह सम्बन्धी हर्षोल्लास निरन्तर बढिरहेको थियो। यो हर्षोल्लासको चरमचुली येशूको मृत्युको केही दिनअघिको यरूशलेमको विजय-प्रवेशमा भयो (मत्ती २१:१-११)। इच्छुक तर अस्थिर मन भएका मानिसहरूको यस भीडलाई आफ्नो चेला हुँदा चुकाउनु पर्ने मोलको बारेमा बताउनु अत्यावश्यक भएको कुरा प्रभुले देख्नुभयो (लूक १४:२६, २७; लाई मत्ती १०:३७ सँग तुलना गर्नुहोस्)।

ख्रीष्टले "मोल हिसाब गर्नु" भन्ने बारेमा दुई वटा उदाहरणहरू बताउनुभयो: निर्माण कार्य सुरु गर्नुभन्दा पहिले लाग्ने खर्छ हिसाब गर्नु (लूक १४:२८-३०) र युद्धमा जानुभन्दा पहिले गर्नु पर्ने लेखाजोखा (लूक १४:३१, ३२)। त्यसपछि उहाँले पहिले प्रयोग गर्नुभएको "नूनिलो" को उदाहरणद्वारा (लूक १४:३३; लाई १२:३३ सँग तुलना गर्नुहोस्), पुन: चेलापनको निम्ति चुकाउनु पर्ने मोलको बारेमा जोड दिनुभयो। तिनीहरूले उहाँलाई पछ्याउनु असल कुरा थियो, तर यदि तिनीहरूले आवश्यक त्याग गर्न अनिच्छुक भएमा तिनीहरू पनि नूनिलो स्वाद गुमाएको नून जस्तै हुन्छन्—कामै नलाग्ने वा त्योभन्दा बेकारको भन्ने कुरा उहाँको वचनको तात्पर्य थियो (लूक १४:३४, ३५; हेर्नुहोस्: मत्ती ५:१३; मर्कू ९:५०)।

येशूलाई कर उठाउनेहरू र पापीहरूले पछ्याएका र एउटै शिक्षा सिकाउने तीन हृदयस्पर्शी कथाहरू (लूक १५:१-३२)

[१]कर उठाउनेहरू र पापीहरू सबै उहाँको वचन सुन्नलाई उहाँको नजिक आइरहेका

थिए। २"यस मानिसले त पापीहरूलाई ग्रहण गर्दछ, र तिनीहरूसँग खानपान गर्छ" भनी
फरिसीहरू र शास्त्रीहरू गनगनाउन लागे। ३तब उहाँले तिनीहरूलाई यो दृष्टान्त भन्नुभयो:
४"तिमीहरूमध्ये कुन मानिस होला, जसको एक सय भेड़ामध्ये एउटा हराउँदा उनान्सयलाई
वनमै छोड़ेर हराएको भेड़ा नपाउञ्जेल त्यसको खोजी गर्दैन? ५हराएको भेड़ा भेट्टाएपछि
रमाउँदै त्यसलाई आफ्नो काँधमा राख्छ, ६र घरमा आएर उसले आफ्ना मित्रहरू र
छिमेकीहरूलाई बोलाउँछ, र तिनीहरूलाई भन्छ, 'मसँग रमाओ, किनभने मैले आफ्नो
हराएको भेड़ा पाएको छु।' ७म तिमीहरूलाई भन्दछु, यसरी पश्चात्ताप गर्नु नपर्ने उनान्सय
धार्मिक जनहरूका लागि भन्दा पश्चात्ताप गर्ने एक जना पापीको लागि स्वर्गमा अझ बढ़ी
आनन्द हुनेछ। ८कुन स्त्री होली जसको दश चाँदीका सिक्कामध्ये एउटा हरायो भने बत्ती
बालेर उसले त्यो नपाउञ्जेल घर बढ़ारिकन मेहनतसँग खोज्दिन? ९हराएको सिक्का
पाएपछि उसले आफ्ना मित्रहरू र छिमेकीहरूलाई बोलाएर भन्छे, 'मसँग रमाओ, किनभने
मैले मेरो हराएको सिक्का पाएकी छु।' १०म तिमीहरूलाई भन्दछु, यसरी नै पश्चात्ताप गर्ने
एक जना पापीको लागि परमेश्वरका स्वर्गदूतहरूका सामुन्ने आनन्द हुन्छ।" ११उहाँले
भन्नुभयो, "कुनै मानिसका दुई छोरा थिए। १२कान्छोचाहिँले बाबुलाई भन्यो, 'पिताज्यू,
मेरो भागमा पर्ने धन-सम्पत्तिको हिस्सा मलाई दिनुहोस्।' तब तिनले आफ्नो सम्पत्ति
तिनीहरूलाई बाँड़िदिए। १३धेरै दिन बित्दा नबित्दै सबै धन-सम्पत्ति बटुलेर कान्छो छोरो
टाढ़ा देशमा गयो, र त्यहाँ भोग-विलासमा आफ्नो सम्पत्ति उड़ायो। १४त्यसले सबै
रुपियाँपैसा खर्च गरिसकेको थियो। त्यसै बेला त्यस देशमा ठूलो अनिकाल पऱ्यो, र
त्यसलाई अभाव हुन थाल्यो। १५त्यो गयो, र त्यस देशको एक जना नागरिककहाँ त्यसले
काम माग्यो। उसले त्यसलाई आफ्नो खेतमा सुँगुरहरू चराउन पठायो। १६सुँगुरले खाने
चारोले त्यसले आफ्नो पेट भर्न चाहन्थ्यो, अनि कसैले त्यसलाई केही दिँदैनथियो। १७जब
त्यसको चेत खुल्यो, त्यसले भन्यो, 'मेरा बाबुका धेरै ज्यालादारी चाकरहरू भरपेट खाएर
उबार्ने गर्छन्, तर मचाहिँ भोकले मरिरहेछु। १८म उठेर आफ्ना बाबुकहाँ जानेछु, र उहाँलाई
भन्नेछु, "बुबा, मैले स्वर्गको विरुद्धमा र तपाईंको दृष्टिमा पाप गरेको छु। १९अब उप्रान्त
म तपाईंको छोरो भनिने योग्यको छैनँ। मलाई तपाईंका ज्यालादारी चाकरहरूमध्ये
एउटासरह तुल्याउनुहोस्"।' २०तब त्यो उठेर आफ्ना बाबुकहाँ गयो। तर त्यो धेरै टाढ़ा छँदा
त्यसका बाबुले त्यसलाई देखे, र तिनी दयाले भरिए, र दौड़ेर गई त्यसलाई अँगालो हालेर
त्यसलाई चुम्बन गरे। २१छोराले तिनलाई भन्यो, 'बुबा, मैले स्वर्गको विरुद्धमा र तपाईंको
दृष्टिमा पाप गरेको छु। म फेरि तपाईंको छोरो भनिने योग्यको छैनँ।' २२तर बाबुचाहिँले
आफ्ना कमाराहरूलाई भने, 'झट्टै सबैभन्दा असल वस्त्र ल्याएर यसलाई पहिराइदेओ।
यसको हातमा औँठी, र खुट्टामा जुत्ता लगाइदेओ, २३र पुस्टाइराखेको पशु मार, र हामी
खाएर आनन्द मनाऔं। २४किनकि यो मेरो छोरो मरेको थियो, फेरि जीवित भएको छ,
हराएको थियो, र पाइएको छ।' तब तिनीहरू आनन्द मनाउन लागे। २५त्यस बेला तिनको
जेठो छोरो खेतमा थियो, र त्यो घरको नजिक आइपुग्दा त्यसले नाचगानको आवाज सुन्यो।
२६त्यसले चाकरहरूमध्ये एउटालाई आफूकहाँ बोलाएर 'यो के भइरहेछ?' भनेर सोध्यो।
२७उसले त्यसलाई भन्यो, 'तपाईंका भाइ आइपुगे, र तपाईंका पिताले पालिराखेको मोटो
पशु मार्नुभयो। किनकि उहाँले तिनलाई सकुशल र स्वस्थ फर्किआएका भेट्टाउनुभयो।'
२८तर त्यो रिसायो, र भित्र जान मानेन, र त्यसको बाबुले बाहिर गएर त्यसलाई मनाउन
लागे। २९तर त्यसले बाबुलाई भन्यो, 'हेर्नुहोस्, यतिका वर्ष मैले तपाईंको सेवा गरिरहेछु,
अनि तपाईंको आज्ञा कहिल्यै उल्लङ्घन गरिनँ, तापनि मैले आफ्ना साथीहरूसँग आनन्द

मनाउन तपाईंले मलाई एउटा पाठो पनि कहिल्यै दिनुभएन। ३०तर तपाईंको सम्पत्ति वेश्याहरूसँग उड़ाउने यो तपाईंको छोरो आउँदाचाहिँ तपाईंले पालिराखेको मोटो पशु त्यसको निम्ति मार्नुभयो।' ३१तब तिनले त्यसलाई भने, 'छोरा, तँ त मसँग सधैँभरि छँदैछस्, अनि मेरो सबै सम्पत्ति तेरै हो। ३२तर हामीले आनन्द मनाउनु र खुसी हुनु उचित थियो, किनकि यो तेरो भाइ मरेको थियो, फेरि जीवित भएको छ, हराएको थियो, र पाइएको छ'।"

कर उठाउनेहरू र पापीहरूले पनि उहाँको कुरा सुनिरहेका थिए (लूक १५:१; हेर्नुहोस्: ७:३४)। "पापीहरू" भन्ने शब्दले हामीलाई अचम्ममा पार्न सक्छ, किनभने हामी सबै पापी छौं (रोम ३:२३), तर यो शब्दलाई, संसारले, र विशेष गरी फरिसीहरूले पापीहरू भनी मानेका मानिसहरूलाई उल्लेख गर्न प्रयोग गरिएको छ।

समाजले त्यागेकाहरूबाट ख्रीष्टले आफैलाई टाढा राख्नुभएन, तर तिनीहरूसँग खानपान समेत गर्नुभयो (मत्ती ९:१०, ११ हेर्नुहोस्)। यसले गर्दा फरिसीहरू र शास्त्रीहरू यसो भनी गनगनाए, **"यस मानिसले त पापीहरूलाई ग्रहण गर्दछ, र तिनीहरूसँग खानपान गर्छ"** (लूक १५:२)। कतिपयले आफू संसारिक क्रियाकलापमा भाग लिनुहुन्छ भन्ने कुरालाई प्रमाणित गर्न लूका १५:१, २ लाई प्रयोग गर्ने प्रयास गरेका छन्। येशूको *उद्देश्यलाई* ध्यान दिनुहोस्: तिनीहरूका आत्मा बचाउने उद्देश्यले उहाँ तिनीहरूसँग खानपान गर्नुभयो (लूक ५:३०-३२)। येशूको *सहभागिताको* हदको बारेमा विचार गर्नुहोस्: उहाँले तिनीहरूसँग खानपान गर्नुभयो, तर तिनीहरूको पापमय क्रियाकलापमा सहभागी हुनुभएन। २ पदमा गरिएको कठोरहृदयी गुनासोद्वारा येशूको सबैभन्दा परिचित दृष्टान्तहरूको श्रृंखलालाई निम्त्यायो: हराएको चिजका बारेमा तीन वटा दृष्टान्तहरू।

हराएको भेडाको दृष्टान्त (लूक १५:३-७)

आफ्नो एउटा भेडा हराएर भेटी रमाउने गोठालाको बारेमा ख्रीष्टले बताउनुभयो (लूक १५:३-६)। उहाँले पहिले फरक शिक्षा दिन हराएको भेडाको उदाहरणलाई प्रयोग गर्नुभएको थियो (मत्ती १८:१२-१४)। उहाँले भन्नुभयो, **"म तिमीहरूलाई भन्दछु, यसरी पश्चात्ताप गर्नु नपर्ने उनान्सय धार्मिक जनहरूका लागि भन्दा पश्चात्ताप गर्ने एक जना पापीको लागि स्वर्गमा अझ बढ़ी आनन्द हुनेछ"** (लूक १५:७)। कोही पनि साँचो रूपमा धर्मी नभएका कारण (रोम ३:१०) र हामी सबैले पश्चात्ताप गर्नु पर्ने आवश्यकता रहेको कारण (प्रे १७:३०), लूका १५:७ को अन्तिम भागलाई व्यंगोक्तिले मानिन्छ: फरिसीहरूले *आफैलाई* धर्मी भएको र पश्चात्ताप गर्नु पर्ने कुनै आवश्यकता नरहेको भन्ने ठान्थे (लूक १८:९ हेर्नुहोस्)।

हराएको सिक्काको दृष्टान्त (लूक १५:८-१०)

त्यसपछि उहाँले सिक्का हराएर भट्टाएपछि रमाउने स्त्रीको बारेमा बताउनुभयो (लूक १५:८, ९)। तिनले हराएको सिक्का द्राच्मा एक दिनार बराबर हुन्थ्यो र यो एक दिनको प्रारिश्रमिक जति हुन्थ्यो। **"म तिमीहरूलाई भन्दछु, यसरी नै पश्चात्ताप गर्ने एक जना पापीको लागि परमेश्वरका स्वर्गदूतहरूका सामुन्ने आनन्द हुन्छ"** (लूक १५:१०)।

हराएको छोराको दृष्टान्त (लूक १५:११-३२)

अन्त्यमा, उहाँले उडन्ते पुत्रको दृष्टान्त बताउनुभयो। "उडन्ते" को अर्थ "अतिखर्ची

वा उडाउने” भन्ने हुन्छ। यो प्यारो कथाको बारेमा, जोन फ्र्याङ्कलिन कार्टर (John Franklin Carter) ले लेखेका छन्,

> पापले ध्वंस पारेर हतास र निराश भएका हजारौं जीवनलाई, परमेश्वरको कृपामा आफैलाई समर्पण गर्न प्रेरणा दिइएको छ; र तिनीहरूले त्यसो गर्ने क्रममा तिनीहरूले पापक्षमा र ईश्वरीय स्वीकारको अनुभव मात्रा गरेका छैनन्, तर विजयी जिवनको शक्ति समेत पाएका छन्।[4]

अन्तिममा जब त्यस उडन्ते पुत्र घर फर्केर आयो, घरमा हर्षोल्लास मनाइयो (लूक १५:२४)। यही धुमधामसँगै यो कथालाई अन्त्य गर्ने प्रचलन छ र कथालाई प्राकृतिक चरम पनि यसले प्रदान गर्छ। तैपनि, येशूले कथालाई यहीं अन्त्य गर्नुभएन। दृष्टान्तको वास्तविक बुँदा भनेको पिताले आफ्नो जेठो छोराको असन्तोषसँग आनन्द मनाएको कुरालाई देखाउनु हो (लूक १५:२५-३०)। ठूलो छोराले फरिसीहरूलाई जनाउँछ—र हराएको छोराको बारेमा बेवास्ता गर्ने अनि उनी प्रभुकहाँ फर्केर आएको बेला बेखुशी हुने जो-कोही व्यक्तिलाई यसले सूचित गर्छ। हामीसँग हुनुपर्ने आचरण त्यस बाबुले छोरालाई बताएको शब्दमा पाइन्छ: हामीले **आनन्द मनाउनु र खुसी हुनु उचित थियो**, किनकि **यो तेरो भाइ मरेको थियो, फेरि जीवित भएको छ, हराएको थियो, र पाइएको छ** (लूक १५:३२)।

प्रयोग: बाँकी कथा (लूक १५:२५-३२)

रेडियो समीक्षक पाउल हार्भे (Paul Harvey) लाई “बाँकी कथा” बताउने व्यक्तिको रूपमा चिनिन्छन्। येशूले हराएको भेडा, चाँदी, छोराको बारेमा बताउनुभएपछि, “बाँकी कथा” बताउनुभयो—घरमा बस्ने ठूलोचाहिं छोराको बारेमा (लूक १५:२५-३२)। हार्बे जीको “बाँकी कथा” सामान्यतया उत्साहपूर्ण हुन्छ, तर उडन्ते पुत्रको “बाँकी कथा” खिन्न प्रकारको छ। कथाको यो भाग पापीहरूका मित्र भएकोमा येशूलाई आलोचना गर्ने फरिसीहरूलाई दोषी ठहराउनको निम्ति बताइएको थियो (लूक १५:१-३)।

परिसरलाई नछोडी कुनै मनिस “टाढा जाने” सम्भावना हुन्छ (लूक १५:२५-३०)

ठूलो छोराको केही राम्रा गुणहरू थिए। तिनी विरोधी थिएनन्: ऊ घरबाट टाढा गएका थिएन, र राती तिनी कहाँ छ भन्ने बारेमा उसको बाबुआमाले चिन्ता गरिरहनु पर्दैनथ्यो। ऊ अल्छी थिएन: उसले बर्षौंसम्म आफ्नो बाबुको सेवा गरेको थियो (लूक १५:२९), र उसको भाइ घर आइपुग्दा ऊ “खेतमा” थियो (लूक १५:२५; हेर्नुहोस्: उत ३:१९)। ऊ अनैतिक व्यक्ति थिएन: ऊ शारीरिक पाप गर्ने व्यक्ति थिएन भन्ने स्पष्टै देखिन्छ (लूक १५:३०), त्यसैले उसले स्वच्छ, नैतिक जीवन बिताएको थियो। तैपनि, घर कहिल्यै नछोडी ऊ आफ्नै पापको “टाढाको देशमा” गएको थियो।

(१) ऊ आत्मधर्मी थियो: “*मैले*... तपाईंको आज्ञा कहिल्यै उल्लङ्घन गरिनँ” (लूक १५:२९; जोड दिइएको छ)। कहिलेकहीं हामीले आफैलाई अरूभन्दा असल ठान्छौं किनभने हामीले तिनीहरूले जस्तो खुलस्त पाप गरेका हुँदैनौं। हृदयको पापले शारीरिक पापले जत्तिकै चाँडो आत्मालाई घृणित तुल्याउँछ।

---

[4]जोन फ्र्याङ्कलिन कार्टर (John Franklin Carter), *अ लेम्यान्स हार्मनी अफ द गोस्पल* (न्यासभेल: ब्रोड- म्यान प्रेस, १९६१), २१६।

(२) ऊ अर्काको न्याय गर्ने वा आलोचना गर्ने व्यक्ति थियो: "तर तपाईंको सम्पत्ति वेश्याहरूसँग उड़ाउने यो तपाईंको छोरो" (लूक १५:३०)। उसको दोषारोपण साँचो हुनसक्छ, अथवा साँचो नहुन सक्छ। कहिलेकहीं हामीलाई मौका परे हामीले गर्ने गल्तिकै दोषी अरू पनि हुन्छन् भनी हामी विचार गर्छौं।

(३) उनमा क्षमा नदिने आचरण थियो (लूक १५:२८-३०)।

(४) ऊ आफ्नै बारेमा मात्र सोच्ने र अरूका बारेमा वास्तै नगर्ने व्यक्ति थियो (लूक १५:२९, ३०)। फरिसीहरूजस्तै, हराएको भाइको बारेमा उसलाई चासो थिएन।

(५) ऊ रिसाहा थियो।

(६) आफ्नो बाबुलाई पक्षपात गरेको आरोप लगाउँदै उसले आफ्नो बाबुप्रति अभद्र व्यवहार गऱ्यो: "... तपाईंले *मलाई* एउटा पाठो पनि कहिल्यै दिनुभएन। तर ... तपाईंले पालिराखेको मोटो पशु *त्यसको* निम्ति मार्नुभयो" (लूक १५:२९, ३०; जोड दिइएको छ)।

(७) ऊ अकृतज्ञ र गनगने थियो (लूक १५:२९, ३०)। ऊ आफूसँग भएको कुराप्रति कृतज्ञ थिएन।

(८) ऊ रूखो आचरण भएको व्यक्ति थियो। उनले आफ्नो भाइलाई भाइको रूपमा चिन्न सकेका थिएनन् ("यो *तपाईंको* छोरा" [लूक १५:३०; जोड दिइएको छ])। भाइले घर छाडेर हिँड्दा, उनले अवश्य नै यस्तो सोचेका थिए होलान्, "कुचोले बढार्नु पर्ने कसिङ्गरलाई हावाले उडायो, बेसै भयो।"

(९) ऊ आरिसे थियो।

(१०) ऊ अर्काको खुशी हेर्नै सक्तैनथ्यो। उसले आफ्नो बाबुको खुशीलाई निरुत्साहित गर्ने प्रयास गऱ्यो (हितो १७:२२ हेर्नुहोस्)।

(११) ऊ समस्या उत्पन्न गर्ने व्यक्ति थियो। खुशी मनाइरहेको परिवारमा किचलो उसले मच्चायो।

(१२) ऊ निराशावादी व्यक्ति थियो। उनका सबै विचारहरू नकरात्मक थिए।

ठूलो छोराको *आचरणमा* समस्या थियो। खराब आचरणले व्यक्तिको मूल्याङ्कनलाई भ्रष्ट तुल्याउँछ। आफ्नो भाइ फर्केर आएकोमा त्यस मानिसले दिएको प्रतिक्रियाद्वारा हामीमा यो प्रश्न उठ्न सक्छ, "*किन* ऊ घरैमा बस्यो; *किन* ऊ विश्वासयोग्य रऱ्यो?" स्पष्टै छ, इनाम पाउनको लागि मात्रै ऊ विश्वासयोग्य रऱ्यो। असल गर्ने उसको अभिप्राय बिलकुल गलत देखिन्छ।

दाजुको मनको कालो, आफ्नो भाइ घर नफर्कुन्जलेसम्म कहिल्यै देखा परेको थिएन। कहिलेकहीं हाम्रो जीवनमा पनि त्यस्ता अवस्थाहरू आउँछन्, जसले हाम्रो जीवनको सबैभन्दा नराम्रो पक्षलाई निकालिदिन्छ, अनि हामी नम्र हुन्छौं।

तपाईंको अभिमानलाई नत्यागी "फर्केर आउनु" सम्भव हुँदैन (लूक १५:३१, ३२)

फर्किआएको आफ्नो उडन्ते पुत्रप्रति बाबु दयालु भएको थियो; अब ऊ आफ्नो ठूलो छोराप्रति दयालु भयो। मैले रूखो व्यबहार गरेको थिएँ होला: "ए बैगुनी! बच्चा जस्तो रुन छोड्! अँध्यारो मुख गर्न छोड् र घरभित्र पस्!" बरु, बाबुले ऊसँग धैर्यसाथ कुरा गऱ्यो। उसले आफ्नो अर्को छोरालाई गुमाउन चाहेन। बाबुको कुरा छोटो थियो, तर यदि हामीले पनि ठूलो छोराको जस्तै व्यवहार गर्न छाड्नुछ भने, हामीले जीवनमा गर्नुपर्ने आवश्यक परिवर्तनहरूलाई यसले संक्षेप गरेको छ:

(१) तपाईंले पाउनुभएको आशिष गन्नुहोस् (लूक १५:३१): परमेश्वरको *उपस्थिति*

("तँ त मसँग सधैँभरि छँदैछस्") र परमेश्वरले दिनुभएको धेरै *उपहारहरू* ("मेरो सबै सम्पत्ति तेरै हो")।

(२) तपाईंको नातासम्बन्धलाई स्वीकार गर्नुहोस् (लूक १५:३२; "यो तपाईंको छोरा" [३० पद] र "यो तेरो भाइ" [३२ पद])। सबै पापीहरूसँग हामी सम्बन्धित छौं: हामी परमेश्वरका अविश्वासी सन्तानसँग ख्रीष्टद्वारा सम्बन्धित छौं; हामी आदमद्वारा अपरिचित पापीहरूसँग सम्बन्धित छौं। यसको साथै, हामी सबैको एउटै पिता हुनुहुन्छ।

(३) तपाईंको दयामायालाई जगेर्ना गर्नुहोस्। बाबुले भन्यो, "हामीले आनन्द मनाउनु र खुशी हुनु उचित *थियो*..." (लूक १५:३२क; जोड दिइएको छ)। मुख्य बाइबलमा "यो अत्यावश्यक थियो" भन्ने छ।

यदि दाजुको आचरण ठीक थियो भने, उसले पनि भोजमा सहभागी भई संगितमा रमाउदै भोज खान पाउँथ्यो। तर, ऊ घुर्की लगाउँदै हिड्यो। उनमा आत्माको फल थिएन (गला ५:२२, २३)। त्यस "फल" लाई हाम्रो हृदयमा राख्यौं भने यसले धेरैजसो सम्बन्ध सम्बन्धी समस्यालाई हल गरिदिन्छ।

निष्कर्ष

दाजुलाई के भयो? उसले आफ्नो बाबुको कुरालाई मानेर भोजमा सहभागी हुन आयो कि आएन? येशूले यसबारे भन्नुभएन। यदि तपाईं आत्मिक "दाजु" हुनुहुन्छ भने परिवर्तन तपाईंको निम्ति कठिन हुनसक्छ। ख्रीष्टको उद्देश्य फरिसीहरूलाई दोषी तुल्याउनु थियो, र धेरैजसो फरिसीहरू परिवर्तन भएनन्। तैपनि, तिनीहरूमध्ये केहीले आफ्ना जीवन परिवर्तन गरे (प्रे १५:५; २३:६; २६:५; फिलि ३:५)—त्यसैले आशा छ।

येशूलाई उहाँका चेलाहरूले साथ दिएका र अधर्मी व्यवस्थापकको दृष्टान्तद्वारा महत्त्वपूर्ण शिक्षा (लूक १६:१-१३)

[१]येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, "कुनै धनी मानिसको एक जना व्यवस्थापक थियो। त्यसले आफ्नो मालिकको धन-सम्पत्ति उड़ाइरहेको छ भन्ने अभियोग त्यसको विरुद्धमा लागेको थियो। [२]तब मालिकले त्यसलाई बोलाएर भन्यो, 'तेरो विषयमा म जे सुन्दैछु त्यो के हो? व्यवस्थापकको तेरो कामको हिसाब मलाई दे। अब उप्रान्त तँ व्यवस्थापक रहनेछैनस्।' [३]तब व्यवस्थापकले आफ्नो मनमनै भन्यो, 'अब म के गरूँ, किनकि मेरा मालिकले मबाट व्यवस्थापकको काम खोस्न लागेका छन्। खनजोत गर्ने मेरो ताकत छैन, भीख माग्न मलाई लाज लाग्छ। [४]अब मैले के गर्नुपर्ने हो मैले सोचिसकेको छु। व्यवस्थापकको कामबाट निकालिएपछि मानिसहरूले मलाई तिनीहरूका घरमा कसरी स्वागत गर्नेछन् सो निश्चय गरेको छु।' [५]तब त्यसले मालिकका ऋणीहरू एक-एकलाई बोलायो, र पहिलालाई भन्यो, 'तिमीलाई मालिकको ऋण कति छ?' [६]उसले भन्यो, 'तीन हजार लिटर तेल।' तब व्यवस्थापकले उसलाई भन्यो, 'तिम्रो तमसुक लेऊ, र चाँड़ै बसेर पन्ध्र सय लिटर लेख।' [७]त्यसपछि त्यसले अर्कालाई भन्यो, 'तिम्रो ऋण कति छ?' उसले भन्यो, 'तीन सय पचास क्विन्टल गहूँ।' त्यसले उसलाई भन्यो, 'तिम्रो तमसुक लेऊ, र तीन सय क्विन्टल लेख।' [८]अब त्यसको मालिकले त्यस अधर्मी व्यवस्थापकको तारीफ गऱ्यो किनकि त्यसले चतुऱ्याइँसित काम गरेको थियो। किनकि यस संसारका मानिसहरू आफ्नै पुस्ताका अरू मानिसहरूसँग व्यवहार गर्दा ज्योतिका सन्तानभन्दा अझ बढ़ी चतुर हुन्छन्। [९]म तिमीहरूलाई भन्दछु, आफ्नो निम्ति संसारको धनले मित्रहरू

बनाओ, र जब त्यो धन शेष हुन्छ, तब तिनीहरूले तिमीहरूलाई अनन्त वासस्थानमा स्वागत गरून्। [१०]जो थोरै कुरामा ईमानदार हुन्छ, त्यो धेरैमा पनि ईमानदार हुन्छ, र जो अति सानो कुरामा बेईमान हुन्छ, त्यो धेरैमा पनि बेईमान हुन्छ। [११]यसकारण तिमीहरू सांसारिक धनमा ईमानदार भएनौ भने, तिमीहरूलाई साँचो धनको जिम्मा कसले देला? [१२]यदि तिमीहरू अर्काको धनमा ईमानदार भएनौ भने, तिमीहरूको आफ्नै धन तिमीहरूलाई कसले देला र? [१३]कुनै नोकरले दुई मालिकको सेवा गर्न सक्दैन, किनकि त्यसले एउटालाई घृणा गरेर अर्कालाई प्रेम गर्छ, अथवा त्यो एउटाको भक्त भएर अर्कालाई तुच्छ ठान्छ। तिमीहरू परमेश्वर र धन दुवैको सेवा गर्न सक्दैनौ।"

त्यसपछि, येशूले चेलाहरूतर्फ फर्केर (लूक १६:१) बेइमानी व्यापार व्यवस्थापकको दृष्टान्त बताउनुभयो। न्यू अमेरिकन स्टचाण्डर्ड बाइबल (NASB) र अरू धेरै आधुनिक अनुवादहरूमा **व्यवस्थापक** भन्ने शब्द प्रयोग गरिएको छ। समकालीन अंग्रेजी संस्करण (CEV) र न्यू सेन्चुरी संस्करण (NCV) मा "उसको धनसम्पत्ति राख्ने व्यवस्थापक" भन्ने छ। मुख्य बाइबलमा "व्यवस्थापक" को सट्टा "भण्डारे" भन्ने शब्द पाइन्छ (लूक १६:८ हेर्नुहोस्; किङ्ग जेम्स् संस्करण [KJV])। भण्डारेले अर्काको धनसम्पत्तिलाई हेरचहार गर्छ (हेर्नुहोस्: लूक १२:४१-४८; १ कोर ४:२)। यो दृष्टान्तको अन्य नामहरू "अधर्मी व्यवस्थापकको दृष्टान्त", "चलाख व्यवस्थापकको दृष्टान्त," र "अन्यायी भण्डारेको दृष्टान्त" हुन्।

ख्रीष्टले बताउनुभएको यो भण्डारेको दृष्टान्त उहाँको केही असामान्य दृष्टान्तहरूमध्येको एक हो। झट्ट हेर्दा, यसले बेईमानीको गुणगान गरेको जस्तो देखिन्छ। यो सुनिरहेका कर उठाउनेहरू र पापीहरू, ख्रीष्टले उल्लेख गर्नुभएको बदमाशहरूका रूपमा परिचित थिए त्यसैले येशूले यो उदाहरण प्रयोग गर्नुभयो भन्ने सुझाव दिइएको पाइन्छ।

यो व्यापार व्यवस्थापकले उसलाई दिइएको रकम दुरुपयोग गरेको थियो (लूक १६:१) र उसलाई कामबाट निकाला गर्न लागिएको थियो (लूक १६:२)। यो मानिसले गर्ने काम प्राय: नोकरहरूले गर्ने काम थियो, तर उसलाई *निकालिन्छ* भन्ने तथ्यले ऊ एक स्वतन्त्र व्यक्ति थियो, नोकर होइन भन्ने संकेत गर्छ। उसले तुरुन्तै कर्मचारीको ऋणीहरूलाई बोलाई तिनीहरूले लिएको रकम घटाइदियो (लूक १६:५-७) ताकि, उसलाई निकालिदिएमा उसले तिनीहरूसँगको मित्रतालाई कायमै राख्न सकोस् (लूक १६:४)। त्यसको मालिकले त्यस मानिसको चतुर्‍याइँको प्रसंशा गर्‍यो (लूका १६:८क)। किङ्ग जेम्स् संस्करण (KJV) मा बेइमानी भण्डारेले "बुद्धिमानी पूर्वक गर्‍यो" भन्ने वाक्य पाइन्छ। यो ठेड अनुबाद हो, तर त्यस मानिसको "बुद्धि" यो *संसारको* थियो (हेर्नुहोस्: १ कोर १:२०; याकू ३:१५)। "चतुर्‍याइँ" भन्ने शब्दले यसको भाव व्यक्त गर्छ। धनी मानिसको शब्दमा धुर्त चतुर व्यक्तिलाई दिइएको ओठे प्रशंसा पाइन्छ।

के येशूले विश्वासघाती र खराब व्यवस्थापनको तारिफ गरिरहनुभएको थियो? होइन (लूक १६:१७ नोट गर्नुहोस्)। उहाँले सिकाउनुभएको कुरा ८ पदको अन्तिम भागमा पाइन्छ: **"किनकि यस संसारका मानिसहरू आफ्नै पुस्ताका अरू मानिसहरूसँग व्यवहार गर्दा ज्योतिका सन्तानभन्दा अझ बढ़ी चतुर हुन्छन्।"** यसलाई अर्को तरीकाले भन्दा: ईश्वरीय मानिसहरूले ईश्वरीय उद्देश्य पूरा गर्नुभन्दा अधर्मी मानिसहरूले अधर्मी उद्देश्यहरूलाई पूरा गर्नका लागि कसरी रुपियाँपैसा खर्च गर्नुपर्छ त्यो कुरालाई जान्दछन्।

बेइमानी व्यापार-व्यवस्थापकले पैसाद्वारा मित्रहरू बनाएका थिए। तैपनि, ख्रीष्टले

भन्नुभयो, **"... आफ्नो निम्ति संसारको धनले मित्रहरू बनाओ, र जब त्यो धन शेष हुन्छ, तब तिनीहरूले तिमीहरूलाई अनन्त वासस्थानमा स्वागत गरून्"** (लूक १६:९)। सम्पत्तिद्वारा हामीले "मित्रहरू बनाउने" तरीका भनेको, खाँचोमा परेकाहरूलाई दिएर हो। येशूले भन्नुभए अनुसार, अरूलाई दिइएमा स्वर्गमा सम्पत्ति साँचिन्छ र यसले हामीले सहयोग गर्ने व्यक्तिहरूद्वारा हामीलाई गरिने न्यानो स्वागतलाई पनि सुनिश्चित गर्छ। यहाँको पाठ आधारभूत रूपमा लूका १२:३३ को सँग मिल्दो छ: "तिमीहरूको सम्पत्ति बेचेर दान देओ। ... स्वर्गमा कहिल्यै नष्ट नहुने धन स्वर्गमा सञ्चय गर।"

हामी विशेष गरी हाम्रो रुपियाँपैसाको निम्ति असल भण्डारे हुनुपर्छ भन्ने कुरालाई ख्रीष्टले यो दृष्टान्तमा जोड दिनुभयो (लूक १६:१०-१२)। रुपियाँपैसालाई हाम्रो मालिक हुनदिने विरुद्धमा समेत उहाँले चेतावनी दिनुभयो (लूक १६:१३; हेर्नुहोस्: मत्ती ६:२४)।

येशूलाई फरिसीहरूले चियो गरेका, र धनी मानिस र लाजरसको "दृष्टान्त" द्वारा विचारणीय शिक्षा (लूक १६:१४-३१)

१४धनका लोभी फरिसीहरूले यी सबै कुरा सुनेर उहाँको उपहास गरे। १५तब उहाँले तिनीहरूलाई भन्नुभयो, "मानिसहरूका सामुन्ने आफैलाई धर्मी ठहराउने तिमीहरू नै हौ, तर परमेश्वरले तिमीहरूका हृदय जान्नुहुन्छ, किनकि मानिसहरूका बीचमा जे उच्च गनिएको छ, परमेश्वरको दृष्टिमा त्यो तुच्छ ठहरिन्छ। १६बप्तिस्मा-दिने यूहन्नाको समयसम्म मोशाको व्यवस्था र अगमवक्ताहरू प्रचार गरिए। त्यस बेलादेखि परमेश्वरका राज्यको सुसमाचार प्रचार गरिएको छ, र सबै जना त्यस राज्यभित्र बलपूर्वक प्रवेश गर्दछन्। १७तर व्यवस्थाबाट एक मात्रा मेटिनभन्दा स्वर्ग र पृथ्वी टलिजान सजिलो छ। १८जसले आफ्नी पत्नीलाई त्यागेर अर्कीलाई विवाह गर्छ, त्यसले व्यभिचार गर्दछ, र श्रीमान्बाट त्यागिएकी स्त्रीलाई विवाह गर्ने मानिसले पनि व्यभिचार गर्दछ। १९एक जना धनी मानिस थियो, जो बहुमूल्य वस्त्र र मिहीन मलमल लगाएर दिनहुँ मोजमज्जामा बस्तथ्यो। २०उसको ढोकामा लाजरस नाउँको एक जना गरीब मानिसलाई ल्याएर राखिदिन्थे। त्यो घावैघाउले भरिएको थियो। २१त्यस धनी मानिसको टेबिलबाट झरेका टुक्राटाक्री खाएर लाजरसले आफ्नो पेट भर्ने इच्छा गर्थ्यो। कुकुरहरूले पनि आएर त्यसका घाउहरू चाट्थे। २२त्यो गरीब मानिस मऱ्यो, र स्वर्गदूतहरूले त्यसलाई लगेर अब्राहामको साथमा राखे। त्यो धनी मानिस पनि मऱ्यो र गाडियो। २३नरकमा कठोर कष्ट भोगिरहेको बेला उसले नजर उठाएर हेऱ्यो र टाढ़ामा अब्राहाम र उनको साथमा लाजरसलाई देख्यो। २४अनि उसले कराएर भन्यो, 'हे पिता अब्राहाम, ममाथि दया गरेर लाजरसलाई पठाइदिनुहोस्, र त्यसले आफ्नो औँलाको टुप्पा पानीमा चोपेर मेरो जिब्रोलाई शीतल पारिदेओस्, किनकि म यस ज्वालामा भयङ्कर वेदना पाइरहेछु।' २५तर अब्राहामले भने, 'छोरो, याद गर्, तैंले आफ्नो जीवनकालमा असल-असल कुराहरू भोग गरिस्, र त्यसै गरी लाजरसले दुःखैदुःख भोग्यो। त्यो अब यहाँ आराममा छ, र तँचाहिँ कष्टमा छस्। २६यी सबै कुराबाहेक यहाँबाट तँकहाँ पारि जान खोज्नेहरू जान नसकून् र त्यहाँबाट यहाँ हामीकहाँ वारि आउन पनि नसकून् भनेर हामीहरू र तिमीहरूका बीचमा एउटा अति गहिरो धाँदो छ।' २७उसले भन्यो, 'पिता, यसैकारण म तपाईंलाई बिन्ती गर्दछु, तपाईंले त्यसलाई मेरा बाबुको घरमा पठाइदिनुहोस्, २८किनभने मेरा पाँच भाइ छन्, र त्यसले तिनीहरूलाई चेताउनी देओस्, नत्रता तिनीहरू पनि यस कष्टको ठाउँमा आउलान्।' २९तर अब्राहामले भने, 'तिनीहरूका साथमा मोशा र अगमवक्ताहरूका पुस्तक छन्। तिनीहरूले ती सुनून्।'

[३०]तर उसले भन्यो, 'होइन, पिता अब्राहाम, मरेकाबाट कोही एक जना तिनीहरूकहाँ गयो भनेता तिनीहरूले पश्चात्ताप गर्नेछन्।' [३१]उनले उसलाई भने, 'मोशा र अगमवक्ताहरूका कुरा तिनीहरूले सुन्दैनन् भने, मृतकहरूबाट कोही जीवित भए पनि तिनीहरूले विश्वास गर्नेछैनन्'।"

येशूले फरिसीहरूलाई दिनुभएको, बेइमानी व्यापार व्यवस्थापकको दृष्टान्त र त्यसपछिको शिक्षालाई "फरिसीरूको खमिरदेखि होशियार बस" भन्ने वाक्यद्वारा सुरु गर्न सक्नुहुन्थ्यो (लूक १२:१), किनभने "... फरिसीहरू धनका लोभी थिए" (लूक १६:१४; न्यू अमेरिकन स्टयाण्डर्ड बाइबल [NASB])। धनी हुनु भनेको परमेश्वरले स्वीकृत गर्नुभएको अकाट्य प्रमाण हो भन्ने तिनीहरूको मान्यता रहेको थियो। त्यसैले, जब फरिसीहरूले **यी सबै कुरा सुनेर**, तिनीहरूले उहाँको **उपहास गरे** (तुलना गर्नुहोस्: लूक १६:१४; लूक २३:३५)। न्यू अमेरिकन स्टयाण्डर्ड बाइबल (NASB) मा तिनीहरूले उहाँको खिल्ली उडाए भन्ने छ। न्यू इन्टरनेशनल संस्करण (NIV) मा तिनीहरूले उहाँलाई "खिसी" गरे भनिएको छ। तिनीहरूले मानिसहरूका नजरमा येशूलाई बदनाम गर्न चाहेका थिए।

ख्रीष्टले फरिसीहरूलाई हप्की गर्दै प्रतिक्रिया दिनुभयो:

(१) आफैलाई मानिसहरूका अघि धर्मी ठहराएकामा उहाँले तिनीहरूलाई हप्काउनुभयो (लूक १६:१५)।

(२) आफ्ना मानव निर्मित नियम र परम्पराहरूको माध्यमद्वारा राज्यमा प्रवेश गर्न सकिन्छ भनी जबर्जस्ती गर्ने प्रयास गरेकामा उहाँले तिनीहरूलाई हप्काउनुभयो (लूक १६:१६)।

(३) तिनीहरूले परमेश्वरको अविनाशी वचनलाई भन्दा आफ्ना मानव निर्मित र क्षणिक परम्परालाई बढी ध्यान दिएकोमा उहाँले तिनीहरूलाई हप्काउनुभयो (लूक १६:१७, १८)।

हप्कीपछि ख्रीष्टले अर्को कथा भन्नुभयो। यदि बेइमानी भण्डारेको दृष्टान्तले धनका लोभीहरूलाई क्रोधित तुल्याएको थियो भने, यो उदाहरणद्वारा तिनीहरू दुई गुना रिसाएका हुनसक्छन्। यो मुक्ति नपाएको *एक जना धनी मानिसको* बारेमा थियो।

लूका १६:१९-३१ लाई सामान्यतया "धनी मानिस र लाजरसको दृष्टान्त" भनिन्छ। यो भण्डारेको परीक्षामा असफल हुने **धनी मानिसको** कथा हो। उसले लाजरस नामको भिखारीलाई सहयोग गर्ने मौकालाई सदुपयोग गर्न सकेन। भिखारीको मृत्यु भएपछि **स्वर्गदूतहरूले त्यसलाई लगेर अब्राहामको साथमा राखे** (लूक १६:२२); तर धनी मानिस मरेपछि, उसले आफैलाई **नरकमा** पायो (लूक १६:२३)। त्यस धनी मानिसलाई "डाइभ्स्" भनेर पनि भन्ने गरिन्छ तर त्यो उसको नाम थिएन। "डाइभ्स्" भनेको ल्याटिन भाषामा "धनी" हो।

त्यस धनी मानिसले उसका पाँच जना भाइलाई चेतावनी दिन लाजरसलाई पृथ्वीमा पठाउन बिन्ती गऱ्यो, तर उसलाई भनियो, **"तिनीहरूका साथमा मोशा र अगमवक्ताहरूका पुस्तक छन् ..."; "मोशा र अगमवक्ताहरूका कुरा तिनीहरूले सुन्दैनन् भने, मृतकहरूबाट कोही जीवित भए पनि तिनीहरूले विश्वास गर्नेछैनन्"** (लूक १६:२९, ३१)। फरिसीहरूका निम्ती यी शब्दका विशेष अर्थ थिए: तिनीहरूसँग येशूलाई प्रमाणित गर्ने मोशा र अगमवक्ताका पुस्तकहरू थिए (लूक २४:४४), तर तिनीहरूले तिनलाई सुन्न इन्कार गरे।

येशूले मानिसहरूलाई मृत्युबाट जीवित पार्नुहुँदा समेत तिनीहरूले स्वीकार गर्न सकेनन् (लूक ७:११-१७; ८:४१-५६; हेर्नुहोस्: यूह ११:१-५३; १२:९-११)। वास्तवमा, पछि येशू आफै मृत्युबाट जीवित भई उठ्नुहुँदा समेत तिनीहरूले स्वीकार गर्न सकेनन् (मत्ती २८:११-१५; प्रे ४:१-२२)।

लूका १६:१९-३१ को आशयलाई मन नपराउने केही मानिसहरूले यो कथा लगभग परीकथाजस्तो छ भनी यसलाई "दृष्टान्त" मा सीमित राख्छन्। यस्ता मानिसहरूको समूहमा, मृतकहरू चेतनशील हुन्छन् भन्ने कुरालाई विश्वास नगर्ने र मृत्युपछि हुने दण्डको बारेमा विश्वास नगर्नेहरू पनि पर्छन्। तैपनि, यी तथ्यहरूलाई ध्यान दिनुहोस्:

(१) बाइबलले यो कथालाई दृष्टान्त भनी भन्दैन। यदि यो दृष्टान्त हो भने, मुख्य पात्रको नाम (लाजरस) दिने दृष्टान्त यही मात्र हो। यदि यो दृष्टान्त हो भने, यो येशूलाई सुन्ने मानिसहरूका दैनिक जीवनका परिस्थितिहरूसँग निमल्ने एउटै मात्र दृष्टान्त हो। "दृष्टान्त" भन्ने शब्दलाई सुसमाचारका पुस्तकहरूमा वृहत रूपमा प्रयोग गरिएको छ, यो कुरा साँचो हो; कहिलेकहीं यसको अर्थ "उदाहरण" भन्ने हुन्छ। त्यसैले, धनी मानिस र लाजरसको कथालाई "दृष्टान्त" भन्न सकिन्छ र यो हामीले दिएको नाम हो प्रभुले दिनुभएको होइन भन्ने कुरालाई हामीले बिर्सिनु हुँदैन।

(२) यो कथालाई "दृष्टान्त" भनिए तापनि, यसको अर्थ यसलाई "परी-कथा" को नाम दिन मिल्छ भन्ने होइन। जे. डब्ल्यू. म्याकगर्भे (J. W. McGarvey) को टिप्पणी यस्तो छ, "येशूले भन्नुभएका दृष्टान्तहरूमा मनगडन्ते कुरो पाइँदैन, न त तिनले कहीं प्रकृतिको नियमलाई मिचेका छन्, यो कुरालाई हामीले ध्यान दिनुपर्छ।"[5] लूका १६:१९-३१ को दृश्यले मृत्युपछि आत्माहरूको अवस्थाको वास्तविकतालाई चित्रण गरेको छ भन्ने कुरामा कुनै शंका छैन: उद्धार नपाएकाहरूको श्रापित अवस्था अनि उद्धार पाएकाहरूको आशिषित अवस्था। पहिलेदेखि नै अस्तित्वमा रहनुभएको (यूह १:१, २, १४), "मृत्यपछि मानिसहरूको अनुभवको बारेमा बताउन सक्ने, पृथ्वीमा जिउनुभएको व्यक्ति येशू मात्र हुनुहुन्थ्यो।"[6]

विविध शिक्षा (लूक १७:१-१०)

[१]येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, "पाप गर्न लाउने परीक्षाहरू निश्चय आउँछन्। तर धिक्कार त्यस मानिसलाई, जसद्वारा ती आउँछन्! [२]जुन मानिसले यी सानाहरूमध्ये एउटालाई पाप गर्न लाउँछ त्यसको गलामा जाँतोको एउटा पाटा झुण्डचाएर त्यसलाई समुद्रमा फालिदिनु त्यसको निम्ति बेस हुनेछ। [३]आफ्नो विषयमा होशियार बस। तिम्रो भाइले अपराध गऱ्यो भने त्यसलाई हप्काऊ, र त्यसले पछुतो गऱ्यो भने तिमीले त्यसलाई क्षमा गर। [४]यदि तिम्रो भाइले दिनमा सात पल्ट तिम्रो विरुद्धमा अपराध गऱ्यो, र सातै पल्ट तिमीकहाँ फर्किआएर 'म पछुतो गर्छु' भन्यो भने, तिमीले त्यसलाई क्षमा गर्नू।" [५]प्रेरितहरूले प्रभुलाई भने, "हामीहरूको विश्वास बढ़ाइदिनुहोस्।" [६]प्रभुले भन्नुभयो, "तिमीहरूमा रायोको दाना जति पनि विश्वास भएदेखि तिमीहरूले यस किम्बुको रूखलाई, 'तँ उखेलिएर समुद्रमा रोपिन जा' भन्यौ भने, त्यसले मान्नेछ। [७]तिमीहरूमध्ये कसैको नोकर खेत जोतेर कि भेड़ा चराएर खेतबाट आयो भने, उसले त्यस नोकरलाई

---

[5]म्याकगर्भे एण्ड पेण्ड्लेटन (McGarvey and Pendleton), ५१४।

[6]कार्टर (Carter), २२१।

‘तुरुन्त आएर खान बस्’ भन्छ र? [८]के उसले त्यसलाई बरु यसो भन्नेछैन? ‘मेरो निम्ति खाना तयार गर्, र पटुका कस् र मैले खाई-पिई नसकेसम्म मेरो सेवा-टहल गर्। त्यसपछि तैंले खानपान गर्।’ [९]आफूले अह्राएबमोजिमको काम गरेकोमा के उसले त्यस नोकरलाई धन्यवाद दिन्छ र? [१०]त्यसरी नै तिमीहरूलाई अह्राएका सबै काम पूरा गरेपछि तिमीहरूले पनि यसो भन: ‘हामी नालायक दास हौं, हामीले त हाम्रो कर्तव्य मात्र पालन गरेका छौं’।”

यो खण्डपछि येशूका चेलाहरूलाई दिइएको सामान्य निर्देशनहरू पाइन्छ। **सानाहरूमध्ये एउटालाई पाप गर्न लाउँछ** परीक्षा निम्त्याउनेहरूप्रति गरिएको धिक्कारद्वारा उहाँले यसलाई सुरु गर्नुभयो (लूक १७:१, २)। “सानाहरू” भन्ने शब्दलाई येशूले, बुझाइ र समझमा अझै बालकहरूकै अवस्थामा रहेका आफ्ना चेलाहरूका बारेमा उल्लेख गर्न कहीलेकहीं प्रयोग गर्नुभएको छ। यस प्रसंगमा, दोषी पक्ष फरिसीहरू थिए (लूक १६:१४), तर अरूलाई परीक्षामा पार्ने कारण बन्नेप्रति होशियार रहनुपर्छ भनी नयाँ करारले हामी प्रत्येकलाई सिकाउँछ (१ कोर ८:१३ हेर्नुहोस्)। येशूले उहाँका चेलाहरूलाई यस्तो चेतावनी दिनुभयो, **“आफ्नो विषयमा होशियार बस”** (लूक १७:३क)। अर्को शब्दमा, “भर्खरै उल्लेख गरिएको पापको दोषी नबन।”

त्यसपछि उहाँले भन्नुभयो, **“तिम्रो भाइले अपराध गऱ्यो भने त्यसलाई हप्काऊ”** (लूक १७:३ख)। यो प्रसिद्ध शिक्षा होइन, तर यो अत्यावश्यक शिक्षा हो। यदि भाइले उसको आत्मालाई दोषी तुल्याउने पाप गरेको छ भने, हामीले यसलाई कहिल्यै पनि बेवास्ता गर्नुहुँदैन। यदि हामी उसलाई प्रेम गर्छौं भने उसको कामको विरोध गरी उसलाई फर्काउछौं (याकू ५:१९, २०)। तैपनि, यो कुरा सँधै “नम्रतापूर्वक” (गला ६:१) र प्रेमसित गरौं (एफि ४:१५)।

हप्काउने मात्र होइन, **क्षमा गर** समेत हामी तयार हुनुपर्छ (लूक १७:३ग)। जे. डब्ल्यू. म्याकगर्भे (J. W. McGarvey) को सुझाव अनुसार, धार्मिकतामा हप्काउने दायित्व हुन्छ भने, प्रेममा क्षमा दिनु पर्ने दायित्व हुन्छ।[7] यदि कसैले आफ्नो विरुद्धमा पाप गरेको छ भने, उसलाई दिनमा **सातै पल्ट** क्षमा दिन तयार हुनुपर्छ भनी प्रभुले आफ्ना पछि लाग्नेहरूलाई भन्नुभयो (लूक १७:४)। यसलाई मत्ती १८:२१-३५ को शिक्षासँग तुलना गर्नुहोस्। कतिपयले, “पश्चात्ताप” (अर्थात्, क्षमा माग्ने काम) नगरेसम्म हामीसँग क्षमा दिने दायित्व हुँदैन भनी लूका १७:३, ४ लाई प्रयोग गर्ने गर्छन्, तर यो खण्डले वास्तवमा त्यसो भन्दैन। *यदि* उसले पश्चात्ताप गर्छ भने हामीले उसलाई क्षमा दिनुपर्छ भनी यसले भन्छ—उसले पश्चात्ताप गरुञ्जेल हामीले पर्खिरहनुपर्छ भन्ने होइन। मत्ती १८:२१-३५ ले त्यस्तो कुनै सीमा तोकेको छैन।

यो कुरा कठीन छ भन्ने चेलाहरूलाई लाग्यो। **“हामीहरूको विश्वास बढाइदिनुहोस्”** तिनीहरूले भने (लूक १७:५)। अर्को शब्दमा, “तपाईंले भर्खरै दिनुभएको चुनौतीलाई पूरा गर्न चाहिने विश्वास हामीलाई दिनुहोस्!” तिनीहरूको विश्वास कसरी बढाउने त्यसबारे येशूले तिनीहरूलाई बताउन सक्नुहुन्थ्यो (रोम १०:१७; हेर्नुहोस्: यूह १७:२०; २०:३१)। बरु, तिनीहरूले विश्वासको महत्त्व बुझेकामा उहाँले तिनीहरूको तारिफ गर्नुभयो—विश्वासको शक्तिको उदाहरण प्रयोग गरी (लूक १७:६)। यहाँ उल्लेख गरिएको **किम्बुको रूखलाई** गहिरो जरा भएको र उखाल्न कठिन हुने रूख मानिन्छ (लूक १७:६; सँग मत्ती १७:२० लाई तुलना गर्नुहोस्)।

---

[7]म्याकगर्भे एण्ड पेण्ड्लेटन (McGarvey and Pendleton), ५१७।

येशूले दिनुभएको सामान्य शिक्षाको अन्त्य एउटा चेतावनीसँगै भयो। यदि कसैले पाप र पापीहरूप्रति सँधै सही आचरण राख्न *सक्यो* भने के हुन्छ? के यसले परमेश्वरलाई (पापीहरूलाई न्याय गर्ने) उप्रति दायित्वदेही बनाउँछ? बनाउँदैन। आफ्ना "भलापन" द्वारा स्वर्गमा तिनीहरूका निम्ति ठाउँ सुनिश्चित गरेका छौं भन्ने विचार फरिसीहरूको थियो (लूक १८:९-१२ हेर्नुहोस्), तर तिनीहरूको सोचाई गलत थियो। मुख्य कुरालाई जोड दिन, काम गर्दा विशेष पहिचान नदिइएको एक जना नोकरको बारेमा ख्रीष्टले बताउनुभयो (लूक १७:७-९)। प्रभुको निष्कर्ष थियो, **"त्यसरी नै तिमीहरूलाई अह्राएका सबै काम पूरा गरेपछि तिमीहरूले पनि यसो भन: 'हामी नालायक दास हौं, हामीले त हाम्रो कर्तव्य मात्र पालन गरेका छौं'"** (लूक १७:१०)।

हामी कसैले पनि, "अह्राएका सबै काम" कहिल्यै गरेका छैनौं र कहिल्यै गर्नेछैनौं (हेर्नुहोस्: रोम ३:१०; भज १४३:२)। यदि हामीले गर्न सक्यौं भने पनि, हामी "नालायक दास" नै *रहन्छौं*। लूका १७:१० ले परमेश्वरको अनुग्रह र कृपाको आवश्यकताको बारेमा बताउँदछ।

थप अध्ययनको निम्ति: मृतकहरू कहाँ छन्?

"मृतकहरू कहाँ छन्?" भन्ने प्रश्न धेरैको निम्ति चाखलाग्दो प्रश्न हो। हामीले जान्न चाहाने कुराहरू धेरै छन्: मर्नेबित्तिकै हामी कहाँ जान्छौं, मरेका हाम्रा साथीहरू चेतनामा हुन्छन् कि हुँदैनन्, मरेकामा हामी विलाप गरेको कुरा हाम्रा प्रियजनहरूलाई थाहा हुन्छ कि हुँदैन, र त्यस्तै इत्यादि। यीमध्ये कतिपय प्रश्नहरूको उत्तर हामी दिन सक्दैनौं। अर्को जीवनको बारेमा हामीलाई थाहा नदिनु परमेश्वरको योजना नै हो।

निश्चय नै, मृत्यु पछिको जीवनको बारेमा हाम्रो ज्ञानलाई सीमित गर्नु परमेश्वरको दयालु योजना हो। हाम्रा मृतक प्रियजनहरू हाम्रै नजिक बसेर, हामीले भनेका र गरेका कुराहरूलाई हेरिरहेका हुन्छन् भने यो कुरा असजिलो हुनेथियो, होइन र? गलत रूपले नबुझ्नुहोस्: यस्तै *हुन्छ* भनी हामीलाई कतै भनिएको छैन—तर यदि *यस्तै हुने* भए, हामीलाई हेरिन्छ भन्ने कुरा जानेपछि हामीमध्ये धेरैलाई यो कुराले असजिलो महसुस गराउन सक्छ।

आधारभूतरूपमा, प्रभुले हामीलाई एक पटकमा एउटा मात्र संसारमा जिएको चाहानुहुन्छ। यदि उहाँले हामीलाई अर्को जीवनको विवरणको बारेमा अनावश्यक रूपमा झुण्डिरहन दिनुभयो भने यसले अवश्य नै यो जीवनको व्यवहारिक विषयहरूका निम्ति हामीलाई अयोग्य तुल्याउनेछ। आउन लागेको संसारको बारेमा केही विवरणहरू हामीलाई थाहा नदिनु पिताको इच्छा भएकोले, हामीले सन्तुष्ट भएर यसो भन्नै पर्छ "तपाईंको इच्छा पूरा होस्" (मत्ती २६:४२ हेर्नुहोस्)।

तैपनि, परमेश्वरले यस विषयमा के प्रकट *गर्नुभएको* छ त्यसलाई जान्न पाउनु हाम्रो अधिकार हो। "मृतकहरू कहाँ छन्?" भन्ने प्रश्नको बाइबलीय उत्तर पत्ता लगाउनको निम्ति हामी येशूले लूका १६:१९-३१ मा भन्नुभएको कथालाई अध्ययन गर्नेछौं।

यस खण्डबाट धेरै पाठहरूलाई अघि सार्न सकिन्छ, तर हामी एउटै प्रश्नको बारेमा विचार गर्नेछौं: मृतकहरूको अवस्थाको बारेमा यो खण्डले के सिकाउँछ?

तिनीहरू कहीं छन् र चेतनशील छन्

"मृतकहरू काहाँ छन्?" भन्ने प्रश्नको उत्तर स्वरूप कतिपयले भन्छन् "कहीं पनि

छैनन्।" यी मानिसहरूले मृत्युपछि जीवन हुँदैन भन्नेमा विश्वास गर्छन्। जीवन भनेको एकोहोरो बाटो हो र मृत्यु भएपछि यसको अन्त्य हुन्छ भन्ने मान्यता तिनीहरूको छ। तैपनि, यदि लूका १६ ले कुनै कुरा सिकाउँछ भने, यसले चिहानपछि मानिस जीवितै हुन्छ भन्ने कुरालाई सिकाउँछ।

जीवनभन्दा पछि अर्को जीवन छ भन्ने कुरामा विश्वास गर्नेहरूमध्ये कतिपयले मानिसको मृत्युपछि उसको अस्तित्व अन्त्य हुन्छ (परमेश्वरको समझमा मात्र "अस्तित्वमा हुन्छन्") भन्ने मान्छन्—र कुनै दिन "पुनरुत्थान हुनेछ" (वास्तवमा, पुन:सृष्टि गरिन्छ), र त्यही समयमा धर्मीहरूलाई अमर जीवन दिइनेछ र पापीहरूलाई भस्म गरिनेछ भन्ने मान्यता राख्छन्। धनी मानिस र लाजरसको अस्तित्व मृत्युपछि समाप्त भएन। दुवै जीवितै थिए र सचेत थिए।

उल्लेख गरिएका दुई सिद्धान्तहरूलाई सिकाउनेहरूसँगको बहसमा कहिलेकहीं "मृत्यु" भन्ने शब्दलाई सांकेतिक रूपमा प्रयोग गरिन्छ। तिनीहरू भन्छन्, "यदि मृत्युपछि आत्मा जीवित हुन्छ भने, त्यसलाई मृत्यु भएको मानिदैन।" उनीहरूको विचारमा, "मृत्यु" भनेको "अस्तित्वविहिन" हुनु हो, त्यस्तो परिभाषालाई निम्न खण्डहरूसँग समरूप गर्न कठिन हुन्छ:

- *रोमी ७:९।* पावलले भनेका छन्, "व्यवस्थाविना रहँदा एक पल्ट म जीवित थिएँ, तर आज्ञा आएपछि पाप जागिउठ्यो, र मचाहिँ मरें।" के यी प्रेरित अस्तित्वमा रहन छाड्यो?
- *कलस्सी ३:३।* उनले लेखेका छन्, "किनभने तिमीहरू मरेका छौ, र तिमीहरूको जीवन परमेश्वरमा ख्रीष्टसँग लुकाइएको छ।" के उनका पाठकहरू अस्तित्वविहिन भए?
- *१ तिमोथी ५:६।* उनले यो पनि भनेका छन्, एउटी महिला "सुख-विलासमा मस्त रहन्छिन् भनेता तिनी जीवित भएर पनि मरेकी तुल्य हुन्।" त्यस प्रकारको महिला लोप भएको हुँदैन।

आधारभूतरूपमा "मृत्यु" भन्ने शब्दको अर्थ "अलग" गर्नु भन्ने हुन्छ—अवस्था तथा परिस्थितिको अन्त्य—र यसले अस्तित्व हराउनु भन्नेलाई जनाउँदैन। जब हाम्रो पापले हामीलाई परमेश्वरबाट अलग गर्छ (यशै ५९:१, २) तब हामी परमेश्वरको निम्ति *मरेका* हुन्छौं (एफि २:१)। जब शरीरबाट आत्मा अलग हुन्छ हामी शारीरिक रूपमा *मर्छौं* (याकू २:२६)। परमेश्वरबाट अनन्तको निम्ति हामीलाई अलग गरिएपछि हाम्रो (२ थेस १:९) "दोस्रो *मृत्यु*" हुन्छ (प्रका २०:१४; जोड दिइएको छ)।

यहाँ उल्लेख गरिएका दृष्टिकोणहरूलाई नमान्नेहरूले, मानिसको प्राण वा आत्मा, अर्थात् अमर पक्षको अस्तित्वलाई मान्दैनन्। "प्राण भनेको हामीभित्र रहेको शारीरिक जीवन हो," भनी तिनीहरू भन्छन्। तिनीहरू यो कुरालाई जोड दिन्छन्, "आत्मा भनेको परमेश्वरले हामी प्रत्येकलाई दिनुभएको सास् मात्र हो।" ग्रीक भाषाबाट "प्राण" (ψυχή *सुके, psuchē*) भनी अनुवाद गरिएको शब्दको अर्थ सास्, अनुभवहरू रहने स्थान्, वा जीवित कुरा भन्ने पनि हुन्छ; तर यसले "शरीरभन्दा फरक तत्व, र मृत्युद्वारा नष्ट नहुने तत्व" भन्ने पनि बुझाउँछ।[8] त्यस्तै, "आत्मा" भनी अनुवाद गरिएको ग्रीक शब्द πνεῦμα,

[8]सी. जी. विल्के र विलिबाल्ड ग्रिम (C. G. Wilke and Wilibald Grimm), *अ ग्रीक-इङ्लिस लेक्सिकन अफ द न्यू टेस्टामेन्ट,* ट्रान्स्. एण्ड रिभ. जोसेफ एच. थेयर (Joseph H. Thayer) [एडिनबर्ग,

(*pneuvma*, *न्युमा*, *pneuma*) ले बतास्, सास्, वा शरीर सञ्चालन गराउने मुख्य तत्वलाई बुझाउँछ, तर यसले "एउटा आत्मा, ... एउटा साधारण मूलतत्त्व, सबै कुराको अथवा कम्तीमा घोरकुराको अनुपस्थिति, र जान्ने, इच्छा गर्ने, निर्णय गर्ने, र कार्य गर्ने शक्ति हुनु; ... शरीरबाट अलग गरिएको मानव प्राण" लाई पनि बुझाउँछ।[७]

मानिसको दुई वटा जीवन हुन्छ। शरीर मरेपछि, प्राण वा आत्मा जीवित रहिरहन्छ भन्ने कुरा धेरै खण्डहरूले सिकाउँछ। यहाँ केही नमूना खण्डहरू छन्:

> जमिनबाट आएको धूलो जमिनमै फर्कन अघि, तथा आत्मा दिनुहुने परमेश्वरकहाँ आत्मा जान अघि उहाँको नै सम्झना गर (उप १२:७)।
>
> उच्च सोरले कराएर येशूले भन्नुभयो, "हे पिता, म मेरो आत्मा तपाईंको हातमा सुम्पन्छु।" यति भनेर उहाँले आफ्नो प्राण त्यागिदिनुभयो (लूक २३:४६)।
>
> जसै तिनीहरूले स्तिफनसमाथि ढुङ्गा हानिरहेका थिए, तिनले प्रार्थना गरे, "हे प्रभु येशू, मेरो आत्मालाई ग्रहण गर्नुहोस्" (प्रे ७:५९)।
>
> यसकारण हामी हरेस खाँदैनौं। हाम्रो बाह्य मनुष्यत्व नाश हुँदैगए तापनि हाम्रो आत्मिक मनुष्यत्वचाहिँ दिनदिनै नयाँ हुँदैजान्छ।...
>
> किनभने हामी जान्दछौं, कि हामीले वास गरेको यो पार्थिव शरीर ढली गए तापनि स्वर्गमा अनन्तसम्म रहने परमेश्वरले दिनुभएको हाम्रो घर छ, जो हातले बनाइएको होइन।... यसकारण हामीलाई सम्पूर्ण भरोसा छ। हामी जान्दछौं, कि हामी जबसम्म शरीरमा रहन्छौं, तबसम्म प्रभुबाट अलग हुन्छौं ... हामीमा पूर्ण भरोसा छ, बरु शरीरबाट अलग भएर प्रभुसँग रहन हामी चाहन्छौं (२ कोर ४:१६—५:८)।

हामीले हाम्रा आत्माहरू कहाँबाट पाएका हुन्छौं? बाइबलले परमेश्वरलाई "आत्माका पिताको" भनी बताउँछ (हिब्रू १२:९)। परमप्रभुले "मानिसको आत्मा त्यसभित्र रच्नुहुन्छ" भनी जकरियाले भनेका थिए (जक १२:१)।

"मृतकहरू कहाँ छन्?" भन्ने प्रश्नमा हाम्रो पहिलो उत्तर छ, "तिनीहरू कहीं छन्, र सचेत छन्।" तैपनि, यस विषयमा बाइबलबाट धेरै कुरा सिक्नु छ।

तिनीहरूले नयाँ शरीरमा यो संसारमा पुर्नजन्म लिँदैनन्

पुनर्जन्मको सिद्धान्त भनेको मृतकहरूका आत्मा पृथ्वीमा नयाँ स्वरूप वा शरीरमा फर्किन्छन् भन्ने मान्यता हो। यो धेरैजसो पूर्वीय धर्महरूको आधारभूत सिद्धान्त हो। यो सिद्धान्त सिकाइने देशहरूमा गाई, बाँदर, वा सर्पलाई पवित्र मानिन्छ। यी जनावरहरू तिनीहरूका पितापुर्खाहरू पुर्नजन्म भएर आएका हुनसक्छन् भन्ने विश्वास तिनीहरूले गर्छन्। केही यहूदीहरूले पुर्नजन्मको बारेमा फरक धारणा राखेका छन् (मत्ती १६:१३, १४ हेर्नुहोस्) र, समय-समयमा यस्तो विचारले पश्चिमी देशहरूमा बहाली ल्याउने गरेको छ।

लूका १६ मा धनी मानिस र लाजरस पृथ्वीमा नयाँ रूपमा वा नयाँ शरीरमा फर्किएनन्। तिनीहरू उही व्यक्ति थिए, र वचनले बताए अनुसार तिनीहरूको अवस्था निर्धारण गरिएको थियो। २६ पदले भन्छ, "यी सबै कुराबाहेक यहाँबाट तँकहाँ पारि जान खोज्नेहरू

स्कटल्याण्ड: टि. एण्ड टि. क्लर्क, १९०१; रिप्रिन्ट; ग्राण्ड ज्यापिडस्, मिचिगन: बेकर बुक हाउस, १९७७], ६७७।

[७]इबिड. (Ibid.), ५२०।

जान नसकून् र त्यहाँबाट यहाँ हामीकहाँ वारि आउन पनि नसकून् भनेर हामीहरू र तिमीहरूका बीचमा एउटा अति गहिरो धाँदो छ।" वास्तवमा, तिनीहरू कोही पनि कुनै पनि रूपमा फर्कन सक्दैनन् भनी अब्राहमले सूचित गरेको छ।

साधारण सत्यता के हो भने पुर्नजन्मको सिद्धान्त बाइबलमा सिकाइएको *छैन*। केही आधारभूत बाबलीय सिद्धान्तहरूलाई ध्यान दिनुहोस्:

- *उपदेशक ३:२।* "मर्ने एउटा [एकवचन] समय" छ।
- *हिब्रू ९:२७।* "... मानिसको निम्ति *एक पटक* मर्नु निश्चित छ, र त्यसपछि इन्साफ" (जोड दिइएको छ)।
- *उपदेशक १२:७।* त्यसपछि "आत्मा दिनुहुने *परमेश्वरकहाँ* आत्मा जान" (जोड दिइएको छ)—अर्को शरीरमा होइन।
- *२ कोरिन्थी ५:१०।* "किनकि हामी सबै ख्रीष्टका न्याय-आसनको सामुन्ने खड़ा हुनुपर्छ, यसरी शरीरमा [एकवचन] हुँदा आफूले गरेबमोजिम हरेकले असल वा खराब प्रतिफल पाउनेछ।"

बाइबलले पुर्नजन्मको सिद्धान्तलाई सिकाउँदैन, त्यसैले यसलाई विश्वासद्वारा स्वीकार गर्न सकिँदैन (रोम १०:१७ हेर्नुहोस्)। लूका १६ ले त्यस्तो सिद्धान्त गलत हो भन्ने कुरालाई स्पष्ट गर्दछ।

तिनीहरू आफ्ना अन्तिम इनाममा सिधै गएका छैनन्

मानिसको मृत्यु भएपछि सिधै स्वर्ग वा नरक जान्छ भनी केहीले सोच्ने गर्छन्। धनी मानिस र लाजरस ती अन्तिम अवस्थामा पुगेनन्।

यदि मानिसहरू मरेकै दिन, तिनीहरूको अन्तिम इनाम र दण्डमा जाने भए, वृहत रूपमा हेर्दा, यसले न्यायको दिनको बारेमा बाइबलले सिकाउने शिक्षालाई बेकाम गराउँछ। धर्मी र पापी सबैलाई न्याय गरिने दिन आउनेछ भन्ने कुरालाई बाइबलले बताएको छ (मत्ती २५:३१, ३२; यूह १६:८; प्रे १७:३१; हिब्रू ६:२; ९:२७; हेर्नुहोस्: प्रे २४:२५)। यो न्यायले येशूको दोस्रो आगमनभन्दा पहिलेका मानिसहरूलाई पनि समावेश गर्छ (मत्ती १२:४१, ४२ हेर्नुहोस्)। पत्रुसले लेखेका छन्, "... भक्तिहीनहरूलाई [मृतक भक्तिहीनहरूका बारेमा बताउँदै] न्यायको दिनसम्म दण्डमा जकड़िराख्न प्रभु जान्नुहुन्छ" (२ पत्र २:९)। न्यायको दिनको बारेमा सामान्य बाइबलीय शिक्षा भनेको के हो भने, यो प्रभुको दोस्रो आगमन भएपछि हुनेछ र यो समयमा जीवित र मृतकहरू दुवै परमेश्वरको सामु उभिनेछ। न्यायको दिनमा ल्याइनको निम्ति मानिसहरूलाई स्वर्ग र नरकमा राखिन्छन् अनि न्यायको दिन समाप्त भएपछि तिनीहरूलाई त्यहीं पठाइनेछन् भन्ने देखिँदैन।

धर्मीहरू तुरुन्तै तिनीहरूका इनामको स्थानमा जान्छन् भन्ने जस्तो भाव दुई वटा खण्डहरूले देखाएको देखिन्छ: पावलले कोरिन्थीको मण्डलीलाई भन्यो, "शरीरबाट अलग भएर प्रभुसँग रहन हामी चाहन्छौं" (२ कोर ५:८)। फेरि, उनले फिलिप्पीका विश्वासीहरूलाई लेखेका छन्, "बिदा भएर ख्रीष्टको साथमा हुने इच्छा छ" (फिलि १:२३)। तैपनि, यी दुई पदको उद्देश्य भनेको मृतकहरूको अन्तिम अवस्थाको बारेमा सिकाउनु होइन, तर तयार भएका मानिसहरूका निम्ति मृत्यु भनेको विजय हो भन्ने कुरा सिकाउनु हो। मृतक धर्मीहरू "ख्रीष्टसँग", उहाँको प्रेमद्वारा घेरिएका हुनेछन् भन्ने देखिन्छ तर तिनीहरू सिधै स्वर्ग जान्छन् भन्ने होइन।

मृत्यु भएपछि पावल "प्रभुकहाँ" *गए* तर उनले अहिलेसम्म स्वर्गको मुकुट प्राप्त गरेका

छैनन्। पावलको धार्मिकताको बारेमा उनले लेखेका छन्, "अब उप्रान्त मेरो निम्ति धार्मिकताको मुकुट राखिएको छ, जो धार्मिकताका न्यायाधीश प्रभुले त्यस दिन मलाई दिनुहुनेछ, र मलाई मात्र होइन, तर उहाँको पुनरागमन प्रिय मान्नेहरू सबैलाई दिनुहुनेछ" (२ तिमो ४:८)। "त्यस दिन" भन्ने वाक्यलाई र उहाँको पुनरागमन प्रिय मान्नेहरू सबैलई त्यही "दिन" मुकुट दिनुहुनेछ भनी पावलले संकेत गरेको कुरालाई ध्यान दिनुहोस्। यहाँको प्रसंगमा, यो अवश्य नै न्यायको दिनको बारेमा बताइएको हो।

जसले अरूका निम्ति प्रेम प्रकट गर्छन् (लूक १४:१२, १३), पुनरुत्थानको दिन तिनीहरूले यसको "प्रतिफल पाउनेछन्" (लूक १४:१४), मृत्युको समयमा होइन भन्ने कुरा येशूले सिकाउनुभयो। यसको साथै, येशूले "अनि गएर मैले तिमीहरूका निम्ति ठाउँ तयार पारेपछि म फेरि आउनेछु, र तिमीहरूलाई मकहाँ लैजानेछु, र जहाँ म छु, त्यहाँ तिमीहरू पनि हुनेछौ" भनी भन्नुभयो र यी वचनमा उहाँले आफ्नो दोस्रो आगमनको बारेमा बताइरहनुभएको थियो (यूह १४:३)।

अहिलेसम्म, लूका १६ को कथालाई बताउने क्रममा मैले धेरै नकरात्मक पक्षलाई समेटें। मृतकहरू कहीं छैनन्, तिनीहरू फरक शरीरमा पृथ्वीमा छन्, र तिनीहरू पहिले नै स्वर्ग वा नरकमा छन् भन्ने विभिन्न विचारहरूलाई मैले इन्कार गरें। प्रश्न अझै रहिरहन्छ: "त्यसो भए मृतकहरू कहाँ *छन् त?*" लूका १६ को सकरात्मक पक्षलाई विचार गरौं।

तिनीहरू मध्यवर्ती अवस्थामा छन्, न्यायको दिनलाई पर्खिरहेका छन्

वर्षौंदेखि, सुसमाचारका प्रचारकहरूले लूका १६ मा वर्णन गरिएको पातल-संसारलाई दृष्टिगत गर्न विभिन्न प्रकारका चित्रहरू प्रयोग गर्दै आएका छन्। यस्ता चित्रहरूमा एउटा कमजोरी छ, किनकि यसले पाताल भौगोलिक स्थान हो भन्ने भ्रममा पार्छ, जुन गलत हो। पाताल भनेको स्थान होइन तर रहने एउटा अवस्था हो। तैपनि, कथामा चित्रण गरिएका फरक अवस्थाहरूलाई केन्द्रित गर्ने थप प्रभावकारी उपाया मलाई थाहा छैन। त्यसैले, लूका १६ मा उल्लेख गरिएको कुराहरूलाई प्रतिनिधित्व गर्ने एउटा चित्र प्रयोग गरौं।

चित्रको फरक भागहरूलाई हेर्नुहोस्। पहिले, सबैभन्दा माथि, शिर्षकलाई ध्यान दिनुहोस्: "पाताल (अदृश्य संसार)।" धनी मनिस "ले नजर उठाएर हेऱ्यो" "पातालमा" (नेपाली बाइबलले "हेड्स" को सट्टा "नरक" भन्छ) (लूक १६:२३)। बाइबलले मृतकको अवस्थालाई "पाताल" भनी बताएको छ। पाताल (ᾅδης, *हेइडिज्, Hadēs*) भन्ने ग्रीक शब्द पुरानो करारमा प्रयोग गरिएको गहिराइ वा चिहान [*Sheol, शियोल,* (שְׁאוֹל)] सँग मिल्दोजुल्दो छ। पातालको ठेड अर्थ "अदृश्य" भन्ने हुन्छ र यसले मृतकहरूको "अदृश्य [संसार]" भन्ने बुझाउँछ। थेयर (Thayer) ले लूका १६ मा प्रयोग गरिएको शब्दको परिभाषा यसरी दिएका छन्: "शरीरबाट मुक्त भएका आत्माहरू रहने स्थान।"[10] आज, "पाताल" शब्दलाई "नरक" भन्ने शब्दको मृदु भाषा (नराम्रोलाई राम्रो पार्न प्रयोग गर्नु) को रूपमा प्रयोग गरिन्छ तर नरक (γέεννα, *गेहेन्ना, gehenna*) भनेको मृतहरूको अनन्त अवस्था हो, तर (हामीले हेरेझैं) पाताल भनेको धर्मी र अधर्मी दुवै रहने मध्यवर्ती स्थान हो।

[10]इबिड. (Ibid.), ११।

पाताल

(अदृश्य संसार)



चित्रमा पाताल लोकको दुई फरक स्थान छन्। धनी मानिस एउटामा थियो; लाजरस अर्कोमा। यी दुई स्थानहरूलाई विभाजन गर्ने "गहिरो धाँदो" हो भन्ने तपाईंले देख्न सक्नुहुन्छ। हामी यी दुईलाई विस्तृत रूपमा हेर्नेछौं र यसको सुरुवात धनी मानिसको अवस्थाबाट गर्नेछौं। "*नरकमा कठोर कष्ट* भोगिरहेको बेला उसले नजर उठाएर हेऱ्यो" (लूक १६:२३क; जोड दिइएको छ)। धनी मानिस रहेको अवस्थालाई "कष्ट" भनी उल्लेख गरिएको छ।

"कष्ट" भन्ने शब्दको मुनि पातलको ज्वालामय भाग "टार्टारस" ("Tartarus") भन्ने शब्द देखिन्छ। यो शब्द २ पत्रुस २:४ बाट आएको हो र यो शब्दले धनी मानिसको जस्तै अवस्थालाई वर्णन गर्दछ: "स्वर्गदूतहरूले पाप गर्दा परमेश्वरले तिनीहरूलाई बाँकी राख्नुभएन, तर तिनीहरूलाई नरकमा फालिदिनुभयो, र न्यायका दिनसम्मको निम्ति पातालको अन्धकारमा जकड़िराख्नुभयो।" २ पत्रुस २:४ मा "नरक" भनी अनुवाद गरिएको शब्द *गेहेन्ना* (*gehenna*) होइन। गेहेन्नाले अनन्त दण्डलाई बुझाउँछ। तर यो शब्द ग्रीक शब्द τάρταρος (*टार्चरस्, tartaros*) बाट आएको हो। "तिनीहरूलाई नरकमा फालिदिनुभयो" भन्ने शब्द एउटै मात्र ग्रीक शब्दबाट अनुवाद गरिएको हो जसको अर्थ हुन्छ "[तिनीहरूलाई] टार्टारोसमा फालियो।" *टार्चरस्* भन्ने शब्दलाई ग्रीकहरूले "अधर्मीहरूलाई फालेर कष्ट दिने पातालको भाग" भन्ने बताउन प्रयोग गर्छन्।[11] न्यू इन्टरनेशनल संस्करण (NIV) ले, अनाज्ञाकारी स्वार्गदूतहरूलाई "न्यायको दिनसम्मको निम्ति भयानक अन्धकारमा राखियो।" याद गर्नुहोस्, "न्याय" भएको छैन, त्यसैले यो न्यायको दिनभन्दा पहिलेको मध्यवर्ती अवस्था हो। धनी मानिसलाई राखिएको अवस्थासँग यो अवस्था एउटै देखिन्छ, अथवा एउटै होइन भने पनि यो उस्तै देखिन्छ।

लाजरसको अवस्थामा फर्कौं। यस अवस्थालाई "अब्राहामको काख" भनी भनिएको

---

[11] *द एनालाइटिकल ग्रीक लेक्सिकन* (लण्डन: शामुएल ब्याग्स्टर एण्ड सन्स लिमिटेड, १९७१), ३९८

छ किनभने धनी मानिसले "टाढामा अब्राहाम र उनको [काखमा] साथमा लाजरसलाई देख्यो।" "कसैको काखमा बस्नु" भनेको धेरै नजिक र राम्रो भाइचाराको सम्बन्ध हुनु हो। लाजरस अवश्य नै सुखशान्तिमा थिए होलान्। धर्मीहरूले न्यायको दिनको निम्ति पर्खने अवस्था यस्तो छ।

"अब्राहामको काख" भन्ने शब्द मुनि मैले, "वा बैकुण्ड" ("paradise") भन्ने शब्द राखेको छु। यो नाम येशूको पाताल लोकको यात्राबाट आएको हो। क्रूसमा, उहाँले चोरलाई भन्नुभयो, "... आजै तिमी मसित [बैकुण्ठमा] स्वर्गलोकमा हुनेछौ" (नेपाली बाइबलमा 'स्वर्गलोक' शब्द प्रयोग गरिएको छ) (लूक २३:४३)। "बैकुण्ठ" ("paradise"), पर्सियन शब्द हो र यसको अर्थ "सुख-चैनको ठाउँ वा सुख-चैनको बगैंचा" हो।[12] हामीले "बैकुण्ठ" ("paradise") भनी प्रयोग गरेको शब्दलाई सेप्टुजेन्ट (Septugent) मा अदनको बगैंचालाई उल्लेख गर्न प्रयोग गरिएको छ। यो शब्दलाई बाइबलमा कहिलेकहीं स्वर्ग बुझाउनको निम्ति पनि प्रयोग गरिएको छ (प्रका २:७ हेर्नुहोस्)—तर यहाँ त्यो हुन सक्दैन, किनभने येशू केही समय बैकुण्ठमा बस्नुभएपछि, उहाँले भन्नुभएको थियो, "म अहिलेसम्म पिताकहाँ गएको छैनँ" (यूह २०:१७)। पेन्तिकोसको दिनमा पत्रुसले प्रचार गर्दा, येशूको शरीर चिहानमा थियो र उहाँको आत्मा "पातालमा" हुनुहुन्थ्यो भनी बताएका थिए (प्रे २:३१)। लूका २३:४३ र प्रेरित २:३१ लाई एकसाथ राख्दा, येशूको आत्मा पातालको "बैकुण्ठ" ("paradise") भन्ने भागमा हुनुहुन्थ्यो भन्ने निष्कर्ष निकाल्न सक्छौं। यो "बैकुण्ठ" ("paradise") भनेको "अब्राहामको काखमा" हुनु सरह हो भन्ने कुरालाई मानिलिनु न्यायोचित नै देखिन्छ। अर्को शब्दमा, यी दुवैले धर्मीहरूको मृत अवस्थालाई बुझाउँछ—न्यायलाई पर्खने अवस्था, तर शान्ति, खुशी र सुरक्षाले भरिएको अवस्था।

न्यायको दिनको निम्ति प्रतिक्षा गरिने दुई वटा अवस्थाको बारेमा टिपोट गरेपछि—एउटा शान्ति र सुरक्षाले भरिएको र अर्को कष्ट र वेदनाले भरिएको अवस्था—हामी यो प्रश्न गर्न सक्छौं: "तर, यदि धर्मीहरू पहिले नै खुशी छन् र अधर्मीहरू पहिले नै कष्टमा छन् भने, न्यायको दिनको औचित्य के हो?" (हामी ज-जसले मध्यवर्ती अवस्थालाई विश्वास गर्छौं, हामीले समाधान गर्नै पर्ने समस्या यही हो, तर धर्मीहरू मृत्युपछि तुरुन्तै स्वर्ग जान्छन् भन्ने विश्वास गर्नेहरूका निम्ति जत्तिको कठिन प्रश्न यो होइन।) एउटा उत्तर हुनसक्छ, न्यायको दिन दोषी र निर्दोष छुट्याउने दिन होइन तर यो सजायलाई अन्तिम गर्ने दिन हुनेछ—परमेश्वरको कृपा र न्यायलाई पूर्ण रूपमा प्रदर्शन गर्ने दिन।

तैपनि जब हामी "कष्ट" र "अब्राहामको काख" भनी कुरा गरिरहेका हुन्छौं, हामीले स्थानको बारेमा होइन तर रहने अवस्थाको बारेमा कुरा गरिरहेका हुन्छौं भन्ने कुरालाई बुझ्नु नै यसको अन्तिम उत्तर हो। अधर्मी आत्मा *जहाँ हुन्छ,* उसलाई अनन्त रूपमा फालिनेछ भन्ने कुरा जानेर न्यायको दिन पर्खिनु उसको निम्ति कठिन हुन्छ। धर्मी आत्मा *जहाँ हुन्छ,* न्यायको दिनमा उसलाई परमेश्वरले यसो भन्नुहुनेछ भन्ने कुरा उसलाई थाहा हुन्छ, "स्याबास, असल र विश्वासी नोकर" (मत्ती २५:२१क, २३क; किङ्ग जेम्स् संस्करण [KJV]), र प्रतिक्षा गर्ने क्रममा ऊ खुशी हुनेछ।

कसैले यो चित्रमा हेरेर प्रश्न गर्नसक्छ, "के यो पापशोधन स्थल (purgatory) को अवधारणाजस्तै छैन र?" अवश्य छैन। पापशोधन स्थल (purgatory) को पूर्ण अवधारणा बाइबलको निम्ति अपरिचित छ। यो शब्द समेत बाइबलमा पाइँदैन। "पापशोधन स्थल"

---

[12]थेयर (Thayer), ४८०।

("purgatory") (ल्याटिन शब्द "शुद्ध" बाट आएको) यो रोमन क्याथोलिक सिद्धान्त हो। अधर्मीहरू सिधै नरक जान्छन् भनी तिनीहरू सिकाउँछन्, तर "अनुग्रहको अवस्थामा" मरेका अनि पाप क्षमा नपाएकाहरू, पापशोधनको स्थलमा जान्छन् भन्नेमा तिनीहरू विश्वास गर्छन्। पापशोधनको उद्देश्य भनेको यातना वा कष्टद्वारा आत्माहरूलाई "शुद्ध" गर्नु हो। जीवितहरूलाई ती पापसोधनमा रहेकाहरूका निम्ति भेटी, प्रार्थना र दानदक्षिणा दिन उत्साह दिइन्छ—त्यो डरलाग्दो स्थानमा आफ्ना प्रियजनको बस्नुपर्ने समयलाई छोट्याउनका लागि। यो सिद्धान्तलाई रोमन क्याथोलिकहरूको निरन्तर आम्दानीको स्रोतको रूपमा मानिन्छ। पापशोधन स्थल सम्बन्धी शिक्षाको मुख्य भाव भनेको आत्मा तथा प्राण, पीडाको अवस्थाबाट (पापशोधन स्थल) परम आनन्द (स्वर्ग) मा जान सक्छ भन्ने हो। यसलाई अर्को शब्दमा भन्दा, मानिस मरेपछि "दोस्रो मौका" दिइन्छ भन्ने यो सिद्धान्तले सिकाउँछ। चित्रमा हेर्नुहोस् र "घहिरो धाँदो" लाई ध्यान दिनुहोस्। अब्राहामले धनी मानिसलाई भन्यो, "यहाँबाट तँकहाँ पारि जान खोज्नेहरू जान नसकून् र त्यहाँबाट यहाँ हामीकहाँ वारि आउन पनि नसकून् भनेर हामीहरू र तिमीहरूका बीचमा एउटा अति गहिरो धाँदो छ" (लूक १६:२६; जोड दिइएको छ)। मृत्युपछि "दोस्रो मौका" हुँदैन भन्ने कुरा बाइबलले सिकाउँछ:

- *प्रकाश २:१०।* यदि कुनै मानिस "*मृत्युसम्मै* विश्वासी" भयो भने परमप्रभुले उसलाई "जीवनको मुकुट दिनेछु" (जोड दिइएको छ)।
- *२ कोरिन्थी ५:१०।* "किनकि हामी सबै ख्रीष्टका न्याय-आसनको सामुन्ने खड़ा हुनुपर्छ, यसरी *शरीरमा हुँदा आफूले गरेबमोजिम* हरेकले असल वा खराब प्रतिफल पाउनेछ" (जोड दिइएको छ)—शारीरिक मृत्युपछि कसैले उसको लागि गरिदिएको कुरा अनुसार होइन।
- *यूहन्ना ८:२१।* यदि कुनै मानिस पापमा *मर्छ* भने, ऊ ख्रीष्ट भएको ठाउँमा जान सक्दैन।

निष्कर्ष

"मृतहरू कहाँ छन्?" भन्ने विषयमा परमेश्वरले हामीलाई प्रकट गर्नुभएका कुराहरू यति नै हुन् र हामी यसैद्वारा सन्तुष्ट हुनुपर्छ। स्वर्गमा हाम्रो अनन्तता बिताउनको निम्ति तयारी गर्नमा नै हाम्रो ध्यान केन्द्रित किन नगर्ने त।

थप अध्ययनको निम्ति:
के मरेका धार्मिक मानिसहरू सिधै स्वर्ग जान्छन्?

कोरिन्थीका विश्वासीहरूलाई लेखेको पत्रमा पावलले भनेका छन्, "हामीमा पूर्ण भरोसा छ, बरु शरीरबाट अलग भएर प्रभुसँग रहन हामी चाहन्छौं" (२ कोर ५:८)। फिलिप्पीका विश्वासीहरूलाई पठाएको पत्रमा उनले भनेका छन्, "म त दोधारमा परेको छु। बरु बिदा भएर ख्रीष्टको साथमा हुने इच्छा छ, किनभने यो धेरै नै असल छ" (फिलि १:२३)। के हामीले पनि पावलले यी दुई खण्डमा बताए अनुसार येशूको मृत्यु र पुनरुत्थानपछिका, धार्मिक व्यक्तिहरू मृत्युपछि सिधै स्वर्ग जान्छन् भन्ने कुरालाई लिने त? हुनसक्छ, हामीले यी खण्डलाई सांकेतिक भाषाको रूपमा लिनुपर्छ—हामीले आज प्रयोग गर्ने भाषा जस्तै।

यी दुई खण्डको उद्देश्य भनेको मृतकहरूको अवस्थाको बारेमा नयाँ सिद्धान्तलाई

परिचित गर्नु हो भनेर केही शिक्षक तथा प्रचारकहरूले विश्वास गर्छन्। तैपनि, यी खण्डहरूका सहयोगी भागलाई हेर्दा यस्तो देखिँदैन। यहाँ एउटा नमूना छ।

(१) येशू मर्नुभन्दा पहिले पाताललोकमा शैतानको शक्ति थियो भनी भनिन्छ। यसको प्रमाण खण्ड हिब्रू २:१४ हो, र यसले शैतानसँग "मृत्युको शक्ति" छ भनी बताउँछ। तैपनि, पाताललोकमाथि दुष्टको शक्ति भएको विषयमा पदले केही बताउँदैन। बरु, (मानव प्रतिनिधिद्वारा) मानिसहरूलाई मार्ने शक्ति शैतानसँग थियो (र छ) भन्ने कुरा यसले बताउँछ। त्यसले (शैतानले) शरीर मारेपछि, आत्माहरू जाने स्थानमाथि त्यसको कुनै शक्ति थिएन र छैन।

(२) जब येशूलाई बालजिबुलको शक्तिद्वारा भूतहरू धपाउँछ भन्ने दोष लगाइयो, उहाँको प्रतिक्रियाको भागको रूपमा उहाँले भन्नुभयो, "पहिले बलियो मानिसलाई नबाँधिकन, त्यसको घरभित्र पसेर कसले त्यसको धनमाल लिएर जान सक्छ? त्यस बलियो मानिसलाई बाँधेपछि मात्र त्यसको घर लुट्न सक्छ" (मत्ती १२:२९)। आफ्नो मृत्युपछि धर्मी मानिसहरूका आत्मालाई निकाल्न (शैतानको "सम्पत्ति") येशू पाताल लोकमा ("बलियो मानिसको घरमा") येशू पस्नुभएको कुरालाई यसले बुझाउँछ भन्ने दाबी गरिन्छ। काल्पनिक रूपले अर्थ लगाइएको यो कुरा प्रसंगसँग मिल्दैन। यो पदले मानिसहरूबाट दुष्ट आत्माहरूलाई निकालिएको बारे बताउँछ (मत्ती १२:२४-२९)।

(३) प्रयोग गरिने अर्को पद एफिसी ४:८ हो, यसले भजनसंग्रह ६८:१८ बाट वचन लिएको छ: "उहाँ उच्चमा चढ़िजानुहुँदा कैदलाई बन्दी बनाएर लानुभयो, र मानिसहरूलाई वरदानहरू दिनुभयो।" "बन्दी" भनेको मृतक धार्मिक जनहरू हुन् र तिनीहरूलाई पाताल लोकमा शैतानले बन्दी बनाएको थियो तर येशूको स्वर्ग आरोहण हुँदा पाताल लोकबाट निकालेर तिनीहरूलाई स्वर्गमा लानुभयो भन्ने कुरालाई कतिपयले जोड दिएका छन्। तैपनि, त्यस प्रकारको अर्थ दिने संकेत वा प्रसंग त्यस खण्डमा देखिँदैन। ठूलो विजयपछि राजा आफ्नो गृह सहरमा विजय-प्रवेश गरेको कुरालाई यो उदाहरणले देखाउँछ (२ कोर २:१४-१६ सँग तुलना गर्नुहोस्)। त्यस यात्रामा बन्दी बनाइएकाहरू, राजाले विजयी गरेका शत्रुहरू हुन्। क्रूसमा येशूले उहाँका शत्रुहरूलाई जित्नुभयो भन्ने कुरालाई यो पदले प्रभावशाली ढङ्गद्वारा प्रस्तुत गरेको छ। त्यसैले उहाँ मानिसहरूलाई "वरदान" दिन योग्य हुनुभयो। यस प्रसंगमा, यी वरदानहरू जीवित इसाईहरूमा वर्षाइएका आत्मिक वरदानहरू हुन् (एफि ४:७-१३)।

अन्तिम विश्लेषणमा, पहिले हामीले उल्लेख गरिएकै खण्डहरू मुख्य प्रमाण पदहरूका रूपमा रहेको देखिन्छ: २ कोरिन्थी ५:८ र फिलिप्पी १:२३। पावलले बताएको, मृत्युपछि "प्रभुसँग" र "ख्रीष्टसँग" भन्ने भनाइलाई मृतकको मध्यवर्ती अवस्थासँग हामीले मिलाउन सक्ने कुनै उपाया छ होला? *जीवितै हुँदा समेत* इसाईहरू "ख्रीष्टसँग" हुन्छन् भनी नयाँ करारले सिकाउँछ। उहाँको नाममा जहाँ दुई वा तीन जना भेला हुन्छन्, त्यहाँ उपस्थित हुनेछु भनी येशूले भन्नुभयो (मत्ती १८:२०)। उहाँले यस्तो प्रतिज्ञा गर्नुभयो, "म युगको अन्त्यसम्म सधैँ तिमीहरूका साथमा छु" (मत्ती २८:२०)। पावलले इसाईहरूका निम्ति जीवितै हुँदा समेत "प्रभु तिमीहरू सबैसँग रहून्" (२ थेस ३:१६ख) भनी प्रार्थना गरेका छन्। निश्चय नै, हाम्रो मृत्यु भएपछि प्रभु "हामीसँग" हुनुहुने कुराको अन्त्य हुँदैन। वास्तवमा, "[हामी] प्रभुमा मर्‍यौं" भने उहाँसँगको हाम्रो सम्बन्ध झनै नजिक र घनिष्ट हुनेछ भन्ने आशा हामीमा छ (प्रका १४:१३)।

शारीरिक रूपमा मरेका धर्मीहरू सिधै स्वर्ग जान्छन् भन्ने कुरालाई विश्वास गर्ने

धेरैले, अथवा सबैले लूका १६:१९-३१ ले क्रूसभन्दा *पहिलेको* मृतकहरूको अवस्थालाई जनाउँछ भन्नेमा विश्वास गर्छन्। यो कुरालाई ध्यानमा राख्दै, उपदेशक १२:७ मा हेर्नुहोस्, जहाँ सोलोमनले भनेका छन्, मृत्यु भएपछि "जमिनबाट आएको धूलो [भौतिक शरीर] जमिनमै फर्कन अघि, तथा आत्मा दिनुहुने परमेश्वरकहाँ आत्मा जान अघि उहाँको नै सम्झना गर।" यदि हामी २ कोरिन्थी ५:८ र फिलिप्पी १:२३ मा लागू हुने तर्कलाई प्रयोग गऱ्यौं भने, येशू क्रूसमा मर्नुभन्दा *पहिले* समेत शरीरबाट छुटेका आत्माहरू सिधै स्वर्ग (जहाँ परमेश्वर हुनुहुन्छ) मा गए भन्ने निष्कर्ष निकाल्नेछौं। तर, यदि हामी उपदेशक १२:७ मा सांकेतिक भाषा प्रयोग गरिएको हो भन्ने निष्कर्ष निकाल्छौं भने, २ कोरिन्थी ५:८ र फिलिप्पी १:२३ मा पनि त्यही किसिमको भाषा प्रयोग गरिएको हो, तसर्थ मृतकहरू सिधै स्वर्ग जाँदैनन् भन्ने निष्कर्ष हामी निकाल्न सक्दैनौं र?

धर्मीहरू मृत्युपछि सिधै स्वर्ग जान्छन् भन्ने मान्यताको सबैभन्दा नमिल्ने एउटा कुरा के हो भने यसले समग्रमा न्यायको दिन सम्बन्धी बाइबलीय शिक्षालाई अप्रमाणित गरिदिन्छ। यो समस्याबाट बच्न एक जनाले भनेको थियो, ख्रीष्टको दोस्रो आगमनपछि हुने न्यायको दिनको सट्टा प्रत्येक मानिसले मृत्युभएपछि तुरुन्तै आफ्नो "न्यायको दिन" सामना गर्नुपर्छ। न्यायको दिनको विस्तृत अध्ययनलाई प्रस्तुत नगरिकनै, यहाँ हेर्न सकिने केही खण्डहरू दिइएका छन्:

(१) बाइबलले "न्यायको दिन" (मत्ती १०:१५; ११:२२, २४; १२:३६; २ पत्र २:९; ३:७; १ यूह ४:१७) र "न्यायको ठूलो दिन" (यहू ६) को बारेमा बताएको छ। पावलले भनेका छन्, परमेश्वरले "एक दिन तोकिदिनुभएको छ, जुन दिन उहाँले आफूले नियुक्त गर्नुभएका एक जना व्यक्तिद्वारा धार्मिकतामा संसारको इन्साफ गर्नुहुनेछ" (प्रे १७:३१)। ख्रीष्टले यो विशेष दिनलाई "अन्त्यको दिन" भनी भन्नुभयो (यूह ६:३९, ४०, ४४, ५४; ११:२४; १२:४८)।

(२) ख्रीष्ट "सारा स्वर्गदूतहरूसँग आफ्नो महिमामा" आउनुभएपछि र (मत्ती २५:३१क) "आफ्नो महिमामय सिंहासनमा" बस्नुभएपछि न्यायको दिनको सुरुवात हुनेछ (मत्ती २५:३१ख)। धर्मी र अधर्मी मृतकहरू बौरी उठ्नेछन् (यूह ५:२८, २९; हेर्नुहोस्: प्रका २०:१३क)।

(३) सबै मानिस सिंहासनको अघि खडा हुनेछन् (प्रका २०:११, १२; हेर्नुहोस्: मत्ती २५:३२क), र सबैको न्याय हुनेछ (प्रका २०:१२, १३)। यसमा धर्मीहरू पनि समावेश हुन्छ। इसाईहरूलाई लेख्दै पावलले भनेका छन्, "किनभने हामी *सबै* परमेश्वरका न्याय-आसनको सामने खड़ा हुनेछौं" (रोम १४:१०; जोड दिइएको छ)। फेरि उनले लेखेका छन्, "किनकि हामी *सबै* ख्रीष्टका न्याय-आसनको सामुन्ने खड़ा हुनुपर्छ, यसरी शरीरमा हुँदा आफूले गरेबमोजिम हरेकले *असल वा खराब* प्रतिफल पाउनेछ" (२ कोर ५:१०; जोड दिइएको छ)।

(४) येशूले यो भन्नुभयो, जब न्यायको दिनमा मानिसहरू उहाँका सामने उभिनेछन्,

> ... जसरी गोठालाले भेड़ा र बाख्रालाई छुट्टयाउँछ, त्यसरी नै उसले तिनीहरूलाई एउटालाई अर्काबाट अलग गर्नेछ। उसले भेड़ाहरूलाई आफ्नो दाहिनेपट्टि, र बाख्राहरूलाई देब्रेपट्टि राख्नेछ। तब राजाले आफ्ना दाहिनेपट्टिकाहरूलाई भन्नुहुनेछ, "आओ, मेरा पिताका धन्यका हो! संसारको उत्पत्तिदेखि तिमीहरूका निम्ति तयार गरिएको राज्यलाई अधिकार गर।" ... त्यसपछि उनले देब्रेपट्टिका मानिसहरूलाई भन्नेछन्, "श्रापित मानिस हो! मबाट दूर होओ, र दियाबलस र त्यसका दूतहरूका लागि

तयार गरिएको अनन्तको आगोमा जाओ।" ... तब यिनीहरू अनन्त दण्डको भागी हुनेछन्, तर धर्मी जनहरू अनन्त जीवनमा प्रवेश गर्नेछन् (मत्ती २५:३२-४६; हेर्नुहोस्: प्रका २०:१५; २१:१-४)।

मृतकहरूको वर्तमान अवस्थाको बारेमा हामी सहमत नहुन सक्छौं, तर न्यायको ठूलो दिन हुनेछ भन्ने कुरामा हामी सबै अवश्य नै सहमत हुन सक्छौं। "यस पृथ्वीको जीवन त्यस चरम घटनाको निम्ति अघि बढिरहेको छ।"[13]

[13]डेभिड एल. रोपर (David L. Roper), *प्रकाश १२—२२*, ट्रुथ फर टुडे टिप्पणी, एड. एड्डी क्लोएर (Eddie Cloer) (सेर्सी, आर्क: रिसोर्स पब्लिकेसन्स्, २००२), ३५०।

खण्ड ४

सम्पूर्ण प्यालेष्टाइनमा

निम्न खण्डहरूको संयोजित अध्ययन

मत्ती १९:३—२०:३४

मर्कूस १०:१-५२

लूका १७:११—१९:२७

यूहन्ना ११:१-५४

अब हामी येशूको अन्तिम प्यालेष्टाइन यात्रालाई अध्ययन गर्नेछौं: उहाँ पेरियाबाट बेथानिया, बेथानियाबाट उजाड-स्थानमा, र उजाड-स्थानबाट सामरिया र गालीलमा यात्रा गर्नुभयो। अन्तमा, उहाँ आफ्नो क्रूसतर्फ यात्रालाई सुरु गर्नलाई यरूशलेममा जानुभयो। पृथ्वीमा आफ्नो समयको समाप्ती नजिकै आइरहेको कुरालाई ध्यानमा राख्दै, ख्रीष्टले आफ्नो शिक्षालाई तीब्र बनाउनुभयो। उहाँका धेरैजसो शिक्षाहरू चेलाहरूलाई लक्षित गरिएका थिए, र तीमध्ये धेरैजसो फरिसीहरूसँग सम्बन्धित थिए (हेर्नुहोस्: लूक १७:२०; १८:१०; यूह ११:४६)। यी सबै शिक्षाहरू कुनै न कुनै हिसाबले ठीक आचरणको महत्त्वसँग सम्बन्धित रहेका छन्। प्रभुलाई पछ्याउने पहिलो शताब्दीका मानिसहरूलाई आचरण परिवर्तनको आवश्यकता थियो—आज हामीलाई पनि यसको खाँचो छ।

बेथानियामा (यूह ११:१-५३)

लाजरसलाई जीवित पारिएको (यूह ११:१-४६)

१लाजरस नामको एक जना मानिस बिरामी भएका थिए। तिनी मरियम र उनकी दिदी
मार्थाको गाउँ बेथानियाका थिए। २प्रभुलाई अत्तर लाइदिएर उहाँका पाउ आफ्नो कपालले
पुछिदिने मरियम यी नै थिइन्। यिनकै भाइ लाजरस बिरामी थिए। ३यी दुई दिदीहरूले
येशूकहाँ यसो भनी समाचार पठाए, "प्रभु, जसलाई तपाईं माया गर्नुहुन्छ, तिनी बिरामी
छन्।" ४तर यो सुनेर येशूले भन्नुभयो, "यस बिरामीले मृत्युमा पुऱ्याउँदैन, तर यो
परमेश्वरको महिमाको निम्ति हो, ताकि यसद्वारा परमेश्वरका पुत्रको महिमा होस्।"
५येशूले मार्था, तिनकी बहिनी र लाजरसलाई माया गर्नुहुन्थ्यो, ६तापनि लाजरस बिरामी छन्
भन्ने सुनेर उहाँ जहाँ हुनुहुन्थ्यो, अझ दुई दिन त्यहीँ बस्नुभयो। ७त्यसपछि उहाँले
चेलाहरूलाई भन्नुभयो, "लौ, अब हामी फेरि यहूदिया फर्केर जाऔं।" ८चेलाहरूले
उहाँलाई भने, "रब्बी, भर्खरै मात्र यहूदीहरूले तपाईंलाई ढुङ्गाले हान्न खोजेथे, र के फेरि
तपाईं त्यहीँ जानुहुन्छ?" ९येशूले जवाफ दिनुभयो, "के दिनमा बाह्र घण्टा हुँदैनन् र? दिनमा
हिँड्डुल गर्नेलाई ठेस लाग्दैन, किनभने तिनले यस संसारको ज्योति देख्तछन्, १०तर राती
हिँड्डुल गर्नेलाई ठेस लाग्छ, किनभने त्यस मान्छेमा उज्यालो हुँदैन।" ११त्यसपछि उहाँले
तिनीहरूलाई भन्नुभयो, "हाम्रा मित्र लाजरस निद्रामा परेका छन्, तर तिनलाई निद्राबाट
बिउँझाउन म त्यहाँ जान्छु।" १२चेलाहरूले उहाँलाई भने, "प्रभु, तिनी निद्रामा परेका छन्
भने तिनी निको हुनेछन्।" १३येशूले तिनको मृत्युको विषयमा भन्नुभएको थियो, तर
तिनीहरूले चाहिँ स्वाभाविक निद्राको विषयमा भन्नुभएको हो भन्ठाने। १४येशूले
तिनीहरूलाई स्पष्ट भनिदिनुभयो, "लाजरस मरेका छन्। १५तिमीहरूले विश्वास गर भनेर
तिमीहरूका खातिर म त्यहाँ नभएकोमा खुसी छु। जे भए तापनि हामी तिनीकहाँ जाऔं।"
१६तब दिदुमस भनिने थोमाले आफ्ना सङ्गी-चेलाहरूलाई भने, "लौ, हामी पनि जाऔं, र
उहाँसँगै मरौं।" १७जब येशू आइपुग्नुभयो, तब लाजरसलाई चिहानमा राखेको चार दिन
भइसकेको थाहा पाउनुभयो। १८बेथानिया यरूशलेमदेखि नजिकै प्रायः तीन किलोमिटरको
दूरीमा थियो। १९धेरै यहूदीहरू मार्था र मरियमकहाँ तिनका भाइको विषयमा तिनीहरूलाई
सान्त्वना दिन आएका थिए। २०येशू आइरहनुभएको छ भन्ने सुनेर मार्था गइन् र उहाँलाई
भेटिन्। तर मरियम घरैमा बसिरहिन्। २१तब मार्थाले येशूलाई भनिन्, "प्रभु, तपाईं यहाँ
हुनुहुँदो हो त मेरो भाइ मर्नेथिएन। २२तर अब पनि म जान्दछु, तपाईंले परमेश्वरसँग जे
माग्नुहुन्छ, परमेश्वरले तपाईंलाई दिनुहुनेछ।" २३येशूले तिनलाई भन्नुभयो, "तिम्रो भाइ

फेरि जीवित हुनेछ।” [२४]मार्थाले उहाँलाई भनिन्, “म जान्दछु, कि त्यो अन्त्यका दिनको
पुनरुत्थानमा फेरि जीवित भई उठ्नेछ।” [२५]येशूले तिनलाई भन्नुभयो, “पुनरुत्थान र जीवन
म नै हुँ। मलाई विश्वास गर्ने मऱ्यो भने पनि जीवित हुनेछ। [२६]अनि जिउने र ममाथि विश्वास
गर्ने प्रत्येक कहिल्यै मर्नेछैन। के तिमी यो विश्वास गऱ्छ्यौ?” [२७]तिनले उहाँलाई भनिन्,
“हो प्रभु, म विश्वास गर्दछु, तपाईं संसारमा आउनुहुने ख्रीष्ट, परमेश्वरका पुत्र हुनुहुन्छ।”
[२८]यति भनेर तिनी गइहालिन्, र आफ्नी बहिनी मरियमलाई बोलाएर सुटुक्क भनिन्,
“गुरुज्यू आइपुग्नुभयो, र तिमीलाई बोलाउँदैहुनुहुन्छ।” [२९]यो सुनेर मरियम झट्टै उठेर
उहाँकहाँ गइन्। [३०]त्यस बेलासम्म येशू गाउँमा आइपुग्नुभएको थिएन, तर उहाँ त्यही ठाउँमा
हुनुहुन्थ्यो जहाँ मार्थाले उहाँलाई भेटेकी थिइन्। [३१]घरमा तिनलाई सान्त्वना दिन आएका
यहूदीहरूले मरियम झट्टै उठेर बाहिर गएकी देखेर, तिनी त्यो चिहानमा रुन गएकी हुन्
भन्ठानेर, तिनको पछि लागे। [३२]जब मरियम येशू हुनुभएको ठाउँमा आइन् र उहाँलाई
देखिन्, तब यसो भन्दै तिनी उहाँका पाउमा परिन्, “हे प्रभु, तपाईं यहाँ हुनुहुँदो हो त मेरो
भाइ मर्नेथिएन।” [३३]जब येशूले तिनलाई रोइरहेकी र तिनीसँग आउने यहूदीहरू पनि
रोइरहेका देख्नुभयो, तब उहाँ आत्मामा ज्यादै व्याकुल हुनुभयो अनि अति दुःखित हुनुभयो।
[३४]उहाँले तिनीहरूलाई सोध्नुभयो, “तिमीहरूले तिनलाई कहाँ राखेका छौ?” तिनीहरूले
उहाँलाई भने, “प्रभु, आएर हेर्नुहोस्।” [३५]येशू रुनुभयो। [३६]यसकारण यहूदीहरूले भने, “हेर,
उहाँले तिनलाई कति माया गर्नुहुन्थ्यो।” [३७]तर कुनै-कुनैले भने, “के अन्धाका आँखा
खोलिदिने यिनले यस मानिसलाई पनि मर्नदेखि बचाउन सक्नेथिएनन् र?” [३८]तब येशू फेरि
ज्यादै व्याकुल भएर चिहानमा जानुभयो। यो चिहान एउटा ओढ़ारमा थियो। त्यसको मुख
एउटा ढुङ्गोले ढाकेको थियो। [३९]येशूले भन्नुभयो, “ढुङ्गो हटाओ।” मृत मानिसको दिदी
मार्थाले उहाँलाई भनिन्, “हे प्रभु, यस बेलासम्म त त्यो गन्हाउन लागिसक्यो होला, किनकि
त्यो मरेको चार दिन भइसक्यो।” [४०]येशूले तिनलाई भन्नुभयो, “के मैले तिमीलाई भनेको
होइनँ, ‘तिमीले विश्वास गऱ्यौ भने परमेश्वरको महिमा देख्नेछौ’?” [४१]तिनीहरूले ढुङ्गो
हटाए। अनि येशूले मास्तिर नजर उठाएर भन्नुभयो, “हे पिता, म तपाईंलाई धन्यवाद दिन्छु,
किनकि तपाईंले मेरो बिन्ती सुन्नुभयो। [४२]मलाई थाहा छ, कि तपाईंले मेरो बिन्ती सधैं
सुन्नुहुन्छ। तर यहाँ उभिएका भीड़को खातिर मैले यो भनेको हुँ, ताकि तपाईंले मलाई
पठाउनुभएको हो भनी तिनीहरूले विश्वास गरून्।” [४३]अनि यो कुरा भन्नुभएपछि उहाँ
उच्च सोरले कराउनुभयो, “लाजरस, बाहिर निस्की आऊ।” [४४]त्यो मृत मानिस त्यसको
हात-खुट्टा पट्टीले बाँधिएकै र अनुहार लुगाले बेह्रिएकैमा बाहिर निस्की आयो। येशूले
तिनीहरूलाई भन्नुभयो, “त्यसको बन्धन खोलिदेओ, र त्यसलाई जान देओ।”
[४५]मरियमकहाँ आएका धेरै यहूदीहरूले येशूले गर्नुभएको काम देखेर उहाँमाथि विश्वास
गरे। [४६]तर तिनीहरूमध्ये कोहीचाहिँ फरिसीहरूकहाँ गए, र येशूले गर्नुभएका कामहरू
बताइदिए।

पेरियामा येशूको सेवकाईलाई बेथानियाबाट आएको अर्जेन्ट खबरले बिथोलिदियो (यूह ११:१)। यो स्थान यरूशलेम नजिकै अवस्थित थियो (यूह ११:१८)। ख्रीष्टका मित्रहरू मरियम र मार्थाले आफ्नो भाइ लाजरस बिरामी परेको खबर पठाएका थिए (यूह ११:३)। अचम्मको कुरा, त्यो खबर आएको तीन दिनपछि मात्र येशू त्यहाँ जानुभयो (यूह ११:६)। उदासीनताको कारण ढीलो भएको होइन भन्ने कुरालाई यूहन्नाले जोड दिएका छन्; ख्रीष्टले यस मानिस र उनका दिदीहरूलाई धेरै माया गर्नुहुन्थ्यो (यूह ११:५)। बेथानियामा येशू आइपुग्नुभन्दा पहिले लाजरस मरेको कुरा पक्का गर्नको निम्ति पनि

ढिलाइ गरिएको थिएन। अन्त्यमा, ख्रीष्ट बेथानिया पुग्नुहुँदा लाजरस मरेको पहिले नै चार दिन भइसकेको थियो भन्ने कुरालाई ध्यानमा राख्दा (यूह ११:१७, ३९), खबर प्राप्त गर्ने बित्तिकै उहाँ बाटो लाग्नुभएको भए तापनि, उहाँको मित्रको मृत्यु हुनुभन्दा पहिले उहाँ पुग्न सक्ने कुनै मानवीय तरीका थिएन भन्ने देखिन्छ। चार दीन भनेको चार दिन पूरै हो कि होइन (यूह ११:१७) अथवा दुई दिन ढीलो भनेको दुई दिन पूरै हो कि होइन (यूह ११:६) त्यसबारे हामी यसै भनी भन्न सक्दैनौं; तर लाजरसको मृत्यु हुनुभन्दा पहिले येशू पुग्न सक्ने सम्भावना थिएन।

यदि यी गन्ती पूरा दिनको गन्ती हुन् भने, र यदि येशू बेथानियाबाट एक दिन टाढा हुनुहुन्थ्यो भने, खबर ल्याउने मानिसहरू हिँडेको केही समयपछि लाजरसको मृत्यु भएको थियो। यदि येशू दुई दिन टाढा हुनुहुन्थ्यो भने, लगभग, खबर लाने मानिसहरू येशूकहाँ पुगेको समयमा लाजरसको मृत्यु भयो। यदि येशू तीन दिन टाढा हुनुहुन्थ्यो भने र खबर पाउनेबित्तिकै उहाँ बाटो लाग्नुभएको भए पनि, उहाँ बेथानियातर्फ जाँदै गर्नुहुँदाको समयमा लाजरसको मृत्यु हुने थियो। लाजरस *वास्तवमा* नै मरिसकेको ठानिएको कारण दुई दिनको पर्खाई भएको हुनसक्छ (यूह ११:३९)। यो बेहोस भएकोलाई होसमा ल्याइएको घटना होइन तर एउटा पुनरुत्थान गरिएको घटना थियो।

दुई दिनसम्म ढीलाइ गरिनुको कारण जेसुकै भए तापनि, परेमश्वरले उक्त दु:खद घटनालाई, येशू आफ्नो पुत्र हो भन्ने कुरा प्रमाणित गर्नको निम्ति प्रयोग गर्नुभयो भन्ने कुरामा कुनै शंका छैन (यूह ११:४, १५, ४२)। **तब** भन्ने शब्दलाई ध्यान दिनुहोस् (यूह ११:१६, २०, ३२, ३३, ४५)। यी वचनले घटनाहरूको श्रेणीलाई मात्र स्थापित गर्दैन, तर सबै कुरा घट्नुको एउटा कारण थियो भन्ने कुरालाई यसले जोड दिँदछ। यस घटनाद्वारा एउटा ईश्वरीय उद्देश्य पूरा भयो।

लाजरसको पुनरुत्थानलाई "ख्रीष्टको सेवकाइको चरम आश्चर्यकर्म" भनी भनिन्छ।[1] येशूले मरेकालाई जीवित पार्नुभएको दुई वटा घटनाहरूका बारेमा हामीले यसभन्दा अघि अध्ययन गरेका थियौं—नाइनको विधवाको छोरो (लूक ७:११-१७) र याइरसकी छोरी (मर्कू ५:२२-२४, ३५-४३)—तर लेखकहरूले ती घटनाहरूका बारेमा बताउने क्रममा साधारण शब्द प्रयोग गरेका छन्। लाजरसलाई जीवित पारिएको घटना र त्यसको परिणामको बारेमा एउटा सिङ्गे अध्यायमा बताइएको छ। यो पुनरुत्थान फरक थियो: यो घटना गालीलबाट धेरै टाढा घट्यो, तैपनि येशूका शत्रुहरूको घरपछाडि नै यो घटना घटेको थियो। यो कसैले इन्कारै गर्न नसक्ने आश्चर्यकर्म भयो (यूह ११:४७), अद्भुत पक्षहरूले भरिएको एउटा आश्चर्यकर्म (यूह १२:९), र येशूका शत्रुहरूमा समेत विश्वास पैदा गर्ने एउटा महान आश्चर्यकर्म भयो (यूह ११:४५; १२:११)। ख्रीष्टको गन्तव्यलाई मोहर लगाउने विशेष घटनाको रूपमा यो उभियो (यूह ११:४७-५३)।

खबर आएको दुई दिनपछि, येशूले यहूदिया फर्कने आफ्नो इच्छा रहेको कुरा सुनाउनुभयो (यूह ११:७)। उहाँका चेलाहरूले उहाँलाई त्यस स्थानमा ढुकेर पर्खिरहेको खतराको बारेमा याद दिलाए (यूह ११:८; हेर्नुहोस्: १०:३१, ३९)। आफ्नो गुरुलाई रोक्न नसकेपछि, आफ्नो मृत्युको निम्ति आफूहरू गइरहेको निश्चित हो भन्ने सोचे पनि तिनीहरूले उहाँसँग जाने निर्णय गरे (यूह ११:१६)। बोल्नेहरूमध्येका एक थिए थोमा।

---

[1]एडमन्ड पी. क्लाउनी, जूनियर (Edmund P. Clowney, Jr.), *द लाइफ अफ क्राइष्ट* (ग्रोभ सिटि, पि.ए.: भिजुवलस्, १९५३), ३१।

उनलाई "दिदुमस" भनेर पनि चिनिन्थ्यो, यसको अर्थ "जुम्ल्याह" हो, उसको जुम्ल्याहा दाजु वा भाइ रहेको कारणले उसलाई यो नाम दिइएको हुनसक्छ।

ख्रीष्ट बेथानियाको बाहिरी इलाकामा आइपुग्नुभएपछि (यूह ११:३०), उहाँलाई मार्थाले भटिन् (यूह ११:२०)। उहाँलाई भेटेपछि उनले बोलेका कुराहरूले, सामान्य रूपमा उहाँको शक्तिप्रति उनको विश्वास र निश्चित रूपमा उहाँको चंगाइ गर्ने शक्तिको अभिव्यक्तिलाई व्यक्त गरेको छ (यूह ११:२१, २२)। आफ्नो भाइलाई प्रभुले जीवित पार्नुहुन्छ भन्ने कुरा उनलाई थाहा थिएन भन्ने कुरा स्पष्टै छ (यूह ११:२४, ३९)। मार्था र येशूको कुराकानीमा दुई वटा अविस्मरणीय भनाइ समावेश छन्।

पहिलो भनाइ साहसिक दाबी हो: येशूले तिनलाई भन्नुभयो, **"पुनरुत्थान र जीवन म नै हुँ। मलाई विश्वास गर्ने मऱ्यो भने पनि जीवित हुनेछ। अनि जिउने र ममाथि विश्वास गर्ने प्रत्येक कहिल्यै मर्नेछैन ..."** (यूह ११:२५, २६)। प्रभुको महान "म" भन्ने भनाइमध्ये यो अर्को भनाइ हो। यदि येशू उहाँले दाबी गर्नुभएजस्तो: परमेश्वरको पुत्र हुनुहुन्नथ्यो भने यो भनाइ दुस्साहसको हद हुनेछ। यो भनाइद्वारा, ख्रीष्टले, उहाँमा विश्वास गर्ने जो-कोही जीवित हुनेछन् र आत्मिक रूपमा मर्नेछैनन् अनि अन्तिममा अनन्त जीवन प्राप्त गर्नेछन् भनी भनिरहनुभएको थियो।

दोस्रो हो, विश्वास गरेको पुष्टीकरण: तिनले उहाँलाई भनिन्, **"... म विश्वास गर्दछु, तपाईं संसारमा आउनुहुने ख्रीष्ट, परमेश्वरका पुत्र हुनुहुन्छ"** (यूह ११:२७)। मार्थाको तीन-तही स्वीकारले येशू को हुनुहुन्थ्यो भन्ने अचम्मको अन्तरदृष्टिलाई व्यक्त गरेको छ। यो स्वीकार, कैसरिया फिलिप्पी नजिकै पत्रुसले गरेको स्वीकारकै स्थानमा राखिन योग्य छ (मत्ती १६:१६)।

मार्था र येशूलाई मरियमले भेटेपछि, उहाँहरू र रोइरहेका भीड लाजरसलाई राखिएको चिहानमा जानुभयो। जब ख्रीष्टले आँसु बगेको देख्नुभयो, **उहाँ आत्मामा ज्यादै व्याकुल हुनुभयो अनि अति दुःखित हुनुभयो** (यूह ११:३३)। "ज्यादै व्याकुल हुनुभयो" र "दुःखित हुनुभयो" भनी अनुवाद गरिएको ग्रीक शब्दलाई, नयाँ करारमा येशूको क्रोधलाई उल्लेख गर्न नकरात्मक रूपमा प्रयोग गरिएको छ। परम्परा अनुसार गरिएको अनावश्यक बिलौना उहाँलाई मन परेन भन्ने विचार अघि सारिन्छ। संसारमा पाप आएको कारण मृत्यु र दुःख-पीरलाई देखेर उहाँ रिसाउनुभएको हुनसक्छ। तैपनि, आफ्ना मित्रहरू दुःखी भएका कारण उहाँ दुःखी हुनुभएको थियो भन्ने कुरालाई पनि खण्डले साधारण रूपमै संकेत गर्नसक्छ।

त्यसपछि हामीमध्ये धेरैको निम्ति परिचित शब्द आउँछ: **येशू रुनुभयो** (यूह ११:३५)। यो बाइबलको सबैभन्दा छोटो पद हो। यसको संक्षिप्तताको कारण, धेरैपटक, बालबालिकाले कण्ठ गर्ने सबैभन्दा पहिलो पद यही हुन्छ। आफ्नो मित्र गुमाउनुभएको कारण उहाँ रुनुभएको हो भनी उहाँका नजिक उभिनेहरूले विचार गरे (यूह ११:३६), तर यो सम्भाव छैन; केही क्षणपछि नै उहाँले लाजरससँग भेट गर्नुहुनेछ। उहाँका प्रिय मित्रहरू मरियम र मार्था रोइरहेको उहाँले देख्नुभएको कारण उहाँ रुनुभएको पनि हुनसक्छ; यस्तो हो भने सहानुभूतिको निम्ति उहाँले आँसु बहाउनुभएको हो। आज पनि हामीले उहाँलाई "हाम्रो दुर्बलतामा हामीसँग सहानुभूति" दिने व्यक्तिको रूपमा हेर्न सक्छौं (हिब्रू ४:१५)। येशू दुःखी हुनुभएको एउटा कारण, उहाँले लाजरसलाई धार्मिक मृत्युको आशिषित अवस्थाबाट (लूक १६:२३) दुःख र पापको संसारमा फर्काउन लाग्नुभएको थियो भन्ने समेत विचार रहेको पाइन्छ। लाजरसले पछि फेरि मृत्युको पीडा भोग्नु पऱ्यो।

ख्रीष्टले चिहानबाट ढुङ्गा निकाल्न लगाउनुभयो (यूह ११:३८, ३९)। परमेश्वरलाई

प्रार्थना गरिसक्नुभएपछि, **उहाँ उच्च सोरले कराउनुभयो, "लाजरस, बाहिर निस्की आऊ"** (यूह ११:४३)। जे. डब्ल्यू. म्याकगर्भे (J. W. McGarvey) ले लेखेका छन्, "उहाँले लाजरसलाई नाम काडेर बोलाउनुभयो, अन्यथा सबै मृतकहरू उठ्नेथिए।"[2] लाजरस **हात-खुट्टा पट्टीले बाँधिएकै र अनुहार लुगाले बेह्रिएकैमा बाहिर निस्की आउँदा**, भीडले अचम्म मानेका, अनि मरियम र मार्था खुशी भएको कल्पना गर्नुहोस् (यूह ११:४४)।

यो उल्लेखनीय घटनालाई देख्नेहरूमा ती मानिसहरू पनि थिए जसलाई यूहन्नाले **यहूदीहरू** भनी परिचित गरेका छन् (यूह ११:१९, ३१, ३३)। विवरणको यो भागमा, यूहन्नाले यहूदी अगुवाहरूलाई उल्लेख गर्न सामान्य रूपमा यस वाक्यलाई प्रयोग गरेका छन्, र यहाँ पनि त्यही कुरा लागू भएको देखिन्छ। त्यस्ता व्यक्तिहरू मरियम र मार्थासँग विलाप गर्न बेथानियासम्म यात्रा गरेको कुराले, समाजमा यो परिवारको स्थान उच्च थियो भन्ने कुरालाई संकेत गर्छ। लाजरसलाई जीवित पारिएको घटनाले त्यस क्षेत्रमा पार्ने प्रभावलाई यो कुराले बढाउँछ (यूह १२:९-११)।

"यी यहूदीहरू" जोसुकै भए तापनि, तिनीहरूमध्ये केही इमान्दार हृदय भएकाहरू थिए र यो उल्लेखनीय आश्चर्यकर्मद्वारा प्रभावित भई उनीहरूले विश्वास गरे (यूह ११:४५)। तिनीहरूमध्येका अरू यरूशलेम फर्के र फरिसीहरूकहाँ गए र **येशूले गर्नुभएका कामहरू बताइदिए** (यूह ११:४६)।

महासभाको उर्दी (यूह ११:४७-५३)

४७तब मुख्य पूजाहारीहरू र फरिसीहरूले महासभाका सदस्यहरूलाई बोलाए र तिनलाई भने, "अब हामी के गरौं? किनभने यस मानिसले त धेरै चिन्हहरू गरिरहेछ। ४८यसलाई यसै छोडिदियौं भने सबैले यसमाथि विश्वास गर्नेछन् र रोमीहरूले आएर हाम्रो पवित्रस्थान र हाम्रो जाति दुवैलाई नष्ट पार्नेछन्।" ४९तर तिनीहरूमध्ये एक जना, कैयाफा, जो त्यस वर्षका प्रधान पूजाहारी थिए, उनले तिनीहरूलाई भने, "तिमीहरू केही पनि जान्दैनौ! ५०समस्त राष्ट्र नष्ट हुनुभन्दा बरु जनताको निम्ति एक जना मानिस मर्नुमा नै तिमीहरूको कल्याण छ भनी तिमीहरू बुझ्दैनौ।" ५१यो तिनले आफ्नै तर्फबाट भनेका थिएनन्, तर त्यस वर्षका प्रधान पूजाहारी भएका हुनाले राष्ट्रको निम्ति येशू मर्नुपर्छ भन्ने अगमवाणी बोलेका हुन्। ५२राष्ट्रको निम्ति मात्र तिनले यो भनेका थिएनन्, तर छरपष्ट भएका परमेश्वरका सन्तानलाई एकसाथ जम्मा गर्नलाई यो भनिएको थियो। ५३यसैले त्यस दिनदेखि तिनीहरूले उहाँलाई मार्ने मतो गरे।

महासभाको एउटा विशेष बैठक बोलाइयो (यूह ११:४७)। ख्रीष्टले केही समय पहिले "मृतकहरूबाट कोही जीवित भए पनि तिनीहरूले विश्वास गर्नेछैनन्" भनी भन्नुभएको थियो (लूक १६:३१)। लाजरसलाई मृत्युवाट जीवित गरिएको कुराले कठोर हृदय भएका अगुवाहरूमा विश्वास पैदा गरेन, तर तिनीहरू आतंकित भए।

आश्चर्यकर्म भएको थियो कि थिएन अथवा येशूले आफ्नो बारेमा दाबी गर्नुभएजस्तो व्यक्ति उहाँ हुनुहुन्छ कि हुनुहुन्न भन्ने कुरा पत्ता लगाउनु समितिको चासोको विषय थिएन। मृतकलाई जीवित पारिएको लगायत येशूले आश्चर्यकर्महरू गर्नुभएको कुरालाई

---

[2]जे. डब्ल्यू. म्याकगर्भे एण्ड फिलिप वाइ. पेण्ड्लेटन (J. W. McGarvey and Philip Y. Pendleton), *द फोरफोल्ड अफ गोस्पल अर हार्मनी अफ फोर गोस्पलस्* (सिन्सिनाटी:स्टचाण्डर्ड पब्लिसिङ को., १९१४), ५२६।

तिनीहरूले इन्कार गरेनन् (यूह ११:४७)। तिनीहरूको चिन्ताको विषय भनेको तिनीहरूको जागिर र प्रतिष्ठित पद थियो (यूह ११:४८ हेर्नुहोस्)। उनीहरूका विचारमा, येशूलाई चाँडै रोकिएन भने, देशभरि उत्पात मचिन्थ्यो। यसको परिणामस्वरूप रोमीहरूले राज्यमा थप कडा नियम लगाउन सक्थ्यो—र, त्यसो भएमा, तिनीहरूले आफ्नो शक्तिको पदलाई गुमाउनेथियो।

तिनीहरूले आफ्ना समस्याको एउटै समाधान देखे: येशू मारिनुपर्थ्यो। मुख्य पूजाहारी कैयाफाले समितिलाई भन्यो, **"समस्त राष्ट्र नष्ट हुनुभन्दा बरु जनताको निम्ति एक जना मानिस मर्नुमा नै तिमीहरूको कल्याण छ ..."** (यूह ११:५०)। कैयाफाको अभिप्राय, रोमीहरूको अधिनमा सुविधाप्राप्त यहूदीहरूले प्राप्त गरेको अधिकारलाई कायम राख्नको निम्ति येशूलाई मारिनुनै पर्थ्यो भन्ने थियो। तैपनि, कैयाफाको प्रधान पूजाहारी भएको कारण परमेश्वरले उनको वचनलाई फरक कुराको आवाज दिन प्रयोग गरिरहनुभएको थियो भन्ने कुरा यूहन्नाले अवलोकन गरेका छन्। "थाहा नपाई मुख्य पूजाहारीले इस्राएल र सम्पूर्ण अन्यजातिहरूका सट्टामा ख्रीष्टको मृत्युबारे बताइरहेको थियो ...।"[3]

४९ पदले भने अनुसार **त्यस वर्ष** कैयाफा प्रधान पूजाहारी थिए। यसको अर्थ उनी "त्यही वर्षका मात्र" पूजाहारी भन्ने होइन, किनभने उनले त्यस शक्तिको पदमा इ.सं. १८ देखि ३६ सम्म सेवा गरे, तर यसको अर्थ, "त्यस *निश्चित* वर्षमा" (अर्को शब्दमा, येशूलाई मारिएको वर्ष) भन्ने हुन्छ।

यसैले त्यस दिनदेखि तिनीहरूले उहाँलाई मार्ने मतो गरे (यूह ११:५३; हेर्नुहोस्: ११:५७)। केही समयदेखि, मानिसहरूले येशूलाई मार्न चाहेका थिए (यूह ५:१८; ७:१ हेर्नुहोस्), तर यो घटना फरक थियो। अघिल्ला आक्रमणहरू कहिलेकहीं मात्र हुने आक्रमण थिए; तर यस पटक ख्रीष्टका शत्रुहरूले उहाँको मृत्यु नभइन्जेलसम्म नछाड्ने संकल्प गरेका थिए। येशूलाई मार्ने अघिल्ला प्रयासहरू व्यक्तिगत र अनाधिकारिक थिए; यसपछिको प्रयास समितिको अगुवाहरूको मातहतमा भयो।

तैपनि, सबैभन्दा महत्त्वपूर्ण फरक यी होइनन्। यसभन्दा पहिले, ख्रीष्टलाई नष्ट गर्नका निम्ति फरिसीहरूले मुख्य अगुवाइ गरेका थिए (मर्कू ३:६), तर महासभामा सदुकीहरूको प्रभुत्व रहेको थियो। सदुकीहरूले पुनरुत्थानमा विश्वास गर्दैनथे (मत्ती २२:२३) र शायद लाजरसलाई जीवित पारिएको घटनाद्वारा तिनीहरूलाई विशेष गरी क्रोधित तुल्याएको थियो। यो समयदेखि उसो, येशूको मृत्युको योजना बनाउने काममा सदुकीहरूले मुख्य भूमिका खेल्नेछन्। फरिसीहरूले जे गर्न असमर्थ थिए, त्यो कुरा गर्नलाई तिनीहरूसँग राजनैतिक शक्ति र सम्बन्ध थियो।

प्यालेष्टाइनमा अन्तिम यात्रा (लूक १७:११ख; यूह ११:५४)

एफ्राइममा फिर्ता (यूह ११:५४)

५४यसैकारण येशू फेरि यहूदीहरूका बीचमा खुल्लमखुल्ला हिँड्डुल गर्नुभएन, तर त्यहाँबाट उजाड-स्थानको नजिकमा रहेको एफ्राइम भन्ने सहरमा जानुभयो, र त्यहाँ

---

[3]रोबर्ट एल. थोमस (Robert L. Thomas) एड., एण्ड स्टान्ली एन. गण्ड्री (Stanley N. Gundry), एसो. एड., *अ हार्मनी अफ गोस्पल* (सिकागो: मुडी प्रेस, १९७८), १६१।

चेलाहरूसँग बस्नुभयो।

फेरि, येशू यरूशलेमको आसपासको इलाकालाई त्यागेर जानुभयो। उहाँ र उहाँका चेलाहरू यहूदियाको उजाड-स्थान नजिकै पर्ने **एफ्राइममा** फर्कनुभयो (यूह ११:५४)। धेरै लेखकहरूका विचारमा, यो सहर यर्दन नदीको बेंसीमा पर्ने उजाड भूभागको नजिकै यहूदियाको उत्तरपूर्वी क्षेत्रमा पर्थ्यो।

सामरिया र गालीलमा (लूक १७:११ख)

... उहाँ सामरिया र गालीलको सिमाना भएर जानुभयो।

येशू एफ्राइम सहरमा कति समयसम्म रहनुभयो त्यसको बारेमा हामीलाई थाहा छैन। केही समयपछि, उहाँ र उहाँका प्रेरितहरूले अझै उत्तरतर्फको यात्रा गर्नुभयो। लूकाका अनुसार, येशू यरूशलेमतिर जाँदैहुनुहुन्थ्यो। यस यात्रामा **उहाँ सामरिया र गालीलको सिमाना भएर जानुभयो** (लूक १७:११)। यसलाई "उहाँ सामरिया र गालीलको बीचबाट जानुभयो" भनी अनुवाद गर्न सकिन्छ। यसको अर्थ, येशू सामरिया र गालीलबाट यात्रा गर्नुभयो कि अथवा उहाँ यी दुई प्रान्तको सिमानामा मात्र पुग्नुभयो (हुनसक्छ, पेरियाबाट) भन्नेमा विद्वानहरू निश्चित छैनन्। उहाँ सामरिया र गालीलमा भएका चेलाहरूलाई उत्साह दिनका लागि तिनीहरूलाई भेट्न जानुभएको हुनसक्छ।

यरूशलेममा अन्तिम यात्रा (मत्ती १९:१—२०:३४; मर्कू १०:१-५२; लूक १७:११—१९:२७)

अन्तमा, निस्तार-चाड नजिकै आइरहेको कारण, तिर्थयात्रीहरू यरूशलेमतर्फ यात्रा गर्न थाले (यूह ११:५५)। ख्रीष्ट र उहाँका बाह्र चेलाहरू पनि तिर्थयात्रीहरूसँगै यर्दन नदीको पूर्वी किनारै-किनार यात्रा गर्नुभएको हुनसक्छ (लूक १७:११क)। यात्रा गर्ने क्रममा उहाँलाई भीडले पछ्याए। शायद गालीलमा उहाँलाई सेवा गर्ने केही महिलाहरू पनि भीडसँग यात्रा गरिरहेका थिए (हेर्नुहोस्: मत्ती २७:५५; मर्कू १५:४१)। चाडको यो यात्रामा, "उहाँका भाइहरूले उहाँलाई पहिले सल्लाह दिएझैं ... [यूह ७:१-६], उहाँका आफ्नै लावालश्करका साथ उहाँ एक राजाको रूपमा जानुभयो।"[4] अन्तिम यरूशलेम यात्राको अवधिमा येशूको शिक्षा र कामहरूका बारेमा केही विवरणहरू दिइएका छन्।

दश कुष्ठ रोगीहरू निको भएका (लूक १७:१२-१९)

[१२]उहाँ एउटा गाउँमा पस्नुहुँदा दश जना कुष्ठरोगीसँग उहाँको भेट भयो। टाढै उभिएर तिनीहरूले [१३]चर्को सोरले भने, "हे येशू गुरुज्यू, हामीमाथि कृपा गर्नुहोस्।" [१४]उहाँले तिनीहरूलाई देखेर भन्नुभयो, "जाओ, गएर पूजाहारीकहाँ आफैलाई देखाओ।" तिनीहरू जाँदाजाँदै निको भइहाले। [१५]तिनीहरूमध्ये एक जनाले आफू निको भएको देख्यो, र उच्च सोरले परमेश्वरको महिमा गर्दै त्यो फर्क्यो, [१६]र येशूलाई धन्यवाद दिएर त्यो येशूका पाउमा घोप्टो पऱ्यो। त्यो एक सामरी थियो। [१७]येशूले भन्नुभयो, "के निको भएका दश जना होइनन् र? अरू नौ जना कहाँ छन्? [१८]के यो विदेशीबाहेक फर्किआएर परमेश्वरको प्रशंसा गर्ने

---

[4]रोबर्ट डंकन कल्भर (Robert Duncan Culver), *द लाइफ अफ क्राइष्ट* (ग्राण्ड ऱ्यापिडस्, मिचिगन: बेकर बुक हाउस, १९७६), १९६।

अरू कोही भएन?” [१९]अनि उहाँले त्यसलाई भन्नुभयो, “उठ, र आफ्नो बाटो लाग। तिम्रो विश्वासले तिमीलाई निको पारेको छ।”

यरूशलेम यात्राको अवधिमा घटेको यो घटना गालील र सामरियाको सीमानापारि, पेरियाको उत्तरी भागमा घटेको थियो भन्ने स्पष्ट छ (लूक १७:११ख)। एउटा कुनै गाउँमा, येशूले दश कुष्ठरोगीलाई भेट्नुभयो (लूक १७:१२, १३)। एक जना सामरी थिए (लूक १७:१६); अरू अवश्य नै यहूदीहरू रहेको हुनुपर्छ। उपचार गर्न नसकिने रोगले जातीय भेदभावको पर्खाललाई ढालेको थियो (लूक ४:९)।

ख्रीष्टले दश मानिसलाई निको पार्नुभएपछि (लूक १७:१४), सामरी मात्र आफ्नो आभारी व्यक्त गर्नलाई उहाँकहाँ फर्केर आए (लूक १७:१५, १६)। आफूले प्राप्त गरेको आशिषप्रति आभारी भई परमेश्वरलाई महिमा नदिने जो-कोहीप्रति प्रभुको प्रतिक्रिया कस्तो हुन्छ त्यस कुरालाई उहाँको यस प्रतिक्रियाले देखाउँछ: **“के निको भएका दश जना होइनन् र? अरू नौ जना कहाँ छन्?”** (लूक १७:१७)। हामी सबैलाई “धन्यवादसहित स्थिर” को आवश्यकता पर्छ भनी पावलले भनेका छन् (कल ४:२)।

राज्यको विषयमा शिक्षा (लूक १७:२०-३७)

[२०]परमेश्वरको राज्य कहिले आउँछ भन्ने फरिसीहरूको प्रश्नको जवाफमा उहाँले तिनीहरूलाई भन्नुभयो, “परमेश्वरको राज्य देखिने गरी आउँदैन, [२१]न त मानिसहरूले भन्नेछन्, ‘हेर, यहाँ छ!’ अथवा ‘त्यहाँ छ!’ किनभने हेर, परमेश्वरको राज्य तिमीहरूकै बीचमा छ।” [२२]उहाँले चेलाहरूलाई भन्नुभयो, “ती दिन आउनेछन्, जब तिमीहरू मानिसको पुत्रको कुनै एक दिन हेर्ने इच्छा गर्नेछौ, तर तिमीहरूले देख्नेछैनौ। [२३]मानिसहरूले तिमीहरूलाई भन्नेछन्, ‘हेर, ऊ त्यहाँ छ!’ अथवा ‘हेर, ऊ यहाँ छ।’ तर नजाओ, र तिनीहरूका पछि नलाग। [२४]किनकि जसरी बिजुली चम्कँदा आकाशको एक छेउदेखि अर्को छेउसम्म उज्यालो पार्छ, मानिसको पुत्र पनि आफ्नो दिनमा त्यस्तै हुनेछ। [२५]तर पहिले उसले धेरै कष्ट सहनुपर्छ र यस पुस्ताबाट बहिष्कृत हुनुपर्छ। [२६]नोआको दिनमा जस्तो भएको थियो, मानिसको पुत्रको दिनमा पनि त्यस्तै हुनेछ। [२७]नोआ जहाजभित्र प्रवेश नहोउञ्जेल मानिसहरू खाँदैथिए, पिउँदैथिए, विवाहबारी गर्दैथिए। र जलप्रलय आयो, र सबैलाई नष्ट पाऱ्यो। [२८]लोतका दिनमा पनि त्यस्तै भएको थियो, मानिसहरू खाँदैथिए, पिउँदैथिए, किनबेच गर्दैथिए, रोप्दैथिए, बनाउँदैथिए, [२९]तर जुन दिन लोत सदोमबाट निस्के, आकाशबाट आगो र गन्धक बर्सेर तिनीहरू सबैलाई नष्ट पाऱ्यो। [३०]मानिसको पुत्र प्रकट हुने दिनमा यस्तै हुनेछ। [३१]त्यस दिन जो घरको कौसीमाथि छ, त्यसको मालसामान घरभित्र छ भने ती लिनलाई त्यो तल नझरोस्। त्यसरी नै खेतमा हुने पनि फर्केर नआओस्। [३२]लोतकी पत्नीलाई याद गर! [३३]जसले आफ्नो प्राण बचाउन खोज्दछ, त्यसले सो गुमाउनेछ, र जसले आफ्नो प्राण गुमाउँछ, त्यसले त्यो सुरक्षित राख्नेछ। [३४]म तिमीहरूलाई भन्दछु, त्यस रात दुई जना एउटै ओछ्यानमा हुनेछन्। एक जना लगिनेछ र अर्को छोडिनेछ। [३५]दुई जना स्त्री एकैसाथ जाँतो पिँधिरहेका हुनेछन्। एउटी लगिनेछे, अर्की छोडिनेछे। [३६][दुई जना मानिस खेतमा हुनेछन्, एक जना लगिनेछ, अर्कोचाहिँ छोडिनेछ।”] [३७]अनि तिनीहरूले उहाँलाई सोधे, “कहाँ प्रभु?” उहाँले तिनीहरूलाई भन्नुभयो, “जहाँ सिनु छ, गिद्धहरू त्यहाँ भेला हुन्छन्।”

भीडसँगै यात्रा गर्नेहरूमा येशूलाई जहिल्यै पछ्याइहिँड्ने आलोचकहरू पनि थिए,

अर्थात्, फरिसीहरू। **परमेश्वरको राज्य कहिले आउनेछ** भनी तिनीहरूले उहाँलाई सोधे (लूक १७:२०क)। उहाँलाई बदनाम गर्ने तिनीहरूको निरन्तर प्रयासको भागको रूपमा, खिल्ली उडाउने हिसाबमा तिनीहरूले यसो भनेका थिए (लूक ११:५४)। यत्राको क्रममा तिनीहरूमा उठेको अपेक्षाका कारण तिनीहरूको यो प्रश्न निष्कपट रहेको हुनसक्छ—तर यो सम्भव छैन। तिनीहरूले यी शब्दहरूद्वारा येशूलाई हेलासाथ इख्याउन खोजेको हामी कल्पना गर्न सक्छौं: "तैंले आफ्नो सेवकाइ सुरु गर्दा, राज्य 'नजिकै छ' भनी भनेको थिइस् [मत्ती ३:२]। तीन वर्ष बितिसक्यो, तर यसको कुनै लक्षण देखिएको छैन। त्यसैले भन्, *यो* कहिले देखा पर्नेछ?" अरू यहूदीहरूजस्तै, तिनीहरूले पनि, धुमधाम र हलचलको साथामा आउने भौतिक राज्यको बारेमा विचार गरेका थिए।

उल्लेखनीय धैर्यतालाई प्रदर्शन गर्दै, आफ्नो राज्य आत्मिक प्रकृतिको हुनेछ भनी ख्रीष्टले फेरि बताइदिनुभयो। उहाँले पहिले भन्नुभयो, **"परमेश्वरको राज्य देखिने गरी आउँदैन"** (लूक १७:२०ख)। यहूदीहरूले आन्तरिक परिवर्तनलाई खोज्नुको सट्टा बाहिरी चिन्ह खोजिरहेका थिए। येशूको यी वचन आज पनि लागू हुँदछ। "परमेश्वरको राज्य देखिने गरी आउँदैन" भन्ने कुरालाई जोड दिंदै "चिरपरिचित घटनाहरूद्वारा अगमवाणीहरूलाई तुलना गरी, येशूले आफ्नो दोस्रो आगमनको बारेमा बताउनको निम्ति सम्पूर्ण पुस्तकहरूको प्रयासलाई बिट मार्नुभयो ...।"[5]

त्यसपछि प्रभुले भन्नुभयो, **"किनभने हेर, परमेश्वरको राज्य तिमीहरूकै बीचमा छ"** (लूका १७:२१ख)। "तिमीहरूकै बीचमा छ" भनी अनुवाद गरिएको ग्रीक शब्दको अर्थ "तिमीहरूभित्र" (ἐντος ὑμῶν ἐστιν, *एन्टोस् हुमोन एस्टिन, entos humōn estin*; किङ्ग जेम्स् संस्करण [KJV]) भन्ने पनि हुनसक्छ। यदि अर्थ त्यो हो भने, राज्य (परमेश्वरको नियम) आन्तरिक हो, बाह्य होइन भनी येशूले बताइरहनुभएको थियो। तैपनि, यदि यी वचन फरिसीहरूमा लागू गर्ने हो भने, "तिमीहरूकै बीचमा" भन्ने शब्द अझै सुहाँउदो देखिन्छ। राज्य/मण्डलीको स्थापना कैयौं हप्तापछि मात्र हुन लागेको भए तापनि, चाँडै मुकुट पहिरिनुहुने राजा पहिले नै उपस्थित हुनुहुन्थ्यो र उहाँ तिनीहरूका बीचमा हुनुहुन्थ्यो।

ख्रीष्टले आफ्नो ध्यान शत्रुहरूबाट आफ्ना चेलाहरूतर्फ केन्द्रित गर्नुभयो अनि आफ्नो दोस्रो आगमनको बारेमा बताउन सुरु गर्नुभयो। फरिसीहरूको शंकाले शायद उहाँलाई सम्पूर्ण अविश्वासीहरूले दण्ड पाउने दिनको बारेमा याद दिलायो होला। फरिसीहरूको दुर्व्यवहारले उहाँलाई आफ्ना विश्वासीहरूले सहनुपर्ने सतावटको बारेमा सोच्न बाध्य गरेको र अन्त्यमा तिनीहरूले न्याय प्राप्त गर्नेछन् भन्ने कुरा तिनीहरूलाई सुनिश्चित गर्न उहाँलाई उत्प्रेरित गरेको हुनसक्छ। यहाँ विषय परिवर्तनको जेसुकै कारण भए तापनि, युगको अन्त्यमा हुने आफ्नो आगमनको बारेमा उहाँले विस्तृत उपदेश सुरु गर्नुभयो। उहाँले भन्नुभएका अन्य कुराहरूमा:

(1) उहाँको दोस्रो आगमन देखिने किसिमको हुनेछ। उहाँको आगमनको पर्खाई भइरहेको बेला (लूक १७:२२), उहाँ गोप्य रूपले आइसक्नुभयो भन्ने कुराको दाबीको भड्काइमा लाग्नुहुँदैन; किनभने उहाँ आउनुभएको कुरा सबैलाई थाहा हुनेछ (लूक १७:२७-३०)।

(2) उहाँको आगमन अचानक हुनेछ (लूक १७:२७-३०)। यसले तयार नभएका धेरैलाई

---

[5]जोन फ्र्याङ्कलिन कार्टर (John Franklin Carter), *अ लेम्यान्स हार्मनी अफ द गोस्पल* (न्यासभेल: ब्रोड- म्यान प्रेस, १९६१), २२७।

फेला पार्नेछ (लूक १७:३४-३६)।

यो समयमा ख्रीष्टले दिनुभएको उपदेशले पछि पनि यस विषयमा थप शिक्षा दिइनेछ भन्ने कुरालाई संकेत गरेको छ। यो मत्ती २४ को उपदेशसँग मिल्दो छ। निम्न पदहरूलाई तुलना गर्नुहोस्:

लूका १७:२४ / मत्ती २४:२७
लूका १७:२६, २७ / मत्ती २४:३७-३९
लूका १७:३१ / मत्ती २४:१७
लूका १७:३५ / मत्ती २४:४१
लूका १७:३७ / मत्ती २४:२८

उहाँको दोस्रो आगमन र यरूशलेमको विनाश दुवैको बारेमा मत्ती २४ मा चर्चा गरिएको छ (१-३ पद), र यी दुवै समयमा दिइएको शिक्षाको प्रसंग एकआपसमा खप्टिएको देखिन्छ। त्यसै गरी, लूका १७:२२-३७ ले केही हिसाबमा यरूशलेमको विध्वंसको बारेमा बताएको छ, जुन् दोस्रो आगमनसँग मिल्ने घटना हो—विशेष गरी ३१ र ३७ पदले। यी वचनहरू दोस्रो आगमनमा लागू हुनसक्छन्, तर मत्ती २४ मा यरूशलेमको विनाशको बारेमा बताइँदा समेत उस्तै शब्दहरू प्रयोग गरिएको छ।

लूका १७ का केही भिन्न कुराहरू मत्ती २४ मा पाइदैन। उदाहरणको लागि, लूका १७ मा आफ्ना कुरा सुन्नेहरूलाई उहाँको दोस्रो आगमनको निम्ति तयार रहन चेतावनी दिन येशूले सदोम र गमोराको विनासको उदाहरणलाई प्रयोग गर्नुभयो।

यो उपदेशको मुख्य भनाइ २५ पदमा पाइन्छ, **"तर पहिले उसले धेरै कष्ट सहनुपर्छ र यस पुस्ताबाट बहिष्कृत हुनुपर्छ।"** भविष्यमा हर्षका दिनहरू आउँदै गरेको भए तापनि, *पहिले* उहाँको मृत्यु हुनुपर्छ भन्ने तथ्यलाई चेलाहरूले नबिर्सून् भन्ने येशूले चाहानुभएको थियो।

प्रार्थना सम्बन्धी दृष्टान्तहरू (लूक १८:१-१४)

ख्रीष्ट र उहाँका विश्वासीहरूका निम्ति कठिन समय आइरहेको थियो (लूक १७:२५; १८:७)—परमेश्वरको नजिकतामा रहेर मात्र स्थिर रहन सकिने समय। त्यसपछि येशू प्रार्थनाको विषयमा फर्कनुभयो।

खुरन्धार गर्ने विधवाको दृष्टान्त (लूक १८:१-८)

१तिनीहरू सधैँ प्रार्थना गरिरहून् र निराश नहोऊन् भन्ने हेतुले उहाँले तिनीहरूलाई एउटा दृष्टान्त भन्नुभयो: २"कुनै एउटा सहरमा परमेश्वरको भय नमान्ने र मानिसको वास्ता नगर्ने एक जना न्यायाधीश थिए। ३त्यसै सहरमा एउटी विधवा थिई। त्यो तिनीकहाँ आइरहन्थी, र भन्थी, 'मेरो वादीको अगि मेरो न्याय गरिदिनुहोस्।' ४तिनले केही समयसम्म त मानेनन्, तर पछिबाट तिनले आफ्नो मनमा भने, 'म परमेश्वरको डर मान्दिनँ। मानिसको वास्ता पनि गर्दिनँ। ५तर यस विधवाले मलाई हैरान पारेकी हुनाले म त्यसको न्याय गरिदिनेछु, नत्रता तिनी एकोहोरो आएर मलाई वाक्क बनाउनेछे'।" ६प्रभुले भन्नुभयो, "सुन, ती अधर्मी न्यायाधीशले के भन्दछन्। ७के परमेश्वरले उहाँलाई रातदिन पुकार्ने आफ्ना चुनिएकाहरूको न्याय गरिदिनुहुन्न र? के उहाँले तिनीहरूका निम्ति बियाँलो गर्नुहुन्छ र? ८म तिमीहरूलाई भन्दछु, उहाँले चाँड़ै नै तिनीहरूको न्याय गरिदिनुहुनेछ। तापनि मानिसको

पुत्र आउँदा के उसले पृथ्वीमा विश्वास भेट्टाउनेछ र?”

तिनीहरू सधैँ प्रार्थना गरिरहून् र निराश नहोऊन् भन्ने हेतुले उहाँले तिनीहरूलाई एउटा दृष्टान्त भन्नुभयो (लूक १८:१)। **परमेश्वरको भय नमान्ने र मानिसको वास्ता** (लूक १८:२), तैपनि खुरन्धारको कारण विधवाको अनुरोधलाई मान्ने न्यायाधीशको बारेमा उहाँले बताउनुभयो (लूक १८:३-५)। यो दृष्टान्तलाई कहिलेकहीं “झिझ्याउने विधवाको दृष्टान्त” पनि भनिन्छ। यसको आधारभूत शिक्षा भनेको के हो भने, यदि कठोर हृदय भएको न्यायाधीश त खुरन्धार बिन्तीद्वारा उत्प्रेरित हुन्छ भने, प्रेमिलो पिताले आफ्नो सन्तानको अनुरोधलाई झन कति बढी उत्तर दिनुहुन्छ। ख्रीष्टले आफ्ना चेलाहरूलाई विशेष शिक्षा पनि सिकाउन चाहानुहुन्थ्यो। तिनीहरू थिचोमिचोमा पर्दा तिनीहरूले आशा गुमाउनुको हुँदैन बरु परमेश्वरमा भरोसा गर्नुपर्छ, जसले अन्त्यमा तिनीहरूलाई न्याय दिनुहुनेछ (लूक १८:७, ८क; लाई प्रका ६:९-११ सँग तुलना गर्नुहोस्)।

आफूलाई पछ्याउनेहरूले भोग्नुपर्ने तनावलाई ध्यान दिँदै, येशूले भन्नुभयो, **“... मानिसको पुत्र आउँदा के उसले पृथ्वीमा विश्वास भेट्टाउनेछ र?”** (लूक १८:८ख)। यहाँको प्रसंगमा, यसको अर्थ हुन्छ, “के उसले कठिन समयमा पनि परमेश्वरलाई प्रार्थना गरिरहन लगाउने प्रकारको विश्वास भेट्टाउनेछ र?”

फरिसी र कर उठाउनेको दृष्टान्त (लूक १८:९-१४)

[९]आफैमाथि भरोसा राख्नेहरू र आफैलाई धर्मी ठानी अरूहरूलाई तुच्छ ठान्नेहरू कसै-कसैलाई उहाँले यो दृष्टान्त सुनाउनुभयो: [१०]“दुई जना मानिस प्रार्थना गर्न मन्दिरमा गए— एक जना फरिसी र अर्कोचाहिँ कर उठाउने। [११]फरिसीले उभिएर मनमनै यसरी प्रार्थना गऱ्यो, ‘हे परमेश्वर, म तपाईंलाई धन्यवाद दिन्छु, म अरू मानिसहरूजस्तो धुताहा, अन्यायी, व्यभिचारी, अथवा यही कर उठाउनेजस्तो पनि छैनँ। [१२]म हप्तामा दुई पल्ट उपवास बस्तछु। मैले पाएका सबै थोकको दशांश म दिन्छु।’ [१३]तर कर उठाउनेचाहिँ टाढै उभिएर स्वर्गतिर आँखा पनि नउठाई यसो भन्दै आफ्नो छाती पिट्यो, ‘हे परमेश्वर, म पापीमाथि दया गर्नुहोस्!’ [१४]म तिमीहरूलाई भन्दछु, योचाहिँ मानिस त्यस अर्काभन्दा धर्मी ठहरिएर आफ्नो घरतिर लाग्यो। किनभने हरेक जसले आफूलाई उच्च पार्दछ, त्यो होच्याइनेछ, तर जसले आफूलाई होच्याउँछ, त्यो उच्च पारिनेछ।”

प्रार्थना गर्नु मात्र पर्याप्त हुँदैन; प्रार्थना गर्दा हामीमा सही आचरण हुनुपर्छ। त्यसैले **आफैमाथि भरोसा राख्नेहरू र आफैलाई धर्मी ठानी अरूहरूलाई तुच्छ ठान्नेहरू कसै-कसैलाई** निम्ति ख्रीष्टले यो दोस्रो दृष्टान्त बताउनुभयो (लूक १८:९)। यो फरिसीहरूको स्पष्ट व्यख्या हो, तर आफैलाई धर्मी ठान्ने अगुवाहरूद्वारा प्रभाव परेकाहरूका बारेमा प्रभुले अझै धेरै चासो राख्नुभएको थियो (लूक १२:१)। येशूको शिक्षाले फरिसीहरूलाई परिवर्तन गर्ने भन्ने कुरा सम्भव थिएन, तर तिनीहरूलाई प्रशंसा गर्नेहरूको आचरणलाई यसले प्रभाव पार्छ भन्ने आशा उहाँले राख्नुभएको हुनसक्छ। दृष्टान्तहरूलाई अप्रतक्ष शिक्षा दिने उद्देश्यले बताइने भएकोले, येशूको प्राथमिक उद्देश्य फरिसीहरूलाई परिवर्तन गर्नु रहेको थियो भने उहाँले फरिसीहरूको उदाहरण प्रयोग गर्नुहुन्नथ्यो भन्ने केही लेखकहरूले औंल्याउछन्।

परिचित दृष्टान्तले प्रार्थनालाई “आत्म-वधाई दिने आत्म-कुराकानी” को रूपमा बदल्ने

एक जना आडम्बरी फरिसीको बारेमा बताउँछ (लूक १८:११, १२)।[६] उसले आफैलाई कर उठाउनेसँग तुलना गऱ्यो। कर उठाउनेले भन्यो, **"हे परमेश्वर, म पापीमाथि दया गर्नुहोस्!"** (लूक १८:१३)। येशूले कथाको सार भन्नुभयो, **"म तिमीहरूलाई भन्दछु, योचाहिँ मानिस त्यस अर्काभन्दा धर्मी ठहरिएर आफ्नो घरतिर लाग्यो। किनभने हरेक जसले आफूलाई उच्च पार्दछ, त्यो होच्याइनेछ, तर जसले आफूलाई होच्याउँछ, त्यो उच्च पारिनेछ"** (लूक १८:१४)। प्रार्थना गर्दा हामीमा नम्रताको आचरण हुनैपर्छ।

प्रयोग: "हे परमेश्वर, ममाथि दया गर्नुहोस्!" (लूक १८:९-१४)

एक बाइबल स्कूल शिक्षकले आफ्ना युवा विद्यार्थीहरूलाई लुका १८:९-१४ बाट फरिसी र कर उठाउने (अन्यथा "फरिसी र कर उठाउनेको दृष्टान्त" भनेर चिनिन्छ) को दृष्टान्त पढे। फरिसीको अहङ्कारलाई त्याग्नुपर्छ र कर उठाउनेको नम्रतालाई धारण गर्नुपर्छ भनी उनले बताइन्। उनले कक्षा समाप्त गरेपछि कक्षालाई समाप्त गर्ने प्रार्थनालाई यसरी अगुवाइ गरिन्: "प्रभु, हामी तपाईंलाई धन्यवाद दिन्छौं, किनभने हामी फरिसीजस्तो छैनौं ..." आफू ठीक हुने ध्यानमा फरिसीले गरेजस्तै गल्ती गर्ने खतरा जहिल्यै पनि हुन्छ।

हामीमध्ये धेरैले यो दृष्टान्त बलककालदेखि नै सुन्दै आएका छौं। तैपनि हामीलाई यसको सत्यताको बारेमा अझै याद दिलाइनु आवश्यक छ। यो कथामा सिकाइएको केही शिक्षाको बारेमा हामीलाई थाहा नहुन सक्छ।

दुई व्यक्तित्वहरू

येशूले बताउनुभएका केही दृष्टान्तहरूको उद्देश्य सँधै स्पष्ट रूपले देख्न सकिँदैन, तर यस पटक, यसलाई बाइबलमा नै उल्लेख गरिएको छ: "आफैमाथि भरोसा राख्नेहरू र आफैलाई धर्मी ठानी अरूहरूलाई तुच्छ ठान्नेहरू कसै-कसैलाई उहाँले यो दृष्टान्त सुनाउनुभयो" (लूक १८:९)। ख्रीष्ट ले यसको उद्देश्यलाई अन्त्यमा सारांशसहित जोड दिनुभयो: "किनभने हरेक जसले आफूलाई उच्च पार्दछ, त्यो होच्याइनेछ, तर जसले आफूलाई होच्याउँछ, त्यो उच्च पारिनेछ" (लूक १८:१४ख)। उहाँले लूका १८:१४ख को शिक्षालाई जोड दिन चाहानुभयो (हेर्नुहोस्: लूक १४:११; मत्ती २३:१२)।

आफैलाई उच्च ठान्नेहरूको प्रतिनिधित्व पात्रको रूपमा उहाँले फरिसीलाई प्रयोग गर्नुभयो। नम्रताको उदाहरणको निम्ति उहाँले कर उठाउनेलाई प्रयोग गर्नुभयो। यी दुईलाई छनौट गरियो किनभने यिनीहरूले यहूदी समाजको दुई कट्टर पक्षलाई प्रतिनिधित्व गर्दथ्यो। फरिसी नैतिकता, धार्मिक, र सामाजिक स्तरको भऱ्याङको टुप्पोमा थियो भने कर उठाउने व्यक्ति तल्लो तहमा थियो। दृष्टान्तबाट अधिकतम लाभ प्राप्त गर्नका निम्ति हामीले यी दुई मानिसहरूको बारेमा केही जान्नु नै पर्छ।

व्यक्तित्व नं. १: फरिसी

दृष्टान्तको पहिलो वाक्यले भन्छ, "दुई जना मानिस प्रार्थना गर्न मन्दिरमा गए" (लूक १८:१०क)। परमेश्वरले मन्दिरलाई "घर प्रार्थनाको" रूपमा चाहानुहुभएको थियो (लूक १९:४६)। मन्दिरको नजिकै बसोबास गर्ने भक्तालु यहूदीहरू त्यहाँ प्रार्थना गर्न जान्थे;

---

[६]एच. आइ. हेस्टर (H. I. Hester), *द हर्ट अफ द न्यू टेस्टामेन्ट* (लिबर्टी, मो.: क्वालिटी प्रेस, १९६३), १७९।

मन्दिरबाट धेरै टाढा बस्नेहरू मन्दिरतर्फ फर्केर प्रार्थना गर्थे। यहूदी पुरुष र महिला

दिनको कम्तीमा तीनपल्ट प्रार्थना गर्न भेला हुन्थे। यो प्रार्थनाको भेला दिनको तीनपल्ट हुन्थ्यो भनी केहीले भन्ने गर्छन्। तोकिएको समयबाहेक, आफूले चाहेका बेला यहूदीहरू मन्दिरमा प्रार्थना गर्न जान सक्थे। यीमध्ये दुई पटक बलिदान चढाएको समय हुन्थ्यो। पुरुष र स्त्री दुवै स्त्रीहरूको चोकमा प्रार्थना गर्न भेला हुन्थे; तर आफूले चाहेमा पुरुष मानिस इस्राएलको चोकमा जान सक्थे, तसर्थ उनीहरू बलिदान चढाइने वेदीको नजिक पनि जान सक्थे। त्यसैले, "दुई जना मानिस प्रार्थना गर्न गए" भन्नेमा कुनै आश्चर्य कुरो छैन।

दुईमध्ये एक जना थिए, "फरिसी" (लूक १८:१०ख)। फेरि, फरिसी मन्दिरमा प्रार्थन गर्न गए भन्ने अचम्मको कुरो होइन। फरिसीहरू धार्मिक विधिविधानलाई पालना गर्ने कामप्रति मरिहत्ते गर्थे।

यी भनाइहरूमा मुख्य भिलेन फरिसीहरू हुन् भन्ने कुरा सुसमाचारका पुस्तकहरूका बारेमा परिचित व्यक्तिहरूलाई थाहा छ। केहीको विचार छ, सुसमाचारका लेखकहरूलाई पवित्र आत्माले फरिसीहरूको त्यो उग्रताको बारेमा प्रकट गर्नुभयो, किनभने सुसमाचारका पुस्तकहरू लेखिएको समयमा (लगभग इ.सं. ६०-६५), मण्डलीको सतावटको मुख्य स्रोत फरिसीहरू थिए—मण्डली भित्र (प्रे १५:५ हेर्नुहोस्) र बाहिर दुवैमा (प्रे २३:६)।

तैपनि, यो दृष्टान्तलाई पूर्ण रूपमा बुझ्नको निम्ति, फरिसीहरूलाई यहूदीहरूले असल, योग्य र आदरणीय संरक्षकहरूका रूपमा मान्थे भन्ने कुरालाई हामीले बुझ्नुपर्छ। परमेश्वरको सेवा गर्ने विषयमा र तिनीहरूले "पवित्र परम्परा" ठानेका कुरालाई पालन गर्नमा तिनीहरू गम्भीर थिए। विगतका पुराना परम्परालाई सम्मान नगरिने स्थानमा फरिसीहरू स्थायित्वको पक्षधरका रूपमा उभिएका थिए।

११ र १२ पदमा उल्लेख गरिएको फरिसीको आत्म-मूल्याङ्नको बारेमा शंका गर्ने हामीसँग कुनै कारण छैन। यो साँचो थियो भन्ने कुरालाई मानिलिदा, उसको उच्च नैतिक स्तर थियो भनी हामी भन्न सक्छौं। ऊ धुताहा थिएन; ऊ आफ्नो व्यवसायिक क्रियाकलापमा इमान्दार थियो। ऊ अन्यायी थिएन; ऊ अरू मानिसहरूसँग न्यायोचित व्यवहार गर्थ्यो। सबै फरिसीहरूमा यो कुरा सत्य थिएन (मत्ती २३:१४ हेर्नुहोस्), तर यो मानिसको हकमा भने यी कुराहरू अवश्य नै साँचा थिए। ऊ व्यभिचारी थिएन; ऊ आफ्नो वैवाहिक शपथप्रति विश्वासयोग्य थियो। यसको साथै, उसले परमेश्वरको आज्ञा पालन गर्थ्यो। वास्तवमा, ऊ व्यवस्थाले भनेभन्दा बढी गर्ने प्रयास गर्थ्यो: व्यवस्थाले वर्षको एकपल्ट एक दिन उपवास बस्नू भनेको छ—प्रायश्चितको दिनमा (लेवी १६:२९, ३०); तर त्यस फरिसी वर्षमा १०४ पल्ट उपवास बस्थ्यो (प्रत्येक सोमबार र बिहिबार; मत्ती ६:१६ हेर्नुहोस्)। फेरि, व्यवस्थाले अन्न, दाखमद्य, र बथानबाट दशांश (१० प्रतिशत) दिनू भनी आज्ञा गरेको छ (व्य १४:२२, २३ हेर्नुहोस्); तर फरिसीले आफूसँग भएको *हर थोक* र सूँप वा जीरा जस्ता सानोभन्दा सानो कुराको समेत दशांश दिन्थ्यो (मत्ती २३:२३ हेर्नुहोस्)।

फरिसी छिमेकी बनाउन लायक व्यक्ति थियो। ऊ एक जना पक्का नागरिक थियो, राम्रो प्रतिष्ठा भएको व्यक्ति, पारिवारिक मान्छे, अनि बलियो धार्मिक आस्था भएको व्यक्ति। यदि हामीले उसलाई मन्दिरमा देख्यौं र तिमी त्यहाँ के गरिरहेछौ भनी प्रश्न गर्नेमौका हामीले पाएका थियौं भने, ऊसले अवश्य नै अचम्म मान्दै यसो भन्ने थियो, "म अरू ठाऊं कहाँ हुन्थेँ र?" आज, त्यस्तो मानिसलाई हामी भन्न सक्छौं, "ढोका खोलेदेखि

ऊ जहिल्यै त्यहीं हुन्छ।" फेरि हामी यसो भन्न सक्छौं, फरिसी प्रार्थना गर्न मन्दिरमा गए भन्ने तथ्य अचम्मको कुरो होइन।

व्यक्तित्व नं. २: कर उठाउने

अर्कोतर्फ, कर उठाउने व्यक्ति मन्दिरमा प्रार्थना गर्न गएको कुरा अचम्मको छ। मन्दिरमा *नदेखिने* मान्छे को हुन्थ्यो भन्दा, त्यो कर उठाउने व्यक्ति हुन्थ्यो।

किङ्ग जेम्स् संस्करण (KJV) मा यो मानिसलाई "पब्लिकन" भनिएको छ, र किङ्ग जेम्स् संस्करण (KJV) को शब्दावली थाहा नहुनेहरूका निम्ति यसले स्पष्ट अर्थ नदिन सक्छ। आधुनिक अनुवादले "कर उठाउने" र "तिरो उठाउने" जस्ता शब्दहरूलाई प्रयोग गरी यसको समाधान गर्ने प्रयास गरेको छ। सरकारी भ्रष्टाचार सामान्य बनेका र अधिकारीहरूलाई दिइने घूसलाई व्यवसाय गर्दा बेहोर्नु पर्ने खर्चकै रूपमा लिइने देशका पाठकहरूका निम्ति यी शब्दले राम्ररी नै अर्थ स्पष्ट पार्न सक्छ। त्यस्तै, संयुक्त राज्यका मानिसहरूले यी शब्दलाई सुनेपछि आइ.आर.एस. (IRS) एजेन्टले गलत काम गरेको कुरा सोच्न सक्छन्। पब्लिकन वा कर उठाउनेका बारेमा एक-दुई कुरा बताउन सकिन्छ।

रोमीहरूको कर उठाउने विधि अनौठो किसिमको थियो। सामान्य रूपमा बताउँदा, कुनै निश्चित क्षेत्रमा कर उठाउनको निम्ति अधिकारीलाई निश्चित रकम तोकिन्थ्यो र त्यसभन्दा माथि मनोमानी कर उठाउने अधिकार उनीहरूलाई दिइन्थ्यो। कर उठाउने व्यक्तिसँग सम्झौता गरिएको रकम उसले रोमीहरूलाई प्रदान गरेको खण्डमा, उसले बाँकी रकम आफै राख्न सक्थ्यो। अखबर, रेडियो वा टेलिभिजनको युगभन्दा पहिले समाचार फैलने कुनै तयारी माध्यम नभएकोले तिनीहरूलाई कति रकम तिर्न लगाइन्थ्यो भन्ने कुरा थोरैलाई मात्र थाहा हुन्थ्यो। कर उठाउने व्यक्तिले आकर्षक फाइदा कमाउन सक्थ्यो।[7]

यो दुरुपयोग गर्नको लागि पूर्वतयारी अवस्थामा रहेको व्यवस्था थियो। कुनै पनि लोभी कर अधिकारीले मानिसहरूलाई ठग्ने सयौं तरीकाहरू थिए। "भूमि कर उठाइन्थ्यो ... चुनाव कर र व्यक्तिगत सम्पत्ति कर उठाइन्थ्यो ... आयत निर्यात भन्सार, नाका वा बन्दरगाह, सडक, पुल, सहरको द्वारहरू, र इत्यादिको निम्ति पनि शुल्क लिइन्थ्यो।"[8]

यहूदीहरूका निम्ति, आफ्नो देशको संगी-मित्र कर उठाउने व्यक्ति भएपछि ऊ देशद्रोही र चोर हुन्थ्यो। लूका १८ को कर उठाउने व्यक्तिले आफैलाई "पापी" भनी वर्गिकरण गऱ्यो (लूक १८:१३), र त्यस्तो होइन भनी कसैले उसको मुख छोप्न सक्दैनथ्यो (लूक १९:५-७ हेर्नुहोस्)। कर उठाउने व्यक्तिलाई समाजको मैलाको रूपमा लिइन्थ्यो र तिनीहरूलाई समाजका सम्मानित व्यक्तिहरूले परित्याग गरेका हुन्थे। नियमकै रूपमा भनौ, यस्ता व्यक्तिलाई तपाईंले आफ्नो छिमेकी भएको चाहानुहुनेथिएन। तैपनि, कर उठाउने व्यक्ति प्रार्थना गर्न मन्दिरमा गयो।

यो मानिस किन मन्दिरमा नै गयो भन्ने बारेमा हामीलाई थाहा छैन। मलाई के लाग्छ भने, ऊ त्यहाँ आदतको रूपमा गएको थिएन। अधर्मी जीवनशैली भएकाहरूको आराधनामा सहभागी हुने चलन हुँदैन; सेवासंगतीले त्यस्ता व्यक्तिहरूलाई असजिलो

---

[7]विलियम बार्क्ले (William Barclay), *एण्ड जिजस् सेड* (फिलादेल्फीया: वेस्टमिन्सटर प्रेस, १९७०), १०१।

[8]नील आर. लाइटफुट (Neil R. Lightfoot), *द प्याराबलस् अफ जिजस*, पार्ट २ (अस्टिन, टेक्सस्: आर. बी. स्वीट, को., १९६५), ४६।

महसुस गराउँछ। तैपनि, केही कुराले यो मानिसलाई आफ्नो पापपूर्ण अवस्था र उसलाई परेको परमेश्वरको आवश्यकताको बारेमा सचेत गराएको थियो। उसको जीवनमा कुनै दुर्भाग्यपूर्ण घटना घटेको हुनसक्छ: उसले आफ्नो स्वास्थ्य गुमाएको थियो होला, वा उसको प्रियजनको मृत्यु भएर, पैसा कमाउनु मात्रै जीवनको सबथोक होइन भन्ने महसुस उनले अचानक गरेको हुनसक्छ। उसले भर्खरै आफ्नो जीवनको बारेमा विचार गर्दै एउटा लामो, कालो, चिसो, अनि अनिदो रात विताएर आफ्नो जीवनको हालत देखेर, यसरी त भएन भन्ने सोचेको कारण ऊ त्यहाँ प्रार्थना गर्न आएको हुनसक्छ। कारण जेसुकै भए तापनि, समाजबाट त्यागिएको यो व्यक्ति मन्दिरमा प्रार्थना गर्न गयो।

दुई प्रार्थना

यो दृश्यलाई कल्पना गर्नुहोस्:

> प्रार्थना गर्ने तोकिएको समयमा [पहिले, फरिसी आइपुग्छ]। ऊ सान्दारसाथ [मन्दिरको] खुड्किलो चढेर आउँछ अनि सबैको नजर उसैमा हुन्छ। ऊ इस्राएलको चोकमा प्रवेश गर्छ अनि बलिदान चढाउने वेदी नजिक जान्छ। ऊ ठिङ्ङ उभिन्छ, पाखण्डिपना देखउँछ, अरूलाई यताउता फर्केर हेर्छ, र आफ्नो परिचित शब्दहरू फरर बोल्न [तयार हुन्छ]।[9]

त्यसपछि, अरूबाट छलिने प्रयास गर्दै कर उठाउने आइपुग्छ। उनी भीडबाट भएर आउँदै गर्दा, मानिसहरू उदेखि तर्किन्छन्। आँखाहरू राँकिन्छन् र मुड्कीहरू कसिन्छन्।[10] मानिसहरू खासखुस गर्न लाग्छन्: "*यो मानिस* यहाँ के गरिरहेछ?" ऊ एउटा अलग्गै ठाउँ खोजेर, प्रार्थना गर्न शिर झुकाउँछ।

प्रार्थना नं. १: फरिसी

दृश्यलाई ध्यानमा राख्दै, पहिलो मानिसको बारेमा येशूले दिनुभएको विवरणलाई विचार गरौं: "फरिसीले उभिएर मनमनै यसरी प्रार्थना गऱ्यो" (लूक १८:११क)। उसले उभिएर प्रार्थना गरेको कुरामा कुनै विशेष कुरा छैन; त्यो प्रार्थना गर्ने सामान्य बसाइ थियो र हो (१ राज ८:२२; मर्कू ११:२५)। ऊ अवश्य नै सबैले देख्न सक्ने ठाउँमा उभिएको थियो (मत्ती ६:५ हेर्नुहोस्)। तैपनि, "उनी आफै" भन्ने शब्दमा अर्थ लुकेको हुनसक्छ। यो शब्दको आर्थ चुपचाप भन्ने हुनसक्छ, तैपनि यस्तो आचरण फरिसीहरूको थिएन। तिनीहरू आफ्नो "धेरै शब्दहरू" को लागि "सुनाइ" चाहन्थे (मत्ती ६:७)। मत्ती ६:७ ले अन्यजातिहरूका बारेमा बताएको भए तापनि, यस विषयमा अन्यजातिहरूको नक्कल गर्ने फरिसीहरूका बारेमा यी शब्दले बताउँछ भन्ने धेरै टिप्पणीकर्ताहरूको विचार छ (लूक २०:४७ हेर्नुहोस्)। "उनी आफै" (वा "आफैसँग"; किङ्ग जेम्स् संस्करण [KJV]) ले, अवश्य नै, प्रार्थना औपचारिक रूपमा परमेश्वरसँग गरिएको भए तापनि, वास्तविकतामा यो आत्म-निर्देशित थियो भन्ने अर्थ दिन्छ।

प्रार्थनाको सुरुवात सही रूपमै भयो: "हे परमेश्वर, म तपाईंलाई धन्यवाद दिन्छु" (लूक १८:११ख)। यसले परमेश्वरलाई पुकार गर्दछ र धन्यवाद चढाइएको कुरा व्यक्त गर्दछ (मत्ती ६:९; फिलि ४:६)। यदि फरिसी त्यहीं नै रोकिएको भए, ऊ "धर्मी ठहरिएर"

---

[9]इबिड. (Ibid.)।

[10]यो वाक्य क्लोभिस जी. च्याप्पेल (Clovis G. Chappell) को, *सर्मोनस् फ्रम द प्याराबल्स् (Sermons from the Parables)*, बाट लिइएको हो (न्यू योर्क: एबिंडन-कोकबरी प्रेस, १९३३), १०६।

घर जान सक्थ्यो (लूक १८:१४)—तर प्रार्थना जारी रह्यो।

"हे परमेश्वर, म तपाईंलाई धन्यवाद दिन्छु, म अरू मानिसहरूजस्तो ... छैनँ" (लूक १८:११ख, ग)। त्यो साँचो नै थियो; उसको जीवनशैली सामान्यभन्दा असल थियो—र त्यो कुरा संसारले चाल पाओस् भन्ने चाहाना उसको थियो। उसले आफ्नो विचारमा आएका मानिसका विभिन्न आचरणहरूलाइ सूचीकृत गऱ्यो: "धुताहा, अन्यायी, व्यभिचारी" (लूक १८:११घ)। त्यसपछि उसले वरपर हेऱ्यो अनि अलिक पर कर उठाउने व्यक्तिलाई देख्यो। त्यो मानिस कर उठाउने मानिस थियो भनेर उसलाई कसरी थाहा भयो हामीलाई थाहा छैन। कर उठाउनेहरूले फरक प्रकारको वर्दी पहिरन्थेनन् अथवा "म कर उठाउने हुँ" भन्ने लेखेको चिन्ह पनि बोकेर हिँड्थेनन्। सम्भावित कुरो के हुनसक्छ भने, भर्खरै त्यो मानिसले फरिसीलाई ठूलो शुल्क लिएर ऊबाट फाइदा लुटेको थियो, त्यसैले उसले कर उठाउनेलाई चिनिहाल्यो। फरिसीले अवश्य नै, आँखा तरेर अर्को मनिसलाई औंल्याउँदै यसो भनेको हुनसक्छ "अथवा यही कर उठाउनेजस्तो पनि छैनँ" (लूक १८:११ङ)।

उसले आफ्नो छेउमा उभिने आफ्ना फरिसी साथीहरूलाई औंल्याएन, वा अन्य उपस्थित मानिसहरूलाई पनि औंल्याएन, तर "टाढ़ै उभिएर" कर उठाउनेलाई औंल्यायो (लूक १८:१३)। जब मानिसहरूले आफैलाई राम्रो बनाउन खोज्छन्, तिनीहरूले सबैभन्दा असलसँग होइन, तर सबैभन्दा खराबसँग आफ्नो तुलना गर्छन्।

आफूले *नगरेका* कुराहरूको सूची बनाइसकेपछि, फरिसीले आफूले *गरेका* कुराहरूको बखान गर्न थाल्यो: "म हप्तामा दुई पल्ट उपवास बस्तछु। मैले पाएका सबै थोकको दशांश म दिन्छु" (लूक १८:१२)। उसले अवश्य नै आफ्ना अन्य कामहरूलाई समेत यो सूचीमा समावेश गऱ्यो होला। "यसरी प्रार्थना गऱ्यो" भनी अनुवाद गरिएको शब्दको कालभावले संकेत गरे अनुसार (लूक १८:११) उसले यही तरीकाले बारम्बार प्रार्थना गरिरह्यो। फरिसीहरूलाई "लामो देखावटी प्रार्थना गर्छन्" मन पर्थ्यो (लूक २०:४७)।

फरिसीको प्रार्थनामा कुनै गल्ती छैन भनी येशूलाई सुन्नेहरूले विचार गरेका हुनसक्छन्। पहिलो कुरो, उसले भनेको सबै कुरा सही नै थियो। मेरो एक जना साथीले आफ्नो उपलब्धिहरूका बारेमा बताउने क्रममा यसो भन्छ, "गफ लगाएको होइन; साँचो कुरा भनिरहेको छु।" दोस्रो, आफू अरूजस्तो नभएकोमा परमेश्वरलाई धन्यवाद दिने कुरा, एउटा मुख्य यहूदी चलन थियो। "प्रत्येक दिन यहूदी पुरुषले आफू अन्यजाति, दास वा महिलाको रूपमा सृष्टि नगरिएकोमा परमेश्वरलाई धन्यवाद दिने प्रचलन थियो।"[11]

फरिसीको प्रार्थनामा के गल्ती *थियो?* त्यस मानिसले अरूका निम्ति प्रार्थना *नगरेको* कुराबाट सुरु गरेर उसको प्रार्थनामा भएका धेरै कमजोरीहरूलाई सूचीकृत गर्न सक्छौं। उसले आफ्नो पापको निम्ति परमेश्वरसँग क्षमा मागेन। उसले ईश्वरीय शक्ति र मार्गनिर्देशनको निम्ति बिन्ती गरेन। उसले भवनको अर्कोतर्फ हुने तुच्छ पापीलाई सहायता गर्न परमेश्वरसँग बिन्ती गरेन। तैपनि दुई वटा त्रुटिलाई जोड दिन ख्रीष्टले यो कथा बताउनुभयो: (१) "आफैमाथि भरोसा राख्ने र आफैलाई धर्मी ठान्ने" र (२) "अरूहरूलाई तुच्छ ठान्ने" मानिसहरूका बारेमा प्रकाश गर्नलाई (लूक १८:९)।

पहिलो, फरिसीले "आफैमाथि भरोसा गर्थ्यो।" प्रार्थनाको सुरुवातमा परमेश्वरलाई

---

[11] रुथ बी. एड्वार्डस् (Ruth B. Edwards), "वोमेन," *द इन्टरनेशनल स्टयाण्डर्ड बाइबल इन्साइक्लोपेडिया,* रेभ., एड. जिओफ्रे डब्ल्यू. ब्रोमिली (Geoffrey W. Bromiley) (ग्राण्ड ऱ्यापिड्स्, मिचिगन: डब्लूएम. बी. एर्डम्यान्स् पब्लिसिङ को., १९८८), ४:१०९३-९४।

पुकारा गरे तापनि, उसले प्रभुप्रतिको आफ्नो कुनै भरोसालाई व्यक्त गरेन—उसले आफैमाथि मात्र विश्वास गर्थ्यो। उसले आफैलाई उचाल्यो (लूक १८:१४)।

परमेश्वरको इच्छालाई पूरा गर्ने इच्छा हुनु गलत कुरो होइन (लूक ६:४६)। उपवास बसेर र सूँप र जीराजस्ता कुराको समेत दशांश दिएर आत्मिक रूपमा "चाहेको भन्दा थप कुरा गर्ने" प्रयास फरिसीले गरेको कुरा गलत छैन (मत्ती २३:२३)। तैपनि, मानिस भएर आफ्नो धार्मिक कार्यहरूले परमेश्वरलाई बाध्य तुल्याउँछ भन्ने सोच्नु गलत कुरा हो। यो पदलाई याद गर्नुहोस्: "यसरी नै तिमीहरूलाई अह्राएका सबै काम पूरा गरेपछि तिमीहरूले पनि यसो भन: 'हामी नालायक दास हौं, हामीले त हाम्रो कर्तव्य मात्र पालन गरेका छौं'" (लूक १७:१०)। यदि हामी बचाइनु छ भने, हामीले आफैमाथि भरोसा गर्न मिल्दैन; हाम्रो भरोसा परमप्रभुमा नै हुनुपर्छ (हितो ३:५)।

फरिसीको प्रार्थनाको दोस्रो मुख्य त्रुटि के हो भने, उसले "अरूहरूलाई तुच्छ ठान्यो" (लूक १८:९)। उसले भन्यो, "हे परमेश्वर, म तपाईंलाई धन्यवाद दिन्छु, म अरू मानिसहरूजस्तो ... छैनँ" (लूक १८:११)। *द इन्टरलिनियर ग्रीक-इङ्लिस नयाँ करार अनुसार*,[12] उसले वास्तवमा भन्यो, "म अरू सबै मानिसहरूजस्तो छैन, त्यसैले म धन्यवाद दिन्छु।" अर्को शब्दमा, "एक पक्षमा म र मेरा सङ्गी फरिसीहरू छन्—अनि अर्को पक्ष 'अरू बाँकी मानिसहरू' छन्।"

यो फरिसीको अरू मानिसहरूका भन्दा उच्च नैतिक स्तर थियो भन्ने कुरालाई हामी स्वीकार गर्न सक्छौं। यसमा कुनै शंका छैन, उसले व्यवस्थालाई पालन गर्न अरू मानिसहरूले भन्दा कठोर प्रयास गर्थ्यो। तैपनि, उसले प्रार्थना गरिरहेको परमप्रभुसँग तुलना गर्दा, ऊ केही पनि थिएन। "धर्मी कोही छैन, एक जना पनि छैन" (रोम ३:१०)।

मलाई एउटा उदाहरण याद आयो: सबैभन्दा परिचित कमिलाका प्रजातिमध्ये एउटा हो, रातो कमिला। केही रातो कमिलाहरू एकचौथाइ-इन्च लामा हुन्छन्। त्यसपछि अलिक काला-काला देखिने कमिला हुन्छन्, कतिले यसलाई "चीनि कमिला" भन्छन्। यी राता कमिलाभन्दा आधा छोटा हुन्छन्। यी कमिला कहिलेकहीं घरतिर खानेकुरा खोज्दै लाम लाग्छन्। एउटा रातो कमिला र एउटा चिनी कमिला बाटोको वारि-पारि बसेको दृश्य कल्पना गर्नुहोस् अनि रातो कमिलाले आफ्नो लामालामा सिङ् उचालेर यसो भनेको कल्पना गर्नुहोस्: "हे परमप्रभु, म तपाईंलाई धन्यवाद दिन्छु, म अरू कमिलाहरूजस्तो छैन—ऊ त्यहाँको मर्नै लागेको जस्तो देखिने मरनच्याँसे चिनी कमिलाजस्तो पनि छैन। म ठूलो र बलियो छु, अनि धेरै सुन्दर पनि छु।" रातो कमिलाले आफ्नो मुखबाट शब्द टुङ्ग्याई नसक्दै एक जना किशोर ठिटो दगुर्दै आउँछ अनि रातो कमिला र चिनी कमिला दुवैलाई चेप्टयाएर जान्छ। यो उदाहरणद्वारा बताउन प्रयास गरिएको कुरा साधारण छ: रातो कमिला चिनी कमिलाभन्दा ठूलो हुनसक्छ, तर मानिससँग तुलना गर्दा ऊ धेरै सुक्ष्म र विनामहत्त्वको हुन्छ। त्यस्तै, नैतिक रूपमा र धार्मिक रूपमा एक जना मानिस अर्कोभन्दा उच्च हुनसक्छ, तर ब्रम्हाण्डको परमेश्वरको तुलनामा हामी सबै "व्यर्थका गनिन्छन्" (दान ४:३५)। त्यसैले, हामी कसैले पनि "अरूलाई तुच्छ ठान्नु" मुर्खता हो।

---

[12] *द इन्टरलिनियर ग्रीक-इङ्लिस न्यू टेस्टामेन्ट*, दोस्रो सं., ट्रान्स्. अल्फ्रेड मार्शल (Alfred Marshall) (लण्डन: शामुएल ब्याग्स्टर एण्ड सन्स लिमिटेड, १९५८)।

प्रार्थना नं. २: कर उठाउने

येशूले फरिसीको अहङ्कारलाई कर उठाउनेको नम्रतासँग तुलना गर्नुभयो। आफ्नो अयोग्यतालाई अनुभव गरेका कर उठाउने मानिस "टाढै उभियो" (लूक १८:१३क)। उसले प्रार्थना नगरेको पनि धेरै भएको थियो होला र ऊ मन्दिर नआएको अझै धेरै भइसकेको हुनसक्छ। उसले "स्वर्गतिर आँखा पनि नउठाई" (लूक १८:१३ख)। मानिसहरूले प्रार्थना गर्दा कहिलेकहीं स्वर्गतिर हेर्थे (भज १२३:१, २), तर आफ्नो पापको भारीले थिचिएका यी कर उठाउने मानिसले आफ्नो शिर झुकायो। उसले आफ्नो छाती पिट्यो (लूक १८:१३ग)—पूर्वीय चलनमा ठूलो शोकको अभिव्यक्ति (नहू २:७; लूक २३:४८)। यो सांकेतिक कार्य थियो, वास्तविक रूपले चोट पुऱ्याउने गरी होइन। अयोग्यताको कारण आफ्नो प्रार्थनाको सुनुवाइ हुन्छ कि हुँदैन त्यसमा समेत ऊ निश्चित नरहेको हुनसक्छ।

फरिसीले जस्तै, उसले पनि प्रार्थनाको सुरुवात परमेश्वरलाई पुकारी गऱ्यो, र फरिसीले जस्तै उसको पनि प्रार्थना आफैमा केन्द्रित थियो—तर यी दुई प्रार्थना फरक थिए। कर उठाउनेको प्रार्थना कष्ट सहितको अनि छोटो थियो। उसको प्रार्थना नेपालीमा छ वटा शब्द (अंग्रेजिमा सात शब्द; ग्रीकमा पाँच शब्द) लामो छ: "हे परमेश्वर, म पापीमाथि दया गर्नुहोस्!" (लूक १८:१३घ)।

फरिसीको विपरित, उसले कुनै धार्मिक गुणहरूको बखान गरेन, उसँग केही त अवश्य नै थिए होलान्, तैपनि उसले त्यो उल्लेख गरेन। सबै हिसाबले खराब हुने मानिसहरू निकै कम हुन्छन्। बरु, उसले आफ्नो पापलाई सहजै स्वीकार गऱ्यो; उसले कुनै बहाना नगरी आफू पापी भएको कुरा स्वीकार गऱ्यो। वास्तवमा, उसले आफू पापी भएको कुरालाई स्वीकार मात्र गरेन। किङ्ग जेम्स् संस्करण (KJV) मा "हे परमेश्वर म पापीमाथि कृपालु हुनुहोस्" भन्ने छ; तर ग्रीक बाइबलमा, "पापी" (τῷ ἁμαρτωλῷ, *तो हामार्तोलो, tō hamartōlō*) शब्दको अगाडि निश्चयवाचक शब्द ("जस्तै अंग्रजीमा 'the'") प्रयोग गरिएको छ। न्यू अमेरिकन स्टच्याण्डर्ड बाइबल (NASB) मा संकेत गरिएको छ: "God, be merciful to me, *the* sinner!" (हे परमेश्वर, म पापीमाथि दया गर्नुहोस्!)। (जोड दिइएको छ।) यस कर उठाउने मानिसले आफैलाई पाप स्वभावको संज्ञाको रूपमा, सबैभन्दा पापी मानिस भनी भन्यो। आफैलाई पापीहरूमध्ये "सबैभन्दा" भनी भन्ने पावलले जस्तै उसले पनि अनुभव गरेको थियो (१ तिमो १:१५)।

सबै मानिसहरू पापी छन् भन्ने कुराले उनलाई सहजता दिएन (रोम ३:२३)। ऊसले आफ्नो तुलना गर्न सक्ने आफूभन्दा खराब पापीहरूलाई औंल्याउने प्रयास गरेन। उसले यसो भनेर समेत प्रार्थना गरेन (हामीले पनि उसले जस्तै गर्नुपर्छ), "परमेश्वर, म तपाईंलाई धन्यवाद दिन्छु, म यो आत्म-धर्मी फरिसीजस्तो छैन।" पवित्र परमेश्वरको उपस्थितिमा उभिँदा उसले आफैलाई, आशारहित, असाहाय, र नाश भएको पायो। जब यशैया अगमवक्ताले "परमप्रभुलाई अग्लो र उच्च सिंहासनमा विराजमान हुनुभएको देख्यो" ऊ यसो भनी चिच्यायो, "धिक्कार! म नष्ट भएँ, किनभने म अशुद्ध ओठ भएको मानिस हुँ, र अशुद्ध ओठ भएका मानिसहरूका बीचमा म बस्तछु" (यशै ६:१, ५)।

कर उठाउनेले धनदौलत, ख्याति, सफलता, राम्रो स्वस्थ्य, वा जीवनका आवश्यकताहरूलाई मागेन। बरु, उसले दया माग्यो: "हे परमेश्वर, म पापीमाथि दया गर्नुहोस्!" "दया गर्नुहोस्" भनी अनुवाद गरिएको वाक्यमा प्रयोग गरिएको "दया" शब्द सामान्य ग्रीक शब्द होइन। बरु, कर उठाउने मानिसले प्रयोग गरेको यो शब्दलाई आधुनिक अनुवादकहरूले प्रयोग गरेनन्, किनभने यसलाई "आधुनिक मानिसहरूका निम्ति

अपरिचित बाइबलीय शब्द” भनिन्छ। उसले त्यस्तो शब्दलाई प्रयोग गऱ्यो जसलाई धेरै पटक “रिझाउनु” (“propitiate”) भनी अनुवाद गरिन्छ।

“रिझाउनु” भनी नेपालीमा अनुवाद गर्न सकिने अंग्रेजी शब्द प्रोपिसिएट (“propitiate”) वास्तवमा ल्याटिन शब्द हो र यसको आधारभूत अर्थ “शान्त गर्नु” भन्ने हुन्छ। प्रायश्चित भनेको के हो त्यसको बाइबलीय अवधारणा यो शब्दमा समावेश छ। आफ्नो स्वभाव अनुसार, परमेश्वरले पाप सहन गर्न सक्नुहुन्न (रोम १:१८); पापलाई दण्ड दिइनु नै पर्छ (रोम ६:२३क; गला ६:७)। परमेश्वरको क्रोधलाई शान्त गर्न मानिस आफैले केही पनि गर्न सक्दैन (रोम १:१८; ३:९, १०; यशै ६४:६)। परेमेश्वरले दिनुभएको विधि अनुसार, पापलाई क्षमा गर्न बलिदान गरिनु पर्छ। पुरानो करारमा जनावरको बलि चढाइन्थ्यो (लेवी १; ३—५; हेर्नुहोस्: हिब्रू ९:२२)। नयाँ करारमा, हाम्रो पापको निम्ति येशूको सिद्ध र अन्तिम बलिदान क्रूसमा गरियो (१ कोर १५:३)।

मानिसहरूका पापको निम्ति बलिदान चढाउने समयमा मन्दिरमा आएका कारण कर उठाउने मानिसको विचारमा यो शब्द आएको हो भनी भन्ने गरिन्छ। जे भए तापनि, उसले “रिझाउनु” अथवा “शान्त पार्नु” भन्ने शब्दको प्रयोग गरेको कुराले, उसले “आफूमा अत्यन्तै पाप” भएको र (रोम ७:१३ हेर्नुहोस्; किङ्ग जेम्स् संस्करण [KJV]) आफूलाई पापक्षमा अत्यावश्यक परेको कुरा उसले महसुस गरेको थियो भन्ने देखाउँछ। पछुतोको भारमा दबिएको त्यस मानिस (भज ४०:१२ हेर्नुहोस्) उद्धारको निम्ति करायो: “हे परमेश्वर, म पापीमाथि दया गर्नुहोस्!” (लूक १८:१३)।

हामी प्रत्येकले पाप गरेका छौं र “परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्” (रोम ३:२३)। “यदि हामीले पाप गरेका छैनौं भनी हामी भन्छौं भने हामी उहाँलाई झूटा तुल्याउँछौं, र उहाँको वचन हामीमा हुँदैन” (१ यूह १:१०)। हामी सबै मृत्युको योग्य छौं—परमेश्वरबाट अनन्त रूपमा अलग गरिन योग्य (रोम ६:२३क; प्रका २०:१४)। परमेश्वरको पवित्रताको ज्योतिको सामने आएपछि, हामीले गर्नसक्ने एउटै कुरा भनेको परमेश्वरको दयाको निम्ति बिन्ती गर्नु हो: “हे परमेश्वर, म पापीमाथि दया गर्नुहोस्!”

दुई वटा सम्भावनाहरू

यसको निष्कर्ष दिने क्रममा, येशू अख्तियारको साथ बोल्नुभयो: “म तिमीहरूलाई भन्दछु” (लूक १८:१४क)। अर्थात्, “मानिसहरूको हृदयलाई जान्ने व्यक्तिको रूपमा म तिमीहरूलाई भन्दछु। परमेश्वरको विचारको बारेमा जान्ने व्यक्तिको रूपमा म तिमीहरूलाई भन्दछु।”

सम्भावना नं. १: फरिसी

ख्रीष्टले पहिले फरिसीलाई सामाजिक हिसाबले सबैभन्दा उल्लेखनीय व्यक्तिको रूपमा चित्रण गर्नुभएको थियो, तर त्यसलाई उल्टयाउदै उहाँले आफ्नो निष्कर्ष बताउनुभयो: “म तिमीहरूलाई भन्दछु, योचाहिँ मानिस [कर उठाउने] त्यस अर्काभन्दा धर्मी ठहरिएर आफ्नो घरतिर लाग्यो” (लूक १८:१४क, ख)। अरू मानिसहरूको निन्दा गर्ने फरिसीले “अरूको” हैसियतलाई होच्याइरहेको थियो। १४ पदको स्पष्ट आशय फरिसी धर्मी *नठहरी* “घरतिर लाग्यो” भन्ने हो।

अवश्य नै फरिसी, आउँदा जस्तो आएको थियो त्यस्तै, आफूले “विनामहत्त्वको प्रार्थना गरेको” कुरालाई पत्ता नपाई घरतिर लाग्यो। माइकल विलकोक (Michael

Wilcock) ले उसको प्रार्थना "आत्म-बधाइद्वारा भरिएको थियो" जसले गर्दा "यो परमेश्वरको कानमा सुनुवाइको निम्ति उडेर जानु त कता हो कता, यसले त भूँइ छाड्न समेत गाह्रो पऱ्यो" भनी भनेका छन्।[13] रिचर्ड सी. ट्रेन्च (Richard C. Trench) ले लेखेका छन्, धुपजस्तो उडेर जानको सट्टा, फरिसीको प्रार्थना "धुवाँजस्तो उडेर उसको आफ्नै आँखामा लाग्यो।"[14]

यो मानिस आफैद्वारा पूरै भरिएको थियो त्यसैले परमेश्वरको निम्ति उसँग कुनै ठाउँ थिएन। आर. सी. एच. लेन्स्की (R. C. H. Lenski) ले भनेझैं, "भरिएको भाँडोमा परमप्रभुले केही खन्याउन सक्नुहुन्न।"[15] जब अन्त्यमा ऊ आफ्नो सृष्टिकर्ताको अगाडि उभिनेछ ऊ अचम्ममा पर्नेछ, "किनभने हरेक जसले आफूलाई उच्च पार्दछ, त्यो होच्याइनेछ" (लूक १८:१४ग)।

समभावना नं २: कर उठाउने

"हे परमेश्वर, म पापीमाथि दया गर्नुहोस्!" भनी प्रार्थना गर्ने कर उठाउने मानिसको बारेमा के भन्न सकिन्छ? ऊ "धर्मी ठहरिएर आफ्नो घरतिर लाग्यो" (लूक १८:१४)। उसका अपराधहरू निकालिए; उसका अधर्महरूबाट उसलाई धोइएको थियो; उसका पापहरूबाट उसलाई शुद्ध तुल्याइएको थियो (भज ५१:१, २)। "पश्चिमबाट पूर्व जत्ति टाढ़ा छ" उसका अपराधहरू पनि त्यतिनै टाढा गरी उसबाट हटाइएको थियो (भज १०३:१२)। "फरिसी आनन्दको अनुभव गर्दै, पूर्ण गर्वको साथमा घर फर्क्यो। कर उठाउने मानिस आनन्दको अनुभव गर्दै, पूर्ण शान्तिको साथ घर फर्क्यो।"[16]

जी. कम्पबेल मोर्गान (G. Campbell Morgan) ले लेखेका छन्, "मेरो विचारमा, यो मानिस अर्को दिन पनि मन्दिर आयो, तर ऊ त्यस्तै रूपमा आएन।"[17] पहिलो पल्ट ऊ पापद्वारा पेलिएको अवस्थामा आएको थियो। दोस्रो पल्ट ऊ क्षमा पाएको र कृत्यज्ञताको अनुभवसहित आए होलान्। जसले आफूलाई होच्याएको थियो उसलाई उच्च पारियो (लूक १८:१४)।

निष्कर्ष

क्लोभिस जी. च्याप्पेल (Clovis G. Chappell) ले डा. वेलम म्याकक्लूर (Dr. Weelam McClure) को कथा भनेका थिए।[18] यस डाक्टर, चालीस वर्षसम्म

---

[13]माइकल विलकोक (Michael Wilcock), *द म्यसेज् अफ लुक: द सेभियर अफ द वर्ल्ड*, द बाइबल स्पीक्स् टुडे सेरिज (डाउनर्स ग्रोभ, Ill.: इन्टर-भार्सिटि प्रेस, १९७९), १६५।

[14]रिचर्ड सी. ट्रेन्च (Richard C. Trench), *नोट्स् अन द प्याराबल अफ आवर लर्ड* (वेस्टवुड, एन.जे.: फ्लेमिङ एच. रेभेल को., १९५३), ५०३।

[15]आर. सी. एच. लन्स्की (R. C. H. Lenski), *द इन्टरप्रिटेसन अफ सेन्ट लुक्स् गोस्पल* (मिनेपोलिस्: अग्स्बर्ग पब्लिसिङ हाउस, १९४६), ९०६।

[16]ग्लेन पेस (Glen Pace), "द युनिभर्सल प्रेयर," जड्सोनिया चर्च अफ क्राइष्ट, जड्सोनिया, अर्कान्सास, २००० मा प्रचार गरिएको प्रवचन।

[17]जी. क्याम्पबेल मोर्गान (G. Campbell Morgan), *द प्याराबलस् एण्ड मेटाफोर्स् अफ आवर लर्ड* (वेस्टवुड, एन.जे.: फ्लेमिङ एच. रेभेल को., १९४२) २४२।

[18]मुख्य कथा *बिसाइड द बोन्नी ब्रियर बुस (Beside the Bonnie Brier Bush)*। च्याप्पेलको (Chappell's) संस्करण *सर्मोनस् फ्रम द प्याराबल्स् (Sermons from the Parables)*, ११२-१४ मा उल्लेख छ।

बिरामीहरूलाई हेरचहार गर्ने काममा निश्वार्थ रूपमा लागेका थिए। अन्त्यमा थकित भएपछि, उनी आफ्नो जीवन यात्राको अन्त्यमा आइपुग्यो। उसले आफ्नो पुरानो साथीलाई बोलाइपठाए अनि उसलाई आफ्नो आमाले प्रयोग गर्ने गरेको बाइबल पढ्न लगायो। उसको साथीले यूहन्ना १४ मा पल्टायो, जुन खण्डले धेरैको जीवनमा सहजता ल्याएको छ, तर चिकित्सकले उसलाई तुरुन्तै रोक्यो। "त्यो, म जस्ताको लागि होइन," उसले भन्यो "यो मेरोलागि साह्रै नै असल भयो। किताबलाई हातमा लेऊ, अनि गत महिनादेखि मैले हरेक रात पढ्ने गरेको खण्डमा यो खोलिनेछ।" निर्देशन दिइए अनुसार उसको साथीले गरेपछि, बाइबल लूका १८:१३ मा खोलियो: "तर कर उठाउनेचाहिँ टाढै उभिएर स्वर्गतिर आँखा पनि नउठाई यसो भन्दै आफ्नो छाती पिट्यो, 'हे परमेश्वर, म पापीमाथि दया गर्नुहोस्'!" डाक्टरले भन्यो, "यो मेरो लागि नै हो, र आफ्नो जीवनको अन्त्यमा पुगेका र आफैलाई भन्नको निम्ति कुनै असल शब्द नभएका जो-कोही बृद्ध पापीका निम्ति हो।" लूका १८:१३ डा. म्याकक्लूरको (Dr. McClure) निम्ति मात्र लेखिएको होइन; यो हामी सबैको निम्ति लेखिएको हो।

यरूशलेम यात्राको क्रममा येशूले निरन्तर शिक्षा दिनुभयो (मर्कू १०:१)। उहाँलाई उहाँका शत्रुहरूले (मत्ती १९:३, ७), उहाँका चेलाहरूले (मत्ती १९:२५, २७; मर्कू १०:१०) र अरूले निरन्तर प्रश्न गरिरहे (मत्ती १९:१६, २०)। ख्रीष्टको मन क्रूसमा केन्द्रित थियो (लूक १२:५०; मत्ती २०:१७-१९) तापनि, उहाँले प्रश्न गर्नेहरूलाई निरुत्साहित गर्नुभएन। कुनै पनि प्रश्नलाई उत्तर नदिई छाडिएन। प्रश्न गर्ने कुनै व्यक्ति पनि यसो भन्दै गएन, "गुरुज्यूले मलाई बेवास्ता गर्नुयो; उहाँले वास्तै गर्नुहुन्न।"

विवाह-विच्छेदको विषयमा प्रश्न र विवाह सम्बन्धी शिक्षा (मत्ती १९:१-१२; मर्कू १०:१-१२)

मत्ती १९:१-१२

[१]यी कुरा बोल्नुभएपछि येशू गालीलबाट यर्दनपारि यहूदाको इलाकातिर जानुभयो। [२]ठूला भीड़हरू उहाँको पछि लागे र उहाँले त्यहाँ मानिसहरूलाई निको पार्नुभयो। [३]फरिसीहरू उहाँकहाँ आएर उहाँलाई जाँच गर्न भनी उहाँलाई सोधे, "के कसैले कुनै कारण पत्नीसँग विवाहविच्छेद गर्न उचित छ?" [४]तर उहाँले भन्नुभयो, "के तिमीहरूले पढ़ेका छैनौ, कि सृष्टिकर्ताले तिनीहरूलाई सुरुमा नै नर र नारी बनाउनुभयो, [५]र भन्नुभयो, 'यसैकारण मानिसले आफ्ना बुबा र आमालाई छोड़ेर आफ्नी पत्नीसँग मिलिरहन्छ, र ती दुई जना एउटै शरीर हुनेछन्।' [६]ती अब दुई होइनन्, तर एउटै शरीर हुन्छन्। यसकारण परमेश्वरले जसलाई एकसाथ जोड्नुभएको छ, त्यसलाई कुनै मानिसले नछुट्टयाओस्।" [७]तिनीहरूले उहाँलाई भने, "मोशाले किन विवाहविच्छेदको त्यागपत्र दिएर पत्नीलाई त्याग्ने आज्ञा दिए?" [८]उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूका हृदयको कठोरताले गर्दा नै मोशाले पत्नीलाई त्याग गर्ने अनुमति तिमीहरूलाई दिएका हुन्। तर सुरुदेखि यस्तो थिएन। [९]म तिमीहरूलाई भन्दछु, जसले व्यभिचारको कारणबाहेक आफ्नी पत्नीलाई त्यागेर अर्कीसँग विवाह गर्छ, त्यसले व्यभिचार गर्दछ, अनि जसले त्यागिएकीलाई विवाह गर्छ, त्यसले पनि व्यभिचार गर्दछ।" [१०]चेलाहरूले उहाँलाई भने, "पति-पत्नीको यस्तै सम्बन्ध हो भनेता, विवाह नगर्नु नै असल हुनेछ।" [११]येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "सबै मानिसले यो वचन ग्रहण गर्न सक्दैनन्, केवल तिनीहरूले मात्र सक्छन् जसलाई यो

दिइएको छ। [१२]किनकि कोही जन्मँदै नपुंसक हुन्छन्, कतिचाहिँ मानिसले बनाएका नपुंसक हुन्छन्। कतिचाहिँ आफैले आफैलाई स्वर्ग-राज्यको निम्ति नपुंसक बनाउँछन्। जसले यो ग्रहण गर्न सक्छ, त्यसले त्यो ग्रहण गरोस्।"

मर्कूस १०:१-१२

[१]त्यस ठाउँलाई छोड़ेर यर्दन नदीको पारि यहूदियाको इलाकामा येशू जानुभयो र भीड उहाँकहाँ भेला भयो, अनि उहाँको रीतिअनुसार तिनीहरूलाई फेरि उहाँले शिक्षा दिनुभयो। [२]फरिसीहरू उहाँकहाँ आएर उहाँलाई परीक्षा गरी सोधे, "के कोही मानिसले आफ्नी पत्नीसँग विवाहविच्छेद गर्नु न्यायसङ्गत छ?" [३]उहाँले तिनीहरूलाई जवाफ दिएर भन्नुभयो, "मोशाले तिमीहरूलाई के आज्ञा दिएका छन्?" [४]तिनीहरूले भने, "एउटा त्यागपत्र लेखेर मानिसले आफ्नी पत्नीसँग विवाहविच्छेद गर्न सक्छ भनी मोशाले अनुमति दिएका छन्।" [५]तर येशूले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूका हृदयको कठोरताले गर्दा उनले तिमीहरूलाई यो आज्ञा लेखिदिए। [६]तर सृष्टिको आरम्भदेखि परमेश्वरले तिनीहरूलाई नर र नारी गरी बनाउनुभयो। [७]'यसैकारण मानिस आफ्ना बुबा र आमालाई छोड़ेर आफ्नी पत्नीसँग मिलिरहन्छ, [८]र ती दुई जना एउटै शरीर हुनेछन्।' तिनीहरू फेरि दुई होइनन्, तर एउटै शरीर हुन्छन्। [९]यसकारण परमेश्वरले जसलाई एकसाथ जोड्नुभएको छ, मानिसले नछुट्टयाओस्।" [१०]घरमा हुँदा चेलाहरूले फेरि यस विषयमा येशूलाई सोधे। [११]उहाँले तिनीहरूलाई भन्नुभयो, "जसले आफ्नी पत्नीसँग विवाहविच्छेद गरेर अर्कीसँग विवाह गर्छ, त्यसले तिनको विरुद्ध व्यभिचार गर्छ। [१२]अनि यदि स्त्रीले आफ्नो पतिसँग विवाहविच्छेद गरेर अर्कोसँग विवाह गर्छे भने, तिनले व्यभिचार गर्छे।"

ख्रीष्टसँग यात्रा गर्नेहरूमा उहाँको पछि दगुरिहिँड्ने आलोचकहरू अर्थात्, फरिसीहरू पनि थिए। केही समयपहिले तिनीहरूले "परमेश्वरको राज्य कहिले आउनेछ" भनी प्रश्न गरेका थिए (लूक १७:२०)। अहिले फेरि तिनीहरूले अर्को प्रश्नलाई अघि सारे। **फरिसीहरू उहाँकहाँ आएर उहाँलाई जाँच गर्न भनी उहाँलाई सोधे, "के कसैले कुनै कारण पत्नीसँग विवाहविच्छेद गर्न उचित छ?"** (मत्ती १९:३)। मानिसहरूले उत्तर पाउने अभिप्रायका साथ धेरैजसो प्रश्नहरू गरे, तर बेला-बेलामा गोप्य अभिप्रायका साथ प्रश्न गरिए। यो प्रश्नलाई एउटा पासोको रूपमा सोधिएको थियो—त्यस्तो पासो जसले चारै दिशाबाट प्रहार ल्याउन सक्थ्यो।

यदि पुरुषले आफ्नी स्वास्नीमा "केही खोट" पाएमा, उसले तिनलाई **त्यागपत्र** लेखेर (मर्कू १०:४), निकालिदिन सक्छ भनी मोशाले लेखेका थिए (व्य २४:१)। व्यवस्थाका विज्ञहरूले "केही खोट" भनेको के हो भनी विभाजन गरेका थिए। त्यहाँ मुख्य दुई विचार समूहहरू थिए: हिलेलको समूह (School of Hillel) र शाम्माइको समूह (School of Shammai)। जुनसुकै तुच्छ कारणको निम्ति आफ्नी पत्नीलाई त्यगपत्र दिने अनुमति मोशाको वचनले पुरुषलाई दिन्छ भनी हिलेलको समूहले जोड दिए। यौन अनैतिकताको कारण मात्र पत्नीलाई त्यागपत्र दिन सकिन्छ भनी शाम्माइको समूहले सिकाए। ख्रीष्टले यीमध्ये कुनै एउटालाई सहमत गरी फरक विचार राख्ने सबैलाई विपक्षी बनाउनुपर्ने भन्ने फरिसीहरूले सोचेका थिए।

यसको साथै, येशूले यसभन्दा पहिले विवाह-विच्छेद विरुद्ध शिक्षा दिनुभएको थियो (मत्ती ५:३१, ३२)। उहाँले मोशालाई समर्थन नगरेको फरिसीहरूले चाल पाएमा,

तिनीहरूले उहाँलाई मानिसहरूकै अघि बदनाम गर्नसक्थे। ख्रीष्टले जुनसुकै उत्तर दिनुभए तापनि उहाँले आफैलाई दोषी पाउनुहुनेछ भन्ने तर्क तिनीहरूको थियो। यो खतराले भरिएको परिस्थिति थियो।

विवाह-विच्छेदसँग सम्बन्धित प्रश्न, जवाफ दिन सजिलो प्रश्न होइन। तैपनि, येशूले उत्तर दिन कुनै संकोच मान्नुभएन। वर्तमानको कुनै पनि विचार समूहको पक्षधर बन्ने



कुरालाई इन्कार गरी उहाँ त्यो पासोबाट पार गर्नुभयो। उत्पत्ति १ र २ मा उल्लेख गरिएको, विवाहको निम्ति परमेश्वरको खास योजनाको कुरालाई उहाँले उठाउनुभयो:

> **तर उहाँले भन्नुभयो, "के तिमीहरूले पढ़ेका छैनौ, कि सृष्टिकर्ताले तिनीहरूलाई सुरुमा नै नर र नारी बनाउनुभयो, र भन्नुभयो, 'यसैकारण मानिसले आफ्ना बुबा र आमालाई छोड़ेर आफ्नी पत्नीसँग मिलिरहन्छ, र ती दुई जना एउटै शरीर हुनेछन्।' ती अब दुई होइनन्, तर एउटै शरीर हुन्छन्। यसकारण परमेश्वरले जसलाई एकसाथ जोड्नुभएको छ, त्यसलाई कुनै मानिसले नछुट्टयाओस्"** (मत्ती १९:४-६; हेर्नुहोस्: उत १:२७; २:२४)।

मोशाले व्यवस्था २४ मा के लेखेका छन् भन्ने विषयमा फरिसीहरूले प्रश्न गरेका थिए। मोशाले त्यसलाई लेख्नुभन्दा पहिले त्यस विषयमा के लेखेको थियो ख्रीष्टले त्यो कुरा तिनीहरूलाई याद दिलाउनुभयो। त्यसैले उहाँ र महान अगुवाका बीचमा कुनै विवादित विचार छैन भनी ख्रीष्टले तिनीहरूलाई देखाउनुभयो।

हताश भएका फरिसीहरूले प्रश्न गरे, **"मोशाले किन विवाहविच्छेदको त्यागपत्र दिएर पत्नीलाई त्याग्ने आज्ञा दिए?"** (मत्ती १९:७)। अर्को शब्दमा, "यदि परमेश्वरले विवाहलाई स्थायी राख्न चाहानुहुन्छ भने, मोशाले किन व्यवस्था २४:१-४ लेखे?" त्यो खण्डको नियमको उद्देश्य विवाह-विच्छेदलाई उत्साहित गर्नु होइन तर विवाहलाई संचालन गर्नु थियो भन्ने कुरालाई ध्यान दिनुहोस्। यो कुरालाई पनि विचार गर्नुहोस्, यो खण्ड पुरानो करारमा छ र येशू क्रूसमा मर्नुभएपछि करारको त्यस भागलाई पूरा गर्नुभयो।

येशूले उत्तर दिनुभयो, **"तिमीहरूका हृदयको कठोरताले गर्दा नै मोशाले पत्नीलाई त्याग गर्ने अनुमति तिमीहरूलाई दिएका हुन्। तर सुरुदेखि यस्तो थिएन"** (मत्ती १९:८)। मोशाले त्यागपत्र दिन *आज्ञा* गरेका थिए भनी फरिसीहरूले भने (मत्ती १९:७), तर मोशाले त्यागपत्र दिने आज्ञा होइन, *अनुमतिचाहिँ* दिएका थिए भनी ख्रीष्टले बताउनुभयो (मत्ती १९:८)—एउटा ठूलो भिन्नता।

बाइबलको "सुरुदेखि [नै]" विवाहलाई स्थायी होस् भन्ने स्पष्ट अभिप्राय परमेश्वरको रहेको छ (मत्ती १९:८; उत २:२४)। पुरानो करारको अन्त्यमा, परमेश्वरले भन्नुभयो, "सम्बन्धविच्छेदको कुरालाई म घृणा गर्दछु" (मला २:१६)। त्यसो हो भने, किन विवाह-विच्छेदलाई अनुमति दिइयो त? तिनीहरूको "हृदयको कठोरताले गर्दा" यसलाई अनुमति दिइयो भनी ख्रीष्टले बताउनुभयो। अपरिपक्व बालबालिकाहरूलाई बेला-बेलामा त्यस्ता कुराप्रति स्वतन्त्रता दिइन्छ, जुन स्वतन्त्रता ठूलाका निम्ति सहन गरिन्न। त्यसरी नै, इस्राएलीहरूसँगको प्रारम्भिक समयमा, उहाँले त्यो कुरालाई अनुमति दिनुभयो, जुन उहाँले

वास्तवमै मंजूरी दिनुहुन्न। हामीलाई प्रेरित १७:३० को बारेमा याद दिलाइएको छ: "यस्तो अज्ञानताका समयलाई परमेश्वरले ध्यान दिनुभएन, तर अब प्रत्येक ठाउँमा सब मानिसहरूलाई पश्चात्ताप गर्ने आज्ञा दिनुहुन्छ।" मत्ती १९:८ ले यहूदीहरूका बारेमा उल्लेख गर्दछ, र प्रेरित १७:३० ले अन्यजातिहरूका बारेमा सूचित गर्दछ; तर सिद्धान्त उही हो।

इस्राएलीहरूको कठोर हृदयका कारण किन परमेश्वरले विवाह-विच्छेद अनुमति दिनुभयो भन्ने विषयमा टिप्पणीकर्ताहरूले विभिन्न अनुमानहरू गरेका छन्। एउटा अनुमान, येशूले दिनुभएको शिक्षाको प्रतिक्रियास्वरूप उहाँका चेलाहरूले भनेको कुरासँग सम्बन्धित छ: **"पति-पत्नीको यस्तै सम्बन्ध हो भनेता, विवाह नगर्नु नै असल हुनेछ"** (मत्ती १९:१०)। सायद परमेश्वरलाई त्यो कुरा थाहा थियो, यदि विवाहविच्छेदलाई अनुमति दिइएन भने, आत्मिक रूपमा अपरिपक्व इस्राएलीहरू विवाहको जीवनपर्यन्त समर्पणतामा बाँच्नुभन्दा व्यभिचारमा नै रहन तयार हुन्छन्।

ख्रीष्टलाई उहाँको यसभन्दा अघिको विवाह र विवाह-विच्छेद सम्बन्धी शिक्षालाई परित्याग गर्न आफूहरूले जबर्जस्ती गर्न सक्ने भनी सोचेका थिए भने फरिसीहरू गलत थिए (मत्ती ५:३१, ३२)। पहिले उहाँले जे भन्नुभएको थियो, उहाँले त्यसमा एउटा अपवाद थप्नुभयो अनि पहिलेकै कुरालाई दोहोऱ्याउनुभयो: **"म तिमीहरूलाई भन्दछु, जसले व्यभिचारको कारणबाहेक आफ्नी पत्नीलाई त्यागेर अर्कीसँग विवाह गर्छ, त्यसले व्यभिचार गर्दछ, अनि जसले त्यागिएकीलाई विवाह गर्छ, त्यसले पनि व्यभिचार गर्दछ"** (मत्ती १९:९)।

येशूलाई पासोमा पार्ने प्रयासमा फरिसीहरू एकपल्ट फेरि असफल भए। तिनीहरूले फेरि रातो अनुहार लिएर जानुपऱ्यो भन्नेमा कुनै शंका छैन।

पछि, ख्रीष्ट र उहाँका चेलाहरू मात्रै भएको बेलामा, तिनीहरूले त्यस विषयमा प्रश्न सोध्ने काम जारी राखे। मर्कूस १०:१० ले टिपोट गरे अनुसार उहाँहरू एउटा **घरमा** हुनुहुन्थ्यो। यात्रा गर्ने क्रममा कहिलेकहीं उहाँहरूलाई बास बस्न निम्त्याइएको देखिन्छ। आफ्नी पत्नीलाई विवाहविच्छेद गर्ने मानिसको बारेमा जे भन्नुभएको थियो येशूले त्यही कुरालाई यहाँ दोहोऱ्याउनुभयो (मर्कू १०:११)। त्यसपछि उहाँले आफ्नो पतिलाई विवाहविच्छेद गर्ने महिलाको बारेमा बताउनुभयो: **"अनि यदि स्त्रीले आफ्नो पतिसँग विवाहविच्छेद गरेर अर्कोसँग विवाह गर्छे भने, तिनले व्यभिचार गर्छे"** (मर्कू १०:१२)। यहूदीहरूका बीचमा, त्यागपत्र दिने विशेष अधिकार पुरुषको हुन्थ्यो, तर, केही अवस्थाहरूमा, महिलाले अदालतमा गएर आफ्नो पतिलाई त्यागपत्र दिन माग गर्न सक्थ्यो।[19] अन्यजातिहरूका बीचमा, महिलाद्वारा अघि सारिने विवाहविच्छेद बढी प्रचलित थियो (१ कोर ७:१३ हेर्नुहोस्)। महिलाले आफ्नो पतिलाई त्यागपत्र दिने शिक्षा मर्कूसले समावेश गरे किनभने उसले आफ्नो पुस्तक अन्यजातिहरू (रोमीहरू) लाई लक्षित गरी लेखेका थिए।

आज, विवाहको स्थायीत्वको पक्षमा ख्रीष्टको शिक्षा कति जोडदार थियो भन्ने कुरा देख्ने कार्यमा मानिसहरू असफल हुन्छन्। तिनीहरूले भने, "पति-पत्नीको यस्तै सम्बन्ध हो भनेता, विवाह नगर्नु नै असल हुनेछ" (मत्ती १९:१०)। अर्को शब्दमा, "विवाहको

---

[19]विलियम बार्क्ले (William Barclay) हेर्नुहोस्, *द गोस्पल अफ मत्ती,* भोल. २, रिभ. एड., द डेली स्टडी बाइबल सेरिज़् (फिलादेल्फीया: वेस्टमिन्सटर प्रेस, १९७५), १९७।

दु:खको फन्दामा फस्ने मौका लिनुभन्दा विवाह नगर्नु नै असल हुनेछ।" बाइबलसम्बन्धी राम्रो ज्ञान नभएको अनि संसारिक विचार भएकाहरू अझै पनि भन्छन्, विवाहको जीवनपर्यन्त प्रतिबद्धतामा लाग्नुभन्दा पुरुष र स्त्री व्यभिचारमा सँगै बस्नु नै राम्रो हुन्छ।

येशूले उत्तर दिनुभयो, **"सबै मानिसले यो वचन ग्रहण गर्न सक्दैनन्, केवल तिनीहरूले मात्र सक्छन् जसलाई यो दिइएको छ"** (मत्ती १९:११)। "यो वचन" भन्नाले चेलाहरूको "विवाह नगर्नु नै असल हुनेछ" भन्ने भनाई हो। जब ख्रीष्टले "सबै मानिसले" यो वचन ग्रहण गर्न सक्दैनन् भनी भन्नुभयो, सबै जना अविवाहित जीवन बिताउन सक्दैनन् भन्ने कुरालाई उहाँले उल्लेख गरिरहनुभएको थियो। पहिले उहाँले प्रकृतिद्वारा नै अविवाहित रहन बाध्य गरिएका (यौन सम्बन्ध राख्ने क्षमताविहिनहरू; मत्ती १९:१२क) बारेमा उल्लेख गर्नुभयो, र मानिसहरूद्वारा बाध्य गरिएकाहरूका (नपुंसक गरिएका मानिसहरू; मत्ती १९:१२ख) बारेमा उल्लेख गर्नुभयो। दु:खको कुरा, त्यो समयको अन्यजाति संसारमा यो प्रथा सामान्य थियो।

अन्तमा, जो **आफैलाई स्वर्ग-राज्यको निम्ति नपुंसक बनाउँछन्** बारेमा उहाँले बताउनुभयो (मत्ती १९:१२ग)। यसले आफ्नो शरीरलाई हानी गर्नेहरूलाई समावेश गर्दैन; शरीरलाई परमेश्वरको "मन्दिर" को रूपमा सम्मान गरिनुपर्छ (हेर्नुहोस्: १ कोर ६:१९; रोम १२:१)। बरु, परमेश्वर र मानिसको सेवाको निम्ति आफ्नो सम्पूर्ण समय समर्पण गर्ने उद्देश्यले विवाह नगरी जीवन बिताउने निर्णय गरेकाहरूका बारेमा यसले बताउँछ (१ कोर ७:३२-३४ हेर्नुहोस्)। विवाह नगरिकन बस्नेहरू विवाहितहरूभन्दा पवित्र हुन्छन् भन्ने यसको अर्थ होइन। हिब्रू १३:४ ले भन्छ, "सबैका बीचमा विवाहचाहिँ आदरणीय होस्।" यसको साथै, पावलका अनुसार, नपुंसकको विशेषता भनेको के हो भने यस्तो व्यक्तिले "विवाहलाई निषेध गर्छ" (१ तिमो ४:३)।

विवाह नगरिकनै जीवन बिताउन निर्णय गर्नेहरूका बारेमा पुन: उल्लेख गर्दै, येशूले भन्नुभयो, **"जसले यो ग्रहण गर्न सक्छ, त्यसले त्यो ग्रहण गरोस्"** (मत्ती १९:१२घ)। खुलस्तरूपमा भनौं भने, हामीमध्ये धेरैलाई परीक्षाको अधिनमा नपरिकन अविवाहित रूपमा जीवन जिउने क्षमता "दिइएको छैन" (मत्ती १९:११; हेर्नुहोस्: १ कोर ७:२, ७)।

ख्रीष्टले उहाँका चेलाहरूलाई दिनुभएको जवाफको सारांश यसरी प्रस्तुत गर्न सक्छौं: "जीवन साथी हुनु असल कुरा *हो*। तर विवाह गर्नेहरू सबैले, विवाह भनेको जीवनभरको लागि हो भन्ने कुरा बुझून्!"

थप अध्ययनको निम्ति:
विवाह र विवाह-विच्छेदको विषयमा शिक्षा

विवाह-विच्छेद कहिलेकहीं व्यापक बन्छ तर यस विषयको शिक्षा बढ्नुको सट्टा घट्छ। प्रचारक तथा शिक्षकहरू अरूका भावनालाई चोट पुऱ्याउनेबारे डराएको कारण यस्तो हुनसक्छ। जब कसैले विवाह र विवाह-विच्छेदको बारेमा शिक्षा दिन्छ, उसले यसरी सुरु गर्न सक्छ: "तपाईंहरूमध्ये कति जना विवाह-विच्छेदको समस्यामा पर्नुभएको छ होला। तपाईंहरूको अवस्था यस्तो भए पनि वा नभए पनि, तपाईंका जवानहरूका निम्ति विवाह भनेको जीवनभरको लागि हो भन्ने कुरा मैले स्पष्ट पारेको तपाईं चाहानुहुन्छ भन्ने मलाई थाहा छ।" विवाहको बारेमा यसरी शिक्षा सुरु गर्ने तरीकाप्रति दिइने प्रतिक्रिया सामान्यतया सकरात्मक नै हुन्छ। मत्ती १९:३-९ र मर्कूस १०:२-१२ को मुख्य बुँदालाई निम्नानुसार चित्रित गर्न पनि सकिन्छ:

आफ्नी पत्नी (म) लाई त्यागपत्र दिने पुरुष (पु) को बारेमा येशूले बताउनुभयो (मत्ती १९:४, ५)।

यी दुई कानूनी बन्धनमा मात्र बाँधिएका हुँदैनन्[20] तर यिनीहरूलाई *परमेश्वरले* समेत "एकसाथ जोर्नुभएको" हुन्छ (मत्ती १९:६)।



तिनीहरूलाई मानिसले "छुटाए" तापनि (मत्ती १९:६)—अर्थात्, विवाह-विच्छेद (X)—तिनीहरू परमेश्वरद्वारा जोडिएकै अवस्थामा हुन्छन्।

अर्को शब्दमा, तिनीहरू विवाहित नै रहन्छन्।

त्यसैले, व्यभिचारको कारणबाहेक त्यस पुरुषले आफ्नी पत्नीलाई त्यागपत्र दिएमा त्यो मानिस *व्यभिचारको* दोषी ठहरिन्छ (मत्ती १९:९)।[21] किनभने परमेश्वरको दृष्टिकोणमा ऊ पहिलेको पत्नीसँगै विवाहित रहन्छ।



आफ्नो पतिलाई त्यागेर अर्को पुरुषसँग विवाह गर्ने स्त्रीको हकमा पनि यो कुरा लागू हुन्छ (मर्कू १०:१२)।

---

[20]हामीले देशको कानूनलाई पालन गर्नुपर्छ भनी बाइबलले सिकाउछ (रोम १३:१)। यसले कानूनी विवाहलाई संचालन गर्ने नागरिक कानूनलाई पनि यसले समावेश गर्छ।

[21]"व्यभिचार" भनी अनुवाद गरिएको ग्रीक शब्द (μοιχάω, *मोखाओ, moichaō*) लाई कुनै पनि यौनजन्य पापलाई बुझाउन प्रयोग गरिन्छ, जस्तै प्रस्थान २०:१४। कम्तीमा पनि एक जना विवाहित व्यक्तिको संलग्न भएको यौनजन्य पापलाई उल्लेख गर्न निश्चित अर्थमा पनि यो शब्दलाई प्रयोग गर्न सकिन्छ। यो खण्डमा पछिल्लो अर्थमा प्रयोग गरिएको छ।



दिइएको एउटै मात्र अपवाद भनेको, पति वा पत्नीले आफ्नो विवाहको प्रतिज्ञालाई तोडेको अवस्था हो।[22] यस्तो अवस्थामा, निर्दोष पक्षले आफ्नो पति वा पत्नीलाई त्यागपत्र दिनसक्छ र अर्को विवाह गर्नसक्छ।[23] यसले विवाहित जोडीलाई परमेश्वरको प्रसन्नताप्रति जवाफदेही भएको तुल्याउँदैन।[24]

प्रयोग: त्यसो भए तपाईं विवाह गर्नेबारे विचार गर्दै हुनुहुन्छ? (मत्ती १९:३-९)

आरधना सेवाभन्दा पहिले जवान जोडी एक जना प्रचारककहाँ गए र विवाह गर्नेबारे कुराकानी गर्न आएका भनी तिनाई बताए। प्रचारकले सेवापछि तिनीहरूसँग कुराकानी गर्न सहमति जनायो। सेवाको अन्त्यमा, तिनीहरूको नाम याद गर्न नसकेका कारण प्रचारकले यसो भनी सूचना दियो, "अन्तिम प्रार्थनापछि विवाह गर्न चाहाना गर्नुभएको, तपाईंहरू मेरो कार्यलयमा आउनुहुन्छ कि?" निले प्रियरका (Neale Pryor) अनुसार, त्यस दिन एक जना पुरुष र बाह्र स्त्रीहरू तिनको कार्यलयमा आए।[25] तैपनि, सत्यता के हो भने अविवाहितहरूमध्ये धेरैजसोले—स्त्री होस् वा पुरुष—विवाह गर्नेबारे सोचेका हुन्छन्। यस विषयमा गम्भीर विचार गर्ने समय अहिले नै हो, जीवनपर्यन्त प्रतिबद्धतामा बाँधिनुभन्दा पहिले नै।

---

[22]अपवाद "व्यभिचारको लागि" हो। ग्रीक बाइबलमा "व्यभिचारबाहेक" भनी उल्लेख छ (किङ्ग जेम्स् संस्करण [KJV] हेर्नुहोस्)। "व्यभिचार" शब्दलाई, कुनै पनि यौन सम्बन्धी पापलाई बुझाउन प्रयोग गरिन्छ वा दुई अविवाहित व्यक्तिबीच यौन सम्बन्धी पापलाई बुझाउन प्रयोग गर्न सकिन्छ। यो खण्डमा, यो शब्दलाई, विवाहपछि गरिने कुनै पनि यौन सम्बन्धी पापलाई उल्लेख गर्न सामान्य रूपमा प्रयोग गरिएको छ।

[23]"व्यभिचारको कारणबाहेक" भन्ने वाक्यले, विवाह-विच्छेदलाई मात्र परिवर्तन गर्दैन, तर अर्कोको विवाह सम्बन्धलाई समेत परिवर्तन गर्दछ—त्यसैले यसले अर्को विवाह गर्न अनुमति दिन्छ। यो खण्डले विवाह-विच्छेदलाई अनुमति दिन्छ तर अर्को विवाह गर्न अनुमति दिँदैन भनी केहीले विश्वास गर्छन्।

[24]येशूको वचनले "निर्दोष पक्षलाई" विवाह गर्न *अनुमति* दिन्छ तर *आज्ञा* दिँदैन भन्ने कुरालाई ध्यान दिनुहोस्। "बाइबलीय कारण" भए तापनि विवाह-विच्छेदलाई कहिल्यै पनि हल्का रूपमा लिनु हुँदैन। विवाह-विच्छेदपछि पनि धेरै प्रभावहरू आउँछन्, विशेष गरी बालबच्चामा यसको असर हुन्छ। "राम्रो विवाह-विच्छेद" भन्ने हुँदैन।

[25]सेप्टेम्बर १९८५, निले प्रियरले (Neale Pryor) "त्यसोभए तिमी विवाह गर्न चाहान्छौ" भन्ने विषयमा ब्राउन ट्रेल चर्च अफ क्राइस्ट ग्रेटर फर्ट वर्थ, टेक्ससमा प्रवचन दिएका थिए। यसलाई यहाँ उनको कक्षाबाट लिइएको हो।

विवाह परमेश्वरबाटको हो (मत्ती १९:४-६)

विवाहलाई परमेश्वरले स्थापना गर्नुभएको हो (मत्ती १९:४, ५)। परमेश्वरले संसारलाई सृष्टि गर्ने क्रममा, पहिलो पल्ट उहाँले "असल छैन" भनी एक्लोपनलाई भन्नुभएको थियो (उत २:१८)। परमेश्वरले स्त्रीलाई पुरुषको निम्ति "सुहाँउदो सहयोगी" को रूपमा सृष्टि गर्नुभयो (उत २:१८)। (किङ्ग जेम्स् संस्करण [KJV] मा "मिल्ने सहयोगी" ["help meet"] भन्ने वाक्य पाइन्छ। "मिल्ने" ["meet"] भन्ने शब्द पुरानो अंग्रजजी शब्द हो र यसको अर्थ "सुहाँउदो" ["suitable"] भन्ने हुन्छ।) महिलालाई सृष्टि गरिएको विवरण उत्पत्ति २:२१, २२ मा पाइन्छ। यस्तो भन्ने भनाई छ, महिलालाई पुरुषको शिरबाट निकलिएन अन्यथा उनले पुरुषमाथि हैकम चलाउने थिइन्, उसको खुट्टाबाट पनि निकालिएन अन्यथा पुरुषले महिलालाई कुल्चिने थियो, तर उसको छातीबाट निकाल्नुभयो ताकि उनी सँधै पुरुषको सुरक्षामा नजिक र प्रिय रहिरहोस्।

विवाहको ईश्वरीय सुरुवात भएको कारण, यो परमेश्वरको अख्तियारमा छ। साँचो रूपले खुशी वा सुखी विवाह, परमेश्वरलाई प्रसन्न तुल्याउने विवाह, परमेश्वरको वचनमा प्राप्त सिद्धान्तको आधारमा स्थपना गरिएको हुनुपर्छ।

विवाहको निम्ति तयारी आवश्यकता हुन्छ (मत्ती १९:४-६)

असल विवाह आफै हुँदैन। विवाहको निम्ति परमेश्वरले दिनुभएका केही मापदण्डहरू बाइबलमा पाइन्छ।

विवाहमा भिन्नता चाहिन्छ: परमेश्वरले "तिनीहरूलाई ... नर र नारी बनाउनुभयो" (मत्ती १९:४)। उहाँले तिनीहरूलाई पुरुष-पुरुष, वा स्त्री-स्त्री बनाउनुभएन। तथाकथित समलिङ्गी "विवाहहरू" लाई प्रभुले घृणा गर्नुहुन्छ (रोम १:२६, २७)।

विवाहपछि छुट्नु आवश्यक छ: "यसैकारण मानिसले आफ्ना बुबा र आमालाई छोड़ेर आफ्नी पत्नीसँग मिलिरहन्छ" (मत्ती १९:५)। विवाह भनेको नयाँ सम्बन्धको स्थापना हो।

- सम्भव भएमा, भौतिक रूपमा छुट्नु राम्रो हो। जवान पुरुष र जवान महिलाको आफ्नै घर हुनुपर्छ। भर्खरै विवाह गरेकाहरूको वैवाहिक जीवनमा समस्या आउने कारणहरूमध्ये एउटा कारण ससुराली परिवार हो।
- आर्थिक रूपमा पनि छुटिनु पर्छ। जवान मानिसले आफ्नो परिवारको आर्थिक जिम्मेवारी लिन तयार नभएसम्म, उसले अवश्य नै विवाह गर्नुहुँदैन। वैवाहिक कलहको तीन वटा मुख्य कारणमध्ये आर्थिक पक्ष पनि एक हो। पति आफ्नी पत्नीको "शिर" हुनुपर्छ (एफि ५:२३)। यो शिर हुने कुरा सौभाग्यभन्दा आफ्नी पत्नीको हेरचहार गर्ने जिम्मेवारी हो (एफि ५:२८, २९), जसमा आर्थिक जिम्मेवारी पनि समावेश हुन्छ। पति र पत्नी दुवैले काम गर्नु पर्ने हुनसक्छ, तर आफ्नो परिवारको भौतिक आवश्यकता पूरा गर्ने जिम्मेवारी पतिको हो।
- सबैभन्दा मुख्य कुरा, भावनात्मक रूपमा छुट्नु पर्छ। जवान पुरुषले "मेरी आमाले त यस्तो पकाउनु हुन्नथ्यो" भन्छ अथवा पत्नीले आफ्नो पतिलाई "मेरो बुबाले भए यसको समाधान उहिले नै गर्नुहुन्थ्यो" भन्छ भने उनीहरू वास्तविक रूपमा आफ्ना "बाबु र आमाबाट" छुटेका हुँदैनन्। विवाह गरिसकेपछि पनि, वैवाहिक दम्पतिले आफ्नो बाबुआमालाई प्रेम गर्छन्, तर यो सम्बन्ध फरक हुन्छ। वैवाहिक दम्पति छुटेपछि, पति वा पत्नीको जीवनको सबैभन्दा महत्त्वपूर्ण व्यक्ति आफ्नो जीवन साथी नै हुनुपर्छ।

विवाहमा "एउटै" हुनु आवश्यक छ: यसैकारण मानिसले आफ्ना बुबा र आमालाई छोड़ेर आफ्नी पत्नीसँग मिलिरहन्छ, र ती दुई जना एउटै शरीर हुनेछन् (मत्ती १९:५ हेर्नुहोस्; किङ्ग जेम्स् संस्करण [KJV])। "हिब्रू शब्दबाट ... *एउटै* हुनु भनी गरिएको [उत्पत्ति २:२४ बाट अनुवाद गरिएको] शब्दको अर्थ *टाँस्सिनु* भन्ने पनि हुन्छ।"[26] जब दुई वटा काठको फल्याकहरू एक आपसमा राम्ररी टँसाइन्छ, पछि काठ आफैभन्दा यसको जोडिएको भाग बढी बलियो हुन्छ। यी दुई वटा टाँस्सिएका फल्याकहरूलाई फेरि छुट्याउन सकिन्न; यी दुईलाई छुट्याउने कुनै प्रयास गरिएमा तीमध्ये एउटामा वा अर्कामा अथवा दुवैमा नोक्सानी मात्र हुन्छ।

विवाहमा एकता आवश्यक छ: "र ती दुई जना एउटै शरीर हुनेछन् ती अब दुई होइनन्, तर एउटै शरीर हुन्छन्" (मत्ती १९:५ख, ६क; १९७७ न्यू अमेरिक स्टयाण्डर्ड बाइबल [1977 NASB])।

- *कानूनी* रूपमा एक हुनुपर्छ। हामीले देशको कानून पालन गर्नुपर्छ भनी बाइबलले सिकाउँदछ (रोमी १३:१), यसमा विवाह सम्बन्धी कानून पनि पर्छ।
- *शारीरिक* रूपमा एक हुनुपर्छ। "एउटै शरीर" भन्ने वाक्यले यौन सम्बन्धलाई विशेष रूपमा बुझाउँछ (१ कोर ६:१६ हेर्नुहोस्)। विवाहमा यो सम्बन्ध सुन्दर हुन्छ, तर विवाह बाहिर यो कुरुप हुन्छ। प्रसंग यौन सम्पर्क अनुभव गरिने समयको होइन। वास्तविक रूपले शरीरमा एकै हुनको निम्ति समय, धैर्यता, अनि अर्को व्यक्तिप्रतिको वास्ताको आवश्यकता पर्छ।
- *भावनात्मक* रूपमा एक हुनुपर्छ (एफि ५:२८, २९ हेर्नुहोस्)। यसमा कुराकानी गर्ने र सँगै सहभागी हुन सिक्ने कुरा समावेश हुन्छ।
- सबैभन्दा मुख्य कुरा, *आत्मिक* रूपमा एक हुनुपर्छ: मण्डली र ख्रीष्टबीच जुन एकता छ त्यही प्रकारको एकतामा (एफि ५:३१-३३)।

विवाह जीवनभरको लागि हो (मत्ती १९:६-९)

विवाह स्थायी हो: "परमेश्वरले जसलाई एकसाथ जोड्नुभएको छ, त्यसलाई कुनै मानिसले नछुट्टयाओस्" (मत्ती १९:६ख)। परमेश्वरले सम्बन्धविच्छेदलाई घृणा गर्नुहुन्छ (मला २:१६)। यदि कुनै व्यक्ति "*यदि* यो सम्बन्ध राम्रो भयो भने, यो जीवनभरको लागि हो," भनेर विवाह सम्बन्धमा प्रवेश गर्छ भने, उसको वैवाहिक जीवन बर्बाद हुन्छ। त्यसैले यो कुरा स्पष्ट रूपमै बुझ्नु आवश्यक छ, जब तपाईंको विवाहमा समस्या आउँछ (र समस्या आउने नै छ), त्यसको विकल्प विवाह-विच्छेद होइन। यदि पुरुष र स्त्री प्रभुको इच्छालाई पालन गर्नमा प्रतिबद्ध छन् भने, उहाँको सहायताद्वारा उनीहरूले कुनै पनि समस्याको सामना गर्न सक्छन् (फिलि ४:१३)।

निष्कर्ष

ज-जसले विवाह गर्ने बारेमा सोचिरहनुभएको छ उहाँहरूलाई विशेष व्यक्ति भेट्टाउन र त्यस व्यक्तिलाई प्रभुमा उत्साह दिन परमेश्वरले सहायता गर्नुभएको होस्।

---

[26]डोन एण्ड जेन म्याकवोर्टर (Don and Jane McWhorter), *लिभिङ टुगेदर इन नलेज* (हन्ट्सभिल, आल.: पब्लिसिङ डिजाइनस्, १९८८), ६०।

बालकहरूका बारेमा गलत भ्रम र बालकहरू जस्तै हुनुपर्छ भन्ने विषयमा शिक्षा (मत्ती १९:१३-१५; मर्कू १०:१३-१६; लूक १८:१५-१७)

मत्ती १९:१३-१५

[१३]येशूले बालकहरूमाथि हात राखी प्रार्थना गरिदेऊन् भनी मानिसहरूले तिनीहरूलाई उहाँकहाँ ल्याए। अनि चेलाहरूले ती मानिसहरूलाई हप्काए। [१४]तर येशूले भन्नुभयो, "बालकहरूलाई मकहाँ आउन देओ, तिनीहरूलाई नरोक। किनभने स्वर्गको राज्य यस्तैहरूको हो।" [१५]अनि बालकहरूमाथि हात राख्नुभएपछि उहाँ त्यहाँबाट जानुभयो।

मर्कूस १०:१३-१६

[१३]मानिसहरूले साना बाल-बालिकाहरूलाई येशूले छोइदेऊन् भन्ने उद्देश्यले उहाँकहाँ ल्याए, तर चेलाहरूले तिनीहरूलाई हकारे। [१४]तर यो देखेर येशू रिसाउनुभयो, र तिनीहरूलाई भन्नुभयो, "साना बाल-बालिकाहरूलाई मकहाँ आउन देओ, तिनीहरूलाई नरोक, किनभने परमेश्वरको राज्य यस्तैहरूको हो। [१५]साँच्चै म तिमीहरूलाई भन्दछु, जसले परमेश्वरको राज्यलाई एउटा सानो बालकले जस्तै ग्रहण गर्दैन, त्यो कदापि त्यसभित्र पस्नेछैन।" [१६]अनि उहाँले तिनीहरूलाई काखमा लिएर तिनीहरूमाथि आफ्नो हात राखी तिनीहरूलाई आशीर्वाद दिनुभयो।

लूका १८:१५-१७

[१५]येशूले छोइदेऊन् भनी मानिसहरूले शिशुहरूलाई उहाँकहाँ ल्याए। तर चेलाहरूले यो देखेर तिनीहरूलाई हप्काए। [१६]येशूले तिनीहरूलाई आफूकहाँ बोलाएर भन्नुभयो, "बालकहरूलाई मकहाँ आउन देओ, तिनीहरूलाई नरोक। किनभने परमेश्वरको राज्य यस्तैहरूको हो। [१७]साँच्चै म तिमीहरूलाई भन्दछु, जसले एउटा बालकले जस्तै परमेश्वरको राज्यलाई ग्रहण गर्दैन, त्यो कुनै रीतिले त्यसभित्र प्रवेश गर्नेछैन।"

यरूशलेमतर्फको यात्राकै क्रममा उहाँहरू विश्राम गरिरहनुभएको थियो र त्यसैबेला आमाहरूले आफ्ना साना बालबालिकाहरूलाई येशूले आशीर्वाद दिऊन् भनी उहाँकहाँ लिएर आए। आमाहरूले प्रार्थना गरिदिनको निम्ति आफ्ना बालबालिकालाई धार्मिक अगुवाहरूकहाँ लिएर आउनु असामान्य कुरो थिएन।

ख्रीष्टका चेलाहरूले ती महिलाहरूलाई हकारे। ती आमाहरू अति हठी छन् भन्ने तिनीहरूले ठानेका हुनसक्छन्। आफ्नो समय केटाकेटीमा बर्बाद गर्नुभन्दा उहाँका (तिनीहरूका विचारमा) "गर्नु पर्ने धेरै महत्त्वपूर्ण कामहरू थियो" त्यसैले तिनीहरूले येशूलाई सुरक्षा दिने प्रयास गरिरहेका हुनसक्छन्। येशूले हकार्नेहरूलाई हकार्नुभयो: **"बालकहरूलाई मकहाँ आउन देओ, तिनीहरूलाई नरोक। किनभने स्वर्गको राज्य यस्तैहरूको हो"** (मत्ती १९:१४)।

येशूले बालबालिकाका निम्ति प्रार्थना गरिरहनुभएको दृश्य प्रत्येक आमाबाबुको मन छुने एउटा दृश्य हो: **अनि उहाँले तिनीहरूलाई काखमा लिएर तिनीहरूमाथि आफ्नो हात राखी तिनीहरूलाई आशीर्वाद दिनुभयो** (मर्कू १०:१६)। एच. आई. हेस्टर (H. I. Hester) ले लेखेका छन्, "... बालबालिकाहरूको सोचाइ र विचार हाम्रोजस्तो हुँदैन भन्ने कुरालाई

ध्यान दिनुहोस्। वास्तवमै, आज सन्तानलाई, बाल्यकालमा जति ध्यान र कदर गरिन्छ, त्यसको श्रेय येशू ख्रीष्टको शिक्षालाई सिधै दिन सकिन्छ।"[27] रोबर्ट डंकन कल्भरलको (Robert Duncan Culver) विचार यस्तो छ: "येशूले यसबारे शिक्षा नदिऊन्जेल बालबालिकाले मानिसहरूको हेरचहार र स्नेहतामा कहिल्यै स्थान पाएका थिएनन्।"[28]

ख्रीष्टले फेरि, बालकजस्तै हुनु आवश्यक छ भन्ने कुरा सिकाउन यो घटनालाई प्रयोग गर्नुभयो (सोझो, विश्वास गर्ने, र सिकाउन सकिने)। "साँच्चै म तिमीहरूलाई भन्दछु, जसले परमेश्वरको राज्यलाई एउटा सानो बालकले जस्तै ग्रहण गर्दैन, त्यो कदापि त्यसभित्र पस्नेछैन" (मर्कू १०:१५)।

सायद हामीले यो कुरा उल्लेख गर्नुपर्छ, येशूले बालबालिकाहरूलाई छुनुभएको हृदयस्पर्शी घटनाले बालबालिकाको तथाकथित "बप्तिस्मा" लाई प्रमाणित गर्दैन। यसको विपरित, बालबालिकाहरू शुद्ध र पवित्र रूपमा जन्मेका हुन्छन् भन्ने कुरालाई त्यस घटनामा ख्रीष्टले बोल्नुभएको वचनले सूचित गर्छ। तिनीहरूलाई स्वर्गको निम्ति तयार गर्न कुनै पनि मानव-निर्मित रीतिरिवाजमा सहभागी गराउनु पर्दैन।

अनन्त जीवन सम्बन्धी प्रश्न र धनसम्पत्तिको विषयमा शिक्षा (धनी युवकको कथा) (मत्ती १९:१६-२६; मर्कू १०:१७-२७; लूक १८:१८-२७)

मत्ती १९:१६-२६

[१६]उहाँकहाँ आएर एक जनाले भने, "हे गुरु, मैले अनन्त जीवन प्राप्त गर्नलाई के असल काम गर्नुपर्छ?" [१७]उहाँले तिनलाई भन्नुभयो, "असल के हो त्यस विषयमा तिमी मलाई किन सोध्दछौ? असल त एउटै मात्र हुनुहुन्छ। तर तिमी जीवनमा प्रवेश गर्न इच्छा गर्दछौ भने, आज्ञाहरू पालन गर।" [१८]तिनले उहाँलाई भने, "कुन-कुनचाहिँ?" येशूले भन्नुभयो, "तैंले हत्या नगर्नू, तैंले व्यभिचार नगर्नू, तैंले चोरी नगर्नू, तैंले झूटो गवाही नदिनू। [१९]आफ्ना आमा-बुबाको आदर गर्नू, र आफ्नो छिमेकीलाई आफूलाई झैं प्रेम गर्नू।" [२०]ती जवान मानिसले उहाँलाई भने, "यी सब त मैले पालन गरेकै छु। अब ममा के कमी छ?" [२१]येशूले तिनलाई भन्नुभयो, "तिमी सिद्ध हुन चाहन्छौ भने, गएर तिमीसित भएका सबै बेचेर दरिद्रहरूलाई देऊ, र तिमीले स्वर्गमा धन प्राप्त गर्नेछौ, अनि आएर मपछि लाग।" [२२]जब ती जवान मानिसले यो कुरा सुने, तिनी दुःखित भएर गइहाले, किनकि तिनको धेरै धन-सम्पत्ति थियो। [२३]अनि येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, स्वर्गको राज्यमा धनी मानिसलाई प्रवेश गर्नु गाह्रो पर्नेछ। [२४]फेरि म तिमीहरूलाई भन्दछु, धनी मानिसलाई परमेश्वरको राज्यभित्र पस्नुभन्दा बरु ऊँटलाई सियोको नाथ्रीबाट छिर्नु सजिलो हुनेछ।" [२५]यो सुनेर चेलाहरूले अति आश्चर्य मानी सोधे, "तब कसले उद्धार पाउन सक्छ?" [२६]येशूले तिनीहरूमाथि दृष्टि लगाई भन्नुभयो, "मानिसहरूका लागि यो असम्भव छ, तर परमेश्वरको लागि सबै कुरा सम्भव छ।"

मर्कूस १०:१७-२७

[१७]येशू बाटोमा जाँदैहुनुहुँदा, एक जना मानिस दौड़ेर आई उहाँको अगि घुँड़ा टेक्यो, र

---

[27]हेस्टर (Hester), १८०।

[28]कल्भर (Culver), १९६।

उहाँलाई सोध्यो, "हे असल गुरु, अनन्त जीवन प्राप्त गर्नलाई मैले के गर्नुपर्छ?" [१८]येशूले
त्यसलाई भन्नुभयो, "तिमी किन मलाई असल भन्छौ? एकमात्र परमेश्वरबाहेक अरू
कोही असल छैन। [१९]तिमी आज्ञाहरू त जान्दछौ, अर्थात् हत्या नगर्नू, व्यभिचार नगर्नू,
नर्चोनू, झूटा गवाही नदिनू, नठग्नू, आफ्ना बुबा र आमालाई आदर गर्नू।" [२०]अनि त्यसले
उहाँलाई भन्यो, "गुरुज्यू, यी सबै त मैले मेरो युवावस्थादेखि नै पालन गरेको छु।" [२१]येशूले
त्यसलाई हेर्नुभयो, र त्यसलाई माया गरेर भन्नुभयो, "तिमीलाई अझ एउटा कुराको अभाव
छ। जाऊ, र तिम्रा जे-जति छन् बिक्री गर र गरीबहरूलाई देऊ, र तिमीलाई स्वर्गमा सम्पत्ति
मिल्नेछ। अनि आएर मेरो पछि लाग।" [२२]तर यस कुराले त्यसको अनुहार उदासिलो भयो,
र त्यो दुःखित भएर गइहाल्यो, किनभने त्यससित धेरै धन-सम्पत्ति थियो। [२३]अनि वरिपरि
हेरेर येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, "धनीहरूलाई परमेश्वरको राज्यमा पस्नु कति
कठिन छ।" [२४]उहाँले भन्नुभएको यस कुरामा चेलाहरूले अचम्म माने। तर येशूले फेरि
तिनीहरूलाई भन्नुभयो, "बालक हो, धनसम्पत्तिमाथि भरोसा राख्नेहरूलाई परमेश्वरको
राज्यभित्र पस्नु कति कठिन छ। [२५]धनी मानिसलाई परमेश्वरको राज्यभित्र पस्नुभन्दा त
बरु सियोको नाथ्रीबाट ऊँटलाई छिर्न सजिलो हुन्छ।" [२६]तिनीहरू ज्यादै अचम्मित भए र
उहाँलाई भने, "त्यसो भए को बाँच्न सक्छ?" [२७]येशूले तिनीहरूलाई हेरेर भन्नुभयो,
"मानिसहरूका निम्ति त यो असम्भव छ, तर परमेश्वरको लागि छैन, किनकि परमेश्वरको
निम्ति सबै कुरा सम्भव हुन्छ।"

लूका १८:१८-२७

[१८]कोही एक जना शासकले येशूलाई यसो भनेर सोधे, "हे असल गुरु, अनन्त जीवन
पाउनलाई म के गरूँ?" [१९]येशूले तिनलाई भन्नुभयो, "तिमी मलाई किन असल भन्दछौ?
एक परमेश्वरबाहेक कोही असल छैन। [२०]तिमी आज्ञाहरू त जान्दछौः 'व्यभिचार नगर्नू,
हत्या नगर्नू, नचोर्नू, झूटा गवाही नदिनू, आफ्ना बुबा र आमाको आदर गर्नू'।" [२१]तिनले
भने, "यी सब त मैले मेरो युवावस्थादेखि नै पालन गरेको छु।" [२२]यो सुनेपछि येशूले
तिनलाई भन्नुभयो, "तिमीलाई अझ एक कुराको अभाव छ। तिमीसँग भएका जे जति छन्
ती सबै बेचेर गरीबहरूलाई बाँड़िदेऊ, र तिमीलाई स्वर्गमा धन हुनेछ, र आऊ, र मेरो पछि
लाग।" [२३]तर यी कुरा सुनेर ती शासक अति उदास भए, किनभने तिनी अत्यन्त धनी थिए।
[२४]अनि येशूले तिनलाई हेरेर भन्नुभयो, "धन-सम्पत्ति हुनेहरूलाई परमेश्वरको राज्यभित्र
प्रवेश गर्नु अति गाह्रो छ, [२५]किनभने धनी मानिसलाई परमेश्वरको राज्यमा प्रवेश गर्नुभन्दा
त ऊँटलाई सियोको नाथ्रीबाट छिर्नु सजिलो हुन्छ।" [२६]अनि सुन्नेहरूले भने, "तब कसको
उद्धार हुन सक्छ त?" [२७]उहाँले भन्नुभयो, "मानिसहरूका लागि जे असम्भव छ, त्यो
परमेश्वरको लागि सम्भव छ।"

येशूले बालबालिकाहरूका निम्ति प्रार्थना गरिसक्नुभएपछि, उहाँहरूले यरूशलेमतर्फको यात्रालाई निरन्तरता दिनुभयो। फेरि, उहाँलाई रोकियो—यस पटक एउटा जरुरी प्रश्न लिएर आएका एक जना जवान मानिसद्वारा (मर्कू १०:१७)। यो मानिसलाई सामान्यतया "धनी युवक" भनी भनिन्छ। कुनै पनि पदले उसको यो नामलाई उल्लेख गरेको छैन; तर लूका १८:१८ ले ऊ एक जना **शासक** थियो भन्ने बताउँछ, मत्ती १९:२०, २२ ले ऊ **जवान** थियो भन्ने बताउँछ, र तीन वटै सहदर्शी पुस्तकहरूले ऊ **धनी** थियो भन्ने कुरालई उल्लेख गर्छ (लूक १८:२३; हेर्नुहोस्: मत्ती १९:२२; मर्कू १०:२२)। के ऊ

सभाघरको "शासक" थियो (मर्कू ५:३६; किङ्ग जेम्स् संस्करण [KJV]), वा के ऊ महासभाको सदस्य थियो? हामीलाई थाहा छैन।

एक जना धनी, जवान शासक येशूकहाँ दौड़ेर आई **उहाँको अगि घुँड़ा टेक्यो, र उहाँलाई सोध्यो, "हे असल गुरु, अनन्त जीवन प्राप्त गर्नलाई मैले के गर्नुपर्छ?"** (मर्कू १०:१७)। मत्तीको विवरण अनुसार, त्यस युवकको प्रश्न, उसले के-कस्ता **असल काम** गर्नुपर्छ त्यस सम्बन्धी थियो (मत्ती १९:१६)। प्रश्न गर्नेले अवश्य नै "असल" भन्ने शब्दलाई दुई पटक प्रयोग गरे: प्रभुलाई सम्बोधन गर्दा र उसले के गर्नुपर्छ त्यसबारे प्रश्न गर्दा। ख्रीष्टले पहिले "असल" भन्ने शब्दप्रति प्रतिक्रिया दिनुभयो: **"तिमी किन मलाई असल भन्छौ? एकमात्र परमेश्वरबाहेक अरू कोही असल छैन"** (मर्कू १०:१८)। कतिले दाबी गरेजस्तो, येशूले आफू परमेश्वर भएको कुरालाई इन्कार गरिरहनुभएको थिएन। बरु, उहाँले त्यस युवकलाई "असल" शब्दको पूर्ण तात्पर्यको बारेमा बुझाउने प्रयास गरिरहनुभएको थियो। यदि उसले ख्रीष्ट वास्तवमा नै "असल" हुनुहुन्छ भन्ने बुझेका थिए भने, येशू शरीरमा परमेश्वर हुनुहुन्छ भन्ने कुरा उसले थाहा पाउनेथियो (यूह १:१, १४; मत्ती १:२३)। यसलाई अर्को तरीकाले भन्दा, येशूले त्यस युवकमा विश्वास पैदा गर्ने प्रयास गरिरहनुभएको थियो—उनलाई चाँडै नै दिइने चुनौतीलाई स्वीकार गर्न चाहिने प्रकारको विश्वास।

ख्रीष्टले त्यसपछि आनन्त जीवन प्राप्त गर्ने सम्बन्धी प्रश्नको प्रतिक्रिया दिनुभयो। उहाँले त्यस मानिसलाई मोशाको आज्ञा देखाइदिनुभयो, जुन त्यस समयमा लागू भइरहेको थियो। आज हामीले त्यो प्रश्नको फरक उत्तर दिनुपर्छ किनभने हामी येशूको मृत्युपछिको समयमा जिइरहेका छौं। तैपनि, आधारभूत सत्यता आफै पनि उही रूपमा लागू हुन्छ: उत्तर परमेश्वरको वचनबाट प्राप्त गर्नुपर्छ। ख्रीष्टले तोकेरै दश आज्ञामध्ये पाँच वटा आज्ञालाई उल्लेख गर्नुभयो: **"व्यभिचार नगर्नू, हत्या नगर्नू, नचोर्नू, झूटा गवाही नदिनू, आफ्ना बुबा र आमाको आदर गर्नू"** (लूक १८:२०; हेर्नुहोस्: प्रस २०:१२-१६; व्य ५:१६-२०)। मर्कूसको पुस्तकले **नठग्नू** भनी थपेको छ (मर्कू १०:१९)। मत्तीको पुस्तकले लेवी १९:१८ख बाटको, **आफ्ना आमा-बुबाको आदर गर्नू, र आफ्नो छिमेकीलाई आफूलाई झैं प्रेम गर्नू** भन्ने आज्ञालाई समावेस गरेको छ। यो भनाइलाई दश आज्ञाको पछिल्लो छ वटा आज्ञाहरूको सारांशको रूपमा हेरिन्छ। अर्को शब्दमा, "यदि तिमी अनन्त जीवन प्राप्त गर्न चाहान्छौ भने, परमेश्वरले जे भन्नुहुन्छ तिमीले त्यही गर।" शासकले जवाफ दियो, **"गुरुज्यू, यी सबै त मैले मेरो युवावस्थादेखि नै पालन गरेको छु"; "अब ममा के कमी छ?"** (मर्कू १०:२०; मत्ती १९:२०ख)।

मानिसको हृदयको कुरा देख्नुहुने ख्रीष्टले त्यस मानिसमा असल कुरा गर्ने ठूलो सम्भावना र असल गर्ने इच्छा देख्नुभयो। **येशूले त्यसलाई हेर्नुभयो, र त्यसलाई माया गरेर भन्नुभयो** भनी मर्कूसले टिपोट गरेका छन् (मर्कू १०:२१क; किङ्ग जेम्स् संस्करण [KJV])। ऊ एक विशेष युवक थियो। त्यसैले प्रभुले उसलाई भन्नुभयो, **"तिमीलाई अझ एउटा कुराको अभाव छ। जाऊ, र तिम्रा जे-जति छन् बिक्री गर र गरीबहरूलाई देऊ, र तिमीलाई स्वर्गमा सम्पत्ति मिल्नेछ** [मत्ती ६:१९-२१ हेर्नुहोस्]; **अनि आएर मेरो पछि लाग"** (मर्कू १०:२१ख)। मत्तीको पुस्तकमा **"तिमी सिद्ध हुन चाहन्छौ भने, ..."** भन्ने वाक्य छ (मत्ती १९:२१)। "सिद्ध" वा "पूर्ण" भनी अनुवाद गरिएको ग्रीक शब्दलाई मानिसको बारेमा बताउन प्रयोग गर्दा, यसले आत्मिक पूर्णता वा परिपक्वता भन्ने अर्थ दिन्छ।

"तिम्रा जे-जति छन् बिक्री गर र गरीबहरूलाई देऊ" भन्ने आज्ञा चेलाहरूका निम्ति

विश्वव्यापी मापदण्ड होइन भन्ने कुरामा सामान्यतया सहमत जनाइन्छ। मण्डलीको स्थापना भएपछि, इसाईहरूले अरू इसाईहरूलाई सहयोग गर्नका निम्ति आफ्ना सम्पत्ति बेचे (प्रे २:४४, ४५; ४:३२-३७); तर यो स्वेच्छिक थियो, अनिवार्य गरिएको थिएन (प्रे ५:३, ४)। यदि त्यसो हो भने, येशूले त्यस युवकलाई यी आज्ञाहरू किन दिनुभयो? यसको कम्तीमा दुई सम्भावनाहरू छन्।

पहिलो, जब ख्रीष्टले त्यस मानिसको हृदयमा हेर्नुभयो, उसको मुख्य समस्या लोभ थियो भन्ने कुरा उहाँले देख्नुभयो। येशूले दश आज्ञाका अन्तिम *छ* आज्ञामध्ये *पाँच* आज्ञाहरू बताउनुभयो—तर ती छ आज्ञालाई एउटै मानिन्छ (एक जना मानिसले अर्को मानिससँग कस्तो व्यवहार गर्नुपर्छ भन्ने कुरालाई सारांशमा उल्लेख गरिएको)। यी छमध्ये येशूले कुनचाहींलाई बताउनुभएन? दशौं आज्ञा: "तैंले लालच नगर्नू" (प्रस २०:१७; व्य ५:२१)। लोभसँग सम्बन्धित पुरानो करारको आज्ञा, अर्काको सम्पत्ति प्राप्त गर्ने खराब इच्छामा केन्द्रित छ। तैपनि, व्यक्तिगत सम्पत्ति आर्जन गर्ने गलत अभिप्रायको बारेमा उल्लेख गर्न पुरानो करारको त्यस आज्ञालाई येशूले विस्तृत गर्नुभयो। यहाँ पुरानो करारलाई जानी-बुझी प्रतिस्थापन गरिएको देखिन्छ; त्यस शासक र अनन्त जीवनको बीचमा उसको लालचीपन उभिएको थियो भन्ने स्पष्टै छ। आफू जे बन्नु पर्ने हो त्यो बन्नबाट टाढा राख्ने जुनसुकै कुराबाट चेलाहरू टाढा बस्नुपर्छ भनी ख्रीष्टले पहिले नै जोड दिनुभएको थियो (मत्ती ५:२९, ३०; १८:८, ९ हेर्नुहोस्)।

दोस्रो, येशूले त्यस मानिसलाई मन पराउनुभयो र उनमा सम्भावना रहेको देख्नुभयो। धनी युवकलाई आफूसँग भएका सबै थोक बेचेर उहाँलाई पछ्याउन प्रभुले दिनुभएको निर्देशन, अवश्य नै पूर्णकालीन चेलापनको निम्ति दिइएको बोलावट थियो—जसको निम्ति सबै थोक त्याग्नु पर्छ। (यही घटनाको श्रेणी मत्ती १९:२७ मा हेर्नुहोस्।)

ख्रीष्टले दिनुभएको चुनौतीप्रति त्यस युवकले कस्तो प्रतिक्रिया दियो? **यी कुरा सुनेर ती शासक अति उदास भए** भनी लूकाले लेखेका छन् (लूक १८:२३क)। अमेरिकन स्टचाण्डर्ड संस्करण (ASV) अनुसार, "यो सुनेपछि त्यसको अनुहार बिग्रियो, र दु:खित भएर गइहाल्यो: किनकि त्यससँग प्रशस्त सम्पत्ति थियो" (मर्कू १०:२२)। उनले आनन्त जीवन चाहेका थिए, तर विनामूल्यमा।

त्यस मानिसलाई गइरहेको देख्दा (लूक १८:२४), अवश्य नै येशूको हृदय भारी भएको थियो होला। उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयो, **"धनीहरूलाई परमेश्वरको राज्यमा पस्नु कति कठिन छ"** (मर्कू १०:२३)। यो कुरालाई मुख्य जोड दिन उहाँले थप्नुभयो, **"धनी मानिसलाई परमेश्वरको राज्यभित्र पस्नुभन्दा त बरु सियोको नाथ्रीबाट ऊँटलाई छिर्न सजिलो हुन्छ"** (मर्कू १०:२५)। बनावटी धार्मिक साहित्यका लेखकहरूले लोकप्रिय बनाएका "सियोको नाथ्री जत्रो ढोका" अवधारणाको बारेमा बिर्सिदिनुहोस्। "लर्ड जर्ज नुजेन्ट (Lord George Nugent) (१८४५-६) ले यस्तो विवरण परिचित गरेका छन्, येशूले सहरको दुई वटा ढोकाहरूका बारेमा उल्लेख गर्नुभएको हो, ठूलो ढोका भारी बोक्ने जनवारहरूका निम्ति, र सानो ढोका पैदल यात्रीहरूका निम्ति।"[29] यो "विवरण" (जसमा सत्यताको कुनै आधार छैन) बनावटी धार्मिक साहित्यका लेखकहरूले अपनाएका थिए, विशेष गरी बाइबलीय शिक्षालाई हल्का र सरल बनाउन खोज्नेहरूले। **मानिसहरूका लागि जे असम्भव छ** त्यसको बारेमा ख्रीष्टले बताइरहनुभएको थियो (लूक १८:२७): जुरो भएको

[29]म्याकगर्भे एण्ड पेण्ड्लेटन (McGarvey and Pendleton), ५४७।

वास्तविक जनावर (ऊँठ) लाई वास्तविक सियोको सानो नाथ्रीबाट जबर्जस्ती छिराउने कुरा।

येशूका चेलाहरूले **अति आश्चर्य मानी सोधे, "तब कसले उद्धार पाउन सक्छ?"** (मत्ती १९:२५)। यहूदीहरूले धनसम्पत्तिलाई परमेश्वरको निगाहको रूपमा लिन्थे। यदि धनी मानिस बाँच्न सक्दैन भने, कोही पनि बाँच्न सक्दैनन् भन्ने चेलाहरूको विचार थियो। ख्रीष्टले उत्तर दिनुभयो, **"मानिसहरूका लागि यो असम्भव छ, तर परमेश्वरको लागि सबै कुरा सम्भव छ"** (मत्ती १९:२६; हेर्नुहोस्: अय्यू ४२:२)। ऊँटलाई सियोको नाथ्रीबाट निचोरेर छिराउने शक्ति परेमश्वरसँग छ। यदि धनी मानिस परमेश्वरप्रति नम्र हुन्छ र उहाँको वचनलाई आदर गर्छ भने उहाँले धनी मानिसको हृदयलाई समेत परिवर्तन गर्न सक्नुहुन्छ (१ तिमो ६:९, १०, १७-१९ हेर्नुहोस्)।

प्रयोग: "ममा अझै के कमी छ?"
(मर्कू १०:१७-२७; मत्ती १९:१६-२६; लूक १८:१८-२७)

चिकित्सा विज्ञानको क्षेत्रमा हाल मानिसको शरीरभित्र हेर्न सकिने धेरै यन्त्रहरूको विकास गरिएका छन्: एक्स-रे मेशिन, सि.ए.टी. स्क्यान (CAT scans), एम.आर.आइ (MRIs), र त्यस्तै अन्य। तपाईंले प्रश्न गर्नुभएको हुनसक्छ, "यदि कुनै व्यक्तिले कसैलाई एक्स-रे गरी उसले के सोचिरहेको छ त्यो हेर्न सक्ने भए के हुन्थ्यो होला?" येशूले त्यसो गर्न सक्नुहुन्थ्यो। येशूले मानिसको भित्री हृदयमा हेरेर, व्यक्ति यथार्थमा कस्तो छ भन्ने कुरा थाहा पाउन सक्नुहुन्थ्यो। यसको उदाहरण मर्कूस १०:१७-२७ मा छ।

कतिपय मानिसहरूसँग भेट्नेबित्तिकै हामीलाई ती मानिस राम्रो लाग्छ; र अरूलाई मन पराउन हामीले समय लिनुपर्ने हुन्छ। मर्कूस १० मा येशूकहाँ आउने मानिस, भेट्दा तुरुन्तै राम्रो लाग्ने खालको मानिस थियो। उसँग धेरै प्रशंसायोग्य गुणहरू थिए।

(१) ऊ सही तरिकाले आयो: ऊ येशूलाई भेट्न दौडेर आयो। आफूले के चाहेको हो सो जान्ने र आफ्नो उद्देश्य पूरा गर्न लागिपर्ने मानिसहरू नै हामीलाई राम्रो लाग्छ। यति मात्र होइन, उसले ख्रीष्टको अघि घुँडा समेत टेक्यो। ऊ अख्तियारलाई नमान्ने घमण्डी युवक थिएन।

(२) ऊ राम्रै उद्देश्य लिएर आएको थियो: त्यो उमेरमा धेरैले आफ्नै बारेमा मात्र सोच्ने गर्छन्, तर उसलाई वास्तवमा के कुरा महत्त्वपूर्ण छ त्यसको बारेमा चासो थियो—अनन्त जीवन।

(३) ऊ सही स्थानमा आएको थियो: आफ्ना साथी-सङ्गीले के भन्लान, भीडले के सोच्ला वा धार्मिक अधिकारीहरूले के सिकाएको थियो, ऊसलाई ती कुराको चासो थिएन। ऊ उत्तर पाउन भनी *ख्रीष्टकहाँ* आएको थियो।

(४) ऊ सही समयमा आएको थियो: जवान हुँदै। ज्ञानी मानिसले भनेका छन्, "दुःखको समय र वृद्धावस्था आउन अघि नै, जब तिमीले भन्नेछौ, 'यस समयमा मेरो मन लाग्दैन,'" ती समयभन्दा अघि नै आफ्नो युवावस्थामा आफ्ना सृष्टिकर्ताको सम्झना गर (उप १२:१)।

यी असल गुणहरूका बाबजुत, आफ्नो जीवनमा के कुराको कमी छ त्यो कुराको महसुस उसले गरेको थियो। उसले प्रश्न गऱ्यो, "हे असल गुरु, अनन्त जीवन प्राप्त गर्नलाई मैले के गर्नुपर्छ?" (मर्कू १०:१७)।

हामीमध्ये धेरैले प्रश्न गरेका छौं र त्यसको निम्ति अनुचित किसिमको उत्तर पाएका

छौं। झट्ट हेर्दा, येशूको उत्तरमा पनि त्यस्तैभाव भएको जस्तो देखिन्छ: “तिमी किन मलाई असल भन्छौ? एकमात्र परमेश्वरबाहेक अरू कोही असल छैन” (मर्कू १०:१८)।

ख्रीष्टको ईश्वरीय स्वभावलाई स्वीकार नगर्ने कतिपयले येशूले आफूलाई ईश्वरीय व्यक्ति भएको कुरा इन्कार गर्नुभयो भन्ने कुरालाई प्रमाणित यो पदलाई प्रयोग गर्ने गर्छन्। तैपनि अरू ठाउँमा, ख्रीष्टले आफ्नो ईश्वरीयतालाई स्वीकार गर्नुभएको छ। उहाँले आफू ईश्वर भएको कुरालाई इन्कार गर्ने कारण यहाँ छैन। वास्तवमा, जब हामी ख्रीष्टका यी वचनलाई ध्यान दिएर हेर्छौं, यिनले उहाँको ईश्वरीयतालाई इन्कार गर्नुको सट्टा स्वीकार गरेको छ। त्यस मानिसले येशू नै मसीह भन्ने कुरालाई आफूले बुझेको कुरा संकेत नगरी ख्रीष्टलाई “असल गुरु” भनी भनेको छ। येशूले “असल” भन्ने शब्दलाई औंल्याउँदै, यो तर्कलाई सूचित गर्नुभयो, यदि त्यस मानिसले उहाँलाई *असल* हुनुहुन्छ भन्ने सोचेको थियो भने, उहाँ अवश्य नै *परमेश्वर* हुनुहुन्छ—किनकि परमेश्वर मात्रै असल हुनुहुन्छ भन्ने कुरालाई उसले बुझ्नेथियो।

यहाँ उल्लेख गरिएको प्रभुको वचन दुई धारे तरवार हो। येशू असल हुनुहुन्थ्यो तर ईश्वर हुनुहुन्नथ्यो भनी भन्नेहरूलाई यो वचनले यो कुरालाई सूचित गर्छ: यदि उहाँ असल हुनुहुन्थ्यो भने, उहाँ परमेश्वर हुनुहुन्थ्यो; र यदि उहाँ परमेश्वर हुनुहुन्नथ्यो भने, उहाँ असल हुनुहुन्नथ्यो। आफू असल भएको कारण आफ्नै कार्यहरूद्वारा उद्धार पाउँछु भनी सोच्नेहरूलाई समेत यसले औंल्याउँदछ। “एक परमेश्वरबाहेक कोही असल छैन” (लूक १८:१९ख)।

आफ्नो ईश्वरीयताको अवधारणालाई परिचित गराइसक्नुभएपछि, ख्रीष्टले त्यस मानिसले गरेको प्रश्नको उत्तर दिनुभयो: “तिमीलाई यी आज्ञाहरू थाहा छ, ‘हत्या नगर्नू, व्यभिचार नगर्नू, नचोर्नू, झूटा गवाही नदिनू, नठग्नू, आफ्नो बाबुआमालाई आदर गर्नू’” (हेर्नुहोस्: मत्ती १९:१८, १९; मर्कू १०:१९; लूक १८:२०)। त्यस जिज्ञासु जवानले एउटा आम गल्ती गरेको थियो; असल गुरुले परमेश्वरको मुख्य निर्देशनहरूको परिपूरक आज्ञा दिनुहुन्छ भन्ने त्यस मानिसले सोचेको थियो। धेरैले नयाँ करारको इसाईपन साह्रै सरल र तिनीहरूका निम्ति आधारभूत भएको मान्छन्; तिनीहरू अझ बढी चाहान्छन्। तिनीहरू अझ बढी खोज्छन्, त्यसैले तिनीहरूले अझ बढी नै पाउँछन् (२ तिमो ४:३, ४)। तैपनि, येशूले परमेश्वरको सन्तानले पालन गर्नुपर्ने मापदण्डहरूका बारेमा याद दिलाउनुभयो। मत्तीका अनुसार, उहाँले भन्नुभयो, “तिमी जीवनमा प्रवेश गर्न इच्छा गर्दछौ भने, आज्ञाहरू पालन गर” (मत्ती १९:१७ख)।

मानिसहरूले “केही गर्नै नपर्ने” धर्म चाहान्छन्, तर आनन्त जीवन प्राप्त गर्नको निम्ति परमेश्वरको आज्ञाहरूलाई मान्नु अत्यावश्यक हुन्छ भनी येशूले सिकाउनुभयो। ख्रीष्टको मृत्यु हुनुभन्दा पहिले, ती आज्ञाहरू व्यवस्थाका आज्ञाहरू थिए। त्यसैले ख्रीष्टले दश आज्ञाबाट वचन बोल्नुभयो। आज, हामी ख्रीष्टको नयाँ करारमा जिइरहेका छौं, तर प्रभुको आज्ञालाई हामीले आज पनि पालन गर्नु नै पर्छ। येशूले भन्नुभयो, “तिमीहरूले मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरू पालन गर्नेछौ” (यूह १४:१५)। यूहन्नाले लेखेका छन्, “परमेश्वरको प्रेम यही हो कि हामी उहाँका आज्ञाहरू पालन गर्दछौं” (१ यूह ५:३क)।

आज येशूले दिनुभएका आज्ञाहरू के-के हुन्? उहाँका चेला बन्न चाहानेहरूलाई, ख्रीष्टले भन्नुभयो, “किनभने म उही हुँ भनेर तिमीहरूले विश्वास गरेनौ भने आफ्ना पापमा मर्नेछौ”; “तिमीहरूले पश्चात्ताप गरेनौ भने तिमीहरू सबै त्यसरी नै नाश हुनेछौ”; “यसकारण हरेक जसले मानिसहरूका सामु मलाई स्वीकार गर्छ, म पनि उसलाई स्वर्गमा

हुनुहुने मेरा पिताको सामुन्ने स्वीकार गर्नेछु"; "विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ, तर विश्वास नगर्ने दोषी ठहरिनेछ" (यूह ८:२४; लूक १३:३; मत्ती १०:३२; मर्कू १६:१६)। पहिले नै चेलाहरू भइसकेका व्यक्तिहरूलाई, येशूले भन्नुभयो, "... अन्त्यसम्म स्थिर रहन्छ, त्यसैको उद्धार हुनेछ" (मत्ती १०:२२)।

अनन्त जीवन प्राप्त गर्नको निम्ति मानिसहरूलाई नहेर्नुहोस्; बाइबलमा हेर्नुहोस्। परमेश्वरको अनुग्रह र कृपालाई प्राप्त गर्नको निम्ति हामीले केही न केही गर्नुपर्छ भनी ख्रीष्टले सिकाउनुभयो।

येशूले त्यस मानिसलाई आज्ञाहरू पालन गर्नू भनी भन्नुहुँदा समेत ऊ सन्तुष्ट थिएन। उसले भन्यो, "गुरुज्यू, यी सबै त मैले मेरो युवावस्थादेखि नै पालन गरेको छु।" हामीमध्ये धेरैले यस्तो भन्न सक्दैनौं। पहिले त हामीले सँधै सही के हो त्यसलाई गरेका हुँदैनौं। दोस्रो, हामी जवान हुँदा असल के हो त्यसलाई गर्ने प्रयास गरेका नहुन सक्छौं।

मत्तीका अनुसार उसले भन्यो, "अब ममा के कमी छ?" (मत्ती १९:२०)। आफूलाई थाहा भए अनुसार उसले सबै कुरा गरेको थियो, त्यसैले उसले प्रश्न गऱ्यो (किङ्ग जेम्स् संस्करण [KJV] को वाक्य प्रयोग गर्दा), "ममा अझै के कुराको कमी छ?" त्यसपछि "येशूले त्यसलाई हेर्नुभयो, र त्यसलाई माया गरेर भन्नुभयो" (मर्कू १०:२१क; किङ्ग जेम्स् संस्करण [KJV])। ख्रीष्टले त्यस मानिसको हृदयलाई हेर्नुभयो, अनि त्यसको हृदयभित्रको कुरा उहाँलाई मन पऱ्यो। उहाँले देख्नुभएका सबै कुरा उहाँलाई मन त परेन, तर उसमा इमान्दार किसिमको चासो थियो र उसमा ठूलो सम्भावना थियो। त्यस मानिसको समस्या के थियो सो कुरा येशूले थाहा पाउनुभयो—र उहाँले त्यस मानिसलाई माया गर्नुभएको कारण, यसो भन्नुभयो, "तिमीलाई अझ एउटा कुराको अभाव छ। जाऊ, र तिम्रा जे-जति छन् बिक्री गर र गरीबहरूलाई देऊ, र तिमीलाई स्वर्गमा सम्पत्ति मिल्नेछ। अनि आएर मेरो पछि लाग" (मर्कू १०:२१ख)।

प्रभुको यी वचनलाई बुझ्नको निम्ति, दुई वटा कुरालाई विचार गरौं। पहिलो, यस मानिसलाई दिने विशेष कामको बारेमा ख्रीष्टले निश्चित रूपमा सोच्नुभएको थियो। दिइएको निर्देशनहरू पूर्णकालीन चेलाहरूका निम्ति आवश्यक पर्ने निर्देशनहरू थिए: "सबै थोक त्यागेर मेरो पछि लाग" (हेर्नुहोस्: मत्ती ४:१८-२२; लूक ५:११, २७, २८)।

दोस्रो, चेला बन्न चाहाने *जोसुकैको* निम्ति सबैभन्दा पहिलो मापदण्ड भनेको आफूलाई पूर्ण रूपले प्रभुमा समर्पण गर्नु हो। परमेश्वर "डाह गर्ने परमेश्वर [हुनुहुन्छ]" (प्रस २०:५), र उहाँलाई दोधारे प्रेम मन पर्दैन। त्यस जवान मानिसको प्रसंगमा भन्दा, ख्रीष्टको चेला बन्नुभन्दा आफ्नो धनसम्पत्ति नै धेरै महत्त्वपूर्ण कुरा हो भनी उसले सोच्यो। ऊ र पूर्ण समर्पणताको बीचमा उसको धनसम्पत्ति उभियो, त्यसैले येशूले उसलाई यो त्यागिदिनू भन्नुभएको थियो। उहाँमा पूर्ण समर्पणता गर्नबाट हामीलाई रोक्ने कुनै पनि कुरालाई त्याग्नू भनेर उहाँले हामीलाई भन्नुहुन्छ। यो रुपियाँपैसा पनि हुनसक्छ। यो व्यक्तिगत सुख-चैन, व्यक्तिगत भूल-गल्ती, वा गलत साथीसंगत पनि हुनसक्छ। यो जेसुकै भए तापनि, हाम्रो विचार र प्रेममा उहाँ नै पहिलो स्थानमा भएको प्रभु चाहानुहुन्छ।

येशूले युवकको प्राथमिकतालाई जाँच गर्नुभयो—र ऊ त्यस परीक्षामा असफल भयो। "जब ती जवान मानिसले यो कुरा सुने, तिनी दु:खित भएर गइहाले, किनकि तिनको धेरै धन-सम्पत्ति थियो।"

ऊ दु:खित मात्र भयो यसको श्रेय उसलाई दिनै पर्छ। उसले ख्रीष्टको निम्तोलाई यस्तो र उस्तो भन्दै इन्कार गरेन, जुन आजका कतिपयले गर्ने गर्छन्। ऊ दु:खित भयो किनभने

उसले प्रभुलाई प्रेम गर्थ्यो अनि पैसालाई पनि प्रेम गर्थ्यो—र उसले दुई मध्येमा एकलाई छान्नु परेको थियो। ऊ दुवै कुरालाई त्याग्न चाहाँदैनथ्यो, त्यसैले येशूलाई छाडेर जाँदा ऊ उदास भयो। उसले ख्रीष्टलाई प्रेम गरेको थियो; तर आफ्नो सम्पत्तिलाई अझै बढी प्रेम गरेको थियो।

"तिनी दु:खित भएर गइहाले"—तर आखिर ऊ गयो नै, र त्यसको अन्तिम परिणाम कस्तो थियो त भन्दा, उसले प्रभुको अनादर गरेको र उहाँप्रति रूखो व्यवहार गरेको सरह भयो। उसले गलत छनौट गरेको थियो र आफूले चाहेको अनन्त जीवनबाट आफैलाई वञ्चित गर्न पुग्यो।

के येशूले प्रेम गर्नुभएको कुनै व्यक्तिको उद्धार नहुन पनि सक्छ? ख्रीष्टले यो मानिसलाई प्रेम गर्नुभएको थियो, तर उसको उद्धार भएन। प्रभुको प्रेम मात्रै पर्याप्त छैन। तपाईं त्यो प्रेमलाई फर्काउन इच्छुक हुनुपर्छ—उहाँको इच्छामा समर्पित भएर (यूह १४:१५)।

निष्कर्ष

यदि त्यस जवान युवकले ख्रीष्टले तोक्नुभएको मापदण्डलाई पूरा गरेको भए उसले कुनै कुरा गुमाउनेथिएन। त्यसको चालीस वर्ष नबित्दै रोमीहरूले देशलाई ध्वस्त गरे, यहूदीहरूको धन-सम्पत्तिलाई लिए अनि तिनीहरूलाई दास बनाए। अन्त्यमा, त्यस मानिसले "स्वर्गको सम्पत्ति" मात्र गुमाएन, आफूले बचाउन खोजेको कुरालाई समेत उनले गुमाइपठाए। जब हामी प्रभुमा समर्पित हुन्छौं, हामीले कुनै पनि मुल्यवान वस्तुलाई गुमाउदैनौं (फिलि ३:७, ८)। यस पृथ्वीमा हाम्रो आनन्दमय र प्रशस्तताको जीवन हुनेछ, र यो जीवनपछि परमेश्वरको सम्पत्तिले पर्खिरहेको हुनेछ (मत्ती १९:२९)।

दाखबारीका खेतालाहरूको दृष्टान्त लगायत इनामको विषयमा प्रश्न र परमेश्वरको आशिषको बारेमा शिक्षा
(मत्ती १९:२७—२०:१६; मर्कू १०:२८-३१; लूक १८:२८-३०)

मत्ती १९:२७—२०:१६

२७तब पत्रुसले उहाँलाई भने, "हेर्नुहोस् हामीले त सबै थोक छोड़ेर तपाईंको पछि लागेका छौं। हामीले चाहिँ के पाउनेछौं?" २८येशूले तिनीहरूलाई भन्नुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरू जो मेरो पछि लागेका छौ, नयाँ सृष्टिमा जब मानिसको पुत्र आफ्नो महिमाको सिंहासनमा बस्नेछ, तब तिमीहरू पनि बाह्र सिंहासनमा बस्नेछौ, र इस्राएलका बाह्र कुलमाथि इन्साफ गर्नेछौ। २९हरेक जसले मेरो नाउँको खातिर घर, दाजुभाइ वा दिदी-बहिनी अथवा बुबा वा आमा वा छोरा-छोरी वा जग्गाजमिन छोड़ेको छ, त्यसले सय गुणा पाउनेछ, र अनन्त जीवनको अधिकार पाउनेछ। ३०तर धेरै जो पहिला छन् पछि पर्नेछन्, र पछि हुनेहरूचाहिँ पहिला हुनेछन्।"

१"स्वर्गको राज्य जमिनको एक जना मालिकजस्तो हो, जो बिहान सबेरै आफ्नो दाखबारीमा खेतालाहरूलाई ज्यालामा काम लाउन बाहिर निस्क्यो। २खेतालाहरूसँग एक दिनमा पाउने ज्याला तोकेर उसले तिनीहरूलाई आफ्नो दाखबारीमा पठायो। ३जब ऊ नौ बजेतिर बाहिर निस्क्यो, उसले अरूहरूलाई बजारमा बेकाम उभिरहेका देख्यो, ४र उसले

तिनीहरूलाई भन्यो, ‘तिमीहरू पनि दाखबारीमा जाओ, र जे उचित छ म तिमीहरूलाई
दिनेछु।’ ५अनि तिनीहरू गए। फेरि उसले बाह्र बजेतिर र तीन बजेतिर बाहिर निस्केर त्यसै
गऱ्यो। ६उसले पाँच बजेतिर बाहिर निस्केर अरूहरूलाई उभिरहेका भेट्टायो, र
तिनीहरूलाई भन्यो, ‘तिमीहरू किन यहाँ दिनभरि बेकाम उभिरहेका छौ?’ ७तिनीहरूले
उसलाई भने, ‘कसैले हामीलाई ज्यालामा लगाएको छैन।’ उसले तिनीहरूलाई भन्यो,
‘तिमीहरू पनि दाखबारीमा जाओ।’ ८जब साँझ पऱ्यो, तब दाखबारीको मालिकले आफ्नो
कर्मचारीलाई भन्यो, ‘खेतालाहरूलाई बोलाएर आखिरी आउनेहरूदेखि लिएर पहिला
आउनेहरूसम्मलाई तिनीहरूका ज्याला देऊ।’ ९पाँच बजे काममा लागेकाहरू आए, र
तिनीहरू हरेकले पूरा दिनको ज्याला पाए। १०जब पहिला ज्यालामा लागेकाहरू आए, तब
तिनीहरूले बढ्ता नै पाउँला भन्ने विचार गरे, तर तिनीहरू हरेकले पनि एक दिनको ज्याला
पाए। ११ज्याला पाएपछि जमिनका मालिकको विरुद्धमा तिनीहरू गनगनाउन लागे।
१२तिनीहरू भन्न लागे, ‘यी पछिल्लाहरूले एक घण्टा मात्र काम गरे, तर तपाईंले
तिनीहरूलाई हामी दिनभरिको भार बोक्नेहरू र चर्को गर्मी सहनेहरूसरह तुल्याउनुभएको
छ।’ १३तर उसले तिनीहरूमध्ये एक जनालाई जवाफ दियो, ‘मित्र, मैले तिमीमाथि केही
अन्याय गरेको छैनँ। के तिमीले मसँग पूरा एक दिनको ज्यालामा काम गर्ने कबूल गरेका
होइनौ? १४तिम्रो पाउने ज्याला लिएर जाऊ। यस पछिल्लालाई पनि तिमीलाई दिएजति म
दिन चाहन्छु। १५मेरो जति छ, त्यो म आफूले चाहेजस्तो गर्न सक्दिनँ र? मेरो उदारतामा
तिम्रो आँखा किन जल्ने?’ १६यसरी नै पछिल्ला पहिला हुनेछन् र पहिला पछिल्ला हुनेछन्।”

मर्कूस १०:२८-३१

२८पत्रुसले उहाँलाई भने, “हेर्नुहोस्, हामीले सबै छोड़्यौं, र तपाईंको पछि लागेका
छौं।” २९येशूले भन्नुभयो, “साँच्चै म तिमीहरूलाई भन्दछु, जसले मेरो निम्ति र
सुसमाचारको खातिर घर वा दाजुभाइ वा दिदी-बहिनी वा आमा-बुबा वा छोरा-छोरीहरू
वा जग्गाजमिन छोड्छ, ३०त्यसले सतावटको साथसाथै सय गुणा बढ़ी घर, दाजुभाइ, दिदी-
बहिनी, आमा, छोरा-छोरी र जग्गाजमिन यसै समयमा पाउनेछ, अनि आउँदो युगमा अनन्त
जीवन। ३१तर धेरै पहिला हुनेहरू पछिल्ला, र पछिल्ला हुनेहरूचाहिँ पहिला हुनेछन्।”

लूका १८:२८-३०

२८तब पत्रुसले भने, “हेर्नुहोस्, आफ्नो घरद्वार छोड़ेर हामी तपाईंको पछि लागेका छौं।”
२९तब उहाँले तिनीहरूलाई भन्नुभयो, “साँच्चै म तिमीहरूलाई भन्दछु, जसले घर वा पत्नी,
वा दाजुभाइ वा आमा-बुबा, अथवा छोराछोरीलाई परमेश्वरका राज्यको निम्ति त्याग्छ,
३०त्यसले यसै समयमा धेरै बढ़ी प्रतिफल पाउनेछ र आउने युगमा अनन्त जीवन प्राप्त
गर्नेछ।”

येशूले युवकलाई आफ्ना सम्पत्तिहरू त्यागेर उहाँको पछि लाग्ने चुनौती दिनुभएको थियो, तर त्यस युवकले निम्तोलाई इन्कार गऱ्यो। यसको विपरित, ख्रीष्टका चेलाहरूले त्यस प्रकारको बोलावटलाई सहजै स्वीकार गरेका थिए (हेर्नुहोस्: मत्ती ४:१८-२२; लूक ५:११, २७, २८)। त्यसैले पत्रुसले भन्यो, **“हेर्नुहोस् हामीले त सबै थोक छोड़ेर तपाईंको पछि लागेका छौं। हामीले चाहिँ के पाउनेछौं?”** (मत्ती १९:२७)।

कतिपयले आत्मिक इनामहरूलाई “परमेश्वरको आज्ञा पालन गर्ने महत्त्वहीन कारण”

भनी भन्छन्। प्रभुलाई पछ्याउनुको प्राथमिक कारण इनाम प्राप्त गर्ने इच्छालाई बनाउनुहुँदैन (१ कोर १३:१-३ हेर्नुहोस्), तर इनामका विषयमा बाइबलले धेरै कुरा बताएको छ (मत्ती ५:१२; ६:४, ५; १०:४१, ४२; १ कोर ३:८; २ यूह ८)। ख्रीष्टले पहिले प्रेरितहरूका निम्ति निश्चित इनामहरूका बारेमा बताउनुभयो: **"साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरू जो मेरो पछि लागेका छौ, नयाँ सृष्टिमा जब मानिसको पुत्र आफ्नो महिमाको सिंहासनमा बस्नेछ, तब तिमीहरू पनि बाह्र सिंहासनमा बस्नेछौ, र इस्राएलका बाह्र कुलमाथि इन्साफ गर्नेछौ"** (मत्ती १९:२८)।

मसीह राज्यलाई बुझाउन यहूदीहरूले "नयाँ सृष्टि" ("regeneration") भन्ने शब्द प्रयोग गर्थे। न्यू इन्टरनेशनल संस्करण (NIV) ले यो शब्दलाई सबै कुराको नवीकरण" भनी अनुवाद गरेको छ। इसाई बनेपछि "सबै कुरा नयाँ हुन्छ भन्ने कुरालाई उल्लेख गर्न तीतस ३:५ मा यही शब्दलाई प्रयोग गरिएको छ (२ कोर ५:१७)। यहाँ यो शब्दले, ख्रीष्टले पृथ्वीमा हजार वर्ष राज्य गर्नुहुन्छ भन्ने कुनै काल्पनिक भविष्यको बारेमा उल्लेख गर्दैन। बरु, यस वाक्यले ख्रीष्टको मृत्यु, दफन, र पुनरुत्थानपछि पहिलो पेन्तिकोसमा हुने मसीह राज्य, अर्थात् मण्डलीको स्थापनाको बारेमा उल्लेख गर्छ (प्रे २)। "नयाँ सृष्टि" वा "नवीकरण" तब हुनेछ, "जब" मानिसको पुत्र आफ्नो सिंहासनमा बिराजमान हुनुहुनेछ। येशू आफ्ना पिताकहाँ स्वर्गमा फर्केर जाँदा, उहाँ मुकुट पहिरिएको राजा हुनुहुन्थ्यो (प्रे २:३३-३५)। उहाँले अहिले आफ्नो राज्यमा (कल १:१३), अर्थात् मण्डलीमा (मत्ती १६:१८, १९) शासन गर्दै हुनुहुन्छ (१ कोर १५:२४-२८)।

"बाह्र सिंहासनमा बस्नेछौ, र इस्राएलका बाह्र कुलमाथि इन्साफ गर्नेछौ" भनी ख्रीष्टले आफ्ना प्रेरितहरूलाई प्रतिज्ञा गर्नुभयो। यसको अर्थ, परमेश्वरले इस्राएलको निम्ति राख्नुभएको योजना इस्राएलीहरू (यहूदीहरू) ले पूरा गरेनन् भन्ने कुरा प्रेरितहरूले देखाइदिए (रोम ९:६, ७ नोट गर्नुहोस्)। कुनै दिन तिनीहरूले, येशूका शिक्षाका बारेमा आफूले लेखेका प्रेरणाप्राप्त लेखहरूद्वारा इस्राएल (र अरू सबैलाई) "न्याय" गर्नेछन् (यूह १२:४८ हेर्नुहोस्)।

त्यसपछि येशूलाई पछ्याउनेहरूका निम्ति राखिएका सामान्य इनामहरूलाई उहाँले उल्लेख गर्नुभयो: **"हरेक जसले मेरो नाउँको खातिर घर, दाजुभाइ वा दिदी-बहिनी अथवा बुबा वा आमा वा छोरा-छोरी वा जग्गाजमिन छोड़ेको छ, त्यसले सय गुणा पाउनेछ, र अनन्त जीवनको अधिकार पाउनेछ"** (मत्ती १९:२९)। यो उत्साहजनक प्रतिज्ञाको बारेमा केही टिपोट गर्न आवश्यक देखिन्छ।

पहिलो, आफ्नो राज्यको अभियान सफल होस् भन्ने हेतुले गरिने बलिदानका बारेमा ख्रीष्टले यहाँ बताइरहनुभएको हो। मत्तीमा "मेरो नाउँको खातिर" भन्ने वाक्य पाइन्छ (मत्ती १९:२९)। मर्कूसमा **मेरो निम्ति र सुसमाचारको खातिर** भन्ने छ (मर्कू १०:२९)। लूकामा **परमेश्वरका राज्यको निम्ति** भनी उल्लेख गरिएको छ (लूक १८:२९)।

दोस्रो, त्यस प्रकारको त्याग गर्नेहरूलाई यही जीवनमा इनाम दिइनेछ। मर्कूसको विवरण अनुसार, त्यस्तो व्यक्तिले **त्यसले सतावटको साथसाथै सय गुणा बढ़ी घर, ... यसै समयमा पाउनेछ** (मर्कू १०:३०)। आमाले आफ्नो बच्चालाई "त्यसो नगर भनेर मैले तिमीलाई हजार पल्ट भनेको छु" भनेजस्तै येशूले यहाँ "सय गुण!" भन्ने वाक्य प्रयोग गर्नुभएको छ। सुसमाचारलाई ग्रहण गर्नका निम्ति आफ्नो शारीरिक परिवारद्वारा निकालिएकाहरूका जीवनले यो भनाइ साँचो हो भन्ने कुरालाई प्रमाणित गर्छ। परमेश्वरको परिवारमा (मण्डलीमा; १ तिमो ३:१५), तिनीहरूका सयौं दाजुभाइ र दिदीबहिनीहरू

हुन्छन्—र तिनीहरूलाई वास्ता गर्ने "आमाहरू" समेत हुन्छन्। यो खण्डले त्यागिएको घरबार र जग्गाजमिन "सय गुणा बढ़ी" पाउने बारेमा पनि उल्लेख गरेको छ। यसलाई ठेड रूपमा लिन नसकिने भए तापनि, इसाईहरूसँग "[घरबार] र जग्गाजमिन" हुनेछ, जहाँ ख्रीष्टको शरीरका अन्य सदस्यहरूले एक-अर्कालाई स्वागत गर्छन्।

तेस्रो, कसैले उहाँलाई गलत अभिप्राय लिएर पछ्याएको येशू चाहानुहुन्नथ्यो। त्यसैले त्यो प्रतिज्ञाको साथमा यी विचारणीय शब्दहरू पनि समावेश भएको हामी पाउँछौं: **सतावटको साथसाथै** (मर्कू १०:३०; हेर्नुहोस्: मत्ती ५:१०-१२; प्रे १४:२२; २ तिमो ३:१२)। जीवनमा मीठोसँग जहिल्यै पनि तीतो कुरा गाँसिएको हुन्छ।

चौथो, सबैभन्दा ठूलो इनाम स्वर्गमा हुनेछ: **... अनि आउँदो युगमा अनन्त जीवन** (लूक १८:३०)।

इनाम सम्बन्धी शिक्षालाई ख्रीष्टले यहीं समाप्त गर्नुभएको थिएन। उहाँका चेलाहरूले थप एउटा सिद्धान्त बुझ्नु आवश्यक थियो। प्रेरितहरूका बलिदान र प्रभुसँगको विशेष सम्बन्धको कारण, जब इनाम दिइन्छ इनाम प्राप्त गर्नेहरूमा उनीहरू नै स्वत: **पहिलो** हुनेछन् भन्ने अपेक्षा तिनीहरूले गरेका हुनसक्छन्। येशूले यसभन्दा अघि उल्लेख गर्नुभएको सिद्धान्तलाई उहाँले पुन: याद दिलाउनुभयो (लूक १३:३० हेर्नुहोस्): **"तर धेरै जो पहिला छन् पछि पर्नेछन्, र पछि हुनेहरूचाहिँ पहिला हुनेछन्"** (मत्ती १९:३०)। त्यसपछि उहाँले अर्को दृष्टान्त भन्नुभयो, जसलाई नील आर. लाइटफुट (Neil R. Lightfoot) ले "सबैभन्दा अलमल्ल पार्ने दृष्टान्त" भनी भनेका छन्।[30] (मत्ती २०:१६ लाई ध्यान दिनुहोस्)।

बिहान सबेरै आफ्नो दाखबारीमा खेतालाहरूलाई ज्यालामा काम लाउन [शायद बिहान लगभग ६:०० बजे हुनसक्छ] **बाहिर निस्कने** मालिकको बारेमा येशूले एउटा कथा बताउनुभयो (मत्ती २०:१)। अङ्गर टिप्ने मौसम अगष्ट महिनाको अन्तिम वा सेप्टेम्बर महिनाको सुरुतिर हो। अङ्गर टिप्ने क्रममा, सकभर एकै पटक टिप्नु महत्त्वपूर्ण मानिन्छ। अवश्य नै यो मालिक कामको खोजी गरिरहेका मानिसहरूलाई खोज्न बजार क्षेत्रमा गएको हुनुपर्छ (मत्ती २०:३ हेर्नुहोस्)। उनले भेटेकाहरूलाई काम दिए र [एक दिनको दिनारियस] **एक दिनमा पाउने ज्याला** दिन राजी भए (मत्ती २०:२)। "दिनारियस" भनेको चाँदीबाट बनाइएको सानो रोमी सिक्का हो। सामान्य कामदारलाई प्रारिश्रमिक दिइने रकमको मात्रा यति नै थियो भन्ने निष्कर्षको आधार यही पद हो।

अझै थप खेतालाहरू चाहिएको कारण **ऊ नौ बजेतिर बाहिर** (लगभग तेस्रो घण्टातिर) (मत्ती २०:३), र त्यसपछि **बाह्र बजेतिर र तीन** (लगभग छैठौं र नवौं घण्टा) (मत्ती २०:५)। प्रत्येक पल्ट उसले थप खेताला पठाए, र तिनीहरूलाई **"जे उचित छ तिमीहरूलाई दिनेछु"** भनी प्रतिज्ञा गरे (मत्ती २०:४)। ऊ फेरि एक पटक **पाँच बजेतिर** बाहिर गयो (लगभग एघारौं घण्टा) र मानिसहरू त्यसै **उभिरहेका भेट्टायो** (मत्ती २०:६)। जब उनले तिनीहरूलाई **"किन?"** तिनीहरूले भने, **"कसैले हामीलाई ज्यालामा लगाएको छैन।"** प्रत्येक पल्ट त्यस मालिकले फरक क्षेत्रमा गएर खेतालाहरू खोजेको हुनसक्छ। उसले तिनीहरूलाई, **तिमीहरू पनि दाखबारीमा जाओ** भनी पठायो (मत्ती २०:७)।

जब साँझ पऱ्यो (लगभग साँझको ६:०० बजे), खेतालाहरूलाई ज्याला दिनू भनी मालिकले आफ्नो कर्मचारीलाई अह्रायो (मत्ती २०:८)। मोशाको व्यवस्था अनुसार,

---

[30]लाइटफूट (Lightfoot), ५२।

कामदारलाई दिनको अन्त्यमा नै ज्याला दिइसक्नु पर्थ्यो (लेवी १९:१३; व्य २४:१५)।

एक घण्टा जति काम गर्नेहरूले समेत दिनभर काम गर्नेहरूले जति नै प्रारिश्रमिक पाए र धेरै समय काम गर्ने खेतालाहरूलाई यो कुराले निराशामा पाऱ्यो (मत्ती २०:९, १०)। जब तिनीहरूले यस विषयमा असन्तुष्ट व्यक्त गरे (मत्ती २०:११, १२), तिनीहरूलाई आफूले प्रतिज्ञा गरेको जति नै रकम प्रदान गरिएको कुरा मालिकले तिनीहरूलाई बतायो—र आफूले चाहेको रकम अरूलाई दिने अधिकार आफूसँग रहेको कुरा पनि उसले बतायो (मत्ती २०:१३-१५)। तिमीहरूको डाही आँखा किन **जल्ने** भनेर १५ पदमा बताइएको छ। मुख्य बाइबलमा "दुष्ट आँखा" (किङ्ग जेम्स् संस्करण [KJV] हेर्नुहोस्) भनी उल्लेख गरिएको छ, जुन स्वर्थी, लोभी, र डाहीको हिब्रू रूप हो (हितो २८:२२)।

इसाई बन्नलाई "एघारौं घण्टा" सम्म पर्खिरहनु पर्छ भनी उत्साह दिनलाई यो दृष्टान्त बताइएको *होइन*। एघार-घण्टे खेतालाहरूले पनि बोलाइनु बित्तिकै काम सुरु गरेका थिए। बुढाबुढी भएपछि राज्यमा प्रवेश गर्ने योजना बनाएर वर्षौं-वर्षसम्म सुसमाचारलाई इन्कार गर्ने मानिसहरूका अवस्थाभन्दा तिनीहरूको अवस्था फरक थियो। पर्खेर बस्नु खतरापूर्ण कुरा हो। एघारौ घण्टासम्म पर्खनेहरू पर्याप्त समयसम्म नबाँच्न सक्छन्। यदि तिनीहरू त्यति लामो समयसम्म बाँचे नै भने पनि, तिनीहरूका हृदय कठोर भई तिनीहरू सुसमाचारलाई ग्रहण गर्न नसक्ने हुन सक्छन् (हिब्रू ३:१३; ६:६ हेर्नुहोस्)। जब कुनै मानिसलाई सुसमाचारले बोलाउँछ (२ थेस २:१४), उसले तुरुन्तै प्रतिक्रिया दिनुपर्छ।

अर्कोतर्फ, "धेरै काम, धेरै प्रारिश्रमिक" को आधारमा इनाम दिइनेछैन भन्ने कुरा प्रेरितहरू र सुरुदेखि नै काम गर्नेहरूलाई बताउन यो दृष्टान्त बताइएको *हो*। इनाम कमाइने कुरो होइन, तर यो त सर्वभौम परमेश्वरको कृपाद्वारा प्रदान गरिन्छ।

राज्यमा **पहिला** भनी मानिसहरूले मानेकाहरू परमेश्वरको नजरमा वास्तवमा **पछिल्ला** हुनसक्छन्, विशेष गरी जसले आफैलाई धेरै पाउने योग्यका ठान्छन्—जस्तै दृष्टान्तमा बिहानैदेखि काम गर्नेहरूले सोचेका थिए। यसको विपरित, आफूलाई राज्यमा त्यति महत्त्वपूर्ण नठान्नेहरू ("पछिल्ला") परमेश्वरको नजरमा "पहिला" हुनसक्छन् (मत्ती २०:१६)।

उहाँको आउन लागेको मृत्युको बारेमा अग्रिम चेतावनी (मत्ती २०:१७-१९; मर्कू १०:३२-३४; लूक १८:३१-३४)

मत्ती २०:१७-१९

[१७]यरूशलेमतिर जाँदैहुनुहुँदा येशूले बाह्र चेलाहरूलाई अलग्ग लगेर बाटोमा तिनीहरूलाई भन्नुभयो, [१८]"हामी यरूशलेमतिर जाँदैछौं। अब मानिसको पुत्र मुख्य पूजाहारीहरू र शास्त्रीहरूका हातमा सुम्पिइनेछ, र तिनीहरूले उसलाई मृत्युदण्डको दोषी ठहराउनेछन्। [१९]उसलाई गिल्ला गर्न, कोर्रा लाउन, र क्रूसमा टाँग्न भनी तिनीहरूले उसलाई अन्यजातिहरूका हातमा सुम्पनेछन्, र तेस्रो दिनमा ऊ जीवित भई उठ्नेछ।"

मर्कूस १०:३२-३४

[३२]उहाँहरू यरूशलेमतिर जाँदैहुनुहुन्थ्यो, र येशू तिनीहरूका अगिअगि हिँड़िरहनुभएको थियो। चेलाहरू अचम्मित थिए, र अरू पछिपछि आउनेहरू भयभीत थिए। तब उहाँले

बाह्रै चेलाहरूलाई फेरि एकातिर लगेर आफूमाथि परिआउने कुराहरू तिनीहरूलाई सुनाउनुभयो। ३३उहाँले भन्नुभयो, "हेर, हामी यरूशलेमतिर जाँदैछौं। त्यहाँ मानिसको पुत्रलाई मुख्य पूजाहारीहरू र शास्त्रीहरूकहाँ सुम्पिदिइनेछ, र तिनीहरूले उसलाई मृत्युदण्ड दिनेछन्, र अन्यजातिहरूका हातमा सुम्पिदिनेछन्। ३४अनि तिनीहरूले उसलाई गिल्ला गर्नेछन् र उसलाई थुक्नेछन्, उसलाई कोर्रा लगाउनेछन् र उसलाई मार्नेछन्। तर तीन दिनपछि ऊ फेरि जीवित भई उठ्नेछ।"

लूका १८:३१-३४

३१येशूले बाह्रैलाई अलग्गै लगेर भन्नुभयो, "हेर, हामी यरूशलेमतिर जाँदैछौं, र मानिसको पुत्रको विषयमा अगमवक्ताहरूले लेखेका हरेक कुरा पूरा हुनेछ। ३२किनभने ऊ अन्यजातिहरूका हातमा सुम्पिइनेछ, र तिनीहरूले उसको गिल्ला गर्नेछन्, र ऊसँग दुर्व्यवहार गर्नेछन्, र उसलाई थुक्नेछन्। ३३तिनीहरूले उसलाई कोर्रा लाउनेछन् र मार्नेछन्, अनि तेस्रो दिनमा ऊ फेरि मृत्युबाट जीवित भई उठ्नेछ।" ३४तर चेलाहरूले यी कुराहरू एउटै पनि बुझेनन्। तिनीहरूका निम्ति यो कुरा गुप्तमा राखियो, अनि भनिएको यो कुरा तिनीहरूको समझले भ्याएन।

ख्रीष्ट र भीड यरीहोको नजिकैको स्थानमा पुग्नुभयो (मर्कू १०:४६ हेर्नुहोस्)। शायद उहाँहरू, तीर्थयात्रीहरू तरेर यहूदिया जाने घाटको माथि, यर्दन नदीको अर्कोतर्फ पर्ने यरीहोको पूर्वी भागमा हुनुहुन्थ्यो। (परिशिष्ट २ मा "ख्रीष्टको जीवनको समयमा प्यालेष्टाइन" को नक्सा हेर्नुहोस्।) मर्कूसले लेखेका छन्, **उहाँहरू यरूशलेमतिर जाँदैहुनुहुन्थ्यो, र येशू तिनीहरूका अगिअगि हिँड़िरहनुभएको थियो। चेलाहरू अचम्मित थिए, र अरू पछिपछि आउनेहरू भयभीत थिए** (मर्कू १०:३२क)। मर्कूस १०:३२क मा उल्लेख गरिएको "तिनीहरू" र "पछिपछि आउनेहरू" फरक समूह हुन सक्छ अथवा नहुन सक्छ। यदि यी दुईले दुई वटा समूहलाई बुझाउँछ भने, "तिनीहरू" भन्ने वाक्यांशले अवश्य नै बाह्रलाई बुझाउँछ, र "पछिपछि आउनेहरू" ले उहाँसँग यात्रा गरिरहेका अन्य चेलाहरू भन्ने बुझाउँछ।

आफूलाई मृत्युले पर्खिरहेको भए तापनि, येशू निर्धक्कसँग हिँड्नुभयो, तर उहाँका चेलाहरू डराएका थिए भन्ने स्पष्टै देखिन्छ। अधिकारीहरू उहाँलाई मार्ने प्रयासमा लागिपरेका छन् भन्ने थाहा हुँदाहुँदै पनि उहाँ यरूशलेम जानुभएको देखेर तिनीहरूले अचम्म मानेका हुनसक्छ (यूह ११:७, ८, १६, ४७-५४)। शायद तिनीहरू उहाँको जीवनको निम्ति मात्र डराएका थिएनन्, तर तिनीहरू आफ्नै निम्ति पनि डराएका थिए (यूह ११:१६ हेर्नुहोस्)।

येशूले बाह्रलाई अलग्गै लगेर आफूमा आइपर्ने घटनाको बारेमा फेरि बताउनुभयो। शायद उहाँले यो आशा गर्नुभएको हुनसक्छ—उहाँको हरेक अगमवाणी पूरा भएको कुरा चेलाहरूले देखेपछि तिनीहरूले उहाँको मृत्युलाई दुःखान्तको रूपमा होइन तर परमेश्वरको योजना र उद्देश्यको विजय भएको कुराको रूपमा हेरे। (पछि तिनीहरूले यही दृष्टिकोणद्वारा क्रूसलाई हेरे [यूह १२:१६ हेर्नुहोस्]।) उहाँले तिनीहरूलाई भन्नुभयो,

> **हामी यरूशलेमतिर जाँदैछौं। अब मानिसको पुत्र मुख्य पूजाहारीहरू र शास्त्रीहरूका हातमा सुम्पिइनेछ, र तिनीहरूले उसलाई मृत्युदण्डको दोषी ठहराउनेछन्। उसलाई**

गिल्ला गर्न, कोर्रा लाउन, र क्रूसमा टाँग्न भनी तिनीहरूले उसलाई अन्यजातिहरूका हातमा सुम्पनेछन्, र तेस्रो दिनमा ऊ जीवित भई उठ्नेछ (मत्ती २०:१८, १९)।

ख्रीष्टले पहिले पनि आफ्नो मृत्युको बारेमा बताउनुभएको थियो (मर्कू ८:३१-३३; ९:३०-३२ हेर्नुहोस्), तर यस पटक उहाँले पहिले उल्लेख नगरिएका विवरणलाई पनि बताउनुभयो।[31] उहाँलाई मुख्य पूजाहारीहरू र शास्त्रीहरूका **हातमा सुम्पिइनेछ**—उहाँलाई विश्वासघात गरिनेछ भन्ने तथ्यलाई उहाँले उजागर गर्नुभयो। पछि मुख्य पूजाहारीहरू र शास्त्रीहरूले उहाँलाई मृत्यु दण्डको दोषी ठहराइसकेपछि, तिनीहरूले उहाँलाई अन्यजातिहरूका हातमा सुम्पिनेछन् (रोमीहरू)। उहाँलाई निन्दा गरिनेछ र कोर्रा लगाइनेछ; त्यसपछि उहाँलाई क्रूसमा चढाइयो अनि मारिनेछ।

सँधैभैं, उहाँको मृत्यु अन्तिम घटना होइन, तर तेस्रो दिनमा उहाँ **जीवित भई उठ्नुहुनेछ** भन्ने कुरालाई उहाँले जोड दिनुभयो। यसको साथै, सँधैभैं उहाँले केबारे बताइरहनुभएको थियो प्रेरितहरूले अत्तोपत्तो पाएनन्: **तर चेलाहरूले यी कुराहरू एउटै पनि बुझेनन्** (लूक १८:३४; हेर्नुहोस्: मर्कू ९:१०, ३२)।

तिनीहरूका निम्ति यो कुरा गुप्तमा राखियो भनी लूका १८:३४ ले बताउँछ। शायद यसले तिनीहरूलाई सत्यताबाट बिमुख गर्ने तिनीहरूका पूर्वधारणाको बारेमा बताउन सक्छ, तर यो तिनीहरूलाई विचलित हुनबाट बचाउनको निम्ति गरिएको ईश्वरीय हस्तक्षेप पनि रहेको हुनसक्छ। लूका ९:४५ मा लूकाले पनि उस्तै भाषाको प्रयोग गरेका छन्।

सेवक हुनुपर्छ भन्ने विषयमा आफ्ना चेलाहरूलाई शिक्षा दिनुभएको (मत्ती २०:२०-२८; मर्कू १०:३५-४५)

मत्ती २०:२०-२८

२०तब जब्दियाका छोराहरूकी आमाले आफ्ना छोराहरूलाई साथमा लिई उहाँको सामुन्ने घुँड़ा टेकी उहाँसँग बिन्ती गरिन्। २१उहाँले तिनलाई सोध्नुभयो, "तिमी के चाहन्छौ?" तिनले उहाँलाई भनिन्, "आज्ञा गर्नुहोस् र तपाईंको राज्यमा, मेरा यी दुई छोराहरूमध्ये एउटा तपाईंको दाहिने हातपट्टि, र अर्को तपाईंको देब्रे हातपट्टि बस्न पाऊन्।" २२तर येशूले जवाफ दिनुभयो, "तिमीहरू के मागिरहेछौ सो जान्दैनौ। जुन कचौरा मैले पिउन लागेको छु, के त्यो तिमीहरू पिउन सक्छौ?" तिनीहरूले भने, "सक्छौं।" २३उहाँले भन्नुभयो, "मेरो कचौरा तिमीहरू पिउनेछौ, तर मेरो दाहिने र देब्रेपट्टि बस्न दिने कुरो मेरो हातमा छैन। यी स्थान तिनीहरूका हुन्, जसका निम्ति मेरा पिताले तयार गरिसक्नुभएको छ।" २४यो सुनेर दशै जना ती दुई भाइसँग रुष्ट भए। २५तर येशूले तिनीहरूलाई आफूकहाँ बोलाएर भन्नुभयो, "तिमीहरूलाई थाहा नै छ, कि अन्यजातिका शासकहरूले तिनीहरूमाथि निरङ्कुश शासन गर्दछन्, र ठूलाठालुहरूले तिनीहरूमाथि अधिकार जमाउँछन्। २६तिमीहरूका बीचमा यस्तो हुनेछैन, तर जो तिमीहरूमा ठूलो हुने

---

[31]कोफम्यान (Coffman) ले "ख्रीष्टले देखाउनुभएको" "दया व्यक्त गर्ने १४ वटा मुख्य र महत्त्वपूर्ण विवरणहरू" लाई सूचीकृत गरेका छन् (जेम्स् बर्टन कफम्यान, *कमेन्टरी अन द गोस्पल अफ मत्ती* [अस्टिन्, टेक्सस्: फर्म फाउण्डेशन पब्लिसिङ हाउस्, १९६८], ३१०-११)।

इच्छा गर्दछ, त्यो तिमीहरूको सेवक हुनुपर्छ। [२७]जो तिमीहरूमध्ये पहिलो हुने इच्छा गर्दछ, त्यो तिमीहरूको कमारो हुनुपर्छ, [२८]जसरी मानिसको पुत्र पनि सेवा पाउनलाई होइन तर सेवा गर्न र धेरैको छुटकाराको मोल स्वरूप आफ्नो प्राण दिन आयो।"

मर्कूस १०:३५-४५

[३५]जब्दियाका दुई छोराहरू, याकूब र यूहन्ना उहाँकहाँ आएर भने, "गुरुज्यू, हामी तपाईंसँग जे माग्छौं तपाईंले हाम्रा निम्ति गरिदिनुहोस् भन्ने हाम्रो इच्छा छ।" [३६]उहाँले तिनीहरूलाई सोध्नुभयो, "तिमीहरूका निम्ति म के गरिदिऊँ भन्ने तिमीहरूको इच्छा छ?" [३७]तिनीहरूले उहाँलाई भने, "तपाईंको महिमामा हामीमध्ये एक जना तपाईंको दाहिनेपट्टि र अर्को तपाईंको देब्रेपट्टि बस्न पाउने मन्जूरी हामीलाई दिनुहोस्।" [३८]तर येशूले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू के माग्दछौ सो तिमीहरू जान्दैनौ। के जुन कचौरा म पिउँछु, त्यो तिमीहरू पिउन सक्छौ? अथवा जुन बप्तिस्मा मैले लिएको छु, त्यो बप्तिस्मा तिमीहरू लिन सक्छौ?" [३९]तिनीहरूले उहाँलाई भने, "हामी सक्छौं।" येशूले तिनीहरूलाई भन्नुभयो, "जुन कचौरा म पिउँछु त्यो तिमीहरू पिउनेछौ, र जुन बप्तिस्मा मैले लिएको छु त्यो बप्तिस्मा तिमीहरू लिनेछौ। [४०]तर मेरो दाहिनेपट्टि र मेरो देब्रेपट्टि बस्न दिनुचाहिँ मैले दिने होइन, यो त जस-जसको निम्ति तयार भइराखेको छ, तिनीहरूकै निम्ति हो।" [४१]यो सुनेर दशै जना चेलाहरू याकूब र यूहन्नासँग रिसाए। [४२]तब येशूले तिनीहरूलाई आफूकहाँ बोलाएर भन्नुभयो, "तिमीहरू जान्दछौ कि अन्यजातिहरूमाथि शासन गर्नेहरूले तिनीहरूमाथि अख्तियार चलाउँछन्। अनि तिनीहरूका ठूलाठालुहरूले तिनीहरूमाथि अधिकार चलाउँछन्। [४३]तिमीहरूमा चाहिँ त्यसो हुनुहुँदैन। तर तिमीहरूमा जसले ठूलो हुने इच्छा गर्दछ, त्यो तिमीहरूको सेवक हुनुपर्दछ। [४४]अनि तिमीहरूमा जसले पहिलो हुने इच्छा गर्दछ, त्यो सबैको दास हुनैपर्दछ। [४५]किनकि मानिसको पुत्र सेवा पाउन होइन, तर सेवा गर्न र धेरैका छुटकाराको मोलको निम्ति आफ्नो प्राण दिन आएको हो।"

यसभन्दा पहिले, येशूले आफ्नो आउन लागेको मृत्युको बारेमा बताउनुभएपछि, राज्यमा को ठूलो हुनेछ भन्ने विषयमा उहाँका चेलाहरूले बहस गर्दै आफ्ना असमझदारीता प्रकट गरेका थिए (मर्कू ९:३१-३४)। यो घटनामा पनि, उहाँले आफ्नो मृत्युको बारेमा बताइसक्नुभएपछि उस्तै परिस्थिति देखा पऱ्यो।

राज्यमा सबैभन्दा महत्त्वपूर्ण स्थान पाऊं भनी याकूब र यूहन्ना ख्रीष्टकहाँ आए (मत्ती १९:२८ हेर्नुहोस्)—उहाँको दाहिनेपट्टि र देब्रेपट्टिको स्थान। तिनीहरूका आमाले समेत यही अनुरोध गरिन्। प्रभुले तिनीरूलाई कोमलरूपमा हप्काउनुभयो र ती सम्मानको स्थान आफूले होइन आफ्नो पिताले दिनुहुन्छ भनी तिनीहरूलाई बताउनुभयो।

याकूब र यूहन्नाले यसो गरेको कुरा अरू प्रेरितहरूले थाहा पाएपछि, **दशै जना ती दुई भाइसँग रुष्ट भए** (मत्ती २०:२४)। शायद तिनीहरूले यसबारे पहिले सोच्न नसकेका कारण तिनीहरू रिसाएका हुनसक्छ। प्रभुत्वको निम्ति तिनीहरूले निरन्तर निकालेको समस्याले, तिनीहरूलाई मसीह राज्यको स्वभावको बारेमा थाहा थिएन भन्ने कुरालाई प्रकट गर्छ। तिनीहरूका बीच यस्तै समस्या फेरि यरूशलेममा भयो (लूक २२:२४)।

राज्यमा पाइने वास्तविक सम्मान व्यक्तिले पाएको सेवाको आधारमा निर्धारण हुँदैन, तर अरूलाई सेवा गरेको आधारमा यो निश्चित हुन्छ भन्ने शिक्षालाई दोहोऱ्याई वृहत शिक्षा दिनका लागि येशूले यो घटनालाई प्रयोग गर्नुभयो। यसको जीवित उदाहरणको

रूपमा उहाँले आफैलाई देखाउनुभयो: **“किनकि मानिसको पुत्र सेवा पाउन होइन, तर सेवा गर्न र धेरैका छुटकाराको मोलको निम्ति आफ्नो प्राण दिन आएको हो”** (मर्कू १०:४५)।

ख्रीष्ट आफ्नो मृत्युतर्फ दृढताका साथ अघि बढ्न सक्नुभयो किनभने आफू को हो र आफू के को लागि आएको हो भन्ने कुरा उहाँले बुझ्नुभएको थियो। उहाँले आफ्ना चेलाहरूलाई त्यस्तै किसिमको दृढ उद्देश्य र मिसन लिएको चाहानुभएको थियो।

प्रयोग: “तिमी ठूलो भएपछि के बन्छौ?” (मत्ती २०:१७-२८; मर्कू १०:३२-४५; लूक १८:३१-३४)

मेरो बुबा डेभ एच. रोपर (Dave H. Roper) ले आफ्नो वयस्क जीवनको धेरैजसो समय शिक्षा क्षेत्रमा नै बिताउनुभएको छ। उहाँले एक व्यावसायिक कृषि शिक्षक, विज्ञान शिक्षक, र प्रधानाध्यापकको रूपमा पनि काम गर्नुभएको छ। यसको साथै, उहाँले पुस्तक भण्डारको मालिक, किसान, मिसनेरी, र प्रचारकको काम पनि गर्नुभयो। आज, ९० वर्षको उमेरमा, अखबरहरूका निम्ति हास्य/सम्झना स्तम्भलेख लेख्नुहुन्छ। हाम्रा परिवारका सदस्यहरू ठट्टा गर्ने शैलीमा उहाँको जीवन कथाको शिर्षक “ठूलो भएपछि म के बन्छु?” हुनुपर्छ भनी भन्छन्।

तपाईं ठूलो भएपछि के बन्नुहुन्छ? तपाईं शारीरिक रूपमा ठूलो भएपछि के बन्नुहुन्छ भनेर मैले भनिरहेको छैन। शायद तपाईंले पहिले नै कुनै व्यवसाय छनौट गरिसक्नुभएको छ होला। बरु, तपाईं आत्मिक रूपमा बृद्धि भइसकेपछि तपाईंले के गर्ने योजना बनाउनुभएको छ? नयाँ करारले आत्मिक बृद्धिको आवश्यकतालाई जोड दिन्छ (एफि ४:१५; १ पत्र २:२; ३:१८)। आत्मिक रूपमा “बृद्धि भइसकेको” अवस्थालाई “परिपक्व हुनु” भनी भनिन्छ (हेर्नुहोस्: १ कोर १४:२०; एफि ४:१३)। तपाईंको आत्मिक लक्षहरू के-के हुन्? तपाईं राज्यमा के बन्ने इच्छा गर्नुहुन्छ?

एक दिन, येशूले आफ्ना चेलाहरूसँग यसै विषयमा गम्भीर कुराकानी गर्नुभएको थियो। उहाँले भन्नुभएको कुरालाई हामीले विचार गर्नु आवश्यक छ।

दुई चेलाहरू (मत्ती २०:१७-२३; मर्कू १०:३२-४०; लूक १८:३१-३४)

प्रभु आफ्नो मृत्युतर्फ अघि बढिरहनुभएको थियो। उहाँले आफ्ना चेलाहरूलाई आफ्नो वरिपरि जाम्म गर्नुभयो अनि आफूलाई आउन लागेको दु:खकष्ट र मृत्युको बारेमा बताउनुभयो (लूक १८:३१-३३)। लूका १८:३४क अनुसार, उहाँको कुरालाई बुझ्नमा चेलाहरू असफल भए, किनभने उहाँ यरूशलेममा भौतिक राज्य स्थापना गर्न गइरहनुभएको हो भन्ने विचार तिनीहरूको थियो (लूक १९:११ हेर्नुहोस्)। उहाँको क्रूसको मृत्यु तिनीहरूका योजना अनुसार मिलेको थिएन।

आत्म-रुचि

तिनीहरूका मिथ्याबोध चाँडै नै देखा पऱ्यो। “जब्दियाका दुई छोराहरू, याकूब र यूहन्ना उहाँकहाँ आएर भने, ‘गुरुज्यू, हामी तपाईंसँग जे माग्छौं तपाईंले हाम्रा निम्ति गरिदिनुहोस् भन्ने हाम्रो इच्छा छ’” (मर्कू १०:३५)। आफ्ना अनुरोधलाई यही चाहियो भनेर निश्चित नगरिकनै, ख्रीष्टले, “तिमीहरूले जे चाहान्छौ त्यो म तिमीहरूलाई दिन्छु” भन्नुभएको होस् भन्ने चाहाना याकूब र यूहन्नाको थियो।

तिनीहरू दुईलाई येशूले प्रश्न गर्नुभयो, “तिमीहरूका निम्ति म के गरिदिऊँ भन्ने

तिमीहरूको इच्छा छ?" (मर्कू १०:३६)। तिनीहरूले के चाहेका थिए भन्ने कुरा येशूलाई थाहा थियो, तर तिनीहरूका आत्म-रुचि तथा स्वार्थीपनालाई उहाँले उजागर गर्न चाहानुहुन्थ्यो (यूह ६:६ सँग तुलना गर्नुहोस्)। तिनीहरूले जवाफ दिए, "तपाईंको महिमामा हामीमध्ये एक जना तपाईंको दाहिनेपट्टि र अर्को तपाईंको देब्रेपट्टि बस्न पाउने मन्जूरी हामीलाई दिनुहोस्" (मर्कू १०:३७), अर्थात्, "तपाईंको राज्यमा" (मत्ती २०:२१)।

यसको केही समय पहिले, तिनीहरू उहाँको राज्यको बाह्र सिंहासनमा बस्नेछन् भनी ख्रीष्टले आफ्ना चेलाहरूलाई बताउनुभएको थियो (मत्ती १९:२८)। अब याकूब र यूहन्नाले ती सिंहासन मध्येका सबैभन्दा प्रतिष्ठित स्थान पाऊं भनी अनुरोध गरिरहेका थिए। बाह्र सिंहासनमध्ये सबैभन्दा महत्त्वपूर्ण सिंहासन येशूको दाहिनेपट्टि र त्यस पछिको सबैभन्दा महत्त्वपूर्ण स्थान उहाँको देब्रेपट्टिको हुन्छ भन्ने विचार तिनीहरूले गरेका थिए। हामी यसो भन्न सक्छौं, तिनीहरू मध्येको एक जनाले राज्यको सचिव बन्न चाहेका थिए र अर्काले कोषाध्यक्ष बन्न चाहेका थिए।[32]

तिनीहरूले किन यो अनुरोध गरे र येशूले ती पदलाई सम्मान गर्नुहुन्छ भन्ने तिनीहरूले किन सोचे त्यसबारे हामीलाई निश्चित रूपमा थाहा छैन। ती पदहरूका निम्ति तिनीहरूले आफूहरूलाई नै सबैभन्दा योग्य ठानेका हुनसक्छन्। तिनीहरूका परिवारसँग सम्पत्ति थियो (मर्कू १:२०), र प्रधान पूजाहारीसँग तिनीहरूको उठबस थियो (यूह १८:१५)। तिनीहरू प्रभुको "आन्तरिक समूह" का तीन मध्येमा आफू रहेको तथ्यलाई पनि तिनीहरूले लेखाजोखा गरिरहेका हुनसक्छन् (मत्ती १७:१)। तिनीहरू येशूको नातेदार रहेको हुनसक्छ र उहाँले तिनीहरूलाई पक्षपात गरी स्थान दिनुहुन्छ भन्ने तिनीहरूले सोचेका हुनसक्छन्। कारण जेसुकै भए तापनि, तिनीहरूले मुकुटको बारेमा सोचिरहेका थिए भने ख्रीष्टले क्रूसको बारेमा सोचिरहनुभएको थियो।

येशूका साथमा यात्रा गर्नेहरूमा याकूब र यूहन्नाका आमा सलोमी पनि थिए, (मत्ती २०:२०; हेर्नुहोस्: मत्ती २७:५५, ५६; मर्कू १५:४०, ४१)। तिनी आफ्ना छोराहरूसँग येशूकहाँ आइन्, अनि आफ्नो अनुरोधलाई अघि सारिन्: "आज्ञा गर्नुहोस् र तपाईंको राज्यमा, मेरा यी दुई छोराहरूमध्ये एउटा तपाईंको दाहिने हातट्टि, र अर्को तपाईंको देब्रे हातपट्टि बस्न पाऊन्" (मत्ती २०:२१)। कुनपछि कुन घटना घट्यो भनेर यस घटनाको क्रम हामीलाई थाहा छैन—छोराहरूले पहिले अनुरोध गरेका हुन् कि आमाले गरेकी हुन्। यो समेत हुने सम्भावना छ, याकूब र यूहन्नाले तिनीहरूका आमाद्वारा अनुरोध गरे।

ख्रीष्टले सलोमीलाई हप्काउनुभएन। तिनी आफ्ना छोराहरूप्रति गर्व गर्थिन र तिनीहरूको हित चाहान्थिन्। राज्य भौतिक होइन आत्मिक हो भन्ने कुरा तिनले बुझेकी थिइनन्, जुन सामान्य कुरा नै हो। उनी र अन्य स्त्रीहरू येशूसँगै गालीलमा यात्रा गरेका थिए र ख्रीष्ट र उहाँका चेलाहरूलाई खुवाएका थिए (मर्कू १५:४०, ४१), तर यो निरन्तर कार्य थिएन, कहिलेकहीं हुनेगरेको हुनसक्छ। तिनका छोराहरूले जस्तो तिनले येशूको शिक्षा निरन्तर सुन्ने मौका पाएकी थिइनन्; चेलाहरूले प्राप्त गरेका जस्तो विशेष व्यक्तिगत शिक्षा तिनले प्राप्त गरेकी थिइनन्।

तैपनि उनका छोराहरूसँग भने कुनै बहाना थिएन। तिनीहरूलाई तीन वर्षसम्म दिनरात येशूको शिक्षा सुन्ने अवसर दिइएको थियो। तिनीहरूले राज्यको स्वभावको बारेमा बुझेको

---

[32]जेम्स् बुर्टन कोफम्यान (James Burton Coffman), *कमेन्टरी अन मार्क* (अस्टिन्, टेक्सस्: फर्म फाउण्डेशन पब्लिसिङ हाउस्, १९७५), २१७।

हुनुपर्ने हो। त्यसैले प्रभुले हप्काउनुभएको, याकूब र यूहन्नालाई हो (हेर्नुहोस्: मत्ती २०:२२; मर्कू १०:३८)।

आत्म-परित्याग

ख्रीष्टले पहिले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू के माग्दछौ सो तिमीहरू जान्दैनौ" (मर्कू १०:३८क)। यो कुराले तिनहरूलाई अचम्मित तुल्याएको हुनसक्छ। आफूले मागेको कुराको बारेमा थाहा छ भन्ने तिनीहरूलाई लागेको हुनसक्छ। तिनीहरूले शक्ति र अधिकार मागिरहेका थिए। तिनीहरूले इज्जत र सम्मान मागिरहेका थिए। तिनीहरूले आदर र प्रतिष्ठा मागिरहेका थिए।

यदि येशूले भन्नुभएको कुराले तिनीहरू अचम्मित भएका थिए भने, उहाँले तिनीहरूलाई सोध्नुभएको अर्को प्रश्नले तिनीहरूलाई तीनछक्क पऱ्यो: "जुन कचौरा म पिउँछु, त्यो तिमीहरू पिउन सक्छौ? अथवा जुन बप्तिस्मा मैले लिएको छु, त्यो बप्तिस्मा तिमीहरू लिन सक्छौ?" (मर्कू १०:३८ख)। "कचौरा" भन्ने शब्द आनन्द र अत्यन्तै दु:खकष्टको प्रतीकको रूपमा रहेको पुरानो करारको एउटा शब्द हो (भज २३:५; यशै ५१:१७); यहाँ यसले ख्रीष्टको दु:खकष्टलाई बुझाउँछ। "बप्तिस्मा" भन्ने शब्दको अर्थ "डुबाउनु" हो र अत्यन्तै विचलित भएको कुरालाई उल्लेख गर्न लाक्षणिक शब्दको रूपमा पनि यसलाई प्रयोग गर्न सकिन्छ। येशूले यही सांकेतिक भाषालाई यसभन्दा पहिले लूका १२:५० मा प्रयोग गर्नुभएको थियो।

उहाँको यो वचनमा क्रूससम्मको दु:ख र क्रूसकै दु:खको प्रकृति समेत समावेश थियो। ख्रीष्टले दु:खकष्टको कचौरा र बप्तिस्मालाई उल्लेख गर्न वर्तमान काल प्रयोग गर्नुभएको छ: "जुन कचौरा म पिउछु ... जुन बप्तिस्मा मैले लिएको छु।" आफूले भविष्यमा भोग्नुपर्ने सबै कुराको बारेमा थाहा पाएको कारण, उहाँ पहिले नै पीडामा हुनुहुन्थ्यो (लूक १२:५० हेर्नुहोस्)।

प्रभुले कुनै रोमी सेनासँग हुने काल्पनिक द्वन्द्वको बारेमा विचार गरिरहनुभएको छ भन्ने याकूब र यूहन्नाले सोचेका हुनसक्छन्—र आफूमा साहसको कमी छैन भन्ने तिनीहरू ठान्थे। आखिर तिनीहरू "गर्जनका छोराहरू" न थिए (मर्कू ३:१७)। आफ्ना अज्ञानताका कारण आत्म-विश्वास देखाउँदै तिनीहरूले भने, "हामी सक्छौं" (मर्कू १०:३९क)।

येशूले यसरी उत्तर दिनुहुँदा उहाँको आवाजमा अवश्य नै अफसोस मिसिएको थियो, "जुन कचौरा म पिउँछु त्यो तिमीहरू पिउनेछौ, र जुन बप्तिस्मा मैले लिएको छु त्यो बप्तिस्मा तिमीहरू लिनेछौ" (मर्कू १०:३९ख)। ती दुईका निम्ति के राखिएको थियो भन्ने कुरा ख्रीष्टलाई थाहा थियो: इ.सं. ४४ मा हेरोद अग्रिपाको हातबाट याकूबको मृत्यु हुनेछ (प्रे १२:२), र यूहन्नालाई पत्मोस टापुमा निर्वासित गरिनेछ (प्रका १:९)।

त्यसपछि येशूले तिनीहरूको अनुरोधलाई निश्चित रूपमै सम्बोधन गर्नुभयो: "...मेरो दाहिने र देब्रेपट्टि बस्न दिने कुरो मेरो हातमा छैन। यी स्थान तिनीहरूका हुन्, जसका निम्ति मेरा पिताले तयार गरिसक्नुभएको छ" (मत्ती २०:२३)। ख्रीष्टले भन्नुभएको के हुनसक्छ भने, त्यस प्रकारका सम्मान दिने ईश्वरीय एकाधिकार आफू संसार आँउदा त्यागेर आएको छु (फिलि २:६, ७ हेर्नुहोस्)। अर्कोतर्फ, को विशिष्ट स्थानमा बस्छ भन्ने कुरा परमेश्वरले निर्णय गर्नुहुन्न, तर परमेश्वरले ती स्थानहरू निश्चित प्रकारका व्यक्तिहरूका निम्ति बनाउनुभएको हुन्छ—विशेष गरी अरूका सेवा गर्नेहरूका निम्ति भन्ने कुरा यो प्रसंगले संकेत गर्छ (मत्ती २०:२६, २७)।

बाह्र चेलाहरू (मत्ती २०:२४-२८; मर्कू १०:४१-४५)

आत्म-रुचि

प्रभुसँगको यो कुराकानी तिनीहरू र प्रभुबीच मात्र रहोस् भन्ने चाहाना याकूब र यूहन्नाले राखेका हुनसक्छन्, तर कानेखुसी गरिएको कुरा समेत कुनै न कुनै तरिकाले फैलिहाल्छ। जब याकूब र यूहन्नाले गरेको यो कुराको बारेमा अरू प्रेरितहरूले चाल पाए, तिनीहरू "ती दुई भाइसँग रुष्ट भए" (मत्ती २०:२४)। राज्यमा को ठूलो हुने भन्ने विषयमा बाह्र चेलाका बीच विवाद भइरहेको नै थियो (हेर्नुहोस्: मर्कू ९:३४; मत्ती १८:१; लूक २२:२४)।

आत्म-परित्याग

येशूले चेलाहरूलाई आफूकहाँ बोलाएर भन्नुभयो, "तिमीहरूलाई थाहा नै छ, कि अन्यजातिका शासकहरूले तिनीहरूमाथि निरङ्कुश शासन गर्दछन्, र ठूलाठालुहरूले तिनीहरूमाथि अधिकार जमाउँछन्" (मत्ती २०:२५)। यो संसार यस्तै छ। संसारिक संघसंस्थाले अधिकारहरू तोकेर शक्तिको पद तयार गर्छ—सबैभन्दा माथिल्लो तहमा सुरुभएर, मुख्य व्यक्तिहुँदै तल सबैभन्दा तल्लो तहका कर्मचारीहरूलाई तहगत रूपमा विभाजन गरिन्छ। निश्चित रूपमै, समाजका महत्त्वपूर्ण व्यक्तिहरूले अधिकार प्रयोग गर्छन्। येशूको पालामा, सम्राटको आफ्नै सेना हुन्थ्यो, रोमी बडा-हाकिमको आफ्नै अदालत थियो, अनि पूर्वीय शासकहरूका आफ्नै नोकरहरू हुन्थे। आज, संसारले व्यक्तिको महत्त्वलाई उसको निम्ति काम गर्ने वा उसको अधिनमा रहेका मानिसहरूका संख्याको आधारमा तय गर्छ। ख्रीष्टले आफ्ना चेलाहरूलाई भन्नुभयो, "तिमीहरूका बीचमा यस्तो हुनेछैन" (मत्ती २०:२६क)।

जब येशूले, "तिमीहरूका बीचमा यस्तो हुनेछैन" भनी भन्नुभयो, राज्य/मण्डलीमा संस्थागत संरचना आवश्यक पर्दैन अथवा हामीलाई आत्मिक अगुवापनको आवश्यकता पर्दैन भनी उहाँले भनिरहनुभएको थिएन। अगुवाविना कुनै पनि संघसंस्था प्रभावकारी ढङ्गले संचालन हुन सक्दैन। प्रत्येक मण्डलीलाई योग्य अगुवाहरू चाहिन्छ (तीत १:५)। तर ख्रीष्टले के भनिरहनुभएको थियो भने, राज्य/मण्डलीको बनावट संसारको ढङ्गले हुँदैन। साम्प्रदायहरूले संसारिक दृष्टिकोणको आधारमा शक्तिको संरचना तयार गर्छन्: अधिनतामा धेरै व्यक्तिहरू भएको संसारिक शिर अथवा प्रमुख व्यक्ति राखी तयार गरिने संरचना। त्यस प्रकारको संरचना धर्मशास्त्रको निम्ति अपरिचित कुरा हो। यसको साथै, आत्मिक अगुवा बन्नुको उद्देश्य शारीरिक अगुवा बन्नुभन्दा धेरै नै फरक छ भनी ख्रीष्टले बताइरहनुभएको थियो। उहाँले भन्नुभयो, "जो तिमीहरूमा ठूलो हुने इच्छा गर्दछ, त्यो तिमीहरूको *सेवक* हुनुपर्छ" (मत्ती २०:२६ख; जोड दिइएको छ)।

येशूको शिक्षामा हामी धेरै नै परिचित भइसकेका छौं होला त्यसैले "सेवक" भन्ने शब्द हाम्रो निम्ति त्यति रूखो सुनिन छोडेको हुनसक्छ। यसलाई गर्वसाथ पहिरिऔं भनेर जसोतसो हामीले यो शब्दमा सुवास दिने प्रयास गरेका छौं अनि यसलाई रङरोगन हाल्ने जमर्को पनि गरेका छौं, र भन्छौं: "ऊ [वा उनी] प्रभुको महान सेवक हो।" "सेवक" भनेको के हो त्यो कुरा नयाँ करारका मानिसहरूलाई थाहा थियो: फोहोर काम र कसैले पनि गर्न नचाहाने काम सेवकले गर्थ्यो। सेवकलाई कसैले मान्छे गन्थेन। गरेको काम वापत सेवकलाई सम्मान गरिन्थेन, धन्यवाद भनिन्थेन (लूक १७:१०; किङ्ग जेम्स् संस्करण

[KJV])। तैपनि, ख्रीष्टले भन्नुभयो "जो तिमीहरूमा ठूलो हुने इच्छा गर्दछ, त्यो तिमीहरूको सेवक हुनुपर्छ।"

येशूको शिक्षाजस्तो परिवर्तनवादी शिक्षा कुनै कुरा थिएन। संसारले सेवा पाउने कुरालाई प्राथमिकता दिन्छ, तर प्रभु अरूको सेवा गरी उचालिनुभयो। यो "... संसारिक मान्यताको ठीक विपरित छ।"[33] ख्रीष्टले "बिलकुलै नयाँ अवधारणा तथा महत्त्वलाई ... जीवन्त तुल्याउनुभयो"।[34] हामीले आफैलाई भन्दा अरूलाई "श्रेष्ठ" ठानेको उहाँ चाहानुहुन्छ (फिलि २:३)।

यी वचनललाई चेलाहरूले बुझेका थिएनन् भने पनि, येशूले त्यसपछि भन्नुभयो "जो तिमीहरूमध्ये पहिलो हुने इच्छा गर्दछ, त्यो तिमीहरूको कमारो हुनुपर्छ" (मत्ती २०:२७)। २६ पदमा, ख्रीष्टले "सेवक" (διάκονος, *दिआकोनोस्, diakonos*) भन्ने शब्द प्रयोग गर्नुभएको थियो; यहाँ उहाँले "कमारो" (δοῦλος, *दोउलोस्, doulos*) शब्द प्रयोग गर्नुभएको छ। सेवक हुनु नराम्रो कुरा थियो; दास हुनु झनै नराम्रो कुरा हुन्थ्यो। दासलाई सम्पत्तिको रूपमा लिइन्थ्यो। दाससँग कुनै अधिकार हुँदैनथ्यो। हामीले परमेश्वरको दास हुने कुरालाई जसोतसो स्वीकार्न सक्छौं; तर, अरू मानिसका दास हुने कुरामा खुशी हुनु गाह्रै कुरा हो।

येशूले चेलाहरूलाई भन्नुभएको वचनको तात्पर्य यस्तो थियो: "यदि तिमीहरू 'पहिलो' बन्न चाहान्छौ भने, को पहिलो हो भनी विवाद गर्न छाडिदेऊ। सम्मानको स्थान खोज्न छोड। बुरु, एक अर्कालाई—र अरूलाई सेवा गर्न सुरु गर।" उहाँको वचन आज पनि त्यत्तिकै लागू हुन्छ: "आफ्नो बारेमा र आफूले चाहेको कुराको बरेमा मात्रै सँधै सोच्न छाड। अरूका आवश्यकताको निम्ति तिम्रो आँखा उघारेर तिनीहरूलाई सहयोग गर्न सुरु गर।"

एक दिन एउटी किशोरीले निस्वार्थपनको बारेको कक्षामा सहभागी भइसकेपछि, एउटा कार्डमा यस्तो लेखिन्, "तर, आफैलाई इन्कार गर्नु *मानवता* होइन!"[35] उनको कुरा सही हो। आफैलाई इन्कार गर्नु मानवीय स्वभाव होइन; यो त ईश्वरीय स्वभाव हो। जुन कुरा येशू आफैले गर्न चाहानुभएन त्यो कुरा उहाँले चेलाहरूलाई—र हामीलाई गर भनी माग गर्नुभएको छैन। त्यसपछि उहाँले भन्नुभयो, "जसरी मानिसको पुत्र पनि सेवा पाउनलाई होइन तर सेवा गर्न ... आयो" (मत्ती २०:२८क; हेर्नुहोस्: लूक २२:२७)। यो पदमा, येशूले पुरानो करारको दुई वटा महान मसीह सम्बन्धी अवधारणालाई जोड्नुभयो भन्ने धेरै टिप्पणीकर्ताहरूले उल्लेख गर्छन्: दानिएल ७ मा प्रयोग गरिएको वाक्य "मानिसको पुत्र" र यशैया ५२; ५३ मा उल्लेख गरिएको दुःखकष्ट सहने सेवकको अवधारणा। प्रभुसँग सेवा पाउने ईश्वरीय अधिकार थियो, तर उहाँले सेवा गर्ने ईश्वरीय निर्णय गर्नुभयो।[36] पत्रुसले पछि ख्रीष्टको जीवनलाई यसरी सारांशमा बताए: "उहाँ सुकर्म गर्दै ... हिँड्नुभयो" (प्रे १०:३८)। मानिसहरूका आवश्यकताप्रति उहाँ सँधै दयालु हुनुभयो अनि सँधै तिनीहरूलाई सहयोग गर्न तयार हुनुभयो। उहाँ कहिल्यै पनि असाध्यै थाक्नुभएन

---

[33]बार्क्ले (Barclay), *द गोस्पल अफ मत्ती,* २३२।

[34]इबिड. (Ibid.)।

[35]एलिसन मार्टिन (Allison Martin), "बट, डिनाइङ सेल्फ इज नट हुमन!" *पावर फर टुडे* (अप्रिल-जुन २००१): ४२।

[36]यो वाक्या डी. स्टुअर्ट ब्रिस्कोइ (D. Stuart Briscoe) को, *एक्स्पोसिटरी नुगेस्ट्स् फ्रम द गोस्पलस्* (ग्राण्ड र्‍यापिडस्, मिचिगन: बेकर बुकस् हाउस, १९९४), १४१ बाट लिइएको हो।

र कहिल्यै पनि असाध्यै व्यस्त हुनुभएन। उहाँ सेवा गर्न जहिल्यै तयार हुनुहुन्थ्यो।

त्यसपछि येशूले आफ्नो सबैभन्दा ठूलो सेवाको कामको बारेमा बताउनुभयो, अर्थात्, अरूका जीवनको निम्ति आफ्नो जीवन बलिदान दिनेबारे: "र धेरैको छुटकाराको मोल स्वरूप आफ्नो प्राण दान दिन" (मत्ती २०:२८ख)। आफू किन पृथ्वीमा आएको हो भन्ने कुरा ख्रीष्टले धेरै पटक बताउनुभयो: "म धर्मीहरूलाई होइन, तर पापीहरूलाई पश्चात्तापको निम्ति बोलाउन आएको हुँ" (लूक ५:३२; हेर्नुहोस्: मत्ती ९:१३); "किनभने मानिसको पुत्र हराएकालाई खोज्न र बचाउन आएको हो" (लूक १९:१०)। मत्ती २०:२८ को मुख्य भनाइमा, आफूले *कसरी* उद्देश्य पूरा गर्ने हो त्यसबारे ख्रीष्टले बताउनुभयो: उहाँ "*सेवा गर्न र धेरैका छुटकाराको मोल स्वरूप आफ्नो प्राण दिन*" आउनुभएको हो। (जोड दिइएको छ।)

"छुटकाराको मोल" भन्ने शब्द, अपहरणसँग सम्बन्धित घटनामा धेरैजसो सुनिन्छ। "छुटकाराको मोल" भनेको अपहरणकारीहरूले अपहरण गरेको व्यक्तिलाई छुटाउनुभन्दा पहिले माग गरेको रकम हो। "छुटकाराको मोल" ("ransom") भनी अनुवाद गरिएको ग्रीक शब्दमा पनि यस्तै भाव पाइन्छ (λύτρον, *लुट्रोन, lutron*), तर ग्रीकमा यसको अर्थ त्योभन्दा वृहत छ। सेप्टुजिन्टमा अर्थात्, पुरानो करारको ग्रीक अनुवाद पुस्तकमा, दासको स्वतन्त्रता किन्नको निम्ति तिरिने मोल, युद्धबन्दीलाई छुटाउन दिइने रकम, र त्यस्तै अन्यलाई बुझाउनको निम्ति यो शब्द प्रयोग गरिएको पाइन्छ। *लुट्रोनको* संक्षिप्त अर्थलाई हामी "रकम तिरी छुटाउनु" भनी भन्न सक्छौं।[37]

नयाँ करारमा, हामीलाई पापको दोषबाट मुक्त गराउन तिरिने मोललाई मात्र उल्लेख गर्न यो शब्दलाई प्रयोग गरिएको छ। *लुट्रोन* भन्ने शब्द मत्ती २०:२८ र मर्कूस १०:४५ मा मात्र पाइन्छ, तर यसै शब्दसँग सम्बन्धित अन्य शब्दहरू, हामीले प्राप्त गर्ने उद्धारलाई उल्लेख गर्न अन्य ठाउँमा पनि प्रयोग गरिएको छ (हेर्नुहोस्: रोम ३:२४; एफि १:७; हिब्रू ९:१२), र यसमा १ तिमोथी २:५, ६ को महान पद पनि समावेश हुन्छ: "किनकि ... एउटै हुनुहुन्छ ... परमेश्वर र मानिसहरूका बीचमा मध्यस्थ ... मानिस, ख्रीष्ट येशू ... सबैका छुटकाराका मोलको निम्ति आफैलाई सुम्पिदिनुभयो।" मत्ती २०:२८ र १ तिमोथी २:६ बीचमा समानता रहेको छ: मत्ती २०:२८ मा λύτρον ἀντί (*लुट्रोन एन्टि, lutron anti*) ("सट्टामा तिरिने छुटकारा रकम", ["a ransom instead of"]) र १ तिमोथी २:६ मा मिश्रित शब्द ἀντίλύτρον (*एन्टिलुट्रोन, antilutron*) प्रयोग गरिएको छ।

मत्ती २०:२८ मा "*धेरैको* छुटकाराको मोल" भन्ने उल्लेख छ तर १ तिमोथी २:६ मा "*सबैको* छुटकाराका मोलको निम्ति" लेखिएको छ भनी धेरैले मत्ती २०:२८ लाई जटिल पार्ने प्रयास गरेका छन्—तर मत्ती २०:२८ मा "धेरै" भनी उल्लेख गरिएको शब्दको अर्थ "हिब्रूमा 'सबै' भन्ने हो"[38] (जोड दिइएको छ)। फेरि, छुटकाराको निम्ति तिर्ने रकम परमेश्वरलाई तिरियो कि शैतानलाई तिरियो भन्ने विषयमा पनि मानिसहरू विवाद गर्ने गरेका छन्। यो कुरा वचनको क्षेत्रभन्दा बाहिरको कुरा हो। जब हामी "अनन्त सतर्कता

---

[37]एफ. बुच्सेल (F. Büchsel), "λύτρον," लाई *थिओलोजिकल डिक्सनरी अफ द न्यू टेस्टामेन्टमा* हेर्नुहोस्, गरहार्ड किट्टेल (Gerhard Kittel) एण्ड गरहार्ड फ्रीड्रिच (Gerhard Friedrich), ट्रान्स्. एण्ड एब. जिओफ्रे डब्ल्यू. ब्रोमिली (Geoffrey W. Bromiley) (ग्राण्ड र्‍यापिड्स्, मिचिगन: डब्लूएम. बी. अर्डम्यान्स पब्लिसिङ को. १९८५), ५४५।

[38]ज्याक पी. लिविस (Jack P. Lewis), *द गोस्पल एकर्डिङ टो मत्ती,* पार्ट १, द लिभिङ वर्ड कमेन्टरी, एड. इभर्रेट फर्गुसन (Everett Ferguson) (एबिलेन, टेक्सस्: ए.सी.यू. प्रेस, १९७६), ८१।

भनेको स्वतन्त्रताको मोल हो (eternal vigilance is the price of liberty)”[39] भनी भन्छौं, यो मोल कसलाई तिरिन्छ हामी त्यसबारे प्रश्न गर्दैनौं।

मत्ती २०:२८ ले सामान्य रूपमै, सबै मानिसलाई परमेश्वरकहाँ फर्काएर ल्याउन येशू ख्रीष्टको मृत्युद्वारा मोल तिरिनुपर्छ भन्ने कुरालाई बताउँछ।[40] पत्रुसले यस विषयमा यसो भनेका छन्: “... सुन वा चाँदीजस्ता नाश हुने थोकहरूद्वारा दाम तिरी तिमीहरू छुट्टयाइएका होइनौ [“छुट्टयाइएका” भनी अनुवाद गरिएको ग्रीक शब्द, *लुट्रोन* (*lutron*) सँग सम्बन्धित शब्द हो], तर निष्खोट र निष्कलङ्क थुमाको जस्तो ख्रीष्टको अनमोल रगतद्वारा दाम तिरी छुट्टयाइएका छौ” (१ पत्र १:१८, १९)। पावलले लेखेका छन्, “तिमीहरू मोल तिरेर किनिएका हौ। यसकारण तिमीहरूका शरीरमा परमेश्वरको महिमा गर” (१ कोर ६:२०)।

पहिलो हुनको निम्ति सेवक बन्नुपर्छ भनी ख्रीष्टले उल्लेख गर्नुभएको थियो। उहाँ आफै नै सबैभन्दा पहिलो व्यक्ति हुनुहुन्छ, किनभने उहाँले सबैभन्दा ठूलो सेवा गर्नुभएको छ। ख्रीष्ट हाम्रा पापको निम्ति मर्नुभयो (१ कोर १५:३)।

सबै चेलाहरू

आत्म-रुचि

राज्य/मण्डलीको स्थापना भएपछि ख्रीष्टका चेलाहरूमाझ रहेको भौतिक महत्वाकांक्षाहरू पृथ्वीबाट सँधैको निम्ति हराएर गएन। दुर्भाग्यवश, “हाम्रो संसारिक यात्राको अवधिमा हामीले संसारिक हावा निरन्तर लिइरहेएका हुन्छौं, जसले गर्दा यसको संक्रमणबाट जोगिन हामीलाई गाह्रो पर्छ।”[41] समाजको नारा यस्तै छ, “पहिलो नम्बरको खोजी गर।” आत्म-केन्द्रित स्वभावले मण्डलीहरूलाई संक्रमित गर्न सक्छ। मण्डलीका विश्वासीहरू कहिलेकहीं सफलता-र-आकारको रोगले ग्रसित हुन्छन् र इसाईपनको मुख्य केन्द्रबिन्दु भनेको सेवा हो भन्ने कुरालाई बिर्सिदिन्छन्। आत्म-केन्द्रित स्वभावले हामीलाई व्यक्तिगत इसाईहरूका रूपमा समेत असर गर्न सक्छ। ठूलो मण्डली समूहको माझमा प्रचार गर्ने होड धेरै पटक उर्लिएको देखिन्छ। एल्डरको पदमा शक्ति हुन्छ भन्ने विचार गरेर मानिसहरू यो पदको लोभ गर्छन्। हामीले गरेका असल कामको निम्ति कदर वा सम्मान प्राप्त नगरेकामा हामीमध्ये धेरैलाई चित्त पनि दुख्छ। हामी “सेवक” को नाममा ओठे सेवा दिन्छौं, तर सेवकको निम्न स्तरको स्थानलाई वास्तवमै हामी चाहादैनौं—र “नोकरहरू” बन्न त झन अवश्य नै हामी *चाहाँदैनौं*।

आत्म-परित्याग

तैपनि, येशू अझै भन्नुहुन्छ, “जो तिमीहरूमा ठूलो हुने इच्छा गर्दछ, त्यो तिमीहरूको सेवक हुनुपर्छ। जो तिमीहरूमध्ये पहिलो हुने इच्छा गर्दछ, त्यो तिमीहरूको कमारो हुनुपर्छ” (मत्ती २०:२६, २७)। दास अथवा नोकर हुनु भन्ने कुरा, याकूब र यूहन्नाले

---

[39]यो भनाइ, १० जुलाइ १७९० मा जोन फिलपोट कुर्रान (John Philpot Curran) ले डब्लिन, आयरल्याण्डमा दिएको भाषणसँग सम्बन्धित छ।

[40]बार्क्ले (Barclay), *द गोस्पल अफ मत्ती*, २३५।

[41]जोस्ट डि ब्ल्याङ्क (Joost De Blank), *अनकन्फर्टेबल वर्डस्* (लण्डन: लङम्यान्स्, ग्रीन एण्ड को., १९५८), ५४।

सिंहासनको निम्ति अनुरोध लिएर आएको कुराभन्दा बिपरित हो। मत्ती २०:२६, २७ ले के भनेको छ भने, त्यस्तो सम्मानीत पद, आत्म-परित्याग र आत्म-बलिदानको स्वभावद्वारा सेवा गर्नेहरूका निम्ति छुट्याइएको हुन्छ। ख्रीष्टको दाहिनेपट्टि र देब्रेपट्टिको सिंहासन, याकूब र यूहन्ना वा पत्रुस र पावलजस्ता बाइबलका महान व्यक्तित्वहरूले लिनेछैनन्, तर कसैको प्रशंसा नपाई, कसैद्वारा पहिचान नपाई सेवा दिने अपरिचित नम्र सन्तहरूले प्राप्त गर्नेछन्।

निष्कर्ष

तपाईं ठूलो भएपछि के बन्नुहुन्छ? पहिलो प्रश्न हो, "के तपाईं *आत्मिक रूपले*'बृद्धि' हुने प्रयास गरिरहनुभएको छ?" कतिपय आत्मिक बालकहरूका रूपमा रहनमा नै सन्तुष्ट हुन्छन् (हिब्रू ५:१२-१४)। दोस्रो प्रश्न हो, "के तपाईंले *सेवक* बन्ने कुरालाई आफ्नो लक्ष बनाउनुभएको छ?" हामी प्रत्येकको निम्ति एउटा चुनौती हो, येशूजस्तै सेवक बन्नु: ख्रीष्टको जस्तो मन हुनु (फिलि २:५; किङ्ग जेम्स् संस्करण [KJV]), "उहाँकै पाइलामा हिँड्नुपर्छ" (१ पत्र २:२१), र "आफ्ना पुत्रको रूपसमान बनाउनलाई" (रोम ८:२९)।

अन्धा बारतिमै र अर्का अन्धा देख्ने भएका
(मत्ती २०:२९-३४; मर्कू १०:४६-५२; लूक १८:३५-४३)

मत्ती २०:२९-३४

२९उहाँहरू यरीहोबाट जाँदैगर्नुहुँदा, एउटा ठूलो भीड उहाँको पछि लाग्यो। ३०बाटोको छेउमा बसिरहेका दुई जना अन्धाहरूले येशू त्यो बाटो जाँदैहुनुहुन्छ भन्ने सुनेर यसो भनी चिच्च्याए, "हे प्रभु, दाऊदका पुत्र, हामीमाथि दया गर्नुहोस्।" ३१भीड़ले तिनीहरूलाई चूप लाग भनी हप्कायो, तर तिनीहरू यसो भन्दै झन् साह्रो कराए, "हे प्रभु, दाऊदका पुत्र, हामीमाथि दया गर्नुहोस्।" ३२तब येशू अड़िनुभयो र तिनीहरूलाई बोलाएर भन्नुभयो, "तिमीहरू के चाहन्छौ? म तिमीहरूका निम्ति के गरिदिऊँ?" ३३तिनीहरूले उहाँलाई भने, "हे प्रभु, हाम्रा आँखा खोलिदिनुहोस्।" ३४येशूले टिठ्याएर तिनीहरूका आँखा छोइदिनुभयो र उत्तिखैरै तिनीहरूले दृष्टि पाए र तिनीहरू उहाँको पछि लागे।

मर्कूस १०:४६-५२

४६त्यसपछि उहाँहरू यरीहोमा आउनुभयो, र उहाँ आफ्ना चेलाहरू र ठूलो भीड़सहित यरीहोबाट निस्कनुहुँदा तिमैको छोरो बारतिमै, एक जना अन्धो भिखारी, बाटोको किनारमा बसिरहेको थियो। ४७जब त्यसले उहाँ नासरतका येशू हुनुहुन्छ भन्ने सुन्यो, तब कराएर त्यसले भन्न लाग्यो, "हे येशू, दाऊदका पुत्र, ममाथि दया गर्नुहोस्।" ४८तब धेरैले त्यसलाई चूप लागोस् भनेर हप्काए। तर त्यो झन् चर्को गरी कराउन लाग्यो, "हे दाऊदका पुत्र, ममाथि दया गर्नुहोस्।" ४९तब येशू टक्क अड़िनुभयो र भन्नुभयो, "त्यसलाई बोलाओ।" अनि तिनीहरूले त्यस अन्धालाई यसो भनेर बोलाए, "ढाड़स गर्, उठ्, उहाँले तँलाई बोलाउँदैहुनुहुन्छ।" ५०अनि आफ्नो खास्टो फालेर त्यो जुरुक्क उठ्यो र येशूकहाँ आयो। ५१येशूले त्यसलाई भन्नुभयो, "तिमी के चाहन्छौ, म तिम्रो निम्ति के गरूँ?" त्यस अन्धो मानिसले उहाँलाई भन्यो, "रब्बी, म दृष्टि पाऊँ।" ५२अनि येशूले त्यसलाई भन्नुभयो, "तिम्रो बाटो लाग। तिम्रो विश्वासले तिमीलाई निको पारेको छ।" तब तुरुन्तै त्यसले दृष्टि पायो,

र बाटोमा येशूको पछिपछि लाग्यो।

लूका १८:३५-४३

**[३५]उहाँ यरीहोको नजिक पुग्नुभयो। त्यहाँ एक जना अन्धो बाटोको छेउमा बसेर भीख
मागिरहेको थियो। [३६]एउटा भीड छेउबाट गइरहेको सुनेर 'यो के हो?' भनेर त्यसले सोध्यो।
[३७]मानिसहरूले त्यसलाई भने, "नासरतका येशू यतैबाट जाँदैहुनुहुन्छ।" [३८]तब त्यो यसो
भन्दै करायो, "हे येशू, दाऊदका पुत्र, ममाथि दया गर्नुहोस्!" [३९]अगिअगि हिँड्नेहरूले
त्यसलाई चूप लाग् भनेर हप्काए, तर त्यो झन् साह्रो करायो, "हे दाऊदका पुत्र, ममाथि
दया गर्नुहोस्!" [४०]येशू अड़िनुभयो, र त्यसलाई आफूकहाँ ल्याउने आज्ञा गर्नुभयो। त्यो
नजिक आएपछि उहाँले त्यसलाई सोध्नुभयो, [४१]"तिमी के चाहन्छौ? म तिम्रो निम्ति के
गरूँ?" त्यसले भन्यो, "प्रभु, म देख्न सकूँ"। [४२]तब येशूले त्यसलाई भन्नुभयो, "तिमी देख्ने
भइजाऊ। तिम्रो विश्वासले तिमीलाई निको पारेको छ।" [४३]अनि तुरुन्तै त्यो देख्ने भयो, र
परमेश्वरको प्रशंसा गर्दै त्यो उहाँको पछि लाग्यो। यो देखेर सबै मानिसहरूले परमेश्वरको
प्रशंसा गरे।**

येशू र भीड यर्दनको बेंसीतर्फ जानुभयो र नदी तरेर यहूदिया जानुभयो। उहाँहरू लगभग सात माइल उकालो चढेर प्राचीन सहर यरीहोमा पुग्नुभयो। त्यहाँ उहाँले दुई जना अन्धाहरूलाई निको पार्नुभयो र एक जना पापी व्यक्तिको उद्धार गर्नुभयो। यो कुराद्वारा सेवक हुनु भनेको के हो भन्ने कुरा प्रभुले व्यवहारिक रूपमै प्रदर्शन गर्नुभयो। सो चंगाइ र याइरसको कथा दुवैको विवरण दिने लेखक लूका हुन्, र उनले चंगाइलाई पहिले उल्लेख गरेका छन् (लूक १८:३५; १९:१, २)।

तीनै सहदर्शी सुसमाचारका पुस्तकहरूमा चंगाइको विवरण उल्लेख छ, तर तिनीहरूको विवरण फरक रहेको छ। उदाहरणको लागि, मत्तीले दुई जना अन्धो मानिस भनी उल्लेख गरेका छन् (मत्ती २०:३०), र मर्कूस र लूकाले एक जना मात्र अन्धो भनी भनेका छन् (मर्कू १०:४६; लूक १८:३५)। यहाँ पनि गदरिनीको इलाकामा दुई जना भूत लागेका मानिसलाई निको पारिएकै जस्तो परिस्थिति रहेको हुनसक्छ। सुसमाचारका पुस्तकहरू लेखिएको समयमा दुईमध्ये एक जना बढी चिनिएका हुनसक्छ। मर्कूसले दुईमध्ये एक जना अन्धाको नाम उल्लेख गरेको छ (यिनी नै बढी परिचित व्यक्ति हुनसक्छ), तिनको नाम **बारतिमै** थियो, यसको अर्थ **तिमैको छोरा** भन्ने हुन्छ (मर्कू १०:४६)। ("बर" भनेको आरामीक भाषामा "को छोरा" हो।) मर्कूस, जसले अवश्य नै रोमी पाठकहरूलाई लक्षित गरी लेखेका थिए, उनले गैर-यहूदी पाठकहरूका निम्ति अपरिचित शब्दको अर्थ स्पष्ट हुने गरी लेखेका छन्।

ती दुई मानिसहरू कहाँ चंगाइ गरिएका थिए त्यसको विवणमा समेत भिन्नता छ। लूकाले **उहाँ** [येशू] **यरीहोको नजिक पुग्नुभएको** थियो भनी उल्लेख गरेका छन् (लूक १८:३५), र मत्ती र मर्कूसले, **उहाँ यरीहोबाट जाँदै हुनुहुन्थ्यो** भनी लेखेका छन् (मत्ती २०:२९; मर्कू १०:४६)। पहिलेका धेरै टिप्पणीकर्ताहरूले यो भिन्नतालाई, येशू जानुहुँदा ती अन्धाहरू यरीहोको प्रवेशद्वारमा बसेका थिए, तर तिनीहरूले उहाँ को हुनुहुन्छ भन्ने थाहा पाउँदा येशू सहरभित्र प्रवेश गरिसक्नुभएको थियो भनेर समाधान गरेका छन्। (यस स्पष्टीकरण अनुसार) त्यसपछि तिनीहरू सहरको अर्कोपट्टि गए र ख्रीष्ट यरीहोबाट गइरहनुभएको बेला तिनीहरूलाई चंगाइ गर्नुभयो। ती अन्धा मानिसहरू सहरको

अर्कोपट्टि ख्रीष्टभन्दा चाँडो पुगेका हुनसक्छन्, किनभने येशूले यरीहोका घरहरूमा केही समय बिताउनुभयो सहरमा केही समय अलमलिनुभयो। पछिल्ला टिप्पणीकर्ताहरूले त्यहाँ दुई वटा "यरीहोहरू" थिए भन्ने टिपोट गरेका छन्: ऐतिहासिक "पुरानो" यरीहो र हेरोदले बनाएको "नयाँ" यरीहो। त्यसैले तिनीहरूको सुझाव के रहेको छ भने, येशू पुरानो यरीहोबाट नयाँ यरीहोमा पुग्न लाग्नुभएको बेला उहाँले ती अन्धाहरूलाई भेट्नुभयो। जे भए तापनि, तीन वटा पुस्तकहरूमा समाधान गर्न नसकिने कुनै पनि विरोधाभास छैन।[42]

यी दुई अन्धाहरू सडकको छेउमा रहेको माग्ने ठाउँमा बसिरहेका थिए (लूक १८:३५ हेर्नुहोस्)। जब तिनीहरूले येशू गइरहनुभएको छ भन्ने सुने, तिनीहरू यसो भन्दै उच्च सोरमा चिच्याए, **"हे प्रभु, दाऊदका पुत्र, हामीमाथि दया गर्नुहोस्"** (मत्ती २०:३०)। मानिसहरूले मसीहलाई उल्लेख गर्न "दाऊदका पुत्र" भन्ने सम्बोधन प्रयोग गर्थे। त्यसैले यी अन्धाहरूले येशूमा रहेको तिनीहरूको विश्वासलाई अन्तस्करणबाटै व्यक्त गरे। भीडले तिनीहरूलाई रोक्ने प्रयास गरे, **तर तिनीहरू यसो भन्दै झन् साह्रो कराए, "हे प्रभु, दाऊदका पुत्र, हामीमाथि दया गर्नुहोस्"** (मत्ती २०:३१)। येशूले तिनीहरूलाई बोलाउनुभयो (मर्कू १०:४९) र तिनीहरूलाई सोध्नुभयो, **"तिमीहरू के चाहन्छौ? म तिमीहरूका निम्ति के गरिदिऊँ?"** (मत्ती २०:३२)। तिनीहरूले भने, **"हे प्रभु, हाम्रा आँखा खोलिदिनुहोस्"** (मत्ती २०:३३)। ख्रीष्टले बारतिमैलाई भन्नुभयो, **"तिम्रो बाटो लाग। तिम्रो विश्वासले तिमीलाई निको पारेको छ"** (मर्कू १०:५२; लूक १८:४२)। चंगाइ प्राप्त गर्नको निम्ति निको हुने व्यक्तिको विश्वास जहिल्यै आवश्यक पर्ने मापदण्ड थिएन। मर्कूस २ मा पक्षघाती मानिसको विश्वासको कारण ऊ निको भएको भन्ने कुनै संकेत छैन। येशूले मृत्युबाट जीवित पार्नुभएका व्यक्तिहरूका हकमा, "चंगाइ" हुनुभन्दा पहिले तिनीहरूसँग अवश्य नै विश्वास थिएन। यस घटनाले विश्वासको सक्रिय स्वभावलाई चित्रित गर्दछ:

विश्वासको स्वीकार गरियो ("दाऊदका पुत्र")।
विश्वासमा खुरन्धारता थियो (भीडद्वारा निरुत्साहित हुन चाहेन)।
विश्वासको उत्तर दिइयो (येशूले बोलाउनुभयो)।
विश्वासको अनुरोध गरियो।

हामीले यो सूचीमा अझै थप्न सक्छौं, चंगाइपछि, विश्वासले आभारी प्रकट गऱ्यो र विश्वासले येशूलाई पछ्यायो।

येशूले टिठ्याएर तिनीहरूका आँखा छोइदिनुभयो र उत्तिखेरै तिनीहरूले दृष्टि पाए (मत्ती २०:३४)। तिनीहरू **परमेश्वरको प्रशंसा गर्दै त्यो उहाँको पछि लाग्यो। र यो देखेर सबै मानिसहरूले परमेश्वरको प्रशंसा गरे** (लूक १८:४३)। सँधै, ख्रीष्टले आफ्नो पिताको महिमा हुने काम गर्नुभयो (यूह १७:४ हेर्नुहोस्)।

लोभलालचबाट जखायसलाई उद्धार गरिएको (लूक १९:१-१०)

[१]येशू यरीहोमा प्रवेश गरेर त्यहाँबाट जाँदैहुनुहुन्थ्यो। [२]त्यहाँ जखायस नाउँ भएका एक जना मानिस थिए। तिनी कर उठाउनेहरूमा प्रमुख मानिस थिए, अनि धनी थिए। [३]येशू को हुनुहुँदोरहेछ भनेर तिनी हेर्न चाहन्थे, तर पुड़को भएका हुनाले भीड़ले गर्दा तिनले देख्न

[42]रोबर्ट डंकन कल्भर (Robert Duncan Culver) ले देखिएका भिन्नताहरूका बारेमा सात वटा फरक सम्भावनाहरूलाई उल्लेख गरेका छन् (कल्भर, २१२-१३)।

सकेनन्। ४तिनी उहाँलाई हेर्नलाई अगिअगि दौड़ेर एउटा अञ्जीरको रूखमा चढ़े। किनकि
येशू त्यही बाटो भएर जान लाग्नुभएको थियो। ५जब येशू त्यस ठाउँमा आइपुग्नुभयो, तब
उहाँले मास्तिर हेरेर तिनलाई भन्नुभयो, "ए जखायस, चाँड़ो ओर्लेर आऊ, किनभने आज
मलाई तिम्रो घरमा बस्नुपरेको छ।" ६तिनी झट्टै ओर्लेर आए। अनि खुसीसाथ उहाँको
सत्कार गरे। ७जब मानिसहरूले यो देखे, तिनीहरू सबै यसो भनेर गनगनाउन लागे, "उनी
पापीको घरमा पाहुना लाग्न गए।" ८जखायसले खड़ा भएर प्रभुलाई भने, "प्रभु, हेर्नुहोस्, म
आफ्ना सम्पत्तिको आधा भाग गरीबहरूलाई दिन्छु, र कोहीबाट अन्यायपूर्वक केही
लिएको छु भने म त्यसको चार गुणा फिर्ता गरिदिनेछु।" ९तब येशूले तिनलाई भन्नुभयो,
"आज यस घरमा मुक्ति आएको छ, किनकि यिनी पनि अब्राहामका छोरा हुन्। १०किनभने
मानिसको पुत्र हराएकालाई खोज्न र बचाउन आएको हो।"

जब हाम्रो जीवनमा समस्याहरू थुप्रिएर त्यसले क्षितिज छुन्छ, हाम्रो सोचाइहरू आत्म-केन्द्रित बन्न थाल्छ, तर यशूको जीवनमा यस्तो भएन। उहाँको विचारमा धेरै कुराहरू रहेको तथ्यको बाबजुत, उहाँले अरूका बारेमा सोच्न छाड्नुभएको थिएन। यो कुरा अन्धा मनिसको चंगाइमा प्रदर्शन भयो। यही कुरा यरीहोको अर्को घटनामा पनि देख्न सकिन्छ: जकायस नामको कर उठाउनेलाई उद्धार गरिएको।

सानासाना बालबालिकाहरूलाई समेत, यी प्रभुलाई हेर्न भनी रूख चढ्ने "सानो मानिसको" कथा थाहा हुन्छ। ख्रीष्ट त्यस मानिसको घरमा जानुभयो, र यो कुराले त्यस मानिसको जीवन परिवर्तन भयो। येशूले जकायसलाई भन्नुभयो, **"आज यस घरमा मुक्ति आएको छ, ... किनभने मानिसको पुत्र हराएकालाई खोज्न र बचाउन आएको हो"** (लूक १९:९, १०)। १० पद अर्को महत्त्वपूर्ण पद हो र यसलाई मर्कूस १०:४५ सँगै राख्न सकिन्छ।

आफ्ना चेलाहरूलाई सुधार: सुनका सिक्काको दृष्टान्त (वा "पाउन्ड") (लूक १९:११-२७)

११तिनीहरूले यी कुरा सुन्दैगर्दा उहाँले तिनीहरूलाई एउटा दृष्टान्त भन्न लाग्नुभयो।
उहाँ यरूशलेमको नजिकै हुनुहुन्थ्यो, अनि मानिसहरूले परमेश्वरको राज्य तुरुन्तै प्रकट
हुन लागेको छ भन्ने सम्झेका थिए। १२उहाँले भन्नुभयो, "एक जना खानदानी मानिस एउटा
राज्य प्राप्त गरी फर्किआउन भनी कुनै टाढ़ा देशमा गए। १३तिनले आफ्ना दश जना
नोकरहरूलाई बोलाएर तिनीहरूलाई दश सुनका सिक्का दिएर भने, 'जबसम्म म
फर्किआउँदिनँ यसबाट व्यापार गर।' १४तर तिनका प्रजाहरू तिनलाई घृणा गर्थे, र
तिनीहरूले तिनको पछिपछि यसो भनेर दूतहरूलाई पठाए, 'तिनले हामीमाथि राज गरेका
हामी चाहँदैनौं।' १५तब राज्य अधिकार पाई तिनी फर्केपछि आफूले पैसा दिएका
नोकरहरूलाई आफूकहाँ बोलाउने हुकुम दिए, अनि व्यापारबाट तिनीहरूले कति नाफा
गरे भन्ने तिनले जान्न चाहे। १६तब पहिलो आएर यसो भन्यो, 'मालिक, तपाईंको सिक्काले
अझै दश सिक्का कमाएको छु।' १७तिनले त्यसलाई भने, 'स्याबास असल नोकर, तँ अति
थोरैमा विश्वासी भइस्, तैंले दश सहरहरूमाथि अधिकार पाउनेछस्।' १८दोस्रो आएर यसो
भन्यो, 'मालिक, तपाईंको सिक्काले अरू पाँच सिक्का कमाएको छु।' १९तिनले त्यसलाई
भने, 'तैंले पनि पाँच सहरमाथि अधिकार पाउनेछस्।' २०अर्को आएर यसो भन्यो, 'मालिक,
हेर्नुहोस्, तपाईंको सिक्का यहाँ छ। यो मैले रूमालमा बाँधेर राखेको थिएँ। २१म तपाईंसँग

डराएँ, किनकि तपाईं कठोर मानिस हुनुहुन्छ। जे राख्नुभएन त्यो लिनुहुन्छ, र जे छर्नुभएन त्यसैको कटनी गर्नुहुन्छ।' २२तिनले त्यसलाई भने, 'तेरै मुखको कुराबाट म तेरो इन्साफ गर्नेछु, ए दुष्ट नोकर! जे राखिनँ त्यो लिने, र जे छरिनँ त्यसको कटनी गर्ने म कठोर मानिस हुँ भनेर तैंले जानेकै थिइस्। २३तब मेरो सिक्का बैङ्कमा किन राखिनस् त? म आएर व्याजसहित त्यो पाउनेथिएँ।' २४तब नजिक उभिनेहरूलाई तिनले भने, 'त्यसबाट त्यो सिक्का लिएर दश सिक्का हुनेलाई दिइहाल्।' २५तिनीहरूले तिनलाई भने, 'हजूर, त्यससँग त दश सिक्का छँदैछन्।' २६'म तिमीहरूलाई भन्दछु, जससँग छ त्यसलाई अझ बढ़ी दिइनेछ, तर जससँग छैन त्यससँग भएको पनि त्यसबाट खोसिनेछ। २७तर मैले तिनीहरूमाथि राज गरेको नचाहने मेरा ती शत्रुहरूलाई यहाँ ल्याओ, र तिनीहरूलाई मेरै सामुन्ने मार'।"

अन्त्यसम्मै, येशूले शिक्षा दिइरहनुभएको हामी पाउँछौं—सत्यताको पक्षमा बोल्दै गलत विचारलाई सुधार गर्ने प्रयास गरिरहनुभयो। ख्रीष्ट र उहाँका चेलाहरूले जकायसको घरमा केही समय बिताउनुभएपछि, राज्यको विषयमा गलत अवधारणालाई सच्याउने निरन्तर प्रयास स्वरूप उहाँले सुनका सिक्काको दृष्टान्त बताउनुभयो। शायद किङ्ग जेम्स् संस्करण (KJV) मा "पाउण्ड" भन्ने शब्द प्रयोग गरिएको कारण यसलाई "सुनका सिक्काको दृष्टान्त" भनी चिनिन्छ। न्यू अमेरीकन स्टयाण्डर्ड बाइबल (NASB) मा प्रयोग गरिएको "मीनास" ("minas") (अर्थात्, प्राचीन ग्रीक सिक्का) ले ग्रीक शब्दको ठेड अर्थलाई प्रतिनिधित्व गर्छ।

दृष्टान्तमा, एक जना खानदानी मानिसले आफ्ना जना नोकरहरूलाई एक-एक वटा **दश सुनका सिक्का** (मीना) दिन्छ (लूक १९:१३, १६, १८, २०) र आफू गएको समयमा त्यसद्वारा **व्यापार गर्नू** भनी भन्छ। **मीना** भनेको ग्रीकको चाँदीको सिक्का हो, र एउटा मीनाको मोल एक सय दिनारी हुन्छ। हामीले यसभन्दा अघि नै उल्लेख गरेझैं, एक दिनारी भनेको कामदारले पाउने एक दिनको ज्याला थियो (मत्ती २०:२ हेर्नुहोस्)। एक मीनाले सामान्य कामदारले चार महिनामा कमाउने औसत रकमलाई प्रतिनिधित्व गर्थ्यो। लूका १९:१७ ले मीनालाई **अति थोरै** रकमको रूपमा उल्लेख गरेको छ, तर यो तुलनात्मक रूपमा मात्र "अति थोरै" थियो—नोकरलाई दिइएको दश सहरमाथिको अधिकारसँग तुलना गर्दा। त्यसपछि त्यस खानदानी मानिस **राज्य प्राप्त गरी फर्किआउन भनी कुनै टाढ़ा देशमा गए** (लूक १९:१२)। पछि, उनी विश्वासयोग्यहरूलाई इनाम दिन र अनाज्ञाकारी र विरोधीहरूलाई दण्ड दिन फर्किए। यो दृष्टान्त प्रभुले केही दिनपछि भन्नुभएको दश सिक्काको दृष्टान्तसँग मिल्दो छ (मत्ती २५:१४-३०), तर यसमा जोड दिइएको कुरा फरक छ।

यो दृष्टान्तको मुख्य उद्देश्य ११ पदमा दिइएको छ: **तिनीहरूले यी कुरा सुन्दैगर्दा उहाँले तिनीहरूलाई एउटा दृष्टान्त भन्न लाग्नुभयो। उहाँ यरूशलेमको नजिकै हुनुहुन्थ्यो, अनि मानिसहरूले परमेश्वरको राज्य तुरुन्तै प्रकट हुन लागेको छ भन्ने सम्झेका थिए।** आफूलाई यरूशलेममा मारिनेछ भनी ख्रीष्टले बताउनुभएको थियो, तर तिनीहरूले त्यसलाई स्वीकार गरेनन्। भीडको हर्षोउल्लासको माझमा उहाँलाई देखेका कारण, येशूले यरूशलेम यात्रा गर्नुको उद्देश्य उहाँको राज्य स्थापना गर्नु हो भनी तिनीहरूले सोचेका थिए। यो दृष्टान्तमा ध्यान दिनुपर्ने कुरा भनेको के हो भने, त्यस खानदानी मानिस आफ्नो राज्य प्राप्त गर्न "टाढ़ाको देशमा" जानुपर्ने थियो। अवश्य नै त्यही खानदानी मानिसले येशूलाई प्रतिनिधित्व गर्छ अनि "टाढ़ाको देश" भनेको स्वर्ग हो। उहाँलाई राजाको रूपमा मुकुट

पहिऱ्याइनुभन्दा पहिले येशू मारिनुपर्थ्यो, पुनारुत्थान हुनुपर्थ्यो र उहाँको पिताकहाँ उचालिनुपर्थ्यो (प्रे २:३२, ३३; हेर्नुहोस्: प्रका ३:२१)। येशूको स्वर्ग आरोहणको दश दिनपछि, पेन्तिकोसको दिनमा, ख्रीष्टको राज्य/मण्डलीको स्थापना गर्न र उहाँको राज्यभिषेक गर्न पवित्र आत्मा आउनुभयो।

नियमको रूपमा, एउटा सत्यतालाई सिकाउनको निम्ति एउटा दृष्टान्त बताइन्थ्यो। तैपनि यो प्रसंगमा, यो दृष्टान्तले अन्य थप शिक्षाहरू पनि समावेश गरेको छ: (१) ख्रीष्टका चेलाहरूका निम्ति विशेष चुनौती के हो त्यसलाई यसले समावेश गरेको छ। उहाँ जानुभएपछि, तिनीहरू व्यस्त रहनुपर्थ्यो। उहाँले तिनीहरूलाई ठूलो जिम्मेवारी सुम्पनुभयो, अनि एक दिन तिनीहरूलाई आफ्ना लेखाजोखा दिन लगाउनुहुनेछ (२ कोर ४:१७ हेर्नुहोस्)। (२) यसले येशूका शत्रुहरूका निम्ति विशेष चेतावनीलाई पनि समावेश गरेको छ। उहाँलाई इन्कार गर्नेहरूलाई गम्भीर रूपमा दण्ड दिइनेछ।

क्रूसतर्फको यात्राको क्रममा येशूको विचार र जीवनमा के कुराको हाबी थियो भन्ने विषयमा हामी यो खण्डमा केन्द्रित भयौं। हामी कसरी *सँधै* जिउनुपर्छ भन्ने कुरा उहाँको उदाहरणले देखाउँदछ।

भाग ७

येशूको सेवकाइको अन्तिम हप्ता

निम्न खण्डहरूको संयोजित अध्ययन

मत्ती २१:१—२७:६६

मर्कूस ११:१—१५:४६

लूका १९:२९—२३:५६

यूहन्ना ११:५५—१९:४२

खण्ड १

अन्तिम अनुरोधहरू

निम्न खण्डहरूको संयोजित अध्ययन

मत्ती २१:१—२५:४६; २६:६-१३

मर्कूस ११:१—१२:३७; १४:३-९

लूका १९:२९—२०:४४; २१:३७, ३८

यूहन्ना ११:५५—१२:१९

सुसमाचारको पुस्तकहरूको प्रारम्भिक विवरणहरूबाट धेरै सत्यताहरूलाई सिकाइन्छ। तैपनि, ती सामाग्रीहरूका प्राथमिक उद्देश्य भनेको येशूको व्यक्तिगत सेवकाइको अन्तिम केही दिनहरूका निम्ति तयार गर्नु हो र यो समय अवधिलाई उहाँको मृत्यु र पुनरुत्थानले चरमचुली प्रदान गऱ्यो। रिचार्ड रोजर्स (Richard Rogers) ले यो विशेष समय अवधिलाई, "त्यो आठ दिन जसले संसारलाई परिवर्तन गऱ्यो" भनी भनेका छन्।[1] सुसमाचारका पुस्तकहरूको झण्डै एक तिहाइ भाग यी आठ दिनमा केन्द्रित छ। एच. आई. हेस्टर (H. I. Hester) को विचार यस्तो छ: "येशूको वास्तविक सेवकाइमा केन्द्रित अध्यायहरूमध्ये, ती अन्तिम दिनमा उहाँले अनुभव गर्नुभएका कुराहरूमा नै लगभग चालीस प्रतिशत समर्पित छ।"[2] निश्चित रूपमा यूहन्नाले आफ्नो लेखलाई ख्रीष्टको जीवनको अन्त्यमा केन्द्रित गरेका छन्। यूहन्नाको पुस्तकको एक्काइस अध्यायहरूमध्ये लगभग आधा भाग येशू बेथानियामा आइपुग्नुभएपछिको घटनाहरूमा केन्द्रित छ।

पृथ्वीमा प्रभुको अन्तिम दिनहरूलाई "येरूशलेममा ख्रीष्टको सेवकाई" भनेर पनि भन्न सकिन्छ। (हामीलाई थाहा भए अनुसार) उहाँले त्यस सहरमा त्यति समय र शक्तिको खर्च यसभन्दा पहिले कहिल्यै गर्नुभएको थिएन। सहर र त्यसका अगुवाहरूलाई—र तिनीहरूद्वारा सिङ्गो देशलाई—परमेश्वरको योजनामा फर्काएर ल्याउने उहाँको यो अन्तिम प्रयास थियो।

शुक्रबार अपह्रान्ह: बेथानियामा आइपुग्नुभएको (यूह ११:५५—१२:१)

५५यहूदीहरूको निस्तार-चाड नजिकै थियो, र गाउँ-गाउँबाट धेरै जना आफू-आफूलाई शुद्ध पार्न भनी निस्तार-चाड़को आरम्भ हुन अघि यरूशलेममा गए। ५६तब तिनीहरूले येशूलाई खोजे, अनि तिनीहरू मन्दिरमा खड़ा हुँदा आपसमा भन्न लागे, "तिमीहरूलाई कस्तो लाग्छ, के उनी चाड़मा आउलान्?" ५७मुख्य पूजाहारीहरू र फरिसीहरूले चाहिँ येशूलाई पक्रन उहाँ कहाँ हुनुहुन्छ भनी कसैले थाहा पाए खबर गर्नू भन्ने आज्ञा दिएका थिए।

१निस्तार-चाड़को छ दिनअघि येशू बेथानियामा आउनुभयो। त्यहाँ लाजरस बस्थे, जसलाई येशूले मृतकबाट जीवित पार्नुभएको थियो।

यूहन्नाले "त्यो आठ दिन जसले संसारलाई परिवर्तन गऱ्यो" को बारेमा बताएका छन्। **यहूदीहरूको निस्तार-चाड नजिकै थियो** भनी उनले पहिले बताएका छन् (यूह ११:५५क)। आफ्ना घरका ढोकामा थुमाको रगत लगाउने इस्राएलीहरूलाई मिश्रदेशबाट परमेश्वरले "प्रस्थान गर्नुभएको" कुराको स्मरण स्वरूप निश्तार-चाड मनाइन्थ्यो (प्रस १२:१-२८)। इस्राएलीहरूले प्रस्थानको सुरुवातमा गरेजस्तै, निश्तार-चाडमा बलिदानको थुमा (अर्थात् "निस्तार-चाडको वा निस्तार-चाड सम्बन्धी" थुमा) मारिन्थ्यो। "निष्खोट र निष्कलङ्क" "परमेश्वरका थुमा" लाई बलिदान दिने योभन्दा उपयुक्त समय हुन सक्दैनथ्यो (१ पत्र

---

[1]रिचार्ड रोजर्स (Richard Rogers), *द लाइफ अफ क्राइष्ट एण्ड हिज टिचिङ* (लुब्बक, टेक्सस्: सनसेट इन्टरनेशनल बाइबल इन्स्टिच्युट एक्स्टर्नल स्टडिज डिपार्टमेन्ट, १९९५), ५९।

[2]एच. आई. हेस्टर (H. I. Hester), *द हर्ट अफ द न्यू टेस्टामेन्ट* (लिबर्टी, मो.: क्वालिटी प्रेस, १९६३), १८७।

१:१९; यूह १:२९)।

धेरै जना आफू-आफूलाई शुद्ध पार्न भनी निस्तार-चाड़को आरम्भ हुन अघि यरूशलेममा गए भनी यूहन्नाले उल्लेख गरेका छन (यूह ११:५५ख)। आत्मिक अनुष्ठानभन्दा पहिले धार्मिक रूपमा गरिने शुद्धिकरण गरिनु पर्थ्यो (प्रस १९:१०, ११ हेर्नुहोस्), यसमा निस्तार-चाड पनि पर्थ्यो (२ इति ३०:१३-२० हेर्नुहोस्, विशेष गरी १७ पद)। धार्मिक रूपमा अशुद्ध मानिसलाई निस्तार-चाडको भोज खान अनुमति थिएन (यूह १८:२८ हेर्नुहोस्)। चाडको निम्ति यरूशलेममा ठूला भीड भेला हुने कारण, शुद्धिकरण समाप्त हुन केही दिन लाग्थ्यो। यात्रीहरू निस्तार-चाडको भोजमा सहभागी हुन पाउनका निम्ति सकेसम्म चाँडै आउने प्रयास गर्थे। उल्लेख गरिएको ठूला भीड भनेको वास्तविक चाड सुरु हुनुभन्दा लगभग एक हप्ता अघि नै आइपुग्ने तीर्थयात्रीहरूका भीड थियो।

यूहन्नाका अनुसार, चाँडै आइपुग्नेहरूले **येशूलाई खोजे, अनि तिनीहरू मन्दिरमा खड़ा हुँदा आपसमा भन्न लागे, "तिमीहरूलाई कस्तो लाग्छ, के उनी चाड़मा आउलान्?"** (यूह ११:५६)। धेरै हप्ता पहिले लाजरसलाई मृत्युबाट जीवित पारिएको घटनापछि, अधिकारीहरूले ख्रीष्टलाई मार्ने निर्णय गरेका थिए (यूह ११:१-५३), र यसले भीडलाई अझै तताएको थियो (यूह १२:९, १७-१९ हेर्नुहोस्)। **मुख्य पूजाहारीहरू र फरिसीहरूले चाहिँ येशूलाई पक्रन उहाँ कहाँ हुनुहुन्छ भनी कसैले थाहा पाए खबर गर्नू भन्ने आज्ञा दिएका थिए** (यूह ११:५७)। शायद यरूशलेम र वरपरका गाउँ सहरहरूमा सार्वजनिक सूचना टाँसिएको हुनसक्छ। मानिसहरू येशूलाई हेर्न आतुर थिए; तर खतराको कारण, उहाँ यरूशलेममा आउने आँट गर्नुहुन्न भन्ने पनि तिनीहरूले सोचेका थिए। येशू यरीहोबाट अन्तिम यात्रा गर्दैगर्नुहुँदा उहाँलाई पर्खिरहेको त्यस उत्तेजनाले तातिएको परिस्थितिको बारेमा यूहन्नाले उल्लेख गरेका छन्।

शनिबार साँझ: बेथानियामा भोज
(मत्ती २६:६-१३; मर्कू १४:३-९; यूह १२:२-११)

मत्ती २६:६-१३

६येशू बेथानियामा सिमोन कुष्ठरोगीको घरमा हुनुहुँदा, ७एउटी स्त्री सिङ्गमरमरको एउटा शीशीमा बहुमूल्य अत्तर लिएर उहाँकहाँ आई, र उहाँ खान बस्नुहुँदा तिनले त्यो उहाँको शिरमा खन्याई। ८यो देखेर चेलाहरूलाई रीस उठ्यो, र तिनीहरूले भने, "केको निम्ति यत्रो नोक्सानी? ९किनकि यो अत्तर धेरै दाममा बिक्री गरेर त्यो पैसा गरीबहरूलाई दिन सकिन्थ्यो।" १०तर येशूले यो थाहा पाएर तिनीहरूलाई भन्नुभयो, "तिमीहरू यस नारीलाई किन दुःख दिन्छौ? तिनले त मेरो निम्ति एउटा असल काम गरेकी छिन्। ११किनकि गरीबहरू तिमीहरूसँग सधैँ हुन्छन्। तर म तिमीहरूसँग सधैँ हुन्नँ। १२तिनले यो अत्तर मेरो शरीरमा खन्याएर दफनको निम्ति मलाई तयार गरेकी हुन्। १३साँच्चै, म तिमीहरूलाई भन्दछु, सारा संसारमा जहाँ यो सुसमाचार प्रचार गरिन्छ, यस नारीले जे गरिन् त्यसको चर्चा तिनको सम्झनाको लागि गरिनेछ।"

मर्कूस १४:३-९

३उहाँ बेथानियामा सिमोन कुष्ठरोगीको घरमा खान बस्नुहुँदा एउटी स्त्री विशुद्ध

जटामसीको बहुमूल्य अत्तर सिङ्गमरमरको शीशीमा लिएर आई, र त्यो शीशी फुटाएर त्यो सुगन्धित जटामसीको अत्तर उहाँको शिरमा खन्याई। ४तर कोही-कोहीले रीस गरेर आपसमा भन्न लागे, "यो सुगन्धित अत्तर किन यसरी नोक्सानी गरेको? ५किनकि यो अत्तर तीन सय चाँदीका सिक्काभन्दा बढ़ीमा बिक्री गरेर गरीबहरूलाई त्यो पैसा दिन सकिन्थ्यो।" अनि तिनीहरूले त्यस स्त्रीलाई झपारे। ६तर येशूले भन्नुभयो, "छोडिदेओ, किन तिमीहरू यिनलाई सताउँछौ? यिनले मप्रति असल काम गरेकी छे। ७किनभने गरीबहरू त तिमीहरूसँग सधैँ हुन्छन्, र इच्छा लागेको कुनै पनि समय तिमीहरू तिनीहरूको भलाइ गर्न सक्छौ। तर म त सधैँ तिमीहरूका साथमा हुँदिनँ। ८यस स्त्रीले जे गर्न सक्थी त्यही गरेकी छे। यिनले मेरो शरीरको दफनको निम्ति अघिबाटै सुगन्धित अत्तर घसेर तयार पारेकी छे। ९साँच्चै, म तिमीहरूलाई भन्दछु, सारा संसारमा जहाँ-जहाँ यो सुसमाचार प्रचार गरिन्छ, यस स्त्रीले जे गरेकी छे यिनको सम्झनाको लागि यो कार्यको वर्णन गरिनेछ।"

यूहन्ना १२:२-११

२तिनीहरूले उहाँको निम्ति त्यहाँ बेलुकीको भोजन तयार गरे। मार्थाले सेवा-टहल गर्थिन्, अनि लाजरसचाहिँ उहाँसँगै खान बस्नेहरूमध्ये एक जना थिए। ३तब मरियमले आधा लिटर जति कीमती जटामसीको सुगन्धित अत्तर ल्याएर येशूका पाउमा मलिन्, अनि उहाँका पाउ आफ्ना केशले पुछिन्, र अत्तरको बास्नाले घर भरियो। ४तर उहाँका चेलाहरूमध्ये एक जना, अर्थात् उहाँलाई पक्राउन खोज्ने यहूदा इस्करियोतले भन्यो, ५"यो अत्तर तीन सय चाँदीका सिक्कामा बेचेर त्यो रकम गरीबहरूलाई दिए हुँदैनथ्यो?" ६तर त्यसले गरीबहरूको ख्याल राखेर यो भनेको थिएन, किनकि त्यो चोर थियो, र पैसाको थैलो त्यसैले राख्थ्यो, अनि त्यहाँबाट चोर्ने गर्थ्यो। ७येशूले भन्नुभयो, "यिनलाई केही नभन, मेरो दफन-दिनको लागि यिनलाई त्यो राखिछोड्न देऊ। ८किनभने गरीबहरू सधैँ तिमीहरूसँग हुन्छन्, तर म त सधैँ तिमीहरूसँग हुन्नँ।" ९यहूदीहरूको एउटा ठूलो भीड़ले उहाँ त्यहाँ हुनुहुन्छ भन्ने थाहा पायो, र येशूको खातिरमा मात्र होइन, तर उहाँले मृतकबाट जीवित पार्नुभएको लाजरसलाई पनि हेर्न भनी तिनीहरू आएका थिए। १०यसैले मुख्य पूजाहारीहरूले लाजरसलाई पनि मार्ने मतो गरे। ११किनभने तिनैले गर्दा यहूदीहरूमध्ये धेरै जना छुटिएर गई येशूमाथि विश्वास गर्न लागेका थिए।

मत्ती, मर्कूस, र लूकाले आफ्ना पुस्तकमा यरीहोको यात्राबाट एकै चोटी यरूशलेममा विजयी यात्राको विवरण उल्लेख गरेका छन् (मत्ती २०:२९; २१:१; मर्कू १०:४६; ११:१; लूक १९:२८, २९)। मत्ती र मर्कूसले बेथानियामा गरिएको रात्रीभोजको बारेमा पछि मात्र उल्लेख गरेका छन् (मत्ती २६:६-१३; मर्कू १४:३-९)। तैपनि, त्यस भोजको बारेमा समयाक्रमानुसार विवरण दिने लेखक यूहन्ना हुन्। निस्तार-चाडभन्दा छ दिन पहिले येशू बेथानियामा आइपुग्नुभयो भनी उनले बताएका छन् (यूह १२:१) र बेथानियामा गरिएको भोजको "भोलिपल्ट" विजयी प्रवेश भयो भनेर पनि उनले उल्लेख गरेका छन् (यूह १२:१२)। बेथानियामा भएको घटनाहरूका निम्ति हामी यूहन्नाको समयानुक्रमलाई पछ्याउनेछौं।

यरूशलेमबाट "तीन किलोमिटर" (वा "दुई माइल") टाढा पर्ने **बेथानियामा** (यूह ११:१८), मरियम, मार्था र लाजरस बस्थे (यूह ११:१)। केही समय अघि ख्रीष्टले त्यहाँ

लाजरसलाई मृत्युबाट जीवित पार्नुभएको थियो (यूह ११:२-४६; १२:१)। शायद उहाँ शुक्रबार साँझ घाम डुब्नेबित्तिकै बेथानियामा आइपुग्नुभएको थियो। यहूदी पवित्र पात्रो अनुसार पहिलो महिनाको चौधौं दिनको साँझमा निस्तार-चाडको भोज खाइन्थ्यो। त्यस वर्ष, त्यो मिति शुक्रबारको दिन परेको थियो, अर्थात्, शबाथ-दिनको अघिल्लो दिन (यूह १९:३१ हेर्नुहोस्)। येशू शबाथ-दिनमा यात्रा गर्नुभएन भन्ने तथ्यालाई ध्यानमा राख्दा, उहाँ निस्तार-चाडको भोजभन्दा एक हप्ता पहिले, शबाथ-दिनको ठीक अघि त्यहाँ आइपुग्नुभएको थियो।

शायद उहाँले त्यहाँ आफ्ना मित्रहरूलाई भेट गर्नुभयो र स्थानीय सभाघरको सेवामा सहभागी हुनुभई शबाथ-दिन चुपचाप बिताउनुभयो। त्यसपछि, शनिबार साँझ, शाबथ-दिनको समाप्तिपछि र यहूदी हप्ताको पहिलो दिन, **तिनीहरूले उहाँको निम्ति त्यहाँ बेलुकीको भोजन तयार गरे** (यूह १२:२क)।

"तिनीहरू" को थिए भन्ने बारेमा बाइबलमा स्पष्ट उल्लेख छैन। भोज मार्थाको घरमा नभई सिमोनको घरमा तयार गरिएकोले, "तिनीहरू" मा अवश्य नै मार्था र मरियम बाहेक अरू पनि समावेश थिए। प्रभुको निम्ति विशेष खाना तयार गर्न गाउँलेहरूले पनि सहयोग गरेको हुनसक्छ। तैपनि, मार्थाले प्रभुलाई विशेष **सेवा** गरेकीले (यूह १२:२), खाना तयार गर्नमा योगदान दिने मुख्य व्यक्ति तिनी नै रहेको हुनसक्छ। यो भोज **सिमोन कुष्ठरोगीको घरमा** आयोजना गरिएको थियो (मत्ती २६:६; मर्कू १४:३), तिनी अवश्य नै प्रभुले पहिले चंगाइ गर्नुभएको कुष्ठरोगी थिए। यी सिमोन मार्था, मरियम र लाजरसको बाबु थिए भनेर धेरै टिप्पणीकर्ताहरूले अनुमान गर्छन्। यो भोज ख्रीष्ट र लाजरसलाई सम्मान गर्न तयार गरिएको थियो (यूह १२:२ख, ९)।

खानाको समयमा, मरियमले जटामसीको शीशी निकालिन, **शीशी फुटाइन्** (मर्कू १४:३) र प्रभुको शिरमा हाल्न लागिन् (मत्ती २६:७; मर्कू १४:३; यूह १२:३)। यदि तिनले शीशीको बिर्को खोलेर केही थोपा येशूको शिरमा हालिदिएकी भए त्यहाँ उपस्थित हुनेहरूले उदेक मान्ने थिएनन् होला (लूक ७:४६ हेर्नुहोस्), तर तिनले शीशी नै फुटाइन्। विलियम बार्क्ले (William Barclay) भन्छन्, त्यो समयमा मृतकको शरीरमा अत्तर हाल्दा, कुनै पनि मोल बाँकी राखिएन भन्ने संकेत स्वरूप शीशीका टुक्राहरू चिहानको छेउमा राखिन्थ्यो।[3] उनको प्रेम र सराहनामा कुनै खोट थिएन। **जटामसी** धेरै महंगो हुन्थ्यो, र दुर्लभ वनस्पतिबाट बनाइएको तेल र तरल पदार्थको मिश्रणबाट यसलाई तयार गरिएको हुन्थ्यो। यसलाई भारतजस्ता टाढाको देशहरूबाट आयत गरिन्थ्यो। यसलाई सामान्यतया मृतक शरीरलाई दफनको निम्ति तयार गर्न प्रयोग गरिन्थ्यो। मरियमले येशूलाई लगाइदिइएको अत्तर सिङ्गमरमरले बनेको शीशीमा राखिएको थियो र यो मिश्रदेशको पश्चिमी भागबाट आयत गरिएको थियो।

मर्कूस १४:३ अनुसार, मरियमले ख्रीष्टको शिरमा अभिषेक गरिन्, र यूहन्ना १२:३क ले भन्छ, उनले उहाँको पाउमा अभिषेक गरिन्। आज हामी यसो भन्न सक्छौं, उनले उहाँलाई "शिरदेखि पाउसम्म" अभिषेक गरिन्। त्यसपछि तिनले **उहाँका पाउ आफ्ना केशले पुछिन्, र अत्तरको बास्नाले घर भरियो** (यूह १२:३ख)। (लूक ७:३६-५० को अभिषेक र यो अभिषेकमा अलमलिनु हुँदैन। यी दुई घटनाका केही विवरण मिल्दो छन्;

---

[3]विलियम बार्क्ले (William Barclay), *द गोस्पल अफ मार्क,* रिभ. एड., द डेली स्टडी इबल सेरिज (फिलादेल्फीया: वेस्टमिन्सटर प्रेस, १९७५), ३२६।

तर स्थान्, समय, घटना, सहभागीहरू, र दिइएको नतिजा फरक छन्।)

उपस्थित केहीले मरियमले गरेको यो कार्यको आलोचना गरे: **"यो सुगन्धित अत्तर किन यसरी नोक्सानी गरेको? किनकि यो अत्तर तीन सय चाँदीका सिक्काभन्दा बढ़ीमा बिक्री गरेर गरीबहरूलाई त्यो पैसा दिन सकिन्थ्यो"** (मर्कू १४:४, ५)। एक दिनारी त्यस बेला सामान्य मजदूरको एक दिनको प्रारिश्रामिक हुन्थ्यो (मत्ती २०:२)। "तीन सय चाँदीका सिक्काभन्दा" (वा "तीन सय दिनारी") भनेको कुनै मजदूरले एक वर्षमा कमाउने सरदर रकम थियो। यसको अर्थ, अत्तर लाखौं रुपियाँ मूल्य बराबरको थियो। आलोचकहरूका निम्ति, यो अत्यन्तै नराम्ररी खेर फालिएको भयो।

यो आलोचनालाई अघि सार्ने यहूदा थियो भन्ने स्पष्टै देखिन्छ (यूह १२:४, ५), जो प्रभुको हप्किद्वारा नराम्रोसँग अपमानित भए। मत्ती र मर्कूसको पुस्तकमामा, बेथानियामा भएको भोजको विवरणपछि तुरुन्तै यहूदाले येशूलाई विश्वासघात गरेको विवरण उल्लेख गरिएको छ। शायद, यहूदाले किन विश्वासघात गरे भन्ने कुरालाई स्पष्ट गर्ने प्रयास स्वरूप तिनीहरूले भोजको कथालाई समावेश गरेका हुन्।

येशूले मरियमको ठूलो प्रशंसा गर्नुभयो:

> **छाडिदेओ; किन तिमीहरू यिनलाई सताउँछौ? यिनले मप्रति असल काम गरेकी छे। किनभने गरीबहरू त तिमीहरूसँग सधैँ हुन्छन्, र इच्छा लागेको कुनै पनि समय तिमीहरू तिनीहरूको भलाइ गर्न सक्छौ। तर म त सधैँ तिमीहरूका साथमा हुँदिनँ। यस स्त्रीले जे गर्न सक्थी त्यही गरेकी छे। यिनले मेरो शरीरको दफनको निम्ति अघिबाटै सुगन्धित अत्तर घसेर तयार पारेकी छे। साँच्चै, म तिमीहरूलाई भन्दछु, सारा संसारमा जहाँ-जहाँ यो सुसमाचार प्रचार गरिन्छ, यस स्त्रीले जे गरेकी छे यिनको सम्झनाको लागि यो कार्यको वर्णन गरिनेछ** (मर्कू १४:६-९; हेर्नुहोस्: मत्ती २६:१०-१३)।

ख्रीष्टलाई केही कुरा थाहा थियो जुन अरू पाहुनालाई थाहा थिएन: आफ्नो समय नजिक आइपुगेको छ भन्ने उहाँलाई थाहा थियो (यूह १२:२३; १३:१; १७:१)। केही दिनपछि उहाँ क्रूसमा चढ्नुपर्नेछ भन्ने उहाँलाई थाहा थियो। आफ्नो कार्यले के कुरालाई प्रतिनिधित्व गरिरहेको छ त्यस बारेमा शायद मरियमलाई थाहा थिएन। उनको विचारमा, यो प्रेम र कृतज्ञताको संयुक्त अभिव्यक्ति थियो। तैपनि, येशूले यसको विशेष अर्थलाई देख्नुभयो: तिनले उहाँको शरीरलाई दफनको निम्ति तयार गरिरहेकी थिइन्।

प्रभुले भन्नुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, सारा संसारमा जहाँ-जहाँ यो सुसमाचार प्रचार गरिन्छ, यस स्त्रीले जे गरेकी छे यिनको सम्झनाको लागि यो कार्यको वर्णन गरिनेछ" (मर्कू १४:९)। सुसमाचार जहाँजहाँ पुगेको छ मानिसरूले मरियमको प्रेमको उपहारको बारेमा पढेका छन्। फुटाइएको सिङ्गमरमरको बास्नाले बेथानियाको घरलाई मात्र भरेन, तर यसले संसारलाई समेत भरेको छ।

येशू र लाजरस भोजमा हुनुहुन्छ भन्ने कुराको हल्ला फैलियो, र उहाँहरू दुवैलाई हेर्न आतुर मानिसहरूका भीड यरूशलेमबाट आयो (यूह १२:९)। यो ख्रीष्टको शक्तिको जीवित प्रमाण हेर्ने अवसर थियो। यसको परिणाम स्वरूप, **... यहूदीहरूमध्ये धेरै ... येशूमाथि विश्वास गर्न लागेका थिए** (यूह १२:११)।

यहूदी अगुवाहरू समेत प्रभावित भएका थिए होलान्। तर, जुन कुराले प्रसिद्धिको

ज्वालालाई फुकेको थियो त्यसले घृणाको आगोलाई समेत सल्कायो।[4] डाहको परिणाम स्वरूप महासभाले अर्को निर्णय गरे: **यसैले मुख्य पूजाहारीहरूले लाजरसलाई पनि मार्ने मतो गरे ...** (यूह १२:१०, ११)। चिहानमा नै सुतिरहनुको सट्टा जीवितै हिँड्डुल गरेको बाहेक लाजरसले कुनै अपराध गरेका थिएनन्, तर तिनीहरूले उनलाई खतराको रूपमा लिए—त्यसैले ऊ पनि मारिनु पर्थ्यो। हामीलाई थाहा भए अनुसार, महासभाले यो योजनालाई अघि बढाएन। येशूलाई क्रूसमा टाँगेपछि तिनीहरूको रक्ततृष्णा बिलकुल मेटियो।

आइतबार अपह्रान्ह: यरूशलेममा विजय-प्रवेश
(मत्ती २१:१-११; मर्कू ११:१-११; लूक १९:२९-४४; यूह १२:१२-१९)

मत्ती २१:१-११

[१]जब उहाँहरू यरूशलेमको नजिक जैतून डाँड़ाको बेथफागेमा आइपुग्नुभयो, तब येशूले दुई जना चेलाहरूलाई यसो भनेर पठाउनुभयो, [२]"तिमीहरू सामुन्नेको गाउँमा जाओ। त्यहाँ पुग्ने बित्तिकै तिमीहरूले एउटा गधा र त्यसको बछेड़ो बाँधिएका भेट्टाउनेछौ। तिनलाई फुकाएर मकहाँ ल्याओ। [३]कसैले तिमीहरूलाई केही भन्यो भने, 'प्रभुलाई यिनको जरूरत छ' भन्नू र त्यसले तुरुन्तै ती पठाइदिनेछ।" [४]अगमवक्ताद्वारा बोलिएको वचन पूरा होस् भनेर यो भएको हो, [५]"'सियोनकी छोरीलाई भन, हेर, तिम्रा राजा तिमीकहाँ आउँदैछन्, विनम्र भई गधामाथि सवार भएर, गधाको बच्चा, एउटा बछेड़ामाथि।" [६]तब चेलाहरू गए, र येशूले तिनीहरूलाई अह्राएबमोजिम गरे। [७]तिनीहरूले गधा र त्यसको बच्चा ल्याए, र तीमाथि आफ्ना लुगाफाटा ओछ्याए, र उहाँ त्यसमाथि बस्नुभयो। [८]भीड़मा धेरैले आफ्ना वस्त्र बाटोमा ओछ्याए, र अरूहरूले रूखका हाँगा काटेर बाटोमा बिछ्याइदिए। [९]उहाँको अगि र पछि लागेका भीड यसो भन्दै कराए, "दाऊदका पुत्रलाई होसन्ना! धन्य उहाँ, जो परमप्रभुको नाउँमा आउनुहुन्छ! परमधाममा होसन्ना!" [१०]जब उहाँ यरूशलेममा प्रवेश गर्नुभयो, सारा सहरमा हलचल मच्चियो। मानिसहरूले सोध्न लागे, "यिनी को हुन्?" [११]भीड़का मानिसहरूले जवाफ दिए, "यिनी गालीलको नासरतबाट आएका अगमवक्ता, येशू हुन्।"

मर्कूस ११:१-११

[१]जब उहाँहरू यरूशलेमको नजिक जैतून डाँड़ाको छेउमा बेथफागे र बेथानिया भन्ने ठाउँमा आइपुग्नुभयो, तब उहाँले आफ्ना चेलाहरूमध्ये दुई जनालाई यसो भनेर पठाउनुभयो, [२]"तिमीहरूका सामुन्नेको गाउँमा जाओ, र पस्दापस्दै तिमीहरूले अहिलेसम्म कोही मानिस नचढ़ेको एउटा गधाको बछेड़ो भेट्टाउनेछौ। त्यसलाई फुकाएर यहाँ ल्याओ। [३]कसैले तिमीहरूलाई 'यो के गरेको?' भन्यो भने, 'प्रभुलाई यसको खाँचो परेको छ, र उहाँले चाँड़ै फर्काइदिनुहुनेछ' भन।" [४]तब तिनीहरू गए, र त्यो बछेड़ो खुला गल्लीमा एउटा घरको बाहिरपट्टि ढोकानेर बाँधिएको भेट्टाए, र त्यसलाई फुकाए। [५]त्यहाँ उभिएकाहरूमध्ये कसै-कसैले तिनीहरूलाई सोधे, "बछेड़ोलाई फुकाएर तिमीहरू के

---

[4]यो वाक्य बी. एस. डिन (B. S. Dean) को "द लास्ट वीक अफ जीजस् मिनिस्ट्री," *टुथ फर टुडे* १२ (मार्च १९९२): २४ बाट लिइएको हो।

गर्दैछौ?” [६]येशूले तिनीहरूलाई अह्राउनुभएजस्तै तिनीहरूले भने, र उनीहरूले तिनीहरूलाई
जान दिए। [७]तिनीहरूले बछेड़ो येशूकहाँ ल्याए, र आफ्ना वस्त्रहरू त्यसमाथि राखिदिए, र
उहाँ त्यसमाथि सवार हुनुभयो। [८]धेरैले आफ्ना वस्त्रहरू र अरूहरूले मैदानबाट
स्याउलाहरू काटेर बाटोमा ओछ्याए। [९]अनि उहाँको अगि-अगि हिड्ने र पछिपछि
आउनेहरूले यसो भन्दै जय-ध्वनि लगाए, “होसन्ना! धन्य उहाँ, जो परमप्रभुको नाउँमा
आउनुहुन्छ! [१०]धन्य होस्, हाम्रा पिता दाऊदको त्यो आउने राज्य, परमधाममा होसन्ना!”
[११]उहाँ यरूशलेममा आएर मन्दिरभित्र पस्नुभयो। अनि उहाँले वरिपरिका सब थोकमाथि
नजर गर्नुभएपछि अबेला भएको हुनाले बाह्रै जनाका साथमा उहाँ बेथानिया जानुभयो।

लूका १९:२९-४४

[२९]जब उहाँ बेथफागे र बेथानियाको नजिक जैतून भनिने डाँड़ामा पुग्नुभयो, उहाँले आफ्ना
चेलाहरूमध्ये दुई जनालाई यसो भनेर पठाउनुभयो, [३०]“सामुन्नेको गाउँमा जाओ, र भित्र
पस्दापस्दै तिमीहरूले गधाको एउटा बछेड़ो बाँधेको भेट्टाउनेछौ, जसमाथि अहिलेसम्म
कोही मानिस चढ़ेको छैन। त्यसलाई फुकाएर यहाँ ल्याओ। [३१]कसैले ‘किन फुकाउँछौ?’
भनेर तिमीहरूलाई सोध्यो भने, ‘प्रभुलाई यसको खाँचो छ’ भन्नू।” [३२]ती पठाइएकाहरू
गए, र उहाँले तिनीहरूलाई जस्तो भन्नुभएको थियो त्यस्तै भेट्टाए। [३३]तिनीहरूले बछेड़ो
फुकाउन लाग्दा बछेड़ाका मालिकहरूले तिनीहरूलाई सोधे, “तिमीहरू यो बछेड़ो किन
फुकाउँछौ?” [३४]तिनीहरूले भने, “प्रभुलाई यसको खाँचो छ।” [३५]चेलाहरूले त्यसलाई
येशूकहाँ ल्याए, र आफ्ना वस्त्रहरू बछेड़ोमाथि राखेर येशूलाई त्यसमाथि बसाए। [३६]उहाँ
जानुहुँदा मानिसहरूले आफ्ना वस्त्रहरू बाटोमा ओछ्याए। [३७]उहाँ जैतून डाँड़ाको
ओह्रालोमा आइपुग्नुहुँदा चेलाहरूको समस्त भीड, आफैले देखेका सबै शक्तिशाली
कामहरूका निम्ति रमाउँदै, परमेश्वरको प्रशंसा गर्दै उच्च सोरले कराउन लागे,
[३८]“परमप्रभुको नाउँमा आउने राजा धन्य हुन्। स्वर्गमा शान्ति र परमधाममा महिमा।”
[३९]अनि भीड़का कुनै-कुनै फरिसीहरूले उहाँलाई भने, “हे गुरु, तपाईंका चेलाहरूलाई
हप्काउनुहोस्।” [४०]तर उहाँले भन्नुभयो, “म तिमीहरूलाई भन्दछु, यिनीहरू चूप लागे भने
ढुङ्गाहरू नै कराउनेछन्।” [४१]जब येशू नजिकै आइपुग्नुभयो र सहरलाई देख्नुभयो, उहाँ
त्यसको निम्ति रुनुभयो, [४२]“शान्ति कुन कुराले ल्याउँछ भनेर तैंले आज पनि जानेको भए
हुनेथियो! तर अब तेरो दृष्टिबाट त्यो लुकेको छ। [४३]किनकि तँमाथि यस्ता दिन आउनेछन्,
जब तेरा शत्रुहरूले तेरो वरिपरि मोर्चा बाँधेर घेरा हाल्नेछन्, र सबैतिरबाट तँलाई
थुनिराख्नेछन्। [४४]तिनीहरूले तँलाई र तँभित्र वास गर्ने तेरा सन्तानलाई जमिनमा पछार्नेछन्,
र एउटा ढुङ्गामाथि अर्को ढुङ्गा पनि छोडिनेछैन। किनकि तैंले आफूमाथि भएको
परमेश्वरको कृपा-दृष्टिको समयलाई चिन्न सकिनस्।”

यूहन्ना १२:१२-१९

[१२]भोलिपल्ट चाड़मा आउने ठूलो भीड़ले येशू यरूशलेममा आउँदैहुनुहुन्छ भन्ने सुन्यो,
[१३]र मानिसहरू खजूरका हाँगाहरू लिएर उहाँलाई स्वागत गर्न कराउँदै निस्के, “होसन्ना!
धन्य परमप्रभुको नाउँमा आउने इस्राएलका राजा!” [१४]अनि गधाको एउटा बछेड़ो भेट्टाएर
येशू त्यसमाथि चढ़नुभयो, जस्तो लेखिएको छ, [१५]“सियोनकी छोरी, नडराऊ। हेर, तिम्रा
राजा गधाको बछेड़ामाथि सवार भएर आउँदैहुनुहुन्छ।” [१६]यी कुराहरू उहाँका चेलाहरूले

पहिले बुझेनन्। तर येशूको महिमा भएपछि यी कुरा उहाँको विषयमा लेखिएका थिए, र यी काम उहाँको निम्ति तिनीहरूले गरेका हुन् भन्ने तिनीहरूले सम्झे। १७उहाँले लाजरसलाई चिहानबाट बोलाएर मृतकबाट जीवित पार्नुहुँदा उहाँका साथमा हुने भीड़का मानिसहरूले उहाँको गवाही दिई नै रहे। १८उहाँले यो चिन्ह गर्नुभएको थियो भनी सुनेका हुनाले पनि भीड उहाँलाई भेट्न गएको थियो। १९तब फरिसीहरूले एक-अर्कालाई भन्न लागे, "हेर, तिमीहरूबाट केही हुने होइन। देख्तछौ, संसारै त्यसको पछि लागिसक्यो!"

भोलिपल्ट (यूह १२:१२क), शायद मध्यान्हको अन्त्यतिर (मर्कू ११:११ हेर्नुहोस्), येशू बेथानियाबाट यरूशलेमतर्फ दुई माइल यात्रा गर्नुभयो। सहरमा भएको उहाँको प्रभावशाली प्रवेशलाई सामान्यतया "विजय-प्रवेश" भनी भनिन्छ। यसको महत्त्वलाई दर्शाउँदै चार वटै सुसमाचारको पुस्तकमा यसको विवरण समावेश गरिएको छ।

पहिलेदेखि सुरु भएको हर्ष र उत्तेजनाको चरमचुली यही दिन भयो। येशू बेथानियाबाट हिँड्नुभएपछि नै उहाँका वरपर उत्तेजित मानिसहरूका भीड जम्मा भइसकेको हुनसक्छ (हेर्नुहोस्: मत्ती २१:९; मर्कू ११:९)। बेथानियाको पारि, जैतून डाँडाको छेउमा, **बेथफागे** भन्ने एउटा सानो सहर अवस्थित थियो (मत्ती २१:१; हेर्नुहोस्: मर्कू ११:१; लूक १९:२९)। बेथफागे ठ्याक्कै कहाँ पर्थ्यो भन्नेमा विद्वानहरू निश्चित छैनन्; तर, सुसमाचारका पुस्तकहरूको विवरण अनुसार, यो बेथानियाको नजिकै जैतून डाँडाको ओरालोमा पर्थ्यो। ख्रीष्टले दुई जना चेलाहरूलाई **गधा** र त्यसको **बछेड़ो** लिन गाउँमा पठाउनुभयो (मत्ती २१:१-३)। यी जनावरका बारेमा पहिले नै तयारी गरिएको थियो कि थिएन अथवा येशूले त्यस जनावरको मालिकलाई चिन्नुहुन्थ्यो (शायद उनी प्रभुको चेला थिए) र प्रभुलाई चाहिएको छ भन्ने सुनेपछि उसले अनुमति दिएको हो, त्यस बारेमा हामीलाई बताइएको छैन। मत्तीले दुई वटा जनावरको बारेमा बताउँछ, र अरू पुस्तकले येशू चढ्नुभएको जनावरको बारेमा मात्र बताउँछ। तिनीहरूले गधा र त्यसको बच्चा ल्याए, र तीमाथि आफ्ना लुगाफाटा ओछ्याए (मत्ती २१:६, ७)।

ख्रीष्टले आफ्नो घोडाको रूपमा बछेडालाई प्रयोग गर्नुभयो। कोही मानिस नचढेको कारण येशूले त्यसलाई चुन्नुभयो गर्नुभएको हुनसक्छ (मर्कू ११:२)। काम लगाइएको जनावर पवित्र प्रयोगको निम्ति योग्य हुँदैनथ्यो भन्ने विचार धेरै लेखकहरूको छ (हेर्नुहोस्: गन्ती १९:२; व्य २१:३; १ शमू ६:७)। नदाइएको त्यस भर्खरको जनावरलाई हिँड्न सहायता गर्न त्यसको आमालाई पनि ल्याइएको हुनसक्छ।

म सानो छँदा, घोडामा चढ्नु सामान्य कुरो मानिन्थ्यो, तर गधामा चढ्नु लाजमर्दो कुरा हुन्थ्यो। यहूदीहरूले जनावरहरूलाई फरक दृष्टिले हेर्थे; राजकुमार समेत विशेष अवसरहरूमा गधामा चढ्थे। उदाहरणको लागि, दाऊदको एउटा खच्चर थियो र सोलोमनको राज्यभिषेकमा तिनी त्यसमा चढे (१ राज १:३३)। खच्चर भनेको घोडा र गधाको मिश्रित बच्चा हो। घोडालाई युद्धको प्रतिकको रूपमा लिइन्थ्यो (अयू ३९:१९-२५ हेर्नुहोस्) भने गधालाई शान्तिको प्रतिकको रूपमा लिइन्थ्यो। शान्तिको राजकुमार गधामा चढेको कुरा अगमवाणीको पूर्णता थियो (मत्ती २१:४, ५; यूह १२:१४, १५)। यस घटनामा पूरा भएको मुख्य अगमवाणी जकरिया ९:९ थियो, तर यसका शब्दहरू यशैया ६२:११ मा पनि समावेश छ। अगमवाणीमा, **सियोन** भनेको यरूशलेमको साहित्यिक नाम हो।

जब येशू बछेडामाथि सवार हुनुभयो, भीडका मानिसहरूले वस्त्रहरू ओछ्याए र अरूहरूले मैदानबाट स्याउलाहरू काटेर बाटोमा ओछ्याए (मर्कू ११:८)। तिनीहरूका आवाज वल्लो पहाडबाट पल्लो पहाडमा गुन्जिए:

दाऊदका पुत्रलाई होसन्ना [अर्थात् "बचाउनुहोस्, उद्धारकर्ता!"][5]; **धन्य उहाँ, जो परमप्रभुको नाउँमा आउनुहुन्छ! ...** (मत्ती २१:९)।

धन्य होस्, हाम्रा पिता दाऊदको त्यो आउने राज्य, परमधाममा होसन्ना! (मर्कू ११:१०)।

परमप्रभुको नाउँमा आउने राजा धन्य हुन्। स्वर्गमा शान्ति र परमधाममा महिमा (लूक १९:३८)।

तिनीहरूले गरेका प्रशंसाका धेरैजसो शब्दहरू भजनसंग्रह ११८ बाट आएको छ, यीमध्ये हालेल (Hallel) [अर्थात् "प्रशंसा"] भजन यरूशलेममा यात्रा गर्ने क्रममा तीर्थयात्रीहरूले गाउँथे। तिनीहरूले प्रयोग गरेका शब्दहरूमा मसीहसम्बन्धी अर्थहरू भरिएका छन्: "दाऊदका पुत्र," "... दाऊदको ... राज्य," "परमप्रभुको नाउँमा आउने राजा।" दोस्रो पटक, मानिसहरू येशूलाई राजाको मुकुट पहिऱ्याउन तयार भए (यूह ६:१५ हेर्नुहोस्)।

ख्रीष्ट आउँदैहुनुहुन्छ भन्ने कुराको हल्ला यरूशलेममा पुग्यो। सहरबाट मानिसहरू उहाँलाई भेट्न भनी आए (यूह १२:१२, १३, १७, १८), र तिनीहरू खजूरका हाँगाहरू लिएर उहाँलाई स्वागत गर्न कराउँदै निस्के, **"होसन्ना! धन्य परमप्रभुको नाउँमा आउने इस्राएलका राजा!"** (यूह १२:१२, १३)। यहूदीहरूका प्रचलन अनुसार, खजूरका हाँगा विजय र हर्षोल्लासको प्रतिक थियो।

यसभन्दा पहिले, आफूलाई राजाको रूपमा अभिषेक गर्ने तिनीहरूको प्रयासलाई येशूले निरुत्साहित गर्नुभएको थियो (यूह ६:१५)। ख्रीष्टले किन यो उत्साहित प्रदर्शनलाई अनुमति दिनुभयो? अगमवाणी पूरा गर्नलाई उहाँले यो गर्नुभयो भनेर मात्र वचनले बताउँदछ (मत्ती २१:४)। शायद यसको अर्को कारण उहाँ मसीह हुनुहुन्छ भन्ने कुरा यरूशलेमलाई (विशेष गरी यसका अधिकारीहरूलाई) स्वीकार गर्न लगाउने उहाँको अन्तिम प्रयासको भाग यो थियो।

यहूदी अधिकारीहरूका निम्ति, यो तिनीहरूले गुमाएको अर्को मौका बन्यो। येशू नै ख्रीष्ट हुनुहुन्छ भन्ने सम्भावनालाई विचार गर्ने इच्छा समेत नगर्ने ती तिनीहरूका प्रतिक्रिया दुई खालको थियो। पहिलो, तिनीहरूले यो गुनासो गरे: **"हे गुरु, तपाईंका चेलाहरूलाई हप्काउनुहोस्"** (लूक १९:३९)। त्यस जुलुसले रोमीहरूलाई रीस उठाउँछ भन्ने सोचेका कारण तिनीहरूले भीडलाई हप्काउनुहोस् भनी उहाँलाई भनेका हुनसक्छन्। विद्रोह हुन्छ भन्ने आशंकाको कारण चाडको अवधिमा यरूशलेममा रोमी सेनाको संख्या धेरै बढाइन्थ्यो। विजय-प्रवेशको बारेमा रोमीहरूले थाहा पाएनन्, त्यसैले तिनीहरूले यसलाई एउटा शान्तिपूर्ण र राजनैतिक आवाजविनाको जमघट ठानेका हुनसक्छन्। अझै सम्भावना के हुनसक्छ भने, मानिसहरूले येशूलाई मसीहको रूपमा दाबी गरेको सुन्दा यहूदी अगुवाहरूलाई रीस उठ्यो, त्यसकारण तिनीहरूले चुप लगाउनुहोस् भनी भने। येशूले उत्तर दिनुभयो, **"म तिमीहरूलाई भन्दछु, यिनीहरू चूप लागे भने ढुङ्गाहरू नै कराउनेछन्"** (लूक १९:४०)।

दोस्रो, अगुवाहरू चिन्तित भए। तिनीहरूले येशूको बदनाम गर्न भरमगदूर प्रयास गरेका

---

[5]ओरभिल ई. डेनियल (Orville E. Daniel), *अ हार्मोनी अफ फोर गोस्पल,* सेकेण्ट एडिसन (ग्राण्ड ऱ्यापिडस्, मिचिगन: बेकर बुक हाउस्, १९९६), १५०।

थिए तर केही सीप लागेको थिएन। **तिनीहरूबाट केही हुँदैन** भनी तिनीहरूले भने (यूह १२:१९क)। तिनीहरू गनगनाए, **"हेर, ... संसारै त्यसको पछि लागिसक्यो!"** (यूह १२:१९ख)। तिनीहरूले चिन्ता गर्नुपर्ने कुनै कारण थिएन। भीडका मानिसहरूको मन अस्थिर थियो। ती मानिसहरूले चाँडैनै प्रभुलाई आफ्ना पिठ्युँ फर्काउन सक्थ्यो (र फर्काए पनि)।

यो जुलुस जैतून डाँडाको दक्षिणी भागको ओरालो हुँदै (लूक १९:३७) किद्रोनको बेंसीतिर लाग्यो (यूह १८:१ हेर्नुहोस्)। जब येशूले तलको दृश्य देख्नुभयो, उहाँ दुःखित हुनुभयो (लूक १९:४१)। उहाँ त्यस सहरको निम्ति रुनुभयो, **"शान्ति कुन कुराले ल्याउँछ भनेर तैंले आज पनि जानेको भए हुनेथियो! तर अब तेरो दृष्टिबाट त्यो लुकेको छ"** (लूक १९:४२)। यदि यरूशलेमले उहाँलाई मसीहको रूपमा स्वीकार गरेको भए, यसले शान्ति प्राप्त गर्नेथियो; द्वेषभावले मानिसहरूलाई अन्धा तुल्याएको थियो (मत्ती १३:१५)। शान्ति प्राप्त गर्नुको सट्टा, यरूशलेमले विध्वंसलाई खेप्नु पऱ्यो:

> **"किनकि तँमाथि यस्ता दिन आउनेछन्, जब तेरा शत्रुहरूले तेरो वरिपरि मोर्चा बाँधेर घेरा हाल्नेछन्, र सबैतिरबाट तँलाई थुनिराख्नेछन्। तिनीहरूले तँलाई र तँभित्र वास गर्ने तेरा सन्तानलाई [यरूशलेम वासीहरूलाई] जमिनमा पछार्नेछन्, र एउटा ढुङ्गामाथि अर्को ढुङ्गा पनि छोडिनेछैन। किनकि तैंले आफूमाथि भएको परमेश्वरको कृपा-दृष्टिको समयलाई चिन्न सकिनस्"** (लूक १९:४३, ४४)।

त्यस दुःखत अगमवाणी चार दशकभित्रै पूरा भयो, र रोमी सेनाले सहरलाई घेरे। इ.सं. ७० मा, सहरलाई तीतसले १४३ दिनसम्म कब्जा गऱ्यो। छ लाख यहूदीहरूको हत्या गरियो, र अरू हजारौंलाई बन्दी बनाइयो। परमेश्वरले यरूशलेमलाई "भेटघाटको ... एउटा विशेष मौका दिनुभएको थियो" (न्यू अमेरिकन स्टयाण्डर्ड बाइबल [NASB]): उहाँ आफ्नो पुत्रद्वारा त्यस सहरमा आउनुभएको थियो (यूह १४:१९), तर त्यसले उहाँलाई पहिचान गर्न चाहेन। अन्त्यमा, यो मौका गुमाएकोमा त्यस सहरले नराम्ररी मोल तिर्नुपऱ्यो।

येशूका शत्रुहरू चिन्तित भएका थिए, र उहाँ रुनुभयो; तर भीड भने बिदा र रमझमको मुडमै थिए। यो जुलुस तल बेंसीमा झऱ्यो, किद्रोन खोल्सा तऱ्यो, अनि सहरको प्रवेशद्वारतर्फ लम्कियो। तिनीहरू सहरको साँघुरो बाटोबाट भएर जाँदैगर्दा, स्थानीय वासी हरुले सोधे, **"यिनी को हुन्?"** (मत्ती २१:१०), र तिनीहरूलाई बताइयो, **"यिनी गालीलको नासरतबाट आएका अगमवक्ता, येशू हुन्"** (मत्ती २१:११)।

मन्दिरतर्फ उर्लिएर जाँदै गर्दा भीडमा ठूलो उत्साहा छाएको हुनसक्छ। अवश्य नै, ख्रीष्टले आफ्नो राज्य स्थापना गर्ने ठीक समय यही थियो। तर यसो भएन, बरु, **वरिपरिका सब थोकमाथि नजर गर्नुभएपछि अबेला भएको हुनाले बाह्रै जनाका साथमा उहाँ बेथानिया जानुभयो** (मर्कू ११:११)। मानिसहरू अवश्य नै अकमक्क अनि निराश भएको हुनसक्छन्। तिनीहरूले शायद यसो भने होलान्, "भोली! त्यो दिन शायद भोली हुनेछ!"

सोमबार: नेभाराको रूखलाई सराप्ने, मन्दिर सफा गर्ने र अन्धा र लङ्गडालाई निको पार्ने
(मत्ती २१:१२-१९; मर्कू ११:१२-१९; लूक १९:४५-४८; २१:३७, ३८)

मत्ती २१:१२-१९

[१२]येशू परमेश्वरको मन्दिरमा प्रवेश गर्नुभयो। अनि उहाँले मन्दिरमा किनबेच गर्ने सबैलाई धपाउनुभयो, र पैसा साट्नेहरूका टेबिल, र परेवा बेच्नेहरूका आसन पल्टाइदिनुभयो। [१३]उहाँले तिनीहरूलाई भन्नुभयो, "यो लेखिएको छ, 'मेरो घर प्रार्थनाको घर कहलाइनेछ।' तर तिमीहरूले यसलाई डाँकूहरूको अड्डा बनाएका छौ।" [१४]अन्धा र लङ्गड़ाहरू मन्दिरमा उहाँकहाँ आए, र उहाँले तिनीहरूलाई निको पार्नुभयो। [१५]तर जब मुख्य पूजाहारीहरू र शास्त्रीहरूले चाहिँ उहाँले गर्नुभएका अचम्मका काम देखे, र केटाकेटीहरूले मन्दिरमा "दाऊदका पुत्रलाई होसन्ना" भन्दै चिच्च्याएका सुने, तब तिनीहरू क्रोधित भए, [१६]र तिनीहरूले उहाँलाई भने, "सुन्दैछौ, यिनीहरूले के भनिरहेका छन्?" तब येशूले तिनीहरूलाई भन्नुभयो, "हो, सुन्दैछु। के तिमीहरूले पढ़ेका छैनौ, 'शिशुहरू र दूधे-बालकहरूका ओठबाट तपाईंले पूर्ण प्रशंसा निकाल्नुभएको छ'?" [१७]तब तिनीहरूलाई छोड़ेर उहाँ सहरबाट निस्की बेथानियामा गई त्यहाँ वास बस्नुभयो। [१८]बिहान सहरतिर फर्कनुहुँदा उहाँ भोकाउनुभयो। [१९]बाटोको किनारमा उहाँले एउटा अञ्जीरको बोट देख्नुभयो। उहाँ त्यस बोटको छेउमा आउनुभयो, तर त्यसमा पातबाहेक अरू केही पाउनुभएन। तब उहाँले त्यसलाई भन्नुभयो, "अब उप्रान्त तँमा कहिल्यै फल नफलोस्" र त्यो अञ्जीरको रूख तुरुन्तै ओइलाइहाल्यो।

मर्कूस ११:१२-१९

[१२]भोलिपल्ट उहाँहरू बेथानियाबाट आउनुहुँदा उहाँ भोकाउनुभयो। [१३]अनि टाढ़ामा पातले भरिएको एउटा अञ्जीरको रूख देखेर कतै त्यसमा केही फल पाउँछु कि भनेर उहाँ जानुभयो, तर त्यहाँ पुग्नुभएपछि उहाँले रूखमा पातबाहेक केही पाउनुभएन, किनकि त्यस बेला अञ्जीरको फल फल्ने समय भएको थिएन। [१४]तब उहाँले त्यस रूखलाई भन्नुभयो, "अब उसो कसैले पनि तँबाट फल नखाओस्।" अनि यो भनेको उहाँका चेलाहरूले सुने। [१५]अनि यरूशलेममा पुग्नुभएपछि उहाँ मन्दिरभित्र पस्नुभयो, अनि मन्दिरमा किनबेच गर्नेहरूलाई बाहिर निकाल्नुभयो र पैसा साट्नेका टेबिलहरू र परेवा बेच्नेका बस्ने ठाउँहरू पल्टाइदिनुभयो। [१६]उहाँले कसैलाई कुनै थोक मन्दिरबाट लैजान दिनुभएन। [१७]अनि उहाँले शिक्षा दिँदै भन्नुभयो, "के यसो लेखिएको छैन, 'मेरो घर सब जातिहरूका निम्ति प्रार्थनाको घर कहलाइनेछ'? तर तिमीहरूले त यसलाई डाँकूहरूको अड्डा बनाएका छौ।" [१८]अनि मुख्य पूजाहारीहरू र शास्त्रीहरूले यो सुनेर उहाँलाई कसरी नाश पारौं भनी उपाय खोज्न लागे। किनभने तिनीहरू उहाँसँग डराउँथे, किनकि सारा भीड़ले उहाँको शिक्षामा अचम्म मानेका थिए। [१९]साँझ पर्दा उहाँ सहर बाहिर निस्केर जानुभयो।

लूका १९:४५-४८; २१:३७, ३८

[४५]तब उहाँ मन्दिरभित्र प्रवेश गर्नुभयो र बिक्री गर्नेहरूलाई निकाल्नुभयो, [४६]र तिनीहरूलाई भन्नुभयो, "धर्मशास्त्रमा लेखिएको छ, 'मेरो घर प्रार्थनाको घर हुनेछ,' तर

तिमीहरूले त यसलाई डाँकूहरूको अड्डा बनाएका छौ।” [४७]उहाँले दिनहुँ मन्दिरमा शिक्षा दिँदैहुनुहुन्थ्यो। तर मुख्य पूजाहारीहरू, शास्त्रीहरू र जनताका प्रमुख मानिसहरूले उहाँलाई मार्न खोज्थे। [४८]तिनीहरूले उहाँलाई मार्ने कुनै उपाय भेट्टाउन सकेनन्, किनकि सबै मानिसहरू उहाँका कुरामा मुग्ध थिए।

[३७]येशूले दिउँसो मन्दिरमा शिक्षा दिनुहुन्थ्यो, र रातीचाहिँ निस्केर जैतून भनिने डाँड़ामा रात बिताउनुहुन्थ्यो। [३८]उहाँको वचन सुन्नलाई सबै मानिसहरू बिहानै मन्दिरमा आउँथे।

भोलिपल्ट बिहान, येशू फेरि बेथानियाबाट यरूशलेममा जानुभयो (मर्कू ११:१२क), यस पटकको यात्रा गोप्य थियो। उहाँको गन्तव्य मन्दिर थियो। उहाँले मन्दिरलाई आफ्नो सार्वजनिक सेवाकाइको आरम्भमा शुद्धिकरण गर्नुभएको थियो (यूह २:१३-१७); अब उहाँले फेरि यसको शुद्धिकरण गर्दैहुनुहुन्थ्यो। परमेश्वरसँगको सही सम्बन्ध हराएको थियो र यही नै देशको सबैभन्दा मुख्य समस्या थियो—यसमा गरिने आराधनामा आएको भ्रष्टाचारले यो कुरालाई प्रमाणित गर्छ।

> **येशू परमेश्वरको मन्दिरमा प्रवेश गर्नुभयो। अनि उहाँले मन्दिरमा किनबेच गर्ने सबैलाई धपाउनुभयो, र पैसा साट्नेहरूका टेबिल, र परेवा बेच्नेहरूका आसन पल्टाइदिनुभयो। उहाँले तिनीहरूलाई भन्नुभयो, “यो लेखिएको छ, ‘मेरो घर प्रार्थनाको घर कहलाइनेछ।’ तर तिमीहरूले यसलाई डाँकूहरूको अड्डा बनाएका छौ”** (मत्ती २१:१२, १३)।

सर्वसाधरणको निम्ति खुला गरिने आँगनलाई सहरको एउटा भागबाट अर्को भागमा जाने छिटो बाटोको रूपमा प्रयोग गर्न थालिएको थियो र यो कुराले मन्दिरको सम्मानमा कमी आएको बारेमा सामान्य संकेत दिन्छ। ख्रीष्टले त्यसलाई रोक्नुभयो। **उहाँले कसैलाई कुनै थोक मन्दिरबाट लैजान दिनुभएन** (मर्कू ११:१६)। “थोक” (“merchandise”) भनी अनुवाद गरिएको ग्रीक शब्दको अर्थ भाँडाकुँडा, फर्निचरको सामान, र त्यस्तै सामाग्रीहरू भन्ने पनि हुनसक्छ।

मन्दिरलाई शुद्धिकरण गरिसक्नुभएपछि, येशूले **शिक्षा दिन** लाग्नुभयो (मर्कू ११:१७; हेर्नुहोस्: लूक २१:३७), र **सारा भीड़ले उहाँको शिक्षामा अचम्म मानेका थिए** (मर्कू ११:१८)। **अन्धा र लङ्गड़ाहरू मन्दिरमा उहाँकहाँ आए, र उहाँले तिनीहरूलाई निको पार्नुभयो** (मत्ती २१:१४)। मन्दिरमा गरिएको चंगाइको एउटै मात्र विवरण यही हो।

ख्रीष्टले अघिल्लो दिन आफ्नो राज्य स्थापना गर्न नसकेकोमा शायद कतिपय निराश भएका थिए, तर सामान्यतया त्यो उत्साह जारी नै रह्यो। आफ्ना बाबुआमासँग आएका बालबालिकाहरूले अघिल्लो दिन यरूशलेममा गुन्जिएका शब्दहरू दोहोऱ्याए: **... र केटाकेटीहरूले मन्दिरमा “दाऊदका पुत्रलाई होसन्ना” भन्दै चिच्च्याए** (मत्ती २१:१५ख)। येशू बाह्र वर्षको हुँदा मरियम र योसेफसँग मन्दिरको भ्रमण गर्नुभएजस्तै यी बालबालिकाहरू पनि आफ्ना बाबुआमासँग मन्दिरमा आएका थिए (लूक २:४१-५१)।

मुख्य पूजाहारीहरू र शास्त्रीहरूले चाहिँ उहाँले गर्नुभएका अचम्मका काम देखे (मत्ती २१:१५)—तर तिनीहरूका कठोर हृदय प्रभावहिन नै रह्यो। **तिनीहरू क्रोधित भए**, र प्रभुलाई भने, **“सुन्दैछौ, यिनीहरूले के भनिरहेका छन्?”** (मत्ती २१:१५ग, १६क)। येशूले जवाफ दिनुभयो, **“हो, सुन्दैछु। के तिमीहरूले पढ़ेका छैनौ, ‘शिशुहरू र दूधे-बालकहरूका ओठबाट तपाईंले पूर्ण प्रशंसा निकाल्नुभएको छ’?”** (मत्ती २१:१६ख; पुरानो करारको भज

८:२ बाट लिइएको)।

"उहाँले गर्नुभएका [सबै] अचम्मका काम देखे" यहूदी अगुवाहरूका हृदयलाई पगाल्नुको सट्टा, यसले तिनीहरूलाई येशूलाई मार्नका निम्ति थप अग्रसर गरायो (मर्कू ११:१८; लूक १९:४७)। तैपनि, उहाँको लोकप्रियता द्वारा तिनीहरू हताश भए (मर्कू ११:१८)। **सबै मानिसहरू उहाँका कुरामा मुग्ध थिए** उहाँलाई पक्राउन तिनीहरू डराए (लूक १९:४८); र उहाँ कहाँ बस्नुहुन्छ भन्ने बारेमा तिनीहरूलाई थाहा नभएको कारण तिनीहरूले उहाँलाई रातमा पनि पक्रन सकेन। तिनीहरूका यो दुविधालाई चाँडैनै यहूदाले समाधान गरिदिए।

येशूले शिक्षा दिने कामलाई दिनभर जारी राख्नुभयो। त्यसपछि जब रात पऱ्यो, उहाँ मन्दिरबाट बेथानिया जानुभयो (मत्ती २१:१७; हेर्नुहोस्: मर्कू ११:१९)। त्यस हप्ताभर, येशू रातको समयमा विभिन्न स्थानमा बास बस्नुभयो (लूक २१:३७ हेर्नुहोस्)। येशूको व्यक्तिगत सेवकाइको अन्तिम हप्ताको कृयाकलापको सारांश यसरी दिइएको छ: **येशूले दिउँसो मन्दिरमा शिक्षा दिनुहुन्थ्यो, र रातीचाहिँ निस्केर जैतून भनिने डाँड़ामा रात बिताउनुहुन्थ्यो। उहाँको वचन सुन्नलाई सबै मानिसहरू बिहानै मन्दिरमा आउँथे** (लूक २१:३७, ३८)।

उल्लेखनीय घटनाहरूका बीचमा एउटा अचम्मको घटना घटऱ्यो। जे भइरहेको थियो त्यसलाई हेर्दा यो नघट्नु पर्ने जस्तो देखिन्छ। येशूको व्यक्तित्वसँग यो घटना मिलेको देखिँदैन। धेरैजसो टिप्पणीकर्ताहरूले घटनालाई यहूदी राष्ट्रलाई दिइएको एउटा वस्तुगत शिक्षाको रूपमा लिन्छन्।

सोमबार बिहान, येशू यरूशलेम जाँदैगर्नुहुँदा, **उहाँ भोकाउनुभयो** (मत्ती २१:१८; मर्कू ११:१२)। येशू र उहाँका चेलाहरू, यहूदीहरूले खाने गरेको बिहानको खाना नखाइकन बेथानियाबाट हिँड्नुभएको हुनसक्छ।

अनि टाढ़ामा पातले भरिएको एउटा अञ्जीरको रूख देखेर कतै त्यसमा केही फल पाउँछु कि भनेर उहाँ जानुभयो (मर्कू ११:१३क)। येशूलाई अञ्जीरको रूखमा फल नभएको थाहा नभएको कुराले, ख्रीष्ट संसारमा आउनुहुँदा आफ्ना केही ईश्वरीय क्षमताहरूलाई त्याग्नुभएको थियो भन्ने कुरालाई प्रमाणित गर्छ (फिलि २:६, ७)—र्सवज्ञानीको क्षमताको प्रसंगमा (मत्ती २४:३६ हेर्नुहोस्)।

त्यस बेला अञ्जीरको फल फल्ने समय भएको थिएन भनी मर्कूसले बताएको छ (मर्कू ११:१३ग); निस्तार-चाड मार्चको अन्त्यतिर वा अप्रिलको सुरुवाततिर पर्छ, तर अञ्जीरको फल फल्ने समय मेइ महिनाको अन्त्यतिर वा जुन महिनाको सुरितिर हो। तैपनि, रूख पातले भरिएको कारण यसमा अञ्जीर फलेको छ कि भन्ने उहाँले सोच्नुभयो। भ्याँगिलो रूखमा फल फलेको छ जस्तो देखिनु स्वभाविकै हो। पातैपातले भरिएको रूखमा कम्तीमा पनि साना, खानयोग्य हरियो अञ्जीर छ भन्ने ठानिन्छ।

यसको विपरीत, त्यहाँ पुग्नुभएपछि **उहाँले रूखमा पातबाहेक केही पाउनुभएन** (मर्कू ११:१३ख)। उहाँले त्यस रूखलाई, यसो भनी श्राप दिनुभयो, **"अब उसो कसैले पनि तँबाट फल नखाओस्"** र उहाँका चेलाहरूले यो कुरा सुने (मर्कू ११:१४; हेर्नुहोस्: मत्ती २१:१९; मर्कू ११:२१)।

मत्तीले सोमबार बिहान र मंगलबार बिहानको अञ्जीरको घटनालाई एकै पटक उल्लेख गरेका छन्; त्यसैले उनले, **त्यो अञ्जीरको रूख तुरुन्तै ओइलाइहाल्यो** भनी लेखेका छन् (मत्ती २१:१९)। चेलाहरूले यो कुरा भोलिपल्ट मात्र देखे तापनि, त्यो रूख

तुरुन्तै ओइलाउन *सुरुभएको* थियो।

मंगलबार: "प्रश्नै-प्रश्नको दिन" (मत्ती २१:२०—२५:४६; मर्कू ११:२०—१३:३७; लूक २०:१—२१:३६; यूह १२:२०-५०)

परिचय: ओइलाएको अञ्जीरको रूख (मत्ती २१:२०-२२; मर्कू ११:२०-२६)

मत्ती २१:२०-२२

[२०]यो देखेर चेलाहरूले अचम्म मानेर भने, "यो अञ्जीरको बोट कसरी तुरुन्तै ओइलाइहाल्यो?" [२१]येशूले जवाफ दिएर तिनीहरूलाई भन्नुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरूमा विश्वास छ र कहिल्यै शङ्का गरेनौ भने, अञ्जीरको बोटलाई जे गरियो त्यति मात्र होइन, तर यस डाँड़ालाई पनि 'उखेलिएर समुद्रमा खस' भन्यौ भने सो हुनेछ। [२२]विश्वास गरेर प्रार्थनामा जे माग्छौ त्यो तिमीहरूले पाउनेछौ।"

मर्कूस ११:२०-२६

[२०]बिहान त्यहाँबाट पहिलेकै बाटो जानुहुँदा उहाँहरूले त्यस अञ्जीरको रूखलाई जरैबाट सुकेको देख्नुभयो। [२१]अनि पत्रुसलाई यो सम्झना भयो, र तिनले उहाँलाई भने, "रब्बी, हेर्नुहोस्, तपाईंले सराप दिनुभएको अञ्जीरको रूख त सुकेछ।" [२२]येशूले तिनीहरूलाई जवाफ दिएर भन्नुभयो, "परमेश्वरमा विश्वास राख। [२३]साँच्चै म तिमीहरूलाई भन्दछु, यदि कसैले आफ्नो हृदयमा शङ्का गर्दैन तर आफूले भनेका कुरा पूरा हुन्छ भनी विश्वास गरेर यस पहाड़लाई 'उखेलिएर तँ समुद्रमा खस्' भन्यो भने, त्यसको निम्ति त्यस्तै हुनेछ। [२४]यसकारण म तिमीहरूलाई भन्दछु, तिमीहरूले प्रार्थनामा जेसुकै माग्छौ सो पाएका छौं भन्ने विश्वास राख, र त्यो तिमीहरूको हुनेछ। [२५]जब तिमीहरू प्रार्थना गर्न खड़ा हुन्छौ, तब कसैको विरुद्धमा तिमीहरूको केही छ भने क्षमा गर, ताकि स्वर्गमा हुनुहुने तिमीहरूका पिताले पनि तिमीहरूका अपराधहरू क्षमा गरिदेऊन्। [२६][तर क्षमा गरेनौ भने, स्वर्गमा हुनुहुने तिमीहरूका पिताले पनि तिमीहरूका अपराधहरू क्षमा गर्नुहुनेछैन।"]

भोलिपल्ट बिहान, येशू र उहाँका चेलाहरू त्यही बाटो भएर यात्रा गर्नुभयो। जब उहाँहरू अञ्जीरको रूखको छेउमा आइपुग्नुभयो, त्यस अञ्जीरको रूखलाई **जरैबाट सुकेको देख्नुभयो** (मर्कू ११:२०)। मर्दै गरेको रूखलाई मर्न सामान्यतया हप्तौं अथवा महिनौं लाग्छ। पहिला, केही पातहरू खैरो भएर जान्छ, त्यसपछि यो संख्या बढ़दै जान्छ, र अन्त्यमा त्यो सिङ्गो रूख नै मरेर जान्छ। त्यो अञ्जीरको रूख रातभरमै सुकिसकेको थियो।

यसक्रममा एउटा आश्चर्यकर्म भयो भन्ने कुरा निश्चित छ—एउटा अनौठो आश्चर्यकर्म। चेलाहरू छक्कै परे। पत्रुसले भन्यो, **"रब्बी, हेर्नुहोस्, तपाईंले सराप दिनुभएको अञ्जीरको रूख त सुकेछ"** (मर्कू ११:२१)। येशूले *किन* त्यो आश्चर्यकर्म गर्नुभयो भन्नेमा लेखकहरू प्रश्न गर्छन्; उहाँले यो *कसरी* गर्नुभयो भन्ने जिज्ञासा चेलाहरूको थियो। तिनीहरूले प्रश्न गरे, **"यो अञ्जीरको बोट कसरी तुरुन्तै ओइलाइहाल्यो?"** (मत्ती २१:२०)।

यसभन्दा पहिले दिइएको विश्वासको शक्ति सम्बन्धी केही शिक्षालाई येशूले दोहोऱ्याउनुभयो (मर्कू ११:२२-२४; मत्ती २१:२१, २२; हेर्नुहोस्: मत्ती १७:२०)। त्यसपछि उहाँले अरूलाई क्षमा गर्नुपर्छ भन्ने सल्लाह यो शिक्षामा समावेश गर्नुभयो (मर्कू ११:२५, २६)। रूखलाई सराप दिने अधिकार पाइयो भन्दैमा मानिसहरूलाई पनि सराप दिने अधिकार छ भन्ने भान चेलाहरूमा नपरोस् भन्ने चाहाना उहाँको रहेको हुनसक्छ।

हामीले विषयलाई यहीं अन्त्य गर्न सक्छौं, तर ख्रीष्टले गर्नुभएका अन्य कुनै पनि आश्चर्यकर्महरूभन्दा यो बिलकुल फरक आश्चर्यकर्म थियो भन्ने तथ्य रही नै रहन्छ। अरू सबै कृपा र दयाको आश्चर्यकर्म थियो, तर यो न्यायको आश्चर्यकर्म थियो। यस सन्दर्भमा हेर्दा, यसलाई "व्यवहारमा दृष्टान्त"[6] को रूपमा नलिई छाड्न सक्दैनौं। त्यस अञ्जीरको रूख र येशूले परिवर्तन गर्ने प्रयास गरिरहनुभएका यरूशलेमका मानिसहरूका बीचमा केही रहस्यमय समानता थियो। जे. डब्ल्यू. म्याकगर्भे (J. W. McGarvey) ले लेखेका छन्, "यो अञ्जीरको रूख, अन्य रूखहरूबाट यसको भिन्नता, यसको देखावटी स्वाङ, फल फलाउन नसक्ने यसको अवगुण र यसलाई गरिएको न्यायले ठ्याक्कै यहूदी मानिसहरूलाई चित्रण गरेको छ भन्ने कुराको महसुस नगरी छाड्न पाठकहरूलाई गाह्रो पर्छ।" निस्तार-चाडको तयारीको आतुरी अनि हलचलको माझमा ख्रीष्ट हुनुहुन्थ्यो। यो गहिरो आत्मिकताको प्रमाण हुनुपर्थ्यो, तर यसमा (पदमा उल्लेख गरिएको शब्दलाई प्रयोग गर्दा) "पातबाहेक केही" थिएन (मर्कू ११:१३)। तैपनि म्याकगर्भेले (McGarvey) यो सावधानीको वचन थपेका छन्: "तर हामीले निर्धक्कसँग दृष्टान्तको अर्थ यही हो भनी भन्न मिल्दैन, किनभने येशू आफैले समेत हामीले यसरी लागू गरेको होस् भनेर कुनै संकेत प्रदान गर्नुभएन।"[7]

अधिकारको विषयमा प्रश्न
(मत्ती २१:२३—२२:१४; मर्कू ११:२७—१२:१२; लूक २०:१-१९)

प्रश्न र येशूको उत्तर (मत्ती २१:२३-२७; मर्कू ११:२७-३३; लूक २०:१-८)

मत्ती २१:२३-२७

[२३]उहाँ मन्दिरमा प्रवेश गर्नुभयो, अनि उहाँले शिक्षा दिनुहुँदा मुख्य पूजाहारीहरू र जनताका धर्म-गुरुहरू उहाँकहाँ आए, र भने, "कुन अधिकारले तिमी यी कामहरू गर्छौ, र कसले तिमीलाई यो अधिकार दियो?" [२४]येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "म पनि तिमीहरूलाई एउटा प्रश्न सोध्छु। मलाई त्यसको उत्तर दियौ भने, म कुन अधिकारले यी काम गर्दछु, सो तिमीहरूलाई बताउनेछु। [२५]यूहन्नाको बप्तिस्मा कहाँबाट भयो? स्वर्गबाट कि मानिसहरूबाट?" तिनीहरू आपसमा यसो भन्दै बहस गर्न लागे, "स्वर्गबाट भनौं भने, तिनले 'उसो भए तिमीहरूले उनलाई किन विश्वास गरेनौ?' भन्नेछन्। [२६]तर मानिसहरूबाट भनौं भने, हामीलाई मानिसहरूको डर छ। किनभने सबैले यूहन्नालाई अगमवक्ता हुन् भनी

---

[6]जोन फ्र्याङ्कलिन कार्टर (John Franklin Carter), *अ लेम्यान्स हार्मनी अफ द गोस्पल* (न्यासभेल: ब्रोड- म्यान प्रेस, १९६१),२५०।

[7]जे. डब्ल्यू. म्याकगर्भे एण्ड फिलिप वाइ. पेण्ड्लेटन (J. W. McGarvey and Philip Y. Pendleton), *द फोरफोल्ड अफ गोस्पल ए हार्मनी अफ फोर गोस्पलस्* (सिन्सिनाटी:स्टचाण्डर्ड पब्लिसिङ को., १९१४), ५८१-८२।

मान्छन्।” [२७]यसकारण तिनीहरूले येशूलाई जवाफ दिए, “हामीलाई थाहा छैन।” उहाँले तिनीहरूलाई भन्नुभयो, “म पनि कुन अधिकारले यी काम गर्दछु, सो तिमीहरूलाई भन्दिनँ।”

मर्कूस ११:२७-३३

[२७]उहाँहरू फेरि यरूशलेममा आउनुभयो। अनि येशू मन्दिरमा यताउता हिँड़िरहनुहुँदा मुख्य पूजाहारीहरू, शास्त्रीहरू, धर्म-गुरुहरू उहाँकहाँ आए। [२८]तिनीहरूले उहाँलाई प्रश्न गरे, “कुन अधिकारले तिमी यी कामहरू गर्दछौ? यी कामहरू गर्ने अधिकार तिमीलाई कसले दियो?” [२९]येशूले तिनीहरूलाई भन्नुभयो, “म तिमीहरूलाई एउटा प्रश्न सोध्छु, र तिमीहरूले त्यसको जवाफ देओ, र कुन अधिकारले म यी काम गर्दछु, सो तिमीहरूलाई भन्नेछु। [३०]यूहन्नाले दिएको बप्तिस्मा स्वर्गबाट हो कि मानिसबाट, मलाई जवाफ देओ।” [३१]तब तिनीहरू यसो भन्दै आपसमा बहस गर्न लागे, “‘स्वर्गबाट’ भनौं भनेता ‘तिमीहरूले उनीमाथि किन विश्वास गरेनौ’ भनी तिनले भन्नेछन्। [३२]‘मानिसहरूबाट’ भनौं कि” तर यसो भन्न उनीहरू जनतादेखि डराए। किनकि सबैले यूहन्नालाई साँचो अगमवक्ता भनी ठान्थे। [३३]तब तिनीहरूले येशूलाई जवाफ दिएर भने, “हामीलाई थाहा छैन।” येशूले तिनीहरूलाई भन्नुभयो, “म पनि कुन अधिकारद्वारा यी काम गर्दछु, सो तिमीहरूलाई भन्दिनँ।”

लूका २०:१-८

[१]एक दिन मन्दिरमा उहाँले मानिसहरूलाई शिक्षा दिइरहनुभएको थियो, र तिनीहरूलाई सुसमाचार प्रचार गरिरहनुभएको थियो। धर्म-गुरुहरूका साथमा मुख्य पूजाहारीहरू र शास्त्रीहरू उहाँकहाँ आए, [२]र उहाँलाई सोधे, “हामीलाई भन, कुन अधिकारले तिमी यी काम गर्दछौ, अथवा तिमीलाई यो अधिकार दिने को हो?” [३]उहाँले तिनीहरूलाई जवाफ दिनुभयो, “म पनि तिमीहरूलाई एउटा कुरा सोध्छु, मलाई उत्तर देओ। [४]यूहन्नाले दिएको बप्तिस्मा स्वर्गबाट थियो, कि मानिसबाट?” [५]तिनीहरू आपसमा बहस गर्न लागे, “‘स्वर्गबाट’ भनौं भने, ‘तिमीहरूले उनलाई किन विश्वास गरेनौ?’ भनेर तिनले भन्नेछन्। [६]‘मानिसबाट’ भनौं भने, सबै मानिसहरूले हामीलाई ढुङ्गाले हान्नेछन्, किनकि यूहन्ना अगमवक्ता हुन् भन्ने तिनीहरूको पक्का विश्वास छ।” [७]यसकारण तिनीहरूले जवाफ दिए, “हामी जान्दैनौं, कहाँबाट आएको हो।” [८]तब येशूले तिनीहरूलाई भन्नुभयो, “उसो भए म कुन अधिकारले यी काम गर्दछु, म पनि तिमीहरूलाई भन्दिनँ।”

हामी येशूको जीवनको सबैभन्दा व्यस्त, कठिन, र सबैभन्दा महत्त्वपूर्ण दिनलाई अवलोकन गर्न गइरहेका छौं: उहाँको सेवकाइको अन्तिम हप्ताको मंगलबार। यो शिक्षा दिइने दिन, प्रश्नहरूको एउटा दिन, विवादको एउटा दिन, र इन्कारको एउटा दिन थियो। दिनको अन्त्यमा, येशूले केही सन्तुष्टिको साथ यसो भन्नुभएको हुनसक्छ, “कस्तो दिन!” अर्कोतर्फ, उहाँका लाज्जित शत्रुहरूले यसो भन्दै हरेश मानेका हुनसक्छन्, “*अहो कस्तो* दिन!”

हाम्रो अध्ययनलाई अघि बढाऊं। येशू मन्दिरमा हुनुहुन्थ्यो—अन्तिम पटक—र निस्तार चाडको भोजको निम्ति भेला भएका भीडलाई उहाँले शिक्षा दिइरहनुभएको थियो। **मन्दिरमा उहाँले मानिसहरूलाई शिक्षा दिइरहनुभएको थियो, र तिनीहरूलाई सुसमाचार प्रचार**

गरिरहनुभएको थियो। धर्म-गुरुहरूका साथमा मुख्य पूजाहारीहरू र शास्त्रीहरू उहाँकहाँ आए र उहाँको विरोध गरे (लूक २०:१)। "मुख्य पूजाहारीहरू," "शास्त्रीहरू," र "जनताका धर्म-गुरुहरू" ले महासभालाई प्रतिनिधित्व गर्छ। येशूलाई मार्नु पर्छ भनी उर्दी जारी गर्ने यहूदी परिषदको समूह यही थियो (यूह ११:४७-५३, ५७)।

तिनीहरूले उहाँलाई प्रश्न गरे, **"कुन अधिकारले तिमी यी कामहरू गर्छौ, र कसले तिमीलाई यो अधिकार दियो?"** (मत्ती २१:२३; हेर्नुहोस्: मर्कू ११:२७, २८; लूक २०:२)। "यी कामहरू" भन्ने वाक्यले, उहाँले मन्दिरमा शिक्षा दिनुभएको कुरालाई पनि समावेश गरेको हुनसक्छ, किनभने उहाँलाई रब्बी भनी आधिकारिक रूपमा पहिचान गरिएको थिएन। एक दिनपहिले उहाँले मन्दिरलाई शुद्धिकरण गर्नुभएको, र शायद, दुई दिन पहिले मानिसहरूले गरेको हाल्लाखल्लामय प्रदर्शन (तिनीहरूका दृष्टिकोणमा विजय-प्रवेश "हाल्ला-खल्लामय" रहेको हुनसक्छ) बारेमा समेत तिनीहरूले प्रश्न गरिरहेका हुनसक्छन्।

अधिकारीहरूसँग त्यस्ता प्रश्न सोध्ने अधिकार थियो; तिनीहरूले मन्दिरसँग सम्बन्धित धेरै शुल्क उठाउँथे। यसको साथै, यो न्यायसंगत प्रश्न नै थियो; धार्मिक बहसमा, अधिकारको कुरालाई सबैभन्दा पहिले अघि सारिन्छ। दुर्भाग्यवश, साँचो कुरा पत्ता लगाउनका निम्ति तिनीहरूले प्रश्न गरेका थिएनन्। बरु, "तिनिहरूको हातमा रहेको विषयहरूमा अनाधिकृत रूपले आफैलाई नियुक्त गरेको" व्यक्तिको रूपमा मानिसहरूमाझ येशूलाई बेइज्जत गर्नु तिनीहरूको उद्देश्य थियो।[४]

ख्रीष्टको अधिकार मानिसहरूबाट दिइएको थिएन, तर परमेश्वरबाट दिइएको थियो (मत्ती १७:५; २८:१८; हिब्रू १:१, २); तैपनि उहाँलाई प्रश्न गर्नेहरूलाई यो जान्ने कुनै चाहाना थिएन। तीन वर्षसम्म इन्कारै गर्न नसकिने हजारौं चिन्हहरूद्वारा येशूले आफ्नो मसीही अधिकारलाई प्रस्तुत गर्नुभएको थियो, तर ती प्रमाणहरूलाई बेवास्ता गर्ने निर्णय तिनीहरूले गरे। यसको साथै, यदि उहाँले थप प्रमाणहरू दिनुभएको भए तापनि तिनीहरू विश्वस्त हुनेवालामा थिएनन्। प्रभुलाई यी सबै कुरा थाहा थियो। त्यसैले उहाँले तिनीहरूको प्रश्नको उत्तर प्रश्नैद्वारा दिने निर्णय गर्नुभयो—जुन प्रश्नलाई तिनीहरूले इमान्दारीपूर्वक उत्तर दिएका भए, तिनीहरूको मुख्य प्रश्नको उत्तर त्यसैले दिनेथियो।

उहाँले भन्नुभयो, **"म पनि तिमीहरूलाई एउटा प्रश्न सोध्छु। मलाई त्यसको उत्तर दियौ भने, म कुन अधिकारले यी काम गर्दछु, सो तिमीहरूलाई बताउनेछु। यूहन्नाको बप्तिस्मा कहाँबाट भयो? स्वर्गबाट कि मानिसहरूबाट?"** (मत्ती २१:२४, २५क)। यदि तिनीहरूले यूहन्नाको बप्तिस्मा स्वर्गबाटको हो भनी स्वीकार गरेका भए, यूहन्ना आफैलाई समेत परमेश्वरले पठाउनुभएको थियो—र उसको शिक्षा साँचो थियो भन्ने कुरालाई समेत तिनीहरूले स्वीकार गर्नुपर्नेथियो। त्यो शिक्षामा येशूको बारेमा दिइएको गवाही समेत समावेश हुन्छ: "हेर, संसारको पाप उठाइलैजाने परमेश्वरका थुमा!"; "... परमेश्वरका पुत्र" (यूह १:२९, ३४; हेर्नुहोस्: १:६, ७, १५, ३६; ३:२६-३६; १०:४०-४२)। त्यसैले, यदि तिनीहरूले यूहन्नाको अधिकारलाई स्वीकार गरेका थिए भने, तिनीहरूले येशूको अधिकारलाई समेत स्वीकार गर्नुपर्नेथियो।

ख्रीष्टको उत्तरले अधिकारीहरूलाई नाजबाफ बनायो। तिनीहरूले हतारमा सल्लाह गरे र यसरी आपसमा बहस गर्न लागे, **"'स्वर्गबाट' भनौं भने, 'तिमीहरूले उनलाई किन**

---

[४]इबिड. (Ibid.), ५८६।

विश्वास गरेनौ?' भनेर तिनले भन्नेछन्। 'मानिसबाट' भनौं भने, सबै मानिसहरूले हामीलाई ढुङ्गाले हान्नेछन्, किनकि यूहन्ना अगमवक्ता हुन् भन्ने तिनीहरूको पक्का विश्वास छ" (लूक २०:५, ६)। तिनीहरू धर्मसंकटमा परे: कि त तिनीहरूले येशूको बारेमा यूहन्नाले भनेको कुरा ठीक थियो भनी स्वीकार गर्नु पर्थ्यो अथवा तिनीहरूले भीडको साथ पाउने प्रयास स्वरूप यी सब गरिरहेका थिए भनी स्वीकार गरेर भीडबाट टाढिनु पर्थ्यो। तिनीहरूले *"साँचो* उत्तर के हो?" भनेर छलफल गरेनन्। तिनीहरूको चासो भनेको *"फाइदाजनक* उत्तर के हो?" भन्ने थियो।

लज्जित भएर तिनीहरू येशूतर्फ फर्के अनि यसो भने, **"हामीलाई थाहा छैन"** (मत्ती २१:२७क)। तिनीहरूको यथार्थ उत्तर यस्तो हुने थियो "हामी उत्तर दिन चाहाँदैनौं" तर साँचो बोल्नु तिनीहरूको सामार्थ्यको कुरा थिएन। येशूले जवाफ दिनुभयो, **"म पनि कुन अधिकारले यी काम गर्दछु, सो तिमीहरूलाई भन्दिनँ"** (मत्ती २१:२७ख)। कुनै व्यक्तिले इमान्दार मानिससँग जसरी व्यवहार गर्न सक्छ त्यसरी उसले कपटी मानिससँग व्यवहार गर्न सक्दैन भन्ने भनाइ छ।

उहाँको प्रतिक्रियाको भाग: तीन दृष्टान्तहरू (मत्ती २१:२८—२२:१४)

उहाँका आलोचकहरूलाई केही क्षण चुपचाप पार्नुभएपछि, येशूले "तिनीहरूलाई [अगुवाहरू र भीड दुवैलाई] दृष्टान्तहरूमा भन्न लाग्नुभयो" (मर्कू १२:१क)। यस क्रममा तीन वटा कथाहरू बताइयो र प्रत्येकलाई यहूदी अधिकारीहरूको मानसिकतालाई उजागर गर्न बताइएको थियो। तिनीहरूले *उहाँको* अधिकारको बारेमा प्रश्न गरेका थिए। परमेश्वरको करारमा रहेका मानिसहरूका प्रतिनिधिहरू र अगुवाहरू भएर, तिनीहरूले *आफ्ना* अधिकारलाई दुरुपयोग गरेका छन् भन्ने कुरा उहाँले प्रकट गरिदिनुभयो।

मर्कूसको पुस्तकले यी कथाहरूलाई "दृष्टान्तहरू" भनी भनेको छ, तर दृष्टान्तको बनावट अनुसार तिनीहरू मिल्दैन। उदाहरणको लागि, नियमको रूपमा, दृष्टान्तले एउटा शिक्षालाई जोड दिन्छ; तर यी कथाहरूको प्रकृति रुपक वा नीतिकथासँग मिल्दो छ। प्रत्येक कथाबाट अरू दृष्टान्तहरू निकल्न सकिन्छ, र धेरै शिक्षाहरूलाई अघि सार्न सकिन्छ। तैपनि, कथाको *हरेक* हरफको "केही न केही अर्थ हुन्छ" भनेर विस्तृत विवरणलाई लागू गर्नु हुँदैन।

(१) दुई छोराको दृष्टान्त (मत्ती २१:२८-३२)

[२८]"तिमीहरू के विचार गर्दछौ? एक जना मानिसका दुई छोरा थिए। उसले पहिलोकहाँ आएर भन्यो, 'छोरो, गएर आज दाखबारीमा काम गरिदे।' [२९]त्यसले जवाफ दियो, 'म जान्नँ।' तर पछिबाट पछुताएर गयो। [३०]दोस्राकहाँ आएर उसले त्यसै भन्यो। त्यसले जवाफ दियो, 'म जान्छु।' तर गएन। [३१]अब यी दुईमा कुनचाहिँले बाबुको इच्छा पालन गऱ्यो?" तिनीहरूले जवाफ दिए, "पहिलोचाहिँले।" येशूले तिनीहरूलाई भन्नुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, कर उठाउनेहरू र वेश्याहरू तिमीहरूभन्दा अघि परमेश्वरको राज्यमा प्रवेश गर्छन्। [३२]किनकि यूहन्ना तिमीहरूकहाँ धार्मिकताको मार्ग देखाउन आए, तर तिमीहरूले उनीमाथि विश्वास गरेनौ। तर कर उठाउनेहरू र वेश्याहरूले उनीमाथि विश्वास गरे। तिमीहरूले यो देखेर पनि पश्चात्ताप गरेनौ, अनि उनीमाथि विश्वास गरेनौ।"

ख्रीष्टले यसरी सुरु गर्नुभयो, **"तिमीहरू के विचार गर्दछौ?"** (मत्ती २१:२८क)।

तिनीहरूले ध्यान दिएर सुनेका होऊन् भनेर आफूले केही समयपछि सोध्ने प्रश्नको बारेमा उहाँले यसरी तिनीहरूलाई जानकारी दिनुभयो। उहाँले भन्नुभएको कथा सामान्य किसिमको थियो:

> **एक जना मानिसका दुई छोरा थिए। उसले पहिलोकहाँ आएर भन्यो, "छोरो, गएर आज दाखबारीमा काम गरिदे।" त्यसले जवाफ दियो, "म जान्नँ।" तर पछिबाट पछुताएर गयो। दोस्राकहाँ आएर उसले त्यसै भन्यो। त्यसले जवाफ दियो, "म जान्छु।" तर गएन** (मत्ती २१:२८ख-३०)।

येशूले उहाँका शत्रुहरूतर्फ फर्केर प्रश्न गर्नुभयो, **"अब यी दुईमा कुनचाहिँले बाबुको इच्छा पालन गऱ्यो?"** (मत्ती २१:३१क)। यूहन्नालाई विश्वास नगर्नेहरूलाई येशूले दोष दिनुभएको कारण (मत्ती ३१:३२), यी प्रश्नहरू, उहाँलाई ठूलो आदर गर्ने भीडप्रति होइन (मत्ती २१:२६) तर मुख्य रूपमा, यूहन्नालाई विश्वास नगर्ने धार्मिक अगुवाहरूप्रति केन्द्रित गरिएको हुनसक्छ (मत्ती २१:२५)। अवश्य नै, येशूको शिक्षालाई स्वीकार नगर्ने अरू उपस्थित मानिसहरूमा पनि यो सामान्य रूपमा लागू थियो।

शायद यी प्रश्नहरूले तिनीहरूलाई केही हदसम्म सहजता दियो किनभने यो तिनीहरूले उत्तर दिन *सक्ने* प्रश्न थियो। तिनीहरूले जवाफ दिए, **"पहिलोचाहिँले"** (मत्ती २१:३१ख)—तिनीहरूले आफ्नै बारेमा उत्तर दिइरहेका थिए भन्ने तिनीहरूलाई थाहा थिएन।

दृष्टान्तमा, पहिलो छोरा—जसले, "म जान्नँ" भन्यो तर पछि आफ्नो बाबुले भने अनुसार गर्नेले—यसले आम मानिसलाई प्रतिनिधित्व गर्दथ्यो, विशेष गरी फरिसीहरूले "कर उठाउनेहरू र पापीहरू" भनी नाम दिएकाहरूलाई (मत्ती ९:११)। विगतका दिनमा, परमेश्वरको मार्गमा हिँड्न यी "पापीहरू" ले इन्कार गरेका थिए, तर अब तिनीहरूले यूहन्ना र येशूको शिक्षा सुनेर पश्चात्ताप गरेका थिए। अर्कोतर्फ, दोस्रो छोरा—जसले, "म जान्छु" भनी भन्यो तर आफ्नो बाबुले भने अनुसार गरेन—त्यसले, परमेश्वरसँग गरेको प्रतिबद्धतालाई पूरा नगर्ने धार्मिक अगुवाहरूलई प्रतिनिधित्व गर्दछ।

येशूले यसको अर्थ बताउनुभयो:

> **साँच्चै, म तिमीहरूलाई भन्दछु, कर उठाउनेहरू र वेश्याहरू तिमीहरूभन्दा अघि परमेश्वरको राज्यमा प्रवेश गर्छन्। किनकि यूहन्ना तिमीहरूकहाँ धार्मिकताको मार्ग देखाउन आए, तर तिमीहरूले उनीमाथि विश्वास गरेनौ। तर कर उठाउनेहरू र वेश्याहरूले उनीमाथि विश्वास गरे। तिमीहरूले यो देखेर पनि पश्चात्ताप गरेनौ, अनि उनीमाथि विश्वास गरेनौ** (मत्ती २१:३१ग, ३२)।

येशूले दृष्टान्तलाई प्रयोग गर्नुको प्रथमिक उद्देश्य, उहाँको शत्रुहरूको स्वभावलाई पर्दाफास गर्नु थियो, यस बाहेक यसबाट धेरै व्यवहारिक शिक्षाहरूलाई अघि सार्न सकिन्छ। उदाहरणको लागि, "पश्चात्ताप" भन्ने शब्दको अर्थको यो एउटा उत्कृष्ट उदाहरण हो। २९ पदमा "पछुताउनु" (μεταμέλομαι, *मेटामेलोमाइ, metamelomai*) भनी अनुवाद गरिएको शब्द र ३२ पदमा "पश्चात्ताप" ("feel remorse") भनी अनुवाद गरिएको शब्द, यी दुवै उस्तै शब्द हो र यसलाई प्राय: "क्षमा माग्नु" भनेर पनि अनुवाद गरिएको छ (किङ्ग जेम्स् संस्करण [KJV] हेर्नुहोस्)। "पश्चात्ताप" भनी अनुवाद गर्न

सकिने ग्रीक शब्दलाई "मन/विचार परिवर्तन गर्नु" भनेर पनि अनुवाद गर्न सकिन्छ। न्यू इन्टरनेशनल संस्करण (NIV) मा २९ पद यस्तो छ: "'म जनेछैन,' [पहिलो छोराले] उत्तर दियो, तर पछि त्यसले *आफ्नो मन परिवर्तन गऱ्यो* र गयो" (जोड दिएको छ)। जब मानिसहरूले पश्चात्ताप गर्छन्, तिनीहरूले पापको विषयमा आफ्ना मन परिवर्तन् गर्छन्। तिनीहरू परमेश्वरलाई "गर्दिनँ, हुँदैन" भन्न छाड्छन् र उहाँको इच्छा अनुसार गर्न थाल्छन्। दुई छोराको यो दृष्टान्त यही सत्यताको सरल तर गहन उदाहरण हो।

यस दृष्टान्तबाट सिक्न सकिने शायद सबैभन्दा महत्त्वपूर्ण पाठ, पुत्रत्वमा हुनुपर्ने गुण हो: पितालाई ("म जान्छु") भनेर ओठे सेवा दिनु पर्याप्त हुँदैन; पिताले हामीलाई जे *गर* भन्नुहुन्छ हामीले त्यो गर्ने पर्छ (हेर्नुहोस्: मत्ती ७:२१; लूक ६:४६)।

(२) मुर्ख मोहीहरूको दृष्टान्त (मत्ती २१:३३-४६; मर्कू १२:१-१२; लूक २०:९-१९)

मत्ती २१:३३-४६

३३"अर्को दृष्टान्त सुन। कोही एक जना गृहस्थी थिए, जसले एउटा दाखबारी लगाए,
र त्यसको वरिपरि बार लगाएर त्यहाँ दाख पेल्ने एउटा कोल राखे, र एउटा मचान बनाए।
तब मोहीहरूलाई त्यसको ठेक्का दिई उनी परदेश लागे। ३४जब फलको समय नजिक
आयो, उनले मोहीहरूकहाँ फलको आफ्नो हिस्सा माग्न नोकरहरू पठाए। ३५तर
मोहीहरूले उनका नोकरहरूलाई समाती एउटालाई पिटे, अर्कालाई मारे, र अर्कालाई
ढुङ्गाले हाने। ३६फेरि उनले अघिको भन्दा बढ़ी नोकरहरू पठाए, र तिनीहरूले
यिनीहरूसँग पनि त्यस्तै व्यवहार गरे। ३७"मेरो छोरालाई त तिनीहरूले आदर गर्लान्' भन्ने
सोचेर, अन्त्यमा उनले आफ्नो छोरालाई तिनीहरूकहाँ पठाए। ३८तर मोहीहरूले छोरालाई
देखेर आपसमा भने, 'यो त उत्तराधिकारी हो। आओ, त्यसलाई मारौं, र त्यसको
उत्तराधिकार हात पारौं।' ३९तब तिनीहरूले तिनलाई समातेर दाखबारी बाहिर लगे र
तिनलाई मारे। ४०यसकारण जब दाखबारीका मालिक आउँछन्, तब उनले ती मोहीहरूलाई
के गर्लान्?" ४१तिनीहरूले उहाँलाई भने, "उनले ती दुष्टहरूलाई सर्वनाश गर्नेछन्, र
दाखबारी अरू मोहीहरूलाई ठेक्कामा दिनेछन्, जसले उनलाई फलको हिस्सा समयमा
बुझाउनेछन्।" ४२येशूले तिनीहरूलाई भन्नुभयो, "के तिमीहरूले कहिल्यै धर्मशास्त्रमा
पढ़ेनौ? 'जुन ढुङ्गालाई भवन निर्माण गर्नेहरूले रद्द गरे त्यहीचाहिँ कुनाको शिर-ढुङ्गो
बन्यो, यो परमप्रभुबाट भएको हो, अनि हाम्रो दृष्टिमा यो आश्चर्यमय छ।' ४३यसैकारण म
तिमीहरूलाई भन्दछु, परमेश्वरको राज्य तिमीहरूबाट खोसिनेछ, र एउटा यस्तो जातिलाई
दिइनेछ, जसले त्यसको फल फलाउँछ। ४४यस ढुङ्गामाथि खस्नेचाहिँ टुक्रा-टुक्रा हुनेछ,
तर जसमाथि त्यो ढुङ्गा खस्छ, यसले त्यसलाई किच्नेछ।" ४५जब मुख्य पूजाहारीहरू र
फरिसीहरूले उहाँका दृष्टान्त सुने, तब तिनीहरूकै विषयमा उहाँले यो भन्नुभएको हो भन्ने
बुझे। ४६तिनीहरूले उहाँलाई समात्न खोजे, तर तिनीहरू भीड़सँग डराए, किनभने
मानिसहरूले उहाँलाई एक अगमवक्ता हुन् भनी ठान्थे।

मर्कूस १२:१-१२

१उहाँले तिनीहरूलाई दृष्टान्तहरूमा भन्न लाग्नुभयो: "एक जना मानिसले दाखबारी
लगाएर त्यसको वरिपरि बार लगाए, र कोलको निम्ति एउटा खाल्डो खने। अनि एउटा
मचान बनाएर तिनले दाखबारी मोहीहरूलाई कमाउन दिए, र आफूचाहिँ परदेश लागे।

[२]फसलको समयमा तिनले ती मोहीहरूबाट केही फल लिन एक जना नोकरलाई पठाए।
[३]तर तिनीहरूले त्यसलाई पक्रेर पिटे र रित्तै हात पठाए। [४]फेरि तिनले तिनीहरूकहाँ अर्को
नोकरलाई पठाए, तर तिनीहरूले त्यसको टाउकोमा हिर्काए र त्यसको बेइज्जत गरे।
[५]मालिकले अझै अर्कालाई पठाए, तर त्यसलाई तिनीहरूले मारे, र अरू धेरैलाई पनि
पठाए, तर तिनीहरूले कसैलाई पिटे र कसैलाई मारे। [६]तिनको अब एक जना थियो—
तिनका प्रिय पुत्र। 'तिनीहरूले मेरा छोरालाई त आदर गर्लान्' भनेर सबैभन्दा पछि तिनले
उनैलाई तिनीहरूकहाँ पठाए। [७]तर ती मोहीहरूले आपसमा भने, 'यो त उत्तराधिकारी हो।
आओ, हामी यसलाई मारौं, र हक हाम्रो नै हुनेछ।' [८]अनि तिनीहरूले उनलाई पक्रेर मारे,
र दाखबारीको बाहिर फ्याँकिदिए। [९]तब दाखबारीका मालिकले के गर्नेछन्? तिनी
आउनेछन्, र ती मोहीहरूलाई नाश गर्नेछन्, र दाखबारी अरूहरूलाई दिनेछन्। [१०]के
तिमीहरूले धर्मशास्त्रको यो वचन पढ़ेका छैनौ? 'जुन ढुङ्गालाई भवन निर्माण गर्नेहरूले
रद्द गरे त्यहीचाहिँ कुनाको शिर-ढुङ्गा बन्यो, [११]यो परमप्रभुबाट भएको हो, अनि हाम्रो
दृष्टिमा यो आश्चर्यमय छ'।" [१२]त्यसपछि तिनीहरूले उहाँलाई पक्रन खोजे, किनकि यो
दृष्टान्त उहाँले तिनीहरूकै विरुद्धमा भन्नुभएको हो भनी तिनीहरूले बुझे। तर तिनीहरू
भीड़सँग डराएको कारणले उहाँलाई छोड़ेर गइहाले।

लूका २०:९-१९

[९]उहाँले मानिसहरूलाई यो दृष्टान्त भन्नुभयो: "एक जना मानिसले दाखबारी लगाए,
र मोहीहरूलाई दिएर धेरै दिनका निम्ति परदेश गए। [१०]फल पाकिसकेपछि दाखबारीबाट
केही फल लिन दाखबारीका मालिकले आफ्नो एउटा नोकरलाई मोहीहरूकहाँ पठाए। तर
मोहीहरूले त्यसलाई पिटेर रित्तै पठाइदिए। [११]तिनले अझै अर्को नोकरलाई पठाए, तर
तिनीहरूले त्यसलाई पनि पिटी बेइज्जत गरेर रित्तै पठाइदिए। [१२]तिनले तेस्रालाई पनि
पठाए। तर तिनीहरूले त्यसलाई पनि घाइते बनाएर निकालिदिए। [१३]अनि दाखबारीका
मालिकले भने, 'अब म के गरूँ? म आफ्नो प्यारो छोरो पठाउनेछु। शायद उसलाई त
तिनीहरूले आदर गर्लान्।' [१४]तर मोहीहरूले उसलाई देखेर आपसमा कुरा गरे, 'यो त
हकवाला हो। हामी यसलाई मारौं, र सम्पत्तिको हक हाम्रो हुनेछ।' [१५]अनि तिनीहरूले
उसलाई दाखबारीको बाहिर लगेर मारे। अब दाखबारीका मालिकले तिनीहरूलाई के
गर्लान्? [१६]तिनी आएर ती मोहीहरूलाई मार्नेछन्, र दाखबारी अरूहरूलाई दिनेछन्।"
मानिसहरूले यो सुनेर भने, "यस्तो कहिले नहोस्।" [१७]तर उहाँले तिनीहरूलाई हेरेर
भन्नुभयो, "यो लेखिएको के हो त? 'जुन ढुङ्गालाई भवन निर्माण गर्नेहरूले रद्द गरे,
त्यहीचाहिँ कुनाको शिर-ढुङ्गो बन्यो।' [१८]त्यस ढुङ्गामाथि खस्ने हरेक चकनाचूर हुनेछ,
तर जसमाथि त्यो खस्छ त्यसले त्यसलाई धूलोपीठो पार्नेछ।" [१९]तब शास्त्रीहरू र मुख्य
पूजाहारीहरूले त्यसै बेला उहाँलाई पक्रन खोजे। तिनीहरूलाई थाहा थियो कि यो दृष्टान्त
तिनीहरूकै विरुद्धमा भनिएको थियो तर तिनीहरू मानिसहरूसँग डराउँथे।

धार्मिक अगुवाहरूले आफ्नो पदको अधिकारलाई आत्म-लाभ र आत्म-महिमाको निम्ति कसरी दुरुपयोग गरेका थिए त्यसलाई उजागर गर्ने अर्को दृष्टान्त येशूले भन्नुभयो। दृष्टान्तले, उहाँलाई मार्ने तिनीहरूको शैतानिक अभिप्रयालाई समेत उजागर गऱ्यो।

उहाँले मानिसहरूलाई यो दृष्टान्त भन्नुभयो (लूक २०:९क): **"अर्को दृष्टान्त सुन। कोही एक जना गृहस्थी थिए, जसले एउटा दाखबारी लगाए, र त्यसको वरिपरि बार**

लगाएर त्यहाँ दाख पेल्ने एउटा कोल राखे” (मत्ती २१:३३क)। यो दृष्टान्तले त्यो बेलाको सामान्य प्रचलनलाई झल्काउँछ। दाखबारीलाई सुरक्षित गर्न यसको वरिपरि बार लगाइन्थ्यो। “दाख पेल्ने कोल” ढुङ्गामा बनाइएको दुई वटा खाडल हो। अंगूरलाई माथिल्लो खाल्डोमा राखिन्थ्यो र कुल्चिन्थ्यो। दाखको रस तल्लो खाडलमा झर्थ्यो र त्यसबाट यसलाई निकालिन्थ्यो। माचन भनेको दाखबारीलाई चोरबाट बचाउनको निम्ति हेरचहार गर्ने मानिस बस्ने स्थान हो। यी विवरणहरूको कुनै “गहिरो अर्थ” छैन; यिनीहरू “दृष्टान्तको वस्त्र मात्रै हुन्।”[9]

त्यसपछि त्यो मानिसले आफ्नो **मोहीहरूलाई** [दाखबारी] **त्यसको ठेक्का दिई उनी परदेश लागे** (मत्ती २१:३३ख)। दाखबारीका मालिकले आफू कतै जाँदा आफ्नो दाखबारी मोहीहरूलाई हेरचहार गर्न दिएर जाने प्रचलन असामान्य थिएन। यो मालिकले आफ्ना मोहीहरूलाई केही भाग बाली दिने व्यवस्था गरेर गएको थियो: तिनीहरूले तिनलाई फसलको समयमा केही भाग फल दिनुपर्नेथियो (मर्कू १२:२)। यी मोहीहरू देशको अगुवाहरूको नमूना थिए। परमेश्वरको सन्तानलाई व्यवहार गर्ने (वा दुर्व्यवहार गर्ने) कामको जिम्मेवार ती मानिसहरू नै थिए। लूकाको विवरण अनुसार, मालिक ***धेरै दिनको* निम्ति परदेश गए** (लूक २०:९; जोड दिइएको छ)। नियुक्त गरिएका अगुवाहरू परमेश्वरको दाखबारी, अर्थात् इस्राएलको निम्ति धेरै शताब्दीदेखि जिम्मेवार (हेर्नुहोस्: मत्ती २१:३३; यशै ५:१, २) रहँदै आएका थिए।

जब फलको समय नजिक आयो (मत्ती २१:३४क), मालिकले

> **“... ती मोहीहरूबाट केही फल लिन एक जना नोकरलाई पठाए। तर तिनीहरूले त्यसलाई पक्रेर पिटे र रित्तै हात पठाए। फेरि तिनले तिनीहरूकहाँ अर्को नोकरलाई पठाए, तर तिनीहरूले त्यसको टाउकोमा हिर्काए र त्यसको बेइज्जत गरे। मालिकले अझै अर्कालाई पठाए, तर त्यसलाई तिनीहरूले मारे, र अरू धेरैलाई पनि पठाए, तर तिनीहरूले कसैलाई पिटे र कसैलाई मारे”** (मर्कू १२:२-५)।

जग्गाको मालिकका सेवकहरूलाई गरिएको यो वीभत्स व्यवहारले परमेश्वरका अगमवक्ताहरूलाई गरिएको दुर्व्यवहारलाई झल्काउँछ। तिनीहरूलाई साधारण रूपमा यहूदी राष्ट्रले र निश्चित रूपमा यहूदी अगुवाहरूले सतावट गरेका थिए (नहे ९:२६; यर ७:२५, २६; मत्ती २३:३४; प्रे ७:५२; हिब्रू ११:३६-३८)।

रिसाएका जग्गा मालिकले भन्यो, **“अब म के गरूँ?”** (लूक २०:१३क)। त्यसपछि येशूले भन्नुभयो **“तिनको अब एक जना थियो—तिनका प्रिय पुत्र”** (मर्कू १२:६क)। तिनीहरूले मेरा छोरालाई त *निश्चय नै* आदर गर्लान् (मर्कू १२:६ख); तिनीहरूले आदर गर्दैनन् भन्ने कुरा सोच्दै नसोचेको कुरा थियो। त्यसैले सबैभन्दा पछि **तिनले उनैलाई तिनीहरूकहाँ पठाए** (मर्कू १२:६ग)। “प्रिय पुत्र” भन्ने वाक्यले यो कथामा यो पात्र को हो भनेर पत्ता लगाउन सजिलो बनाउँछ; त्यो पुत्र येशू आफै हुनुहुन्थ्यो (मत्ती १७:५; लूक ३:२२)।

कथामा त्यसपछि के भयो भन्ने कुरा अत्यासलाग्दो छ: **“तर मोहीहरूले छोरालाई देखेर आपसमा भने, ‘यो त उत्तराधिकारी हो। आओ, त्यसलाई मारौं, र त्यसको उत्तराधिकार हात पारौं’”** (मत्ती २१:३८)। हामी अपरिचितहरूलाई यो कुरा देख्दा

---

[9]इबिड. (Ibid.), ५९१।

विचित्रको लाग्न सक्छ; तर, केही विद्वानहरूका अनुसार, "उत्तराधिकारीले दाबी नगरेको जग्गालाई 'धनीविनाको' भनी घोषणा गर्न सकिन्थ्यो, र यसलाई जोसुकैले दाबी गर्न सक्थ्यो।"[10] मोहीहरूले जमिनलाई धेरै लामो समयसम्म कमाएका करण तिनीहरूले यसलाई आफ्नै जत्तिको मान्न थालेका थिए। त्यस्तै, परमेश्वरको इच्छा पूरा गर्नका निम्ति खटाइएको सेवकहरूका रूपमा मात्रै यहूदी अधिकारीहरूले आफूलाई हेर्न छाडेका थिए। बरु, तिनीहरूले इस्रायलीहरूको देशलाई तिनीहरूका आफ्नै सम्पत्तिका रूपमा सम्झेका थिए।

दृष्टान्तमा, मोहीहरूले आफ्ना मार्ने योजनालाई पूरा गरे: **"तिनीहरूले तिनलाई** [पुत्रलाई] **समातेर दाखबारी बाहिर लगे र तिनलाई मारे"** (मत्ती २१:३९)। केही दिनपछि नै, ख्रीष्टलाई यरूशलेम सहरबाट बाहिर लगियो र क्रूसमा चढाइयो (हिब्रू १३:१२ हेर्नुहोस्)।

अर्को प्रश्न राख्न येशू तयार हुनुभयो। उहाँको कुरा सुनिरहेकाहरूलाई उहाँले प्रश्न गर्नुभयो, **"यसकारण जब दाखबारीका मालिक आउँछन्, तब उनले ती मोहीहरूलाई के गर्लान्?"** (मत्ती २१:४०)।

फेरि अर्को सजिलो प्रश्न गरियो। तिनीहरूले जवाफ दिइहाले, **"उनले ती दुष्टहरूलाई सर्वनाश गर्नेछन्, र दाखबारी अरू मोहीहरूलाई ठेक्कामा दिनेछन्, जसले उनलाई फलको हिस्सा समयमा बुझाउनेछन्"** (मत्ती २१:४१)।

त्यसपछि ख्रीष्टले तिनीहरूको उत्तरमा समावेश रहेको एउटा चकित पार्ने कसिमको सत्यतालाई प्रकट गर्नुभयो: **"यसैकारण म तिमीहरूलाई भन्दछु, परमेश्वरको राज्य तिमीहरूबाट खोसिनेछ, र एउटा यस्तो जातिलाई दिइनेछ, जसले त्यसको फल फलाउँछ"** (मत्ती २१:४३)। ४१ पदमा "अरू मोहीहरू" र ४३ पदमा "जातिलाई" भन्ने वाक्यले अन्यजातिहरूलाई बुझाउँछ। जब यहूदीहरूले सुसमाचारलाई इन्कार गरे, परमेश्वरका सन्देशवाहकहरू अन्यजातिहरूतर्फ फर्के (प्रे १३:४६; १८:६ हेर्नुहोस्)। ख्रीष्टको कुरा सुनिरहेकाहरूले उहाँको वचनको पूरा अर्थ बुझ्न नसकेका हुनसक्छन्, तर भविष्यमा तिनीहरूको राष्ट्रमा हुने दुर्भाग्यपूर्ण घटनाको बारेमा बताइएको हो भन्नेसम्म तिनीहरूले बुझे।

तिनीहरूले भने, **"यस्तो कहिले नहोस्"** (लूक २०:१६)। यो ग्रीक (Μὴ γένοιτο, *मे गेनोइतो, Mē genoito*) वाक्यबाट ठेड रूपमा अनुवाद गरिएको हो, तर ती शब्दमा रहेको प्रखरभाव यसमा छैन। किङ्ग जेम्स् संस्करण (KJV) र रिभाइज् स्टयाण्डर्ड संस्करण (RSV) ले त्यही भावलाई प्रयोग गरेको छ, जसलाई जे. डब्ल्यू. म्याकगर्भे (J. W. McGarvey) ले "अर्ध-अपशब्द अभिव्यक्ति" भनी भन्छन्, "हे ईश्वर, त्यस्तो नहोस्" ("God forbid")।[11]

दुर्भाग्यवश, यो हुनेछ—किनभने परमेश्वरको "मोहीहरू" (यहूदी अगुवाहरू) ले उहाँको पुत्रलाई मार्ने अठोट गरिसकेका थिए। यो हुनेछ भन्ने कुराको प्रमाण स्वरूप, ख्रीष्टले भजनसंग्रह ११८ बाट वचन बोल्नुभयो, जुन मसीह सम्बन्धी परिचित भजन हो: **"के तिमीहरूले कहिल्यै धर्मशास्त्रमा पढ़ेनौ? 'जुन ढुङ्गालाई भवन निर्माण गर्नेहरूले रद्द**

---

[10]वाल्टर डब्ल्यू. वेस्सल एण्ड विलियम एल. लेन (Walter W. Wessel and William L. Lane), नोटस् अन द बुक अफ मार्क, *द एन.आइ.भि. स्टडी बाइबल* (ग्राण्ड ज्यापिडस्, मिचिगन: जोण्डरभान पब्लिसिङ हाउस्, १९८५), १५१८।

[11]म्याकगर्भे एण्ड पेण्ड्लेटन (McGarvey and Pendleton), ५९३।

गरे त्यहीचाहिँ कुनाको शिर-ढुङ्गो बन्यो'" (मत्ती २१:४२क)। मसीह राजकीय सैन्य अगुवाबाट आउनुहुन्छ भन्ने अवधारणा यहूदी शिक्षकहरू र अगुवाहरूको रहेको थियो। जब येशू आउनुभयो, तिनीहरूका "उपयुक्त मसीह" भन्ने अवधारणाको चित्रसँग उहाँ मिल्नुभएन, त्यसैले तिनीहरूले उहाँलाई इन्कार गरे। जुन ढुङ्गामा जग (राज्य) बसाल्नु पर्ने थियो त्यही ढुङ्गालाई हटाउने भवन निर्माणकर्ताहरूको बारेमा यसले उदाहरण दिन्छ। पछि यो अगमवाणी प्रारम्भिक मण्डली समुदायको निम्ति प्रिय अगमवाणी भयो (प्रे ४:११; रोम ९:३३; १ पत्र २:७)।

"कुनाको शिर-ढुङ्गो" लाई इन्कार गर्नेहरूलाई के हुनेछ? ख्रीष्टले बताउनुभयो, **"यस ढुङ्गामाथि खस्नेचाहिँ टुक्रा-टुक्रा हुनेछ, तर जसमाथि त्यो ढुङ्गा खस्छ, यसले त्यसलाई किच्नेछ"** (मत्ती २१:४४)। "ढुङ्गामाथि खस्ने टुक्रा-टुक्रा हुनेछ, र खसेको ढुङ्गामुनि हुनेलाई यसले किच्नेछ, त्यसैले जसले येशूलाई मसीहको रूपमा इन्कार गरे [गर्छन्] तिनीहरू नाश हुनेछन् [हुन्छन्]।"[12]

येशूका मित्रहरूले उहाँका दृष्टान्तहरूलाई जहिल्यै बुझ्थेनन् (लूक ८:९); तर, यस घटनामा, उहाँका शत्रुहरूलाई समेत यसको भाव के हो भन्ने कुराको अडकल गर्न गाह्रो परेन: **जब मुख्य पूजाहारीहरू र फरिसीहरूले उहाँका दृष्टान्त सुने, तब तिनीहरूकै विषयमा उहाँले यो भन्नुभएको हो भन्ने बुझे** (मत्ती २१:४५)। शायद तिनीहरूले एक-एक विवरण त बुझेनन्, तर कथा तिनीहरूको बारेमा भनिएको हो र यसले तिनीहरूको प्रशंसा गरिरहेको थिएन भन्नेसम्म तिनीहरूले बुझे। तिनीहरूको घृणा झन्-झन् बढेको कारण, तिनीहरूले **त्यसै बेला उहाँलाई** [येशूलाई] **पक्रन खोजे** (लूक २०:१९क)। तैपनि, फेरि तिनीहरू भीड़सँग डराए, किनभने मानिसहरूले उहाँलाई **एक अगमवक्ता हुन् भनी ठान्थे** (मत्ती २१:४६)।

(३) राजाको छोराको विवाह-भोजको दृष्टान्त (मत्ती २२:१-१४)

१येशूले फेरि तिनीहरूलाई दृष्टान्तहरूमा भन्नुभयो, २"'स्वर्गको राज्यलाई एक जना राजासँग तुलना गर्न सकिन्छ, जसले आफ्नो छोराको विवाह-भोज तयार गरे, ३र भोजमा निमन्त्रित व्यक्तिहरू बोलाउन भनी आफ्ना नोकरहरू पठाए, तर तिनीहरूले आउन मन गरेनन्। ४फेरि तिनले अरू नोकरहरूलाई यसो भनेर पठाए, 'निमन्त्रित व्यक्तिहरूलाई भन, हेर, मैले मेरो भोज तयार गरेको छु, मेरा गोरुहरू र मोटा-मोटा पशुहरू मारिएका छन्, र सब चीजहरू तयार छन्। विवाह-भोजमा आउनुहोस्।' ५तर तिनीहरूले वास्तै नगरी एउटा आफ्नो खेतबारीतिर, अर्को आफ्नो व्यापारतिर लागे। ६बाँकीचाहिँले तिनका नोकरहरूलाई पक्रेर तिनीहरूसँग दुर्व्यवहार गरे र तिनीहरूलाई मारे। ७तब राजा क्रोधित भए, र आफ्ना फौजहरू पठाईकन ती हत्याराहरूलाई नाश गरे, र तिनीहरूको सहर जलाइदिए। ८तब तिनले आफ्ना नोकरहरूलाई भने, 'विवाह-भोज तयार छ, तर निम्त्याइएकाहरू योग्य भएनन्। ९यसकारण तिमीहरू सड़कहरूमा जाओ, र जतिलाई भेट्टाउँछौ तिनीहरूलाई विवाह-भोजमा निम्तो देओ।' १०तब ती नोकरहरूले सड़कहरूमा गएर भेट्टाएका सबैलाई, दुष्ट र असल दुवैलाई, जम्मा गरे, र विवाह-घर पाहुनाहरूले भरियो। ११तर जब राजा पाहुनाहरूलाई हेर्न भनी भित्र आए, तब तिनले विवाहको पोशाक

---

[12]लिविस् फोस्टर (Lewis Foster), नोटस् अन द बुक अफ मार्क, *द एन.आइ.भि. स्टडी बाइबल* (ग्राण्ड र्‍यापिडस्, मिचिगन: जोण्डरभान पब्लिसिङ हाउस, १९८५) १५७९।

नलगाएको एक जना मानिसलाई देखे। [१२]तिनले त्यसलाई सोधे, 'मित्र, विवाहको पोशाक नपहिरी तपाईं कसरी यहाँ भित्र आउनुभयो?' त्यो निरुत्तर भयो। [१३]तब राजाले सेवकहरूलाई भने, 'त्यसका हात-खुट्टा बाँधेर त्यसलाई बाहिरी अन्धकारमा फालिदेओ, जहाँ मानिसहरू रुनेछन् र दाह्रा किट्नेछन्।' [१४]किनभने बोलाइएका धेरै छन्, तर चुनिएका थोरै छन्।"

तब येशूले तेस्रो दृष्टान्त बताउनुभयो: राजाको छोराको विवाह-भोजको दृष्टान्त। यो दृष्टान्त ख्रीष्टले धेरै हप्ता पहिले बताउनुभएको विराट् भोजको दृष्टान्तसँग मिल्दो छ (लूक १४:१६-२४), तर यी दुईबीच केही भिन्नताहरू छन्। राज्यमा सहभागी हुन परमेश्वरले दिनुभएको निम्तोलाई इन्कार गर्ने दुष्टहरूका बारेमा शिक्षा दिन यसभन्दा पहिलेको दृष्टान्त बताइएको थियो। यो दृष्टान्तको प्राथमिक उद्देश्य यहूदी अधिकारीहरूको दुष्टता र तिनीहरूको कामाका कारण तिनीहरूमा आइपुर्ने नराम्रो दुर्दशाको बारेमा कुरा खोल्नु थियो। यो दृष्टान्त असामान्य छ किनभने यो दुई पक्षीय दृष्टान्त हो: पहिलो भागले येशूको शत्रुहरूलाई उल्लेख गर्दछ, तर दोस्रो भागले उहाँलाई पछ्याउनेहरूका बारेमा बताउँछ।

दृष्टान्तको पहिलो भागमा, राजाले **आफ्नो छोराको विवाह-भोज तयार गरे** (मत्ती २२:२)। यस दृष्टान्तमा राजाले परमेश्वरलाई प्रतिनिधित्व गर्छ, छोराले येशूलाई, र विवाह-भोजले मसीह राज्यको प्रशस्त आशिषलाई उल्लेख गर्छ।

जब भोज तयार भयो, निम्तारुहरूलाई बोलाउन राजाले आफ्ना सेवकहरूलाई पठाए (मत्ती २२:३, ४)। निम्त्याइएका पाहुनाहरूले "धार्मिक" यहूदीहरूलाई सामान्य रूपमा बुझाउँछ र निश्चित रूपमा यहूदी अगुवाहरूलाई बुझाउँछ। केही मानिसहरूले निम्तोलाई बेवास्ता गरे र अरूले सेवकहरूलाई दुर्व्यवहार गरे अनि मारे (मत्ती २२:३, ५, ६)। दुष्ट मोहीहरूको दृष्टान्तमा जस्तै, यहूदी अगुवाहरूले परमेश्वरका सन्देशवाहकहरूलाई र अगमवक्ताहरूलाई घृणा गरेका थिए।

[प्रतिक्रिया स्वरूप] **राजा क्रोधित भए, र आफ्ना फौजहरू पठाईकन ती हत्याराहरूलाई नाश गरे, र तिनीहरूको सहर जलाइदिए** (मत्ती २२:७)। धेरैजसो टिप्पणीकर्ताहरू यो कुरामा सहमत हुन्छन्, यी वचनद्वारा, इ.सं. ७० मा हुने यरूशलेमको विनाशको बारेमा येशूले भविष्यवाणी गरिरहनुभएको थियो। यो कुरालाई सत्य मान्दा, राजाले *आफ्ना* फौजहरू पठाएको कुरा दृष्टान्तले बताउँछ जुन रोचक छ, किनभने यरूशलेमको विनाश *रोमी* सेनाले गरेका थिए। परमेश्वरले *आफ्नो* योजना पूरा गर्न कहिलेकहीं *अधर्मी* मानिसहरूलाई प्रयोग गर्नुहुन्छ (जस्तै अश्शूरी वा बेबिलोन) भन्ने कुरा पुरानो करारले हामीलाई सिकउँछ।

विद्वानहरू यस विषयमा सही छन् भन्ने कुरालाई मानिलिदै, ख्रीष्टले यरूशलेमलाई "तिनीहरूका सहर" भन्नुभयो, "मेरो सहर" वा "हाम्रो सहर" होइन, भन्ने कुरालाई ध्यान दिनुहोस्। जब यहूदीहरूको सिङ्गो राष्ट्रले येशूलाई इन्कार गरे (यूह १:११), तिनीहरू अब उप्रान्त परमेश्वरका मानिसहरू रहेनन् र यरूशलेम अब उप्रान्त "परमेश्वरको सहर" को रूपमा रहेन।

त्यसपछि राजाले आफ्ना नोकरहरूलाई सडकतिर गएर भेटे जति सबैलाई आफ्नो भोजमा निम्त्याउन लगाए (मत्ती २२:८, ९)। नोकरहरूले **सड़कहरूमा गएर भेट्टाएका सबैलाई, दुष्ट र असल दुवैलाई, जम्मा गरे, र विवाह-घर पाहुनाहरूले भरियो** (मत्ती २२:१०)। "दुष्ट र असल" ले उहाँको वचन "खुशीसाथ सुन्ने" (मर्कू १२:३७; किङ्ग जेम्स् संस्करण [KJV]) "कर उठाउनेहरू र पापीहरू" दुवैलाई समावेश गर्छ (मत्ती ९:११), र

यसले अवश्य नै अन्यजातिहरूलाई पनि समावेश गर्छ (मत्ती २१:४३)। फेरि, उच्च अहोदामा भएका यहूदी अगुवाहरूलाई इन्कार गरिनेछ किनभने तिनीहरूले उहाँलाई इन्कार गरे, र उहाँलाई स्वीकार गर्ने "साधारण" मानिसहरूलाई स्वीकार गरिनेछ भनी येशूले औंल्याउनुभयो।

दृष्टान्तको दोस्रो भागमा, जब राजा भित्र आए, तब तिनले विवाहको पोशाक नलगाएको एक जना मानिसलाई देखे (मत्ती २२:११)। तिनले त्यस मानिसलाई हप्काए र भोजबाट जबर्जस्ती निकाल्न लगाए (मत्ती २२:१२, १३)। कथाको यो भागप्रति धेरै जना अलमल्ल पर्छन्। कतिपयले "कसैले राम्रो लुगा नलगाएकै भरमा" दोष दिनु गलत हो भनी विरोध गर्छन्। एफ. एफ. ब्रूस (F. F. Bruce) ले मत्ती २२:११-१४ लाई आफ्नो पुस्तक, *द हार्ड सेइङ अफ जिजस् (The Hard Sayings of Jesus)* अर्थात्, येशूका कठोर वाणीहरू भन्ने पुस्तकमा समावेश गरेका छन्।[13] ब्रुस (Bruce) बताउँछन्, हामीलाई ती सबै परिस्थितिहरूका बारेमा थाहा छैन, तर "यहाँ के भएको थियो भन्ने देखिन्छ भने, उसले राम्रै पहिरन लगाएको थियो तर उनले त्यसलाई राम्ररी पहिरिएर नलगाएको *हुनसक्छ*। जब उसको कमजोरीको बारेमा बताइयो उसँग कुनै बहाना थिएन; ऊ 'चुपचाप' भयो।"[14]

येशूको यो वचन सुन्ने सबैका निम्ति—त्यस बेलाका र अहिलेका—एउटा पाठ भनेको के हो भने, परमेश्वरको आशिषहरू उहाँको शर्तमा मात्र प्राप्त गर्न सकिन्छ, हाम्रो शर्तमा होइन। ख्रीष्टले यस्तो निष्कर्ष बताउनुभयो, **"किनभने बोलाइएका धेरै छन्, तर चुनिएका थोरै छन्"** (मत्ती २२:१४)। भोजमा बोलाइनु र भोजमा सहभागी हुनुमा धेरै ठूलो भिन्नता छ। परमेश्वरको इच्छालाई पालन गरेर हामी भोजको निम्ति तयार हुनै पर्छ (हेर्नुहोस्: हिब्रू ५:९; २ तिमो २:२१)।

प्रयोग: राजाको निमन्त्रणा! (मत्ती २२:१-१४)

मानौं तपाईंको ढोकामा कसैले ढकढक्यायो। तपाईंले ढोका खोल्नुहुन्छ अनि एक जना भद्र देखिने मानिस तपाईंको ढोका अगाडि उभिरहेको हुन्छ। "म वासिङ्टन डि.सि. बाट तपाईंलाई यो दिन भनी आएको हुँ," उसले भन्छ। उसले तपाईंलाई एउटा खाम दिन्छ। खामभित्र हेर्दा त संयुक्त राज्यको राष्ट्रपतिले तपाईंलाई एउटा कार्यक्रमको निम्ति दिएको निमन्त्रणा कार्ड रहेछ। "हाम्रो गाडी बाहिर पर्खिरहेको छ," त्यस मानिसले भन्छ। "सकेसम्म चाँडै तयार हुनुहोस्, र म तपाईंलाई एयरपर्टसम्म पुर्याउनेछु। राष्ट्रपतिको हवाइजहाजले तपाईंलाई पर्खिरहेको छ।" यो उत्साहजनक कुरो हुनेथियो। तैपनि, मत्ती २२:१-१४ मा दिइएको निमन्त्रणा यो निमन्त्रणाभन्दा धेरै नै महत्त्वपूर्ण र उत्साहपूर्ण छ: राजा, ब्रम्हाण्डको शासकद्वारा दिइएको निमन्त्रणा।

यसको पृष्ठभूमि येशूको व्यक्तिगत सेवकाइको अन्तिम हप्ता हो। यो घटना मंगलबार, अर्थात्, "प्रश्नै-प्रश्नको दिन" मा घट्यो। ख्रीष्टले मन्दिरमा शिक्षा दिइरहनुभएको बेला, उहाँलाई महासभाका प्रतिनिधिहरूले विरोध गरे। तिनीहरूले उहाँलाइ प्रश्न गरे, "कुन अधिकारले तिमी यी कामहरू गर्छौ?" (मत्ती २१:२३)। उहाँको उत्तरको भागको रूपमा, प्रभुले तीन वटा दृष्टान्तहरू बताउनुभयो, जसले उहाँका शत्रुहरूको पाप स्वभावलाई पर्दाफास गरिदियो। प्रथम दुई वटा दुई छोराको दृष्टान्त र

---

[13]एफ. एफ. ब्रुस (F. F. Bruce), *द हार्ड सेइङ अफ जिजस्* (डाउनर्स ग्रोभ, Ill.: इन्टरभार्सिटि प्रेस, १९८३), २०६-७।

[14]इबिड. (Ibid.), २०७ (जोड दिइएको छ)।

दुष्ट मोहीहरूको दृष्टान्त हो। तोस्रो, राजाको छोराको विवाह-भोजको दृष्टान्त हो। येशूले धेरै हप्ता पहिले बताउनुभएको दृष्टान्तजस्तै यो दृष्टान्त रहेको छ (लूक १४:७-१५), तर यसका विवरणहरू फरक छन्। यो फरक छ किनभने यो दुई-पक्षीय दृष्टान्त हो, एउटैमा दुई वटा दृष्टान्त। यसको दोस्रो भागलाई विवाह-भोजको वस्त्रको दृष्टान्त भनी भन्न सकिन्छ।

हाम्रो यो अध्ययनलाई "राजाको निमन्त्रणा" भन्ने शिर्षक दिन सकिन्छ। यसबाट यो निमन्त्रणासँग सम्बन्धित तीन वटा सत्यताहरूलाई अघि सारौं।

यो आनन्द मनाउन दिइएको निमन्त्रणा हो (मत्ती २२:१-३)

दृष्टान्त

यी शब्दहरूद्वारा यो खण्डको आरम्भ हुन्छ: "येशूले फेरि तिनीहरूलाई दृष्टान्तहरूमा भन्नुभयो, 'स्वर्गको राज्यलाई एक जना राजासँग तुलना गर्न सकिन्छ, जसले आफ्नो छोराको विवाह-भोज तयार गरे'" (मत्ती २२:१, २)। यो दृष्टान्तमा उल्लेख गरिएको राजाले परमेश्वरलाई प्रतिनिधित्व गर्छ। कथा अघि बढ्ने क्रममा, राजाले "भोजमा निमन्त्रित व्यक्तिहरू बोलाउन भनी आफ्ना नोकरहरू पठाए" (प्रका २२:३क)।

शिक्षा

पहिले निमन्त्रणाको प्रकृतिलाई याद गर्नुहोस्। यो विवाह-भोज, धुमधाम रमाइलोको निम्ति दिइएको निमन्त्रणा हो। पुरानो करारमा, विवाह र भोजको उदाहरण मसीह युगको आगमनको अगमवाणी गर्न प्रयोग गरिएको छ—अर्थात्, इसाई युग। नयाँ करारमा समेत यो उदाहरण प्रयोग गर्ने काम जारी नै रह्यो। मत्ती ९:१५ र यूहन्ना ३:२९ मा विवाह-भोजको उदाहरण छ, र मत्ती ८:११, १२ र लूका २२:३० मा भोजको उदाहरण छ। मण्डली ख्रीष्टको दुलही हो (एफि ५:२३-२७, ३१, ३२; हेर्नुहोस्: २ कोर ११:२)। एक अर्थमा, "विवाह-भोज" पहिले नै सुरु भइसकेको छ, र यो अनन्तसम्म रहनेछ। प्रकाशको पुस्तकमा, परमेश्वरको मानिसहरूका विजय महोत्सव मनाइएको छ: "थुमाका विवाहको भोजमा निमन्त्रणा पाउनेहरू धन्यका हुन्" (मत्ती १९:९क)।

इसाई जीवनले प्राप्त गर्ने आशिषको प्रशस्तता र खुशीयालीको बारेमा यसमा चित्रण गरिएको छ र यसबाट हामी प्रभावित हुनुपर्छ। हो, इसाई बन्नुका केही जटिल पक्षहरू पनि छन्। दृष्टान्तहरूमा राज्यलाई दाखबारीमा काम गर्नु वा बाँजो जोत्नुसँग तुलना गरिएको छ। तर इसाई जगतमा हुने कुरा त्यति मात्र होइन। इसाईपनमा एउटा मुख्य आनन्दको कुरा छ।

दु:खको कुरा, इसाईहरूले यसलाई सँधै महसुस गर्न भने सकेका छैनन्। चौथो शताब्दीभन्दा पछि लेखिएको एउटा कथित पत्रमा ख्रीष्टको शारीरिक विवरण दिइने प्रयास गरिएको छ। सामान्य कुराहरू बाहेक अन्य कुरामा, प्रभु "कहिल्यै हाँस्नुभएको देखिएन, तर धेरै पटक उहाँ रुनुभयो" भन्ने विवरण त्यस पत्रमा लेखिएको थियो।[15] त्यो विवरणमा सत्यताको आधार छैन। तैपनि, "यो, येशूको पहिलो लिखित विवरण भएको कारण,

[15]यो बनावटी पत्र ल्याटिन भाषामा, कुनै पब्लियस लेन्टुलस (Publius Lentulus) नामका पिलातसद्वारा लेखिएको थियो भनी भनिन्छ। यो जानकारी नेल आर. लाइटफुट (Neil R. Lightfoot) को, *द प्याराबलस् अफ जिजस,* पार्ट २ बाट लिइएको हो, (अस्टिन, टेक्सस्: आर. बी. स्वीट को., १९६५), १२।

युगौंसम्म यसले कला र मूर्तिकलामा दिर्घकालीन प्रभाव पाऱ्यो, त्यसैले आज समेत येशूलाई कहिल्यै नहाँस्ने व्यक्तिको रूपमा चित्रित गरिन्छ।"[16]

वर्षौंसम्म, येशूलाई पछ्याउन चाहाने तथाकथित व्यक्तिहरूले, इसाई जगतमा थोरै आनन्द पाइन्छ भन्ने तत्वाभियोग प्रस्तुत गरे। प्यूरिटनहरू (Puritans) ले बालबालिकाहरूले खेल्ने खेलौनालाई "शरीरका काम" भनी दोष लगाए। जोन वेस्ली (John Wesley) ले बालबालिकाका लागि बोर्डिङ स्कूल स्थापना गरे र विद्यार्थीहरूलाई हिउँद वा वर्खा सँधै बिहान ४ बजे उठ्न अनिवार्य गरे। उनको विद्यालयमा रमाइलो गर्ने समय अनि बिदा भन्ने कुरा थिएन, र कुनै प्रकारको खेलकुद आयोजना हुँदैनथ्यो।

यो अनवरत पटचारको विपरित, पावलले लेखेका छन्, "प्रभुमा सधैं आनन्द गर। म फेरि पनि भन्दछु, आनन्द गर" (फिलि ४:४)। म फेरि भन्छु, विवाह-भोजमा दिइएको निम्तो, आनन्द र रमाइलो गर्नको निम्ति दिइएको निम्तो थियो।

यसकारण, दुई वटा बुँदालाई विचार गरौं। (१) यदि हामीले राजाको निमन्त्रणालाई इन्कार गऱ्यौं भने, हामीले आनन्दको कुरालाई इन्कार गरिरहेका हुन्छौं। जसले निम्तोलाई स्वीकार गरेनन् तिनीहरूले दुई प्रकारको दुर्भाग्य सहनु पऱ्यो: तिनीहरूलाई नाश गरियो र तिनीहरूले भोजमा आनन्द मनाउन पाएनन्। (२) यदि हामी निमन्त्रणालाई स्वीकार गर्छौं भने, हामी खुशी हुनुपर्छ। परमेश्वरले आफ्नो विवाह-भोजमा रुन्चे अनुहार भएका पाहुनाहरूलाई चाहानुहुन्न।

यो प्रतिक्रिया दिइनुपर्ने निमन्त्रणा हो (मत्ती २२:३-१०, १४)

दृष्टान्त

फेरि हामी कथामा फर्कौं। राजाले "भोजमा निमन्त्रित व्यक्तिहरू बोलाउन भनी आफ्ना नोकरहरू पठाए" (मत्ती २२:३क)। दुई पल्ट निमन्त्रणा गरिएको थियो भनी पदले संकेत गर्छ: केही व्यक्तिहरूलाई भोजको निम्ति पहिले नै निम्तो गरिएको थियो; र जब भोज तयार भयो, निम्तो गरिएका व्यक्तिहरूलाई भोजको समय भयो भनी बोलाउन नोकरहरूलाई पठाइयो।

निम्तो पाएकाहरूले इस्राएलीहरूलाई प्रतिनिधित्व गर्दछ। तिनीहरूलाई मसीह भोजको बारेमा सन्देश दिने अगमवक्ताहरूले "निम्त्याएका" थिए। दृष्टान्तमा दोस्रो निम्तो दिइएको तथ्यले, यहूदीहरूले पहिलो निम्तोलाई स्वीकार गरेका थिए भन्ने अर्थलाई प्रस्तुत गर्छ; अर्थात्, तिनीहरूले मसीह राज्य आउनेछ भन्ने अवधारणालाई स्वीकार गरेका थिए।

जब निम्तो दिइएकाहरूलाई भोज तयार भयो भनी जानकारी दिइयो, "तिनीहरूले आउन मन गरेनन्" (मत्ती २२:३ख)। त्यसरी नै यहूदीहरूले आफ्ना जिद्दी र विरोधी आचरणलाई प्रदर्शन गरेका थिए। तैपनि, तिनीहरूलाई अर्को मौका दिन राजा तयार भयो। "तिनीहरूले पहिलो सन्देश बुझेनन्। तिनीहरूले नबुझेकामा म तिनीहरूलाई फेरि मौका दिन्छु" भन्ने राजाले सोचेको हुनसक्छ। त्यसकारण ...

> ... तिनले अरू नोकरहरूलाई यसो भनेर पठाए, "निमन्त्रित व्यक्तिहरूलाई भन, 'हेर, मैले मेरो भोज तयार गरेको छु, मेरा गोरुहरू र मोटा-मोटा पशुहरू मारिएका छन् [भोजको दिनमा मात्र पशुहरू मारिन्थ्यो], र सब चीजहरू तयार छन् [मासु पकाइएका छन् र सबै

[16]इबिड. (Ibid.) अर्को अनुच्छेदमा दिइएको जानकारी उही स्रोतबाट लिइएको हो।

खानेकुरा तयार छन्]। विवाह-भोजमा आओ'" (मत्ती २२:४)।

लूका १४ को अनुसार, यस बेला, निम्तो दिइएका मानिसहरूले बहाना बनाउन थाले। यस दृष्टान्तमा, निम्तो दिइएकाहरू आउन मानेनन्: "तर तिनीहरूले वास्तै नगरी" (मत्ती २२:५क)। मूल बाइबलमा तिनीहरूले वास्तै नगरेको बारे जोड दिइएको छ। हिब्रू २:३ मा उही हिब्रू शब्द ἀμελέω (*अमेलेओ, ameleō*) लाई "वास्ता नगर्नु" भनी अनुवाद गरिएको छ। निम्तो दिइएकाहरूले मौकाको मूल्यलाई बुझ्न सकेका थिएनन्। किङ्ग जेम्स् संस्करण (KJV) ले भन्छ, "तिनीहरूले यसलाई हल्का रूपमा लिए।"

राजालाई दोहोरो अपमान गरियो। केहीले उनलाई अरू नै काममा लागेर अपमान गरे: तिनीहरूले "वास्तै नगरी एउटा आफ्नो खेतबारीतिर, अर्को आफ्नो व्यापारतिर लागे" (मत्ती २२:५ख)। ती दुष्ट काम त थिएनन्, तर ती राजाको निमन्त्रणा जत्तिको महत्त्वपूर्ण थिएनन्। विलियम बार्क्ले (William Barclay) ले लेखेका छन्,

> कुनै मानिसले क्षणिक कामको निम्ति अत्यन्तै व्यस्त भई अनन्तको थोकहरूलाई सजिलै बिर्सन सक्छ, देखिने कुराहरूमा भुलेर, नदेखिने कुराहरूमा सजिलै हराउन सक्छ, संसारको दाबीहरूलाई साह्रै ध्यान दिएर सुन्ने सुरमा सजिलै ख्रीष्टको न्यानो निमन्त्रणालाई नसुन्न सक्छ। जीवनको दुर्भाग्य भनेको के हो भने धेरै पटक सामान्य कुराले सबैभन्दा उत्तम कुराको स्थान लिन्छ, असल देखिने कुराले सबैभन्दा सर्वोच्च कुराको स्थान लिन्छ।[17]

अरूले हिंसात्मक इन्कारद्वारा राजालाई अपमान गरे: "बाँकीचाहिँले तिनका नोकरहरूलाई पक्रेर तिनीहरूसँग दुर्व्यवहार गरे र तिनीहरूलाई मारे" (६ पद)। यसले, अगमवक्ताहहरूलाई यहूदीहरूले गरेको व्यवहारलाई संकेत गर्छ, र शायद पछि तिनीहरूले प्रेरितहरूलाई गरेको व्यवहारलाई पनि यसले सूचित गर्छ। कतिपयले निम्तोलाई बेवास्ता गरे र कतिपयले यसको बिरोध गरे—तर दुबैको अन्तिम परिणाम उही थियो।

तिनीहरूले राजाको प्रतिनिधिलाई जे गरे त्यो वास्तवमा तिनीहरूले स्वयम् राजालाई नै गरेको सरह थियो। त्यसैले, जब राजाले खबर सुने, उनी "क्रोधित भए" (मत्ती २२:७क)। याद गर्नुहोस्, परमेश्वरले दया गर्न सक्नुहुन्छ, तर उहाँ क्रोधित पनि हुन सक्नुहुन्छ। जब परमेश्वर क्रोधित हुनुहुन्छ, त्यसबेला पछि हट्नुहोस्!

राजाले "आफ्ना फौजहरू पठाईकन ती हत्याराहरूलाई नाश गरे, र तिनीहरूको सहर जलाइदिए" (मत्ती २२:७ख)। यस प्रसंगमा, यसले अवश्य नै, इ.सं. ७० मा रोमी सेनाले गरेको यरूशलेमको विध्वंसलाई उल्लेख गर्दछ।

तैपनि, भोज पहिले नै तयार भइसकेको थियो। राजाले आफ्ना नोकरहरूलाई भन्यो, "विवाह-भोज तयार छ, तर निम्त्याइएकाहरू योग्य भएनन्" (मत्ती २२:८)। "योग्य भएनन्" भन्नाले सामान्य किसिमले अयोग्य भए भन्ने होइन, तर तिनीहरूले निमन्त्रणालाई इन्कार गरी आफैलाई अयोग्य तुल्याएका थए भन्ने अर्थ यो वाक्यले दिन्छ (प्रेरित १३:४४-४६ हेर्नुहोस्) न्यू इन्टरनेशनल संस्करण (NIV) ले भन्छ, "तिनीहरू आउन अयोग्य भए।"

त्यसैले नोकरहरूलाई आज्ञा दिइयो, "तिमीहरू सड़कहरूमा जाओ, र जतिलाई

---

[17]विलियम बार्क्ले (William Barclay), *द गोस्पल अफ मत्ती,* भोल. २, रिभ. एड., द डेली स्टडी बाइबल सेरिज् (फिलादेल्फीया: वेस्टमिन्सटर प्रेस, १९७५), २६८।

भेट्टाउँछौ तिनीहरूलाई विवाह-भोजमा निम्तो देओ” (मत्ती २२:९)। “सड़कहरूमा” भनी अनवाद गरिएको ग्रीक वाक्य (ἐπὶ τὰς διεξόδους τῶν ὁδῶν, *एपि तस डेक्सोडोउस् टोन होडोन, epi tas diexodous tōn hodōn*) ले सामान्यतया मानिसहरू भेला हुने ठाउँलाई बुझाउँछ। न्यू इन्टरनेशनल संस्करण (NIV) मा “सड़कका गल्लीहरू” भन्ने छ। के तपाईंको समुदायमा त्यस्तो ठाउँ छ जहाँ तपाईंले दिन वा रात जुनसुकै बेला मानिसहरू भेला भइरहेको पाउनुहुन्छ? “सड़कहरूमा” भन्ने वाक्यमा यही भाव पाइन्छ। राजाले भन्यो, “जतिलाई भेट्टाउँछौ तिनीहरूलाई विवाह-भोजमा निम्तो देओ।” यो महान आज्ञाजस्तो सुनिन्छ, यो महान आज्ञा नै होइन र? “सारा संसारमा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर” (मर्कू १६:१५)।

राजाले अह्राएबमोजिम नै नोकरहरूले गरे: तिनीहरूले “सड़कहरूमा गएर भेट्टाएका सबैलाई, दुष्ट र असल दुवैलाई, जम्मा गरे, र विवाह-घर पाहुनाहरूले भरियो” (मत्ती २२:१०क)। “दुष्ट र असल” को अर्थ परमेश्वरको राज्यमा दुष्टको निम्ति स्थान हुन्छ भन्ने होइन, तर यसको अर्थ के हो भने, परमेश्वरले सबै मानिसहरूप्रति चासो राख्नुहुन्छ—दुष्ट होस वा असल। सुसमाचारको निमन्त्रणा सबैको लागि हो। यसभन्दा अघिको अध्यायमा, त्यो समयमा “धार्मिक” व्यक्तिहरूभन्दा “दुष्ट” मानिसहरू धेरै ग्रहणशील थिए भनी प्रभुले औंल्याउनुभएको थियो (मत्ती २१:२८-३२)।

अनुग्रहद्वारा मुक्ति हुन्छ भन्ने सिद्धान्त यहाँ लागू भएको छ। “सड़कमा” हुनेहरूले निमन्त्रणा पाउन योग्य केही पनि गरेका थिएनन्। तिनीहरूले भोजमा आउने अधिकार कमाएका पनि थिएनन्। यो पूर्ण रूपमा अनुग्रहद्वारा प्रदान गरिएको थियो (एफि २:८, ९ हेर्नुहोस्)।

नोकरहरूले वरपरका क्षेत्रमा खोजेपछि “विवाह-घर पाहुनाहरूले भरियो” (मत्ती २२:१०ख)। केहीले आफ्नो निमन्त्रणालाई इन्कार गरेका कारण र उनलाई अपमान गरेका कारण राजाले आफ्नो विवाह-भोजलाई रद्ध गरेनन्। उसले आफ्नो भोजलाई जारी राख्यो, र उसको भोज-घर पाहुनाले भरियो। त्यस्तै, मानिसहरूले परमेश्वरको योजना र उद्देश्यलाई विफल गर्न सक्दैनन्।

शिक्षा

हामीले दृष्टान्तको पहिलो भागबाट धेरै कुरा सिक्न सक्छौं, तर विशेष गरी यो कुरालाई सिकौं: निमन्त्रणा हामी सबैकहाँ आउँछ, तर हामी प्रत्येकसँग इन्कार गर्ने वा स्वीकार गर्ने अधिकार हुन्छ। तर यो कुरा हामीले बुझ्नुपर्छ, यदि हामीले निमन्त्रणालाई इन्कार गऱ्यौं भने, हामीले राजालाई धेरै बेखुशी तुल्याउनेछौं।

१४ पदमा हेर्नुहोस्: “किनभने बोलाइएका धेरै छन्, तर चुनिएका थोरै छन्।” “धेरै” भन्ने शब्दले “सबै” भन्ने अर्थ दिन्छ: सुसमाचारले सबैलाई बोलाएको छ (२ थेस २:१४)। दुःख लाग्दो कुरा, “चुनिएका थोरै छन्।” यस प्रसंगमा, “चुनिएका” भन्नाले विवाह-भोजमा सहभागी हुन अनुमति दिइएकाहरू हुन्। विवाह-भोजमा सहभागी गराउने कि नगराउने भनी प्रत्येक व्यक्तिको बारेमा राजाले स्वेच्छाचारी निर्णय गरे त? गरेनन्। निम्त्याइएका प्रत्येकले आफूलाई “चुनिएका” मा राख्ने कि नराख्ने भन्ने कुरा आफैले निर्णय गरे—राजाको निमन्त्रणालाई स्वीकार वा इन्कार गरेर।

यो जिम्मेवारी सहितको निमन्त्रण हो (मत्ती २२:११-१४)

दृष्टान्त

विवाह-घर पाहुनाले भरिएपछि, "राजा पाहुनाहरूलाई हेर्न भनी भित्र आए" (मत्ती २२:११क)। ठेड रूपमा, उसले "खाना बस्नेहरूलाई" हेऱ्यो। मानिसहरू पहिले नै भोजको टेबलमा भोज खान बसिसकेका थिए।

भतेरमा सहभागी भीडलाई हेर्ने क्रममा, राजाले "विवाहको पोशाक नलगाएको एक जना मानिसलाई देखे" (मत्ती २२:११ख)। त्यस्तो कार्यक्रममा पाहुनाले उचित वस्त्र नपहिरिनु भनेको मालिकको निम्ति अपमान हुन्थ्यो। एल्ड्रेड एस्कोलस् (Eldred Echols) ले यसलाई निम्न उदाहरणद्वारा वर्णन गरेका छन्:

> दोस्रो विश्वयुद्धको अन्त्यमा, रूसका राज्य प्रमुखले बेलायतका प्रधानमन्त्री, विस्टन चर्चिलको (Winston Churchill) भ्रमणको सम्मानर्थ एउटा भव्य भोजको आयोजना गरे। रूसका नागरिकहरू आफ्ना उत्कृष्ट वस्त्र र सैन्य वर्दी पहिरिएर भेला भए, तर तिनीहरूले सम्मान गरेका अथितिले त्यसो गरेनन्। चर्चिलले (Churchill) के लगाएर आइपुगेका थिए भन्दा, एउटा चेन भएको खास्टो लगाएर गएको थियो, त्यसबेला यो खास्टो चर्चित थियो र लण्डनमा जर्मनले बम आक्रमण गर्दा उनले त्यही लुगा लगाएका थिए। यसले रूसका मानिसहरूलाई दयाको हिसाबले प्रभाव पार्नेछ भन्ने उनले ठानेका थिए। तर त्यस्तो भएन। तिनीहरूले आयोजना गरेको भोजलाई, आफ्ना सम्माननीय अतिथिले आफ्नो सबैभन्दा राम्रो पहिरनको योग्यसम्म सम्झिएनन् भनी तिनीहरूले आफूलाई होच्याइएका ठाने र अपमानित भए।[18]

दृष्टान्तमा त्यस मानिसलाई किन विवाहको पोशाक लगाउनु पर्ने अपेक्षा गरिएको थियो, त्यस विषयमा विवाद हुने गरेको छ। मानिसहरू भन्छन्, "तर राजाले त अतिथिहरूलाई सडकबाट बटुलेर ल्याएका थिए नि। तिनीहरूले औपचारिक वस्त्र लगाएका उनले किन चाहे?" उत्तर दिने क्रममा, यो टिपोट गरिन्छ, केही मध्यपूर्वीय संस्कृतिमा, भोजमा आएका प्रत्येक पाहुनाहरूलाई ढोकामा परिचरले जामा जस्तो एक प्रकारको वस्त्र वा सेतो पोशाक दिने प्रचलन थियो।[19] गरीबलाई लाजमा नपार्न यसो गरिन्थ्यो भन्ने मेरो बुझाइ छ। सामाजिक वा आर्थिक अवस्थाको बाबजुत, सबैले उही पोसाक लगाउँथे। त्यस बेला प्यालेष्टाइनमा पनि त्यस्तै प्रचलन थियो भने, त्यस मानिसले प्रदान गरिएको वस्त्र पहिरिन नमानेर त्यसले मालिकलाई अपमान गऱ्यो। ती निमन्त्रणा दिइएकाहरूलाई घरमा गएर सफासुग्घर भई तयार भएर आउने समय राजाले दिएको थियो भनी कतिपयको विचार गर्छन्। यदि यस्तो हो भने, त्यस मानिसले आफ्नो सबैभन्दा राम्रो वस्त्र पहिरिनु पर्नेथियो।

यसको विस्तृत विवरणको बारेमा जान्नु हाम्रो निम्ति त्यति महत्त्वपूर्ण छैन। ध्यान दिनु पर्ने कुरा यही हो, त्यस मानिसले जसरी भए तापनि विवाह-भोजको निम्ति तयारी *गर्नु* पर्ने थियो, तर उसले *गरेन*। अर्को पदले संकेत गरे अनुसार त्यसो गर्नु पर्थ्यो भन्ने कुरा समेत त्यस मानिसलाई *थाहा थियो*।

---

[18]एल्ड्रेड इकोल्स (Eldred Echols), *डिस्कवरिङ द पर्ल अफ ग्रेट प्राइस* (फोर्ट वोर्थ, टेक्सस: स्वीट पब्लिसिङ, १९९२), १६७।

[19]इबिड. (Ibid.), १७१।

त्यस मानिसले उचित वस्त्र लगाएको छैन भनी निर्णय गर्ने *राजा* थियो—त्यस्तै हाम्रो निम्ति पनि परमेश्वरले नै निर्णय गर्नुहुन्छ भन्ने कुरालाई ध्यान दिनुहोस्। त्यस प्रकारका विषयहरूमा निर्णय गर्न हामी योग्य छैनौं। आत्मिक रूपमा जसलाई उचित रूपमा "वस्त्र धारण गरेको" भनी हामी भन्छौं, यथार्थमा उनीहरू त्यस्ता नहुन सक्छन्, र हामीले जसलाई आत्मिक रूपमा सही "वस्त्र धारण" गरेका छैन भनी भन्छौं, वास्तवमा उनीहरूले उचित वस्त्र धारण गरेको हुनसक्छ (१ शमू १६:७ हेर्नुहोस्)। परमेश्वरले मात्र मानिसहरूको हृदय जान्न सक्नुहुन्छ (प्रे १५:८)। हामी प्रत्येकले *व्यक्तिगत* रूपमा यस्तो प्रश्न गर्नु आवश्यक छ: "परमेश्वरले *मेरो* हृदयमा हेर्दा के देख्नुहुन्छ?"

अवश्य नै, हामीले सही "वस्त्र धारण" गरेको बारेमा कुरा गरिरहेका छौं, हामीले बाहिरी होइन तर आन्तरिक कुरा गरिरहेका छौं। आत्मिक रूपमा उचित "वस्त्र धारण" गरेको बताउन बाइबलले धेरै पटक वस्त्रको उदाहरण प्रयोग गरेको छ। पुरानो करारमा दिइएको उदाहरणहरू अय्यूब २९:१४; यशैया ६१:१०; इजकिएल १६:१० आदि हुन्। नयाँ करारका धेरै उदाहरणहरू पछि दिइएको छ। यिनैमा परमेश्वरको हातहतियार "धारण गर्नु" भन्नेलाई पनि समावेश गर्न सकिन्छ (रोम १३:१२; एफि ६:११-१७; १ थेस ५:८)।

जब राजाले विवाहको पोशाक नलगाएको मानिसलाई देख्यो, तिनले त्यसलाई भन्यो, "मित्र, विवाहको पोशाक नपहिरी तपाईं कसरी यहाँ भित्र आउनुभयो?" (मत्ती २२:१२क)। राजाले स्पष्टीकरण माग्यो। यसको तात्पर्य, यदि त्यस मानिसले उचित कारण दिन सकेको भए, उसलाई क्षमा दिइन्थ्यो। तैपनि, "त्यो [मानिस] निरुत्तर भयो" (मत्ती २२:१२ख)। "निरुत्तर" भनी अनुवाद गरिएको ग्रीक शब्द (φιμόω, *फिमोओ, phimoō*) लाई "मुख थुन्नु" वा "मुख बाँधिदिनु" भनेर पनि अनुवाद गर्न सकिन्छ। त्यस मानिसले बहाना समेत बनाएन।

त्यसपछि राजाले आफ्ना "सेवकहरूलाई" भन्यो (मत्ती २२:१३क)। यिनीहरू निमन्त्रणा दिने नोकरहरू थिएनन्, तर त्यस शासकको घरमा राखिएका सेवकहरू थिए। रिचर्ड सी. ट्रेन्च (Richard C. Trench) ले यिनीहरूलाई, "सेवा दिने परिचरहरू" भनी भनेका छन्।[20] तिनीहरूले परमप्रभुका दूतहरूलाई बुझाउँछ, जसले "पाप गर्न लाउने प्रत्येक थोक र दुष्ट काम गर्नेहरू सबैलाई उसको राज्यबाट बटुल्नेछन्" (मत्ती १३:४१, हेर्नुहोस्: १३:४९; लूक १९:२४)।

राजाले सेवकहरूलाई भन्यो, "त्यसका हात-खुट्टा बाँधेर [ताकि त्यो फेरि भोजमा नआओस्; लूक १६:२६ हेर्नुहोस्] त्यसलाई बाहिरी अन्धकारमा फालिदेओ, जहाँ मानिसहरू रुनेछन् र दाह्रा किट्नेछन्" (मत्ती २२:१३ख)। दृष्टान्तले उल्लेख गरेको चित्रणलाई बुझ्नको निम्ति, हामी यस्तो वाक्यलाई प्रयोग गर्न सक्छौं: "त्यसलाई ज्योति र भोजको रमाइलोबाट टाढा अन्धकारमा लगेर फ्याँक, र त्यसले यस्तो सुन्दर मौका गुमाएकोमा दाह्रा किटोस्।" नरकको आगोको दण्डलाई उल्लेख गर्न पनि यस्तै वाक्य प्रयोग गरिएको छ भन्ने कुरा तपाईंहरूमध्ये धेरैले याद गर्नुभयो होला (मत्ती ८:१२; २५:३०)।

---

[20]रिचर्ड सी. ट्रेन्च (Richard C. Trench), *नोट्स् अन द प्याराबल अफ आवर लर्ड* (वेस्टवुड, एन.जे.: फ्लेमिङ एच. रेभेल को., १९५३), २४३।

शिक्षा

यो दृष्टान्त-भित्रको-दृष्टान्तबाट हामी प्रत्येकले सिक्नु पर्ने पाठ भनेको के हो भने, सुरुमा प्रभुको निम्तोलाई स्वीकार गर्नु मात्र पर्याप्त छैन। प्रभुको भोजमा सहभागी हुन, हामीले हाम्रो मालिकप्रति निरन्तर आदर प्रकट गर्नुपर्छ।

विशेष गरी, हामीले आत्मिक रूपमा वस्त्र धारण गर्नु पर्छ। आन्तरिक रूपमा उचित वस्त्र धारण गर्ने कुरा, पावलले एफिसी ४:२२-२४ मा लेखेको अभिव्यक्तिमा पनि पाइन्छ: "पुरानो स्वभाव त्याग, ... र ... नयाँ स्वभावलाई धारण गर" (कल ३:१०, १२, १४ हेर्नुहोस्)। पावल प्रेरितले गलातीका इसाईहरूलाई लेखे, "किनकि विश्वासद्वारा तिमीहरू सबै ख्रीष्ट येशूमा परमेश्वरका सन्तान हौ। किनकि तिमीहरूमध्ये जतिको ख्रीष्टमा बप्तिस्मा भयो, *तिमीहरू सबैले ख्रीष्टलाई धारण गरेका छौ*" (गला ३:२६, २७; जोड दिइएको छ; रोम १३:१४ हेर्नुहोस्)। प्रकाशको पुस्तकमा, परमेश्वरका विजयी मानिसहरूले "सेतो पोशाकहरू," "पोशाकहरू थुमाको रगतमा धोएर सेता बनाएका" लगाएका छन् (प्रका ७:९, १४; हेर्नुहोस्: ३:४, ५, १८; ६:११; २२:१४)। हामी इसाई बनेर ती "सेता पोशाकहरू" पहिरी सकेपछि (याकू १:२७ हेर्नुहोस्)—विश्वासयोग्य इसाई जीवन जिएर (प्रका २:१०) र हामीले पाप गर्दा प्रभुमा फर्केर—तिनलाई सफा *राख्नुपर्छ* (१ यूह १:७, ९)।

हामी अनुग्रहद्वारा बाचाइएका हौं भनेर हामीले पहिले नै जोड दिएका थियौं, तर यो "सस्तो अनुग्रह होइन।" पावलको समयमा, मानिसहरूलाई आफ्नो खुशी अनुसारको जीवन जिउन अनुमति दिँदै कतिपयले अनुग्रहद्वारा प्राप्त गरिने उद्धारको सिद्धान्त सिकाइरहेका थिए। पावलले प्रतिक्रिया दिए,

> अब हामी के भनौं? के अनुग्रह प्रशस्त मात्रामा होस् भनेर हामी पापमा लागिरहौं त? त्यसो नहोस्! हामी जो पापको लेखि मऱ्यौं, त कसरी हामी अझै त्यसैमा जिउनु? के तिमीहरू जान्दैनौ हामी सबै, जतिले ख्रीष्ट येशूमा बप्तिस्मा लियौं, उहाँकै मृत्युमा बप्तिस्मा लिएका थियौं? यसकारण बप्तिस्माद्वारा हामी मृत्युमा उहाँसँगै गाडियौं, ताकि जसरी पिताको महिमाद्वारा ख्रीष्ट मरेकाहरूबाट जीवित पारिनुभयो, त्यसरी हामी पनि नयाँ जीवनको मार्गमा हिँड़ौं (रोम ६:१-४)।

हामीले पहिले नै टिपोट गरेझैं, येशूले दृष्टान्तलाई यी वचनद्वारा समाप्त गर्नुभयो: "किनभने बोलाइएका धेरै छन्, तर चुनिएका थोरै छन्" (मत्ती २२:१४)। यहूदीहरूको एउटा उखान थियो कि धेरैलाई मिश्रबाट बोलाइयो तर थोरैलाई मात्र प्रतिज्ञा गरिएको भूमिमा प्रवेश गर्न छानियो। यस दृष्टान्तमा, जोड दिइएको बुँदा हो, निम्त्याइएकाहरूमध्ये, केहीलाई मात्र भोजमा रहेर उत्सव मनाउन दिइयो।

निष्कर्ष

निमन्त्रणा सम्बन्धी एउटा चर्चित गीतको हरफहरू यस्तो छ,

> "सब थोक तयार छन्," भोजमा आऊ!
> आऊ, किनभने खानेकुरा टेबलमा राखिएका छन्;
> हे भोकाएकाहरू, हे चिन्तामा डुबेकाहरू, आऊ,

अनि तिमीहरू तृप्त हुनेछौ।[21]

हामीले परमेश्वरको भोजमा सहभागी हुन पाऊन् भनेर येशू मर्नुभयो। हामीले राजाको निमन्त्रणालाई हल्का रूपमा लिएर उहाँको अपमान गर्नु हुँदैन।

प्रश्नहरूको श्रृंखला (मत्ती २२:१५-४६; मर्कू १२:१३-३७; लूक २०:२०-४४)

कर तिर्ने विषयमा फरिसीहरू र हेरोदीहरूले प्रश्न गरेका (मत्ती २२:१५-२२; मर्कू १२:१३-१७; लूक २०:२०-२६)

मत्ती २२:१५-२२

[१५]तब फरिसीहरू गएर उहाँकै कुरामा उहाँलाई कसरी फसाउने भनी मतो गरे। [१६]तिनीहरूले आफ्ना चेलाहरूलाई हेरोदी दलका मानिसहरूसँग उहाँकहाँ पठाए। तिनीहरूले भने, "हे गुरुज्यू, हामी जान्दछौं, तपाईं सत्य हुनुहुन्छ, र परमेश्वरको मार्ग साँचो गरी सिकाउनुहुन्छ, र तपाईं कसैको भय मान्नुहुन्न, किनकि तपाईं मानिसहरूका मुख हेरेर काम गर्नुहुन्न। [१७]यसकारण हामीलाई भन्नुहोस्, कैसरलाई कर तिर्नु उचित हो कि होइन?" [१८]तर येशूले तिनीहरूको धूर्तता थाहा पाएर भन्नुभयो, "ढोंगी हो, तिमीहरू मलाई किन जाँच्दछौ? [१९]कर तिर्ने सिक्का मलाई देखाओ।" अनि तिनीहरूले उहाँकहाँ एउटा सिक्का ल्याए। [२०]उहाँले तिनीहरूलाई भन्नुभयो, "यो चित्र कसको हो, अनि कसको नाउँ खोपिएको छ?" [२१]तिनीहरूले उहाँलाई भने, "कैसरको।" तब उहाँले तिनीहरूलाई भन्नुभयो, "यसकारण जे कैसरका हुन्, ती कैसरलाई देओ, र जे परमेश्वरका हुन् ती परमेश्वरलाई देओ।" [२२]यो सुनेर तिनीहरू चकित भए, र उहाँलाई छोड़ेर गइहाले।

मर्कूस १२:१३-१७

[१३]पछिबाट उहाँलाई कुरामा फसाऔं भनेर तिनीहरूले फरिसीहरू र हेरोदीहरूमध्येका कोही व्यक्तिहरूलाई उहाँकहाँ पठाए। [१४]तिनीहरू आएर उहाँलाई भने, "गुरुज्यू, हामी जान्दछौं, तपाईं साँचो हुनुहुन्छ, र कसैको वास्ता गर्नुहुन्न। किनकि तपाईं मुख हेरेर काम गर्नुहुन्न, तर परमेश्वरको मार्ग साँचो रीतिले सिकाउनुहुन्छ। भन्नुहोस्, कैसरलाई कर तिर्नु न्यायसङ्गत छ कि छैन? [१५]हामी कर तिरौं कि नतिरौं?" येशूले तिनीहरूको कपटीपन थाहा पाएर तिनीहरूलाई भन्नुभयो, "तिमीहरू किन मलाई परीक्षा गर्दछौ? एउटा दिनार ल्याएर देखाओ।" [१६]तिनीहरूले एउटा सिक्का ल्याए। उहाँले तिनीहरूलाई भन्नुभयो, "यो तस्वीर र छाप कसको हो?" तिनीहरूले उहाँलाई भने, "कैसरको।" [१७]तब येशूले तिनीहरूलाई भन्नुभयो, "कैसरका चीजहरू कैसरलाई देओ, र परमेश्वरका चीजहरू परमेश्वरलाई।" तिनीहरूले उहाँसँग अचम्म माने।

लूका २०:२०-२६

[२०]तिनीहरू मौका हेर्न लागे, र धर्मी भई टोपल्ने जासूसहरूलाई तिनीहरूले उहाँकहाँ

---

[21]चार्लोट जी. होमर (Charlotte G. Homer), "कम टु द फिस्ट," *सङ्स् अफ चर्च,* कम्प. एण्ड एड. अल्टोन एच. हावर्ड (Alton H. Howard) (वेस्ट मोन्रो, एल.ए.: होवार्ड पब्लिसिङ को., १९७७)।

पठाए। येशूले भन्नुभएको कुरामा उहाँलाई फसाएर अधिकारीहरू र हाकिमका हातमा उहाँलाई सुम्पिदिने दाउमा तिनीहरू थिए। २१तिनीहरूले उहाँलाई सोधे, "गुरुज्यू, हामी जान्दछौं, तपाईं ठीक बोल्नुहुन्छ र ठीक सिकाउनुहुन्छ, र कसैको पक्षपात गर्नुहुन्न, तर सत्यतासाथ परमेश्वरको मार्ग सिकाउनुहुन्छ। २२हामीले कैसरलाई कर तिर्नु उचित छ, कि छैन?" २३तर उहाँले तिनीहरूको कपट बुझेर तिनीहरूलाई भन्नुभयो, २४"मलाई एउटा सिक्का देखाओ। यसमा कसको चित्र र कसको नाउँ खोपिएको छ?" तिनीहरूले भने, "कैसरको।" २५उहाँले तिनीहरूलाई भन्नुभयो, "यसकारण जे कैसरका हुन् कैसरलाई देओ, र जे परमेश्वरका हुन् परमेश्वरलाई देओ।" २६मानिसहरूका सामुन्ने तिनीहरूले उहाँलाई कुरामा फसाउन सकेनन्, र उहाँको जवाफमा तिनीहरू चकित भएर चूप रहे।

येशूले भन्नुभएका तीन वटा दृष्टान्तहरूले शासकहरूलाई पर्दाफास गरिदियो र तिनीहरूले पहिलेभन्दा बढी उहाँलाई मार्ने अठोट गरे। त्यस दिन भएको अर्को विवादमा हामी अघि बढ्छौं। त्यो विवाद थियो, उहाँका शत्रुहरूले गरेका श्रृंखलाबद्द प्रश्नहरू—उहाँलाई फन्दामा पार्न तयार गरिएका प्रश्नहरू।

पहिलो प्रश्न फरिसीहरूले अघि सारेका थिए। मत्तीको पुस्तकले भन्छ, **फरिसीहरू गएर उहाँकै कुरामा उहाँलाई कसरी फसाउने भनी मतो गरे** (मत्ती २२:१५; मर्कू १२:१३)। लूकाका अनुसार, **तिनीहरू मौका हेर्न लागे, र धर्मी भई टोपल्ने जासूसहरूलाई तिनीहरूले उहाँकहाँ पठाए। येशूले भन्नुभएको कुरामा उहाँलाई फसाएर अधिकारीहरू र हाकिमका हातमा उहाँलाई सुम्पिदिने दाउमा तिनीहरू थिए** (लूक २०:२०)।

आफ्ना योजना अनुसार, फरिसीहरूले **आफ्ना चेलाहरूलाई ... उहाँकहाँ पठाए** (मत्ती २२:१६क)। यी "चेलाहरू" तिनीहरूका "सबैभन्दा चनाखो विद्यार्थीहरूको समूह,"[22] र आफ्ना शिक्षकहरूका कुरा होशियारीताका साथ कण्ठ गर्ने जवानहरू थिए भन्ने हुनसक्छ।[23]

यस खण्डको अर्को वाक्य केही हदसम्म अचम्मको देखिन्छ: **हेरोदी दलका मानिसहरूसँग** (मत्ती २२:१६ख)। फरिसीहरूले हेरोदीहरूलाई घृणा गर्थे किनभने तिनीहरूले हेरोदको शासनलाई समर्थन गर्थे—त्यसकारण तिनीहरूले रोमीहरूलाई समर्थन गर्थे, जो हेरोदको शक्तिको स्रोत थियो। तर, फरिसीहरूले येशूलाई झनै घृणा गर्थे। ख्रीष्टलाई मार्न चाहाने *जोसुकैसँग* तिनीहरू मिलेर काम गर्न तयार थिए। यो घटनामा फरिसीहरू र हेरोदीहरू मिल्नुको कारण के थियो भन्ने कुरा कथाको पछिल्लो भागमा स्पष्ट हुन्छ।

जब ती युवाहरू येशूकहाँ आइपुगे, तिनीहरूले ओठे प्रशंसाको कुरा बर्बराए किनभने तिनीहरूका कुराले प्रभावित भएर ख्रीष्ट तिनीहरूका फन्दामा पर्नुहुन्छ कि भन्ने तिनीहरूले ठानेका थिए: **"हे गुरुज्यू, हामी जान्दछौं, तपाईं सत्य हुनुहुन्छ, र परमेश्वरको मार्ग साँचो गरी सिकाउनुहुन्छ, र तपाईं कसैको भय मान्नुहुन्न, किनकि तपाईं मानिसहरूका मुख हेरेर काम गर्नुहुन्न"** (मत्ती २२:१६ग)। ख्रीष्टले यसभन्दा पहिले प्रयोग गर्नुभएकै शब्दमा (मत्ती २१:२८क), त्यसपछि तिनीहरूले यसो भने, **"यसकारण हामीलाई भन्नुहोस्, तपाईंलाई के लाग्छ"** (मत्ती २२:१७क; न्यू अमेरिकन स्टयाण्डर्ड बाइबल [NASB])। हरेक

---

[22]ए. टि. रोबर्टसन् (A. T. Robertson), *अ हार्मोनी अफ द गोस्पलस् फर स्टुडेण्टस् अफ द लाइफ अफ क्राइष्ट* (न्यू योर्क: हार्पर एण्ड र:, १९५०), १६४।

[23]हेस्टर (Hester), ५९७; म्याकगर्भे एण्ड पेण्ड्लेटन (McGarvey and Pendleton), ५९७।

अभिव्यक्ति उहाँलाई उत्तर दिन जबर्जस्ती गर्नको निम्ति व्यक्त गरिएको थियो।

तिनीहरू आफ्नो जाल हान्न तमतयार थिए। तिनीहरूले प्रश्न गरे, **"कैसरलाई कर तिर्नु उचित हो कि होइन?"** (मत्ती २२:१७ख)। रोमी अधीनताको निम्ति यहूदीहरूले हरेक वर्ष रोमीहरूलाई ठूलो रकम तिर्नु पर्थ्यो। यहूदीहरूले आफूलाई लगाइएको सम्पूर्ण विदेशी कर मन पराउँदैनथे, तर तिनीहरूले सबैभन्दा घृणा गर्ने कर भनेको जनही-कर (poll tax) थियो। "पोल" ("poll") भन्ने अंग्रजी शब्द पुरानो अंग्रजी शब्द "हेड" ("head") बाट आएको हो। यो निश्चित क्षेत्रमा बसोवास गर्ने मानिसहरूको संख्याको आधारमा तिरिने कर थियो। "१४-६५ वर्ष उमेरका हरेक वयस्कले एक दिनारियस" रकम तिर्नु आवश्यक हुन्थ्यो।[24]

यसभन्दा पहिले, येशूले परिषदको सदस्यहरूलाई एउटा प्रश्न सोध्नुभएको थियो जसले तिनीहरूलाई अपठ्यारोमा पारेको थियो। फरिसीहरूले त्यही तरिका प्रयोग गर्ने निर्णय गरे। ख्रीष्टले जनही कर सम्बन्धी प्रश्नको उत्तर जसरी दिनुभए तापनि, उहाँ समस्यामा पर्नुहुनेछ भन्ने तिनीहरूले सोचेका थिए। यदि उहाँले, "उचित, कर तिर्नुपर्छ" भन्नुभएको भए, फरिसीहरूले उहाँलाई मानिसहरूका अघि रोमी अधिकारीहरूका समर्थक भनेर दोष लगाउन सक्थे। यदि उहाँले "उचित छैन," भन्नुभएको भए, फरिसीहरूसँग आएका हेरोदीहरूले उहाँलाई रोमी गर्भनरका अघि, तिनीहरूका विरोधी भनी दोष लगाउन सक्थे। एउटा उत्तरले उहाँलाई जनतामाझ घृणास्पद बनाउन सक्थ्यो; अर्कोले उहाँलाई अधिकारीहरूप्रति अनाज्ञाकारीको व्यक्तिको रूपमा चिनाउन सक्थ्यो।

ख्रीष्ट सजिलै विचलित हुनुभएन। उहाँले **तिनीहरूका धूर्तता थाहा पाएर भन्नुभयो, "ढोंगी हो, तिमीहरू मलाई किन जाँच्दछौ?"** (मत्ती २२:१८)। त्यसपछि उहाँले एउटा वस्तुगत पाठ प्रयोग गर्नुभयो। उहाँले ती युवाहरूलाई भन्नुभयो, **"कर तिर्ने सिक्का मलाई देखाओ"** (मत्ती २२:१९क)। तिनीहरूको प्रश्नप्रति उहाँको प्रतिक्रिया देखेर अवश्य नै तिनीहरू अचम्मित भए। तैपनि, तिनीहरूले दिनारियस लिए—कर तिर्न प्रयोग गरिने रोमी सिक्का—र उहाँकहाँ ल्याए (मत्ती २२:१९ख)।

सिक्कालाई माथि उठाएर देखाउँदै ख्रीष्टले प्रश्न गर्नुभयो, **"यो चित्र कसको हो, अनि कसको नाउँ खोपिएको छ?"** (मत्ती २२:२०)। दिनारियस सबैभन्दा प्रचलित रोमी सिक्का थियो। सिक्कामा, "चित्र" छापिएको हुन्थ्यो: टाइबेरियस सम्राटको चित्र। यसमा नाउँ समेत "खोपिएको हुन्थ्यो":
यो, टा(इबेरियस) कैसर, *डिभ अगस्टिफिलियस अगस्टस [Ti(berius) Caesar, Divi Aug(usti) f(ilius) Augustus]* को संक्षिप्त रूप हो र यसको अर्थ हुन्छ, "टाइबेरियस सिजर अगस्टस, महान अगस्टसका पुत्र।" यसलाई यसरी पनि लेख्न सकिन्छ, "टाइबेरिसय कैसर, महान अगस्टसका पुत्र, अगस्टस।" त्यसैले तिनीहरूले उत्तर दिए, **"कैसरको"** (मत्ती २२:२१क)।

त्यसपछि येशूको, उत्कृष्ट वचन आयो: **"... जे कैसरका हुन्, ती कैसरलाई देओ, र जे परमेश्वरका हुन् ती परमेश्वरलाई देओ"** (मत्ती २२:२१ख)। उक्त सिक्का कैसरले जारी गरेका थिए; यो तिनैको थियो। वास्तवमा ख्रीष्टले यसो भन्नुभयो, "सम्राटको सम्पत्ति फर्काउनु कुनै गलत कुरो होइन।" अर्कोतर्फ, केही कुराहरू परमेश्वरकै मात्र सम्पत्ति थिए

---

[24]वील एड वारेन (Will Ed Warren), क्लास सेलिवस, *द लाइफ अफ क्राइष्ट: द सिनोटिक गोस्पलस्,* हार्डिङ युनिभर्सिटि, १९९१, ९१।

(र हुन्)—उदाहरणको लागि आरधना गरिनु पर्ने अधिकार। यी कुराहरू परमेश्वरलाई मात्रै दिइनुपर्छ। मत्ती २२:२१ख मा येशूले दिनुभएको वचनमा, मूर्तिपूजक हिसाबले खोपिएको दाबी ("महान अगस्टस") विरुद्ध गरिएको विरोध पनि समावेश छ। सिक्कामा कैसरको चित्र थियो र त्यो उसैलाई दिन सकिन्थ्यो, तर हामी *परमेश्वरको* रूपमा बनाइएका हौं (उत १:२६, २७) र *उहाँमा* मात्रै समर्पित हुनुपर्छ। तैपनि, नागरिक जिम्मेवारीहरू पूरा गर्नु परमेश्वरमा गरिने पूर्ण समर्पणतासँगको परस्पर विरोध होइन भन्ने कुरा येशूले उजागर गर्नुभयो। उहाँलाई प्रश्न गर्नेहरूले दुवै कर्तव्यहरूलाई पूरा गर्न सक्छन् र गर्नु पर्छ भनी उहाँले संकेत गर्नुभयो।

ती जवान विद्वानहरूले **मानिसहरूका सामुन्ने ... उहाँलाई कुरामा फसाउन सकेनन्** (लूक २०:२६क)। तिनीहरू उहाँले दिनुभएको खुलस्त उत्तरप्रति **चकित भएर** (लूक २०:२६ख; हेर्नुहोस्: मत्ती २२:२२क)। फरिसीहरूले ती जवानहरूका अघि येशूलाई होच्याएका थिए होलान्, त्यसैले तिनीहरूका चेलाहरू उहाँको दक्षता र ज्ञान देखेर छक्कै परे। चुपचाप (लूक २०:२६ग), **तिनीहरू ... छोड़ेर गइहाले** (मत्ती २२:२२ख)।

सदुकीहरूले पुनरुत्थानको विषयमा प्रश्न गरेका
(मत्ती २२:२३-३३; मर्कू १२:१८-२७; लूक २०:२७-३९)

मत्ती २२:२३-३३

[२३]मृतकहरूको पुनरुत्थान हुँदैन भन्ने सदुकीहरू त्यसै दिन उहाँकहाँ आए, र तिनीहरूले उहाँलाई यो प्रश्न गरे, [२४]"गुरुज्यू, मोशाले भनेका छन्, कोही मानिस निस्सन्तान मऱ्यो भने उसको भाइचाहिँले दाजुकी पत्नीलाई विवाह गरेर दाजुको सन्तान खड़ा गर्नुपर्छ। [२५]हाम्रा बीचमा सात दाजुभाइ थिए। जेठोले विवाह गरेपछि ऊ मऱ्यो, र सन्तान नभएकोले उसको भाइको निम्ति पत्नी छोड़ेर गयो। [२६]उसै गरी माहिलाले र साहिँलाले पनि, र सातौँसम्मले त्यसै गरे। [२७]तिनीहरू सबै मरेपछि त्यस स्त्रीको पनि मृत्यु भयो। [२८]यसकारण मृतकहरूको पुनरुत्थान हुँदा ती सातै जनामध्ये त्यो स्त्री कसकी पत्नी हुनेछ? किनभने त्यो सबैकी पत्नी भइसकेकी थिई।" [२९]येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "तिमीहरू भ्रममा परेका छौ, किनकि तिमीहरू धर्मशास्त्र र परमेश्वरको शक्ति जान्दैनौ। [३०]किनकि मृतकहरूको पुनरुत्थानमा मानिसहरूले विवाह गर्दैनन्, न विवाह गरिदिन्छन्, तर तिनीहरू स्वर्गका स्वर्गदूतहरूजस्ता हुन्छन्। [३१]तर मृतकहरूका पुनरुत्थानको विषयमा परमेश्वरले तिमीहरूलाई के भन्नुभएको छ, त्यो तिमीहरूले पढ़ेका छैनौ? [३२]'म अब्राहामका परमेश्वर, इसहाकका परमेश्वर र याकूबका परमेश्वर हुँ।' परमेश्वर मृतकहरूका परमेश्वर हुनुहुन्न, तर जीवितहरूका परमेश्वर हुनुहुन्छ।" [३३]यो सुनेर भीड़हरू उहाँको शिक्षामा छक्क परे।

मर्कूस १२:१८-२७

[१८]मृतकबाट पुनरुत्थान हुँदैन भन्ने सदुकीहरू उहाँकहाँ आए, अनि उहाँलाई सोधे, [१९]"गुरुज्यू, मोशाले हामीलाई लेखिदिएका छन्, कि कसैको दाजु मऱ्यो र निस्सन्तान भएर पत्नीलाई छोडिराख्यो भने, उसको भाइले त्यस स्त्रीलाई लैजानुपर्छ र आफ्नो दाजुको निम्ति सन्तान खड़ा गर्नुपर्छ। [२०]एउटा परिवारमा सात भाइ थिए। जेठोले एउटी पत्नी ल्यायो, अनि त्यो मानिस निस्सन्तान भएर मऱ्यो। [२१]अब माहिला भाइले त्यस स्त्रीलाई विवाह गऱ्यो, र त्यो पनि निस्सन्तान भएर मऱ्यो। अनि साहिँलाले पनि त्यस्तै गऱ्यो। [२२]अनि

सातै भाइको सन्तान भएन। सबैभन्दा पछि त्यो स्त्री पनि मरी। [२३]अब मृतकहरूको
पुनरुत्थानमा तिनीहरूमध्ये त्यो कसकी पत्नी हुन्छे? किनकि ती सातै जनाले त्यसलाई
विवाह गरेका थिए।" [२४]येशूले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू भूलमा परेको कारण
यही होइन र, कि तिमीहरू न त धर्मशास्त्र जान्दछौ, न परमेश्वरको शक्तिलाई जान्दछौ?
[२५]किनकि जब मृतकबाट तिनीहरूको पुनरुत्थान हुन्छ, तिनीहरू न त विवाह गर्छन्, न
तिनीहरूको विवाह हुन्छ, तर तिनीहरू स्वर्गमा भएका दूतहरूजस्तै हुन्छन्। [२६]मृतकहरू
जीवित भई उठ्ने कुराको विषयमा के तिमीहरूले मोशाको पुस्तकमा पढ़ेका छैनौ? कि
कसरी पोथ्रोको विषयमा लेखिएको खण्डमा परमेश्वरले मोशालाई भन्नुभयो, 'म
अब्राहामका परमेश्वर, इसहाकका परमेश्वर र याकूबका परमेश्वर हुँ।' [२७]उहाँ मुर्दाहरूका
परमेश्वर हुनुहुन्न, तर जिउँदाहरूका हुनुहुन्छ। तिमीहरू एकदमै भूलमा परेका छौ।"

लूका २०:२७-३९

[२७]त्यसपछि उहाँकहाँ केही सदुकीहरू आए। मृतकबाट पुनरुत्थान हुँदैन भन्ने
तिनीहरूको धारणा थियो। तिनीहरूले उहाँलाई सोधे, [२८]"गुरुज्यू, मोशाले हामीलाई
लेखिदिएका थिए, कि कुनै मानिसको विवाहित दाजु निस्सन्तान मऱ्यो भने, भाइचाहिँले
त्यसकी पत्नीलाई विवाह गरी दाज्यूको सन्तान खड़ा गरिदिनुपर्छ। [२९]सात भाइ थिए।
जेठोले एउटी पत्नी ल्याएर निस्सन्तान मऱ्यो, [३०]र माहिलोले [३१]र साहिँलोले त्यसलाई
विवाह गरे र त्यसै गरी ती सातै जना निस्सन्तान मरे। [३२]पछिबाट त्यो स्त्री पनि मरी।
[३३]यसकारण मृतकबाट पुनरुत्थान हुँदा त्यो स्त्री तिनीहरूमध्ये कसकी पत्नी हुन्छे?
किनकि त्यो सातै जनाकी पत्नी भएकी थिई।" [३४]येशूले तिनीहरूलाई भन्नुभयो, "यस
युगका मानिसहरू विवाह गर्छन्, र विवाह गरिदिन्छन्। [३५]तर त्यस युगसम्म पुग्न योग्य
ठहरिनेहरूले, र मृतकबाट जीवित भई उठ्न योग्य हुनेहरूले न विवाह गर्छन्, न विवाह
गरिदिन्छन्। [३६]तिनीहरू फेरि मर्दैनन्, किनभने तिनीहरू स्वर्गदूतहरूसमान हुन्, र
पुनरुत्थानका सन्तान भएका हुनाले परमेश्वरका सन्तान हुन्। [३७]तर मृतकहरू जीवित भई
उठ्नेछन् भन्ने कुरा मोशाले पनि पोथ्राको विवरणमा परमप्रभुलाई अब्राहामका परमेश्वर,
इसहाकका परमेश्वर र याकूबका परमेश्वर भनेर पुकार्दा देखाइदिए। [३८]उहाँ मृतकहरूका
परमेश्वर हुनुहुन्न, तर जीवितहरूका परमेश्वर हुनुहुन्छ, किनकि सबै उहाँकै निम्ति जीवित
छन्।" [३९]अनि शास्त्रीहरूमध्ये कुनै-कुनैले भने, "गुरुज्यू, तपाईंले असलै भन्नुभयो।"

मानौं तपाईं कतै जाँदैगर्नुभएको थियो र तपाईंलाई अचानक डाँकूहरूले घेरे।
तिनीहरूमध्ये एक जना, आफ्नो ओठ दुष्ट मुस्कानको साथ लोब्र्याउँदै अघि बढ्छ। तपाईं
आफ्नो जीवनको निम्ति लड्नुहुन्छ। तपाईंले त्यसलाई जसोतसो जित्नुहुन्छ, तर तपाईंले
लामो सास फेर्न नपाउँदै, अर्कोले उसको ठाउँ लिन्छ। फेरि त्यस्तै हुन्छ, र यो क्रम जारी
रहन्छ। तपाईं स्वाँस्वाँ गर्दै, सोध्नुहुन्छ, "के मलाई हमला गर्ने कामको अन्त्य हुँदैन?" यो
काल्पनिक घटना र येशूको सेवकाइको अन्तिम हप्ताको मंगलबार घटेको घटनाका
बीचमा केही समानता रहेको छ। शत्रुहरूले घेरेको अवस्थामा, ख्रीष्टलाई निरन्तर
आक्रमण गरियो। उहाँले आक्रमणकारीको एउटा समूहलाई पराजय गर्ने बित्तिकै, अर्कोले
त्यसको ठाउँ लिन्थ्यो। तिनीहरूले येशूलाई, भाला र तरवारले होइन, तर शब्दले आक्रमण
गरे, तैपनि तिनीहरूका आक्रमण घातक थिए।

ख्रीष्टले फरिसीहरू र हेरोदीहरूलाई जवाफ दिइसक्नुभएपछि (मत्ती २२:१५-२२),

केही **सदुकीहरू उहाँकहाँ आए** (मर्कू १२:१८क)। **पुनरुत्थान हुँदैन भन्ने** मानिसहरुका रूपमा यिनीहरूलाई चिनिन्छ (मर्कू १२:१८क)। सदुकीहरूले स्वर्गदूतहरू र पुनरुत्थान लगायत आत्मिक संसारसँग सम्बन्धित हरेक कुरालाई इन्कार गर्थे (प्रे २३:८ हेर्नुहोस्)। यी शंकालूहरू येशूकहाँ आएर **अनि उहाँलाई सोधे** गर्न थाले (मर्कू १२:१८ख)।

आफ्ना शत्रु, फरिसीहरू ख्रीष्टद्वारा लज्जित भएका हेर्नमा सदुकीहरूले रमाइलो मानेका हुनसक्छ। तैपनि, आफूहरूसँग उहाँले र कसैले उत्तर दिनै नसक्ने प्रश्न छ भन्नेमा तिनीहरू ढुक्क थिए। तिनीहरूले यही प्रश्नलाई फरिसीहरूसँगको पुनरुत्थान सम्बन्धी विवादमा समेत प्रयोग गरेका हुनसक्छ। एक जना सदुकीले प्रश्नलाई एउटा संभावित उदाहरण सहित अघि साऱ्यो:

> **गुरुज्यू, मोशाले हामीलाई लेखिदिएका छन्, कि कसैको दाजु मऱ्यो र निस्सन्तान भएर पत्नीलाई छोडिराख्यो भने, उसको भाइले त्यस स्त्रीलाई लैजानुपर्छ र आफ्नो दाजुको निम्ति सन्तान खड़ा गर्नुपर्छ। एउटा परिवारमा सात भाइ थिए। जेठोले एउटी पत्नी ल्यायो, अनि त्यो मानिस निस्सन्तान भएर मऱ्यो। अब माहिला भाइले त्यस स्त्रीलाई विवाह गऱ्यो, र त्यो पनि निस्सन्तान भएर मऱ्यो। अनि साहिँलाले पनि त्यस्तै गऱ्यो। अनि सातै भाइको सन्तान भएन। सबैभन्दा पछि त्यो स्त्री पनि मरी। अब मृतकहरूको पुनरुत्थानमा तिनीहरूमध्ये त्यो कसकी पत्नी हुन्छे? किनकि ती सातै जनाले त्यसलाई विवाह गरेका थिए** (मर्कू १२:१९-२३)।

तिनीहरूले दिएका उदाहरण र प्रश्नलाई बुझ्नको निम्ति, त्यससँग सम्बन्धित व्यवस्थाको बारेमा केही ज्ञान लिनु आवश्यक छ। यस सम्बन्धी "दाजु वा भाइको पत्नी राख्ने सम्बन्धी नियम" व्यवस्था २५:५-१० मा दिइएको छ, र यस प्रचलनबारे उत्पत्ति ३८:८ मा उल्लेख गरिएको छ। यदि विवाह गरेको लोग्ने मानिस मऱ्यो र उसको कुनै उत्तराधिकारी छैन भने, विधवालाई बिहे गरेर, उत्तराधिकारी खडा गर्ने जिम्मेवारी भाइ (वा सबैभन्दा नजिकको व्यक्ति) को हुन्थ्यो। यदि विधवाबाट बच्चा भयो भने, उक्त बच्चालाई मृतक दाजुको कानूनी उत्तराधिकारी मानिन्थ्यो। यो व्यवस्थाको उद्देश्य वंशलाई जोगाउनु र परिवारको जग्गाजमिन र सम्पत्तिलाई सुरक्षा गर्नु थियो।

ख्रीष्टको समयमा यो व्यवस्था कडाइका साथ लागू गरिन्थ्यो कि गरिन्नथ्यो त्यसबारे हामीलाई थाहा छैन (जोन फ्याङ्क्लिन कार्टरले यसलाई "आक्कल झुक्कल प्रयोग गरिने व्यवस्था" भनी भनेका छन्[25]), तर त्यस बेला पनि यो मोशाको व्यस्थाको भाग थियो। सदुकीहरूले उल्लेख गरेको घटनाक्रमको अवस्था आउन नसक्ने देखिन्छ, तर यो असम्भव नै भने होइन। "त्यो स्त्री कसकी पत्नी हुनेछ?" भनी भन्दा तिनीहरू अवश्य नै फुरुङ्ग परे। तिनीहरूले अनुमान गरेका थिए, यदि पुनरुत्थान हुन्छ भने, त्यस प्रकारको वैवाहिक लट्टा फुकाउनु असम्भव हुनेछ।

सदुकीहरूका प्रश्नले फरिसीहरू चकित भएका हुनसक्छन्, तर येशू चकित हुनुभएन। उहाँले जवाफ दिनुभयो, **"तिमीहरू भ्रममा परेका छौ, किनकि तिमीहरू धर्मशास्त्र र परमेश्वरको शक्ति जान्दैनौ"** (मत्ती २२:२९)। सदुकीहरू कुनै दुई विषयमा अधिकारीहरू हुनुपर्थ्यो भने त्यो परमेश्वर र उहाँको वचनको विषयमा थियो। ख्रीष्टले वास्तवमा तिनीहरूलाई भन्नुभयो, "तिमीहरू यी दुवै विषयमा अबुझ छौ!"

---

[25]कार्टर (Carter), २६०।

तिनीहरूको तर्क गलत मान्यतामा आधारित भएको कुराले तिनीहरूको अज्ञानतालाई प्रमाणित गऱ्यो। यदि चिहानपछि जीवन रहिरहन्छ भने, यो पृथ्वीमा रहेको जीवनकै आधारमा यो जारी रहनेछ भन्ने तिनीहरूको मान्यता गलत थियो। यस्तो हुँदैन भनी येशूले तिनीहरूलाई बताउनुभयो:

> **यस युगका मानिसहरू विवाह गर्छन्, र विवाह गरिदिन्छन्। तर त्यस युगसम्म पुग्न योग्य ठहरिनेहरूले, र मृतकबाट जीवित भई उठ्न योग्य हुनेहरूले न विवाह गर्छन्, न विवाह गरिदिन्छन्। तिनीहरू फेरि मर्दैनन्, किनभने तिनीहरू स्वर्गदूतहरूसमान हुन्, र पुनरुत्थानका सन्तान भएका हुनाले परमेश्वरका सन्तान हुन्** (लूक २०:३४-३६)।

मृत्युले विवाहको सम्बन्धलाई तोड्दछ (रोम ७:२)। यसको साथै, हामी आत्मिक शरीरमा जीवित हुनेछौं, भौतिक शरीरमा होइन (१ कोर १५:४२-४४); शारीरिक अभिलाषाहरू छाडिनेछ। यसको अर्थ, यो जीवनमा हामीले प्रेम गरेको परिवारका सदस्यहरूप्रति कुनै स्नेहको अनुभव हुनेछैन भन्ने होइन। हाम्रो सम्बन्ध फरक हुनेछ भन्ने यसको अर्थ हो; हाम्रो आत्मिक सम्बन्ध हुनेछ, शारीरिक सम्बन्ध होइन।

सदुकीहरूको अज्ञानता, उनीहरूको दोस्रो मान्यतामा प्रकट भयो: मानिसहरूमा अमर आत्मा हुँदैन भन्ने मान्यता। "मरेको मान्छे अस्तित्वविहिन हुन्छ" भन्ने विश्वास तिनीहरूको थियो।[26] यो मान्यताको पछाडि रहेको गलत अवधारणालाई उजागर गर्न, येशूले भन्नुभयो,

> **मृतकहरू जीवित भई उठ्ने कुराको विषयमा के तिमीहरूले मोशाको पुस्तकमा पढ़ेका छैनौ? कि कसरी पोथ्रोको विषयमा लेखिएको खण्डमा परमेश्वरले मोशालाई भन्नुभयो, "म अब्राहामका परमेश्वर, इसहाकका परमेश्वर र याकूबका परमेश्वर हुँ।" उहाँ मुर्दाहरूका परमेश्वर हुनुहुन्न, तर जिउँदाहरूका हुनुहुन्छ** (मर्कू १२:२६, २७क)।

यो वचन प्रस्थान ३:६ बाट लिइएको हो। (सदुकीहरूले स्वीकार गरेका पाँच पुस्तकहरूमध्ये एउटा प्रस्थानको पुस्तक हो।) त्यस खण्डमा, यहोवाले भन्नुभयो, "*म* अब्राहामका परमेश्वर, इसहाकका परमेश्वर र याकूबका परमेश्वर हुँ।" प्रस्थान ३:६ मा उल्लेख गरिएको वचन बोलिदा अब्राहाम, इसहाक, र याकूबको मृत्यु भएको सयौं वर्ष भइसकेको थियो। सदुकीहरूका अनुसार, "मृतक मान्छे ... अस्तित्वबाट हराउँछ।"[27] यदि तिनीहरूको विचार सही भए, परमेश्वरले वास्तवमा यसो भन्नुभएको हुन्थ्यो, "म *अस्तित्वविहिनहरूका* परमेश्वर हुँ।"

येशूले जोड दिनुभएको कुरा थियो, "म तिनीहरूका परमेश्वर हुँ जो अस्तित्वमा छैनँ" भनी परमेश्वरले भन्नुभएको थिएन। उहाँको तर्कलाई युक्तिवाक्यमा व्यक्त गर्न सकिन्छ:

- प्रमुख आधार: परमेश्वर *जीवतहरूका* परमेश्वर हुनुहुन्छ, मृतकहरूका होइन।
- सहायक आधार: परमेश्वरले भन्नुभयो, "*म* अब्राहामका परमेश्वर, इसहाकका परमेश्वर र याकूबका परमेश्वर *हुँ* [वर्तमान कालमा]"—तिनीहरूको मृत्युभएको धेरैपछि।

---

[26]म्याकगर्भे एण्ड पेण्ड्लेटन (McGarvey and Pendleton), ६०२।

[27]इबिड. (Ibid.)।

- निष्कर्ष: त्यसैले, अब्राहाम, इसहाक, र याकूबको मृत्यु भएको भए तापनि तिनीहरू अझै *जीवितै* छन्।

यसरी ख्रीष्टले पुनरुत्थान सम्बन्धी प्रश्नको उत्तर प्रतक्ष होइन, अप्रतक्ष दिनुभयो। सदुकीहरूले पुनरुत्थानलाई इन्कार गर्नुको आधारभूत कारणमा उहाँ जानुभयो। तिनीहरूले पुनरुत्थानमा विश्वास गर्दैनथे किनभने मरेकाहरू जीवित हुँदैनन् भन्ने तिनीहरूले विश्वास गर्थे। तिनीहरूको आधार गलत छ भन्ने कुरा येशूले प्रमाणित गर्नुभयो। यसो भनी समाप्त गर्नुहुँदा शायद उहाँले आफ्नो शिर हल्लाउनुभयो, **"तिमीहरू *एकदमै* भूलमा परेका छौ"** (मर्कू १२:२७ख; जोड दिइएको छ)।

यो सुनेर भीड़हरू उहाँको शिक्षामा छक्क परे (मत्ती २२:३३)। तिनीहरूले पहिले कहिल्यै पनि कसैले, सदुकीहरूका कठिन प्रश्नको उत्तर यसरी दिएको सुनेका थिएनन्। त्यहाँ सुनिरहेका शास्त्रीहरू समेत यसद्वारा प्रभावित भए। केहीले भने, **"गुरुज्यू, तपाईंले असलै भन्नुभयो"** (लूक २०:३९; हेर्नुहोस्: मर्कू १२:३२)। फरिसीहरूले शायद कागजमा टिपोट पनि गरिरहेका हुनसक्छन्। सदुकीहरूले तिनीहरूलाई अब फेरि त्यो चतूर प्रश्न गर्नेछैनन्!

व्यवस्थाका अध्यापकले सबैभन्दा महान् आज्ञाको बारेमा प्रश्न गरेका
(मत्ती २२:३४-४०; मर्कू १२:२८-३४; लूक २०:४०)

मत्ती २२:३४-४०

[३४]उहाँले सदुकीहरूलाई चूप पार्नुभयो भन्ने सुनेर फरिसीहरू उहाँकहाँ भेला भए। [३५]तिनीहरूमध्ये एक जना व्यवस्थाका अध्यापकले उहाँको परीक्षा गर्ने विचारले उहाँलाई सोधे, [३६]"गुरुज्यू, व्यवस्थामा महान् आज्ञा कुन हो?" [३७]उहाँले तिनलाई भन्नुभयो, "तैंले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, र आफ्नो सारा प्राणले, र आफ्नो सारा समझले प्रेम गर्नू। [३८]महान् र प्रथम आज्ञा यही हो। [३९]दोस्रो पनि त्यस्तै छ, तैंले आफ्नो छिमेकीलाई आफैलाई जस्तै प्रेम गर्नू। [४०]सारा व्यवस्था र अगमवक्ताहरूका शिक्षाको आधार नै यी दुई आज्ञाहरू हुन्।"

मर्कूस १२:२८-३४

[२८]शास्त्रीहरूमध्ये एक जना आए, र तिनीहरूलाई आपसमा विवाद गरिरहेका सुने। येशूले मानिसहरूलाई ठीक जवाफ दिनुभएको देखेर तिनले उहाँलाई सोधे, "सबै आज्ञाहरूमा मुख्यचाहिँ कुन हो?" [२९]येशूले जवाफ दिनुभयो, "सबैभन्दा मुख्यचाहिँ यो हो: 'हे इस्राएल सुन्, परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनुहुन्छ। [३०]तैंले परमप्रभु आफ्ना परमेश्वरलाई तेरो सारा हृदयले, तेरो सारा प्राणले, तेरो सारा समझले, र तेरो सारा शक्तिले प्रेम गर्।' [३१]दोस्रोचाहिँ यो हो, 'तैंले आफ्नो छिमेकीलाई आफूलाई जस्तै प्रेम गर्।' योभन्दा ठूलो आज्ञा अर्को छैन।" [३२]त्यस शास्त्रीले उहाँलाई भने, "गुरुज्यू, तपाईंले ठीक भन्नुभयो, परमेश्वर एउटै हुनुहुन्छ, उहाँबाहेक अर्को कोही छैन। [३३]उहाँलाई सारा हृदयले, सारा समझले, सारा शक्तिले प्रेम गर्नु, र छिमेकीलाई आफूलाई जस्तै प्रेम गर्नु सबै होमबलि र बलिदानहरूभन्दा उत्तम हो।" [३४]तिनले बुद्धिमानीसाथ जवाफ दिएका देखेर येशूले तिनलाई भन्नुभयो, "तिमी परमेश्वरको राज्यदेखि टाढ़ा छैनौ।" त्यस समयदेखि उहाँलाई प्रश्न गर्ने

कसैको साहस भएन।

लूका २०:४०

४०त्यसपछि फेरि कसैले उहाँलाई कुनै प्रश्न सोध्ने आँट गरेन।

बहसबाट सदुकीहरू पछि हटे, तर फरिसीहरू हारलाई स्वीकार गर्न तयार थिएनन्। **उहाँले सदुकीहरूलाई चूप पार्नुभयो भन्ने सुनेर फरिसीहरू उहाँकहाँ भेला भए** (मत्ती २२:३४)। हतारमा गरिएको एउटा सभापछि, एक जना पोख्त, धर्मशास्त्रमा खपीस, व्यवस्थाका अध्यापकलाई आफ्ना अघि लगाएर तिनीहरू उहाँकहाँ गए (मत्ती २२:३५)। यसभन्दा पहिले, तिनीहरूले जवानहरूको समूहलाई पठाएका थिए; यस पटक तिनीहरूले एक जना अनुभवीलाई लिएर गए। मर्कूसले त्यस मानिसलाई शास्त्री भनी भनेका छन् (मर्कू १२:२८)। तिनी नागरिक कानूनको होइन तर धार्मिक कानूनको विज्ञ थिए।

फरिसीहरू ख्रीष्टका वरिपरि भेला भइसकेपछि, व्यवस्थाका अध्यापकले **उहाँको परीक्षा गर्ने विचारले उहाँलाई सोधे, "गुरुज्यू, व्यवस्थामा महान् आज्ञा कुन हो?"** (मत्ती २२:३५, ३६)। यहूदी शिक्षकहरूका बीचमा, "... कुनै पनि प्रश्नमा घम्साघम्सी रूपमा विवाद हुँदैनथ्यो।"[28] रब्बीहरूले मोशाको व्यवस्थामा भएका ३६५ आज्ञालाई नकरात्मक र २४८ लाई सकरात्मक भनी मानेका थिए। त्यो कुरालाई मानिलिदा, ६१३ वटै आज्ञालाई पूरा गर्न कठिन हुन्थ्यो, कठिन मात्र होइन, असम्भव नै हुन्थ्यो। तिनीहरूले यीमध्ये बाट "गहन" (धेरै महत्त्वपूर्ण) र "सामान्य" (कम महत्त्वपूर्ण) भनी विभाजन गरेका थिए। यीमध्ये कुनचाहिँ "सबैभन्दा गहन" (सबैभन्दा महत्त्वपूर्ण) हो भन्ने विषयमा भएको विवाद मात्रै सबैभन्दा गम्भीर विवाद थियो।

येशूले वास्तवमा यो प्रश्नको उत्तर पहिले नै दिइसक्नुभएको कारण, यो प्रश्न फेरि किन गरियो भनी कसैले प्रश्न गर्न सक्छ। यो विवादास्पद भएको कारण यसलाई फेरि सोधिएको हुनसक्छ र ख्रीष्टले जुनसुकै उत्तर दिए तापनि यसले भीडको एक पक्षलाई अलग गर्छ भन्ने आशा फरिसीहरूको थियो। तैपनि, अझै सम्भावित कुरो के हुन सक्छ भने, प्रश्न गर्ने यी मानिसहरूलाई यरूशलेम बाहिर भएको पहिलेको घटनाको बारेमा थाहा थिएन।

पहिले, जब ख्रीष्टलाई अर्का एक जना व्यवस्थाका पोख्त व्यक्तिले प्रश्न गरेका थिए, त्यस बेला व्यवस्थालाई व्यवस्था ६:५ र लेवी १९:१८ द्वारा सारांश प्रदान गर्न सकिन्छ भन्नेमा तिनी राजी भएका थिए: परमेश्वरलाई प्रेम गर् र आफ्नो छिमेकीलाई प्रेम गर् (लूक १०:२५-२८)। येशूले त्यही कुरालाई यहाँ बताउनुभयो:

> **सबैभन्दा मुख्यचाहिँ यो हो: "हे इस्राएल सुन्, परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनुहुन्छ। तैंले परमप्रभु आफ्ना परमेश्वरलाई तेरो सारा हृदयले, तेरो सारा प्राणले, तेरो सारा समझले, र तेरो सारा शक्तिले प्रेम गर्।" दोस्रोचाहिँ यो हो, "तैंले आफ्नो छिमेकीलाई आफूलाई जस्तै प्रेम गर्।" योभन्दा ठूलो आज्ञा अर्को छैन** (मर्कू १२:२९-३१)।

व्यवस्था ६:५ ले दश आज्ञाको पहिलो चार आज्ञाको सारांश प्रदान गर्छ र लेवी १९:१८ ले पछिल्ला छ वटा आज्ञाको सारांश प्रदान गर्छ भन्नेमा धेरैजसो यहूदी शिक्षकहरू सहमत

---

[28]हेस्टर (Hester), १९३।

हुन्थे।

नयाँ करारका लेखकहरूले "दोस्रो आज्ञा" को बारेमा त्यस्तै प्रकारको तर्क प्रयोग गरेका छन् (हेर्नुहोस्: रोम १३:८-१०; गला ५:१४; याकू २:८)। यदि कसैले व्यवस्था ६:५ र लेवी १९:१८ लाई पालन गर्छ भने, उसले सम्पूर्ण दश-आज्ञालाई पालन गर्छ—र यदि कसैले सम्पूर्ण दश-आज्ञालाई पालन गरेको छ भने, उसले सम्पूर्ण व्यवस्थालाई नै पूरा गरेको हुन्छ भन्ने तर्क यहूदी अगुवाहरूको थियो।

तिनीहरूका अघिल्ला प्रतिनिधिहरू ख्रीष्टको अघिल्लो उत्तरबाट प्रभावित भएका थिए भन्नेबारे फरिसीहरूलाई थाहा थिएन भन्ने स्पष्टै देखिन्छ (मर्कू १२:२८)। मत्तीले संकेत गरे अनुसार, त्यस व्यवस्थाका अध्यापकले फरिसीहरूका प्रतिनिधित्व गरेको थियो (मत्ती २२:३४, ३५), र तिनले सिधा र इमान्दार प्रश्न गरेको थियो भन्ने भाव मर्कूसले व्यक्त गरेका छन्। यी दुई विवरणहरू, विरोधाभासपूर्ण होइन तर परिपूरक छन्: कसरी अघि बढ्ने भनी फरिसीहरू अलमल्ल परेका बेला, तिनीहरूमध्येका एक जना (व्यवस्थाका अध्यापक) येशूकहाँ गएर, आफूमा भएको प्रश्न गर्न स्वेच्छाले अघि बढेको हुनसक्छ। तिनको सच्चा चासोबारे फरिसीहरूलाई थाहा नभएको हुनसक्छ।

प्रभुको प्रतिक्रियामा व्यवस्थाका अध्यापकले आफ्नो सहमती व्यक्त गऱ्यो:

> **गुरुज्यू, तपाईंले ठीक भन्नुभयो, परमेश्वर एउटै हुनुहुन्छ, उहाँबाहेक अर्को कोही छैन। उहाँलाई सारा हृदयले, सारा समझले, सारा शक्तिले प्रेम गर्नु, र छिमेकीलाई आफूलाई जस्तै प्रेम गर्नु सबै होमबलि र बलिदानहरूभन्दा उत्तम हो** (मर्कू १२:३२, ३३)।

येशूले त्यस शास्त्रीमा खुला मन र धेरैजसो फरिसीहरूमा नभएको इमानदारीता देख्नुभयो। उहाँले तिनलाई भन्नुभयो, **"तिमी परमेश्वरको राज्यदेखि टाढ़ा छैनौ"** (मर्कू १२:३४क)। ख्रीष्टले शिक्षा दिने काम जारी राख्नुहुँदा के त्यस व्यवस्थाका अध्यापकले आफ्नो खुला मनलाई यथावत नै राख्यो? पेन्तिकोसको दिनमा, तिनी "टाढ़ा छैनौ" को पददेखि आएर के ऊ राज्य/मण्डलीमा सामेल हुन आयो (प्रे २:३८, ४१, ४७)? हामीलाई थाहा छैन, तर उसले त्यसको मौका पाएको थियो।

सबैभन्दा महान आज्ञाको बारेमा गरिएको यो प्रश्न येशूलाई सार्वजानिक स्थानमा सोधिएको अन्तिम प्रश्न थियो। मर्कूसले लेखेका छन्, **त्यस समयदेखि उहाँलाई प्रश्न गर्ने कसैको साहस भएन** (मर्कू १२:३४ख; हेर्नुहोस्: मत्ती २२:४६)। लूकाले यसमा थपेका छन्, **त्यसपछि फेरि कसैले उहाँलाई कुनै प्रश्न सोध्ने आँट गरेन** (लूक २०:४०)। एउटा कुरा पक्कै भयो, उहाँका शत्रुहरू बारम्बार लज्जित हुनुपरेकोमा थाके। अर्कोतर्फ, प्रश्न र उत्तरको युद्धमा तिनीहरूले चाहेको भन्दा फरक नतिजा निस्कियो: मानिसहरूका नजरमा बदनाम हुनको सट्टा, आफ्ना उत्तरद्वारा येशूले भीडलाई चकित पार्नुभयो (मत्ती २२:३३; हेर्नुहोस्: मर्कू १२:३७)।

प्रयोग: सबै कुराद्वारा परमेश्वरलाई प्रेम गर्नु (मर्कू १२:२९, ३०)

यो अध्ययनको विषय छ, "सबैभन्दा महान् आज्ञा।"[29] एक जना शास्त्री येशूकहाँ आएर उहाँलाई यसो भनी प्राश्न गरे, "सबैभन्दा महान् आज्ञा कुन *हो?*" ख्रीष्टको उत्तर

---

[29]यो प्रयोग, ब्याटसेल ब्यारेट ब्याक्स्टर (Batsell Barrett Baxter) को, "द ग्रटेस्ट कमाण्डमेण्ट अफ अल," *इफ आइ बि लिफ्टेड अप,* मा आधारित छ (न्यासभिल: गोस्पल एड्भोकेड को., १९५६), ९-१८।

यस्तो छ:

> सबैभन्दा मुख्यचाहिँ यो हो: "हे इस्राएल सुन्, परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनुहुन्छ। तैंले परमप्रभु आफ्ना परमेश्वरलाई तेरो सारा हृदयले, तेरो सारा प्राणले, तेरो सारा समझले, र तेरो सारा शक्तिले प्रेम गर्।" दोस्रोचाहिँ यो हो, "तैंले आफ्नो छिमेकीलाई आफूलाई जस्तै प्रेम गर्।" योभन्दा ठूलो आज्ञा अर्को छैन (मर्कू १२:२९-३१)।

यही हो: परमेश्वरले दिनुभएको आज्ञाहरूमध्ये सबैभन्दा महान आज्ञा। यो कुनै मानिसको विचार होइन, तर परमेश्वरको पुत्रको अकाट्य भनाइ हो।

एकै क्षणको लागि, यो खण्डले मागेको कुरा र आजका धेरै मानिसहरूले लागू गरेको धार्मिक परिपाटिलाई तुलना गर्नुहोस्। कतिपयका निम्ति, धर्म भनेको चेतनालाई तिखार्ने र प्रतिष्ठा निर्माण गर्ने प्राथमिक माध्यम हो। कतिपय ठाउँमा, मण्डली सदस्यताको संख्या बढिरहेको हुन्छ—तर, अर्कोतर्फ अपराध र किशोर अपराधको संख्या पनि त्यतिकै रूपमा बढिरहेको हुन्छ। यी क्षेत्रहरूमा, मण्डली सदस्यताको संख्या माथि गइरहेको छ र नैतिकता र मर्यादाको स्तर तल खस्किरहेको छ। धेरैको जीवनमा, धर्म र जीवनको सम्बन्ध टुटेको छ। कतिपयले धर्मको देब्रे हातले के गर्दैछ भन्ने कुरा व्यवसायको दाहिने हातलाई थाहा दिँदैनन्। यो कुरा, ख्रीष्टले मर्कूस १२:२९, ३० मा दिनुभएको शिक्षाभन्दा धेरै परको कुरा हो।

येशूले शास्त्रीलाई दिनुभएको उत्तरमा, हामी इसाईपनको साँचो केन्द्रबिन्दु पाउँछौं, *सबै* कुराद्वारा परमेश्वरलाई प्रेम गर्नु:

- "*सारा* हृदयले"—भावनाहरू बस्ने स्थान
- "*सारा* प्राणले"—जीवन रहने स्थान
- "*सारा* समझले"—बौद्धिकता रहने स्थान
- "*सारा* शक्तिले"—सामर्थ्य रहने स्थान

यहाँ परमेश्वरको व्यक्तित्वप्रति तपाईंको पूर्ण व्यक्तित्वको प्रतिक्रिया छ, पूर्णताको सेवा। परमेश्वरले कि त व्यक्तिको *पूर्णतालाई* चाहानुहुन्छ, नत्र त्यस व्यक्तिलाई चाहानुहुन्न।

कसैले प्रश्न गर्न सक्छ, "के हामीमा त्यस प्रकारको माग गर्ने अधिकार परमेश्वरसँग छ?" परमेश्वर आफैले दिन नचाहेको कुनै कुरा उहाँले हामीलाई माग्नुहुन्न। परमेश्वरले *हामीलाई* "सबै कुराद्वारा" प्रेम गर्नुभएको छ:

> "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्" (यूह ३:१६)।

> तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ, कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो (रोम ५:८)।
> परमेश्वरको प्रेम हाम्रा माझमा यसरी प्रकट भयो, कि उहाँले आफ्ना एकमात्र पुत्र संसारमा पठाउनुभयो, ताकि उहाँद्वारा हामी जिउन सकौं। प्रेम यसैमा छ, कि हामीले परमेश्वरलाई प्रेम गरेका होइनौं, तर उहाँले हामीलाई प्रेम गर्नुभयो, र हाम्रा पापको प्रायश्चित हुनका निम्ति आफ्ना पुत्र पठाउनुभयो (१ यूह ४:९, १०)।

जब हामी ख्रीष्टको क्रूसको बारेमा र परमेश्वरले गर्नुभएका सबै कुराको बारेमा विचार

गर्छौं, हामी यस्तै कबिताको हरफद्वारा भन्न सक्छौं,

> कति अचम्मको प्रेम, त्यतिकै महान छ यो,
> मेरो प्राण, जीवन, सबै कुराले यसको चाहाना गर्छ।[30]

हाम्रो सारा समझले परमेश्वरलाई प्रेम गर्नु

हामी प्रत्येकलाई "सबै कुराद्वारा परमेश्वरलाई प्रेम गर्न" सहायता गर्नको निम्ति, सबैभन्दा महान् आज्ञाको विभिन्न पक्षहरूका बारेमा विचार गरौं। यसको सुरुवात समझ भन्ने शब्दबाट सुरु गरौं: "तैंले परमप्रभु आफ्ना परमेश्वरलाई तेरो सारा ... समझले ... प्रेम गर्।" समझ भन्नाले हाम्रो बौद्धिकता, अथवा व्यक्तिको सोच्ने पक्षलाई बुझाउँछ। समझको प्रयोग गरेर नै मानिसहरूले आफ्ना आय कर कति हो भनी रकम पत्ता लगाउन सक्छन्। समझद्वारा नै मानिसहरूले महत्त्वपूर्ण अविष्कार गर्छन्। हाम्रा बालबच्चालाई विद्यालयामा समझको तालिम प्रदान गरिन्छ। परमेश्वरले मानिसहरूको यो पक्ष उहाँलाई समर्पण गरेको चाहानुहुन्छ।

हामीले परमेश्वरलाई धेरै तरिकाबाट हाम्रो सारा समझले प्रेम गर्न सक्छौं। एउटा तरिका भनेको उहाँको वचनको लगनशील अध्ययन हो। जब लूकाले माकेडोनियामा पावलको सेवकाइको क्रियाकलापहरूका बारेमा लेखे, उनले यो खण्डद्वरा सारांश प्रदान गरे: "यहाँका यहूदीहरू थेसलोनिकेकाहरूभन्दा बढ़ी भला थिए किनभने यिनीहरूले पूरा उत्सुकतासाथ वचन ग्रहण गरे, र ती कुराहरू ठीकै त्यस्तै हुन् कि होइनन् भनी दिनहुँ धर्मशास्त्र छानबिन गर्थे" (प्रे १७:११)। जब पावलले एल्डरको निम्ति चाहिने मापदण्डहरूका बारेमा तीतसलाई लेखे, उनले भने, तिनलाई सिकाइएको विश्वासयोग्य वचनमा "तिनी दह्रिलो बस्नुपर्छ, ताकि तिनले पक्का सिद्धान्तअनुसार शिक्षा दिन सकून्, र ती कुराहरूको खण्डन गर्नेहरूलाई झूटा साबित गर्न सकून्" (तीत १:९)। जसले परमेश्वरलाई आफ्नो सारा समझले प्रेम गर्छ उसले दिनहु केही समय बाइबलमा बिताउनेछ। यसको साथै, परमेश्वरको इच्छालाई सिक्न ऊ प्रभुको मण्डलीमा गई निरन्तर आराधना र कक्षाहरूमा सहभागी हुनेछ।

यति मात्र होइन—र यो अत्यन्तै महत्त्वपूर्ण छ—उसले आफ्नै घरमा आफ्नो परिवार सँगै बसेर पढ्ने, अध्ययन गर्ने, र प्रार्थना गर्ने समय मिलाउँछ। यदि प्रत्येक परिवारले व्यस्त समयको बाबजुत आत्मिक अध्ययन र मनन् गर्ने समय मिलाउने हो भने यसले हाम्रो संसारलाई कति धेरै सामर्थ्य दिने थियो होला!

जब हामी बौद्धिक हिसाबले योजना बनाउछौं र सही निर्णय गर्छौं त्यस्तो अवस्थामा पनि हामीले हाम्रो सारा समझले प्रेम गरिरहेका हुन्छौं। यहाँ दुई वटा प्रासंगिक खण्डहरू छन्: "यसैले कसरी हिँड्छौ ध्यानसँग हेर— निर्बुद्धि मानिसजस्तो होइन, तर बुद्धिमान्जस्तो। समयको पूरा सदुपयोग गर, किनकि दिन खराब छ" (एफि ५:१५, १६)। "तर पहिले उहाँको राज्य र उहाँका धार्मिकताको खोजी गर" (मत्ती ६:३३क)। जसले परमेश्वरलाई प्रेम गर्छ उसले सबैभन्दा महत्त्वपूर्ण क्रियाकलापको निम्ति समय *निकाल्छ*, जस्तै, व्यक्तिगत संगती, अरूलाई सहयोग गर्ने काम, र प्रभुको निम्ति काम गर्नु। उसको

---

[30]आइज्याक वाट्स (Isaac Watts), "वेन आइ सर्वे वण्डरस् क्रस," *विश्वास र प्रशंसाका गीतहरू,* कम्प एण्ड एड. एण्ड एड. अल्टोन एच. हावर्ड (Alton H. Howard) (वेस्ट मोन्रोए, एल.ए.: होवार्ड पब्लिसिङ को., १९९४)।

विचार र समझ "मेरो लागि सबैभन्दा उत्तम के हो" भन्नेमा होइन तर "परमेश्वरको योजना र उद्देश्यको निम्ति सबैभन्दा उत्तम के हो" त्यसमा केन्द्रित हुन्छ।

परमेश्वरलाई हाम्रो सारा समझले प्रेम गर्ने विषयमा ध्यान दिने क्रममा, एकै छिन रोकिएर एउटा चेतावनी दिन चाहान्छु: यो आज्ञाहरूमध्ये एक-चौथाइ मात्र हो, अझै बाँकी नै छन् अरू। बौद्धिकतामा मात्रै जोड दिइएमा यसको परिणाम चिसो, अनि तर्कको मात्रै कुरा गर्ने धर्म बन्न जान्छ। बौद्धिकताकै मात्र कुरा गर्न मन पराउनेहरू पनि छन्, एउटा काँटीको टुप्पामा कति जना स्वर्गदूतहरू सहज रूपमै बस्न सक्छन् भन्ने विषयमा रातभर नसुती वहस गर्न उनीहरूलाई अप्ठ्यारो पर्दैन। तैपनि, धेरै पटक, धार्मिक विवाद गर्नेहरूले विषयलाई विस्तृत रूपमा विचार त गर्छन् तर यसको बारेमा केही गर्दैनन्। परमेश्वरलाई हाम्रो सारा समझ दिने अठोट गरौं, तर आज्ञाको यो भाग एकलै रहँदैन भन्ने कुरालाई पनि हामी विचार गरौं। आफ्नो प्रभुमा पूर्ण रूपमा समर्पित हुने व्यक्तिको बारेमा उल्लेख गरी येशू आफैले यसको उदाहरण दिनुभयो।

परमेश्वरलाई हाम्रो सारा हृदयले प्रेम गर्नु

त्यसपछि, हामी आज्ञाको अर्को भागलाई विचार गर्न चाहान्छौं: "तैंले तैंले परमप्रभु आफ्ना परमेश्वरलाई तेरो सारा हृदयले ... प्रेम गर्।" "हृदय" भन्ने शब्दलाई बाइबलमा विभिन्न तरिकाले प्रयोग गरिएको पाइन्छ। यसले व्यक्तिको बौद्धिकता वा उसको विचारलाई बुझाउन सक्छ। तैपनि, यहाँको प्रसंगमा, यसले *भावनाहरू* रहने स्थान वा अनुभवको केन्द्रलाई बुझाएको छ।

धर्ममा भावनाको महत्त्व कत्तिको हुन्छ त्यसलाई कहिलेकहीं हामी बेवास्ता गर्छौं। शायद, आजका धेरै धर्महरूमा भावनात्मकतालाई नै बढी प्राथमिकता दिइएको देखेका कारण हामीले त्यसको प्रतिक्रिया स्वरूप यसलाई बेवास्ता गरेका हुनसक्छौं। हामी भावनात्मक कुरालाई बढी जोड दिन चाहादैनौं, तर भावनाविना कसैले पनि *छुवाइको* महसुस गर्दैनन् भन्ने कुरालाई हामीले बुझ्नुपर्छ। यी शब्दहरूबीच रहेको सम्बन्धलाई विचार गर्नुहोस्: भावना, अभिप्राय वा चाल, र मोटर (emotion, motive, and motor)। कारमा भएको मोटरले यसलाई दगुर्ने बनाउँछ। जीवनमा अभिप्रायले त्यही काम गर्छ, र अभिप्रायको पछाडि भावना हुन्छ।

उत्कट भावना अर्थ दिने अंग्रेजी शब्द "इन्थुजियाजम्" ("enthusiasm") अर्थात् उमंग, दुई वटा ग्रीक शब्दबाट आएको हो र ती शब्दको ठेड अर्थ "परमेश्वरमा" वा "[हामी] मा परमेश्वर" भन्ने हुन्छ। यदि हामी परमेश्वरमा छौं र परमेश्वर हामीमा हुनुहुन्छ भने (१ यूह ४:१६), हामी उत्साहित वा उमंगले भरिएको हुनुपर्छ; हामी उत्कट भावनाद्वारा भरिएको हुनुपर्छ। डेभिड लिप्सकोम्ब (David Lipscomb) लाई चिन्नेहरूले भन्छन्, उनीहरूले उनलाई जीवनभर रोएको देखे, तर एकै पल्ट मात्र। यो घटना एक आइतबार बिहान भएको थियो, त्यसबेला उनी प्रभु-भोज दिनेमा थिए। उनले प्रभु-भोजको महत्त्वको बारेमा छोटकरीमा एकछिन बताए, र त्यसपछि, बोल्दाबोल्दै, हृदय तोडियो, अनि प्रभु-भोज सेवा समाप्त गर्न पनि उनले सकेनन्। ब्रदर लिपस्कोम्बले (Brother Lipscomb) ती आँशु समझद्वारा होइन तर आफ्नो हृदयबाट बहाएका थिए।

परमेश्वरलाई हाम्रो सारा हृदयले प्रेम गर्नु भनेको के हो? त्यस बेला हामी परमेश्वरलाई हाम्रो सारा हृदयले प्रेम गर्छौं ...

- जब हामी उहाँको आज्ञा पालन गर्नु पर्छ भनेर होइन तर हामी त्यही गर्न चाहेर गर्छौं।
- जब हामी उहाँबाहेक कसैलाई पनि त्यति धेरै प्रेम गर्दैनौं र उहाँसँगको सम्बन्धलाई जस्तो कुनै पनि सम्बन्धलाई स्वीकार गर्दैनौं।
- जब हामी सबै कुराभन्दा पहिलो स्थानमा उहाँलाई प्रेम गर्छौं।

यसको साथै, जब हामी उहाँको सेवाको निम्ति आवश्यक परेमा *जेसुकै कुरालाई त्याग्न* तयार हुन्छौं, हामी परमेश्वरलाई सारा हृदयले प्रेम गरिरहेका हुन्छौं। हामी ...

- अब्राहमले जस्तै, आफ्नो प्रियजनलाई त्याग्न तयार हुनुपर्छ।
- अय्यूबले जस्तै आफ्ना सारा सम्पत्ति त्याग्न तयार हुनुपर्छ।
- मोशाले जस्तै आफ्नो सुख-चैन त्याग्न तयार हुनुपर्छ।

फेरि, जब हामी परमेश्वरको निम्ति *जेसुकै गर्न* चाहान्छौं, तब हामीले उहाँलाई हाम्रो सारा हृदयले प्रेम गरिरहेका हुन्छौं:

- दाऊदले जस्तै पश्चात्ताप गर्न इच्छुक भएर।
- यहूदीहरूले जस्तै पेन्तिकोसको दिन बप्तिस्मा लिन चाहेर।
- पावलले जस्तै शरीरलाई काबुमा राख्न इच्छुक भएर।
- डोरकासले जस्तै सेवा दिएर।
- जकायसले जस्तै दिन इच्छुक भएर।

मण्डलीलाई अझै बढी भावनात्मक र अझै बढी हृदयी सेवाको आवश्यकता पर्छ। तैपनि, फेरि चेतावनी दिनै पर्छ। कतिपयले भावना र अनुभवहरूद्वारा धर्मको अन्य सबै पक्षलाई छायामा पारेका छन्। भावनाद्वारा मात्र अघि बढ्नेहरू सतही जमिनमा परेका बीउ जस्तै हुन्। जमीनमा गहिराइ नभएकोले घाम लाग्यो ती ओइलाए, र जरा नभएकोले ती सुकिहाले (मत्ती १३:६)। आज, कुनै कुराले गहिरो रूपमा प्रभाव पार्छ, वा यसबारे गहिरो भावना छ भने यो परमेश्वरको निम्ति स्वीकारयोग्य भइहाल्छ भन्नेमा धेरैले विश्वास गर्छन्। तर यस्तो होइन। साम्प्रदायिक संसार धेरै पटक आत्मामा उत्कट भावनाले भरिएका हुन्छन्, तर परमेश्वरको आज्ञालाई पालन गर्ने कुरामा बेवास्ता गरिरहेका हुन्छन् (रोम १०:२ हेर्नुहोस्)।

सबैभन्दा महान आज्ञामा, हृदय र समझ, भावना र बौद्धिकता एकसाथ मिल्नुपर्छ भनी येशूले सूचित गर्नुभयो। हामीले भावनालाई कारको मोटरसँग तुलना गऱ्यौं, तर अघि बढाउने इन्जिनसँग बौद्धिकतालाई तुलना गर्न सकिन्छ। कारलाई इच्छा गरिएको गन्तव्यमा लैजानको निम्ति यी दुवैको आवश्यकता पर्दछ। राम्रो मोटर भएको तर ह्याण्डल नभएको कार टाढा दूरीसम्म जानसक्छ, तर यो कहाँ गएर टुङ्गिने हो कसैलाई थाहा हुँदैन? अर्कोतर्फ, ह्याण्डल भएको तर मोटर नभएको कार कतै जान सक्दैन। कारलाई यी दुवै चाहिन्छ। त्यस्तै, परमेश्वरले चाहानुभएको सेवा गर्नको निम्ति समझ अर्थात्, मस्तिष्क र हृदय दुवै चाहिन्छ। समझले परमेश्वरको इच्छालाई जान्दछ अनि उहाँले राखिदिनुभएको सीमाभित्रै यसले हामीलाई राख्छ। परमेश्वरले दिनुभएको सीमाभित्र सर्वशक्तिमानलाई आराधना गर्न र उहाँको सेवा गर्नको निम्ति हृदयले हामीलाई जागरुक र सक्रिय गर्छ। परमेश्वरलाई हाम्रो *सारा* समझले र हाम्रो *सारा* हृदयले प्रेम गर्ने प्रयास गरौं।

हाम्रो सारा शक्तिले प्रेम गर्नु

येशूले यो पनि भन्नुभयो, "तैंले परमप्रभु आफ्ना परमेश्वरलाई तेरो सारा ... शक्तिले ... प्रेम गर्।" व्यक्तिको शक्ति वा सामर्थ्य भन्नाले उसको प्रतिभा र उसको क्षमता हो। अहिलेसम्म, हामीले परमेश्वरलाई सारा समझले (बौद्धिकताको केन्द्र) र सारा हृदयले (भावनाको केन्द्र) प्रेम गर्ने बारेमा हेर्‍यौं, तर यी दुवै व्यक्तिको आन्तरिक कुरा हुन्। यदि हामी साँचो रूपले परमप्रभुलाई प्रेम गर्छौं भने, त्यो प्रेम *व्यक्त* गरिनु पर्छ: कार्यमा व्यक्त गरिनु पर्छ, आज्ञा पालनमा व्यक्त गरिनु पर्छ।

इसाई भनेको व्यवहारमा लागू *गरेर* देखाउने धर्म हो। ख्रीष्टले भन्नुभयो, "मलाई 'प्रभु, प्रभु' *भन्ने* सबै स्वर्गको राज्यमा प्रवेश गर्नेछैनन्। स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन *गर्ने* मानिस मात्र परमेश्वरको राज्यमा प्रवेश गर्नेछ" (मत्ती ७:२१; जोड दिइएको छ)। याकूबले लेखे, "तर वचन पालन *गर्ने* होओ, र सुन्ने मात्र भएर आफैलाई धोका नदेओ" (याकू १:२२; जोड दिइएको छ)। पावलले यो कुरालाई यसरी लेखेका छन्: "किनकि हामी सबै ख्रीष्टका न्याय-आसनको सामुन्ने खड़ा हुनुपर्छ, यसरी शरीरमा हुँदा *आफूले गरेबमोजिम* हरेकले असल वा खराब प्रतिफल पाउनेछ" (२ कोर ५:१०; जोड दिइएको छ)। जसले परमेश्वरको सेवाको निम्ति आफ्नो सामर्थ्य प्रयोग गर्न चाहाँदैन, त्यस्तो मानिस स्वर्गको राज्यको निम्ति योग्य हुँदैन।

हामी कसरी परमेश्वरलाई हाम्रो सारा शक्तिले प्रेम गर्छौं? पहिले, हामीसँग उहाँको निम्ति *जे छ* त्यसैलाई प्रयोग गरेर हामी परमेश्वरलाई हाम्रो सारा शक्तिले प्रेम गर्छौं। सामर्थ्य र मौका भनेको जिम्मेवारी हो। प्रभुको सेवाको निम्ति तपाईंले आफ्नो प्रतिभा र शक्तिलाई कसरी सबैभन्दा उत्तम तरिकाले प्रयोग गर्न सक्नुहुन्छ निर्धारण गर्नुहोस्। हामीले विकास गरेको क्षमताभन्दा दश गुणा बढी क्षमता हामी प्रत्येकसँग हुन्छ भन्ने भनाइ छ। ख्रीष्टको निम्ति आफ्नो प्रतिभालाई विकास गर्न भरमगदूर प्रयास गर्नुहोस्।

हामीले यसभन्दा पहिले नै उल्लेख गरेझैं, जब हाम्रो हृदयमा भएको प्रेम व्यक्त गरिन्छ तब हामी परमेश्वरलाई हाम्रो सारा हृदयले प्रेम गर्छौं। यसलाई सरल भाषामा भन्दा, हामीले मालिकको निम्ति *काम* गर्ने पर्छ (१ कोर १५:५८)। विगतको पुस्ताको एक जना चर्चित प्रचारकले एक पटक भनेका थिए, उनी बुढो हुन चाहेको थिएन, किनभने उनले आफैलाई ख्रीष्टको सेवाको निम्ति समर्पण गर्न चाहेका थिए। हामी सबैलाई समय-समयमा आरामको आवश्यकता पर्छ, तर जीवनलाई त्यतिकै खेर फाल्नुभन्दा प्रभुको सेवाको निम्ति समर्पित भएर जीवन बिताउनु नै धेरै असल हो।

यसको साथै, जब हामी परमेश्वरलाई हामीले सकेको सबैभन्दा उत्कृष्ट कुरा दिन्छौं, हामीले परमेश्वरलाई हाम्रो सारा हृदयले प्रेम गरिरहेका हुन्छौं। धेरै पटक, मेरो परिवारले एउटा बुढो कुकुरलाई व्यवहार गरेको जस्तै हामी प्रभुसँग व्यवहार गर्छौं: हामी उहाँलाई उब्रेपाब्रेका कुरा दिन्छौं। हाम्रो जीवन निर्वाह गर्ने आम्दानी आर्जन गरिसकेपछि र अन्य क्रियाकलापमा सहभागी भइसकेपछि रहेको समय, पैसा, प्रतिभा र सामर्थ्यलाई परमेश्वर चाहानुहुन्न। हामीमा भएको सबैभन्दा उत्तम कुरा उहाँ चाहानुहुन्छ (मत्ती ६:३३)। यदि हामी उहाँलाई हाम्रो सारा शक्तिले प्रेम गर्छौं भने हामी उहाँलाई हाम्रो सबैभन्दा उत्तम कुरा दिन्छौं।

परमेश्वरलाई हाम्रो सारा शक्तिले प्रेम गर्ने कुरा उहाँप्रति हामीले दिने पूर्ण प्रतिक्रियाको भाग हुनुपर्छ। शिमशोनले परमेश्वरलाई आफ्नो सारा शक्तिले प्रेम गर्‍यो, तर उहाँलाई सारा समझ र सारा हृदयले प्रेम गर्नमा ऊ असलफल भयो। हाम्रो सारा शक्तिले गर्ने प्रेम,

बौद्धिकताद्वारा निर्देशित हुनुपर्छ र भावनाद्वारा उत्प्रेरित हुनुपर्छ। तैपनि, ख्रीष्टको निम्ति काम गर्नु भनेको हाम्रो प्रेम विशुद्ध हुनु हो भन्ने कुरालाई नभुल्नुहोस्।

हाम्रो सारा प्राणले परमेश्वरलाई प्रेम गर्नु

अन्त्यमा, येशूले यसो भन्नुभएको हामी पाउँछौं, "तैंले परमप्रभु आफ्ना परमेश्वरलाई तेरो सारा ... प्राणले ... प्रेम गर्।" ख्रीष्टले दिनुभएको सूचीमा प्राण दोस्रो स्थानमा छ, तर मैले यसलाई अन्त्यमा प्रस्तुत गरें किनभने पिताप्रति हाम्रो प्रतिक्रिया कस्तो हुनुपर्छ त्यसको सारांश यसले प्रदान गर्छ।

"प्राण" ("soul") भनी अनुवाद गरिएको ग्रीक शब्द ψυχή (*सुके, psuchē*) हो, र यसलाई *साइकी (psyche)* भनेर पनि लेखिन्छ। यही शब्दबाट अंग्रजी शब्द "साइकोलोजी" ("psychology") अर्थात्, मनोविज्ञान आउँछ। कहिलेकहीं नयाँ करारमा यो शब्दलाई "समझ" ("mind") वा "हृदय" ("heart") को अर्थमा पनि प्रयोग गरिएको छ—व्यक्तिको सोचाइ वा भावनात्मक पक्ष। हामीमध्ये धेरैले, "प्राण" ("soul") शब्दलाई आत्मा वा व्यक्तिको अनन्त पक्षको समानार्थी शब्दको रूपमा प्रयोग गर्ने गरेका छौं। तैपनि, मर्कूस १२:२९, ३० मा, यो शब्द बौद्धिकता र समझबाट अलग गरिएको छ र यी दुईसँग सम्बन्धित शब्दको रूपमा यसलाई लिइएको छ। हामीलाई अहिलेसम्म दिइएको परिभाषा यसमा मिलेको देखिदैन। अंग्रजी शब्द *साइकी (psyche)*, अर्थात्, आत्मा वा मनलाई धेरै पटक "जीवन" ("life") भनेर पनि अनुवाद गरिएको छ भन्ने तथ्यमा हामी यसको अर्थको संकेत पाउन सक्छौं। त्यसपछिको परिचित खण्डलाई याद गर्नुहोस्। यी प्रत्येकमा "जीवन" ("life") वा "प्राण" ("soul") भन्ने शब्द *साइकी (psyche)* अर्थात्, आत्मा वा मन बाट अनुवाद गरिएको हो:

> "यसैकारण म तिमीहरूलाई भन्दछु, 'के खाउँला, के पिउँला भनी आफ्नो *प्राणको* निम्ति र के लगाउँला भनी आफ्नो शरीरको निम्ति फिक्री नगर।' के जीवन खानेकुराभन्दा र शरीर लुगाफाटाभन्दा उत्तम होइन?" (मत्ती ६:२५; जोड दिइएको छ)।

> "आफ्ना मित्रहरूका लागि आफ्नो *प्राण* अर्पण गरिदिनुभन्दा ठूलो प्रेम अरू कसैको हुँदैन" (यूह १५:१३; जोड दिइएको छ)।
> "जो तिमीहरूमध्ये पहिलो हुने इच्छा गर्दछ, त्यो तिमीहरूको कमारो हुनुपर्छ, जसरी मानिसको पुत्र पनि सेवा पाउनलाई होइन तर सेवा गर्न र धेरैको छुटकाराको मोल स्वरूप आफ्नो *प्राण* दिन आयो" (मत्ती २०:२७, २८; जोड दिइएको छ)।

यी खण्डहरूमा, *साइकी (psyche)* अर्थात्, प्राण शब्दले व्यक्तिभित्र भएको जीवनलाई उल्लेख गर्दछ। मेरो विचारमा, परमेश्वरलाई "आफ्नो सारा प्राणले ... प्रेम गर्नु" भनेको उहाँलाई आफ्नो सारा जीवत्वले प्रेम गर्नु हो—उहाँलाई आफूमा भएको सबै कुराले, आफू को हो ती सबै कुराले, अनि पछि हुन सक्ने सबै कुराले प्रेम गर्नु।

भर्खरै उल्लेख गरेको खण्डहरूबाट मुख्य कुरालाई जोड दिइसकेपछि, परमेश्वरलाई हाम्रो सारा जीवनले प्रेम गर्नु भनेको उहाँलाई संसारिक जीवनको भौतिक कुराहरूभन्दा उच्च स्थानमा राख्नु पर्छ भन्ने कुरा पनि यसमा समावेश हुन्छ। यसको तात्पर्य, आवश्यक परेमा हामीले हाम्रो जीवन उहाँको निम्ति बलिदान दिनुपर्छ भन्ने पनि हो—र हाम्रो जीवन उहाँ र सम्पूर्ण मानवको सेवामा समर्पण गर्नु पनि यसको अर्थ हो। परमेश्वरलाई हाम्रो सारा हृदयले प्रेम गर्नु भनेको हाम्रो पूर्णता उहाँलाई दिनु हो—हृदय, शरीर, र प्राण। एक महान

अग्रगामी प्रचारक, टि. बी. ल्यारिमोर (T. B. Larimore) को भनाइ छ, "मस्तिष्क, मांसपेशी, र सम्पत्ति; समय, बोली, र प्रतिभा; शिर, हात, र हृदय; शरीर, प्राण, र आत्मा (Mind, muscle, and money; time, tongue, and talent; head, hand, and heart; body, soul, and spirit)"[31]—सबैलाई परमप्रभुको निम्ति समर्पण गर्नु पर्छ।

निष्कर्ष

पूर्ण व्यक्तिको धर्म यहाँ छ: "तैंले परमप्रभु आफ्ना परमेश्वरलाई तेरो सारा हृदयले, तेरो सारा प्राणले, तेरो सारा समझले, र तेरो सारा शक्तिले प्रेम गर्" (मर्कू १२:३०)। श्रमिकले आफ्ना हात प्रयोग गर्छ। कारीगरले आफ्ना हात र आफ्नो मस्तिष्क प्रयोग गर्छ। कलाकारले आफ्ना हात, मस्तिष्क, र हृदय प्रयोग गर्छ। इसाईले *परमेश्वरको निम्ति* आफ्ना हात, आफ्नो मस्तिष्क, आफ्नो हृदय, र आफ्नो जीवन प्रयोग गर्छ। मर्कूस १२:३० प्रभुमा पूर्ण रूपमा समर्पित व्यक्तिको चित्र हो।

येशूले "ख्रीष्ट" को बारेमा प्रश्न गर्नुहुन्छ
(मत्ती २२:४१-४६; मर्कू १२:३५-३७; लूक २०:४१-४४)

मत्ती २२:४१-४६

**४१जब फरिसीहरू भेला भएका थिए, तब येशूले तिनीहरूलाई एउटा प्रश्न गर्नुभयो,
४२"ख्रीष्टको विषयमा तिमीहरू के ठान्छौ? ऊ कसको पुत्र हो?" तिनीहरूले उहाँलाई भने,
"दाऊदका पुत्र।" ४३उहाँले तिनीहरूलाई भन्नुभयो, "त्यसो भए दाऊदले आत्मामा प्रेरणा
पाएर उसलाई प्रभु भनी कसरी पुकार्न सक्छन्? उनी भन्छन्, ४४"परमप्रभुले मेरा प्रभुलाई
भन्नुभयो, "तिमी मेरो दाहिने हातपट्टि बस, जबसम्म म तिम्रा शत्रुहरूलाई तिम्रा खुट्टाका
पैतालामुनि राख्दिनँ"।' ४५यदि दाऊदले उसलाई प्रभु भन्दछन् भने, ऊ कसरी तिनको पुत्र
हुन्छ र?" ४६अनि कसैले पनि जवाफमा एक वचन बोल्न सकेन। त्यस दिनदेखि कसैलाई
उहाँसँग प्रश्न सोध्ने आँट भएन।**

मर्कूस १२:३५-३७

**३५अनि मन्दिरमा सिकाउनुहुँदा येशूले भन्नुभयो, "कसरी ख्रीष्ट दाऊदका पुत्र हुन् भनी
व्यवस्थाका शास्त्रीहरू भन्दछन्? ३६किनकि दाऊद आफैले पवित्र आत्माद्वारा भनेका छन्,
परमप्रभुले मेरा प्रभुलाई भन्नुभयो, 'तिमी मेरो दाहिने हातपट्टि बस, जबसम्म म तिम्रा
शत्रुहरूलाई तिम्रा खुट्टाका पैतालामुनि राख्दिनँ।' ३७जब दाऊद आफैले उनलाई 'प्रभु'
भन्दछन्, त कहाँबाट उनी तिनका पुत्र भए?" अनि त्यहाँको ठूलो भीड़ले उहाँको वचन
खुसीसाथ सुन्यो।**

लूका २०:४१-४४

**४१तर उहाँले तिनीहरूलाई भन्नुभयो, "ख्रीष्ट दाऊदका पुत्र हुन् भनी तिनीहरू कसरी
भन्दछन्? ४२किनकि भजनको पुस्तकमा दाऊद आफै भन्दछन्, 'परमप्रभुले मेरा प्रभुलाई**

---

[31]एभोन मेलोन (Avon Malone) को "द क्यारेक्टरस्टिक्स् अफ अ गुड स्टेवार्ड" मा उल्लेख गरिएको, *द प्रिचर्स् पेरियोडिकल* (जुलाइ १९८३):११।

भन्नुभयो, "तिमी मेरो दाहिने हातपट्टि बस, [४३]जबसम्म म तिम्रा शत्रुहरूलाई तिम्रा खुट्टाको पाउदान तुल्याउँदिनँ"।' [४४]यसरी दाऊदले उनलाई 'प्रभु' भन्दछन् भने, फेरि उनी कसरी दाऊदका पुत्र भए?"

ख्रीष्टका शत्रुहरूले प्रश्न गर्ने काम समाप्त गरेका थिए, तर उहाँले सक्नुभएको थिएन। उहाँ फरिसीहरूतर्फ फर्कनुभयो, जो अझै त्यहीं थिए (मत्ती २२:४१), र प्रश्न गर्नुभयो, **"ख्रीष्टको विषयमा तिमीहरू के ठान्छौ? ऊ कसको पुत्र हो?"** (मत्ती २२:४२क)। मत्तीका अनुसार, येशूले फरिसीहरूलाई यो प्रश्न गर्नुभयो। मत्ती १२:३५ ले संकेत गरे अनुसार येशूले त्यहाँ उपस्थित हुने सबैलाई यो प्रश्न गर्नुभएको हो। उहाँलाई केरकार गर्नेहरूलाइ यो प्रश्न गर्नुभएको हो भन्ने कुराको संकेत लूका २०:४०, ४१ ले दिन्छ। यी सबै विवरण सही छन्: उहाँलाई सुन्नेहरू सबैका निम्ति यो प्रश्न गर्नुभएको हो, तर विशेष गरी फरिसीहरूलाई (जसले उहाँलाई केरकार गरिरहेका थिए) यसको उत्तर दिने चुनौती दिनुभयो।

जब फरिसीहरूले "ख्रीष्ट" भन्ने शब्द सुने, हामीले जस्तो तिनीहरूले येशूको बारेमा विचार गरेनन्, तर परमेश्वरले शताब्दीऔं अघि प्रतिज्ञा गर्नुभएको मसीहको बारेमा विचार गरे। झट्ट हेर्दा येशूको प्रश्नको उत्तर सजिलै दिन सकिन्छ जस्तो देखिन्छ। मसीह (ख्रीष्ट) दाऊद राजाको वंशबाट आउनुहुनेछ भन्नेमा यहूदी विद्वानहरू सहमत थिए (२ शमू ७:१२, १३; भज ८९:३, ४; १३२:११; यशै ९:७; ११:१, २; यर २३:५)। त्यसैले तिनीहरूले उत्तर दिए, **"दाऊदका पुत्र"** (मत्ती २२:४२ख)। तिनीहरूको उत्तर गलत थिएन, तर यो अपूर्ण थियो। मसीह दाऊदको वंशबाट आउनुहुनेछ भनेर धर्मशास्त्रले सिकाउँछ, तर यसले त्योभन्दा बढी बताउँछ। मसीहको बारेमा आफ्नो बुझाइलाई फरिसीहरूले विस्तारित गर्नु पर्ने आवश्यक थियो।

येशूले दोस्रो प्रश्न गर्नुभयो: **"त्यसो भए दाऊदले आत्मामा प्रेरणा पाएर उसलाई प्रभु भनी कसरी पुकार्न सक्छन्? उनी भन्छन्, 'परमप्रभुले मेरा प्रभुलाई भन्नुभयो, "तिमी मेरो दाहिने हातपट्टि बस, जबसम्म म तिम्रा शत्रुहरूलाई तिम्रा खुट्टाका पैतालामुनि राख्दिनँ""'** (मत्ती २२:४३, ४४)। यो वचन भजनसंग्रह ११०:१ बाट लिइएको थियो, "जसलाई यहूदीहरूले सामान्यतया मसीह सम्बन्धी प्रतिज्ञा भनी मान्थे।"[32] दाऊदले भजनसंग्रह ११० लेखेका हुन् र उसले परमेश्वरको प्रेरणाद्वारा लेखेका हुन् भन्ने कुरालाई येशूले निश्चित गर्नुभयो। पदमा पहिले "परमप्रभु" भनेर परमेश्वरलाई, अर्थात् पितालाई उल्लेख गरिएको हो। दोस्रो "प्रभु" ले मसीहलाई उल्लेख गर्छ भन्ने मान्यता यहूदीहरूको थियो।

येशूले भन्नुभयो, **"यदि दाऊदले उसलाई 'प्रभु' भन्छन् भने, ऊ कसरी तिनको पुत्र हुन्छ र?"** (मत्ती २२:४५)। ख्रीष्ट "दाऊदका पुत्र" *हुनुहुन्थ्यो* तर उहाँ त्योभन्दा पनि *बढी* हुनुहुन्थ्यो। दाऊदभन्दा पहिले नै ख्रीष्ट, उनको प्रभुको रूपमा अस्तित्वमा हुनुहुन्थ्यो र उहाँ नै दाऊदका सृष्टिकर्ता हुनुहुन्थ्यो। वर्षौंपछि, यो बहुमुखी अवधारणालाई येशूले यूहन्नालाई गवाही दिने क्रममा प्रकट गर्नुभयो, "दाऊदका मूल *र* सन्तान म नै हुँ" (प्रका २२:१६; जोड दिइएको छ)। मसीह *दाऊदका* पुत्र (राजकीय व्यक्ति) हुनुहुनेछ भन्ने कुरा फरिसीहरूले बुझेका थिए; तिनीहरूले के समेत बुझ्नु पर्ने आवश्यक थियो भने उहाँ *परमेश्वरको* पुत्र समेत हुनुहुन्छ (ईश्वरीय व्यक्ति)।

---

[32]कार्टर (Carter), २६३।

अनि कसैले पनि जवाफमा एक वचन बोल्न सकेन (मत्ती २२:४६)। यसलाई उत्तर दिनको निम्ति, मसीह सम्बन्धी तिनीहरूले सिकाउने शिक्षा पूर्ण शिक्षा थिएन भन्ने कुरालाई तिनीहरूले स्वीकार गर्नुपर्नेथियो। मर्कूसले लेखेका छन्, "ठूलो भीड़ले उहाँको वचन खुसीसाथ सुन्यो" (मर्कू १२:३७ख; न्यू इन्टरनेशनल संस्करण [NIV])। आफैलाई धर्मशास्त्रको बुझकी भनी ठान्नेहरूलाई येशूले चुपचाप बनाउनुभएको हेर्न पाउँदा तिनीहरू अवश्य नै खुशी भएका थिए।

खण्ड २

अन्तिम प्रस्थान

निम्न खण्डहरूको संयोजित अध्ययन

मत्ती २३:१—२५:४६

मर्कूस १२:३८—१३:३७

लूका २०:४५—२१:३६

यूहन्ना १२:२०-५०

मंगलबार: “प्रश्नै-प्रश्नको दिन” (बाँकी)

शास्त्री र फरिसीहरूलाई ख्रीष्टको भर्त्सना
(मत्ती २३:१-३९; मर्कू १२:३८-४०; लूक २०:४५-४७)

मत्ती २३:१-३९

१तब येशूले भीड़हरू र आफ्ना चेलाहरूलाई यसो भन्नुभयो: २“शास्त्रीहरू र
फरिसीहरू मोशाको आसनमा बस्तछन्। ३यसकारण तिनीहरूले भनेका कुरा गर र मान,
तर तिनीहरूले गरेजस्तो चाहिँ नगर, किनकि तिनीहरूले शिक्षा त दिन्छन्, तर त्यसअनुसार
गर्दैनन्। ४तिनीहरूले गह्रौँ र बोक्न नसक्ने भारी बाँधेर मानिसहरूका काँधमा राखिदिन्छन्।
तर तिनीहरू आफैचाहिँ ती उठाउनलाई एक औँलाले पनि छुँदैनन्। ५तर तिनीहरू आफ्ना
सारा काम मानिसहरूलाई देखाउनलाई गर्दछन्। किनभने तिनीहरू आफ्ना निधार र
नाडीमा व्यवस्था-पत्री ठूला बनाउँछन्, र आफ्ना वस्त्रका झुम्काहरू लम्म्याउँछन्,
६भोजहरूमा तिनीहरू सम्मानका स्थान र सभाघरहरूमा प्रमुख आसनहरू मन पराउँछन्,
७बजारहरूमा अभिवादन खोज्छन् र मानिसहरूले गुरु भनेका रुचाउँछन्। ८तर
तिमीहरूलाई कसैले ‘गुरुज्यू’ नभनोस्, किनकि तिमीहरूका शिक्षक एउटै हुनुहुन्छ, र
तिमीहरूचाहिँ सबै दाजुभाइ हौ। ९तिमीहरू पृथ्वीमा कसैलाई आफ्ना पिता नभन, किनकि
स्वर्गमा तिमीहरूका एउटै पिता हुनुहुन्छ। १०तिमीहरूलाई कसैले ‘मालिक’ नभनोस्,
किनकि तिमीहरूका एकमात्र मालिक ख्रीष्ट नै हुनुहुन्छ। ११तिमीहरूमध्ये जो सबैभन्दा
उच्च छ, त्यो तिमीहरूको सेवक हुनेछ। १२जसले आफूलाई उच्च पार्छ, त्यो होच्याइनेछ,
र जसले आफूलाई होच्याउँछ, त्यो उच्च पारिनेछ। १३धिक्कार, तिमीहरूलाई, शास्त्री र
फरिसी हो, ढोंगीहरू! किनकि तिमीहरू मानिसहरूका सामुन्ने स्वर्गका राज्यको ढोका
बन्द गर्दछौ। तिमीहरू न त आफै पस्तछौ, न पस्न चाहनेहरूलाई पस्न दिन्छौ। १४[धिक्कार
तिमीहरूलाई, शास्त्री र फरिसी हो, ढोंगीहरू! किनकि तिमीहरू विधवाहरूका घर
खाइदिन्छौ, र लामो-लामो प्रार्थना गर्ने भान पार्दछौ। यसैले अरूले भन्दा तिमीहरूले ज्यादा
दण्ड पाउनेछौ।] १५धिक्कार तिमीहरूलाई, शास्त्री र फरिसी हो, ढोंगीहरू! किनकि
तिमीहरू एक जनालाई आफ्नो मतमा ल्याउनलाई समुद्र र जमिन चहार्दछौ, र त्यो
तिमीहरूको मतमा आएपछि त्यसलाई आफूभन्दा दोबर नरकको छोरो बनाउँछौ।
१६धिक्कार तिमीहरूलाई, अन्धा अगुवा हो, जसले भन्दछौ, ‘कसैले मन्दिरको शपथ खाँदा
केही हुँदैन, तर मन्दिरका सुनको शपथ खाँदा त्यस शपथले बाँधिनेछ।’ १७मूर्ख र अन्धा
हो, कुनचाहिँ ठूलो हो? सुन कि सुनलाई पवित्र पार्ने मन्दिर? १८‘कसैले वेदीको शपथ खाँदा
केही हुँदैन, तर त्यसमाथि राखिएको भेटीको शपथ खाँदाचाहिँ शपथले बाँधिनेछ।’ १९ए
अन्धा हो, कुनचाहिँ ठूलो हो? भेटी कि भेटीलाई पवित्र पार्ने वेदी? २०यसकारण वेदीको
शपथ खानेले वेदीको र त्यसमाथिका सबै थोकको शपथ खान्छ। २१मन्दिरको शपथ
खानेले मन्दिर र त्यसभित्र वास गर्नुहुनेको शपथ खान्छ। २२स्वर्गको शपथ खानेले
परमेश्वरका सिंहासनको र त्यसमाथि विराजमान हुनुहुनेको शपथ खान्छ। २३धिक्कार
तिमीहरूलाई, शास्त्री र फरिसी हो, ढोंगीहरू! किनकि तिमीहरू पुदीना र सूँप र जीराको
दशांश दिन्छौ, तर व्यवस्थाका गहकिला विषयहरू, अर्थात् न्याय, दया र विश्वासको
अवहेलना गरेका छौ। तिमीहरूले दशांश दिने काम गर्नुपर्नेथियो, अनि ती गहकिला

विषयहरूको अवहेलना नगर्नुपर्नेथियो। [२४]अन्धा अगुवा हो, तिमीहरू भुसुना चाल्दछौ, तर
ऊँटलाई चाहिँ निलिहाल्दछौ। [२५]धिक्कार तिमीहरूलाई, शास्त्री र फरिसी हो, ढोंगीहरू!
किनभने तिमीहरू कचौरा र थालको बाहिरपट्टि माझ्दछौ, तर भित्रपट्टि भने ती लोभ र
असंयमले भरिएका हुन्छन्। [२६]अन्धा फरिसी हो, पहिले कचौरा र थालको भित्रपट्टि सफा
पार, र तिनको बाहिरपट्टि पनि सफा होस्। [२७]धिक्कार तिमीहरूलाई, शास्त्री र फरिसी
हो, ढोंगीहरू! किनकि तिमीहरू चून लाइराखेका चिहानहरूजस्ता छौ, जो बाहिरपट्टि
सुन्दर देखा पर्छन्, तर भित्रपट्टि भने मरेका मान्छेहरूका हाड़हरू र सबै अशुद्धताले
भरिएका हुन्छन्। [२८]यसरी नै तिमीहरू पनि बाहिर भने मानिसहरूका सामुन्ने धर्मी देखा
पर्दछौ, तर भित्र भने कपट र दुष्टताले भरिएका छौ। [२९]धिक्कार तिमीहरूलाई, शास्त्री र
फरिसी हो, ढोंगीहरू! किनकि तिमीहरू अगमवक्ताका चिहानहरू बनाउँछौ, र धर्मीहरूका
स्मारकलाई सिङ्गार्छौ, [३०]र भन्दछौ, 'हामी आफ्ना पुर्खाहरूका समयमा भए ता हामी
अगमवक्ताहरूको रगत बगाउनमा उनीहरूसँग सहभागी हुनेथिएनौं।' [३१]यसरी तिमीहरू
अगमवक्ताहरूलाई हत्या गर्नेका सन्तान हौ भन्ने प्रमाण तिमीहरू आफै दिन्छौ।
[३२]तिमीहरूका पुर्खाहरूले गरेका पापको काम पूरा गर। [३३]सर्पहरू, साँभे सर्पका बच्चा हो,
तिमीहरू नरकको दण्डदेखि कसरी उम्कनेछौ? [३४]यसकारण म तिमीहरूकहाँ
अगमवक्ताहरू, बुद्धिमान् मानिसहरू र शास्त्रीहरू पठाउँछु। तिनीहरूमध्ये कति जनालाई
तिमीहरूले मार्नेछौ र क्रूसमा टाँग्नेछौ, र कति जनालाई आफ्ना सभाघरहरूमा कोर्रा
लगाउनेछौ, र सहर-सहर हुँदो सताउनेछौ। [३५]पृथ्वीमा बगाइएको सब धर्मी जनको रगत—
निर्दोष हाबिलको रगतदेखि लिएर बेरेक्याहका छोरा जकरियाको रगतसम्म, जसलाई
तिमीहरूले पवित्रस्थान र वेदीका बीचमा हत्या गऱ्यौ— सो तिमीहरूकै टाउकामा पर्नेछ।
[३६]साँच्चै, म तिमीहरूलाई भन्दछु, यी सबै कुरा यसै पुस्तामाथि आइपर्नेछन्। [३७]ए
यरूशलेम, ए यरूशलेम, तँ जसले अगमवक्ताहरूलाई मार्ने र तँकहाँ पठाइएकाहरूलाई
ढुङ्गाले हान्ने! जसरी कुखुरीले आफ्ना चल्लाहरूलाई पखेटामुनि बटुल्छ, त्यसरी नै मैले
धेरै पल्ट तेरा बालकहरूलाई बटुल्ने इच्छा गरें, तर तैंले मानिनस्। [३८]हेर, तिमीहरूको घर
उजाड छोडिएको छ। [३९]किनभने म तिमीहरूलाई भन्दछु, 'परमप्रभुको नाउँमा आउने
धन्यका हुन्' नभनेसम्म तिमीहरूले मलाई देख्नेछैनौ।"

मर्कूस १२:३८-४०

[३८]तब शिक्षा दिनुहुँदा येशूले भन्नुभयो, "शास्त्रीहरूदेखि होशियार रहो। तिनीहरू लामो
वस्त्र लाएर यताउता डुल्न र बजारहरूमा अभिवादन पाउन, [३९]तथा सभाघरहरूमा प्रमुख
स्थान र भोजहरूमा आदरको स्थान पाउन रुचाउँछन्। [४०]तिनीहरू विधवाहरूका घर
लुट्छन्, तर लोकाचारको लागि लामो-लामो प्रार्थना गर्दछन्। यस्ता मानिसहरूले अझ
बढ़ी दण्ड पाउनेछन्।"

लूका २०:४५-४७

[४५]अनि सबै मानिसहरूले सुन्दैगर्दा उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयो, [४६]"लामो
पोशाक पहिरेर यताउति हिँड्ने, र बजारमा अभिवादन खोज्ने, र सभाघरहरूमा प्रमुख
आसन र भोजमा आदरको स्थान रुचाउने शास्त्रीहरूदेखि होशियार रहो। [४७]तिनीहरूले
विधवाहरूका घर हड़प गर्छन्, र लामो देखावटी प्रार्थना गर्छन्। यिनीहरूले नै बढ़ी दण्ड

पाउनेछन्।”

येशू र उहाँका शत्रुहरूको मौखिक विवाद भएको देखेपछि त्यहाँ भीड जम्मा भयो (मर्कू १२:३७ख हेर्नुहोस्)। तिनीहरूसँगको विवादलाई अन्त्य गर्नुभन्दा पहिले, ख्रीष्टले थप एउटा कुरा गर्नुभयो। यो रोचक कुरा त थिएन, तर यसलाई गरिनु नै पर्नेथियो। उहाँको ओठबाट फरिसीहरू विरुद्ध कठोर अभियोगका शब्दहरू निस्किए। यो सम्प्रादयले उहाँलाई वर्षौंदेखि सताउँदै आएको थियो, तर तिनीहरू विरुद्धको यो अभियोगमा आफ्नो रीस तथा निराशालाई व्यक्त गर्ने उद्देश्य मात्र उहाँको थिएन। येशूले यहाँ किन कठोर भाषामा बोल्नुभयो त्यसका केही सम्भावित कारणहरू यस प्रकार छन्:

(१) दुष्टतालाई प्रकाश गरिनु आवश्यक छ। भजनकारले लेखेका छन्, “परमप्रभुलाई प्रेम गर्ने सबैले खराबीलाई घृणा गरून्” (भज ९७:१०क; हेर्नुहोस्: आमो ५:१५)। ख्रीष्टले यसभन्दा पहिले कोर्रा लगाउँदै मन्दिरको शुद्धिकरण गर्नुभएको थियो; यस पटक उहाँले वचनद्वारा यसो गर्नुभयो।

(२) फरिसीहरू वास्तविकतामा कस्ता छन् भन्ने कुरा फरिसीहरूद्वारा प्रभावितहरूले देख्नु आवश्यक थियो। यसरी उहाँले भीडलाई सामान्य रूपमा (मत्ती २३:१) र आफ्ना चेलाहरूलाई निश्चित रूपमा सम्बोधन गर्नुभयो (मत्ती २३:१; लूक २०:४५)।

(३) फरिसीहरूले पश्चात्ताप गर्नुपर्नेथियो। उहाँले फरिसीहरूलाई समेत सम्बोधन गर्नुभयो (मत्ती २३:१३)। तिनीहरूमध्ये एक दुई जनाको बुद्धि फर्किन्छ कि भन्ने आशा उहाँको रहेको हुनसक्छ। वचनले भन्छ, “बुद्धिमान् मानिसलाई हप्का, र त्यसले तँलाई प्रेम गर्नेछ” (हितो ९:८ख)। यसभन्दा पहिले, येशूले “परमेश्वरको राज्यदेखि टाढ़ा छैनौ” एक जना फरिसीलाई भेट्टाउनुभएको थियो (मर्कू १२:३४)। शायद त्यहाँ इमानदार हृदय भएका अरू पनि उपस्थित थिए।

मत्ती २३ मा ख्रीष्टले बोल्नुभएको “धिक्कार” लाई उल्लेख गर्ने क्रममा लेखकहरूले उहाँको राँकिएका आँखा र औंलाले ठड्याउँदै उहाँ बोल्नुभएको दृष्यलाई चित्रण गर्छन्, तर के तपाईं उहाँको सन्देशको भावमा पीडा लुकेको अनुभव गर्न सक्नुहुन्न? एक जना लेखकको विचारमा, मत्ती २३ भनेको ...

> ... गहिरो दयाभावको चिच्याहट र रोदन हो; र यसको कठोरतामा करुणाभाव पनि मिसिएको छ भन्ने कुरालाई नबुझेसम्म यो हप्कीको मुख्य भाव र यसको उद्देश्यलाई हामी बुझ्न सक्दैनौं। वास्तवमा आफ्ना हठी शत्रुहरूलाई मुक्तिदाताले दिनुभएको यो अन्तिम अनुरोध हो, र तिनीहरूले कतै पश्चात्ताप गरिहाल्छन् कि भन्ने अपेक्षाका साथ तिनीहरूलाई लगाइनु पर्ने दोष र तिनीहरू विरुद्ध गर्नै पर्ने अनिवार्य प्रतिकार, यो थियो।[1]

ख्रीष्टका यी रूखो वचनहरूले उहाँका शत्रुहरूलाई हप्काउनु मात्रै उहाँको उद्देश्य थियो भन्ने संकेत गर्छ भनेर हामीले निष्कर्ष निकाल्न मिल्दैन। येशूको अन्तिम विलापले (मत्ती २३:३७-३९), उहाँको “दया र करुणा व्यक्त गर्ने इच्छा” लाई प्रकट गर्दछ।[2]

मत्ती २३ अध्याय फरिसीहरूको *पाखण्डी* आचरणमा केन्द्रित छ (पद २३:१३-१५,

---

[1]डेभिड स्मीथ (David Smith), *आवर लर्ड्स् अर्थ्ली लाइफ* (न्यू योर्क: जी. एच. डोरान, १९२६), ३५३; एच. आइ. हेस्टर (H. I. Hester), *द हर्ट अफ द न्यू टेस्टामेन्ट* मा उल्लेख गरिएको छ (लिबर्टी, मो.: क्वालिटि प्रेस, १९६३), १९४।

[2]जोन फ्र्याङ्कलिन कार्टर (John Franklin Carter), *अ लेम्यान्स् हार्मनी अफ द गोस्पलस्* (न्यासभिल: ब्रोड-म्यान प्रेस, १९६१), २६५।

२३, २५, २७-२९ हेर्नुहोस्)। प्रभुको नजरमा, पाखण्डीपनाको पापभन्दा ठूला अरू केही पापहरू मात्र थिए। **ढोंगी** भनी लिप्यान्तरण गरिएको अंग्रेजी शब्द हिपोक्रिट (hypocrite) ग्रीक शब्द ὑποκριτής (*हुपोक्रितेस्, hupokritēs*) बाट आएको हो र ग्रीक भाषामा यसलाई मञ्चमा अभिनय गर्ने कलाकारलाई बुझाउन प्रयोग गरिन्छ। हुपोक्रिटस् मिश्रित शब्द हो, र यो "न्याय गर्नु, वा ठान्नु" भन्ने अर्थ दिने (κριτής, *क्रितेस्, kritēs*) शब्दमा "मुनि" वा "द्वारा" अर्थ दिने उपसर्ग ὑπό (*हुपो, hupo*) लागेको हुन्छ। यसको अर्थ, जो आफू होइन त्यही भएको नकल गर्नु भन्ने हुन्छ। यहाँ "नकल गर्नु" भन्ने वाक्यलाई याद गर्नुहोस्। बेलामौकामा हामी सबैले "कुरो त गरेका हुन्छौं तर कुरो अनुसार व्यवहारमा गरेका हुँदैनौं"—तर, आफूले बोलेको कुरालाई पूरा गर्न नसक्नु ढोंगी वा पाखण्डी हुनु भने होइन। कुनै व्यक्तिले, आफूले सक्नेजस्तो सबैभन्दा उत्कृष्ट जीवन जिउन नसक्नु पनि पाखण्डी हुनु होइन; हामी सबै यस्ता कुरामा चुक्छौं (रोम ३:२३)। बरु, आफ्नो आत्मिक अवस्थाको बारेमा जानीजानी अरूलाई धोका दिने प्रयास गर्ने मानिस नै पाखण्डी हो। पाखण्डी जीवनशैली कपट र पाखण्डी सोचाइले भरिएको हृदयबाट सुरु हुन्छ।

यस्तो हो भने, कुनै व्यक्ति ढोंगी भएको हो कि, अथवा हामी सबैमा हुने कमजोरीसँग नै उसले संघर्ष गरिरहेको हो भन्ने कुरा कसरी हामीले निश्चित रूपमा थाहा पाउन सक्छौं त? हामीले यो कुरा थाहा पाउन सक्दैनौं। येशूले यसो गर्न सक्नुहुन्थ्यो, किनभने उहाँले मानिसहरूको हृदय जान्नुहुन्छ (यूह २:२५); तर मैले र तपाईंले अरूका हृदय भित्रको कुरो जान्न सक्दैनौं। त्यसैले अरूलाई "ढोंगी, पाखण्डी, स्वाङी" भनेर भन्नुभन्दा पहिले यो कुरालाई विचार गरौं। मैले जान्न सक्ने एउटै हृदय भनेको मेरो आफ्नै हृदय हो। तपाईंले जान्न सक्ने एउटै हृदय तपाईंको आफ्नो हो (१ कोर २:११)। त्यसैले, फरिसीहरूका पाखण्डीपन र ढोंगीपनको बारेमा अध्ययन गर्ने क्रममा, फलानासँग पो यो कुरा त मिल्छ भनी तुलना गर्न नखोजौं। बरु, हामी हाम्रो आफ्नै हृदयलाई जाँचौं अनि त्यहाँ कतै पाखण्डीपन वा ढोंगीपन लुकिरहेको छ कि हेरौं।

फरिसीहरूको ढोंगीपनलाई दोष दिने क्रममा, तिनीहरूले **ज्यादा दण्ड पाउनेछौ** भनी ख्रीष्टले बताउनुभयो (मत्ती २३:१४; मर्कू १२:४०) र तिनीहरूलाई **"नरकको छोरो"** भनी भन्नुभयो (मत्ती २३:१५)। यो उपदेशको अन्त्यतिर, उहाँले भन्नुभयो, **"सर्पहरू, साँभे सर्पका बच्चा हो, तिमीहरू नरकको दण्डदेखि कसरी उम्कनेछौ?"** (मत्ती २३:३३; लाई मत्ती ३:७; १२:३४; लूक ३:७ सँग तुलना गर्नुहोस्)। यदि फरिसीहरूलाई रीस पो उठाइन्छ कि भनी चेलाहरू अझै चिन्तित थिए भने (मत्ती १५:१२), येशूको "धिक्कार" वाणीले तिनीहरूलाई अब त्यो चिन्ताबाट मुक्त गराएको हुनसक्छ।

यो उहाँको अन्तिम सार्वजनिक उपदेश थियो र यो उहाँको अन्तिम उपदेशहरूमध्येको एक हो। "तिनीहरूलाई यसो भनिनु योग्य नै थियो; तर यो घातक आक्रमण थियो भन्ने कुरा येशूलाई थाहा भएको हुनसक्छ। यसपछि उहाँले तिनीहरूबाट कुनै दयामायाको आशा गर्नुभएन।"[3] उहाँका शत्रुहरू "रक्ताम्मे" र घाइते भएर युद्धभूमि छाडी गएको हुनसक्छ, तर यो घटनापछि तिनीहरूले उहाँलाई मार्ने अझै ठूलो अठोट गरे।

---

[3]बी. एस. डिन (B. S. Dean), "द लास्ट वीक अफ जिजस् मिनिस्ट्री," *टुथ फर टुडे* १२ (मार्च १९९२): २५।

प्रयोग: "फरिसीहरूको खमिरबाट होशियार रहो"
(मत्ती २३:१-३९; मर्कू १२:३८-४०; लूक २०:४५-४७)

एक दिन, येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, "ध्यान देओ, फरिसी र सदुकीहरूको खमिरबाट होशियार रहो" (मत्ती १६:६)। पहिला, उहाँका चेलाहरू यो कुरा सुनेर छक्क परेका थिए, तर अन्त्यमा तिनीहरूले कुरा बुझे, "उहाँले रोटीको खमिरबाट होइन तर फरिसी र सदुकीहरूको *शिक्षाबाट* होशियार रहनू भन्नुभएको रहेछ" (मत्ती १६:१२; जोड दिइएको छ)। अर्को घटनामा, उहाँले भन्नुभयो, "तिमीहरू फरिसीहरूको खमिरदेखि होशियार बस। त्यो खमिर तिनीहरूको *कपट आचरण* हो" (लूक १२:१; जोड दिइएको छ)।

फरिसीहरू जत्तिको हठी अरू कोही पनि ख्रीष्टका शत्रुहरू थिएनन्, र मत्ती २३ र सहायक खण्डहरू, मर्कूस र लूकाले जस्तो अरू कुनै खण्डले तिनीहरूका बारेमा यति स्पष्ट रूपमा पर्दाफास गर्दैन। येशूले किन आफ्ना चेलाहरूलाई फरिसीहरूको खमिर (प्रभाव) को विरुद्ध चेतावनी दिनुभयो? किन येशूले फरिसीहरूको खमिर भनेको कपट वा ढोंगीपन हो भनी भन्नुभयो? यी प्रश्नहरूलाई उत्तर दिन, हामीले मत्ती २३ लाई अध्ययन गर्नु आवश्यक छ।

यो अध्यायमा जस्तो रूखो शब्द प्रभुले कहिल्यै प्रयोग गर्नुभएन। यो उपदेशलाई समावेश गरिनुको कारणहरूमध्ये एउटा कारण हो: यसलाई जोगाएर राखियो, *किनभने हामीलाई यसको आवश्यकता छ*। येशूका वचनहरू विश्यव्यापी रूपमा लागू हुन्छन्। फरिसीहरूको पापबाट सबै मानवजाति संक्रमित नै छन्—थोरै वा धेरै रूपमा। यसको साथै, फरिसीहरूजस्तै हामीमध्ये धेरैलाई हाम्रा कमजोरीहरूका बारेमा थाहा हुँदैन। प्रभुले दिनुभएको उक्त "झड्काको उपचारले" हामी सबैलाई फाइदा समेत गर्न सक्छ।

हामी सजिलै अरूलाई स्वाङी देख्छौं, अथवा कम्तीमा अरूलाई पाखण्डी भनी *भन्न* हामीलाई सहज हुन्छ, तर यही कुरालाई हामी आफैमा देख्न हामीलाई निकै गाह्रो पर्छ। मत्ती २३ लाई अध्ययन गर्ने क्रममा, हामीले यी कुरालाई *आफैमा* लागू गरौं।

व्याख्या[4] (मत्ती २३:१-१२; मर्कू १२:३८, ३९; लूक २०:४५, ४६)

ख्रीष्टले पहिला भीडलाई सम्बोधन गर्नुभयो, र यो सम्बोधनले त्यसपछि आउने "धिक्कार" वाणीका निम्ति पृष्ठभूमि तयार गऱ्यो: "शास्त्रीहरू र फरिसीहरू मोशाको आसनमा बस्तछन्" (मत्ती २३:२)। शास्त्री र फरिसीहरू आफैले नियुक्त गरेका, तैपनि आम रूपमा भने पहिचान पाएका, मोशाको व्यवस्थाको अधिकारीहरू थिए। शास्त्रीहरूलाई फरिसीहरूसँगै उल्लेख गरिन्छ, किनकि, तिनीहरूमध्ये धेरैजसो त्यस सम्प्रायदयका सदस्यहरू थिए। "यसकारण तिनीहरूले भनेका कुरा गर र मान, तर तिनीहरूले गरेजस्तो चाहिँ नगर" (मत्ती २३:३क)। अर्थात्, "तिनीहरूले भनेका सबै कुरा *मोशाको व्यवस्था र शिक्षासँग मिल्छ,* त्यसैले तिनीहरूले भनेका कुरा गर र मान।" "तर तिनीहरूले गरेजस्तो चाहिँ नगर, किनकि तिनीहरूले शिक्षा त दिन्छन्, तर त्यसअनुसार गर्दैनन्" (मत्ती २३:३ख)। येशूले फरिसीहरूलाई दिनुभएको दोषको केन्द्रबिन्दु "तिनीहरूले शिक्षा त दिन्छन्, तर त्यसअनुसार गर्दैनन्" भन्ने वाक्यमा पाइन्छ। न्यू इन्टरनेशनल

---

[4]यो खण्डको तीन वटा बुँदाहरूको शिर्षक वारेन डब्ल्यू. वियर्सबे (Warren W. Wiersbe) को, *द बाइबल एक्स्पोजिसन कमेन्टरी,* भोल. १ (विटन, Ill.: भिक्टोर बुक्स, १९८९), ८३-८६ बाट लिइएको हो।

संस्करण (NIV) मा यस्तो लेखिएको छ, “तिनीहरूले जे प्रचार गर्छन् त्यस अनुसार गर्दैनन्।” हामीले पहिले नै जोड दिएजस्तै, फरिसीहरू पाखण्डी आचरणको दोषी थिए (मत्ती २३:१३-१५, २३, २५, २७, २९; हेर्नुहोस्: लूक १२:१)।

फरिसीहरूको “भन्ने-तर-नगर्ने” जीवनशैलीको एउटा उदाहरण ख्रीष्टले दिनुभयो: “तिनीहरूले गह्रौं र बोक्न नसक्ने भारी बाँधेर मानिसहरूका काँधमा राखिदिन्छन्। तर तिनीहरू आफैचाहिँ ती उठाउनलाई एक औँलाले पनि छुँदैनन्” (मत्ती २३:४)। व्यवस्था आफै नै भारी थियो (प्रे १५:१०), तर तिनीहरूले आफ्नो परम्पराको ठूलो भार यसमाथि थुपारेर, भारीमाथि सुपाडी थपेका थिए (मर्कू ७:३)। तिनीहरूले व्यवस्था र परम्परालाई अरूमा लाद्ने प्रयास गरे, तर तिनीहरू आफै भने कसरी व्यवस्थाबाट उम्किने भनेर विभिन्न उपायाहरूमा लागिपरेका थिए। आफ्ना बृद्ध बाबुआमालाई हेरचहार गर्ने जिम्मेवारीबाट पन्छिने तिनीहरूको “कुर्बान चढाउने” बहानाको बारेमा हामीले पहिले नै हेरेका थियौं (मर्कू ७:११-१३)। कुनै जिम्मेवारी आफूलाई नपरोस् भन्ने हिसाबले शपथ खाने वाक्यको बारेमा हाम्रो खण्डमा अर्को उदाहरण हामीसँग छ (मत्ती २३:१६-२२)।

तैपनि, समाजले तिनीहरूलाई सबैभन्दा ठूलाबढा हुन् भनेर *ठानोस्* भन्ने चाहाना फरिसीहरूको थियो: “तर तिनीहरू आफ्ना सारा काम मानिसहरूलाई देखाउनलाई गर्दछन्। किनभने तिनीहरू आफ्ना निधार र नाडीमा व्यवस्था-पत्री ठूला बनाउँछन्” (मत्ती २३:५क)। “व्यवस्था-पत्री” भनेको यहूदीहरूले बाँध्ने “परिरक्षक वा रक्षाबन्धन” हो।[5] छालाको सानो बुटी जत्रो बाकस भित्र व्यवस्थाको कुनै खण्ड लेखेर राखिन्छ र यसैलाई बुझाउन यहूदीहरूले व्यवस्था-पत्री शब्द प्रयोग गर्छन्। तिनीहरूले यस्ता स-साना बाकसहरूलाई आफ्ना नाडी अनि निधारमा बाँध्छन् र आफ्ना घरको ढोकामा किलाले ठोकेर राख्छन्। व्यवस्था ६:८, ९ लाई ठेड रूपमा अर्थ्याएर यो मानव निर्मित परम्परा प्रचलनमा आएको हो (व्य ११:१८-२० हेर्नुहोस्)। परमेश्वरको व्यवस्थालाई हृदय र मस्तिष्कमा राख्न अनि यसलाई घरपरिवारको जिवनशैली बनाउने बारेमा व्यवस्था ६:८, ९ ले बताउँछ (प्रस १३:९ हेर्नुहोस्)। तैपनि, व्यवस्थाले भनेको कुरालाई गर्नुभन्दा, बाकस टाँसेर हिँड्नु नै सजिलो कुरा भयो। अरूका भन्दा ठूला-ठूला बाकस बनाएर फरिसीहरूले “आफ्ना व्यवस्था-पत्रीलाई” वृहत बनाएका हुन्थे।

त्यही हरफमा, येशूले भन्नुभयो, “[तिनीहरू] आफ्ना वस्त्रका झुम्काहरू लम्म्याउँछन्” (मत्ती २३:५ख)। व्यवस्थाको स्मरणस्वरूप आफ्ना वस्त्रको “चार कुनामा” झुम्काहरू लगाउनू भनी मोशाले इस्राएलीहरूलाई आज्ञा गरेका थिए (गन्ती १५:३८, ३९; व्य २२:१२)। फरिसीहरूले त्यसरी बनाइएका आफ्ना झुम्काहरूलाई अरूका भन्दा लामा-लामा बनाउँथे।

मर्कूस र लूकाको विवरण अनुसार, शास्त्री र फरिसीहरूका उदेक लाग्दो प्रदर्शनको अर्को उदाहरण येशूले यहाँ दिनुभएको छ: तिनीहरू “लामो वस्त्र लाएर यताउता डुल्न” मन पराउँछन् (मर्कू १२:३८; हेर्नुहोस्: लूक २०:४६)। भूँइ छुने वस्त्र “धनी र ज्ञानीहरू” ले लगाउने वस्त्र थियो (मर्कू १२:३८; लिभिङ बाइबल [LB])।

किन धार्मिक अगुवाहरूले त्यस किसिमका प्रदर्शन गर्थे त? मानिसहरूको जयजयकार प्राप्त गर्न: “भोजहरूमा तिनीहरू सम्मानका स्थान” मन पराउँछन् (मत्ती २३:६क)। यस्ता स्थान घरधनी बसेको स्थानको सबैभन्दा नजिकको ठाउँ हुन्थ्यो (लूक

---

[5] *द एनालाइटिकल ग्रीक लेक्सिकन* (लण्डन: शामुएल ब्याग्स्टर एण्ड सन्स लिमिटेड, १९७१) ४३१।

१४:७-११ हेर्नुहोस्)। "... तिनीहरू ... सभाघरहरूमा प्रमुख आसनहरू मन पराउँछन्" (मत्ती २३:६ख)। "प्रमुख आसनहरू" भन्नाले "सभाघरमा पाठ गर्ने व्यक्तिको पछाडी, दर्शकहरूतर्फ फर्केको अर्ध-गोलाकार आकारको बस्ने ठाउँ हो।"[६] "तिनीहरू ... बजारहरूमा अभिवादन खोज्छन् र मानिसहरूले गुरु भनेका रुचाउँछन्" (मत्ती २३:७)। मानिसहरूले आफूलाई अभिवादन गरेको र "रब्बी, महान् व्यक्ति" भनेको तिनीहरू रुचाउँथे।

उल्लेख गरिएको "रब्बी" शब्दबाट कुरा उठ्यो र प्रभुले धार्मिक पदहरूका बारेमा एउटा छोटकरी उपदेश दिनुभयो:

> तर तिमीहरूलाई कसैले "गुरुज्यू" नभनोस्, किनकि तिमीहरूका शिक्षक [ख्रीष्ट] एउटै हुनुहुन्छ, र तिमीहरूचाहिँ सबै दाजुभाइ हौ। तिमीहरू पृथ्वीमा कसैलाई आफ्ना पिता नभन, किनकि स्वर्गमा तिमीहरूका एउटै पिता हुनुहुन्छ। तिमीहरूलाई कसैले "मालिक" नभनोस्, किनकि तिमीहरूका एकमात्र मालिक ख्रीष्ट नै हुनुहुन्छ (मत्ती २३:८-१०)।

मानिसहरूलाई "गुरुज्यू," "पिता," वा "मालिक," नभन भनी येशूले भन्नुभयो। यसको अर्थ, हरेक अवस्थामा हामीले यसो गर्दैगर्नुहुन्न भन्ने होइन। नयाँ करारले "शिक्षक" (एफि ४:११) वा "अगुवा" (हिब्रू १३:१७, २४) को काम गर्नेहरूका बारेमा उल्लेख गरेको छ, र तपाईंको बाबुलाई "बुबा" भनी बोलाउनु गलत होइन (एफि ६:२)। आफूले सिकाएका विश्वासीहरूको आत्मिक "पिता" भनी पावलले आफैलाई भनेका छन् (१ कोर ४:१५)—तैपनि तिनीहरूले उनलाई "पावल पिता" वा "फादर पावल" भनी पद दिएनन्। बरु, ख्रीष्टले धार्मिक पदहरूको प्रयोगलाई दोष दिइरहनुभएको थियो: सबै मानिसहरूबाट "केहीलाई छनौट गर्न" र तिनीहरूलाई सम्बोधन गर्न विशेष उच्च पदको प्रयोग गर्ने कार्यलाई। "तिमीहरूचाहिँ सबै दाजुभाइ हौ" भन्ने कुरालाई येशूले जोड दिनुभयो। सबैभन्दा महान प्रेरित, "भाइ पावल" मात्र थिए (२ पत्र ३:१५), र महिला सहकार्मी "बहिनी फिबी" मात्र थिइन् (रोम १६:१)। यस प्रकारको पारिवारिक नाता नै प्रत्येक इसाईको निम्ति पर्याप्त हुन्छ।

भर्त्सना (मत्ती २३:१३-३६; मर्कू १२:४०; लूक २०:४७)

अब येशूले फरिसीहरूलाई सम्बोधन गर्ने समय आएको थियो। उहाँले तिनीहरूतिर फर्केर आठ वटा "धिक्कार" वाणी बोल्नुभयो। यीमध्ये सात वटा मत्तीको पुस्तकमा उल्लेख छ र मर्कूस र लूकाले उल्लेख गरे अनुसार प्रभुले आठ धिक्कारवाणीहरू बोल्नुभयो। ख्रीष्टले दिनुभएका दोषारोपणका यी वचनहरू "सबैभन्दा घातक वचनहरू" मध्येकामा मानिन्छ।[७] यस घटनामा येशूले फरिसीहरूका पापको बारेमा बताउनुभयो।

परम्परा र सत्यता (मत्ती २३:१३)

मसीहको बारेमा तिनीहरूमा रहेको पूर्वाकल्पित विचारले येशूलाई राजाको रूपमा

---

[६]जे जे. डब्ल्यू. म्याकगर्भे एण्ड फिलिप वाइ. पेण्ड्लेटन (J. W. McGarvey and Philip Y. Pendleton), *द फोरफोल्ड अफ गोस्पल अर हार्मनी अफ फोर गोस्पलस्* (सिन्सिनाटी:स्टचाण्डर्ड पब्लिसिङ को., १९१४), ३१३।

[७]स्मीथ (Smith), ३५३; हेस्टर (Hester), १९४ मा उल्लेख गरिएको छ।

स्वीकार गर्नबाट तिनीहरूलाई टाढा राखेको थियो। यिनै विचारहरूका कारणले नै मानिसहरूले उहाँलाई स्वीकार गर्न सकेका थिएनन्।

रुपैयाँपैसा र दया (मत्ती २३:१४; मर्कू १२:४०; लूक २०:४७)

फरिसीहरूले आफ्ना हेरचहार र रक्षा गर्छन् भन्ने विश्वास विधवाहरूले गर्थे, तर तिनीहरूको सम्पत्तिबाट फाइदा लिनलाई यी अगुवाहरूले तिनीहरूलाई ठग्थे, छल्थे। फरिसीहरूले "विधवाहरूको घर खाइदिन्छौ" कसरी गर्थे भन्ने बारेमा हामीलाई निश्चित रूपमा थाहा छैन, तर यस प्रकारको अनैतिक आचरण आजका केही बेईमानी वकीलहरूमा रहेको पाउँछौं। विधवाहरूबाट खोस्नु परमेश्वरको नजरमा घोर र अतिदुष्ट पाप हो (प्रस २२:२२-२४; व्य २७:१९)।

विजय र परिवर्तन (मत्ती २३:१५)

यहूदीहरू अन्यजातिहरूलाई यहूदी मतमा परिवर्तन गर्नका लागि धर्म प्रचारको काममा अत्यन्तै ठूलो प्रयासका साथ लागिपर्ने गर्ने मानिसहरू थिए।[8] दुर्भाग्यवश, धेरैभन्दा धेरैलाई साँचो परमेश्वरमा परिवर्तित मानिसहरू बनाउनको सट्टा, तिनीहरूजस्तै फरिसी बनाउने काममा तिनीहरू लागिपरेका थिए। जब तिनीहरूले कुनै मानिसलाई आफ्ना गलत विश्वासद्वारा "विजय" गर्थे, तिनीहरूभन्दा तिनीहरूका ती चेला "पुर्खाहरूले दिएका परम्परा" दुई गुणा बढी डाही हुन्थे (मर्कू ७:३)—त्यसैले तिनीहरूभन्दा "दोबर नरकको छोरो" हुन्थे।

सहजता र समर्पणता (मत्ती २३:१६-२२)

शपथलाई हल्का रूपमा लिनुहुँदैन भनी पुरानो करारले सिकाएको छ; तिनलाई पूरा गर्नु नै पर्थ्यो (गन्ती ३०:२)। तैपनि, शपथ खाने व्यक्तिलाई असर नगर्ने गरी शपथ खान सकिन्छ भनेर फरिसीहरूले सिकाएका थिए। यो तर्क गलत छ भन्ने कुरालाई येशूले प्रकाश पार्नुभयो। पहिले येशूले, आफूलाई पछ्याउने व्यक्तिहरूलाई यी निर्देशनहरू दिनुभएको थियो भन्ने कुरालाई ध्यान दिनुहोस्: "म तिमीहरूलाई भन्दछु, शपथ खाँदै नखाओ। स्वर्गको नाउँमा शपथ नखाओ, किनकि त्यो परमेश्वरको सिंहासन हो, न त पृथ्वीको, किनकि त्यो उहाँको पाउदान हो" (मत्ती ५:३४, ३५क)।

सामान्य र मुख्य (मत्ती २३:२३, २४)

फरिसीहरू दशांस दिने जस्ता परम्परामा विश्वसनीय नै थिए। तिनीहरूले आफ्नो बगैंचाको साना-साना कुराको समेत दशांस दिन्थे। तर अर्कोतर्फ, आफ्ना हृदयको अवस्थाको बारेमा भने तिनीहरूलाई वास्ता थिएन: तिनीहरूले "... न्याय दया र विश्वासको अवहेलना गरेका छौ" (मत्ती २३:२३क; हेर्नुहोस्: मीका ६:८)।

प्रभुले तिनीहरूलाई "अन्धा अगुवा हो, तिमीहरू भुसुना चाल्दछौ, तर ऊँटलाई चाहिँ निलिहाल्दछौ" भनी भन्नुभयो (मत्ती २३:२४)। फरिसीहरूले पिउने पानीबाट भुसुना छान्न छपनी प्रयोग गरेका (लेवी ११:२०, २३) तर अशुद्ध ऊँटलाई समेत निल्न नहिचकिचाएका

---

[8]कोय रोपर (Coy Roper), "फ्याक्टर कन्ट्रिब्युटिङ टु द ओरिजन एण्ड सक्सेस अफ द प्रि-क्रिस्टियन जिविस् मिसिनरी मुभमेन्ट" (पि.एच.डि. डिस्., युनिभर्सिटि अफ मिचिगन, १९८८), २०-४९।

(लेवी ११:४) चित्रण यो व्यंग्यात्मक भनाइमा पाइन्छ।

के परमेश्वरको सबै आज्ञाहरूलाई पालन गर्ने बारेमा, अथवा कतिपयले "सनातिना" आज्ञा भनी ठानेका आज्ञाहरूप्रति विश्वसनीय बन्नु गलत कुरा हो भनी येशूले भनिरहनुभएको हो? होइन। उहाँले भन्नुभयो, "*तिमीहरूले ... [यी] काम* ['हल्का'] *गर्नुपर्नेथियो,* अनि ती गहकिला ['भारी'] विषयहरूको अवहेलना गर्नुहुँदैनथियो" (मत्ती २३:२३ख; जोड दिइएको छ)।

सतह र आत्मा (मत्ती २३:२५, २६)

कचौरा र थाललाई बाहिर माझ्ने, तर भित्रचाहिँ फोहोरै छाड्नेको उदाहरण ख्रीष्टले दिनुभयो (लूक ११:३९ हेर्नुहोस्)। यदि तिनीहरूले कचौरा र थालको भित्रपट्टि सफा गरेमा तिनको बाहिरपट्टि पनि आफै सफा हुन्छ भनी उहाँले फरिसीहरूलाई भन्नुभयो। तपाईंले भाँडा माझ्दा यसलाई प्रयोग गर्ने प्रयास नगर्नुहोला। वास्तविक कचौरा र थालमा यसले काम गर्दैन, तर यसले हृदय र जीवनमा काम गर्छ!

देखावटी र वास्तविकता (मत्ती २३:२७, २८)

येशूले बाहिर र भित्रको अर्को तुलना प्रयोग गर्नुभयो: फरिसीहरू "चून लाइराखेका चिहानहरूजस्ता छन्, जो बाहिरपट्टि सुन्दर देखा पर्छन्, तर भित्रपट्टि भने मरेका मान्छेहरूका हाड़हरू र सबै अशुद्धताले भरिएका हुन्छन्" (मत्ती २३:२७)। फरिसीहरू बाहिरी रूपमा धार्मिक व्यक्तिहरू थिए, तर हृदयमा, तिनीहरू "कपट र दुष्टताले भरिएका" थिए (मत्ती २३:२८)।

बयानबाजी र यथार्थ (मत्ती २३:२९-३६)

फरिसीहरूले विगतका अगमवक्ताहरूलाई सम्मान गरेको देखाउँथे, र अगमवक्ताहरूलाई मारेका आफ्ना पितापुर्खाहरूजस्ता छैनन् भन्ने कुरालाई देखाउने प्रयास तिनीहरूले गर्थे (मत्ती २३:३७ हेर्नुहोस्)। तिनीहरू आफ्ना पितापुर्खाजस्तै छन् भनी येशूले भन्नुभयो। वास्तवमा, चाँडैनै तिनीहरूले परमेश्वरको प्रतिनिधीहरूलाई सताउनेछन् र मार्नेछन्। यदि तिनीहरूलाई ख्रीष्टको यो दाबीको प्रमाण चाहिएको थियो भने, त्यही समयमा समेत तिनीहरूले परमेश्वरको आफ्नै पुत्र, *उहाँ*आफैलाई मार्ने षडयन्त्र गरिरहेका थिए भन्ने कुरालाई तिनीहरूले विचार गर्न सक्थे। परमेश्वरको सन्देशवाहकहरूलाई तिनीहरूले गरेका व्यवहारका कारण "शताब्दीयौंदेखिको न्याय तिनीहरूको टाउकामा पर्नेछ र त्यही पुस्ताम हुनेछ" भनी उहाँले भन्नुभयो (मत्ती २३:३५, ३६; लिभिङ बाइबल [LB])।

विलाप (मत्ती २३:३७-३९)

येशूका यी वचनहरू आजभन्दा लगभग दुई हजार वर्ष पहिले बोलिएका भए तापनि, आज समेत, यी हाम्रा निम्ति कठोर सुनिन्छ। यी वचनहरूमा रहेको रूखोपनको आधारमा, उहाँका शत्रुहरूलाई दोष लगाउनु बाहेक त्योभन्दा ठूलो उद्देश्य ख्रीष्टको थिएन भनेर हामीले सोच्न मिल्दैन। उहाँका वचन सुन्ने मानिसहरूलाई उहाँले जहिल्यै *फिक्री* गर्नुहुन्थ्यो, चाहे ती मित्र हुन् वा शत्रु। बाइबलले भन्छ, "जसलाई परमप्रभु प्रेम गर्नुहुन्छ उसैलाई नै उहाँले अनुशासन दिनुहुन्छ," (हितो ३:१२क; हेर्नुहोस्: हिब्रू १२:६)। ताडना सहितको त्यो

प्रेमको अभिव्यक्ति यस अध्यायको अन्तिम शब्दहरूमा पाइन्छ।

येशू यसभन्दा पहिले यरूशलेमप्रति रुनुभएको थियो (लूक १९:४१-४४)। यस पटक उहाँले भन्नुभयो, "ए यरूशलेम, ए यरूशलेम, तँ जसले अगमवक्ताहरूलाई मार्ने र तँकहाँ पठाइएकाहरूलाई ढुङ्गाले हान्ने!" (मत्ती २३:३७क)। विगतमा, यरूशलेमले परमेश्वरका अगमवक्ताहरूलाई इन्कार गरेको थियो। यस पटक त्यसले मसीह आफैलाई इन्कार गरिरहेको थियो। "जसरी कुखुरीले आफ्ना चल्लाहरूलाई पखेटामुनि बटुल्छ, त्यसरी नै मैले धेरै पल्ट [फरिसीहरू र अन्य धार्मिक अगुवाहरू लगायत] तेरा बालकहरूलाई बटुल्ने इच्छा गरें, तर तैंले मानिनस्" (मत्ती २३:३७ख)। "परमेश्वरको सहर" (भज ४८:१, ८ हेर्नुहोस्) ले परमेश्वरको पुत्रलाई इन्कार गऱ्यो—र यसले उहाँको हृदय तोडऱ्यो।

सहरको कठोर हृदयको कारण नै यसको निम्ति अत्यन्तै डरलाग्दो समय आइरहेको थियो: "हेर, तिमीहरूको घर उजाड छोडिएको छ" (मत्ती २३:३८)। मन्दिरलाई उल्लेख गर्न "घर" भन्ने शब्द प्रयोग गरिएको छ (३८ पद र यर १२:७ लाई तुलना गर्नुहोस्)। यसको चालीस वर्षभन्दा पहिले नै रोमीहरूले सहर लगायत मन्दिरलाई ध्वस्त गरे। उक्त डरलाग्दो घटना हुने यति निश्चित थियो कि ख्रीष्टले यसको बारेमा बताउने क्रममा यसलाई पहिले घटेको घटनाजस्तै गरी बताउनुभयो।

तैपनि, येशूले सहरलाई र यसका मानिसहरूलाई प्रेम गर्नुभयो र उहाँलाई स्वीकार गरून् र बाँचुन् भन्ने ठूलो चाहाना उहाँले गर्नुभयो। त्यो चाहाना उहाँको अन्तिम शब्दहरूमा उल्लेख छ: "किनभने म तिमीहरूलाई भन्दछु, 'परमप्रभुको नाउँमा आउने धन्यका हुन्' नभनेसम्म तिमीहरूले मलाई देख्नेछैनौ" (मत्ती २३:३९)। ३९ पदको अन्तिम भाग भजनसंग्रह ११८, अर्थात् मसीह सम्बन्धी भजनको २६ पदबाट लिइएको हो, र तिनीहरूले मसीहको आगमनलाई इन्कार गरेको बारेमा यसले बताउँदछ (प्रे ४:११ हेर्नुहोस्)। केही दिन पहिले, ख्रीष्टको यरूशलेम प्रवेशको क्रममा सहरले तिनै शब्दहरू गुन्जाएका थिए। दुर्भाग्यवश, सहरका नागरिकहरूले आफूले बोलेका शब्दहरूको अर्थ बुझेका थिएनन्। यदि तिनीहरूले येशूलाई (तिनीहरूका मुक्तिदाता र प्रभुको रूपमा) फेरि "हेर्न" चाहान्थे भने, तिनीहरूले *आफ्ना हृदयबाट* नै ती शब्दहरूलाई बोल्नुपर्नेथियो। यरूशलेमको एउटै आशा भनेको त्यही नै थियो।

निष्कर्ष

हाम्रो अध्ययनमा छलफल गरिएका तीन वटा मुख्य सत्यताहरूलाई फेरि उल्लेख गरौं:

(१) परमेश्वरले पाखण्डी आचरणलाई घृणा गर्नुहुन्छ। हामी प्रत्येकले आ-आफ्नो हृदयलाई जाँच्नु आवश्यक छ।

(२) परमेश्वरले विश्वास चाहानुहुन्छ। हामी प्रत्येकले यसो भन्नु आवश्यक छ, "परमप्रभुको नाउँमा आउने धन्यका हुन्" र यसलाई *हृदयबाटै* स्वीकार गर्नुपर्छ।

(३) परमेश्वरले आज्ञापालन चाहानुहुन्छ। हामी प्रत्येकले उहाँको आज्ञा तुरुन्तै मान्न सकौं, ता कि परमेश्वरले हामीलाई यसो भन्नुहुनेछैन, "जसरी कुखुरीले आफ्ना चल्लाहरूलाई पखेटामुनि बटुल्छ, त्यसरी नै मैले धेरै पल्ट तेरा बालकहरूलाई बटुल्ने इच्छा गरें, तर तैंले मानिनस्"!

विधवाको भेटी (मर्कू १२:४१-४४; लूक २१:१-४)

मर्कूस १२:४१-४४

४१अनि उहाँ मन्दिरको भेटी चढ़ाउने ठाउँको सामुन्ने बस्नुभयो, र भीड़ले भेटीपात्रमा भेटी चढ़ाएको हेर्नुभयो। धेरै धनी मानिसहरूले ठूला-ठूला रकम चढ़ाए। ४२अनि एउटी गरीब विधवाले आएर तामाका दुई सिक्का, अर्थात् एक पैसा चढ़ाई। ४३आफ्ना चेलाहरूलाई आफूकहाँ बोलाएर उहाँले तिनीहरूलाई भन्नुभयो, "साँच्चै म तिमीहरूलाई भन्दछु, भेटीपात्रमा चढ़ाउनेहरूमध्ये यस गरीब विधवाले सबैभन्दा बढ़ी चढ़ाई। ४४किनभने सबैले आफ्नो-आफ्नो प्रशस्तताबाट चढ़ाए, तर यस स्त्रीले चाहिँ आफ्नो दरिद्रताबाट आफ्नो सारा जीविका नै अर्पण गरी।"

लूका २१:१-४

१उहाँले हेर्नुहुँदा धनीहरूलाई आ-आफ्ना भेटी मन्दिरको दानपात्रमा राख्नेका देख्नुभयो। २उहाँले एउटी गरीब विधवालाई त्यहाँ दुई पैसा चढ़ाएकी पनि देख्नुभयो। ३तब उहाँले भन्नुभयो, "साँच्चै म तिमीहरूलाई भन्दछु, यस गरीब विधवाले अरू सबैले भन्दा बढ़ी चढ़ाएकी छे। ४किनकि यिनीहरू सबैले आफ्ना प्रशस्तताबाट भेटी चढ़ाएका छन्, तर यसले चाहिँ आफ्नो दरिद्रताबाट आफ्नो सारा जीविका नै दिई।"

अन्त्यमा, मंगलबार नजिकिदै थियो। येशू र उहाँका शत्रुहरू बीचको विवाद समाप्त भयो। ख्रीष्ट मन्दिरबाट सदाको निम्ति बिदा हुन लाग्नुभएको थियो। वचनको युद्धपछि, येशू स्त्रीहरूको चोकमा जानुभयो। (परिशिष्ट २ मा "हेरोदको मन्दिर" हेर्नुहोस्।) त्यहाँ उहाँले, मानिसहरूले भेटी बाकसमा आफ्ना पैसा चढाएको हेर्नुभयो। **आफ्नो सारा जीविका**, अर्थात् दुई तामाको सिक्का चढाउने एउटी विधवाले भेटी चढाएको दृश्यले उहाँको हृदय छोयो, र उहाँले आफ्ना चेलाहरूका अघि ती महिलाको तारिफ गर्नुभयो (मर्कू १२:४२-४४; लूक २१:२-४)।

यो हृदयस्पर्शी दृश्यलाई बाइबलमा किन समावेश गरियो? शायद येशूलाई मार्ने प्रयास गर्नेहरूसँग तिनको तुलना गर्नलाई यसलाई समावेश गरिएको हुनसक्छ। ती महिला परमेश्वरप्रतिको प्रेमको कारण मन्दिरमा आएकी थिइन्, तर सदुकीहरू र फरिसीहरूले येशूलाई घृणा गर्थे त्यसैले तिनीहरू त्यहाँ आएका थिए। बी. एस. डिनको (B. S. Dean) टिप्पणी यस्तो छ, "[मत्ती २३ को] ठूलो भर्त्सनापछिको यो सुन्दर घटना, हिमनदीको छातिमा वसन्त फुलेको जस्तै देखिन्छ, अत्यन्तै सुन्दर।"[9]

प्रयोग: जब हामीले दिएको येशूले हेर्नुहुन्छ (मर्कू १२:४१-४४; लूक २१:१-४)

बाइबलको छ भागमा एक भाग पदहरू, कुनै न कुनै रूपमा दिनु भन्ने शिर्षकसँग सम्बन्धित छ भन्ने भनाइ रहेको छ। यसको अर्थ यी सबै पदमा "दिनु" भन्ने शब्द नै उल्लेख छ भन्ने होइन, तर परमेश्वरले हामीलाई दिनुभएको बारेमा वा हामीले परमेश्वरलाई र अरूलाई दिने बारेमा धेरै पदहरूले कुनै न कुनै हिसाबमा बताउँछ भन्ने

[9]डिन (Dean), २५।

यसको अर्थ हो। यो कुरा सत्य भए पनि वा नभए पनि, बाइबलले यसको बारेमा धेरै बताउँछ: "प्रभु येशू ... उहाँ आफैले भन्नुभएको छ, 'कि लिनुभन्दा दिनु अझ धन्य हो'" (प्रे २०:३५); "... खुशीसाथ दिनेलाई परमेश्वरले प्रेम गर्नुहुन्छ" (२ कोर ९:७); "... ख्रीष्टले ... हामीहरूसँग प्रेम गर्नुभयो, ... र बलिदान भएर आफैलाई हाम्रा निम्ति अर्पण" (एफि ५:२क)। विस्टन चर्चिल (Winston Churchill) ले एक पटक भन्नुभएको थियो, "हामी जे कुरा पाउँछौं त्यसद्वारा जीवन निर्वाह गर्दछौं, तर हामीले जे कुरा दिन्छौं त्यसद्वरा हाम्रो जीवनलाई निर्माण गरिरहेका हुन्छौं।"

दिने बारेमा परमेश्वरले बोल्न संकोच मान्नुभएन, तर कहिलेकहीं यो कुरा गर्नमा प्रचारकहरू हिचकिचाउँछन्। दिनु भन्ने विषयमा बोलिने प्रवचनहरू हामीलाई त्यति मन पर्दैन। यदि दिनु भन्ने विषयको प्रवचनले तपाईंलाई असजिलो महसुस गराउँछ भने, तयार हुनुहोस्, किनभने आफूसँग भएको सबै थोक दिने एउटी विधवाको बारेमा हामी अध्ययन गर्न लागेका छौं।

मन्दिरमा दिनेहरूलाई येशूले हेर्नुभयो

येशू मर्ने दिन अर्थात्, शुक्रबारभन्दा पहिलेको मंगलबार अवश्य नै थकित दिन थियो। उहाँलाई फन्दामा पार्ने प्रयासमा लागेका उहाँका शत्रुहरूसँगको शब्दयुद्धमा उहाँ दिनभर लाग्नुभएको थियो।

हाम्रो कथाको आरम्भ भए अनुसार, ख्रीष्ट स्त्रीहरूको चोकमा आउनुभयो, जहाँ मन्दिरको भेटी चढाउने ढुकुटी राखिएका थिए (मर्कू १२:४१)। यसभन्दा पहिले, मन्दिरको यो भागमा उहाँले शिक्षा दिनुभएको थियो (यूह ८:२०)। अलफ्रेड एडर्सहेम (Alfred Edersheim) का अनुसार, चोकमा रहेको तेह्र ओटा तुरही आकारका भाँडाहरूलाई नै "भेटी चढाउने ढुकुटी" भनिन्थ्यो।[10] मेरो बुझाइमा प्रत्येक भाँडोको फेद फिँजिएको हुन्थ्यो। यी भाँडोहरू, फेदमा ठूलो अनि माथि सानो-सानो हुँदै गएको आकारका हुन्थे। भेटी यसको मुखबाट खसाइन्थ्यो। प्रत्येक भाँडोमा फरक हिब्रू अक्षरले लेखिएको हुन्थ्यो, र प्रत्येक भाँडोमा राखिएको भेटी मन्दिरको फरक कामकाजको निम्ति प्रयोग गरिन्थ्यो (बलिदान, मर्मतसंभार, र अन्य)। यी भाँडोहरू स्वेच्छिक भेटीको निम्ति राखिएका हुन्थे। चाडको दिनजस्ता अवसरहरूमा, धेरै मानिसहरू स्वेच्छिक भेटी चढाउन आउँथे।

येशू "भेटी चढ़ाउने ठाउँको सामुन्ने बस्नुभयो" (मर्कू १२:४१क)। केही समयसम्म उहाँ एकलै त्यहाँ हुनुहुन्थ्यो। केही समयपछि उहाँले आफ्ना चेलाहरूलाई आफूकहाँ बोलाउनुभएको कारण (मर्कू १२:४३), तिनीहरू त्यसबेला अरू कुनै ठाउँमा थिए। उहाँ त्यहाँ आरमसाथ बस्नुभयो भन्नेमा कुनै शंका छैन। उहाँ केही समयसम्म आफ्ना शिर निहुराएर बस्नुभएको हुनसक्छ (शायद आफ्ना आँखा बन्द गरेर), तर "उहाँले हेर्नुहुँदा" (लूक २१:१क) र "भीड़ले भेटीपात्रमा भेटी चढ़ाएको हेर्नुभयो" (मर्कू १२:४१ख)।

"भेटी चढ़ाएको" भनी अनुवाद गरिएको ग्रीक शब्द (βάλλω, *बाल्लो, ballō*) लाई "फ्याँकिरहेको" भनेर पनि अनुवाद गर्न सकिन्छ। किङ्ग जेम्स् संस्करण (KJV) मा "मानिसहरूले भेटी चढाउने ढुकुटीमा पैसा *फ्याँकिरहेका* थिए" भनी लेखिएको छ (जोड दिइएको छ।) कतिपयले आफूले दिएको कुराको बारेमा तुरही बजाउँछन् भनी ख्रीष्टले भन्नुभएको थियो (मत्ती ६:२ हेर्नुहोस्)। शायद, आफ्ना सिक्काहरू भेटीढुकुटीमा हाल्दा

---

[10]अलफ्रेड एडर्सहेम (Alfred Edersheim), *द लाइफ एण्ड टाइमस् अफ जिजस द मसाया,* न्यू अपग्रेटेड भर्सन (पिबोडी, मासाच्युसेट: हेन्ड्रिक्सन पब्लिसर्स, १९९३), ७४१।

भेटी चढाउने भाँडो कसरी बज्नुपर्छ भन्ने कुरा तिनीहरूले सिकेका हुन्थे। (अर्कोतर्फ "फ्याँके" भन्ने ग्रीक शब्द प्रयोग गरिएको तथ्यमा कुनै विशेष अर्थ नहुनसक्छ। विधवाले दिएको कुरालाई उल्लेख गर्न पनि यही शब्द प्रयोग गरिएको छ [मर्कू १२:४२]।)

"धेरै धनी मानिसहरूले ठूला-ठूला रकम चढ़ाएको" प्रभुले देख्नुभयो (मर्कू १२:४१ग)। यो कुरा गलत थिएन। थोरै छर्नेले थोरै नै कटनी गर्छ, र प्रशस्तसँग छर्नेले प्रशस्तसँग कटनी गर्छ भनी पावलले भनेका छन् (२ कोर ९:६)।

त्यसपछि येशूले एउटा हृदयस्पर्शी दृश्य देख्नुभयो: "अनि एउटी गरीब विधवाले आएर तामाका दुई सिक्का, अर्थात् एक पैसा चढ़ाई" (मर्कू १२:४२)। विधवाहरूलाई समाजको सबैभन्दा असाहायहरू भनेर चिनिन्थ्यो। विधवाहरूको हेरचहारको निम्ति परमेश्वरले विशेष व्यवस्था दिनुभएको थियो (हेर्नुहोस्: प्रस २२:२२; व्य २४:१९-२१; २६:१२, १३; २७:१९)। त्यही हेरचहारलाई नयाँ करारमा पनि लागू गरिएको पाइन्छ (हेर्नुहोस्: प्रे ६:१-६; याकू १:२७)। धेरैजसो विधवाहरू गरीब नै हुन्थे। यो कथाको विधवालाई मर्कूस र लूकाले "गरीब" भनी भनेका छन्, त्यसैले तिनी गरीबभन्दा गरीब थिइन भन्ने कुराको संकेत यसले गर्छ।

ख्रीष्टले हेरिरहनुभएको बेला, यी महिलाले तामाका दुई सिक्का चढाइन्। किङ्ग जेम्स् संस्करण (KJV) मा तिनले "दुई वटा सानो सिक्का" हालिन् भनी भनिएको छ। धेरैले यसलाई "विधवाको साना सिक्का" को कथा भनी भन्ने गर्छन्।

"तामाका साना सिक्का" भनी अनुवाद गरिएको ग्रीक शब्द λεπτά (*लेप्टा, lepta*) हो, र यसको बहुवचन λεπτόν (*लेप्टोन, lepton* हो; यही शब्दबाट *लेप्टोस्, leptos* भन्ने अंग्रजी शब्द आएको हो, जसको अर्थ "पातलो वा सानो" भन्ने हुन्छ)। नयाँ करारमा उल्लेख गरिएको सिक्का, लेप्टोन मात्रै हो। यो खण्डमा दुइ लेप्टालाई "दुई पैसा बराबर" भनेर उल्लेख गरिएको छ। "पैसा" भनी अनुवाद गरिएको ग्रीक शब्द क्वाड्रान्ट (κοδράντης, *कोद्रान्तेस्, kodrantēs*), अर्थात्, सानो रोमी सिक्का हो। चौसट्ठी *क्वाड्रान्ट* बराबर एक दिनारियस हुन्थ्यो (चार *क्वार्डन्ट* = एक *अस्सारियन;* सोह्र *अस्सारियन* = एक *दिनारियस*)। एक दिनारियस साधारण मजदूरले पाउने एक दिनको प्रारिश्रमिक हुन्थ्यो (मत्ती २०:२ हेर्नुहोस्)। विधवाका ती साना तामाको सिक्काको मोल कति थियो भन्ने कुरा पत्ता लगाउन, साधारण मजदूरको एक दिनको कमाइलाई बत्तिसले भाग गर्नुहोस्। पहिलो शताब्दीको मजदूरहरू आफ्नो ज्यालामा बल्लतल्ल जिउन सक्थे। यसैकारण, खेतालालाई दिनको अन्त्यमा प्रारिश्रामिक दिनुपर्छ भनी व्यवस्थामा उल्लेख गरिएको छ। ती विधवासँग एक जना मजदूरले एक दिनमा कमाउने रकमको सानो भाग मात्र थियो।

ख्रीष्टले ती महिलालाई हेरिरहनुभएको बेला, उहाँले यस्तो सोच्नुभएको देखिन्छ, "मेरा चेलाहरूले यो कुरालाई हेर्नु आवश्यक छ।" मर्कूसको पुस्तक अनुसार, येशूले आफ्ना चेलाहरूको ध्यानाकर्षण गराउन कहिलेकहीं मात्र प्रयास गर्नुभयो (मर्कू ३:१३; ६:७; ८:१, ३४; १०:४२ हेर्नुहोस्)। उहाँले आफ्ना चेलाहरूलाई आफूकहाँ बोलाउनुभयो (मर्कू १२:४३क) र तिनीहरूलाई भन्नुभयो, "साँच्चै म तिमीहरूलाई भन्दछु [यी शब्दले, उहाँले केही महत्त्वपूर्ण कुरा भन्न लाग्नुभएको छ भन्ने कुरालाई संकेत गर्छ], भेटीपात्रमा चढ़ाउनेहरूमध्ये यस गरीब विधवाले सबैभन्दा बढ़ी चढ़ाई" (मर्कू १२:४३ख)। ग्रीक बाइबलमा प्रयोग गरिएको वाक्यमा, त्यहाँ हुने *सबैले दिएको जम्मा रकमभन्दा* तिनले दिएको धेरै थियो भन्ने भाव व्यक्त गरिएको छ। मानिसहरूका नजरमा, उनको भेटी अति

थोरै थियो; तर परमेश्वरको नजरमा यो अत्यन्तै मुल्यवान थियो। प्रभुको नजरमा, उनको साना सिक्काहरू हीराभन्दा बहुमूल्य थिए।

विधवाले सानो रकम दिएकी हुनसक्छ, तर उनको "सहासिक उदारता" ले दुई हजार वर्षदेखि आजसम्म अनुदान दिने मानिसहरूलाई प्रेरणा दिइरहेको छ। कसैले "यस्तो अनुमान गरेको छ, यदि उक्त विधवाको सिक्का 'यरूशलेमको राष्ट्र बैंकमा' वार्षिक आठ प्रतिशत ब्याज पाउने गरी राखिएको भए, उनको जम्मा रकम $४,८००,०००,०००,०००,०००,०००,००० [अडचालीसको पछाडी बीस वटा सुन्य]" बराबर हुन्थ्यो![11] त्यस विधवाको उदहारणद्वारा प्रेरणा पाएर लाखौं डलर दिइएको छ, लाखौं मात्र होइन करोडौं डलर दिइएको छ। वर्षौं पहिले बुर्टन कोफम्यान (Burton Coffman) ले एउटा उदाहरण बताएका थिए:

> बार्थोल्डीको स्मारक मूर्ति राख्ने स्तम्भ र सहायक टावर निर्माण गर्नको निम्ति अनुदान सहयोग जुटाउन ठूलो सहरको गरीब आप्रवासीहरूका बीचमा चलाइएको अभियानमा न्यू योर्क सिटिले सहभागीता जनाएको थियो। एउटी गरीब महिलाले आफ्नो घरको खाट [१३०० रुपैयाँमा] बेचेर अनुदान दिइन्, त्योभन्दा पहिलेसम्म यो अभियान सुस्त नै रह्यो। त्यसद्वारा उत्प्रेरित भएर, मानिसहरूले तुरुन्तै प्रतिक्रिया दिए अनि चाहिएको रकमभन्दा बढी दिए। त्यस्तै यस खण्डको महिलाले पनी धेरै मण्डली भवनहरू निर्माण गर्न अनि संसारभर आर्थिक सहयोग जुटाउन प्रेरणा दिएकी छिन्।[12]

येशूले त्यसपछि भन्नुभयो, "किनभने सबैले आफ्नो-आफ्नो प्रशस्तताबाट चढ़ाए, तर यस स्त्रीले चाहिँ आफ्नो दरिद्रताबाट आफ्नो सारा जीविका नै अर्पण गरी" (मर्कू १२:४४)। दिइएको उपहारलाई मात्र मानिसहरूले हेर्छन्। परमेश्वरले उपहारपछि बाँकी रहेको कुरालाई हेर्नुहुन्छ। आफ्ना अनुदानद्वारा धनीहरूले कुनै मूल्य चुकाउनु परेको थिएन। आफ्नो अनुदानद्वारा विधवाले सबै कुरा चुकाएकी थिइन्। कहिलेकहीं, कसैले यसो भनेको हामी सुन्ने गर्छौं "मैले दिन सक्ने भनेको विधवाको सिक्का जति मात्र हो।" तपाईंसँग *भए-नभएको* त्यति नै हो भने त ठीक छ, तर होइन भने "विधवाको सिक्का" जति दिइरहेको छु भनी नभन्नुहोस्। तपाईंले कुनै कुरा बाँकी राख्नुभएको छ भने, तपाईंको उपहारलाई त्यस गरीब महिलाको उपहारसँग तुलना गर्न सकिँदैन।

विधवाको निर्णय सही थियो कि गलत थियो भन्ने बारेमा मानिसहरूले विवाद गर्ने गरेको पाइन्छ। हामी भए उनलाई रोक्ने पनि प्रयास गर्ने थियौं होला: "तिमीले आवश्यकताभन्दा धेरै दिइरहेकी छयौ! मन्दिरको भेटी चढाउनकै लागि परमेश्वरले तिमीलाई भोकै भएको चाहानुहुन्न! तिम्रो दिने इच्छालाई परमेश्वरले कदर गर्नुहुन्छ, तर यसको केही भाग आफ्नो लागि पनि राख!" तैपनि, प्रभुले उनको उपहारलाई तारिफ गर्नुभयो। एउटा कुरा निश्चितै छ: अर्को दिन परमेश्वरले आफ्नो आवश्यकतालाई पूरा गर्नुहुन्छ भनेर यी विधवाले उहाँमा भरोसा गरेकी थिइन् (मत्ती ६:३३)।

यो हृदयस्पर्शी कथाबाट धेरै पाठ सिक्न सकिन्छ:

- धनी होस् वा गरीब, अथवा मध्यम वर्गको नै किन नहोस्, *सबैले* दिनु पर्छ।

---

[11]पावल ली टान (Paul Lee Tan), *इन्साइक्लोपेडिया अफ ७,७०० इलुष्ट्रेसनस्: साइनस् अफ द टाइमस्* (रक-भिल, एम.डी: एस्युरेन्स पब्लिसर्स, १९७९), ११५६।

[12]जेम्स् बुर्टन कोफम्यान (James Burton Coffman) *कमेन्टरी अन लूक* (एबिलेन, टेक्सस्: ए.सी.यू. प्रेस, १९७५), २४०-४१।

- दिने कुरालाई हामीले भन्दा परमेश्वरले फरक दृष्टिकोणले हेर्नुहुन्छ।
- हाम्रो दिने काम बलिदानपूर्ण हुनुपर्छ।
- हाम्रो भरोसा सुनचाँदीमा होइन तर परमेश्वरमा छ भन्ने कुरालाई हाम्रो दिने कामले झल्काउनु पर्छ।

तैपनि, यो अध्ययनको एउटा बुँदा के हो भने, विधवालाई हेर्नुभएजस्तै उहाँले *हामीलाई* पनि हेरिरहनुभएको छ।

येशूले अझै पनि हामीले दिएको हेर्नुहुन्छ

परमेश्वरले हरेक कुरा देख्नुहुन्छ, र उहाँ सर्वव्यापी र सर्वज्ञानी परेमश्वर हुनुहुन्छ भन्ने कुरालाई धेरै खण्डहरूले उल्लेख गर्छ:

> ... सारा पृथ्वीभरि नै परमप्रभुको दृष्टि रहिरहन्छ (२ इति १६:९क)।
>
> ... मानिसको चाल त सधैँ परमप्रभुको दृष्टिमा रहिरहन्छ, र उहाँले त्यसका सबै मार्गहरू जाँच्नुहुन्छ (हितो ५:२१)।
>
> परमप्रभुको नजर सर्वत्र रहन्छ, दुष्ट र असल दुवैमाथि उहाँ नजर राख्नुहुन्छ (हितो १५:३)।
>
> परमेश्वरको दृष्टिमा सृष्टिको कुनै कुरा लुकेको हुँदैन। उहाँका नजरको सामुन्ने सबै कुरा स्पष्ट र खुला छन्, उहाँलाई नै हामीले लेखा दिनुपर्छ (हिब्रू ४:१३)।

परमेश्वरले देख्नुहुने कुरामध्येमा हामीले दिने कुरा पनि पर्छ। कुनै कुरा कस्तो हुनुपर्ने हो त्यो उहाँलाई थाहा हुन्छ। उहाँले हननिया र सफीराको देखावटी भेटीलाई देख्नुभयो, र उहाँ अप्रसन्न हुनुभयो (प्रे ५:१-११)। उहाँले माकेडोनियाका मानिसहरूको बलिदानी उपहारलाई देख्नुभयो, र उहाँ प्रसन्न हुनुभयो (२ कोर ८:१-५)। पावलले लेखेका छन्,

> तर कुरा यही हो, कि थोरै छर्नेले थोरै नै कटनी गर्छ, र प्रशस्तसँग छर्नेले प्रशस्तसँग कटनी गर्छ। अनि हरेक मानिसले आफ्नो मनमा सङ्कल्प गरेबमोजिम देओस्, इच्छा नभई होइन, न त करकापमा परेर। किनभने खुशीसाथ दिनेलाई परमेश्वरले *प्रेम* गर्नुहुन्छ (२ कोर ९:६, ७; जोड दिइएको छ)।

निष्कर्ष

आजभन्दा दुई हजार वर्ष पहिले मन्दिरमा भेटी चढाएको कुरा प्रभुले नियाल्नुभयो, र आज "स्वर्गीय-भेटी चढाउने ढुकुटीको छेउमा बसेर उहाँले हामी सबैलाई हेरिरहनुभएको छ।"[13] हामीले दिएको उहाँले हेर्दा के *देख्नुहुन्छ?* हामीले अध्ययन गरेको खण्डले प्रकट गरे अनुसार, हामीले कति दिन्छौं भन्नेमा मात्र होइन, हामीले कति अनुपातमा दिन्छौं भन्ने कुरामा पनि परमेश्वरले चासो राख्नुहुन्छ। उहाँले उपहारलाई मात्र होइन, तर दिने व्यक्तिलाई पनि हेर्नुहुन्छ। हामीले कति दिएका छौं भन्ने कुरामा उहाँले चासो दिनुहुन्छ, त्यस्तै हामीले आफ्नो लागि कति राखेका छौं भन्ने कुरामा पनि उहाँले उत्तिकै चासो

---

[13]पावल पी. फ्रिहलिंग (Paul P. Fryhling), *क्रूसतर्फको आरम्भ र अन्य प्रवचनहरू* (ग्राण्ड र्‍यपिडस्, मचिगन: बेकर बुक हाउस्, १९६५), १३२।

दिनुहुन्छ।

तैपनि, आफैलाई उहाँमा समर्पण गरेपछि परमेश्वरलाई सबै थोक दिने कामको सुरुवात हुन्छ। प्रेम, विश्वास, र आज्ञाकारीताद्वारा हामीले आफैलाई परमेश्वरमा दिएपछि यसले हामीलाई दिने कामको निम्ति तयार गर्छ। विधवाले परमेश्वरलाई अत्यन्तै प्रेम गर्थिन्। त्यसकारण, कुनै पनि बलिदानलाई परमेश्वरको प्रेम जत्तिको ठूलो नठान्ने विधवाको जीवनबाट हामीले पनि प्रेरणा प्राप्त गर्न सकौं।

भीडलाई उपदेश (यूह १२:२०-५०)

यूहन्ना १२:२०-५० को घटना (वा घटनाहरू) कहिले भयो भन्ने बारेमा हामीलाई थाहा छैन। आइतबारको विजय-प्रवेश र शुक्रबारको अन्तिम भोजको बीचमा घटेको घटनाहरूमध्ये यूहन्नाले उल्लेख गरेको घटना यही मात्र हो। त्यसैले, मन्दिरमा ख्रीष्टको कृयाकलापसँग सम्बन्धित यो घटनालाई कहाँ राख्ने भन्ने बारेमा हामीलाई निश्चित रूपमा थाहा छैन। धेरैजसो संयोजित अध्ययनहरूले यो कथालाई सोमबारको कृयाकलाप अन्तर्गत राख्छन्। मेरो विचारमा, यो मैले राखेकै स्थानमा उपयुक्त हुन्छ जस्तो लाग्छ। (१) (यसभन्दा अघिको "विधवाको साना सिक्का" को घटनामा जस्तै), यदि येशू स्त्रीहरूको चोकमा हुनुहुन्थ्यो भने उहाँ हुनुभएको ठाउँमा अन्यजातिहरू (ग्रीकहरू) जान सक्दैनथे, र तिनीहरूले उहाँलाई आफूहरूकहाँ आउन अनुरोध मात्र गरेका हुनसक्छन्। (२) यहूदीहरूले कसरी येशूलाई ग्रहण गरेका थिए भन्ने कुराको सारांश यूहन्ना १२:३७-५० हो—वा, अझै स्पष्ट रूपमा भन्दा, यहूदी अगुवाहरूले उहाँलाई कसरी ग्रहण *गरेनन्* भन्ने कुराको सारांश हो। यो सारांशले, अन्तिम पल्ट मन्दिर छाडेर ख्रीष्ट जानुभएको घटनाको प्राकृतिक पृष्ठभूमि प्रदान गर्छ।

अन्यजातिहरूले येशूलाई खोजेका (यूह १२:२०-२२)

२०चाड़मा आराधना गर्न जानेहरूमध्ये कोही-कोही ग्रीकहरू पनि थिए। २१तिनीहरू गालीलको बेथसेदा निवासी फिलिपकहाँ आएर यसो भनेर बिन्ती गरे, "हजूर, हामी येशूलाई भेट्न चाहन्छौ।" २२फिलिपले गएर अन्द्रियासलाई भने, र अन्द्रियास र फिलिप गएर येशूलाई भने।

केही दिन पहिले, फरिसीहरूले येशूको बारेमा भनेका थिए, "... संसारै त्यसको पछि लागिसक्यो!" (यूह १२:१९)। अर्को उदाहरणले ख्रीष्टलाई विश्वले चाहेको समेत चित्रण गर्दछ। प्रभु मन्दिरमा भएको बेला, केही ग्रीकहरू उहाँलाई खोज्दै आए। यिनीहरू धर्म परिवर्तन गरेका यहूदीहरू हुनसक्ने सम्भावना छ, तैपनि तिनीहरू अवश्य नै कर्नेलियसजस्तै "परमेश्वरको डर मान्ने" मानिसहरू थिए (प्रे १०:१, २)।[14] नयाँ करारमा, धेरैले "परमेश्वरको भय मान्थे" भनी भनिएको छ—यसमा यहूदी र इसाईहरू पनि समावेश

---

[14]"धर्म परिवर्तन" ("proselyte") भन्ने शब्द, προσέρχομαι (*प्रोसेरखोमाइ, proserchomai*) भन्ने ग्रीक शब्दसँग सम्बन्धित छ, जसमा πρός (*प्रोस्, pros*, अर्थात्, "मा" वा "तर्फ") भन्ने उपसर्ग ἔρχομαι (*एर्कोमाइ, erchomai*, "आउनु") भन्ने शब्दमा लागेको छ। नयाँ करारमा, यहूदी धर्ममा लाग्न "आउने" हरूलाई उल्लेख गर्न यो शब्द प्रयोग गरिएको छ। धर्म परिवर्तन गर्नको निम्ति तीन रीतहरू पूरा गर्नुपर्थ्यो: (१) पुरुष भए, खतना गर्ने; (२) साक्षीहरूका अघि स्वयम्-बप्तिस्मा लिने (डुब्नु); र (३) (मन्दिर रहेसम्म) बलिदान चढाउने। खतना गर्नु पर्ने भएकोले, पुरुषहरूभन्दा बढी महिलाहरूले धर्म परिवर्तन गर्थे।

हुन्छ—तर यहूदीहरू भईनसकेका अन्यजातिहरूलाई उल्लेख गर्नको निम्ति विशेष अर्थमा यो शब्दलाई यहाँ प्रयोग गरिएको छ। यी अन्यजातिहरू साँचो परमेश्वरलाई विश्वास गर्ने, तर हालसम्म यहूदीहरू बन्ने रीतिलाई अवलम्बन गरिनसकेकाहरू थिए। यी अन्यजातिहरूले येशूको साथ खेजे, तर उहाँका शत्रुहरूले उहाँको जीवन लिन चाहेका थिए।

येशूको आउनलागेको मृत्यु यहूदी र अन्यजाति दुवैका निम्ति (यूह १२:२३-३६)

२३येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "मानिसको पुत्रको महिमित हुने समय आइपुगेको छ। २४साँच्चै, म तिमीहरूलाई भन्दछु, गहूँको दाना माटोमा परेर मरेन भने त्यो एउटै रहन्छ। तर त्यो मऱ्यो भने त्यसले धेरै फल फलाउँछ। २५आफ्नो प्राणको मोह गर्नेले त्यो गुमाउँछ, तर आफ्नो प्राणलाई यस संसारमा तुच्छ ठान्नेले चाहिँ अनन्त जीवनको लागि त्यो सुरक्षित राख्छ २६कसैले मेरो सेवा गर्छ भने त्यसले मलाई पछ्याओस् र म जहाँ छु, मेरो सेवक पनि त्यहाँ हुनेछ। कसैले मेरो सेवा गर्छ भने पिताले त्यसको कदर गर्नुहुनेछ। २७अब मेरो प्राण व्याकुल भएको छ, र म के भनूँ? 'हे पिता, मलाई यस घड़ीबाट बचाउनुहोस्'? होइन, यसै कारणले नै म यस घड़ीसम्म आइपुगेको छु। २८हे पिता, तपाईंका नाउँको महिमा गर्नुहोस्।" तब स्वर्गबाट यस्तो एउटा आवाज आयो, "मैले त्यो महिमा गरेको छु, र फेरि गर्नेछु।" २९त्यहाँ खड़ा भएको भीड़ले यो सुनेर भन्यो, "यो मेघ गर्जन हो!" अरूहरूले भने, "स्वर्गदूत उनीसँग बोलेका हुन्!" ३०येशूले जवाफ दिनुभयो, "यो आवाज मेरो निम्ति भएको होइन, तर तिमीहरूका निम्ति हो। ३१अब यस संसारको न्याय हुन्छ। यस संसारको शासक बाहिर फालिनेछ। ३२अनि जब म पृथ्वीबाट उचालिन्छु, म सबै मानिसलाई आफूतिर खिँच्नेछु।" ३३उहाँको मृत्यु कुन प्रकारले हुने हो, सो सङ्केत दिनलाई उहाँले यसो भन्नुभएको थियो। ३४भीड़ले उहाँलाई सोध्यो, "ख्रीष्ट सदासर्वदा रहनुहुन्छ भन्ने व्यवस्थाबाट हामीले सुनेका छौं। तपाईं कसरी भन्न सक्नुहुन्छ, मानिसको पुत्र उचालिनैपर्छ? यो मानिसको पुत्रचाहिँ को हो?" ३५येशूले तिनीहरूलाई भन्नुभयो, "अझ अलि बेरसम्म ज्योति तिमीहरूसँग छ। ज्योति तिमीहरूसँग छउञ्जेल हिँड्डुल गर, ताकि अन्धकारले तिमीहरूलाई नढाकोस्। कोही अन्धकारमा हिँड्डुल गर्छ भने, त्यसले आफू कहाँ गइरहेछु, सो थाहा पाउँदैन। ३६जबसम्म ज्योति तिमीहरूसँग छ ज्योतिमा विश्वास गर, र तिमीहरू ज्योतिका सन्तान होओ।" यी कुरा भन्नुभएपछि, येशू त्यहाँबाट जानुभयो, र तिनीहरूबाट लुकेर बस्नुभयो।

ख्रीष्टले ग्रीकहरूसँग आमने-सामने भेटघाट गर्नुभयो कि गर्नुभएन भन्ने बारेमा हामीसँग कुनै विवरण छैन; तर उहाँको प्रेम सबैका निम्ति हो भन्ने कुरा हामीलाई थाहा भएको कारण, उहाँले अवश्य नै तिनीहरूसँग भेटघाट गर्नुभयो भन्ने कुरालाई हमीले मानिलिन सक्छौं। तैपनि, एक पटक फेरि भनौं, परमेश्वरद्वारा प्रेरणा प्राप्त लेखकहरूको उद्देश्य हाम्रो कौतुहलतालाई मेटाउनु थिएन। त्यही अनुरोधद्वारा प्रभावित यस उपदेशलाई यूहन्नाले समावेश *गरेका* हुन्। उक्त उपदेशको मुख्य भनाइ ३२ पदमा छ: **"अनि जब म पृथ्वीबाट** [क्रूसमा] **उचालिन्छु, म सबै मानिसलाई आफूतिर खिँच्नेछु।"** "सबै मानिस" भन्नाले यहूदीहरू र अन्यजातिहरू दुवै हुन्।

उपदेशको अन्त्यमा, येशू **त्यहाँबाट जानुभयो** भनी यूहन्नाले भनेका छन् (यूह १२:३६ख)। किङ्ग जेम्स् संस्करण (KJV) र १९७७ न्यू अमेरीकन स्टयाण्डर्ड बाइबल

(1977 NASB) को १९७७ संस्करणमा "प्रस्थान गर्नुभयो" भनी उल्लेख गरिएको छ। प्रभुको सार्वजनिक शिक्षा अब अन्त्यतिर पुगेको थियो।

यहूदीहरूद्वारा येशूलाई इन्कार गरिएको (यूह १२:३७-५०)

[३७]उहाँले तिनीहरूका सामुन्ने यतिका चिन्हहरू गर्नुभएको थियो, तापनि तिनीहरूले उहाँमाथि विश्वास गरेनन्। [३८]यो आवश्यक थियो, कि यशैया अगमवक्ताको वचन पूरा होस्, "हे परमप्रभु, हाम्रो सन्देश कसले विश्वास गऱ्यो? अनि परमप्रभुको बाहुबल कसलाई प्रकट गरियो?" [३९]यसकारण तिनीहरूले विश्वास गर्न सकेनन्, किनभने यशैयाले फेरि यसो भनेका छन्, [४०]"उहाँले तिनीहरूका आँखा बन्द गरिदिनुभएको छ, र तिनीहरूका हृदय कठोर रिदिनुभएको छ, यसरी तिनीहरूले आँखाले नदेखून्, अनि हृदयले नबुझून्, नत्रता तिनीहरू फर्कनेछन् र मैले तिनीहरूलाई निको पार्नुपर्छ।" [४१]यशैयाले यी कुरा भने, किनकि तिनले उहाँको महिमा देखे, र उहाँको विषयमा भने। [४२]तरै पनि शासकहरूमध्ये धेरैले उहाँमाथि विश्वास गरे, तर फरिसीहरूको डरले गर्दा, र तिनीहरूले सभाघरबाट निकालिदिन्छन् भन्ने डरले त्यो स्वीकार गरेनन्। [४३]किनभने परमेश्वरको प्रशंसाभन्दा मानिसको प्रशंसा तिनीहरू बढ़ी रुचाउँथे। [४४]येशूले उच्च स्वरले भन्नुभयो, "मलाई विश्वास गर्नेले मलाई होइन, तर मलाई पठाउनुहुनेमाथि विश्वास गर्दछ। [४५]जसले मलाई देख्तछ, त्यसले मलाई पठाउनुहुनेलाई देख्तछ। [४६]म संसारमा ज्योति भएर आएको छु, ताकि ममाथि विश्वास गर्ने अन्धकारमा नरहोस्। [४७]कसैले मेरा वाणी सुन्छ, र ती पालन गर्दैन भने, म त्यसको न्याय गर्दिनँ। किनभने म संसारको न्याय गर्न आएको होइनँ, तर संसारलाई बचाउन आएको हुँ। [४८]मलाई इन्कार गर्ने र मेरा वाणी ग्रहण नगर्नेको लागि एक जना न्यायाधीश छन्। जो वचन मैले बोलें त्यसैले अन्त्यको दिनमा त्यसको न्याय गर्नेछ। [४९]किनभने मैले आफ्नै तर्फबाट बोलिनँ, तर मैले के भन्नुपर्ने हो, र के बोल्नुपर्ने हो, मलाई पठाउनुहुने पिता आफैले मलाई आज्ञा दिनुभएको छ। [५०]म जान्दछु, कि उहाँको आज्ञा अनन्त जीवन हो। यसकारण म जे बोल्दछु, पिताले मलाई भन्नुभएअनुसार बोल्दछु।"

ख्रीष्टको प्रस्थानपछि यहूदी राज्यमा प्रभुको अन्तिम सेवकाइको सारांशलाई यूहन्नाले यसरी उल्लेख गरेका छन्: उहाँले तिनीहरूका सामुन्ने यतिका चिन्हहरू (आश्चर्यकर्महरू) गर्नुभएको थियो, तापनि तिनीहरूले उहाँमाथि विश्वास गरेनन् (यूह १२:३७)। तिनीहरूको इन्कारले यशैया ६:१० र ५३:१ को अगमवाणीहरूलाई पूरा गऱ्यो भनी यूहन्नाले जोड दिएका छन्। त्यसपछि उनले यो टिप्पणी समेत समावेश गरेका छन्:

> **तरै पनि शासकहरूमध्ये धेरैले उहाँमाथि विश्वास गरे, तर फरिसीहरूको डरले गर्दा, र तिनीहरूले सभाघरबाट निकालिदिन्छन् भन्ने डरले त्यो स्वीकार गरेनन्। किनभने परमेश्वरको प्रशंसाभन्दा मानिसको प्रशंसा तिनीहरू बढ़ी रुचाउँथे** (यूह १२:४२, ४३)।

येशूले आश्चर्यकर्महरू गर्नुभएको थियो भन्ने कुरा यहूदी अगुवाहरूलाई थाहा थियो (यूह ११:४७), तर त्यो कुराको स्वीकारले तिनीहरूमा कुनै पनि स्पष्ट प्रभाव पारेन। किन त्यसो भयो भन्ने बारेमा यूहन्नाले प्रकाश गरेका छन्। आश्चर्यकर्मले तिनीहरूमध्ये धेरैलाई प्रभाव पारेको *थियो*, तर तिनीहरूले आफ्ना विश्वासलाई लुकाएर बसे। तिनीहरू "सभाघरबाट निकालिन" चाहान्थेनन्, किनभने यसले गर्दा, देशको धार्मिक, आर्थिक, सामाजिक र राजनैतिक जीवनबाट तिनीहरू बहिस्कृत हुनुपर्थ्यो।

यूहन्ना १२:४२ ले मुख खोलेर स्वीकार गर्नुपर्ने कुराको महत्त्वलाई जोड दिएको छ। हाम्रो हृदयमा भएको विश्वास हाम्रो ओठबाट प्रकट हुनै पर्छ (रोम १०:९, १०)। यदि हामीले उहाँलाई मुखले स्वीकार गरेनौं भने, उहाँले हामीलाई पनि स्वीकार गर्नुहुन्न (मत्ती १०:३२, ३३)।

दु:खलाग्दो कुरा, परमेश्वरले तिनीहरूका विषयमा के सोच्नुहुन्छ भन्ने कुरामा भन्दा मानिसहरूले के सोच्छन् भन्ने कुरामा ती शासकहरू चिन्तित थिए: "परमेश्वरको प्रशंसाभन्दा मानिसको प्रशंसा तिनीहरू बढ़ी रुचाउँथे।" हामीले के गरेको मानिसहरूले चाहान्छन् र हामीले के गरेको परमेश्वर चाहानुहुन्छ भन्ने कुराको तनावमा हामी सबै परेका छौं। कसलाई प्राथमिकता दिने भन्ने कुरा मुख्य समस्याकै रूपमा रहन्छ। पावलले लेखेका छन्, "के म मानिसहरूको निगाह खोज्दैछु, कि परमेश्वरको? अथवा के मैले मानिसहरूलाई खुशी पार्न खोज्दैछु? यदि मैले अझै मानिसहरूलाई खुशी पार्न कोसिस गरेको भए म ख्रीष्टको दास हुनेथिइनँ" (गला १:१०)।

यहूदीहरूले येशूलाई इन्कार गरेको कुरालाई उल्लेख गरिसकेपछि, उहाँमा विश्वास गर्नुको महत्त्व र त्यसो गर्न नसक्दा हुने परिणामको बारेमा प्रभुको भनाइ यूहन्नाले राखेका छन् (यूह १२:४४-५०)। ख्रीष्टले यी वचनहरू कहिले बोल्नुभयो भन्ने बारेमा हामीलाई थाहा छैन। येशू त्यहाँबाट जानुभयो, र तिनीहरूबाट लुकेर बस्नुभयो भन्ने कुरा यूहन्नाले उल्लेख गरेका कारण (यूह १२:३६ख), यूहन्ना १२:२३-३६क मा उल्लेख गरिएको उपदेशपछि नै यी वचन बोलिएको होइन भन्ने कुरालाई हामीले मानिलिन सक्छौं। यी वचनहरू ख्रीष्टको सेवकाइको अन्तिम हप्ताको अवधिमा, कुनै पनि समयमा बोलिएको हुनसक्छ। यिनमा, यूहन्नाको पुस्तकमा पहिले परिचित गरिएका धेरै भावहरू व्यक्त गरिएका छन्: (१) ४४, ४५, ४९, र ५० पदमा उनले यूहन्ना ५ मा जस्तै, उहाँसँग र उहाँको पितासँगको घनिष्ट सम्बन्धलाई जोड दिएका छन्। उहाँलाई इन्कार गर्नेहरूले परमेश्वर स्वयमलाई इन्कार गरिरहेका छन् भन्ने कुरालाई यसरी उनले जोड दिएका छन्। (२) ४६ पदमा, उनले "संसारको ज्योति" को भावको कुरालाई उठाएका छन्, जुन यूहन्ना ८:१२ मा परिचित गरी, यूहन्ना ९ मा विस्तारित गरिएको थियो र यूहन्ना १२:३५, ३६ मा पनि उल्लेख गरिएको छ।

४७ र ४८ को येशूको भनाइमा, ख्रीष्टको शिक्षालाई स्वीकार नगरी हामीले उहाँलाई स्वीकार गर्न (विश्वास गर्न) सक्दैनौं भन्ने विषयमा उल्लेखनीय बुँदा समावेश गरिएको पाइन्छ:

> **कसैले मेरा वाणी सुन्छ, र ती पालन गर्दैन भने, म त्यसको न्याय गर्दिनँ। किनभने म संसारको न्याय गर्न आएको होइनँ, तर संसारलाई बचाउन आएको हुँ। मलाई इन्कार गर्ने र मेरा वाणी ग्रहण नगर्नेको लागि एक जना न्यायाधीश छन्। जो वचन मैले बोलें त्यसैले अन्त्यको दिनमा त्यसको न्याय गर्नेछ।**

प्रयोग: "समय आइपुगेको छ" (यूह १२:२०-३६, ४६-४८)

यूहन्ना १२ मा हामीलाई दिइएको येशूको उपदेश, उहाँको अन्तिम सार्वजनिक उपदेश हुनसक्छ—क्रूसमा उहाँले बोल्नुभएको सात शब्दहरूभन्दा पहिले भीडले सुनेको उहाँको अन्तिम उपदेश। "मैले अझै एउटा प्रवचन दिनु पर्ने थियो" भन्ने शिर्षकमा बोल्नुहोस् भनी येशूलाई अनुरोध गरिएको भए, उहाँले के भन्नुहुन्थ्यो होला? शायद यो प्रश्नको उत्तर यूहन्ना १२:२०-३६ ले दिन्छ।

यो ख्रीष्टको सेवकाइको अन्तिम हप्ताको मंगलबारको दिन थियो। येशू मन्दिरमा शिक्षा दिइरहनुभएको बेला, केही अन्यजातिहरूले उहाँलाई भेट्ने इच्छा व्यक्त गरे। कथाको सुरुवात यसरी हुन्छ, "चाड़मा आराधना गर्न जानेहरूमध्ये कोही-कोही ग्रीकहरू पनि थिए" (यूह १२:२०)।

ग्रीकहरू फिलिपकहाँ आए भनेर बाइबलले बताउँछ (यूहन्ना १२:२१क)। किन तिनीहरू फिलिपकहाँ नै आए भन्ने बारेमा हामीलाई निश्चित रूपमा थाहा छैन। शायद, फिलिपको नाम ग्रीक भएको कारण हुनसक्छ। ("फिलिप" भनेको ग्रीक मिश्रित शब्दको छोटकरी शब्द हो, जसको अर्थ "घोडा मन पराउने" भन्ने हुन्छ।) शायद, तिनीहरू पनि फिलिपको गृहनगर बेथसेदाका नै थिए। शायद, तिनीहरूले भेटेको येशूको पहिलो चेला फिलिप नै भएको कारण हुनसक्छ।

तिनीहरूले "आएर यसो भनेर बिन्ती गरे, 'हजूर, हामी येशूलाई भेट्न चाहन्छौ'" (यूह १२:२१ख)। तिनीहरूलाई येशूको बारेमा के थाहा थियो? शायद केही दिन पहिले येशूले मन्दिरको शुद्धिकरण गर्नुहुँदा तिनीहरू पनि त्यहाँ थिए होलान्। उहाँले अन्यजातिहरूको चोकमा शिक्षा दिनुहुँदा तिनीहरूले उहाँको शिक्षा सुनेका हुनसक्छ। जे भए तापनि, तिनीहरूले उहाँको बारेमा केही कुरा अवश्य नै जानेका थिए, अनि उहाँको बारेमा अझै जान्न चाहान्थे। वचनले भन्छ, तिनीहरूले "बिन्ती *गरे* ..." (जोड दिइएको छ)। मुख्य बाइबलमा, तिनीहरूले उनलाई अनुरोध गरिरहे भन्ने कुरालाई संकेत गरिएको छ।

अब के गर्ने भन्ने बारेमा फिलिप अनिश्चित थिए। ख्रीष्टले बाह्र चेलाहरूलाई अन्यजातिहरूकहाँ नजानू, तर "इस्राएल जातिका हराएका भेड़ाहरूकहाँ" मात्र जानू भनी भन्नुभएको थियो (मत्ती १०:५, ६)। फिलिपले आफ्नो साथीलाई सहयोग माग्यो: "फिलिपले गएर अन्द्रियासलाई भने" (यूह १२:२२क)। त्यसपछि दुवै "अन्द्रियास र फिलिप गएर येशूलाई भने" (यूह १२:२२ख)।

ख्रीष्टले ग्रीकहरूको अनुरोधलाई स्वीकार गर्नुभयो कि गर्नुभएन भन्ने बारेमा हामीलाई बताइएको छैन। यूहन्नाले हामीलाई सम्पूर्ण विवरणहरू दिएका छैनन् तर, उनले यूहन्ना १२ को अन्तिम भागमा दिइएको येशूको वचनको पृष्ठभूमिकथालाई भने समावेश गरेका छन्। जे भए तापनि, प्रतिक्रिया दिने क्रममा, ती ग्रीकहरू—र हामी लगायत सबै अन्यजातिहरूका बारेमा प्रभुले सोच्नुभएको थियो (यूह १२:३२ हेर्नुहोस्)।

ग्रीकहरूले के चाहेका थिए सो कुरा जब अन्द्रियास र फिलिपले येशूलाई बताए, उहाँले यसो भनी उत्तर दिनुभयो, "समय आइपुगेको छ" (यूह १२:२३)। यही वाक्यको साथमा, प्रभुले त्यो भावलाई परिचित गर्नुभयो, जुन उहाँको अन्तिम सार्वजनिक उपदेश पनि हुनसक्छ। यो समयसम्म, उहाँले भन्नुभएको थियो, "उहाँको समय अझ आइपुगेको *थिएन*" (यूह ७:३०; जोड दिएको छ; २:४; ७:६; ८:२० हेर्नुहोस्); तर अब समय *आइपुगेको* थियो (यूह १३:१ हेर्नुहोस्)।

जब येशूले "समय आइपुगेको छ" भनी भन्नुभयो, मुख्य रूपमा उहाँले आफ्नो मृत्युको बारेमा बताइरहनुभएको थियो (यूह १२:२४); तर यी वचनले, सम्बन्धित विभिन्न विचारहरूलाई समेत समावेश गर्छ। यसकारण, "समय आइपुगेको छ" भन्ने विषयको हाम्रो अध्ययनमा फरक शिर्षकहरू समावेश गरिनेछ। मुख्य विषय क्रूस हुनेछ।

क्रूस र प्रतिबद्धताको समय (यूह १२:२३-२६)

क्रूस (यूह १२:२३, २४)

ख्रीष्टले आफ्नो उपदेशको सुरुवात यसरी गर्नुभयो, "मानिसको पुत्रको महिमित हुने समय आइपुगेको छ" (यूह १२:२३)। "मानिसको पुत्र" को अर्थ मसीह हो (दान ७:१३)। येशूले भन्नुभयो, "मानिसको पुत्रको महिमित हुने समय आइपुगेको छ।" उहाँले आफ्नो मृत्युको बारेमा कुरा गरिरहनुभएको थियो (यूह १२:२४), तर यो बताउने क्रममा उहाँले मृत्युभन्दा पछिको पुनरुत्थान र स्वर्ग आरोहणलाई समेतलाई देखिसक्नुभएको थियो। यूहन्नाले लेखेको ख्रीष्टको जीवनको विवरणको अन्तिम भागको मुख्य भाव "महिमा" हो।

येशूको वचनले अवश्य नै भीडलाई उत्साहित गरेको हुनसक्छ। मसीहले राजनैतिक राज्य स्थापना गर्ने कुरालाई "महिमित हुने" भन्ने शब्दले जनाउँछ भन्ने विचार तिनीहरूको थियो। केही दिन पहिले भएको यरूशलेममा विजय-प्रवेशको समयमा ख्रीष्ट महिमित हुनुहुनेछ भन्ने तिनीहरूले आशा गरेका थिए; तर, कारणवश ख्रीष्टले तिनीहरूको अपेक्षालाई पूरा गर्नुभएन। अब भने उहाँले आफ्नो महिमाको बारेमा कुरा निकाल्नुभयो। रोमीहरू विरुद्धको अभियान सुरु गर्ने र आफ्नो राज्य स्थापना गर्ने समयतालिकाको बारेमा येशूले कहिले बताउनुहोला भनेर तिनीहरू उत्कटताका साथ पर्खिरहेका हुनसक्छन्। अनन्तको निम्ति विजयको बोलावट भनेको दिर्घकालीन रूपमा स्वर्गीय सेनाहरूले भौतिक राज्यलाई विजय गर्नु हो भन्ने विचार तिनीहरूले राखेका थिए! सैन्य योजनाको बारेमा छलफल गर्नुको सट्टा, ख्रीष्टले आफू मर्ने बारेमा बताउनुभएको सुनेर तिनीहरू धेरै नै निराश भए होलान्!

प्रभुले एउटा सरल तर शक्तिशाली उदाहरण दिनुभयो: "साँच्चै, म तिमीहरूलाई भन्दछु, गहूँको दाना माटोमा परेर मरेन भने त्यो एउटै रहन्छ। तर त्यो मऱ्यो भने त्यसले धेरै फल फलाउँछ" (यूह १२:२४)। बीउलाई भाँडोमा नै राखियो भने, यो बढ्नेछैन; यो "एउटै रहन्छ।" बीउलाई जमिनमा छरियो भने, यो "मर्नेछ" (अर्थात्, यो फुट्छ र आफ्नो पहिचान गुमाउँछ)—तर यो "मृत्यु" ले यसलाई "धेरै फल फलाउने" तुल्याउँछ। यसले सय गुणा वा साठी गुणा वा तीस गुणा फल दिनेछ (मत्ती १३:८)। यो उदाहरणमा, त्यो बीउ, येशू आफै नै हुनुहुन्छ। यदि उहाँ नमर्नुभएको भए, उहाँले आफ्नै जीवनलाई त बचाउन सक्नुहुन्थ्यो, तर अरूलाई आशिषित तुल्याउन सक्नुहुन्नथ्यो। उहाँले नयाँ जीवन अस्तित्वमा ल्याउने एउटै तरिका भनेको मृत्युलाई अंगाल्नु थियो।

प्रतिबद्धता (यूह १२:२५, २६)

ख्रीष्टले त्यसपछि भन्नुभयो, "आफ्नो प्राणको मोह गर्नेले त्यो गुमाउँछ, तर आफ्नो प्राणलाई यस संसारमा तुच्छ ठान्नेले चाहिँ अनन्त जीवनको लागि त्यो सुरक्षित राख्छ" (यूह १२:२५)। यहाँ "तुच्छ" को अर्थ, "थोरै प्रेम गर्नु" भन्ने हुन्छ। हामीले प्रभुलाई जति प्रेम गर्छौं, हामीले हाम्रो जीवनलाई त्योभन्दा कम प्रेम गर्नुपर्छ। यो प्रवचन धेरै विरोधाभासहरूले भरिएको छ: "आफ्नो प्राणको मोह गर्नेले त्यो गुमाउँछ"; "आफ्नो प्राणलाई तुच्छ ठान्नेले चाहिँ, त्यो सुरक्षित राख्छ"; "बाँच्ने एउटै तरिका भनेको मर्नु हो।"

येशूले पहिले आफ्नो वचनलाई उहाँ आफैमा लागू गर्नुभयो। आफ्नो उद्देश्यलाई र परमेश्वरको योजनालाई पूरा गर्नको निम्ति उहाँ मर्नुपर्नेथियो। उहाँका यी वचनहरूलाई

हामीले हामी आफैमा लागू गरेको होस् भन्ने चाहाना पनि उहाँको थियो। परमेश्वरको निम्ति महत्त्वपूर्ण हुनको लागि हामी "मर्नै" पर्छ। परमेश्वरको निम्ति विश्वासयोग्य हुनको निम्ति मण्डली इतिहासको सुरुतिरका धेरै इसाईहरूले शारीरिक रूपमा नै मर्नु परेको थियो (प्रका २:१०)। हामीलाई त्यस प्रकारको बलिदानको निम्ति बोलाइएको नहुनसक्छ, तापनि "आफ्नो निम्ति हामी मर्नै पर्छ।" पावलले लेखेका छन्, "म ख्रीष्टसँगै क्रूसमा टाँगिएको छु, अब उप्रान्त जिउने म होइनँ, तर ख्रीष्ट ममा जिउनुहुन्छ" (गला २:२०क)।

येशूले आफ्नो उपदेशलाई जारी राख्ने क्रममा, "मर्न" समेत तयार हुँदा प्राप्त गर्न सकिने : उहाँको निम्ति सेवा र त्यसबाट प्राप्त हुने इनामहरू। उहाँले यसरी सुरु गर्नुभयो, "कसैले मेरो सेवा गर्छ भने ..." (यूह १२:२६क)। प्रभुको निम्ति निश्वार्थ सेवामा प्रतिबद्ध भएको कुराद्वारा, हामीले हाम्रो जीवनलाई "घृणा" गरेको कुरालाई प्रदर्शन गरिरहेका हुन्छौं। त्यस प्रकारको समर्पणता गर्न चाहाने व्यक्तिले "मलाई पछ्याओस्" पर्छ भनी येशूले भन्नुभयो (यूह १२:२६ख)। उहाँको अर्को भनाइले, यस प्रकारको समर्पणताको योग्य तुल्याउने इनामहरूका बारेमा बताउँछ। उहाँले भन्नुभयो, "म जहाँ छु, मेरो सेवक पनि त्यहाँ हुनेछ" (यूह १२:२६ग)। उहाँ स्वर्गमा हुनुहुनेछ (हेर्नुहोस्: २ कोर ५:८; फिलि १:२३; प्रका २१:३)। त्यसपछि येशूले भन्नुभयो, "कसैले मेरो सेवा गर्छ भने पिताले त्यसको कदर गर्नुहुनेछ" (यूह १२:२६घ)। परमेश्वर आफैद्वारा सम्मान प्राप्त गर्नु कति ठूलो कुरा हो, कल्पना गर्नुहोस्! पावलले भनेका छन्, "हाम्रो हलुको र क्षणभरको कष्टले हाम्रा निम्ति अतुलनीय तथा अनन्तको महान् महिमा तयार गरिरहेछ" (२ कोर ४:१७)।

संघर्ष र पुष्टिकरणको समय (यूह १२:२७-३०)

विवाद (यूह १२:२७)

येशूले आफ्नो मृत्युको बारेमा कुरा गर्न हिचकिचाउनुभएन, तर यसको अर्थ उहाँलाई यो विषय रमाइलो लागेको थियो भन्ने होइन। मृत्युको सामना गर्नु हाम्रो लागि सजिलो कुरो हुँदैन, र प्रभुको लागि पनि यो सजिलो थिएन। उहाँ प्रोग्राम हालिएको रोबर्ट हुनुहुन्नथ्यो। उहाँ शरीर र रगतमा हुनुहुन्थ्यो। हामीलाई जस्तै उहाँलाई पनि दुख्थ्यो।

यूहन्नाले गेतसमनीको दृश्यलाई समावेश गरेका छैनन्, जहाँ ख्रीष्टले यसो भनी प्रार्थना गर्नुभएको थियो, "... हुन सक्छ भने, यो कचौरा मबाट हटोस्" (मत्ती २६:३९)। तैपनि, उनले गेतसमनिको घटनाभन्दा पहिले येशूको प्राणको अवस्था कस्तो थियो, त्यसको झलक भने उनले दिएका छन्। प्रभुले भन्नुभयो, "अब मेरो प्राण व्याकुल भएको छ" (यूह १२:२७क)। न्यू अंग्रेजी बाइबल (NEB) मा "मेरो प्राण दु:खमा परेको छ" भन्ने उल्लेख छ। डरलाग्दा घटनाले अघि पर्खिरहेको थियो: शारीरिक मृत्युको घोर पीडा र आत्मिक मृत्यु (पिताबाट अलग गरिएको) को त्योभन्दा ठूलो पीडा बाहेक, त्यहाँ क्रूसको लाज थियो, शैतानसँगको आत्मिक युद्ध थियो (यूह १२:३१), अनि पन्ध्रसय वर्षसम्म स्यहारसुसार गरिएको परमेश्वरका मानिसहरूले गरेको इन्कारको पीडा थियो।

यी सबै कुरालाई विचारमा राख्दै येशूले प्रश्न गर्नुभयो, "... म के भनूँ? ..." (यूह १२:२७ख)। अर्थात्, "मैले के को लागि प्रार्थना गर्नू?" के उहाँले यसो भनी प्रार्थना गर्नुपर्नेथियो, "हे पिता, मलाई यस घड़ीबाट बचाउनुहोस्" (यूह १२:२७ग)? होइन। उहाँले भन्नुभयो, "यसै कारणले नै म यस घड़ीसम्म आइपुगेको छु" (यूह १२:२७डी)। पद २७ मा भएको "तर" ("but") भन्ने शब्द (नेपालीमा 'होइन' भन्ने छ), ग्रीक शब्द ἀλλά (*अल्ला,*

alla) बाट अनुवाद गरिएको हो, र यो एउटा विरोधवाची (adversative) शब्द हो। यस प्रसंगमा, "तर" भन्दा गहिरो भाव दिने शब्द यहाँ आवश्यक रहेको देखिन्छ। रिभाइज्ड स्टचाण्डर्ड संस्करण (RSV) मा, "होइन" भन्ने शब्द प्रयोग गरिएको छ। उहाँ "हराएकालाई खोज्न र बचाउन" आउनुभएको हो (लूक १९:१०)। उहाँ पृथ्वीमा मर्न आउनुभएको थियो (फिलि २:७, ८)।

पुष्टिकरण (यूह १२:२८-३०)

येशूले आज्ञाकारीताका यी वचनहरू बोल्नुभयो: "हे पिता, तपाईंका नाउँको महिमा गर्नुहोस्" (यूह १२:२८क)। उहाँले जीवनपर्यन्त आज्ञाकारीताद्वारा परमेश्वरको नाउँको महिमा गर्नुभएको थियो (यूह १७:४ हेर्नुहोस्), र उहाँले यसलाई आफ्नो मृत्युद्वारा थप महिमित गर्नुहुनेछ।

त्यसबेला, एउटा आशा नगरिएको घटना घट्यो: "तब स्वर्गबाट यस्तो एउटा आवाज आयो" (यूह १२:२८ख)। येशूको सेवकाइको अवधिमा, परेमश्वर स्वर्गबाट तीन पल्ट बोल्नुभयो: उहाँको बप्तिस्मामा (मत्ती ३:१७), उहाँको रूप परिवर्तन हुँदा (मत्ती १७:५), र यो घटनामा। आवाजले भन्यो, "मैले त्यो [मेरो नाम] महिमा गरेको छु, र फेरि गर्नेछु" (यूह १२:२८ग)। परमेश्वरको नाउँ येशूको जीवनद्वारा महिमित भएको थियो, तर अब यो उहाँको क्रूसद्वारा महिमित हुनेछ।

स्वर्गीय वाणी सुनेपछि भीड अत्यन्तै डराए, त्यसैले के भएको थियो भन्ने बारेमा मानिसहरू सोधासोध गर्नलागे। "त्यहाँ खड़ा भएको भीड़ले यो सुनेर भन्यो, 'यो मेघ गर्जन हो!' अरूहरूले भने, 'स्वर्गदूत उनीसँग बोलेका हुन्'!" (यूह १२:२९)। हामी जे कुरा सुन्न तयार भएका हुन्छौं, त्यही नै सुन्छौं भन्ने कुरालाई यसले हामीलाई याद दिलाउँछ। उदाहरणको लागि, वातावरण हाम्रा कानले सुन्न नसक्ने आवाजहरूद्वारा भरिएको हुन्छ। तैपनि, हामीले रेडियो खोलेर स्टेशनमा लगायौं भने बोलेको वा संगीत बजेको सुन्न सक्छौं। येशूका वरिपरि उभिरहेकाहरूमध्ये धेरैजसो मानिसहरू परमेश्वरको आवाज सुन्न तयार थिएनन्; तिनीहरूका निम्ति यो "मेघ गर्जन" थियो—हाल्ला मात्र। त्यस्तै, आजका धेरै मानिसहरू प्रकृतिमा वा बाइबलमा परमेश्वरको आवाज "सुन्न" तयार छैनन् (रोम १:२०; हिब्रू १:१, २)।

हो, केहीले यूहन्नाले जस्तै आवाज सुने र बुझे। येशू आफ्नो नजिककाहरूतर्फ फर्कनुभयो (विशेष गरी उहाँका प्रेरितहरूतर्फ) र भन्नुभयो, "यो आवाज मेरो निम्ति भएको होइन, तर तिमीहरूका निम्ति हो" (यूह १२:३०)। यो अभिव्यक्तिको अर्थ अवश्य नै, "मेरोलागि *मात्र* होइन, तर तिमीहरूका लागि *पनि* हो" भन्ने हुन्छ। पिताको यो पुष्टिकरणले पुत्रलाई, उहाँको आउन लागेको सतावटको निम्ति निश्चय नै सामर्थ्य दियो, तर येशूले चालिरहनुभएको पाइला परमेश्वरको एजेण्डा अनुसार नै छ भन्ने कुरामा प्रेरितहरूलाई विश्वस्त गराउन समेत यो आवाज दिइएको थियो।

विजय र परिवर्तनको समय (यूह १२:३१-३३)

विजय (यूह १२:३१)

ख्रीष्ट क्रूसमा मर्नुभएपछि, धेरै महत्त्वपूर्ण घटनाहरू घट्नेछन्। उदाहरणको लागि, यो विजयको समय हुनेछ, दुष्टको शक्ति विरुद्धको विजय। यो हारको समयजस्तो *देखिनेछ,*

तर थार्थमा यो जीतको समय हुनेछ।

येशूले भन्नुभयो, "अब यस संसारको न्याय हुन्छ। यस संसारको शासक बाहिर फालिनेछ" (यूह १२:३१)। "संसार" भनी अनुवाद गरिएको ग्रीक शब्द κόσμος (*कोस्मोस्, kosmos*) हो, जसको सामान्य अर्थ "क्रम" भन्ने हुन्छ। यो पदमा, यो शब्दले ब्रम्हाण्डलाई होइन तर पृथ्वीलाई जनाउँछ। विशेष गरी, यसले "संसारको प्रणाली" लाई बुझाउँछ, चट्टान तथा रूख-बिरुवाजस्ता वस्तुहरूलाई होइन। "यो संसारको शासक" ले शैतानलाई बुझाउँछ (यूह १४:३०; १६:११ हेर्नुहोस्)।

शैतानसँगको अन्तिम युद्ध क्रूस हुनेछ। आज, धेरैले असल र दुष्ट पक्ष बीचको कुनै कल्पित युद्धको बारेमा कुरा गर्छन् (धेरै पटक यसलाई "आर-मागेड्डोनको यद्ध" भनिन्छ); तर निर्णयात्मक युद्ध क्रूसमा नै भयो भन्ने कुरा बाइबलले सिकाउँछ। हिब्रूको पुस्तकका लेखकले भनेका छन्, ख्रीष्ट मासु र रगतमा सहभागी हुनुभयो, "ताकि *मृत्युद्वारा* नै मृत्युको शक्ति भएकोलाई, अर्थात् दियाबलसलाई उहाँले नष्ट गरून्, र मृत्युको डरले आजीवन बन्धनमा परेकाहरूलाई उहाँले मुक्त गरिदेऊन्" (हिब्रू २:१४, १५; जोड दिइएको छ)। शैतान आज पनि सक्रिय छ (१ पत्र ५:८), तर हामीमाथि रहेको त्यसको सामर्थ्य तोडिएको छ; त्यो हारेको शत्रु हो (याकू ४:७)।

परिवर्तन (यूह १२:३२, ३३)

अवश्य नै, पापमाथि गरिएको विजय नै क्रूसमा भएको सबैभन्दा ठूलो विजय हो (२ कोर ५:२१; एफि१:७)। येशूले उपदेश दिने क्रममा उहाँलाई भेट्न चाहाने ती ग्रीकहरूका बारेमा कहिल्यै भुल्नुभएन। उहाँको मृत्यु यहूदीहरूका लागि मात्र होइन तर सबै मानिसहरूका लगि हुनेछ भनी उहाँले उल्लेख गर्नुभयो: "अनि जब म पृथ्वीबाट उचालिन्छु, म सबै मानिसलाई आफूतिर खिँच्नेछु" (यूह १२:३२)।

अंग्रेजी बाइबलमा, यूहन्ना १२:३२ मा "यदि" ("if") भन्ने शब्दलाई "जब" ("when") भन्ने अर्थमा प्रयोग गरिएको छ: "*जब* म ... उचालिन्छु ...।" उहाँको मृत्यु क्रूसमा नै हुनेछ भन्ने बारेमा कुनै शंका थिएन। यहाँ प्रयोग गरिएको "उचालिने" भन्ने शब्दलाई नयाँ करारको अर्को ठाउँमा उच्च पारिनु भन्ने अर्थमा पनि प्रयोग गरिएको छ (१ तिमो ३:६; याकू ४:१०; किङ्ग जेम्स् संस्करण [KJV]), तर यूहन्नाको पुस्तकमा यसलाई प्रभुको मृत्यु बुझाउनको निम्ति नै प्रयोग गरिएको छ (यूह ३:१४; ८:२८)। हाम्रो खण्डको अर्को पदले, "उहाँको मृत्यु कुन प्रकारले हुने हो, सो सङ्केत दिनलाई उहाँले यसो भन्नुभएको थियो" भन्ने कुरा बताइएको छ (यूह १२:३३)। ढुङ्गाले हानिएर, वा यहूदीहरूले मृत्युदण्ड दिने अन्य कुनै तरिकाद्वारा उहाँ मारिनुहुनेछैन; तर, उहाँलाई रोमी क्रूसमा "उचालिने छ"।

जब यसो हुनेछ, उहाँले "सबै मानिसहरूलाई" उहाँतिर खिच्नुहुनेछ: यहूदीहरू र अन्यजातिहरू दुवैलाई। उहाँले यी दुईलाई एउटै शरीरमा समावेश गर्नुहुनेछ। पावलले पछि लेखेका छन्,

> किनकि उहाँ नै हाम्रो शान्ति हुनुहुन्छ। उहाँले हामी [यहूदी र अन्यजाति] दुवैलाई एउटै बनाउनुभएको छ, र विभाजन ल्याउने शत्रुताको पर्खाल भत्काइदिनुभएको छ। र उहाँले व्यवस्थालाई त्यसका आज्ञाहरू र धार्मिक-विधानहरूसमेत आफ्नै शरीरमा खारेज गर्नुभएको छ, कि यी दुईका [यहूदी र अन्यजाति] सट्टामा उहाँले आफैमा एउटा नयाँ मानिस सृष्टि गरून्, र यसरी शान्ति स्थापना होस्। अनि उहाँले *क्रूसद्वारा* हामी दुवैलाई

एउटै शरीरमा परमेश्वरसँग मेल गराएर शत्रुतालाई शेष पार्नुभयो (एफि २:१४-१६; जोड दिइएको छ)।

"एउटै शरीर" भनेको मण्डली हो (एफि १:२२, २३; कल १:१८)।

येशूले मानिसहरूलाई वाध्य वा जबर्जस्ती गर्नुहुनेछैन, तर उहाँले तिनीहरूलाई *खिच्नुहुनेछ*। परमेश्वरको खिच्ने शक्ति भनेको क्रूस र यसले प्रतिनिधित्व गर्ने प्रेम हो (यूह ३:१६; रोम ५:८)। सूर्यको प्रकाशले पृथ्वीबाट नयाँ बिरुवालाई बिस्तारै-बिस्तारै खिच्छ, त्यसरी नै ख्रीष्टको प्रेमले कोमलता पूर्वक मानिसहरूलाई उहाँतिर खिच्छ।

अन्यौलता र चुनौतीको समय (यूह १२:३४-३६, ४६-४८)

अन्यौलता (यूह १२:३४)

येशूको वचन बुझ्न मानिसहरूलाई गाह्रो परेको थियो। तिनीहरूले बुझेनन् भन्ने तथ्य त्यति अचम्मको कुरो होइन। दु:खको कुरा त के हो भने तिनीहरूले बुझ्ने समेत *प्रयास* गरेनन्। तिनीहरूले यस्तो प्रतिक्रिया दिए, "ख्रीष्ट सदासर्वदा रहनुहुन्छ भन्ने व्यवस्थाबाट हामीले सुनेका छौं" (यूह १२:३४क)। पुरानो करारको कुनै पनि खण्डले यसो भन्दैन, तर मसीहले *अनन्त* राज्यमा *सदासर्वदा* राज गर्नुहुनेछ भन्ने कुरा भने पुरानो करारले सिकाउँछ (हेर्नुहोस्: यशै ९:७; इजि ३७:२५; दान ७:१४)। यसरी राज्य गर्नको निम्ति मसीह/ख्रीष्ट भौतिक रूपमै "सदासर्बदा रहनुपर्छ" भन्ने निष्कर्ष यहूदीहरूको थियो।

तिनीहरूले प्रश्न गरे, "तपाईं कसरी भन्न सक्नुहुन्छ, मानिसको पुत्र उचालिनैपर्छ?" (यूह १२:३४ख)। "उचालिनु" भन्ने वाक्यको अर्थ क्रूसमा चढाइनु हो भन्ने कुरालाई तिनीहरूले स्पष्ट रूपमै बुझे, तर मसीहको बारेमा तिनीहरूसँग जुन किसिमको अवधारणा थियो, त्योसँग यो कुरा मिलेन। उहाँ मरेर कसरी राज्य गर्न सक्नुहुन्छ? तिनीहरूले नबुझ्ने अन्य कुरालाई उल्लेख गर्न येशूले "मानिसको पुत्र" भन्ने वाक्यलाई प्रयोग गरिरहनुभएको छ भन्ने निष्कर्ष तिनीहरूको थियो। तिनीहरूले प्रश्न गरे, "यो मानिसको पुत्रचाहिँ को हो?" (यूह १२:३४ग)। अर्को शब्दमा, "तपाईं कसको बारेमा कुरा गरिरहनुभएको छ, मसीहको कि अरू नै कसैको?"

चुनौती (यूह १२:३५, ३६, ४६-४८)

येशूले तिनीहरूको प्रश्नको उत्तर प्रत्यक्ष रूपमा होइन, तर अप्रत्यक्ष रूपमा दिनुभयो: वास्तवमा, उहाँले भनिरहनुभएको "मानिसको पुत्र" नै संसारको "ज्योति" हो भनी उहाँले उत्तर दिनुभयो (यूह १२:३५; हेर्नुहोस्: ८:१२; ९:५)। तैपनि, तिनीहरूले मसीहबारे विस्तृत विवरण बुझ्न सकून् भन्ने कुरा उहाँको सबैभन्दा ठूलो इच्छाको विषय थिएन। बरु, तिनीहरूले उहाँलाई मसीहको रूपमा *स्वीकार* गरून् भन्ने चाहानाचाहिँ उहाँको थियो।

उहाँलाई स्वीकार गर्ने काम कति अर्जेन्ट छ भन्ने कुराको जोड ख्रीष्टको अनुरोधमा पाइन्छ। यी मानिसहरूलाई विश्वास गर्न अनुरोध गर्ने यो उहाँको शायद, अन्तिम व्यक्तिगत मौका थियो। उहाँले भन्नुभयो, "अझ अलि बेरसम्म ज्योति तिमीहरूसँग छ" (यूह १२:३५क)। उहाँले आफैलाई "संसारको ज्योति" को रूपमा परिचित गर्नुभयो (यूह ९:५)। उहाँको मृत्यु हुनुभन्दा पहिलेका केही दिनसम्मको लागि मात्र उहाँ यी मानिसहरूका बीचमा हुनुहुनेछ। त्यसैले अघि सारिएको मौकाको फाइदा लिन उहाँले तिनीहरूलाई अनुरोध गर्नुभयो: "ज्योति तिमीहरूसँग छउञ्जेल हिँड्डुल गर, ताकि अन्धकारले

तिमीहरूलाई नढाकोस्। कोही अन्धकारमा हिँड्डुल गर्छ भने, त्यसले आफू कहाँ गइरहेछु, सो थाहा पाउँदैन" (यूह १२:३५ख)। तिनीहरूले उहाँलाई ख्रीष्टको रूपमा स्वीकार गरुन् भन्ने चाहाना उहाँको थियो: "जबसम्म ज्योति तिमीहरूसँग छ ज्योतिमा *विश्वास* गर" (यूह १२:३६क; जोड दिइएको छ)। यदि तिनीहरूले उहाँमा विश्वास गरे भने, तिनीहरू "ज्योतिको सन्तान होओ" (यूह १२:३६ख)। तिनीहरू उहाँको ज्योतिको प्रतिविम्ब हुनेछन्।

यदि तिनीहरूले उहाँलाई स्वीकार गरेनन् भने नि? अध्यायको अन्तिम भागलाई झट्ट हेर्दा, ज्योतिलाई इन्कार गर्दा परिआउने दुर्भाग्यको बारेमा देख्न सक्छौं। त्यहाँ येशूले भन्नुभएको छ,

> म संसारमा ज्योति भएर आएको छु, ताकि ममाथि विश्वास गर्ने अन्धकारमा नरहोस्। कसैले मेरा वाणी सुन्छ, र ती पालन गर्दैन भने, म त्यसको न्याय गर्दिनँ। किनभने म संसारको न्याय गर्न आएको होइनँ, तर संसारलाई बचाउन आएको हुँ। मलाई इन्कार गर्ने र मेरा वाणी ग्रहण नगर्नेको लागि एक जना न्यायाधीश छन्। जो वचन मैले बोलें त्यसैले अन्त्यको दिनमा त्यसको न्याय गर्नेछ (यूह १२:४६-४८)।

निष्कर्ष

उपदेशको विवरणलाई यूहन्नाले यसरी अन्त्य गरेका छन्, "यी कुरा भन्नुभएपछि, येशू त्यहाँबाट जानुभयो, र तिनीहरूबाट लुकेर बस्नुभयो" (यूह १२:३६ग)। तिनीहरूको अवसरको दिन बितेर गयो।

यरूशलेमको विनाश र दोस्रो आगमनको विषयमा प्रेरितहरूलाई शिक्षा (मत्ती २४:१—२५:४६; मर्कू १३:१-३७; लूक २१:५-३६)[15]

परिचयात्मक टिप्पणी र प्रश्नहरू (मत्ती २४:१-३; मर्कू १३:१-४; लूक २१:५-७)

मत्ती २४:१-३

[१]त्यसपछि येशू मन्दिरबाट निस्केर जान लाग्नुहुँदा उहाँका चेलाहरू उहाँलाई मन्दिरका भवनहरू देखाउन भनी उहाँको नजिक आए। [२]तर उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूले यी सब देख्छौ, होइन त? साँच्चै, म तिमीहरूलाई भन्छु, एउटा ढुङ्गामाथि अर्को ढुङ्गा रहनेछैन, प्रत्येक भत्काएर फालिनेछ।" [३]येशू जैतून डाँड़ामा बस्नुहुँदा चेलाहरू एकान्तमा उहाँकहाँ आएर सोधे, "हामीलाई भन्नुहोस्, यी कुरा कहिले हुनेछन्, र तपाईंको आगमन र यस युगका अन्त्यको चिन्ह के हुनेछ?"

---

[15]मत्ती २४ को अध्ययन, स्टाफोर्ड नर्थ (Stafford North) ले इस्टसाइड चर्च अफ क्राइष्ट, मिडवेस्ट सिटि, अकलोहोमामा, ३० सेप्टेम्बर १९९७ मा दिएको प्रवचन र अन्य स्रोतहरूमा आधारित छ। प्रिमेलिनियलिज्म् (premillennialism) र मत्ती २४ को बारेमा थप जानकारीको निम्ति, हेर्नुहोस्: डेभिड एल. रोपर (David L. Roper), *रिभिलेसन* १२—२२, ट्रुथ फर टुडे कमेन्टरी: एड. एड्डी क्लोएर (Eddie Cloer) (सेर्सी, आर्क.: रिसोर्स पब्लिकेसन्स्, २००२), ४०१-२३।

मर्कूस १३:१-४

[१]जब उहाँ मन्दिरबाट निस्कँदैहुनुहुन्थ्यो, तब उहाँका चेलाहरूमध्ये एक जनाले उहाँलाई भने, "हेर्नुहोस्, गुरुज्यू, कति ठूला-ठूला ढुङ्गाहरू र कति भव्य भवनहरू।" [२]येशूले तिनलाई भन्नुभयो, "यहाँ त एउटा ढुङ्गामाथि अर्को ढुङ्गा नछोडिने गरी सबै भत्काइनेछन्।" [३]अनि उहाँ मन्दिरको सामुन्ने जैतून डाँड़ामा बस्नुहुँदा पत्रुस, याकूब, यूहन्ना र अन्द्रियासले उहाँलाई गुप्तमा सोधे, [४]"हामीलाई भन्नुहोस्, यी घटनाहरू कहिले हुनेछन्? र यी सब कुरा पूरा हुनका निम्ति के चिन्ह हुनेछ?"

लूका २१:५-७

[५]अब कोही-कोहीले सुन्दर-सुन्दर ढुङ्गाहरू र दानमा प्राप्त भएका सामग्रीहरूले सुसज्जित पारिएका मन्दिरको विषयमा कुरा गर्न लागे। येशूले भन्नुभयो, [६]"तिमीहरूले जे देखिरहेका छौ, यस्तो समय आउनेछ जब एउटा ढुङ्गामाथि अर्को ढुङ्गा रहनेछैन, ती जम्मै भत्किनेछन्।" [७]तिनीहरूले उहाँलाई सोधे, "गुरुज्यू, यी सब कहिले हुनेछन्? र यो कुरा हुन लाग्दा के चिन्ह हुनेछ?"

येशूले "उचालिने" विषयमा उपदेश दिनुभएपछि, उहाँ "त्यहाँबाट जानुभयो" (यूह १२:३६), अर्थात्, **मन्दिरबाट** [बाहिर जानुभयो] **निस्कँदैहुनुहुन्थ्यो** (मर्कू १३:१क; हेर्नुहोस्: मत्ती २४:१क)। ख्रीष्ट मन्दिरबाट जानुभएको कुरा महत्त्वपूर्ण थियो। परमेश्वरको महिमा (येशू; यूह २:११; ८:५४ हेर्नुहोस्) कहिल्यै नफर्कने गरी, मन्दिरबाट गयो (१ शमू ४:२१, २२ हेर्नुहोस्)। यसको धेरै दशकपछि मात्र मन्दिरलाई नष्ट गरिए तापनि, यसको भवितव्यको लागि मोहर लागाइएको थियो (मत्ती २३:३७, ३८)।

मन्दिरको भवनबाट ख्रीष्ट जाँदैगर्नुहुँदा, उहाँका चेलाहरू—सहर बाहिरबाट भ्रमणमा आएका मानिसहरूले जस्तै—रोकिएर मन्दिरको सुन्दरता र तिनीहरूका वरिपरि रहेको भवनको विलक्षण महानतालाई अवलोकन गरे। (परिशिष्ट २ मा "प्यालेष्टाइन दृश्यहरू" हेर्नुहोस्।) उहाँका चेलाहरूमध्ये एक जनाले भने, **"हेर्नुहोस्, गुरुज्यू, कति ठूला-ठूला ढुङ्गाहरू र कति भव्य भवनहरू"** (मर्कू १३:१)। अब कोही-कोहीले **सुन्दर-सुन्दर ढुङ्गाहरू र दानमा प्राप्त भएका सामग्रीहरूले सुसज्जित पारिएका मन्दिरको विषयमा कुरा गर्न लागे** (लूक २१:५)। "दानमा प्राप्त" ("votive") भन्ने शब्द "शपथ" अर्थ दिने ग्रीक शब्दबाट आएको हो। "दानमा प्राप्त भएका सामग्रीहरू" भनेको भाकल पूरा भए वापत दिइने दानहरू हो। न्यू इन्टरनेशनल संस्करण (NIV) मा "परमेश्वरलाई चढाइएको उपहारहरू" भन्ने वाक्य पाइन्छ।

मन्दिरको भवन शोभायमान *थियो*, र यहूदीहरू यसप्रति वास्तवमै गर्व गर्ने गर्थे। यो एथेन्सको एक्रोपोलिसभन्दा दुई गुणा ठूलो थियो। यो सेतो चूनढुङ्गा र संगमरमरबाट निर्माण गरिएको थियो; टाढाबाट हेर्दा, यो हिउँले भरिएको पहाडको चुचुराजस्तो देखिन्थ्यो, मनमोहक। महान हेरोदले इ.सं. २० मा मन्दिरलाई पुन:निर्माण गर्न सुरु गरेका थिए, र हामीले छलफल गरेका घटनाहरूको समयमा पनि यो निर्माणाधिन अवस्थामा नै रहेको थियो। शायद, प्रत्येक पल्ट तीर्थयात्रीहरू यरूशलेममा आउँदा, केही न केही अचम्मलाग्दो नयाँ भाग मन्दिरमा थपिएको हुन्थ्यो। दानमा प्राप्त भएका सामग्रीहरूले मन्दिरलाई सिंगारिएको बारेमा जोसेफसले लेखेका छन्। अग्रिपाले दिएका मुकुटहरू, ढालहरू, पानपत्र, अनि साङ्लाहरू त्यहाँ राखिएका थिए। यहाँ राखिएको, अंगुरका धेरै झुप्पाहरू

भएको एउटा सुनको दाखको बोट हेरोदले दिएको उपहार थियो। मन्दिरको सुन्दरता देखेर चेलाहरू प्रभावित भए भन्ने कुरामा हामीले अचम्म मान्नु पर्दैन।

तैपनि, येशूको प्रतिक्रियाद्वारा तिनीहरूको उत्साहमा पूर्णविराम लाग्यो: **"तिमीहरूले जे देखिरहेका छौ, यस्तो समय आउनेछ जब एउटा ढुङ्गामाथि अर्को ढुङ्गा रहनेछैन, ती जम्मै भत्किनेछन्"** (लूक २१:६)। ख्रीष्टले यरूशलेम र मन्दिरको विनाशको बारेमा बताउनुभएको थियो (मत्ती २२:७; २३:३८; लूक १३:३५), तर ती कुराहरूलाई धेरै पटक सांकेतिक शब्दद्वारा बताइएको थियो। यस घटनामा, उहाँको वचनलाई गलतरूपमा बुझ्ने सम्भावना त्यति थिएन, किनभने यो स्पष्टै थियो।

प्रभुले भन्नुभयो, **"एउटा ढुङ्गामाथि अर्को ढुङ्गा नछोडिने"** (मर्कू १३:२ख)। यरूशलेमको लागि विलाप गर्ने क्रममा येशूले उस्तै वचनहरू बोल्नुभएको थियो (लूक १९:४४)। जोसेफसको विवरण अनुसार, मन्दिरका केही ढुङ्गाहरू अड्तिस फिट लम्बाइ, बाह्र फिट उचाइ, अनि आठ फिट चौडाइ भएका आकारका थिए।[16] ती अदभुत दृश्यलाई हर्दै चेलाहरूले यस्तो सोचेका हुनसक्छन्, "यी कुनै पनि ढुङ्गाहरू एक अर्कोमाथि रहनेछैनन्? यो कसरी हुनसक्छ?" मन्दिर इस्राएलको धर्म र महिमाको निम्ति केन्द्रबिन्दु नै थियो। यसको विनाश सोच्दै नसोचेको घटना थियो।

येशू र उहाँलाई पछ्याउनेहरू मन्दिरबाट जानुभयो, किद्रोन उपत्यका पार गर्नुभयो अनि मन्दिरको पूर्वतर्फ पर्ने उच्चा स्थान, जैतून डाँडामा चढ्नुभयो—शायद उहाँहरूले विगतमा रात विताउनुभएको ठाउँ पत्ता लगाउन त्यहाँ जानुभएको हुनसक्छ (लूक २१:३७)। ओह्रालो भागमा बसेर (मत्ती २४:३क हेर्नुहोस्), उहाँहरूले मन्दिर र सहरलाई "आफ्ना अघि छर्लङ्ग देख्नुभयो। त्यसबेला अस्ताइरहेको घामको कारण छायाँहरू लामालामा हुँदै गइरहेको थियो।"[17] उहाँहरूले तल देखिने मन्दिरको भवनलाई हेर्नुभयो (मर्कू १३:३क) अनि चेलाहरूको हृदयमा भएको प्रश्नहरू निस्कन थाले। चेलाहरूले समग्रमा प्रश्न गरेका थिए भनेर मत्ती र लूकाको पुस्तकमा बताइको छ (मत्ती २४:३क; लूक २१:७क), र पत्रुस, याकूब, यूहन्ना, र आन्द्रियासले प्रश्न गरेका हुन् भनेर मर्कूसले निश्चित रूपमै उल्लेख गरेका छन् (मर्कू १३:३ख)। तिनीहरूले येशूलाई प्रश्न गरे, **"हामीलाई भन्नुहोस्, यी कुरा कहिले हुनेछन्, र तपाईको आगमन र यस युगको अन्त्यको चिन्ह के हुनेछ?"** (मत्ती २४:३ख; हेर्नुहोस्: मर्कू १३:४; लूक २१:७ख)।

आफूहरूले एउटा घटनाको बारेमा मात्रै प्रश्न गरिरहेका छौं भन्ने विचार चेलाहरूले गरे—मन्दिरको विनाश— तर वास्तवमा तिनीहरूले धेरै घटनाको बारेमा प्रश्न गरिरहेका थिए। निश्चित रूपमा, तिनीहरूले ख्रीष्टको "आगमन" र "युगको अन्त्य" को बारेमा सोधे। "आगमन" भनी अनुवाद गरिएको ग्रीक शब्द παρουσία (*परोउसिया, parousia*) हो। सुसमाचारको पुस्तकमा यो शब्द एकै ठाउँमा मात्र उल्लेख गरिएको छ, र यो मत्ती २४ मा पाइन्छ (३, २७, ३७, ३९ पद)। पारोउसिया "राजाको आगमनलाई जनाउने पारिभाषिक शब्द हो।"[18] यो शब्द प्रयोग गरी प्रश्न गर्ने क्रममा, चेलाहरूले येशूको राज्यको स्थापनाको

---

[16]जोसेफस (Josephus) *एन्टिक्विटिज्* १५.११.३. यो नापले अठाह्र इन्चको छोटो क्युबिटलाई मान्छ। *वार्स* ५.५.६ ले ढुङ्गाको फरक परिमाणलाई जनाउँछ।

[17]रोबर्ट डंकन कल्भर (Robert Duncan Culver), *द लाइफ अफ क्राइष्ट* (ग्राण्ड ज्यपिडस्, मिचिगन: बेकर बुक हाउस, १९७६), २२५-२६।

[18]वील एड वारेन (Will Ed Warren), क्लास सेलिवस, *द लाइफ अफ क्राइष्ट: द सिनोप्टिक गोस्पलस्*, हार्डिङ युनिभर्सिटि, १९९१, ९६।

बारेमा विचार गरिरहेका थिए र तिनीहरूले गल्तीवस यो राज्य भौतिक राज्य हुनेछ भन्ने ठानेका थिए। येशूले यसभन्दा पहिले नै आफ्नो दोस्रो आगमनको बारेमा अगमवाणी गर्नुभएको थियो (हेर्नुहोस्: मत्ती १६:२७; लूक १२:४०; १७:२२-३७)। तैपनि, यदि चेलाहरूले उहाँको मृत्यु हुनुपर्छ अनि उहाँ जीवित हुनुपर्छ भन्ने कुरालाई बुझेका थिएनन् भने, प्रभुले आफ्नो दोस्रो आगमनको बारेमा बताउनुहुँदा तिनीहरूले बुझ्न सकेका थिएनन्। त्यस्तो हो भने, "युगको अन्त्य" को अर्थ (तिनीहरूका विचारमा) हालको राजनैतिक व्यवस्थाको अन्त्य (अर्थात्, यहूदीहरूले घृणा गरेको रोमी शासनको अन्त्य) थियो। प्रेरितहरूसँग यी प्रश्नहरू थिए, किनभने मसीहको राज्यको उद्घाटन (अर्थात्, तिनीहरूले विचार गरे अनुसारको राज्य) को कारण मात्रै मन्दिरको विनाश हुनेछ, अन्य कारणले हुनेछैन भन्ने विचार तिनीहरूको थियो। यस अध्ययनको क्रममा, येशूको प्रतिक्रियाले मन्दिरको विध्वंस बाहेक अन्य विषयलाई समेत शामिल गरेको छ भन्ने कुरालाई हामीले ध्यान दिनैपर्छ।

चेलाहरूलाई ख्रीष्टले दिनुभएको उत्तर (मत्ती २४:४—२५:४६; हेर्नुहोस्: मर्कू १३:५-३७; लूक २१:८-३६), उल्लेख गरिएका उहाँका लामा उपदेशहरूमध्येको एउटा लामो उपदेश हो—र शायद उहाँको सबैभन्दा विवादास्पद उपदेश पनि यही हो। यो समस्याको एउटा कारण के हो भने येशूले "आम यहूदी ईश्वरीय-साहित्य" लाई प्रयोग गर्नुभयो।[19] ईश्वरीय-साहित्यमा, सन्देश व्यक्त गर्न स्पष्ट (धेरैजसो अनौठो) चिन्हहरूलाई प्रयोग गरिन्छ। ईश्वरीय-साहित्यको बारेमा यहूदीहरू परिचित थिए। दानिएलजस्ता परमेश्वरको प्रेरणाप्राप्त पुस्तकहरूमा ईश्वरीय-चिन्ह प्रयोग गरिएको बाहेक, पुरानो करारको अन्त्य र येशूको जन्म सम्मको समय अवधिमा, प्रशस्त ईश्वरीय-साहित्यका आलेखहरू लेखिएको थियो। यहूदीहरू यस प्रकारको चित्रणप्रति परिचित नै थिए, तर हामीमध्ये धेरै जना परिचित छैनौं। त्यसैले, हामीलाई यसको अर्थ लगाउन धेरै पटक गाह्रो हुन्छ।

हामीले पहिले उल्लेख गरेजस्तै, यो कठिनताको अर्को कारण के हो भने यो सन्देशको क्रममा प्रभुले एउटै मात्र प्रश्नको होइन तर धेरै प्रश्नको उत्तर दिइरहनुभएको थियो: यरूशलेमको विध्वंससँग सम्बन्धित प्रश्न *र* उहाँको दोस्रो आगमनसँग सम्बन्धित प्रश्न। इ.सं. ७० मा के हुनेछ, र युगको अन्त्यमा के हुनेछ भन्ने बारेमा उहाँले बताउनुभएका वचनहरू खप्टिएर मिसिएको देखिन्छ। यी दुईलाई छुटाउनु गाह्रो छ। यसरी छुटाइने प्रयास स्वरूप, दुई वटा हिमालको उदाहरणलाई प्रयोग गर्ने गरिन्छ—नजिकै रहेको सानो हिमाल अनि टाढा रहेको ठूलो हिमाल—जसको चित्र हामी बसेको ठाउँबाट हेर्दा गाभिएको देखिन्छ, अनि हिमालहरू पनि उत्रै देखिन्छ। यरूशलेमको विध्वंस र दोस्रो आगमन बीचमा हजारौं वर्षको अन्तर रहेको भए तापनि यी दुईमा नजिकको सम्बन्ध छ भन्ने कुरामा धेरैजसो बाइबल विद्वानहरू सहमत हुन्छन्: पहिलो (यरूशलेमको विध्वंस) दोस्रोसँग मिल्दो छ (दोस्रो आगमन)।

यहाँ उल्लेख गरिएका अभिव्यक्तिहरू एउटै जस्ता देखिए तापनि, मत्ती २४ को पहिलो भागले यरूशलेमको विनाशको घटनालाई *जोड* दिन्छ र पछिल्लो भागले दोस्रो आगमनलाई *जोड* दिन्छ भन्ने कुरामा धेरैले सहमत जनाउँछन्।

अध्यायको पहिलो भागमा १९ र २० पदलाई ध्यान दिनुहोस्: "हाय! गर्भवतीहरू र

---

[19]ए. टि. रोबर्टसन् (A. T. Robertson), *अ हार्मोनी अफ द गोस्पलस् फर स्टुडेण्टस् अफ द लाइफ अफ क्राइष्ट* (न्यू योर्क: हार्पर एण्ड र:, १९५०), १७३।

दूध खुवाउनेहरूलाई ती दिनमा। तर हिउँदमा वा शबाथमा तिमीहरू भाग्न नपरोस् भनी प्रार्थना गर।" के दोस्रो आगमनसँग बच्चा जन्माउने अवस्था वा ऋतु, वा हप्ताको दिन सम्बन्धित छ? सम्बन्धित छैन। तैपनि, यरूशलेमको विनाशको घटनाको निम्ति यी तथ्यहरू महत्त्वपूर्ण थिए।

पछिल्लो भागको ४० र ४१ पदमा, केहीलाई लगिने र केहीलाई छाडिने बारेमा उल्लेख गरिएको कुरालाई याद गर्नुहोस्। यरूशलेमको विध्वंससँग यी पदको कुनै सम्बन्ध नभए तापनि, तिनीहरू दोस्रो आगमनसँग सम्बन्धित छन्।

यरूशलेमको विनाश सम्बन्धी शिक्षा (मत्ती २४:४-३५; मर्कू १३:५-३१; लूक २१:८-३६)

(१) यरूशलेमको विनाशसँग सम्बन्धित नरहेका घटनाहरू
(मत्ती २४:४-१४; मर्कू १३:५-१३; लूक २१:८-१९)

मत्ती २४:४-१४

४तब येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "होशियार रहो, कसैले तिमीहरूलाई भ्रममा नपारोस्। ५किनभने धेरै जना मेरो नाउँमा 'म ख्रीष्ट हुँ' भन्दै आउनेछन्, र धेरैलाई बहकाउनेछन्। ६तिमीहरूले युद्धहरू र युद्धहरूका हल्ला सुन्नेछौ। नघबराओ, किनकि यी हुनु आवश्यक नै छन्, तर अन्त्य त त्यत्ति नै बेला हुँदैन। ७किनभने जातिको विरुद्धमा जाति, र राज्यको विरुद्धमा राज्य उठ्नेछ, र ठाउँ-ठाउँमा अनिकाल र भूकम्प हुनेछन्। ८तर यी सब त प्रसववेदनाको सुरु मात्र हो। ९तब तिनीहरूले तिमीहरूलाई सङ्कष्टको लागि सुम्पिदिनेछन्, र तिमीहरूलाई मार्नेछन्, र मेरो नाउँको खातिर सबै जातिहरूले तिमीहरूलाई घृणा गर्नेछन्। १०तब धेरै जना भड्केर जानेछन्, र ठेस खानेछन्, र एउटाले अर्कालाई विश्वासघात गरेर सुम्पिदिनेछ र घृणा गर्नेछ। ११धेरै झूटा अगमवक्ताहरू खड़ा हुनेछन्, र धेरैलाई बहकाउनेछन्। १२दुष्टता बढ़ेको हुनाले धेरैको प्रेम सेलाएर जानेछ। १३तर आखिरसम्म स्थिर रहनेचाहिँ बचाइनेछ। १४अनि राज्यको यो सुसमाचार सारा संसारमा सबै जातिहरूका लागि गवाहीको निम्ति प्रचार गरिनेछ, त्यसपछि अन्त्य आउनेछ।"

मर्कूस १३:५-१३

५येशूले तिनीहरूलाई भन्नुभयो, "होशियार रहो, कसैले तिमीहरूलाई भ्रममा नपारोस्। ६धेरै जना मेरो नाउँमा 'म उही नै हुँ' भन्दै आउनेछन्, र तिनीहरूले धेरैलाई भ्रममा पार्नेछन्। ७जब तिमीहरूले लड़ाइँ र लड़ाइँहरूको हल्ला सुन्नेछौ, तब नडराओ। यस्ता घटनाहरू हुनु आवश्यक छ। तर अन्त्यको दिन आउनु अझ बाँकी नै छ। ८किनभने जातिको विरुद्धमा जाति, र राज्यको विरुद्धमा राज्य खड़ा हुनेछ। ठाउँ-ठाउँमा भूकम्पहरू जानेछन्, अनिकालहरू हुनेछन्। योचाहिँ स्त्रीलाई प्रसववेदना सुरु भएझैँ सङ्कष्टको आरम्भ हो। ९तिमीहरू आफ्ना विषयमा होशियार रहो। तिनीहरूले तिमीहरूलाई अदालतमा सुम्पनेछन्। तिमीहरू सभाघरहरूमा पिटिनेछौ। अनि हाकिमहरू र राजाहरूका सामुन्ने मेरो खातिर तिनीहरूलाई गवाही दिन तिमीहरू खड़ा हुनेछौ। १०र पहिला सबै जातिहरूलाई सुसमाचार प्रचार गरिनुपर्छ। ११जब मानिसहरूले तिमीहरूलाई पक्री लगेर मुद्दा चलाउँछन्, तब के बोलौं भनी अघिबाटै फिक्री नगर। तर त्यसै बेला जे तिमीहरूलाई दिइन्छ, त्यही बोल,

किनकि बोल्ने तिमीहरू होइनौ, तर पवित्र आत्मा हुनुहुनेछ। [१२]एउटा भाइले अर्को भाइलाई
मृत्युको लागि सुम्पनेछ, र त्यसै गरी बाबुले छोरालाई। छोरा-छोरीहरू आमाबाबुहरूका
विरुद्धमा खड़ा हुनेछन्, र तिनीहरूलाई मार्न लाउनेछन्। [१३]अनि मेरो नाउँको खातिर
तिमीहरू सबैबाट घृणित हुनेछौ, तर जो अन्त्यसम्म स्थिर रहन्छ त्यसैको उद्धार हुनेछ।

लूका २१:८-१९

[८]उहाँले भन्नुभयो, "होशियार रहो, तिमीहरूलाई कसैले नबहकाओस्। मेरो नाउँमा धेरै
जना 'म उही नै हुँ' र 'बेला नजिक आएको छ,' भनेर भन्छन्। तिनीहरूका पछि तिमीहरू
नलाग। [९]तिमीहरूले जब युद्धहरू र खैलाबैलाका कुराहरू सुन्नेछौ तब भयभीत नहोओ,
किनभने पहिले यी घटनाहरू हुनैपर्छ, तर अन्त्यचाहिँ तुरुन्तै हुनेछैन।" [१०]तब उहाँले
तिनीहरूलाई भन्नुभयो, "राष्ट्र, राष्ट्रका विरुद्धमा, र राज्य, राज्यको विरुद्धमा उठ्नेछ।
[११]भयङ्कर भूकम्पहरू हुनेछन्। विभिन्न ठाउँहरूमा अनिकाल र महामारी हुनेछन्,
भयङ्कर आतङ्क हुनेछन्, अनि आकाशबाट ठूला-ठूला चिन्हहरू हुनेछन्। [१२]तर यी सबै
कुराहरू हुन अघि, मानिसहरूले तिमीहरूलाई पक्रनेछन्, र सताउनेछन्, र तिमीहरूलाई
सभाघरहरूमा सुम्पिदिनेछन्, र भ्यालखानमा हालिदिनेछन्। तिमीहरूलाई मेरो नाउँको
खातिर राजाहरू र हाकिमहरूका सामुन्ने पुऱ्याउनेछन्। [१३]तर तिमीहरूका लागि यो एउटा
गवाही दिने अवसर हुनेछ। [१४]यसकारण आफ्नो बचाउको निम्ति के भन्ने हो सो अघिबाट
सोच्नेछैनौं भनी आफ्ना मनमा पक्का गर। [१५]किनभने म तिमीहरूलाई यस्तो बोल्ने मुख र
बुद्धि दिनेछु, कि तिमीहरूका विरोधीहरूले प्रत्युत्तर दिन सक्नेछैनन्, अनि खण्डन गर्न पनि
सक्नेछैनन्। [१६]तर तिमीहरूका आमा-बुबा र दाजुभाइहरू, नातेदारहरू र मित्रहरूले पनि
तिमीहरूलाई पक्राइदिनेछन्, र तिमीहरूमध्ये कोही-कोहीलाई तिनीहरूले मार्नेछन्। [१७]मेरो
नाउँको खातिर तिमीहरूलाई सबै मानिसहरूले घृणा गर्नेछन्। [१८]तर तिमीहरूका शिरको
एउटा केश पनि नष्ट हुनेछैन। [१९]तिमीहरूको धैर्यद्वारा तिमीहरूले आफ्नो प्राण प्राप्त
गर्नेछौ।"

विभिन्न "गैर-चिन्हहरू" का बारेमा उल्लेख गर्दै ख्रीष्टले आफ्नो उपदेशको सुरुवात गर्नुभयो। यहूदीहरूका निम्ति यरूशलेमको विनाश यति दर्दनाक हुनेछ कि यस सम्बन्धी येशूको अगमवाणी पूरा हुन्छ भनेर बाटो हेर्नेहरूले जेसुकै र जुनसुकै कुरा घटेको देखे पनि यही घटना हुने चिन्ह हो भनी सोच्नेछन्। यो उदाहरणलाई विचार गर्नुहोस्: यदि कसैले मेरो घर नष्ट गरिनेछ भनी भविष्यवाणी गऱ्यो भने—र मैले त्यो कुरा विश्वास गरेँ भने—प्रत्येक आँधीले मलाई भयभीत बनाउनेछ। आफ्ना जनहरू भ्रममा नपरुन् भन्ने चाहाना ख्रीष्टको थियो (मत्ती २४:४; मर्कू १३:५; लूक २१:८क), त्यसैले *सम्भावित बहकाउको चिन्हहरूको* बारेमा पहिले बताएर उहाँले तिनीहरूलाई चेतावनी दिनुभयो।

झूटो ख्रीष्ट: झूटो ख्रीष्टहरू आउनेछन् भनी उहाँले बताउनुभयो (मत्ती २४:५; मर्कू १३:६; लूक २१:८ख; यसभन्दा अघि पनि हेर्नुहोस्, मत्ती २४:२४; मर्कू १३:२२)। उहाँले यसो भनेर चेतावनी दिनुभयो, **"तिनीहरूका पछि तिमीहरू नलाग"** (लूक २१:८ग)। बेलाबेलामा, त्यो समयमा काल्पनिक दाबीहरू गरेर कुनै पनि व्यक्तिले मानिसहरूलाई आफ्नो पछि लगाउन सक्थ्यो (प्रे ५:३४-३९; २१:३८ हेर्नुहोस्)। त्यो समयमा अग्रसर भएर

गुट बाँधेका केही अगुवाहरूका बारेमा जोसेफसले लेखेका छन्।[20]

युद्ध र युद्धको हल्ला: युद्धहरूको हल्ला र अन्य हल्लाहरूका कारण चेलाहरू घबराउनु हुँदैन (मत्ती २४:६क; मर्कू १३:७क; लूक २१:९क)। प्रभुले यस्तो व्याख्या दिनुभयो, **" ... यी हुनु आवश्यक नै छन्, तर** [यरूशलेम र मन्दिरको] **अन्त्य त त्यत्ति नै बेला हुँदैन"** (मत्ती २४:६ख; हेर्नुहोस्: मर्कू १३:७ख; लूक २१:९ख)। रोमी साम्राज्य शान्तिमा रहेको समयमा यी वचनहरू बोलिएको थियो; तर, इतिहासकारहरूका अनुसार, चाँडै नै युद्ध सुरु भयो।

प्राकृतिक प्रकोप: अनिकाल, महामारी र भुकम्प जस्ता प्राकृतिक प्रकोपहरू हुनेछन् (जसरी सँधै भइरहेको छ) भनी ख्रीष्टले बताउनुभयो (मत्ती २४:७ख; मर्कू १३:८ख; लूक २१:११)। **भयङ्कर आतङ्क हुनेछन्, अनि आकाशबाट ठूला-ठूला चिन्हहरू हुनेछन्** भनी लूकाको पुस्तकले थपेको छ। यी वाक्यले निश्चित रूपमा उल्लेख नगरिएको कुनै पनि प्राकृतिक प्रकोपलाई समावेश गर्छ—जस्तै, आँधी, असिना, र बाढी। यिनीहरू **प्रसववेदनाको सुरु मात्रै हो** भनी येशूले यी चिन्हहरूका बारेमा भन्नुभयो (मत्ती २४:८; हेर्नुहोस्: मर्कू १३:८ग)। "सुरु" भन्ने शब्दलाई ६ र १४ पदको "अन्त्य" शब्दसँग तुलना गरिएको छ। अर्को शब्दमा, यी प्राकृतिक प्रकोपहरू "अन्त्यको चिन्ह" *होइनन्*।

मण्डलीसँग सम्बन्धित संकटहरू: येशूलाई पछ्याउनेहरूले सतावट भोग्नेछन् (मत्ती २४:९; मर्कू १३:९क, १३क; लूक २१:१२क, १६ख, १७)। तैपनि, प्रभुले तिनीहरूसँग हुनेछु भनी प्रतिज्ञा गर्नुभयो (लूक २१:१८)। तिनीहरूमध्ये केही मारिनेछन् भनी उहाँले पहिले नै बताउनुभएको कारण (लूक २१:१६), यहाँ **तिमीहरूका शिरको एउटा केश पनि नष्ट हुनेछैन** भनी गरिएको प्रतिज्ञाको अर्थ (लूक २१:१८) अवश्य नै, तिनीहरू मारिए तापनि तिनीहरू नाश हुनेछैनन् भन्ने हो। पुनरुत्थानमा अन्तिम विजय हुनेछ भनी प्रभुले तिनीहरूलाई प्रतिज्ञा गर्नुभयो। सतावटलाई आफ्नो विश्वास पुष्टि गर्ने मौकाको रूपमा लिन उहाँले तिनीहरूलाई अनुरोध गर्नुभयो (मर्कू १३:९ख, ११; लूक २१:१२ख-१५)। गभर्नर र राजाहरूका अघि पावल उभिए भन्ने कुरा हामीलाई थाहा भएकै कुरा हो (प्रे २६ हेर्नुहोस्); शायद अरू प्रेरितहरूले पनि त्यसै गरे होलान्। आफ्नो प्रतिरक्षा गर्दा पवित्र आत्माले नै तिनीहरूका वचनलाई उत्प्रेरित गर्नुहुनेछ भन्ने प्रतिज्ञा प्रेरितहरूका निम्ति थियो, हाम्रो निम्ति होइन। अरूलाई सिकाउनुभन्दा पहिला हामीले परमेश्वरको वचनलाई अध्ययन गर्नै पर्छ।

धेरैलाई भ्रममा पार्ने झूटा अगमवक्ताहरू (शिक्षकहरू) अर्को समस्या हुनेछ (मत्ती २४:११; २४:२४; मर्कू १३:२२; यो भविष्यवाणी पूरा भएको बारे अध्ययन गर्न, हेर्नुहोस्, २ पत्र २:१; १ यूह ४:१)। सतावट र भ्रमका कारण केही इसाईहरू पछि हट्नेछन्। केहीले आफ्ना परिवार लगायत आफ्ना संगी-इसाहरूलाई धोका समेत दिनेछन् (मत्ती २४:१०, १२; मर्कू १३:१२; लूक २१:१६क)। ख्रीष्टले भन्नुभयो, **"तर आखिरसम्म स्थिर रहनेचाहिँ बचाइनेछ"** (मत्ती २४:१३; मर्कू १३:१३ख; हेर्नुहोस्: लूक २१:१९)। उहाँले तिनीहरूलाई—र हामीलाई—विश्वासयोग्य रहिरहन अनुरोध गर्नुभयो।

सुसमाचार फैलिने: ख्रीष्टले "गैर-चिन्हहरू" को सूचीलाई यसो भन्दै समाप्त गर्नुभयो, **"अनि राज्यको यो सुसमाचार सारा संसारमा सबै जातिहरूका लागि गवाहीको निम्ति प्रचार गरिनेछ, त्यसपछि** [यरूशलेम र मन्दिरको] **अन्त्य आउनेछ"** (मत्ती २४:१४; हेर्नुहोस्: मर्कू १३:१०)। यसको धेरै हप्तापछि उहाँको स्वर्ग आरोहण हुनुभन्दा पहिले,

---

[20]जोसेफस (Josephus) *एन्टिक्विटिज़* २०.५.१-२; २०.८.६.; *वार्स* २.१२.४-५।

प्रभुले आफ्ना प्रेरितहरूलाई “सबै देशका जातिहरूलाई चेला” बनाऊ र “सारा संसारमा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर,” भन्ने महान आज्ञा दिनुभयो (मत्ती २८:१९; मर्कू १६:१५)। सुसमाचारलाई “पृथ्वीको अन्तिम छेउसम्म” पुऱ्यउने कामलाई ख्रीष्टका जनहरूले कसरी स्वीकार गरे भन्ने कथा प्रेरितको पुस्तकमा पाइन्छ (प्रे १:८)। तैपनि, यी सबैका निम्ति समय लाग्नेछ। त्यसैले, मन्दिरको “अन्त्य” वर्षौंपछि भविष्यमा हुनेछ भन्ने कुरालाई प्रभुले जोड दिनुभयो। लगभग इ.सं. ६३ तिर (यरूशलेमको विनाश गरिनुभन्दा सात वर्ष पहिले), पावलले सुसमाचार “स्वर्गमुनि हरेक प्राणीलाई प्रचार गरिएको छ” लेख्न सक्षम थिए (कल १:२३)। यो खण्डको “हरेक प्राणी” भन्ने वाक्यले रोमी साम्राज्यलाई बुझाउँछ। साम्राज्यको हरेक भागका मानिसहरूलाई सुसमाचार सुन्ने मौका दिइएको थियो भन्ने कुरा स्पष्ट छ (हेर्नुहोस्: रोम १:५, ८; कल १:५, ६; १ थेस १:८)।

(२) यरूशलेमको विनाशसँग सम्बन्धित घटना
(मत्ती २४:१५-३५; मर्कू १३:१४-३१; लूक २१:२०-३६)

मत्ती २४:१५-३५

**१५“यसकारण जब तिमीहरूले दानिएल अगमवक्ताबाट बोलिएको विनाशकारी घृणित
थोक पवित्रस्थानमा खड़ा भएको देखौला (पाठकले बुझोस्), १६तब यहूदियामा हुनेहरू
पहाड़हरूतिर भागून्। १७कौसीमा हुनेहरू आफ्ना घरमा भएका सामान निकाल्नलाई तल
नझरून्। १८खेतबारीमा हुने आफ्नो खास्टो लिन फर्की नआऊन्। १९हाय! गर्भवतीहरू र
दूध खुवाउनेहरूलाई ती दिनमा। २०तर हिउँदमा वा शबाथमा तिमीहरू भाग्न नपरोस् भनी
प्रार्थना गर। २१किनकि त्यस बेला यस्तो महासङ्कष्ट हुनेछ, जो जगत्को सुरुदेखि
अहिलेसम्म भएको छैन, न त फेरि कहिल्यै हुनेछ। २२ती दिन नघटाइएका भए कोही मानिस
बाँच्न सक्नेथिएन, तर चुनिएकाहरूका निम्ति ती दिन घटाइनेछन्। २३तब तिमीहरूलाई
कसैले ‘हेर, ख्रीष्ट यहाँ छन्, कि त्यहाँ छन्’ भन्यो भने विश्वास नगर। २४किनकि झूटा
ख्रीष्टहरू, र झूटा अगमवक्ताहरू खड़ा हुनेछन्, र हुन सके चुनिएकाहरूलाई पनि
भड्काउनलाई ठूला-ठूला चिन्हहरू र आश्चर्यका कामहरू देखाउनेछन्। २५याद राख, मैले
तिमीहरूलाई अघिबाटै भनिदिएको छु। २६यदि तिनीहरूले तिमीहरूलाई ‘हेर, उनी उजाड-
स्थानमा छन्’ भनी भन्छन् भने बाहिर निस्केर नजाओ। अनि ‘हेर, उनी भित्री कोठाहरूमा
छन्’ भने पनि विश्वास नगर। २७किनकि जसरी बिजुली पूर्वबाट चम्कँदा पश्चिमसम्मै
उज्यालो हुन्छ, त्यसरी नै मानिसको पुत्रको आगमन हुनेछ। २८जहाँ सिनु हुन्छ, त्यहाँ
गिद्धहरू पनि जम्मा हुन्छन्। २९ती सङ्कष्टका दिनको तुरुन्तै पछि, सूर्य अँध्यारो हुनेछ, र
चन्द्रमाले आफ्नो चमक दिनेछैन, र ताराहरू आकाशबाट खस्नेछन्, तथा आकाशका
शक्तिहरू हल्लाइनेछन्। ३०तब मानिसको पुत्रको चिन्ह आकाशमा देखा पर्नेछ, र पृथ्वीका
सब जातिहरू विलाप गर्नेछन्, र तिनीहरूले मानिसको पुत्रलाई आकाशका बादलहरूमा
शक्ति र ठूलो महिमासाथ आइरहेको देख्नेछन्। ३१उसले आफ्ना स्वर्गदूतहरूलाई तुरहीको
ठूलो आवाजको साथ पठाउनेछ, र तिनीहरूले आकाशको एक छेउदेखि अर्को छेउसम्म
चारै दिशाबाट उसका चुनिएकाहरूलाई भेला गर्नेछन्। ३२तर अञ्जीरको रूखबाट एउटा
शिक्षा लेओ: जब त्यसका हाँगा कलिला हुन्छन् र रूखले पालुवा फेर्छ, तब ग्रीष्म ऋतु
आएछ भनी तिमीहरू थाहा पाउँछौ। ३३त्यसरी नै तिमीहरूले पनि जब यी सबै कुरा भएका
देख्नेछौ, तब ऊ नजिकै, ढोकामै छ भनी जान। ३४साँच्चै, म तिमीहरूलाई भन्दछु, कि यी**

सबै पूरा नहोउञ्जेल यो पुस्ता बितिजानेछैन। ३५स्वर्ग र पृथ्वी बितेर जानेछ, तर मेरा वचन बितेर जानेछैनन्।”

मर्कूस १३:१४-३१

१४“जब तिमीहरू विनाशकारी घृणित थोकलाई जहाँ हुनु नपर्ने त्यहीँ उभिएको देख्छौ (पढ्नेले बुझोस्), तब यहूदियामा हुनेहरू पहाड़हरूतिर भागून्। १५घरको कौसीमा हुने तल नओर्लोस्, न त आफ्नो घरबाट केही निकाल्नलाई भित्र पसोस्। १६खेतमा हुने आफ्नो खास्टो लिन पछाडि नफर्कोस्। १७तर हाय, ती दिनमा गर्भवती र दूध खुवाउने आमाहरूलाई! १८त्यो हिउँदमा नहोस् भनी प्रार्थना गर। १९किनकि ती दिनहरूमा यस्तो महासङ्कष्ट आइपर्नेछ कि परमेश्वरले गर्नुभएको सृष्टिको सुरुदेखि अहिलेसम्म न त यस्तो भएको छ, न कहिल्यै हुनेछ। २०यदि परमेश्वरले ती दिन नघटाइदिनुभएको भए त कुनै मानिस बाँच्नेथिएन, तर उहाँले चुन्नुभएकाहरूका खातिर ती दिन घटाउनुभएको छ। २१त्यो बेला कसैले तिमीहरूलाई ‘हेर, ख्रीष्ट यहाँ छन्’ वा ‘त्यहाँ छन्’ भन्यो भने, तिमीहरू विश्वास नगर। २२किनभने झूटा ख्रीष्टहरू र झूटा अगमवक्ताहरू खड़ा हुनेछन्, अनि सम्भव भए, चुनिएकाहरूलाई भ्रममा पार्न तिनीहरूले चिन्हहरू र आश्चर्यका कामहरू गर्नेछन्। २३तर तिमीहरूचाहिँ होशियार रहो। हेर, मैले तिमीहरूलाई सबै कुरा अघिबाटै भनिदिएकै छु। २४तर ती दिनमा त्यस महासङ्कष्टपछि सूर्य अँध्यारो हुनेछ, र चन्द्रमाले आफ्नो चमक दिनेछैन, २५ताराहरू आकाशबाट खस्नेछन्, र आकाशमा भएका शक्तिहरू डगमगाउनेछन्। २६अनि त्यस समयमा मानिसहरूले मानिसको पुत्रलाई शक्ति र महिमासित बादलमा आउँदैगरेको देख्नेछन्। २७तब उसले स्वर्गदूतहरूलाई पठाउनेछ, र पृथ्वीको अन्त्यदेखि आकाशको अन्त्यसम्म चारै दिशाबाट आफ्ना चुनिएकाहरूलाई भेला गर्नेछ। २८अञ्जीरको रूखबाट पाठ सिकः त्यसको हाँगा कमलो भएर पालुवा हाल्ने बित्तिकै ग्रीष्म ऋतु नजिक आएछ भन्ने तिमीहरू थाहा पाउँछौ। २९यसरी नै तिमीहरूले पनि जब यी घटनाहरू भइरहेका देख्छौ, तब ऊ नजिक छ, ढोकामा नै छ भन्ने जान। ३०साँच्चै म तिमीहरूलाई भन्दछु, यी सबै कुरा भई नसकूञ्जेल यो पुस्ता बितिजानेछैन। ३१स्वर्ग र पृथ्वी बितिजानेछ, तर मेरा वचन कहिल्यै बित्नेछैनन्।”

लूका २१:२०-३६

२०“तर जब यरूशलेमलाई सेनाहरूले घेरेका देख्छौ, तब त्यसको विनाश नजिकै आइपुगेको छ भन्ने जान। २१तब यहूदियामा हुनेहरू पहाड़हरूतिर भागून्। सहरभित्र हुनेहरू बाहिर भागिजाऊन्, र बाहिर गाउँमा हुनेहरू सहरभित्र नपसून्। २२किनभने लेखिएका कुराहरू सबै पूरा हुनलाई यी प्रतिशोधका दिन हुनेछन्। २३ती दिनमा गर्भवती र दूध खुवाउने स्त्रीहरूका निम्ति हाय! किनकि पृथ्वीमा ठूलो सङ्कष्ट आउनेछ, र यस जातिमाथि क्रोध आइपर्नेछ। २४तिनीहरू तरवारले मारिनेछन्, र सबै देशहरूमा कैदी बनाएर लगिनेछन्। अनि अन्यजातिहरूको समय पूरा नभएसम्म तिनीहरूले यरूशलेमलाई खुट्टामुनि कुल्चेर राख्नेछन्। २५सूर्य, चन्द्र र ताराहरूमा चिन्ह देखा पर्नेछन्, र समुद्रको गर्जन र छालहरूले पृथ्वीका राष्ट्रहरू सङ्कष्टमा परी व्याकुल हुनेछन्। २६संसारमा हुन आउने घटनाहरूको आशङ्काले मानिसहरू मूर्च्छा पर्नेछन्, किनकि आकाशका शक्तिहरू डगमगाउनेछन्। २७त्यसपछि मानिसको पुत्रलाई शक्ति र महा महिमासँग बादलमा आइरहेको तिनीहरूले

देख्नेछन्। [२८]जब यी कुरा हुन थाल्छन् तब खड़ा होओ र आफ्नो शिर माथि उठाओ, किनभने तिमीहरूको उद्धार नजिकै आइरहेछ।" [२९]उहाँले तिनीहरूलाई एउटा दृष्टान्त भन्नुभयो: "अञ्जीरको रूख र सबै रूखहरूलाई हेर, [३०]तिनले पालुवा फेरेको देखेर तिमीहरू आफै थाहा पाउँछौ, कि ग्रीष्म ऋतु नजिकै छ। [३१]त्यसै गरी तिमीहरू पनि जब यी कुरा भइरहेका देख्छौ, तब परमेश्वरको राज्य नजिकै छ भनी जान। [३२]साँच्चै, म तिमीहरूलाई भन्दछु, यी सबै घटना पूरा नभएसम्म यो पुस्ता बितिजानेछैन। [३३]आकाश र पृथ्वी बितिजानेछन्, तर मेरा वचन बित्नेछैनन्। [३४]तर तिमीहरू आफ्नो विषयमा होशियार रहो, नत्रता भोग-विलास, मतवालापन र जीवनको फिक्रीले तिमीहरूको मन दबिएला, र तिमीहरूमाथि एक्कासि त्यो दिन पासोझैँ आइपर्ला। [३५]किनकि यसरी नै सारा पृथ्वीमा वास गर्ने सबैमाथि यो आइपर्नेछ। [३६]तर आइपर्ने यी सबै कुराहरूबाट उम्कन र मानिसको पुत्रको सामुन्ने खड़ा हुन समर्थ हुनलाई सबै समय प्रार्थना गर्दै जागा रहो।"

वास्तविक चिन्ह। यरूशलेमको विनाशसँग प्रत्यक्ष रूपमा सम्बन्धित नरहेका घटनाहरूको सूची उल्लेख गरिसक्नुभएपछि, आफ्ना जनहरूले ख्याल *गर्नुपर्ने* चिन्हहरूका बारेमा येशूले बताउनुभयो। उहाँले भन्नुभयो, **"यसकारण जब तिमीहरूले दानिएल अगमवक्ताबाट बोलिएको विनाशकारी घृणित थोक पवित्रस्थानमा खड़ा भएको देखौला (पाठकले बुझोस्), तब यहूदियामा हुनेहरू पहाड़हरूतिर भागून्"** (मत्ती २४:१५, १६)। **विनाशकारी घृणित थोकलाई जहाँ हुनु नपर्ने त्यहीँ उभिएको** भनी मर्कूसको पुस्तकमा उल्लेख छ (मर्कू १३:१४क)।

"विनाशकारी घृणित थोकलाई जहाँ हुनु नपर्ने त्यहीँ उभिएको" वाक्यको बारेमा सनसनी खोजखबरलाई प्रयोग गर्नेहरूले विभिन्न अनुमानहरू गर्ने गर्छन्, तर सुसमाचारको पुस्तकले हामीलाई प्रेरणाप्राप्त अर्थ प्रदान गरिसकेको छ। यसै खण्डसँग सम्बन्धित लूकाको खण्डमा, येशूले भन्नुभयो, **"तर जब *यरूशलेमलाई सेनाहरूले घेरेका* देख्छौ, तब त्यसको विनाश नजिकै आइपुगेको छ भन्ने जान"** (लूक २१:२०; जोड दिइएको छ)। त्यो समयमा जीवित रहेकामध्ये धेरैले इ.सं. ६० को दशकमा यरूशलेमलाई रोमी सेनाले घेरेको देखे।

"विनाशकारी घृणित थोकलाई जहाँ हुनु नपर्ने त्यहीँ उभिएको" भन्ने वाक्य "दानिएल अगमवक्ताबाट बोलिएको" भनी येशूले आफ्ना कुरा सुन्नेहरूलाई बताउनुभयो। दानिएलको पुस्तकमा "घृणित" र "विनाशकारी," भन्ने दुई वटा शब्दलाई फरक-फरक अर्थमा प्रयोग गरी, धेरै ठाउँमा उल्लेख गरिएको पाइन्छ (९:२६, २७; ११:३१; १२:११)। दानिएल ११:३१ र १२:११ अवश्य नै, सेलिसिड राजा, अन्टिओकस् एपिफनेससँग सम्बन्धित छ, जसले यरूशलेममा अन्यजाति रीति भित्र्याउन खोजे, र मक्काबियन विद्रोहको उदय भयो (इ.पू. १६७)। ९:२६, २७ रोमीहरूले गर्ने यरूशलेमको विध्वंससँग अझै प्रतक्ष रूपमा सम्बन्धित छ। मानिसहरूले मसीहलाई इन्कार गरेका कारण सहर र मन्दिरलाई विनाश गरिनेछ भनी दानिएल ९ को पदहरूमा अगमवाणी गरिएको छ। यहाँ केही प्रासंगिक भागहरू छन्: "... पछि ती अभिषिक्त जन हटाइनेछन् [अर्थात्, इन्कार गरियो र मारियो] र ... शासकका मानिसहरू आएर त्यस सहर र पवित्रस्थानलाई विनाश गर्नेछन्" (दान ९:२६)। वेन ज्याक्सन (Wayne Jackson) ले लेखेका छन्,

> "विनाशकारी घृणित थोक" भनेको तितस, ("शासक"; ९:२६ख) कमाण्डरको अधिनमा रहेको रोमी सेना हो, जसले यरूशलेमलाई इ.सं. ७० मा विनाश गऱ्यो।...

यो घटनालाई "विनाशकारी घृणित थोक" भनी दानिएलले भने किनभने दाऊदको शहर रोमी सेनाद्वारा *विनाश* गरिएको थियो—यो *घृणित* शक्ति थियो किनभने यो मूर्तिपूजक साम्राज्य थियो।... हिब्रू राज्यको विनाश दानिएलको उल्लेखनीय अगमवाणीको पूर्णता थियो भन्ने कुरा यहूदीहरूले समेत बुझेका थिए। यहूदी इतिहासकार, जोसेफसले भने, "दानिएलले रोमी सरकारको बारेमा र हाम्रो देश तिनीहरूले विनाश गर्नेछ भन्ने बारेमा पनि लेखे।"[21]

पुरानो करारमा, "घृणित" भन्ने वाक्यलाई सामान्यतया मूर्ति पूजालाई उल्लेख गर्न प्रयोग गरिएको छ। रोमी सेनाहरूले कुँदिएका मुर्तिहरूलाई पूजा गर्थे। यस "घृणित" कामको विषयमा यहूदी र रोमी सेनाहरूबीच भएको संघर्षको बारेमा जोसेफसले लेखेका छन्।[22]

वास्तविक चिन्ह देखा पर्दा के गर्ने। जब येशूका जनहरूले "यरूशलेमलाई सेनाहरूले घेरेको देखे" तिनीहरू सुरक्षित ठाउँहरूमा भाग्नु पर्नेथियो (मत्ती २४:१६; हेर्नुहोस्: मर्कू १३:१४ख; लूक २१:२१क)। ख्रीष्टले भन्नुभयो, **"कौसीमा हुनेहरू आफ्ना घरमा भएका सामान निकाल्नलाई तल नझरून्। खेतबारीमा हुने आफ्नो खास्टो लिन फर्की नआऊन्"** (मत्ती २४:१७, १८; हेर्नुहोस्: मर्कू १३:१५, १६; लूक २१:२१ख)। अर्को शब्दमा, "यदि तिमी सहरमा छौ भने, झोलामा सामान हाल्ने अथवा आफूलाई मन पर्ने सामान टिप्नेतिर नलाग। यदि तिमी सहर बाहिर छौ भने, घर फर्केर नजाऊ। तुरुन्तै यरूशलेमबाट भागेर गइहाल!"

येशूले त्यसपछि भन्नुभयो, **"हाय! गर्भवतीहरू र दूध खुवाउनेहरूलाई ती दिनमा"** (मत्ती २४:१९; हेर्नुहोस्: मर्कू १३:१७; लूक २१:२३क)। गर्भवती महिलाहरू र साना बच्चाका आमाहरूलाई यात्रा गर्न कठिन हुन्छ। उहाँले यो पनि भन्नुभयो, **"तर हिउँदमा वा शबाथमा तिमीहरू भाग्न नपरोस् भनी प्रार्थना गर"** (मत्ती २४:२०; हेर्नुहोस्: मर्कू १३:१८)। हिउँदमा यात्रा गर्नु गाह्रो हुन्छ, र शबाथको दिनमा सहरको ढोकाहरू बन्द हुन्छन्। यी दुई विषयमा इसाईहरूले गरेको प्रार्थनाको सुनुवाइ भयो भन्ने स्पष्टै छ, किनभने रोमीहरू वसन्तमा आए।

दोस्रो आगमनसँग गर्भवती वा बच्चाका आमा, ऋतु वा हप्ताको दिन सम्बन्धित छ त? छैन। तर, यरूशलेमबाट भाग्दा यी सबै कुरा महत्त्वपूर्ण भए।

मत्ती र मर्कूस दुवैले, प्रेरणाप्राप्त सम्पादकीय टिप्पणीलाई यो खण्डमा समावेश गरेका छन्: "पाठकले बुझोस्" (मत्ती २४:१५; मर्कू १३:१४)। प्रारम्भिक इसाईहरूले येशूको सन्देश बुझ्न *सके* र यरूशलेम विनाश हुनुभन्दा पहिले नै त्यहाँबाट भाग्न सके भन्ने कुरा पछिको इतिहासले प्रकाश पार्छ। रोमी सेना आइरहेको छ भन्ने सुनेपछि अथवा आइरहेको देखेपछि कतिपिय सहरबाट भागेका हुनसक्छन्। अरूले घेराबन्दी हटाइएपछि भाग्ने मौका पाए।

इ.सं. ३०० ताकाका, मण्डली इतिहासकार, युसेवियस (Eusebius) ले एउटा चाखलाग्दो कथा बताएका छन्। यरूशलेमको घेराबन्दी केही समयको निम्ति हटाइयो। सम्राट भेटिलियस (Vitellius) को मृत्यु भयो, र त्यसबेला यरूशलेम विनाशको जेनेरल इन्चार्ज

---

[21]वेन ज्याक्सन (Wayne Jackson), "डानिएलस् प्रफेसी अफ द सेभेन्टी विक्स्," *ट्रुथ फर टुडे* २२ (जुन २००१): २३-२४। जोसेफस एन्टिक्विटिज़् १०.११.७।

[22]जोसेफस (Josephus) *एन्टिक्विटिज़्* १८.३.१; १८.५.३.; *वार्स* ६.६.१।

भेस्पासियन (Vespasian) थिए। रोमी संसदले भेस्पासियन (Vespasian) लाई गभर्नर पद लिएर भेटिलियस (Vitellius) को उत्तराधिकार ग्रहण गर्न खबर पठायो। भेस्पासियन (Vespasian) ले घेराबन्दी छोडेर गएपछि, उनका छोरा तितसलाई (Titus) आक्रमणको जेनेरल इन्चार्ज घोषित गरियो। यसरी आदेशमा परिवर्तन हुँदाको अवधीमा, घेराबन्दी केही समयको लागि थामियो। आफ्नो विश्वास येशूको वचनमा राखेर, यो मौका प्रयोग गरी इसाईहरू यरूशलेमबाट यर्दन नदी हुँदै, पेल्ला सहरमा भगे। यसरी, तिनीहरू त्यस भयानक विनाशबाट भागे। युसेवियसका (Eusebius) अनुसार, घेराबन्दीको समयमा एक जना इसाईलाई चोट पनि पुगेन; कोही पनि नाश भएन।[23]

आउँदो घटनाको प्रकृति। मत्ती २४ को अर्को खण्डले यरूशलेमको विनाशको बारेमा व्याख्या गर्छ। यो घटना भयानक हुनेछ भनी येशूले भन्नुभयो।

किनकि त्यस बेला यस्तो महासङ्कष्ट हुनेछ, जो जगत्को सुरुदेखि अहिलेसम्म भएको छैन, न त फेरि कहिल्यै हुनेछ। ती दिन नघटाइएका भए कोही मानिस बाँच्न सक्नेथिएन, तर चुनिएकाहरूका निम्ति ती दिन घटाइनेछन् (मत्ती २४:२१, २२; हेर्नुहोस्: मर्कू १३:१९, २०)।

फेरि, उहाँले भन्नुभयो,

किनभने लेखिएका कुराहरू सबै पूरा हुनलाई यी प्रतिशोधका दिन हुनेछन्।... किनकि पृथ्वीमा ठूलो सङ्कष्ट आउनेछ, र यस जातिमाथि क्रोध आइपर्नेछ। तिनीहरू तरवारले मारिनेछन्, र सबै देशहरूमा कैदी बनाएर लगिनेछन्। अनि अन्यजातिहरूको समय पूरा नभएसम्म तिनीहरूले यरूशलेमलाई खुट्टामुनि कुल्चेर राख्नेछन् (लूक २१:२२-२४)।

यी शब्दहरू अत्यन्तै गम्भीर रहेको देखिए तापनि यहाँ भविष्यवाणी गरिएजस्तै घटना घटयो भन्ने कुरा इतिहासले स्पष्ट रूपमै प्रकट गरेको छ।

तीन वर्षसम्म यरूशलेम घेराबन्दीमा रड्यो र यो घेराबन्दी कहिलेकहीं हटाइन्थ्यो। निस्तार-चाडमा आएका तीर्थयात्रीहरू र रोमी सेनाहरू आउनभन्दा पहिले भागेका तर फर्केर आएका मानिसहरूले सहर भरिएपछि यो घेराबन्दी सुरु भयो। घेराबन्दीको समयमा, सहरमा बन्द भएकाहरूले बाँच्नको निम्ति विभिन्न उपायाहरू गरे। (पहिलेको छोटो समयसम्म चलेको घेराबन्दीमा मानिसहरूले गरेका डरलाग्दा कुराहरूको उदाहरण २ राज ६:२४-३० मा हेर्नुहोस्।)

अन्त्यमा, इ.सं. ७० मा तितसले यरूशलेमलाई कब्जा गऱ्यो। जब रोमीहरूले सहरलाई कब्जा गरे, तिनीहरूले दशौं हजार मानिसहरूलाई मारे। जोसेफसले भनेका छन्, घेराबन्दीको समयमा १,१००,००० मानिसहरूलाई मारियो र ९७,००० मानिसहरूलाई बन्दी बनाइयो।[24] (जोसेफसले अतिशायोक्तिपूर्ण [भएको कुराभन्दा बढी] कुरा लेखेका छन् भन्नेमा धेरैजसो आधुनिक विद्वानहरू सहमत हुन्छन्।) जोसेफसका अनुसार, धेरैलाई यातना दिइयो, र मारियो, र मानिसहरूलाई क्रूसमा टाँगियो, "कोठाहरू क्रूसैक्रूसले

---

[23]निले प्रियर (Neale Pryor), "द 'एबोमिनेसन अफ डिसोलेसन' इन दानिएल ९:२७ एण्ड मत्ती २४:१५-२१," *ट्रुथ फर टुडे* २२ (जुन, २००१): ५०। युसेवियस (Eusebius) *एक्लेसियस्टिकल हिस्ट्री* ३.५ हेर्नुहोस्; जोसेफस (Josephus) *वार्स्* ४.९.१-२; ४.१०.१-२; ४.११.४-५।

[24]जोसेफस (Josephus) *वार्स्* ६.९.३।

भरिए।"[25] अरू हजारौंलाई बन्दी बनाइयो त्यसैले, "एक जना यहूदीलाई समेत सहर र यसका आसपासको क्षेत्रमा छाडिएन।"[26]

रोमीहरूले मन्दिर लगायत सहरलाई भत्काएर जलाइदिए (मत्ती २२:७ हेर्नुहोस्)। मन्दिरमा आगो लगाइयो अनि यसले गर्दा त्यहाँ भएको सुन पग्लियो। तिनलाई लिने प्रयासमा रोमी सेनाहरूले वास्तवमा "नपल्टाईकन एउटै ढुङ्गालाई पनि छाडेनन्"। येशूले भन्नुभएको थियो, "एउटा ढुङ्गामाथि अर्को ढुङ्गा रहनेछैन, प्रत्येक भत्काएर फालिनेछ" (मत्ती २४:२)। "उल्लेखनीय कुरा के छ भने, त्यस मन्दिर र अर्को भागको एउटै मात्र ढुङ्गा नपल्टाइएको अवस्थामा रहेको थियो भन्ने कुरा पुरातत्त्वविद्हरूले पत्ता लगाएका छन्।"[27] यरूशलेमको विनाश यति पूर्ण रूपमा भयो कि, यहाँ मानिसहरूको वसोवास भएको थियो भन्ने कुरा सुन्दा, पछि यहाँ भ्रमण गर्नेहरूलाई विश्वासै गर्न गाह्रो परेको थियो। ख्रीष्टको पालाको आगोले नष्ट भएका केही "बिलौनाग्रस्त पर्खालहरूको" अवशेष मात्र आजको यरूशलेममा रहेको पाइन्छ। यहूदीहरूको मन्दिर भएको स्थानमा हाल "चट्टानको मस्तक" नामको मस्जित अवस्थित छ।

त्यस्ता दुर्भाग्यपूर्ण समयको बीचमा गलत आशा दिँदै झूटा ख्रीष्टहरू देखा पर्नेछन् भन्ने पूर्वाअन्दाजा समेत येशूले गर्नुभएको थियो (मत्ती २४:२३-२५; मर्कू १३:२१-२३)। मत्ती २४:२४ टिपोट गर्न लायक छ: **झूटा ख्रीष्टहरू, र झूटा अगमवक्ताहरू खड़ा हुनेछन्, र हुन सके चुनिएकाहरूलाई** [अर्थात्, इसाईहरूलाई] **पनि भड्काउनलाई ठूला-ठूला चिन्हहरू र आश्चर्यका कामहरू देखाउनेछन्** भनी येशूले भन्नुभयो। कुनै व्यक्तिले "आश्चर्यकर्महरू गर्ने" क्षमता देखाउँछ भने, ऊ परमेश्वरबाटको हो भन्ने चिन्ह उसको क्षमताले देखाउँछ भनेर कहिल्यै मानिएको छैन्।

मानिसहरूले भन्नेछन्: "उनी यहाँ छन्" वा "त्यहाँ छन्।" ख्रीष्टले भन्नुभयो, **"विश्वास नगर"** (मत्ती २४:२६)। अन्त्यमा, जब येशू आउनुहुनेछ कसैले पनि यसको सूचना दिइरहनु पर्दैन—कनभने सबैले यो थाहा पाउनेछ! **"किनकि जसरी बिजुली पूर्वमा चम्कँदा पश्चिमसम्मै उज्यालो हुन्छ, त्यसरी नै मानिसको पुत्रको आगमन हुनेछ"** (मत्ती २४:२७; हेर्नुहोस्: प्रका १:७)। यरूशलेमको न्यायको समयमा ख्रीष्टको आगमन भएको कुरालाई २७ पदले बताएको हुनसक्छ; तर प्रसंगलाई हेर्दा, उहाँको व्यक्तिगत आगमनको बारेमा नै यसले बताएको जस्तो देखिन्छ—अर्थात्, दोस्रो आगमनको बारेमा। येशूले "यहाँ" वा "त्यहाँ" को अन्यौलतालाई, दोस्रो आगमन हुँदा यो कुरा सबैले थाहा पाउनेछन् भन्ने सत्यतासँग तुलना गर्नुभएको देखिन्छ।

झूटा ख्रीष्टहरूले दिने कुनै पनि आशा झूटो आशा हुनेछन्, किनभने यरूशलेमको दुर्भाग्य निश्चित गरिसकिएको थियो। यहूदी राष्ट्रलाई परमेश्वरकहाँ फर्केर आउनको निम्ति हरेक मौका दिइनेछ, किनभने पहिले यहूदीहरूलाई नै सुसमाचार प्रचार गरिनेछ (रोम १:१६); तर परमेश्वरको दयाको पहललाई तिनीहरूले इन्कार गर्नेछन्। परमेश्वरसँग देशको सम्बन्धको अन्त्य भएको थियो भन्ने कुराको प्रमाण यरूशलेमको विनाश हुनेछ।

---

[25]इबिड. (Ibid.), ५.११.१।

[26]जे. नोर्भाल गेल्डेनहुयस् (J. Norval Geldenhuys), "लुक," *द बिब्लिकल एक्स्पोजिटर,* एड. कार्ल एफ. एच. हेन्री (Carl F. H. Henry) (फिलादेल्फिया: होलम्यान, १९६०), ३:१४१।

[27]ज्याकसन (Jackson), २३-२४। वेएने ज्याक्सनले यो विवरणको स्रोत उल्लेख गरेका छन्: ह्यारी थोमस फ्र्याङ्क (Harry Thomas Frank), *एन आर्कियोलोजिकल कम्पेनियन टु द बाइबल* (लण्डन: एस.सी.एम. प्रेस, १९७२), २४९।

भविष्यको कुरालाई हेर्दै, महान चिकित्सक, अर्थात् येशूले मृतकहरूका बारेमा भन्नुभयो, **"जहाँ सिनु हुन्छ, त्यहाँ गिद्धहरू पनि जम्मा हुन्छन्"** (मत्ती २४:२८)।

त्यसपछि तत्कालै हुने असाधारण घटनाहरू। यसले हामीलाई कठिन अध्यायको सबैभन्दा कठिन भागहरूमध्येको एउटा भागमा लिएर आउँछ।

> **"ती सङ्कष्टका दिनको तुरुन्तै पछि, सूर्य अँध्यारो हुनेछ, र चन्द्रमाले आफ्नो चमक दिनेछैन, र ताराहरू आकाशबाट खस्नेछन्, तथा आकाशका शक्तिहरू हल्लाइनेछन्। तब मानिसको पुत्रको चिन्ह आकाशमा देखा पर्नेछ, र पृथ्वीका सब जातिहरू विलाप गर्नेछन्, र तिनीहरूले मानिसको पुत्रलाई आकाशका बादलहरूमा शक्ति र ठूलो महिमासाथ आइरहेको देख्नेछन्। उसले आफ्ना स्वर्गदूतहरूलाई तुरहीको ठूलो आवाजको साथ पठाउनेछ, र तिनीहरूले आकाशको एक छेउदेखि अर्को छेउसम्म चारै दिशाबाट उसका चुनिएकाहरूलाई भेला गर्नेछन्"** (मत्ती २४:२९-३१; हेर्नुहोस्: मर्कू १३:२४-२७; लूक २१:२५-२८)।

यी पदका शब्दावली दोस्रो आगमनसँग मिल्ने जस्ता *सुनिन्छन्*। यदि येशूले एउटै उपदेश दिने क्रममा कहिले एउटा शिर्षकमा र कहिले अर्को शिर्षकमा बोल्नुभएको हो भने शायद उहाँले त्यही घटनाको बरेमा बताइरहनुभएको *थियो*। र कुरो यही हो भनेर पनि धेरैले विश्वास गर्छन्। तैपनि, यदि मत्ती २४:३४ मा उल्लेख गरिएको "यी सबै" भन्ने वाक्यले २९ देखि ३१ पदसम्मलाई समावेश गर्छ भने (जुन साधारण मान्यता नै हुनेछ), ख्रीष्टले यहाँ अवश्य नै अर्को घटनाको विषयमा बताइरहनुभएको थियो।

यसको अरू सम्भावनाहरूलाई खोजी गर्ने क्रममा, येशूको यी वचन सुन्ने यहूदीहरूलाई सर्वनाश सम्बन्धी भाषा अर्थात्, ईश्वरीय-चिन्ह सम्बन्धी सांकेतिक भाषाको बारेमा ज्ञान थियो। मत्ती २४:२९-३१ (र सम्बन्धित खण्डहरू) मा प्रयोग गरिएको सबै शब्दहरू, बाइबलको अन्य ठाउँमा समेत विपत्तिजनक घटनाहरूलाई उल्लेख गर्न प्रयोग गरिएको पाइन्छ।

उदाहरणको लागि, राजाहरू र राज्यहरूको पतनलाई उल्लेख गर्न सूर्य, चन्द्रमा, र ताराहरूको सांकेतिक शब्द प्रयोग गरिएको पाइन्छ: (१) यस प्रकारको प्रतिकवाक्य बेबिलोनको पतनलाई बुझाउन प्रयोग गरिएको छ (यशै १३:१, ९-११)। (२) एदोमको पतनलाई उल्लेख गर्न यस्तै भाषाको प्रयोग गरिएको छ (यशै ३४:४, ५)। (३) फारो (अर्थात्, मिश्रदेश) को पतनलाई उल्लेख गर्न यही भाषालाई प्रयोग गरिएको छ (इज ३२:२, ७, ८)। (४) योएल २:२८-३२ मा पनि यस्तै सांकेतिक भाषालाई प्रयोग गरिएको छ, र प्रेरित २:१६-२१ मा नयाँ करारको सुरुवातलाई उल्लेख गर्न समेत यस्तै भाषाको प्रयोग गरिएको छ।

फेरि, "प्रभुको आउने" (वा त्यस्तै वाक्य) ले मानिसहरूका बीचमा प्रभुले आफ्नो काम पूरा गर्ने कुरालाई बताउन सक्छ: (१) परमेश्वर मिश्रदेशलाई नष्ट गर्न "आउनुभयो" (यशै १९:१)। (२) राज्य/मण्डली स्थापना गर्न "आउनेछु" भनी येशूले प्रतिज्ञा गर्नुभयो—उहाँको मृत्यु, दफन, र पुनरुत्थानपछिको पहिलो पेन्तिकोसमा यो पूरा भयो (प्रे २)। (मत्ती १६:२८, मर्कू ९:१ सँग तुलना गर्नुहोस्।)

मत्ती २४:२९-३१ लाई अर्थ्याउने क्रममा, हामीले तीन वटा तथ्यहरूलाई विचार गर्नुपर्छ: (१) यी घटना वा घटनाहरू यरूशलेमको विनाशको "संकष्टपछि *तुरुन्तै*" घट्नेछ भनी येशूले भन्नुभयो। (२) त्यो समयमा जीवितै रहेका मानिसहरूको जीवनकालमा नै यो

घटना वा घटनाहरू घट्यो भन्ने कुरा ३४ पदले संकेत गर्छ। (३) २९ देखि ३१ पदले येशूको दोस्रो आगमन बाहेक अन्य घटनालाई पनि उल्लेख *गर्न सक्छ*। यो कुरालाई ध्यानमा राख्दै, अब हामी मत्ती २४:२९-३१ को उचित अर्थलाई हेर्न सक्छौं:

२९ पद: "ती सङ्कष्टका दिनको तुरुन्तै पछि, सूर्य अँध्यारो हुनेछ, र चन्द्रमाले आफ्नो चमक दिनेछैन, र ताराहरू आकाशबाट खस्नेछन्, तथा आकाशका शक्तिहरू हल्लाइनेछन्।" यरूशलेम र मन्दिरको विनाशले यहूदी राज्यको पतन भएको कुरालाई उल्लेख गर्छ।

३०क पद: "तब मानिसको पुत्रको चिन्ह आकाशमा देखा पर्नेछ।" "मानिसको पुत्रको चिन्ह" ले मन्दिरको विनाशलाई जनाउँछ। यो परमेश्वरले दिनुभएको सबैले देख्न सक्ने चिन्ह थियो त्यसकारण यसलाई "आकशमा" देखा पर्ने चिन्ह भनियो। प्रभुले गर्नुभएको सबैभन्दा असाधारण भविष्यवाणी मध्येको एक यरूशलेमको विनाश सम्बन्धी भविष्यवाणी र उहाँको उपदेश सुनिरहेकाहरूले यो पूरा भएको देख्नेछन् भन्ने बारेमा गरिएको भविष्यवाणी थियो। मन्दिरको पूरै विनाश भएपछि येशूको भविष्यवाणी पूरा भयो। त्यसैले उहाँलाई विश्वास गर्न सकिन्छ भन्ने कुरा यसले प्रकट गऱ्यो। उहाँ मसीह हुनुहुन्छ, त्यसैले उहाँलाई विश्वास गर्नुपर्छ र उहाँको आज्ञा पालन गर्नुपर्छ भन्ने कुराको "चिन्ह" यो थियो।

३०ख पद: "र पृथ्वीका सब जातिहरू विलाप गर्नेछन्।" यरूशलेमको विनाश भएपछि पृथ्वीका जातिहरूले विलाप गरे।

३०ग पद: "र तिनीहरूले मानिसको पुत्रलाई आकाशका बादलहरूमा शक्ति र ठूलो महिमासाथ आइरहेको देख्नेछन्।" त्यो समयमा, मानिसको पुत्रको "आगमन" को निम्ति सबै कुरा तयार हुनेछ—अर्थात्, संसारलाई मुक्ति दिने उहाँको योजनालाई अघि बढाउने काम पूरा हुनेछ। त्यसैले येशूले भन्नुभयो, "जब यी कुरा हुन थाल्छन्, ... तिमीहरूको उद्धार नजिकै आइरहेछ" (लूक २१:२८)।

३१ पद: "उसले आफ्ना स्वर्गदूतहरूलाई तुरहीको ठूलो आवाजको साथ पठाउनेछ, र तिनीहरूले आकाशको एक छेउदेखि अर्को छेउसम्म चारै दिशाबाट उसका चुनिएकाहरूलाई भेला गर्नेछन्।" हामीले अर्थ लगाएको कुरा यहाँसम्म ठीक छ भने, ३१ पद सारा संसारमा सुसमाचार प्रचार गर्ने महान आज्ञालाई पूरा गर्ने भविष्यवाणी हो। "स्वर्गदूत" भनी अनुवाद गरिएको ग्रीक शब्द (ἄγγελος, *एन्जुलोस्, angelos*) को अर्थ "सन्देशवाहक" हो, चाहे त्यो व्यक्ति होस् वा ईश्वरीय दूत। परमेश्वरका सन्देशवाहकहरू (सुसमाचार प्रचारकहरू) सारा संसारमा जानेछन् र "उहाँका चुनिएकाहरूलाई" (सुसमाचारलाई ग्रहण गर्नेहरूलाई) बोलाउनेछन्।

तपाईंले पहिलो पटक यो दृष्टिकोणलाई विचार गर्ने क्रममा, तपाईंले यो कुरामा सहमती जनाउन सक्नुहुन्छ अथवा असहमती पनि जनाउन सक्नुहुन्छ, तर यसलाई इन्कार गर्नुभन्दा पहिले, यी दुई वटा बुँदाहरूलाई ध्यान दिनुहोस्: (१) यसरी अर्थ लगाउँदा, लिने-र-छनौट गरी अर्थ लगाउने तरिकामा देखा पर्ने केही समस्याहरूलाई यसले उठ्न दिँदैन, र (२) यसरी अर्थ लगाउँदा बाइबलको अन्य ठाउँमा प्रयोग गरिएको विनाश सम्बन्धी चिन्ह अथवा ईश्वरीय-चिन्हको प्रयोग, र यस विषयमा नयाँ करारमा दिइएको सरल शिक्षाको अर्थ र यसको अर्थमा एकरूपता आउँछ।

"नभएसम्म यो पुस्ता बितिजानेछैन ...।" यरूशलेमको विनाशको बारेमा दिइएको शिक्षालाई समाप्त गर्ने क्रममा, **उहाँले** [येशूले] **तिनीहरूलाई एउटा दृष्टान्त भन्नुभयो**

(लूका २१:२९क), **अञ्जीरको रूखको** दृष्टान्त (मत्ती २४:३२, ३३; मर्कू १३:२८, २९; लूक २१:२९-३१)। मत्ती २४:३३ र मर्कूस १३:३० मा उल्लेख गरिएको "यी सबै कुरा" भन्ने वाक्यले, येशूले भन्नुभएको सबै कुरालाई बुझाउँदछ, र यसले "विनाशकारी घृणित थोक" लाई विशेष जोड दिएको छ (मत्ती २४:१५; मर्कू १३:१४)—अर्थात्, "यरूशलेमलाई सेनाहरूले घेरिएको" घटना लाई (लूक २१:२०)। जसरी तिनीहरूले अञ्जीरको पातलाई हेरेर ग्रीष्म ऋतु आएको थाहा पाउन सके, त्यसरी नै रोमी सेना आइरहेको देखेपछि यरूशलेमको विनाश नजिक आइरहेको छ भन्ने कुरा तिनीहरूले थाहा पाउन सके।

मत्ती र मर्कूसले लेखेको विवरणमा **ऊ नजिकै, ... छ भनी जान** भन्ने उल्लेख छ (मत्ती २४:३३; मर्कू १३:२९; जोड दिइएको छ)—अर्थात्, यरूशलेमको न्यायको निम्ति प्रभु "आउँदैहुनुहुन्छ" भन्ने कुराको पहिचान गर्नु। लूकाको पूस्तकमा "*परमेश्वरको राज्य नजिकै छ* भनी जान" भन्ने छ (लूक २१:३१; जोड दिइएको छ)। नयाँ करारमा "राज्य" भन्ने शब्दलाई धेरैजसो, मण्डली र स्वर्गलाई उल्लेख गर्न प्रयोग गरिएको छ। यरूशलेमको विनाश भएको समयमा, मण्डली अस्तित्वमा रहेको लगभग चालीस वर्ष भइसकेको थियो, त्यसैले यसले मण्डलीलाई उल्लेख गर्दैन। अर्कोतर्फ, यदि कसैले यसलाई "स्वर्ग" (अर्थात्, यो संसारको अन्त्य) भनी अनुवाद गर्छ भने, अर्को पदमा समस्या हुन्छ, जसमा **यी सबै घटना पूरा नहोउञ्जेल यो पुस्ता बितिजानेछैन** भनी उल्लेख गरिएको छ (लूक २१:३२)। "पुस्ता" भनेको सामान्य अर्थमा प्रयोग गरिएको छैन भनी यो समस्यालाई "समाधान गर्ने" प्रयास गरिएका छन्। शायद सबैभन्दा उत्कृष्ट समाधान भनेको "राज्य" शब्दलाई यसको आधारभूत अर्थ दिनु नै हो: "मानिसहरूका हृदयमा परमेश्वरले गर्नुहुने शासन।" त्यसपछि, यो पद र सुसमाचार अनि परमेश्वरको राज्यमा सुसमाचारले मानिसहरूलाई दिएको नागरिकताको अवधारणामा एकरूपता आउँछ (कल १:१३)।

त्यसले हामीलाई यो मुख्य खण्डमा लिएर आउँछ: **"साँच्चै, म तिमीहरूलाई भन्दछु, कि यी सबै पूरा नहोउञ्जेल यो पुस्ता बितिजानेछैन"** (मत्ती २४:३४; हेर्नुहोस्: मर्कू १३:३०; लूक २१:३२)। "यी सबै" भन्ने वाक्यको अर्थ अघिल्लो पदको (मत्ती २४:३३) जस्तै हो: रोमी सेनाले यरूशलेमलाई घेराबन्दी गरेर यसलाई विनाश गरेको कुरालाई मुख्य जोड दिंदै, येशूले व्यख्या गर्नुभएको सबै कुरालाई यसले बुझाउँछ।

४ पददेखि ३३ पदसम्म ख्रीष्टले भन्नुभएको सबै कुरा त्यस बेला जीवित रहेका कतिपय मानिसहरूको जीवनकालमा नै पूरा हुनेछ भन्ने ३४ पदको आशय हो। यरूशलेमको विनाशको घटना यी वचन बोलिएको चालीस वर्षभन्दा पहिले नै घटयो—येशूले यी वचन बोल्नुहुँदाको समयका मनिसहरू जीवित हुँदै। "पुस्ता" भनी अनुवाद गरिएको ग्रीक शब्द (γενεά, *जिनिय, genea*) को सामान्य अर्थ निश्चित समय अवधिमा जीवित रहने मानिसहरू भन्ने हुन्छ। ३४ पदको वाक्य बोल्नुभन्दा पहिले, उहाँलाई सुन्ने मानिसहरूमाथि आइपर्ने भयानक कुराहरूका बारेमा भविष्यवाणी गर्ने क्रममा उहाँले त्यही शब्द प्रयोग गर्नुभयो (मत्ती २३:३६; लाई २४:३४ सँग तुलना गर्नुहोस्)।[28]

यो दोस्रो आगमनसँग सम्बन्धित छ भनी मत्ती २४:२४-३३ लाई अर्थ्याउनेहरू ३४

---

[28]"पुस्ता" भन्ने अभिव्यक्ति, मत्तीमा तेह्र पल्ट प्रयोग गरिएको छ (१:१७; ११:१६; १२:३९, ४१, ४२, ४५; १६:४; १७:१७; २३:३६; २४:३४); र प्रत्येकमा यसले व्यक्तिको आयुको बारेमा उल्लेख गर्दछ। वक्ताको समकालीन मानिसहरूलाई उल्लेख गर्न मत्तीले "यो" भन्ने शब्दलाई "पुस्ता" भन्ने शब्दसँग प्रयोग गरेको छ (११:१६; १२:४१, ४२ हेर्नुहोस्)। एफ. फर्म्यान केअर्ली (F. Furman Kearley), "एन एक्सजेसिस अफ मत्ती २४," *एबोलेन क्रिस्टियन युनिभर्सिटि लेक्चर्स* (१९८०): १३० हेर्नुहोस्।

पदमा समस्याग्रस्त बन्छन्। उक्त खण्डमा उल्लेख गरिएको "पुस्ता" भन्ने शब्दको अर्थ अवश्य नै "जाति" हो, अर्थात्, यहूदी जाति, भनेर तिनीहरूमध्ये धेरैले जोड दिने गर्छन्। आर. टि. फ्रान्स (R. T. France) को टिप्पणी यस्तो छ, "नाम पदको त्यस्तो असंभव अर्थ हुने सम्भावना नै छैन।" अन्यथा यो अर्थ्याउनेको निम्ति नै लाजमर्दो कुरा हो।[29] ज्याक पि. लिविस (Jack P. Lewis) लेख्छन्:

> सम्पूर्ण अध्यायको अर्थ लगाउनको निम्ति "पुस्ता" (*जेनेअ, genea*) को अर्थ अत्यन्तै महत्त्वपूर्ण छ। जरोम (Jerome) लाई सहमत गर्दै ह्वाइल स्कोफिल्ड (Scofield) ले तर्क गरेका छन्, 'यसको अर्थ यहूदी जाति हो। नयाँ करारमा *जेनेअ (genea)* को अर्थ जाति हुने एउटै मात्र सम्भावित अवस्था छ' (लूक १६:८)। *जेनोस (genos)* (*जाति,* race) र *जेनेअ (genea)* (*पुस्ता,* generation) को बीचमा भिन्नता छ। *जेनेअको (genea)* अर्थ अन्तिम पुस्ता हो भनी अर्का थरिले तर्क गरेका छन्; अर्थात्, चिन्हहरू सुरु भएपछि, यो एक पुस्तासम्म चलिरहन्छ (cf. २३:३६)। तर मत्तीको पुस्तकको अर्को स्थानमा *जेनेअको (genea)* अर्थ, एउटा समयमा र सामान्यतया येशूको समयामा जीवित रहेको मानिसहरू हो भन्ने छ (१:१७; ११:१६; १२:३९, ४१, ४५; २३:३६; मर्कू ८:३८; लूक ११:५०च.; १७:२५), र यसको अर्थ यहाँ पनि यही हो भन्नेमा कुनै शंका छैन।[30]

सबैभन्दा उत्कृष्ट तरिका भनेको, ३४ पदको अर्थ, त्यसपछिको पदहरूमा उल्लेख गरिएको सबै घटनाहरू, ख्रीष्टले ती वचनहरू बोल्नुभएको बेला जीवित रहेका मानिसहरूको पुस्तामा नै घट्नेछ भन्ने हो भनी मानिलिनु हो। (यसको सम्भावित अपवाद २७ पद हो, जहाँ येशूले आफ्नो दोस्रो आगमनको बारेमा उल्लेख गरिरहनुभएको जस्तो देखिन्छ।) यरूशलेमलाई इ.सं. ७० मा विनाश गरियो, येशूले यी वचनहरू बोल्नुभए पछिको चालीस वर्षभन्दा पहिले नै। ख्रीष्टले जसलाई यी बताइरहनुभएको थियो तिनीहरूको जीवनकालमा नै यो घटना घटेको *थियो*।

के यरूशलेमको विनाश सम्बन्धी येशूले गर्नुभएको भविष्यवाणी निश्चित थियो त? उहाँले भन्नुभयो, **"स्वर्ग र पृथ्वी बितेर जानेछ, तर मेरा वचन बितेर जानेछैनन्"** (मत्ती २४:३५; हेर्नुहोस्: मर्कू १३:३१; लूक २१:३३)। हामीले हेरिसक्यौं, ख्रीष्टले जस्तो भविष्यवाणी गर्नुभएको थियो त्यसरी नै उहाँका वचनहरू पूरा भए।

दोस्रो आगमनको विषयमा शिक्षा (मत्ती २४:३६—२५:४६; मर्कू १३:३२-३७)

मत्ती २४:३६ बाट येशूले *अर्को* विषयको सुरुवात गर्नुभयो। कुरो यही थियो भन्ने विषयमा विभिन्न संकेतहरू छन्: (१) उहाँले "तर" भन्ने विरोधवाची संयोजकलाई प्रयोग गरी नयाँ विषयको सुरुवात गर्नुभयो: "*तर* त्यस दिन र घड़ी ..." (मत्ती २४:३६; जोड दिइएको छ; मर्कू १३:३२ हेर्नुहोस्)। (२) "ती दिन" भन्ने वाक्यको बहुवचन (मत्ती २४:२२, २९; हेर्नुहोस्: मर्कू १३:२०, २४) र "*त्यस* दिन" वाक्यको एकवचनबीच भिन्नता छ (मत्ती २४:३६; जोड दिइएको छ; मर्कू १३:३२ हेर्नुहोस्)। (३) मत्ती २४:३६ पछिको विवरण र अघिको विवरणबीच धेरै भिन्नता पाइन्छ। उदाहरणको लागि, यरूशलेमको विनाश

---

[29]आर. टि. फ्रान्स (R. T. France), *द गोस्पल एकर्डिङ टु मत्ती,* टेन्डेल न्यू टेस्टामेन्ट कमेन्टरीज, एड. लिओन मोरिस (Leon Morris) (ग्राण्ड ञ्यपिड्स् मिचिगन: डब्लूएम. बी. एर्डम्यान्स् पब्लिसिङ को., १९८५), ३३२-३३।

[30]ज्याक पी. लिविस (Jack P. Lewis), *द गोस्पल एकर्डिङ टु मत्ती,* पार्ट २, द लिभिङ वर्ड कमेन्टरी, एड. एभेरेट (एबिलेन, टेक्सस्: ए.सी.यू. प्रेस, १९७६), १२९-३०।

कहिले हुनेछ सोबारे थाहा पाउने "चिन्ह" उहाँले तिनीहरूलाई अध्यायको अघिल्लो भागमा दिनुभयो। (रोमीहरूले सहरलाई घेराबन्दी गरेको घटना, त्यसको "चिन्ह" थियो [लूक २१:२०]।) तैपनि, त्यसपछि कुनै चेतावनी नदिइने घटनाबारे उहाँले छलफललाई अघि बढाउनुभयो। त्यो घटना दोस्रो आगमन हो। "... तपाईंको आगमन र यस युगका अन्त्यको चिन्ह के हुनेछ?" भनी मत्ती २४:३ मा उल्लेख दोस्रो प्रश्नको उत्तर दिन प्रभु तयार हुनुभएको कुरा मत्ती २४:३६ मा पाइन्छ।

(१) सामान्य शिक्षा: दोस्रो आगमनको बारेमा सूचना नदिइने (मत्ती २४:३६-४१; मर्कू १३:३२)

मत्ती २४:३६-४१

३६"तर त्यस दिन र घड़ीको विषयमा पिताबाहेक कसैले जान्दैन, न त स्वर्गका दूतहरूले, न पुत्रले। ३७मानिसको पुत्रको आगमन नोआको दिनहरूजस्तै हुनेछ। ३८किनकि जसरी जलप्रलयभन्दा अगाडि नोआ जहाजभित्र पस्ने दिनसम्म, मानिसहरू खाइरहेका, पिइरहेका र विवाहबारी गरिरहेका थिए, ३९अनि जलप्रलय आएर तिनीहरू सबैलाई स्वात्तै बगाइ नलगेसम्म तिनीहरूले थाहा पाएनन्। मानिसको पुत्रको आगमन पनि त्यस्तै हुनेछ। ४०त्यस बेला दुई जना खेतबारीमा हुनेछन्, एक जना लगिनेछ, अर्को छोडिनेछ। ४१दुई स्त्रीहरू जाँतो पिँधिरहेका हुनेछन्, एउटी लगिनेछ, अर्की छोडिनेछ।"

मर्कूस १३:३२

३२"तर त्यस दिन र त्यस घड़ीको विषयमा पिताले बाहेक अरू कसैले जान्दैन, न त स्वर्गमा हुने स्वर्गदूतहरूले न पुत्रले।"

उहाँको आगमन र युगको अन्त्यको "चिन्ह" को बारेमा चेलाहरूले प्रश्न गरेका थिए, तर उहाँको दोस्रो आगमनको कुनै चिन्ह हुनेछैन भनी येशूले बताउनुभयो: **"तर त्यस दिन र घड़ीको विषयमा पिताबाहेक कसैले जान्दैन, न त स्वर्गका दूतहरूले, न पुत्रले"** (मत्ती २४:३६; हेर्नुहोस्: मर्कू १३:३२)।

> ... आफ्नो आगमन कहिले हुनेछ भन्ने बारेमा आफूलाई थाहा छैन भनी ख्रीष्टले जोड दिएर भन्नुभयो। यदि उहाँलाई थाहा थिएन भने, कसरी कुनै चिन्हहरूका बारेमा उहाँले बताउन सक्नुभयो? ख्रीष्टले आफ्ना चेलाहरूलाई संक्षिप्त व्याख्याको रूपमा यसो भनिरहनुभएको थियो, "हो, यरूशलेम र मन्दिरको विध्वंसको घटनालाई संकेत गर्ने केही चिन्हहरू छन्। ... मेरो दोस्रो आगमनको बारेमा मलाई थाहा भएको कुरा भनेको, म शक्ति र महा महिमासँग बादलमा आउनेछु। ... म तिमीहरूलाई कुनै निश्चित चिन्हहरू दिन सक्दिनँ किनभने मलाई थाहा छैन।"[31]

येशूको दोस्रो आगमनको कुनै पूर्वचेतावनी हुनेछैन, त्यसैले नोआको पालामा तयार नरहेका धेरैलाई बाढीले नाश गऱ्यो, त्यसरी नै उहाँको दोस्रो आगमनमा तयार नरहेका धेरैलाई नष्ट गरिनेछ: **... जसरी जलप्रलयभन्दा अगाडि नोआ जहाजभित्र पस्ने दिनसम्म, मानिसहरू खाइरहेका, पिइरहेका र विवाहबारी गरिरहेका थिए** (मत्ती २४:३८; हेर्नुहोस्:

[31]केअर्ली (Kearley), १३१-३२।

२४:३७-३९)। बाढी आउनेछ भनी नोआले मानिसहरूलाई भनेका थिए तर तिनीहरूले उनको कुरामा विश्वास गरेनन्। त्यसैले तिनीहरू आफ्नो दैनिक जीवनको कामधन्दामा सँधैभैं व्यस्त भए, अनि मरे। आज, बाइबलले प्रभु फेरि आउनुहुनेछ भनेर सिकाउँछ, तैपनि धेरैले वचनको चेतावनीलाई बेवास्ता गरिरहेका छन्। निश्चय नै, तिनीहरू तयारी नरहेको अवस्थामा आगमन हुनेछ।

खाइरहेका, पिइरहेका र विवाहबारी गरिरहेका हुनेछन् भनी प्रभुले बताउनुभयो, त्यसोभए हाम्रो जीवनको दैनिक कृयाकलापमा सहभागी हुनु गलत कुरा हो भन्ने यसको अर्थ हो त? होइन, जबसम्म हामी उहाँको दोस्रो आगमनको लागि हाम्रो हृदयमा र जीवनमा तयार छौं, हाम्रो दैनिक कृयाकलापमा सहभागी हुनु उपयुक्त नै हुन्छ। दोस्रो आगमनको बेला दुई जना मानिस खेतमा काम गरिरहेको उदाहरण पनि उहाँले दिनुभयो। उहाँले भन्नुभयो, **"... एक जना लगिनेछ, अर्को छोडिनेछ"** (मत्ती २४:४०)। "लगिनेछ" को अर्थ "परमेश्वरसँग रहन स्वर्गमा लगिनेछ" भन्ने हो (प्रे १:२, ११ सँग तुलना गर्नुहोस्), र "छोडिनेछ" को अर्थ अनन्तसम्म परमेश्वरबाट अलग गरी नरकमा फालिनेछ भन्ने हो (२ थेस १:७-९)। यस उदाहरणमा उल्लेख गरिएका दुई जना मानिसहरूले, पुरुषहरूले गर्ने सबैभन्दा प्रचलित काम गरिरहेका थिए; तर एक जना प्रभुको आगमनको निम्ति तयार थियो, र अर्को तयार थिएन। ख्रीष्टले त्यसपछि, त्यो समयमा स्त्रीहरूले गर्ने सबैभन्दा प्रचलित काममा सहभागी भइरहेका दुई जना स्त्रीहरूको उदाहरण बताउनुभयो (मत्ती २४:४१)।

(२) सामान्य शिक्षा: तयार भएर बस्नुपर्ने आवश्यकता (मत्ती २४:४२-५१; मर्कू १३:३३-३७)

मत्ती २४:४२-५१

४२"यसकारण जागा रहो, किनकि कुन दिन तिमीहरूको प्रभु आउनेछ, सो तिमीहरूले जान्दैनौ। ४३तर यो जान, कि घरको मालिकले चोर रातको कुन पहरमा आउँछ भनी जानेको भए, ऊ जागो रहनेथियो, र आफ्नो घर फोर्न दिनेथिएन। ४४यसकारण तिमीहरू पनि तयार रहो, किनकि मानिसको पुत्र तिमीहरूले नचिताएको बेलामा आउनेछ। ४५विश्वासी र बुद्धिमान् नोकर को हो, जसलाई त्यसको मालिकले आफ्ना परिवारका चाकरहरूलाई ठीक-ठीक समयमा खान देओस् भनी खटाएको हुन्छ? ४६त्यो नोकर धन्य हो, जसलाई मालिक आउँदा त्यसै गरिरहेको भेट्टाउनेछ। ४७साँच्चै, म तिमीहरूलाई भन्दछु, मालिकले त्यसलाई आफ्नो सारा सम्पत्तिमाथि जिम्मेवार नियुक्त गर्नेछ। ४८तर यदि त्यस दुष्ट नोकरले 'मेरा मालिक बियाँलो गर्छन्' भनी मनमा ठानी, ४९आफूसँगै काम गर्ने नोकरहरूलाई पिट्न र मतवालाहरूसँग खान र पिउन लाग्यो भने, ५०त्यस नोकरको मालिक त्यसले नचिताएको दिन र नजानेको घड़ीमा आइपुग्नेछ। ५१अनि मालिकले त्यसलाई कठोर दण्ड दिनेछ र त्यसलाई ढोंगीहरूका माझ फालिदिनेछ, जहाँ मानिसहरू रुनेछन् र दाह्रा किट्नेछन्।"

मर्कूस १३:३३-३७

३३"होशियार रहो, जागा बस र प्रार्थना गर, किनकि त्यो बेला कहिले आउने हो, सो तिमीहरू जान्दैनौ। ३४यो त मालिकले आफ्ना चाकरहरूलाई घरको प्रत्येक काम र दायित्वको जिम्मा दिएर र पालेलाई जागा रहनू भनी आज्ञा दिएर परदेश लागेको जस्तो हो।

[३५]यसकारण तिमीहरू पनि जागा रहो, किनकि घरको मालिक बेलुकी, कि आधा रातमा, कि भाले बास्दा, कि बिहान, कहिले आउने हो, सो तिमीहरू जान्दैनौ। [३६]नत्रता ऊ अचानक आउँदा उसले तिमीहरूलाई निदाइरहेका भेट्टाउला। [३७]जे म तिमीहरूलाई भन्दछु त्यो म सबैलाई भन्दछु, 'जागा रहो'।"

मत्ती २४:४२-५१ मा, यो विवरणलाई परमेश्वरले हाम्रो लागि जोगाएर राख्नुभएको छ र यसरी राख्नुको प्राथमिक कारण हो: हामीलाई यो सन्देशको *खाँचो* छ। येशू कहिले आउनुहुनेछ भन्ने बारेमा हामीलाई थाहा छैन, त्यसकारण हामी जहिल्यै पनि *तयार* रहेर बस्नुपर्छ: **"यसकारण जागा रहो, किनकि कुन दिन तिमीहरूको प्रभु आउनेछ, सो तिमीहरूले जान्दैनौ"** (मत्ती २४:४२; हेर्नुहोस्: मर्कू १३:३३)। राती आउने चोरजस्तै सोच्दै नसोचेको बेलामा उहाँको आगमन हुनेछ (मत्ती २४:४३, ४४; हेर्नुहोस्: १ थेस ५:२; २ पत्र ३:१०)। प्रभुको आगमनको मिति तोक्ने प्रयास गर्नेहरूले मत्ती २४:४४ लाई गम्भीर रूपमा विचार गर्नु आवश्यक छ। "समयको चिन्हहरू" लाई हेरेर उहाँको आगमन नजिक आएको छ भनी बताउन सकिन्छ भन्ने *विचार* तिनीहरूले गर्ने गर्छन्, तर "मानिसको पुत्र तिमीहरूले *नचिताएको* बेलामा आउनेछ" भनी उहाँले भन्नुभयो! (जोड दिइएको छ।) प्रवचन दिने क्रममा, स्टाफ्फोर्ड नर्थ (Stafford North) ले दोस्रो आगमन "राती आउने चोरजस्तै हुनेछ" भन्ने कुरालाई विशेष रूपमा जोड दिन्छन्। उनले आफ्ना दर्शकहरूलाई यो शब्द धेरै पटक दोहोऱ्याउन लगाउँछन्।

फेरि, आफ्नो एक जना सेवकलाई बेइमानी गरिरहेको अवस्थामा भेट्टाउने मालिकको आगमनजस्तै ख्रीष्टको आगमन पनि हुनेछ (मत्ती २४:४५-५१; हेर्नुहोस्: मर्कू १३:३४)। यसलाई सामान्यतया "विश्वासयोग्य सेवक र दुष्ट सेवकको दृष्टान्त" भनिन्छ। परमेश्वरका प्रत्येक सेवकहरूका निम्ति येशूले दिनुभएको सन्देश यस्तो छ:

> **"यसकारण तिमीहरू पनि जागा रहो, किनकि घरको मालिक बेलुकी, कि आधा रातमा, कि भाले बास्दा, कि बिहान, कहिले आउने हो, सो तिमीहरू जान्दैनौ। नत्रता ऊ अचानक आउँदा उसले तिमीहरूलाई निदाइरहेका भेट्टाउला। जे म तिमीहरूलाई भन्दछु त्यो म सबैलाई भन्दछु, 'जागा रहो'"** (मर्कू १३:३५-३७)।

(३) दृष्टान्तहरू र सम्बन्धित शिक्षा: दश कन्या (मत्ती २५:१-१३)

जाग रहो भन्ने कुराको जोड मत्ती २५ मा पनि जारी रहन्छ।

[१]"तब स्वर्गको राज्य दश कन्याहरूसँग तुलना गर्न सकिन्छ। तिनीहरूले आ-आफ्नो बत्ती लिएर दुलहालाई भेट्न निस्के। [२]तीमध्ये पाँच जना निर्बुद्धि र पाँच जनाचाहिँ बुद्धिमती थिए। [३]किनकि जब निर्बुद्धिहरूले आफ्ना बत्ती लगे, तब तिनीहरूले साथमा तेलचाहिँ लगेनन्। [४]तर बुद्धिमतीहरूले चाहिँ आफ्ना बत्तीसँगसँगै पात्रमा तेल पनि लगे। [५]दुलहाले बियाँलो गर्दा ती सबै निद्राले लट्ठ भए र निदाए। [६]तर मध्यरातमा 'हेर दुलहा, उनलाई भेट्न आओ,' भन्ने आवाज आयो। [७]तब ती सबै कन्याहरू ब्यूँझे, र आ-आफ्नो बत्ती ठीकठाक पारे। [८]निर्बुद्धि कन्याहरूले बुद्धिमतीहरूलाई भने, 'तिमीहरूको तेलबाट हामीलाई अलिकता देओ, किनभने हाम्रा बत्ती त निभ्न लागे।' [९]तर बुद्धिमतीहरूले यसो भनेर जवाफ दिए, 'हामी र तिमीहरू दुवैलाई पुग्ने यथेष्ट तेल छैन होला, बरु पसलेकहाँ जाओ र आफ्नो लागि किन।' [१०]तिनीहरू किन्न जाँदा दुलहा आइपुगे, र तयार हुनेहरू

उनीसँग विवाहको भोजमा भित्र पसे, र ढोका बन्द भयो। [११]पछिबाट ती अरू कन्याहरू आइपुगे र यसो भन्न लागे, 'प्रभु, प्रभु, हाम्रा लागि खोलिदिनुहोस्!' [१२]तर उनले जवाफ दिएर भने, 'साँच्चै, म तिमीहरूलाई भन्दछु, म तिमीहरूलाई चिन्दिनँ।' [१३]यसकारण जागा रहो, किनकि त्यो दिन र त्यो घड़ी तिमीहरूलाई थाहा छैन।"

मत्ती २५ अध्याय कन्याहरूको दृष्टान्तसँगै सुरु हुन्छ। यो दृष्टान्तमा उल्लेख गरिएको **कन्याको** अर्थ, अवश्य नै जवान, विवाह नगरेको स्त्री सेवकहरू भन्ने हो। रिभाइज् स्टचाण्डर्ड संस्करण (RSV) मा "कुमारीहरू" भन्ने वाक्य पाइन्छ। त्यो समयमा, जवान, अविवाहित यहूदी महिलालाई साधारण रूपमा कन्या नै मानिन्थ्यो। कुमारीहरू दुलहालाई पर्खिरहेका थिए (मत्ती २५:१)। शायद तिनीहरू दुलहालाई बेहुलीको घरमा पर्खिरहेका हुनसक्छन्, तर अझै सम्भावित कुरा के हुनसक्छ भने, तिनीहरू दुलहीसित दुलहा फर्केर आउने बटो हेरिरहेका थिए। दुलहा आइपुगेपछि विवाह-भोज खाइनेछ। स्वागत गर्ने समूहमा भएका कारण, यी स्त्रीहरूले दुलहा आउने बाटोलाई उज्यालो बनाउन बत्ती बाल्नु पर्नेथियो। यी बत्तीहरू माटोबाट बनाइएको दियो हुनसक्छ किनभने त्यो समयमा दियो बाल्ने प्रचलनमा थियो (मत्ती ५:१५ हेर्नुहोस्)।

सोचेको समयमा दुलहा आइपुगेन। त्यसकारण, बत्तीको तेल सकिन लाग्यो। तीमध्ये पाँच जना "बुद्धिमानी" (किङ्ग जेम्स् संस्करण [KJV]) वा **विवेकी** (न्यू अमेरीकन स्टचाण्डर्ड बाइबल [NASB]) थिए। तिनीहरूले थप तेल समेत लगेर गएका थिए (मत्ती २५:४)। अरू पाँच जना **मूर्ख** थिए। तिनीहरूले तेल लिएर गएका थिएनन्, त्यसैले तिनीहरू तेल किन्न भनी निस्के (मत्ती २५:३, १०)। तिनीहरू गएकै बेला, दुलहा आइपुगे र त्यहाँ उपस्थित सबै जना भोज खान गए। मूर्ख कन्याहरू आइपुग्दा घरको ढोका बन्द भइसकेको थियो र प्रवेश गर्न प्रतिबन्ध लगाइएको थियो। तयार नभएका कारण तिनीहरूले भोजमा सहभागी हुन पाएनन्। मत्ती २५:१२ मा उल्लेख गरिएको **चिन्दिनँ** भन्ने शब्द (जसलाई बाइबलमा धेरै पटक प्रयोग गरिएको छ) लाई "सकरात्मक रूपले स्वीकार गर्नु" भन्ने अर्थमा प्रयोग गरिएको छ। तिनीहरू *को* थिए भन्ने बारेमा मालिकलाई थाहा थियो, तर उनले तिनीहरूलाई भोजमा सहभागी हुन दिएनन् (मत्ती ७:२३ सँग तुलना गर्नुहोस्)।

पाँच जना "बुद्धिमानी" कुमारीहरूले अरूसँग आफ्ना तेल किन बाँढेनन् त भनेर हामी अचम्मित हुन सक्छौं। यसको उत्तर दृष्टान्तको अर्थमा लूकेको छ: ख्रीष्ट अर्थात्, दुलहा आउनुहुँदा (हेर्नुहोस्: मत्ती ९:१५; यूह ३:२९) तयारी भएको कुरालाई बाँढ्न मिल्दैन। तपाईं मेरो लागि तयार हुन सक्नुहुन्न, र म तपाईंको लागि तयार रहन सक्दिन। "यसैले हामी हरेकले परमेश्वरलाई आफ्नो लेखा दिनेछौं" (रोम १४:१२)।

यो चुनौतीसँगै येशूले दृष्टान्तलाई समाप्त गर्नुभयो: **"यसकारण जागा रहो, किनकि त्यो दिन र त्यो घड़ी तिमीहरूलाई थाहा छैन"** (मत्ती २५:१३)।

(४) दृष्टान्तहरू र सम्बन्धित शिक्षा: सुनका सिक्काको दृष्टान्त (मत्ती २५:१४-३०)

[१४]"किनकि योचाहिँ कुनै मानिसजस्तो हो, जसले परदेश जाँदा आफ्ना नोकरहरूलाई बोलाई आफ्नो धन-सम्पत्ति तिनीहरूलाई जिम्मा दिए। [१५]तिनले हरेकलाई तिनीहरूका आ-आफ्नो योग्यताअनुसार एउटालाई पाँच सुनका सिक्का, र्कोलाई दुई र अर्कोलाई एक दिएर तिनी गइहाले। [१६]तब पाँच सुनका सिक्का पाउनेले तुरुन्तै गएर त्यो व्यापारमा लगाईकन अरू पाँच सिक्का कमायो। [१७]त्यसरी नै दुई सिक्का पाउनेले पनि अरू दुई कमायो। [१८]तर

एक सिक्का पाउनेले चाहिँ गएर भूइँ खनेर आफ्ना मालिकको धन लुकाइराख्यो। [१९]धेरै दिनपछि ती नोकरहरूका मालिक आए, र तिनले तिनीहरूसँग हिसाब मागे। [२०]तब पाँच सुनका सिक्का पाउने नोकरले अरू पाँच सिक्का ल्याई अगाडि आएर यसो भन्यो, 'हजूर, तपाईंले मलाई पाँच सिक्काको जिम्मा दिनुभएको थियो। हेर्नुहोस्, मैले अरू पाँच सिक्का कमाएको छु।' [२१]मालिकले त्यसलाई भने, 'स्याबास, असल र विश्वासी नोकर! तँ थोरै कुरामा विश्वासी भइस्, अब म तँलाई धेरै कुराको जिम्मा दिनेछु। तँ आफ्ना मालिकको खुसीमा सहभागी हो।' [२२]दुई सिक्का पाउनेले पनि आएर भन्यो, 'हजूर, तपाईंले मलाई दुई सिक्का दिनुभएको थियो। हेर्नुहोस्, मैले अरू दुई सिक्का कमाएको छु।' [२३]त्यसका मालिकले त्यसलाई भने, 'स्याबास, असल र विश्वासी नोकर, तँ थोरै कुरामा विश्वासी भइस्, अब म तँलाई धेरै कुराको जिम्मा दिनेछु। तँ आफ्ना मालिकको खुसीमा सहभागी हो।' [२४]एक सुनको सिक्का पाउनेले पनि आएर भन्यो, 'हजूर, नरोपेको जग्गाबाट कटनी गर्ने र ननिफनेको ठाउँबाट बटुल्ने तपाईं कठोर मानिस हुनुहुन्छ भन्ने मलाई थाहा थियो। [२५]यसैले मलाई डर लाग्यो, र गएर तपाईंको सिक्का मैले माटोमुनि लुकाइराखें। हेर्नुहोस्, यो तपाईंको सिक्का लिनुहोस्।' [२६]त्यसका मालिकले त्यसलाई जवाफ दिए, 'ए दुष्ट, अल्छे नोकर, नरोपेको ठाउँमा कटनी गर्छु, र ननिफनेको ठाउँबाट बटुल्छु भनेर तैंले जानेको थिइस् भने, [२७]तैंले मेरो धन साहूकहाँ राख्नुपर्नेथियो, र आएर मैले मेरो धन ब्याजसमेत फिर्ता पाउनेथिएँ। [२८]यसकारण त्यसबाट यो सिक्का खोस, र जससँग दश सिक्का छ त्यसलाई देओ। [२९]किनभने जससँग छ त्यसलाई अरू दिइनेछ, र त्यससँग प्रशस्त हुनेछ। तर जससँग छैन त्यससँग भएको पनि त्यसबाट खोसिनेछ। [३०]त्यस बेकम्मा नोकरलाई चाहिँ बाहिरी अन्धकारमा फालिदेओ, जहाँ मानिसहरू रुनेछन् र दाह्रा किट्नेछन्'।"

दश कन्याको दृष्टान्तपछि, सुनका सिक्काको दृष्टान्त उल्लेख छ (मत्ती २५:१४-३०)। मानिसहरूले ख्रीष्टको प्रतिक्षा गरिरहेको चित्रण दश कन्याको दृष्टान्तले गर्छ, र यसरी *प्रतिक्षा गर्ने क्रममा* हामीले *काम* पनि गर्नु नै पर्छ भन्ने कुरालाई सुनका सिक्काको दृष्टान्तले स्पष्ट पारेको छ।

सुनका सिक्काको यो दृष्टान्त लूका १९:११-२७ को दृष्टान्तसँग मिल्दो छ, तर यसमा जोड दिइएको कुरा भने फरक छ। येशूको वचन सुन्नेहरूलाई राज्यको स्थापना तुरुन्तै भइहाल्नेछैन भन्ने कुरा लूका १९:११-२७ को दृष्टान्तले याद दिलाएको थियो, र प्रभुमा विश्वासयोग्य सेवक बन्नुको आवश्यकतालाई यो दृष्टान्तले जोड दिएको छ।

सुनका सिक्काको दृष्टान्तमा, मालिकले आफ्ना तीन जना नोकरहरूलाई आफ्नो सम्पत्ति दिएर गएको हुन्छ। उनले एक जना नोकरलाई पाँच सिक्का दिए, अर्कोलाई दुई सिक्का, र तेस्रोलाई एक सिक्का दिए। अंग्रेजीमा यो दृष्टान्तलाई "प्याराबल अफ ट्यालेन्ट" ("parable of talents")। अंग्रेजीमा ट्यालेन्ट (talent) भनेको "क्षमता वा प्रतिभा" हो; तर त्यो समयमा यो रुपैयाँको एउटा मापन थियो—मूल्यवान धातुको निश्चित मात्रा, निश्चित मापनको सिक्का वा बुलियन। नोकरहरूलाई दिइएको सिक्काको यथार्थ मोलको बारेमा हामीलाई थाहा छैन। "फरक-फरक युगमा युनान-रोमी सिक्काको तौल ... २६.४ कि.ग्रा. देखि ३७.८ कि.ग्रा. सम्म हुन्थ्यो।"[32] यसको साथै, यो सुन थियो कि चाँदी

[32] इ. एम. कुक (E. M. Cook), "वेटस् एण्ड मेजरस्," *द इन्टरनेशनल स्टयान्डर्ड बाइबल इनसाइक्लोपेडिया*, रेभ., एड. जेम्स् ओर्र (James Orr) (ग्राण्ड र्‍यपिड्स् मिचिगन: डब्लूएम. बी. एर्डम्यान्स् पब्लिसिङ को., १९८८), ४:१०५५।

थियो, त्यसको आधारमा पनि यसको मोल फरक पर्नसक्छ (नेपालीमा सुनको सिक्का भन्ने पाइन्छ)। मत्ती २५ मा उल्लेख गरिएको सिक्काको सबैभन्दा सर्वमान्य मोल छ हजार दिनारी हो।[33] त्यही मूल्यलाई सही मानेर—एक दिनारियस भनेको सामान्य मजदूरले एक दिनमा कमाउने रकम थियो भन्ने कुरालाई विचार गर्दै (मत्ती २०:२)—यहाँ उल्लेख गरिएको एउटा सिक्काको मोल, साधारण कामदारले बीस वर्षमा कमाउन सक्ने रकम बराबर थियो। पाँच सिक्का पाउने नोकर र दुई सिक्का पाउने नोकरले थप सम्पत्ति कमाउने काममा आफ्नो मालिकको सम्पत्तिलाई प्रयोग गरे। एक सिक्का पाउने नोकरले आफूलाई दिइएको रकम गुमाउने डरका कारण सिक्कालाई जमिनमा लुकाएर राख्यो। मालिक फर्केपछि, दुई जना नोकरलाई इनाम दिइयो, तर तेस्रो नोकरलाई भने दण्ड दिइयो।

फेरि, हामी तयार रहनु आवश्यक छ भन्ने सन्देश यो दृष्टान्तले दिन्छ—र त्यसमा यो सन्देश पनि समावेश हुन्छ: ख्रीष्टको आगमनको निम्ति तयार रहने एउटै तरीका भनेको उहाँको काममा व्यस्त रहनु हो। हामीले उहाँले दिएको वरदानलाई उहाँको महिमाको निम्ति प्रयोग गर्नैपर्छ।

प्रयोग: प्रभुको निम्ति सबै थोकको जोखिम उठाउनु[34] (मत्ती २५:१४-३०)

ख्रीष्टले सिकाउनुभएका शिक्षाहरूलाई पहिलो पटक सुन्ने मानिसहरू झस्कन्थे, अनि अचम्म मान्थे। सुनका सिक्काको दृष्टान्तले पनि तिनीहरूलाई अवश्य नै झस्कायो।

उहाँको आगमनको प्रतिक्षा गर्ने क्रममा तिनीहरू उहाँको काममा व्यस्त रहनुपर्छ भन्ने कुरालाई आफ्ना चेलाहरूसमक्ष बताउनको निम्ति येशूले त्यो दृष्टान्त बताउनुभएको थियो। पवित्र आत्माको निर्देशनद्वारा यसलाई धर्मशास्त्रमा समावेश गरिएको छ किनभने, प्रेरितहरू लगायत, प्रभुका सबै जनहरूलाई यो कुरा अवगत गराइनै पर्छ। मत्तीले सुसमाचारको पुस्तक मण्डली स्थापना भएको लगभग तीस वर्षपछि लेखेका हुन्। उत्साहित कुराहरू त्यस बेला पनि भइरहेकै थियो। त्यस बेला, अवश्य नै, जेलबाट छुटेर पावलले आफ्नो अन्तिम यात्रा गरिरहेका थिए, र अरू इसाईहरूले धमाधम सुसमाचार प्रचार गरिरहेका थिए। तैपनि, दोस्रो पुस्ताको इसाईहरूलाई निर्माण गर्ने समय आएको थियो। शायद केही विश्वासी समुदायले तिनीहरूको प्रारम्भिक उत्साहलाई गुमाएका थिए, अनि हप्ता-हप्तामा मात्रै मण्डलीमा देखा पर्ने किसिमको सहजतापूर्ण जीवन विताइरहेका थिए (प्रका ३:१५ हेर्नुहोस्)। पहिलो शताब्दीको इसाईहरूका निम्ति सुनका सिक्काको यो दृष्टान्त एउटा जागृतीको आवाज ठहरियो। आजका एकाइसौं शताब्दीका इसाईहरूलाई पनि यस प्रकारको सन्देशको खाँचो छ।

जोखिम उठाउने विषयमा हाम्रो अवधारणा कस्तो छ? हामीमध्ये धेरै जना दैनिक जीवनबाट जोखिमलाई पन्छ्याउन चाहान्छौं होला। हामीलाई सकेसम्म जोखिमरहित जीवन नै मन पर्छ। यस्तो हो भने, प्रभुको निम्ति जोखिम उठाउने विचार शायद त्यति रमाइलो सुनिदैन। तैपनि, हाम्रो मालिकलाई प्रसन्न पार्न हामीले त्यही नै गर्नुपर्छ भन्ने कुरा यो दृष्टान्तले सिकाउँछ।

---

[33]डी. ए. कार्सोन (D. A. Carson), "मत्ती" *द एक्स्पजिटरस् बाइबल कमेन्टरी*, भोल. ८, एड. फ्र्याङ्क ई. गाइबेलिन (Frank E. Gaebelein) (ग्राण्ड र्‍यपिडस्, मिचिगन: जोन्डरभान पब्लिसिङ हाउस, १९८४), ५१६; लिविस (Lewis), १३५।

[34]यो अध्ययनको अवधारणा, रस्टी पिटरम्यान (Rusty Peterman) को प्रवचनबाट लिइएको हो, उनले उक्त प्रवचन, ब्राउन ट्रेइल चर्च अफ क्राइस्ट, फोर्ट वर्थ, टेक्सस, ४ जनवरी १९८७ मा प्रचार गरेका थिए।

जिम्मेवारी र जोखिम (मत्ती २५:१४, १५)

एक जना मालिकले आफ्ना नोकरहरूलाई ठूलो जोखिमपूर्ण जिम्मेवारीहरू सुम्पेर गएको घटनाको विवरण सहित यो दृष्टान्तको सुरुवात हुन्छ। येशूले भन्नुभयो, स्वर्गको राज्य "कुनै मानिसजस्तो हो, जसले परदेश जाँदा आफ्ना नोकरहरूलाई बोलाई ..." (मत्ती २५:१४क)। यहाँ प्रयोग गरिएको शब्द "नोकर" अर्थ दिने ग्रीक शब्द (δοῦλος, *डूलोस्, doulos*) को बहुवचन हो। यिनीहरू *"[तिनका] आफ्नै नोकरहरू"* थिए: तिनीहरूको स्वामित्व तिनीसँग थियो; तिनीहरू उनैको थियो।

यो दृष्टान्तबाट अधिकतम कुरा सिक्नको निम्ति, हामीले आफैलाई परमेश्वरको सेवकहरूका रूपमा र उहाँका मानिसहरूका रूपमा हेर्नुपर्छ। पावलले लेखेका छन्, "तिमीहरूको शरीर पवित्र आत्माको मन्दिर हो, जुन पवित्र आत्मा तिमीहरूले परमेश्वरबाट पाएका छौ, र उहाँ तिमीहरूभित्र वास गर्नुहुन्छ भन्ने के तिमीहरूलाई थाहा छैन? तिमीहरू स्वयम् आफ्नै होइनौ। तिमीहरू मोल तिरेर किनिएका हौ। यसकारण तिमीहरूका शरीरमा परमेश्वरको महिमा गर" (१ कोर ६:१९, २०)। हामी उहाँका रगतले किनिएका हौं (प्रे २०:२८), त्यही रगतद्वारा छुटाइएका हौं ("तिरेर छुटाइएका") (१ पत्र १:१८, १९)। "जब कुनै व्यक्ति बप्तिस्माको तरल चिहानबाट बाहिर आउँछ, ऊ त्यो संघारभित्रको भाइचारामा प्रवेश गर्छ जुन संघारमा स्पष्टै लेखिएको हुन्छ, 'तिमी अब तिम्रो आफ्नै होइनौ। *तिमीलाई मोल तिरेर किनिएको छ'।"*[35]

जिम्मेवारी

परदेश जान लागेको मालिकले आफ्ना नोकरहरूलाई बोलाएर "आफ्नो धन-सम्पत्ति तिनीहरूलाई जिम्मा दिए" (मत्ती २५:१४ख)। त्यो समयमा यसो गर्नु सामान्य कुरो थियो। रोमी साम्राज्यमा धेरैजसो काम नोकरहरूले नै गर्थे। नोकरहरूलाई जिम्मेवारीको पद पनि दिइन्थ्यो।

"एउटालाई [नोकर] पाँच सुनका सिक्का, अर्कोलाई दुई र अर्कोलाई एक दिएर तिनी [त्यस मानिसले]" (मत्ति २५:१५ख)। अंग्रेजी बाइबलले मत्ती २५:१५ मा "ट्यालेन्टस्" भनी उल्लेख गरेको शब्द ग्रीक शब्द τάλαντα (*टालान्टा, talanta*) हो।

सामान्य कामदारले *सय* वर्षमा कमाउन सक्ने जति सम्पत्ति पहिलो नोकरलाई दिइएको थियो। दोस्रोलाई त्यस्तै कामदारले *चालीस* वर्षमा कमाउन सक्ने रकम बराबरको सम्पत्ति दिइएको थियो। तेस्रोलाई साधारण कामदारले *बीस* वर्षमा कमाउन सक्ने जति सम्पत्ति दिइयो। यी सिक्काहरू यति-उति मूल्य बराबर थियो नभनेर, हामीले अहिलेसम्म देखेको सबैभन्दा बढी रकमभन्दा यी सिक्काहरूको मोल धेरै थियो भन्नु नै पर्याप्त छ।

मालिकले प्रत्येकलाई "तिनीहरूका आ-आफ्नो योग्यताअनुसार" दियो (मत्ती २५:१५क)। कुनैलाई पनि सम्हाल्न सक्नेभन्दा बढी वा घटी दिइएको थिएन। "तिनीहरू सबैलाई उही मात्रामा सम्पत्ति दिइएको भए, समग्रमा यो कुरा न्यायसंगत हुनेथिएन। एक सिक्काको क्षमता भएको नोकरलाई पाँच सिक्का दिइएको भए यो उसको लागि धान्न नसक्ने भारी हुनेथियो, र पाँच सिक्का क्षमता भएको नोकरलाई एउटा मात्र सिक्का

---

[35]एभोन मेलोन (Avon Malone), "द क्यारेक्टरस्टिक्स् अफ अ गुड स्टेवार्ड," *द प्रिचरस् पेरियोडिकल* ४ (जुलाइ १९८३): ११-१३।

दिइएको भए यो उसको निम्ति कुनै चुनौती हुनेथिएन।"[36]

प्रत्येक नोकरले *केही न केही* प्राप्त गरे। वास्तवमा, प्रत्येकले ठूलो मात्रामा रकम प्राप्त गरे। एक सिक्का समेत धेरै मूल्यवान थियो। त्यस्तै, आज "एक-सिक्का" क्षमता भएको व्यक्तिले आफूसँग एउटै मात्र "प्रतिभा" भए पनि यो धेरै महत्त्वपूर्ण छ भन्ने कुरालाई महसुस गर्नुपर्छ। त्यो वरदान पाएको व्यक्ति ऊ मात्रै हुनसक्छ। यदि उसले आफ्नो प्रतिभालाई प्रयोग गरेन भने, पूरा गर्नुपर्ने काम पूरा हुनेछैन वा गर्न सक्षम नभएको अरू व्यक्तिले यसलाई गर्नेछ, अनि काम बिग्रिनेछ। निल आर. लाइटफुट (Neil R. Lightfoot) ले भनेका छन्, "मालिकको ढुकुटीबाट कोही पनि रित्तो हात गएन।"[37] प्रत्येकसँग प्रतिभा, क्षमता, समय, मौका, र शायद केही सम्पत्ति हुन्छ। हामीलाई परमेश्वरले आशिष दिनुभएको छ—प्रशस्त मात्रामा। परमेश्वरले दिनुभएको वरदानको बारेमा एफिसी ४:८ र रोमी १२:६-८ ले बताउँछ।

हामीले परमेश्वरको वरदान प्राप्त गरेका छौं त्यसैले ती वरदानहरूका साथमा चुनौती पनि गाँसिएर आएको हुन्छ भन्ने कुरालाई हामी सबैले बुझ्नुपर्छ। परमेश्वरले हामीलाई वास्तवमा यसो भन्नुहुन्छ, "जो-जो मेरा हुन्, तिमीहरूले यिनलाई *मेरो* सेवाको लागि प्रयोग गर्नुपर्छ। यो केही समयको निम्ति मैले तिमीहरूलाई दिएको छु। त्यो समयभित्र *मेरो* उद्देश्यलाई फाइदा पुग्ने कुरामा तिमीहरूले तिनलाई प्रयोग गर्नुपर्छ।" जब मालिकले वरदान दिनुहुन्छ, त्यससँगै जिम्मेवारी पनि आएको हुन्छ।

जोखिम

तैपनि, दृष्टान्तमा, जब मालिकले आफ्ना नोकरहरूलाई आफ्नो सम्पत्ति सुम्पिए, ती सम्पत्तिमा ठूलो जिम्मेवारी मात्र थिएन। त्यसमा गम्भीर *जोखिम* पनि थियो। रब्बीनी लेखहरूका अनुसार, मालिकले नोकरलाई सामानहरू सुम्पिएर गयो भने अन्त्यमा नोकरले मालिकलाई ती सामानहरूको प्रयोगविवरण दिनुपर्थ्यो। मालिक फर्केपछि, नोकरसँग पहिलेको भन्दा कम्ती थियो भने, उसले नपुग रकम बेहोर्नु पर्थ्यो। नोकरले रकम नबेहोरेसम्म उसलाई जेलमा राखिन्थ्यो। यदि नोकरले आफ्नो हकअधिकारलाई दुरुपयोग गरेको कुरा विवरणमा देखिएमा, उसलाई मरिने सम्भावना पनि हुन्थ्यो।

परमेश्वरले दिनुभएको कुरालाई प्रयोग गर्ने क्रममा—जस्तै क्षमता, समय, सम्पत्ति, र मौकाहरू—जोखिम पनि उठाउनुपर्छ। आफूले गल्ती गर्नसक्ने, अरूका आलोचना सहनु पर्ने, र असफल हुनसक्ने जोखिमहरू यसमा हुन्छन्।

प्रतिक्रिया र विद्रोह (मत्ती २५:१५-१९)

प्रतिक्रिया

पछि मालिक "[यात्रामा] गइहाले" (मत्ती २५:१५ग), "पाँच सुनका सिक्का पाउनेले तुरुन्तै गएर त्यो व्यापारमा लगाईकन अरू पाँच सिक्का कमायो" (मत्ती २५:१६)। उसले समय बर्बाद गरेन; मालिक हिँड्ने बित्तिकै दिइएको सम्पत्तिलाई उसले प्रयोग गऱ्यो। उसले

---

[36]जेम्स् बुर्टन कोफम्यान (James Burton Coffman), *कमेन्टरी अन द गोस्पल अफ मत्ती* (अस्टिन्, टेक्सस्: फर्म फाउण्डेशन पब्लिसिङ हाउस्, १९६८), ४०१।

[37]नील आर. लाइटफुट (Neil R. Lightfoot), *प्याराबलस् अफ जिजस*, पार्ट २ (अस्टिन, टेक्सस्: आर. बी. स्वीट को., १९६५), ७८।

कसरी आफ्ना सिक्कालाई प्रयोग गऱ्यो भन्ने कुरा हामीलाई थाहा छैन। शायद उसले व्यापार गऱ्यो होला। सायद उसले खुला बजारमा किनेर फाइदामा बेचेको हुनसक्छ। जसरी भए पनि उसले व्यवसाय गऱ्यो अनि अरू पाँच सिक्का कमायो। त्यसैले पाँच सिक्का पाउने मानिसले आफ्नो जिम्मेवारी पूरा गऱ्यो। "त्यसरी नै दुई सिक्का पाउनेले पनि अरू दुई कमायो" (मत्ती २५:१७)।

विद्रोह

त्यसले हामीलाई एक सिक्का पाउने मानिसमा ल्याउँछ: "तर एक सिक्का पाउनेले चाहिँ गएर भूइँ खनेर आफ्ना मालिकको धन लुकाइराख्यो" (मत्ती २५:१८)। अवश्य नै, मालिक जाने बित्तिकै त्यो मानिस आफ्नो बगैंचामा गएर गहिरो खाडल खन्यो र सम्पत्तिलाई त्यहाँ लुकायो। यो असामान्य प्रचलन थिएन।[38] त्यो समयमा आजको जस्तो बैंकको प्रचलन थिएन, र मानिसहरूले आफ्ना सम्पत्तिलाई सुरक्षित गर्नको निम्ति लुकाएर राख्ने गर्थे।

कतिपयको दृष्टकोणमा, एक सिक्का प्राप्त गर्ने त्यस मानिस बुद्धिमानी र चलाख थियो भन्ने देखिन्छ। रब्बीहरूका पनि आफ्नै दृष्टान्त थिए, र तिनीहरूको एउटा दृष्टान्त यस्तो छ:

> एक जना धनी मानिस लामो यात्रामा जान लागेको थियो। उसले आफ्ना दुई जना सेवकहरूलाई बोलायो र भन्यो, "म मेरो सम्पत्ति तिमीहरूका हातमा सुम्पेर जाँदैछु।" उसले आफ्नो सम्पत्ति ती दुई सेवकहरूलाई बाँढिदियो अनि आफ्नो बाटो लाग्यो। उनी गएको बेला, एक जना सेवकले दिइएको सम्पत्तिलाई लगानी गऱ्यो अनि सबै गुमायो। तर अर्को सेवकले भने दिइएको सम्पत्ति मालिक फर्केर आउन्जेलसम्म लुकाएर राख्यो। यसरी उनले आफ्नो मालिकले दिएको सबै सम्पत्ति फिर्ता गर्न सक्यो। मालिकले उसलाई स्याबासी दियो र आफ्नो परिवारको इन्चार्ज बनायो। तर आफ्नो मालिकले दिएको सम्पत्ति गुमाउने सेवकलाई मृत्यु दण्ड दिनू भन्ने आदेश दिइयो।[39]

येशूको शिक्षाहरू कतिपयका निम्ति अचम्मको र अत्यासलाग्दो भएको हुनसक्छ। उहाँको दृष्टान्त रब्बीहरूको दृष्टान्तभन्दा उल्टो छ। उहाँले पैसा लुकाउने नोकरबाट "हिरो" को उपादी खोसेर त्यसलाई "भिलेन" को उपादी दिनुभयो।

मालिक "धेरै दिन" गएको थियो (मत्ती २५:१९)। एक सिक्का पाउने मानिसले त्यति लामो समयसम्म के गरेर बस्यो होला? दिइएको सम्पत्तिद्वारा उनले व्यापार त अवश्य नै गरेनन्। त्यो सम्पत्तिलाई त भूँइमा लुकाइएको थियो। बेवास्ताको कारण उसले आफ्नो मालिकको सेवा *गरेन*।

एक सिक्का पाउने मानिसले के गल्ती गऱ्यो भन्ने कुरामा हामी स्पष्ट बनौं। दुष्ट भण्डारेले जस्तो उसले मालिकको सम्पत्ति उडाएन (लूक १६:१)। उनले उडन्त पुत्रले जस्तो दुष्ट कुरामा सम्पत्ति उडाएन (लूक १५:१३)। अन्यायी भण्डारेलाई जस्तो उसलाई दश हजार सिक्का ऋण लागेको थिएन (मत्ती १८:२४)। ऊ आफूसँग भएको कुरालाई *प्रयोग*

---

[38]लिविस (Lewis), १३५।

[39]पिटरम्यान (Peterman)। रोबर्ट एच. मोउन्स (Robert H. Mounce), *मत्ती*, न्यू इन्टरनेशनल बाइबल कमेन्टरी, एड. डब्ल्यू. वार्ड ग्यास्की (W. Ward Gasque) (पीबडी, मास.: हेण्ड्रिक्सन पब्लिसर्स, १९९१), २३४।

गर्न असफल भयो, उसको एउटै गल्ती यही थियो।

इनाम र "कारण" (मत्ती २५:१९-२५)

इनाम

"धेरै दिनपछि" ती नोकरहरूका मालिक फर्के, र तिनीहरूसँग हिसाब मागे (मत्ती २५:१९)। हामी परमेश्वरका भण्डारेहरू हौं, र एक दिन हाम्रो मालिक फर्कनुहुनेछ (प्रे १:११; १७:३१; १ थेस ४:१६)। त्यो बेला, हामीले पनि हामीलाई जिम्मेवारी दिइएको कुराको हिसाब बुझाउनु पर्नेछ (रोम १४:१२; २ कोर ५:१०; हेर्नुहोस्: १ कोर ४:२)।

पाँच सिक्का पाउने नोकर लेखा बुझाउने पहिलो व्यक्ति थियो। आफ्नो हिसाब बुझाउनको निम्ति उनी अवश्य नै उत्साहित भएका थिए। मुहारमा मुस्कुराहटका साथ, उसले भन्यो "हजूर, तपाईंले मलाई पाँच सिक्काको जिम्मा दिनुभएको थियो। हेर्नुहोस्, मैले अरू पाँच सिक्का कमाएको छु" (मत्ती २५:२०)। यसरी प्रतिक्रिया दिँदा तिनका मालिक पनि मुस्कुराइरहेको हुनसक्छ, "स्याबास, असल र विश्वासी नोकर!" (मत्ती २५:२१क)।

मालिकले यो नोकरलाई के भन्यो ध्यान दिनुहोस्। मालिकले यसो भनेन, "स्याबास्, चलाक र सफल नोकर," तर उसले त्यस नोकरलाई "असल र विश्वासी नोकर" भनी तारिफ गऱ्यो। हामी सबै चलाक हुन कहाँ सक्छौं र? हामीमध्ये धेरै जना (संसारले भने जस्तो) सफल हुन सक्दैनौं; तर हामी सबै जना "असल" र "विश्वासी" भने हुन सक्छौं। हामी परमेश्वरले दिनुभएको कुरालाई लिएर आफूले सक्ने सबैभन्दा उत्तम तरिकाले त्यसलाई प्रयोग गर्न सक्छौं। उहाँले चाहानुभएको कुरा पनि त्यही नै हो।

ध्यान दिनुहोस्, यो कुरा *मालिकले नोकरलाई* भनिरहेको थियो। त्यस नोकर मालिकको सम्पत्ति थियो र मालिकले उसलाई केही दिनुपर्छ भन्ने थिएन; उसले त्यसलाई "धन्यबाद" समेत भन्नु पर्दैनथ्यो। आफ्नो मालिकको आज्ञाहरू पालन गरिसकेपछि, नोकरले यसो भन्नुपर्छ, "म नालायक दास हुँ, मैले मेरो कर्तव्य मात्र पालन गरेको छु" भनी येशूले भन्नुभएको थियो (लूक १७:१० हेर्नुहोस्)। यस दृष्टान्तमा, मालिकले उदार मनले प्रतिक्रिया दिएको छ र यसले उसको चरित्र कस्तो थियो भन्ने बारेमा बताउँछ। त्यस मालिक अरूप्रति असल व्यवहार गर्ने र अरूका समस्या बुझ्ने व्यक्ति थियो; उसले तारिफ गर्ने र इनाम दिने मौका पर्खिरहेको थियो भन्ने कुरा स्पष्ट रूपले देख्न सकिन्छ।

पाँच सिक्का पाउने मानिसलाई मालिकले भन्यो, "तँ थोरै कुरामा विश्वासी भइस्, अब म तँलाई धेरै कुराको जिम्मा दिनेछु" (मत्ती २५:२१ख)। किङ्ग जेम्स् संस्करण (KJV) मा "धेरैमाथि शासक बनाउनेछु," भन्ने उल्लेख छ, तर यो बढी भाव दिइएको जस्तो देखिन्छ। मुख्य बाइबलमा "मैले तँलाई धेरैको निम्ति जिम्मेवार तुल्याएको छु" भन्ने छ। न्यू अंग्रेजी बाइबल (NEB) मा यस्तो पाइन्छ, "तँ सानो कुरामा विश्वासयोग्य भएको कुरा तैंले प्रमाणित गरिस्; अब म तँलाईं ठूलो कुराको जिम्मा दिनेछु।" त्यसपछि पाँच सिक्का पाउने त्यस मानिसलाई मालिकले भन्यो, "तँ आफ्ना मालिकको खुशीमा सहभागी हो" (मत्ती २५:२१ग)। यसको अर्थ, मालिक फर्किएको अवसरमा आयोजना गरिएको भोजमा सहभागी हुन त्यसलाई अनुमति दिइएको भन्ने हुनसक्छ। यो निम्तो मालिकको टेबिलमा खाना खान बोलाइएको निम्तो हुनसक्छ। उनलाई गरिएको उक्त सम्मानसँगै उसले आफ्नो

स्वतन्त्रता पनि प्राप्त गरेको हुनसक्छ।[40]

दुई सिक्का पाउने मानिस लाइनमा पर्खेर बसिरहेको थियो। आफ्नो हिसाबकिताब बुझाउनको निम्ति उनी पनि खुशीसाथ उभिरहेका थिए: "हजूर, तपाईंले मलाई दुई सिक्का दिनुभएको थियो। हेर्नुहोस्, मैले अरू दुई सिक्का कमाएको छु" (मत्ती २५:२२)। उनलेभन्दा तीन सिक्का बढी कमाउनेले कम इनाम प्राप्त गर्छ भन्ने अपेक्षा हामीले गरेका हुनसक्छौं, तर उनले पनि उही तारिफ र उही इनाम प्राप्त गऱ्यो। बाइबलमा प्रतिलिपि गरिएको पद छैन, तर २१ पद र २३ पद हुबहु देखिन्छ। पाँच सिक्का पाउने मानिसले जस्तै, दुई सिक्का पाउनेले पनि भरमगदूर प्रयास गरेको थियो—र मालिकले चाहेको कुरा त्यही नै थियो। उनलाई पनि यसो भनियो, "स्याबास, असल र विश्वासी नोकर, तँ थोरै कुरामा विश्वासी भइस्, अब म तँलाई धेरै कुराको जिम्मा दिनेछु। तँ आफ्ना मालिकको खुशीमा सहभागी हो" (मत्ती २५:२३)।

प्रभुको निम्ति जोखिम उठाउने जोकोही व्यक्ति विजयी व्यक्ति हो। हामी "सफल हुन्छौं" अथवा "असफल" त्यो त्यति महत्त्वपूर्ण कुरा होइन। हामीले सक्दो प्रयास गरेका छौं भने त्यही नै महत्त्वपूर्ण कुरा हो। अनि परमेश्वरले हामीलाई पनि भन्नुहुनेछ, "स्याबास, असल र विश्वासी नोकर" (किङ्ग जेम्स् संस्करण [KJV])।

"कारण"

एक सिक्का पाउने नोकरले आफ्नो हिसाब अन्तिममा बुझायो। शायद उनी भयभीत भएर यो क्षणको प्रतिक्षा गरिरहेका थिए। तैपनि, अन्त्यमा, "एक सुनको सिक्का पाउनेले पनि आएर भन्यो, 'हजूर, नरोपेको जग्गाबाट कटनी गर्ने र ननिफनेको ठाउँबाट बटुल्ने तपाईं कठोर मानिस हुनुहुन्छ भन्ने मलाई थाहा थियो'" (मत्ती २५:२४)। मालिकको व्यवहरप्रति लगाइएको यो अभियोग, छर्ने र कटनी गर्ने सम्बन्धी त्यो समयमा प्रचलित विधिमा आधारित थियो। खेतमा कटेराहरू हुँदैनथे। खेतमा साँधसीमाना छुटाइएको हुन्थ्यो तर बार लगइएको हुँदैनथ्यो। बीउ हातैले छरिन्थ्यो। "मेरो केही बीउ छिमेकीको खेतमा परेको हुनसक्छ, त्यसैले आफ्नो सबै बाली उठाउनको निम्ति उसको खेतको केही परसम्म मैले कटनी गर्नुपर्छ" भन्ने तर्क गर्ने "कन्जूस व्यक्ति"[41] को रूपमा नोकरले आफ्नो मालिकलाई ठानेको थियो।

नोकरले आफ्नो मालिकलाई लोभी, कन्जूस, अव्यावहारिक, र बेइमानी भएको दोष लगायो। के उसको मूल्याङ्कन सही थियो? एक सिक्का पाउने मानिसको यी शब्दसँग यसभन्दा पहिले मालिकको आचरणको बारेमा हामीले उल्लेख गरेको कुरालाई तुलना गर्नुहोस्: मालिक अरूको विश्वासयोग्यतालाई तारिफ गर्ने र इनाम समेत दिन इच्छुक व्यक्ति थिए। प्रभुको निम्ति जोखिम उठाउन नचाहाँदा एउटा खतरा हुन्छ र त्यो खतरा हो, यसले हामीलाई परमेश्वरको आचरणप्रति प्रश्न उठाउन अग्रसर गराउँछ। हामीले उहाँलाई प्रेमिलो, दयालु पिताको रूपमा हेर्नुपर्ने अवस्थामा अव्यावहारिक नियम बनाउने, कामको निर्माण गरी त्यसको लेखा मात्रै खोज्ने, र उत्पीडकको रूपमा हेर्न थाल्छौं।

एक सिक्का पाउने व्यक्तिले त्यसपछि भन्यो, "यसैले मलाई डर लाग्यो" (मत्ती

---

[40]लाइटफुट (Lightfoot), ८०; रिचर्ड सी. ट्रेन्च (Richard C. Trench), *नोट्स् अन द प्याराबल अफ आवर लर्ड* (वेस्टवुड, एन.जे.: फ्लेमिङ एच. रेभेल को., १९५३), २७९।

[41]ओलाफ एम. नोर्ली (Olaf M. Norlie), *द न्यू टेस्टामेन्ट: अ न्यू ट्रान्सलेशन* (ग्राण्ड ऱ्यपिडस्, मिचिगन: जोन्डरभान पब्लिसिङ हाउस, १९६१)।

२५:२५क)। डरभय मान्ने व्यक्तिहरूप्रति हामी सहानुभूति प्रकट गर्छौं। हामी सबै कुनै न कुनै कुराप्रति डर मान्छौं। तैपनि, सँधै हामीले आफैलाई यो प्रश्न गर्नु आवश्यक छ, "के मैले मालिकलाई विश्वास नगरेको कारण मलाई डर लागेको हो?" प्रकाश २१:८ मा हराएकाहरूको बरेमा उल्लेख गर्ने क्रममा, परमेश्वरले "डरपोकहरू" भन्ने वाक्यबाट सुरु गर्नुभयो (किङ्ग जेम्स् संस्करण [KJV])।

नोकरले भन्यो, "मलाई डर लाग्यो, र गएर तपाईको सिक्का मैले माटोमुनि लुकाइराखें" (मत्ती २५:२५)। अवश्य नै तिनी असफल हुन्छु भनेर डराएको थियो। दुई सिक्का र पाँच सिक्का पाउनेहरूले जस्तो राम्रो गर्न नसक्ने भनेर तिनी डराएको हुनसक्छ। मानिसहरू कहिलेकहीं तर्क गर्छन्, "म यो वा त्यो व्यक्तिले जस्तो [वा फलानोले जस्तो] गर्न सक्दिनँ, त्यसैले म केही गर्नेछैन।" आफ्नो मालिकलाई प्रसन्न पार्न सक्दिनँ भनेर तिनी डराएका थिए भन्ने कुरा तिनले स्पष्ट रूपमा बतायो। उनले वास्तवमा यसो भनिरहेको थियो, "म सफल नहुने अवस्थामा थिएँ ... त्यसैले मैले केही पनि गरिनँ।"

त्यस मानिसले आफू बाहेक अरू सबैलाई दोष दियो। अरूलाई दोष दिने कुरा हामी सानैमा सिक्छौं। कतिपयले जीवनमा आफू पछि परेकोमा आफ्ना आमाबाबुलाई दोष दिन्छन्। कतिपयले समाजलाई दोष लगाउँछन्। कतिले त परमेश्वरलाई समेत दोष दिन्छन्। यदि हामीले कसैलाई दोष लगाउन चाहान्छौं भने, सबैभन्दा सही ठाउँ हो, ऐना अगाडि।

त्यसपछि एक सिक्का पाउने त्यस मानिसले आफूलाई दिइएको सिक्का निकाल्यो—त्यो बहुमूल्य धातु, अहिले फोहोरले भरिएको, खिया लागेको, अनि कुहिएको गन्हाउने भएको थियो। उसले भन्यो, "हेर्नुहोस्, यो तपाईंको सिक्का लिनुहोस्" (मत्ती २५:२५ग)। मालिकले त्यसभन्दा बढी आशा नगरेझैं उसले त्यसो भन्यो।

प्रतिक्रिया र परिणाम (मत्ती २५:२६-३०)।

प्रतिक्रिया

हामी कथाको दु:खद समाप्तीमा आएका छौं। मालिकले त्यसलाई उत्तर दियो, "ए दुष्ट, अल्छे नोकर" (मत्ती २५:२६क)। बाइबलले अल्छी र काम नगरी त्यसै बस्नेलाई दोष दिएको छ (हेर्नुहोस्: हितो ६:६; ३१:२७; उप १०:१८; १ तिमो ५:१३)। मालिकले अरू दुई नोकरलाई "असल र विश्वासी" भन्ने उपनाम दिएको थियो। त्यस नोकरलाई उसले "दुष्ट" र "अल्छे" भन्यो।

त्यसपछि मालिकले भन्यो, "नरोपेको ठाउँमा कटनी गर्छु, र ननिफनेको ठाउँबाट बटुल्छु भनेर तैंले जानेको थिइस्" (मत्ती २५:२६ख)। त्यस मानिसले गरेको उनको आचरणको मूल्याङ्कनमा तिनले सहमती जनाएका होइनन्। बरु, उनले के भनिरहेको थियो भने, "तेरो आफ्नै बोलीले तँलाई दोषी ठहराउँछ। किनभने, तैंले त्यस्तो सोचेको थिइस् भने, *केही काम* गर्नलाई त्यही नै तेरो निम्ति प्रेरणा हुनेथियो।"

मालिकले भन्यो, "तैंले मेरो धन साहूकहाँ राख्नुपर्नेथियो, र आएर मैले मेरो धन ब्याजसमेत फिर्ता पाउनेथिएँ" (मत्ती २५:२७)। अर्को शब्दमा, "केही गर्न नसकेको भए पनि, तैंले कम्तीमा पैसालाई लगानी गर्नुपर्नेथियो।" आफ्ना यहूदी दाजुभाइबाट ब्याज नलिनू भनेर पुरानो करारले सिकाएको छ, त्यसैले दृष्टान्तको विवरणप्रति कतिपय विद्वानहरू समस्याग्रस्त बन्छन् (प्रस २२:२५; लेवी २५:३५-३७; व्य २३:१९, २०; हेर्नुहोस्:

भज १५:५)। तैपनि अन्यजातिबाट ब्याज लिने कुरालाई व्यवस्थाले निषेध गरेको छैन (व्य २३:२०)। यो त्यति महत्त्वपूर्ण छैन भन्ने कुरा हामीले मानिलिनु पर्छ। येशूले दृष्टान्तमा यो विवरण प्रयोग गर्नुभएकै भरमा यसो गर्नु मिल्छ भन्ने स्वीकृती उहाँले दिनुभएको भनी अर्थ्याउनु मिल्दैन (लूक १६:८; १८:२ हेर्नुहोस्)।

यहाँ "साहू" भनी अनुवाद गरिएको ग्रीक शब्द (τραπεζίτης, *ट्रापेजिटेस्, trapezitēs*) को अर्थ "बैंकर वा साहूकार" हो (न्यू इन्टरनेशनल संस्करण [NIV] हेर्नुहोस्) र यसलाई "टेबिलवाला" भनेर पनि अनुवाद गर्न सकिन्छ (मत्ती २५:२७)। (यो शब्द मत्ती २१:१२, मर्कू ११:१५, र यूह २:१५ मा उल्लेख गरिएको टेबिलमा बसेर पैसा साट्नेहरूबाट आएको हो।) त्यो समयमा आजको जस्तो बैंकहरू थिएन, तैपनि धेरैजसो बजार क्षेत्रमा टेबिलमा सिक्काहरू राखेर बसेका "बैंकर वा साहूकार" हरू हुन्थे। केही रकम लिएर यी बैंकरहरूले पैसा साट्ने वा ऋण दिने गर्थे। यिनीहरूले रकम राखेर त्यस बापत ब्याज पनि दिने गर्थे। आफ्नो टेबिललाई एकै क्षणमा सारेर लैजाने त्यस्ता व्यक्तिलाई आफ्नो पैसा दिनु भनेको जोखिमपूर्ण काम हुन्थ्यो; तैपनि, मालिकले वास्तवमा यसो भन्यो, "केही नगर्नुभन्दा *त्यसो* गर्नु नै असल हुनेथियो।"

परिणाम

नजिकैको नोकरतर्फ फर्केर मालिकले भन्यो, "यसकारण त्यसबाट यो सिक्का खोस, र जससँग दश सिक्का छ त्यसलाई देओ" (मत्ती २५:२८)। येशूले यो टिप्पणी थप्नुभयो: "किनभने जससँग छ त्यसलाई अरू दिइनेछ, र त्यससँग प्रशस्त हुनेछ। तर जससँग छैन त्यससँग भएको पनि त्यसबाट खोसिनेछ" (मत्ती २५:२९)।

कसैले भन्न सक्छ, "एकछिन पर्‍नोस्!" "यो त न्यायसंगत भएन नि! जोसँग धेरै छ त्यसबाट लिएर कम हुनेलाई दिनु कुनै-कुनै अवस्थामा उचितै हुन्छ। तर, बिचरा, यो मानिससँग त एक सिक्का मात्र थियो। पहिले नै दश सिक्का भएको मानिसलाई किन दिनु पर्‍यो? यो न्यायसंगत हुँदै होइन!" यो न्यायसंगत भए पनि वा नभए पनि, यो ब्रम्हाण्डमा चलेको सिद्धान्त हो—येशूले यो दृष्टान्तमा उल्लेख गर्नुभएको एउटा सिद्धान्त। यसलाई "अपक्षयको नियम" भन्ने गरिन्छ। हामी यहाँ सरल शब्दलाई नै प्रयोग गरौं: "प्रयोग गर, होइन भने गुमाऊ" ("Use it or lose it")। यदि कुनै व्यक्तिले आफ्नो प्राकृतिक क्षमताहरूलाई प्रयोग गर्दैन भने, उसले तिनलाई गुमाउनेछ। यो पक्का हो। यदि सिकेको सीप प्रयोग गर्दैन भने उसले त्यो बिर्सनेछ। यो सिद्धान्त जीवनको हरेक पक्षमा नै लागू हुन्छ।

कसैले आफ्नो आत्मिक वरदानलाई बेवास्ता गर्छ भने यसको अन्तिम परिणाम के हुन्छ? पद ३० मा जस्तो दु:खलाग्दो शब्द कहीं छैन: "त्यस बेकम्मा नोकरलाई चाहिँ बाहिरी अन्धकारमा फालिदेओ, जहाँ मानिसहरू रुनेछन् र दाह्रा किट्नेछन्।" एक सिक्का पाउने मानिसलाई "दुष्ट" र "अल्छे" भनी भनिएको थियो; अब उसलाई "बेकम्मा" भनियो। "बेकम्मा" भनिएको भन्दा त "दुष्ट" वा "अल्छी" भनेको नै जाती हो भन्ने हामीमध्ये धेरैलाई लाग्छ। तैपनि, यदि कसैले डरको कारण आफ्नो क्षमता र अवसरहरूलाई प्रभुको निम्ति प्रयोग गर्दैन भने ऊ अन्त्यमा बन्ने भनेकै त्यही हो, बेकम्मा।

निष्कर्ष

प्रभुको निम्ति अझै के-कस्ता जोखिम लिनु आवश्यक छ त्यो कुरालाई विचार

गर्नुहोस्। येशूले स्पष्ट रूपमा बताउनुभयो, उहाँको पछि लाग्ने क्रममा जोखिमहरू उठाउनु पर्नेहुन्छ (लूक ९:५७-६२)। कतिपयका लागि, इसाई बन्नु नै त्यो जोखिम हो। इसाई बन्ने क्रममा हामीले साथीभाइ वा परिवार गुमाउन सक्छौं (मत्ती १०:३६)। केही राष्ट्रहरूमा त इसाईहरूले आफ्ना जीवन समेत गुमाउन सक्छन् (प्रका २:१०)। त्यही जोखिम अन्तर्गत, मालिकको पूर्णकालीन सेवाको निम्ति "सबैलाई बिर्सिदिनु" पर्ने हुनसक्छ। अरूका निम्ति, आफ्ना साथीसङ्गी, छिमेकी, र परिवारलाई सुसमाचार सुनाउनु नै त्यो जोखिम हो। जब हामी वचन सुनाउने काममा लाग्छौं, हामीले हाम्रो मित्रता र सम्बन्धको जोखिम उठाइरहेका हुन्छौं। हाम्रो निम्ति के-कस्ता जोखिमहरू छन् तिनलाई अनुमान गर्ने क्रममा, हामीले जोखिम उठाएको परमेश्वर *चाहानुहुन्छ* भन्ने कुरालाई पनि हामी विचार गरौं। हामीले भरमगदूर प्रयास गरेमा हामी जति अघि बढ्न सक्छौं, हामी त्यति नै अघि बढेको हेर्ने चाहाना उहाँको छ।

प्रभु आउनुभएपछि उहाँले हामीलाई यसो भन्नुहुनेछ त, "स्याबास, असल र विश्वासी नोकर! तँ थोरै कुरामा विश्वासी भइस्, अब म तँलाई धेरै कुराको जिम्मा दिनेछु। तँ आफ्ना मालिकको खुशीमा सहभागी हो" (मत्ती २५:२१)? कि उहाँले यसो भन्नुहुनेछ, "ए दुष्ट, अल्छे नोकर ..."; "त्यस बेकम्मा नोकरलाई चाहिँ बाहिरी अन्धकारमा फालिदेओ, जहाँ मानिसहरू रुनेछन् र दाह्रा किट्नेछन्" (मत्ती २५:२६, ३०)? *त्यो समयमा* प्रभुले हामीलाई स्याबासी दिनुहुन्छ कि वा बेकम्मा भन्नुहुनेछ, त्यो कुरालाई हामीले हाम्रो कामद्वारा *अहिले* नै तय गर्न सक्छौं।

(५) दृष्टान्तहरू र सम्बन्धित शिक्षा: भेडा र बाख्रा (मत्ती २५:३१-४६)

३१"जब मानिसको पुत्र सारा स्वर्गदूतहरूसँग आफ्नो महिमामा आउनेछ, तब ऊ आफ्नो महिमामय सिंहासनमा बस्नेछ। ३२र उसको सामुन्ने सबै जातिहरू भेला हुनेछन्, र जसरी गोठालाले भेड़ा र बाख्रालाई छुट्टयाउँछ, त्यसरी नै उसले तिनीहरूलाई एउटालाई अर्काबाट अलग गर्नेछ। ३३उसले भेड़ाहरूलाई आफ्नो दाहिनेपट्टि, र बाख्राहरूलाई देब्रेपट्टि राख्नेछ। ३४तब राजाले आफ्ना दाहिनेपट्टिकाहरूलाई भन्नेछ, 'आओ, मेरा पिताका धन्यका हो! संसारको उत्पत्तिदेखि तिमीहरूका निम्ति तयार गरिएको राज्यलाई अधिकार गर। ३५किनभने म भोकाएको थिएँ, तिमीहरूले मलाई खान दियौ। म तिर्खाएको थिएँ, तिमीहरूले मलाई पिउन दियौ। म परदेशी थिएँ, तिमीहरूले मलाई आश्रय दियौ। ३६नाङ्गै थिएँ, तिमीहरूले मलाई वस्त्र लगाइदियौ। बिरामी थिएँ, तिमीहरू मलाई हेर्न आयौ। भ्यालखानमा थिएँ, तिमीहरू मकहाँ आयौ।' ३७तब धर्मीजनहरूले उनलाई जवाफ दिनेछन्, 'हे प्रभु, कहिले हामीले तपाईंलाई भोकाउनुभएको देख्यौं, र खान दियौं? अथवा तिर्खाउनुभएको देख्यौं, र पिउन दियौं? ३८कहिले हामीले तपाईंलाई परदेशी देख्यौं, र तपाईंलाई आश्रय दियौं? अथवा नाङ्गो देख्यौं र वस्त्र लगाइदियौं? ३९र कहिले हामीले तपाईंलाई बिरामी वा भ्यालखानमा देख्यौं, र तपाईंकहाँ आयौं?' ४०तब राजाले तिनीहरूलाई जवाफ दिएर भन्नेछन्, 'साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरूले यी मेरा भाइहरूमध्ये सबैभन्दा सानामा एक जनालाई जे-जति गऱ्यौ, त्यो तिमीहरूले मलाई नै गऱ्यौ।' ४१त्यसपछि उनले देब्रेपट्टिका मानिसहरूलाई भन्नेछन्, 'श्रापित मानिस हो! मबाट दूर होओ, र दियाबलस र त्यसका दूतहरूका लागि तयार गरिएको अनन्तको आगोमा जाओ। ४२किनभने म भोकाएको थिएँ, तिमीहरूले मलाई खान दिएनौ। तिर्खाएको थिएँ, तिमीहरूले मलाई पिउन दिएनौ। ४३म परदेशी थिएँ, तिमीहरूले मलाई आश्रय दिएनौ।

नाङ्गो थिएँ, र तिमीहरूले मलाई वस्त्र लगाइदिएनौ, बिरामी र भ्यालखानमा थिएँ, र तिमीहरू मलाई हेर्न आएनौ।' ४४तिनीहरूले पनि यसो भनेर जवाफ दिनेछन्, 'प्रभु, कहिले हामीहरूले तपाईंलाई भोकाएको वा तिर्खाएको देख्यौं, परदेशी वा नाङ्गो वा बिरामी देख्यौं, वा भ्यालखानमा देख्यौं, र तपाईंको सेवा गरेनौं?' ४५तब उनले तिनीहरूलाई जवाफ दिनेछन्, 'साँच्चै, म तिमीहरूलाई भन्दछु, यी सबैभन्दा सानाहरूमध्ये एक जनालाई जे-जति गरेनौ, त्यो तिमीहरूले मेरो निम्ति गरेनौ।' ४६तब यिनीहरू अनन्त दण्डको भागी हुनेछन्, तर धर्मी जनहरू अनन्त जीवनमा प्रवेश गर्नेछन्।"

आफ्नो आगमनको वर्णन गर्दै येशूले आफ्नो उपदेशलाई समाप्त गर्नुभयो। भौतिक तथा राजनैतिक राज्य स्थापना गर्न ख्रीष्ट संसारमा आउनुहुनेछ र उहाँले एक हजार वर्षसम्म राज्य गर्नुहुनेछ भनेर कतिपयले सिकाउने गर्छन्। तैपनि, उहाँको आगमनपछि तुरुन्तै न्याय हुनेछ भन्ने कुराको संकेत येशूले दिनुभएको छ (मत्ती २५:३१, ३२)। पछि थुप्रै न्यायहरू हुनेछन् र मत्ती २५:३१-४६ मा उल्लेख गरिएको न्याय "राष्ट्रहरूको न्याय" हो र अरू न्यायभन्दा यो फरक हुनेछ भनेर पनि कतिपयले सिकाउने गर्छन्, तर बाइबलले एउटै मात्र न्यायको दिनको बारेमा सिकाउँछ (हिब्रू ९:२७ हेर्नुहोस्)।

येशूको पालामा जसरी गोठालाहरूले भेडा र बाख्रा गरी छुट्याउँथे, त्यसरी नै न्यायको दिनमा प्रभुले मानिसहरूलाई छुट्याउनुहुनेछ। प्रचलन अनुसार भेडा र बाख्रालाई सँगै चर्न दिइन्थ्यो तर दिनको अन्त्यमा तिनीहरूलाई छुट्याइन्थ्यो। गोठालाको चित्रण गरिएको कारण, कतिपयले यसलाई "भेडा र बाख्राको दृष्टान्त" भन्ने गर्छन्। तैपनि यो "कथा मात्र" होइन भन्ने कुरालाई ध्यान दिनुहोस्। न्यायको दिन यथार्थ हो र यो पक्कै हुनेछ (हिब्रू ९:२७; प्रे १७:३१)।

मालिकको सेवा गर्नुको महत्त्वको बारेमा सुनका सिक्काको दृष्टान्तले सिकाउँछ। हामीले कसरी सेवा गर्न सक्छौं त्यसको एउटा यो खण्डले दिएको छ—खाँचोमा परेकाहरूलाई सहायता गरेर: भोकाएकाहरू, भिखारी, भोकानाङ्गाहरू, बिरामी, र भ्यालखानमा परेकाहरूलाई सहायता गरेर। पर्याप्त रूपमा लुगाकपडा लाउन नपाउनेहरूलाई उल्लेख गर्न बाइबलमा **नाङ्गो** भन्ने शब्द प्रयोग गरिएको छ र यहाँ पनि यसलाई त्यही अर्थमा प्रयोग गरिएको छ। आफ्ना सङ्गी चेलाहरूलाई सहायता गर्नुपर्छ भन्ने कुरालाई यसले जोड दिएको भए तापनि (मत्ती २५:४०), यसलाई सबै मानिसहरूमा लागू गर्न सकिन्छ (गला ६:१० हेर्नुहोस्)। भ्यालखानमा भएकाहरू, शायद तिनीहरूको विश्वासको खातिर पक्राउ गरिएका हुनसक्छन्। जब तपाईंले दाजुभाइलाई सहयोग गर्नुहुन्छ वा दुर्व्यवहार गर्नुहुन्छ, वास्तवमा तपाईंले त्यसबेला येशू स्वयमलाई सहायता अथवा दुर्व्यवहार गरिरहनुभएको हुन्छ। यो कुरालाई विशेष ध्यान दिनुहोस् (मत्ती २५:४०, ४५; हेर्नुहोस्: प्रे ९:४)।

शिक्षा दिने हाम्रो दक्षतालाई होइन तर हाम्रो काममा कतिको प्रेम प्रकट हुन्छ त्यो कुरालाई मत्ती २५ ले मुल्याङ्कन गर्छ भनेर कतिपयले खुशीसाथ औंल्याउने गर्छन्। सिद्धान्तमा र जीवनमा ठीक हुनुको महत्त्वलाई सिकाउने अन्य वचनबाट यो खण्डलाई अलग गर्नुहुँदैन भन्ने कुरालाई हामीले ध्यान दिनै पर्छ (उदाहरणको लागि, तीत २:१; याकू १:२७ख)। कतिपयले गर्ने तर्कलाई हामीले प्रयोग गऱ्यौं भने, येशूप्रति गरिने विश्वास होइन तर हामीले असल काम गरेका छौं कि छैनौं त्यही नै न्यायको आधार हो भन्ने झूटो निष्कर्षमा हामी पुग्न सक्छौं—किनभने मत्ती २५:३१-४६ मा ख्रीष्टमा गरिने विश्वासको बारेमा उल्लेख गरिएको छैन।

यसको साथै, नैतिक रूपमा शुद्ध र सैद्धान्तिक रूपमा सही हुनु मात्रै पर्याप्त छैन भन्ने कुरा यी पदहरूले *सिकउँछ*। अरूलाई सहायता गर्ने कामद्वारा हाम्रो धार्मिकता प्रदर्शन हुनुपर्छ (याकू १:२७क)। "किनकि आफूले देखेको आफ्नो भाइलाई नै प्रेम नगर्नेले नदेखेका परमेश्वरलाई प्रेम गर्न सक्दैन" (१ यूह ४:२०ख); "यसकारण जसले भलाइ गर्न जानेर पनि गर्दैन त्यसले पाप गर्छ" (याकू ४:१७)।

ख्रीष्टको आगमनको निम्ति तयार रहनु कति धेरै महत्त्वपूर्ण छ त? तब यिनीहरू **अनन्त दण्डको भागी हुनेछन्,** तर धर्मी जनहरू **अनन्त जीवनमा प्रवेश गर्नेछन्** (मत्ती २५:४६)। धर्मी जनहरू अनन्त जीवनमा प्रवेश गर्नेछन् र दुष्टहरू अस्तित्व विहिन हुन्छन् भनी कतिपयले दाबी गर्ने गर्छन्। तैपनि, स्वर्ग जस्तै नरक पनि अनन्त-अनन्तसम्म "रहनेछ" भन्ने कुरा मत्ती २५:४६ ले सिकाउँछ। "अनन्त" वा "सदासर्बदा" अर्थ दिने एउटै ग्रीक शब्द (αἰώνιος, *आइयोनिओस्, aiōnios*) लाई ४६ पदमा "दण्ड" र "जीवन" दुवैलाई वर्णन गर्ने क्रममा प्रयोग गरिएको छ। यदि दण्ड अनन्त हुँदैन भने जीवन पनि अनन्त हुँदैन। त्यस्तै, यदि जीवन अनन्त-अनन्तको हो भने, दण्ड पनि अनन्तको नै हो। प्रभुको आगमनको निम्ति हामी तयार रहनु आवश्यक छ।

खण्ड ३

उहाँको मृत्युको तयारी

निम्न खण्डहरूको संयोजित अध्ययन

मत्ती २६:१-५, १४-४६

मर्कूस १४:१, २, १०-४२

लूका २२:१-४६

यूहन्ना १३:१—१८:१

बुधवार: आँधीभन्दा पहिलेको शान्त अवस्था (मत्ती २६:१-१६; मर्कूस१४:१, २, १०, ११; लूक २२:१-६; यूह १३:१)

येशू: तयारी (मत्ती २६:१, २; यूह १३:१)

मत्ती २६:१, २

**१येशूले यी सबै कुरा भनिसक्नुभएपछि आफ्ना चेलाहरूलाई भन्नुभयो,
२"तिमीहरूलाई थाहा छ, अबको दुई दिनपछि निस्तार-चाड आउँछ, अनि मानिसको पुत्र
क्रूसमा टाँगिनलाई पक्राइनेछ।"**

यूहन्ना १३:१

**१निस्तार-चाड़को अघि यस संसारबाट बिदा भएर पिताकहाँ जाने उहाँको समय
आइपुग्यो भन्ने येशूले थाहा पाउनुभयो, अनि संसारमा भएका आफ्ना जतिलाई प्रेम गरेर
उहाँले तिनीहरूलाई अन्त्यसम्मै प्रेम गर्नुभयो।**

दिनको समाप्तीपछि येशू र उहाँका चेलाहरू जैतून डाँडाको ओरालोमा आइपुग्नुभयो त्यहीं नै ख्रीष्टले यरूशलेमको विध्वंस र दोस्रो आगमनको बारेमा उपदेश दिनुभएको हो (मत्ती २४ र २५; २४:३)। यो उपदेश अवश्य नै मंगलबारको साँझमा सुरु भएर घाम डुबिन्जेलसम्म जारी रहेको हुनसक्छ—जुन यहूदी गणना अनुसार अर्को दिनको सुरुवात हो। यो हिसाबमा, त्यो उपदेशपछि येशूले बोल्नुभएको वचनहरू निस्तार-चाडको दुई दिन पहिले बोलिएको हो (मत्ती २६:२), अर्थात्, बुधबारको दिन। यी वचनहरू, उहाँ चाँडै नै मारिनु पर्नेछ भन्ने कुराको अर्को सूचना थियो (मत्ती २६:१, २; लाई २०:१७-१९ सँग तुलना गर्नुहोस्)।

ख्रीष्टले उक्त छोटो भनाइको विवरण बाहेक, उहाँले बुधबार दिन र बिहिबारको दिनको पहिलो भाग कसरी बिताउनुभयो भन्ने बारेमा हामीसँग कुनै विवरण छैन। यो आँधीभन्दा पहिलेको शान्त समय थियो। शुक्रबारभन्दा पहिलेको समय अवधिमा प्रभुको विचारहरूको अवस्था कस्तो थियो भन्ने बारेमा यूहन्ना १३:१ ले अन्तरदृष्टि प्रदान गर्छ: **निस्तार-चाड़को अघि यस संसारबाट बिदा भएर पिताकहाँ जाने उहाँको समय आइपुग्यो भन्ने येशूले थाहा पाउनुभयो, अनि संसारमा भएका आफ्ना जतिलाई प्रेम गरेर उहाँले तिनीहरूलाई अन्त्यसम्मै प्रेम गर्नुभयो।** बुधबार र बिहिबारको दिन येशूले आफ्ना चेलाहरूलाई तयारी गर्ने कामलाई नै जारी राख्नुभयो। उहाँले आफ्ना चेलाहरूलाई औधी प्रेम गर्नुहुन्थ्यो। यो अवधिमा अवश्य नै उहाँले पितासँग कुराकानी गर्नुभयो र शायद आउन लागेको कठिन परीक्षाको निम्ति विश्राम गर्ने प्रयास पनि उहाँले गर्नुभयो। उहाँले कलवरीको निम्ति तयारी गरिरहनुभएको थियो।

महासभा: षड्यन्त्र (मत्ती २६:३-५; मर्कू १४:१, २; लूक २२:१, २)
मत्ती २६:३-५

३तब कैयाफा नामक प्रधान पूजाहारीको दरबारमा मुख्य पूजाहारीहरू र जनताका धर्म-

गुरुहरू भेला भए। [४]र तिनीहरूले येशूलाई कसरी छलसित पक्रने र मार्ने भनी मतो गरे।
[५]तर तिनीहरूले भने, "चाड़को बेलामा होइन। नत्रता मानिसहरूमा खैलाबैला हुनेछ।"

मर्कूस १४:१, २

[१]यसको दुई दिनपछि निस्तार र अखमिरी रोटीको चाड थियो। मुख्य पूजाहारीहरू र शास्त्रीहरू उहाँलाई कसरी छलद्वारा पक्रेर मारौं भन्ने दाउमा थिए। [२]किनभने तिनीहरूले भनेका थिए, "चाड़को बेलामा होइन, नत्रता मानिसहरूमा हूलदङ्गा मच्चिएला।"

लूका २२:१, २

[१]अखमिरी रोटीको चाड नजिकै आइपुगेको थियो। यसलाई निस्तार-चाड भनिन्छ।
[२]मुख्य पूजाहारीहरू र शास्त्रीहरूले उहाँलाई कसरी मारौं भनी मौका खोज्थे, तर मानिसहरूदेखि तिनीहरू डराउँथे।

ख्रीष्टले केही समयसम्म विश्राम गर्नुभएको हुनसक्छ, तर उहाँका शत्रुहरूले विश्राम गरेनन्। बुधबारको दिन (मर्कू १४:१), मूख्य पूजाहारी कैयाफाको भवनमा महासभाको गोप्य बेठक भयो (मत्ती २६:३)। येशूको पक्षमा रहेका समिति सदस्यहरूलाई (जस्तै निकोदेमस र अरिमाथियाको योसेफ) उक्त बैठकमा नबोलाइएको हुनसक्छ। येशूलाई मार्ने निर्णय गरिएको अघिल्लो बैठकमा कैयाफाको अध्यक्षता भएको थियो (यूह ११:४७-५३; विशेष गरी ४९ पदलाई ध्यान दिनुहोस्)। मंगलबार भएको "तर्क युद्ध" मा येशूलाई बदनाम गर्न असफल भएका कारण, उहाँलाई मार्ने अभियानमा पहिलेभन्दा जोडतोडका साथ समिति लागि परेका थियो। तिनीहरूका निम्ति समस्या के थियो भने, उहाँलाई दिउँसो पक्राउ गर्न तिनीहरू डराउँथे (लूक २२:२ख हेर्नुहोस्), र उहाँ कहाँ बस्नुहुन्छ भन्ने बारेमा तिनीहरूलाई थाहा नभएको कारण तिनीहरूले उहाँलाई रातमा पनि पक्रन सकेनन्। उहाँलाई पक्राउ गर्नलाई निस्तार-चाड समाप्त भइन्जेलसम्म पर्खनुपर्छ भन्ने निष्कर्ष तिनीहरूले निकालेका हुनसक्छ।

यहूदा: विश्वासघात (मत्ती २६:१४-१६; मर्कू १४:१०, ११; लूक २२:३-६)
मत्ती २६:१४-१६

[१४]तब बाह्रमध्ये एक जना यहूदा इस्करियोत भन्नेचाहिँ मुख्य पूजाहारीहरूकहाँ गयो,
[१५]र भन्यो, "यदि मैले उहाँलाई तपाईंहरूका हातमा पक्राइदिएँ भने, मलाई के दिनुहुन्छ?"
तिनीहरूले त्यसलाई चाँदीका तीस सिक्का दिए। [१६]त्यसै बखतदेखि यहूदाले उहाँलाई पक्राइदिने मौका खोज्न थाल्यो।

मर्कूस १४:१०, ११

[१०]तब बाह्र चेलाहरूमध्ये एक जना यहूदा इस्करियोतचाहिँ येशूलाई तिनीहरूका हातमा पक्राइदिनका निम्ति मुख्य पूजाहारीहरूकहाँ गयो। [११]तिनीहरू यो सुनेर खुसी भए, र त्यसलाई पैसा दिने कबूल गरे। अनि उहाँलाई कसरी पक्राऊँ भनी त्यसले अनुकूल मौका खोज्न लाग्यो।

[३]तब बाह्रमध्येको एक जना इस्करियोत भनिने यहूदाभित्र शैतान पस्यो। [४]तिनीहरूका हातमा उहाँलाई कसरी पक्राइदिनु भनी मुख्य पूजाहारीहरू र कप्तानहरूकहाँ गएर त्यसले सल्लाह गऱ्यो। [५]तिनीहरू खुसी भए, र त्यसलाई रुपियाँ दिने कबोल गरे। [६]त्यो सहमत भयो, र भीड नभएको बेलामा उहाँलाई पक्राइदिने अवसर खोज्न लाग्यो।

सोच्दै नसोचेको तरिकाद्वारा महासभाको दुविधा समाधान भयो: येशूको प्रेरितहरूमध्ये एक जना समस्यको समाधान सहित तिनीहरूकहाँ हाजिर भए। **तब बाह्र चेलाहरूमध्ये एक जना यहूदा इस्करियोतचाहिँ येशूलाई तिनीहरूका हातमा पक्राइदिनका निम्ति मुख्य पूजाहारीहरूकहाँ गयो** (मर्कू १४:१०)। बाँकी प्रेरितहरूलाई बहाना गरेर यहूदा गए भन्ने स्पष्टै देखिन्छ। समितिको बैठक कहाँ भैरहेको छ भन्ने कसरी-कसरी त्यसले चाल पायो। त्यहाँ पुगेपछि त्यसले सोध्यो, **"यदि मैले उहाँलाई तपाईंहरूका हातमा पक्राइदिएँ भने, मलाई के दिनुहुन्छ?"** (मत्ती २६:१५क)।

तिनीहरूका हातमा उहाँलाई *कसरी* पक्राइदिनु भनी मुख्य पूजाहारीहरू र कप्तानहरूकहाँ गएर त्यसले सल्लाह गऱ्यो (लूक २२:४; जोड दिइएको छ)। येशूले कति खेर के गर्नुहुन्छ भन्ने बारेमा यहूदालाई थाहा थियो (यूह १८:२ हेर्नुहोस्), त्यसैले तिनीहरूलाई त्यसले उहाँकहाँ राती लिएर आउन सक्यो। "भीड नभएको बेलामा" येशूलाई पक्राउ गर्न सकिन्थ्यो (लूक २२:६; न्यू इन्टरनेशनल संस्करण [NIV])। घटनाले यो रूप लिएको देखेर महासभाकाहरू खुशी भए (मर्कू १४:११क; लूक २२:५; न्यू इन्टरनेशनल संस्करण [NIV] हेर्नुहोस्)। खुशीसाथ **तिनीहरूले त्यसलाई चाँदीका तीस सिक्का दिए** (मत्ती २६:१५ख)।

यहूदाको मुर्ख कामले शताब्दीऔं अघि बोलिएको अगमवाणी पूरा गऱ्यो (जक ११:१२)। यहूदालाई दिइएको चाँदीको सिक्का शेकेल थियो (वा स्टाटेर [στατήρ, *स्टाटेर, statēr*], जुन शेकेल बराबर हुन्थ्यो)।[1] एक शेकेल (वा स्टाटेर) चार दिनारी बराबर हुन्थ्यो। यदि यो मापन ठीक छन् भने, "चाँदीका तीस सिक्का" आम मजदूरले चार महिनामा कमाउने रकम बराबर थियो। यो "लगभग, एक जना नोरकरको निम्ति तिरिने मोल जति थियो।"[2]

यहूदाले पाएको चाँदीका तीस सिक्का रकम प्रभुलाई पक्राउ गरिएपछि उसले पाउने जम्मा रकमको पेस्की रकम मात्र रहेको हुनसक्छ। मर्कूस १४:११ अनुसार, समितिले **त्यसलाई पैसा दिने *कबूल गरे*** (जोड दिइएको छ)। लूकाको विवरण अनुसार, तिनीहरूले **त्यसलाई रुपियाँ दिने कबोल गरे** र **त्यो सहमत भयो** (लूक २२:५, ६)। यदि चाँदीका तीस टुक्राहरू डाउन पेमेन्ट थिए भने, **उहाँलाई** [येशूलाई] **पक्राइदिने मौका खोज्न थाल्यो** काममा त्यो किन त्यति धेरै लगनशील भएर लागिपरेको थियो भन्ने कुरालाई यसैले वर्णन गर्छ (मत्ती २६:१६)। तैपनि, यदि चाँदीका तीस सिक्का बैना रकम मात्रै थियो भने पनि यहूदाले प्राप्त गरेको जम्मा रकम त्यति नै थियो भन्ने कुरालाई ध्यान दिनुहोस् (मत्ती २७:३, ५ हेर्नुहोस्)।

---

[1]डी. एच. ह्वीटोन (D. H. Wheaton), "मनी" ("Money"), इन *द इलुस्ट्रेटेड बाइबल डिक्सनरी,* पार्ट २, एड. एन. हिलियर (N. Hillyer) (डाउनर्स ग्रोभ, Ill.: इन्टरभार्सिटि प्रेस, १९८०), १०२२।

[2]एफ. लागार्ड स्मीथ (F. LaGard Smith), *द न्यारेटेड बाइबल इन क्रोनोलोजिकल अडर* (इउजेन, ओरेगन: हार्भेस्ट हाउस पब्लिसर्स, १९८४) १४५३।

येशूलाई यहूदाले गरेको विश्वासघातलाई "इतिहासको रहस्यहरू मध्येको एक" भनी भनिन्छ।[3] त्यो कालो दिनदेखि नै यो *किन* भयो भन्ने प्रश्नमा मानिसहरू समस्याग्रस्त हुँदै आइरहेका छन्। वचनमा उल्लेख गरिए अनुसार यहूदालाई उत्प्रेरित गर्ने प्राथमिक कारण त्यसको लालची मन थियो (मत्ती २६:१४, १५; हेर्नुहोस्: यूह १२:६), तर अरू कारणहरू पनि रहेको हुनसक्छ। केही दिन पहिले गरिएको येशूको हप्कीद्वारा यहूदालाई अझै चोट पुगिरहेको हुनसक्छ (यूह १२:४-८)। आफ्नो लोकप्रियताको समयमा येशूले उठेर भौतिक राज्य स्थापना गर्ने काम गर्नुभएन, त्यसकारण पनि तिनी निराश भएको हुनसक्छ। एच. आइ. हेस्टर (H. I. Hester) लेख्छन्,

> येशूको राज्यको परिणाम के हुनेछ भन्नेबारे उनले यरूशलेममा हुँदा नै आशंका गरिसकेको थियो। भौतिक लाभ उठाउने हिसाबमा राज्यको अन्त्य भइसकेको छ भन्ने शङ्का तिनले गरेको थियो। येशूसँग बस्नुको फाइदा छैन भन्ने महसुस तिनले गऱ्यो।... उहाँको अभियानको अन्त्य चाँडै नै हुनेछ त्यसैले आफूले सके जति फाइदा अहिले नै लिनुपर्छ भन्ने तर्क तिनको थियो।[4]

यहूदाको अभिप्राय निर्दोष थियो भनेर पनि कतिपयले बताउने प्रयास गरेका छन्। उदाहरणको लागि, अघि बढेर आफ्नो राज्य (भौतिक, राजनैतिक) स्थापना गर्न, येशूलाई धक्का पुगोस् भनेर मात्रै यहूदाले यस्तो प्रयास गरिरहेका थिए भन्ने भनाइ पनि कतिले राखेका छन्। आफ्नो कदमको सम्पूर्ण परिणामहरूका बरेमा यहूदाले सोचेका थिएनन् भन्ने कुरा सत्य नै हो (मत्ती २७:३-५), तर त्यस विश्वासघातको आदर्शमय अभिप्रायको बारेमा बाइबलले कहीं पनि बताएको छैन। अधिकारीहरूलाई येशूको बारेमा बताउनु आफ्नो नागरिक कर्तव्य हो भन्ने विचार यहूदाले गरेको थियो भन्ने सुझाव पनि दिइन्छ (यूह ११:५७ हेर्नुहोस्)। यहूदाले आफ्नो चित्त बुझाउन आफैले आफैलाई त्यसो भनेको हुनसक्छ, तर "कति दिनुहुन्छ?" भन्ने उसको प्रश्न नागरिक कर्तव्यद्वारा उत्प्रेरित प्रश्न होइन।

यदि यहूदाको अभिप्राय राम्रो भएको भए शैतानले उसलाई वसमा पार्ने थिएन। **यहूदाभित्र शैतान पस्यो** भन्ने कुरा स्पष्ट रूपमै बताइएको छ (लूक २२:३; हेर्नुहोस्: यूह १३:२७)। आफूले इन्कार गर्नै नसक्ने गरी शैतानले यहूदालाई काबुमा पारेको थिएन (याकू ४:७ हेर्नुहोस्)। बरु, "दियाबलसले सिमोनको छोरो यहूदा इस्करियोतको मनमा उहाँलाई पक्राइदिने विचार ... हालिसकेको" (यूह १३:२)। शैतानले त्यो विचार यहूदाको हृदयमा हालिदियो, त्यसरी नै त्यसले हाम्रो मनमा पनि नराम्रा विचार हालिदिन्छ: हाम्रो वरपरको घटनाहरूलाई प्रयोग गरेर। किन दियाबलसले यहूदालाई प्रभावित गर्न सक्यो? किनभने दुष्टले नियन्त्रण गर्न सक्ने गरी तिनले आफैलाई खुला छोडेको थियो।

योजना बनाइसकेपछि, येशू र अरू प्रेरितहरूकहाँ यहूदा फर्केर आयो। बाहिरी रूपमा, ऊ पहिलेको जस्तै देखिन्थ्यो; तर भित्री रूपमा, तिनको मनमा एउटै मात्र विचार खेलिरहेको थियो: "समितिसँग गरेको करारलाई मैलै कसरी पूरा गर्ने?" "त्यसै बखतदेखि यहूदाले उहाँलाई पक्राइदिने मौका खोज्न थाल्यो" (मत्ती २६:१६)।

---

[3]बी. एस. डिन (B. S. Dean), "द लास्ट विक अफ जिजस मिनिस्ट्रि" *टुथ फर टुडे* १२ (मार्च १९९२): २५।

[4]एच. आई. हेस्टर (H. I. Hester), *द न्यू हर्ट अफ द न्यू टेस्टामेन्ट* (लिबर्टी, मो.: क्वालिटी प्रेस, १९६३), १९५।

बिहिबार: निस्तार-चाडको तयारी
(मत्ती २६:१७-१९; मर्कू १४:१२-१६; लूक २२:७-१३)

मत्ती २६:१७-१९

[१७]अब अखमिरी रोटीको चाड़को पहिलो दिन चेलाहरूले येशूकहाँ आएर भने,
"तपाईंको निम्ति निस्तार-चाड़को भोज खाने प्रबन्ध हामी कहाँ गरौं?" [१८]उहाँले भन्नुभयो,
"सहरमा एक जना मानिसकहाँ जाओ, र तिनलाई भन, 'गुरुज्यू भन्नुहुन्छ, मेरो बेला नजिक
आएको छ। म आफ्ना चेलाहरूसँग तिम्रो घरमा निस्तार-चाड मान्नेछु'।" [१९]तब येशूको
आदेशअनुसार चेलाहरूले गरे र तिनीहरूले निस्तार-चाड़को प्रबन्ध मिलाए।

मर्कूस १४:१२-१६

[१२]अखमिरी रोटीका चाड़को प्रथम दिनमा, जब तिनीहरूले निस्तार-चाड़को थुमा
बलिदान चढ़ाउँथे, उहाँका चेलाहरूले उहाँलाई सोधे, "तपाईंको इच्छा के छ? हामी कहाँ
गएर तपाईंको निम्ति निस्तार-चाड़को भोज तयार गरौं?" [१३]अनि उहाँले आफ्ना
चेलाहरूमध्ये दुई जनालाई यसो भनेर पठाउनुभयो, "सहरमा जाओ, र गाग्रोमा पानी बोकेर
लैजाने एक जना मानिसले तिमीहरूलाई भेट्नेछ। उसको पछि लाग। [१४]त्यो मानिस जहाँ
पस्ला त्यस घरका मालिकलाई भन, 'गुरुज्यू भन्नुहुन्छ, मेरा चेलाहरूसँग निस्तार-चाडको
भोज खाने मेरो पाहुना कोठा कहाँ छ?' [१५]अनि तिनले तिमीहरूलाई सजिसजाउ गरेर तयार
पारिएको माथिल्लो तलाको एउटा ठूलो कोठा देखाउनेछन्, र त्यहीँ तिमीहरूले हाम्रा निम्ति
भोज तयार गर।" [१६]तब ती चेलाहरू गए, र सहरमा पसे, अनि उहाँले तिनीहरूलाई
भन्नुभएजस्तै भेट्टाए, र तिनीहरूले निस्तार-चाड़को भोज तयार गरे।

लूका २२:७-१३

[७]अखमिरी रोटीको चाड़को दिन आयो, जुन दिन निस्तार-चाड़को थुमा बलि
चढ़ाउनुपर्थ्यो। [८]उहाँले पत्रुस र यूहन्नालाई यसो भनेर पठाउनुभयो, "गएर हाम्रा निम्ति
निस्तार-चाड़को भोज तयार गर।" [९]तिनीहरूले उहाँलाई भने, "हामी यो भोज कहाँ तयार
गरौं?" [१०]उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू सहरमा पसेपछि गाग्रोमा पानी बोकेको
एक जना मानिसले तिमीहरूलाई भेट्नेछ। त्यो जुन घरमा पस्छ त्यहाँसम्म त्यसको पछि
लाग, [११]र तिमीहरूले त्यस घरका मालिकलाई भन, 'गुरुले तपाईंलाई सोध्नुहुन्छ, मैले
आफ्ना चेलाहरूसँग निस्तार-चाड़को भोज खाने अतिथि-कोठा कहाँ छ?' [१२]उनले
तिमीहरूलाई माथिल्लो तलामा सजिसजाउ भएको ठूलो कोठा देखाउनेछन्, र त्यहीँ तयार
गर।" [१३]तिनीहरू गए, र उहाँले भन्नुभएझैँ भेट्टाए, र तिनीहरूले निस्तार-चाड़को तयारी
गरे।

बुधबारको रात, येशू "पृथ्वीमा अन्तिम पल्ट ढल्कनुभयो। बिहिबार बिहान फेरि
कहिल्यै नसुत्नेगरि उहाँ बिउँझनुभयो।"[5] बिहिबार, निस्तार-चाड़को अघिल्लो दिन
अखमिरी रोटीको चाड़को पहिलो दिन थियो (मत्ती २६:१७; मर्कू १४:१२; लूक २२:७),

---

[5]डिन (Dean), २५ मा समावश गरिएको छ।

किनभने यो दिन विशेष चाडको निम्ति तयारी गर्ने समय थियो।[6] यही दिन, **निस्तार-चाड़को थुमा बलि चढ़ाउनुपर्थ्यो** (लूक २२:७; मर्कू १४:१२) र यसलाई (यहूदी गणना अनुसार, शुक्रबार) सूर्य अस्ताउनुभन्दा अघि नै खाइसक्नु पर्थ्यो।

ख्रीष्टकहाँ आएर चेलाहरूले सोधे, **"तपाईंको निम्ति निस्तार-चाड़को भोज खाने प्रबन्ध हामी कहाँ गरौं?"** (मत्ती २६:१७)। येशूले तयारीको निम्ति पत्रुस र यूहन्नालाई पठाउनुभयो (लूक २२:८; हेर्नुहोस्: मर्कू १४:१३), र तिनीहरूलाई यी असाधारण निर्देशनहरू दिनुभयो: **"सहरमा जाओ, र गाग्रोमा पानी बोकेर लैजाने एक जना मानिसले तिमीहरूलाई भेट्नेछ"** (मर्कू १४:१३क)। पुरुषले होइन तर स्त्रीहरूले नै सामान्यतया गाग्रोमा पानी बोक्ने हुँदा, त्यस मानिसलाई सजिलै भेट्टाइयो। ख्रीष्टले ती दुई चेलालाई भन्नुभयो, उसको पछि लाग। **त्यो मानिस जहाँ पस्ला त्यस घरका मालिकलाई भन, "गुरुज्यू भन्नुहुन्छ, 'मेरा चेलाहरूसँग निस्तार-चाडकोभोज खाने मेरो पाहुना कोठा कहाँ छ'?"** (मर्कू १४:१३ख, १४; हेर्नुहोस्: मत्ती २६:१८)।

यहूदाले आफ्नो योजनालाई साँझको पछिल्लो समयमा मात्र पूरा गर्न पाओस् भनेर ख्रीष्टले यो प्रक्रिया प्रयोग गर्नुभएको हुनसक्छ। अन्यथा, धेरै मुख्य घटनाहरू—प्रभु-भोजको स्थापना, "बिदाइको महान उपदेश" (यूह १४—१६), प्रभुको प्रार्थना (यूह १७), र गेतसमनीको बगैंचाको घटना—हुने थिएन। के (गाग्रो बोक्ने मानिससँगको) घटनाहरूको बारेमा येशूले पहिले नै योजना बनाउनुभएको थियो, अथवा उहाँले आफ्नो ईश्वरीय पूर्वज्ञानलाई प्रयोग गर्नुभएको थियो? यसबारे हामीलाई बताइएको छैन।

घरको मालिकले घरको **माथिल्लो तलाको एउटा ठूलो कोठा** देखाउनेछन् भनी येशूले पत्रुस र यूहन्नालाई भन्नुभयो (मर्कू १४:१५ख)। (परिशिष्ट २ मा "यरूशलेम शहर" को नक्सा हेर्नुहोस्।) अनुत्प्रेरित परम्पराका लेख अनुसार, पेन्तिकोसभन्दा पहिले प्रेरितहरू त्यही "माथिल्लो तलाको कोठा" मा नै बसे (प्रे १:१२, १३)। त्यो घर मर्कूस भनिने यूहन्नाकी आमाको थियो भन्ने अनुमान कतिपयले गर्छन् (प्रे १२:१२)। जे होस्, उक्त घर प्रभुको एक जना चेलाको घर थियो (मत्ती २६:१८ हेर्नुहोस्); बाइबलले हामीलाई योभन्दा बढी जानकारी दिएको छैन।

कोठा **सजिसजाउ गरेर तयार पारिएको** हुनेछ भनी ती दुई प्रेरितहरूलाई बताइयो (मर्कू १४:१५क)। कोठा र टेबिल सफा गरिएको हुनसक्छ, र चाडमा सहभागी हुनेहरूका गोडा धुनको निम्ति भूँइको तकिया तयार गरिसकिएको हुनसक्छ (यूह १३:३-५ हेर्नुहोस्)। शायद खमिर निकाल्ने रीति पनि पहिले नै समाप्त गरिसकिएको थियो (प्रस १२:१५ हेर्नुहोस्)। यो समेत सम्भावना छ, निस्तार-चाडको निम्ति आवश्यक सामाग्रीहरू घरको मालिकले पहिले नै खरिद गरिसकेको थियो।

चेलाहरू [पत्रुस र यूहन्नाले] **... उहाँले तिनीहरूलाई भन्नुभएजस्तै** [त्यो स्थान] **भेट्टाए,** र तिनीहरूले निस्तार-चाड़को भोज तयार गरे (मर्कू १४:१६)। धेरै कुरा गर्नु बाँकी थियो। यदि थुमा पहिले नै ल्याइएको थिएन भने, यसलाई खरिद गर्नु आवश्यक थियो—खोटरहित थुमा (प्रस १२:५)। (*मिश्ना* [*Mishna*] मा उल्लेख गरिए अनुसार, तीन दिन पहिले नै थुमाको बन्दोबस्ती गरिसकिएको हुनसक्छ।[7]) विधि अनुसार बलिदान गर्नको

---

[6]जे. डब्ल्यू. म्याकगर्भे एण्ड फिलिप वाइ. पेण्ड्लेटन (J. W. McGarvey and Philip Y. Pendleton), *द फोरफोल्ड अफ गोस्पल अर हार्मनी अफ फोर गोस्पलस्* (सिन्सिनाटी: स्टचाण्डर्ड पब्लिसिङ को., १९१४), ६४४।

[7]*बेबिलोनिया ताल्मूड*, पेसाहिम (Pesahim) ९:५।

निम्ति थुमालाई मन्दिरमा लगिनु पर्थ्यो। त्यहाँ चेलाहरूले यसलाई मर्नेछन्, र पूजाहारीले यसको रगतलाई वेदीमा छर्कनेछ। बलिदानको रूपमा वेदीमा जलाउनको निम्ति केही भाग निकालेपछि (लेवी ३:३-५ हेर्नुहोस्), थुमाको मासु मालिककहाँ फर्काइन्छ। त्यसपछि थुमालाई पोल्नु पर्थ्यो (प्रस १२:८)। तयारी वा चाडको समयमा थुमाको एउटै हाड नभाँचिओस् भनेर तिनीहरूले होसियारीता अपनाउथे (प्रस १२:४६; गन्ती ९:१२)। क्रूसमा येशूको कुनै हाड भाँचिएन भन्ने तथ्यसँग यो विवरण सम्बन्धित छ (यूह १९:३१-३६)। निस्तार-चाडको भोजको निम्ति अरू सामाग्रीलाई पनि बन्दोबस्त गर्नु पर्थ्यो र तयार गरिनु पर्थ्यो। तिनमा निम्न सामाग्रीहरू समेत समावेश हुन्छ:

(१) अखमिरी रोटी (प्रस १२:८, १८-२०; १३:६, ७; ३४:१८, २५; लेवी २३:६; गन्ती ९:११; २८:१७), "कष्टको रोटी" (व्य १६:३, ८)।
(२) दाखरस (मत्ती २६:२७, २९ हेर्नुहोस्)। येशूको पालामा, रीति अनुष्ठानको क्रममामा चार कचौरा दाखरस प्रयोग गरिन्थ्यो,[8] जसले प्रस्थान ६:६, ७ को चार प्रतिज्ञाहरूलाई प्रतिनिधित्व गर्छ।
(३) तीतो साग (प्रस १२:८; गन्ती ९:११), जसले मिश्रको दासत्वको तीतोपनलाई प्रतिनिधित्व गर्छ।
(४) पिसेको फलफूल र काष्टफललाई सिरका वा दाखमद्यमा मुछेर तयार गरिएको बाक्लो लेपले, इस्राएलले मिश्रदेशमा ईटा बनाएको प्रतिनिधित्व गर्छ।[9]

शुक्रबार: येशूको मृत्युको दिन (मत्ती २६:२०—२७:६१; मर्कू १४:१७—१५:४७; लूक २२:१४—२३:५६क; यूह १३:२—१९:३७)

अन्तिम भोज
(मत्ती २६:२०-३५; मर्कू १४:१७-३१; लूक २२:१४-३८; यूह १३:२—१७:२६)

निस्तार-चाड मनाइएको (मत्ती २६:२०; मर्कू १४:१७, १८; लूक २२:१४-१८)

मत्ती २६:२०

२०साँझ भएपछि उहाँ बाह्रै चेलाहरूसँग खान बस्नुभयो।

मर्कूस १४:१७, १८

१७साँझ हुँदा उहाँ बाह्रै जनासँग आउनुभयो। १८उहाँहरू ढल्केर खानुहुँदैगर्दा येशूले भन्नुभयो, "साँच्चै म तिमीहरूलाई भन्दछु, तिमीहरूमध्ये मसँग खाने एक जनाले मलाई धोका दिनेछ।"

---

[8]अलफ्रेड एडर्सहेम (Alfred Edersheim), *द लाइफ एण्ड टाइमस् अफ जिजस द मसाया*, न्यू अपग्रेटेड भर्सन (पिबडी, मासाच्युसेट: हेन्ड्रिक्सन पब्लिसर्स, १९९३), ८१७।

[9]इबिड. (Ibid.), ८०९, एन. १९।

[१४]अनि जब बेला भयो, तब उहाँ प्रेरितहरूसँग भोजन गर्न बस्नुभयो। [१५]उहाँले तिनीहरूलाई भन्नुभयो, "मैले दुःख भोग्न अघि नै यो निस्तार-चाड़को भोजन तिमीहरूसँग खाने ठूलो इच्छा गरेको थिएँ, [१६]किनकि म तिमीहरूलाई भन्दछु, परमेश्वरको राज्यमा यो पूरा नहोउञ्जेल म यो भोज फेरि खानेछैनँ।" [१७]तब कचौरा लिएर धन्यवाद चढ़ाउनुभएपछि उहाँले भन्नुभयो, "यो लेओ, र तिमीहरू आपसमा बाँड़। [१८]किनकि म तिमीहरूलाई भन्दछु, परमेश्वरको राज्य नआउञ्जेल अब उप्रान्त अङ्गुरको रस म पिउनेछैनँ।"

घाम अस्ताउनुभन्दा पहिले, **उहाँ** [येशू] **बाह्रै जनासँग आउनुभयो** (मर्कू १४:१७)। यो कहिल्यै नबिर्सने रात थियो। येशू र उहाँका चेलाहरू माथिल्लो तलामा निस्तार-चाडको भोज खानुभयो र यसैद्वारा यो रातको सुरुवात भयो। गतसमनीको प्रार्थनासँगै यो अघि बढ्यो। मूख्य पूजाहारीको चोकमा येशूलाई निन्दा गरी सतावट गरिएको घटनासँगै त्यो रातको अन्त्य भयो। यो अविस्मरणीय साँझमा भएको घटनाहरूका क्रमबारे हामीलाई निश्चित रूपमा थाहा छैन। दिइएका घटनाहरू अनुसार नै यसलाई क्रम दिन सकिन्छ।

साँझको सुरुवात निस्तार-चाडको भोजसँगै भयो। रब्बीनी शिक्षा अनुसार, हरेक थुमालाई दश जनाभन्दा कम र बीस जना भन्दा बढी मानिसले खानु हुँदैनथ्यो।[10] माथिल्लो तल्लामा, थुमाको पोलिएको मासुलाई हातले टिपेर खान सकिने गरी स-साना टुक्रा बनाएर तेह्र जनाले बाँढेर खानुभएको थियो। खाना खाँदा कुनै पनि सामाग्री (चक्कु, काँटा, वा चम्चा) प्रयोग गरिएन।

निस्तार-चाडको खाना राखिएको होचो टेबिलको छेउमा येशू बस्नुभएको थियो (मत्ती २६:२०; मर्कू १४:१८क; लूक २२:१४)। यूहन्ना उहाँको दायाँतर्फ बसेका थिए (यूह १३:२३), शायद, यहूदा उहाँको देब्रेतर्फ थिए, र अरू चेलाहरू टेबिलको चारैतिर फिँजिएर बसेका थिए। उहाँको आँखा प्रेमले चम्किरहेका थिए (यूह १३:१,३४ हेर्नुहोस्), अनि उहाँले भन्नुभयो, **"मैले दुःख भोग्न अघि नै यो निस्तार-चाड़को भोजन तिमीहरूसँग खाने ठूलो इच्छा गरेको थिएँ, किनकि म तिमीहरूलाई भन्दछु, परमेश्वरको राज्यमा यो पूरा नहोउञ्जेल म यो भोज फेरि खानेछैनँ"** (लूक २२:१५, १६)।

उहाँले आफ्ना चेलाहरूसँग निस्तार-चाडको भोज खानुभयोको कुरालाई येशू आफैले बताउनुभएको छ, यसको बाबजुत पनि (हेर्नुहोस्: मत्ती २६:१८; मर्कू १४:१४; लूक २२:११), यो खाना निस्तार-चाडको खाना थिएन तर त्यसको अघिल्लो रात खाइएको खाना थियो भनेर कतिपयले तर्क गर्ने गरेका छन्। यो तर्कलाई प्रमाणित गर्न प्रयोग गरिने एउटा खण्ड यूहन्ना १३:१ हो। तिनीहरूका अनुसार, यो पदले भोजको समयलाई बताउँछ। तैपनि, प्रासंगिक सबै खण्डहरूलाई विचार गर्दा, यूहन्ना १३:१ ले निस्तार-चाडको ठीक अघिको समयलाई उल्लेख गरेको देखिन्छ, र २ पदमा निस्तार-चाडको भोजको बारेमा बताइएको छ।

ख्रीष्टले निस्तार "परमेश्वरको राज्यमा ... पूरा" हुनेछ भनी भन्नुभयो, यसको अर्थ के हो? हामी सामान्यतया निस्तारलाई येशूको बलिदानको रूपमा हेर्छौं, र यहाँ यसको अर्थ यही नै हो (१ कोर ५:७; हेर्नुहोस्: यूह १:२९, ३६; १ पत्र १:१८, १९; हिब्रू ९:१४; प्रका

---

[10]मार्भिन आर. विल्सन (Marvin R. Wilson), "पासओभर," *द इन्टरनेशनल स्टचाण्डर्ड बाइबल इनसाइक्लोपेडिया,* एड. जेम्स् ओर्र (James Orr) (ग्राण्ड ञ्यपिड्स् मिचिगन: डब्लूएम. बी. इर्डम्यानस् पब्लिसिङ को., १९३९), ३:६७७। यो शिक्षा पेसाहिम (Pesahim) ६४ख मा दिइएको छ।

५:६, १२)। तैपनि प्रभुले भन्नुभयो, निस्तार "राज्यमा पूरा हुनेछ।" यहूदीहरूले निस्तारलाई विगतको छुटकाराको स्मरणोत्सवको रूपमा मात्र हेर्थेनन् तर यसलाई भविष्यको छुटकाराको ग्यारेन्टीको रूपमा पनि हेर्थे। मसीही राज्यमा छुटकारा आउनेछ भन्ने कुरालाई संकेत गर्दै ख्रीष्टले त्यही अवधारणामालाई स्थापित गर्नुभयो।

राज्य मण्डली हो (मत्ती १६:१८, १९), ख्रीष्टको रगतद्वारा बाँचेका मानिसहरूको शरीर (एफि १:२२, २३; २:१६; ५:२३, २५)। इस्राएललाई मिश्रबाट गरिएको छुटकाराको स्मरण निस्तार चाडले गरेजस्तै, निस्तारको हाम्रो थुमाको बलिदानद्वारा परमेश्वरले "हामीलाई अन्धकारको राज्यदेखि छुटाउनुभयो, र आफ्ना प्रिय पुत्रको राज्यभित्र हामीलाई सार्नुभयो ..." (कल १:१३; किङ्ग जेम्स् संस्करण [KJV])। निस्तारको "... अन्तिम पूर्णता, परमेश्वरको राज्य,"[11] अर्थात्, मण्डलीमा भयो।

राज्यमा यो पूरा भएपछि उहाँले फेरि भोज खानुहुनेछ भनी येशूले भन्नुभयो। "खानु" भनेको "भागीदार हुनु" वा "सहभागी हुनु" को सांकेतिक भाषा हो। मसीहको आगमन र उहाँको राज्यको आगमनको खुशीयाली भोजद्वारा मनाइनेछ भन्ने विचार यहूदीहरूले गरे (यशै २५:६-८; हेर्नुहोस्: लूक १३:२९; २२:३०)। यो भौतिक राज्य नभएकोले (यूह १८:३६), भोज पनि भौतिक हुनेछैन। मसीह-उत्सव सम्बन्धी आशाको अन्तिम पूर्णता स्वर्गमा हुनेछ (प्रका १९:७-९); तर यो जीवनमा समेत, राज्य/मण्डलीमा हुनेहरूले आत्मिक भोजमा सहभागी हुने मौका पाउँनेछौं। हाम्रो आत्मिक-आशिषहरूको भोजमा ख्रीष्ट अदृश्य-सहभागी हुनुहुन्छ (एफि १:३; प्रका ३:२०; मत्ती १८:२०)।

चाडको सुरुतिर, येशूले दाखरसको प्याला लिनुभयो, धन्यबाद दिनुभयो, र चेलाहरूलाई भन्नुभयो, **"यो लेओ, र तिमीहरू आपसमा बाँड़"** (लूक २२:१७)। यो प्रभु-भोजको स्थापनाको निम्ति प्रयोग गरिएको प्याला थिएन; यसलाई भोजको अन्त्यतिर दिइयो (लूक २२:२० हेर्नुहोस्)। निस्तार-चाडमा प्रयोग गरिने धेरै प्यालाहरूमध्ये यो पहिलो प्याला थियो। त्यसपछि उहाँले यसभन्दा अघि उल्लेख गर्नुभएको विचारलाई फेरि बताउनुभयो: **"किनकि म तिमीहरूलाई भन्दछु, परमेश्वरको राज्य नआउञ्जेल अब उप्रान्त अङ्गुरको रस म पिउनेछैनँ"** (लूक २२:१८)। ख्रीष्टको मृत्यु, दफन, र पुनरुत्थानपछिको पहिलो पेन्तिकोसमा राज्य/मण्डलीको स्थापना भयो। हामीले यसभन्दा पहिले नै उल्लेख गरेजस्तै, हामी सहभागी भइरहेको आत्मिक भोजमा उहाँ उपस्थिति हुने बारेमा प्रभुका यी शब्दहरूले आधारभूत रूपमा बताउँछ। तैपनि, हामी देख्न सक्छौं, प्रभु-भोजमा हामीले गर्ने सहभागिताको बारेमा येशूको यी वचनहरूले विशेष रूपमा बताउँछ।

विवाद विरुद्ध हप्की (लूक २२:२४-३०)

२४अब तिनीहरूमध्ये सबैभन्दा प्रमुख को गनिने हो भनी चेलाहरूका बीचमा वाद-विवाद हुन लाग्यो। २५उहाँले तिनीहरूलाई भन्नुभयो, "अन्यजातिका राजाहरूले तिनीहरूमाथि प्रभुत्व गर्छन्, र तिनीहरूमाथि अधिकार चलाउनेहरू 'उपकारी' भनिन्छन्। २६तर तिमीहरूचाहिँ यस्तो नहोओ। तिमीहरूमध्ये जो ठूलो छ, त्यो सानो बनोस्, र अगुवा हुनेले चाहिँ सेवा गरोस्। २७किनभने ठूलो को हो? भोजन खान बस्ने कि सेवा गर्ने? के भोजन खान बस्ने होइन? तर म तिमीहरूका बीचमा एक जना सेवा गर्नेजस्तै छु।

---

[11]रिचर्ड रोजर्स (Richard Rogers), *द लाइफ अफ क्राइष्ट एण्ड हिज टिचिङ* (लुब्बक, टेक्सस्: सनसेट इन्टरनेशनल बाइबल इन्स्टिच्युट एक्स्टर्नल स्टडिज डिपार्टमेन्ट, १९९५), ८४।

[२८]तिमीहरूचाहिँ मेरो परीक्षामा मलाई साथ दिनेहरू हौ। [२९]जसरी मेरा पिताले मलाई एउटा राज्य दिनुभयो, म पनि तिमीहरूलाई दिन्छु, [३०]ताकि मेरो राज्यमा तिमीहरू मेरो टेबिलमा खाने र पिउनेछौ, र इस्राएलका बाह्रै कुलको न्याय गरेर सिंहासनहरूमा बस्नेछौ।"

प्रेम र शान्तिको वातावरणसँगै भोजको सुरुवात भयो, तर को ठूलो भन्ने चेलाहरूको पुरानो विवादले यसलाई चाँडै नै बिथोलिदियो (लूक २२:२४; हेर्नुहोस्: मर्कू ९:३४; लूक ९:४६)। यो विवाद राज्य भन्ने शब्दबाट उठेको हुनसक्छ। अथवा, त्यो भोजको बसाइको कारण यो विवाद सुरु भएको हुनसक्छ। कारण जेसुकै भए तापनि, तिनीहरूको केटाकेटीपन, स्वार्थीपन, र अनुचित विवादले अवश्य नै येशूको हृदय तोड्यो। फेरि, सँधैभैँ, राज्यमा हुने महानता पदको आधारमा होइन तर सेवाको आधारमा हुन्छ भनी उहाँले आफ्ना चेलाहरूलाई धैर्यता पूर्वक बताइदिनुभयो (लूक २२:२५-२७; हेर्नुहोस्: मत्ती १८:१-५; २०:२५-२८; २३:१०-१२)।

उहाँप्रति तिनीहरूको इमान्दारितालाई कहिल्यै बिर्सिनेछैन भन्ने आश्वासन उहाँले तिनीहरूलाई दिनुभयो। उहाँले भोग्नुभएको सतावटहरूमा तिनीहरूले उहाँको साथ दिएकामा तिनीहरूलाई इनाम दिइनेछ (लूक २२:२८)। उहाँको राज्य/मण्डलीको महत्वपूर्ण भागको रूपमा तिनीहरू हुनेछन् (लूक २२:२९; हेर्नुहोस्: १ कोर १२:२८) र उहाँसँगको घनिष्ट र व्यक्तिगत सम्बन्धमा तिनीहरू निरन्तर रूपमै रहिरहनेछन् (लूक २२:३०क)। तिनीहरूले उहाँसँग राज्य समेत गर्नेछन् (लूक २२:३०ख)। बाह्र सिंहासनमा बसेर तिनीहरूले इस्राएलको इन्साफ गर्नेछन् भनेर येशूले तिनीहरूलाई पहिले नै प्रतिज्ञा गर्नुभएको थियो (मत्ती १९: २८)।

नम्रता प्रदर्शन गरिएको (यूह १३:२-२०)

[२]अनि बेलुकीको भोजनको बेला दियाबलसले सिमोनको छोरो यहूदा इस्करियोतको मनमा उहाँलाई पक्राइदिने विचार अघिबाटै हालिसकेको थियो। [३]पिताले सबै थोक उहाँका हातमा दिनुभएको छ, र उहाँ परमेश्वरको तर्फबाट आउनुभएको हो, र परमेश्वरकहाँ नै जाँदैहुनुहुन्छ भन्ने कुरा येशूले जान्नुहुँदथियो। [४]अनि उहाँ भोजनबाट उठ्नुभयो, र बाहिरी वस्त्र एकातिर राखी एउटा तौलिया आफ्नो कम्मरमा बेह्रनुभयो। [५]तब उहाँले बाटामा पानी खन्याउनुभयो, र चेलाहरूका गोडा धुन लाग्नुभयो, र आफूले बेह्रेको तौलियाले तिनीहरूका गोडा पुछ्न लाग्नुभयो। [६]जब उहाँ सिमोन पत्रुसकहाँ आउनुभयो, तिनले उहाँलाई भने, "प्रभु, के तपाईंले मेरा गोडा धुने?" [७]येशूले तिनलाई जवाफ दिनुभयो, "म के गर्दैछु तिमी अहिले जान्दैनौ, तर पछि बुझ्नेछौ।" [८]पत्रुसले उहाँलाई भने, "तपाईंले मेरा गोडा कहिल्यै धुनुहुनेछैन।" येशूले तिनलाई जवाफ दिनुभयो, "मैले धोइदिइनँ भनेता मसित तिम्रो केही हिस्सा हुनेछैन।" [९]सिमोन पत्रुसले उहाँलाई भने, "हे प्रभु, मेरा गोडा मात्र होइन, तर मेरा हात र शिरसमेत धोइदिनुहोस्।" [१०]येशूले तिनलाई भन्नुभयो, "नुहाइसकेको मानिसलाई गोडाबाहेक अरू केही धुनुपर्दैन, त्यो सम्पूर्ण शुद्ध छ। अनि तिमीहरू शुद्ध छौ, तर सबै त होइन।" [११]किनभने उहाँलाई विश्वासघात गर्नेलाई उहाँले चिन्नुभएको थियो। यसैकारण उहाँले भन्नुभएको थियो, "तिमीहरू सबै शुद्ध छैनौ।" [१२]तिनीहरूका गोडा धोइसक्नुभएपछि आफ्नो बाहिरी वस्त्र लाएर उहाँ फेरि बस्नुभयो। तब उहाँले तिनीहरूलाई भन्नुभयो, "के तिमीहरू जान्दछौ, मैले तिमीहरूका निम्ति के गरें? [१३]तिमीहरू मलाई 'गुरु र प्रभु' भन्दछौ, त्यो तिमीहरू ठीकै भन्दछौ, किनभने म उही हुँ। [१४]यदि तिमीहरूका प्रभु

र गुरु भईकन मैले तिमीहरूका गोडा धोएको छु भने तिमीहरूले पनि एक-अर्काका गोडा धुनुपर्छ, [१५]किनकि मैले तिमीहरूलाई एउटा उदाहरण दिएको छु, र जसो मैले तिमीहरूका निम्ति गरें, तिमीहरूले पनि त्यसै गर। [१६]साँच्चै म तिमीहरूलाई भन्दछु, नोकर आफ्नो मालिकभन्दा ठूलो हुँदैन, अनि खबर लाने खबर पठाउनेभन्दा ठूलो हुँदैन। [१७]यदि तिमीहरूले यी कुरा जान्यौ र ती गऱ्यौ भने, तिमीहरू धन्य हुनेछौ। [१८]मैले तिमीहरू सबैका विषयमा भनिरहेको होइनँ, मैले कसलाई छानेको हुँ तिनलाई म चिन्छु। तर धर्मशास्त्र पूरा होस् भनेर यो भयो, कि 'मेरै रोटी खानेले ममाथि आफ्नो लात उठायो।' [१९]यो हुन अघि अहिले नै म तिमीहरूलाई भन्दछु, ताकि जब त्यो हुन आउँछ, म उही नै हुँ भनेर तिमीहरूलाई विश्वास होस्। [२०]साँच्चै म तिमीहरूलाई भन्दछु, 'जसलाई म पठाउँदछु, उसलाई ग्रहण गर्नेले मलाई ग्रहण गर्दछ, अनि मलाई ग्रहण गर्नेले मलाई पठाउनुहुनेलाई ग्रहण गर्दछ'।"

लूका २२:२४ मा प्रेरितहरूले को ठूलो भनेर विवाद गरिरहेका थिए। उक्त विवादले त्यो साँझको भोजको बेला एउटा मुख्य घटनालाई निम्त्यायो:

> **येशूले ... भोजनबाट उठ्नुभयो, र बाहिरी वस्त्र एकातिर राखी एउटा तौलिया आफ्नो कम्मरमा बेह्रनुभयो। तब उहाँले बाटामा पानी खन्याउनुभयो, र चेलाहरूका गोडा धुन लाग्नुभयो, र आफूले बेह्रेको तौलियाले तिनीहरूका गोडा पुछ्न लाग्नुभयो** (यूह १३:३-५)।

त्यो समयमा, घरमा पाहुना प्रवेश गर्दा घरमालिकले उसको खुट्टा धुने प्रचलन थियो। यो सत्कारी कार्यले पाहुनाको खुट्टालाई सफा गर्थ्यो, तर यसको व्यवहारिक पक्ष पनि छ। मानिसहरू चप्पल तथा खराउ लगाएर फोहोरी सडक तथा गल्लीहरू भएर हिँड्नुपर्थ्यो। खाना खान बस्दा एक जना पाहुनाको खुट्टा अर्को पाहुनाको अनुहार नजिकै पर्थ्यो।

शायद, निस्तारको भोजको तयारीको क्रममा प्रेरितहरूले नुहाएका थिए (यूह १३:१० हेर्नुहोस्); तर भोज खाने माथिल्लो तल्लासम्म पुग्दा तिनीहरूको खुट्टा बाटोको धुलोले फोहोर भइसकेको हुनसक्छ। खुट्टा धुनको लागि आवश्यक पर्ने हरेक कुरा उपलब्ध थियो (यूह १३:४, ५), तर कोभन्दा को ठूलो भन्ने विवादका कारण चेलाहरू आफ्ना मित्रको खुट्टा धुन इच्छुक थिएनन्। आखिर, त्यो काम नोकरहरूको न थियो।

उहाँको राज्यमा पदको आधारमा होइन तर सेवाको आधारमा महान ठहरिन्छ भनी येशूले पहिले नै बताउनुभएको थियो। उहाँले भन्नुभएको थियो, "तर म तिमीहरूका बीचमा एक जना सेवा गर्नेजस्तै छु" (लूक २२:२७)। सेवा गर्नु भनेको के हो त्यो कुरालाई उहाँले यस घटनामा गरेर नै देखाउनुभयो—नोकरले गर्ने सबैभन्दा तुच्छ काम गरेर। उहाँले तिनीहरूको खुट्टा धुनुभयो।

खुट्टा धोइएकाहरूमा यहूदा पनि थियो भन्ने तथ्यलाई विशेष ध्यान दिइन्छ (यूह १३:२, १०, ११, १८, १९)। यसरी "शत्रुहरूलाई प्रेम गर" र तिनीहरूको भलाई गर भन्ने कुरालाई प्रभुले व्यवहारमा नै गरेर देखाउनुभयो (मत्ती ५:४४, ४५; हेर्नुहोस्: रोम १२:२०)। आफ्ना चेलाहरूको खुट्टा धोइसक्नुभएपछि, उहाँको यो उदाहरणलाई पछ्याउन ख्रीष्टले तिनीहरूलाई चुनौती दिनुभयो (यूह १३:१४-१७)। यसको अर्थ खुट्टा धुने विधिलाई आरधनाको भागको रूपमा उहाँले स्थापना गर्नुभएको हो? होइन। यस विषयमा, जे.

डब्ल्यू. म्याकगर्भे (J. W. McGarvey) ले लेखेका छन्,

> येशूले खुट्टा धुने विधिलाई *स्थापना गर्नुभएको होइन;* यो पहिले नै मानिसहरूको *परिचित* प्रचलन भइसकेको थियो, र नम्र सेवाको उचित प्रदर्शनको रूपमा यसलाई कसरी सही तरिकाले प्रयोग गर्न सकिन्छ उहाँले त्यही कुरालाई मात्र देखाउनुभएको हो। ... शिष्टचार वा स्वागतसत्कारको रूपमा खुट्टा धोइने प्रचलन पश्चिमी देशहरूका मानिसहरूको चलनको रूपमा कहिल्यै रहेको थिएन, र ख्रीष्टको यी वचनहरूका आधारमा यसलाई विधि बनाउन खोज्नु भनेको उहाँको अभिप्रयालाई पूरै गलत रूपमा बुझ्नु हो।[12]

जोन फ्र्याङ्कलिन कार्टर (John Franklin Carter) को विचारमा, "नयाँ करारको मण्डलीहरूले यसलाई [खुट्टा धुने कार्यलाई] विधिको रूपमा लागू गरेको प्रमाण छैन।" उनले भने, "मण्डली इतिहासमा यो विधि अपनाइएको सबैभन्दा पहिलेको लिखित विवरण, एलभिरा स्पेनमा विशपहरूको सिमितिले लगभग इ.सं. ३०६ मा जारी गरेको उर्दीमा उल्लेख छ, जसमा यसको निन्दा गरिएको छ।"[13] एच. आई. हेस्टर (H. I. Hester) ले भनेका छन्, "येशूले यसलाई यहाँ प्रभु-भोजलाई जस्तो स्थापना गरिरहनुभएको थिएन, तर आत्माको साँचो नम्रताको एउटा शिक्षा दिइरहनुभएको थियो।"[14]

चेलाहरूको खुट्टामा भएको फोहोरको बारेमा ख्रीष्टले चिन्ता गरिरहनुभएको थिएन; तिनीहरूका स्वार्थी महत्वाकांक्षाप्रति उहाँको मुख्य चासो थियो। यहूदाको हृदयलाई परिवर्तन गर्ने येशूको अन्तिम प्रयास यो घटना थियो भन्ने सुझाव पनि दिइन्छ। प्रभुले यहूदाको खुट्टा धुनुभयो, तर दुःख लाग्दो कुरा, तिनको हृदय अशुद्ध नै रह्यो (यूह १३:२७)।

पक्राइदिने/इन्कार गर्नेबारे भविष्यवाणी गरिएको
(मत्ती २६:२१-२५, ३१-३५; मर्कू १४:१८-२१, २७-३१; लूक २२:२१-२३, ३१-३८; यूह १३:२१-३८)

मत्ती २६:२१-२५, ३१-३५

[२१]उहाँहरूले खाइरहनुभएको बेला उहाँले भन्नुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरूमध्ये एक जनाले मलाई पक्राइदिनेछ।" [२२]तब तिनीहरू साह्रै दुःखित भएर प्रत्येकले उहाँलाई सोध्न लागे, "प्रभु, के त्यो म हुँ?" [२३]अनि उहाँले भन्नुभयो, "जसले मसँगै थालमा रोटी चोपेको छ, त्यसैले मलाई पक्राइदिनेछ। [२४]मानिसको पुत्र त उसको विषयमा धर्मशास्त्रमा लेखेबमोजिम जानेछ। तर धिक्कार त्यस मानिसलाई, जसद्वारा मानिसको पुत्र पक्राइनेछ। त्यो मानिस त नजन्मिएकै भए त्यसको निम्ति असल हुनेथियो।"

---

[12]म्याकगर्भे एण्ड पेण्ड्लेटन (McGarvey and Pendleton), ६५०।

[13]जोन फ्र्याङ्कलिन कार्टर (John Franklin Carter), *अ लेम्यान्स हार्मनी अफ द गोस्पल* (न्यासभेल: ब्रोड-म्यान प्रेस, १९६१), २८५-८६। खुट्टा धुने कामलाई "मण्डलीको विधि" को रूपमा स्थापना गर्ने अभिप्राय ख्रीष्टको थिएन भन्ने कुराको तीन वटा कारणहरू कार्टरले अघि सारेका छन्। उनले अल्बर्ट हनरी न्यूम्यान (Albert Henry Newman) को, *अ म्यानुवल अफ चर्च हिस्टोरी* (अर्थात्, मण्डली इतिहासको पुस्तिका) बाट उल्लेख गरेका छन् (फिलादेल्फिया: अमेरिकन ब्याप्टिस्ट पब्लिकेसन सोसाइटि, १९०४), १:१४०।

[14]हेस्टर (Hester), १९७।

[२५]तब उहाँलाई पक्राइदिने यहूदाले सोध्यो, “गुरुज्यू, के त्यो म हुँ?” उहाँले त्यसलाई भन्नुभयो, “तिमी आफैले भन्यौ।”

[३१]तब येशूले तिनीहरूलाई भन्नुभयो, “आज राती मेरो कारणले तिमीहरू पछि हटिजानेछौ। किनभने यसो लेखिएको छ, ‘म गोठालालाई प्रहार गर्नेछु, र बगालका भेड़ाहरू जताततै छरपष्ट हुनेछन्।’ [३२]तर म मृत्युबाट जीवित भएपछि तिमीहरूभन्दा अगि गालीलमा जानेछु।” [३३]पत्रुसले उहाँलाई जवाफ दिए, “तपाईंको कारणले सबै जना पछि हटे तापनि म कहिल्यै पछि हट्नेछैनँ।” [३४]येशूले तिनलाई भन्नुभयो, “साँच्चै, म तिमीलाई भन्दछु, आजै राती भाले बास्न अघि तिमीले मलाई तीन पल्ट इन्कार गर्नेछौ।” [३५]पत्रुसले उहाँलाई भने, “मैले तपाईंसँग मर्नुपरे तापनि म तपाईंलाई इन्कार गर्नेछैनँ।” अरू सबै चेलाहरूले पनि त्यसै भने।

मर्कूस १४:१८-२१, २७-३१

[१८]उहाँहरू ढल्केर खानुहुँदैगर्दा येशूले भन्नुभयो, “साँच्चै म तिमीहरूलाई भन्दछु, तिमीहरूमध्ये मसँग खाने एक जनाले मलाई धोका दिनेछ।” [१९]तिनीहरू दुःखित भए, अनि पालैपालो उहाँलाई “के त्यो म हुँ?” भनी सोध्न लागे। [२०]उहाँले तिनीहरूलाई भन्नुभयो, “बाह्रैमध्ये एक जना, जसले मसँग थालमा रोटी चोपिरहेछ। [२१]किनकि मानिसको पुत्रलाई उसको विषयमा लेखिएबमोजिम हुन्छ, तर धिक्कार त्यस व्यक्तिलाई जसद्वारा मानिसको पुत्रलाई धोका हुन्छ। त्यस मान्छेको त जन्मै नभएको भए असल हुनेथियो।”

[२७]येशूले तिनीहरूलाई भन्नुभयो, “तिमीहरू सबै पछि हटिजानेछौ, किनकि यस्तो लेखिएको छ, ‘म गोठालालाई प्रहार गर्नेछु, र भेड़ाहरू तितरबितर हुनेछन्।’ [२८]तर म जीवित भई उठेपछि म तिमीहरूभन्दा पहिले गालीलमा जानेछु।” [२९]पत्रुसले उहाँलाई भने, “सबै जना पछि हटे तापनि मचाहिँ हट्नेछैनँ।” [३०]तब येशूले तिनलाई भन्नुभयो, “साँच्चै, म तिमीहरूलाई भन्दछु, आजकै राती भाले दुई पल्ट बास्न अघि तिमीले मलाई तीन पल्ट इन्कार गर्नेछौ।” [३१]तर तिनले झन् जोड दिएर भने, “तपाईंसँग म मर्नैपरे तापनि म तपाईंलाई इन्कार गर्नेछैनँ।” अनि तिनीहरू सबैले त्यसै भने।

लूका २२:२१-२३, ३१-३८

[२१]“तर हेर, मलाई पक्राउनेको हात मैसँग टेबिलमा छ। [२२]किनकि मानिसको पुत्र त ठहराइएअनुसार जानैपर्छ, तर धिक्कार त्यस मानिसलाई, जसले उसलाई धोका दिन्छ।” [२३]यस्तो काम गर्ने तिनीहरूमध्ये को होला भनी तिनीहरू आपसमा बहस गर्न लागे।

[३१]“सिमोन, सिमोन, हेर, शैतानले तिमीलाई गहूँजस्तै निफन्ने अनुमति मागेको छ, [३२]तर मैले तिम्रो विश्वास नडगमगाओस् भनेर तिम्रो निम्ति प्रार्थना गरें, र फेरि तिमी मतर्फ फर्केपछि तिम्रा भाइहरूलाई स्थिर गराऊ।” [३३]अनि पत्रुसले उहाँलाई भने, “हे प्रभु, म तपाईंसँग भ्यालखानमा र मृत्युसम्मै जान तयार छु।” [३४]अनि उहाँले भन्नुभयो, “पत्रुस, म तिमीलाई भन्दछु, तिमीले मलाई चिन्दिनँ भनेर तीन पल्ट अस्वीकार नगरुञ्जेल आज भाले बास्नेछैन।” [३५]येशूले तिनीहरूलाई भन्नुभयो, “जब मैले तिमीहरूलाई थैलो र झोली र जुत्ताविना पठाएको थिएँ, के तिमीहरूलाई कुनै कुराको अभाव भयो?” तिनीहरूले भने, “भएन।” [३६]उहाँले भन्नुभयो, “तर अब जसको थैलो छ, त्यसले त्यो बोकोस्, त्यसै गरी

झोला पनि बोकोस्। र जससँग तरवार छैन, त्यसले आफ्नो वस्त्र बेचेर एउटा तरवार किनोस्। ३७म तिमीहरूलाई भन्दछु, 'उहाँ अपराधीहरूसँग गनिनुभयो' भनी लेखिएको कुरा ममा पूरा हुनैपर्छ। हो, मेरो बारेमा लेखिएको कुरा पूरा भई नै रहेछ।" ३८तब चेलाहरूले भने, "हे प्रभु, हेर्नुहोस्, यहाँ दुई वटा तरवार छन्।" उहाँले भन्नुभयो, "त्यति भए पुग्छ।"

यूहन्ना १३:२१-३८

२१यी कुरा भनेपछि येशू आत्मामा व्याकुल हुनुभयो र उहाँले गवाही दिई भन्नुभयो, "साँच्चै म तिमीहरूलाई भन्दछु, तिमीहरूमध्ये एक जनाले मलाई पक्राइदिनेछ।" २२उहाँले कसको विषयमा भन्नुभएको हो भनी अनिश्चित भएर चेलाहरूले एक-अर्कालाई हेराहेर गरे। २३उहाँका चेलाहरूमध्ये येशूले प्रेम गर्नुहुने चेलाचाहिँ येशूको छातीमा अड़ेस लागिरहेका थिए। २४तब सिमोन पत्रुसले तिनलाई इशारा गरेर सोधे, "उहाँले यो कसको विषयमा भन्नुभएको हो?" २५येशूको छातीमा त्यसरी अड़ेस लागेर नै तिनले उहाँलाई सोधे, "प्रभु, त्यो को हो?" २६येशूले जवाफ दिनुभयो, "जसलाई म रोटीको टुक्रा चोपेर दिन्छु, त्यो त्यही हो।" तब उहाँले रोटीको टुक्रा चोप्नुभयो, र निकालेर त्यो सिमोनको छोरो यहूदा इस्करियोतलाई दिनुभयो। २७रोटीको टुक्रा लिएपछि शैतान त्यसभित्र पस्यो। तब येशूले त्यसलाई भन्नुभयो, "तिमीलाई जे गर्नु छ, सो चाँड़ै गरिहाल।" २८तर उहाँले किन त्यसलाई यसो भन्नुभयो भनी भोजन गर्न बसेकाहरू कसैले पनि बुझेनन्। २९किनभने कसै-कसैले यो सोचे, कि यहूदासँग पैसाको थैलो छ, यसैले येशूले त्यसलाई चाड़को निम्ति चाहिएको सामग्री किनोस्, अथवा त्यसले गरीबहरूलाई केही देओस् भन्नुभएको हो। ३०तब रोटीको टुक्रा लिएपछि यहूदा इस्करियोत तुरुन्तै बाहिर निस्किहाल्यो। त्यस बेला रात परेको थियो। ३१जब त्यो बाहिर गयो तब येशूले भन्नुभयो, "अब मानिसको पुत्र महिमित भएको छ, र परमेश्वर उसमा महिमित हुनुभएको छ। ३२यदि परमेश्वर उसमा महिमित हुनुभएको छ भने परमेश्वरले आफैमा उसलाई महिमित पार्नुहुनेछ, अनि उसलाई तुरुन्तै महिमित तुल्याउनुहुनेछ। ३३साना बालक हो, केही बेरसम्म म तिमीहरूसँग छु! तिमीहरूले मलाई खोज्नेछौ, र जसो मैले यहूदीहरूलाई भनें, अब तिमीहरूलाई पनि म भन्दछु, 'जहाँ म गइरहेछु, तिमीहरू आउन सक्दैनौ।' ३४एउटा नयाँ आज्ञा म तिमीहरूलाई दिँदछु: तिमीहरू एक-अर्कालाई प्रेम गर। तिमीहरूसँग मैले जस्तो प्रेम गरेको छु, तिमीहरूले पनि एक-अर्कालाई त्यस्तै प्रेम गर। ३५यदि तिमीहरूले एक-अर्कालाई प्रेम गऱ्यौ भने, यसैबाट सबैले जान्नेछन्, कि तिमीहरू मेरा चेलाहरू हौ।" ३६सिमोन पत्रुसले उहाँलाई भने, "हे प्रभु, तपाईं कहाँ जाँदैहुनुहुन्छ?" येशूले जवाफ दिनुभयो, "म जहाँ गइरहेछु, तिमी अहिले मलाई पछ्याउन सक्दैनौ, तर पछि त तिमीले मलाई पछ्याउनेछौ।" ३७पत्रुसले उहाँलाई भने, "प्रभु, म किन अहिले नै तपाईंलाई पछ्याउन सक्दिनँ? तपाईंको निम्ति म आफ्नो प्राण दिनेछु।" ३८येशूले जवाफ दिनुभयो, "के तिमी आफ्नो प्राण मेरो निम्ति दिनेछौ? साँच्चै म तिमीलाई भन्छु, तिमीले मलाई तीन पल्ट इन्कार नगरेसम्म भाले बास्नेछैन।"

ख्रीष्टले आफ्ना चेलाहरूका खुट्टा धुनुभयो र उहाँलाई धोका दिइनेछ भन्ने अचम्मको पूर्वसूचना दिनुभयो—उहाँको नजिककामध्ये एक जनाले। वचन पूरा हुनुपर्छ भनी उहाँले बताउनुभयो: "मैरै रोटी खानेले ममाथि आफ्नो लात उठायो" (यूह १३:१८; हेर्नुहोस्: भज ४१:९)। "पूर्वीय देशहरूमा दुई जना सँगै बसेर खाँदा यसलाई मित्रताको करार मानिन्छ। तर पैसाको निम्ति उहाँलाई शत्रुहरूका हातमा सुम्पने प्रतिज्ञा गरिसकेपछि

पनि यहूदा आफ्नो मालिकसँगको उक्त पवित्र खानपानमा चुपचाप बसिरहेको थियो।"[15]

विश्वासघात गर्ने प्रेरितलाई उहाँले "यो हुन अघि अहिले नै म तिमीहरूलाई भन्दछु, ताकि जब त्यो हुन आउँछ, म उही नै हुँ भनेर तिमीहरूलाई विश्वास होस्" भन्नुभएको हो भन्ने कुरा ख्रीष्टले बताउनुभयो (यूह १३:१९)। उहाँले यो कुरा तिनीहरूलाई पहिले नै बताउनुभएको तथ्यले उहाँ ईश्वरीय व्यक्ति हुनुहुन्थ्यो भन्ने कुरालाई प्रमाणित गर्दछ। विश्वासघातको बारेमा उहाँलाई थाहा थियो र यसले उहाँको योजनालाई चौपट गरेन भन्ने कुराको सुनिश्चितता येशूको भविष्यवाणीले तिनीहरूलाई प्रदान गऱ्यो।

उहाँले यी कुरा बोल्दै गर्दा, **येशू आत्मामा व्याकुल हुनुभयो** (यूह १३:२१क)। भविष्यमा कस्तो भयानक कुराहरू आइपर्नेछ भन्ने कुरा चेलाहरूलाई थाहा थिएन, तर ख्रीष्टलाई स्पष्ट रूपमा थाहा थियो। प्रेरितहरूका अपरिपक्कताप्रति समेत उहाँलाई चिन्ता थियो। यसको साथै, यहूदाको षडयन्त्रद्वारा उहाँको हृदयमा चोट पुग्नेवाला थियो।

येशूले बाह्र चेलासँग खुलस्त रूपमा कुरा गर्नुभयो: **"... *तिमीहरूमध्ये* एक जनाले मलाई पक्राइदिनेछ"** (यूह १३:२१ख; जोड दिइएको छ; मत्ती २६:२१ हेर्नुहोस्)। तिनीहरू छक्क परे (यूह १३:२२) र **यस्तो काम गर्ने तिनीहरूमध्ये को होला भनी तिनीहरू आपसमा बहस गर्न लागे** (लूक २२:२३)। **तिनीहरू साह्रै दुःखित भएर प्रत्येकले उहाँलाई सोध्न लागे, "प्रभु, के त्यो म हुँ?"** (मत्ती २६:२२)। मुख्य भाषाबाट यो पदलाई "प्रभु, के म हुँ?" भनेर अनुवाद गर्न सकिन्छ (किङ्ग जेम्स् संस्करण [KJV] हेर्नुहोस्), तर ग्रीक भाषामा रहेको प्रश्नको बनावटले नकरात्मक उत्तरको संकेत गर्छ। न्यू अमेरीकन स्टचाण्डर्ड बाइबल (NASB) मा "हे प्रभु, म त अवश्य होइन" भन्ने उल्लेख छ। "आफूले थाहा नपाई प्रभुलाई शत्रुहरूका हातमा पार्ने काम गर्नेछन् भनेर उहाँले भन्नुभएको हो" भन्ने तिनीहरूले सोचेको हुनसक्छ।[16] त्यसैले, प्रत्येकले भने, "अवश्य नै म यस्तो गर्ने छैन!"

येशूको दायाँतर्फ बसेका यूहन्नाले प्रश्न गऱ्यो, **"प्रभु, त्यो को हो?"** (यूह १३:२३-२५)। त्यसपछि येशूले जवाफ दिनुभयो, **"जसलाई म रोटीको टुक्रा चोपेर दिन्छु, त्यो त्यही हो।" तब उहाँले रोटीको टुक्रा चोप्नुभयो, र निकालेर त्यो सिमोनको छोरो यहूदा इस्करियोतलाई दिनुभयो** (यूह १३:२६; हेर्नुहोस्: मत्ती २६:२३)।

धोकेबाजले के गर्नेछ भन्ने कुरालाई उल्लेख गरिसकेपछि, अपराधी को हो भन्ने कुरा सबैको नजरमा स्पष्ट रूपमै देखिएको थियो भनेर कतिपयले सोच्ने गर्छन्। तैपनि, यो कुरा सबै चेलाहरूका निम्ति स्पष्ट भएको थिएन (यूह १३:२८, २९)। यहूदालाई अवश्य नै सम्मान गरिन्थ्यो। यहूदियाका एक मात्र प्रेरित भएका कारण, शायद तिनी अरूभन्दा धेरै शिक्षित पनि थिए। तिनीहरूका कोषाध्यक्षको रूपमा छनौट गरी तिनलाई सम्मान गरिएको थियो (यूह १३:२९; हेर्नुहोस्: १२:६)। आफ्ना समूहको निम्ति भेटी वितरण गर्ने महत्त्वपूर्ण कामको जिम्मेवारी तिनको थियो (यूह १३:२९)। चेलाहरूमध्ये कहिल्यै प्रभुलाई धोका नदिनेमा यहूदा नै प्रथम स्थानमा पर्छ भन्ने तिनीहरूमध्ये धेरैले सोच्ने गरेको हुनसक्छ।

चेलाहरूमध्ये धेरैजसोले येशूको वचन र उहाँको कार्यको अर्थ बुझेनन्, तर यहूदाले बुझेको थियो। पाखण्डी रूपमा, तिनले अरू सबैलाई प्रश्न गरे, **"गुरुज्यू, के त्यो म हुँ?"** (मत्ती २६:२५क), र ख्रीष्टले जवाफ दिनुभयो, **"तिमी आफैले भन्यौ"** (मत्ती २६:२५ख)। यसरी उसको आचरणको पर्दाफास भएपछि यहूदा आन्तरिक रूपमा भयभित भएको थियो;

---

[15]कार्टर (Carter), २८७-८८।

[16]इबिड. (Ibid.), २८८।

तर यो कुराले उसलाई भयभित तुल्याएको थियो भने पनि उसले यो कुरालाई बाहिर देखाएन। येशूले यहूदाको बारेमा पर्दाफास गर्नुभयो र यो कुराले तिनको हृदय झन कठोर बनायो (यूह १३:२७क)।

यहूदाभित्र "शैतान पस्यो" भन्ने कुरा हामीले यसभन्दा पहिले नै उल्लेख गरिसक्यौं, र यो कुराले उसलाई समितिकहाँ जान अग्रसर गऱ्यो (लूक २२:३, ४)। यहाँ, त्यसभित्र फेरि **शैतान पस्यो** भनिएको छ (यूह १३:२७)। येशूको वचन र कार्यद्वारा यहूदा केही क्षणको निम्ति प्रभावित भएको हुनसक्छ, तर उसले फेरि दुष्टलाई मौका दियो।

ख्रीष्टले यहूदालाई भन्नुभयो, **"तिमीलाई जे गर्नु छ, सो चाँड़ै गरिहाल"** (यूह १३:२७ख)। त्यस धोकेबाज पहिले नै गएको येशूले चहानुभएको थिएन किनभने त्यस रात धेरै कुरालाई पूरा गर्ने योजना उहाँले बनाउनुभएको थियो। अब, उहाँले तिनलाई जान भन्नुभयो, किनभने गर्न बाँकी रहेका कामलाई पूरा गर्ने पर्याप्त समय छ भन्ने कुरा उहाँलाई थाहा थियो। **तब ...** [यहूदा] **तुरुन्तै बाहिर निस्किहाल्यो** (यूह १३:३०क)। तिनी **चाडको निम्ति** समान किन्न गए भन्ने अनुमान कतिपयले गर्छन् (यूह १३:२९)। एक-दिने निस्तार-चाडपछि एक हप्ता लामो अखमिरी रोटीको चाड थियो। यहूदाले पछिल्लो चाडको निम्ति तयारी गरिरहेको छ भन्ने विचार तिनीहरूको रहेको हुनसक्छ।

ती अशुभ शब्दहरूसँगै यूहन्ना १३:३० समाप्त हुन्छ **त्यस बेला रात परेको थियो ।** हेनरी अल्फोर्ड (Henry Alford) ले भनेका छन्, "[फेडेरिक बी. (Frederick B.)] हेर्नोस् (Meyer), यो समाप्तिमा कुनै भयंकर कुरो छ जस्तो मलाई लागिरहेछ—यो रातको समय थियो।"[17]

यहूदाको धोकेबाजपूर्ण कामको पक्षमा बोल्ने प्रयास पनि कतिपयले गरेका छन्, तर ख्रीष्टले भन्नुभयो, **"... धिक्कार त्यस मानिसलाई, जसद्वारा मानिसको पुत्र पक्राइनेछ। त्यो मानिस त नजन्मिएकै भए त्यसको निम्ति असल हुनेथियो"** (मत्ती २६:२४; हेर्नुहोस्: मर्कू १४:२१)। म्याकगर्भे (McGarvey) लेख्छन्, "यहूदालाई बिचरा भन्नेहरूका मुखलाई येशूका यी वचनले बन्द गरिदिन्छ। न्यायाधीशले दोषी ठहर गरिसकेपछि कसले त्यस विरुद्ध विवाद गर्ने आँट गर्छ?"[18]

प्रभु-भोजको स्थापनापछि यहूदालाई दोषी ठहराइयो भन्ने कुरा लूकाको पुस्तकले सूचित गर्छ (लूक २२:१९-२३), र मत्ती र मर्कूसले यो दोषको विवरण प्रभु-भोजको स्थापनापछि उल्लेख गरेका छन् (मत्ती २६:२५, २६; मर्कू १४:२१, २२)। येशूले तिनको बारेमा पर्दाफास गरिसकेपछि यहूदा तुरुन्तै त्यहाँबाट गएको कुरालाई मान्दै यस अध्ययनलाई मत्ती र मर्कूसको समय क्रम अनुसार अघि बढाइएको छ।

यहूदा गएपछि (यूह १३:३१क), येशू अरू चेलाहरूतर्फ फर्कनुभयो। उहाँले आफू महिमित हुनेबारे कुरा गर्नुभयो (यूह १३:३१ख, ३२) र भन्नुभयो, **"साना बालक हो, केही बेरसम्म म तिमीहरूसँग छु!"** (यूह १३:३३क)। उहाँले गर्नु पर्ने धेरै कुरा थियो र त्यसको निम्ति उहाँसँग थोरै समय बाँकी थियो।

शायद यही समयमा पत्रुसले उहाँलाई धोका दिनेछ भन्ने भविष्यवाणी येशूले गर्नुभएको हो। येशू र उहाँका चेलाहरू माथिल्लो तल्लाको त्यस कोठाबाट जानुभन्दा पहिले (लूक

---

[17]हेनरी अल्फोर्ड (Henry Alford), *द न्यू टेस्टामेन्ट फर इङ्लिस रिडर्स*, भोल. १, *द फोर गोस्पलस् एण्ड एक्टस् अफ द एपोस्टलस्*, पार्ट १: *द थ्री फर्स्ट गोस्पलस्*, २ एड. (लण्डन: गिलबर्ट एण्ड रिभिङ्टन, १८६८), ५८१।

[18]म्याकगर्भे एण्ड पेण्ड्लेटन (McGarvey and Pendleton), ६५३।

२२:३४; यूह १३:३८) उहाँले उक्त भविष्यवाणी गर्नुभयो भन्ने विवरण लूका र यूहन्नाले दिएका छन् (लूक २२:३९; यूह १४:३१ग)। मत्ती र मर्कूसका अनुसार, भोजको कोठा छाडेर उहाँहरू जानुभएपछि यो भएको थियो (मत्ती २६:३०-३४; मर्कू १४:२६-३०)। जोड दिने उद्देश्यले उक्त भविष्यवाणी दुई पल्ट गरिएको हुनसक्छ—भोजको कोठाबाट जानुभन्दा पहिले र त्यसपछि। यस्तो भए तापनि भविष्यवाणीमा भएको समानताका कारण यिनलाई सँगै अध्ययन गरिन्छ।

ख्रीष्टले पहिले भन्नुभएको वचनलाई फेरि दोहोऱ्याउनुभयो (यूह १३:३३ख; हेर्नुहोस्: ७:३३, ३४; ८:२१) र त्यसपछि भन्नुभयो, **"एउटा नयाँ आज्ञा म तिमीहरूलाई दिँदछु: तिमीहरू एक-अर्कालाई प्रेम गर। तिमीहरूसँग मैले जस्तो प्रेम गरेको छु, तिमीहरूले पनि एक-अर्कालाई त्यस्तै प्रेम गर"** (यूह १३:३४)। अरूलाई प्रेम गर्ने आज्ञा भएको कारणले मात्रै यो "एउटा नयाँ आज्ञा" भएको होइन; यो कुरा शताब्दीऔं पुरानो थियो (लेवी १९:१८ हेर्नुहोस्)। बरु, यो प्रेम उहाँले आफ्ना चेलाहरूलाई गर्नुभएको *प्रेमजस्तो* हुनुपर्छ भनी येशूले भन्नुभएको कारण यो नयाँ आज्ञा ठहरियो: "मैले *जस्तो* प्रेम गरेको छु" (जोड दिइएको छ)। त्यसपछि उहाँले भन्नुभयो, **"यदि तिमीहरूले एक-अर्कालाई प्रेम गऱ्यौ भने, यसैबाट सबैले जान्नेछन्, कि तिमीहरू मेरा चेलाहरू हौ"** (यूह १३:३५)। तपाईंले मानिसहरूलाई कति वास्ता गर्नुहुन्छ भन्ने कुरा तिनीहरूले थाहा नपाएसम्म, तपाईंलाई कति धेरै कुरा थाहा छ त्यसको वास्ता तिनीहरूले गर्दैनन्।

"केही बेरसम्म म तिमीहरूसँग छु!" (यूह १३:३३क) भन्ने वाक्यलाई टिपेर, पत्रुसले प्रश्न गऱ्यो, **"हे प्रभु, तपाईं कहाँ जाँदैहुनुहुन्छ?"** (यूह १३:३६क)। ख्रीष्टले उत्तर दिनुभयो, **"म जहाँ गइरहेछु, तिमी अहिले मलाई पछ्याउन सक्दैनौ, तर पछि त तिमीले मलाई पछ्याउनेछौ"** (यूह १३:३६ख)। येशूले आफू मर्नेबारे बताइरहनुभएको थियो भनेर पत्रुसले बुझेका थिएनन्। प्रेरितले प्रश्न गऱ्यो, **"प्रभु, म किन अहिले नै तपाईंलाई पछ्याउन सक्दिनँ? तपाईंको निम्ति म आफ्नो प्राण दिनेछु"** (यूह १३:३७)।

शायद, येशूले दयालु आवाजमा भन्नुभयो, **"सिमोन, सिमोन, हेर, शैतानले तिमीलाई गहूँजस्तै निफन्ने अनुमति मागेको छ"** (लूक २२:३१)। महिलाले फोहोरमैला सफा गर्नलाई घर बढारेजस्तै, पत्रुसको अशुद्धतालाई पर्दाफास गरेर त्यसबाट नाजायज फाइदा उठाउनलाई दियाबलसले उनको मन "चालिरहेको" थियो। त्यो पहिले एक पटक प्रेरतिको मनमा प्रवेश गरेको थियो (यूह १३:२, २७), र त्यसले अझै बढी त्यसो गर्न चाह्यो।

शैतानले सिमोन पत्रुस, अर्थात्, अगुवा तथा प्रवक्तालाई नै विशेष आक्रमणको केन्द्रबिन्दु मानेको हुनसक्छ। यही कुरालाई जानेर, येशूले पत्रुसलाई भन्नुभयो, **"तर मैले तिम्रो विश्वास नडगमगाओस् भनेर तिम्रो निम्ति प्रार्थना गरें, र फेरि तिमी मतर्फ फर्केपछि** [वा "रूपान्तरित"; किङ्ग जेम्स् संस्करण (KJV)] **तिम्रा भाइहरूलाई स्थिर गराऊ"** (लूक २२:३२)। प्रेरितले भन्यो, **"हे प्रभु, म तपाईंसँग भ्यालखानमा र मृत्युसम्मै जान तयार छु"** (लूक २२:३३)। ख्रीष्टले यसो भन्नुहुँदा उहाँले आफ्नो शिर हल्लाउनुभएको हुनसक्छ, **"के तिमी आफ्नो प्राण मेरो निम्ति *दिनेछौ?*"** (यूह १३:३८क; जोड दिइएको छ)। दुःखित हुँदै उहाँले भन्नुभयो, **"पत्रुस, म तिमीलाई भन्दछु, तिमीले मलाई चिन्दिनँ भनेर तीन पल्ट अस्वीकार नगरुञ्जेल आज भाले बास्नेछैन"** (लूक २२:३४)।

मत्ती, लूका र यूहन्नाले एक पल्ट मात्र भाले बासेको कुरालाई उल्लेख गरेका छन् (मत्ती २६:३४; लूक २२:३४; यूह १३:३८), र मर्कूसले दुई पल्ट भाले बासेको बारे उल्लेख गरेका छन् (मर्कू १४:३०)। अरू खण्डहरूमा पनि एक जना लेखकले दुई वटा विवरणलाई

उल्लेख गरेको र अर्को लेखले एउटै मात्र विवरणलाई उल्लेख गरेको जस्तै (उदाहरणको लागि, मत्ती २०:३० र लूक १८:३५), यहाँको यो भिन्नता त्यति महत्त्वपूर्ण छैन। यसमा कुनै विरोधाभास छैन। जहाँ दुई हुन्छ, त्यहाँ एक त हुने भइहाल्यो। अरू लेखकहरूले समावेश नगरेको एउटा विवरण मर्कूसले थपेका छन्।

प्रभुले अरू दश चेलाहरूतर्फ फर्केर भन्नुभयो: **"आज राती मेरो कारणले *तिमीहरू* पछि हटिजानेछौ। किनभने यसो लेखिएको छ, 'म गोठालालाई प्रहार गर्नेछु, र बगालका भेड़ाहरू जताततै छरपष्ट हुनेछन्'"** (मत्ती २६:३१; जोड दिइएको छ; जक १३:७ हेर्नुहोस्)। येशूले त्यसपछि भन्नुभयो, **"तर म मृत्युबाट जीवित भएपछि तिमीहरूभन्दा अगि गालीलमा जानेछु"** (मत्ती २६:३२)। गालीलमा गरिएको प्रतिज्ञालाई ध्यानमा राख्नुहोस् (हेर्नुहोस्: मत्ती २८:७, १०, १६; यूह २१:१)। गोठालाले छरिएका बगाललाई बटुलेजस्तै, उहाँको पुनरुत्थानपछि उहाँले आफ्ना चेलाहरूलाई गालीलमा बटुल्नुहुनेछ।

येशूले बताउनुभएको कुरालाई पत्रुसले स्वीकार गर्न मानेनन्। त्यसपछि उनले भने, **"तपाईंको कारणले *सबै* जना पछि हटे तापनि *म* कहिल्यै पछि हट्नेछैनँ"** (मत्ती २६:३३; जोड दिइएको छ)। फेरि प्रभुले तिनलाई भन्नुभयो, **"साँच्चै, म तिमीलाई भन्छु, आजै राती भाले बास्न अघि तिमीले मलाई तीन पल्ट इन्कार गर्नेछौ"** (मत्ती २६:३४)। **तर तिनले झन् जोड दिएर भने, "तपाईंसँग म मर्नैपरे तापनि म तपाईंलाई इन्कार गर्नेछैनँ"** (मर्कू १४:३१क)। **अरू सबै चेलाहरूले पनि त्यसै भने** (मत्ती २६:३५ख)।

भविष्यमा आइपर्ने अवस्थाका निम्ति प्रेरितहरू तयार भइसकेका थिएनन् भन्ने कुरा स्पष्ट छ। येशूले यशैया ५३:१२ को वचन उदृढ गर्दै आफू मर्नुपर्ने बारेमा फेरि ठोकुवा गर्नुभयो (लूक २२:३७)। यसभन्दा पहिले चेलाहरूलाई जसरी मानिसहरूले स्वीकार गरेका थिए त्यसरी नै भविष्यमा पनि तिनीहरूलाई सकरात्मक तरिकाले स्वीकार नगर्न सक्छन् भन्ने कुराको चेतावनी समेत उहाँले तिनीहरूलाई दिनुभयो (लूक २२:३५, ३६; हेर्नुहोस्: मत्ती १०; लूक १०:१-१६)।

भविष्यको निम्ति तयारी हुने सल्लाह दिने क्रममा उहाँले तिनीहरूलाई तरवार किन्ने बारेमा समेत बताउनुभयो (लूक २२:३६)। उहाँले वास्तविक तरवारको बारेमा कुरा गरिरहनुभएको हो भन्ने चेलाहरूले सोचे र आफूहरूसँग दुई वटा तरवार छन् भनी तिनीहरूले येशूलाई बताए; त्यति भए पुग्छ भनी येशूले बताउनुभयो (लूक २२:३८)। बाह्र जना मानिसलाई प्रतिरक्षा गर्नका निम्ति दुई वटा तरवार पर्याप्त हुँदैन, तसर्थ ख्रीष्टले वास्तविक तरवारको बारेमा कुरा गरिरहनुभएको थिएन भन्ने कुराको संकेत त्यस तथ्यले तिनीहरूलाई दिनुपर्नेथियो। जसरी तिनीहरूले उहाँको आउन लागेको मृत्युको बारेमा उहाँले बताउनुभएका कुरालाई बुझ्न सकेका थिएनन् त्यसरी नै तिनीहरूले उहाँका यी वचनहरू बुझ्न सकेनन् (लूक २२:४९-५१ हेर्नुहोस्)।

प्रभु-भोजको स्थापना
(मत्ती २६:२६-२९; मर्कू १४:२२-२५; लूक २२:१९, २०; हेर्नुहोस्: १ कोर ११:२३-२६)

मत्ती २६:२६-२९

२६तिनीहरूले भोज खाइरहेको बेला येशूले रोटी लिनुभयो र आशीर्वाद दिनुभएपछि उहाँले त्यो भाँच्नुभयो र चेलाहरूलाई दिनुभयो र भन्नुभयो, "लेओ, खाओ, यो मेरो शरीर हो।" २७तब कचौरा पनि लिएर धन्यवाद दिई उहाँले तिनीहरूलाई यसो भनेर दिनुभयो,

“तिमीहरू सबैले यसबाट पिओ। [२८]किनभने यो नयाँ करारको मेरो रगत हो, जो धेरैका निम्ति पापको प्रायश्चितको लागि बगाइन्छ। [२९]तर म तिमीहरूलाई भन्दछु, कि दाखको यस फलबाट म तबसम्म पिउनेछैनँ, जबसम्म आफ्ना पिताको राज्यमा तिमीहरूसँग नयाँ गरी पिउँदिनँ।”

मर्कूस १४:२२-२५

[२२]अनि खाइरहनुहुँदा येशूले रोटी लिनुभयो, आशीर्वाद दिनुभयो र भाँच्नुभयो र तिनीहरूलाई दिँदै भन्नुभयो, “लेओ, यो मेरो शरीर हो।” [२३]अनि कचौरा लिएर धन्यवाद दिनुभएपछि उहाँले तिनीहरूलाई दिनुभयो, र तिनीहरू सबैले त्यसबाट पिए। [२४]अनि उहाँले तिनीहरूलाई भन्नुभयो, “यो नयाँ करारको मेरो रगत हो, जो धेरैका निम्ति बगाइन्छ। [२५]साँच्चै, म तिमीहरूलाई भन्दछु, म दाखको रसबाट त्यस दिनसम्म पिउनेछैनँ, जहिलेसम्म परमेश्वरको राज्यमा त्यो नयाँ गरी पिउँदिनँ।”

लूका २२:१९, २०

[१९]अनि उहाँले रोटी लिनुभयो र धन्यवाद चढ़ाउनुभएपछि त्यो भाँच्नुभयो र तिनीहरूलाई यसो भन्दै दिनुभयो, “तिमीहरूका निम्ति दिइएको यो मेरो शरीर हो। मेरो सम्झनामा यो गर्ने गर।” [२०]यसै गरी खाइसक्नुभएपछि उहाँले कचौरा लिनुभयो र भन्नुभयो, “यो कचौरा तिमीहरूका निम्ति बगाइएको मेरो रगतमा स्थापित गरिने नयाँ करार हो।”

निस्तार-चाड नजिकै थियो र येशूले सबैभन्दा नित्य स्मारक-विधिको स्थापना गर्नुभयो: साँझको कुन समयमा येशूले प्रभु-भोजको स्थापना गर्नुभयो भन्ने कुरा स्पष्ट छैन। “तिनीहरूले भोज खाइरहेको बेला” भनेर मत्ती र मर्कूसले उल्लेख गरेका छन् (मत्ती २६:२६; मर्कू १४:२२), तैपनि “भोज खाएपछि” यसलाई स्थापना गरिएको हो भनेर पावलले सूचित गरेका छन् (१ कोर ११:२५)। यसलाई अवश्य नै निस्तार-चाडको अन्त्यतिर वा अन्त्यमा स्थपना गरिएको हो।

तिनीहरूले भोज खाइरहेको बेला येशूले रोटी लिनुभयो (मत्ती २६:२६क; हेर्नुहोस्: मर्कू १४:२२; लूक २२:१९), निस्तार-चाडको समयमा अखमिरी रोटी प्रयोग गरिन्थ्यो। “र धन्यवाद दिनुभएपछि उहाँले त्यो भाँच्नुभयो, र भन्नुभयो, ‘यो तिमीहरूका निम्ति मेरो शरीर हो। यो मेरो सम्झनाको निम्ति गर’” (१ कोर ११:२४)।

हामी कसैलाई फोटो देखाएर “मेरा नातानातिनाहरू यिनै हुन्” भनी भन्छौं, त्यस्तै **“यो मेरो शरीर हो”** भनेर येशूले सांकेतिक भाषालाई प्रयोग गरिरहनुभएको थियो। रोटीले उहाँको शरीरलाई प्रतिनिधित्व गर्छ र यसलाई चाँडै रोमी क्रूसमा झुण्डाइनेछ भन्ने कुरा ख्रीष्टले यस अभिव्यक्तिद्वारा बताउनुभयो।

“त्यसै गरी खाएपछि उहाँले कचौरा लिएर” (१ कोर ११:२५क)। यो कचौरा **दाखको ... फलबाट** रसले भरिएको थियो (मत्ती २६:२९)। यो निस्तार-चाडमा प्रयोग गरिने तेस्रो कचौरा थियो भन्ने अनुमान कतिपयले गर्छन्। परम्परागत हसाबमा इस्राएलीहरूले प्रस्थान ६:६, ७ मा दिइएको प्रतिज्ञाको स्मरणस्वरूप तेस्रो कचौरालाई प्रयोग गर्थे: “म तिमीहरूलाई ... छुटकारा दिनेछु।” पुरानो करारको त्यस प्रतिज्ञाका शब्दहरू प्रभु-भोजसँग मिल्छ, तर “खाएपछि” येशूले करौरा लिनुभयो भन्ने वाक्यसँग यसलाई समरूप गर्न कठिन छ (१ कोर ११:२५)। **... धन्यवाद दिई उहाँले तिनीहरूलाई यसो भनेर दिनुभयो, “तिमीहरू सबैले**

यसबाट पिओ। किनभने यो नयाँ करारको मेरो रगत हो, जो धेरैका निम्ति पापको प्रायश्चितको लागि बहाइन्छ" (मत्ती २६:२७, २८; हेर्नुहोस्: मर्कू १४:२४; लूक २२:२०)। उहाँको इच्छा अनुसार गर्नेहरूलाई पापको क्षमा दिइन्छ भन्ने कुरालाई सुनिश्चित गर्नु उहाँको मृत्युको प्राथमिक उद्देश्य हुनेछ भन्ने कुरा येशूले यस वचनद्वारा प्रकट गर्नुभयो (हेर्नुहोस्: १ कोर १५:३; एफि १:७)।

उहाँले "मेरो सम्झनामा यो ... गर" भनी एघार चेलालाई निर्देशन दिनुभयो (१ कोर ११:२५ख)। त्यसपछि उहाँले भन्नुभयो, **"दाखको यस फलबाट म तबसम्म पिउनेछैनँ, जबसम्म आफ्ना पिताको राज्यमा तिमीहरूसँग नयाँ गरी पिउँदिनँ"** (मत्ती २६:२९)। हामीले पहिले नै टिपोट गरेजस्तै, राज्यको संसारिक प्रकटिकरण मण्डली हो। प्रत्येक पल्ट प्रभु-भोजको निम्ति मण्डली भेला हुँदा, यसले ख्रीष्टसँग मिलाप गराउँछ। पावलले लेखेका छन्, "आशिष्का त्यो कचौरा जुनको निम्ति हामी आशिष् माग्छौं, के त्यो ख्रीष्टको रगतमा हुने सहभागिता होइन र? त्यो रोटी, जुन हामी भाँच्छौं, के त्यो ख्रीष्टको शरीरमा हुने सहभागिता होइन?" (१ कोर १०:१६, १७)।

प्रभु-भोजलाई उहाँको आगमनसम्म स्मरणको रूपमा निरन्तर जारी राख्नुपर्छ भन्ने अभिप्राय ख्रीष्टको थियो (१ कोर ११:२६)। यो स्मरण-विधीलाई प्रारम्भिक मण्डलीले प्रत्येक हप्ताको पहिलो दिन लिने गर्थे, र यो क्रम आजसम्म पनि जारी नै छ।

प्रयोग: "मेरो सम्झनामा यो गर्ने गर"[19]
(मत्ती २६:२६; मर्कू १४:२२; लूक २२:१९)

वर्षौं पहिले, "यू आर देयर," अर्थात्, तपाईं त्यहीं हुनुहुन्छ भन्ने एउटा टेलिभिजन कार्यक्रम साप्ताहिक रूपमा प्रशारण गरिन्थ्यो। प्रत्येक हाप्ता कुनै नै कुनै ऐतिहासिक घटनालाई आधुनिक रूपमा प्रदर्शन गरिन्थ्यो र यसले वास्तवमा दर्शकहरूलाई विगतको घटनामा लिएर जान्थ्यो र अत्यन्तै प्रभाव पर्थ्यो। प्रत्येक आइतबार हामी प्रभु-भोज टेबलको वरिपरि जम्मा हुँदा यस्तै हुँदछ। सी. ए. ब्राउन (C. A. Brown) ले त्यस्तै विचार व्यक्त गरेका छन्:

> केही समय पहिलेको मात्र कुरा हो, म शताब्दीहरूलाई पार गर्दै विश्वासको पखेटाले उडेर "पवित्र भूमि" मा पुगेँ। म प्रतिज्ञाको देशमा पुगेँ—"दुध र मह बग्ने" देश। कुनै बेला अब्राहम, र याकूबले आफ्ना जीवन बिताएको दानदेखि बेर्शेबासम्मको भूमिमा मैले यात्रा गरेँ। ख्रीष्टको जन्म हुँदा स्वर्गदूतहरूले आनन्दसाथ गाएका त्यस अकथनीय आवाजलाई सुनेँ अनि भर्खरै जन्मेको राजालाई उदेकका साथ अवलोकन गरेँ।
>
> दुष्टको थिचोमिचोमा परेकाहरू सबैका निम्ति असल काम गर्दै र तिनीहरूलाई चंगाइ गर्दै येशू अघि बढ्नुहुँदा म पनि उहाँ सँगसँगै हिँडेँ। जीवन सम्बन्धी उहाँका सुन्दर वाणीहरूलाई मैले सुनेँ र दयाले भरिएर मृतकहरूलाई जीवित पार्नुभएको घटनालाई पनि मैले अवलोकन गरेँ। गालीलका किनारहरूमा म, उहाँकै पाइलाहरूमा टेक्तै हिँडेँ र उहाँले आँधीलाई हप्काउनुभएको र छाललाई शान्त पार्नुभएको उदेकको दृश्यलाई हेरेँ। म उहाँसँगै गरीब-दु:खीका घरमा गएँ अनि तिनीहरूका बीचमा राज्य आइरहेको छ भनी उहाँले प्रचार गर्नुभएको सुनेँ।
>
> यहूदाले उहाँलाई चाँदीका जाबो केही सिक्काका लागि धोका दिएको देख्दा मलाई

---

[19]यस प्रयोग-खण्डको निम्ति प्रयोग गरिएको एउटा स्रोत जर्ज डब्ल्यू. डिहोफ (George W. DeHoff) को, *सुसमाचार उपदेशहरू* हो (मर्फ्रीबोरो, टेन्.: डिहोफ पब्लिकेसनस्, १९५३), १६८-८२।

रीस उठ्यो अनि दु:ख लाग्यो। तिनीहरूले प्रभुलाई पिलातसकहाँ लैजाँदै गरेको देख्दा, र निर्दोष व्यक्ति विरुद्ध झूटा गवाही दिएको देख्दा मेरो मन वेदनाले भरियो। सिपाहीहरूले एक जना सज्जन व्यक्तिको शिरमा काँडाको मुकुट लगाइदिएको र त्यस पवित्र अनुहारमा थुकेको देखेँ। भीडले येशूको रगतको निम्ति चिच्याएको मैले सुनेँ र उहाँलाई क्रूसमा चढाउन लैजाँदा तिनीहरूले पछ्याएको देखेँ। सेनाहरूले उहाँका थर्थराइरहेका हत्केला अनि खुट्टामा किला ठोक्दा हतौडी बजेको झस्काउने आवाजलाई मैले सुनेँ, अनि उहाँलाई क्रूसमा लम्पसार गरी थेचार्दा उहाँको मुखबाट गडबडाहडको एक शब्द निस्केको मैले सुनिनँ।

त्यस बेला मरियमको "हृदयलाई तिखो तरवारले घोच्यो," त्रास र वेदनाको विवश भाव उनको अनुहारमा देखिन्थ्यो। अनि परेमश्वरका पुत्रले यसो भनेको मैले सुनेँ, "हे पिता! यिनीहरूलाई क्षमा गर्नुहोस् किनभने यिनीहरूले जे गरिरहेका छन्, त्यो यिनीहरूलाई थाहा छैन।" त्यति खेर सूर्यमा ग्रहण लगेर अँध्यारो भयो। सहर बाहिर त्यो दिन भएको त्यस भयंकर घटनाको विरोध गर्दै वायुमण्डलले विद्रोह गरेको जस्तो यो देखिन्थ्यो। करुणामय हातहरूले मृत शरीरलाई त्यो क्रूसबाट ओरालेर एउटा नयाँ चिहानमा राखेको मैले देखेँ।

तेस्रो दिन बिहानै, उदेकका साथ मैले चिहानमा हेरेँ र "उहाँ यहाँ हुनुहुन्न। उहाँले भन्नुभएजस्तै उहाँ जीवित हुनुभयो। आऊ, प्रभुलाई राखिएको ठाउँमा हेर।" भन्ने उत्साहित आवाजलाई मैले सुनेँ। चेलाहरूसँगै म पनि जैतून डाँडामा पुगेँ र येशू आफ्ना पिताकहाँ उचालिनुभएको दृश्य हेरेँ। स्वर्गदूतहरूले यसो भनेको मैले सुनेँ, "उहाँलाई जसरी तिमीहरूले अहिले गइरहेका देख्यौ, त्यसरी नै उहाँ फेरि कुनै दिन फर्की आउनुहुनेछ।"

हो, म त्यहीं थिएँ। नयाँ करारमा स्पष्ट रूपमा प्रस्तुत गरिएका ती अचम्मका दृश्यहरूलाई मैले मेरो मनस्थितिबाट पुन :अवलोकन गरेँ। म त्यहाँ थिएँ—प्रभुको अन्तिम दिनमा, उहाँले यसो भनी निर्देशन दिनुहुँदा त्यो भोजको टेबलमा मैले प्रभुलाई भेटेँ, "मेरो सम्झनाको लागि यसै गर्ने गर।"[20]

हाम्रो इसाई अनुभूतिको लागि प्रभु-भोज अत्यावश्यक कुरा हो। आजभन्दा लगभग दुई हजार वर्ष पहिले येशू आफैले यसलाई स्थापना गर्नुभएको हो। उहाँको मृत्यु हुनुभन्दा केही समय अघि ख्रीष्ट र उहाँका चेलाहरूले खानुभएको निस्तार-चाडको भोजको अवसरमा यसको स्थापना गरिएको थियो। मत्ती २६, मर्कूस १४, लूका २२, र १ कोरिन्थी ११ मा यसको बाइबलीय विवरण पाइन्छ।

मानिसहरू चाँडै बिर्सन्छन्! यसैकारणले, स्मरणका लागि हामी गृह र समारोहजस्ता स्मारकहरूको स्थापना गर्छौं। परमेश्वरको भलापनको बारेमा हामीलाई स्मरण दिलाउने इन्द्रेणी (उत ९:८-१७), परमेश्वर आफूसँग हुनुहुन्छ भन्ने कुरा याकूबलाई याद दिलाउने ढुङ्गा (उत २८:१०-२२), र मिश्रदेशबाट इस्राएलीहरूलाई छुटकारा गरिएको स्मरण गराउने निस्तार-चाड (प्रस १२:१४), लगायत अन्य धेरै स्मारकहरूका बारेमा बाइबलमा उल्लेख गरिएको छ। आज, हाम्रा मृतक प्रियजनहरूलाई याद गरियोस् भनेर हामी उनीहरूका चिहानमा समाधि-स्तंभ बनाउँछौं। मानिसहरूले चाँडै बिर्सिदिन्छन् भन्ने कुरालाई बुझेर नै येशूले सबैभन्दा महान स्मारकको स्थापना गर्नुभयो: प्रभु-भोज।

त्यो स्मारकमा, आफूले चाहेको जुनसुकै सामाग्रीलाई उहाँले छनौट गर्न सक्नुहुन्थ्यो।

---

[20]"आइ वाज देयर" ("I Was There"), साप्ताहिक बुलेटिनबाट लिइएको हो, दशौं र फ्रान्सिस् चर्च अफ क्राइष्ट, ओक्लोहोमा सिटि, १९५६-६०।

संगमरमर, बुमूल्य धातु, मूल्यवान गहना—सबै प्रयोग गर्न सक्नुहुन्थ्यो, किनभने हालसम्म स्थापना गरिएका सबै स्मारकहरूभन्दा महान स्मारणको योग्य उहाँ हुनुहुन्छ। तैपनि, उहाँले पृथ्वीको सबैभन्दा आम वस्तुहरूमध्येका दुई वस्तुलाई प्रयोग गर्नुभयो।

(१) *रोटी।* "तिनीहरूले भोज खाइरहेको बेला येशूले रोटी लिनुभयो र आशीर्वाद दिनुभएपछि उहाँले त्यो भाँच्नुभयो र चेलाहरूलाई दिनुभयो र भन्नुभयो, 'लेओ, खाओ, यो मेरो शरीर हो'" (मत्ती २६:२६)। सम्भवत: अस्तित्वमा रहेको सबैभन्दा विश्वप्रचलित खानेकुरा रोटी नै हो; लगभग सबै ठाउँका सबैले रोटी खाने गर्छन्। रोटी बनाइने मुख्य अन्न गहूँ, पृथ्वीको सबैभन्दा प्रचलित अनाज हो।

ख्रीष्टले कस्तो प्रकारको रोटी प्रयोग गर्नुभयो? यसको बारेमा जानकारी नपाएकाहरूले प्रभु-भोजमा सोडा हालिएको बिस्कुट, फ्रेन्च रोटी, वा अन्य खमिर हालिएको रोटी प्रयोग गर्छन्। तैपनि, याद गर्नुहोस्, येशूले प्रभु-भोजको स्थापना निस्तार-चाडको बेला गर्नुभएको हो (मत्ती २६:१९)। त्यस चाडमा, घरबाट सबै खमिरलाई हटाइन्थ्यो (प्रस १२:१५) अनि चाडको बेला अखमिरी रोटी प्रयोग गरिन्थ्यो (प्रस १२:८)। प्रभु-भोजको स्थापना गर्दा पनि *यही* रोटी प्रयोग गरिएको थियो। अखिमरी रोटीले विशेष गरी येशूको शरीरलाई प्रतिनिधित्व गर्छ भन्ने कुरा उचित देखिन्छ: नयाँ करारमा, पापको व्यापक प्रभावलाई उल्लेख गर्न प्राय: खमिर शब्दलाई प्रयोग गरिएको छ (१ कोर ५:८ हेर्नुहोस्)। अखमिरी रोटी ख्रीष्टको पापरहित शरीरको उपयुक्त प्रतिक हो (हिब्रू ४:१५)।

(२) दाखको फल।

> तब कचौरा पनि लिएर धन्यवाद दिई उहाँले तिनीहरूलाई यसो भनेर दिनुभयो, "तिमीहरू सबैले यसबाट पिओ।... तर म तिमीहरूलाई भन्दछु, कि दाखको यस फलबाट म तबसम्म पिउनेछैनँ, जबसम्म आफ्ना पिताको राज्यमा तिमीहरूसँग नयाँ गरी पिउँदिनँ" (मत्ती २६:२७-२९)।

त्यो समय र स्थानमा, "दाखको फलले" दाखको फललाई बुझाउँथ्यो। प्रभु-भोजलाई उल्लेख गरिएको खण्डमा "रक्सी" अर्थ दिने ग्रीक शब्द (οἶνος, *ओइनोस्, oinos*) लाई प्रयोग गरिएको छैन, तर "दाखको फल" (τοῦ γενήματος τῆς ἀμπέλου, *तोउ जेनेमातोस तेस अम्पेलोउ, tou genēmatos tēs ampelou*) भन्ने वाक्य प्रयोग गरिएको छ। यसले दाखको रसलाई पनि समावेश गर्छ। दाख पनि सामान्य खानेकुरा हो। गहूँ जत्तिको विश्वव्यापी नभए तापनि, धेरैजसो ठाउँमा दाख किन्न पाइन्छ। फेरि, प्रभु-भोज सेवाको यो भागमा "दाखको फल" को प्रयोग उचित छ। यसको प्रयोग संयोगवस गरिएको हुनसक्छ अथवा नहुनसक्छ, तैपनि दाखको रातो रसले[21] येशूको रगतलाई प्रतिनिधित्व गर्छ भन्ने कुरालाई हामीमध्ये धेरैले मानिलिन्छौं।

येशूले यस सरल स्मारकलाई दुई वटा सामान्य सामग्रीहरू प्रयोग गरी स्थापना गर्नुभयो: अखमिरी रोटी र दाखको फल। दु:खको कुरा, कतिपयले *साह्रै* नै सरल भयो भन्छन्, त्यसैले प्रभु-भोज सेवालाई तिनीहरूले रहस्यमय बनाएका छन्। यस क्रममा एउटा "द मास" ("the mass") अर्थात्, ख्रीष्टयाग (ख्रीष्टको बलिदान) भनिने विस्तृत विधि समारोहको विकास गरिएको छ। यो विधिको अवधिमा (दाबी गरिए अनुसार) प्रयोग गरिने रोटी येशूको वास्तविक शरीरमा परिवर्तन हुन्छ र दाखरस येशूको वास्तविक रगतमा परिवर्तन हुन्छ।

---

[21]दाखको रातो रसलाई मात्र प्रयोग गर्नुपर्छ भन्न खोजिएको होइन। कुनै पनि रङ्गको दाख-रसलाई प्रयोग गर्न सकिन्छ।

यो परिवर्तनलाई "तत्व परिवर्तन" ("transubstantiation") भनिन्छ। (यी वस्तुहरू रोटी र दाखरसजस्तै *देखिन्छन्* र *स्वाद* पनि उही हुन्छ भन्ने कुरालाई तिनीहरू मानिलिन्छन्, तर यी प्रभुको वास्तविक शरीर र रगतमा परिवर्तन भइसकेका हुन्छन् भन्ने दाबी तिनीहरू गर्छन्।) यो मान्यताको पक्षमा बोल्ने क्रममा, येशूले "यो मेरो शरीर *हो*" र "यो ... मेरो रगत *हो*" भनी भन्नुभयो भन्ने कुरालाई तिनीहरू औंल्याउँछन् (मत्ती २६:२६, २८; जोड दिइएको छ)।

बाइबलको अर्थ लगाउने क्रममा सामान्य विवेकको प्रयोग गर्नु आवश्यक छ। येशू आफ्ना चेलाहरूका अघि खडा हुनुभएको थियो—उहाँको शरीर यथावत् थियो र उहाँको शरीरमा नसाबाट रगत बगिरहेकै थियो—त्यसकारण रोटी र दाखरसको अर्थ वास्तविक शरीर र रगत नै हो भन्ने अभिप्राय उहाँको थिएन। "दाखको बोट म *हुँ*" र "ढोका म नै *हुँ*" भनी भन्नुहुँदा, उहाँले आख्यान वा सांकेतिक भाषाको प्रयोग गरिरहनुभएको थियो (यूह १५:५; १०:९; जोड दिइएको छ)। उहाँ वास्तविक दाखको बोट वा वास्तविक ढोका हुनुहुन्छ भनेर उहाँले बताउनुभएको होइन। बरु, उहाँ र दाखको बोट, उहाँ र ढोकाबीच केही समानता रहेका छन् भन्ने यसको अर्थ हो। "यो मेरो शरीर *हो*" र "यो ... मेरो रगत *हो*" भन्ने अभिव्यक्तिमा त्यस्तै सांकेतिक भाषालाई उहाँले प्रयोग गर्नुभएको हो (जोड दिइएको छ)।

प्रभु-भोजलाई धेरै नामद्वारा उल्लेख गरिएको सुनिन्छ: "युकरेस्ट" ("eucharist") अर्थात् परमप्रसाद, "मास" ("mass"), अर्थात् ख्रीष्टयाग (ख्रीष्टको बलिदान), "साक्रमेन्ट" ("sacrament") अर्थात् परमसंस्कार इत्यादि। "प्रभु-भोजलाई के *भन्ने*?" भनेर मानिसहरू प्रश्न गर्छन्। धर्मशास्त्रमा यो स्मरण-समारोहलाई जनाउन चार वटा शब्दहरू प्रयोग गरिएका छन्: "प्रभु-भोज" (१ कोर ११:२०), "रोटी भाँच्ने" (प्रे २:४२; हेर्नुहोस्: २०:७), "सहभागिता" (१ कोर १०:१६; किङ्ग जेम्स् संस्करण [KJV]), र "प्रभुको कचौरा" (१ कोर १०:२१)। हामीले बाइबलीय शब्दावलीलाई नै प्रयोग गर्नु राम्रो हो (१ पत्र ४:११)।

शायद, प्रभु-भोजको विषयमा सबैभन्दा बढी गरिने प्रश्न भनेको "प्रभु-भोजमा *कहिले* सहभागी हुने?" यसलाई स्थापना गर्ने क्रममा, येशूले भन्नुभयो, "किनभने *जहिले-जहिले* तिमीहरू यो रोटी खान्छौ र यस कचौराबाट पिउँछौ, उहाँ नआउञ्जेल तिमीहरू प्रभुका मृत्युको घोषणा गर्दछौ" (१ कोर ११:२६; जोड दिइएको छ)। कति पल्ट गर्ने र कहिले गर्ने भनेर निश्चित रूपमा भनिएको छैन। त्यसैले यसलाई चाहेको बेला गर्न सकिन्छ भन्ने निष्कर्ष कतिपयले निकालेका छन्। यहाँ नजिकै पर्ने सहरको एउटा मण्डलीको साइनबोर्डमा यस्तो सन्देश लेखिएको छ: "आइतबार—पवित्र मेलमिलाप [समय]; बुधबार—पवित्र मेलमिलाप [समय]; बिहिबार र पवित्र दिनहरू—पवित्र मेलमिलाप [समय]।"

प्रभु-भोज कति पल्ट गर्नुपर्छ भन्ने प्रश्नको बाइबलीय उत्तर प्रारम्भिक मण्डलीको उदाहरणमा पाइन्छ: "हप्ताको पहिलो दिन" इसाईहरू प्रभु-भोजमा सहभागी हुन्थे (प्रे २०:७)—प्रारम्भिक मण्डलीको सार्वजनिक भेटघाट गर्ने विशेष दिनमा (१ कोर १६:१, २)। हप्ताको पहिलो दिनबाहेक अन्य दिनमा प्रभु-भोज संचालन गरेको बारे बाइबलीय उदाहरण पाइदैन। हप्ताको पहिलो दिन (जसलाई हामी आइतबार भन्छौं) ले इसाईहरूका निम्ति विशेष स्मरणहरू बोकेको हुन्छ: ख्रीष्ट हप्ताको पहिलो दिनमा बौरी उठ्नुभयो र त्यही दिन उहाँ आफ्ना चेलाहरूकहाँ देखापर्नुभयो (मत्ती २८:१-६; यूह २०:२६)। मण्डलीको

स्थापना हप्ताको पहिलो दिनमा भएको थियो (प्रे २:१-४; लेवी २३:१५, १६)।

प्रारम्भिक मण्डलीले हप्ताको पहिलो दिन प्रभु-भोजमा सहभागी हुन्थे भन्ने कुरा बाइबलीय विवरणमा उल्लेख गरिएको छ। तिनीहरू "हप्ताको पहिलो दिन" (१ कोर १६:२) "रोटी *भाँच्न*" भेला हुन्थे (प्रे २०:७; जोड दिइएको छ)। किङ्ग जेम्स् संस्करण (KJV) मा "हप्ताको पहिलो दिन" भन्ने मात्रै छ; तर प्रत्येक हप्ताको पहिलो दिन हुने भएकोले, यसले *प्रत्येक* पहिलो दिनलाई संकेत गर्छ। (पुरानो करारमा उल्लेख यस्तै वाक्यको प्रयोगलाई प्रस २०:८ मा हेर्नुहोस्। "शबाथ-दिन" भनेको *हरेक* हप्ताको सातौं दिन पवित्र हुनुपर्छ भन्ने हो।) प्रभुको पालामा हुने प्रत्येक आराधना सेवा प्रभु-भोजमा केन्द्रित हुन्थ्यो, त्यसैले तिनीहरूले अवश्य नै साप्ताहिक रूपमा प्रभु-भोज सेवा गर्थे। यो निष्कर्षलाई मण्डलीको प्रारम्भिक शताब्दीका अनुत्प्रेरित इसाई लेखकहरूले पुष्टि गरेका छन्।[22] इतिहासकार जोन लाउरेन्स् मोशेम (John Laurence Mosheim) ले लेखेका छन्, "इसाई आराधनामा भजन गाउने, प्रार्थना गर्ने, र धर्मशास्त्र पढ्ने, मानिसहरूलाई सन्देश दिने आदि क्रियाकलाप गरिन्थ्यो अनि प्रभु-भोज खाएपछि यसलाई समाप्त गरिन्थ्यो।"[23]

अर्को प्रश्न हुनसक्छ: "*कसको निम्ति* प्रभु-भोजको स्थापना गरियो?" दाखरसले "धेरैका निम्ति पापको प्रायश्चितको लागि बगाइन्छ" "रगत" लाई प्रतिनिधित्व गर्दछ भनी ख्रीष्टले भन्नुभयो (मत्ती २६:२८)। त्यसैले, रगतद्वारा किनिएको क्षमादानलाई अनुभव गर्नेहरूका निम्ति यसको विशेष महत्त्व छ (प्रे २:३८; २०:२८; प्रका १:५, ६)। यसको साथै, प्रभु-भोज राज्यको विधि हो भनी येशूले सूचित गर्नुभयो (मत्ती २६:२९)। राज्य मण्डली हो (मत्ती १६:१८, १९) त्यसैले, प्रभु-भोज प्रभुको मण्डलीका सदस्यहरूका निम्ति हो। संसारका केही भागमा प्रभु-भोजमा इसाईहरूलाई मात्र सहभागी गराइन्छ। १ कोरिन्थी ११:२८ लाई यही अवस्थामा प्रयोग गर्न सकिन्छ भन्नेमा धेरैजसो स्थानका मण्डली सदस्यहरूले विश्वास गर्छन्: "हरेक मानिसले आफूलाई जाँचोस्।" त्यसैले तिनीहरूले प्रत्येक उपस्थित व्यक्तिलाई, प्रभु-भोजमा आफू सहभागी हुने कि नहुने त्यसबारे आफै निर्णय गर्न दिन्छन्।

अन्त्यमा हामी प्रश्न गर्छौं, "प्रभु-भोजको *उद्देश्य* के हो?" फेरि, परमेश्वरले तय गर्नुभएको यस "सरल" व्यवस्थाप्रति कतिपय मानिसहरू सन्तुष्ट छैनन् (२ कोर ११:३; न्यू अमेरिकन स्टयाण्डर्ड बाइबल [NASB]) र रहस्यमय आशिषहरूका बारेमा बताउँछन्। प्रभु-भोजमा सहभागी हुनुको उद्देश्य पापक्षमा प्राप्ता गर्नु हो भनेर समेत कतिपयले सिकाउँछन्।

नयाँ करारले उल्लेख गरे अनुसार प्रभु-भोज *स्मरण सेवा* हो। हामीमध्ये धेरैसँग विशेष व्यक्ति तथा विशेष अवसरलाई याद गर्न सहायता गर्ने चिनो वा निशानी हुन्छ। त्यस्तै, उहाँलाई र उहाँको बलिदानको सम्झना गर्न हामी प्रभुको मेच वरिपरि भेला हुन्छौं। प्रभु-भोजमा सहभागी हुँदा हामीले पाँच-कुरालाई हेर्नुपर्छ भनेर सुझाव दिइन्छ:

1. हामीले *विगतको* त्यस क्रूसलाई हेर्नुपर्छ र येशूले हाम्रोलागि के गर्नुभयो त्यसलाई सम्झनुपर्छ।

---

[22]यी लेखकहरूमध्ये जस्टिन मार्टिर (Justin Martyr) पनि थिए *एपोलोजी* १.६७।

[23]जोन लउरेन्स् मोशेम (John Laurence Mosheim), *एन एक्लेजियास्टिकल हिस्ट्री, एन्सियन्ट एण्ड मर्डन,* ट्रान्स. आर्किबाल्ड माक्लेइन (Archibald Maclaine), भोल. १ (न्यू योर्क: हार्पर एण्ड ब्रदर्स, १८७१), ३०३।

2. हामीले *माथि,* येशूलाई हेर्नुपर्छ, जो अहिले स्वर्गमा हुनुहुन्छ। प्रभु-भोजमा सहभागी भएर हामी, उहाँ मृत्युबाट बौरी उठ्नुभयो र आफ्ना पिताकहाँ उचालिनुभयो भन्ने कुरालाई पुष्टि गर्छौं।
3. हामीले *भविष्यमा* हुने ख्रीष्टको आगमनलाई हेर्नुपर्छ, प्रतिक्षा गर्नुपर्छ। हामीले प्रभु-भोजमा सहभागी भएर प्रभु "उहाँ नआउञ्जेल" उहाँको मृत्युको प्रचार गर्छौं भनी पावलले लेखेका छन् (१ कोर ११:२६)। एक हिसाबले हेर्दा, प्रभु-भोजको सेवाले उहाँको दोस्रो आगमनको प्रतिज्ञाको रूपमा काम गर्छ। प्रभु-भोजमा सहभागी भएर हामीले स्वर्गमा हुने "ठूलो विवाह-भोज" लाई चाखेका छौं, जुन भोजमा हामी उहाँसँगै खान बस्नेछौं (प्रका १९:७, ९)।
4. हामीले *बाहिर,* आफ्ना सङ्गी इसाईहरूलाई हेर्नुपर्छ। "आशिष्का ... कचौरा" र "रोटी" को प्रभु-भोज सेवामा सहभागी हुँदा हामी ख्रीष्टसँग मात्र होइन तर एक-अर्काबीचमा पनि भाइचारा आदनप्रदान गरिरहेका हुन्छौं, संगती गरिरहेका हुन्छौं (१ कोर १०:१६)। "किनभने रोटी एउटै हो, हामी धेरै भए तापनि एउटै शरीर हौं, किनकि हामी सबै एउटै रोटीबाट खान्छौं" (१ कोर १०:१७)।
5. हामीले हाम्रो *आन्तरिक* भागलाई हेर्नुपर्छ र आत्म-जाँच गर्नुपर्छ। "हरेक मानिसले आफूलाई जाँचोस्, अनि मात्र त्यसले रोटी खाओस्, र कचौराबाट पिओस्" (१ कोर ११:२८; किङ्ग जेम्स् संस्करण [KJV])।

यो महान स्मरण-सेवाको निम्ति हामीले कसरी *तयारी* गर्ने? सामान्य तयारी साथै विशेष तयारी गर्नु आवश्यक हुन्छ। जसरी हामी सर्वशक्तिमानको निम्ति हाम्रो आराधनालाई तयारी गर्छौं त्यसरी नै प्रभु-भोजको निम्ति हामीले हाम्रो हृदय र जीवनलाई तयारी गर्नुपर्छ। कोरिन्थीका विश्वासीहरूलाई पावलले भने, "तिमीहरू प्रभुको कचौरा र भूतप्रेतको कचौरा दुवैबाट पिउन सक्दैनौ। तिमीहरू प्रभुको टेबिल र भूतप्रेतको टेबिल दुवैबाट खान सक्दैनौ" (१ कोर १०:२१)। "भूतको कचौरा" र "भूतको टेबिल" भनेका मूर्तिहरूलाई बलिदानस्वरूप चढाइएका खानेकुरा हुन्। शनिबारको दिन मूर्तिलाई बलिदानस्वरूप चढाइएको मासु खाएर आइतबारको दिन प्रभु-भोजमा सहभागी हुनु तिनीहरूका निम्ति असंगतको कुरा हुनेथियो। त्यस्तै, ख्रीष्टको सिद्धान्त अनुरुप जीवन जीउनका लागि हामीले भरमकदूर प्रयास गर्नुपर्छ।

प्रभु-भोजमा सहभागी हुनको निम्ति हामीले विशेष तयारी पनि गर्नैपर्छ—हाम्रो हृदयलाई तयारी गर्ने काम। १ कोरिन्थी ११ मा पावलले के लेखेका छन्, याद गरौं:

> यसकारण जसले अयोग्य रीतिले प्रभुको रोटी खान्छ, कि प्रभुको कचौराबाट पिउँछ, त्यो मानिस प्रभुको शरीर र रगतलाई अपवित्र तुल्याएकोमा दोषी ठहरिनेछ। हरेक मानिसले आफूलाई जाँचोस्, अनि मात्र त्यसले रोटी खाओस्, र कचौराबाट पिओस्। किनकि प्रभुको शरीरलाई नचिनिकन जसले खान्छ र पिउँछ त्यसले त्यो खाएको र पिएको कारणले आफूमाथि दण्ड ल्याउनेछ (पद २७-२९)।

किङ्ग जेम्स् संस्करण (KJV) मा यसरी लेखिएको छ, "जसले प्रभुको यो रोटीबाट *अयोग्य तरिकाले* खान्छ अनि प्रभुको कचौराबाट अनुचित तरिकाले पिउँछ, त्यो प्रभुको शरीर र रगतको निम्ति दोषी ठहरिनेछ" (जोड दिइएको छ)। प्रभु-भोजमा सहभागी हुनको निम्ति "योग्य" हुनुपर्छ भनी यसलाई कहिलेकहीं अर्थ्याइन्छ—तर किङ्ग जेम्स् संस्करण (KJV) मा प्रयोग गरिएको शब्द "योग्य" होइन, तर "योग्य तरिकाले" हो। यसले हाम्रो आचरणलाई होइन, तर रोटी र दाखको फलमा हामी *कसरी सहभागी* हुन्छौं त्यसलाई

उल्लेख गर्दछ। न्यू अमेरीकन स्टयाण्डर्ड बाइबल (NASB) मा "अयोग्य *रीतिले*" भन्ने वाक्य प्रयोग गरिएको छ। प्रभु-भोजमा सहभागी हुनको निम्ति हामी कोही पनि योग्य छैनौं, तर प्रभु-भोजले प्रतिनिधित्व गर्ने सम्पूर्ण कुरामा हाम्रा ध्यानलाई केन्द्रित गरेर, हामी सबै यो सेवामा सहभागी हुनसक्छौं।

धेरैजसो इसाईहरू, प्रभु-भोज सेवाको अवधिमा येशूको बलिदानमा आफ्ना मनलाई केन्द्रित गर्नलाई आ-आफ्नै तरिका अपनाउछन्। हामीले ध्यान दिनुपर्ने पाँच-कुराका बारेमा हामीले अघिनै उल्लेख गरिसकेका छौं। यहाँ अन्य केही विचारहरू छन्। कतिपयले आफ्नो मनमा क्रूसलाई चित्रण गर्छन्, र ख्रीष्टले भोग्नुभएको दुःखकष्टलाई मनमनै याद गर्छन्। कतिले क्रूसको महत्त्व र गौरवमा आफ्ना ध्यान केन्द्रित गर्छन्—आफू र आफ्ना प्रियजनका निम्ति यो कत्ति महत्त्वपूर्ण छ त्यसबारे विचार गर्छन्। कतिले ख्रीष्टको मृत्यु, दफन, र पुनरुत्थानको विषयमा बाइबलका खण्डहरू पाठ गर्छन्। प्रभुले हाम्रा निम्ति के गर्नुभयो त्यो कुरालाई व्यक्त गर्ने महान भजनका हरफहरूलाई कतिले पाठ गर्छन्। प्रत्येक व्यक्ति फरक हुन्छन्; प्रत्येकको शैली केही फरक हुन्छ। प्रभु-भोज सेवाको अवधिमा जस्तोसुकै तरिकाले हामीले आफ्ना ध्यानलाई केन्द्रित गरे पनि, हामीले हाम्रो सोच-विचारलाई प्रभुको बलिदानमा केन्द्रित गर्दै समय बिताउनुपर्छ।

निष्कर्षमा, प्रभुको प्रत्येक दिनमा प्रभु-भोजमा सहभागी हुनु अत्यन्तै महत्त्वपूर्ण कुरा हो। यदि हामीले प्रभु-भोज सेवालाई बिराउयौं भने ...

- हामीले ख्रीष्टको आज्ञालाई अवहेलना गर्छौं। उहाँले भन्नुभयो, "तिमीहरूले मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरू पालन गर्नेछौ" (यूह १४:१५; हेर्नुहोस्: १५:१४)।
- हामीले प्रभुको सम्झना गर्ने मौकालाई गुमाउछौं। उहाँले भन्नुभयो, "यो मेरो सम्झनाको निम्ति गर" (१ कोर ११:२४)।
- उहाँको मृत्युलाई प्रचार गर्ने मौकालाई बेवास्ता गर्छौं। यसरी तिमीहरू रोटी खाँदा र यो कचौराबाट पिउँदा प्रभु नआउञ्जेलसम्म उहाँको मृत्युको प्रचार गर्नेछौ भनी येशूले भन्नुभयो (१ कोर ११:२६)।
- हामी संकेत गर्छौं कि येशूको रगत हाम्रो लागि थोरै हो। हामी आफूलाई "आफूलाई पवित्र तुल्याएको करारको रगतलाई अपवित्र बनाउने" व्यक्तिको संगतमा राख्छौं (हिब्रू १०:२९)।
- हामी अरूका निम्ति गलत उदाहरण बन्छौं, विशेष गरी विश्वासमा नयाँ हुनेहरूका निम्ति। यदि हामीले विश्वासीलाई पाप गर्न लाउँछौं भने बरु हाम्रा गलामा ठूलो जाँतोको ढुङ्गा बाँधेर हामीलाई गहिरो समुद्रमा डुबाइदिनु असल हुन्छ भनी ख्रीष्टले भन्नुभयो (मत्ती १८:६)।
- हाम्रो विश्वास दृढ निश्चयताको विश्वास होइन तर आफूलाई जस्तो गर्न मन लाग्छ त्यस्तै गर्न सकिने विश्वास हो भनी अरूलाई हामीले सूचित गरिरहेका हुन्छौं। हाम्रो प्राथमिकताहरू गलत छन् र पहिलो कुरालाई पहिलो स्थानमा राख्ने कुरा हामीले सिकेका छैनौं भन्ने कुराको प्रदर्शन हामीले गरिरहेका हुन्छौं (मत्ती ६:३३)।

सन्तहरूसँग मिलेर हामीले निरन्तर आराधना गर्नसकौं र प्रभु-भोजमा निरन्तर सहभागी हुनसकौं।

प्रेरितहरूलाई उत्साह र चेतावनी दिइएको (यूह १४:१—१६:३३)

यूहन्ना १४:१-३१

१"तिमीहरूको हृदय व्याकुल नहोस्। तिमीहरू परमेश्वरमाथि विश्वास गर्दछौ,
ममाथि पनि विश्वास गर। २मेरा पिताको घरमा बस्ने ठाउँहरू धेरै छन्। त्यसो नभए, के म
तिमीहरूलाई भन्नेथिएँ र, कि तिमीहरूका निम्ति ठाउँ तयार पार्न म गइरहेछु? ३अनि गएर
मैले तिमीहरूका निम्ति ठाउँ तयार पारेपछि म फेरि आउनेछु, र तिमीहरूलाई मकहाँ
लैजानेछु, र जहाँ म छु, त्यहाँ तिमीहरू पनि हुनेछौ। ४जहाँ म गइरहेछु, तिमीहरू त्यहाँ जाने
बाटो चिन्छौ।" ५थोमाले उहाँलाई भने, "हे प्रभु, तपाईं कहाँ जाँदैहुनुहुन्छ, हामी जान्दैनौं,
तब हामीले बाटो कसरी चिन्ने?" ६येशूले तिनलाई भन्नुभयो, "बाटो, सत्य र जीवन म नै
हुँ। मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन। ७तिमीहरूले मलाई चिनेका भए,
मेरा पितालाई पनि चिन्नेथियौ। अबदेखि उसो उहाँलाई चिन्दछौ, र उहाँलाई देखेका छौ।"
८फिलिपले उहाँलाई भने, "हे प्रभु, हामीलाई पिता देखाइदिनुहोस्। त्यति भए हामीलाई
पुग्छ।" ९येशूले तिनलाई भन्नुभयो, "फिलिप, यतिको समयसम्म म तिमीहरूसँग छु, तैपनि
तिमीले मलाई चिन्दैनौ? जसले मलाई देखेको छ, त्यसले पितालाई देखेको छ। तिमी
कसरी भन्न सक्छौ, 'हामीलाई पिता देखाइदिनुहोस्?' १०म पितामा छु, र पिता ममा
हुनुहुन्छ भनेर के तिमी विश्वास गर्दैनौ? जुन वाणी म तिमीहरूलाई भन्दछु, त्यो मैले मेरो
आफ्नै अधिकारमा बोलेको होइनँ तर ममा वास गर्नुहुने पिताले आफ्नो काम गर्नुहुन्छ।
११मलाई विश्वास गर, कि म पितामा छु, र पिता ममा हुनुहुन्छ। नत्रभने यी कामहरूकै
खातिर विश्वास गर। १२साँच्चै, म तिमीहरूलाई भन्दछु, जसले मलाई विश्वास गर्दछ,
त्यसले मैले गरेका काम पनि गर्नेछ, र तीभन्दा ठूला काम गर्नेछ, किनभने म पिताकहाँ
गइरहेछु। १३तिमीहरूले मेरो नाउँमा जेसुकै मागे तापनि पुत्रमा पिताको महिमा होस् भनेर म
त्यो गर्नेछु। १४तिमीहरूले मेरो नाउँमा कुनै थोक माग्यौ भने म गरिदिनेछु। १५तिमीहरूले
मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरू पालन गर्नेछौ। १६र म पितासँग बिन्ती गर्नेछु, र उहाँले
तिमीहरूलाई अर्को सल्लाहकार दिनुहुनेछ, र उहाँ तिमीहरूसँग सदासर्वदा रहनुहुनेछ।
१७यिनी सत्यका आत्मा हुनुहुन्छ, जसलाई संसारले ग्रहण गर्न सक्दैन, किनभने संसारले
उहाँलाई न त देख्छ न चिन्छ। तिमीहरू उहाँलाई चिन्छौ, किनभने उहाँ तिमीहरूसँग वास
गर्नुहुन्छ, र उहाँ तिमीहरूमा रहनुहुनेछ। १८म तिमीहरूलाई टुहुरा छोड्नेछैनँ। म
तिमीहरूकहाँ आउनेछु। १९अब केही समयपछि संसारले मलाई कहिल्यै देख्नेछैन, तर
तिमीहरूले मलाई देख्नेछौ। म जीवित भएको हुनाले, तिमीहरू पनि जीवित रहनेछौ।
२०त्यस दिन तिमीहरूले जान्नेछौ, कि म मेरा पितामा छु, र तिमीहरू ममा, र म तिमीहरूमा
छु। २१मलाई प्रेम गर्ने त्यही हो जससँग मेरा आज्ञा छन् र ती पालन गर्दछ। अनि मलाई प्रेम
गर्नेलाई मेरा पिताले प्रेम गर्नुहुन्छ। म त्यसलाई प्रेम गर्नेछु, र म आफैलाई त्यसकहाँ प्रकट
गर्नेछु।" २२यहूदाले (इस्करियोतचाहिँ होइन) उहाँलाई भने, "प्रभु, तपाईंले के भन्नुभएको,
तपाईं आफैलाई हामीमा प्रकट गर्नुहुन्छ, र संसारलाई चाहिँ होइन?" २३येशूले तिनलाई
जवाफ दिई भन्नुभयो, "जसले मलाई प्रेम गर्छ, त्यसले मेरो वचन पालन गर्नेछ, र मेरा
पिताले त्यसलाई प्रेम गर्नुहुनेछ, र हामी त्यसकहाँ आउनेछौं, र त्यससँग वास गर्नेछौं।
२४मलाई प्रेम नगर्नेले मेरा वचन पालन गर्दैन। जुन वचन तिमीहरू सुन्छौ, त्यो मेरो होइन,
तर मलाई पठाउनुहुने पिताको हो। २५यी कुरा तिमीहरूसँग रहँदै मैले तिमीहरूलाई भनेको
हुँ। २६तर सल्लाहकार, अर्थात् पवित्र आत्मा, जसलाई पिताले मेरो नाउँमा पठाउनुहुनेछ,

उहाँले तिमीहरूलाई सबै कुरा सिकाउनुहुनेछ, र मैले तिमीहरूलाई भनेका सबै कुरा तिमीहरूलाई याद दिलाउनुहुनेछ। [२७]शान्ति म तिमीहरूसँग छोडिराख्छु। म आफ्नो शान्ति तिमीहरूलाई दिन्छु। संसारले दिएजस्तो म तिमीहरूलाई दिँदिनँ। तिमीहरूको हृदय व्याकुल नहोस् र भयभीत नहोस्। [२८]मैले तिमीहरूलाई 'म गइरहेछु, र तिमीहरूकहाँ आउँछु' भनेको तिमीहरूले सुन्यौ। तिमीहरूले मलाई प्रेम गरेका भए म पिताकहाँ जाँदैछु भनेको सुनेर तिमीहरू रमाउनेथियौ, किनकि पिता मभन्दा महान् हुनुहुन्छ। [२९]अब यो हुन अघि नै मैले तिमीहरूलाई भनिदिएको छु, र जब यो हुन आउँछ तिमीहरूले विश्वास गर्न सक। [३०]म तिमीहरूसँग अब धेरै बोल्नेछैनँ, किनभने यस संसारको शासक आइरहेछ। त्यसको ममाथि केही शक्ति छैन। [३१]तर म पितालाई प्रेम गर्दछु, र जस्तो पिताले मलाई आज्ञा गर्नुभएको छ सोहीबमोजिम गर्दछु भनी संसारले जानोस्। उठ, हामी यहाँबाट जाऔं।"

यूहन्ना १५:१-२७

[१]"साँचो दाखको बोट म हुँ, र मेरा पिता किसान हुनुहुन्छ। [२]ममा हुने प्रत्येक हाँगा जसले फल फलाउँदैन उहाँले त्यसलाई छाँट्नुहुन्छ र फल फलाउने हरेक हाँगालाई झन् बढ़ी फल फलोस् भनी उहाँले छिँवल्नुहुन्छ। [३]मैले तिमीहरूलाई भनेको वचनले तिमीहरू अघि नै शुद्ध भइसकेका छौ। [४]ममा रहो, र म तिमीहरूमा रहन्छु। जसरी हाँगा दाखको बोटमा रहेन भने त्यो आफैले फल फलाउन सक्दैन, त्यसरी तिमीहरू ममा रहेनौ भने तिमीहरूले पनि सक्दैनौ। [५]दाखको बोट म हुँ, तिमीहरूचाहिँ हाँगाहरू हौ। यदि कोही ममा रह्यो भने, र म त्यसमा रहें भने, त्यसले धेरै फल फलाउँछ, किनकि मबाट अलग रहेर तिमीहरू केही गर्न सक्दैनौ। [६]कोही मानिस ममा रहेन भने, त्यो हाँगाझैँ बाहिर मिल्काइन्छ, र त्यो सुकिहाल्छ। यस्ता हाँगाहरू मानिसहरूले बटुल्छन्, र आगोमा फालिदिन्छन्, र ती जलिहाल्छन्। [७]तिमीहरू ममा रह्यौ भने, र मेरा कुरा तिमीहरूमा रहे भने, तिमीहरूलाई जे इच्छा लाग्छ माग, र त्यो तिमीहरूका निम्ति गरिनेछ। [८]तिमीहरूले धेरै फल फलाएर मेरा चेला हौ भन्ने प्रमाणित गऱ्यौ भने यसैमा मेरा पिताको महिमा हुनेछ। [९]पिताले जसरी मलाई प्रेम गर्नुभएको छ, मैले पनि तिमीहरूलाई प्रेम गरेको छु। तिमीहरू मेरो प्रेममा रहो। [१०]यदि मेरा आज्ञाहरू पालन गऱ्यौ भने तिमीहरू मेरो प्रेममा रहनेछौ, जसरी मैले मेरा पिताका आज्ञाहरू पालन गरेको छु र उहाँको प्रेममा रहन्छु। [११]मैले यी कुरा तिमीहरूलाई यसैकारण भनेको छु, कि मेरो आनन्द तिमीहरूमा होस्, र तिमीहरूको आनन्द भरिपूर्ण होस्। [१२]मेरो आज्ञा यही हो, कि मैले तिमीहरूलाई जसरी प्रेम गरें, तिमीहरूले एक-अर्कालाई त्यसरी नै प्रेम गर। [१३]आफ्ना मित्रहरूका लागि आफ्नो प्राण अर्पण गरिदिनुभन्दा ठूलो प्रेम अरू कसैको हुँदैन। [१४]म तिमीहरूलाई जे आज्ञा गर्दछु, ती तिमीहरूले गऱ्यौ भने, तिमीहरू मेरा मित्र हौ। [१५]अबदेखि म तिमीहरूलाई नोकर भन्दिनँ, किनकि त्यसका मालिकले के गर्दछ नोकरले जान्दैन। तर मैले तिमीहरूलाई मित्र भनेको छु, किनभने जे मैले मेरा पिताबाट सुनें, मैले ती सबै तिमीहरूलाई जनाइदिएको छु। [१६]मलाई तिमीहरूले चुनेनौ, तर मैले तिमीहरूलाई चुनें र तिमीहरूलाई नियुक्त गरें, कि तिमीहरू जाओ, र फल फलाओ, अनि तिमीहरूको फल रहिरहोस्। यसैले तिमीहरूले पितासँग मेरो नाउँमा जे मागौला, उहाँले तिमीहरूलाई सो दिनुहुनेछ। [१७]म तिमीहरूलाई यो आज्ञा दिँदछु, कि तिमीहरूले एक-अर्कालाई प्रेम गर। [१८]यदि संसारले तिमीहरूलाई घृणा गर्दछ भने, तिमीहरू जान, कि तिमीहरूलाई घृणा गर्न अघि त्यसले मलाई घृणा गरेको हो। [१९]यदि तिमीहरू यस संसारका

हुँदा हौ त संसारले तिमीहरूलाई आफन्त ठानी माया गर्नेथियो। तर तिमीहरू यस संसारका
होइनौ। तिमीहरूलाई संसारबाट मैले चुनें, यसैकारण संसारले तिमीहरूलाई घृणा गर्दछ।
२०मैले तिमीहरूलाई भनेको वचन याद राख, 'नोकर घरको मालिकभन्दा ठूलो हुँदैन।'
तिनीहरूले मलाई सताए भने तिमीहरूलाई पनि सताउनेछन्। तिनीहरूले मेरो वचन पालन
गरे भने तिमीहरूको वचन पनि पालन गर्नेछन्। २१तर तिनीहरूले यी सब कुरा मेरो नाउँको
खातिर तिमीहरूलाई गर्नेछन्, किनभने तिनीहरूले मलाई पठाउनुहुनेलाई चिन्दैनन्। २२म
नआएको भए र तिनीहरूलाई नबताएको भए तिनीहरू पापको दोषी हुनेथिएनन्, तर अब
त आफ्ना पापको निम्ति तिनीहरूसँग केही बहाना छैन। २३जसले मलाई घृणा गर्दछ, त्यसले
मेरा पितालाई पनि घृणा गर्दछ। २४यदि अरू कसैले नगरेको काम मैले तिनीहरूका बीचमा
नगरेको भए तिनीहरू पापको दोषी हुनेथिएनन्। तर अब तिनीहरूले मलाई र मेरा पिता
दुवैलाई देखेका छन् र घृणा गरेका छन्। २५तर, व्यवस्थामा लेखिएको यो वचन पूरा
हुनलाई यो भएको थियो, 'तिनीहरूले मलाई विनाकारण घृणा गरे।' २६जब सल्लाहकार
आउनुहुन्छ, जसलाई म पिताको तर्फबाट तिमीहरूकहाँ पठाइदिनेछु, अर्थात् सत्यका
आत्मा, जो पिताबाट आउनुहुन्छ, उहाँले नै मेरो विषयमा गवाही दिनुहुनेछ। २७तिमीहरू
सुरुदेखि नै मेरो साथ रहेका हुनाले, तिमीहरू पनि मेरा साक्षी हौ।"

यूहन्ना १६:१-३३

१"तिमीहरूले ठोकर नखाओ भनेर नै मैले यी कुरा तिमीहरूलाई भनेको हुँ।
२तिनीहरूले तिमीहरूलाई सभाघरहरूबाट निकालिदिनेछन्। वास्तवमा यस्तो समय
आइरहेछ, जब तिमीहरूलाई हत्या गर्नेले परमेश्वरको सेवा गर्दैछु भनी ठान्नेछ।
३तिनीहरूले यी काम गर्नेछन्, किनभने तिनीहरूले पितालाई चिनेका छैनन्, र मलाई पनि
चिन्दैनन्। ४तर यी कुरा मैले तिमीहरूलाई बताएको छु, कि जब त्यो समय आउँछ, तब
तिमीहरूलाई के भनेथें सो तिमीहरूलाई स्मरण हुनेछ। पहिले नै मैले तिमीहरूलाई यी कुरा
भनिनँ, किनकि म तिमीहरूसँग थिएँ। ५अब म मलाई पठाउनुहुनेकहाँ गइरहेछु, तर 'तपाईं
कहाँ जाँदैहुनुहुन्छ?' भनी तिमीहरू कसैले मलाई सोध्दैनौ। ६तापनि मैले तिमीहरूलाई यी
कुरा भनेको कारण तिमीहरूको हृदय शोकले भरिएको छ। ७तापनि म तिमीहरूलाई सत्य
कुरा भन्दछु, म जानमा नै तिमीहरूको हित छ। किनभने म गइनँ भने, सल्लाहकार
तिमीहरूकहाँ आउनुहुनेछैन। तर गएँ भने म उहाँलाई तिमीहरूकहाँ पठाइदिनेछु। ८अनि
जब उहाँ आउनुहुन्छ, उहाँले संसारलाई पाप, धार्मिकता र न्यायको विषयमा दोषी
ठहराउनुहुनेछ। ९पापको विषयमा, किनभने तिनीहरू ममाथि विश्वास गर्दैनन्,
१०धार्मिकताको विषयमा, किनभने म पिताकहाँ जान्छु, र तिमीहरू मलाई फेरि देख्नेछैनौ।
११र न्यायको विषयमा, किनभने यस संसारको शासकलाई दण्डाज्ञा भइसकेको छ। १२मैले
तिमीहरूलाई भन्ने कुरा अझ धेरै छन्, तर अहिले तिमीहरू ती कुरा सहन सक्दैनौ। १३जब
उहाँ, अर्थात् सत्यका आत्मा आउनुहुनेछ, तब उहाँले तिमीहरूलाई सबै सत्यतामा
डोऱ्याउनुहुनेछ। उहाँ आफ्नो तर्फबाट बोल्नुहुनेछैन। उहाँले जे सुन्नुहुन्छ, त्यही बोल्नुहुनेछ,
र हुन आउने कुराहरू तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ। १४उहाँले मेरो महिमा गर्नुहुनेछ,
किनभने जे मेरो हो, त्यो मबाट लिएर तिमीहरूलाई सो घोषणा गरिदिनुहुनेछ। १५जे-जति
पितासँग छन्, ती मेरा हुन्। यसैकारण मैले भनें, जे मेरो हो त्यो मबाट लिएर आत्माले
तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ। १६अलि बेरपछि तिमीहरूले मलाई फेरि देख्नेछैनौ,
अनि अलि बेरपछि मलाई फेरि देख्नेछौ।" १७तब उहाँका कुनै-कुनै चेलाहरूले एक-

अर्कालाई भने, “उहाँले हामीहरूलाई यो भन्नुभएको के हो? ‘अलि बेरपछि तिमीहरू
मलाई देख्नेछैनौ, अनि फेरि अलि बेरपछि तिमीहरू मलाई देख्नेछौ,’ र ‘किनकि म
पिताकहाँ गइरहेछु’।” १८तिनीहरूले भने, “उहाँले ‘अलि बेर’ भन्नुभएको के हो? हामी
जान्दैनौ, उहाँ के भन्दैहुनुहुन्छ।” १९तिनीहरूले उहाँलाई सोध्ने इच्छा गर्दैछन् भन्ने येशूलाई
थाहा भयो, र उहाँले भन्नुभयो, “‘अलि बेरपछि तिमीहरू मलाई देख्नेछैनौ, अनि अलि
बेरपछि मलाई देख्नेछौ’ भन्ने कुराको अर्थ के हो भन्ने विषयमा के तिमीहरू आपसमा
बहस गरिरहेछौ? २०साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरू रुनेछौ र विलाप गर्नेछौ, तर
संसार रमाउनेछ। तिमीहरू शोकित हुनेछौ, तर तिमीहरूको शोक आनन्दमा परिणत हुनेछ।
२१बालक जन्माउने बेलामा स्त्रीलाई पीडा हुन्छ किनभने तिनको बेला आएको हुन्छ, तर
जब तिनले बालक जन्माउँछिन्, तब तिनलाई त्यस वेदनाको सम्झना हुँदैन किनकि
संसारमा एउटा बालकको जन्म भयो भन्ने कुरामा तिनी हर्षित हुन्छिन्। २२यसरी नै अहिले
तिमीहरूलाई शोक हुन्छ, तर म फेरि तिमीहरूलाई देख्नेछु, र तिमीहरूका हृदय आनन्दित
हुनेछन्। अनि कसैले तिमीहरूको आनन्द तिमीहरूबाट खोस्नेछैन। २३त्यो दिन तिमीहरूले
मलाई केही सोध्नेछैनौ। साँच्चै म तिमीहरूलाई भन्दछु, तिमीहरूले मेरो नाउँमा पितासँग
जे माग्छौ, उहाँले त्यो तिमीहरूलाई दिनुहुनेछ। २४अहिलेसम्म तिमीहरूले मेरो नाउँमा केही
मागेका छैनौ। माग, अनि तिमीहरूले पाउनेछौ। यसरी तिमीहरूको आनन्द पूर्ण होओस्।
२५यी कुरा मैले तिमीहरूलाई दृष्टान्तमा भनेको छु। तर समय आइरहेछ, जब म
तिमीहरूसँग फेरि दृष्टान्तमा बोल्नेछैनँ, तर पिताको विषयमा तिमीहरूलाई स्पष्ट
बताउनेछु। २६त्यो दिन तिमीहरूले मेरो नाउँमा माग्नेछौ। म तिमीहरूका निम्ति पितासँग
बिन्ती गरिदिनेछु भनी तिमीहरूलाई भन्दिनँ, २७किनभने पिता आफैले तिमीहरूलाई माया
गर्नुहुन्छ, किनकि तिमीहरूले मलाई माया गरेका छौ, र म परमेश्वरको तर्फबाट आएँ भनी
विश्वास गरेका छौ। २८म पिताबाट आएँ, अनि संसारमा आएको छु, र फेरि म संसारलाई
छोड़ेर पिताकहाँ जाँदैछु।” २९उहाँका चेलाहरूले भने, “अब तपाईं स्पष्ट बोल्दैहुनुहुन्छ,
दृष्टान्तमा होइन। ३०अब हामीहरूले बुझ्यौं, तपाईं सबै कुरा जान्नुहुन्छ, अनि तपाईंलाई
कसैले सोध्ने आवश्यकता छैन। यसैले हामी विश्वास गर्छौं, कि तपाईं परमेश्वरबाट
आउनुभएको हो।” ३१येशूले तिनीहरूलाई जवाफ दिनुभयो, “के तिमीहरू अब विश्वास
गर्दछौ? ३२हेर, समय आइरहेछ, वास्तवमा आइसकेको छ, जब तिमीहरू छरपष्ट भई
आफ्नै ठाउँमा जानेछौ र मलाई एकलै छोड्नेछौ। तापनि म एकलो छैनँ, किनभने पिता
मसँग हुनुहुन्छ। ३३मैले तिमीहरूलाई यी कुरा यस हेतुले भनेको छु, कि ममा तिमीहरूलाई
शान्ति होस्। संसारमा तिमीहरूलाई सङ्कष्ट हुनेछ, तर साहस गर, मैले संसारलाई
जितेको छु।”

येशूको मृत्यु नजिकै आइरहेको थियो। आफ्नो जाने समय आइपुगेको छ भन्ने कुरा उहाँले आफ्ना चेलाहरूका अघि बताउनुभयो (यूह १४:२, ३, १२, १९, २८, ३०; १६:७, १६, २८; १७:१, १३; हेर्नुहोस् १३:३३)। एक हिसाबमा, येशूले “अन्तिम-घडिको प्रबन्ध” गर्नुभएको कुरालाई यूहन्ना १४—१७ ले चित्रण गर्छ। प्रेरितहरूलाई दिइएको “महान बिदाइ उपदेश” सँगै यो खण्डको सुरुवात हुन्छ, (अध्याय १४—१६) र प्रभुको अन्तरबिन्ती प्रार्थना सहित यो समाप्त हुन्छ (अध्याय १७)। एच. आई. हेस्टर (H. I. Hester) ले यी अध्यायहरूलाई “इसाई विश्वासको महान सम्पत्तिहरूमध्येका एक” भनी

भनेका छन्।[24] जोन फ्र्याङ्कलिन कार्टर (John Franklin Carter) ले भनेका छन्, "... सुसमाचारको पुस्तकमा अन्य कहीं नपाइने प्रभु येशूको भावनात्मक जीवनको बारेमा, प्यारा चेलाहरूले हामीलाई यी मूल्यवान अभिव्यक्तिहरूमा एउटा अन्तरदृष्टि दिएका छन्।"[25] एफ. लागार्ड स्मीथ (F. LaGard Smith) ले लेखेका छन्, "यी व्यक्तिहरूलाई आफ्ना काम पूरा गर्ने जिम्मेवारी दिएर जाने क्रममा येशूले अनुभव गर्नुभएको भारी अनुभव उहाँले बोल्नुभएका यी हरेक शब्दमा प्रतिबिम्बित छन्।"[26]

यी ठूला अध्यायहरूलाई शब्द-शब्द गरी विस्तृत रूपमा अध्ययन गर्नका निम्ति हामीसँग पर्याप्त ठाउँ छैन। बरु, हामी समावेश गरिएका केही भावहरूलाई जोड दिँदै, यी अध्यायहरूको सर्वेक्षण गर्नेछौं। त्यसपछि यसका केही पदहरूमा केही टिपोटहरू गरिनेछन्। यूहन्ना १४—१७ लाई अध्ययन गर्ने क्रममा, सबैभन्दा पहिले र प्रमुख रूपमा येशूले आफ्ना प्रेरितहरूलाई सम्बोधन गरिरहनुभएको थियो भन्ने कुरालाई ध्यान दिनुहोस्। यीमध्येका धेरै पदहरूबाट आधारभूत शिक्षाहरूलाई अघि सार्न सकिन्छ, तर प्रेरितहरूलाई मात्रै दिइएका प्रतिज्ञाहरूलाई हामीले पनि प्राप्त गर्छौं भनेर दाबी गर्ने कुरामा हामी होशियार रहनैपर्छ (उदाहरणको लागि, यूह १४:२६)।

ख्रीष्टले आफू तिनीहरूबाट जाने कुरा गर्नुभएपछि, चेलाहरूका मन दुःख र पीरले भरियो (यूह १६:६)। त्यसैले "महान बिदाइ उपदेश" को सुरुवात प्रोत्साहनका शब्दहरूसँगै गरिएको छ: **"तिमीहरूको हृदय व्याकुल नहोस्"** (यूह १४:१क)। पछि, येशूले भन्नुभयो, **"शान्ति म तिमीहरूसँग छोडिराख्छु। म आफ्नो शान्ति तिमीहरूलाई दिन्छु। संसारले दिएजस्तो म तिमीहरूलाई दिँदिनँ। तिमीहरूको हृदय व्याकुल नहोस् र भयभीत नहोस्"** (यूह १४:२७; हेर्नुहोस्: १६:३३)। संसारले दिने "शान्ति" अनुकुल परिस्थितिको आधारमा तय भएको हुन्छ त्यसैले यो क्षणिक हुन्छ। येशूले दिनुहुने शान्ति अनुकुल परिस्थितिको आधारमा तय भएको हुँदैन—यो आफै भित्रबाट आउँछ—त्यसैले यो दिर्घकालीन हुन्छ।

यो उपदेश सान्त्वना र सामर्थ्य दिने शब्दहरूले भरिएको छ। आफूले प्रेरितहरूलाई प्रेम गर्नेबारे प्रभुले तिनीहरूलाई सुनिश्चितता दिनुभयो (यूह १५:९, १२) र तिनीहरूलाई आफ्ना **मित्र** भनी सम्बोधन गर्नुभयो (यूह १५:१५)। तिनीहरू दुःखी भए तापनि, तिनीहरूको शोक आनन्दमा परिणत हुनेछ भनी उहाँले तिनीहरूलाई प्रतिज्ञा गर्नुभयो (यूह १६:२०-२२; हेर्नुहोस्: १५:११)। आफू केही घण्टासम्म मात्र जीवित रहनेबारे येशूलाई गम्भीर रूपमा थाहा थियो (यूह १४:३०; १६:२०, ३२; १७:१ हेर्नुहोस्)। तैपनि, उहाँले आफ्ना चेलाहरूको फिक्री गर्नुभयो। प्रभुको निस्वार्थी आचरण र अरूका निम्ति वास्ता गर्ने उहाँको त्यो भावना हाम्रो निम्ति प्रेरणादायी छ।

उहाँ के कारणले जानुपर्ने हो त्यो अत्यावश्यक भएको कुरा ख्रीष्टले तिनीहरूलाई जानकारी दिनुभयो। सर्वप्रथम, पहिलेदेखिकै योजना त्यही थियो—उहाँ पृथ्वीमा आउनुभएपछि आफ्नो पिताकहाँ फर्केर जानुपर्ने योजना (यूह १४:२८; १६:५, २८)। पिताकहाँ उचालिनुभएपछि, उहाँले आफ्नो पहिलेकै वैभवलाई लिनुभयो (यूह १७:५)। येशूले चेलाहरूलाई भन्नुभयो, **"तिमीहरूले मलाई प्रेम गरेका भए म पिताकहाँ जाँदैछु भनेको सुनेर तिमीहरू रमाउनेथियौ"** (यूह १४:२८)।

उहाँको प्रस्थानले प्रेरितहरूलाई कसरी फाइदा पऱ्याउनेछ भन्ने कुरालाई ख्रीष्टले

---

[24]हेस्टर (Hester), १९९।

[25]कार्टर (Carter), २९२।

[26]स्मीथ (Smith), १४६२।

मुख्य जोड दिनुभयो। उहाँले तिनीहरूलाई भन्नुभयो, **"तिमीहरूका निम्ति ठाउँ तयार पार्न म"** (यूह १४:२ख)। यसको साथै, उहाँले पृथ्वीमा गर्न सक्नुभएका भन्दा बढी कुरा परमेश्वरको दाहिने हातबाट गर्नुहुनेछ भनी उहाँले चेलाहरूलाई सूचित गर्नुभयो। उहाँको नाउँमा प्रार्थना गर्नेबारे बताउँदै उहाँले यो कुरा भन्नुभएको हो। त्यो बेलासम्म, येशूको नाउँमा प्रार्थना गरिँदैनथ्यो (यूह १६:२४); तर आफ्ना पिताकहाँ फर्कनुभएपछि उहाँ तिनीहरूका मध्यस्थकर्ता बन्नुभयो (१ तिमो २:५); उहाँले आफ्ना जनका निम्ति बोल्नुहुन्छ (रोम ८:३४; हिब्रू ७:२५; ९:२४; १ यूह २:१)। भविष्यमा तिनीहरूले उहाँको नाममा मागेका जेसुकै कुरा तिनीहरूलाई दिइनेछ भनी उहाँले प्रतिज्ञा गर्नुभयो (यूह १४:१३, १४; १५:१६; १६:२३, २४)। परमेश्वरले आशिष दिनसक्ने जीवन जिएको अवस्थामा (१ यूह ३:२२) र "उहाँको इच्छाबमोजिम" मागिएको शर्तमा मात्र यो प्रतिज्ञा लागू हुन्छ (१ यूह ५:१४)।

"येशूको नाउँमा" प्रार्थना गर्ने कुरालाई जोड दिने प्रचलन नयाँ करारबाट जारी रहेको छ (हेर्नुहोस्: एफि ५:२०; कल ३:१७)। प्रार्थनाको अन्त्यमा "येशूको नाउँमा" भनी भन्नु मात्रै यसको तात्पर्य होइन भन्ने कुरा हामीले बुझ्नै पर्छ। येशूको नाउँले ख्रीष्ट को हुनुहुन्छ, उहाँ कहाँ हुनुहुन्छ, र उहाँले के गर्न सक्नुहुन्छ यी सबै कुरालाई समावेश गर्दछ। प्रार्थना भनेको हाम्रा निम्ति बिन्ती गरिदिनुहुनेमाथि विश्वास गर्नु र उहाँमा नै भरोसा गर्नु हो।

आफू किन जानुपर्छ त्यसबारे बताउने क्रममा, येशूले जोड दिनुभएको मुख्य कुरा के थियो भने पवित्र आत्मा आउन सकून् भनेर उहाँ जानुपर्नेथियो। उहाँले भन्नुभयो, **"तापनि म तिमीहरूलाई सत्य कुरा भन्दछु, म जानमा नै तिमीहरूको हित छ। किनभने म गइनँ भने, सल्लाहकार तिमीहरूकहाँ आउनुहुनेछैन। तर गएँ भने म उहाँलाई तिमीहरूकहाँ पठाइदिनेछु"** (यूह १६:७)। केही पदहरूपछि, यस "सहायक" (नेपाली बाइबलमा "सल्लाहकार" छ) लाई ख्रीष्टले **आत्मा** भनी परिचित गर्नुभयो (यूह १६:१३)। आफूले पानीको बप्तिस्मा दिने गरेको तर मसीहले पवित्र आत्माद्वारा बप्तिस्मा दिनुहुनेछ भनी बप्तिस्मा-दिने यूहन्नाले तीन वर्ष पहिले बताएका थिए (मर्कू १:८)। त्यो पवित्र आत्माको बप्तिस्मा आउन दुई महिना मात्र बाँकी थियो (प्रे १:५, ८; २:१-४, ३३)। त्यसैले पवित्र आत्मासँग हुने तिनीहरूको नयाँ सम्बन्धको बारेमा आफ्ना प्रेरितहरूलाई केही पूर्वस्पष्टीकरण दिनु फाइदाजनक हुन्छ भन्ने विचार येशूको थियो। पवित्र आत्माको कामका बारेमा सुसमाचारका सम्पूर्ण पुस्तकहरूमा दिइएका सबै विवरणहरूमा भन्दा यूहन्ना १४—१७ मा बढी बताइएको छ।

पवित्र आत्मा आउनभन्दा पहिले नै *किन* आफू जानुपर्ने त्यसबारे येशूले बताउनुभएन। पहिले नै यूहन्नाको सुसमाचारको पुस्तकमा, यूहन्नाले लेखेका छन्, "पवित्र आत्मा अहिलेसम्म दिइएको थिएन, किनभने येशूको महिमा अझसम्म भएको थिएन" (यूह ७:३९)। कुनै कारणवस, पवित्र आत्मा आउनुभन्दा पहिले येशू मर्नुपर्नेथियो, बौरी उठ्नुपर्नेथियो, र परमेश्वरकहाँ उचालिनुपर्नेथियो। ख्रीष्टको मृत्यु, दफन, र पुनरुत्थान (सुसमाचारको केन्द्रिय सत्यताहरू) भन्दा पहिले उहाँको सुसमाचारको पूर्णतालाई प्रकट गर्न पवित्र आत्मा आउनुभएको थिएन भन्ने यसको अर्थ हुनसक्छ (१ कोर १५:१-४)।

येशूले आत्मा पठाउनुहुने विषयलाई छोटकरी रूपमा अध्ययन गर्ने क्रममा, यूहन्ना १६:७ को यी वाक्यहरूलाई फेरि पढौं: "म जानमा नै तिमीहरूको हित छ।" यूहन्ना १४:१२ मा ख्रीष्टले दिनुभएको उल्लेखनीय प्रतिज्ञासँग यसलाई जोड्न सकिन्छ: **"... जसले मलाई विश्वास गर्दछ, त्यसले मैले गरेका काम पनि गर्नेछ, र *तीभन्दा ठूला काम गर्नेछ,* किनभने म पिताकहाँ गइरहेछु"** (जोड दिइएको छ)। *स्तरियताको* हिसाबमा प्रेरितहरूले येशूले

जत्तिको महान काम (आश्चर्यकर्म) गर्न सकेनन्, आखीर, "नोकर आफ्नो मालिकभन्दा ठूलो हुँदैन" (यूह १३:१६), तर आकार तथा *गन्तीको* हिसाबले तिनीहरूले महान काम गरेको हुनसक्छ (प्रे ५:१२)। "तीभन्दा ठूला काम" भन्नाले सुसमाचार प्रचार गर्नु र हजारौंलाई विश्वासमा ल्याउनु हो भन्ने कुरामा धेरै लेखकहरू विश्वास गर्छन्। यस प्रसंगमा, "कामहरू" को सबैभन्दा प्राकृतिक अर्थ "आश्चर्यकर्म" हो, तर येशूले सांकेतिक भाषालाई प्रयोग गर्दै यसो भन्नुभएको हुनसक्छ, "मैले महान कामहरू [आश्चर्यकर्महरू] गरे, तर तिमीहरूले जब आत्मा बचाउँछौ, त्यो काम मैले गरेका सबै आश्चर्यकर्महरूभन्दा महान हुनेछ [अझै महत्त्वपूर्ण]।" "कामहरू" लाई जुनसुकै अर्थमा प्रयोग गरिएको भए तापनि, प्रेरितहरूले यी कामहरू पवित्र आत्माको शक्तिद्वारा गरे (हेर्नुहोस्: प्रे १:८; रोम १५:१९)। उहाँको प्रस्थानले यसलाई सम्भव तुल्याउनेछ भनी ख्रीष्टले जोड दिनुभयो।

तिनीहरूलाई **टुहुरा** जस्तो छोड्नुहुनेछैन (यूह १४:१८), किनभने उहाँको सट्टामा उहाँले पवित्र आत्मालाई पठाउनुहुनेछ भनी येशूले तिनीहरूलाई प्रतिज्ञा गर्नुभयो। उहाँले भन्नुभयो, **"... म पितासँग बिन्ती गर्नेछु, र उहाँले तिमीहरूलाई अर्को सल्लाहकार दिनुहुनेछ, र उहाँ तिमीहरूसँग सदासर्वदा रहनुहुनेछ"** (यूह १४:१६)। तिनीहरूलाई सहायता गर्ने व्यक्ति येशू हुनुहुन्थ्यो; अब उहाँले अर्को सहयोगीको रूपमा आत्मालाई पठाउनेछु भनी प्रतिज्ञा गर्नुभयो। ख्रीष्ट तिनीहरूसँग तीन वर्षसम्म मात्रै रहनुभयो, तर नयाँ सहयोगी तिनीहरूसँग "सदासर्वदा" रहनुहुनेछ। पवित्र आत्मा प्रेरितहरूसँग तिनीहरूका जीवनभर रहनुभयो, र उहाँ इसाईहरूसँग युगको अन्त्यसम्मै रहनुहुनेछ।

किङ्ग जेम्स् संस्करण (KJV) ले त्रीएक-परमेश्वरलाई "गडहेड" ("Godhead") भनी अनुवाद गरेको छ। पवित्र आत्मा त्रीएक परमेश्वर मध्येको एक हुनुहुन्छ (प्रे १७:२९; रोम १:२०; कल २:९)। त्रीएक-परमेश्वर भनी अनुवाद गरिएको ग्रीक शब्दले परमेश्वरको अस्तित्वको अवस्था वा गुण भन्ने अर्थ दिन्छ। न्यू अमेरीकन स्टयाण्डर्ड बाइबल (NASB) ले यो शब्दलाई "ईश्वरीय स्वरूप" ("the divine Nature") वा "ईश्वरीय" ("Deity") भनी अनुवाद गरेको छ।

गडहेड (Godhead) लाई कहिलेकहीं "ट्रिनिटी" ("Trinity") पनि भनिन्छ (मत्ती २८:१९)। यो ल्याटिन शब्द हो र यसको अर्थ "एकै-व्यक्तिमा-तीन" भन्ने हुन्छ। पिता, पुत्र, र पवित्र आत्मालाई उल्लेख गर्ने यो अनुकूल शब्द हो। यूहन्ना १४:१६ मा यी तीनै फरक व्यक्तित्वलाई देख्न सकिन्छ: "... म [पुत्र] पितासँग बिन्ती गर्नेछु, र उहाँले [पिता] तिमीहरूलाई अर्को सल्लाहकार [पवित्र आत्मा] दिनुहुनेछ, र उहाँ तिमीहरूसँग सदासर्वदा रहनुहुनेछ।" त्रीएक-परमेश्वरमध्ये पवित्र आत्मा धेरैका लागि सबैभन्दा रहस्यमय व्यक्तित्व हुनुहुन्छ। तैपनि, पिता आफै पनि आत्मा हुनुहुन्छ (यूह ४:२४), र उहाँ पवित्र हुनुहुन्छ (१ पत्र १:१५)। त्यसैले, पिताको निम्ति जस्तो अवधारणाहरू बनाइन्छ, त्यसलाई पवित्र आत्मामा लागू गर्न सकिन्छ।

त्रीएक-परमेश्वर स्वभव र शक्तिमा समान हुनुहुन्छ, तैपनि काम तथा जिम्मेवारीमा केही बाँडफाट गरिएको कुरा स्पष्टै देखिन्छ। उदाहरणको लागि, धर्मशास्त्रको प्रेरणाको श्रेय पवित्र आत्मालाई दिइएको छ (२ पत्र १:२१; हेर्नुहोस्: मर्कू १२:३६; प्रे १:१६; ४:२५)। प्रारम्भिक मण्डलीमा पवित्र आत्माको काम कस्तो हुनेछ भन्ने कुराको अन्तरदृष्टि यूहन्ना १४—१६ ले दिएको छ। त्यस कामको विषयमा बुझ्नका निम्ति यी अध्यायहरूका मुख्य-मुख्य पदहरूलाई सर्वेक्षण गरिएको छ।

यूहन्ना १४:१६, १७क: उहाँले "अर्को सहायक" पठाउनुहुनेछ भनी येशूले आफ्ना

प्रेरितहरूलाई बताउनुभयो भन्ने कुरा हामीले पहिले नै हेरिसक्यौं। “सहायक” भनी अनुवाद गरिएको ग्रीक शब्द παράκλητος (*पाराक्लेटोस्, paraklētos*) हो। यो शब्दमा “बोलाउनु” (καλέω, *कलेओ, kaleō*) नामपदमा “सँगसँगै” (παρά, *पारा, para*) भन्ने उपसर्ग लागेको हुन्छ। यो शब्द प्रयोग गर्ने नयाँ करारका लेखक यूहन्ना मात्रै हुन्। उनले पवित्र आत्मालाई उल्लेख गर्न यूहन्ना १४—१६ मा यो शब्द प्रयोग गरेका छन् (यूह १४:१६, २६; १५:२६; १६:७) र १ यूहन्ना मा येशूलाई उल्लेख गर्न उनले यही शब्दको प्रयोग गरेका छन् (१ यूह २:१)। यसको अर्थ सँगसँगै बसेर सहयोग गर्नको निम्ति “बोलाइएको” भन्ने हुन्छ। कुनै पनि अंग्रेजीको एउटा सिङ्गो शब्दले यसको पूरा अर्थ दिन सक्दैन जसलाई विभिन्न रूपमा अनुवाद गरिएको छ, “सहायक” (“Helper”) (न्यू अमेरीकन स्टयाण्डर्ड बाइबल [NASB], न्यू किङ्ग जेम्स् संस्करण [NKJV]), “सान्त्वना दिने व्यक्ति” (“Comforter”) (किङ्ग जेम्स् संस्करण [KJV]), “सल्लाहकार” (“Counselor”) (न्यू इन्टरनेशनल संस्करण [NIV], रिभाइज् स्टयाण्डर्ड संस्करण [RSV]), र “अधिवक्ता” (“Advocate”) (न्यू रिभाइज् स्टयाण्डर्ड संस्करण [NRSV])। ख्रीष्टले यस सहायक/सान्त्वना दिने व्यक्ति/सल्लाहकार/अधिवक्तालाई “सत्यको आत्मा” भनी परिचित गर्नुभयो। यी नामद्वारा उहाँलाई परिचित गरियो किनभने उहाँले सबै सत्यतालाई प्रकट गर्नुभयो र उहाँले सत्य कुरा मात्रै बोल्नुहुन्छ (यूह १४:२६; हेर्नुहोस्: १७:१७)।

यूहन्ना १४:१७ख: संसार (अर्थात्, ख्रीष्टलाई स्वीकार गर्न नचाहाने संसारको प्रणाली) आत्मालाई हेर्न, जान्न, वा ग्रहण गर्न योग्य थिएन। अर्कोतर्फ, विश्वास र विश्वसनियताको कारण प्रेरितहरू यसको निम्ति योग्य भएका थिए। विगतमा, पवित्र आत्मा तिनीहरू*सँग* हुनुहुन्थ्यो। तिनीहरू येशूको उपस्थितिमा थिए, जो “पवित्र आत्माले परिपूर्ण” थियो (लूक ४:१), र उहाँले पवित्र आत्माद्वारा प्राप्त आफ्नो शक्ति तिनीहरूलाई दिनुभएको थियो (मत्ती १०:८)। चाँडै, उहाँ तिनीहरू*मा* हुनुहुनेछ। पवित्र आात्मा प्रत्येक इसाईमा हुनुहुन्छ (प्रे २:३८; २ तिमो १:१४), तर पवित्र आत्माको आश्चर्यकर्म गर्ने शक्ति प्राप्त गर्ने प्रेरितहरूमा जस्तो होइन (प्रे २:४; हेर्नुहोस्: ५:१२)। यो प्रतिज्ञा, पचास दिनपछि पेन्तिकोसको दिनमा पूरा भयो (प्रे २:१-४, ३३)।

यूहन्ना १४:२६: येशूले आफ्ना चेलाहरूलाई धेरै कुरा सिकाउनुभएको थियो, तर तीमध्ये धेरैजसो कुरालाई चेलाहरूले याद गरेका थिएन भन्नेबारे येशूलाई थाहा थियो। तिनीहरूलाई थप जानकारी समेत दिनु आवश्यक थियो; तर यीमध्ये कतिपयलाई तिनीहरूका अघि बताउने समय उहाँसँग थिएन (यूह १४:३०), र कतिपयलाई ग्रहण गर्नका निम्ति तिनीहरू अझै तयार भइसकेका थिएनन् (यूह १६:१२)। पवित्र आत्मा आउनुभएपछि, तिनीहरूले जानेका होऊन् भनी परमेश्वरले चाहानुभएको हरेक कुरा पवित्र आत्माले प्रेरितहरूलाई प्रकट गर्नुभयो। यसरी प्रकट गर्ने क्रममा ख्रीष्टले तिनीहरूलाई पहिले सिकाउनुभएका शिक्षाहरू पनि समावेश गरियो।

यूहन्ना १५:२६: पवित्र आत्माको कामको मुख्य प्रयास भनेको येशूको गवाहीलाई अघि बढाउनु हुनेछ (यूह १६:१४ हेर्नुहोस्)। जसरी सूर्यले पृथ्वीलाई उज्यालो बनाउँछ, त्यसरी नै पवित्र आत्माले गर्नुहुने प्रकटिकरणको प्राथमिक उद्देश्य भनेको ख्रीष्ट र सुसमाचारलाई उचाल्नु थियो (र हो) (१ कोर २:२; १५:१-४ हेर्नुहोस्)। पवित्र आत्मा आउनुको उद्देश्य आफैलाई प्रकट गर्नु थिएन त्यसकारण कतिपयका लागि पवित्र आत्मा “नजानिएको कुरा” ठहरिएको छ। नयाँ करारमा पवित्र आत्माको बारेमा धेरै ठाउँमा

उल्लेख गरिएको छ तर पिता र पुत्रको बारेमा जति धेरै प्रकट गरिएको छ त्यत्ति मात्रामा उहाँको बारेमा विवरण दिइएको छैन। नयाँ करारले पवित्र आत्माको बारेमा जे बताएको छ त्यसलाई अध्ययन गर्नु

महत्त्वपूर्ण छ, तर पवित्र आत्माले आफै यो कुरा उल्लेख गर्नुभएको हो भन्ने कुरालाई पनि जोड दिनुपर्छ, र हामीले उहाँलाई र उहाँका कामलाई पिता र पुत्रभन्दा माथि उठाउनुहुँदैन। यस कुरालाई हामीले ध्यान दिनुपर्छ।

यूहन्ना १६:७-१४: पवित्र आत्मा आउनुभएपछि, उहाँले विश्वास नगर्ने संसारका निम्ति र प्रेरितहरूका निम्ति केही गर्नुहुनेछ। (१) उहाँले **संसारलाई पाप, धार्मिकता र न्यायको विषयमा दोषी ठहराउनुहुनेछ** (यूह १६:८)। पवित्र आत्माले "संसारलाई" पृथ्वीको सडक र गल्लीहरूमा छ्यास्-छ्यास्ती देखा परेर "दोषी ठहराउनुहुनेछैन"।[27] बरु, उहाँको प्रेरणाप्राप्त वचनद्वारा उहाँले पापीहरूलाई दोषी ठहराउनुहुनेछ (यूह १७:२०)। (२) प्रेरितहरूका लागि उहाँले के गर्नुहुनेछ भने, उहाँले तिनीहरूलाई **सबै सत्यतामा** डोऱ्याउनुहुनेछ (यूह १६:१३), र यस क्रममा उहाँले पिताले भन्नुभएको कुरा मात्र बोल्नुहुनेछ। (किङ्ग जेम्स् संस्करण [KJV] मा "उहाँले आफ्नै बारेमा बोल्नुहुनेछैन" भनी लेखिएको छ। पवित्र आत्माले आफ्नो बारेमा केही पनि बताउनुहुन्न भनी मानिसहरूले यस वाक्यलाई गलत रूपमा बुझ्न सक्छन्, तर यस्तो होइन। **उहाँ आफ्नो तर्फबाट बोल्नुहुनेछैन** भन्ने वाक्यले यसको अर्थलाई स्पष्ट रूपमा व्यक्त गर्न सक्छ।) प्रेरितहरूलाई प्रकट गरिएका "सबै सत्यता" लाई लेखियो, र यही सत्यलाई हामी आज नयाँ करारका पृष्ठहरूमा पाउँछौं। "धर्मशास्त्र" भन्ने परिचित शब्दले परमेश्वरको *लिखित* वचनलाई जनाउँछ (२ पत्र ३:१५, १६ हेर्नुहोस्)। मानवजातिलाई परमेश्वरले गर्नुभएको प्रकाश पूर्ण छ; योभन्दा थप प्रकाश अनावश्यक छ (हेर्नुहोस्: यहू ३; २ पत्र १:३; गला १:६-९)।

प्रेरितहरूलाई सहायता गर्नको निम्ति पवित्र आत्मा पठाउनेबारे येशूले दिनुभएको प्रतिज्ञाबाहेक, उहाँले तिनीहरूलाई अर्को उत्साहजनक प्रतिज्ञा दिनुभयो: तिनीहरूका बीचमा फेरि हुनुहुनेछु भनी उहाँले तिनीहरूलाई प्रतिज्ञा गर्नुभयो (उदाहरणको लागि, यूह १४:३; १६:२२)। यूहन्ना १४—१६ मा, ख्रीष्टले आफू फेरि फर्केर आउने भनी कम्तीमा तीन अर्थमा भन्नुभयो: (१) उहाँको पुनरुत्थान भएपछि, उहाँको स्वर्ग आरोहण हुनुभन्दा पहिले तिनीहरूसँग उहाँ चालीस दिनसम्म रहनुहुनेछ। यूहन्ना १६:१६-२२ मा यही सत्यतालाई मुख्य जोड दिइएको देखिन्छ। येशूले यो खण्डमा जानी-जानी अस्पष्ट रूपमा वचन बोल्नुभएको थियो (सांकेतिक भाषा) (यूह १६:२५ हेर्नुहोस्), तर **अलि बेरपछि** भन्ने वाक्यलाई प्रयोग गर्नुभएको कारण उहाँको पुनरुत्थानपछि उहाँ प्रकट हुनेबारे नै उहाँले बताइरहनुभएको थियो भन्ने कुरा मानिलिनु अझै उचित देखिन्छ (यूह १६:१६-१९)। (२) उहाँको स्वर्ग आरोहण भएपछि, उहाँ आफ्ना चेलाहरूसँग आत्मिक रूपमा हुनुहुनेछ (मत्ती १८:२०; २८:२०)। येशूले यो सत्यतालाई पवित्र आत्माको आगमनसँग गाँस्नुभयो (यूह १४:१८, २३)। पवित्र आत्माका नामहरूमध्ये एक हो, "ख्रीष्टको आत्मा" (रोम ८:९; फिलि १:१९; १ पत्र १:११)। (३) एक दिन, उहाँले आफ्नाहरूलाई दाबी गर्न आउनुहुनेछ (दोस्रो आगमनमा)। यूहन्ना १४:३ मा येशूले सबैभन्दा बढी यही प्रतिज्ञाको बारेमा

---

[27]वारेन डब्ल्यू. वियर्सबे (Warren W. Wiersbe) को, *द बाइबल एक्स्पोजिसन कमेन्ट्री,* भोल. १ बाट लिइएको (विटन, Ill.: भिक्टोर बुक्स् १९८९), ३६२।

बताइरहनुभएको थियो।

उहाँको मृत्युको अघिल्लो दिनको अन्तिम रात, येशूले आफ्ना चेलाहरूलाई *धेरै* सत्यताहरूका बारेमा बताउन चाहानुभएको थियो। उहाँले बताउनुभएका धेरैजसो सत्यतालाई दुई वटा वर्गमा विभाजन गर्न सकिन्छ। उहाँले वास्तवमा यसो भन्नुभयो,

(१) *"तिमीहरूले मसँग सही सम्बन्ध कायम गर्नुपर्छ।"* दाखको बोट र त्यसका हाँगा सम्बन्धी दृष्टान्तसँगै यूहन्ना १५ को सुरुवात भएको छ। ख्रीष्टले आफ्ना चेलाहरूलाई बताउनुभयो, **"दाखको बोट म हुँ, तिमीहरूचाहिँ हाँगाहरू हौ। यदि कोही ममा रह्यो भने, र म त्यसमा रहें भने, त्यसले धेरै फल फलाउँछ, किनकि मबाट अलग रहेर तिमीहरू केही गर्न सक्दैनौ"** (यूह १५:५)। जसरी जीवन दिने खाद्यपदार्थ दाखको बोटबाट हाँगातर्फ बहन्छ, त्यसरी नै व्यक्तिको आत्मिक जीवन प्रभुबाट आउँछ। उहाँको नजिक रहनु अनिवार्य छ। उहाँका जनहरू कति चाँडै छरपस्ट हुनसक्छन् त्यसबारे ख्रीष्टलाई थाहा थियो (यूह १६:३२; हेर्नुहोस्: मत्ती २६:३१)। उहाँले तिनीहरूलाई उहाँमा र उहाँको प्रेममा रहिरहन अनुरोध गर्नुभयो (यूह १५:४-७, ९, १०)। उहाँसँग सही सम्बन्ध कायम राख्नका निम्ति अपनाउनु पर्ने दुई वटा व्यवहारिक सल्लाह उहाँले दिनुभयो।

हामीले *हाम्रो विश्वासलाई बलियो बनाउनुपर्छ* भन्ने कुरा उहाँले सूचित गर्नुभयो। विश्वास सम्बन्धी गरिएको जोडसितै यूहन्ना १४ को सुरुवात हुन्छ: **"... परमेश्वरमाथि विश्वास गर्दछौ, ममाथि पनि विश्वास गर"** (यूह १४:१ख; न्यू इन्टरनेशनल संस्करण [NIV] मा "परमेश्वरमा भरोसा राख; ममाथि पनि भरोसा राख" भनी लेखिएको छ)। केही समयपछि, येशूले भन्नुभयो, **"बाटो, सत्य र जीवन म नै हुँ। मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन"** (यूह १४:६)। त्यसपछि उहाँले यो दाबी गर्नुभयो: **"जसले मलाई देखेको छ, त्यसले पितालाई देखेको छ"** (यूह १४:९ख)। के हामी यी महान सत्यताहरूलाई विश्वास गर्छौं? यदि हामी प्रभुसित सही सम्बन्ध कायम गर्न चाहान्छौं भने त्यसको निम्ति बलियो विश्वासबाहेक अरू कुनै विकल्प छैन। (यूहन्नाको पुस्तकमा विश्वास सम्बन्धी अन्य अध्याय यूह १४—१७, हेर्नुहोस्: १६:३०, ३१; १७:८, २०, २१ हुन्।)

उहाँका जनहरूले *उहाँका वचनलाई सुरक्षित राख्नुपर्छ* भनेर पनि उहाँले भन्नुभयो। ख्रीष्टप्रति गरिने विश्वासलाई उहाँको वचनबाट अलग गर्न सकिन्न। विश्वास वचनबाट आउँछ (यूह १७:२०; हेर्नुहोस्: रोम १०:१७)। उहाँको वचनलाई जान्ने र त्यसलाई पालन गर्नुको महत्त्वलाई येशूले जोड दिनुभयो। उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयो, **"तिमीहरू ममा रह्यौ भने, र मेरा कुरा तिमीहरूमा रहे भने, तिमीहरूलाई जे इच्छा लाग्छ माग, र त्यो तिमीहरूका निम्ति गरिनेछ"** (यूह १५:७)। फेरि, उहाँले भन्नुभयो, **"जसले मलाई प्रेम गर्छ, त्यसले मेरो वचन पालन गर्नेछ"** (यूह १४:२३; हेर्नुहोस्: १४:१५, २४; १५:१०, १४)।

उहाँका जनहरूले के गर्नुपर्छ त्यसबारे ख्रीष्टले एउटा निश्चित उदाहरण दिनुभयो। उदाहरणको लागि, हामीले फलवन्त जीवन जिउनुपर्छ (यूह १५:८, १६) र हाम्रा विश्वासलाई अरूसँग बाँढ्नुपर्छ। जसरी उहाँलाई संसारमा पठाइएको थियो त्यसरी नै येशूले आफ्ना प्रेरितहरूलाई संसारमा पठाउन लाग्नुभएको थियो (यूह १७:३, ८, १८, २१, २३)—ताकि तिनीहरूले उहाँको बारेमा गवाही दिन सकून् (यूह १५:२७)। तिनीहरूलाई संसारमा पठाइएको आज्ञा हामीमा समेत लागू हुँदछ।

(२) *"हामीले एक-अर्कासँग सही सम्बन्ध कायम गर्नुपर्छ।"* प्रभुसँग सही सम्बन्ध कायम राख्नका निम्ति हामीले एक-अर्कासँग समेत सही सम्बन्ध कायम राख्नैपर्छ (१ यूह

४:२० हेर्नुहोस्)। प्रेरितहरूमा मतभिन्नता भएको थियो (लूक २२:२४); दुष्टको आक्रमणबाट बच्नका निम्ति तिनीहरूसँग रहेको एउटै आशा भनेको एकतामा रहनु थियो (यूह १७:११; हेर्नुहोस्: १७:२०-२३)।

एकताको चाबी प्रेम हो। आफ्नो अन्तिम उपदेशमा येशूले प्रेमको बारेमा धेरै कुरा बताउन चाहानुभएको थियो: परमेश्वरले उहाँलाई प्रेम गर्नुभयो (यूह १५:९), उहाँले परमेश्वरलाई प्रेम गर्नुभयो (यूह १४:३१), येशूले चेलाहरूलाई प्रेम गर्नुभयो (यूह १५:९, १२), र तिनीहरूले पनि उहाँलाई प्रेम गर्नुपर्नेथियो (यूह १४:१५, २१, २३, २८)। तिनीहरूले एक-अर्कालाई समेत प्रेम गर्नुपर्थ्यो। जसरी उहाँले तिनीहरूलाई प्रेम गर्नुभएको छ त्यसरी नै तिनीहरूले एक-अर्कालाई प्रेम गर्नुपर्छ भनी उहाँले पहिले नै तिनीहरूलाई चुनौती दिनुभएको थियो (यूह १३:३४)। उहाँले फेरि यो कुरालाई यहाँ दोहोऱ्याउनुभयो, **"मेरो आज्ञा यही हो, कि मैले तिमीहरूलाई जसरी प्रेम गरें, तिमीहरूले एक-अर्कालाई त्यसरी नै प्रेम गर"** (यूह १५:१२; हेर्नुहोस्: १५:१७)। उहाँले प्रेम गरेजस्तै प्रेम गर्ने बारेमा गलतफहमी नहोस् भन्ने हेतुले, उहाँले भन्नुभयो, **"आफ्ना मित्रहरूका लागि आफ्नो प्राण अर्पण गरिदिनुभन्दा ठूलो प्रेम अरू कसैको हुँदैन"** (यूह १५:१३)। केही समयपछि नै, उहाँले आफ्नो जीवन तिनीहरूका निम्ति समर्पित गर्नुहुनेछ—क्रूसमा। हो, येशूको प्रेमले यो मापदण्डलाई समेत पार गऱ्यो—किनकि उहाँले शत्रुहरूका निम्ति समेत आफ्नो जीवन समर्पण गर्नुभयो (रोम ५:८-१०)।

आफ्नो प्रस्थानको निम्ति येशूले चेलाहरूलाई तयार गर्नै क्रममा गर्नुभएको अर्को कुरा के थियो भने, उहाँले तिनीहरूलाई प्रासंगिक रूपमा एउटा चेतावनी दिनुभयो। उहाँका जनहरूले भविष्यमा भोग्नुपर्ने सतावटहरूका बारेमा उहाँले विशेष ध्यान दिनुभयो। यो समयसम्म, संसारको घृणा उहाँमा मात्र केन्द्रित थियो (यूह १५:१८, २४); तर उहाँ जानुभएपछि, त्यो घृणा तिनीहरूमा सर्नेछ (यूह १५:२०; हेर्नुहोस्: १७:१४-१८)। उहाँले प्रेरितहरूलाई यस्तो चेतावनी दिनुभयो, **"तिनीहरूले तिमीहरूलाई सभाघरहरूबाट निकालिदिनेछन्। वास्तवमा यस्तो समय आइरहेछ, जब तिमीहरूलाई हत्या गर्नेले परमेश्वरको सेवा गर्दैछु भनी ठान्नेछ"** (यूह १६:२)। यसको एउटा उदाहरण शाऊल/पावल हो। इसाईहरूलाई सताउँदा (प्रे ८:१, ३; ९:१, २) आफूले परमेश्वरको इच्छा अनुसार नै गरिरहेको छु भनी पावलले ठानेका थिए (प्रे २६:९; गला १:१३, १४)। सतावट आइपर्दा प्रेरितहरू पछि नहटून् भनेर ख्रीष्टले यी सबै कुरा पहिले नै बताउनुभयो (यूह १६:१; हेर्नुहोस्: १६:४)। उहाँले उत्साहका यो वचन पनि थप्नुभयो: **"संसारमा तिमीहरूलाई सङ्कष्ट हुनेछ, तर साहस गर, मैले संसारलाई जितेको छु"** (यूह १६:३३)।

पितासँग बिन्ती गर्नुभएको (यूह १७:१-२६)

[१]यी कुरा भनिसक्नुभएपछि येशूले स्वर्गतिर आँखा उचाली भन्नुभयो, "हे पिता, समय आइपुगेको छ, तपाईंका पुत्रको महिमा प्रकट गर्नुहोस्, र पुत्रले तपाईंको महिमा प्रकट गरोस्। [२]किनकि तपाईंले उसलाई सबै मानिसमाथि अधिकार दिनुभएको छ, ताकि तपाईंले उसलाई दिनुभएका सबैलाई उसले अनन्त जीवन देओस्। [३]अब अनन्त जीवन यही हो, कि तिनीहरूले तपाईं, एकमात्र सत्य परमेश्वरलाई चिनून्, र तपाईंले पठाउनुभएको येशू ख्रीष्टलाई चिनून्। [४]जुन काम तपाईंले मलाई दिनुभयो, त्यो पूरा गरी तपाईंलाई पृथ्वीमा मैले महिमित तुल्याएको छु। [५]अब हे पिता, संसारको सृष्टि हुन अघि तपाईंको सम्मुख मेरो जुन महिमा थियो, त्यसैले आफ्नो उपस्थितिमा मलाई महिमित

पार्नुहोस्। ६संसारबाट जुन मानिसहरू तपाईंले मलाई दिनुभयो, तिनीहरूलाई तपाईंको नाउँ
मैले प्रकट गरिदिएको छु। तिनीहरू तपाईंका थिए, अनि तपाईंले तिनीहरू मलाई दिनुभयो,
र तिनीहरूले तपाईंको वचन पालन गरेका छन्। ७तिनीहरूलाई अब थाहा छ, कि तपाईंले
मलाई दिनुभएको प्रत्येक कुरा तपाईंबाट आएको हो। ८किनभने जुन वाणी तपाईंले मलाई
दिनुभयो, मैले तिनीहरूलाई दिएको छु, र तिनीहरूले ती ग्रहण गरेका छन्। म तपाईंबाट
आएको हुँ भन्ने तिनीहरूले साँच्चै जानेका छन्, अनि तपाईंले मलाई पठाउनुभएको हो
भनी तिनीहरूले विश्वास गरेका छन्। ९म तिनीहरूका निम्ति प्रार्थना गर्दछु, संसारको
निम्ति म प्रार्थना गर्दिनँ, तर तिनीहरूका निम्ति, जसलाई तपाईंले मलाई दिनुभएको छ।
किनभने तिनीहरू तपाईंकै हुन्। १०मेरा सबै जे छन् तपाईंका हुन्, र तपाईंका जे छन् मेरा
हुन्। मेरो महिमा तिनीहरूमा प्रकट भएको छ। ११म फेरि संसारमा रहँदिनँ, तर यिनीहरू त
संसारमा रहन्छन्। मचाहिँ तपाईंकहाँ आइरहेछु। पवित्र पिता, तपाईंले मलाई दिनुभएको
तपाईंको नाउँमा तिनीहरूलाई सुरक्षित राख्नुहोस्, र हामी जस्तै तिनीहरू पनि एक होऊन्।
१२जबसम्म म तिनीहरूसँग थिएँ, तपाईंले मलाई दिनुभएको तपाईंको नाउँमा तिनीहरूलाई
सुरक्षित राखें। तिनीहरूको रक्षा गरें। अनि तिनीहरूमध्ये विनाशको छोराबाहेक अरू कोही
नष्ट भएन, किनकि धर्मशास्त्र पूरा हुन आवश्यक थियो। १३तर अब म तपाईंकहाँ
आइरहेछु। संसारमा हुँदा यी कुरा म बोल्दछु, कि तिनीहरूमा मेरो आनन्द पूरा होस्। १४मैले
तिनीहरूलाई तपाईंको वचन दिएँ, तर संसारले तिनीहरूलाई घृणा गऱ्यो, किनकि तिनीहरू
संसारका होइनन्, जसरी म संसारको होइनँ। १५तपाईंले तिनीहरूलाई संसारबाट लैजानुहोस्
भनी म प्रार्थना गर्दिनँ, तर तिनीहरूलाई दुष्टबाट सुरक्षित राखिदिनुहोस्। १६तिनीहरू
संसारका होइनन्, जस्तो म पनि संसारको होइनँ। १७तिनीहरूलाई सत्यमा पवित्र
पारिदिनुहोस्, तपाईंको वचन सत्य हो। १८जसरी तपाईंले मलाई संसारमा पठाउनुभयो, मैले
पनि तिनीहरूलाई संसारमा पठाएको छु। १९तिनीहरूका खातिर म आफैलाई पवित्र पार्दछु,
ताकि तिनीहरू पनि सत्यतामा पवित्र होऊन्। २०म यिनीहरूका निम्ति मात्र प्रार्थना गर्दिनँ,
तर यिनीहरूका सन्देशद्वारा ममाथि विश्वास गर्नेहरूका निम्ति पनि प्रार्थना गर्छु, २१कि
तिनीहरू सबै एक होऊन्। हे पिता, जसरी तपाईं ममा हुनुहुन्छ, र म तपाईंमा, त्यसरी
तिनीहरू पनि हामीमा होऊन्, र तपाईंले मलाई पठाउनुभयो भनी संसारले विश्वास गरोस्।
२२जुन महिमा तपाईंले मलाई दिनुभएको छ, मैले तिनीहरूलाई दिएको छु, ताकि हामी एक
भएझैँ तिनीहरू पनि एक होऊन्। २३म तिनीहरूमा, अनि तपाईं ममा, र तिनीहरू पूर्ण रूपले
एक होऊन्, र तपाईंले मलाई पठाउनुभएको हो, अनि मलाई प्रेम गर्नुभएजस्तो तपाईंले
तिनीहरूलाई पनि प्रेम गर्नुभयो भनी संसारले जानोस्। २४पिता, म इच्छा गर्दछु, कि तपाईंले
मलाई दिनुभएकाहरू म जहाँ छु मसँग रहून्, र मेरो महिमा देखून्, जुन महिमा, संसारको
सृष्टि हुन अघि देखि नै मलाई प्रेम गर्नुभएको हुनाले तपाईंले मलाई दिनुभएको थियो।
२५धार्मिक पिता, संसारले तपाईंलाई चिन्दैन, तर म तपाईंलाई चिन्दछु, अनि तपाईंले मलाई
पठाउनुभएको हो भनी यिनीहरूले जान्दछन्। २६मैले तपाईंको नाउँ यिनीहरूमा प्रकट गरें,
अनि तपाईंको नाउँ यिनीहरूमा प्रकट गराइरहनेछु, ताकि जुन प्रेमले मलाई तपाईंले प्रेम
गर्नुभयो, त्यो तिनीहरूमा रहोस्, र म तिनीहरूमा रहूँ।”

येशूले आफ्ना चेलाहरूसँगको छलफललाई यूहन्ना १७ मा उल्लेख गरिएको हृदयस्पर्शी प्रार्थनासँगै समाप्त गर्नुभयो। रोबर्ट डंकन कल्भर (Robert Duncan Culver) ले यो प्रार्थनालाई, “स्वर्ग र पृथ्वीबीच भएको मानव इतिहासकै सबैभन्दा घनिष्ट

अन्तरक्रिया" भनी भनेका छन्।[28] वारेन डब्ल्यू. वियर्सबे (Warren W. Wiersbe) ले लेखेका छन्, "... यूहन्ना १७, सुसमचारको पुस्तकका विवरणमध्ये 'पवित्रहरूका पनि पवित्र' हो। ... उहाँले पापीहरूका लागि आफ्नो जीवनलाई छुटकाराको मोलको रूपमा दिन लाग्नुभएको बेला परमेश्वरको पुत्रले आफ्नो पितासँग गर्नुभएको कुराकानीलाई सुन्ने विशेष मौका हामीले पाएका छौं!"[29]

यूहन्ना १७ को प्रार्थनामा तीन वटा भाग छन्। पहिलो, येशूले आफ्नो पितासँगको आफ्नो सम्बन्धको बारेमा प्रार्थना गर्नुभयो (पद १-५)। उहाँले आफ्नोलागि माग्नुभएको एउटै कुरा भनेको, उहाँको महिमा भएको होस् भन्ने थियो (पद १, ५; पद २४ हेर्नुहोस्; १२:२३, २४, २७, २८)। दोस्रो, ख्रीष्टले प्रेरितहरूका लागि प्रार्थना गर्नुभयो (पद ६-१९; हेर्नुहोस्: पद २४-२६)। तिनीहरूलाई सुरक्षा दिन (पद ११, १५), तिनीहरूलाई पवित्र गर्न (पद १९), र तिनीहरूलाई प्रेम गर्नको निम्ति (पद २६) निम्ति उहाँले परमेश्वरसित प्रार्थना गर्नुभयो। अन्त्यमा, प्रेरितहरूका वचनद्वारा उहाँलाई विश्वास गर्नेहरूका निम्ति येशूले प्रार्थना गर्नुभयो (पद २०-२३)। अर्को शब्दमा, उहाँले हाम्रोलागि प्रार्थना गर्नुभयो। विश्वासीहरू "एक होऊन्" ताकि संसारले उहाँलाई स्वीकार गरुन् भनेर उहाँले प्रार्थना गर्नुभयो (पद २१, २३)। सुसमाचार अभियानको निम्ति, आफू ख्रीष्टको अधिनतमा भएको दाबी गर्नेहरूबीच फूट आएको अवस्था जत्तिको बाधा कुनै पनि बाधा गम्भीर हुँदैन।

यूहन्ना १४—१७ को यात्रा

१४:१क: "तिमीहरू परमेश्वरमाथि विश्वास गर्दछौ, ममाथि पनि विश्वास गर।" यस पदमा "विश्वास" भनी अनुवाद गरिएको ग्रीक शब्द (πιστεύω, *पिस्तुओ, pisteuō*) लाई या त परिचयात्मक भाव अथवा आदेशात्मक भावमा (indicative mood or the imperative mood) प्रयोग गरेको हुनसक्छ। यो खण्डलाई यसरी अनुवाद गर्न सकिन्छ, "तिमीहरू परमेश्वरमा विश्वास गर्छौ; तिमीहरूले ममाथि पनि विश्वास गर्छौ" (तथ्य) अथवा "परमेश्वरमा विश्वास गर; ममाथि पनि विश्वास गर" (आज्ञा)।

१४:२क: "मेरा पिताको घरमा बस्ने ठाउँहरू धेरै छन्। त्यसो नभए, के म तिमीहरूलाई भन्नेथिएँ र।" "बस्ने ठाउँहरू" ("dwelling places") (न्यू अमेरीकन स्टयाण्डर्ड बाइबल [NASB]), "हवेलीहरू" ("mansions") (किङ्ग जेम्स् संस्करण [KJV]), र "कोठाहरू" ("rooms") (न्यू इन्टरनेशनल संस्करण [NIV]) भनी अनुवाद गरिएको ग्रीक शब्द (μονή, *मोने, monē*) ले बस्ने ठाउँलाई जनाउँछ। यो शब्दलाई यूहन्ना १४:२३ मा "निवास" ("abode") भनी अनुवाद गरिएको छ (न्यू अमेरीकन स्टयाण्डर्ड बाइबल [NASB], किङ्ग जेम्स् संस्करण [KJV])। यो शब्दले स्वर्गको स्थायीत्वलाई जोड दिन्छ। स्वर्ग पाल होइन, तर निवास हो। "बस्ने ठाउँहरू *धेरै* छन्" भन्ने तथ्यले परमप्रभुको बन्दोबस्तीको प्रशस्ततालाई सूचित गर्छ। (जोड दिइएको छ।)

१४:८: फिलिपले उहाँलाई भने, "हे प्रभु, हामीलाई पिता देखाइदिनुहोस्। त्यति भए हामीलाई पुग्छ।" प्रस्थान ३३:२० मा उल्लेखित परमेश्वरको वचनलाई फिलिपले विचार गरिरहेको हुनसक्छ: "तर तैंले मेरो अनुहार हेर्न सक्दैनस्, किनकि मेरो अनुहार हेरेर मानिस जीवितै रहन सक्दैन।"

---

[28]रोबर्ट डंकन कल्भर (Robert Duncan Culver), *द लाइफ अफ क्राइष्ट* (ग्राण्ड ज्यापिडस्, मिचिगन: बेकर बुक हाउस, १९७६), २३७।

[29]वियर्सबे (Wiersbe), ३६७।

१४:९: येशूले तिनलाई भन्नुभयो, "फिलिप, यतिको समयसम्म म तिमीहरूसँग छु, तैपनि तिमीले मलाई चिन्दैनौ? जसले मलाई देखेको छ, त्यसले पितालाई देखेको छ। तिमी कसरी भन्न सक्छौ, 'हामीलाई पिता देखाइदिनुहोस्'?" येशू "परमेश्वरको प्रतिनिधित्व" हुनुहुन्छ, अथवा परमेश्वर जस्तो हुनुहुन्छ येशू त्यस्तै हुनुहुन्छ भन्ने गरिन्छ। जति हामी ख्रीष्टको बारेमा अध्ययन गर्छौं त्यति नै हामी परमेश्वरको स्वभावको बारेमा सिक्छौं।

१४:२२: यहूदाले (इस्करियोतचाहिँ होइन) उहाँलाई भने, "प्रभु, तपाईंले के भन्नुभएको, तपाईं आफैलाई हामीमा प्रकट गर्नुहुन्छ, र संसारलाई चाहिँ होइन?" "यहूदाले (इस्करियोतचाहिँ होइन)," लाई "याकूबका भाइ, यहूदा" र "थेदियस" भनेर पनि चिनिन्छ। यी यहूदा अन्यौलमा परेका थिए, किनभने राज्यको विषयमा उनीसँग रहेको गलत अवधारणा अनुसार, मसीहले भौतिक संसारमा राजनैतिक राज्यमाथि शासन गर्नुपर्नेथियो। यदि कुरो यस्तो थियो भने, येशूले आफूलाई संसारका अघि किन प्रकट गर्न चाहानुभएन त?

१४:२६; १६:१३: "तर सल्लाहकार, अर्थात् पवित्र आत्मा, जसलाई पिताले मेरो नाउँमा पठाउनुहुनेछ, उहाँले तिमीहरूलाई सबै कुरा सिकाउनुहुनेछ, र मैले तिमीहरूलाई भनेका सबै कुरा तिमीहरूलाई याद दिलाउनुहुनेछ"; "जब उहाँ, अर्थात् सत्यका आत्मा आउनुहुनेछ, तब उहाँले तिमीहरूलाई सबै सत्यतामा डोऱ्याउनुहुनेछ। उहाँ आफ्नो तर्फबाट बोल्नुहुनेछैन। उहाँले जे सुन्नुहुन्छ, त्यही बोल्नुहुनेछ, र हुन आउने कुराहरू तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ।" यी पदले नयाँ करारको सम्पूर्ण प्रेरणाभावलाई छुँदछ: येशूले सिकाउनुभएको कुरालाई पवित्र आत्माले प्रेरितहरूका मनमा ल्याइदिनुहुनेछ (सुसमाचारका पुस्तकहरू), प्रेरितहरूलाई पवित्र आत्माले सबै कुरा सिकाउनुहुनेछ (प्रेरितहरूका पुस्तक र पत्रहरू), र उहाँले आउनलागेको कुरालाई प्रकट गर्नुहुनेछ (प्रकाशको पुस्तक)।

१४:२८ख, ग: "तिमीहरूले मलाई प्रेम गरेका भए म पिताकहाँ जाँदैछु भनेको सुनेर तिमीहरू रमाउनेथियौ, किनकि पिता मभन्दा महान् हुनुहुन्छ।" जब ख्रीष्टले भन्नुभयो, "किनकि पिता मभन्दा महान् हुनुहुन्छ," उहाँले आफ्नो देवता वा पितासँगको आफ्नो समानतालाई इन्कार गर्नुभएन (यूह १०:३० हेर्नुहोस्)। बरु, उहाँले आफ्नो संसारिक अवस्थाको बारेमा बताउनुभएको हो। मानव स्वरूपमा रहनको निम्ति उहाँले केही ईश्वरीय अधिकारहरूलाई त्याग्नुभएको थियो (फिलि २:६-८)। पिताकहाँ उचालिनुभएपछि उहाँलाई यो संसारको सीमितताहरूबाट छुटकारा गरियो र उहाँ आफ्नो पहिलेकै वैभव र महिमामा फर्कनुभयो (यूह १७:५; फिलि २:९-११)।

१४:३०; १६:११: "म तिमीहरूसँग अब धेरै बोल्नेछैनँ, किनभने यस संसारको शासक आइरहेछ। त्यसको ममाथि केही शक्ति छैन"; "... र न्यायको विषयमा, किनभने यस संसारको शासकलाई दण्डाज्ञा भइसकेको छ।" "यस संसारको राजा" भनेको शैतान हो। शैतानसँग ख्रीष्टको निर्णायक युद्ध क्रूसमा भएको थियो (हेर्नुहोस्: यूह १२:३१, ३२; हिब्रू २:१४)। शैतानले हामीसँगको युद्ध जित्न सक्छ किनभने त्यसले हामीलाई पापको दोष लगाउन सक्छ, तर येशूमा कुनै पाप थिएन (हिब्रू ४:१५)। ख्रीष्टले साँचो रूपमा भन्न सक्नुभयो, "त्यसको [शैतानको] ममाथि केही शक्ति छैन।" (न्यू इन्टरनेशनल संस्करण [NIV] मा, "त्यसले मलाई कुनै वाधा पुऱ्याउन सक्दैन" भन्ने वाक्य छ।) यस संसारको शासकले, "ख्रीष्टमाथि शक्ति प्रयोग गर्नलाई कुनै अधिकार तथा कारणको आधार उहाँमा

पाउन सकेन।"[30]

१५:१: "साँचो दाखको बोट म हुँ, र मेरा पिता किसान हुनुहुन्छ।" येशू "साँचो दाखको बोट" हुनुहुन्थ्यो, "मूल बोट जसबाट अरू सबै बोटहरू आए।"[31] पुरानो करारमा, दाखको बोटलाई इस्राएलको प्रतिकको रूपमा प्रयोग गरिन्थ्यो (भज ८०:८; यशै ५:१-७; यर २:२०, २१; इज १५:१-८; १९:१०-१४; होशे १०:१)।

१५:२: "ममा हुने प्रत्येक हाँगा जसले फल फलाउँदैन उहाँले त्यसलाई छाँट्नुहुन्छ र फल फलाउने हरेक हाँगालाई झन् बढ़ी फल फलोस् भनी उहाँले छिँवल्नुहुन्छ।" परमेश्वरको "छिँवल्ने" प्रक्रिया भनेको उहाँका सन्तानलाई उहाँले दिनुहुने प्रेमिलो अनुशासन हो।

१५:१५: "अबदेखि म तिमीहरूलाई नोकर भन्दिनँ, किनकि त्यसका मालिकले के गर्दछ नोकरले जान्दैन। तर मैले तिमीहरूलाई मित्र भनेको छु, किनभने जे मैले मेरा पिताबाट सुनें, मैले ती सबै तिमीहरूलाई जनाइदिएको छु।" नोकरहरूलाई कुनै प्रश्नविना काममा लगाइन्थ्यो। यसको विपरित, जब साथीहरूलाई कुनै काम गर्न लगाइन्छ, त्यो काम किन गर्नुपर्छ भन्ने कुरा उनीहरूलाई बताइन्छ। येशूले आफ्ना प्रेरितहरूलाई आफ्नै साथी भनी भन्नुभयो किनभने उहाँले तिनीहरूसमक्ष परमेश्वरको प्रकाश प्रकट गर्नुभयो।

१५:२०क: "मैले तिमीहरूलाई भनेको वचन याद राख, 'नोकर घरको मालिकभन्दा ठूलो हुँदैन'।" यो कुरा यूहन्ना १३:१६ मा उल्लेख गरिएको छ।

१५:२२, २४: "म नआएको भए र तिनीहरूलाई नबताएको भए तिनीहरू पापको दोषी हुनेथिएनन्, तर अब त आफ्ना पापको निम्ति तिनीहरूसँग केही बहाना छैन"; "यदि अरू कसैले नगरेको काम मैले तिनीहरूका बीचमा नगरेको भए तिनीहरू पापको दोषी हुनेथिएनन्। तर अब तिनीहरूले मलाई र मेरा पिता दुवैलाई देखेका छन् र घृणा गरेका छन्।" उहाँ नआउनुभएको भए यहूदीहरू पापरहित हुनेथिएनन् भनेर येशूले भन्नुभएको होइन। हामी सबैले पाप गरेका छौं (रोम ३:२३), र पाप के हो भन्ने बारेमा थाहा नहुँदैमा कसैले यसको सजायबाट उम्कन पाउँदैन (प्रे १७:३०)। यदि ख्रीष्टले तिनीहरूका बीचमा प्रचार नगर्नुभएको भए र आश्चर्यर्महरू नगर्नुभएको भए उहाँलाई अस्वीकार गरेको निश्चित पापको दोषी तिनीहरू हुनेथिएनन् भनी उहाँले भन्नुभएको हो। उहाँले ती काम गर्नुभएको कारणले, तिनीहरूसँग कुनै बहाना थिएन।

१५:२५: "तर, व्यवस्थामा लेखिएको यो वचन पूरा हुनलाई यो भएको थियो, 'तिनीहरूले मलाई विनाकारण घृणा गरे'।" यो उद्धरण भजनसंग्रह ३५:१९; ६९:४ मा पाइन्छ।

१५:२६, २७: "जब सल्लाहकार आउनुहुन्छ, जसलाई म पिताको तर्फबाट तिमीहरूकहाँ पठाइदिनेछु, अर्थात् सत्यका आत्मा, जो पिताबाट आउनुहुन्छ, उहाँले नै मेरो विषयमा गवाही दिनुहुनेछ। तिमीहरू सुरुदेखि नै मेरो साथ रहेका हुनाले, तिमीहरू पनि मेरा साक्षी हौ।" प्रेरितहरूले दुई प्रकारको गवाही दिनेछन्: तिनीहरूले व्यक्तिगत रूपमा अवलोकन गरेका गवाही (पद २७; हेर्नुहोस्: प्रे १:२२), र पवित्र आत्माको गवाहीमा पनि तिनीहरू भर पर्नेछन् (पद २६)।

१६:५, ६: "अब म मलाई पठाउनुहुनेकहाँ गइरहेछु, तर 'तपाईं कहाँ जाँदैहुनुहुन्छ?'

---

[30]म्याकगर्भे एण्ड पेण्ड्लेटन (McGarvey and Pendleton), ६६६।

[31]अज्ञात लेखक, वियर्सबे (Wiersbe), ३५५ बाट उद्धृत गरिएको।

भनी तिमीहरू कसैले मलाई सोध्दैनौ। तापनि मैले तिमीहरूलाई यी कुरा भनेको कारण तिमीहरूको हृदय शोकले भरिएको छ।" पत्रुसले सोधेका थिए, "हे प्रभु, तपाईं कहाँ जाँदैहुनुहुन्छ?" (यूह १३:३६), र उहाँको गन्तव्यको बारेमा थोमाले जिज्ञासा राखेका थिए (यूह १४:५)। त्यसैले, येशूले "'तपाईं कहाँ जाँदैहुनुहुन्छ?' भनी तिमीहरू कसैले मलाई सोध्दैनौ" भनी भन्नुहुँदा, प्रश्न गर्नेबारे भन्दा पनि उहाँले थप कुराको बारेमा बताइरहनुभएको थियो। तिनीहरूले यी शब्द बोलेका भए तापनि "कहाँ" भन्ने बारेमा तिनीहरूलाई वास्तवमा चासो थिएन, तर उहाँ जाने कुरामा भने तिनीहरूले चासो देखाइरहेका थिए भन्ने अर्थ उहाँको हुनसक्छ। उहाँले जाने कुरा गर्नुभएको कारण तिनीहरूको हृदय शोकले भरियो।

१६:२०: "साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरू रुनेछौ र विलाप गर्नेछौ, तर संसार रमाउनेछ। तिमीहरू शोकित हुनेछौ, तर तिमीहरूको शोक आनन्दमा परिणत हुनेछ।" येशूको मृत्यु हुँदा संसारले खुशी मनायो (लूक २२:५ हेर्नुहोस्), तर उहाँलाई प्रेम गर्नेहरूले विलाप गरे (यूह २०:११)।

१६:२१, २२: "बालक जन्माउने बेलामा स्त्रीलाई पीडा हुन्छ किनभने तिनको बेला आएको हुन्छ, तर जब तिनले बालक जन्माउँछिन्, तब तिनलाई त्यस वेदनाको सम्झना हुँदैन किनकि संसारमा एउटा बालकको जन्म भयो भन्ने कुरामा तिनी हर्षित हुन्छिन्। यसरी नै अहिले तिमीहरूलाई शोक हुन्छ, तर म फेरि तिमीहरूलाई देख्नेछु, र तिमीहरूका हृदय आनन्दित हुनेछन्। अनि कसैले तिमीहरूको आनन्द तिमीहरूबाट खोस्नेछैन।" त्यसरी नै ख्रीष्टको मृत्युले पहिला उहाँका जनहरूमाझ निराशा ल्यायो, तर आज उहाँको मृत्युले संसारलाई आनन्दले भर्छ।

१६:२३: "त्यो दिन तिमीहरूले मलाई केही सोध्नेछैनौ। साँच्चै म तिमीहरूलाई भन्दछु, तिमीहरूले मेरो नाउँमा पितासँग जे माग्छौ, उहाँले त्यो तिमीहरूलाई दिनुहुनेछ।" त्यो समयमा, प्रेरितहरूसँग धेरै प्रश्न थिए (यूह १३:३६; १४:५, ८); तर येशू परमेश्वरकहाँ उचालिनुभएपछि, तिनीहरूले उहाँलाई फेरि कहिल्यै प्रश्न सोधिरहनुपर्नेछैन। परमेश्वरले तिनीहरूलाई (पवित्र आत्माद्वारा) तिनीहरूले जान्न आवश्यक रहेका हरेक कुरा बताउनुहुनेछ।

१६:२६, २७: "त्यो दिन तिमीहरूले मेरो नाउँमा माग्नेछौ। म तिमीहरूका निम्ति पितासँग बिन्ती गरिदिनेछु भनी तिमीहरूलाई भन्दिनँ, किनभने पिता आफैले तिमीहरूलाई माया गर्नुहुन्छ, किनकि तिमीहरूले मलाई माया गरेका छौ, र म परमेश्वरको तर्फबाट आएँ भनी विश्वास गरेका छौ।" यहाँ, उहाँले तिनीहरूका निम्ति आफ्ना पितासँग बिन्ती *गर्नुहुनेछैन* भनेर येशूले भन्नुभएको होइन। बरु, तिनीहरूलाई सहायता गर्नका निम्ति पितासँग बिन्ती गरिदिन उहाँलाई अनुरोध गरिरहनु पर्नेछैन भन्ने कुरालाई उहाँले जोड दिइरहनुभएको थियो—किनभने, पिताले पनि तिनीहरूलाई प्रेम गर्नुभयो। परमेश्वरका सन्तानलाई सहायता गर्नका निम्ति विभिन्न प्रकारका मानव निर्मित "अन्तरविन्तीकर्ता" (मरीयम र केही "सन्तहरू") ले परमेश्वरलाई मनाउनु पर्छ (मानिसहरूले सिकाएका मान्यता अनुसार) भन्ने मान्यतालाई, परमेश्वर प्रेमिलो हुनुहन्न भन्ने गलत अवधारणाले जन्माएको छ।

१६:३२: "हेर, समय आइरहेछ, वास्तवमा आइसकेको छ, जब तिमीहरू छरपष्ट भई आफ्नै ठाउँमा जानेछौ र मलाई एकलै छोड्नेछौ। तापनि म एकलो छैनँ, किनभने पिता मसँग हुनुहुन्छ।" एकलोपन साह्रै नराम्रो कुरा हो; तर इसाई भएपछि कुनै व्यक्ति कहिल्यै

वास्तवमा एकलो हुँदैन किनभने पिता जहिल्यै पनि तिनीसँग रहनुहुन्छ (तुलना गर्नुहोस्: २ तिमो ४:१६-१८)।

१७:२: "किनभने तपाईंले उसलाई सबै मानिसहरूमाथि अधिकार दिनुभएको छ, ताकि तपाईंले उसलाई दिनुभएका सबैलाई उसले अनन्त जीवन देओस्।" परमेश्वरले येशूलाई स्वर्ग र पृथ्वीको सारा अधिकार दिनुभयो (मत्ती २८:१८)।

१७:३: "अब अनन्त जीवन यही हो, कि तिनीहरूले तपाईं, एकमात्र सत्य परमेश्वरलाई चिनून्, र तपाईंले पठाउनुभएको येशू ख्रीष्टलाई चिनून्।" अनन्त जीवन भनेको परमेश्वर र येशूसँग अनन्त रूपमा रहनु हो र अनन्त मृत्यु भनेको परमेश्वर र येशूबाट अनन्त रूपमा अलग हुनु हो (२ थेस १:९ हेर्नुहोस्)। एक अर्थमा, हामीले अहिले पनि अनन्त जीवन प्राप्त गर्न सक्छौं किनभने येशू र परमेश्वरलाई हामीले अहिले पनि "चिन्न" (घनिष्ट सम्बन्ध हुनु) सक्छौं। तैपनि, पृथ्वीमा छँदा, त्यो सम्बन्धबाट हामीले आफैलाई अलग गरेर त्यस आशिषलाई गुमाउन सक्ने सम्भावना हुन्छ (यूह १५:६ हेर्नुहोस्)।

१७:११, १४, १६: "म फेरि संसारमा रहँदिनँ, तर यिनीहरू त संसारमा रहन्छन्। मचाहिँ तपाईंकहाँ आइरहेछु। पवित्र पिता, तपाईंले मलाई दिनुभएको तपाईंको नाउँमा तिनीहरूलाई सुरक्षित राख्नुहोस्, र हामी जस्तै तिनीहरू पनि एक होऊन्"; "मैले तिनीहरूलाई तपाईंको वचन दिएँ, तर संसारले तिनीहरूलाई घृणा गऱ्यो, किनकि तिनीहरू संसारका होइनन्, जसरी म संसारको होइनँ"; "तिनीहरू संसारका होइनन्, जस्तो म पनि संसारको होइनँ।" प्रेरितहरूजस्तै हामी पनि "यस संसारमा छौं" (यूह १७:११) तर हामी "संसारका" होइनौं (यूह १७:१४, १६)।

१७:१२: "जबसम्म म तिनीहरूसँग थिएँ, तपाईंले मलाई दिनुभएको तपाईंको नाउँमा तिनीहरूलाई सुरक्षित राखें। तिनीहरूको रक्षा गरें। अनि तिनीहरूमध्ये विनाशको छोराबाहेक अरू कोही नष्ट भएन, किनकि धर्मशास्त्र पूरा हुन आवश्यक थियो।" "तिनीहरूमध्ये विनाशको छोराबाहेक अरू कोही नष्ट भएन" भन्ने भनाइले, उहाँको मृत्यु हुँदा धेरैजसो चेला मारिएनन् भन्ने कुरालाई उल्लेख गर्छ (यूह १८:८, ९ हेर्नुहोस्)। "विनाशको छोरा" यहूदा थियो । "विनाशको" भनी अनुवाद गरिएको ग्रीक शब्द (ἀπώλεια, *अपोलय, apōleia*) "विनाश" अर्थ दिने शब्दबाट आएको मिश्रित शब्द हो। ख्रीष्टलाई विश्वासघात गरेकोमा आफ्नो पापप्रति पश्चात्ताप गर्न नसकेका कारण यहूदा अनन्त रूपमा नाश भयो (अर्थात्, नरकमा गए)।

१७:१७क, १९: "तिनीहरूलाई सत्यमा पवित्र पारिदिनुहोस्"; "तिनीहरूका खातिर म आफैलाई पवित्र पार्दछु, ताकि तिनीहरू पनि सत्यतामा पवित्र होऊन् ।" "पवित्र पार्दछु" भनेको "अलग गर्नु" हो। हामीले वचनलाई पालन गरेर इसाई बनेपछि, त्यस वचनद्वारा परमेश्वरको सेवाको निम्ति हामीलाई अलग गरिएको छ (१ कोर ६:११ हेर्नुहोस्)।

१७:१८: "जसरी तपाईंले मलाई संसारमा पठाउनुभयो, मैले पनि तिनीहरूलाई संसारमा पठाएको छु।" परमेश्वरले आफ्नो पुत्रलाई संसारमा पठाउनुभयो (यूह १७:३, ८, २१, २३, २५ हेर्नुहोस्), र ख्रीष्टले प्रेरितहरूलाई पठाउन लाग्नुभएको थियो। "प्रेरित" भनी अनुवाद गरिएको ग्रीक शब्द (ἀπόστολος, *अपोस्टोलोस्, apostolos*) को अर्थ "पठाइको" भन्ने हुन्छ।

प्रयोग: प्रभुको निम्ति फल फलाउनु (यूह १५:१-१२)

घरको माथिल्लो तल्ला, निस्तार-चाडको भोज, आइरहेको क्रूसको घटना,

चेलाहरूलाई तयार गर्नुपर्ने हतार—यी सबै यूहन्ना १४—१६ मा दिइएको येशूको अतुलनीय विदाइ उपदेशको पृष्ठभूमि थिए। त्यस उपदेशको समयमा, प्रभुले अंगुरको बोट र त्यसका हाँगाका विषयमा एउटा चुनौतीपूर्ण सन्देश दिनुभयो।

ख्रीष्टले प्रयोग गर्नुभएको नमुनालाई के कुराले उत्प्रेरित गरेको थियो भन्ने बारेमा विद्वानहरूले विभिन्न अनुमानहरू गरेका छन्। शायद प्रभु-भोजको स्थापनामा दाखको फल प्रयोग गरिएको कारण हुनसक्छ। उहाँहरू बसिरहनुभएको घरको छेवैमा दाखको बोट थियो र यसलाई झ्यालबाट देख्न सकिन्थ्यो, त्यसकारण हुनसक्छ। येशूले उपदेशको अन्तिम भागलाई तिनीहरू समक्ष राख्नुभन्दा पहिले नै उहाँहरू माथिल्लो तल्लाबाट जानुभएको थियो भने (यूह १४:३१ हेर्नुहोस्), बाटामा उहाँहरूको त्यस सानो समूहले दाखबारी देख्नुभएको हुनसक्छ। यो पनि सम्भव छ, उहाँहरू जाने क्रममा मन्दिरबाट भएर जानुभएको कारण मन्दिरमा रहेको सुनको दाखको बोट र त्यसमा रहेको दाखको झुप्पाहरूलाई अवलोकन गर्नुभयो। अथवा, पुरानो करारमा परिचित नमुनालाई प्रयोग गर्ने इच्छा ख्रीष्टले गर्नुभएको हुनसक्छ (भज ८०; यशै ५; यर २)। शायद, सबैले बुझ्न सक्ने भएकोले नै उहाँले दाखको बोटको नमुनालाई प्रयोग गर्नुभएको पनि हुनसक्छ।

येशूले त्यस नमुनालाई किन प्रयोग गर्नुभयो भन्ने प्रश्नभन्दा अझै महत्त्वपूर्ण प्रश्न के हो भने, उहाँले त्यो उदाहरणबाट के उद्देश्यलाई पूरा गर्ने विचार गर्नुभयो? केही समयपछि नै उहाँले पृथ्वीलाई छाडेर जानुहुनेछ। उहाँका चेलाहरूले उहाँको कामलाई अघि बढाउनुपर्नेछ। त्यस कामलाई कसरी पूरा गर्ने त्यसबारे उहाँका चेलाहरूले बुझ्नु आवश्यक थियो। प्रभुले यूहन्ना १५:१-१२, १६ मा बोल्नुभएको वचनको पृष्ठभूमि त्यही हो। यी वचनहरू मूल रूपमा चेलाहरूका निम्ति बोलिएका हुन् र तिनीहरूका निम्ति यी विशेष महत्त्वका छन् (याद गर्नुहोस्, यूह १५:१६)। तैपनि, १ पददेखि १२ पदसम्मको मुख्य सन्देश सबै इसाईहरूमा लागू हुनसक्छ।

यी पदहरूबाट तीन वटा महत्त्वपूर्ण विषयहरूलाई अघि सार्न सकिन्छ: (१) परमेश्वरको आज्ञाहरूलाई पालन गर्नु, (२) परमेश्वरको निम्ति फल फलाउनु, र (३) परमेश्वरको प्रेममा रहनु। तीन-खुट्टे काठको टुलका खुट्टाजस्तै, यी विषयहरूले एक-अर्कालाई सहयोग गर्छन्। यो अध्ययनले यी विषयमध्ये दोस्रोलाई जोड दिन्छ—फल फलाउनु—र फल फलाउनुको निश्चित अवस्थाको बारेमा समेत यसले जोड दिन्छ।

फल फलाउने कामको वास्तविकता

यस सिङ्गो खण्डमा देखिने एउटा महत्त्वपूर्ण विचार भनेको, दाखको बोटको प्रत्येक हाँगाका एउटा उद्देश्य रेहको हुन्छ, र त्यो उद्देश्य हो, फल फलाउनु (यूह १५:२, ४, ५, ८)। आफ्नो उद्देश्य पूरा गर्न असफल हुने हाँगालाई दाखलाई हेरचहार गर्नेले बाँकी राख्दैन। फल नफलाउने हाँगाले फल फलाउने हाँगाबाट पौष्टिकतत्व लिने हुँदा, तिनलाई काटिन्छ (यूह १५:२, ६)। त्यस्तै, इसाईहरूका पनि एउटा उद्देश्य हुन्छ: फल फलाउनु। येशूले भन्नुभयो, "तिमीहरूले धेरै फल फलाएर मेरा चेला हौ भन्ने प्रमाणित गऱ्यौ भने यसैमा मेरा पिताको महिमा हुनेछ" (यूह १५:८)। फल फलाउने काम एउटा विकल्प होइन। फल फलाउने काम अरू इसाई क्रियाकलापहरूलाई गरेपछि गर्नुपर्ने एउटा विकल्प पनि होइन। फल फलाउनु नै हाम्रो उद्देश्य हो; ख्रीष्टलाई पछ्याउनुको अर्थ यही नै हो। यदि हामीले कुनै फल फलाउँदैनौं भने, हामी हुनुको कारणलाई गुमाउछौं।

हामीले फलाउनु पर्ने "फल" के हो त? नयाँ करारले "फल" भन्ने शब्दलाई विभिन्न

तरिकाले प्रयोग गरेको छ। “फल” भन्ने शब्दले अर्काको जीवनमा देखिने कुरालाई उल्लेख गर्न सक्छ (मत्ती ३:१०; ७:१६-२०); अर्थात्, विश्वासयोग्य, फलवन्त इसाई जीवनको नतिजा (एफि ५:९; फिलि १:११; कल १:१०; हिब्रू १२:११; याकू ३:१७, १८); वा गरिएको प्रयासको प्रतिफल वा इनाम (यूह ४:३६; १२:२४) भन्ने यसको अर्थ हुनसक्छ।

यूहन्ना १५ मा उल्लेख गरिएको “फल” को अर्थ “आत्माका फल” हो भन्ने कतिपयको विश्वास छ। पावलले लेखेका छन्, “पवित्र आत्माको फलचाहिँ प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वस्तता, नम्रता, संयम हुन्” (गला ५:२२, २३क)। कतिपयले यसैसँग लगभग मिल्ने अर्को अवधारणा राखेका छन्, हामीले हाम्रो जीवनमा ख्रीष्टको जस्तै आचरणको विकास गरेपछि “फल फलाउनू” भन्ने आज्ञालाई हामीले पूरा गर्छौं। “फल” ले, प्रभुको निम्ति जिउने क्रममा वा उहाँको निम्ति काम गर्ने क्रममा प्राप्त भएका *सबै* सकरात्मक प्रतिफलहरूलाई बुझाउँछ भन्ने विचार कतिपयको छ। पावलले भनेका छन्, “... मेरो निम्ति जिउनु ख्रीष्ट हो, र मर्नु लाभ हो। यदि शरीरमा नै जिउनु हो भने मेरो निम्ति त्यो फलदायी परिश्रम हुनेछ” (फिलि १:२१, २२क)। किङ्ग जेम्स् संस्करण (KJV) मा “यो मेरो परिश्रमको फल हो” भनी लेखिएको छ।

बाइबलमा सामान्यतया “फल” भन्ने शब्दलाई बृद्धिविकास र त्यसको परिणामलाई उल्लेख गर्न प्रयोग गरिएको छ (उत १:११; लूक १:४२)। कसैले भनेका छन्, स्याउको रूखले स्याउ फलाउँछ, सुन्तलाको रूखले सुन्तला फलाउँछ, र इसाईको “फल” भनेको अर्को इसाई हुनुपर्छ। भौतिक संसारमा, मानिसहरूलाई “फल्दै-फुल्दै, वृद्धि हुँदै, पृथ्वीमा भरिँदै” भनी भनियो (उत १:२८; हेर्नुहोस्: ९:१, ७)। आत्मिक संसारमा पनि यही चुनौती यथावत रहेको छ। पावलले लेखेका छन्,

> यसरी मेरा भाइ हो, तिमीहरू पनि ख्रीष्टको शरीरद्वारा व्यवस्थाको लेखि मरेका छौ, ताकि तिमीहरू अर्को मानिस, अर्थात् मृत्युबाट जीवित हुनुभएका ख्रीष्टसँग एक होओ, र हामी परमेश्वरको निम्ति फल फलाऔं (रोम ७:४)।

रोमी ७:४ मा उल्लेख गरिएको “फल” लाई सामान्य अर्थमा प्रयोग गर्न सकिन्छ, तैपनि विवाहको नमुना प्रयोग गरिएकोले यसको अर्थ सन्तानको “फल” भन्ने हुन्छ—आत्मिक सन्तान, अर्थात्, नयाँ विश्वासीहरू। रोमको मण्डलीलाई लेख्ने क्रममा यस प्रकारको फल फलाउने बारेमा नै पावलले बताइरहेका हुनसक्छन्। पावलले भाइहरूलाई भने, “म तिमीहरूका र बाँकी अन्यजातिहरूका बीचमा पनि केही फल बटुल्न सकूँ भनेर तिमीहरूकहाँ आउने धेरै पल्ट इच्छा गरें” (रोम १:१३)।

यूहन्ना १५ मा उल्लेख गरिएको “फल” शब्दलाई के अर्थमा प्रयोग गरिएको हो भन्ने कुरालाई पत्ता लगाउने क्रममा, हामीले उल्लेख गरिएका सम्भावनाहरूलाई लागू गर्नु आवश्यक होला? के हामीले सकरात्मक प्रतिफल ल्याउने आत्माको फललाई नफलाई ख्रीष्टको जस्तै आचरणको विकास गर्न सक्छौं? हराएकाहरूलाई खोज्नको लागि कुनै प्रयास गर्दैनौं भने के हामी ख्रीष्टजस्तो भई आत्माले भरिन्छौं त? उहाँ “हराएकालाई खोज्न र बचाउन” आउनुभएको हो भनी येशूले भन्नुभयो (लूक १९:१०), र हामीले “उहाँकै पाइलामा हिँड्नुपर्छ” (१ पत्र २:२१)। हामीले हाम्रो विश्वासलाई बाँढ्नु कतिको महत्त्वपूर्ण छ त्यो कुरालाई पहिचान गर्नुपर्छ ताकि नयाँ आत्माहरू बाँच्न सकून्।

दाखको बोट आफैले फल फलाउँदैन; त्यो काम हाँगाको हो। दाखरको रूखले हाँगालाई तिनका काम गर्न सक्षम तुल्याउँछ, तर हाँगा आफैले फल फलाउनुपर्छ। हाँगाले

फल फलाउँदैन भने, त्यहाँ एउटै फल हुनेछैन। यदि हामी हराएकाहरूकहाँ जान सकेनौं भने, कोही पनि बाँच्नेछैन।

नयाँ करारमा, आफ्नो विश्वासलाई बाँड्नु भनेको आज्ञाको रूपमा होइन तर इसाई बनेपछि हुने स्वभाविक परिणामको रूपमा लिइन्थ्यो। मत्तीको पुस्तकमा उल्लेख गरिएको महान आज्ञाका बारेमा हामीमध्ये धेरै जना परिचित नै छौं, "यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ" (मत्ती २८:१९)। यस खण्डको ठेड अनुवाद यस्तो छ, "यसरी जाने क्रममा, सारा संसारलाई चेला बनाओ।"[32] अर्को शब्दमा भन्दा, "तिमीहरू जाँदै गर्दा (वा जाने क्रममा), तिमीहरूले भेट्ने जति सबैलाई शिक्षा देओ।" सतावटको कारण यरूशलेमको मण्डली छरपस्ट भएपछि ठीक यही कुरा भयो:

> ... यरूशलेममा भएका मण्डलीको विरुद्धमा ठूलो सतावट सुरु भयो, र प्रेरितहरूबाहेक तिनीहरू सबै यहूदिया र सामरियाका इलाकातिर छरपष्ट भए।... तब ती छरपष्ट भएकाहरूले चारैपट्टि गएर वचन प्रचार गरे (प्रे ८:१-४)।

हामीले जुन कुरा अरूलाई सुनाइरहेका छौं त्यसलाई हामीले बुझेका छौं भने, सुनाउने काम हाम्रो लागि स्वभाविक कुरा बन्छ। येशूप्रति रहेको हाम्रो विश्वासको बारेमा हामी सुनाउँछौं र यसो गर्दा हामीले सुसमाचारलाई सुनाइरहेका हुन्छौं, शुभ समाचारलाई। भर्खरै मगनी भएकी जवान महिलालाई आफ्नो मगनीको औंठी देखाउनलाई बिन्तीभाउ गरिरहनु पर्दैन। अरूलाई आफ्नो औंठी देखाउनु उनको लागि स्वभाविक कुरो बन्छ। भर्खरै जन्मेको आफ्नो बच्चाको बारेमा अरूलाई भन्-भन् भनेर भर्खरै बाबु भएका व्यक्तिलाई जबर्जस्ती गरिरहनु पर्दैन—र एउटी बोजुलाई उनको भर्खरै जन्मकी नातिनीको फोटो देखाउनुहोस् भनेर तपाईंले जबर्जस्ती गरिरहनु पर्दैन। त्यस्ता शुभ-समाचार सुनाउनु भनेको तिनीहरूका निम्ति स्वभाविक कुरा नै हुन्छ। दु:खपीडाले भरिएको यो संसारमा, शुभ-समाचारको निम्ति संसारै भोकाएको छ। हामीसँग येशूको शुभ-समाचार छ! त्यो शुभ-समाचारलाई बाँढ्नु हाम्रोलागि कति स्वभाविक कुरो हो, होइन र!

कतिपयले सोध्न सक्छन्, "कसरी? मैले मेरो विश्वासलाई कसरी सुनाउन सक्छु? अरूलाई येशूमा ल्याउने हिसाबले मैले कसरी फल फलाउन सक्छु?" यो खण्डले कसरी भनेर बताउँदैन; सुनाउनु अत्यावश्यक छ भनेर मात्रै यसले सूचित गर्छ। हाम्रो विश्वासलाई सुनाउने धेरै राम्रा तरिकाहरू छन्। हामी प्रत्येक व्यक्ति फरक छौं। एक जनाको लागि जुन तरिकाले काम गर्छ, त्यही तरिकाले अर्को व्यक्तिको लागि काम नगर्न सक्छ। जुनसुकै तरिकालाई अपनाइए पनि, त्यो विधिले *जीवनशैली* र *शिक्षा* दुवैलाई समावेश गर्नुपर्छ। पावलले यी दुई तत्वलाई फिलिप्पी २:१५, १६ मा जोडेका छन्:

> कि तिमीहरूचाहिँ निर्दोष र सुधा भएर टेढ़ा र बरालिएका पुस्ताको बीचमा परमेश्वरका निष्खोट सन्तान होओ, जुन पुस्ताको बीच संसारमा तिमीहरू ताराहरूझैँ चम्कन्छौ। जीवनको वचन दह्रिलो गरी पक्रिराख, ... ख्रीष्टको दिनमा म गर्व गर्न सकूँ।

जीवन। हामीले सकरात्मक र नकरात्मक दुवै रूपमा विश्वासयोग्य इसाई जीवन जिउनुपर्छ। सकरात्मक रूपमा, अरूलाई प्रेम गरेर र सहायता गरेर हामीले असल जीवन

---

[32]अल्फ्रेड मार्शल (Alfred Marshall), *द इन्टरलिनियर ग्रीक-इङ्लिस न्यू टेस्टामेन्ट,* २ एड. (लण्डन: शामूएल ब्याग्सटर एण्ड सन्स्, १९५८), १३६।

जिउनुपर्छ। नकरात्मक रूपमा, शुद्ध रहिरहनको निम्ति हामीले हाम्रो जीवनबाट दुष्टलाई निकाल्नै पर्छ। हामीले जे सिकाउँछौं त्यो अनुसार हाम्रो जीवन छैन भने, हामीलाई कसैले पत्याउँदैन।

*शिक्षा/*हाम्रो जीवन जत्तिसुकै राम्रो भए तापनि, हामीले सुसमाचार पनि सुनाउनै पर्छ। कुनै व्यक्ति वचन अनुसार जिइरहेको छ भने उसले वचनको सत्यतालाई सिकाइरहनु पर्दैन भन्ने सोचाइ पनि कतिपयको छ। येशूलाई हेर्नुहोस् न; उहाँले आफ्नो जीवनद्वारा मात्रै फल फलाउन सक्नुभएन। उहाँ वचनको सत्यतामा जिउनुभयो, तर उहाँले त्यो सत्यतालाई सिकाउनु पनि पर्‍यो। यसरी शिक्षा दिने कामलाई पत्रचार, पर्चा वितरण, भिडियो प्रदर्शन, वा आमने-सामने भेटघाटद्वारा पूरा गर्न सकिन्छ। हामीले अरूलाई *कसरी* वा कुन माध्यमद्वारा सिकाउँछौं त्यो त्यति महत्वपूर्ण कुरा होइन तर हामीले तिनीहरूलाई *शिक्षा* दिन्छौं भने त्यही नै हो महत्त्वपूर्ण कुरा।

यूहन्ना १५ को अनुसार, फल फलाउनु भनेको इसाई हुनुको अर्थ हो। हाँगाका रूपमा हाम्रो भूमिका कत्तिको महत्त्वपूर्ण छ त्यो कुरालाई मानिलिएका छौं भने, फल फलाउने तरिकालाई हामीले पत्ता लगाउनेछौं।

फल फलाउने कामको सम्बन्ध

येशूबाट अलग भएर हामीले फल फलाउन सक्दैनौं भन्ने कुरा, फल फलाउने विषयमा ख्रीष्टले दिनुभएको शिक्षाको मुख्य जोड हो। "ममा रहो" भन्ने वाक्यसँगै ४ पदको सुरुवात भएको छ।

दाखको बोट र यसका हाँगाबीच हुने घनिष्टताको बारेमा वैज्ञानिक व्याख्या दिन सकिन्छ। परासरणको प्रकृया—दाखको रूखको जराले जमिनबाट जल तथा खाद्य यसका हाँगामा पठाउने प्रकृया—को बारेमा व्यख्या गर्न सकिन्छ। तैपनि, यो कृषी विज्ञान सम्बन्धी पाठ होइन, तर सम्बन्ध विषायक अध्ययन हो। परासरणको बारेमा हामीले बुझ्न सक्छौं, अथवा नबुझ्न सक्छौं, तर हामीले यसलाई बुझ्न सक्छौं: दाखका हाँगा यसको रूखमा जोडिएको छ भने मात्र जीवित रहनसक्छ। वितेका दिनमा यसका हाँगा बढेर जत्ति नै ठूलो, लामो, अनि मोटो भएको किन नहोस्, अथवा यो जत्तिकै आकर्षक भएको किन नहोस्, यदि यो, यसको बोटमा जोडिएको छैन भने यो *मर्छ*।

ख्रीष्टसँग रहेको हाम्रो सम्बन्धको हकमा पनि यही कुरा लागू हुन्छ: हाम्रो आत्मिक जीवन र बृद्धिको निम्ति उहाँ अत्यावश्यक हुनुहुन्छ। हामी उहाँमा बप्तिस्मा लिएका छौं (रोम ६:३-६; गला ३:२६, २७)। उहाँमा नै हामी नयाँ सृष्टि भएका हुन्छौं (२ कोर ५:१७)। सबै आत्मिक आशिषहरू उहाँबाट नै प्राप्त हुन्छन् (एफि १:३)। उहाँमा नै, हाम्रो छुट्कारा छ (कल १:१३, १४)।

हामीमध्ये कतिपयले, हामीले जति आत्मा जित्नुपर्ने हो त्यति आत्मा जितिरहेका छैनौं, त्यसो किन भयो? किन हामीले हाम्रा विश्वासको बारेमा अरूलाई सुनाउँदैनौं? हामीले यो प्रश्न पनि गर्न सक्छौं, हामी किन आत्मिक रूपमा बृद्धि भइरहेका छैनौं? हामी किन ईश्वरीय आचरणका इसाई जीवन जिइरहेक छैनौं? सेवा-सङ्गती जाने काममा हामी किन विश्वासयोग्य छैनौं? यी सबै प्रश्नहरूका उत्तर एउटै छ: *ख्रीष्टसँगको हाम्रो सम्बन्ध ठीक छैन।* येशूले भन्नुभयो, "यदि कोही ममा रह्यो भने, र म त्यसमा रहें भने, त्यसले धेरै फल फलाउँछ ..." (यूह १५:५ख)। यदि सम्बन्ध ठीक छ भने, हामीले फल *फलाउनेछौं*।

हाम्रो निम्ति रहेको प्रश्न हो, "येशूसँगको हाम्रो सम्बन्ध कस्तो प्रकारको छ?" अर्थात्,

हामी ख्रीष्टमा बप्तिस्मा लिएका छौं; र यदि हामीले उहाँमा बप्तिस्मा लिएका छौं भने, के अहिले हामी उहाँको निम्ति जिइरहेका छौं त? यूहन्नाले आफ्नो पहिलो पत्रमा, येशूमा व्यक्तिगत रूपमा रहने विषयलाई राखेका छन्। यदि कुनै व्यक्ति उहाँमा रहन्छ भने उहाँकै जस्तो चालचलनमा ऊ हिँड्नेछ (१ यूह २:६), आफ्नो दाजुभाइलाई प्रेम गर्नेछ (१ यूह २:९, १०), र पापपूर्ण जीवनशैलीलाई जारी राख्नेछैन (१ यूह ३:६)। यदि येशूसँग हाम्रो सम्बन्ध ठीक छ भने, हामीले फल फलाउने तरिका भेट्टाउनेछौं।

फल फलाउन नसकेमा हुने परिणामहरूका बारेमा केही गम्भीर भनाइलाई यूहन्ना १५:१-१२ ले अघि सारेको छ। येशूले भन्नुभयो २ पदमा, "ममा हुने प्रत्येक हाँगा जसले फल फलाउँदैन उहाँले त्यसलाई छाँट्नुहुन्छ।" ६ पदले "आगोमा फालिदिन्छन्" भएको बारे बताउँछ। तैपनि, हामी आत्मा जित्नेहरू होइनौं भने, अथवा हामीले अरू तरिकाद्वारा आत्मा जित्न सकेनौं भने हामी नरक जनेछौं भनेर यस खण्डले बताउँदैन। बरु, येशूसँग सही सम्बन्ध नरहेको कारणले हामी हराउनेछौं भन्ने कुरा यसले सिकाउँछ। ६ पदलाई फेरि हेर्नुहोस्: "*कोही मानिस ममा रहेन भने,* त्यो हाँगाझैँ बाहिर मिल्काइन्छ, र त्यो सुकिहाल्छ। यस्ता हाँगाहरू मानिसहरूले बटुल्छन्, र आगोमा फालिदिन्छन्, र ती जलिहाल्छन्" (जोड दिइएको छ)।

आफ्नो विश्वासलाई कहिल्यै अरूसमक्ष नबाँड्नेहरूले विभिन्न कारण दखाउँछन्: तिनीहरू भन्छन्, "मलाई लाज लाग्छ"; "मानिसहरूले चासो देखाउँदैनन्"; "म असल शिक्षक होइन"; "मलाई पर्याप्त कुरा थाहा छैन"; वा "मसँग समय छैन।" सम्बन्धको खोजी गर्नुको सट्टा तिनीहरू कारणहरूलाई खोजिरहेका हुन्छन्। पावलले लेखेका छन्, "जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा नै म सब कुरा गर्न सक्छु" (फिलि ४:१३)।

फल फलाउने कामको मापदण्ड

फल फलाउने विषयको मुख्य कुरालाई हामीले उल्लेख गरिसक्यौं, फल फलाउनका निम्ति आवश्यक पर्ने केही व्यवहारिक मापदण्डहरूका बारेमा अब हामी हेरौं। सुसमाचार प्रचार सम्बन्धी फल फलाउन—अर्थात्, अरूलाई सुसमाचार सुनाउनु—को निम्ति सिपालु जिब्रो चाहिन्छ, सामान बेच्दै हिँड्नेको जस्तो फरर बोल्ने सीप हुनुपर्छ, वा धेरै ज्ञानबुद्धि हुनुपर्छ भन्ने विचार कतिपयको छ। यस खण्डले यी सीपका बारेमा केही पनि बताउँदैन। बरु, यसले चार वटा आवश्यक शर्तहरूलाई अघि सारेको छ।

(१) *आज्ञाकारी आत्मा।* परमेश्वर दाखको बोटलाई हेरचाह गर्ने किसान हुनुहुन्छ (यूह १५:१)—उहाँ दाखबारीका मालिक हुनुहुन्छ। उहाँले फल फलाउने हाँगालाई समेत छिँवल्नुहुन्छ (यूह १५:२)। ख्रीष्टले भन्नुभयो, "यदि मेरा आज्ञाहरू पालन गऱ्यौ भने तिमीहरू मेरो प्रेममा रहनेछौ, जसरी मैले मेरा पिताका आज्ञाहरू पालन गरेको छु र उहाँको प्रेममा रहन्छु" (यूह १५:१०)।

(२) *अध्ययन गर्ने मन।* येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, "मैले तिमीहरूलाई भनेको वचनले तिमीहरू अघि नै शुद्ध भइसकेका छौ" (यूह १५:३)। "शुद्ध" (καθαρός, *काथारास्, katharos*) भन्ने शब्द, "छिँवल्नु" अर्थ दिने उही ग्रीक शब्दबाट आएको हो (यूह १५:२)। परमेश्वरले प्रयोग गर्नुहुने मुख्य "छिँवल्ने-औजार" उहाँको वचन हो। ख्रीष्टले एघारलाई भन्नुभयो, "*मेरा कुरा* तिमीहरूमा रहे भने, तिमीहरूलाई जे इच्छा लाग्छ माग, र त्यो तिमीहरूका निम्ति गरिनेछ" (यूह १५:७; जोड दिइएको छ)।

परमेश्वरको वचनको ज्ञान हुनु फल फलाउनको निम्ति अत्यावश्यक कुरा हो—विशेष

गरी सुसमाचारसँग सम्बन्धित फल फलाउनको निम्ति। बाइबल अध्ययन र आत्मा जित्ने काम सँगसँगै अघि बढ्छ। यदि कुनै व्यक्तिले वचन जानेको छ भने, उसले अरूलाई सुनाउँछ र अझै सिक्नु आवश्यक रहेछ भन्ने कुराको अनुभव पनि उसलाई हुन्छ। येशूले भन्नुभयो, "धन्य धार्मिकताको निम्ति भोकाउने र तिर्खाउनेहरू, किनभने तिनीहरू तृप्त हुनेछन्" (मत्ती ५:६)। कडा परिश्रमले खानालाई स्वादिलो बनाउँछ, र प्रभुको काममा व्यस्त यसले हामीमा वचनप्रतिको तृष्णा जगाउँछ—विशेष गरी सत्यतालाई सुनाउने विषयमा।

(३) *समर्पित हृदय।* येशूसँग रहनको निम्ति हामी समर्पित र प्रतिबद्ध हुनुपर्छ। यूहन्ना १५ मा उहाँले दिनुभएको सन्देश हो, "ममा रहो" (यूह १५:५)। ७ पदमा उहाँले भन्नुभयो, "[*यदि*]तिमीहरू ममा रह्यौ भने" (जोड दिइएको छ), तिमीहरूले निश्चित आशिष प्राप्त गर्नेछौ। प्रभुसँगको हाम्रो सम्बन्ध विभिन्न दृष्टिकोणले दाखको बोट र यसका हाँगाको सम्बन्धजस्तै छ भन्ने कुरालाई हामीले टिपोट गरेका छौं। तैपनि, एउटा पक्षमा यसको तुलना मिल्दैन: बोटमा रहिरहने कि नरहने त्यसबारे दाखको रूखको हाँगाले निर्णय गर्न सक्दैनन्—तर हामीले यसको निर्णय गर्न सक्छौं।

विश्वासीको सुरक्षा हुन्छ भन्ने बारेमा बाइबलले सिकाउँछ, यसको अर्थ इसाईले विश्वासबाट पछि हट्नु असम्भव छ भन्ने होइन। कुनै व्यक्ति दाखको बोटमा गाँसिएको छ भने पनि उसलाई काटेर "आगोमा फालियो" भन्ने कुरा यूहन्ना १५ ले सिकाउँछ। यदि कुनै व्यक्ति बाँच्न चाहान्छ भने, ऊ प्रभुमा *रहनै पर्छ*। न्यायको दिनमा, कुनै व्यक्तिले आफ्नो बप्तिस्माको प्रमाण-पत्र निकालेर, "हेर्नुहोस् त, मैले फलनो ठाउँमा, फलनो दिन बप्तिस्मा लिएको थिएँ। त्यसैले अब तपाईंले मलाई प्रवेश गर्न *दिनुपर्छ*" भनेर भन्न मिल्दैन। मुक्तिको निम्ति बप्तिस्मा अत्यावश्यक कुरा हो, तर प्रभुमा विश्वासयोग्य रहनु पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ (प्रका २:१०)। "ख्रीष्टमा बप्तिस्मा" लिनु मात्रै महत्त्वपूर्ण होइन (रोम ६:३, ४; गला ३:२६, २७), तर "ख्रीष्टमा" *रहिरहनु* पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ (रोम ३:२४; ६:११, २३; ८:१, ३९; २ कोर २:१४; फिलि ४:७, १९; १ थेस ४:१६)।

(४) *संकल्पित आचरण।* हाँगाको काम भनेको बृद्धि हुनु हो। तिनीहरू बढ्न छाडेपछि, मर्छन्। कसैले लेखेका छन्, "यदि रूखको टुप्पामा कुनै बृद्धिविकास छैन भने, यसको जरालाई मृत्यले प्रहार गरिसकेको हुन्छ।" परमेश्वरको सहायताद्वारा, हामी इसाईहरूका रूपमा *बृद्धि* हुनेछौं। विशेष गरी, हामी फल-फलाउने गरी बृद्धि हुनु आवश्यक छ। यूहन्ना १५ ले "फल" को बारेमा बताउँछ (२ पद), तर "*धेरै* फल" (५, ८ पद; जोड दिइएको छ) र "*बढ़ी* फल" को बारेमा समेत यसले बताएको छ (२ पद; जोड दिइएको छ)।

फल फलाउँदा प्राप्त हुने प्रतिफल

फल फलाए वापत प्राप्त हुने केही सकरात्मक प्रतिफलहरू के-के हुन्?

हामी आत्मिक रूपमा बढ्नेछौं। हामी शुद्ध हुनेछौं; हामीले "धेरै फल" फलाउँनेछौं (यूह १५:५, ८) र "बढ़ी फल" फलाउनेछौं (यूह १५:२)।

हाम्रो प्रार्थनाको उत्तर दिइएनेछ (यूह १५:७)। हाम्रो प्रार्थनाको जीवन जति हुनु पर्ने हो त्यस्तो भएन भने, हामीले येशूसँगको हाम्रो सम्बन्धलाई जाँच्नै पर्छ, र हामीले फल फलाइरहेका छौं कि छैनौं त्यो हेर्नुपर्छ।

परमेश्वर महिमित हुनुहुनेछ (यूह १५:८)। दाखबारी उहाँको हो र दाखबारीको किसान उहाँ नै हुनुहुन्छ। हाँगाले फल फलाए भने उहाँ महिमित पारिनुहुन्छ।

हामी आफैलाई येशूको साँचो चेलाका रूपमा हामीले प्रस्तुत गर्नेछौं (यूह १५:८)।

हामी आनन्दित हुनेछौं (यूह १५:११)। आफूले ख्रीष्टमा ल्याएकाहरूलाई पावलले "आनन्द र मुकुट" भनी भने (फिलि ४:१)। आफ्ना "छोरा-छोरीहरू" "सत्यको अनुसरण गर्छन्" भन्ने सुन्नु जत्तिको "बढ़ी आनन्दको" मलाई अरू के हुन सक्छ र? भनी यूहन्नाले भने (३ यूह ४)।

आत्मा बाँच्नेछन्—हाम्रा अनि अरूका!

निष्कर्ष

सक्रिय मण्डली समुदायमा खुशीसाथ व्यस्त रहेका इसाईहरूसँग रहन पाउनु कति उत्साहको कुरो हो। तैपनि, धेरैभन्दा धेरै "कामकुराको छायाँमा," प्रभुको मण्डलीको रूपमा, हमी कस्तो हुनुपर्छ भन्ने कुरालाई हामीले देख्न हामी विस्तारै असफल हुनसक्छौं। हामी जिउनुको एउटै कारण छ, त्यो हो परमेश्वरको निम्ति फल फलाउनु। फल फलाउनुको कुनै विकल्प छैन।

गेतसमनीको बगैंचा
(मत्ती २६:३०, ३६-४६; मर्कू १४:२६, ३२-४२; लूक २२:३९-४६; यूह १८:१)

मत्ती २६:३०, ३६-४६

३०एउटा भजन गाएपछि उहाँहरू जैतून डाँड़ातिर निस्केर जानुभयो।

३६तब येशू गेतसमनी भन्ने ठाउँमा तिनीहरूसँग जानुभयो, र चेलाहरूलाई भन्नुभयो, "तिमीहरू यहीँ बस, मचाहिँ अलि पर गएर प्रार्थना गर्छु।" ३७र आफूसँग पत्रुस र जब्दियाका दुई छोराहरूलाई लिएर उहाँ शोकित र व्याकुल हुन लाग्नुभयो। ३८तब उहाँले तिनीहरूलाई भन्नुभयो, "मेरो प्राण गहिरो शोकले मरेतुल्य भएको छ। तिमीहरू यहीँ बस, र मसँग जागा रहो।" ३९अनि उहाँले अलि अगाडि गएर लम्पसार परी प्रार्थना गर्नुभयो, "हे मेरा पिता, हुन सक्छ भने, यो कचौरा मबाट हटोस्। तरै पनि मैले इच्छा गरेबमोजिम होइन, तर तपाईंले इच्छा गर्नुभएबमोजिम होस्।" ४०तब उहाँ चेलाहरूकहाँ आएर तिनीहरूलाई निदाइरहेका भेट्टाउनुभयो, र पत्रुसलाई भन्नुभयो, "के तिमीहरू मसँग एक घण्टा पनि जागा बस्न सकेनौ? ४१जागा रहो, प्रार्थना गर, र परीक्षामा नपर। आत्मा त साँच्चै तयार छ, तर शरीर दुर्बल छ।" ४२फेरि दोस्रो पल्ट गएर उहाँले प्रार्थना गर्नुभयो, "मेरा पिता, मैले यो नपिई हुँदैन भने तपाईंकै इच्छा पूरा होस्।" ४३उहाँ फेरि आएर तिनीहरूलाई निदाइरहेकै भेट्टाउनुभयो, किनकि तिनीहरूका आँखा लोलाएका थिए। ४४यसकारण उहाँले तिनीहरूलाई फेरि छोड्नुभयो, र गएर फेरि उही शब्दहरू दोहोऱ्याई तेस्रो पल्ट प्रार्थना गर्नुभयो। ४५तब उहाँ चेलाहरूकहाँ आएर तिनीहरूलाई भन्नुभयो, "तिमीहरू अझै सुतिरहेका र विश्राम गरिरहेका छौ? हेर, समय नजिक आइपुगेको छ। मानिसको पुत्र पापीहरूका हातमा पर्न लागेको छ। ४६उठ, जाऔं। हेर, पक्राइदिने नजिकै छ।"

मर्कूस १४:२६, ३२-४२

२६अनि एउटा भजन गाएर उहाँहरू निस्केर जैतून डाँड़ातिर जानुभयो।

३२त्यसपछि उहाँहरू गेतसमनी नाउँ भएको ठाउँमा जानुभयो, र उहाँले आफ्ना

चेलाहरूलाई भन्नुभयो, “मैले प्रार्थना गरुञ्जेल तिमीहरू यहीँ बस।” ३३तब उहाँले पत्रुस,
याकूब र यूहन्नालाई साथमा लैजानुभयो, र उहाँ अत्यन्तै विचलित र ज्यादै खिन्न हुन
लाग्नुभयो। ३४उहाँले तिनीहरूलाई भन्नुभयो, “मेरो आत्मा मृत्युसम्मै शोकले व्याकुल
भएको छ। तिमीहरू यहीँ बस, र जागा रहो।” ३५अनि अलि पर गएर उहाँ भूइँमा
घोप्टिनुभयो, र हुन सक्छ भने त्यो घड़ी उहाँबाट टलोस् भनी प्रार्थना गर्नुभयो। ३६अनि
उहाँले भन्नुभयो, “अब्बा, पिता, तपाईंको निम्ति सबै कुरा सम्भव छ। यो कचौरा मबाट
हटाइदिनुहोस्। तर पनि मैले इच्छा गरेजस्तो होइन, तपाईंले इच्छा गर्नुभएजस्तो होस्।”
३७उहाँ फेरि आउनुहुँदा तिनीहरूलाई निदाइरहेका भेट्टाउनुभयो। उहाँले पत्रुसलाई
भन्नुभयो, “सिमोन, के तिमी निदाइरहेछौ? के एक घण्टा पनि जागा बस्न सकेनौ? ३८जागा
रहो, अनि प्रार्थना गर, र तिमीहरू परीक्षामा नपर। आत्मा त साँच्चै तयार छ, तर शरीर
दुर्बल छ।” ३९फेरि गएर उहाँले दोहोऱ्याएर त्यही प्रार्थना गर्नुभयो। ४०फेरि आएर उहाँले
तिनीहरूलाई निदाइरहेका भेट्टाउनुभयो, किनभने तिनीहरूका आँखा निद्राले साह्रै
लट्ठिएका थिए, र उहाँलाई के जवाफ दिने हो, सो जानेनन्। ४१उहाँ तेस्रो पल्ट आउनुभयो,
र तिनीहरूलाई भन्नुभयो, “के तिमीहरू अझै निदाउँदैछौ र आराम गरिरहेका छौ? अब
भयो, बेला आइपुग्यो। हेर, मानिसको पुत्र पापीहरूका हातमा पक्राउ पर्न लागेको छ।
४२उठ, जाऔं। हेर, मलाई विश्वासघात गर्ने नजिकै छ।”

लूका २२:३९-४६

३९बाहिर निस्केर सदाझैँ उहाँ जैतून डाँड़ामा जानुभयो, र उहाँका चेलाहरू पनि
पछिपछि लागे। ४०त्यस ठाउँमा पुगेपछि उहाँले तिनीहरूलाई भन्नुभयो, “तिमीहरू प्रार्थना
गरिरहो, र परीक्षामा नपर।” ४१उहाँ तिनीहरूबाट प्रायः तीस मिटर पर गएर घुँड़ा टेकी
प्रार्थना गर्नुभयो, ४२“हे पिता, तपाईंको इच्छा भए, यो कचौरा मबाट हटाइदिनुहोस्। तर
मेरो इच्छा होइन, तपाईंकै इच्छा पूरा होस्।” ४३तब स्वर्गबाट एउटा दूत उहाँलाई बल दिन
उहाँकहाँ देखा परे। ४४अत्यन्त सङ्कष्टमा परेर आग्रहपूर्वक उहाँ प्रार्थना गर्न लाग्नुभयो, र
उहाँको पसीना रगतका ठूला-ठूला थोप्लाजस्तै जमिनमा खसिरहेका थिए। ४५प्रार्थनाबाट
उठेर चेलाहरूकहाँ आउनुहुँदा उहाँले तिनीहरूलाई शोकले गर्दा निदाइरहेका
भेट्टाउनुभयो। ४६उहाँले तिनीहरूलाई भन्नुभयो, “तिमीहरू किन निदाइरहेका छौ? उठ र
परीक्षामा नपर्नलाई प्रार्थना गर।”

यूहन्ना १८:१

१यी कुरा भनिसकेर येशू आफ्ना चेलाहरूसँग किद्रोन खोल्सापारि जानुभयो। त्यहाँ
एउटा बगैँचा थियो। येशू आफ्ना चेलाहरूसँग त्यहाँ प्रवेश गर्नुभयो।

येशूले अनिदो रात बिताउनुभएको थियो। उहाँका चेलाहरू एक घण्टा जति निदाएका हुनसक्छन् (मत्ती २६:४०), तर उहाँ निदाउनुभएन। रातको प्रथम प्रहरमा, येशूका सोच-विचारका कारण सुत्न सक्ने अवस्था थिएन; रातको अन्तिम प्रहरसम्मै उहाँका शत्रुहरूले उहाँलाई सुत्न दिएनन्।

यूहन्ना ११—१७ का विषयहरू प्रभुले कुन स्थानमा छलफल गर्नुभयो त्यसबारे हामीलाई निश्चित रूपमा थाहा छैन। १४ अध्यायको अन्त्यमा, येशूले भन्नुभयो, “उठ, हामी यहाँबाट जाऔं” (पद ३१ख)। त्यसैबेला उहाँ र उहाँका चेलाहरू घरको त्यस

माथिल्लो तल्लाबाट जानुभयो र उहाँहरू गेतसमनीतर्फ जाँदै गर्नुहुँदा १५, १६ र १७ अध्यायका वचनहरू बोलिएको हो भन्ने कुराको संकेत यो वाक्यले गर्नसक्छ। अर्कोतर्फ, येशूले, "जाऔं" भनी भन्नुभएपछि, उहाँहरू जानुभन्दा पहिले केही समयसम्म त्यहीँ रहनुभएको हुनसक्छ। तैपनि, ख्रीष्ट र उहाँका एघार चेलाहरू घरको माथिल्लो तल्लाबाट कुनै निश्चित समयमा जानुभयो र गेतसमनीको बगैंचातर्फ लाग्नुभयो (मत्ती २६:३०, ३६)। (परिशिष्ट २ मा "प्यालेष्टाइन दृश्यहरू" हेर्नुहोस्।) मर्कूस १४:२६-३२ अनुसार, उहाँहरू माथिल्लो तल्लाको कोठाबाट निस्केर जानुभएपछि गेतसमनीको बगैंचामा पुग्नुभन्दा पहिलेको समयमा येशूले केही वचन बोल्नुभएको हो, तर उक्त छोटो यात्रामा उहाँले अन्य वचन पनि बोल्नुभयो कि बोल्नुभएन भन्ने बारेमा हामीलाई निश्चित रूपमा थाहा छैन।

येशूले दिनुभएको वृहत उपदेशहरूको समाप्त भयो। यो समयदेखि उसो, सुसमाचारीय पुस्तकका लेखकहरूले आफ्ना लेखाइलाई प्रवचनमा भन्दा बढी इतिहासमा केन्द्रित गरेका छन्। तैपनि, येशूलाई क्रूसमा झुण्ड्याइनुभन्दा पहिलेको अन्तिम समय अवधिबाट धेरै कुराहरू सिक्न बाँकी छ।

माथिल्लो तल्लामा भएको संगती भजन गाएर समाप्त गरियो: **एउटा भजन गाएपछि उहाँहरू ... निस्केर जानुभयो** (मत्ती २६:३०; हेर्नुहोस्: मर्कू १४:२६)। येशू र प्रेरितहरूले आफ्ना स्वरलाई परमेश्वरतर्फ उचाले, उहाँहरूले गाउनुभएको गीतको आवाजमा प्रशंसा मिसिएको थियो। परम्परागत रूपमा, निस्तार-चाडको भोजलाई "हाल्लेल भजनहरू गाएर समाप्त गरिन्थ्यो (भज ११५—११८)।"[33] ("हाल्लेल" ["Hallel"] भन्ने शब्द "प्रशंसा" अर्थ दिने ग्रीक शब्दलाई लिप्यान्तरण गरिएको हो।) हाल्लेल भजन लेख्न प्रेरणा दिने त्रीएक-परमेश्वर मध्ये ख्रीष्ट येशू आफै पनि एक हुनुहुन्थ्यो (२ पत्र १:२१), त्यसकारण यहाँ गीतकारले आफ्नै रचनालाई गाइरहनुभएको थियो। शायद उहाँहरूले अन्तिम हाल्लेल (प्रशंसा) भजन गाउनुभयो, जसको सुरुवात यसरी हुन्छ, "परमप्रभुमा धन्यवाद चढ़ाओ, किनभने उहाँ भलो हुनुहुन्छ। उहाँको करुणा सदासर्वदा रहिरहन्छ" (भज ११८:१)। "क्रूसको कालो छाँयाले ख्रीष्टमा रहेको प्रशंसाको आत्मालाई निभाउन सकेन।"[34]

आफ्ना प्रेरितहरूका साथमा हाम्रा गुरुज्यू साँगुरो गल्लीहरूहुँदै अघि बढ्नुभयो, सहरको ढोकाहरूलाई पार गर्नुभयो, किद्रोनको बेंसीबाट हिँडेर, जतून डाँडाको ओरालोतर्फ लाग्नुभयो (यूह १८:१; लूक २२:३९)। त्यहाँ उहाँहरू **गेतसमनी भन्ने ठाउँमा** आइपुग्नुभयो (मत्ती २६:३६; हेर्नुहोस्: मर्कू १४:३२), यो **एउटा बगैंचा थियो**, जहाँ "येशू आफ्ना चेलाहरूसँग ... धेरैजसो भेला हुनुहुन्थ्यो" (यूह १८:१, २; हेर्नुहोस्: लूक २१:३७)। "गेतसमनी" (Γεθσημανί, *गेथसेमनी, Gethsēmani*) भन्ने शब्द ग्रीक भाषाबाट जस्ताको त्यस्तै लेखिएको हो (लिप्यांतरण गरिएको) (हिब्रू वा आरामीक भाषाबाट लिइएको शब्द) जसको अर्थ "तेल पेल्ने" भन्ने हुन्छ। स्पष्टै छ, जैतूनको कटनीको समयमा यही स्थानमा तेल पेलिन्थ्यो (वा पेलिँदै आइएको थियो), त्यसकारण यसको नाम जैतून डाँडा रहनगयो।

गेतसमनी रहेको स्थान सुनौलो ढोकाबाट आधा माइलभन्दा कम दूरी पूर्वतर्फ पर्छ—पर्खालले घेरिएको यस बगैंचाको क्षेत्रफल सत्तरी वर्गगज छ र यसमा लगभग पचहत्तर वटाभन्दा बढी जैतूनका ठूला जब्बरे रूखहरू छन्।[35] ती रूखहरूका मुनि बसेर येशूले

---

[33]ज्याक पी. लिविस् (Jack P. Lewis), *द गोस्पल अकर्डिङ टु मत्ती,* पार्ट २, द लिभिङ वर्ड कमेन्ट्री, एड. इभर्रेट फर्गुसन (Everett Ferguson) (एबिलेन, टेक्सस्: एस.सी.यू. प्रेस १९७६), १४८।

[34]म्याकगर्भे एण्ड पेण्ड्लेटन (McGarvey and Pendleton), ६८५।

[35]यो वाक्य हेस्टर (Hester), १९९ बाट लिइएको हो।

प्रार्थना गर्नुभएको थियो भनी आजका पर्यटक पथप्रदर्शकहरूले दाबी गर्छन्, तर प्राचीन इतिहासकारहरूका अनुसार रोमले यरूशलेमलाई घेराबन्दी गरेर नष्ट गर्दा त्यहाँका सबै रूखहरू समेत नष्ट गरेका थिए। तैपनि, यो कुरा साँचो हो, आज त्यहाँ देखिने रूखहरू अत्यन्तै पुराना रूखहरू हुन्।

ख्रीष्टले आफ्ना आठ जना चेलाहरूलाई (मत्ती २६:३६ हेर्नुहोस्), **"तिमीहरू प्रार्थना गरिरहो, र परीक्षामा नपर"** भन्ने निर्देशन दिनुभयो (लूक २२:४०)। त्यसपछि, पत्रुस, याकूब, र यूहन्नालाई लिएर (मत्ती २६:३७क; मर्कू १४:३३क), उहाँहरू रातको त्यो अन्धकारमा अझै अघि जानुभयो। आउन लागेको शारीरिक र आत्मिक घोर पीडाद्वारा विचलित भई, **उहाँ अत्यन्तै विचलित र ज्यादै खिन्न हुन लाग्नुभयो** (मर्कू १४:३३ख)। उहाँले आफ्ना तीन मित्रहरूलाई भन्नुभयो, **"मेरो प्राण गहिरो शोकले मरेतुल्य भएको छ। तिमीहरू यहीँ बस, र मसँग जागा रहो"** (मत्ती २६:३८)।

अनि उहाँ अलि अगाडि गएर **लम्पसार परी प्रार्थना गर्नुभयो, "हे मेरा पिता, हुन सक्छ भने, यो कचौरा मबाट हटोस्"** (मत्ती २६:३९क; हेर्नुहोस्: मर्कू १४:३५, ३६; लूक २२:४२)। "यो कचौरा" भन्ने वाक्यले उहाँको मृत्यु र यसक्रममा उहाँले भोग्नुपर्ने सबै दुःखलाई जानाउँछ। त्यसपछि उहाँले भन्नुभयो, **"तरै पनि मैले इच्छा गरेबमोजिम होइन, तर तपाईंले इच्छा गर्नुभएबमोजिम होस्"** (मत्ती २६:३९ख)।

त्यसपछि उहाँ पत्रुस, याकूब, र यूहन्नाकहाँ फर्केर आउनुभयो र तिनीहरूलाई निधाइरहेका पाउनुभयो (मत्ती २६:४०)। **"के एक घण्टा पनि जागा बस्न सकेनौ?"** भनी प्रश्न गर्नुहुँदा उहाँको आवाजमा अवश्य नै निराशा मिसिएको थियो (मर्कू १४:३७ख)।

ख्रीष्ट बगैंचाको मध्यभागमा फर्केर जानुभयो र प्रार्थनालाई जारी राख्नुभयो: **"मेरा पिता, मैले यो नपिई हुँदैन भने तपाईंकै इच्छा पूरा होस्"** (मत्ती २६:४२)। केही क्षणपछि उहाँ उठेर फेरि तीन जना चेलाहरूकहाँ फर्केर जानुभयो—र तिनीहरूलाई फेरि निदाइरहेका भेट्टाउनुभयो (मत्ती २६:४३)। तिनीहरू किन जागो रहन सकेनन् भनी उहाँले प्रश्न गर्नुहुँदा, **तिनीहरूले ... उहाँलाई के जवाफ दिने हो, सो जानेनन्** (मर्कू १४:४०ख)। जाग रहन नसकेका कारण तिनीहरू लाजमा पर्नुपरेको थियो र कसरी क्षमा माग्ने त्यो पनि तिनीहरूलाई थाहा थिएन। **तिनीहरूका आँखा निद्राले साह्रै लट्ठिएका थिए** भन्ने कुरालाई मर्कूसले टिपोट गरेका छन् (मर्कू १४:४०क), र तिनीहरू **शोकले गर्दा निदाइरहेका भेट्टाउनुभयो** भनी लूकाले बताएका छन् (लूक २२:४५)। तिनीहरू जागै रहेका भए हुनेथियो, तर तिनीहरू शारीरिक रूपमा र भावनात्मक रूपमा थकित भएका थिए।

तेस्रो पटक, येशू तिनीहरूलाई छाडेर प्रार्थना गर्न जानुभयो: **अत्यन्त सङ्कष्टमा परेर आग्रहपूर्वक उहाँ प्रार्थना गर्न लाग्नुभयो, र उहाँको पसीना रगतका ठूला-ठूला थोप्लाजस्तै जमिनमा खसिरहेका थिए** (लूक २२:४४)। "उहाँले बड़ो क्रन्दन र आँसुसहित प्रार्थना चढ़ाउनुभयो," भन्ने कुरा हिब्रूको पुस्तकका लेखकले बताएका छन् (हिब्रू ५:७क)। उहाँको प्रार्थनाको प्रतिउत्तर स्वरूप, **स्वर्गबाट एउटा दूत उहाँलाई बल दिन उहाँकहाँ देखा परे** (लूक २२:४३)। स्वर्गदूतहरू येशूको जीवन र सेवकाइमा धेरै पटक सामेल भए (मत्ती ४:११; २८:२, ५, ६; लूक २:१३, १४)।

तेस्रो पल्ट ख्रीष्ट आफ्ना चेलाहरूकहाँ फर्केर आउँदा, उहाँको आन्तरिक तनाव हटिसकेको थियो। उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयो, **"तिमीहरू अझै सुतिरहेका र विश्राम गरिरहेका छौ? हेर, समय नजिक आइपुगेको छ। मानिसको पुत्र पापीहरूका हातमा पर्न लागेको छ। ... हेर, पक्राइदिने नजिकै छ"** (मत्ती २६:४५, ४६)। "समय" भन्ने शब्दले

उहाँको मृत्युको समयलाई जनाउँछ। येशू यो "समय" तर्फ अग्रसरताका साथ अघि बढिरहनुभएको थियो (यूह २:४; ७:३०; ८:२०; १२:२३, २७; १३:१; १७:१ हेर्नुहोस्)।

प्रयोग: बगैंचामा (मत्ती २६:३०, ३६-४६; मर्कू १४:२६, ३२-४२; लूक २२:३९-४६; यूह १८:१, ४, ११)

मुक्तिको कथामा बगैंचाले ठूलो स्थान लिएको छ: आदनको बगैंचा, पापको बगैंचा (उत २:८, १७; ३); गेतसमनी, पीडाको बगैंचा (यूह १८:१; मत्ती २६:३६); नाम उल्लेख नगरिएको बगैंचामा येशूलाई गाडियो र उहाँ बौरी उठ्नुभयो, आशाको बगैंचा (यूह १९:४१, ४२; २०); र बैकुण्ठ, इनामको बगैंचा (प्रका २:७ हेर्नुहोस्)। यो अध्ययन यीमध्ये दोस्रो बगैंचाको बारेमा रहेको छ: गेतसमनी।

गेतसमनीमा येशू भन्ने विषयमा अध्ययन गर्ने क्रममा, हामी उभिएको भूमि पवित्र भूमि हो त्यसैले हामीले आफ्ना जुत्ता फुकाल्नुपर्छ भन्ने मान्यता लागू हुन्छ (प्रस ३:५ हेर्नुहोस्)। डी. डब्लू. क्लेभर्ली फोर्ड (D. W. Cleverley Ford) ले यी विचारहरू राखेका छन्:

> म [यो प्रवचनलाई प्रचार गर्न सक्ने] व्यक्ति हुँ कि होइन, त्यसमा मलाई सङ्का लागेको छ। सुसमाचारको पुस्ताकका सबैभन्दा हृदयस्पर्शी दृश्यलाई प्रस्तुत गर्नका निम्ति बोल्ने सीप, आत्मिक संवेदनशीलता वा धर्मशास्त्रीय ज्ञान मसँग छ कि छैन त्यसबारे ममा शङ्का छ।... तर मैले के नै गर्न सक्छु र? मानव येशूको नजिकमा हामी जानसक्ने ठाउँ यही नै हो, अरू कहीं होइन। यदि मैले गेतसमनीलाई छुटाएँ भने, येशू को हुनुहुन्थ्यो भन्ने कुरालाई देखाउनमा म असफल हुनेछु।[36]

जब हामी बगैंचामा येशूलाई हेर्छौं, सुसमाचारको पुस्तकमा विरलै प्रकट भएको उहाँको एउटा पक्षलाई देख्छौं: उहाँको मानवीय पक्षको संवदनशीलता। यस सम्नबन्धी अन्य केही घटनाहरूलाई याद गर्न सकिन्छ जस्तै, येशूले भोक अनुभव गर्नुभएको (मत्ती ४:२; २१:१८) र तिर्खा लागेको (यूह ४:७; १९:२८); तर अन्य कुनै पनि घटना यो जत्तिको स्पष्ट र खुलासापूर्ण छैनन्। उहाँ पूर्ण ईश्वर हुनुहुन्थ्यो, तर उहाँ पूर्ण मानव पनि हुनुहुन्थ्यो। देहधारणको विषयमा हामीले पत्ता लगाउन नसक्ने धेरै कुरा छन्; तर, ख्रीष्टको ईश्वरीयता र उहाँको मानवताबीच समय-समयमा अवश्य नै तनाव हुनेगर्थ्यो। त्यो तनाव गेतसमनीको बगैंचामा जत्तिको स्पष्ट कहीं देखिँदैन। "*आत्मा* त साँच्चै तयार छ, तर *शरीर* दुर्बल छ" भनी प्रभुले भन्नुहुँदा (मत्ती २६:४१; जोड दिइएको छ), उहाँले तिनीहरूका बारेमा मात्र कुरा गर्नुभएको होइन। उहाँले आफ्नो बारेमा समेत बताउनुभएक हो।

स्वर्गबाट आउनुहुँदा ख्रीष्टले "... आफैलाई रित्त्याईकन ... तथा *मनुष्य भएर जन्मनुभयो*" भन्ने कुरा पावलले उल्लेख गरेका छन् (फिलि २:७; जोड दिइएको छ)। "यसैकारण *हरेक कुरामा उहाँ आफ्नै भाइहरूजस्तै* बनाइनुपर्‍यो, ... उहाँ कृपालु र विश्वस्त प्रधान पूजाहारी बन्नुभयो" भनेर हिब्रूका पत्रको लेखकले बताएका छन् (हिब्रू २:१७; जोड दिइएको छ)। लेखकले, ख्रीष्टले भोग्नुभएको दु:खकष्टलाई "आफ्नै भाइहरूजस्तै" भन्ने कुरासँग जोडे। "उहाँ आफैले कष्ट *भोग्नुभयो* र परीक्षित हुनुभयो"; "*हामीजस्तै* उहाँ सबै कुरामा परीक्षित हुनुभयो" (हिब्रू २:१८; ४:१५; जोड दिइएको छ)। क्रूसमा भएको उहाँको मृत्यु मात्र होइन (१ पत्र ३:१८) गेतसमनीको पीडा पनि येशूले

---

[36]डी. डब्ल्यू. क्लेभर्ली फोर्ड (D. W. Cleverley Ford), *प्रिचिङ थ्रु द लाइफ अफ क्राइष्ट* (पिबोडी, मासाच्युसेट: हेन्ड्रिक्सन पब्लिकेसनस्, १९९४), ७६।

भोग्नुभएको दु:खकष्टमा समावेश हुन्छ। "*येशू आफ्नो शारीरिक जीवनमा हुनुहुँदा* उहाँलाई मृत्युबाट बचाउन सक्नुहुनेलाई उहाँले बड़ो क्रन्दन र आँसुसहित प्रार्थना चढ़ाउनुभयो" (हिब्रू ५:७; जोड दिइएको छ)।

येशू पृथ्वीमा हुँदा, उहाँको सबैभन्दा ठूलो युद्ध गेतसमनीमा शायद नै भएको थियो। उजाड स्थानमा, ख्रीष्ट दियाबलससँग लड्नुभएको थियो (मत्ती ४:१-११); बगैंचामा, उहाँले आफैसँग युद्ध गर्नुभयो—उहाँको मानवतासँग। जे. डब्ल्यू. म्याकगर्भे (J. W. McGarvey) ले वास्तवमै सही लेखेका छन्, "येशू बगैंचामा प्रवेश गर्नुभएको समयदेखि क्रूसमा उहाँको मृत्यु भइन्जेलसम्म उहाँमा मानवताको प्रभुत्व रहेको थियो; र 'उहाँ मानवजस्तै रहनुभयो,' उहाँले पूर्ण मानवको रूपमा दु:खकष्ट भोग्नुभयो।"[37]

द्वन्द्वको एउटा रंगमञ्च

बगैंचा द्वन्द्वको एउटा रंगमञ्च थियो। प्रभुले यहीं नै उहाँको सबैभन्दा ठूलो युद्ध लड्नुभयो, *सबैभन्दा* ठूलो युद्ध यो थिएन भने पनि यो ठूला युद्धहरूमध्येको एक भने अवश्य थियो।

व्याकुलताको एउटा स्थान

येशूको निम्ति, गेतसमनी पहिलो र सबैभन्दा ठूलो व्याकुलताको स्थान थियो। मत्ती २६:३६ मा यस्तो लेखिएको छ, "तब येशू गेतसमनी भन्ने ठाउँमा तिनीहरूसँग [चेलाहरूसँग] जानुभयो।" "गेतसमनी" को अर्थ "तेल पेल्ने ठाउँ" हो। यो नाम यस घटनाको निम्ति प्रासंगिक देखिन्छ: आउन लागेको पीडादायी घटनाहरूले आफूलाई *पेलेको बेला,* क्रूसको कालो छायाले उहाँलाई *तोड्ने* चुनौती दिएको बेला, येशू यहीं आउनुभयो।

सुसमाचारको पुस्तकका लेखकहरूले प्रभुको घोरपीडालाई दृश्यात्मक रूपमा व्याख्या गरेका छन्: "उहाँ शोकित र व्याकुल हुन लाग्नुभयो" भनेर मत्तीले बताएका छन् (मत्ती २६:३७)। मर्कूसले लेखेका छन्, "उहाँ अत्यन्तै विचलित र ज्यादै खिन्न हुन लाग्नुभयो" (मर्कू १४:३३)। येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, "मेरो प्राण गहिरो शोकले मरेतुल्य भएको छ" (मत्ती २६:३८)। न्यू इन्टरनेशनल संस्करण (NIV) मा "मेरो प्राण विचलित भएको छ" भनेर लेखिएको छ। न्यू लिभिङ अनुवाद (NLT) मा, "मेरो प्राण सुर्ताले तोडिएको छ ..." भनेर उल्लेख गरिएको छ। "मेरतुल्य" भन्ने वाक्यले गलगथाको घोरपीडालाई मात्र होइन, तर गेतसमनीको वेदनालाई पनि उल्लेख गर्छ। एम्लिफाइड बाइबल (AB) मा, "म सुर्ताले गर्दा मर्नलागेको छु" भन्ने पाइन्छ।

आफ्ना चेलाहरूलाई छाडेर जानुभएपछि, ख्रीष्ट भूँइमा लम्पसार पर्नुभयो र प्रार्थना गर्नुभयो: "हे मेरा पिता, हुन सक्छ भने, यो कचौरा मबाट हटोस्" (मत्ती २६:३९)। हामीलाई थाहा भए अनुसार, येशूले यी वाक्यहरूलाई बोल्नुभएको एउटै घटना गेतसमनीको बगैंचा हो, तर यो विचार पहिले पनि उहाँको मनमा आएको थियो (यूह १२:२७, २८ हेर्नुहोस्)। "कचौरा" भन्ने शब्दले, उहाँले भोग्न लाग्नुभएको सम्पूर्ण शारीरिक, भावनात्मक, र आत्मिक पीडालाई बुझाउँछ। हिब्रूको पुस्तकका लेखकले भनेका छन्, "उहाँले बड़ो क्रन्दन र आँसुसहित प्रार्थना चढ़ाउनुभयो" (हिब्रू ५:७)।

---

[37]म्याकगर्भे एण्ड पेण्ड्लेटन (McGarvey and Pendleton), ६८६-८७।

लूकाले यो दृश्यलाई यसरी व्यख्या गरेका छन्: "अत्यन्त सङ्कष्टमा परेर आग्रहपूर्वक उहाँ प्रार्थना गर्न लाग्नुभयो, र उहाँको पसीना रगतका ठूला-ठूला थोप्लाजस्तै जमिनमा खसिरहेका थिए" (लूक २२:४४)। निस्तार-चाड वसन्तको सुरुतिर पर्ने हुँदा, रातमा त्यहाँको हावा सितल, र चिसो रहेको हुनसक्छ (यूह १८:१८ हेर्नुहोस्)। स्वभाविक रूपमै पसिना आउने समय त्यो थिएन। गुरूज्यूको अनुहारबाट बगेका ती पसिनाका थोपा बाहिरी तापको कारणले होइन, तर आन्तरिक उत्पातका कारणले उत्पन्न भएको थियो।

"रगतका थोपा" जस्ता वाक्यका बारेमा टिप्पणीकर्ताहरू अचम्म मान्छन्। अत्यन्तै तनावका कारण, निधारको केशिकाबाट पसीना ग्रन्थिमा रक्तप्रवाह भई शरीरबाट रगत मिसिएको पसीना आउने विरलै देखिने एउटा स्वास्थ्य अवस्था हुन्छ। यस अवस्थालाई हेमाटिड्रोसिस् (hematidrosis) वा हेमोहाइड्रोसिस् (hemohidrosis) भनिन्छ।[38] लूका, एक चिकित्सकले, प्रभुको आन्तरिक पीडाको तीव्रतालाई जोड दिनको निम्ति त्यस प्रकारको अवस्थाको बारेमा व्यख्या गरेका हुनसक्छन्। अझै सम्भावना के छ भने यहाँ "जस्तै" भन्ने शब्दलाई जोड दिइएको छ: गहिरो घाउबाट *रगत बहेजस्तै,* येशूको अनुहारबाट पसीनाका थोपाहरू भूँइमा खसे।

आफ्नो मृत्युको बारेमा यसभन्दा पहिले उहाँ जति शान्त हुनुहुन्थ्यो त्यसलाई तुलना गरी, गेतसमनीमा ख्रीष्टको व्याकुलताका बारेमा केही लेखकहरू समस्याग्रस्त भएका छन्। "उहाँले व्याकुल नभइकन आफू मर्नेबारे कुरा गर्नुभयो" भनी तिनीहरू भन्छन्। तैपनि, यो समस्या पारै नलाग्ने किसिमको हो भनेर यस्तो तुलनाले प्रस्तुत गर्दैन। पहिलो कुरा, यसभन्दा पहिले आफ्नो मृत्युको बारेमा बताउने क्रममा येशू कस्तो देखिनुभएको थियो वा उहाँको आवाज कस्ता थिए त्यसबारे हामीलाई बताइएको छैन; उहाँले आफ्नो मृत्युको बारेमा बताउँदा, उहाँको आवाज र अनुहारले धेरै भावना व्यक्त गरेको हुनसक्छ, जुन कुरा लेखिएको विवरणमा व्यक्त हुन सक्दैन। दोस्रो कुरा, येशू आफ्नो मृत्युतर्फ "उहाँको शरीरमा" अघि बढिरहनुभएको थियो, त्यसकारण वास्तविक घटना नजिक आइरहेको बेला उहाँको भावनात्मक अवस्था पहिलेभन्दा चरम विन्दुमा पुगेको थियो भनेर हामीले यसलाई व्याख्या गर्नसक्छौं।

येशूले आफ्नो प्रार्थनामा प्रयोग गर्नुभएको "कचौरा" भन्ने शब्दले, उहाँको शारीरिक, भावनात्मक, र आत्मिक पीडालाई उल्लेख गर्छ भन्ने कुरालाई हामीले यसभन्दा पहिले नै टिपोट गरेका थियौं। यसपछि उहाँले भोग्नुपर्ने प्रत्येक प्रकारको पीडाका बारेमा केही क्षण विचार गरौं। पहिला, उहाँले शारीरिक पीडा भोग्नुपर्नेथियो: तीस वर्षको जवान मानिस, आफ्नो जीवनको जल्दोबल्दो उमेरमा रहेको व्यक्तिको निम्ति मृत्यु भन्ने कुरा त्यति आकर्षक थिएन। धेरैजसोले आफ्नो जीवनचार्यलाई सुरुवात गर्ने त्यस उमेरमा, उहाँले त्यसलाई समाप्त गर्न लाग्नुभएको थियो। अर्थात्, उहाँले आफ्नो "जीवनचार्यको" संसारिक भाग (सेवकाइ) लाई समाप्त गर्नलाग्नुभएको थियो।

योभन्दा अझै महत्त्वपूर्ण कुरो, उहाँले भोग्नुपर्ने मृत्युको *प्रकार* थियो: मानिसले सोच्न सक्ने सबैभन्दा नराम्रो यातनाको सबैभन्दा निर्दयी साधन भनेर क्रूसलाई भनिन्छ। जोन डी. गिभ्सन (John D. Gipson) ले लेखेका छन्,

---

[38]विलियम डी. एडवार्डस् (William D. Edwards), वेस्ली जे. ग्याबेल (Wesley J. Gabel), र फ्लोइड ई. होस्मर (Floyd E. Hosmer), "अन द फिजिकल डेथ अफ जिजस क्राइष्ट" ("On the Physical Death of Jesus Christ"), *जर्नल अफ द अमेरिकन मेडिकल एसोसिएशन* (२१ मार्च १९८६): १४५६।

> ढाडमा कोर्राले हानेको, उहाँको शिरमा जबर्जस्ती हालिएको काँडाको मुकुटद्वारा उहाँको अनुहारबाट रगत बहेको, सेनाहरूले उहाँका हातपाउमा कीला ठोक्दा मासु छेँडिएको, र क्रूसमा चढाइएको पीडा सबै उहाँले अनुभव गर्नुपर्नेथियो—यातनापूर्वक विस्तारै दिइने मृत्युदण्ड ...।[39]

ख्रीष्टले भावनात्मक रूपमा समेत पीडा भोग्नुपर्नेथियो। गिभ्सनले त्यसपछि भनेका छन्,

> उहाँका शत्रुहरूले गर्ने अपमान, आफ्ना मित्रहरूले त्यागेको पीडा, र जसका निम्ति उहाँले दुःख र परिश्रम गर्नुभयो र जसका निम्ति भलाइका काम गर्नुभयो तिनीहरूको अकृतज्ञतालाई उहाँले सामना गर्नुपर्नेथियो। उहाँले यहूदी अगुवाहरूको वैमनस्यता, यहूदाको षड्यन्त्र, मानिसहरूको दुइजिब्रे चाल, र धार्मिक र नागरिक न्यायको गिल्ला सहनुपर्नेथियो।[40]

येशूको भावनात्मक पीडामा समावेश रहेको अर्को कुरा क्रूससँग सम्बन्धित लाज थियो। "... दास, विदेशी, क्रान्तिकारी, र जघन्य अपराधीहरूलाई मात्र क्रूसमा चढाइन्थ्यो।"[41] क्रूसको अर्को लाजको कुरा के थियो भने क्रूसमा चढाइने व्यक्तिको लुगा फुकाइन्थ्यो; धर्मशास्त्रमा नाङ्गोपनलाई लाजसँग सम्बन्धित गरिएको छ (यशै २०:४; प्रका १६:१५; उत २:२५ लाई ३:८, १० सँग तुलना गर्नुहोस्)। हिब्रू १२:२ ले भन्छ, ख्रीष्टले "अपमानलाई केहीजस्तो नठानी क्रूसको कष्ट भोग्नुभयो।" "हाम्रा निम्ति सराप बनेर ख्रीष्टले ..., किनकि, 'काठमा झुण्डिने हरेक श्रापित हुन्छ' भन्ने लेखिएको छ" भन्ने कुरा पावलले बताएका छन् (गला ३:१३)।

तैपनि येशूको सबैभन्दा ठूलो पीडा, शारीरिक वा भावनात्मक थिएन, तर त्यो आत्मिक पीडा थियो। यसलाई हामीले चेतावनीसहित अघि बढाउनुपर्छ, किनभने डोनाल्ड जी. मिलर (Donald G. Miller) ले भनेजस्तै, "हामी हाम्रो मुक्तिको रहस्यको सबैभन्दा अगाध रहस्यतर्फ अघिबढिरहेका छौं।"[42] ख्रीष्टले क्रूसमा भोग्नुभएको आत्मिक पीडाको बारेमा हामी कुरा गर्न सक्छौं, तर पूर्णरूपमा यसलाई समावेश भने गर्न सक्दैनौं। हामीले गर्न सक्ने कुरा भनेको धर्मशास्त्रले बताएको कुरालाई जोड दिनु हो: क्रूसमा येशूले हाम्रो सबै दोष आफूमा लिनुभयो, त्यसैले हाम्रा पापको सम्पूर्ण दण्डलाई पनि लिनुभयो (यशै ५३:६; २ कोर ५:२१; १ पत्र २:२४)। पापले हामीलाई परमेश्वरबाट अलग गर्छ (यशै ५९:१, २), र पापको सबैभन्दा अन्तिम सजाय "प्रभुको उपस्थिति र उहाँको शक्तिको महिमाबाट" निकालिनु हो (२ थेस १:९; हेर्नुहोस्: पद ७-९)। येशूले हाम्रो सबै दोष आफूमा लिनुभएपछि, आफ्नो अनुहारलाई येशूबाट फर्काउनुबाहेक परमेश्वरसँग कुनै विकल्प थिएन (मत्ती २७:४६ हेर्नुहोस्)।

पापरहित परमेश्वरको पुत्रले यस प्रकारको शारीरिक, भावनात्मक, र आत्मिक पीडाको निम्ति कस्तो प्रकारको मोल चुकाउनु पऱ्यो त्यसबारे हामी कल्पना समेत गर्न

---

[39]जोन डी. गिभ्सन (John D. Gipson), "एगोनी इन गेथसेमनी," *हार्डिङ युनिभर्सिटी लेक्चर्स्* (१९८८), १५५।

[40]इबिड. (Ibid.)।

[41]एडवार्डस् (Edwards), ग्याबेल (Gabel), एण्ड होस्मर (Hosmer), १४५८।

[42]डोनाल्ड जी. मिलर (Donald G. Miller), *लुक*, लेम्यानस् बाइबल कमेन्ट्री (एटल्यान्टा: जोन नोक्स्, १९५९), १५५।

सक्दैनौं। संसारले जीवन प्राप्त गर्नका निम्ति उहाँ मर्नु आवश्यक थियो। संसारले ज्योति पाउनका निम्ति, उहाँलाई अन्धकारमा खसालिनुपर्थ्यो।

क्रूसमा भन्दा गेतसमनीको बगैंचामा येशूले बढी साहस देखाउनुभएको हुनसक्छ भन्ने केही लेखकहरूको विचार छ। "अरूले चुपचाप आफ्ना मृत्युको सामना गरेका छन्," भनी तिनीहरू भन्छन्। कम्तीमा दुई वटा टिप्पणीलाई यहाँ उल्लेख गर्नुपर्छ: (१) साँचो साहस भनेको डरभय नै नहुनु होइन, तर डरको कारणले विचलित भएको अवस्थामा समेत सही के हो त्यसलाई गरेर नै साँचो साहसको प्रदर्शन गरिन्छ। (२) धेरैले पीडा र मृत्युको सामना गरेका छन्, तर प्रभुले जस्तो घोरपीडा कसैले पनि भोगेका थिएनन्। यदि *गिनिज बुक अफ वर्ल्ड रेकर्ड्स* "अहिलेसम्म भोगिएको सबैभन्दा घोरपीडा" भन्ने शिर्षक थियो भने, यसको विवरण लेख्ने ठाउँको छेउमा क्रूसको चिन्ह हुनेथियो।

तपाईंले कहिल्यै आफैलाई व्याकुल भएको पाउनुभएको छ? येशू व्याकुलताको स्थानमा हुनुहुन्थ्यो—र व्याकुलता कस्तो हुन्छ भन्ने कुरा उहाँले बुझ्नुहुन्छ।

निराशाको एउटा स्थान

येशूको निम्ति गेतसमनी व्याकुलताको स्थान मात्र थिएन। यो निराशाको स्थान पनि थियो।

ख्रीष्टले गर्नुभएका लामा प्रार्थनाहरू एकान्तमा गरिए (हेर्नुहोस्: मर्कू १:३५; मत्ती १४:२३)। तैपनि, यो घटनामा, आफूलाई साथको आवश्यक परेको महसुश उहाँले गर्नुभयो। बगैंचातर्फ जाने क्रममा ख्रीष्टले "पत्रुस, याकूब र यूहन्नालाई पनि सँगै लिएर जानुभयो" (मर्कू १४:३३)। उहाँले तिनीहरूलाई अनुरोध गर्नुभयो, "तिमीहरू यहीँ बस, र मसँग जागा रहो" (मत्ती २६:३८ख)। तिनीहरूले के गरे? तिनीहरू निदाइपठाए। हो, मलाई थाहा छ, तिनीहरू शारीरिक र भावनात्मक दुवै रूपमा अत्यन्तै थाकेका थिए—तर (मर्कू १४:३७ मा उल्लेख येशूको वचनलाई प्रयोग गर्दा) के तिनीहरू एक घण्टा पनि उहाँको निम्ति जागा बस्न सकेनन्?

गेतसमनीको बगैंचामा ख्रीष्टको निराशा थपिने काम जारी रह्यो: उहाँले बाह्र चेलासँग वर्षौं बिताउनुभएको थियो, तर तिनीहरूमध्ये एक जनाले उहाँलाई धोका दियो। राज्यको प्रकृति आत्मिक हुनेछ भन्ने कुरा उहाँले वर्षौंदेखि सिकाउँदै आउनुभएको थियो, तर यो भौतिक राज्य हुनेछ र भौतिक हातहतियारद्वारा यसको प्रतिरक्षा गर्नुपर्छ भनेर पत्रुसले सोचे। तपाईंले आफैलाई कहिल्यै निराश अवस्थामा पाउनुभएको छ? येशूले निराशाको सामना गर्नुभयो—र यो कस्तो हुन्छ भन्ने कुरा उहाँले बुझ्नुहुन्छ।

परित्यागको एउटा स्थान

बगैंचा परित्यागको एउटा स्थान पनि थियो। ख्रीष्टले आफ्ना मित्रहरूको साथ चाहानुभएको बेला, तिनीहरू सुतिदिए। अन्त्यमा, "सबै चेलाहरू उहाँलाई छोड़ेर भागे" (मत्ती २६:५६)। तपाईंले आफैलाई कहिल्यै त्यागिएको अवस्थामा पाउनुभएको छ? येशू त्यहाँ हुनुहुन्थ्यो—र यो कस्तो हुन्छ भन्ने कुरा उहाँले बुझ्नुहुन्छ।

हामी सबैले हाम्रो आफ्नो गेतसमनीको सामना गरेका छौं। तपाईं के-कस्ता परिस्थितिहरू भएर गइरहनुभएको छ त्यो येशूले बुझ्नुहुन्छ भन्ने कुरालाई महसुस गर्नु महत्त्वपूर्ण छ। उहाँले बुझ्नुहुन्छ र सहानुभूति दिनुहुन्छ। "किनभने उहाँ जान्नुहुन्छ, हाम्रो सृष्टि कसरी भएको हो, हामी धूलो मात्र हौं भनी उहाँ सम्झनुहुन्छ" (भज १०३:१४)।

उहाँले "हाम्रो दुर्बलतामा हामीसँग सहानुभूति"; "हामीजस्तै उहाँ सबै कुरामा परीक्षित हुनुभयो, र पनि पापरहित हुनुहुन्थ्यो" (हिब्रू ४:१५)।

विजयको एउटा क्षेत्र

तैपनि, कथामा अझै थप कुरा बाँकी नै छन्। गेतसमनी संघर्षको रगमञ्च मात्र थिएन; यो वजयको क्षेत्र पनि थियो। प्रभुले आफ्नो सबैभन्दा महान विजयहरूमध्येको एउटा विजय यहीं नै प्राप्त गर्नुभयो।

अन्तरबिन्तीको एउटा स्थान

गेतसमनीको नकरात्मक पक्षलाई हेरिसकेपछि, अब हामी सकरात्मक पक्षतर्फ फर्कौं। पहिले, गेतसमनीको बगैंचा अन्तरबिन्तीको स्थान थियो भन्ने कुरालाई हामीले टिपोट गर्नुपर्छ। येशू बगैंचामा एउटा कारणले जानुभयो: प्रार्थना गर्न। उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयो, "तिमीहरू यहीँ बस, मचाहिँ अलि पर गएर प्रार्थना गर्छु" (मत्ती २६:३६)। आफ्नो जीवनको प्रमुख घटनाहरूभन्दा पहिले प्रार्थना गर्ने बानी ख्रीष्टको थियो; उहाँले यहाँ पनि यस कामलाई छुटाउनु भएन।

येशूले प्रयोग गर्नुभएको शब्दलाई अध्ययन गर्दा उहाँले किन प्रार्थना गर्नुभयो भन्ने कुराको अन्तरदृष्टि प्राप्त गर्छौं—सुसमाचारको पुस्तकमा अन्य कहीं प्रयोग नगरिएको शब्द। "अनि उहाँले भन्नुभयो, 'अब्बा, पिता'" (मर्कू १४:३६)। "अब्बा" भन्ने शब्द आरमीक शब्द हो र यसको अर्थ "पिता" भन्ने हुन्छ, तर यो शब्द बालकले प्रयोग गर्ने शब्द हो, भर्खरै जन्मेको बच्चाले सिक्ने पहिलो शब्द। यो भर्खरै बोल्न सुरु गरेको नेपाली बच्चाले "बा-बा" वा "आ-मा" भने जस्तै हो। "अब्बा" भन्ने शब्दले निकटता, भरोसा, र एउटा सम्बन्धलाई सूचित गर्छ र यसले पितासँगको विशेष सम्बन्धलाई देखाउँछ। यहूदी साहित्यमा, येशूभन्दा पहिले कसैले पनि परमेश्वरलाई "अब्बा" भनी बोलाएको विवरण छैन। "अब्बा" भन्ने शब्द रोमी ८:१५ र गलाती ४:६ को पत्रहरूमा पनि उल्लेख भएको पाइन्छ।

येशूले गेतसमनीको बगैंचामा प्रार्थना मात्र गर्नुभएन तर उहाँले आफ्ना चेलाहरूलाई समेत प्रार्थना गर्न प्रोत्साहन दिनुभयो: "त्यस ठाउँमा पुगेपछि उहाँले तिनीहरूलाई भन्नुभयो, 'तिमीहरू प्रार्थना गरिरहो, र परीक्षामा नपर'" (लूक २२:४०)। उहाँको मृत्यु नजिकै आइसकेको थियो, तैपनि उहाँले तिनीहरूलाई उहाँको निम्ति होइन, तर तिनीहरू आफ्नै निम्ति प्रार्थना गर्न अनुरोध गर्नुभयो। उहाँले तिनीहरूलाई यसो भनी अनुरोध गर्नुभयो, "जागा रहो, प्रार्थना गर, र परीक्षामा नपर। आत्मा त साँच्चै तयार छ, तर शरीर दुर्बल छ" (मत्ती २६:४१)। तिनीहरूले भविष्यमा कस्ता सतावटहरूको समना गर्नुपर्नेछ भन्ने कुरा उहाँलाई थाहा थियो; विजयी हुनका निम्ति तिनीहरूलाई प्रार्थनाको खाँचो थियो।

जब तपाईंले आफैलाई हतास, निराशा, वा त्यागको गेतसमनीमा पाउनुहुन्छ, त्यसलाई अन्तरबिन्तीको स्थान बनाउनुहोस्। परमेश्वरको नजिक गएर सहायता पाउन नसकिने कुनै पनि समस्या छैनन्।

समर्पणताको एउटा स्थान

अन्तरबिन्तीको स्थानबाहेक गेतसमनी समर्पणताको स्थान पनि थियो। येशूले भन्नुभएको थियो, "आफ्नो इच्छा पूरा गर्न म स्वर्गबाट ओर्लिआएको होइनँ, तर मलाई

पठाउनुहुनेको इच्छा पूरा गर्नलाई आएको हुँ" (यूह ६:३८; हेर्नुहोस्: हिब्रू १०:७, ९)। उहाँले आफ्ना चेलाहरूलाई, "तपाईंको इच्छा ... पूरा होस्" भनेर प्रार्थना गर्न सिकाउनुभएको थियो (मत्ती ६:१०)। कर्तव्यसँग इच्छाको संघर्ष भइरहेको त्यस घडीमा उहाँले आफ्नै आदेशलाई पालना गर्नुभयो। "हुन सक्छ भने, यो कचौरा मबाट हटोस्" भनेर प्रार्थना गरिसक्नुभएपछि, येशूले यो वाक्य थप्न सक्नुभयो, "तरै पनि मैले इच्छा गरेबमोजिम होइन, तर तपाईंले इच्छा गर्नुभएबमोजिम होस्" (मत्ती २६:३९)।

ख्रीष्टले प्रार्थना गर्नुभएको प्रत्येक पल्ट, उहाँको इच्छाहरू उहाँका पिताका इच्छाहरूसँग झन-झन नजिक भए। उहाँको दोस्रो प्रार्थना यस्तो थियो, "मेरा पिता, मैले यो नपिई हुँदैन भने तपाईंकै इच्छा पूरा होस्" (मत्ती २६:४२)। अन्त्यमा, उहाँको तेस्रो प्रार्थनापछि उहाँले यसो भन्न सक्नुभयो, "... के पिताले मलाई दिनुभएको कचौरा म नपिऊँ?" (यूह १८:११)। भीडले येशूलाई पक्राउ गरेपछि, तिनीहरूका साङ्लाले होइन तर परमेश्वरको इच्छाको कारण उहाँ बाँधिनुभयो।

सामर्थ्यको एउटा स्थान

अन्त्यमा, गेतसमनीको बगैंचा सामर्थ्यको स्थान थियो। येशूले "बड़ो क्रन्दन र आँसुसहित प्रार्थना चढ़ाउनुभयो, अनि ... *उहाँको प्रार्थना र नम्र निवेदन सुनियो*" भन्ने कुरा हिब्रूको पुस्तकका लेखकले भनेका छन् (हिब्रू ५:७; जोड दिइएको छ)। उहाँको प्रार्थनाको प्रतिउत्तर स्वरूप, "स्वर्गबाट एउटा स्वर्गदूत आएर उहाँलाई बल र सहने शक्ति दिए" (लूक २२:४३)।

परमेश्वरले कचौरालाई हटाइदिनुभएन, तर यसलाई सामना गर्ने सामर्थ्य उहाँले येशूलाई दिनुभएकै हो। धेरै पटक, हामीले परमेश्वरकहाँ प्रार्थना गर्ने क्रममा, उहाँले हाम्रा समस्याहरूलाई हटाउनुहुन्न, बरु तिनलाई सामना गर्ने क्षमता हामीलाई दिनुहुन्छ। यसरी, यस्तै समस्याहरू भोग्ने अरू मानिसहरूलाई सहायता गर्न हामीलाई उहाँले सक्षम तुल्याउनुहुन्छ (२ कोर १:४)।

प्रार्थना गरिसक्नुभएपछि, ख्रीष्टको आन्तरिक तनाव समाप्त भयो; आउन लागेको अग्निपरीक्षाको निम्ति उहाँ तमतयार हुनुभयो। "जुन कचौराबाट उहाँ पछि हट्ने विचार गरिरहनुभएको थियो उहाँले त्यही कचौरालाई लिन आफ्नो हात पसार्नुभयो"[43] (यूह १८:११)।

उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयो, "हेर, समय नजिक आइपुगेको छ। मानिसको पुत्र पापीहरूका हातमा पर्न लागेको छ। उठ, जाऔं" (मत्ती २६:४५ख, ४६क)। उहाँलाई पक्राउ गर्न आउनेहरूले उहाँ तिनीहरूबाट भग्नुहुन्छ भन्ने अपेक्षा गरेका हुनसक्छन्; तर, उहाँ निर्धक्कसाथ तिनीहरूलाई भेट्न अघि बढ्नुभयो (यूह १८:४)।

त्यो समयदेखि, "[भीडमा] शान्त भएर रहने व्यक्ति उहाँ मात्रै हुनुहुन्थ्यो ... सारा तमासा अनि दृश्यहरूहुँदै उहाँ शान्त, चुपचाप अनि निर्धक्क भई मर्यादाका साथ अघि बढ्नुभयो, र यो युगकै चमत्कार हो, उदेकलाग्दो कुरा।"[44] उहाँ पीडित हुनको सट्टा, "विजयी व्यक्ति हुनुभयो।"[45] संघर्षको रंगमञ्चमा, ख्रीष्ट नै विजयी व्यक्ति हुनुभयो।

---

[43]गिभ्सन (Gipson), १५८।

[44]हेस्टर (Hester), २०४।

[45]इबिड. (Ibid.)।

तपाईं जीवनको गेतसमनीमा हुनुहुन्छ भने सामर्थ्यको लागि प्रभुलाई हेर्नुहोस्। तपाईंलाई परमेश्वरले समाधान गर्न सहायता गर्ननसक्ने कुनै पनि चुनौती छैनन् (१ कोर १०:१३; हिब्रू १३:५)।

निष्कर्ष

गेतसमनी—त्यहाँ वास्तवमा के भएको थियो त्यसलाई व्यक्त गर्ने कुनै तरिका छैन, यसको बारेमा व्यख्या गर्ने कुरा त परै छोडौं। यो हतासको स्थान थियो, निराशाको ठाउँ, अनि त्यागको भूमि। हामीले भोग्नुपर्ने समस्याहरूलाई येशूले जान्नुहुन्छ र बुझ्नुहुन्छ भन्ने कुरा हामी यी तथ्यहरूबाट सिक्न सक्छौं। तैपनि, बगैंचा अन्तरबन्तीको एउटा स्थान थियो, समर्पणताको एउटा ठाउँ, अनि सामर्थ्यको भूमि थियो। विजयको मार्ग भनेको समर्पणता हो, परमेश्वरको इच्छामा गरिने समर्पणता। हामीमध्ये कतिपयले सामना गर्नुपर्ने एउटा सबैभन्दा कठिन काम भनेको हाम्रो इच्छालाई परमेश्वरको इच्छा अनुरुप बनाउनु हो; तर यसरी नै येशूले आफ्नो विजय प्राप्त गर्नुभयो, र हामीले पनि आफ्नो विजय त्यसरी नै प्राप्त गर्नेछौं।

खण्ड ४

धोका, पक्राउ, र परीक्षा

निम्न खण्डहहरूको संयोजित अध्ययन

मत्ती २६:४७-७५; २७:१-३१क

मर्कूस १४:४३—१५:२०क

लूका २२:४७—२३:२५

यूहन्ना १८:२—१९:१६

शुक्रबार: येशूको मृत्युको दिन (बाँकी)

विश्वासघात र पक्राउ (मत्ती २६:४७-५६; मर्कू १४:४३-५२; लूक २२:४७-५३; यूह १८:२-१२)

मत्ती २६:४७-५६

४७उहाँ बोल्दाबोल्दै, बाह्रमध्येको एक जना, अर्थात् यहूदा आयो। त्यससँग मुख्य
पूजाहारीहरू र जनताका धर्म-गुरुहरूले पठाएका एउटा ठूलो भीड तरवार र लाठा लिएर
आयो। ४८उहाँलाई पक्राइदिनेले तिनीहरूलाई एउटा सङ्केत दिएको थियो, "जुन
मानिसलाई म म्वाइँ खान्छु, तिनी नै हुन्, तिनैलाई समात।" ४९तुरुन्तै येशूकहाँ गएर त्यसले
भन्यो, "हे गुरु, प्रणाम!" र त्यसले उहाँलाई म्वाइँ खायो। ५०येशूले त्यसलाई भन्नुभयो,
"मित्र, तिमी जे गर्न आएका छौ, त्यो गरिहाल।" तब तिनीहरूले अगि आएर येशूलाई
समाती गिरफ्तारी गरे। ५१येशूको साथमा हुनेहरूमध्ये एउटाले हात बढ़ाएर आफ्नो तरवार
झिक्यो, र मुख्य पूजाहारीको दासलाई प्रहार गऱ्यो, र त्यसको कान छिनाइदियो। ५२तब
येशूले तिनलाई भन्नुभयो, "तिम्रो तरवार म्यानमा हाल, किनभने तरवार लिने सबै तरवारैले
नष्ट हुनेछन्। ५३तिमी के ठान्दछौ, के म आफ्ना पितालाई बिन्ती गर्न सक्दिनँ, र उहाँले
तुरुन्तै स्वर्गदूतहरूका बाह्र पल्टनभन्दा बढ़ी मेरो निम्ति पठाइदिनुहुन्न र? ५४तर त्यसो
भएदेखि यी कुरा यसरी हुनैपर्छ भनी धर्मशास्त्रमा लेखिएको कुरा कसरी पूरा हुने?" ५५त्यसै
बेला येशूले भीड़लाई भन्नुभयो, "डाँकूको विरुद्धमा आएझैँ मलाई पक्रन तरवार र
लाठाहरू लिएर तिमीहरू किन आयौ? म दिनहुँ मन्दिरमा शिक्षा दिँदै बस्थें, र तिमीहरूले
मलाई पक्रेनौ। ५६तर अगमवक्ताहरूका धर्मशास्त्रहरू पूरा होऊन् भनी यी सबै हुन आएका
हुन्।" तब सबै चेलाहरू उहाँलाई छोड़ेर भागे।

मर्कूस १४:४३-५२

४३येशू बोल्दैहुनुहुँदा बाह्रै चेलाहरूमध्येको एक जना यहूदा अचानक त्यहाँ देखा पऱ्यो।
मुख्य पूजाहारीहरू, शास्त्रीहरू र धर्म-गुरुहरूले पठाएको एक दल तरवार र लाठो लिएर
त्यससँग त्यहाँ आयो। ४४उहाँलाई विश्वासघात गर्नेले तिनीहरूलाई यस्तो एउटा सङ्केत
दिएको थियो, "जसलाई म म्वाइँ खाउँला त्यो व्यक्ति तिनै हुन्, तिनलाई पक्र र पहरा दिएर
लैजाओ।" ४५अनि सोझै येशूकहाँ गएर यहूदाले भन्यो, "हे रब्बी," र उहाँलाई म्वाइँ खायो।
४६तब तिनीहरूले येशूलाई समाते र गिरफ्तार गरे। ४७त्यहाँ नजिक उभिनेहरूमध्ये कुनै
एउटाले तरवार थुतेर प्रधान पूजाहारीको कमारालाई प्रहार गऱ्यो, र त्यसको कान च्वाट्ट
काटिदियो। ४८येशूले तिनीहरूलाई भन्नुभयो, "के तिमीहरू एउटा डाँकूलाई जस्तै तरवार
र लाठोसमेत लिएर मलाई पक्रन आएका छौ? ४९दिनदिन मन्दिरमा सिकाउँदै म
तिमीहरूसँग थिएँ, र तिमीहरूले मलाई गिरफ्तार गरेनौ। तर धर्मशास्त्र पूरा होस्।" ५०अनि
सबै चेलाहरू उहाँलाई त्यागेर भागे। ५१आफ्नो शरीरलाई एउटा सूती कपड़ाले मात्र बेह्रेको
एक जना जवान उहाँको पछि लाग्यो। तिनीहरूले त्यस जवानलाई समाते, ५२तर कपड़ा
छोड़ेर त्यो नाङ्गै भाग्यो।

लूका २२:४७-५३

४७उहाँ बोल्दाबोल्दै, एउटा भीड त्यहाँ आइपुग्यो। बाह्र चेलामध्ये एक जना यहूदा
भन्नेचाहिँ तिनीहरूका अगिअगि आयो। येशूलाई चुम्बन गर्नलाई त्यो उहाँको नजिकै गयो।
४८तर येशूले त्यसलाई भन्नुभयो, "यहूदा, के तिमी मानिसको पुत्रलाई चुम्बनद्वारा
विश्वासघात गर्न चाहन्छौ?" ४९तब उहाँको छेउछाउमा भएकाहरूले के हुने हो, सो देखेर
उहाँलाई भने, "प्रभु, के हामी तरवार चलाऔं?" ५०तिनीहरूमध्ये एक जनाले प्रधान
पूजाहारीको नोकरलाई हान्यो, र त्यसको दाहिने कान च्वाट्टै काटिदियो। ५१तर येशूले
भन्नुभयो, "भयो, अब यसो नगर।" अनि त्यस मान्छेको कान छोएर उहाँले त्यसलाई निको
पारिदिनुभयो। ५२अनि उहाँको विरुद्धमा आएका मुख्य पूजाहारीहरू, मन्दिरका कप्तानहरू,
र धर्म-गुरुहरूलाई उहाँले भन्नुभयो, "के तपाईंहरू डाँकूको विरुद्धमा आएजस्तै तरवार र
लाठाहरू लिएर आउनुभयो? ५३म दिनहुँ मन्दिरमा तपाईंहरूका साथमा हुँदा तपाईंहरूले
मेरो विरुद्धमा हात उठाउनुभएन। तर अब तपाईंहरूको समय हो, र अन्धकारको शक्ति
यही हो।"

यूहन्ना १८:२-१२

२उहाँलाई पक्राइदिने यहूदाले पनि त्यो ठाउँ चिनेको थियो, किनभने येशू आफ्ना
चेलाहरूसँग त्यहाँ धेरैजसो भेला हुनुहुन्थ्यो। ३तब बत्ती, राँको र हतियारहरू लिएका
सिपाहीहरूको एक दल र मुख्य पूजाहारी र फरिसीहरूले पठाएका पहरेदारहरू लिएर
यहूदा त्यहाँ आयो। ४तब आफूमाथि आइपर्ने सबै कुरा थाहा पाएर येशू अगि आउनुभयो,
र तिनीहरूलाई भन्नुभयो, "तिमीहरू कसलाई खोज्दैछौ?" ५तिनीहरूले उहाँलाई भने,
"नासरतका येशूलाई।" येशूले तिनीहरूलाई भन्नुभयो, "म उही हुँ।" अब उहाँलाई
पक्राइदिने यहूदा पनि तिनीहरूसँगै उभिरहेको थियो। ६जब उहाँले तिनीहरूलाई "म उही
हुँ" भन्नुभयो, तब तिनीहरू पछि हटे, अनि भूइँमा लोटे। ७फेरि उहाँले तिनीहरूलाई
सोध्नुभयो, "तिमीहरू कसलाई खोज्दैछौ?" तिनीहरूले भने, "नासरतका येशूलाई।"
८येशूले जवाफ दिनुभयो, "मैले तिमीहरूलाई भनिहालें, म उही हुँ। यसकारण यदि तिमीहरू
मलाई खोज्दैछौ भने यी मानिसहरूलाई चाहिँ जान देओ।" ९"तपाईंले मलाई
दिनुभएकाहरूमध्ये एउटालाई पनि मैले गुमाइनँ" भनी उहाँले भन्नुभएको वचन पूरा होस्
भनेर यो भयो। १०सिमोन पत्रुसले आफूसँग भएको तरवार निकालेर मुख्य पूजाहारीको
कमारालाई प्रहार गरे र त्यसको दाहिने कान च्वाट्टै काटिदिए। त्यस कमाराको नाउँ
माल्खस थियो। ११येशूले पत्रुसलाई भन्नुभयो, "तरवार म्यानमा हाल। के पिताले मलाई
दिनुभएको कचौरा म नपिऊँ?" १२त्यसपछि सिपाहीहरूको दल, तिनीहरूका कप्तान, र
यहूदीहरूका पहरेदारहरूले येशूलाई पक्रे, र उहाँलाई बाँधे।

गेतसमनीको बगैंचामा ख्रीष्टले आफ्ना चेलाहरूलाई भन्नुभए बमोजिम, एउटा भीड त्यहाँ आइपुग्यो—शायद सयौं मानिसहरू (हेर्नुहोस्: मत्ती २६:४७क; मर्कू १४:४३क; लूक २२:४७क)। यो ज्यानमारा भीडलाई यहूदाले लिएर आएको थियो।

येशू प्रार्थना गरिरहनुभएको बेला अरू चेलाहरू सुतिरहेका हुनसक्छन्, तर यहूदा सुतेनन्। महासभासँग गरेको आफ्नो ठेक्कालाई पूरा गर्नका निम्ति, उनले तिनीहरूलाई गुरुज्यूकहाँ लिएर आएका थिए (प्रे १:१६ख हेर्नुहोस्)। प्रभु-भोज खाएको माथिल्लो तल्लाको कोठामा नै उहाँहरू अझै हुनुहुन्छ कि भनी तिनी पहिले त्यहाँ गएका हुनसक्छन्।

अन्त्यमा, उनले ख्रीष्टका शत्रुहरूलाई जैतून डाँडाको त्यो ठाउँमा लिएर आयो जहाँ येशूले तिनी र अरू चेलाहरूसँग भेटघाट गर्नुहुन्थ्यो (यूह १८:२)।

यहूदाको **त्यससँग मुख्य पूजाहारीहरू र जनताका धर्म-गुरुहरूले पठाएका एउटा ठूलो भीड ... लिएर आयो** (मत्ती २६:४७; मर्कू १४:४३)—अर्थात्, महासभा। यो समूह **फरिसीहरू** तर्फका थिए भनेर यूहन्नाले उल्लेख गरेका छन् (यूह १८:३); महासभामा फरिसीहरूको एउटा दल थियो (प्रे २३:१, ६)। यो भीडमा **मुख्य पूजाहारीहरूले** पठाएका **मन्दिरका कप्तानहरू** पनि थिए (लूक २२:५२; यूह १८:३)। यी अगुवाहरू मन्दिरका यहूदी सुरक्षा बल थिए जसको रेखदेख समितिले गर्थे।

यो भीडमा सबैभन्दा आश्चर्यजनक समूह भनेको के थियो भने, रोमी सेनाहरूको एउटा दल पनि आएका थिए। यूहन्नाका अनुसार, **सिपाहीहरूको दल** र **तिनीहरूका कप्तान** पनि (यूह १८:१२; हेर्नुहोस्: १८:३) ख्रीष्टलाई पक्राउ गर्ने मुख्य व्यक्तिहरू मध्येमा थिए। पक्राउ गर्ने काममा सहायता गर्नका निम्ति महासभाले रोमीहरूलाई बोलाएको कुरा स्पष्ट देखिन्छ। अवश्य नै, प्रधान पूजाहारीहरूले रोमी सेनापतिलाई, तिनका मानिसहरू यो अभियानमा सहभागी हुनुपर्छ भनेर मनाउन येशूको बारेमा बताएका हुनसक्छ। चाडको बेला रोमी गभर्नरले त्यहाँ रोमी सेनालाई भारी संख्यामा बढाउँथे—कुनै पनि विद्रोहको सामना गर्न। यिनीहरूलाई छाउनी बनाई मन्दिरको उत्तरी कुनातर्फ अवस्थित् अन्टोनियाको महल (अन्टोनिया दरबार) मा राखिन्थ्यो। (परिशिष्ट २ मा "हेरोदको मन्दिर" हेर्नुहोस्।)

"रोमी सिपाहीको दल" मा सामान्यतया, लगभग छ सय सेना हुन्थ्यो। दश दल बराबर फौज, वा छ हजार सेना हुन्थ्यो। येशूलाई पक्राउ गर्न छ सय सेना नै आएको थिए भन्ने सम्भावना छैन; तर, मत्तीको भनाइ अनुसार बगैंचामा "एउटा *ठूलो* भीड" आयो (मत्ती २६:४७; जोड दिइएको छ), अवश्य नै त्यहाँ सयौंको संख्यमा लीजन सेना उपस्थित थिए। यी सेनाहरू र भीडका अरू मानिसहरूले **तरवार र लाठाहरूजस्ता हातहतियारहरू** लिएर आएका थिए (यूह १८:३; मत्ती २६:४७, ५५; मर्कू १४:४३, ४८; लूक २२:५२)।

निस्तार-चाड पूर्णीमाको दिनमा पथ्र्यो तैपनि तिनीहरूले **बत्ती** र **राँकाहरू** पनि ल्याएका थिए (यूह १८:३)। अवश्य नै येशू तिनीहरूबाट भाग्नुहुनेछ र तिनीहरूले उहाँलाई बगैंचाको अँध्यारोमा खोज्नुपर्नेछ भन्ने तिनीहरूले सोचेका थिए।

एक जना मानिसलाई पक्राउ गर्न किन त्यति धेरै मानिसहरू आए? शायद "उहाँलाई कसैले पक्रन सक्दैनन्" भनेर तिनीहरूलाई बताइएको थियो (यूह ७:३०, ४४; १०:३९)। उहाँ आश्चर्यकर्म गर्ने व्यक्ति हुनुहुन्छ भन्ने कुरा ती सेनाहरूले सुनेका हुनसक्छन्; उहाँले वचनद्वारा अञ्जीरको रूखलाई सुकाउनुभएको थियो भन्ने कुरा समेत शायद तिनीहरूलाई भनिएको थियो (मत्ती २१:१९ हेर्नुहोस्)। कारण जेसुकै भए तापनि, यो दृश्य नसुहाँउदो थियो: जसले कहिल्यै कसैलाई पनि चोट पुऱ्याउनुभएन, हानी गर्नुभएन, जसले आफ्ना पछि लाग्नेहरूलाई कसैले हिर्काए अर्को गाला पनि थापिदिनू भन्ने सिकाए त्यो व्यक्तिलाई पक्राउ गर्न हातहतियार सहितका सयौं मानिसहरू आएका दृश्य (मत्ती ५:३९)।

येशू को हुनुहुन्छ भनेर भीडले पहिचान गर्नका निम्ति यहूदाले पहिले नै संकेत तय गरिसेकेको थियो: एउटा चेलाले आफ्नो गुरुलाई अभिवादन गरेजस्तै गालामा चुम्बन गरेर उसले उहाँलाई अभिवादन गर्नुपर्नेथियो (मत्ती २६:४८; मर्कू १४:४४)। अरूका नक्कल गरेर प्रचलनमा आएको त्यस प्रकारको विधिलाई ख्रीष्टले हटाउनुभएको थियो। उहाँले सोध्नुभयो, **"तिमीहरू कसलाई खोज्दैछौ?"** (यूह १८:४)। जब तिनीहरूले, "नासरतका येशूलाई" भनी भने, उहाँले निर्धक्कसाथ भन्नुभयो **"म उही हुँ"** (यूह १८:५)।

उहाँले त्यसो भन्नेबित्तिकै पक्रन आएका ती मानिसहरू **पछि हटे, अनि भूइँमा लोटे** (यूह १८:६)। तिनीहरू पछि हटेर पच्छारिएको घटना प्रभुको ईश्वरीय शक्तिको प्रदर्शन हुनसक्छ। तर अझै सम्भावित कुरा के हुनसक्छ भने, उहाँको ईश्वरीय उपस्थितिप्रति तिनीहरूको त्रासित प्रतिक्रिया हुनसक्छ। उहाँको ईश्वरीय उपस्थितिद्वारा येशूले पैसा सट्नेहरूलाई मन्दिरबाट धपाउन सक्नुभएको थियो (मर्कू ११:१५; यूह २:१५)। जी. हल टोड (G. Hall Todd) ले लेखेका छन्, "उहाँको अघि तिनीहरूले भयभित, लज्जित, र असुरक्षित महसुस गरे। उहाँको शुद्धताको सेतो ज्योतिले तिनीहरूको प्राणमा पाप भएको अनुभव तिनीहरूलाई गरायो ... तिनीहरूले उहाँलाई वसमा पार्नेछन् भन्ने अपेक्षा तिनीहरूले गरेका थिए, तर उहाँले नै तिनीहरूलाई वसमा पार्नुभयो।"[1]

आफ्ना होस गुमाएको भीडलाई ख्रीष्टले तिनीहरूका उद्देश्य के थियो त्यस बारेमा सम्झाउनु पर्‍यो। फेरि, उहाँले सोध्नुभयो, **"तिमीहरू कसलाई खोज्दैछौ?"** तिनीहरूले फेरि भने, **"नासरतका येशूलाई"** (यूह १८:७)। येशूले भन्नुभयो, **"मैले तिमीहरूलाई *भनिहालें*, म उही हुँ"** (यूह १८:८क; जोड दिइएको छ)। त्यसपछि, एघार जनातर्फ देखाउँदै उहाँले भन्नुभयो, **"... यदि तिमीहरू मलाई खोज्दैछौ भने यी मानिसहरूलाई चाहिँ जान देओ"** (यूह १८:८)। उहाँलाई आफ्नो सुरक्षाको विषयमा सुर्ता नरहेको हुनसक्छ, तर आफ्ना चेलाहरूका कल्याणको विषयमा उहाँलाई चासो *थियो*।

प्रभुले आफूलाई दुई पल्ट सम्म म नै हुँ भनी परिचय दिनुभएको कारण, यहूदाले पहिले नै मिलाएको संकेतको कुनै काम रहेन—तर यी भूतपूर्व चेला, आफूले पैसा कमाएकामा भने ढुक्क थिए। यहूदाले **तुरुन्तै येशूकहाँ गएर त्यसले भन्यो, "हे गुरु, प्रणाम!"** (मत्ती २६:४९)। ख्रीष्टले दुःखी हुँदै तिनलाई सोध्नुभयो, **"यहूदा, के तिमी मानिसको पुत्रलाई चुम्बनद्वारा विश्वासघात गर्न चाहन्छौ?"** (लूक २२:४८)। त्यसपछि उहाँले भन्नुभयो **"मित्र, तिमी जे गर्न आएका छौ, त्यो गरिहाल"** (मत्ती २६:५०क)। "मित्र" भन्ने शब्द व्यंग्यात्मक छ। यहूदा आफ्नो साथी होस् भनेर येशूले उत्कट इच्छा गर्नुभएको थियो, तर यहूदाले उहाँको मित्रताको हातलाई लत्याएर गएका थियो।

यहूदा येशूसामु आइरहेको कुरालाई भीडले आशंका पूर्वक अवलोकन गरेका हुनसक्छ: आश्चर्यकर्म गर्ने व्यक्तिले अब के गर्ला? यहूदालाई कुनै पनि विनाशकारी कुरा नभएपछि तिनीहरूको आत्माविश्वास फर्कियो। तिनीहरू अघि सरे र **तिनीहरूले अगि आएर येशूलाई समाती गिरफ्तारी गरे** (मत्ती २६:५०ख; यूह १८:१२)। त्यो क्षणदेखि उहाँको मृत्यु भइन्जेलसम्म येशूको हात आक्कल-झुक्कल, खुला भए, अन्यथा बाँधिएकै अवस्थामा रहे: सामान्यतया उहाँका हात बन्धनमा नै रहे, चाहे हतकडीले होस् वा किलाले (मर्कू १५:१; यूह १८:१२; २०:२५)। येशूलाई पक्राउ गर्नको लागि यहूदी मन्दिरका पहरेदारहरूसँग रोमी सेनाहरू मिले (यूह १८:१२), तर तिनीहरू पक्राउ गर्ने मानिसहरूसँग कति समयसम्म रहे भन्ने कुरा हामीलाई थाहा छैन। कुनै बेला, तिनीहरूको काम सकियो, र तिनीहरूले येशूलाई यहूदीहरूका हातमा सुम्पिए (प्रे २२:३० सँग तुलना गर्नुहोस्)।

येशूका चेलाहरूले उहाँसँगै मर्न परे पनि मर्छौं भनेर इच्छा जाहेर गरेका थिए (मर्कू १४:३१)। यसबेला, तिनीहरू आफ्ना प्रतिज्ञालाई पूरा गर्न तयार भए (लूक २२:४९)। पत्रुसले आफ्नो तरवार झिकेर **मुख्य पूजाहारीको कमारालाई प्रहार गरे र त्यसको दाहिने**

---

[1]जी. हल टोड (G. Hall Todd), *द ग्याम्ब्लरस् एट गलगाथा* (ग्राण्ड ज्यापिडस्, मिचिगन: बेकर बुक हाउस, १९५८), ३९।

कान च्वाट्टै काटिदिए (यूह १८:१०)। शायद, पत्रुसले त्यस नोकरको शिर उडाउने विचार गरेका थिए—तर त्यो मानिस तर्कियो।

प्रधान पूजाहारीको घरनासँग परिचित, यूहन्नाले (यूह १८:१५, १६) त्यस नोकरको नाउँ माल्खस थियो भन्ने कुरालाई टिपोट गरेका छन्। माल्खस को थिए भन्ने कुरा आफ्ना पाठकहरूले जान्न सकून् भन्ने अपेक्षा यूहन्नाले राखेका थिए, र यी माल्खस नामका व्यक्ति पछि इसाई बने भन्ने कुराको संकेत यस तथ्यले दिन्छ भनेर कतिपयले अडकल गरेका छन्। तरवारवाला व्यक्तिको नाम उल्लेख गर्ने व्यक्ति पनि यूहन्ना मात्रै हुन्—शायद हुनसक्छ, उनले यो विवरण लेखेको समयमा, पत्रुसको मृत्यु भइसकेको थियो, र रोमीहरूका हातद्वारा तिनले थप दुःख पाउन सक्दैनथिए।

येशूले तुरुन्तै प्रतिक्रिया दिनुपर्नेथियो, अन्यथा त्यहाँ उत्पात मच्चिनेथियो। त्यहाँको भूमि पत्रुस र अन्य चेलाहरूको रगतले भिभ्नेथियो। प्रभुले पत्रुसलाई उच्च सोरमा भन्नुभयो **"भयो, अब यसो नगर"; तिम्रो तरवार म्यानमा हाल, किनभने तरवार लिने सबै तरवारैले नष्ट हुनेछन्"** (लूक २२:५१क; मत्ती २६:५२)। आत्मिक युद्ध भौतिक हातहतियारद्वारा लडिन्न (२ कोर १०:३, ४; हेर्नुहोस्: यूह १८:३६)। पत्रुसको मनसाय ठीकै थियो, तर तिनले "गलत हतियार, गलत समयमा, गलत उद्देश्यले, र गलत अभिप्रायद्वारा प्रयोग गरे।"[2]

यदि प्रतिरक्षा गर्नुपर्नेथियो भने, तरवार भिर्नेभन्दा शक्तिशाली रक्षादल येशूसँग थियो। उहाँले पत्रुसलाई भन्नुभयो, **"तिमी के ठान्दछौ, के म आफ्ना पितालाई बिन्ती गर्न सक्दिनँ, र उहाँले तुरुन्तै स्वर्गदूतहरूका बाह्र पल्टनभन्दा बढ़ी मेरो निम्ति पठाइदिनुहुन्न र?"** (मत्ती २६:५३)। एउटा पल्टनमा छ हजार जना सैनिक हुन्छन् त्यसैले उहाँलाई पक्राउ गर्न आएका सयौंलाई प्रतिकार गर्नको निम्ति बाह्र पल्टन वा बहत्तर हजार स्वर्गदूतहरू आवश्यकताभन्दा बढी हुनेथियो!

यस्तो पनि अनुमान गरिन्छ, ख्रीष्टले "बाह्र" अङ्कको प्रयोग गर्नुभयो किनभने उहाँ र उहाँका एघार चेलाहरूको जम्मा संख्या बाह्र थियो: प्रत्येक व्यक्तिलाई रक्षा गर्न एक पल्टन। शायद, यो अंक ठूलो सैन्य दललाई चित्रण गर्न मात्रै प्रयोग गरिएको थियो। प्रभुले पहिले बताउनुभएको कुरालाई जोड दिनुभयो: उहाँको जीवनलाई उहाँबाट लिने कुनै पनि मानिस वा मानिसको समूहसँग शक्ति तथा स्रोत थिएन; तर उहाँले स्वेच्छासाथ आफ्नो जीवनलाई समर्पण गर्नलाग्नुभएको थियो (यूह १०:१७, १८; हेर्नुहोस्: गला २:२०)। उहाँको मृत्युद्वारा धर्मशास्त्र पूरा हुन्छ भनी येशूले निरन्तर जोड दिनुभयो (मत्ती २६:५४, ५६)।

पत्रुसलाई हप्काउनुभएपछि, येशूले आफ्नो हात पसार्नुभयो र घाइते नोकरको कान छुनुभयो अनि **त्यसलाई निको पारिदिनुभयो** (लूक २२:५१ख)। उहाँको यस कार्यले सम्भावित द्वन्द्वात्मक अवस्थालाई शान्त पाऱ्यो। आफ्नो मृत्युभन्दा पहिले येशूले गर्नुभएको यो अन्तिम आश्चर्यकर्म थियो।

आफूलाई पक्राउ गर्नेहरूतर्फ फर्केर ख्रीष्टले भन्नुभयो, **"के तपाईंहरू डाँकूको विरुद्धमा आएजस्तै तरवार र लाठाहरू लिएर आउनुभयो? म दिनहुँ मन्दिरमा तपाईंहरूका साथमा हुँदा तपाईंहरूले मेरो विरुद्धमा हात उठाउनुभएन। तर अब तपाईंहरूको समय हो, र अन्धकारको शक्ति यही हो"** (लूक २२:५२, ५३)। यो भनाइको अन्तिम शब्दको अर्थ यो हो, "यो तिमीहरूको विजयको क्षण हो, अन्धकारको शक्तिले जितेको *जस्तो देखिने*

---

[2]वारेन डब्ल्यू. वियर्सबे (Warren W. Wiersbe), *द बाइबल एक्स्पोजिसन कमेन्ट्री*, भोल. १ (विटन, Ill.: भिक्टोर बुक्स्, १९८९), १६२।

घडि।” न्यू इन्टरनेशनल संस्करण (NIV) मा, “यो तिमीहरूको घडि हो—अन्धकारले राज्य गर्ने समय” भनेर लेखिएको छ।

यो समयसम्म, भौतिक लडाँइ हुनेछैन भन्ने तथ्य चेलाहरूलाई पूर्ण रूपमा थाहा भइसकेको हुनसक्छ। असफल, निराश, र विक्षिप्त भएपछि, ख्रीष्टले भन्नुभएझैं तिनीहरू त्यहाँबाट भागे (मत्ती २६:५६; हेर्नुहोस्: २६:३१)। येशूलाई पक्राउ गर्ने त्यस दललाई पत्रुस र यूहन्नाले पछि “टाढैबाट” पछ्याए (मत्ती २६:५८; मर्कू १४:५४; लूक २२:५४; हेर्नुहोस्: यूह १८:१५); तैपनि ख्रीष्ट एकलै हुनुहुन्थ्यो। (यो साँचो हो, उहाँ वास्तविक रूपमा एकलो हुनुहुन्नथ्यो, किनकि पिता उहाँको साथमा हुनुहुन्थ्यो [यूह १६:३२]।)

एउटै मात्र लुगा बेरेको **एक जना जवान** येशूलाई पछ्यायो अनि तिनीहरूले **जवानलाई समाते**, भनेर मर्कूसले एउटा अनौठो घटनाको विवरण दिएका छन् (मर्कू १४:५१, ५२)। त्यो तन्नेरी मानिस मर्कूस आफै थिए भनेर धेरैजसो लेखकहरू अनुमान गर्छन्। सुसमाचारको पुस्तकमा यूहन्नाले कहिलेकहीं आफैलाई तेस्रो व्यक्तिको रूपमा उल्लेख गरेका छन् भन्ने कुरालाई हेरेका छौं; मर्कूसले पनि यहाँ त्यही गरको हुनसक्छ। मर्कूसका आमा यरूशलेममा बसोवास गर्थिन् (प्र १२:१२, २५); हामीले पहिले नै उल्लेख गरेझैं, अन्तिम भोज खाइएको स्थान उनकै घर थियो भन्ने सम्भावना छ। त्यस तन्नेरी मानिसले येशू र उहाँका चेलाहरूलाई निस्तार-चाडको भोज खाइएको माथिल्लो कोठाबाट नै पछ्याएका थिए वा तिनी बगैंचामा पछि आएका थिए, त्यसबारे प्रष्ट उल्लेख छैन। यदि यहूदाले भीडलाई त्यस माथिल्लो तल्लाको कोठामा लिएर गएका थिए भने, मर्कूसले त्यस समूहलाई पछ्याएर येशू भएको ठाउँमा पुगेका हुनसक्छन्। आफू येशूको चेला भएको कुरा त्यस तन्नेरी मानिसले कुनै न कुनै हिसाबले प्रस्तुत गरेका हुनसक्छन्, किनभने भीडले तिनलाई पनि पक्रे। मर्कूसले यो विवणलाई किन समावेश गरे त्यसबारे हामीलाई निश्चित रूपमा थाहा छैन। शायद विवरणको सत्यतालाई प्रमाणित गर्ने उनको तरिका यो थियो; यसो भन्ने अभिप्राय तिनको हुनसक्छ, “म त्यहीं थिएँ, र के भएको थियो भन्ने मलाई *थाहा* छ।” शायद तिनले वास्तवमा यसो भन्न चाहेका हुन्, “चेलाहरूलाई त्यति धेरै निर्दयी हिसाबले मुल्याङ्कन नगर्नुहोस्। यदि तपाईं त्यहाँ हुनुहुन्थ्यो भने, तपाईं पनि अवश्य नै भाग्नुहुनेथियो। मलाई थाहा छ, किनभने *मैले* पनि भागेकै हो।”

यहूदी “परीक्षा” (पहिलो र दोस्रो चरण) (मत्ती २६:५७, ५९-६८; मर्कू १४:५३, ५५-६५; लूक २२:५४क, ६३-६५; यूह १८:१२-१४, १९-२४)

पहिलो चरण: हन्नासद्वारा सोधपुछ गरिएको (यूह १८:१२-१४, १९-२३)

[१२]त्यसपछि सिपाहीहरूको दल, तिनीहरूका कप्तान, र यहूदीहरूका पहरेदारहरूले येशूलाई पक्रे, र उहाँलाई बाँधे। [१३]पहिले तिनीहरूले उहाँलाई हन्नासकहाँ लगे, जो त्यस सालका प्रधान पूजाहारी कैयाफाका ससुरा थिए। [१४]यी तिनै कैयाफा थिए, जसले ‘जनताको निम्ति एक जना मानिस मर्नमा नै कल्याण छ’ भनी यहूदीहरूलाई सल्लाह दिएका थिए।

[१९]अब प्रधान पूजाहारीले येशूलाई उहाँका चेलाहरू र उहाँका शिक्षाका विषयमा सोधे। [२०]येशूले तिनलाई जवाफ दिनुभयो, “मैले संसारलाई खुल्लमखुल्ला भनेको छु। मैले सधैँ सभाघरमा र मन्दिरमा शिक्षा दिएको छु, जहाँ सबै यहूदीहरू भेला हुन्छन्। मैले गुप्तमा केही भनेको छैनँ। [२१]मलाई किन सोध्नुहुन्छ? मैले तिनीहरूलाई के भनें सो सुन्नेहरूलाई

नै सोध्नुहोस्। मैले भनेका कुराहरू यिनीहरूलाई थाहा छ।” २२येशूले यी कुरा भन्नुहुँदा नजिकमा उभिएका पहरेदारहरूमध्ये एक जनाले यसो भन्दै येशूलाई थप्पड़ लायो, “के प्रधान पूजाहारीलाई यसरी जवाफ दिन्छस्?” २३येशूले त्यसलाई भन्नुभयो, “मैले बेठीक भनेको भए त्यसको प्रमाण देऊ, तर यदि मैले ठीकै भनेको हुँ भने मलाई किन हिर्काउँछौ?”

बगैंचामा येशूलाई पक्राउ गरिँदा मध्यरात वा मध्यरातभन्दा बढी समय भइसकेको थियो। उहाँलाई बाँधिएको अवस्थामा, यरूशलेमका ती अँध्यारा अनि साँघुरा सडकहरूबाट लगियो। **पहिले तिनीहरूले उहाँलाई हन्नासकहाँ लगे** (यूह १८:१३क)। (परिशिष्ट २ मा “यरूशलेम शहर” को नक्सा हेर्नुहोस्।)

येशूलाई यहूदीहरूका अघि र रोमीहरूका अघि हाजिर गरियो। प्रत्येक “परीक्षा” तीन चरणको थियो। यहाँ “सोधपुछ” लाई उद्धरण चिन्ह दिइएको छ किनभने यी दुवै न्यायको नाममा हास्यास्पद कुरा थिए। यहूदी “परीक्षा” मा उहाँ दोषी हुनुहुन्छ कि निर्दोष हुनुहुन्छ त्यसलाई निर्धारण गर्नको निम्ति कुनै प्रयास गरिएन। यहूदी अगुवाहरूले यशूलाई पहिले नै मृत्यु दण्ड दिनुपर्छ भनी ठहर गरिसकेका थिए (यूह ११:४७-५३; हेर्नुहोस्: मत्ती २६:४; मर्कू १४:१); तिनीहरूले येशूलाई “परीक्षा” गर्नुको उद्देश्य न्याय गर्नु होइन, तर पुष्टिकरण गर्नु थियो—तिनीहरूले पहिले गरेको निर्णयउपर गरिएको पुष्टिकरण (मत्ती २६:५९; हेर्नुहोस्: मर्कू १४:५५)।

यहूदी “परीक्षा” को पहिलो चरणमा हन्नासद्वारा जाँच गरियो। हन्नास **प्रधान पूजाहारी कैयाफाका ससुरा थिए** (यूह १८:१३ख)। हन्नास आफै पनि “इ.सं. ६-१५ सम्म प्रधान पूजाहारी थिए, र उनलाई रोमी वकील भ्यालेरियस ग्राटस् (Valerius Gratus) ले त्यस पदबाट निकालेका थिए।”[3] व्यवस्था अनुसार प्रधान पूजाहारीको पद जीवनपर्यन्त पद हुने भएकाले, धेरैले हन्नासलाई नै प्रधान पूजाहारीको रूपमा मान्थे। यस खण्डमा, हन्नास र कैयाफा दुवैलाई “प्रधान पूजाहारी” को रूपमा उल्लेख गरिएको छ (यूह १८:१३, १९, २२, २४; हेर्नुहोस्: प्रे ४:६)। लूकाले “हन्नास *र* कैयाफाका प्रधान पूजाहारीहरूचाहिँ समयमा” भनेर उल्लेख गरेका थिए (लूक ३:२; जोड दिइएको छ)।

ख्रीष्टलाई किन पहिले हन्नासकहाँ लगिए त्यसबारे हामीलाई निश्चित रूपमा थाहा छैन। भूतपूर्व प्रधान पूजाहारी भएका नाताले उनको सम्मानको लागि तिनीहरूले उहाँलाई तिनकहाँ लगेका हुनसक्छन्। शायद त्यस बृद्ध मानिसले (हेरोदले जस्तै) येशूलाई हेर्ने इच्छा देखाएका थिए (लूक २३:८)। चनाखो अनि जानेबुझेको राजनितिज्ञले उहाँ विरुद्ध आरोप लगाउन सहयोग गर्न सक्छन् भन्ने विचार येशूका शत्रुहरूले राखेका कारण हुनसक्छ। महासभाका सदस्यहरू भेला हुँदै गर्दा यसो गरिनु समयको उचित सदुपयोग हुनेछ भन्ने सोचिएका कारण उहाँलाई तिनकहाँ लगिएको हुनसक्छ।

येशूका **उहाँका चेलाहरू र उहाँको शिक्षाका विषयमा** अस्पष्ट प्रश्न गर्दै हन्नासले केरकारलाई अघि बढाए (यूह १८:१९)। येशूले जवाफ दिनुभयो, **“मैले संसारलाई खुल्लमखुल्ला भनेको छु ... सभाघरमा र मन्दिरमा”** (यूह १८:२०)। उहाँले त्यहाँ उपस्थित कतिपयलाई देखाउँदै यो कुरा भन्नुभएको हुनसक्छ, **“मलाई किन सोध्नुहुन्छ? मैले तिनीहरूलाई के भनें सो सुन्नेहरूलाई नै सोध्नुहोस्। मैले भनेका कुराहरू यिनीहरूलाई थाहा छ”** (यूह १८:२१)।

---

[3]एफ. लागार्ड स्मीथ (F. LaGard Smith), *द न्यारेटेड बाइबल इन क्रोनोलोजिकल अडर* (इउजेन, ओरेगन: हार्भेस्ट हाउस पब्लिसरस्, १९८४), १४६७।

"मैले गुप्तमा केही भनेको छैनँ" भन्ने येशूको भनाइको अर्थ, उहाँले आफ्ना चेलाहरूलाई व्यक्तिगत रूपमा सिकाउनुभएन भन्ने होइन। उहाँले व्यक्तिगत रूपमा सिकाउनुभएकै हो (मर्कू ४:३४; लूक १०:२३), तर उहाँको व्यक्तिगत शिक्षा उहाँको सार्वजनिक शिक्षा विपरित थिएन। यसको साथै, व्यक्तिगत रूपमा उहाँले शिक्षा दिनुभएको उद्देश्य कुरालाई लुकाउनु थिएन (मत्ती १०:२७ हेर्नुहोस्)।

त्यस बेला, **पहरेदारहरूमध्ये एक जनाले यसो भन्दै येशूलाई थप्पड़ लायो, "के प्रधान पूजाहारीलाई यसरी जवाफ दिन्छस्?"** (यूह १८:२२)। त्यो दिन ख्रीष्टले भोग्नुपर्ने शारीरिक दुर्व्यवहारको यो सुरुवात मात्रै थियो। येशूले भन्नुभयो, **"मैले बेठीक भनेको भए त्यसको प्रमाण देऊ, तर यदि मैले ठीकै भनेको हुँ भने मलाई किन हिर्काउँछौ?"** (यूह १८:२३)। मार्टिन लुथर (Martin Luther) ले यस्तो टिप्पणी गरेका छन्, प्रभुले हातद्वारा गरिने प्रतिरक्षालाई रोक्नुभएको हुनसक्छ, तर जिब्रोद्वारा गरिने प्रतिरक्षालाई होइन।[4] आफ्नो अर्को गाला पनि फर्काइदेऊ भन्ने येशूको शिक्षाको बारेमा लुथरले कुरा गरेका हुन् (मत्ती ५:३९)।

दोस्रो चरण: प्रधान पूजाहारी कैयाफा र महासभाद्वारा दोषी ठहर गरियो
(मत्ती २६:५७, ५९-६८; मर्कू १४:५३, ५५-६५; लूक २२:५४क, ६३-६५; यूह १८:२४)

मत्ती २६:५७, ५९-६८

५७येशूलाई पक्रनेहरूले उहाँलाई प्रधान पूजाहारी कैयाफाकहाँ लगे। त्यहाँ शास्त्रीहरू र धर्म-गुरुहरू भेला भएका थिए।

५९अब मुख्य पूजाहारी र जम्मै महासभाले येशूलाई मृत्युदण्ड दिनलाई उहाँको विरुद्धमा झूटो गवाही खोज्न लागे। ६०धेरै झूटो गवाही दिनेहरू आए, तर तिनीहरूले कुनै प्रमाण पाएनन्। आखिरमा दुई जना अगि आए, ६१र भने, "यस मानिसले 'म परमेश्वरको मन्दिर भत्काएर तीन दिनमा यसलाई निर्माण गर्न सक्छु' भन्यो।" ६२तब प्रधान पूजाहारीले उठेर उहाँलाई भने, "के तँ केही जवाफ दिँदैनस्? यी मानिसहरूले तेरो विरुद्धमा दिएको गवाही के हो?" ६३तर येशू चूप रहनुभयो। प्रधान पूजाहारीले उहाँलाई भने, "जीवित परमेश्वरको शपथ खाएर भन्दछु, हामीलाई बता, के तँ परमेश्वरको पुत्र ख्रीष्ट होस्?" ६४येशूले तिनलाई भन्नुभयो, "तपाईंले नै भनिहाल्नुभयो। तापनि म तपाईंहरूलाई भन्दछु, अब उप्रान्त तपाईंहरूले मानिसको पुत्रलाई सर्वशक्तिमान्को दाहिने हातपट्टि बसेको, र आकाशको बादलमा आइरहेको देख्नुहुनेछ।" ६५तब प्रधान पूजाहारीले आफ्ना वस्त्र च्याते र भने, "यसले त ईश्वर-निन्दा बोल्यो। हामीलाई अब अरू साक्षीहरूको के दरकार पऱ्यो र? तपाईंहरूले अहिले यसले बोलेको ईश्वर-निन्दा सुनिहाल्नुभयो। ६६तपाईंहरूको के राय छ?" तिनीहरूले जवाफ दिए, "यो प्राणदण्डको योग्य छ।" ६७तब तिनीहरूले उहाँको मुखमा थुकेर उहाँलाई मुक्का लगाए, र कसै-कसैले यसो भन्दै थप्पड़ लाए, ६८"हे ख्रीष्ट, लौ, अगमवाणी भन्! तँलाई हिर्काउने को हो?"

---

[4]जे. डब्ल्यू. म्याकगर्भे एण्ड फिलिप वाइ. पेण्ड्लेटन (J. W. McGarvey and Philip Y. Pendleton), *द फोरफोल्ड अफ गोस्पल अर हार्मनी अफ फोर गोस्पलस्* (सिन्सिनाटी:स्टचाण्डर्ड पब्लिसिङ को., १९१४), ६९५।

मर्कूस १४:५३, ५५-६५

५३तब तिनीहरूले येशूलाई प्रधान पूजाहारीकहाँ लगे, र त्यहाँ सबै मुख्य पूजाहारीहरू,
धर्म-गुरुहरू र शास्त्रीहरू जम्मा भएका थिए।

५५अब मुख्य पूजाहारी र जम्मै महासभाले येशूलाई मार्नको निम्ति उहाँको विरुद्धमा
गवाही खोजे, तर केही पाएनन्। ५६धेरैले उहाँको विरुद्धमा झूटो गवाही दिए। तर
तिनीहरूले दिएको गवाहीले मेल खाएन। ५७कसै-कसैले उठेर उहाँको विरुद्धमा यसो भन्दै
गवाही दिए, ५८"यसले यसो भनेको हामीले सुन्यौं, 'मानिसको हातले बनाएको यो मन्दिर
म भत्काउनेछु, र हातैविना बनाइएको अर्को मन्दिर म तीन दिनमा निर्माण गर्नेछु'।" ५९तर
यसमा पनि तिनीहरूको गवाही एकै मतको थिएन। ६०तब प्रधान पूजाहारीले बीचमा खड़ा
भएर येशूलाई सोधे, "के तँसँग केही जवाफ छैन? यी मानिसहरूले तेरो विरुद्धमा गवाही
दिएको के हो?" ६१तर येशू चूप लाग्नुभयो, र केही जवाफ दिनुभएन। फेरि प्रधान पूजाहारीले
उहाँलाई सोधे, "के तँ परमधन्यको पुत्र ख्रीष्ट होस्?" ६२येशूले भन्नुभयो, "म हुँ, अनि
तपाईंहरूले मानिसको पुत्रलाई सर्वशक्तिमान्को दाहिने बाहुलीतर्फ बसिरहेको र
आकाशका बादलहरूका साथमा आइरहेको देख्नुहुनेछ।" ६३तब प्रधान पूजाहारीले आफ्नो
वस्त्र च्यातेर भने, "हामीलाई अरू साक्षीहरूको के दरकार पऱ्यो र? ६४तिमीहरूले ईश्वर-
निन्दा त सुनिहाल्यौ। तिमीहरूको के विचार छ?" अनि तिनीहरू सबैले उहाँलाई
मृत्युदण्डको योग्य ठहराए। ६५अनि कोही-कोहीले उहाँलाई थुक्न लागे, र उहाँको मुख
छोपेर उहाँलाई थप्पड़ हानेर भने, "अगमवाणी बोल्।" त्यसपछि पहरादारले उहाँलाई
आफ्नो जिम्मामा लिए, र उहाँलाई मुक्का हाने।

लूका २२:५४क, ६३-६५

५४कतिनीहरूले येशूलाई पक्रेर लगे, र उहाँलाई प्रधान पूजाहारीको घरमा ल्याए।

६३तब येशूलाई पक्रने मानिसहरूले उहाँलाई गिल्ला गरे, र पिटे, ६४उहाँका आँखा
छोपिदिएर उहाँलाई सोधे, "तँलाई हिर्काउने को हो? लौ, अगमवाणी भन्।" ६५तिनीहरूले
उहाँको विरुद्धमा अरू धेरै तिरस्कारपूर्ण कुरा भने।

यूहन्ना १८:२४

२४तब हन्नासले उहाँलाई बाधिँएकै अवस्थामा प्रधान पूजाहारी कैयाफाकहाँ पठाए।

त्यसपछि, यहूदी "परीक्षा" को दोस्रो चरणको लागि **हन्नासले उहाँलाई बाँधिएकै अवस्थामा प्रधान पूजाहारी कैयाफाकहाँ पठाए** (यूह १८:२४)। कैयाफाको घर हन्नासको घर नजिकै रहेको हुनसक्छ। तिनीहरूको आँगन उही थियो भनेर पनि कतिपयको विचार छ। तैपनि, हालैको उत्खननले के देखाउँछ भने, यी दुई घरहरू केही टाढा दूरीमा अवस्थित थिए। (परिशिष्ट २ मा "यरूशलेम शहर" को नक्सा हेर्नुहोस्।) यूहन्नाले कैयाफालाई "'जनताको निम्ति एक जना मानिस मर्नमा नै कल्याण छ' भनी यहूदीहरूलाई सल्लाह दिएका थिए" को रूपमा परिचित गरेका छन् (यूह १८:१४; हेर्नुहोस्: ११:४९-५२)।

प्रधान पूजाहारी ... र ... सबै मुख्य पूजाहारीहरू, धर्म-गुरुहरू र शास्त्रीहरू—अर्थात्, **जम्मै महासभाले—जम्मा भएका थिए**—कैयाफाको घरको (मर्कू १४:५३, ५५) माथिल्लो

तल्लामा भेला भएका थिए (मर्कू १४:६६ हेर्नुहोस्; लूक २२:५४)। येशूलाई मृत्यु दण्डको सजाय सुनाउनका निम्ति केही आधार पत्ता लगाउन, "महासभाको कम्तीमा एउटा न्याय सभालाई रातको त्यस छलफलमा बोलाएको थियो।"[5]

ख्रीष्टका शत्रुहरूले "तिनीहरूका द्वेषभावको सूक्ष्मदर्शक यन्त्रलाई प्रयोग गरी साढे तीन वर्षसम्म उहाँमा दोष खोज्दै आएका थिए," र "उहाँमा बिलकुल त्रुटि नरहेको कुरा तिनीहरूले पाए।"[6] अब **जम्मै महासभाले येशूलाई मृत्युदण्ड दिनलाई उहाँको विरुद्धमा झूटो गवाही खोज्न लागे; धेरै झूटो गवाही दिनेहरू आए, तर तिनीहरूले कुनै प्रमाण पाएनन्** (मत्ती २६:५९, ६०क; हेर्नुहोस्: प्रस २०:१६)। समस्या के थियो भने तिनीहरूले विवरण मिल्ने कम्तीमा दुई जना गवाहीहरू खोज्नु पर्नेथियो (व्य १७:६; १९:१५), तर झूटो समेत **गवाहीले मेल खाएन** (मर्कू १४:५६)।

अन्त्यमा, दुई जना मानिसहरू **अगि आए, र भने, "यस मानिसले 'म परमेश्वरको मन्दिर भत्काएर तीन दिनमा यसलाई निर्माण गर्न सक्छु' भन्यो"** (मत्ती २६:६०ख, ६१)। केही वर्ष पहिले, यहूदीहरूले चिन्ह देखाउन अनुरोध गरेको प्रतिक्रिया स्वरूप, ख्रीष्टले भन्नुभएको थियो, "यस मन्दिरलाई भत्काइदेओ, र म तीन दिनमा यसलाई खडा गर्नेछु," "मन्दिरको विषयमा ... त्यो उहाँको शरीर थियो" (यूह २:१९, २१)। तैपनि, मन्दिरलाई *भत्काउँछु* भनेर उहाँले भन्नुभएको *थिएन*। यी दुई मानिसले झूट बोले—तर तिनीहरूले दिएका झूटा गवाहीमा पनि एकरूपता थिएन (मर्कू १४:५९)।

येशूले हेरोदको मन्दिरको बारेमा होइन तर आफ्नो शरीरको बारेमा बताउनुभएको थियो भन्ने बारेमा महासभाका केहीले त अवश्य नै बुझेका थिए (मत्ती २७:६३ हेर्नुहोस्)। कारणवश तिनीहरूले येशूको परीक्षाको क्रममा यो अभियोगलाई प्रयोग गरेनन्। तैपनि, स्तेफनसलाई समितिका अघि घिसारेर ल्याइदा महासभामा पछि त्यस्तै विवाद उठ्यो (प्रे ६:१३, १४ हेर्नुहोस्)।

कयफा अवश्य नै लज्जित हुँदै गए। हताश भएका, उनले येशूलाई प्रश्न गरे, **"के तँ केही जवाफ दिँदैनस्? यी मानिसहरूले तेरो विरुद्धमा दिएको गवाही के हो?"** (मत्ती २६:६२)। ख्रीष्टले उत्तर दिनुभएन, तर गौरवशाली ढङ्गले चुप रहनुभयो (मत्ती २६:६३क; हेर्नुहोस्: यशै ५३:७; प्रे ८:३२, ३५; १ पत्र २:२३)।

निराश भएका प्रधान पूजाहारीले उहाँलाई भने, **"जीवित परमेश्वरको शपथ खाएर भन्दछु, हामीलाई बता, के तँ परमेश्वरको पुत्र ख्रीष्ट होस्?"** (मत्ती २६:६३ख)। व्यक्तिलाई शपथमा राख्नको निम्ति यहूदीहरूले "जीवित परमेश्वरको शपथ खाएर भन्दछु" भन्ने प्रचलन थियो। येशूले कैयाफालाई उत्तर दिनुभयो भन्ने तथ्यले उहाँ शपथमा बाँधिनुभएको थियो भन्ने कुरालाई जनाउँछ। येशूले दिनुभएको शपथ नखाओ भन्ने शिक्षाले (मत्ती ५:३४) नागरिक सपथलाई समावेश गरेको थिएन। न्यू इन्टरनेशनल संस्करण (NIV) मा "म तँलाई शपथ खाएर सोध्छु" भनेर लेखिएको छ।

येशूले उत्तर दिनुहुन्छ भन्नेमा कैयाफासँग थोरै आशा रहेको हुनसक्छ। आजका धेरै समाजमा जस्तै, त्यो समाजमा अभियोग लगाइएको व्यक्तिलाई आफ्नोबारे गवाही दिन कहिल्यै पनि जबर्जस्ती गरिन्नथ्यो। ख्रीष्टले यसभन्दा पहिले यहूदी अगुवाहरूलाई उत्तर

---

[5]रोबर्ट एल. थोमस (Robert L. Thomas), एड., एण्ड स्टेनली एन. गन्ड्री (Stanley N. Gundry), एसो. एड., *अ हार्मनी अफ द गोस्पलस्* (सिकागो: मुडी प्रेस, १९७८), ३२९।

[6]रिचर्ड रोगर्स (Richard Rogers), *द लाइफ अफ क्राइष्ट एण्ड हिज़ टिचिङ* (लुब्बोक, टेक्सस्: सनसेट इन्टरनेशनल बाइबल इन्स्टिच्युट एक्स्टर्नल स्टडिज डिपार्टमेन्ट, १९९५), ९५।

दिनुभएको थिएन; र यदि उहाँ चुपचाप लागेर बस्नु पर्ने समय कुनै थियो भने त्यो समय यही थियो। यदि उहाँले बोल्न इन्कार गर्नुभएको भए, प्रधान पूजाहारीको हातमा कुनै मुद्दा हुनेथिएन। सबैभन्दा ठूलो खतराको क्षणमा प्रभु बोल्नुभयो। उहाँले जवाफ दिनुभो, **"म हुँ"** (मर्कू १४:६२क)। मत्तीले येशूको उत्तरलाई **"तपाईंले नै भनिहाल्नुभयो"** भनेर उल्लेख गरेका छन् (मत्ती २६:६४क)—आख्यान शैलीद्वारा "हो" भन्ने तरिका। आफू ख्रीष्ट (यहूदीहरूले प्रतिक्षा गरिरहेको मसीह) भएको कुरा येशूले यसभन्दा पहिले नै सार्वजनिक रूपमा स्वीकार गर्नुभएको थियो (यूह ५:१७, १८; १०:३०-३९; हेर्नुहोस्: मत्ती २२:४१-४६), तर यस दाबीको विषयमा प्रधान पूजाहारीले कुनै प्रमाण जुटाउन सकेका थिएनन् भन्ने कुरा स्पष्ट छ—अथवा, कम्तीमा, प्रमाण मिल्ने गवाह-व्यक्तिहरू।

येशूले भन्नुभयो, **"तापनि म तपाईंहरूलाई भन्दछु, अब उप्रान्त तपाईंहरूले मानिसको पुत्रलाई सर्वशक्तिमान्को दाहिने हातपट्टि बसेको, र आकाशको बादलमा आइरहेको देख्नुहुनेछ"** (मत्ती २६:६४ख; हेर्नुहोस्: दान ७:१३; भज ११०:१)। त्यो समयमा, ख्रीष्ट अपमानित हुनुभयो, तर केही समयपछि नै उहाँ पिताको दाहिने हाततर्फ उचालिनुभयो। त्यसपछि, कैयाफा होइन, तर उहाँ नै शक्तिको स्थानमा रहनुभयो।

येशूको प्रतिक्रियाले प्रधान पूजाहारी हर्षित भएका हुनसक्छन्, तर उनले आफूलाई विरक्त लागेको जस्तो गरी ठूलो नाटक प्रदर्शन गरे। उनले आफ्नो लुगा च्याते—गहिरो व्याकुलता भएको सांकेतिक प्रदर्शन्—र भने, **"यसले त ईश्वर-निन्दा बोल्यो। हामीलाई अब अरू साक्षीहरूको के दरकार पऱ्यो र?"** (मत्ती २६:६५क)। मोशाको व्यवस्था अनुसार, परमेश्वरको निन्दा गर्ने व्यक्तिलाई मृत्यु दण्ड दिनुपर्थ्यो (लेवी २४:१६)। यहूदी कानून अनुसार, पारिभाषिक रूपमा येशू ईश्वर-निन्दाको दोषी हुनुभएको थिएन, तर त्यस्ता कानूनी परिभाषाको बारेमा कैयाफालाई वास्ता थिएन। येशूले आफू, "ख्रीष्ट, परमेश्वरको पुत्र" (आफैलाई परमेश्वर सरह बनाएको; यूह ५:१८ हेर्नुहोस्) भएको दाबी गरेको र आफैलाई "मानिसको पुत्र" भनी मसीह नाम दिनु नै कैयाफाको निम्ति पर्याप्त भयो। "यसले त ईश्वर-निन्दा बोल्यो," भन्दै प्रधान पूजाहारी चिच्यायो।

कैयाफाले महासभाका अघि भन्यो, **"तपाईंहरूले अहिले यसले बोलेको ईश्वर-निन्दा सुनिहाल्नुभयो; तपाईंहरूको के राय छ?"** (मत्ती २६:६५ख, ६६क)। तिनीहरूले उत्तर दिए, **"यो प्राणदण्डको योग्य छ"** (मत्ती २६:६६ख)। यो महासभाको आधिकारिक निर्णय थिएन; त्यो निर्णय घाम डुबेको केही समयपछि गरियो (लूक २२:६६—२३:१ हेर्नुहोस्)। तैपनि, मृत्यु दण्ड दिने तिनीहरूका निर्णयलाई पुष्टि गर्ने एउटा उपाया भेटेकामा तिनीहरू सन्तुष्ट भएका थिए।

(तिनीहरूले सोचे अनुसार) तिनीहरूले आफ्ना उद्देश्यलाई पूरा गरेपछि, महासभाका सदस्यहरूले पहिलेदेखिको रीस पोखाए। येशूको आँखा छोपियो (मर्कू १४:६५; हेर्नुहोस्: लूक २२:६४)। तब **तिनीहरूले उहाँको मुखमा थुकेर उहाँलाई मुक्का लगाए, र कसै-कसैले यसो भन्दै थप्पड़ लाए, "हे ख्रीष्ट, लौ, अगमवाणी भन्! तँलाई हिर्काउने को हो?"** (मत्ती २६:६७, ६८)। **येशूलाई पक्रने मानिसहरूले, पहरेदारहरू,** पनि उहाँलाई हिर्काए, पिटे, र निन्दा गरे (मर्कू १४:६५; लूक २२:६३, ६४)। येशूलाई *महासभाले* दुर्व्यवहार गरे भनेर मत्तीको विवरणले उल्लेख गर्छ, र लूकाको पुस्तकले यसको दोष सभाका *सिपाहीहरूलाई* दिएका छन्। यी *दुवै* समूहले प्रभुलाई दुर्व्यवहार गरे भन्ने कुरा मर्कूसको पुस्तकले संकेत गर्छ। यहाँ महासभाले गरेको व्यवहारसँग महासभाले पछि स्तिफनससँग गरेको व्यवहारलाई तुलना गर्नुहोस् (प्रे ७:५४, ५७, ५८)। सभाका सिपाहीहरूले येशूलाई गरेको

दुर्व्यवहारले के कुरालाई देखाउँछ भने तिनीहरूले उहाँप्रति डर राख्न छाडे (यूह १८:६ हेर्नुहोस्)। **तिनीहरूले उहाँको विरुद्धमा अरू धेरै तिरस्कारपूर्ण कुरा भने** (लूक २२:६५)। यसरी, ख्रीष्टका शत्रुहरूले घाम झुल्किन्जेलसम्म समय बिताए।

त्यो लामो रातको अन्त्य बल्ल-बल्ल हुन लागेको भएपनि एउटा लामो दिन बाँकी नै थियो—येशूको मृत्युलाई समाप्ती गर्ने दिन। धेरै क्रूरता र अन्याय सहनु बाँकी नै थियो।

पत्रुसको इन्कार (मत्ती २६:५८, ६९-७५; मर्कू १४:५४, ६६-७२; लूक २२:५४ख-६२; यूह १८:१५-१८, २५-२७)

मत्ती २६:५८, ६९-७५

५८तर पत्रुस टाढ़ैबाट प्रधान पूजाहारीका भवनको आँगनसम्मै उहाँको पछिपछि लागे, र अन्त्यमा के हुने हो, सो हेर्नलाई भित्र पसेर पालेहरूसँग बसे।

६९पत्रुस बाहिर आँगनमा बसिरहेका थिए। एउटी नोकर्नीले तिनीकहाँ आएर भनी, "तिमी पनि गालील-निवासी येशूसँग थियौ?" ७०तर तिनले उनीहरू सबैका सामुन्ने इन्कार गरेर भने, "तैंले के भन्दैछस्, म जान्दिनँ।" ७१तिनी बाहिर दलानमा निस्केपछि अर्कीले तिनलाई देखी, र त्यहाँ भएकाहरूलाई भनी, "यो मानिस पनि येशू नासरीसँगै थियो।" ७२तिनले फेरि शपथ खाएर इन्कार गरे, "म ती मानिसलाई चिन्दिनँ।" ७३अलि बेरपछि त्यहाँ भएकाहरूले पनि नजिक आएर पत्रुसलाई भने, "साँच्चै, तिमी पनि तिनीहरूमध्येका एक हौ, किनकि तिम्रो बोलीले नै तिमीलाई जाहेर गर्दछ।" ७४तब पत्रुसले आफैलाई सराप्दै शपथ खान लागे "म ती मानिसलाई चिन्दैचिन्दिनँ।" अनि तुरुन्तै भाले बास्यो। ७५तब पत्रुसलाई येशूले भन्नुभएको यो कुरा याद भयो, "भाले बास्न अघि तिमीले मलाई तीन पल्ट इन्कार गर्नेछौ।" तब तिनी बाहिर गएर धुरुधुरु रोए।

मर्कूस १४:५४, ६६-७२

५४पत्रुसचाहिँ टाढ़ैबाट प्रधान पूजाहारीको आँगनभित्र उहाँको पछिपछि लागे, अनि त्यहाँ सिपाहीहरूसँग बसेर तिनी आगो ताप्न लागे।

६६पत्रुस तल आँगनमा हुँदा प्रधान पूजाहारीका नोकर्नीहरूमध्ये एक जना त्यहाँ आई, ६७र पत्रुसलाई आगो तापिरहेका देखेर तिनलाई नियालेर हेरी भनी, "तिमी पनि येशू नासरीसँग थियौ।" ६८तर तिनले यसो भन्दै इन्कार गरे, "तिमीले के भनेकी त्यो न जान्दछु न बुझ्दछु।" अनि तिनी बाहिरको मूल ढोकातिर गए। अनि भाले बास्यो। ६९नोकर्नीले उभिनेहरूसँग फेरि भन्न लागी, "यिनी त तिनीहरूमध्येका एक हुन्।" ७०तर पत्रुसले फेरि इन्कार गरे। तर केही बेरपछि वरपर उभिनेहरूले फेरि पत्रुसलाई भने, "पक्कै, तिमी तिनीहरूमध्येका एक हौ, किनकि तिमी गालीली हौ।" ७१तर तिनले आफूलाई धिक्कार्दै कसम खाएर भन्न लागे, "जसको विषयमा तिमीहरू भन्छौ त्यस मानिसलाई म चिन्दिनँ।" ७२अनि तुरुन्तै दोस्रो पल्ट भाले बास्यो, र पत्रुसलाई येशूले यसो भन्नुभएको कुरा सम्झना भयो, "भाले दुई पल्ट बास्न अघि तिमीले मलाई तीन पल्ट इन्कार गर्नेछौ।" अनि त्यस कुरालाई सम्झेर तिनी धुरुधुरु रोए।

लूका २२:५४ख-६२

५४खतर पत्रुस टाढ़ैबाट उहाँको पछिपछि लागे। ५५त्यहाँ आँगनको बीचमा आगो बालेर
मानिसहरू जम्मा भएर बसिरहेका थिए। पत्रुस पनि तिनीहरूसँगै बसे। ५६एउटी नोकर्नीले
आगोको उज्यालोमा तिनलाई बसिरहेका देखेर नियालेर हेरी, र भनी, "यी मानिस पनि
तिनीसँगै थिए।" ५७तर पत्रुसले यसो भनेर इन्कार गरे, "ए नारी, म उहाँलाई चिन्दिनँ।"
५८केही बेरपछि अर्कोले तिनलाई देखेर भन्यो, "तिमी पनि तिनीहरूमध्येकै हौ।" तर
पत्रुसले जवाफ दिए, "ए मानिस, म होइनँ।" ५९प्राय: एक घण्टा बितेपछि अर्को एक जनाले
जोड दिएर यसो भन्यो, "निश्चय नै यी मानिस तिनीसँगै थिए, किनकि यिनी पनि गालीली
नै रहेछन्।" ६०तर पत्रुसले भने, "ए मानिस, तिमी के भनिरहेछौ, म जान्दिनँ।" तिनी
बोल्दाबोल्दै भाले बास्यो। ६१अनि प्रभुले फर्केर पत्रुसलाई हेर्नुभयो। "आज भाले बास्न अघि
तिमीले मलाई तीन पल्ट इन्कार गर्नेछौ" भनी भन्नुभएको प्रभुको वचन पत्रुसलाई याद
भयो। ६२र तिनी बाहिर निस्केर धुरुधुरु रोए।

यूहन्ना १८:१५-१८, २५-२७

१५सिमोन पत्रुस र येशूका अर्का एक जना चेला येशूको पछि लागे। ती अर्काचाहिँ चेला
प्रधान पूजाहारीका चिनारु थिए, र येशूसँगै प्रधान पूजाहारीको आँगनमा पसे। १६तर पत्रुस
बाहिर ढोकामा उभिरहेका थिए। ती अर्काचाहिँ चेलाले, जो प्रधान पूजाहारीका चिनारु
थिए, बाहिर निस्केर ढोकामा बस्ने ठिटीलाई भनेर पत्रुसलाई भित्र ल्याए। १७तब ढोकामा
बस्ने त्यस ठिटीले पत्रुसलाई भनी, "के तिमी पनि यस मानिसका चेलाहरूमध्ये एक जना
हौ?" तिनले भने, "म होइनँ।" १८त्यहाँ कमारा र पहरेदारहरू आगोको भुङ्ग्रो ताप्दै
उभिरहेका थिए, किनभने जाडो थियो। अनि पत्रुस पनि तिनीहरूसँग उभिएर आगो ताप्न
लागे।

२५सिमोन पत्रुस उभिएर आगो ताप्दैथिए। तिनीहरूले तिनलाई भने, "के उनका
चेलाहरूमध्ये एक जना तिमी पनि होइनौ?" तिनले इन्कार गरेर भने, "म होइनँ।" २६प्रधान
पूजाहारीका कमाराहरूमध्ये एक जना, जसका नातेदारको कान पत्रुसले काटेका थिए,
त्यसले सोध्यो, "के मैले तिमीलाई तिनीसँग बगैंचामा देखिनँ र?" २७तब फेरि पत्रुसले
इन्कार गरे। अनि तुरुन्तै भाले बास्यो।

ख्रीष्टको पक्राउ भएपछि, "सबै चेलाहरू उहाँलाई छोड़ेर भागे" (मत्ती २६:५६)। तैपनि, येशूलाई पक्राउ गरिएपछि, उहाँलाई प्रधान पूजाहारीको घरभित्र पुऱ्याइन्जेलसम्म पत्रुस र यूहन्नाले टाढैबाट त्यस दललाई पछ्याए (मर्कू १४:५४; यूह १८:१५; लूक २२:५४)। प्रधान पूजाहारीको घरपरिवारलाई चिन्ने हुँदा यूहन्नालाई आँगनमा जान दिइयो (यूह १८:१५, १६)। (यूहन्नाको पृष्ठभूमिको बारेमा कैयाफालाई केही ज्ञान थियो भन्ने कुरा प्रे ४:५-७, १३ ले पनि संकेत गर्नसक्छ।) महासभाको बैठक भइरहेको ठीक तल आँगन थियो (मर्कू १४:६५, ६६)। यूहन्नाको साथमा भएकाले पत्रुसलाई पनि प्रवेश गर्न दिइयो (यूह १८:१६, १७)।

पत्रुस आँगनमा आगो तापिरहेका बेला यूहन्ना कहाँ थिए? त्यस घरकाहरूले यूहन्नालाई चिन्थे, त्यसकारण शायद, तिनलाई घरभित्र प्रवेश गर्न दिइयो। अर्को सम्भावना के हुनसक्छ भने, उनले खतरा देख्यो र उनी त्यहाँबाट गए।

जाडो भएको हुनाले आँगनको बीचमा आगो बालिएको थियो (यूह १८:१८; लूक २२:५५)। आफू पनि त्यहींकै भएको जस्तो **हेर्नलाई** प्रयास् गर्दै, येशूको पक्राउ भएपछि अब **के हुने हो** भनेर पत्रुस पनि आगो ताप्न बसे (मत्ती २६:५८)। यूहन्ना १८:२५ ले भन्छ, त्यति बेलासम्म पनि पत्रुस ***उभिएर* आगो ताप्दैथिए** (जोड दिइएको छ)। शायद उनी केही क्षण उठ्थे र केही क्षण बस्थे। उनका गरुज्यूलाई पक्राउ गर्ने **सिपाहीहरू** पनि त्यहीं आगो तापिरहेका थिए (मर्कू १४:५४; यूह १८:१८)।

यसभन्दा पहिले, साँझमा, चेलाले उहाँलाई त्याग्नेछन् भनी येशूले भविष्यवाणी गर्नुभएको थियो (मत्ती २६:३१)। पत्रुसले उहाँको कुरालाई विरोध गर्दै भनेका थिए, "तपाईंको कारणले सबै जना पछि हटे तापनि म कहिल्यै पछि हट्नेछैनँ" (मत्ती २६:३३)। प्रभुले तिनलाई दु:खी हुँदै भन्नुभएको थियो, "साँच्चै, म तिमीलाई भन्दछु, आजै राती भाले बास्न अघि तिमीले मलाई तीन पल्ट इन्कार गर्नेछौ" (मत्ती २६:३४)। मर्कूसका अनुसार, येशूले "भाले *दुई पल्ट* बास्न अघि" भनी भन्नुभयो (मर्कू १४:३०; जोड दिइएको छ)। यसमा विरोधाभास छैन; सुसमाचारको अन्य पुस्तकमा भाले बासेको भनी उल्लेख गरिएको कुरा, दोस्रो पल्ट बासेको विवरण हो।

पहिलो इन्कार तुरुन्तै भयो। पत्रुस भित्र जाँदैगर्दा एउटी नोकर्नी केटीले उनलाई सोधी, **"के तिमी पनि त्यस मानिसका चेलाहरूमध्ये एक जना हौ?"** (यूह १८:१७क)। उनलाई यूहन्नासँग आइरहेको देखेका कारण तिनलाई आशंका लागेको हुनसक्छ। पत्रुसले तत्काल जवाफ दिइहाल्यो, **"म होइनँ"** (यूह १८:१७ख), तर यसले त्यस स्त्रीलाई सन्तुष्ट तुल्याएन। उसलाई **देखेर नियालेर हेरी** (लूक २२:५६क), तिनले आगोका वरिपरि बस्नेहरूलाई भनिन्, **"यी मानिस पनि तिनीसँगै थिए"** (लूक २२:५६ख)। तिनले प्रेरितलाई भनिन्, **"तिमी पनि येशू नासरीसँग थियौ"** (मर्कू १४:६७; हेर्नुहोस्: मत्ती २६:६९)। **तर तिनले उनीहरू सबैका सामुन्ने इन्कार गरेर भने** (मत्ती २६:७०), भने **"ए नारी, म उहाँलाई चिन्दिनँ"; "तिमीले के भनेकी त्यो न जान्दछु न बुझ्दछु"** (लूक २२:५७; मर्कू १४:६८)।

प्रेरित हत्तपत्त आगोको छेउबाट उठेर आँगनको ढोकातिर गए (मत्ती २६:७१), जहाँ तिनी दलानको छाँयामा उभिएर लुक्न सक्थे। यसको अर्थ दलानको छाना भन्ने हुनसक्छ (मर्कू १४:६८)। केही पछिल्ला हस्तलिपिमा मर्कूस १४:६८ को अन्त्यमा "र भाले बास्यो" भन्ने वाक्य पाइन्छ। पत्रुसको परीक्षाको मध्यभागको कुनै बेला पहिलो पटक भाले बासेकै हो (मर्कू १४:७२ हेर्नुहोस्)। त्यस नोकर्नी उनको पछि-पछि आइन् र त्यहाँ भएका मानिसहरूलाई फेरि भनी, **"यिनी त तिनीहरूमध्येका एक हुन्"** (मर्कू १४:६९)। अर्की एउटी नोकर्नीले पनि सहमती जनाइन्: **"यो मानिस पनि येशू नासरीसँगै थियो"** (मत्ती २६:७१; हेर्नुहोस्: लूक २२:५८क)। **तिनले फेरि शपथ खाएर इन्कार गरे, "म ती मानिसलाई चिन्दिनँ"** (मत्ती २६:७२; हेर्नुहोस्: लूक २२:५८ख)। यो "शपथ" ले अवश्य नै ईश्वरको अवहेलना गरेको भन्ने अर्थ दिँदैन, तर यो यहूदीहरूले प्रयोग गर्ने औपचारिक शपथ थियो। आफूले भनेको कुरा सत्य हो भनेर उनले शपथ खाए। त्यो दोस्रो पल्टको इन्कार थियो।

एकैछिन रोकिएर हामीले एउटा प्रश्न गर्न आवश्यक छ, "पत्रुसले किन येशूलाई इन्कार गरे?" त्यस मछुवा सजिलै विचलित हुने व्यक्ति थिएनन्। आफू बहादुरी भएको कुरा उनले बगैंचामा प्रमाणित गरेका थिए। येशूका शत्रुहरू भएको त्यस आँगनमा आउँदा उनले आफ्नो साहस (अथवा मुर्खतापूर्ण कठोरता) प्रदर्शन गरेका थिए। हामीले यस प्रश्नको उत्तर निश्चित रूपमा दिन सक्दैनौं, तर यो कुरालाई ध्यान दिऊं: पत्रुस अन्यौलग्रस्त थिए; तिनी शङ्काद्वारा पनि समस्याग्रस्त भएका हुनसक्छन्। एकतर्फ, येशूको पक्राउ, परीक्षा, र

मृत्यु, मसीह सम्बन्धी उनको पूर्वधारणा अनुरुप थिएन (मत्ती १६:२२)। अर्कोतर्फ, आफ्ना गुरुज्यूले उनलाई किन तरवार चलाउन दिएनन् त्यो कुरा उनले शायद बुझ्नै सकेका थिएनन् (मत्ती २६:५२)। सामान्य रूपमा विश्वस्त अवस्थामा रहेका यिनी, आँगनमा पुग्दा अत्यन्तै संवेदनशील थिए।

प्राय: एक घण्टा बितेपछि अर्को एक जनाले जोड दिएर यसो भन्यो, **"निश्चय नै यी मानिस तिनीसँगै थिए, किनकि यिनी पनि गालीली नै रहेछन्।" तर पत्रुसले भने, "ए मानिस, तिमी के भनिरहेछौ, म जान्दिनँ"** (लूक २२:५९, ६०क)। त्यहाँ उभिएकाहरूले पनि भने: **"साँच्चै, तिमी पनि तिनीहरूमध्येका एक हौ, किनकि तिम्रो बोलीले नै तिमीलाई जाहेर गर्दछ"** (मत्ती २६:७३)। गालीलीहरूका बोल्ने शैली फरक थियो: बोल्दा शब्दलाई अस्पष्ट रूपमा उच्चारण गर्नेबाहेक, तिनीहरूले उस्तै प्रकारका धेरै शब्दहरू उच्चारण गर्थे र अरूलाई उच्चारण गर्दैनथे। त्यहाँ उपस्थितहरूमध्ये एक जना माल्खसका आफन्त पनि थिए (यूह १८:१० हेर्नुहोस्)। तिनले भने, **"के मैले तिमीलाई तिनीसँग बगैँचामा देखिनँ र?"** (यूह १८:२६)। फेरि पनि पत्रुसले सराप्दै र शपथ हाल्दै भने, **"म ती मानिसलाई चिन्दैचिन्दिनँ"** (मत्ती २६:७४क)। न्यू इन्टरनेशनल संस्करण (NIV) मा लेखिएको छ, "उनले आफैमाथि सरापका शब्दहरू बोले अनि तिनीहरूका अघि सपथ खाए।" त्यो तेस्रो इन्कार थियो।

तुरुन्तै, **तिनी बोल्दाबोल्दै भाले बास्यो** (लूक २२:६०ख; हेर्नुहोस्: मत्ती २६:७४ख; यूह १८:२७ख)—जस्तो हुन्छ भनी येशूले भविष्यवाणी गर्नुभएको थियो ठीक त्यही भयो। मर्कूस १४:७२क मा लेखिएको छ, "अनि तुरुन्तै दोस्रो पल्ट भाले बास्यो।" त्यत्तिकैमा, **प्रभुले फर्केर पत्रुसलाई हेर्नुभयो** (लूक २२:६१क)। **"आज भाले** [दुई पल्ट; मर्कू १४:७२ख] **बास्न अघि तिमीले मलाई तीन पल्ट इन्कार गर्नेछौ" भनी भन्नुभएको प्रभुको वचन पत्रुसलाई याद भयो। र तिनी बाहिर निस्केर धुरुधुरु रोए** (लूक २२:६१ख, ६२)। तिनका घामले डडेका गालाबाट आँशुका थोपाहरू बगे।

यहूदी "सतावट" (तोस्रो चरण): महासभाद्वारा सजाय सुनाइयो (मत्ती २७:१, २; मर्कू १५:१; लूक २२:६६—२३:१; यूह १८:२८)

मत्ती २७:१, २

[१]बिहान सबैरै, सबै मुख्य पूजाहारीहरू र जनताका धर्म-गुरुहरूले येशूलाई मृत्युदण्ड दिन भनी उहाँको विरुद्धमा सरसल्लाह गरे। [२]अनि तिनीहरूले उहाँलाई बाँधेर लगे, र हाकिम पिलातसकहाँ सुम्पिदिए।

मर्कूस १५:१

[१]बिहान हुने बित्तिकै मुख्य पूजाहारीहरू, धर्म-गुरुहरू, शास्त्रीहरू र जम्मै महासभाले आपसमा सल्लाह गरी येशूलाई बाँधेर लगे, र पिलातसकहाँ सुम्पिदिए।

लूका २२:६६—२३:१

[६६]उज्यालो हुने बित्तिकै भेला भएका जनताका धर्म-गुरुहरू, मुख्य पूजाहारीहरू र शास्त्रीहरू दुवैले उहाँलाई आफ्नो महासभामा लगे, [६७]र भने, "तँ ख्रीष्ट होस् भने हामीलाई

भन्।” उहाँले तिनीहरूलाई भन्नुभयो, “मैले बताएँ भने पनि तपाईंहरू पत्याउनुहुन्न। [६८]मैले प्रश्न गरे भने पनि तपाईंहरू जवाफ दिनुहुन्न। [६९]तर अब मानिसको पुत्र परमेश्वरका शक्तिको दाहिनेपट्टा बस्नेछ।” [७०]तब तिनीहरू सबैले भने, “त्यसो भए, के तँ परमेश्वरको पुत्र होस्?” उहाँले तिनीहरूलाई उत्तर दिनुभयो, “तपाईंहरू नै भन्नुहुन्छ, म उही हुँ।” [७१]तिनीहरूले भने, “हामीलाई अब अरू के साक्षीको आवश्यकता छ र? किनकि हामीले त्यसकै मुखबाट सुनिहाल्यौं।”

[१]सबै सभासद्हरू उठे, र उहाँलाई पिलातसकहाँ ल्याए।

यूहन्ना १८:२८

[२८]तब तिनीहरूले येशूलाई कैयाफाको घरबाट महलतिर लगे। त्यति बेला बिहानपख थियो। बिटुलिएर निस्तार-चाड़को भोज खान पाउँदैनौं भन्ने डरले तिनीहरू महलभित्र पसेनन्।

कैयाफाको घरमा राखिएको महासभाको रात्री भेटघाट अनियमित मात्र होइन तर गैरकानूनी समेत थियो। नयाँ दिनको सुरुवातसँगै (हेर्नुहोस्: मर्कू १५:१क; लूक २२:६६क), “आधिकारिक” बैठकको निम्ति येशूलाई महासभामा लगियो (लूक २२:६६ग)। रातमा गरिएको केरकारपछि येशूलाई त्यहाँ लगिएको कारण, प्रधान पूजाहारीको घरबाट महासभाको भवन केही दूरीमा रहेको थियो भन्ने कुरा स्पष्ट छ। तैपनि, महासभाको भवन कहाँ अवस्थित थियो भन्ने बारेमा असहमती रहेको देखिन्छ। यो भवन मन्दिरको क्षेत्रमा रहेको स्त्रीहरूको चोकबाट नजिकै थियो भन्ने विचार विगतमा धेरैको रहेको थियो, तर यो भवन मन्दिर क्षेत्रभन्दा बाहिर थियो भनेर आजभोली केहीले विश्वास गर्छन्।

त्यहाँ **जम्मै महासभाका** भेला भए भनेर मर्कूसले टिपोट गरेका छन् (मर्कू १५:१), जसमा निकोदेमस र अरिमाथियाको योसेफ पनि समावेश हुन्छ (यूह ७:५०; लूक २३:५०, ५१)। यदि यी दुई मानिस पनि उपस्थित थिए भने, के तिनीहरूले विरोध गर्ने मौका पाए, अथवा सम्पूर्ण मुद्धा अत्यन्तै शीघ्र रूपमा बढाइको कारण तिनीहरूले बोल्ने मौका नै पाएनन्? यसबारे हामीलाई बताइएको छैन।

महासभाको सदस्यहरूका दुई उद्देश्य थियो। पहिलो, राती पारित गरिएको सजायलाई आधिकारीक रूपमा तिनीहरूले पुष्टि गर्नु आवश्यक थियो। तिनीहरूले येशूले फेरि प्रश्न गरे, **“तँ ख्रीष्ट होस् भने हामीलाई भन्”** (लूक २२:६७क; हेर्नुहोस्: मत्ती २६:६३)। येशूले जवाफ दिनुभयो, **“मैले बताएँ भने पनि तपाईंहरू पत्याउनुहुन्न। मैले प्रश्न गरे भने पनि तपाईंहरू जवाफ दिनुहुन्न”** (लूक २२:६७ख, ६८)। लिभिङ बाइबल (LB) मा यस्तो लेखिएको छ, “... तपाईंहरूले मेरो कुरालाई विश्वास गर्नुहुन्न अथवा मेरो मुद्दालाई प्रस्तुत गर्न दिनुहुन्न।” तैपनि, त्यसपछि येशूले आफैलाई **मानिसको पुत्र** भन्ने मसीही नामद्वारा उल्लेख गर्नुभयो (लूक २२:६९)। येशूले आफ्नो ईश्वरीयताबारे गर्नुभएको दाबीमाथि महासभाले आक्रमण गरे: **“त्यसो भए, के तँ परमेश्वरको पुत्र होस्?”** (लूक २२:७०क)। उहाँले जवाफ दिनुभयो, **“तपाईंहरू नै भन्नुहुन्छ, म उही हुँ”** (लूक २२:७०ख)। तिनीहरू यसो भनी चिच्याए, **“हामीलाई अब अरू के साक्षीको आवश्यकता छ र? किनकि हामीले त्यसकै मुखबाट सुनिहाल्यौं”** (लूक २२:७१)। महासभाका सदस्यहरू गम्भीर थिए, तर तिनीहरूका भनाइमा केही हास्यस्पद कुरो छ। तिनीहरूसँग कुनै प्रमाण *थिएन*। येशू आफैले गवाही नदिनुभएको भए, त्यस बिहान तिनीहरूका निम्ति कुनै प्रमाण *हुनेथिएन*।

दोस्रो प्रकरणलाई पनि समाधान गरिनु पर्नेथियो। तिनीहरूले येशूलाई ईश्वर निन्दाको आरोपमा मृत्यु दण्ड दिने निर्णय गरेका थिए (मत्ती २६:६५, ६६), तर तिनीहरू आफैले समेत कानूनी रूपमा उहाँलाई मृत्युदण्ड दिन सक्ने थिएनन् (यूह १८:३१)। पछि, तिनीहरूले *गैरकानूनी* रूपमा स्तिफनसलाई ढुङ्गाले हानी मारे (प्रे ६:८—७:६०); तर, येशूको मामलामा, तिनीहरूले कानूनी रूपमा भएको हो भन्ने मात्र *देखाउन चाहान्थे*। ईश्वर-निन्दा गरेको धार्मिक आरोपलाई रोमी बडा-हाकिमले सजाय नदिने भएकोले, अधिकारीहरूलाई प्रभावित गर्नका निम्ति तिनीहरूले कुनै योजना बनाउनु पर्नेथियो। तिनीहरूले यो योजना गरिसकेपछि (लूक २३:२ हेर्नुहोस्), **सबै सभासद्हरू उठे,** अनि तिनीहरूले **उहाँलाई बाँधेर लगे, र हाकिम पिलातसकहाँ सुम्पिदिए** (लूक २३:१; मत्ती २७:२)।

केही संयोजित अध्ययनहरूले, महासभाले आधिकारिक रूपमा आफ्नो निर्णयलाई पुष्टि गरेको विवरणपछि यहूदाको आत्माहत्याको विवरणलाई राखेका छन्, किनभने मत्तीले यही व्यहोरामा यस विवरणलाई उल्लेख गरेका छन् (मत्ती २७:३-१०)। तैपनि, कथाका केही विवरणहरूलाई हेर्दा यो घटना पछि नै भएको हो भन्ने संकेत पाइन्छ। उदाहरणको लागि, दरबारमा पिलातससँग विवाद गर्नुको सट्टा महासभा मन्दिरमा फर्किए (मत्ती २७:५)। त्यसैले, यस संयोजित अध्ययनमा, पिलातसले येशूलाई मृत्युदण्डको सजाय सुनाएको विवरणपछि यहूदाको आत्माहत्याको कथालाई राखिएको छ।

रोमी परीक्षा
(मत्ती २७:११-३१क; मर्कू १५:२-२०क; लूक २३:२-२५; यूह १८:२८—१९:१६)

पहिलो चरण: पिलातसको सामने (निर्दोष पाइयो)
(मत्ती २७:११-१४; मर्कू १५:२-५; लूक २३:२-७; यूह १८:२८-३८)

मत्ती २७:११-१४

[११]येशू हाकिमको सामु उभिनुभयो, र तिनले येशूलाई सोधे, "के तिमी यहूदीहरूका राजा हौ?" येशूले भन्नुभयो, "तपाईं नै त्यसो भन्नुहुन्छ।" [१२]अनि मुख्य पूजाहारीहरू र धर्म-गुरुहरूले उहाँमाथि दोष लगाए, तर उहाँले केही जवाफ दिनुभएन। [१३]तब पिलातसले उहाँलाई भने, "तिम्रो विरुद्धमा तिनीहरूले अनेक कुराहरूको गवाही दिँदैछन्, के तिमी सुन्दैनौ?" [१४]तर उहाँले तिनलाई एउटै अभियोगको पनि जवाफ दिनुभएन। हाकिम पनि यस कुरामा साह्रै छक्क परे।

मर्कूस १५:२-५

[२]पिलातसले उहाँलाई सोधे, "के तिमी यहूदीहरूका राजा हौ?" उहाँले उनलाई जवाफ दिनुभयो, "तपाईं नै त्यसो भन्नुहुन्छ।" [३]मुख्य पूजाहारीहरूले उहाँमाथि धेरै कुराको दोष लगाए। [४]पिलातसले उहाँलाई फेरि यसो भनेर सोधे, "के तिमीसित केही जवाफ छैन? हेर, तिम्रो विरुद्धमा तिनीहरूले कति कुराहरूको दोष लगाउँछन्।" [५]तर येशूले फेरि केही जवाफ दिनुभएन, यहाँसम्म कि पिलातस छक्क परे।

लूका २३:२-७

[२]तिनीहरूले उहाँमाथि यसो भन्ने दोष लगाउन लागे, “यस मानिसले हाम्रो राष्ट्रलाई
बहकाउन लागेको हामीले भेट्टायौं। यसले कैसरलाई कर तिर्नदेखि हामीलाई रोक्छ,
आफैलाई चाहिँ ‘म ख्रीष्ट, एक राजा हुँ’ भनी भन्छ।” [३]पिलातसले उहाँलाई सोधे, “के
तिमी यहूदीहरूका राजा हौ?” येशूले जवाफ दिनुभयो, “तपाईं नै त्यसो भन्नुहुन्छ।” [४]तब
पिलातसले मुख्य पूजाहारीहरू र भीड़हरूलाई भने, “म यी मानिसमा केही दोष
भेट्टाउँदिनँ।” [५]तर तिनीहरूले बड़ो जोड दिएर भने, “यसले सारा यहूदिया, र गालीलदेखि
यस ठाउँसम्म शिक्षा दिएर मानिसहरूलाई भड्काउँदैछ।” [६]तर पिलातसले यो सुनेर, ‘यो
मानिस गालीलको हो कि’ भनेर सोधे। [७]अनि उहाँ हेरोदको इलाकाका मानिस रहेछन् भन्ने
थाहा पाएर पिलातसले उहाँलाई हेरोदकहाँ पठाइदिए। ती दिनमा हेरोद आफै पनि
यरूशलेममा थिए।

यूहन्ना १८:२८-३८

[२८]तब तिनीहरूले येशूलाई कैयाफाको घरबाट महलतिर लगे। त्यति बेला बिहानपख
थियो। बिटुलिएर निस्तार-चाड़को भोज खान पाउँदैनौं भन्ने डरले तिनीहरू महलभित्र
पसेनन्। [२९]यसकारण तिनीहरूकहाँ बाहिर निस्केर पिलातसले भने, “यस मानिसको
विरुद्धमा तिमीहरू के अभियोग लाउँछौ?” [३०]तिनीहरूले उनलाई भने, “यदि यो मानिस
अपराधी नभए हामी यसलाई तपाईंकहाँ सुम्पनेथिएनौं।” [३१]पिलातसले तिनीहरूलाई भने,
“तिमीहरू यिनलाई लैजाओ, र तिमीहरूको आफ्नै व्यवस्थाबमोजिम यिनको इन्साफ
गर।” यहूदीहरूले उनलाई भने, “कुनै मानिसलाई प्राणदण्ड दिने अधिकार हामीलाई
छैन।” [३२]उहाँको मृत्यु कुन रीतिले हुनेछ त्यसको सङ्केत दिएर उहाँले भन्नुभएको वचन
पूर्ण होस् भनेर यसो भएको थियो। [३३]पिलातस फेरि महलभित्र पसे, र उनले येशूलाई
बोलाएर भने, “के तिमी यहूदीहरूका राजा हौ?” [३४]येशूले जवाफ दिनुभयो, “तपाईं आफै
यसो भन्नुहुन्छ, वा मेरो विषयमा तपाईंलाई अरू कसैले भने?” [३५]पिलातसले जवाफ दिए,
“के म यहूदी हुँ र? तिम्रै जाति र मुख्य पूजाहारीहरूले तिमीलाई मेरो हातमा सुम्पिदिए।
तिमीले के गऱ्यौ?” [३६]येशूले जवाफ दिनुभयो, “मेरो राज्य यस संसारको होइन। मेरो राज्य
यस संसारको हुँदो हो त मेरा सेवकहरू मेरो निम्ति लड्नेथिए, र म यहूदीहरूका हातमा
पर्नेथिइनँ। तर मेरो राज्य यस संसारको होइन।” [३७]पिलातसले उहाँलाई सोधे, “के तिमी
राजा नै हौ त?” येशूले जवाफ दिनुभयो, “म राजा हुँ भनी तपाईं नै भन्नुहुन्छ। यसैको निम्ति
म जन्मेको हुँ, र यसैको निम्ति सत्यको गवाही दिन म यस संसारमा आएको हुँ। प्रत्येक जो
सत्यको पक्षमा छ, त्यसले मेरो सोर सुन्छ।” [३८]पिलातसले उहाँलाई सोधे, “सत्य के हो?”
यति भनेर उनी यहूदीहरूकहाँ बाहिर निस्केर गए, र तिनीहरूलाई भने, “म यिनमा केही
दोष भेट्टाउँदिनँ।”

महासभाका प्रतिनिधिहरूले येशूलाई “पिलातसकहाँ” लगे (लूक २३:१)। त्यस बेला यहूदिया र सामरियाको रोमी बढा-हाकिम पन्तियस पिलातस थिए (लूक ३:१)। (परिशिष्ट १ मा “पन्तियस पिलातस र येशूको मृत्यु” हेर्नुहोस्।) बढा हाकिम भएको नाताले, तिनका प्राथमिक कर्तव्य भनेको शान्ति कायम गर्नु र रोमी सरकारको निम्ति कर संकलन गर्नु थियो। “जनताका आफ्ना सरकारद्वारा (महासभाद्वारा) कुनै व्यक्ति विरुद्ध मृत्यु दण्ड दिने निर्णय गरेको छ भने त्यसलाई अनुमोदन गर्ने र लागू गर्ने” किसिमको अप्रिय जिम्मेवारी

पनि उनीसँग रहेको थियो।[7]

यहूदी अगुवाहरूले येशूलाई यरूशलेममा रहेको पिलातसको **प्राइटोरियम** (नेपाली बाइबलले "महल" प्रयोग गर्दछ) भनिने मुख्यालयमा लिएर आउँदा बिहान सबैरै थियो (यूह १८:२८क)। "प्राइटोरियम" ("Praetorium") ल्याटिन भाषाबाट आएको ग्रीक शब्द हो। यो शब्दको अर्थ कुनै पनि स्थानमा रहेको रोमी बडा-हाकिमको आधिकारिक निवास हो (प्रे २३:३५ हेर्नुहोस्)। अनुत्प्रेरित परम्परा अनुसार, यरूशलेममा रहेको प्राइटोरियम मन्दिरको क्षेत्रको उत्तर-पश्चिम कुनामा अवस्थित अन्टोनियाको महलमा पर्थ्यो। (परिशिष्ट २ मा "हेरोदको मन्दिर" हेर्नुहोस्।) आज, कतिपयले के सोच्छन् भने, सहरको पश्चिमतर्फ रहेको महान हेरोदको दरबारमा पिलातस बस्थे भन्ने धेरै सम्भावना रहेको छ, तर अरूले परम्परागत रूपमा मानिदै आएको स्थान नै ठीक हो भनी मान्छन्। बास्टियन भ्यानेल्डरेन (Bastiaan Vanelderen) को विचार यस्तो छ, "निस्तार-चाडको त्यस तनावपूर्ण अवस्थामा मुख्य क्रियकलापका थलो अर्थात् मन्दिरको नजिकै पिलातस रहेको हुनसक्छ, त्यसैले येशूको परीक्षाको बेला पिलातस अन्टोनियाको महलमा नै थिए भन्ने मानिलिनु नै उचित होला।"[8]

प्रिटोरियम गैरयहूदी क्षेत्र थियो, र यहूदी पदानुक्रमले यसमा प्रवेश नगर्नुको कारण थियो: **बिटुलिएर निस्तार-चाड़को भोज खान पाउँदैनौं भन्ने डरले तिनीहरू महलभित्र** [प्राइटोरियममा] **पसेनन्** (यूह १८:२८ख)। "निस्तार-चाडको भोज" यसको अघिल्लो रात खाइन्थ्यो (मत्ती २६:१७-१९; मर्कू १४:१२, १४, १६; लूक २२:८, ११, १३, १५), त्यसैले यहाँ उल्लेख गरिएको "नस्तार-चाड" को अर्थ आठ-दिने चाडमा खाइने अर्को भोज हो। ती पाखण्डी अगुवाहरूले एक जना निर्दोष मानिसलाई मृत्यु दण्ड पाउने गरी दोष दिन हिचकिचाएनन्, तर "रीतिरिवाज सम्बन्धी अशुद्धताको" खतरा मोल्न भने तिनीहरूले चाहेनन् (यूह १८:२८; न्यू इन्टरनेशनल संस्करण [NIV])।

यहूदीहरूले एक जना कैदी लिएर आएका छन् भन्ने कुरा पिलातसले थाहा पाएपछि, तिनीहरूलाई भेट्न तिनी बाहिर निस्के र सोधे, **"यस मानिसको विरुद्धमा तिमीहरू के अभियोग लाउँछौ?"** (यूह १८:२९)। तिनीहरूले अनुरोध गरेकै भरमा येशूलाई मृत्यु दण्ड दिनुपर्छ भन्ने कुरा यहूदीहरूले बडा-हाकिमको सामने गरे (यूह १८:३०)। यहूदीहरूसँग सहकार्य गर्नु पिलातसको निम्ति चासोको विषय नै थियो, तर तिनीहरूले हदभन्दा बढी माग गरिरहेका थिए। शायद पिलातसले, **"तिमीहरू यिनलाई लैजाओ, र तिमीहरूको आफ्नै व्यवस्थाबमोजिम यिनको इन्साफ गर"** भनेर हात हल्लाउँदै बिदा मागे (यूह १८:३१क)।

तिनीहरूले येशूलाई किन उनकहाँ ल्याउनु परेको हो भन्ने कुरा अगुवाहरूले तुरुन्तै बडा-हाकिमलाई बताइहाले: **"कुनै मानिसलाई प्राणदण्ड दिने अधिकार हामीलाई छैन"** (यूह १८:३१ख)। यहूदीहरूलाई केही छूट दिइएको हुनसक्छ, तर "रोमी सरकारले जीवन

---

[7]स्मीथ (Smith), १४७०।

[8]बास्टिअन भानएल्डरेन (Bastiaan VanElderen), "प्राइटोरियम" ("Praetorium"), *द इन्टरनेशनल स्टचाण्डर्ड बाइबल इन्साइक्लोपेडिया,* रिभ., एड. जिओफ्रे डब्ल्यू. ब्रोमिली (Geoffrey W. Bromiley) (ग्राण्ड ऱ्यापिड्स्, मिचिगन: डब्लूएम. बी. इर्डम्यान्स् पब्लिसिङ को., १९८६), ३:९२९।

र मृत्यु सम्बन्धी सम्पूर्ण अधिकारलाई आफैमा लिएका थिए।"[9] आफू कसरी मर्नुपर्छ भनेर येशू आफैंले भन्नुभएको कुरा यस परिस्थितिले सम्भव तुल्यायो भनेर यूहन्नाले टिपोट गरेका छन् (यूह १८:३२)। यहूदीहरूले मृत्यु दण्ड दिने तरिका ढुङ्गाले हानी दिने मृत्युदण्ड थियो (प्रे ७:५८ हेर्नुहोस्), तर रोमीहरूले क्रूसद्वारा मृत्यु दण्ड दिन्थे। महासभाले ख्रीष्टलाई पिलातसको हातमा सुम्पँदा, आफू अन्यजातिहरूका हातबाट क्रूसमा मर्नेबारे येशूले गर्नुभएको भविष्यवाणी पूरा भयो (यूह १२:३२-३४; हेर्नुहोस्: मत्ती २०:१८, १९; मर्कू १०:३३, ३४)।

"मृत्यु दण्ड" भन्ने शब्दले बडा-हाकिमको ध्यानाकर्षण गरेको हुनसक्छ; यो मुद्धा अवश्य नै ठूलो अपराध हुनुपर्छ भन्ने तिनले सोचे। त्यस बडा-हाकिमले येशूको बारेमा अवश्य नै सुनेका थिए। उहाँको संसारिक सेवाकाइको अवधिमा, प्रभुले यहूदिया (पिलातसको क्षेत्र) मा दुई पल्ट वृहत यात्रा गर्नुभएको थियो। पाँच दिन पहिले येरूशलेममा उहाँको धुमधाम प्रवेश—र त्यसपछि भएको यहूदी अधिकारीहरूसँग भएको विवाद—यी सबैका बारेमा अवश्य नै तिनले सुनेका थिए। त्यसको अघिल्लो रात, पिलातसको अधिनमा रहेको सैन्य बल, येशूलाई पक्राउ गर्ने काममा सहायता गर्नलाई खटाइएको थियो।

यहूदीहरूले पिलातसका अघि तिनीहरूले लगाएका तीन वटा अभियोगहरू प्रस्तुत गरे: **"यस मानिसले हाम्रो राष्ट्रलाई बहकाउन लागेको हामीले भेट्टायौं। यसले कैसरलाई कर तिर्नदेखि हामीलाई रोक्छ, आफैलाई चाहिँ 'म ख्रीष्ट, एक राजा हुँ' भनी भन्छ"** (लूक २३:२)। पहिलो अभियोग अस्पष्ट थियो, दोस्रो गलत थियो (मत्ती २२:१७-२१), र तेस्रोलाई गलत रूपले बुझिएको थियो: येशू राजा हुनुहुन्थ्यो (मत्ती २:२; २१:५; २७:११), तर राजनैतिक हिसाबले होइन। तिनीहरूले लगाएका मनगडन्ते आरोपहरूलाई प्रतिकार गर्न ख्रीष्टले कुनै प्रयास गर्नुभएन—जसले गर्दा बडा-हाकिम अचम्ममा परे (मत्ती २७:१२-१४; मर्कू १५:४, ५; हेर्नुहोस्: यशै ५३:७)।

पिलातस आफ्नो कक्षमा फर्के र येशूलाई आफ्ना अघि ल्याउन लगाए (यूह १८:३३क)। येशूले आफूलाई राजा भनी दाबी गर्नुभएको हो कि होइन भन्ने विषयमा पिलातसलाई चासो थियो। पिलातसले सोधे, **"के तिमी यहूदीहरूका राजा हौ?"** (मत्ती २७:११क; हेर्नुहोस्: यूह १८:३३ख)। ख्रीष्टले सकरात्मक उत्तर दिनुभयो: **"तपाईं नै त्यसो भन्नुहुन्छ"** (मत्ती २७:११ख; मर्कू १५:२; हेर्नुहोस्: १ तिमो ६:१३)। येशूले, "यी शब्दहरू तपाईंका हुन्, मेरो होइन" भन्नुभएको हो भनेर कतिले विश्वास गर्छन्, तर उहाँको अभिव्यक्ति हिब्रूहरूले प्रयोग गर्ने शैलीमा "हो" भन्ने थियो।

त्यसपछि येशूले पिलातसलाई एउटा प्रश्न सोध्नुभयो: **"तपाईं आफै यसो भन्नुहुन्छ, वा मेरो विषयमा तपाईंलाई अरू कसैले भने?"** (यूह १८:३४)। शायद, दोषारोपणको स्रोत के हो त्यसलाई विचार गर्न उहाँले त्यस शासकलाई अनुरोध गरिरहनुभएको थियो। येशू रोमी सरकारको लागि खतरा हुनुहुन्छ कि हुनुहुन्न भन्ने कुरा थाहा पाउने व्यक्ति बडा-हाकिम हुन्थ्यो। अर्कोतर्फ, यदि त्यो अभियोग यहूदी अगुवाहरूद्वारा सुरु भएको थियो भने, त्यो अभियोग शंङ्कास्पद हुनुपर्नेथियो। रोमी साम्राज्यको कल्याणको चासो महासभाले गर्नु अचम्मको अनि हुँदैनहुने कुरा थियो।

---

[9]थियेडोर मोमसेन (Theodor Mommsen), ब्रूस कोर्ली (Bruce Corley) मा उद्धृत गरिएको, "द ट्रायल अफ जिजस्," *डिक्सनरी अफ जिजस् एण्ड गोस्पलस्*, एड. जोएल बी. ग्रीन एण्ड स्कट म्याकनाइट (Joel B. Green and Scot McKnight) (डाउनर्स ग्रोभ, Ill.: इन्टर-भार्सिटि प्रेस, १९९२), ८५०।

यो अभियोग यहूदीहरूबाट सुरु भएको हो भन्ने कुरालाई पिलातसले स्वीकार गरे र उहाँले तिनीहरूलाई रीस उठाउन के गर्नुभयो सोबारे स्पष्टिकरण गर्न उहाँलाई तिनले अनुरोध गरे (यूह १८:३५)। ख्रीष्टले प्रश्नको उत्तर दिनुभयो, तर रोमी अधिकारीले बुझ्ने हिसाबले होइन। उहाँले भन्नुभयो, **"मेरो राज्य यस संसारको होइन"** (यूह १८:३६क)। समस्याको केन्द्रबिन्दु त्यही थियो: येशू, "यस संसारको" राजनैतिक व्यक्ति तथा तरवार चलाउने राजाजस्तो आउनुभएको थिएन, तर यहूदीहरूले त्यही अपेक्षा गरेका थिए, त्यसैले तिनीहरूले उहाँलाई इन्कार गरे (मत्ती २१:४२)।

उहाँको राज्य "यस संसारको होइन" भन्ने कुरालाई येशूले पुष्टि गर्नुभयो: **"मेरो राज्य यस संसारको हुँदो हो त मेरा सेवकहरू मेरो निम्ति लड्नेथिए, र म यहूदीहरूका हातमा पर्नेथिइनँ। तर मेरो राज्य यस संसारको होइन"** (यूह १८:३६ख)। अलमल्ल परेका, पिलातसले आफ्नो प्रश्न दोहोऱ्याए: **"के तिमी राजा नै हौ त?"** (यूह १८:३७क)। ख्रीष्टले जवाफ दिनुभयो, **"म राजा हुँ भनी तपाईं नै भन्नुहुन्छ। यसैको निम्ति म जन्मेको हुँ, र यसैको निम्ति सत्यको गवाही दिन म यस संसारमा आएको हुँ। प्रत्येक जो सत्यको पक्षमा छ, त्यसले मेरो सोर सुन्छ"** (यूह १८:३७ख)।

न्यायाधीश र आरोपित बीचको यो कुराकानीलाई येशूले पिलातसलाई दिनुभएको *प्रवचनको* रूपमा सोच्न सकिन्छ: उहाँ को हुनुहुन्छ भन्ने कुरालाई गम्भीरता पूर्वक विचार गर्नको निम्ति गरिएको एउटा अनुरोध, र आफ्नो जीवन परिवर्तन गर्न र उद्धार पाउन पिलातसलाई दिइएको एउटा मौका। दुःखको कुरा, बडा-हाकिमले भने, **"सत्य के हो?"** त्यसपछि उनी बाहिर निस्के (यूह १८:३८क)। फ्रान्सिस् ब्याकन (Francis Bacon) ले लेखेका छन्, "सत्य के हो त? भनेर उपहासी पिलातसले सोधे अनि उत्तरका लागि एकै क्षण समेत बसेनन्।"[10]

येशू को हुनुहुन्थ्यो भन्ने कुरा पिलातसले बुझेनन्, तर उहाँले मर्न लायक कुनै पनि काम गर्नुभएको छैन भन्ने कुरा तिनले बुझे। बडा-हाकिम बाहर निस्के र आफ्नो फैसला सुनाए: **"म यिनमा केही दोष भेट्टाउँदिनँ"** (यूह १८:३८ख)। आफ्नो फैसलाद्वारा येशूका शत्रुहरू चुप लाग्नेछन् भन्ने पिलातसले विचार गरेका थिए भने उनले तिनीहरूलाई गलत रूपमा बुझेका थिए। त्यस कुराको विरोध गर्दैगर्दा तिनीहरूका आवाज झन्-झन् चर्को भए अनि कोलाहलमय भए: **"यसले सारा यहूदिया, र गालीलदेखि यस ठाउँसम्म शिक्षा दिएर मानिसहरूलाई भड्काउँदैछ"** (लूक २३:५)।

तिनीहरूका चिच्याहटले पिलातसको निम्ति धर्मसंकट खडा गऱ्यो। एकतर्फ, उहाँलाई तुरुन्तै छुटाउने उद्देश्यले तिनले येशू "दोषी छैन," भनी भनेका थिए। अर्कोतर्फ, तिनले यहूदीहरूलाई थप विरोधी बनाउन चाहेका थिएनन्। पिलातसले यस्तो खराब अवस्थामा आफैलाई कसरी ल्याएका थिए त्यसलाई बुझ्नका निम्ति केही पृष्टभूमिको चर्चा गर्नु आवश्यक देखिन्छ। बडा-हाकिमको सबैभन्दा महत्त्वपूर्ण कर्तव्य भनेको शान्ति कायम राख्नु थियो। संघर्ष, दंगा, र कहिलेकहीं त रक्तपात समेत गरेर यहूदियामा पिलातसले आफ्नो प्रशासनलाई कायम राखेका थिए (लूक १३:१ हेर्नुहोस्)। अर्को थप एउटा मुख्य दङ्गा मचिनसक्थ्यो, र उनलाई रोममा फिर्ता बोलाउन सक्थ्यो। त्यसैले, सम्भव भएजति सबै उपाया लगाएर यहूदीहरूलाई खुशी राख्नु नै पिलातसको निम्ति राजनैतिक हिसाबले

---

[10]फ्रान्सिस ब्याकन (Francis Bacon), "एसेज़ [१६२५], अफ ट्रुथ," बार्टलेटस् फ्यामिलियर कोटेसनमा उल्लेख गरिएको, *एक्स्पाण्डेड मल्टिमिडिया एडिसन* (टाइम वार्नर इलेक्ट्रोनिक पब्लिसिङ, १९९५)।

फाइदाजनक कुरा हुन्थ्यो।

"गालीलदेखि" येशूले मानिसहरूलाई भड्काउनुभएको हो भन्ने कुरा यहूदीहरूले भने (लूक २३:५)। पिलातसले त्यो कुरा सुनेपछि समस्याको समाधान प्राप्त भयो भन्ने उनले सोचिहाले: उसले **"यो मानिस गालीलको हो कि" भनेर सोधे। अनि उहाँ हेरोदको इलाकाका मानिस रहेछन् भन्ने थाहा पाएर** [लूक ३:१ हेर्नुहोस्], **पिलातसले उहाँलाई हेरोदकहाँ पठाइदिए। ती दिनमा हेरोद आफै पनि यरूशलेममा थिए** (लूक २३:६, ७)। तैपनि, पिलातसले आफ्नो समस्यालाई समाधान गरेनन्, बरु लम्म्याए।

दोस्रो चरण: हेरोद एन्टिपासको सामने (दोषी पाइएन) (लूक २३:८-१२)

८अब येशूलाई देखेर हेरोद अत्यन्त खुसी भए। किनकि तिनले उहाँको विषयमा सुनेका हुनाले धेरै दिनदेखि उहाँलाई हेर्ने इच्छा गरेका थिए, र उहाँले केही आश्चर्य काम गर्नुभएको हेर्ने आशा गर्थे। ९तिनले उहाँलाई धेरै प्रश्न गरे, तर उहाँले तिनलाई केही जवाफ दिनुभएन। १०मुख्य पूजाहारीहरू र शास्त्रीहरूचाहिँ खड़ा भएर उहाँलाई जोड़तोड़साथ दोष लाउन लागे। ११हेरोदले आफ्ना सिपाहीहरूसँग मिली उहाँलाई तिरस्कारपूर्ण व्यवहार गरे, र उहाँको गिल्ला गरे। त्यसपछि उहाँलाई रवाफिलो पोशाक पहिराएर पिलातसकहाँ फर्काई पठाइदिए। १२त्यही दिन पिलातस र हेरोद दुवै आपसमा मित्र भए। किनकि अघि तिनीहरूका बीचमा वैरभाव थियो।

पिलातस यरूशलेममा रहनुको उद्देश्य निस्तार-चाडको बेला शान्ति कायम राख्नु थियो, तर यहूदीहरूलाई प्रभावित गर्नलाई हेरोद त्यहाँ आएका थिए। अवश्य नै, येशूलाई हेरोदकहाँ सुम्पेर दुई वटा उद्देश्यलाई पूरा गर्नेछु भन्ने आशा उनले गरेका हुनसक्छन्: त्यस तनावपूर्ण समस्यालाई हेरोदले आफै समाधान गर्नेछन्, र आफू र त्यस प्रभावशाली अगुवाबीचको सम्बन्ध सुधार हुनेछ (लूक २३:१२ हेर्नुहोस्)।

रोमी सेनाले येशूलाई हेरोदकहाँ लगे। तिनीहरूले येशूलाई कहाँ लगे भन्नेबारे हामीलाई निश्चित रूपमा थाहा छैन। यदि प्राइटोरियम (दरबार) अन्टोनियाको महलमा नै अवस्थित थियो भने, सहरको पश्चिमतर्फ पर्ने तिनका पिताले बनाएको दरबारमा नै हेरोद बसिरहेका हुनसक्छन्। यदि पिलातसको प्राइटोरियम महान हेरोदको दरबारमा अवस्थित थियो भने, हेरोद एन्टिपास कहाँ बसिरहेका थिए भन्ने बारेमा हामीलाई थाहा छैन। (परिशिष्ट २ मा "यरूशलेम शहर" को नक्सा हेर्नुहोस्।)

मुख्य पूजाहारीहरू र शास्त्रीहरू रोमी सेना र येशूको पछिपछि थिए (लूक २३:१०)। यो समूह हेरोदको दरबार पुगेपछि, **... येशूलाई देखेर हेरोद अत्यन्त खुसी भए। किनकि तिनले उहाँको विषयमा सुनेका हुनाले धेरै दिनदेखि उहाँलाई हेर्ने इच्छा गरेका थिए** (लूक २३:८क; हेर्नुहोस्: मत्ती १४:१; लूक ९:७-९)। येशूको शिक्षा सुन्ने इच्छा हेरोदलाई थिएन; तिनी उहाँको बारेमा उत्सुक मात्र थिए। तिनको उत्सुकतालाई मेटाउनका निम्ति येशू तयार हुनुहुन्नथ्यो। उनले येशूलाई धेरै कुरा सोधे, तर येशूले **केही जवाफ दिनुभएन** (लूक २३:९; हेर्नुहोस्: यशै ५३:७)। कुनै जादु प्रदर्शनद्वारा त्यहाँ आफूले मनोरन्जन पाउने आशा पनि उनले गरेका हुनसक्छन् (लूक २३:८ख)—तर माग गरेकै भरमा ख्रीष्टले कहिल्यै आश्चर्यकर्म गर्नुभएन। उहाँका "चिन्हहरूका" गम्भीर उद्देश्य थिए।

जब येशूले उनको कठपूतली बन्न इन्कार गर्नुभयो, हेरोदले मनोरन्जनको योजना बनाए। तुरुन्तै सर्कसजस्तो वातावरण देखा पऱ्यो। एकतर्फ मुख्य पुजाहारीहरू र शास्त्रीहरू

अभियोग लगाउँदै चिच्याइरहेका थिए (लूक २३:१०)। भवनको बीचमा जोकरको जस्तो पहिरन लगाइएको अवस्थामा येशू हुनुहुन्थ्यो, र त्यसबेला राजा र तिनका सिपाहीहरू उहाँलाई कोटयाउँदै, उहाँका वरिपरि नाचे, फनफन्ति घुमे (लूक २३:११क)। तिनीहरूले उहाँलाई **रवाफिलो पोशाक पहिराएर** भनेर ११ पदमा उल्लेख गरिएको छ, तर तिनीहरूले उहाँलाई आदर गर्न होइन तर गिल्ला गर्नलाई त्यसो गरेका थिए। अन्तत, तिनीहरू त्यस केटाकेटी खेलबाट थाके अनि उहाँलाई **पिलातसकहाँ फर्काई पठाइदिए** (लूक २३:११ख)।

तेस्रो चरण: पिलातसको सामने (मृत्यु दण्डको सजाय सुनाइयो)
(मत्ती २७:१५-३१क; मर्कू १५:६-२०क; लूक २३:१३-२५; यूह १८:३९—१९:१६)

मत्ती २७:१५-३१क

[१५]निस्तार-चाड़मा भीड़ले चाहेबमोजिम हाकिमले एक जना कैदी छोडिदिने प्रथा थियो। [१६]त्यस बेला बारब्बा नाउँ भएको एक जना कुख्यात कैदी थियो। [१७]जब मानिसहरू भेला भए, पिलातसले तिनीहरूलाई सोधे, "तिमीहरू के चाहन्छौ? म तिमीहरूका निम्ति कसलाई छोडिदिऊँ? बारब्बा कि ख्रीष्ट भनिने येशूलाई?" [१८]किनभने तिनीहरूले येशूलाई डाहले नै सुम्पिदिएका हुन् भनी तिनलाई थाहा थियो। [१९]तब न्याय-आसनमा बसिरहेको बेला तिनकी पत्नीले यसो भनी खबर पठाइन्, "त्यस निर्दोष मानिसलाई केही नगर्नुहोस्, किनकि आज सपनामा तिनको कारण मैले धेरै दु:ख भोगेकी छु।" [२०]तर मुख्य पूजाहारीहरू र धर्म-गुरुहरूले बारब्बालाई छोडिदिने र येशूलाई मृत्युदण्ड दिने माग गर्न भनी मानिसहरूलाई सुझ्याए। [२१]हाकिमले फेरि तिनीहरूलाई सोधे, "यी दुईमा कुनचाहिँलाई म तिमीहरूका निम्ति मुक्त गरिदिऊँ भन्ने तिमीहरू चाहन्छौ?" तिनीहरूले भने, "बारब्बालाई।" [२२]पिलातसले तिनीहरूलाई भने, "तब ख्रीष्ट भनिने येशूलाई चाहिँ म के गरूँ त?" तिनीहरू सबैले जवाफ दिए, "त्यो क्रूसमा टाँगिओस्।" [२३]तिनले भने, "किन? तिनले के अपराध गरेका छन् र?" तर तिनीहरू अझ बढ़ी यसो भन्दै चिच्च्याए, "त्यो क्रूसमा टाँगिओस।" [२४]तर केही सीप नलागेको देखेर, बरु खैलाबैला मच्चिन्छ भन्ने डरले पिलातसले पानी लिई भीड़को सामु आफ्ना हात धोएर भने, "तिमीहरू आफै जान, म यस मानिसको रगतदेखि निर्दोष छु।" [२५]सबै मानिसहरूले जवाफ दिए, "उसको रगत हामीहरू र हामीहरूका सन्तानमाथि परोस्।" [२६]तब तिनले तिनीहरूका निम्ति बारब्बालाई छोडिदिए, तर येशूलाई कोर्रा लगाएर क्रूसमा टाँगिनलाई सुम्पिदिए। [२७]तब हाकिमका सिपाहीहरूले येशूलाई महलमा लगे, र जम्मै पल्टनलाई उहाँको सामुन्ने भेला गराए। [२८]तिनीहरूले उहाँको वस्त्र फुकालेर उहाँलाई लाल वस्त्र लगाइदिए। [२९]तिनीहरूले काँढ़ाको मुकुट गाँथेर उहाँको शिरमा लगाइदिए, र उहाँको दाहिने हातमा निगालो दिए, र उहाँको सामु घुँड़ा टेकेर उहाँलाई यसो भन्दै उहाँको गिल्ला गरे, "हे यहूदीहरूका राजा, प्रणाम।" [३०]तब तिनीहरूले उहाँलाई थुके, र त्यो निगालो लिएर उहाँको शिरमा हिर्काए। [३१]उहाँको गिल्ला गरिसकेपछि तिनीहरूले त्यो वस्त्र फुकालिदिए, र उहाँको आफ्नै वस्त्र पहिराएर उहाँलाई क्रूसमा झुण्डयाउन लगे।

मर्कूस १५:६-२०क

[६]निस्तार-चाड़को बेला मानिसहरूले मागेको एक जना कैदीलाई तिनीहरूका निम्ति पिलातसले छोड्ने गर्थे। [७]विद्रोहको समयमा हत्या गर्ने विद्रोहीहरू झ्यालखानमा थिए।

तीमध्ये बारब्बा नाउँको एक जना त्यहाँ थियो। [८]भीड आयो र पिलातसलाई उनको
चलनअनुसार तिनीहरूका निम्ति गरिदेऊन् भनी बिन्ती गर्न लाग्यो। [९]पिलातसले यसो भनेर
तिनीहरूलाई प्रश्न गरे, "के म तिमीहरूका निम्ति यहूदीहरूका राजालाई छोडिदिऊँ भन्ने
तिमीहरू चाहन्छौ?" [१०]किनकि ईर्ष्याले गर्दा नै मुख्य पूजाहारीहरूले येशूलाई उनीकहाँ
सुम्पेका हुन् भनी उनलाई थाहा थियो। [११]तर बरु बारब्बालाई तिनीहरूका निम्ति उनले
छोडिदेऊन् भनेर मुख्य पूजाहारीहरूले भीड़लाई सुऱ्याए। [१२]पिलातसले फेरि तिनीहरूलाई
सोधे, "त्यसो भए जसलाई तिमीहरू यहूदीहरूका राजा भन्छौ, उसलाई चाहिँ म के गरूँ
त?" [१३]तिनीहरू फेरि चिच्च्याए, "त्यसलाई क्रूसमा टाँग्नुहोस्।" [१४]पिलातसले
तिनीहरूलाई भने, "किन? उसले के अपराध गरेको छ र?" तर झन् साह्रो गरी चिच्च्याएर
तिनीहरूले भने, "त्यसलाई क्रूसमा टाँग्नुहोस्।" [१५]तब पिलातसले भीड़लाई सन्तुष्ट पार्ने
इच्छाले तिनीहरूका निम्ति बारब्बालाई छोडिदिए, र येशूलाई कोर्रा लाएर क्रूसमा टाँग्न
सुम्पिदिए। [१६]सिपाहीहरूले उहाँलाई प्रेटोरियन, अर्थात् महलभित्र लगे, र जम्मै पल्टनलाई
भेला गराए। [१७]अनि तिनीहरूले उहाँलाई बैजनी रङ्गको वस्त्र लगाइदिए, र काँढ़ाहरूको
मुकुट गाँथेर उहाँको शिरमा लगाइदिए, [१८]अनि "यहूदीहरूका राजाको जय" भन्दै
तिनीहरूले उहाँलाई सलाम गर्न लागे। [१९]अनि तिनीहरूले उहाँको शिरमा निगालोले
हिर्काउँदै उहाँलाई थुके, र घुँड़ा टेकेर उहाँलाई दण्डवत् गरे। [२०]अनि येशूको गिल्ला
गरिसकेपछि तिनीहरूले बैजनी वस्त्र फुकालिदिए, र उहाँका आफ्नै लुगा लगाइदिए।
त्यसपछि तिनीहरूले उहाँलाई क्रूसमा टाँग्नलाई बाहिर लगे।

लूका २३:१३-२५

[१३]तब पिलातसले मुख्य पूजाहारीहरू, शासकहरू, र जनतालाई जम्मा गरे। [१४]उनले
तिनीहरूलाई भने, "तिमीहरूले मानिसहरू भड्काउने भनी यिनलाई मेरो सामुन्ने ल्यायौ।
तिमीहरूकै सामुन्ने केरकार गर्दा तिमीहरूले यिनमाथि लाएका अभियोगको दोषी
भेट्टाइनँ। [१५]हेरोदले पनि दोषी भेट्टाएनन्, किनभने तिनले यिनलाई हामीकहाँ नै फर्काइदिए।
अब हेर, यिनले मृत्युदण्ड पाउने योग्यको कुनै काम गरेका छैनन्। [१६]यसकारण म यिनलाई
सजाय गरेर छोडिदिनेछु।" [[१७]चाड़को उपलक्ष्यमा तिनीहरूका निम्ति पिलातसले एउटा
कैदी छोडिदिनुपर्थ्यो।] [१८]तिनीहरू सबै एकसाथ यसो भनेर कराए, "यसलाई हटाउनुहोस्,
र हाम्रा निम्ति बारब्बालाई छोडिदिनुहोस्।" [१९]बारब्बाचाहिँ सहरमा भएको कुनै विद्रोह र
हत्याको अभियोगमा कारागारमा थुनिएको थियो। [२०]येशूलाई छोडिदिने इच्छा गरेर
पिलातसले फेरि तिनीहरूलाई सम्झाए। [२१]तर तिनीहरू यसो भन्दै चिच्च्याइरहे, "क्रूसमा
टाँग्नुहोस्, त्यसलाई क्रूसमा टाँग्नुहोस्।" [२२]अनि तिनले तेस्रो पल्ट तिनीहरूलाई भने,
"किन? यी मानिसले के खराबी गरेका छन् र? मैले त यिनलाई मृत्युदण्ड दिने कुनै कारण
भेट्टाइनँ, यसकारण म यिनलाई सजाय गरेर छोडिदिनेछु।" [२३]तर तिनीहरूले ठूलो सोरले
कराउँदै उहाँलाई क्रूसमा टाँग्नैपर्छ भन्ने माग गर्न लागे। तिनीहरूको चित्कार सफल भयो।
[२४]अनि पिलातसले तिनीहरूको माग पूरा गरिदिने फैसला सुनाए। [२५]तिनले त्यस मानिसलाई
छोडिदिए, जो विद्रोह र हत्याको अभियोगमा कारागारमा परेको थियो। त्यसैलाई
छोडिदिनुहोस् भनेर तिनीहरूले माग गरेका थिए। तर येशूलाई चाहिँ तिनले तिनीहरूको
इच्छामा सुम्पिदिए।

३९“निस्तार-चाड़मा एक जनालाई मैले तिमीहरूका निम्ति छोडिदिने तिमीहरूको प्रथा छ।
त के तिमीहरू चाहन्छौ, कि यहूदीहरूका राजालाई छोडिदिऊँ?” ४०तर तिनीहरू फेरि यसो
भन्दै कराए, “यसलाई होइन, तर बारब्बालाई।” बारब्बाचाहिँ डाँकू थियो।

१तब पिलातसले येशूलाई लगेर कोर्रा लाउन लाए। २अनि सिपाहीहरूले काँढ़ाको
मुकुट गाँथेर उहाँको शिरमा लगाइदिए, र उहाँलाई बैजनी रङ्गको वस्त्र पहिराइदिए, ३र
उहाँको नजिक आएर भने, “प्रणाम, यहूदीहरूका राजा!” अनि तिनीहरूले उहाँलाई थप्पड़
लाए। ४फेरि बाहिर निस्केर पिलातसले तिनीहरूलाई भने, “हेर, म यिनलाई तिमीहरूकहाँ
बाहिर ल्याइरहेछु, र तिमीहरूलाई जनाउन चाहन्छु, म यिनमा केही दोष पाउँदिनँ।” ५तब
काँढ़ाको मुकुट र बैजनी रङ्गको वस्त्र पहिरिएका येशू बाहिर आउनुभयो, र पिलातसले
तिनीहरूलाई भने, “हेर, यो मानिस!” ६जब मुख्य पूजाहारीहरू र पहरेदारहरूले उहाँलाई
देखे, तिनीहरू यसो भन्दै चिच्च्याउन लागे, “त्यसलाई क्रूसमा टाँग्नुहोस्, त्यसलाई क्रूसमा
टाँग्नुहोस्!” पिलातसले तिनीहरूलाई भने, “तिमीहरूले नै यिनलाई लगेर क्रूसमा टाँग,
किनभने म यिनमा केही दोष पाउँदिनँ!” ७यहूदीहरूले उनलाई जवाफ दिए, “हाम्रो एउटा
व्यवस्था छ, र त्यस व्यवस्थाअनुसार यो मर्नैपर्छ, किनकि यसले आफैलाई परमेश्वरको
पुत्र तुल्याएको छ।” ८यो कुरो सुनेर पिलातस झन् डराए। ९उनी फेरि महलभित्र पसे र
येशूलाई सोधे, “तिमी कहाँका हौ?” तर येशूले उनलाई केही जवाफ दिनुभएन।
१०यसकारण पिलातसले उहाँलाई भने, “के तिमी मसँग बोल्दैनौ? तिमीलाई छोडिदिने
अधिकार मसँग छ, र तिमीलाई क्रूसमा टाँग्ने अधिकार पनि मसँग छ भन्ने तिमीलाई थाहा
छैन?” ११येशूले जवाफ दिनुभयो, “तपाईंलाई माथिबाट नदिइएको भए ममाथि तपाईंको
केही अधिकार हुनेथिएन। यसकारण मलाई तपाईंका हातमा सुम्पिदिने अझ बढ़ी पापको
दोषी छ।” १२त्यसपछि पिलातसले उहाँलाई छोडिदिन बढ़ी प्रयत्न गरे। तर यहूदीहरू यसो
भन्दै कराए, “यदि तपाईंले यस मानिसलाई छोडिदिनुभयो भने तपाईं कैसरका मित्र
हुनुहुन्न। आफैलाई राजा हुँ भनी दाबी गर्ने प्रत्येक कैसरको विरुद्धमा खड़ा हुन्छ।”
१३पिलातसले यी कुरा सुनेर येशूलाई बाहिर ल्याए, र उनी “ढुङ्गाका पाटी” भनिने ठाउँमा
(जसलाई हिब्रूमा गब्बथा भनिन्छ) न्याय आसनमा बसे। १४त्यस समय निस्तार-चाड़का
तयारीको दिन थियो। दिउँसोको करीब बाह्र बजेको थियो। पिलातसले यहूदीहरूलाई भने,
“हेर, तिमीहरूका राजा!” १५तर तिनीहरू यसो भन्दै चिच्च्याए, “लैजानुहोस्, लैजानुहोस्,
त्यसलाई क्रूसमा टाँग्नुहोस्!” पिलातसले तिनीहरूलाई सोधे, “के म तिमीहरूका राजालाई
क्रूसमा टाँगूँ?” मुख्य पूजाहारीहरूले जवाफ दिए, “कैसरबाहेक हाम्रो अरू राजा छैन।”
१६तब उनले उहाँलाई क्रूसमा टाँग्न तिनीहरूका हातमा सुम्पिदिए। यसकारण सिपाहीहरूले
येशूलाई जिम्मा लिए।

येशूलाई हेरोदकहाँ पठाएर पिलातसले एउटा उद्देश्यलाई पूरा गरे: राजासँगको आफ्नो सम्बन्धलाई तिनले सुधार गरे (लूक २३:१२)। तैपनि, तिनले अर्को उद्देश्यलाई पूरा गरेनन्: येशूको मामलालाई सामना गर्ने जिम्मेवारी उनकै भयो। बडा-हाकिमले उहाँलाई छाडिदिने पुन: प्रयास गरे।

तब पिलातसले मुख्य पूजाहारीहरू, शासकहरू, र जनतालाई जम्मा गरे। उनले
तिनीहरूलाई भने, “तिमीहरूले मानिसहरू भड्काउने भनी यिनलाई मेरो सामुन्ने ल्यायौ।

तिमीहरूकै सामुन्ने केरकार गर्दा तिमीहरूले यिनमाथि लाएका अभियोगको दोषी भेट्टाइनँ। हेरोदले पनि दोषी भेट्टाएनन्, किनभने तिनले यिनलाई हामीकहाँ नै फर्काइदिए। अब हेर, यिनले मृत्युदण्ड पाउने योग्यको कुनै काम गरेका छैनन्। यसकारण म यिनलाई सजाय गरेर छोडिदिनेछु" (लूक २३:१३-१६)।

दोस्रो पटक, पिलातसले येशूलाई "निर्दोष" भनी ठहर गरे। यसद्वारा एउटा प्रश्न उठ्नसक्छ: यदि पिलातसले उहाँलाई निर्दोष ठहर गरे भने, किन उहाँको निम्ति सजायको प्रस्ताव राखे? येशूलाई कोर्रा लगाएपछि यहूदीहरू सन्तुष्ट हुनेछन् त्यसपछि तिनले उहाँलाई छाडिदिन सक्नेछन् भन्ने आशा बडा-हाकिमले गरेका थिए (लूक २३:१६; हेर्नुहोस्: २३:२२)। लूका २३:१६ मा "सजाय" भनी अनुवाद गरिएको ग्रीक शब्द (παιδεύω, *पाइडुओ, paideuō*) को खास अर्थ "शिक्षा दिनु वा तालीम दिनु" हो।[11] पिलातसले यहूदी अगुवाहरूलाई वास्तवमा यसो भने, "म यस मानिसलाई एउटा पाठ सिकाउँछु!" (एम्लिफाइड बाइबल [AB] मा हेर्नुहोस्)।

त्यसको निम्ति व्यवस्था गरिएको "पाठ" सिकाइने "कक्षा-कोठा" भनेको कोर्रा लगाउने स्थान थियो (यूह १९:१; हेर्नुहोस्: मत्ती २७:२६; मर्कू १५:१५)। यहूदीहरूलाई खुशी पार्ने पिलातसको प्रयासस्वरूप त्यही बेला कोर्रा लगाइयो कि, मृत्यदण्डको वीभत्सपूर्ण तयारीको रूपमा पछि कोर्रा लगाइएको हो त्यो कुरा स्पष्ट छैन। रोमी कोर्रा कस्तो हुन्थ्यो त्यसबारे जे. डब्ल्यू. सेपार्ड (J. W. Shepard) ले यो विवरण दिएका छन्:

> एउटा दाम्लो वा ठूलो दोरीमा धेरै अरू दोरी हुन्थ्यो र ती प्रत्येकमा कटुस आकारको सिसा, वा हड्डी तथा धातुका धारीला टुक्रा गाँसिएको हुन्थ्यो। वस्त्र फुकाइएको, दुवै हातलाई खम्बामा वा आफ्नै पछाडी बाँधिएको अवस्थामा पीडितलाई छ जना व्यक्तिद्वारा कोर्रा लगाइन्थ्यो। तिनीहरूले बन्दीलाई मरसान्न हुनेगरी गम्भीर रूपमा यतना दिंदै कोर्राले हान्थे। प्रत्येक प्रहारले काँपिरहेका शरीरको मासु लुछेर लान्थ्यो र अन्त्यमा नसा मात्र वा कहिलेकहीं भित्रको भाग बाहिर देखिन थाल्थ्यो। कोर्रा हान्दा कहिलेकहीं अनुहारमा पर्थ्यो र आँखा वा दाँत उछिटयाइदिन्थ्यो। कोर्रा लगाएपछि प्राय: पीडित बेहोस हुन्थ्यो र कहिलेकहीं पीडितको मृत्यु समेत हुन्थ्यो।[12]

यसरी, येशूलाई "दण्डित" गरियो। त्यो पनि पर्याप्त नभएजस्तै गरी तिनीहरूले उहाँलाई गिल्ला गरे। **सिपाहीहरूले काँढ़ाको मुकुट गाँथेर उहाँको शिरमा लगाइदिए, र उहाँलाई बैजनी रङ्गको वस्त्र पहिराइदिए, र उहाँको नजिक आएर भने, "प्रणाम, यहूदीहरूका राजा!" अनि तिनीहरूले उहाँलाई थप्पड़ लाए** (यूह १९:२, ३; हेर्नुहोस्: मत्ती २०:१९)।

पिलातसले अवश्य नै यस्तो सोचे होलान्, "येशूले भोग्नु परेको यस्तो कष्ट देखेपछि यस मानिसका शत्रुहरू सन्तुष्ट हुनेछन!" बाहिर निस्केर उनले भने, **"हेर, म यिनलाई**

---

[11]डब्ल्यू. इ. वाइन (W. E. Vine), मेरिल एफ. अन्जर (Merrill F. Unger), र विलियम ह्वाइट, जूनियर (William White, Jr.), *("पाइडिओ") "paideuō," भाइनस् कम्प्लिट एक्स्पोजिटरी डिक्सनरी अफ ओल्ड एण्ड न्यू टेस्टामेन्ट वर्डस्* (न्यासभेल: थोमस नेल्सन पब्लिसर्स्, १९९६), ९७।

[12]जे. डब्ल्यू. सेपार्ड (J. W. Shepard), *द क्राइष्ट अफ द गोस्पलस्* (ग्राण्ड र्‍यापिडस्, मिचिगन: डब्लूएम. बी. इर्डम्यान्स् पब्लिसिङ को., १९३९), ५८९। विलियम डी. एडवार्डस्, विस्ली जे. ग्याबेल, एण्ड फ्लोइड इ. होस्मर (William D. Edwards, Wesley J. Gabel, and Floyd E. Hosmer) ले, "अन द फिजिकल डेथ अफ जिजस क्राइष्ट," *जर्नल अफ द अमेरिकन मेडिकल एसोसिएसन* (२१ मार्च १९८६): १४५७-५८ मा रोमी कोर्राको विषयमा चिकित्सा दृष्टिकोणद्वारा एउटा चित्रात्मक वर्णन दिइएका छन्।

तिमीहरूकहाँ बाहिर ल्याइरहेछु, र तिमीहरूलाई जनाउन चाहन्छु, म यिनमा केही दोष पाउँदिनँ" (यूह १९:४)। येशूलाई भीडका अघि ल्याइयो। उहाँको शिरमा काँडाको मुकुट लगाइएको थियो (यूह १९:५क); उहाँको निधारमा काँडाले घोचेका कारण अनुहारबाट रगत बगिरहेको थियो। उहाँको शरीरमा बैजनी रङ्गको पहिरन लगाइएको थियो (यूह १९:५ख), र त्यो पहिरन उहाँको पछाडीबाट बगेको रगतले लत्पत्त भिजेको थियो। येशूलाई देखाउँदै पिलातसले भने, **"हेर, यो मानिस!"** (यूह १९:५ग)। सामान्यतया पिलातसले येशूलाई **राजा** भनी बोलाउन रुचाउँथे (हेर्नुहोस्: मर्कू १५:९, १२; यूह १८:३९), त्यसकारण यहाँ प्रयोग गरिएको "मानिस" भन्ने शब्द अवश्य नै महत्त्वपूर्ण हुनुपर्छ। पिलातसले यहूदीहरूलाई यसो भनिरहेका हुनसक्छन्, "हेर त! यिनी एक जना मानिस मात्रै हुन् जसको रगत अरू मानिसका जस्तै बहन्छ! तिमीहरू यिनीदेख डराउनु पर्दैन।"

उहाँलाई कोर्रा हानेपछि रक्त-प्यासी यहूदीहरू सन्तुष्ट हुनेछन् भन्ने बडा-हाकिमले सोचेका थिए भने, उनी निराश हुनुपऱ्यो। मुख्य पूजाहारीहरू र सिपाहीहरू यसो भन्दै चिच्याए, **"त्यसलाई क्रूसमा टाँग्नुहोस्, त्यसलाई क्रूसमा टाँग्नुहोस्!"** (यूह १९:६क)। थकित भएका पिलातसले वास्तवमा यसो भने, "यिनलाई क्रूसमा चढाउन नै चाहान्छौ भने त्यो काम *तिमीहरू आफै* गर—किनभने *मैले* यस मानिसमा कुनै दोष भेटिनँ" (यूह १९:६ख हेर्नुहोस्)। यसो भन्दा अवश्य नै तिनका आवाजमा उपहास मिसिएको थियो किनभने रोमीहरूले यहूदीहरूलाई क्रूसमा चढाउने अनुमति दिएका छैनन् भन्ने कुरा तिनलाई थाहा थियो र यो कुरा यहूदीहरूलाई समेत थाहा थियो।

यहूदी अगुवाहरू विचलित भएनन्। तिनीहरूले पिलातसलाई लगातार दवाव दिनथाले: **"हाम्रो एउटा व्यवस्था छ, र त्यस व्यवस्थाअनुसार यो मर्नैपर्छ, किनकि यसले आफैलाई परमेश्वरको पुत्र तुल्याएको छ"** (यूह १९:७)। अर्को शब्दमा, "तिनी राजद्रोहको दोषी रहेको *तपाईंले* पाउनुभएको भए पनि वा पाउनुभएको छैन भने पनि यसले केही फरक पर्दैन। ऊ मारिनै पर्छ भनी *हामी* भन्छौं, र त्यसलाई मृत्युदण्ड तपाईंले नै *दिनुहुनेछ*!"

यहूदी अगुवाहरूले यसभन्दा पछि मात्र राजद्रोहको कुरा उठाए (यूह १९:१२) तर त्यस समयको लागि तिनीहरूले राजनैतिक अभियोगलाई हटाएर, येशूलाई पहिले लगाएकै आरोप (ईश्वर निन्दा) लगाए।

येशूले आफू परमेश्वरको पुत्र भएको दाबी गर्नुभएको पिलातसले सुनेपछि (यूह १९:७), यसले तिनलाई **झन् डराए** तुल्यायो (यूह १९:८)। धेरैजसो पौराणिक ग्रीक तथा रोमी कथामा मानिसको रूप लिएका किम्वदन्ती व्यक्तिहरूका बारेमा उल्लेख थियो (प्रे १४:११, १२ हेर्नुहोस्)। तिनी आफ्नो कक्षमा फर्किए र फेरि येशूलाई आफ्ना अघि ल्याउन लगाए। घबरहाटका साथ तिनले सोधे, **"तिमी कहाँका हौ?"** (यूह १९:९क)। अर्को शब्दमा, "तिमी पृथ्वीका हौ कि स्वर्गका—देवहरू वसोवास गर्ने ओलम्पस पर्वतजस्ता ठाउँका हौ कि?" **तर येशूले उनलाई केही जवाफ दिनुभएन** (यूह १९:९ख)।

पिलातसले उहाँलाई उत्तर दिन दवाव दिए: **"तिमीलाई छोडिदिने अधिकार मसँग छ, र तिमीलाई क्रूसमा टाँग्ने अधिकार पनि मसँग छ भन्ने तिमीलाई थाहा** [परीक्षाको यस्तो अवस्थामा समेत] **छैन?"** (यूह १९:१०)। त्यसपछि येशू बोल्नुभयो—तर उहाँको उत्तरले पिलातसलाई चिन्तामुक्त भने नगरेको हुनसक्छ: **"तपाईंलाई माथिबाट नदिइएको भए ममाथि तपाईंको केही अधिकार हुनेथिएन"** (यूह १९:११क)।

ख्रीष्टले त्यसपछि भन्नुभयो, **"... यसकारण मलाई हातमा तपाईंकहाँ सुम्पिदिने** [अर्थात्, कैयाफा] **अझ बढ़ी पापको दोषी छ"** (यूह १९:११ख)। पिलातसले कैयाफाले

जस्तो येशूको बारेमा बुझ्ने मौका प्राप्त गरेका थिएनन् (लूक १२:४८ हेर्नुहोस्)। यसको साथै, बडा-हाकिम, कैयाफाजस्तो घृणाद्वारा अभिप्रेरित थिएनन्। पिलातस पनि दोषरहित त थिएनन् (प्रे ४:२७ हेर्नुहोस्), तर प्रधान पूजाहारी (र तिनीद्वारा प्रभावित यहूदीहरू) ठूलो पापको दोषी भए (हेर्नुहोस्: प्रे २:२३, ३६; ३:१३-१५, १७; ५:२८, ३०; ७:५२; १३:२७, २८; १ थेस २:१४, १५)।

पिलातस यस झमेलाबाट टाढै बसी येशूलाई छुटाउने संकल्पका साथ अघि बढेका थिए (यूह १९:१२क; हेर्नुहोस्: लूका २३:२०)। येशूले रोमी वा यहूदी कुनै पनि कानून विरुद्ध अपराध गर्नुभएको थिएन, बरु **ईर्ष्याले गर्दा नै मुख्य पूजाहारीहरूले येशूलाई उनीकहाँ सुम्पेका हुन् भनी उनलाई थाहा थियो** (मर्कू १५:१०)। ख्रीष्टको कुटपीटद्वारा यहूदीहरू सन्तुष्ट थिएनन्, र अर्को कुनै योजना अघि बढाइनुपर्छ भन्ने तिनीहरूको माग थियो।

के गर्ने र कसो गर्ने त्यसबारे अन्यौलमा परेका पिलातस फेरि बाहिर गए। केही समयको निम्ति येशूलाई हिरासतमा भित्रै छोडियो (यूह १९:१३ हेर्नुहोस्)। बाहिर तिनले भीड पर्खिरहेका पाए (मर्कू १५:८क)। यो समूह, येशूलाई मृत्यु दण्ड दिन माग गर्ने सानो झुण्ड थिएन। यो समूह रोमीहरूले प्रदान गर्ने निस्तार-चाडको विशेष अधिकार माग गर्न आएका थिए: एक जना कैदीलाई छोड्न (मर्कू १५:८; मत्ती २७:१५; यूह १८:३९)। पिलातसले यहूदीहरूलाई भने, **"... एक जनालाई मैले तिमीहरूका निम्ति छोडिदिने *तिमीहरूको* प्रथा छ"** (यूह १८:३९क; जोड दिइएको छ)। अवश्य नै, पिलातसले यो प्रचलन सुरु गरेका थिएनन्, तर यसको सुरुवात भूतपूर्व रोमी अधिकारीहरूले सुरु गरेका थिए भन्ने कुराको संकेत यसले गर्छ। त्यो समयमा यस प्रकारको प्रचलन रहेको थियो भन्ने बारेमा कुनै एतिहासिक विवरण छैन, तर आज समेत आफ्नो नाम राख्नका लागि राजनैतिक नेताहरूले कैदीहरूलाई छुटाउने प्रचलन असामान्य छैन।

तिनीहरूले आफ्ना अनुरोध प्रस्तुत गरिसकेपछि, पिलातसले येशूलाई छुटाउने अर्को योजना अघि सारे। सामान्यतया, कसलाई छुटाउने भन्नेबारे निर्णय गर्ने अधिकार बडा-हाकिमले यहूदीहरूलाई दिने गर्थे (मत्ती २७:१५ हेर्नुहोस्)। यस पटक, तिनले तिनीहरूका छनौटलाई दुई जना व्यक्तिमा सीमित गरे: नीच अपराधी र येशू।

त्यस बेला बारब्बा नाउँ भएको एक जना कुख्यात कैदी थियो (मत्ती २७:१६)। केही प्राचीन हस्तलिपिमा उल्लेख गरिए अनुसार तिनको पूरा नाम "येशू बारब्बा" थियो। यसकारण पिलातसले येशूलाई "ख्रीष्ट भनिने येशू" भनेर उल्लेख गरेका हुनसक्छन्—"बारब्बा" भनिने "येशूबाट" उहाँलाई छुट्याउनलाई। "बारब्बा" भन्ने नामको अर्थ "अब्बाको छोरा" भन्ने हुन्छ—अर्को शब्दमा भन्दा, "[मेरो] बाबुको छोरा।" **सहरमा भएको कुनै विद्रोह ... अभियोगमा कारागारमा थुनिएको थियो** (लूक २३:१९क)। शायद, पिलातसले मन्दिरको भेटी प्रयोग गरी यरूशलेममा नहर निर्माण गरेका कारण उठेको विद्रोहका तिनी अगुवा थिए। बरब्बा डाकु (यूह १८:४०) र हत्यारा पनि थिए (लूक २३:१९ख)। ठीक विचार भएको मानिसहरूले बरब्बाजस्तो व्यक्तिलाई जेलबाट समाजमा छाड्दैनन् भन्ने विचार पिलातसले गरेका हुनसक्छन्।

बडा-हाकिमले मानिसहरूलाई यो सीमित छनौट दिए: **"तिमीहरू के चाहन्छौ? म तिमीहरूका निम्ति कसलाई छोडिदिऊँ? बारब्बा कि ख्रीष्ट भनिने येशूलाई?"** (मत्ती २७:१७; हेर्नुहोस्: मर्कू १५:९)। मानिसहरू येशूकै पक्षमा हुनेछन् भनेर, बारब्बाप्रतिको घृणा बाहेक, पाँच दिन पहिले यरूशलेमको विजय-प्रवेशको क्रममा येशूले प्राप्त गर्नुभएको

लोकप्रियतालाई समेत बडा-हाकिमले हिसाब गरिरहेका हुनसक्छन्।

कसलाई छनौट गर्ने त्यस विषयमा मानिसहरू वहस गरिरहेका बेला, आफूले यहूदी विपक्षीहरूलाई चलाकीपूर्वक हराएको छु भनी पिलातसले विचार गरेका हुनसक्छन्—तर उनको प्रसन्नता चाँडै बिलायो। **तब न्याय-आसनमा बसिरहेको बेला तिनकी पत्नीले यसो भनी खबर पठाइन्, "त्यस निर्दोष मानिसलाई केही नगर्नुहोस्, किनकि आज सपनामा तिनको कारण मैले धेरै दुःख भोगेकी छु"** (मत्ती २७:१९)। त्यो कुराले बडा-हाकिमलाई अझै बढी अप्ठ्यारोमा पाऱ्यो (यूह १९:८ हेर्नुहोस्)। "न्याय-आसन" भन्ने वाक्य ग्रीक शब्द βῆμα (*बेमा, bēma*) बाट अनुवाद गरिएको हो, जसको अर्थ अधिकारीहरूले घोषणा गर्ने उच्च स्थान भन्ने हुन्छ।

मुख्य पूजाहारीहरू र जनताका धर्मगुरुहरूका प्रभाव क्षमता कति छ भनेर पिलातसले यथार्थ रूपमा अनुमान गर्न सकेका थिएनन्। बारब्बालाई भीडले कस्तो रूपमा लिन्छ भन्ने बारेमा पनि उनमा गलत मान्यता रहेको थियो। बारब्बा एक मानिसको रूपमा घृणास्पद व्यक्ति थिए, तर यहूदीहरूले घृणा गरेका रोमीहरू विरुद्ध तिनी लडेकाले, तिनीहरूका निम्ति यी अपराधी नायक सरह रहेको हुनसक्छ। जेसुकै भए तापनि, **मुख्य पूजाहारीहरू र धर्म-गुरुहरूले बारब्बालाई छोडिदिने र येशूलाई मृत्युदण्ड दिने माग गर्न भनी मानिसहरूलाई सुऱ्याए** (मत्ती २७:२०)।

भीडले आफ्ना निर्णय दिएपछि बडा-हाकि अवश्य नै चकित साथै निराश भए: **तिनीहरू सबै एकसाथ यसो भनेर कराए, "यसलाई हटाउनुहोस्, र हाम्रा निम्ति बारब्बालाई छोडिदिनुहोस्"** (लूक २३:१८; हेर्नुहोस्: मत्ती २७:२१)। उदेकमा परेका पिलातसले तिनीहरूलाई सोधे, **"तब ख्रीष्ट भनिने येशूलाई चाहिँ म के गरूँ त?"** (मत्ती २७:२२क)। तिनीहरू चिच्याए, **"त्यो क्रूसमा टाँगिओस्"** (मत्ती २७:२२ख; हेर्नुहोस्: मर्कू १५:१२, १३; लूक २३:२१)।

पिलातसले तिनीहरूलाई न्यायको कुरालाई विचार गर्न अनुरोध गर्ने प्रयास गरे। तिनले **तेस्रो पल्ट तिनीहरूलाई भने, "किन? यी मानिसले के खराबी गरेका छन् र? मैले त यिनलाई मृत्युदण्ड दिने कुनै कारण भेट्टाइनँ, यसकारण म यिनलाई सजाय गरेर छोडिदिनेछु"** (लूक २३:२२; हेर्नुहोस्: मर्कू १५:१४क)। तैपनि, तिनका कुरा सुन्नेहरूलाई न्यायबारे कुनै चासो थिएन: **तर तिनीहरूले ठूलो सोरले कराउँदै उहाँलाई क्रूसमा टाँग्नैपर्छ भन्ने माग गर्न लागे** (लूक २३:२३क; हेर्नुहोस्: मर्कू १५:१४ख)।

भीडले येशूलाई क्रुसमा टाँगिदिनु भनेर कराउन जारी राख्दा, **तिनीहरूको चित्कार सफल भयो** (लूक २३:२३ख)। यहूदीहरूलाई येशूको मृत्युले बाहेक अन्य कुनै कुराले पनि सन्तुष्ट तुल्याउन सक्दैन भन्ने कुरा पिलातसलाई बिस्तारै थाहा हुँदै गयो।

बडा-हाकिमसँग रहेको बाँकी कुनै पनि प्रतिरक्षा त्यसबेला तहस नहस भयो जब यहूदी नेताहरू चिच्याए, **"यदि तपाईंले यस मानिसलाई छोडिदिनुभयो भने तपाईं कैसरका मित्र हुनुहुन्न। आफैलाई राजा हुँ भनी दाबी गर्ने प्रत्येक कैसरको विरुद्धमा खड़ा हुन्छ"** (यूह १९:१२ख)। त्यो बेला, तिबेरियस कैसर थिए (लूक ३:१ हेर्नुहोस्)। तिनको शासन अवधिको अन्तिम भागलाई "हदभन्दा ज्यादा डाहा, शङ्का र क्रूरता" भनी चित्रण गरिन्छ।[13] धेरै अधिकारीहरूलाई "*माइस्टास् मिनुटा (maiestas minuta)*—राज्यको

[13]म्याकगर्भे एण्ड पेण्ड्लेटन (McGarvey and Pendleton), ७१७।

सुरक्षालाई बेवास्ता गरेको" आरोपमा रोममा फर्काइएको थियो।"[14] पिलातसको पद खतरामा रहेको कारण, यहूदीहरूले उजुरी दिने खतरा तिनी मोल्न चाहाँदैनथे। पिलातसको भय न्यायसंगत नै थियो। केही वर्षपछि, एउटा उजुरी दायर *भयो,* र तिनलाई पदबाट मुक्त गरियो।

न्याय गर्ने आसनमा बसेर (यूह १९:१३ख)—रोमी अधिकारको एउटा प्रतिक—पिलातसले येशूलाई भीडका अघि उभाए (यूह १९:१३क)। तिनले भने, **"हेर, तिमीहरूका राजा!"** (यूह १९:१४ग)। **"लैजानुहोस्, लैजानुहोस्, त्यसलाई क्रूसमा टाँग्नुहोस्!"** भनेर तिनीहरू सबै कराउन थाले (यूह १९:१५क)। पिलातसले तिनीहरूलाई सोधे, **"के म तिमीहरूका राजालाई क्रूसमा टाँगूँ?"** (यूह १९:१५ख)। **मुख्य पूजाहारीहरूले जवाफ दिए, "कैसरबाहेक हाम्रो अरू राजा छैन"** (यूह १९:१५ग)।

घृणाले मस्तिष्कलाई दुषित तुल्याउँछ र मूल्याङ्का गर्ने क्षमतालाई नष्ट गर्छ भन्ने कुराको प्रमाण हामीलाई कहिल्यै आवश्यक परे त्यसको एउटा सिद्ध उदाहरण यहाँ छ: "कैसरबाहेक हाम्रो अरू राजा छैन।" के इस्राएलको शासक परमेश्वर हुनुहुन्नथ्यो र (भज १०:१६; मत्ती ५:३५)? के तिनीहरूले तिनीहरूका राजा हुनेवाला मसीहलाई प्रतिक्षा गरिरहेका थिएनन् र (जक ९:९; मत्ती २१:५)? आफ्ना डाहद्वारा अन्धा भएका यहूदी अगुवाहरूले हजारौं वर्षदेखि मान्यतामा रहेको सत्यतालाई नै त्यागिदिएका थिए।

भीडले "त्यो क्रूसमा टाँगिओस" भनी नारा लगाइरहेका थिए (मत्ती २७:२३), "एउटा उर्लंदो आवाज जसद्वारा हरेक रोमी डराउँथे, किनभने यसको कारण दङ्गा हुनसक्थ्यो।"[15] दङ्गा भएको भए यसले यहूदियामा पिलातसले गर्ने शासनसीपमाथि नै प्रश्न उठाउनेथियो। आफ्नो भविष्य र एक जना निर्दोष मानिसको छुटकारा मध्ये एउटालाई बडा-हाकिमले तुरुन्तै छनौट गर्नुपर्नेथियो। निर्णय गर्न तिनलाई लामो समय लागेन: येशूलाई बचाउने आफ्ना सम्पूर्ण प्रयासलाई उनले त्यागिदिए (मत्ती २७:२४क हेर्नुहोस्)।

पिलातसले भाँडोमा पानी मागे र **भीड़को सामु आफ्ना हात धोएर भने, "... म यस मानिसको रगतदेखि निर्दोष छु"** (मत्ती २७:२४ग, घ)। यो सांकेतिक विधिको बारेमा यहूदीहरू परिचित थिए (व्य २१:१-९; हेर्नुहोस्: भज २६:६; ७३:१३)। पिलातस आफ्नो जिम्मेवारीको दोषबाट मुक्त हुने प्रयास गरिरहेका थिए; तर एक रोमी बडा-हाकिमको नाताले अन्तिम निर्णय उनकै थियो भन्ने तथ्य रहिरहन्छ। तिनले आफ्नो हातका मैला धोएर पखाल्न सक्यो, तर उनको हृदयको दोषलाई होइन।

येशूको मृत्युबारे आफू निर्दोष भनी घोषणा गरिसकेपछि तिनले भीडलाई भने, **"तिमीहरू आफै जान"** (मत्ती २७:२४ग)। तिनीहरूले प्रतिक्रिया दिए, **"उसको रगत हामीहरू र हामीहरूका सन्तानमाथि परोस्"** (मत्ती २७:२५)। ती शब्दहरूद्वारा, भीडले परमेश्वरका आफ्नै पुत्रलाई मृत्यदण्ड दिएको अनन्त दोष तिनीहरूले सहर्ष स्वीकार गरे।

भीड़लाई सन्तुष्ट पार्ने इच्छाले (मर्कू १५:१५क), पिलातसले अन्त्यमा **तिनीहरूको माग पूरा गरिदिने फैसला सुनाए। तिनले त्यस मानिसलाई छोडिदिए, जो विद्रोह र हत्याको अभियोगमा कारागारमा परेको थियो** (लूक २३:२४, २५क)। त्यसपछि येशूलाई **क्रूसमा**

---

[14]ए. एन. शर्विन-ह्वाइट (A. N. Sherwin-White), "पाइलेट, पोन्टियस," *द इन्टरनेशनल स्टयाण्डर्ड बाइबल इन्साइक्लोपेडिया,* रेभ., एड. जिओफ्रे डब्ल्यू. ब्रोमिली (Geoffrey W. Bromiley) (ग्राण्ड ऱ्यापिड्स्, मिचिगन: डब्लूएम. बी. ईर्डम्यान्स् पब्लिसिङ को., १९८६), ३:८६८।

[15]वाल्टर वाङ्गेरिन, जूनियर (Walter Wangerin, Jr.), *द बुक अफ गड: द बाइबल एस अ नावल* (ग्राण्ड ऱ्यापिडस्, मिचिगन:जोन्डरभान पब्लिसिङ हाउस, १९९६), ८०१।

टाँगिनलाई सुम्पिदिए (मत्ती २७:२६ख)। यूहन्ना १९:१६ ले भन्छ, **तब उनले उहाँलाई क्रूसमा टाँग्न *तिनीहरूका* हातमा सुम्पिदिए** (जोड दिइएको छ)। यस प्रसंगमा, "तिनीहरू" ले पूजाहारीहरूलाई भन्ने बुझाउँछ, तर येशूलाई क्रूसमा चढाउनेहरू यहूदी पूजाहारीहरू थिएनन्। यो शब्दको अर्थ के हो भने पिलातसले ती अगुवाहरूका इच्छा अनुसार गर्नलाई सुम्पिदिए।

इतिहासलाई नै परिवर्तन गरिदिने यो फैसला कहाँ भएको थियो त्यसबारे यूहन्नाले टिपोट गरेका छन्: **"ढुङ्गाका पाटी" भनिने ठाउँमा (जसलाई हिब्रूमा गब्बथा भनिन्छ)** (यूह १९:१३ग)। ढुङ्गाले ढाकेको आँगन कहाँ पर्थ्यो भन्ने कुरा प्रारम्भिक पाठकहरूलाई अवश्य नै थाहा थियो, तर हामीलाई यसबारे निश्चित रूपमा थाहा छैन। पुरातत्वविदहरूले अन्टोनियाको महलको क्षेत्रमा ढुङ्गाले ढाकेको एउटा आँगन पत्ता लगाएका भएपनि "ढुङ्गाका पाटी" हेरोदको दरबारमा थियो भन्ने मान्यता केहीको रहेको छ। (परिशिष्ट २ मा "यरूशलेम शहर" र "प्यालेष्टाइनको दृश्यहरू" को नक्सा हेर्नुहोस्।)

प्रेरितले त्यस दिनको बारेमा पनि टिपोट गरेका छन्: **निस्तार-चाड़का तयारीको दिन** (यूह १९:१४क)। यस प्रसंगमा, यस वाक्यले आठ-दिने चाडमा पर्ने सबाथ-दिनको तयारी दिनलाई उल्लेख गर्छ (हेर्नुहोस्: यूह १९:३१; मर्कू १५:४२; लूक २३:५४)। यूहन्नाले त्यस दिनको समयलाई पनि उल्लेख गरेका छन्: **लगभग छैटौं घण्टा भएको थियो** (नोट: नेपाली बाइबलले **दिउँसो करिब बाह्र बजेको थियो** भन्छ) (यूह १९:१४ख)। यूहन्नाले समयलाई उल्लेख गर्ने क्रममा यहाँ रोमी गणना प्रयोग गरेका छन् भन्ने कुरा स्पष्ट छ। त्यस गणना अनुसार, "छैटौं घण्टा" भन्नाले बिहानको ६:०० बजेको थियो। यूहन्नाले "*लगभग* छैटौं घण्टा" भनी उल्लेख गरेका कारण, यसको अर्थ त्यो समयको अलिक पछि भन्ने हुन्छ, तर पिलातसले येशूलाई भीडका हातमा जिम्मा दिँदा बिहान सबेरै थियो।

यहूदी गणना अनुसार, नयाँ दिनको सुरुवात घाम डुबेपछि हुन्थ्यो; रोमी गणना अनुसार, नयाँ दिनको सुरुवात मध्यरातमा हुन्थ्यो (यसरी नै आज हामी दिनको मापन गर्छौं)। यहूदी गणना प्रयोग गरी मर्कूसले भनेका छन्, येशूलाई *तेस्रो घण्टामा* क्रूसमा झुण्ड्याइयो (मर्कू १५:२५)—अर्थात्, बिहानको ९:०० बजे। यहूदी गणना प्रयोग गर्दै मत्तीले भनेका छन्, *छैटौं घण्टादेखि नवौं घण्टासम्म* देशभरि नै अँध्यारो भइरह्यो (मत्ती २७:४५; हेर्नुहोस्: मर्कू १५:३३; लूक २३:४४)—अर्थात, दिउँसो बाह्र बजेदेखि तीन बजेसम्म—त्यसपछि येशूको मृत्यु भयो (मत्ती २७:४६-५०; हेर्नुहोस्: मर्कू १५:३४-३७; लूक २३:४४-४६)। यूहन्नाले रोमी गणना प्रयोग गरेका हुन् भने मात्र उनले उल्लेख गरेको "छैटौं घण्टा" समयाक्रमानुसार मिल्छ।

क्रूसमा झुण्ड्याउनका लागि पिलातसले येशूलाई आफ्ना सिपाहीहरूकहाँ सुम्पिए। उहाँलाई र उहाँसँगै मारिनलाई तय गरिका मानिसहरूलाई क्रूसमा झुण्ड्याउनको लागि सबै कुराको व्यवस्था गर्न समय लाग्यो (मर्कू १५:२५ हेर्नुहोस्)। पिलातसले बिहान ६:०० बजे येशूलाई मृत्यु दण्डको सजाय सुनाएका थिए, त्यसैले येशूलाई सजाय सुनाइएको समयदेखि क्रूसमा टाँगिएको समयबीच धेरै घण्टाको समय रह्यो। फौजका सिपाहीहरूले पहिले सुरु गरेको गिल्लाको "खेल" लाई सुरु गरी मनोरञ्जन गर्न थाले। यस खेलमा एउटा कुरा थपिएको थियो—निगालो। पहिले गिल्ला गरे र निगालोले येशूलाई हिर्काए (मत्ती २७:३०)। यस पटक, "सबै सिपाहीहरू" ले प्रभुलाई दुर्व्यवहार गरे अनि गिल्ला गरे (मर्कू १५:१६-१९; लिभिङ बाइबल [LB]; मत्ती २७:२७-३० हेर्नुहोस्)।

अन्त्यमा, मृत्यु दण्डको निम्ति सबै कुरा तयारी भयो। सिपाहीहरूले "तिनीहरूले

[येशूको] त्यो वस्त्र फुकालिदिए, र उहाँको आफ्नै वस्त्र पहिराएर उहाँलाई क्रूसमा झुण्डयाउन लगे" (मत्ती २७:३१)।

प्रयोग: येशूको सतावट तथा परीक्षा
(मत्ती २६; २७; मर्कू १४; १५; लूक २२; २३; यूह १८; १९)

येशूको रगतद्वारा बाँचेका हामीहरू, उहाँको क्रूसलाई मिश्रित भावले हेर्छौं: उहाँको दु:खकष्टका निम्ति हामी दु:खी हुन्छौं, तर हाम्रो उद्धारको निम्ति खुशी हुन्छौं। पहिलो शताब्दीमा, जब एक जना सर्वसाधरण व्यक्तिले क्रूसलाई हेर्थ्यो, उसले त्यसमा घोर-पीडा र बेइज्जत बाहेक केही देख्दैनथ्यो (हेर्नुहोस्: १ कोर १:१८; गला ३:१३; हिब्रू १२:२)। प्रारम्भिक प्रचारकहरूले सामना गरेका सबैभन्दा ठूलो चुनौती के थियो भने रोमी क्रूसप्रति मानिसहरूले राख्ने द्वेषभावलाई हटाएर रोमी क्रूसमा मर्ने व्यक्ति मुक्तिदाता हुनुहुन्छ भनेर तिनीहरूलाई मनाउनुथियो। यो चुनौतीको बारेमा पावलले लेखेका छन्: "... क्रूसमा टाँगिनुभएका ख्रीष्टलाई प्रचार गर्दछौं, जो यहूदीहरूका निम्ति बाधा र अन्यजातिहरूका निम्ति मूर्खता हो" (१ कोर १:२३)।

एक अपराधीको रूपमा येशू मर्नुभएको तथ्य आज समेत कतिपयका निम्ति विश्वासको वाधकको कुरा बन्छ। यहूदी र रोमी दुवै पक्षले येशूलाई मृत्यु दण्ड दिएका थिए भन्ने कुरालाई इसाई जगतका विरोधीहरूले औंल्याउने गर्छन्। त्यस बेलाको धार्मिक र राजनैति पक्षले दोषी ठहर गरेका व्यक्तिलाई संसारको उद्धारकर्ता हुनसक्छ भनी विचार गर्नु हास्यास्पद कुरा हो भनी तिनीहरू तर्क गर्छन्। यी विरोधहरूका उत्तर दिनका निम्ति, ख्रीष्टको परीक्षाको बेला वास्तवमा के भएको थियो त्यसबारे हामीले स्पष्ट रूपमा बुझ्नु आवश्यक छ। एक जना निर्दोष व्यक्तिलाई मृत्यु दण्ड दिने कुरा कसरी सम्भव भयो त्यसलाई हामीले बुझ्नु आवश्यक छ।

यस अध्ययनमा, येशूलाई गरिएको रोमी र यहूदी दुवै परीक्षाका निश्चित पक्षहरूमा हाम्रो ध्यान केन्द्रित गर्नेछौं: प्रभुलाई परीक्षा गर्ने मानिसहरूको अभिप्राय के थियो त्यसलाई हेर्नेछौं। गैरकानूनी प्रक्रियाहरूका बारेमा पनि हामी चर्चा गर्नेछौं। ती परीक्षाहरूले येशूलाई परमेश्वरको पुत्रको रूपमा अप्रमाणित होइन बरु प्रमाणित गऱ्यो भन्ने बारेमा हेर्नेछौं।

प्रभुत्वमा रहेको पूर्वाग्रही पक्ष (महासभा)

महासभाको अघि गरिएको येशूको "परीक्षा" बाट यस अध्ययनलाई सुरु गरौं। यहूदी अगुवाहरूलाई न्याय होइन तर पुष्टि चाहिएको थियो—केही हप्ता पहिले गरिएको निर्णयको पुष्टि (यूह ११:४७-५३, ५७)। "हार्वड प्राध्यापक तथा प्रसिद्ध अमेरिकन कानूनविद, [साइमन] ग्रीनलिफ (Simon Greenleaf) (१८४६) ले, यहूदीहरूले येशूलाई क्रूसमा चढाई मृत्यु दण्ड दिएको मुद्दालाई कानूनी सजायको नाममा गरिएको हत्या" भनी भनेका छन्।[16]

कानूनी प्रक्रियाको बारेमा कुनै ज्ञान नभएका हामीमध्ये कतिपयलाई समेत येशूलाई यहूदीहरूले गरेको "परीक्षा" एउटा तमाशा मात्रै थियो भन्ने कुरा निश्चित रूपमा थाहा हुन्छ। कैयाफा र उनका अनुयायीहरूका पूर्वाग्राही व्यवहारका बारेमा मत्तीले प्रकाश गरेका

---

[16]रेमण्ड इ. ब्राउन (Raymond E. Brown), *द डेथ अफ द मसाया,* भोल. १ (न्यू योर्क: डबल-डे, १९९४), ३३०।

छन्: "अब मुख्य पूजाहारी र जम्मै महासभाले येशूलाई मृत्युदण्ड दिनलाई उहाँको विरुद्धमा झूटो गवाही खोज्न लागे। धेरै झूटो गवाही दिनेहरू आए, तर तिनीहरूले कुनै प्रमाण पाएनन्" (मत्ती २६:५९, ६०क)। झूटा गवाही सम्बन्धी पापको बारेमा मोशाको व्यवस्थाले स्पष्ट रूपमा बताएको छ (प्रस २०:१६; हेर्नुहोस्: व्य १९:१५-२१)।

ख्रीष्टलाई तिनीहरूले पिलातसका अघि ल्याएको तरिकामा समेत महासभाको बेईमानी देखिन्छ। ईश्वर-निन्दाको आरोपलाई (मत्ती २६:६५, ६६) तिनीहरूले विद्रोहीको आरोपमा परिवर्तन गरे (लूक २३:२)। यसका साथै, पिलातसका अघि प्रस्तुत गरिएको आरोपको कुनै प्रमाण यहूदी परीक्षामा प्रस्तुत गरिएन। रोमी परीक्षाको अवधिभरि (जसको बारेमा यसभन्दा पछि छलफल गरिनेछ), महासभाको व्यवहारमा कुनै एकरूपता पाइएन:

- तिनीहरूले येशूलाई ईश्वर-निन्दाको आरोप लगाए, अनि त्यसपछि, वास्तवमा तिनीहरूले यहोवा आफ्ना राजा भएको कुरालाई इन्कार गरे (यूह १९:१५ हेर्नुहोस्)—जुन ईश्वर निन्दा नै हो।
- तिनीहरूले येशूलाई दङ्गा सुरु गर्ने व्यक्तिको राजाको रूपमा दोष लगाए (लूक २३:५ हेर्नुहोस्), अनि पिलातसलाई दवाव दिन तिनीहरू आफैले दङ्गा सुरु गरे (मत्ती २७:२४)।
- येशूलाई छोडिदिनु हुँदैन किनभने तिनी विद्रोही हुन् भनी तिनीहरूले भने (लूक २३:२), अनि विद्रोहको दोषमा बन्दी भएका, बारब्बालाई छोडिदिन माग गरे (मर्कू १५:७, ११)।

यहूदी कानून-प्रणालीमा समस्या थिएन, गल्ती भनेको, त्यस नियती शुक्रबारको दिन कानूनलाई संचालन गर्ने मानिसहरूका हृदयमा थियो। यहूदी कानून-प्रणाली संसारकै सबैभन्दा मानवीय कानून-प्रणाली भनी परिचित छ। इस्रएलीहरूको जीवन यति धेरै महत्त्वपूर्ण मानिन्थ्यो कि जत्ति नै घृणित आरोप लगाइएको भए तापनि आरोपितको जीवनलाई बचाउन हरेक कानूनी सावधानी अपनाइन्थ्यो। दोस्रो शताब्दीमा, यहूदी कानून-प्रक्रिया सम्बन्धी मौखिक परम्परालाई लेखियो जसलाई *मिस्ना (Mishna)* भनिन्छ।[17] येशूलाई परीक्षा गरिँदा कुन नियम लागू भएको थियो त्यस बारेमा केही प्रश्न उठेका छन्, तर त्यसबेला कानूनी संरक्षणमा कम्तीमा निम्न कुराहरू समावेश गरिएको थियो भन्ने धेरैले विश्वास गर्छन्:[18]

- मुख्य मुद्दाहरूलाई दिनको समयमा मात्र अघि बढाइनुपर्थ्यो।[19] न्यायलाई अस्पष्ट ढङ्गले अघि बढाउने समस्या हुन नदिन यो व्यवस्था लागू गरिएको थियो।
- आरोपितलाई दोषी ठहर्ने तरिकाहरूको खोजी गर्नुभन्दा प्राथमिक रूपमा त्यस व्यक्तिलाई कसरी छुटाउन सकिन्छ त्यसलाई लगनशीलता पूर्वक विचार गर्नुपर्ने जिम्मा न्यायाधीशहरूको हुन्थ्यो।[20]

---

[17] *मिस्ना* (Mishna) (पनि हिज्जे: *"मिस्नाह" ["Mishnah"]*), साथै *गेमारा (Gemara)* (पछि लेखिएको *मिस्नाको* टिप्पणी), मिलेर *ताल्मूड (Talmud)* बन्यो, जसले आज समेत यहूदी कृयाकलापलाई प्रभाव पार्छ।

[18] यो सूची विभिन्न स्रोतहरूको सारांश हो, ब्राउन (Brown), ३५८-५९; र ब्रूस कोर्ली (Bruce Corley), "ट्रायल अफ जिजस," *डिक्सनरी अफ जिजस एण्ड द गोस्पलस्*, एड. जोएल बी. ग्रीन एण्ड स्कट म्याकनाइट (Joel B. Green and Scot McKnight) (डाउनर्स ग्रोभ, Ill.: इन्टरभार्सिटि प्रस, १९९२), ८५१।

[19] *मिस्ना*, सान्हेड्रिन (*Mishna*, Sanhedrin) ४.१।

[20] हेर्नुहोस् इबिड. (Ibid.), ४.१; ४.५; ५.४।

- ठूला मुद्दाहरूमा सर्वसम्मत निर्वाचनद्वारा अभियोगलाई बदर गर्न सकिन्थ्यो।[21] सर्वसम्मत निर्वाचन भनेको तर्कशील व्यक्तिहरूको समूहले गर्ने निर्णय नभई जनताको निर्णय हुन्थ्यो।
- महासभाले व्यक्तिलाई दोषी ठहराई त्यही दिन मृत्यु दण्ड दिन पाउँदैनथ्यो।[22] तिनीहरू घर गएर आफूले गरेका निर्णयको बारेमा विचार गर्नुपर्ने हुन्थ्यो।
- सभापतिको पद सम्हाल्ने प्रधान पूजाहारीले मुद्दाको विषयमा आफ्नो विचार राख्न पाउँदैनथे, किनभने उनको प्रभाव अत्यन्तै ठूलो हुनेहुँदा, यसले जवान सदस्यहरूलाई प्रभाव पार्नसक्थ्यो।[23]

येशूलाई गरिएको यहूदी "परीक्षा" मा यी सबै आधारभूत विषयलाई उल्लङ्घन गरियो:

- उहाँलाई रातको समयमा परीक्षा गरियो र दोषी ठहर गरियो (मत्ती २६:५७, ६६; २७:१)।
- उहाँलाई निर्दोष प्रमाणित गर्नेमा न्यायाधीशहरूको कुनै चासो थिएन, तर उहाँलाई कसरी दोषी ठहराउने त्यसमा मात्र तिनीहरूको ध्यान थियो (मत्ती २६:५९)।
- येशूको विरुद्धमा महासभाले गरेको निर्वाचन सर्वसम्मत थिएन भन्ने कुरा स्पष्ट छ (मर्कू १४:६४; लूक २२:७०, ७१; हेर्नुहोस्: मत्ती २७:१; मर्कू १५:१; लूक २३:१)। (महासभाका एक जना सदस्य, अरिमाथियाका योसेफले "तिनीहरूका सल्लाह र कार्यमा सम्मति दिएका थिएनन्" स्वीकार *गरेनन्* भन्ने कुरा लूकाले पछि उल्लेख गरेका छन् [लूक २३:५१]। येशूलाई परीक्षा गरिदा, शायद योसेफ उपस्थित थिएनन्, अथवा "उपस्थितहरूमध्ये धेरैजसो मानिसहरूलाई" उल्लेख गर्न मर्कूस र लूकाले "सबै" भन्ने शब्द प्रयोग गरेका हुनसक्छन्।)
- फैसला र सजायको निर्णय त्यही रात समाप्त गरियो (मत्ती २६:६५, ६६; २७:१)।
- प्रधान पूजाहारीले पहिले आफ्नो फैसला सुनाए अनि त्यसलाई पुष्टि गर्न अरूलाई अनुरोध गरे (मत्ती २६:६५, ६६)।

यदि येशूलाई गरिएको यहूदी परीक्षाको बारेमा बाइबलले दिएको निर्णयलाई भरपर्दो स्रोतको रूपमा लिइन्छ भने, प्रक्रिया गैरकानूनी ढङ्गले अघि बढेको *थियो कि थिएन* भन्नेमा कुनै प्रश्न छैन—तर प्रश्न के मात्रै रहन्छ भने, त्यो *कति पटक* भयो। त्यहाँ कम्तीमा सत्ताइस पल्ट गैरकानूनी कुरा भयो भनेर कतिपयले विश्वास गर्छन्।[24] माथि उल्लेख गरिएका बाहेक, सूचीमा अरू पनि थप्न सकिन्छ:

- परीक्षा तथा सोधपुछ अनुचित तरिकाले प्रधान पूजाहरीको घरमा संचालन गरियो।[25]
- परीक्षालाई चाडको दिनमा संचालन गरियो।[26]
- ईश्वर-निन्दा गरेको आरोपमा येशूलाई दोषी ठहराइएको थियो, तर उहाँको अभिव्यक्तिले "ईश्वर-निन्दा" सम्बन्धी यहूदी मापदण्डलाई पूरा गरेको थिएन। कानूनी संरक्षण प्रदान गर्न, रब्बीहरूले शब्दको परिभाषालाई सीमित गरेका थिए। व्यवस्था अनुसार, "ईश्वर-निन्दा" भनेको परमेश्वरलाई सराप दिनु हो (लेवी

---

[21]इबिड. (Ibid.), ४.१।

[22]इबिड. (Ibid.), ४.१; ५.५।

[23]हेर्नुहोस् इबिड. (Ibid.), ४.२।

[24]कोर्ली (Corley), ८५१।

[25]*मिस्ना*, सान्हेड्रिन (*Mishna*, Sanhedrin) ११:२।

[26]इबिड. (Ibid.), ४:१।

२४:१५, १६); रब्बीहरूका अनुसार, कसैले परमेश्वरको नाम स्पष्ट रूपले लिएको हो भने मात्रै त्यो व्यक्ति ईश्वर-निन्दाको दोषी हुन्थ्यो।[27]

फेरि, समस्या भनेको यहूदी कानून-प्रणालीमा होइन तर त्यो कानूनलाई संचालन गर्ने व्यक्तिहरूमा थियो। येशूलाई यहूदीहरूले परीक्षा गरेर दोषी ठहराएका थिएनन्। बरु, उहाँलाई पहिले दोष लगाइयो अनि मात्रै परीक्षालाई अघि बढाइएको थियो। महासभाका अघि येशूलाई गरिएको परीक्षाको बारेमा सुसमाचारका पुस्तकहरूले लेखेको विवरणलाई निष्पक्ष ढङ्गले पढ्ने जोसुकै व्यक्तिले उहाँ "दोषी छैन!" हुनुहुन्थ्यो भन्ने नै निर्णय गर्छन्।

कतिपयले, यहूदी अदालतले त्यस प्रकारको अधर्मी तवरले कार्वाही अघि बढाउएको हुनै सक्दैन भन्ने तर्क राख्दै, येशूलाई गरिएको यहूदी परीक्षाबारे नयाँ कारारका पुस्तकहरूले दिएको विवरणलाई चुनौती दिएका छन्। त्यस्ता विरोधीहरूलाई यहूदीहरूले जानीजानी अन्याय गरेका धेरै घटनाहरूका बारेमा थाहा नै छैन—त्यो कुरा "धार्मिक" न्यायलयहरूले समेत गरे—जुन कुराले मानव इतिहासमा नै दाग लगाएको छ। सुसमाचारको पुस्तकका लेखकहरू परमेश्वरद्वरा प्रेरणाप्राप्त थिए, त्यसैले तिनीहरूले सत्य कुरालाई मात्र लेखे, सत्यबाहेक अरू कुनै कुरा लेखेनन्।

प्रभुत्वमा रहेको राजनैतिक व्यक्ति: पिलातस

अब हामी रोमी परीक्षालाई हेरौं। पिलातसका अघि येशूको परीक्षा रोमी न्याय अनुसार कानूनी तरिकाले नै अघि बढाइयो। रोमी साम्राज्यको निम्ति न्याय महत्त्वपूर्ण कुरा थियो; "रोमको नारा यस्तो थियो, 'आकाशै खसे पनि न्यायको पक्ष नछोडौं'!"[28] त्यस प्रकारका विषयहरूका बारेमा थाहा हुने व्यक्तिहरूले हामीलाई यो कुरा बताउँछन्, "पिलातसका अघि गरिएको ख्रीष्टको *अनुसन्धानमा,* बडा हाकिमले प्रान्तीय हिसाबले गर्ने सबै सामान्य प्रक्रियाहरू अवलम्वन गरिएको थियो।"[29] आधारभूत प्रक्रियाहरू यसप्रकार छन्:

- मुद्दाको परीक्षा अघि बढाउने काम बडा हाकिमको हुन्थ्यो; कुनै निर्णायक मण्डली हुन्थेन।
- बडा-हाकिमले नै आरोपको सुनुवाइ गर्थ्यो।
- बडा-हाकिमले नै आरोपितलाई सोधपुछ गर्थे।
- आफूलाई आवश्यक पर्छ भन्ने लागेमा बडा-हाकिमले सल्लाहकारहरू बोलाउँथे।
- छानविनको काम समाप्त गरेपछि, बडा-हाकिम आफ्ना न्याय-आसनमा बस्थे र फैसला सुनाउथे। "रोमी कानून अनुसार, न्यायाधीशजस्ता उच्च अधिकारीले मात्र न्याय-आसनमा बसेर ठूला मुद्दाको फैसला सुनाउनु पर्थ्यो।"[30]

प्रारम्भिक चरणमा, येशूलाई गरिएको रोमी परीक्षामा निम्न प्रक्रिया अपनाइयो:

- येशूलाई पिलातसकहाँ पठाइयो (मत्ती २७:२; मर्कू १५:१; लूक २३:१); परीक्षालाई

---

[27]इबिड. (Ibid.), ७:५।

[28]वियर्सबे (Wiersbe), ३७७।

[29]सर्विन-ह्वाइड (Sherwin-White),३:८६८।

[30]कोर्ली (Corley), ८४६। ब्रुस कोर्लीले (Bruce Corley) ले जर्मन थिएडोर मोम्सेन (Theodor Mommsen) ले गरेको अध्ययनको बारेमा उल्लेख गरेका छन्। मोन्सेनले १९०२ मा साहित्यको क्षेत्रमा नोबेल पुरस्कार प्राप्त गरेका थिए। मोन्सेनको सबैभन्दा प्रचलित रचना चार भाग लामो *रोमको इतिहास (History of Rome)* हो।

अघि बढाउने काम बडा-हाकिमको एकलौटी जिम्मेवारी हुन्थ्यो।

- यहूदी अगुवाहरूले आफ्ना दोष पिलातसलाई लगाए (यूह १८:२९, ३०; लूक २३:२)।
- पिलातसले येशूलाई केरकार गरे (मत्ती २७:११; मर्कू १५:२; लूक २३:३; यूह १८:३३-३८)।
- पिलातसले येशूलाई हेरोदकहाँ पठाएको घटना, येशूको बारेमा अर्को व्यक्तिको विचार कस्तो छ भनेर बुझ्न गरिएको कार्य सरह ठहरियो (लूक २३:१५ हेर्नुहोस्)।
- न्याय-आसनलाई धेरै पल्ट उल्लेख गरिएको छ (मत्ती २७:१९; यूह १९:१३); पिलातस रोमको आधिकारिक प्रतिनिधिको रूपमा बोले। "पन्तियस पिलातस [न्याय-आसनमा] बसे, तिनी आफै रोमको प्रतिनिधित्व बने र उनले बोलेका कुरा सम्पूर्ण रोमले बोलेको सरह ठहरियो।"[31]

पिलातसले निर्धारित प्रक्रियालाई लागू नगरेको कुरा समस्या थिएन। समस्या के थियो भने, आफ्नो फैसला सुनाएपछि, उनी त्यसमा उभिएनन्। उनले येशूलाई प्रश्न गरिसकेपछि, आरोप लगाउनेहरूकहाँ फर्केर उनले भने, "म यी मानिसमा केही दोष भेट्टाउँदिनँ" (लूक २३:४; हेर्नुहोस्: २३:१४)। न्यू इन्टरनेशनल संस्करण (NIV) मा यस्तो लेखिएको छ, "यस मानिस विरुद्ध सजाय दिने कुनै आधार म भेट्दिनँ।" त्यही बेला, उनले येशूलाई छाडिदिनु पर्नेथियो—तर उनले त्यसो गरेनन्।

परीक्षाको अवधिमा, पिलातसले येशू "दोषी छैन!" भनी पटक-पटक भने:

> "म यी मानिसमा केही दोष भेट्टाउँदिनँ" (लूक २३:४)।
>
> "... तिमीहरूकै सामुन्ने केरकार गर्दा तिमीहरूले यिनमाथि लाएका अभियोगको दोषी भेट्टाइनँ" (लूक २३:१४)।
>
> अनि तिनले तेस्रो पल्ट तिनीहरूलाई भने, "... यी मानिसले के खराबी गरेका छन् र? मैले त यिनलाई मृत्युदण्ड दिने कुनै कारण भेट्टाइनँ ..." (लूक २३:२२)।
>
> पिलातसले ... यहूदीहरूकहाँ बाहिर निस्केर गए, र तिनीहरूलाई भने, "म यिनमा केही दोष भेट्टाउँदिनँ" (यूह १८:३८)।
>
> फेरि बाहिर निस्केर पिलातसले तिनीहरूलाई भने, "हेर, म यिनलाई तिमीहरूकहाँ बाहिर ल्याइरहेछु, र तिमीहरूलाई जनाउन चाहन्छु, म यिनमा केही दोष पाउँदिनँ" (यूह १९:४)।
>
> पिलातसले तिनीहरूलाई भने, "... म यिनमा केही दोष पाउँदिनँ!" (यूह १९:६ख)।

न्यायको एउटा आधारभूत सिद्धान्त भनेको "एउटै कसूरमा दुईपटक मुद्दा" चलाउन नदिनु हो। सरल शब्दमा भनौं, "एउटै कसूरमा दुईपटक मुद्दा चलाउन नपाइने" सिद्धान्तसँग सम्बन्धित कानूनले के भन्छ भने, कुनै व्यक्तिलाई पहिले नै अपराधमुक्त गरिसकिएको छ भने त्यस व्यक्तिलाई पुन: परीक्षा गर्न मिल्दैन। पिलातसको अगाडि येशूको परीक्षणमा, उहाँ *दोहोरो* खतराको अधीनमा मात्र होइन, तर "*ट्रिपल* खतराको" ... र त्यसभन्दा बाहिर

[31]वाङ्गेरिन (Wangerin), ७९६।

पनि हुनुहुन्थ्यो।

"दोषी छैन" भन्ने आफ्नो पहिलो फैसलालाई पिलातसले लागू गर्न नसकेपछि नै, त्यस प्रक्रियाबाट न्याय भन्ने कुरा बिलाएर गयो। महासभाले येशूलाई किन मार्न चाहेका थिए त्यो कुरा बडा-हाकिमलाई थाहा थियो (मत्ती २७:१८; मर्कू १५:१०), तैपनि तिनले उहाँलाई छोडिदिएनन्। ख्रीष्ट निर्दोष हुनुहुन्छ भन्ने कुरा उनलाई थाहा थियो, तैपनि तिनले उहाँलाई कोर्रा लगाउन लगाए। येशूले मृत्यु दण्ड पाउने केही काम गर्नुभएको थिएन भन्ने कुरा तिनलाई थाहा थियो, तैपनि तिनले उहाँलाई क्रूसमा झुण्डयाउन लगाए।

राजनैतिक हिसाबले फाइदाजनक कुरो भएका कारण तिनले यी सब गरेका थिए—र उनले गरेको कुरा सही थिएन। यहूदीहरूले दवावलाई बढाउन थालेपछि "... येशूलाई आतूरीका साथ एउटा अधिकारीबाट अर्को अधिकारीकहाँ पठाइयो"[32] र अन्त्यमा, पिलातसले उहाँलाई "क्रूसमा टाँगिनलाई सुम्पिदिए" (मत्ती २७:२६)। येशूलाई पिलातसले क्रूसमा झुण्डयाउनको निम्ति पठाउँदा बिहानको लगभग ६:०० मात्रै बजेको थियो, र यसले के देखाउँछ भने, सम्पूर्ण प्रक्रिया उच्छृङ्खलताका साथ हतारै-हतारमा अघि बढाइएको थियो।

परीक्षा गरेपछि पिलातसले येशूलाई दोषी पाएका *होइनन्*। बरु, रोमी बडा-हाकिमले उहाँलाई निर्दोष भनी ठहर गरे—एकपल्ट मात्र होइन, पटक-पटक। परीक्षा र त्यसपछिका घटनामा, येशूलाई देख्नेहरूलाई उहाँ निर्दोष हुनुहुन्छ भन्ने कुरा थाहा थियो। उहाँ निर्दोष हुनुहुन्छ भन्ने कुरा उहाँका शत्रुहरूलाई पनि थाहा थियो। (उहाँको विरुद्ध " *झूटा* गवाही" खोजे [मत्ती २६:५९] र यो तथ्य, उहाँलाई दोषी ठहराउन कुनै *साँचो* प्रमाण प्राप्त गर्न सकिन्न भनेर तिनीहरूलाई थाहा थियो भन्ने कुराको प्रमाण हो।) उहाँ निर्दोष हुनुहुन्छ भन्ने कुरा पिलातसकी पत्नीलाई थाहा थियो (मत्ती २७:१९)। उहाँ निर्दोष हुनुहुन्छ भन्ने कुरा हेरोदलाई पनि थाहा थियो (लूक २३:१५)। उहाँलाई धोका दिने यहूदालाई उहाँ निर्दोष हुनुहुन्छ भन्ने थाहा थियो (मत्ती २७:४)। येशूसँग क्रूसमा झुण्डयाइएको एक जना चोरलाई येशू निर्दोष हुनुहुन्छ भन्ने थाहा भयो (लूक २३:४१)। उहाँ निर्दोष हुनुहुन्छ भन्ने कुरा उहाँलाई क्रूसमा चढाउदा इन्चार्जमा रहेका कप्तानलाई समेत थाहा थियो (हेर्नुहोस्: मत्ती २७:५४; मर्कू १५:३९)।

निष्कर्ष

यहूदीहरू र पिलातसले महसुस गर्न नसकेका कुरा के थियो भने तिनीहरूले येशूलाई परीक्षा गर्दा तिनीहरू पनि परीक्षामा थिए। तिनीहरूले येशूलाई सजाय मात्र सुनाएनन्, तिनीहरूका निर्णयद्वारा तिनीहरूले आफैलाई समेत दोषी ठहराए। केही वर्षपछि, पिलातसले आफ्नो पद गुमाए र आत्माहत्या गरे; केही दशकपछि, यरूशलेमलाई नष्ट गरियो।

---

[32]एच. आइ. हेस्टर (H. I. Hester), *द हर्ट अफ द न्यू टेस्टामेन्ट* (लिबर्टी, मो.: क्वालिटी प्रेस, १९६३), २११।

यहूदाको मृत्यु: आत्महत्या (मत्ती २७:३-१०; हेर्नुहोस्: प्रे १:१८, १९)

मत्ती २७:३-१०

[३]तब उहाँलाई पक्राउने यहूदाले उहाँमाथि दण्डाज्ञा भएको देखिकन पछुतो गऱ्यो, र मुख्य पूजाहारीहरू र धर्म-गुरुहरूलाई चाँदीका तीस सिक्का फिर्ता दिन ल्यायो, [४]र भन्यो, "मैले निर्दोष मानिसलाई धोका दिएर पाप गरेको छु।" तर तिनीहरूले भने, "हामीलाई के मतलब? तँ आफै जान्।" [५]तब चाँदीका ती सिक्काहरू मन्दिरमा फ्याँकेर त्यो गयो, र त्यसले झुण्डेर आत्महत्या गऱ्यो। [६]तर मुख्य पूजाहारीहरूले चाँदीका ती सिक्काहरू लिएर भने, "ढुकुटीमा यो राख्न उचित छैन, किनकि यो रगतको मोल हो।" [७]तिनीहरूले आपसमा सल्लाह गरेर त्यस पैसाले परदेशीहरू दफन गर्न कुमालेको जमिन किने। [८]यसैकारण त्यो जमिन आजसम्म पनि रगतको जमिन कहलाइन्छ। [९]तब यर्मिया अगमवक्ताले भनेको कुरा पूरा भयो, "तिनीहरूले चाँदीका तीस सिक्का लिए, त्यस मूल्यको रूपमा, जुन मूल्य इस्राएलका छोराहरूले तिनीमाथि तोकेका थिए, [१०]र परमप्रभुले मलाई आदेश दिनुभएअनुसार कुमालेको जमिनको निम्ति तिनीहरूले दिए।"

नचाहेर नै पिलातसले यहूदीहरूको मागलाई पूरा गरे र येशूलाई क्रूसमा झुण्डऱ्याउने आज्ञा दिए भन्ने कुरा हामीले हेऱ्यौं। येशूको परीक्षा अघि बढिरहेको बेला कुनै बेला, यहूदा—येशूलाई विश्वासघात गर्ने—ले आत्महत्या गऱ्यो।

यहूदाको मृत्यु र येशूको मृत्युलाई तुलना गर्न सकिन्छ। यहूदा झुण्डिएर मरे; येशूलाई क्रूसमा झुण्डऱ्याएर मारियो। यहूदा उनका आफ्नै हातद्वारा मारिए; येशूलाई अरूका हातद्वारा मारियो। यहूदा आफ्नै मनद्वारा दोषी भए, र येशूलाई यहूदीहरूले दोषी ठहराए र पिलातसद्वारा मृत्यु दण्ड सुनाइयो। तैपनि, हामी विशेष रूपमा के कुरालाई टिपोट गर्न चाहान्छौं भने, यहूदाको मृत्यु एउटा *दुःखान्त* घटना थियो तर येशूको मृत्यु एउटा *विजय* घटना थियो: यहूदा एक पश्चात्तापहीन आत्म-हत्याराका रूपमा मरे, तर येशू एक निष्कलंक परमेश्वरको पुत्रको रूपमा मर्नुभयो।

घटनाहरूका अनुक्रममा यहूदाको आत्महत्याको विवरणलाई कहाँ राख्ने भन्ने बारेमा हामी निश्चित छैनौं। मत्ती २७ ले "मुख्य पूजाहारी र ... धर्म-गुरुहरूले ... उहाँलाई [येशूलाई] बाँधेर लगे, र हाकिम पिलातसकहाँ सुम्पिदिए" पछि यस घटनालाई उल्लेख गरको छ (मत्ती २७:१, २)—र त्यही समयमा यो घटना घटेको हुनसक्छ। तैपनि, यहूदाले **मुख्य पूजाहारीहरू र धर्म-गुरुहरूलाई चाँदीका तीस सिक्का फिर्ता दिन ल्यायो,** तिनीहरू पिलातसको न्याय-आसन अगाडि थिएनन् तर तिनीहरू **मन्दिरमा** थिए भन्ने कुरालाई ध्यान दिनुहोस् (मत्ती २७:३, ५)। शायद, बडा-हाकिमले येशूलाई मृत्यु दण्ड दिने सहमति जनाइसकेपछि, मृत्यु दण्डको व्यवस्था मिलाउँदै गर्दा, मुख्य पूजाहारीहरू आफ्ना बिहानीको कामका निम्ति मन्दिरमा हतार-हतार आएका थिए—र यहूदाले तिनीहरूलाई त्यहीं भेटे। (पछि मुख्य पूजाहारीहरू गलगथामा थिए [मत्ती २७:४१]। यदि तिनीहरू मन्दिरमा एक-दुई घण्टाको निम्ति आएका थिए भने, त्यसपछि तिनीहरू क्रूसमा झुण्डऱ्याउने स्थानमा गए।)

येशूको परीक्षा अघि बढिरहेको बेला, **तब ... यहूदाले उहाँमाथि दण्डाज्ञा भएको देखिकन पछुतो गऱ्यो** (मत्ती २७:३क)। ख्रीष्टलाई त्यसरी दोषी ठहराइन्छ भन्ने कुरा यहूदाले सोच्दै सोचेका थिएनन्। येशू निर्दोष हुनुभएको कारणले (मत्ती २७:४) पक्राउँदैमा

उहाँलाई केही हानी हुनेछैन—र आफै समेत तीस शेकेलको धनी हुनेछन् भनेर शायद तिनले विचार गरेका थिए। तैपनि, येशूलाई मारिन्छ भन्ने कुरा निश्चित भयो, ढिलो भए पनि यहूदाको होस खुल्यो।

आफूलाई काम दिने मानिसहरूलाई यहूदाले मन्दिरमा भेटे र येशूलाई विश्वासघात गरेवापत लिएको रकम फिर्ता गर्ने प्रयास पनि गरे (मत्ती २७:३ख), तर तिनीहरूले यो लिन मानेनन्। उनले भने, **"मैले निर्दोष मानिसलाई धोका दिएर पाप गरेको छ"** (मत्ती २७:४क)। तिरस्कारका साथ, तिनीहरूले जवाफ दिए, **"हामीलाई के मतलब? तँ आफै जान्"** (मत्ती २७:४ख)। यहूदा जस्ता गद्दारीहरूलाई सेवा प्राप्त गर्नेहरूले सँधै तुच्छ रूपमा नै व्यवहार गरेका छन्।

चिसो र ढुङ्गे मन भएका मानिसहरूद्वारा घृणित भएपछि यहूदाले ढुङ्गाले छापिएको भूँइमा पैसा फ्याँकेर आफ्नो **त्यो गयो** (मत्ती २७:५क)—तर ऊ कहाँ जान सक्थ्यो र? यहूदी अगुवाहरूले तिनलाई इन्कार गरे, र प्रेरितहरूका सामने देखा पर्ने आँट उनले गरेनन्। मेरो कल्पनामा, यहूदालाई यरूशलेमको गल्लीहरू भएर दक्षिणतर्फ भौतारिदै गए, निस्तार-चाडको भीडभाडबाट मानिसहरूका अनुहारमा नहेरी ठेलठाल गर्दै अघि बढेर, अन्त्यमा सहरको दक्षिणतिर पर्ने कुमालेको बारीमा पुगेको म देख्छु। त्यहाँ **त्यसले झुण्डेर आत्महत्या गऱ्यो** (मत्ती २७:५ख)।

यहूदा हिँडेपछि, प्रधान पूजाहारीहरूले चाँदीका उक्त तीस सिक्कालाई के गर्ने त्यसबारे छलफल गरे। तिनीहरूले भने, **"ढुकुटीमा यो राख्न उचित छैन, किनकि यो रगतको मोल हो"** (मत्ती २७:६)। पुरानो करारमा यस सम्बन्धी कुनै व्यवस्था पाइँदैन, त्यसैले अवश्य नै तिनीहरूका आफ्ना मानव निर्मित कानूनका बारेमा तिनीहरूले उल्लेख गरेका हुन्। जे. डब्ल्यू. म्याकगर्भे (J. W. McGarvey) ले तिनीहरूका त्यस अनिच्छाका बारेमा यस्तो टिप्पणी दिएका छन्:

> तिनीहरूका विचार पनि अचम्मकै थियो, ... परमप्रभुको रकमलाई झिकेर त्यस रकमलाई रगतको लागि खर्च गर्ने, तर त्यसरी खर्च गरिसकेर त्यही रकमलाई फर्काउन नमान्ने! यति मात्र होइन, तिनीहरूले भनेका कुरा पनि अनौठो किसिमको नै थियो। यदि यहूदालाई दिइएको रकम वास्तविक अपराधिलाई पक्राउ गर्न दिइएको भए त्यो न्यायको रकम हुन्थ्यो, रगतको रकम होइन।[33]

ती अधिकारीहरूले त्यस रकमद्वारा **कुमालेको जमिन** किन्ने निर्णय गरे (मत्ती २७:७ख), जुन अवश्य नै कुमालेहरूका निम्ति माटो खन्ने ठाउँ थियो। यो कुमालेको जग्गा मात्र थियो र त्यो उनले प्रयोग गर्ने माटोको स्रोत थियो वा थिएन भन्ने पनि कतिपयको विचार छ। अरूका विचारमा, "कुमालेको बारी" भनेको नाम मात्रै थियो, र यो वास्तविक कुमालेसँग सम्बन्धित हुन पनि सक्छ वा नहुन पनि सक्छ। त्यस परम्परागत स्थान, यरूशलेमको दक्षिण भागमा पर्ने हिन्नोम बेँसीको पूर्वी सीमानाको दक्षिणतर्फ रहेको ओरालोमा पर्छ भनेर चौथो शताब्दीमा पत्ता लगाइएको छ।

त्यो जमिन खेतीको लागि योग्य नरहेको हुनसक्छ, त्यसकारण यसलाई कम मूल्यमा नै खरिद गर्न सकियो। यहूदी अगुवाहरूले त्यस जग्गालाई **परदेशीहरू दफन गर्न** रूपमा प्रयोग गर्नका लागि खरिद गरे (मत्ती २७:७)। "परदेशीहरू" भन्नाले यरूशलेम यात्राका

---

[33]म्याकगर्भे एण्ड पेण्ड्लेटन (McGarvey and Pendleton), ७२१।

क्रममा मृत्यु हुने गैर-यहूदीहरू भन्ने हुनसक्छ। मृतक अन्यजातिहरूलाई यहूदी कब्रस्तानमा दफन गर्न अनुमति दिइँदैनथ्यो।

मत्तीले यसमा थपेका छन्: **यसैकारण त्यो जमिन आजसम्म पनि रगतको जमिन कहलाइन्छ** (मत्ती २७:८)। अर्थात्, त्यस बारीलाई "रगतको जमिन" भनियो किनभने त्यसलाई "रगतको मोल" द्वारा खरिद गरिएको थियो (मत्ती २७:६)। "आजसम्म पनि" भन्ने वाक्यांशले त्यस घटना र मत्तीले यस विवरणलाई लेखेको समय (शायद तीस वर्ष) लाई जनाउँछ।

अन्य ठाउँमा यस्ता कुरा उल्लेख गरेजस्तै, त्यो घटनाद्वारा अगमवाणी पूरा भयो भन्ने कुरा मत्तीले टिपोट गरेका छन्:

> **तब यर्मिया अगमवक्ताले भनेको कुरा पूरा भयो, "तिनीहरूले चाँदीका तीस सिक्का लिए, त्यस मूल्यको रूपमा, जुन मूल्य इस्राएलका छोराहरूले तिनीमाथि तोकेका थिए, र परमप्रभुले मलाई आदेश दिनुभएअनुसार कुमालेको जमिनको निम्ति तिनीहरूले दिए"** (मत्ती २७:९, १०)।

९ र १० पदमा उल्लेख गरिएको वचन यर्मियाको पुस्तकमा पाइँदैन, तर यो वचन जकरियाको पुस्तकमा पाइने वचनसँग मिल्छ (जक ११:१२, १३)। स्पष्ट देखिने यस अनियमितताको बारेमा विभिन्न व्याख्याहरूलाई अघि सारिएका छन्। जस्तै, यो वचन यर्मियाद्वारा नै *बोलिएको* हुनसक्छ र पछि जकरियाले लेखेका हुन्। यर्मियाका वचनहरू बेबिलोनले दासत्वमा पारेको समयभन्दा पहिले बोलिएका हुन्, जकरियाको सेवकाइ त्यसभन्दा पछि भएको हो। तैपनि, यर्मियाले बोलेका तर नलेखिएका केही वचनहरू एकपुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण भएको हुनसक्छ—वा शायद पवित्र आत्माले जकरियालाई प्रकट गर्नुभयो। कुमाले र खेत किन्नेबारे बोलिएको यर्मियाका वचनद्वारा प्रेरणा प्राप्त गरी जकरिया प्रभावित भएर यी वचन लेखेका कारण यर्मियाको नाम उल्लेख गरिएको हुनसक्छ (यर १८:१-६; १९:१-१३; ३२:९)। अरू सम्भावनाहरूलाई पनि उल्लेख गर्न सकिन्छ। म्याकगर्भे (McGarvey) को विचारमा, सुरुमा धर्मशास्त्रलाई पुर्नलेखन गरी प्रति बनाउने व्यक्तिले गल्ती गरेर "जकरिया" लाई "यर्मिया" भनी परिवर्तन गरेको हुनसक्छ। हिब्रूमा, दुई वटा मात्रै अक्षर परिवर्तन गरिएमा यी दुई नाम अदलबदल हुनसक्छन्।[34]

यहूदाको मृत्युको विवरणलाई समावेश गर्ने सुसमाचारको पुस्तक, मत्तीको पुस्तक मात्रै हो; तर लूकाले पछि, यहूदाको स्थान प्रतिस्थापन गरिएको घटनाको विवरण दिने क्रममा यस विवरणलाई उल्लेख गरेका छन्:

> "... येशूलाई पक्रनेहरूको अगुवा यहूदाको ...।" त्यस मानिसले अधर्मको कमाइबाट एउटा जग्गा किन्यो, र उँधोमुन्टो भई खस्यो र त्यसको भुँड़ी फुट्यो, र त्यसका सबै आन्द्रा-भुँड़ी निस्के। यो कुरा यरूशलेमका बासिन्दाहरू सबैलाई थाहा भयो। त्यो जग्गाको नाउँ तिनीहरूको आफ्नो भाषामा आखेल्दामा राखियो, अर्थात् रगतको खेत (प्रे १:१६-१९)।

दुई वटा पुस्तकमा भएको विरोधाभास भनी आलोचकहरूले यी कुरा उठाउँछन्: (१)

---

[34]इबिड. (Ibid.), ७२१-२२।

पूजाहारीहरूले त्यस जमिनलाई खरिद गरे भनेर मत्तीले बताएका छन् (मत्ती २७:७), र यसलाई यहूदाले लिए भनेर लूकाले बताएका छन् (प्रे १:१८)। (२) यहूदा आफै झुण्डिएर मरे भनेर मत्तीले बताएका छन् (मत्ती २७:५), यहूदा "उधोमुन्टो भई" खसेर मऱ्यो भनेर लूकाले उल्लेख गरेका छन् (प्रे १:१८)। (३) रगतको रकमद्वारा खरिद गरिएकोले त्यस जमिलाई "रगतको जमिन" भनियो भनी मत्तीले बताएका छन् (मत्ती २७:६, ८), र यहूदाको रगत छरिएको कारण त्यस जमिनलाई यस नाम दिइयो भनी लूकाले सूचित गरेका छन् (प्रे १:१८, १९)। तैपनि, यी दुई संस्करणलाई एकरूपता गराउन कठिन छैन।

पहिलो, पूजाहारीहरूले यहूदाको पैसाद्वारा त्यस जमिनलाई खरिद गरेका कारण खास रूपमा, त्यो उसको खरिद थियो र जमिन पनि उसैको थियो।

दोस्रो, अवश्य नै यहूदा कुमालेको बारी भनिने त्यस जमिनमा झुण्डिएका हुन्। मृतक शरीर छुनुलाई यहूदीहरूले अशुद्ध मान्थे, (विशेष गरी चाडको समयमा) त्यसकारण, तिनको लाशलाई शायद कसैले छोएनन्। कसैले वास्ता नगरी, कुहिन थालेको यहूदाको लाश खस्यो र जमिनमा फुटेर छरियो। यसले गर्दा जमिनको मोल झनै कम बनाइदिएको हुनसक्छ, र यही कारणले यसलाई चाँदीका तीस सिक्कामा खरिद गर्न सकिएको हो।

तेस्रो, त्यस जमिनलाई *दुई* वटा कारणले "रगतको जमिन" भनियो। मत्तीले एउटा कारण दिएका छन् र लूकाले अर्को कारण दिएका छन्।

यी दुवै विवरणलाई एकसाथ गाभ्दा, यहूदाको मृत्यु एउटा *दुखान्त* थियो भन्ने कुरालाई यसले जोड दिन्छ। येशूले भन्नुभयो "... धिक्कार त्यस मानिसलाई, जसद्वारा मानिसको पुत्र पक्राइनेछ। त्यो मानिस त नजन्मिएकै भए त्यसको निम्ति असल हुनेथियो" (मत्ती २६:२४)। परमेश्वरलाई प्रार्थना गर्नेक्रममा, ख्रीष्टले यहूदालाई "विनाशको छोरा" भनी भन्नुभयो (यूह १७:१२)—अर्थात्, "बर्बाद भई नाश हुने" (न्यू इन्टरनेशनल संस्करण [NIV])। पत्रुसले पछि उल्लेख गरे "... प्रेरितको काममा ... जुन सेवाबाट यहूदा भड्केर आफ्नो निज ठाउँमा मऱ्यो [जहाँ उहाँ सम्बन्धित हुनुहुन्छ; न्यू इन्टरनेशनल संस्करण (NIV)]" (प्रे १:२५)। असल काम गर्ने उनको क्षमता देखेर प्रभुले यहूदालाई बोलावट दिनुभएको थियो, तर तिनले आफूले प्राप्त गरेका मौकाहरूलाई खेर फाले अनि धोकेबाज भई आत्म-दोषी भएरै मरे।

यहूदाले आत्महत्या नगरेका भए के हुन्थ्यो? यदि उनले पछि पश्चात्ताप गरी क्षमा मागेका भए? येशूले तिनलाई स्वीकार गर्नुहुन्थ्यो—किनभने उहाँलाई इन्कार गर्ने पत्रुसलाई उहाँले स्वीकार गर्नुभयो। यहूदाले किन आफैलाई परमेश्वरको अनुग्रहमा समर्पण गरेनन्? यसको उत्तर, मत्ती २७:३ मा "पश्चात्ताप लाग्यो" (ग्लानी भयो, पछुतायो) भनी अनुवाद गरिएको ग्रीक शब्दले दिनसक्छ: "... येशूलाई ज्यान सजाय दिएको कुरा सुनेर पक्राइदिने यहूदालाई पश्चात्ताप लाग्यो ...।"

किङ्ग जेम्स् संस्करण (KJV) र रिभाइज् स्टचाण्डर्ड संस्करण (RSV) मा "पश्चात्ताप गऱ्यो" भनी अनुवाद गरिएको छ तर यो सामान्य रूपमा "पश्चात्ताप गऱ्यो" भन्ने अर्थ दिने ग्रीक शब्द होइन। "पश्चात्ताप गर्नु" भन्ने अर्थ दिने ग्रीक शब्द μετανοέω (*मेटानोएओ, metanoeō*) हो। यो मिश्रित ग्रीक शब्द हो जसमा "पछि" भन्ने अर्थ दिने (μετά, *मेटा, meta*) शब्द र "विचार" भन्ने अर्थ दिने (νόημα, *नाइमा, noēma*) शब्द जोडिएको हुन्छ। ठेड रूपमा यसको अर्थ "पछि-विचार" गर्नु भन्ने हुन्छ, र यसले व्यक्तिले सोचाइ *परिवर्तन* गर्नु भन्ने अर्थ दिन्छ। मानिसमा लागू गर्दा, *मेटानोएओ* (*metanoeō*) ले सामान्यतया महत्त्वपूर्ण रूपमा हृदयलाई परिवर्तन गर्नु भन्ने अर्थ दिन्छ। पश्चात्ताप गर्नु भनेको "विचार

परिवर्तन गर्नु" हो (हिब्रू १२:१७ हेर्नुहोस्) जसको परिणामस्वरूप पश्चात्ताप गर्ने व्यक्तिको जीवनमा परिवर्तन आउँछ (प्रे २६:२०)। यसले सामान्यतया "*पापको* बारेमा मनलाई परिवर्तन" गर्नु भन्ने अर्थ दिन्छ—सामान्य रूपमा यसको अर्थ, पाप गर्न छाड्नु भन्ने हुन्छ र/वा विशेष रूपमा कुनै निश्चित पाप गर्न छोड्नु भन्ने हुन्छ।

तैपनि, मत्ती २७:३ मा प्रयोग गरिएको शब्द *मेटानोएओ* (*metanoeō*) होइन; बरु, यो शब्द μεταμέλομαι (*मेटामेलोमाइ, metamelomai*) हो, र यसको अर्थ विगतमा गरेको कामप्रति चिन्ता गर्नु तर हृदयबाट पश्चात्ताप नगर्नु भन्ने हुन्छ (२ कोर ७:१० मा उल्लेख गरिएको "शोक" र "पश्चात्ताप" शब्दलाई तुलना गर्नुहोस्)। न्यू अमेरिकन स्टयाण्डर्ड बाइबल (NASB) ले यसलाई "पश्चाताप महसुस भयो" भनी अनुवाद गरेको छ। म्याककोर्ड (McCord) अनुवादले "पश्चातापले भरिएको" भन्ने वाक्य प्रयोग गरेको छ।[35] न्यू सेन्चुरी संस्करण (NCV) मा, "धेरै खेद थियो" भन्ने वाक्य प्रयोग गरिएको छ। एम्लिफाइड बाइबल (AB) ले यस शब्दलाई यसरी अनुवाद गरेको छ:

> [येशूलाई] ज्यान सजाय दिइएको कुरा उहाँलाई धोका दिने यहूदाले सुनेपछि [यहूदा मानमनै पीरमा परे र आफूले गरेको मुर्खताप्रति तिनी चिन्ति भए; र] ग्लानी भाव सहित [नतिजाको स्वर्थमय भयभन्दा केही बढी भावसहित] तिनले चाँदीका तीस सिक्का फर्काए ...।[36]

पीरले यहूदालाई सतायो तर त्यस पीरले तिनलाई परिवर्तन भने गरेन। शोकद्वारा तिनी विचलित भए, तर त्यसले तिनलाई पश्चात्ताप गराएन। विश्वासलाई त्यागेर आफ्नो हृदयलाई कठोर पारेका, तिनले आशा गुमाए। उनको पीडित मनले, मृत्यु बाहेक त्यस समस्याबाट पार पाउने अरू कुनै उपाया देखेन। आत्महत्या सम्बन्धी अध्ययन गर्नेहरूले के भन्छन् भने आत्माहत्या गर्ने पीडित व्यक्तिले आत्म-दोषी मृत्यु नै तिनीहरूको एउटै मात्र विकल्प हो भन्ने विचार गरेको हुन्छ। कृपालु परमेश्वरमा विश्वास गर्नेहरूलाई आफ्ना निम्ति जहिल्यै पनि अर्को विकल्प हुन्छ भन्ने कुरा थाहा हुन्छ: आफ्ना पापलाई स्वीकार गर्नु, परमेश्वरलाई क्षमा माग्नु, र नयाँ सुरुवात गर्नु। यहूदाको आत्महत्यासँगै, खेर फालिएको एउटा जीवनको दु:खद अन्त्य भयो।

---

[35]हुगो म्याककोर्ड, (Hugo McCord), *म्याककोर्डस् न्यू टेस्टामेन्ट ट्रान्सलेसन अफ इभरलास्टिङ गोस्पल* (हेन्डर्सन, टेन.: फ्रीड-हार्डम्यान युनिभर्सिटि, १९८८)।

[36]एम्लिफाइड बाइबल (AB) मा *मेटामेलोमाइ (metamellomai)* लाई विभिन्न ग्रीक शब्द-अध्ययन पुस्तकहरूका आधारमा विस्तृत गरिएको हो। ती पुस्तकहरूमा मार्भिन आर. भिन्सेन्ट (Marvin R. Vincent) एण्ड रिचर्ड सी. ट्रेन्च (Richard C. Trench) का पुस्तक पनि समावेश छन्।

खण्ड ५

मृत्यु र दफन

निम्न खण्डहहरूको संयोजित अध्ययन

मत्ती २७:३१ख-६६

मर्कूस १५:२०ख-४७

लूका २३:२६-५६

यूहन्ना १९:१७-४२

शुक्रबार: येशूको मृत्युको दिन (बाँकी)

प्रेरित यूहन्नाले भनेका छन्, येशूले गर्नुभएको सबै कुरा "... प्रत्येकको बारेमा लेखिने हो भने, मलाई यस्तो लाग्छ, कि तिनका विषयमा लेखिएका पुस्तकहरू संसारैभरि पनि अटाउने थिएनन्" (यूह २१:२५)। त्यस्तै, यदि ख्रीष्टको जीवनको एउटा घटनाको बारेमा सबै कुरा लेखिएको भए संसारमा अटाउन मुस्किल पर्नेथियो: क्रूसमा उहाँको मृत्यु। ती केही घण्टाको प्रेरणाद्वारा धेरै पुस्तकहरू, निबन्ध, प्रवचन तथा गीत, चित्रकला र अन्य महान कलाहरूको सिर्जना गरिएका छन्।

येशूको जीवनमा भएका हरेक कुराले उहाँको मृत्युतर्फ औंल्यायो र उहाँको मृत्युको अपेक्षा राखी ती सबै घटनाहरू भए भन्ने कुरालाई जब हामी याद गर्छौं, क्रूसको त्यति ठूलो प्रभाव देखेर हामी अचम्मित हुनुपर्दैन र हुँदैनौं पनि (हेर्नुहोस्: मत्ती १:२१; लूक १:३१; २:३०, ३५)। धेरै पटक उहाँले आफ्नो मृत्यु हुनेछ भनी भविष्यवाणी गर्नुभयो (हेर्नुहोस्: मत्ती १६:२१; १७:२२, २३; लूक १८:३१-३३)। त्यस घटना घटेको एक महिना पहिले, उहाँ "अठोट लिएर यरूशलेमतिर लाग्नुभएको थियो" (लूक ९:५१; किङ्ग जेम्स् संस्करण [KJV]), जहाँ आफ्नो मृत्यु हुनेछ भन्ने कुरा उहाँलाई थाहा थियो। गलगथामा ख्रीष्टले बिताउनुभएको छ घण्टाले (मर्कू १५:२५, ३३, ३४, ३७) उहाँको सेवकाइमा चरमउत्कर्ष प्रदान गऱ्यो।

येशूको मृत्यु: क्रूसमा टाँगिएको
(मत्ती २७:३१ख-५६; मर्कू १५:२०ख-४१; लूक २३:२६-४९; यूह १९:१७-३०)

हामीलाई दिइएको वृत्तान्तबाहेक, येशूलाई क्रूसमा झुण्डयाउनको निम्ति तयारीहरू गर्नुपर्नेथियो: निर्देशनहरू दिइनुपर्नेथियो, मृत्यु दण्ड कसरी दिने त्यसबारे सिपाहीहरूलाई विस्तृत रूपमा बताइनुपर्नेथियो (हेर्नुहोस्: यूह २३; मत्ती २७:५४), दोष-पत्र लेखिनुपर्नेथियो (मत्ती २७:३७), र अपरिहार्य कागजातको काम समाप्त गर्नुपर्नेथियो। रोमी अधिकारीहरूले संचालन गरेका परीक्षाहरूका बारेमा रोममा लिखित विवरण पठाउनुपर्नेथियो। अन्तमा, बिहानको ९:०० बज्नुभन्दा पहिले, सबै कुरा तयारी भयो र मानिसहरूको समूह उत्तरतर्फ लागे।

क्रूससम्मको यात्रा
(मत्ती २७:३१ख-३४; मर्कू १५:२०ख-२२; लूक २३:२६-३३; यूह १९:१७)

मत्ती २७:३१ख-३४

[३१]उहाँको गिल्ला गरिसकेपछि तिनीहरूले त्यो वस्त्र फुकालिदिए, र उहाँको आफ्नै वस्त्र पहिराएर उहाँलाई क्रूसमा झुण्डयाउन लगे। [३२]जाँदाजाँदै तिनीहरूले सिमोन नाउँ भएको कुरेनीको एक जना मानिसलाई भेट्टाए, र तिनीहरूले त्यसलाई उहाँको क्रूस बोक्न कर लाए। [३३]जब तिनीहरू गलगथा भन्ने ठाउँमा आइपुगे, जसलाई खोपड़ीको स्थान भनिन्छ, [३४]तब तिनीहरूले उहाँलाई पित्त मिसाएको दाखमद्य पिउन दिए, तर उहाँले चाखेर त्यो पिउन चाहनुभएन।

मर्कूस १५:२०ख-२२

[२०ख]त्यसपछि तिनीहरूले उहाँलाई क्रूसमा टाँग्नलाई बाहिर लगे। [२१]अनि अलेक्जेन्डर र रूफसका बुबा, कुरेनी बासिन्दा सिमोनलाई गाउँबाट आइरहेका तिनीहरूले भेटे, र येशूको क्रूस बोकेर लैजान तिनलाई कर लगाए। [२२]त्यसपछि तिनीहरूले येशूलाई गलगथा भन्ने ठाउँमा ल्याए— गलगथाको अर्थ खोपड़ीको स्थान हो।

लूका २३:२६-३३

[२६]तिनीहरूले उहाँलाई त्यहाँबाट लैजाँदा, गाउँबाट आइरहेको सिमोन नाउँको कुरेनी निवासीलाई समाते, र क्रूस बोकेर उहाँको पछिपछि जान लगाए। [२७]मानिसहरूको ठूलो धुइरो उहाँको पछि लाग्यो। त्यसमा स्त्रीहरू पनि थिए, जो विलाप गर्दै र रुँदैथिए। [२८]तर तिनीहरूतिर फर्केर येशूले भन्नुभयो, "यरूशलेमका छोरी हो, मेरो निम्ति नरोओ, तर तिमीहरू आफ्नै निम्ति र आफ्ना छोराछोरीका निम्ति रोओ। [२९]किनभने ती दिन आइरहेका छन्, जब मानिसहरूले भन्नेछन्, 'धन्य बाँझीहरू र गर्भधारण नगर्ने कोखहरू र दूध नखुवाउने स्त्रीहरू।' [३०]तब तिनीहरूले पहाड़हरूलाई 'हामीमाथि खस्' र डाँड़ाहरूलाई 'हामीलाई छोप' भन्न लाग्नेछन्। [३१]किनकि तिनीहरूले रूख हरियो हुँदा यी काम गर्छन् भने, सुक्खा हुँदा के गर्लान्?" [३२]अब तिनीहरूले दुई अपराधीहरूलाई उहाँसँगै मृत्युदण्ड दिनलाई लगे। [३३]जब तिनीहरू खप्परे भन्ने ठाउँमा आए, तब त्यहाँ तिनीहरूले उहाँलाई क्रूसमा टाँगे, र ती अपराधीहरूमध्ये एक जनालाई दाहिनेपट्टि र अर्कालाई देब्रेपट्टि क्रूसमा टाँगे।

यूहन्ना १९:१७

[१७]उहाँ आफ्नो क्रूस आफै बोकेर खप्परे भनिने ठाउँमा जानुभयो, जसलाई हिब्रूमा गलगथा भनिन्छ।

इन्चार्जमा रहेका कप्तानले (मत्ती २७:५४ हेर्नुहोस्) सम्भवत: त्यस समूहलाई अगुवाइ गरेका हुनसक्छन्। तिनका पछि-पछि मृत्यु दण्डको सजाय पाउने व्यक्तिहरू हुनुहुन्थ्यो: येशू र दुई जना अपराधीहरू (लूक २३:३२)। उहाँहरूलाई उक्साउँदै अघि बढ्ने सिपाहीहरू उहाँहरूका पछि-पछि थिए। सबैभन्दा पछाडि त्यस दु:खद घटनाप्रति आकर्षित भएका मनिसहरूको भीड थियो। धेरै जना विकृत विचारसाथै जिज्ञासाका कारण आएका थिए भन्नेमा कुनै शंका छैन, तर केही महिलाहरू विलाप गरिरहेका थिए (लूक २३:२७)।

प्रचलन अनुसार, येशूले **आफ्नो क्रूस आफै बोकेर** अघि बढ्नुभएको दृश्यसँगै यो यात्राको सुरुवात भयो (यूह १९:१७)। "क्रूसको जम्मा तौल ३०० पाउण्ड (१३६ के.जि.) भन्दा बढी हुन्थ्यो," त्यसकारण शायद "क्रूसमा ठोकिने तेर्सो काठ मात्रै बोकियो" जसको तौल "७५ देखि १२५ पाउण्ड (३४ देखि ५७ के.जि.) हुन्थ्यो।"[1] सम्पूर्ण यात्रामा येशूले यो तौल बोक्न सक्नुभएन। अनिदो रात, निरन्तर यातना र दुर्व्यवहार, र रोमी कोर्राका कारण,

---

[1]विलियम डी. एडवार्डस् (William D. Edwards), विस्ली जे. ग्याबेल (Wesley J. Gabel), र फ्लोइड इ. होस्मर (Floyd E. Hosmer), "अन द फिजिकल डेथ अफ जिजस क्राइष्ट," *जर्नल अफ द अमेरिकन मेडिकल एसोसिएशन* (२१ मार्च १९८६): १४५९।

उहाँ पूर्ण रूपमा शक्तिहीन हुनुभएको थियो। उहाँको शरीर बलियो थियो—जुन कुराको प्रमाण सेवकाइको अवधिमा प्यालेष्टाइनभरि उहाँले गर्नुभएको कठिन यात्रा हो—तर उहाँ हामीजस्तै शारीरिक रूपमा थकित हुन सक्नुहुन्थ्यो (हेर्नुहोस्: यूह १:१४क; हिब्रू ४:१५)। सिपाहीहरूले उहाँको क्रूस बोकिदिने मानिस खोज्नु पर्नेथियो: **अनि अलेक्जेन्डर र रूफसका बुबा, कुरेनी बासिन्दा सिमोनलाई गाउँबाट आइरहेका तिनीहरूले भेटे, र येशूको क्रूस बोकेर लैजान तिनलाई कर लगाए** (मर्कू १५:२१)।

साइरिन (कुरेनी), अफ्रिकाको मध्य-उत्तरमा पर्ने (हाल लीबिया) साइरेनाइकाको राजधानी जिल्ला थियो। साइरिनका (कुरेनी देशका) यहूदीहरूका सभाघर यरूशलेममा नै थियो (प्रे ६:९)। सिपाहीहरूले सिमोनलाई भेटेका बेला तिनी अवश्य नै मन्दिरमा बिहानको प्रार्थना गर्न जाँदैथिए। रोमी कानून अनुसार, आफूलाई सहायता गर्नका निम्ति नागरिकहरूलाई कर लगाउन पाउने अधिकार सिपाहीहरूसँग हुन्थ्यो (मत्ती ५:४१ हेर्नुहोस्)।

मर्कूसले सिमोनका दुई जना छोराहरूका नाम उल्लेख गरेको तथ्यले के संकेत गर्छ भने पाठकहरूले तिनीहरूका नाम पहिचान गरून् भन्ने चाहाना तिनको थियो। उनले उल्लेख गरेका रूफस रोमी १६:१३ मा पावलले उल्लेख गरिएको रूफस नै हुनसक्छन्। शायद, साइरिन (कुरेनी) देशका यहूदीहरूले पनि पेन्तिकोसको दिनमा विश्वास गरे (प्रे २:१०, ३७, ४१)। पछि, साइरिन (कुरेनी) देशका इसाइहरूले येशूका बारेमा शुभ समाचार फैलाए (प्रे ११:२०)।

काठको त्यस लामो टुक्रालाई ख्रीष्टको काँधबाट सिमोनको काँधमा सारिएपछि, त्यो ताँती पुन: अघि बढ्यो (लूक २३:२६)। येशूले एउटा परम्परागत बाटोबाट भएर क्रूससम्म यात्रा गर्नुभयो (भिया डोलोरोजा, अर्थात "शोकहरूको बाटो भएर"), तर यो खास बाटोको बारेमा हामीलाई निश्चित रूपमा थाहा छैन। रोमी सेनाहरूले क्रूसमा झुण्डयाउन लैजाँदा प्राय: घुमौरो बाटो लैजान्थे—रोमको विरुद्धमा उठ्दा हुने परिणामलाई दृश्यात्मक रूपमा देखाउनलाई।

चाड मनाउन आएका तीर्थयात्रीहरूका भीडका कारण त्यो समूहको यात्रा सुस्त रूपमा अघि बढेको हुनसक्छ। कुनै बेला—शायद त्यो समूह एकैछिन रोकिनु पर्दा—येशूले भीडमा रोइरहेका स्त्रीहरूसँग बोल्ने सामर्थ्य बटुल्नुभयो:

> **यरूशलेमका छोरी हो, मेरो निम्ति नरोओ, तर तिमीहरू आफ्नै निम्ति र आफ्ना छोराछोरीका निम्ति रोओ। किनभने ती दिन आइरहेका छन्, जब मानिसहरूले भन्नेछन्, "धन्य बाँझीहरू र गर्भधारण नगर्ने कोखहरू र दूध नखुवाउने स्त्रीहरू।" तब तिनीहरूले पहाड़हरूलाई "हामीमाथि खस्" र डाँड़ाहरूलाई "हामीलाई छोप" भन्न लाग्नेछन्। किनकि तिनीहरूले रूख हरियो हुँदा यी काम गर्छन् भने, सुक्खा हुँदा के गर्लान्?** (लूक २३:२८-३१)।

येशूको वचनले त्यसपछि आउन लागेको यरूशलेमको घेराबन्दी र विनाशको बारेमा उल्लेख गर्छ (इ.सं. ६६-७०)। बच्चा हुनेहरूका निम्ति उक्त विध्वंसात्मक घटना दुई गुणा कठिन भयो। *खास कुरा* के हो भने, बालबच्चा हुनेहरूले परमेश्वरद्वारा आशिष प्राप्त गरेका हुन्छन् (भज १२७:३ हेर्नुहोस्), तर येशूले यहाँ एउटा *अपवादको* बारेमा बताउनुभयो। ३० पदलाई होशे १०:८ बाट लिइएको हो, आपदमा परेका मानिसहरूले *जुनसुकै* प्रकारको सुरक्षाको चाहाना गर्छन्।

ख्रीष्टको भनाइको अन्तिम वचनको के अर्थ हुन्छ भने, यदि रोमीहरूले "हरियो रूखलाई" (येशूलाई) यस्तो गरिरहेका थिए भने, सोच्नुहोस्, तिनीहरूले "सुकेको [रूख]" (यरूशलेमलाई) झन के गरे। यसलाई अर्को तरीकाले विचार गरौं: रोमीहरू विरुद्ध केही नगरेका *निर्दोष* येशूलाई त रोमीहरूले यस्तो गरे भने, यरूशलेमका नागरिकहरू साँच्चै यस विद्रोहको *दोषी* हुँदा तिनीहरूले यरूशलेमलाई झनै डरलाग्दो गरी विनाश गरे (यो घटना इ.सं. ६० मा घटयो)। हरियो बिरुवा जीवित हुन्छ र सुकेका बिरुवा मरेका हुन्छन् भन्ने आधारमा ख्रीष्टले यो उदाहरण दिनुभएको थियो: उहाँ आत्मिक रूपमा जीवित हुनुहुन्थ्यो, तर—सबै दृष्टिकोणबाट—यरूशलेम मरेको थियो।

यदि सडकमा जम्म भएका भीडका कारण कलवरीतिर लागेको उक्त मानिसहरूको समूह रोकिएका भए पनि, चाँडै नै यसले आफ्नो यात्रालाई निरन्तरता दियो। क्रूसमा चढाई मृत्यु दण्ड दिनलाई छुटयाइएको ठाउँ तिनीहरूको गन्तब्य थियो: **खप्परे भनिने ठाउँमा जानुभयो, जसलाई हिब्रूमा गलगथा भनिन्छ** (यूह १९:१७; हेर्नुहोस्: मत्ती २७:३३; मर्कू १५:२२; लूक २३:३३क)। ल्याटिन भाषामा यसलाई "कलवरी" भनेर चिनिन्थ्यो (लूक २३:३३; किङ्ग जेम्स् संस्करण [KJV] हेर्नुहोस्)।

गलगथा "गराउन ढोकाबाहिर" (हिब्रू १३:१२) "सहरको नजिकै" (यूह १९:२०), धेरै यात्रा गर्ने सडकको छेउमा पर्थ्यो भन्ने देखिन्छ (हेर्नुहोस्: मत्ती २७:३९; मर्कू १५:२९)। यो सहरको पर्खालको दक्षिणतर्फ, उत्तरबाट यरूशलेम आउने सडकको नजिकै पर्थ्यो। यो अवस्य नै प्रख्यात ठाउँ थियो र यो उच्च स्थान थियो, किनभने रोमीहरूले अनाज्ञाकारी हुने विचार गरिरहेका जोसुकैका निम्ति क्रूसमा दिने मृत्यु, एउटा पाठको रूपमा प्रदर्शन गर्न चाहान्थे। अवश्य नै यसमा तीन वटा स्थायी स्थानहरू तयार गरिएको थियो, दण्डित मानिसहरूको अर्को समूहको पर्खाइमा रहेको मर्ने थलो। संसारिक इतिहास अनुसार, सामान्य प्रचलन के थियो भने क्रूसको *ठाडो काठ (स्टिप्स, stipes)* पहिले नै जमिनमा गाडिएको हुन्थ्यो र क्रूसमा चढाइने व्यक्तिलाई क्रूसको *तेर्सो काठ (क्रसबीम, patibulum)* बोक्न लगाइन्थ्यो।[2]

वर्षौंदेखि, दुई वटा स्थानलाई गलगथाको रूपमा प्रस्ताव गरिएको छ। परम्परागत रूपमा मानिदै आइएको स्थान चौथो शताब्दीमा निर्माण गरिएको "पवित्र सेपुल्च्रेको चर्च" भएको स्थान हो। उन्नाइसौं शताब्दीमा, चार्लस् गोर्डोन (Charles Gordon) ले अर्को स्थानलाई प्रस्ताव गरे, जसलाई "गोर्डोनको कलवरी" (वा "हरियो पहाड") भनेर चिनिन्छ। यो दमस्कसको ढोकाबाट एकचौथाइ माइल उत्तर-पूर्वमा अवस्थित छ। गोर्डोनले परम्परागत स्थानलाई अस्वीकार गर्नुको एउटा कारण के थियो भने, उनको समयमा त्यो स्थान सहरको पर्खालभन्दा *भित्र* पर्थ्यो। ख्रीष्टको समयमा उक्त स्थान सहरको *बाहिर* पर्थ्यो भन्ने कुरा उनले महसुस गर्न सकेका थिएनन्। उक्त स्थान जहाँ रहेको भए तापनि, यसलाई "खप्परे" भनी किन भनियो, त्यसबारे हामीलाई निश्चित रूपमा थाहा छैन। गोर्डोनको कलवरीमा रहेको ढुङ्गे डाँडा खप्पर जस्तै देखिन्छ भनी केहीले विश्वास गर्छन्, तर यो मृत्यु दण्ड दिइने स्थान भएको कारणले यसलाई उक्त भयानक नाम दिइएको हुनसक्छ।[3] (परिशिष्ट २ मा "यरूशलेम शहर" र "प्यालेष्टाइनको दृश्यहरू" को नक्सा हेर्नुहोस्।)

---

[2]इबिड. (Ibid.), १४५८-५९।

[3]जोन म्याकरे (John McRay) हेर्नुहोस्, *आर्कियोलोजी एण्ड द न्यू टेस्टामेन्ट* (ग्राण्ड र्‍यापिडस्, मिचिगन बेकर बुक हाउस, १९९१), २०६-१७।

क्रूसमा पहिलो तीन घण्टा (सुरु)
(मत्ती २७:३५, ३७-३९; मर्कू १५:२३-२९; लूक २३:३३, ३८; यूह १९:१८-२२)

मत्ती २७:३५, ३७-३९

[३५]तिनीहरूले उहाँलाई क्रूसमा टाँगेपछि, चिट्ठा हालेर उहाँका वस्त्रहरू आपसमा बाँड़े।

[३७]"येशू, यहूदीहरूको राजा" भन्ने उहाँको विरुद्धको दोष-पत्र तिनीहरूले उहाँको शिरदेखि मास्तिर टाँसिदिए। [३८]उहाँसँग दुई जना डाँकूहरू क्रूसमा झुण्डयाइएका थिए, एउटा उहाँको दाहिनेपट्टि र अर्को देब्रेपट्टि। [३९]त्यहाँबाट आउने-जानेहरूले आ-आफ्नो मुन्टो हल्लाएर उहाँको गिल्ला गरे, ...।

मर्कूस १५:२३-२९

[२३]अनि तिनीहरूले उहाँलाई मूर्र मिसाएको दाखमद्य दिए। तर उहाँले त्यो ग्रहण गर्नुभएन। [२४]तिनीहरूले उहाँलाई क्रूसमा टाँगे। अनि कसले कुन भाग पाउने सो निश्चय गर्न चिट्ठा हालेर तिनीहरूले उहाँका लुगाहरू आपसमा बाँड़े। [२५]तिनीहरूले उहाँलाई क्रूसमा टाँग्दा बिहानको नौ बजेको थियो। [२६]उहाँको दोष-पत्रमा "यहूदीहरूका राजा" भन्ने लेखिएको थियो। [२७]तिनीहरूले उहाँसँग दुई जना डाँकूहरू क्रूसमा टाँगे— एउटालाई उहाँको दाहिनेपट्टि, र अर्कालाई उहाँको देब्रेपट्टि। [२८][धर्मशास्त्रको वचन यसरी पूरा भयो, "उहाँ अपराधीहरूसँग गनिनुभयो।"] [२९]त्यहाँबाट जाने मानिसहरूले आफ्नो मुन्टो हल्लाउँदै यसो भनेर उहाँलाई गिल्ला गरे, "वाह! तँ मन्दिर भत्काएर तीन दिनमा बनाउने, ...।"

लूका २३:३३, ३८

[३३]जब तिनीहरू खप्परे भन्ने ठाउँमा आए, तब त्यहाँ तिनीहरूले उहाँलाई क्रूसमा टाँगे, र ती अपराधीहरूमध्ये एक जनालाई दाहिनेपट्टि र अर्कालाई देब्रेपट्टि क्रूसमा टाँगे।

[३८]"यो यहूदीहरूको राजा हो" भन्ने दोष-पत्र पनि उहाँको मास्तिर थियो।

यूहन्ना १९:१८-२२

[१८]त्यहाँ तिनीहरूले उहाँलाई क्रूसमा टाँगे र उहाँसँग अरू दुई जनालाई टाँगे, एक जनालाई एकापट्टि र अर्कालाई अर्कोपट्टि, अनि माझमा येशूलाई। [१९]पिलातसले एउटा दोष-पत्र पनि लेखे, अनि क्रूसमाथि टाँसिदिए। त्यसमा यही लेखिएको थियो, "नासरतका येशू, यहूदीहरूको राजा।" [२०]अब धेरै यहूदीहरूले यो दोष-पत्र पढ़े, किनभने येशू क्रूसमा टाँगिनुभएको ठाउँ सहरको नजिकै थियो। यो हिब्रू, ल्याटिन र ग्रीक भाषामा लेखिएको थियो। [२१]यहूदीहरूका मुख्य पूजाहारीहरूले पिलातसलाई भने, "'यहूदीहरूका राजा' भन्ने होइन, तर 'यसले म यहूदीहरूका राजा हुँ भन्यो' भनी लेख्नुहोस्।" [२२]पिलातसले जवाफ दिए, "मैले जे लेखें, लेखें।"

अन्त्यमा मानिसहरूको त्यस समूह गन्तव्यमा पुग्यो। कैदीहरूका लुगा फुकालियो, र तीतो दाखमधबाट बनेको शरीर लटयाउने औषधी दिइयो (मत्ती २७:३४; मर्कू १५:२३)। कतिपयको विचारमा, उहाँको बारेमा चिन्ता गर्ने यहूदी महिलाहरूले त्यस पिउने पदार्थ

तयार गरेका थिए र यहूदीहरूलाई दिइने छुटको रूपमा रोमीहरूले यो खुवाउन अनुमति दिए। तीतो औषधी (अंग्रेजी बाइबल अनुसार, पित्त वा तीतो झार) हालेको दाखमद्य भनी मत्तीले उल्लेख गरेका छन्, र मर्कूसले, मूर्र हालिएको दाखमद्य भनी उल्लेख गरेका छन्। अवश्य नै यी दुवै तीतो पदार्थ त्यस मिश्रणमा हालिएको थियो। मूर्रको बारेमा हाम्रो अध्ययनमा यसभन्दा पहिले पनि उल्लेख गरेका छौं—ज्ञानीहरूका उपहारको बारेमा (मत्ती २:११) र येशूको शरीरलाई दफनको निम्ति तयारी गरेको भन्ने बारेमा अध्ययन गर्ने क्रममा (यूह १९:३९)। मूर्रलाई यसका अन्य प्रयोजनका लागि बाहेक, केही औषधिका रूपमा प्रयोग गरिन्थ्यो। पीडा कम गर्ने औषधि चाखेपछि, येशूले यसलाई लिन इन्कार गर्नुभयो (मत्ती २७:३४)। पीडाको प्याला पिउने क्रममा आफ्नो चेतना लट्टिएको उहाँले चाहानुभएन (यूह १८:११ हेर्नुहोस्)।

तब त्यहाँ तिनीहरूले उहाँलाई क्रूसमा टाँगे ... अपराधीहरूमध्ये (लूक २३:३३)। यी थोरै शब्दमा कति धेरै कुराहरू समावेश छन् भन्ने कुरा क्रूसमा चढाइएको दृश्यलाई देख्ने प्रारम्भिक पाठकहरूले बुझेका थिए। क्रूस बनाउने काठलाई भूँइमा राखिन्थ्यो। सिपाहीका कडा हातले बन्दीहरूलाई भूँइमा लडाउँथे अनि तिनीहरूका हातलाई काठमा तनक्क तान्थे। मृत्यु दण्ड दिने व्यक्तिले केही प्रहारमा पीडितको काँपिरहेका हातलाई फलामका ठूला किलाले छेँडिदिन्थे। त्यसपछि ऊ अर्को हातमा जान्थ्यो र त्यही प्रक्रियालाई दोहोऱ्याउँथ्यो। मृत्यु दण्ड दिने व्यक्ति को थिए भन्ने कुरा निश्चित रूपमा बताइएको छैन, तर पीडितलाई क्रूसमा किला ठोक्ने कामको लागि निश्चित रूपमा दक्ष व्यक्तिको आवश्यकता हुन्थ्यो: यदि सो काम राम्रोसँग गरिएन भने, शरीरलाई ती किलाका आडमा झुण्डयाइन्दा किलाले मासुलाई धुजाधुजा परिदिन्थ्यो। उपलब्ध पुरातात्त्विक प्रमाणहरूले सूचित गरे अनुसार, "किलालाई हतकेलामा होइन नाडीमा ठोकिन्थ्यो।"[4] किलाले छेडेको डोब येशूका "हातमा" थिए भनी नयाँ करारमा उल्लेख छ (यूह २०:२५, २७; हेर्नुहोस्: लूक २४:३९, ४०), तर "प्राचीन प्रथा अनुसार नाडीलाई पनि हातकै भागको रूपमा मानिन्थ्यो।"[5]

बन्दीहरूका हातमा किला ठोकिसकेपछि, तेर्सो राखिने काठ र पीडित दुवैलाई सिपाहीहरूले उचालेर क्रूसको ठाडो राखिने काठमा मिलाएर अडयाइन्थ्यो। क्रूसको काठ ठीक ठाउँमा मिलाइसकेपछि, पीडितको गोडा बाँदिन्थ्यो र तिनको खुट्टा (वा जोड्नी) लाई ठाडो काठमा किला ठोकिन्थ्यो (लूक २४:३९, ४० हेर्नुहोस्)। गोडाको स्थिति विभिन्न हुन्थे, जस्तै ठाडो काठमा गोडालाई थाम्न सहयोग गर्ने सानो काठ राखिन्थ्यो अथवा राखिन्थेन, र अरू सहयोगहरू जस्तै डोरी प्रयोग गरिन्थ्यो—तर यीमध्ये कुनलाई प्रयोग गरिएको थियो त्यसबारे बाइबलले संकेत दिएको छैन।

अंग्रेजीको ठूलो "टी" ("T") जस्तै देखिने ताउ (Tau) क्रूस र अझै बढी परिचित आकारको ल्याटिन क्रूस † लगातयत धेरै प्रकारका क्रूसहरू त्यसबेला प्रयोग गरिन्थ्यो। अर्को भिन्नै प्रकारको क्रूस थियो, अंग्रेजीको एक्स (X) आकारको क्रूस। एक्स (X) आकारको क्रूसमाथि दोष-पत्र राख्न नमिल्ने भएकोले, येशूलाई मृत्यु दण्ड दिइँदा यस प्रकारको क्रूसलाई प्रयोग गरिएन भनी हामी भन्न सक्छौं। ताउ (Tau) क्रूसमा तेर्सो काठलाई ठाडो काठको टुप्पमा ठोकिन्थ्यो। ल्याटिन क्रूसमा तेस्रो काठलाई अगडि राखी,

---

[4]एडवार्डस् (Edwards), ग्याबेल (Gabel), एण्ड होस्मर (Hosmer), १४५९।

[5]इबिड. (Ibid.), १४६२।

टुप्पको नजिकै ठोकिन्थ्यो। “ख्रीष्टको समयमा प्यालेष्टाइनमा रोमीहरूले ताउ (Tau) क्रूस नै प्रयोग गर्थे,” तर “भौगोलिक क्षेत्रका आधारमा क्रूसमा मृत्यु दण्ड दिने प्रचलन फरक-फरक थियो।”[6] प्रारम्भिक अनुत्प्रेरित परम्परा अनुसार, येशूलाई ल्याटिन क्रूसमा झुण्डयाएको हो। येशूको शिरमाथि दोष-पत्र राखिएको तथ्यले (मत्ती २७:३७; लूक २३:३८; हेर्नुहोस्: यूह १९:१९) ले यसलाई समर्थन गर्छ।

उहाँसँग दुई जना डाँकूहरू क्रूसमा झुण्डयाइएका थिए, एउटा उहाँको दाहिनेपट्टि र अर्को देब्रेपट्टि (मत्ती २७:३८; हेर्नुहोस्: मर्कू १५:२७)। **उहाँ अपराधीहरूसँग गनिनुभयो** भन्ने येशैया ५३:१२ को अगमवाणी यसद्वारा पूरा भयो (मर्कू १५:२८; हेर्नुहोस्: लूक २३:३३)। मत्ती २७:३८ मा “डाँकूहरू” भनी अनुवाद गरिएको शब्द यूहन्ना १८:४० मा बारब्बाको बारेमा उल्लेख गर्दा प्रयोग गरिएको शब्दको बहुवचन रूप हो। त्यस शब्दमा हिंसा भन्ने भाव निहित छ। “चोर” अर्थ दिने ग्रीक शब्दको विपरित यो शब्दले जबर्जस्ती लुट्नु भन्ने जनाउँछ: κλέπτης (*क्लेप्टेस्, kleptēs*) भन्ने शब्दबाट “क्लेप्टोमेनियाक” (“kleptomaniac”) भन्ने अंग्रेजी शब्द आएको हो जसको अर्थ चोरी गर्ने रोग भन्ने हुन्छ।[7] यी दुई “डाँकूहरू” बारब्बाले गरेको जस्तै अपराधमा संलग्न थिए भन्ने सम्भावना छ। यो पनि सम्भावना छ कि, भीडले “यसलाई [येशूलाई] चाहिँ मार्नै पर्छ, र बारब्बालाई छोडिदिनुपर्छ!” भनी नकराएसम्म त्यस बीचको क्रूस त्यही कुख्यात अपराधी बारब्बाको निम्ति आरक्षित थियो (लूक २३:१८)।

तीनै जना बन्दीहरूलाई क्रूसमा टाँगेपछि, मृत्यु दण्ड दिने व्यक्तिले गर्नु पर्ने एउटा अन्तिम काम थियो: प्रत्येकका शिरमाथि दोष-पत्र ठोक्नु। दोष-पत्र ठोक्नुको उद्देश्य क्रूसमा टाँग्ने व्यक्तिको अपराधलाई सूचना दिनु थियो (हेर्नुहोस्: मत्ती २७:३७; मर्कू १५:२६)। येशूको दोष-पत्रमा के लेख्ने त्यसबारे पिलातसले आदेश दिएका थिए: “यो नासरतको येशू, यहूदीहरूको राजा हो।” यो पूरा वाक्य चार वटै सुसमाचारका पुस्तकबाट लिएर पूर्ण गरिएको हो (मत्ती २७:३७; मर्कू १५:२६; लूक २३:३८; यूह १९:१९)। यी शब्दहरू **हिब्रू, ल्याटिन र ग्रीक भाषामा लेखिएका थियो** (यूह १९:२०):

ישוע הנצרי מלך היהורים

IESUS NAZARENUS REX IUDAEORUM

ΙΗΣΟΥΣ Ο ΝΑΖΩΡΑΙΟΣ
Ο ΒΑΣΙΛΕΥΣ ΤΩΝ Ι ΟΥΔΑΙΩΝ

हिब्रू यहूदी विश्वासको भाषा थियो, ल्याटिन रोमी कानूनको भाषा थियो, र ग्रीक भाषा सबैले बोल्ने आम भाषा थियो। त्यो बाटो भएर जानेहरूले तीन वटै भाषामा पढ्न सक्थेनन् भने पनि कम्तीमा एउटा भाषामा पढ्न सक्थे।

मुख्य पूजाहारीहरूले विरोध गरे। तिनीहरू त्यसबेला क्रूस टाँगिएको ठाउँमा थिए र पिलातस त्यहाँ थिएनन् त्यसकारण, शायद तिनीहरूले पिलातसलाई सन्देश पठाए र

---

[6]इबिड. (Ibid.), १४५८।

[7]डब्ल्यू. इ. वाइन (W. E. Vine), “*क्लेप्टेस्*” *(“kleptēs”), द एक्स्पाण्डेड भाइन्स् एक्स्पोसिटरी डिक्स्नरी अफ न्यू टेस्टामेन्ट वर्डस्,* एड. जोन आर. कोलेनबर्गर १११ (John R. Kohlenberger III) विद जेमस् ए. स्वानसन (James A. Swanson) [मिनिपोलिस: बेथानी हाउस पब्लिसर्स, १९८४], ९७३।

पिलातसले तिनीहरूलाई उत्तर पठाएका हुन्। अथवा यो पनि हुनसक्छ कि, येशूलाई क्रूसमा चढाइएको बेलामा मात्र यसबारे उल्लेख गरिएको भए तापनि, उक्त विरोध पिलातसको भवनमा पहिलो पटक तिनीहरूले दोष-पत्र देखेकै बेला गरेका हुन्। मुख्य पूजाहारीहरूले पिलातसलाई भने, **"'यहूदीहरूका राजा' भन्ने होइन, तर 'यसले म यहूदीहरूका राजा हुँ *भन्यो*' भनी लेख्नुहोस्"** (यूह १९:२१; जोड दिइएको छ)। तैपनि, बडा-हाकिमले ती शब्द परिवर्तन गर्न इन्कार गरे। पिलातसले जवाफ दिए, **"मैले जे लेखें, लेखें"** (यूह १९:२२)। यो एउटा सानो विजय थियो तैपनि पिलातस यसबाट निकै खुसी भएका हुनसक्छन्।

यो, बिहान र दिउँसोको बीचको समय थियो (बिहानको नौ बजे) (मर्कू १५:२५)। तीन जना मानिसलाई रोमी क्रूसमा झुण्डयाइएको थियो। गल्गथामा यताउती छरिएकाहरूमा रोमी सिपाहीहरू, यहूदी अधिकारीहरू, तिरस्कारी भीड, अनि एक-दुई जना येशूका चेलाहरू थिए (यूह १९:२५)। यो दृश्य, येशूको छ घण्टे पीडा र उहाँको मृत्युको सुरुवात थियो।

जोन फ्र्याङ्कलिन कार्टर (John Franklin Carter) ले क्रूसमा टाँगिएको यस घटनालाई यसरी व्याख्या गरेका छन्, "प्राचीन समयमा दिइएको सबैभन्दा निर्दयी, सबैभन्दा यातनापूर्ण, सबैभन्दा लज्जित, र सबैभन्दा डरलाग्दो मृत्यु दण्ड।"[8] शताब्दीऔंसम्म पर्सियाली, मिश्री, बेबिलोनी, फोनिके, र अन्यले क्रूसमा चढाई मृत्यु दण्ड दिने प्रचलनलाई नै प्रयोग गर्दै आएका थिए। तैपनि, रोमीहरूले नै यसलाई "यातना दिने एउटा माध्यम र सबैभन्दा बढी पीडा दिएर बिस्तारै मृत्यु हुने एउटा ठूलो सजायको" रूपमा सिद्ध बनाएका थिए।[9]

यस प्रकारको यातना/मृत्युदण्डमा एउटा "अपूर्व बुद्धि" को कुरा के थियो भने, जब पीडितलाई क्रूसमा झुण्डयाइन्थ्यो मर्मभेदी अंगहरू प्रभावित हुँदैनथ्यो। त्यसैले व्यक्तिको मृत्यु विस्तारै हुन्थ्यो। पीडित व्यक्ति तीन-चार दिनसम्म जीवत रहन सक्थ्यो। मर्दै गरेको व्यक्तिको घाउमा कहिलेकहीं किरा तथा चराहरूले आक्रमण गर्थ्यो। त्यो सम्पूर्ण अवधिमा, पीडित पीडा सहँदै, ज्वरोले जल्दै, र तिर्खाले यातना भोग्दै ढुकढुकीमा मात्र बाँचिरहेको हुन्थ्यो, र अन्त्यमा, पीडामुक्त हुने माध्यमको रूपमा मृत्यु आउँथ्यो।

जर्नल अफ द अमेरिकन मेडिकल एसोसिएशन (Journal of the American Medical Association), अनुसार "[क्रूसमा] हुने मृत्युका मुख्य कारणहरू धेरै हुन्थे।" पहिलो कुरा, "... जीवित हुने अवधि, पीडितलाई कति गम्भीरता पूर्वक कोर्रा हानिएको छ त्यसमा भर पर्थ्यो।"[10] त्यसपछि, क्रूसमा झुण्याइँदा समेत, नाडीमा ठोकिएको किलाका कारण "दुवै नाडीमा भतभती पोलेर अन्त्यन्तै तीखो पीडा" हुन्थ्यो। गोडालाई ठाडो काठमा किलाले ठोकिएको अवस्थामा गोडाको हालत पनि यही हुन्थ्यो। निरन्तर रूपमा, तर बिस्तारै रगत बहेर जान्थ्यो। यी सबै यातना क्रूसमा टाँगिने व्यक्तिलाई कमजोर बनाउनका निम्ति दिइन्थ्यो।

तैपनि, "... क्रूसमा सामान्य स्वासप्रस्वास गर्न कठिन हुन्थ्यो विशेष गरी स्वास बाहिर

---

[8]जोन फ्र्याङ्कलिन कार्टर (John Franklin Carter), *अ लेम्यान्स हार्मनी अफ द गोस्पल* (न्यासभेल: ब्रोडम्यान प्रेस, १९६१), ३२६।

[9]एडवार्डस् (Edwards), ग्याबेल (Gabel), एण्ड होस्मर (Hosmer), १४५८

[10]यो अनुच्छेद र अर्को अनुच्छेदम प्रयोग गरिएको उद्धरण एडवार्डस् (Edwards), ग्याबेल (Gabel), एण्ड होस्मर (Hosmer), १४६०-६१ बाट लिइएको हो।

फ्याक्नु गाह्रो हुन्थ्यो, क्रूसको सबैभन्दा प्रमुख [दुर्बल बनाउने] यातना भनेको यही नै हुन्थ्यो।" अर्को शब्दमा, क्रूसमा झुण्डिएको व्यक्तिले सास फेर्नु लगभग असम्भव नै हुन्थ्यो। "क्रूसमा झुण्डयाइएको व्यक्तिले चाहिने जति स्वासप्रस्वास गर्नलाई कुहिना लचिलो बनाई काँधबाट बल लगाएर आफ्नो [किला ठोकिएको] खुट्टाले माथि ठेल्नुपर्थ्यो।" यसले अत्यन्तै पीडा पैदा गर्थ्यो। "परिणामस्वरूप, स्वासप्रस्वास लिने हरेक प्रयास [झन्-झन्] पीडादायी र थकित तुल्याउने कुरा बन्दै जान्थ्यो।" पीडित व्यक्ति असमर्थ भएपछि "अन्त्यमा निसास्सिएरै मर्थ्यो"—सास फेर्न नपाएरै।

क्रूसमा पहिलो तीन घण्टा (जारी) (मत्ती २७:३५, ३६, ३९-४४; मर्कू १५:२४, २९-३२; लूक २३:३४-३७, ३९-४३; यूह १९:२३-२७)

मत्ती २७:३५, ३६, ३९-४४

**३५तिनीहरूले उहाँलाई क्रूसमा टाँगेपछि, चिट्ठा हालेर उहाँका वस्त्रहरू आपसमा बाँड़े।
३६तब त्यहाँ बसेर तिनीहरूले उहाँलाई पहरा दिन लागे।**

३९त्यहाँबाट आउने-जानेहरूले आ-आफ्नो मुन्टो हल्लाएर उहाँको गिल्ला गरे, ४०र भने, "ए मन्दिर भत्काउने र तीन दिनमा निर्माण गर्ने, आफैलाई बचा, र परमेश्वरको पुत्र होस् भने, क्रूसबाट ओर्लेर तल आइज।" ४१मुख्य पूजाहारीहरूले पनि शास्त्रीहरू र धर्म-गुरुहरूका सँगसँगै उहाँको गिल्ला गर्दै भने, ४२"यसले अरूलाई त बचायो, आफूलाई चाहिँ बचाउन सक्दैन। यो इस्राएलको राजा हो। अहिले क्रूसबाट तल ओर्लेर आओस्, र हामी यसलाई विश्वास गर्नेछौं। ४३यसले परमेश्वरमा भरोसा राख्छ। परमेश्वरले यसलाई चाहनुहुन्छ भने उहाँले यसलाई अहिले छुटकारा देऊन्, किनकि यसले 'म परमेश्वरको पुत्र हुँ,' भनी भन्थ्यो।" ४४अनि उहाँसँग क्रूसमा झुण्डयाइएका ती डाँकूहरूले पनि यही किसिमले उहाँको अपमान गरे।

मर्कूस १५:२४, २९-३२

२४तिनीहरूले उहाँलाई क्रूसमा टाँगे। अनि कसले कुन भाग पाउने सो निश्चय गर्न चिट्ठा हालेर तिनीहरूले उहाँका लुगाहरू आपसमा बाँड़े।

२९त्यहाँबाट जाने मानिसहरूले आफ्नो मुन्टो हल्लाउँदै यसो भनेर उहाँलाई गिल्ला गरे, "वाह! तँ मन्दिर भत्काएर तीन दिनमा बनाउने, ३०क्रूसबाट ओर्लेर आइज, र आफूलाई बचा।" ३१त्यसै गरी मुख्य पूजाहारीहरूले पनि शास्त्रीहरूसँग यसो भन्दै आपसमा उहाँको ठट्टा गरे, "यसले अरूलाई बचायो, तर आफूलाई चाहिँ बचाउन सक्दैन। ३२यो इस्राएलका राजा, ख्रीष्ट अब क्रूसबाट ओर्लेर आओस्, र हामी त्यो देख्नेछौं र विश्वास गर्नेछौं।" उहाँसँग क्रूसमा टाँगेकाहरूले पनि उहाँको निन्दा गरे।

लूका २३:३४-३७, ३९-४३

३४अनि येशूले भन्नुभयो, "हे पिता, यिनीहरूलाई क्षमा गर्नुहोस्, किनकि यिनीहरूले के गर्दैछन् सो जान्दैनन्।" अनि तिनीहरूले उहाँको वस्त्र भाग गरेर चिट्ठा हाले। ३५मानिसहरू उभिएर हेरिरहेका थिए। शासकहरूले उहाँको ठट्टा गर्दै भने, "यसले अरूलाई बचायो,

यो परमेश्वरका ख्रीष्ट तथा उहाँका चुनिएका जन हो भने यसले आफैलाई बचाओस्।”
[३६]सिपाहीहरूले पनि आएर उहाँलाई सिर्का दिँदै यसो भनेर गिल्ला गरे, [३७]“तँ यहूदीहरूका
राजा होस् भने आफूलाई बचा।”

[३९]क्रूसमा टाँगिएका अपराधीहरूमध्ये एक जना अपराधीले उहाँको अपमान गर्दै
भन्यो, “के तिमी ख्रीष्ट होइनौ? तिमी आफैलाई र हामीलाई बचाऊ।” [४०]तर त्यसलाई
हकारेर अर्कोले जवाफ दियो, “तँ पनि त्यही दण्डमा परेको छस्, तापनि परमेश्वरको डर
मान्दैनस्? [४१]हाम्रो दण्ड त न्यायोचित छ, किनकि हामीले त आफ्नो कामको उचित फल
भोगिरहेका छौं, तर यी मानिसले त केही अनुचित काम गरेका छैनन्।” [४२]तब त्यसले भन्यो,
“हे येशू, तपाईं आफ्नो राज्यमा आउनुहुँदा मलाई सम्झनुहोस्।” [४३]उहाँले त्यसलाई
भन्नुभयो, “साँच्चै म तिमीलाई भन्दछु, आजै तिमी मसित स्वर्गलोकमा हुनेछौ।”

यूहन्ना १९:२३-२७

[२३]जब सिपाहीहरूले येशूलाई क्रूसमा टाँगे, तब तिनीहरूले उहाँका वस्त्र लिएर प्रत्येक
सिपाहीलाई एक-एक भाग हुने गरी चार भाग गरे। उहाँको बाहिरी वस्त्र पनि लिए, तर त्यो
वस्त्रचाहिँ सिउनी नभएको माथिदेखि तलसम्मै बुनेको सग्लो थियो। [२४]यसकारण
तिनीहरूले आपसमा भने, “योचाहिँ नच्यातौं, तर यो कसको हुने हो भनी चिट्ठा हालौं।”
धर्मशास्त्र पूरा होस् भनेर नै यो भएको थियो: “तिनीहरूले मेरो वस्त्र आफू-आफूमा बाँड़े,
र बाहिरी वस्त्रमा चाहिँ चिट्ठा हाले।” [२५]यसकारण सिपाहीहरूले यो काम गरे। अनि
येशूको क्रूसको नजिक उहाँकी आमा, उहाँकी आमाकी बहिनी, क्लोपासकी पत्नी मरियम
र मरियम मग्दलिनी उभिरहेका थिए। [२६]जब येशूले आफ्नी आमालाई र उहाँले माया गर्नुहुने
चेला नजिकमा उभिरहेका देख्नुभयो, तब उहाँले आफ्नी आमालाई भन्नुभयो, “नारी,
हेर्नुहोस्, तपाईंको छोरो!” [२७]तब त्यस चेलालाई पनि उहाँले भन्नुभयो, “हेर, तिम्री आमा!”
त्यस बेलादेखि त्यस चेलाले उनलाई आफ्नै घरमा लगे।

क्रूसमा ख्रीष्टको छ घण्टालाई स्वभाविक रूपमै तीन-तीन घण्टाको अवधिमा विभाजन गर्न सकिन्छ: ज्योतिमय तीन घण्डा (मर्कू १५:२५, ३३) र अंध्यारो तीन घण्टा (मर्कू १५:३३)। प्रथम तीन घण्टाको समय बिहानको लगभग ९:०० बजेबाट दिउँसोसम्मको अवधि थियो।

मुख्य रूपमा मृत्यु दण्ड दिने कामको निम्ति चार सिपाहीलाई खटाइएको थियो (यूह १९:२३ हेर्नुहोस्)। यो काम गर्नेहरूलाई पीडितहरूबाट उतारिएको वस्त्र दिइन्थ्यो। सिपाहीहरूले येशूलाई क्रूसमा टाँगिसकेपछि उहाँको लुगा लिएर चार भाग लगाए र आपसमा बाँडे (यूह १९:२३क)। उहाँको बाहिरी वस्त्रहरूमा खास्टो, शिरमा लगाउने वस्त्र, पेटी, र जुत्ता रहेको हुनसक्छ।

तैपनि, एउटा वस्त्रलाई के गर्ने त्यसबारे तिनीहरू दोधारमा परे: उहाँको **बाहिरी वस्त्र** (यूह १९:२३ख)। किङ्ग जेम्स् संस्करण (KJV) मा “कोट” भनी अनुवाद गरिएको छ र न्यू इन्टरनेशनल संस्करण (NIV) मा “भित्री वस्त्र” भनी लेखिएको छ। यो ग्रिक शब्द χιτὼν (*खेटोन, chitōn*) हो र यसको अर्थ “छाला बाहिर लगाइने वस्त्र” भन्ने हुन्छ। सिपाहीहरू अलमल्ल परे किनभने यो वस्त्र **त्यो वस्त्रचाहिँ सिउनी नभएको माथिदेखि तलसम्मै बुनेको सग्लो थियो** (यूह १९:२३ग)। सामान्यतया त्यस प्रकारको वस्त्रहरू दुई वा त्यसभन्दा बढी कपडाबाट बनाइएको हुन्थ्यो। उक्त वस्त्र “माथिदेखि तलसम्म

सिउनैनपर्ने गरी बुनिएको” कारण त्यो अझै मूल्यवान सावित भयो। यसलाई धेरैपटक “प्रभुसँग भएको एउटै मात्र मूल्यवान वस्तु” भनी भनिन्छ। शायद, उक्त वस्त्र उहाँलाई सराहाना गर्ने कुनै मानिसले उपहारको रूपमा दिएको थियो। यसलाई टुक्रा-टुक्रा गरेको भए यसको मूल्य रहनेथिएन।

रोमीहरूले भने, **“योचाहिँ नच्यातौं, तर यो कसको हुने हो भनी चिट्ठा हालौं”** (यूह १९:२४क; हेर्नुहोस्: मत्ती २७:३५; मर्कू १५:२४; लूक २३:३४)। वस्त्रलाई बाँड्ने र चिट्ठा हाल्ने क्रममा मसीहको बारेमा गरिएको अगमवाणीलाई तिनीहरूले पूरा गरिरहेका थिए भन्ने कुरा तिनीहरूलाई थाहा थिएन: **तिनीहरूले मेरो वस्त्र आफू-आफूमा बाँड़े, र बाहिरी वस्त्रमा चाहिँ चिट्ठा हाले** (यूह १९:२४ख; हेर्नुहोस्: भज २२:१८)।

वस्त्रलाई बाँडिसकेपछि, **तिनीहरूले उहाँलाई पहरा दिन लागे** (मत्ती २७:३६)। येशूलाई “पहरा” दिने कामको जिम्मेवारी तिनीहरूको थियो (मत्ती २७:५४ हेर्नुहोस्)—उहाँलाई सुरक्षा दिनका लागि होइन, उहाँको मृत्यु हुनुभन्दा पहिले उहाँको शरीरलाई उहाँका मित्रहरूले लैजालान कि भनेर। सिपाहीहरूले *चोरहरूका* वस्त्र पनि बाँढेर पहरा दिएका हुनसक्छन्—तर विवरणले येशूलाई जोड दिएको छ। सामान्यतया क्रूसमा झुण्डयाइएको व्यक्तिको मृत्यु लामो समयपछि हुन्थ्यो त्यसकारण लामो समयसम्म प्रतिक्षा गर्नुपर्नेछ भन्ने तिनीहरूले अपेक्षा गरेका हुनसक्छन्।

ख्रीष्टले पीडा भोग्नुभएको देखेर कतिपयले खिसी गरे। **मानिसहरू उभिएर हेरिरहेका थिए** (लूक २३:३५क)। त्यस बाटो भएर जिज्ञासु मानिसहरू आवतजावत गरिरहेका थिए, ती अवश्य नै चाडका निम्ति सहरमा आउने तीर्थयात्रीहरू थिए। **त्यहाँबाट जाने मानिसहरूले आफ्नो मुन्टो हल्लाउँदै** [उपहासको एउटा अभिव्यक्ति] **यसो भनेर उहाँलाई गिल्ला गरे, “वाह! तँ मन्दिर भत्काएर तीन दिनमा बनाउने, क्रूसबाट ओर्लेर आइज, र आफूलाई बचा”** (मर्कू १५:२९, ३०)। मन्दिरलाई पुन:निर्माण गर्ने बारे येशूले पहिले बोल्नुभएको वचनले (यूह २:१९) मानिसहरूलाई प्रभाव परेको थियो भन्ने कुरा स्पष्ट देखिन्छ, तर तिनीहरूले यलाई गलत रूपमा बुझेका थिए। तिनीहरूले येशूलाई चुनौती दिंदै भने, **“परमेश्वरको पुत्र होस् भने, क्रूसबाट ओर्लेर तल आइज”** (मत्ती २७:४०ख)। यदि येशूले आफैलाई बचाएर क्रूसबाट ओर्लिआउनुभएको भए मानवजाति बाँच्न सक्नेथिएन भन्ने कुरा यी मानिसहरूले बुझेका थिएनन्। उहाँ परमेश्वरको पुत्र हुनुहुन्थ्यो र आफ्नो पिताको इच्छालाई पूरा गर्ने काममा समर्पित *हुनुहुन्थ्यो* त्यसकारणले उहाँ क्रूसमा नै रहनुभयो भन्ने कुरा तिनीहरूले बुझ्न सकेका थिएनन्।

शायद यहूदी अगुवाहरूले नै त्यो गिल्लालाई अघि बढाएका थिए। तिनीहरू खुसी भएका हुनसक्छन्; एक किचलोमय शत्रुलाई आफूहरूले सफलतापूर्वक समाप्त गऱ्यौं भनेर तिनीहरूले सोचेका थिए। **शासकहरूले—गरी मुख्य पूजाहारीहरूले पनि शास्त्रीहरूसँग** (लूक २३:३५; मर्कू १५:३१क)—उहाँलाई निन्दा गरे:

> **यसले अरूलाई बचायो, यो परमेश्वरका ख्रीष्ट तथा उहाँका चुनिएका जन हो भने यसले आफैलाई बचाओस्** (लूक २३:३५ख)।
>
> **यसले परमेश्वरमा भरोसा राख्छ। परमेश्वरले यसलाई चाहनुहुन्छ भने उहाँले यसलाई अहिले छुटकारा देऊन्, किनकि यसले “म परमेश्वरको पुत्र हुँ,” भनी भन्थ्यो** (मत्ती २७:४३)।

येशूको शिरतर्फ देखाउँदै, तिनीहरूले यसरी निन्दा गरे, **"यो इस्राएलको राजा हो। अहिले क्रूसबाट तल ओर्लेर आओस्, र हामी यसलाई विश्वास गर्नेछौं"** (मत्ती २७:४२ख)। केही दिनपछि नै येशूले क्रूसबाट ओर्लिएर आउनेभन्दा महान आश्चर्यकर्म गर्नलाग्नुभएको थियो—चिहानबाट निस्कि आउने—तर यसले समेत यी कठोर हृदय भएका अगुवाहरूमा अलिकति पनि विश्वास पैदा गरेन। येशू क्रूसबाट *ओर्लिनुभएन* र त्यही कुराले करोडौं मानिसहरूका हृदयमा विश्वास पैदा गर्नेछ भन्ने कुरा तिनीहरूले देख्न सकेन (यूह १२:३२ हेर्नुहोस्)। तिनीहरूले विजयका साथ यसो भनी घोषणा गरे, **"यसले अरूलाई बचायो, तर आफूलाई चाहिँ बचाउन सक्दैन"** (मर्कू १५:३१ख; मत्ती २७:४२क)। एक जना टिप्पणीकर्ताले यस्तो विचार व्यक्त गरेका छन्: "थाहा नपाई [यी अगुवाहरूले] सम्पूर्ण धर्मशास्त्रकै सबैभन्दा गहन सत्यतालाई प्रकट गरे।"[11] "तिनीहरूले कहिल्यै नसोचेको एउटा गहिरो सत्यताको बारेमा तिनीहरूले बोले: यदि उहाँले अरूलाई बचाउनेवाला हुनुहुन्थ्यो भने आफैलाई कसरी बचाउन *सक्नुहुन्थ्यो* र?"[12]

येशूलाई गरिएको गिल्लालाई सिपाहीहरूले स्वागत गरे। तिनीहरूले **आएर उहाँलाई सिर्का दिँदै यसो भनेर गिल्ला गरे, "तँ यहूदीहरूका राजा होस् भने आफूलाई बचा"** (लूक २३:३६, ३७)। येशू सँगै पीडा भोगिरहेकाहरू—दुई डाकु—पनि त्यस गिल्लाबाजीमा सहभागि भए। सामान्यतया क्रूसमा झुण्डयाइएकाहरूलाई भीडले अपमान गर्थे; तर यस घटनामा, बीचको क्रूसमा सबैको ध्यान केन्द्रित थियो। दुई डाकुहरूले आफ्ना रीस र निराशा त्यही निर्देशनतर्फ पोखाए (मत्ती २७:४४; मर्कू १५:३२ख)।

यो वैमनस्ताको बाढीलाई येशूले कसरी प्रतिक्रिया दिनुभयो? के सताउनेहरूलाई नष्ट गर्न उहाँले बाह्र पल्टन स्वर्गदूतहरूलाई बोलाउनुभयो (मत्ती २६:५३)? होइन, उहाँले प्रार्थना गर्नुभयो! आफूलाई सताउनेहरूका निम्ति प्रार्थना गर्नू भनी येशूले आफ्ना चेलाहरूलाई सिकाउनुभएको थियो (मत्ती ५:४४)। उहाँले जे सिकाउनुभएको थियो उहाँले त्यही कुरालाई यहाँ व्यवहारमा गरेर देखाउनुभयो, **"हे पिता, यिनीहरूलाई क्षमा गर्नुहोस्, किनकि यिनीहरूले के गर्दैछन् सो जान्दैनन्"** (लूक २३:३४क)।

क्रूसमा येशूले बोल्नुभएका सात "भनाइहरू" मध्ये यो पहिलो भनाइ हो। शायद उहाँले यो वचन प्रारम्भतिर बोल्नुभयो। आफूलाई सताउनेहरूका निम्ति येशूले प्रार्थना गर्नुभए तापनि, तिनीहरूले आफ्ना पापका निम्ति पश्चात्ताप गरी परमेश्वरको इच्छा अनुसार काम नगरेसम्म तिनीहरूले क्षमा प्राप्त गर्न सकेनन् (प्रे २:२२, २३, ३६-३८)।

पहिलो तीन घण्टाको अवधिमा एउटा उल्लेखनीय घटना घटयो: आफूले देखेको कुराद्वारा डाकुहरूमध्ये एक जनाको मन प्रभावित भयो। सुरुमा, दुवै डाकुहरूले प्रभुलाई दुर्व्यवहार गरेका थिए (मत्ती २७:४४; मर्कू १५:३२); तैपनि, समय बित्दै गएपछि, ख्रीष्टको गरिमा र उदार आत्माद्वारा एक जना प्रभावित भए। दुवै चोरले येशूलाई अपमान गरे भनी मत्ती र मर्कूसले सूचित गरेका छन् भने, एक जना उहाँको पक्षमा उभिए भनी लूकाले बताएका छन्। यी विवरणलाई समरूप गर्ने सबैभन्दा सरल तरीका भनेको के हो भने, एक जना चोरले ख्रीष्टलाई पहिले अपमान गरे तैपनि पछि तिनले आफ्नो मन परिवर्तन गरे भनेर मानिलिनु हो। यो पनि सम्भव छ, त्यस चोरले पहिले मनदेखि अपमान गरेका थिएनन्।

---

[11]एच. आइ. हेस्टर (H. I. Hester), *द हर्ट अफ द न्यू टेस्टामेन्ट* (लिबर्टी, मो.: क्वालिटी प्रेस, १९६३), २१४।

[12]बी. एस. डिन (B. S. Dean), "द लास्ट डे: मत्ती २६:४५—२७:६६ एण्ड प्यारालल प्यासेजस्," *टुथ फर टुडे* १२ (मार्च १९९२): २९।

क्रूसमा टाँगिएकाहरूले आफ्ना वरपरकाहरूलाई सराप्दै मरेका कुरा तिनले यसभन्दा अघि देखेका थिए होलान्, तर आफूलाई पीडा दिनेहरूका निम्ति प्रार्थना गरेका कहिल्यै देखेका थिएनन्।

एक जना डाकुले यसो भन्दै दुर्व्यवहारलाई जारी राखे, **"के तिमी ख्रीष्ट होइनौ? तिमी आफैलाई र हामीलाई बचाऊ"** (लूक २३:३९)। अर्का चोरले यसो भन्दै येशूको पक्षमा बोल्यो: **"तँ पनि त्यही दण्डमा परेको छस्, तापनि परमेश्वरको डर मान्दैनस्? हाम्रो दण्ड त न्यायोचित छ, किनकि हामीले त आफ्नो कामको उचित फल भोगिरहेका छौं, तर यी मानिसले त केही अनुचित काम गरेका छैनन्"** (लूक २३:४०, ४१)।

तिनले आफ्नो शिर प्रभुतर्फ फर्काएर भने, **"हे येशू, तपाईं आफ्नो राज्यमा आउनुहुँदा मलाई सम्झनुहोस्"** (लूक २३:४२)। तिनलाई येशूको राज्यको बारेमा कसरी थाहा भयो? के ख्रीष्टले राज्यको बारेमा प्रचार गर्नुभएको तिनले सुनेका थिए? के त्यसबेला येशूको आचरणले तिनलाई उहाँको शिरमाथि लेखिएको दोष-पत्र सही हो भन्नेमा विश्वास्त तुल्यायो? हामीलाई यसबारे बताइएको छैन। राज्यको विषयमा चोरसँग सीमित ज्ञान रहेको हुनसक्छ, तर येशू यहूदीहरू (मसीहको प्रतिक्षा गर्नेहरू) का राजा *हुनुहुन्छ*—उहाँ क्रूसमा मर्न लाग्नुभएको थियो त्यस्तो अवस्थामा समेत—उहाँले आफ्नो राज्य स्थापना गर्नुहुनेछ भन्ने कम्तीमा तिनले बुझेका थिए! त्यस घडि, येशूका चेलाहरूले भन्दा मर्न लागेका त्यस चोरले ठूलो विश्वास देखायो। चोरको यस विवरण, मुक्ति प्राप्त गर्ने मापदण्डको उदाहरण होइन, तर हामीले ख्रीष्टको लागि कसरी बोल्नुपर्छ भन्ने कुरालाई भने यसले प्रदर्शन गर्छ।

येशूले त्यस पश्चात्तापी डाकुलाई **"साँच्चै म तिमीलाई भन्दछु, आजै तिमी मसित स्वर्गलोकमा हुनेछौ"** (लूक २३:४३)। भनी भन्नुहुँदा उहाँ "आफ्नो नाम र आफ्नो मिसनप्रति अन्त्यसम्मै प्रतिवद्ध रहनुभयो।"[13] यस प्रसंगमा, "स्वर्गलोक" को अर्थ धर्मीहरूले न्यायको दिनको निम्ति पर्खने स्वर्गलोकको भाग हो। लूका १६:२२ मा पातालको यस भागलाई "अब्राहामको काख" भनी भनिएको छ। लूका २३ मा उल्लेख गरिएको "स्वर्गलोक," पाताल लोगको भाग हो भन्ने कुरा हामीलाई थाहा छ किनभने येशू मर्नुभएपछि उहाँ स्वर्गमा होइन पातालमा जानुभयो भनी पत्रुसले बताएका छन् (प्रे २:३१)। लूका २३ को "स्वर्गलोक" (बैकुण्ठ), परमेश्वर बस्नुहुने स्वर्ग होइन भन्ने कुरा पनि हामीलाई थाहा छ। येशू *त्यस दिन* बैकुण्ठ जानुभयो, तर आफू आफ्ना पिताकहाँ अझसम्म गएको छैन भनी उहाँले त्यसको धेरै दिनपछि भन्नुभयो (यूह २०:१७)।

ख्रीष्टले त्यस पश्चात्तापी चोरलाई मुक्ति दिने बाचा गर्नुभयो—क्रूसबाट होइन, तर पापको दोषबाट। उहाँले तिनलाई स्वतन्त्रता दिनुभयो—त्यस जीवनमा होइन, तर अर्को जीवनमा। पृथ्वीमा हुँदा, आफूले चाहेको जुनसुकै आधारमा क्षमा दिने शक्ति येशूसँग थियो (मर्कू २:१० हेर्नुहोस्)। त्यो शक्तिलाई उहाँले एक-दुईपल्ट मात्रै प्रयोग गर्नुभयो; तीमध्ये यो पनि एक हो।

घृणाद्वारा होइन, तर शोकद्वारा भरिएका एक-दुई जना मानिसहरू पनि क्रूसको नजिक थिए। येशूको क्रूस नजिकै उभिनेहरूमध्ये एक थिइन्, उहाँकी आमा (यूह १९:२५ख)। एकै छिनको लागि, आफ्नो मर्नलागेको छोरालाई आँशुका बीचबाट हेरिरहकी मरियमको स्थानमा आफैलाई राख्नुहोस्। शिमियोनले उनलाई चेतावनी दिएका थिए, "... तरवारले तिम्रो आफ्नै हृदय पनि छेड्नेछ" (लूक २:३५ख); त्यो क्रूर तरवारले उनको हृदयलाई त्यसै

[13]इबिड. (Ibid.)

बेला छेड्यो।

मरियमका साथमा अरू केही स्त्रीहरू पनि थिए। तिनीहरू **उहाँका** [ख्रीष्टका] **आमाकी बहिनी, क्लोपासकी पत्नी मरियम र मरियम मग्दलिनी उभिरहेका थिए** भनी यूहन्नाले परिचित गरेका छन् (यूह १९:२५ग)। क्रूसको छेउमा उभिएका स्त्रीहरूको यूहन्नाले उल्लेख गरेका सूचीलाई मत्ती र मर्कूसको सूचीसँग तुलना गर्दा (मत्ती २७:५६; मर्कू १५:४०), (येशूको आमा) मरियमको बहिनीको नाम सलोमी थियो भन्ने देखिन्छ—याकूब र यूहन्नाका आमा, तथा जब्दियाकी पत्नी। सलोमीको बारेमा हामीले प्रारम्भिक घटनामा पढेका थियौं (मत्ती २०:२०, २१)।

यूहन्नाको सूचीमा उल्लेख गरिएको "क्लोपासकी पत्नी मरियम" र मत्ती र मर्कूसको सूचीमा "[सानो] याकूब र योसेफका आमा" भनी उल्लेख गरिएको व्यक्ति, अवश्य नै एउटै व्यक्ति हुन्। मरियम मग्दलिनी तीन वटै सूचीमा उल्लेख छ। हाम्रो अध्ययनको आरम्भतिर हामीले उनलाई भेटेका थियौं (लूक ८:२, ३), र कथा अघि बढ्ने क्रममा उनलाई फेरि उल्लेख गरिनेछ।

येशूका अरू "परिचितहरू" पनि क्रूसका नजिक उपस्थित थिए (हेर्नुहोस्: लूक २३:४९क; मर्कू १५:४१ख)। शायद, केही वा सबै प्रेरितहरू टाढै उभिएर हेरिरहेका थिए। कम्तीमा यूहन्ना प्रेरित त्यहाँ थिए (यूह १९:२६ हेर्नुहोस्)। फेरि, के मान्यता राखिएको छ भने, यूहन्नाले यहाँ आफैलाई, **उहाँले** [येशूले] **माया गर्नुहुने चेला** भनी उल्लेख गरेका छन्।

शब्दले व्यक्त गर्नै नसकिने पीडा ख्रीष्टले भोगिरहनुभएको थियो, तैपनि उहाँले आफ्नी आमाको हितको सुर्ता गर्नुभयो। उहाँ मरियमको जेठो छोरो हुनुहुन्थ्यो, त्यसैले उनीप्रति आफ्नो विशेष जिम्मेवारी छ भन्ने उहाँलाई लागेको हुनसक्छ। उनलाई व्याकुल भएकी देख्दा उहाँ चिन्तित हुनुभयो। **नजिकमा उभिरहेका** यूहन्नालाई हेर्दै, **उहाँले आफ्नी आमालाई भन्नुभयो, "नारी, हेर्नुहोस्, तपाईंको छोरो!" तब त्यस चेलालाई पनि उहाँले भन्नुभयो, "हेर, तिम्री आमा!"** (यूह १९:२६, २७क)। यदि यूहन्ना उहाँका आफन्त थिए भने, येशूले आफ्नी आमाको हेरचहारको जिम्मा यूहन्नालाई किन दिए भन्ने कुरा त्यसले स्पष्ट पार्न सहायता गर्छ। एउटा अनुत्प्रेरित परम्पराका अनुसार, मरियमले आफ्नो बाँकी जीवन यूहन्नासँगै बसेर बिताइन्। अर्को अनुत्प्रेरित परम्परा अनुसार, त्यो बन्दोबस्त अस्थाई थियो त्यसैले मरियम, आफ्नो बुढेसकालका दिनमा यरूशलेममा नै बसिन्।

येशूले मरियमका लागि बन्दोबस्ती गर्नुभएको तथ्य, योसेफको मृत्यु केही समय पहिले नै भैसकेको थियो भन्ने कुराको अर्को संकेत हो। ख्रीष्टले आफ्नी आमाको हेरचहारको जिम्मा आफ्ना भाइहरूलाई अवश्य नै दिनुभएन, किनभने, त्यसबेला, तिनीहरूले उहाँलाई विश्वास गर्दैन थिए (यूह ७:५)। तिनीहरू क्रूसमा आएका थिएनन् भन्ने कुरा लगभग पक्का छ। पुनरुत्थान पछि मात्रै तिनीहरू विश्वासी भए (प्रे १:१४)।

त्यस बेलादेखि त्यस चेलाले [यूहन्ना] **उनलाई** [येशूकी आमा मरियमलाई] **आफ्नै घरमा लगे** (यूह १९:२७ख)। शायद, दयाका कारण, तिनले उनलाई तुरुन्तै गलगथाबाट लगे र चाडको बेला आफ्नो परिवार जहाँ बसिरहेका थिए, त्यहीँ पुऱ्याए। येशूले आफ्नो अन्तिम सास लिनुहुँदा क्रूसका नजिक हुने स्त्रीहरूका समूहमा मरियमको नाम उल्लेख छैन (मत्ती २७:५६; मर्कू १५:४०), यूहन्नाले उनलाई त्यहाँबाट लगे भन्ने कुराको संकेत यही तथ्यले दिन्छ। यदि यूहन्नाले उनलाई लिएर गएका थिए भने येशूको मृत्यु हुँदा तिनी फर्केर क्रूस भएको ठाउँमा आइसकेका थिए (यूह १९:३५ हेर्नुहोस्)। यदि मरियमलाई त्यस ठाउँबाट लगिएको थियो भने, आफ्नो छोराले भोग्नु परेका केही पीडाहरू तिनले देख्नु

परेन, र उच्छृंखल भीडको चपेटामा उनी परिनन्।

थप अध्ययनको निम्ति: क्रूसमा महिला

ख्रीष्टले क्रूसमा बिताउनुभएको *पहिलो* तीन घण्टाको अवधिमा, यूहन्नाले दिएका सूची अनुसार धेरै स्त्रीहरू "येशूको ... क्रूसको नजिक उभिरहेका ... थिए": "येशूको क्रूसको नजिक उहाँकी आमा [मरियम], उहाँकी आमाकी बहिनी, क्लोपासकी पत्नी मरियम र मरियम मग्दलिनी उभिरहेका थिए" (यूह १९:२५)। "क्लोपासकी पत्नी मरियम" येशूकी आमाको बहिनी थिइन् भन्ने सम्भावना छ, तर तिनीहरू दुई फरक व्यक्ति थिए भन्ने कुरालाई हामीले बिर्सनु हुँदैन। जे. डब्ल्यू. म्याकगर्भे (J. W. McGarvey) ले यस निष्कर्षका धेरै कारणहरू दिएका छन्, जसमा निम्न बुँदा पनि समावेश हुन्छ:[14] (१) दुई जना दिदीबहिनीको नाम एउटै हुने सम्भावना कम छ—मरियम। (२) "यूहन्नाले दूई जोडी महिलालाई उल्लेख गरेका छन्, प्रत्येक जोडीलाई 'र' द्वारा जोडिएको छ। पहिलो जोडीलाई येशूसँग सम्बन्धित गरिएको छ, तर नाम दिइएको छैन। येशूसँग सम्बन्धित नरहेका अरू नामसँग तिनीहरूलाई जोडिएको छ र नाम पनि दइएको छ। हिब्रू लेखकहरूले धेरै पटक यस्तो शैलीले नाम-सम्बन्धलाई प्रयोग गरेका छन्।"[15] (३) यूहन्नाले आफ्नो परिवारको कसैका पनि नाम उल्लेख नगर्ने परिपाटीसँग मरियमकी बहिनीको नाम उल्लेख नगरिएको कुरा मिल्छ। (यूहन्नाले आफ्नो नाम, आफ्ना भाइ याकूबको नाम, वा आफ्नी आमाको नाम कहिल्यै उल्लेख गरेका छैनन्; उनले येशूको आमाको नाम समेत उल्लेख गरेका छैनन्, जो शायद उनकी ठूलीआमा थिइन्।) यूहन्नाले *चार* महिलालाई उल्लेख गरेका छन् भन्ने निष्कर्ष हामीले निकाल्यौं।

क्रूसमा ख्रीष्टले बिताउनुभएको *अन्तिम* तीन घण्टाको अवधिमा—येशूकी आमालाई त्यहाँबाट लगिएपछि (यूह १९:२६, २७)—*तीन* जना स्त्रीहरूको समूहले "टाढ़ाबाट ... हेरिरहेका थिए" (मत्ती २७:५५; मर्कू १५:४०)। मत्तीले उल्लेख गरेका यी महिलाहरूको सूची यस्तो छ: "मरियम मग्दलिनी, र याकूब र योसेफकी आमा मरियम, र जब्दियाका छोराहरूकी आमा" (मत्ती २७:५६)। मर्कूसले यस्तो लेखेका छन्, "मरियम मग्दलिनी अनि सानोचाहिँ याकूब र योसेफकी आमा मरियम र सलोमी" (मर्कू १५:४०)। दुई नामहरू एउटै छन्: मरियम मग्दलिनी र याकूब (सानो) र योसेफकी (जोसेस) आमा मरियम। यसले के संकेत गर्छ भने, मर्कूसको सूचीमा उल्लेख गरिएको "सलोमी," मत्तीको सूचीमा "जब्दियाका छोराहरूकी आमा" भनी उल्लेख गरिएको व्यक्ति एउटै हो। अर्को शब्दमा भन्दा, याकूब र यूहन्नाका आमा सलोमी थिइन्।

मरियम मग्दलिनी यूहन्नाको पहिलेको सूचीमा, र मत्ती र मर्कूसको पछिल्लो सूचीमा उल्लेख गरिएको छ त्यसकारण, सूचीमा भएका यी महिला एउटै व्यक्ति हुन्। यदि यस्तो हो भने, अघिल्लो अनुच्छेदको निष्कर्षलाई ध्यानमा राख्दै, यी सूचीहरूलाई यसरी तुलना गरिएको छ:

---

[14]जे. डब्ल्यू. म्याकगर्भे र फिलिप वाइ. पेण्ड्लेटन (J. W. McGarvey and Philip Y. Pendleton), *द फोरफोल्ड अफ गोस्पल अर हार्मनी अफ फोर गोस्पलस्,* (सिन्सिनाटी:स्टयाण्डर्ड पब्लिसिङ को., १९१४), २२५, एन.।

[15]इबिड. (Ibid.)।

यूहन्नाको सूची	*मत्ती र मर्कूसका सूची*
येशूकी आमा मरियम	(त्यस ठाउँबाट जाने)
येशूको आमाकी बहिनी	सलोमी, जब्दियाकी पत्नी
मरियम, क्लोपासकी पत्नी	मरियम, याकूब र योसेफकी आमा
मरियम मग्दलिनी	मरियम मग्दलिनी

अरू "धेरै स्त्रीहरू" पनि त्यहाँ थिए (मर्कू १५:४१), त्यसकारण, सलोमी, येशूकी आमा मरियमकी बहिनी नै थिइन भन्ने कुरामा ठोकुवा गर्न सकिँदैन, तर कुरो यही थियो भन्ने सम्भावना धेरै छ र अनुमान पनि गर्न सकिन्छ। तसर्थ, प्रेरित याकूब र यूहन्ना येशूको भाइहरू पर्थे भन्ने तथ्यलाई यसले अघि सार्छ।

प्रयोग: "त्यहाँ तिनीहरूले उहाँलाई क्रूसमा टाँगे" (लूक २३:३३-३८, ४४-४६)

गन्ती गर्नै नसकिने अनगिन्ती मानिसहरू यस पृथ्वीमा मरेका छन्, तर एउटा मृत्यु फरक थियो (मत्ती २७:५४)। यस मृत्युको अपार महिमा छ, त्यसको बाबजुत पनि यसलाई हाम्रो अध्ययनको खण्डमा पाँच शब्दमा व्यक्त गर्ने प्रयास गरिएको छ: "त्यहाँ तिनीहरूले उहाँलाई क्रूसमा टाँगे" (लूक २३:३३)।

"त्यहाँ"

येशूलाई कहाँ क्रूसमा टाँगियो? उहाँलाई एउटा *क्रूर* ठाउँमा क्रूसमा टाँगियो: गलगथा, कलवरी—"खप्परे ठाउँ।" उहाँलाई क्रूसमा टाँगिएको स्थान एउटा *लाजमर्दो स्थान* थियो: दुई चोरहरूका बीचमा। तैपनि यो एउटा *उचित स्थान* थियो: सहरको पर्खाल बाहिर (हिब्रू १३:११, १२; हेर्नुहोस्: प्रे ७:५८)। अन्त्यमा, यो एउटा *विशिष्ट ठाउँ* थियो: धेरै यात्रा गर्ने सडकको छेउमा (मर्कू १५:२९, ३०)।

"तिनीहरूले"

ख्रीष्टको क्रूसमा भएको मृत्युका लागि को जिम्मेवार थिए? पहिलो, उहाँको मृत्युको जिम्मेवार पक्ष यहूदीहरू थिए। उहाँको मृत्युको लागि तिनीहरूले नै मतो गरेका थिए (मत्ती २७:१, २), र उहाँलाई मारिनुपर्छ भनी तिनीहरूले नै माग गरेका थिए (मर्कू १५:१२-१४)। ईर्ष्या र पूर्वाग्रहका कारण तिनीहरूले उहाँलाई क्रूसमा झुण्डयाए। दोस्रो, ख्रीष्टको मृत्युको जिम्मेवार रोमी सिपाहीहरू थिए। सिपाहीहरूले नै वास्तवमा येशूलाई क्रूसमा चढाउने काम गरे। तिनीहरूले उहाँलाई अज्ञानताका कारण क्रूसमा चढाए (होशे ४:६)। अन्त्यमा, ख्रीष्टको मृत्युको निम्ति हामी जिम्मेवार छौं। हाम्रा पापले उहाँलाई क्रूसमा किला ठोकी टाँग्यो (यशै ५३:६; १ कोर १५:३; २ कोर ५:२१)।

के यदि ख्रीष्टले नचाहानुभएको भए मानिसहरूसँग उहाँलाई क्रूसमा जान जबर्जस्ती गर्ने पर्याप्त राजनैतिक शक्ति थियो त? के रोमी सिपाहीहरूसँग उहाँलाई त्यहाँ जबर्जस्ती गरी लैजान सक्ने पर्याप्त लीजनहरू (फौजहरू) थिए? थिएन! (हेर्नुहोस्: यूह १०:१७, १८; मत्ती २६:५२, ५३।)

हाम्रै पापका कारण उहाँले कराउनुपर्‍यो, रुनुपर्‍यो (मत्ती २७:४६)। पापले मानिसहरूलाई परमेश्वरदेखि अलग गर्छ (यशै ५९:१, २)। परमेश्वरबाट त्यागिनु भनेको नरकको सबैभन्दा भयङ्कर दण्ड हो (२ थेस १:९), र येशूले हाम्रा निम्ति नरकको कष्ट भोग्नुभयो!

"क्रूसमा टाँगे"

ख्रीष्ट रोमी क्रूसमा मर्नुभयो, कसैले कल्पना गर्न सक्ने सबैभन्दा क्रूर यातनाको एउटा साधनमा। तैपनि, क्रूस हाम्रो प्रभुको शारीरिक कष्टको चरम अवस्था मात्रै थियो। उहाँले भोग्नुभएको पीडालाई तपाईंको मनमा सम्झनुहोस्। (मत्ती २६:३९ र यशै ५३:४ लाई पढ्नुहोस्।)

"उहाँलाई"

परमेश्वरको पुत्र क्रूसमा मारिनुभयो! कुनै बेला सबैभन्दा क्रूर यातनाको साधनको रूपमा चिनिएको क्रूस, आज सबै असल, आदर्शमय, प्रेरणादायी, र पवित्रताको चिन्ह भएको छ। किन? त्यहाँ मर्नुभएको व्यक्तिको कारण! येशूको प्रभाव रहि नै रहन्छ! उहाँ वास्तवमा नै परमेश्वरको पुत्र हुनुहुन्छ!

प्रयोग: "क्रूसमा टाँगिएको चोरलाई के भयो?" (मत्ती २७:३८-४४; लूक २३:३९-४३)

क्रूसमा झुण्डिरहेको अवस्थामा, उहाँका छेउमा झुण्डिएका चोरहरूमध्ये एक जनालाई तिनी त्यही दिन बैकुण्ठमा हुनेछन् भनी येशूले प्रतिज्ञा गर्नुभएको थियो। येशूले आफ्नो प्रतिज्ञालाई पूरा गर्नुभयो भन्नेमा हामी विश्वास गर्छौं—जब त्यस चोरको मृत्यु भयो लाजरसलाई जस्तै तिनलाई पनि स्वर्गदूतहरूले अब्राहामको काखमा लिएर गए (लूक १६:२२)। आजका गैर-इसाईहरूलाई मुक्तिको मार्ग सिकाउनका लागि यो विवरण दिइएको थियो भन्ने दाबीलाई यो तथ्यले पुष्टि गर्दैन।

चोरको बारेमा थप कुरा पनि विचार गरिन्छ। जस्तै, तिनी एक "प्रवासी पापी" थिए भनेर धेरैले मानिलिन्छन्। आधारभूतरूपमा "प्रवासी" को अर्थ, त्यो व्यक्ति जो नागरिक होइन भन्ने हो; परमेश्वरको राज्यको नागरिक नरहेका मानिसलाई उल्लेख गर्ने क्रममा धर्मशास्त्रमा कहिलेकहीं यही शब्दलाई प्रयोग गरिएको छ (एफि २:१९ हेर्नुहोस्)। यस्तो विचार गर्नेहरूले के विश्वास गर्छन् भने, चोरले पाएको मुक्तिले "प्रवासी पापीहरू" का लागि नमूना तय गर्छ—अर्थात्, गैर-इसाईहरूका लागि। तैपनि, त्यस चोर "प्रवासी पापी" मा पर्दैनथ्यो, तर उनी "परमेश्वरको पापी सन्तान" को वर्गमा पर्थ्यो। यसको बारेमा विचार गर्नुहोस्: कसले तिनलाई क्रूसमा चढाए? रोमीहरूले। रोमीहरूले रोमी नागरिकहरूलाई क्रूसमा चढाउँथे? चढाउँदेनथे।[16] कसलाई तिनीहरूले क्रूसमा चढाउँथे? कुनै इलाकामा नियम उल्लङ्घन गर्ने व्यक्तिहरूलाई। त्यस क्षेत्रमा रहेका दोषी व्यक्तिहरू यहूदीहरू नै हुन्थे। त्यस चोर यहूदी थिए भनेर हामीले निर्धक्क रूपमा मानिलिन सक्छौं। उनले अर्का

[16]रोमी नागरिकहरूका अधिकारका बारेमा, डेभिड एल. रोपर (David L. Roper) को, *प्रेरित १५—२८*, टुथ फर टुडे टिप्पणी हेरनुहोस्, एड. एडी क्लोएर (Eddie Cloer) (सेर्सी, आर्क.: रिसोर्स पब्लिकेसन्स्, २००१), ३२७।

चोरलाई भनेका शब्दहरू—"परमेश्वरको डर मान्दैनस्?"—ले तिनी यहूदी थिए भन्ने कुराको संकेत दिन्छ। धेरैजसो अन्यजातिहरूले "परमेश्वर" होइन, बरु "देवताहरू" भनी भन्थे। तिनी आज्ञाकारी यहूदी थिएनन्, तैपनि; तिनले दश-आज्ञाको कम्तीमा एउटा आज्ञालाई उल्लङ्घन गरेका थिए (प्रस २०:१५)। जे होस्, तिनी एक यहूदी थिए। त्यसकारण तिनी परमेश्वरका सन्तान थिए, किनकि—येशूको मृत्युसम्म—यहूदीहरू परमेश्वरले छनौट गर्नुभएका मानिसहरू नै थिए (व्य ७:६ हेर्नुहोस्)। यदि चोरले पाएको मुक्तिलाई आज कुनै उदाहरणको रूपमा प्रयोग गर्न सकिन्छ भने, गैर-इसाईले होइन, तर एउटा पापी इसाईले कसरी क्षमा प्राप्त गर्न सक्छ यो त्यही कुराको उदाहरण हो।

यसको साथै, चोरले बप्तिस्मा पाएका थिएनन् भन्ने पनि मान्यता छ। धेरै वर्ष पहिले बप्तिस्मा-दिने यूहन्नाको सेवकाइ सुरु भएको स्थानको नजिकै तिनी मरे। मत्तीले यूहन्नाको प्रारम्भिक लोकप्रियताको बारेमा लेखेका छन्: "यरूशलेम र सबै यहूदिया, र यर्दन वरिपरिका इलाकाका सबै मानिसहरू तिनीकहाँ गए, र आफ्ना पाप स्वीकार गर्दै यर्दन नदीमा तिनीबाट बप्तिस्मा लिन लागे" (मत्ती ३:५, ६)। त्यस क्षेत्रमा बसोबास गर्ने *धेरैले* यूहन्नाद्वारा बप्तिस्मा पाएका थिए। पछि, येशूले त्यही क्षेत्रमा आफ्नो सेवकाइ सुरु गर्नुभएपछि, उहाँ र उहाँका चेलाहरूले यूहन्नाले भन्दा धेरै मानिसहरूलाई बप्तिस्मा दिनुभयो (यूह ४:१; हेर्नुहोस्: ३:२६)। के यो सम्भव छैन र, कुनै बेला त्यस चोरले यूहन्ना वा येशूका चेलाहरूद्वारा बप्तिस्मा लिएका थिए?[17] त्यो कुरा भएको हो कि होइन त्यो त्यति महत्त्वपूर्ण कुरा होइन, र बाइबलका खण्ड सम्बन्धी तर्क गर्दा अडकलको भरमा गर्न मिल्दैन।

त्यस चोरले बप्तिस्मा पाएका थिए कि थिएनन्, त्यो त्यति महत्त्वपूर्ण कुरा होइन भनी म किन भन्छु? हामीले अघि नै उल्लेख गरेझैं, उनको मुक्ति आजका गैर-इसाईहरूले कसरी मुक्ति पाउँछन् त्यस कुराको उदाहरण थिएन। यसबारे म तीन वटा कारणहरू प्रस्तुत गर्न चाहान्छु।

पुरानो नियमलाई अन्त्य गरिनुभन्दा पहिले नै तिनको उद्धार भयो

आजको गैर-इसाईहरूलाई विश्वासमा ल्याउनका निम्ति चोरको उदाहरण प्रयोग गरिएमा यो २ तिमोथी २:१५ को सिद्धान्त विपरित हुन्छ: "शर्माउन नपर्ने र *सत्यको वचनलाई ठीकसँग प्रयोग गर्ने* कामदारजस्तै आफूले आफूलाई परमेश्वरमा ग्रहणयोग्य तुल्याउने भरमग्दूर प्रयत्न गर।" (जोड दिइएको छ।) सत्यको सन्देशलाई ठीकसँग प्रयोग गर्ने एउटा तरीका भनेको पुरानो करारको समयसँग सम्बन्धित र नयाँ करारको समयसँग सम्बन्धित कुरालाई छुटाउनु हो।

येशूको मृत्यु पुरानो करार र नयाँ करारलाई विभाजन गर्ने बिन्दु थियो भनेर बाइबलले सिकाउँछ। पावलले कलस्सीका विश्वासीहरूलाई लेखे, "तिमीहरू आफ्ना अपराध र शरीरअनुसार बेखतनामा मरेका थियौ, तर परमेश्वरले हाम्रा सबै अपराध क्षमा गरिदिएर उहाँसँगै [ख्रीष्ट] जीवित पार्नुभयो, र हाम्रो विरुद्धमा रहेको तमसुक र त्यसका सबै कानूनी दाबीहरूलाई क्रूसमा कीला ठोकी रद्द गरिदिनुभयो" (कल २:१३, १४)। प्रेरितले कुन्-कुन् नियमहरूका बारेमा कुरा गरेका हुन् भन्ने बारेमा प्रश्न छ भने, उनले १६ पदमा धेरै वर्गका नियमहरूलाई सूचीकृत गरका छन्: "खान र पिउनमा, वा पर्वको दिन, वा औंसी वा

[17]यदि कुरो त्यही थियो भने, त्यस चोरले यूहन्ना वा येशूले शिक्षा दिनुभएको सुनेका हुनसक्छन्। चोरले येशूको राज्यको बारेमा बताएको शब्दका बारेमा यसले स्पष्ट पार्नसक्छ।

शबाथ-दिन” सम्बन्धी नियमहरू। पावलले आफ्नो भनाइमा मोशाको व्यवस्थालाई पनि समावेश गरेका हुन् भन्ने कुराको प्रमाण “शबाथ-दिन” भन्ने वाक्यले दिन्छ; दश-आज्ञाको एउटा आज्ञाले भन्छ, “शबाथ-दिन पवित्र मान्नुपर्छ भनी याद राख्नू” (प्रस २०:८)।

व्यवस्थालाई नष्ट गरिएको हो भन्ने कुरालाई “रद्द गरिदिनुभयो” र “नाश गर्नुभयो” भन्ने वाक्यद्वारा सूचित गरिएको छ। त्यो कहिले भयो? “क्रूसमा किला ठोकी” भन्ने वाक्यलाई ध्यान दिनुहोस्। यसले ख्रीष्टलाई किला ठोकिएको काठलाई होइन तर येशूको *मृत्युलाई* उल्लेख गर्छ। येशूले मात्रै पुरानो करारको मागलाई पूर्ण रूपमा पूरा गरी पुरानो करारलाई पूरा गर्नुभयो। उहाँको जीवनको अन्त्यमा, यो एउटा पूरा (समाप्त) भएको करार भयो। येशूको मृत्युमा पुरानो करारलाई “रद्द” गरियो।

ठीक त्यही समयमा, नयाँ करार लागू भयो। हिब्रू ९:१५ मा, लेखकले भनेका छन्, “उहाँ [येशू] नयाँ करारका मध्यस्थ हुनुहुन्छ।” नयाँ करार लागू हुनुभन्दा पहिले कुन घटना घट्नुपरेको थियो त्यसलाई उनले त्यसपछि व्यख्या गरेका छन्: “किनकि जहाँ इच्छापत्रको प्रश्न छ त्यहाँ इच्छापत्र लेख्नेको मृत्यु भएको प्रमाणित हुनुपर्दछ। उसको मृत्यु भएपछि मात्र इच्छापत्र पक्का हुन्छ, किनकि इच्छापत्र दिने बाँचुञ्जेल त्यो पक्का ठहर्दैन” (हिब्रू ९:१६, १७)। यो तुलनालाई “अन्तिम इच्छा-पत्र” भनी विशेष करार (वा सम्झौता) को आधारमा गरिएको छ। “अन्तिम इच्छा-पत्र वा करार” कहिले लागू हुन्छ? इच्छा जाहेर गर्ने व्यक्तिको मृत्यु भएपछि—त्यसभन्दा पहिले होइन। बाइबलमा मत्तीको पुस्तकभन्दा पहिलेको पृष्ठमा यी शब्दहरू पाइन्छ: “येशू ख्रीष्टको नयाँ करार।” येशूको नयाँ करार कहिले लागू भयो? उहाँको मृत्यु भएपछि। ख्रीष्टको मृत्यु पुरानो करारको युगको अन्त्य र नयाँ करार युगको सुरुवात थियो।

चोरले मुक्ति पाएको घटना आजका गैर-इसाईहरूले पनि त्यसरी नै मुक्ति पाउँछन् भन्ने कुराको उदाहरण होइन, किनभने, पुरानो करारलाई रद्द गर्नुभन्दा पहिले नै उनले क्षमा प्राप्त गरेका थिए। हो, उनलाई येशू मर्नुभन्दा केही घण्टा पहिले मात्रै प्रतिज्ञा गरियो, तर उक्त प्रतिज्ञा क्रूसको “पुरानो करारको भागमा” नै गरिएको थियो।

नयाँ करार र अन्तिम इच्छा वा करारबीचको तुलनालाई विस्तृत गर्न सकिन्छ। इच्छा-पत्रको एउटा प्राथमिक उद्देश्य भनेको अन्तिम इच्छा जाहेर गर्ने व्यक्तिको सम्पत्तिलाई बाँडफाँट गर्नु हो। अन्तिम इच्चा जाहेर गर्ने व्यक्तिको मृत्यु भएपछि, इच्छा-पत्रबाट लाभ लिनका लागि मानिसहरूले इच्छा पत्रको शर्तलाई मान्नै पर्छ। अन्तिम इच्छा जाहेर गर्ने व्यक्ति जीवित भइन्जेलसम्म, उसले आफ्नो सम्पत्ति आफूले चाहेको व्यक्तिलाई दिन सक्छ।

उत्प्रेरित विवरणमा उल्लेख गरिए अनुसार, आफ्नो संसारिक सेवकाइको अवधिमा, पाप क्षमा गर्न सक्ने अधिकारलाई येशूले एक-दुईपल्ट मात्रै प्रयोग गर्नुभयो: पक्षाघातीको घटनामा (मत्ती ९:२-६), व्यभिचारिणी मिहलाको उद्धारमा (यूह ८:३-११), र क्रूसको चोरलाई क्षमा गरिँदा। यी सबै आफ्नो “अन्तिम इच्छा-पत्र वा करार” लागू हुनुभन्दा पहिले येशूले आफ्नो आत्मिक सम्पत्ति बाँढ्नुभएको उदाहारणहरू हुन्; आजका गैर-इसाईहरू यसरी बाँच्नेछन् भनी कसैले पनि यसद्वारा आधार स्थापना गर्ने प्रयास गर्नुहुँदैन।

ख्रीष्टले महान आज्ञा दिनुभन्दा पहिले नै तिनको उद्धार भयो

येशूको व्यक्तिगत सेवकाइको अवधिमा, उहाँले मुक्तिको लागि आवश्यक पर्ने मापदण्डहरूका बारेमा उल्लेख गर्नुभयो। उदाहरणको लागि, उहाँले नयाँ जन्मको बारेमा

बताउनुभयो (यूह ३:३, ५) र परिवर्तनको आवश्यकताबारे बताउनुभयो (मत्ती १८:३)। विश्वासको आवश्यकता (यूह ८:२४), पश्चात्ताप गर्नुको अनिवार्यता (लूक १३:३) र स्वीकार गर्नुको महत्त्वको बारेमा उहाँले जोड दिनुभयो (मत्ती १०:३२)। तैपनि, उहाँको मृत्यु, दफन, र पुनरुत्थान पछि मात्रै उहाँले महान आज्ञा दिनुभयो। मानिसहरूले मुक्ति कसरी पाउँछन् त्यसबारे उहाँले तय गर्नुभएको आफ्नो शर्तलाई पढेर सुनाउनुभयो: परमेश्वरको अनुग्रहको योग्य हुनका निम्ति मानिसले के गर्नैपर्छ।

> "यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ ..." (मत्ती २८:१९, २०)।

> "विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ, तर विश्वास नगर्ने दोषी ठहरिनेछ" (मर्कू १६:१६)।

> उहाँले तिनीहरूलाई भन्नुभयो, "यसो लेखिएको छ, कि ख्रीष्टले दुःख भोग्नु र तेस्रो दिनमा मृतकबाट जीवित हुनुपर्छ, अनि यरूशलेमबाट सुरु गरेर सबै जातिहरूलाई उहाँको नाउँमा पश्चात्ताप र पाप-क्षमाको प्रचार हुनुपर्छ" (लूक २४:४६, ४७)।

एउटा आधारभूत कानूनी सिद्धान्त के हो भने कानून पूर्व-प्रभाही हुँदैन, अर्थात्, निर्माण गर्नुभन्दा पहिलेको हकमा कानून लागू हुँदैन। यो प्रावधान, संयुक्त राज्यको संविधान, दफा क, उपदफा ९ मा समावेश छ: "... कुनै पनि पूर्व-प्रवाही कानूनलाई अनुमोदन गरिनेछैन।"[18] त्यस प्रावधानको एउटा प्रयोग के हो भने, यदि एउटा विधान आज अनुमोदन गरिएको छ, र कुनै व्यक्तिले त्यस कानूनको शर्तलाई हिजो उल्लङ्घन गरेको थियो भने, त्यस व्यक्तिलाई आजको कानूनको आधारमा अदालतमा हाजिर गराउन मिल्दैन। त्यस्तै, त्यस चर्चित डाकु, महान आज्ञा दिइनुभन्दा पहिले नै मरेका कारण, यसका शर्त तिनमा लागू भएन। तैपनि, ती शर्तहरू हामीमा लागू *हुन्छन्*। चोरले बप्तिस्मा लिनु परेन, तर हामीले लिनै पर्छ। त्यसोभए, किन आज बप्तिस्मा अत्यावश्यक कुरो होइन भनी तिनको मुक्तिलाई प्रमाणको रूपमा मानिसहरूले प्रयोग गर्ने प्रयास गर्छन् त?

शायद यो कुरालाई यस उदाहरणले प्रष्ट पार्न मदत गर्न सक्छ: यदि राष्ट्रिय आयकर पारित गरियो र तपाईंलाई आंतरिक राजस्व विभागले कर रकम तिर्नुपर्छ भनी बोलायो? आंतरिक राजस्व विभागका कर्मचारीले तपाईंलाई भन्छ, "तपाईंले आफ्नो कर तिर्नुपर्छ। असल नागरिकले आफ्नो जिम्मेवारी बहन गर्छ।" तपाईं प्रतिक्रिया दिनुहुन्छ, "तर जर्ज वासिङ्टनको बारेमा मलाई बताउनुहोस् न? उहाँ एक असल नागरिक हुनुहुन्थ्यो तैपनि उहाँले आयकर तिर्नुभएन। अब्राहाम लिङ्घनको बारेमा पनि मलाई भन्नुहोस्? उहाँले आयकर तिर्नुभएन, र उहाँ एक असल नागरिकको रूपमा परिचित हुनुहुन्थ्यो। यदि यी दुई महान व्यक्तिहरू असल नागरिक हुनुहुन्थ्यो तैपनि आयकर तिर्नुभएन भने, म पनि त्यसै गर्न सक्छु!" तपाईंलाई के लाग्छ, कर विभागको कर्मचारी तपाईंको कुरा सुनेर मख्ख पर्नेछन्? उनले यसो भन्लान् जस्तो तपाईंलाई लाग्छ, "अहो, मैले त यसरी कहिल्यै सोचेको थिइनँ! तपाईंले अवश्य नै आफ्नो कर तिर्नुपर्दैन"? होइन, कर्मचारीले तपाईंलाई, १९१३

---

[18] *ग्रोलियर मल्टिमिडिया इन्साइक्लोपेडिया,* १९९९ एड. एस.भि., "कन्स्टिटचुसन अफ द युनाइटेड स्टेट्स्।"

मा अनुमोदन गरिएको सोह्रौं संशोधनलाई देखाउन *सक्छ*। त्यसैले त्यो समयभन्दा पहिलेका व्यक्तिहरूमा यो कानून लागू भएन—जसमा वासिङ्टन, र लिङ्घन पनि समावेश छन्—तर यो हालका नागरिकमा *लागू हुन्छ*। चोरको घटनालाई देखाएर हामीले बप्तिस्मा नलिने बहाना बनाउन मिल्दैन किनभने, महान आज्ञामा येशूले मुक्तिको निम्ति शर्तहरू दिनुभन्दा *पहिले* नै तिनको उद्धार भइसकेको थियो।

पूर्ण सुसमाचार प्रचार गरिनुभन्दा पहिले नै उनको उद्धार भइसकेको थियो

पावलका अनुसार, सुसमाचार ("शुभ समाचार") को मुटुमा तीन वटा प्रमुख घटनाहरू समावेश हुन्छन्: येशूको मृत्यु, दफन, र पुनरुत्थान। उनले कोरिन्थीवासीलाई लेखे,

> भाइ हो, मैले तिमीहरूलाई प्रचार गरेको *सुसमाचार* म तिमीहरूलाई याद दिलाउन चाहन्छु, जुन सुसमाचार तिमीहरूले ग्रहण गऱ्यौ, र जसमा तिमीहरू स्थिर रहन्छौ। यस सुसमाचारद्वारा तिमीहरूको उद्धार भएको छ, यदि त्यसमा तिमीहरू अटल रह्यौ भने, नत्रता तिमीहरूले व्यर्थैमा विश्वास गऱ्यौ। किनभने मैले जे पाएँ त्यसैलाई सबैभन्दा मुख्य विषयको रूपमा तिमीहरूलाई सुम्पिदिएँ, अर्थात् पवित्र धर्मशास्त्रअनुसार *ख्रीष्ट हाम्रा पापका निम्ति मर्नुभयो। उहाँ गाडिनुभयो,* र पवित्र धर्मशास्त्रअनुसार तेस्रो दिनमा उहाँ *पुनर्जीवित पारिनुभयो* (१ कोर १५:१-४; जोड दिइएको छ)।

चोरलाई बैकुण्ठमा लैजाने प्रतिज्ञा गरिएको समयमा मृत्यु, दफन, र पुनरुत्थानको घटनाको क्रम सुरु मात्रै भएको थियो, तर त्यस बेलासम्म येशूको मृत्यु भएको थिएन; उहाँको दफन, र पुनरुत्थान भविष्यमा हुनेवाला थियो। प्रभु मृत्युबाट जीवित नभएसम्म सुसमाचारलाई "पूर्णतामा" प्रचार गर्न सकिएन। ख्रीष्टको स्वर्ग आरोहण भएको दश दिन पछि, पेन्तिकोसको दिनमा, पहिलो पल्ट सुसमाचारलाई यसको पूर्णतामा, पत्रुसद्वारा प्रचार गरियो (प्रे २:२३, २४, ३२, ३६)।

आज यो महान सुसमाचार परमेश्वरको मुक्ति दिने शक्ति भएको छ (रोम १:१६)। हामी योविना बाँच्न सक्दैनौं। यसको विपरित, सुसमाचारलाई सार्वजानिक रूपमा घोषणा गरिनुभन्दा पहिले नै चोरको मृत्यु भएको थियो। सुसमाचारको पूरा कथा कहिल्यै नसुनी तिनी जिए अनि मरे। त्यसैले, तिनको उद्धार आजका गैर-इसाईहरूमा लागू गर्न सकिने एउटा उदाहरण होइन। आजका गैर-इसाईहरूले सुसमाचारलाई सुन्नै पर्छ र त्यसलाई पालन गर्नै पर्छ, अनि मात्र उनीहरूको उद्धार हुनेछ (१ पत्र ४:१७; २ थेस १:८)।

निष्कर्ष

जसरी चोरले मुक्ति पाएका थिए त्यसरी नै धेरैले मुक्ति पाउन चाहान्छन्। कतिपयले भन्छन्, "त्यो चोर निकै बाठो थिएछ, हगि! तिनले आफूले चाहेजस्तो जीवन जिए—अरू मानिसहरूबाट फाइदा समेत लुटे—तर पछि, मर्नुभन्दा ठीक पहिले, तिनले पश्चात्ताप गरे, र प्रभुले तिनलाई बचाउनुभयो। म पनि त्यसरी नै मुक्ति पाउन चाहान्छु!" हामीले सत्यतालाई जानिसकेपछि त्यसलाई पालन गर्ने कुरालाई पाखा लगाउनुपर्छ भनेर बाइबलले सिकाउँदैन र यसो गर्ने प्रोत्साहान पनि दिँदैन। पावलले लेखेका छन्, "हेर, ग्रहणयोग्य समय *अहिले* हो, मुक्तिको दिन *अहिले* हो" (२ कोर ६:२ख; जोड दिइएको छ)।

कसैले आफ्नो मृत्यु हुनुभन्दा ठीक पहिले मात्रै पश्चात्ताप गर्ने विचार गर्छ भने, त्यस्तो अवस्थामा हुनसक्ने धेरै कुरामध्ये कुनै पनि कुरा उसको जीवनमा आइपर्न सक्छ। पहिलो कुरा, उसले त्यो मौका पाउनुभन्दा पहिले नै प्रभु आउनसक्नुहुन्छ। दोस्रो, त्यो मानिस

अचानक मर्नसक्छ। तेस्रो, उसको जीवनकालमा प्रभु आउनुभएन भने पनि वा उनको मृत्यु अचानक भएन भने पनि, व्यक्तिको हृदय कठोर हुनसक्छ र पश्चात्ताप गर्ने कुरा उनका निम्ति असम्भव हुनसक्छ (हिब्रू ६:६ हेर्नुहोस्)। हिब्रूको पुस्तकका लेखकले आफ्ना पाठकहरूलाई यस्तो अनुरोध गरेका छन्, "आज तिमीहरूले उहाँको शब्द सुन्यौ भने तिमीहरूका हृदय कठोर नगर" (हिब्रू ४:७ख)। तपाईंले के गरेको प्रभु चाहानुहुन्छ त्यो कुरा तपाईंलाई थाहा छ भने त्यसलाई टार्ने काम कहिल्यै नगर्नुहोस्।

अब हाम्रो नजरलाई चोर मरेको क्रूसको छेउबाट फर्काएर बीचको क्रूसमा केन्द्रित गरौं, जहाँ मुक्तिदाता हाम्रा निम्ति मर्नुभयो। यदि हामीले उहाँलाई प्रेम गर्छौं भने उहाँले दिएको आज्ञा मान्छौं (यूह १४:१५)। उहाँको आज्ञालाई मान्ने कामलाई टार्नका निम्ति बहाना खोज्नेछैनौं। बरु, प्रेम र कृतज्ञताले भरिएका हृदयसहित हामी उहाँमा समर्पित हुनेछौं।

क्रूसमा अन्तिम तीन घण्टा
(मत्ती २७:४५-५४; मर्कू १५:३३-४१; लूक २३:४४-४९; यूह १९:२८-३०)

मत्ती २७:४५-५४

४५अब मध्याह्नदेखि तीन बजेसम्म सारा देशमा अन्धकार भयो। ४६तीन बजेतिर येशू यसो भनेर ठूलो सोरले कराउनुभयो, "इलोई, इलोई, लामा सबखथनी?" अर्थात्, "हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईंले मलाई किन त्याग्नुभएको छ?" ४७त्यहाँ उभिएकाहरूमध्ये कति जनाले यो सुनेर भने, "यस मानिसले एलियालाई बोलाउँदैछ।" ४८तिनीहरूमध्ये एक जनाले झट्टै दगुरेर गई एउटा स्पन्ज लिई सिर्कामा चोपेर निगालोमा राखी उहाँलाई पिउन दियो। ४९तर बाँकीले भने, "हेरौं, कतै एलिया यिनलाई बचाउन आउँछन् कि?" ५०तब येशू फेरि ठूलो सोरले कराउनुभयो र आफ्नो आत्मा त्याग्नुभयो। ५१त्यसै घड़ी मन्दिरको पर्दा टुप्पादेखि फेदसम्म दुई भाग भएर च्यातियो, र जमिन काँप्न लाग्यो, र चट्टानहरू फुटे। ५२चिहानहरू उघारिए, र सुतिगएका धेरै सन्तहरूका मृत शरीर जीवित भई उठे, ५३र तिनीहरू चिहानहरूबाट निस्के, र मृतकबाट येशूको पुनरुत्थान भएपछि तिनीहरू पवित्र सहरमा प्रवेश गरे र धेरैकहाँ देखा परे। ५४जब कप्तान र तिनीसँग येशूलाई रुँग्नेहरूले भूकम्प र त्यहाँ भइरहेका घटना देखे, तब अति भयभीत भएर तिनीहरूले यसो भने, "साँच्चै, यिनी परमेश्वरका पुत्र रहेछन्।"

मर्कूस १५:३३-४१

३३बाह्र बजेदेखि तीन बजेसम्म सारा देशलाई अन्धकारले छोप्यो। ३४तीन बजेतिर यसो भनेर येशू ठूलो सोरले कराउनुभयो, "इलोई, इलोई, लामा सबखथनी?"— जसको अर्थ हो, "हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईंले मलाई किन त्याग्नुभएको छ?" ३५वरपर उभिनेहरूमध्ये कोही-कोहीले यो सुनेर भने, "सुन, त्यसले एलियालाई बोलाउँदैछ।" ३६अनि एक जनाले दौड़ेर गई एउटा स्पन्ज सिर्कामा पूरै चोपेर एउटा लामो निगालोमा यसो भनेर उहाँलाई पिउन दियो, "हेरौं, कतै एलिया त्यसलाई झार्न आउँछन् कि।" ३७तब येशूले ठूलो सोर निकालेर प्राण त्याग्नुभयो। ३८अनि मन्दिरको पर्दा टुप्पादेखि फेदसम्मै दुई भाग भई च्यातियो। ३९येशूले यसरी प्राण त्याग्नुभएको देखेर उहाँको सामने उभिएका कप्तानले भने, "साँच्चै नै यी मानिस परमेश्वरका पुत्र रहेछन्।" ४०त्यहाँ टाढ़ैबाट हेरिरहने केही स्त्रीहरू

पनि थिए। तिनीहरूमध्ये मरियम मग्दलिनी अनि सानोचाहिँ याकूब र योसेफकी आमा मरियम र सलोमी थिए। ४१उहाँ गालीलमा हुनुहुँदा, यिनीहरूले उहाँलाई पछ्याउँथे, र उहाँको सेवा-टहल गर्थे। येशूको साथमा यरूशलेममा आएका अरू धेरै स्त्रीहरू पनि त्यहाँ थिए।

लूका २३:४४-४९

४४प्राय: दिउँसोको बाह्र बजेको थियो, र तीन बजेसम्म सारा देशलाई अन्धकारले ढाक्यो। ४५सूर्यको तेजै कम भयो, र मन्दिरको पर्दा माझमा च्यातिएर दुई भाग भयो। ४६उच्च सोरले कराएर येशूले भन्नुभयो, "हे पिता, म मेरो आत्मा तपाईंको हातमा सुम्पन्छु।" यति भनेर उहाँले आफ्नो प्राण त्यागिदिनुभयो। ४७यो सब घटना देखेर कप्तानले यसो भन्दै परमेश्वरको महिमा गरे, "निश्चय नै यिनी धार्मिक मानिस थिए।" ४८यो दृश्य हेर्न जम्मा भएका सबै मानिसहरूले यी सब देखे, र आ-आफ्ना छाती पिट्दै घर फर्के। ४९तर उहाँका चिनाजानीहरू र गालीलबाट उहाँको पछिपछि आउने स्त्रीहरू टाढ़ा उभिएर यी घटनाहरू हेरिरहे।

यूहन्ना १९:२८-३०

२८यसपछि येशूले सबै कुरा अब सिद्धिए भनी जानेर धर्मशास्त्र पूरो होस् भनी भन्नुभयो, "मलाई तिर्खा लाग्यो।" २९त्यहाँ सिर्काले भरिएको एउटा भाँड़ो राखिएको थियो। यसकारण सिर्काले भरिएको स्पञ्ज एउटा हिसपको हाँगामा राखेर तिनीहरूले उहाँको मुखमा पुऱ्याइदिए। ३०जब येशूले सिर्का लिनुभयो, तब उहाँले भन्नुभयो, "अब सिद्धियो," र उहाँले शिर निहुराएर आफ्नो आत्मा त्यागिदिनुभयो।

दिउँसोको बाह्र बजेको थियो (लूक २३:४४क)—अर्थात्, घामको प्रकाश सबैभन्दा तातो हुने बेला, लगभग मध्यदिन। **... सारा देशलाई अन्धकारले ढाक्यो। सूर्यको तेजै कम भयो** (लूक २३:४४ग, ४५क)। के त्यो अन्धकार अचानक भयो? उक्त अन्धकार यहूदियामा मात्रै सीमित थियो कि सम्पूर्ण प्यालेष्टाइनमा भयो, अथवा त्यसभन्दा बाहिर समेत फैलियो, त्यसबारे हामीलाई बताइएको छैन। "सारा देश" भन्ने वाक्यले यीमध्ये कुनै क्षेत्रलाई जनाउन सक्छ। रोमी इतिहासमा समेत त्यस असामान्य घटनाको अभिलेख राखिएको छ भनिन्छ।

त्यो अन्धकार सूर्य ग्रहण थियो भनी भनिएको छ, तर निस्तार-चाडको अवधिमा सूर्य ग्रहण हुने सम्भावना थिएन। "[यो चाड] लाई पूणिमाको दिनमा मनाइन्थ्यो (प्रस १२:६)"[19]—र पूर्णिमाको बेला सूर्य ग्रहण हुनसक्दैन। पूर्णिमाको समयमा सूर्य र चन्द्रमा पृथ्वीका दुई विपरित दिशामा हुन्छन् (र सूर्यको किरणलाई चन्द्रमाले प्रतिबिम्बित गर्ने यो चरम अवस्था हो)। पृथ्वी र सूर्यको बीचमा चन्द्रमा आएको अवस्थामा सूर्य ग्रहण देखापर्छ—सूर्य र चन्द्रमा, पृथ्वीको विपरित दिशामा भएको बेला यो हुने असम्भवना हुँदैन। आकाशमा रहेको बादलको कारण त्यस घटना घटेको हो भन्ने कुरा पनि प्रमाणित हुँदैन।

---

[19]एम. आर. विल्सन (M. R. Wilson), "पासओभर" ("Passover"), *द इन्टनेश्नल स्टचाण्डर्ड बाइबल इन्साइक्लोपेडिया,* रेभ., एड. जिओफ्रे डब्ल्यू. ब्रोमिली (Geoffrey W. Bromiley) (ग्राण्ड ऱ्यापिड्स्, मिचिगन: डब्लूएम. बी. इर्डम्यान्स् पब्लिसिङ को., १९८६), ३:६७६।

तसर्थ, त्यस अन्धकार एउटा अलौकिक घटना थियो भनी विश्वास गर्न सकिने केही कारणहरू छन्। (१) लूकाले अन्धकारलाई मन्दिरको पर्दा च्यातिएको घटनासँग जोडेका छन् (लूक २३:४४, ४५), जुन एउटा आश्चर्यकर्म थियो भन्नेमा कुनै शंका छैन। (२) येशूको मृत्युको बेला अन्धकार भएको तथ्यले के देखाउँछ भने त्यहाँ ईश्वरीय हस्तक्षेप भएको थियो।

भूमिमा **तीन बजेसम्म** अन्धकार रहिरह्यो (लूक २३:४४ख)—अर्थात्, तीन बजेसम्म। परमेश्वरले किन अन्धकार बनाउनुभयो त्यसको कारणबारे हामीलाई निश्चित रूपमा थाहा छैन, तर कार्टरको टिप्पणीले अवश्य नै निशानाको छेउछाउ भेटेको छ:

> ... अन्धकारको पर्दाले मुक्तिदाताको पीडालाई, गिल्ला गर्दै सताउनेहरू र शोक गरिरहेका उहाँका मित्रहरूबाट लुकायो। वास्तवमै, अन्धकारले भूमिलाई डाकेपछि, गिल्ला र निन्दा मत्थर भयो; र पीडा भोग्न येशूलाई चुपचाप छोडियो। अन्धकारमय त्यस अवधिमा नै परमेश्वरले हामी सबैका अधर्महरूलाई उहाँमाथि हालिदिनुभएको हुनसक्छ (यशै ५३:६), र त्यसैबेला उहाँले "क्रूसमा आफ्नै शरीरमा हाम्रा पाप बोक्नुभयो" (१ पत्र २:२४), उहाँले आफूमा "बन्न ... पाप ... हाम्रा खातिर" (२ कोर ५:२१), परमेश्वरले उहाँलाई हाम्रो लागि "उहाँको रगतद्वारा प्रायश्चितको बलिदान स्वरूप" (रोम ३:२५)। कुनै न कुनै रूपमा उहाँले "बाहिरको अन्धकार" (मत्ती ८:१२) को कष्टहरू भोग्दै हुनुहुन्थ्यो ताकि उहाँलाई पछ्याउनेहरूलाई "संसारको ज्योति" प्रदान गर्न सकियोस् (यूह ८:१२)।[20]

अन्धकारको समय समाप्त हुन लागेको बेला, ख्रीष्ट चारपल्ट बोल्नुभयो। पहिलो, **तीन बजेसम्म,** उहाँले एउटा वाक्य बोल्नुभयो जसले, उहाँले भोग्नु परेको भयानक पीडालाई झल्काउँछ: **"इलोई, इलोई, लामा सबखथनी?"** (मत्ती २७:४६क)। यी शब्दहरू हिब्रू र आरामीक शब्द हुन् जसको अर्थ हुन्छ, **"हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईंले मलाई किन त्याग्नुभएको छ?"** (मत्ती २७:४६ख)। "एली" हिब्रू शब्द हो, र "लामा सबखथनी" आरामीक शब्द हुन्। मर्कूसको विवरणमा पनि पहिलो शब्दमा आरामीक शब्दलाई नै प्रयोग गरिएको छ: **इलोई** (मर्कू १५:३४)। "एली" र "इलोई" बीच सानो भिन्नता छ। हाम्रा पापको निम्ति मोल तिर्न उहाँ परमेश्वरबाट त्यागिनु पर्‍यो—केही समयको निम्ति—भन्ने कुरालाई, येशूले गर्नुभएको यो प्रश्नले पुष्टि गर्छ।

एउटा प्रश्न उठ्न सक्छ: "के ख्रीष्टले आफ्नो मृत्युको उद्देश्यलाई बुझ्नुभएको थिएन र—यदि, उहाँले बुझ्नुभएको थियो भने, 'मलाई *किन* त्याग्नुभयो' भनी किन उहाँले प्रश्न गर्नुभयो?" यसको सबैभन्दा उचित व्याख्या के हुनसक्छ भने, येशूले भजनसंग्रह २२:१ बाट उदृढ गरिरहनुभएको थियो र यसो गर्ने क्रममा उहाँले भजनकारकै शब्द प्रयोग गर्नुभयो। प्रभुको भनाइ शङ्काको घोषणा थिएन, तर विश्वासको पुष्टिकरण थियो। भजनसंग्रहलाई उदृढ गरी, आफ्नो मृत्यु दुर्दशाको दु:खदायी घटना होइन, तर परमेश्वरको योजना र उद्देश्यको पूर्णता हो भनी उहाँले दाबी गर्नुभयो (भज २२:६-८, १२-१८ हेर्नुहोस्)।

येशूले ती वाक्य बोल्नुहुँदा उहाँले के भन्नुभयो त्यो कुरालाई कतिपयले बुझ्न सकेनन्। शायद उहाँका यी शब्दहरू स्वास फर्ने प्रयासमा निस्किएका थिए; शायद उहाँले यी बोल्नुहुँदा उहाँले अरू कुरालाई विचार गरिरहनुभएको थियो; शायद त्यहाँ भएका कतिपय बृद्ध अवस्थाका थिए र तिनीहरूले जे सुन्न चाहेका थिए त्यही सुनिपठाए। कारण जेसुकै भए तापनि, जब ख्रीष्टले "एली" ("मेरो परमेश्वर") भनी भन्नुभयो, उहाँले "एलिया"

---

[20]कार्टर (Carter), ३२९।

भन्नुभयो भनी सोचे (जसको अर्थ "मरो परमेश्वर यहोवे [हुनुहुन्छ]" भन्ने हो)। तिनीहरूले यस्तो निष्कर्ष निकाले, **"यस मानिसले एलियालाई बोलाउँदैछ"** (मत्ती २७:४७)। मसीहको पालामा एलिया देखा पर्नेछ भनेर शास्त्रीहरूले विचार गर्थे (मत्ती १७:१०)। चकित भएर तिनीहरूले भने, **"हेरौं, कतै एलिया यिनलाई बचाउन आउँछन् कि?"; "हेरौं, कतै एलिया त्यसलाई झार्न आउँछन् कि"** (मत्ती २७:४९; मर्कू १५:३६)।

प्रभुले तिनीहरको गलतफहमीलाई सच्याउने कुनै प्रयास गर्नुभएन। बरु, **सबै कुरा अब सिद्धिए भनी जानेर धर्मशास्त्र पूरो होस् भनी भन्नुभयो, "मलाई तिर्खा लाग्यो"** (यूह १९:२८)। प्रभुले विशेष कामलाई पूरा गर्नुभयो। त्यसैको निम्ति उहाँ पृथ्वीमा आउनुभएको थियो: उहाँले "क्रूसमा आफ्नै शरीरमा हाम्रा पाप बोक्नुभयो" (१ पत्र २:२४)। "मलाई तिर्खा लाग्यो" भन्ने येशूको भनाइले, पुरानो करारको एउटा वचनलाई पूरा गऱ्यो भन्ने कुरालाई "धर्मशास्त्र पूरो होस्" भन्ने वाक्यलाई समावेश गरिएको कुराले सूचित गर्छ। यदि यस्तो हो भने, यस पदले भजनसंग्रह २२:१५ख वा ६९:२१ लाई उल्लेख गर्छ। यो पनि सम्भव छ, "धर्मशास्त्रमा लेखिएका कुरा पूरा होस्" भन्ने वाक्यले, येशूले क्रूसमा भोग्नुभएका सबै कुरालाई समावेश गर्छ।

त्यहाँ सिर्काले भरिएको एउटा भाँडो थियो। सिपाहीहरूले एउटा स्पन्ज एउटा काठमा अड्काई येशूको मुखमा लगाइदिए (यूह १९:२९; हेर्नुहोस्: मर्कू १५:३६क)। पहिले, येशूले त्यो घोल पिउन इन्कार गर्नुभएको थियो; यस पटक उहाँले यो लिनुभयो (मत्ती २७:३४; मर्कू १५:२३; यूह १९:३०क)। उहाँको पीडाको लगभग अन्त्य भइसकेको थियो, त्यसैले त्यस सिर्कालाई पीडा कम गर्नका निम्ति खाने कुनै आधार थिएन। शायद, तिर्खाले दुर्बल हुँदै जानुभएको थियो त्यसकारण उहाँले यो पिउनुभयो, यस बाहेक ठूलो सोरमा कराउनका लागि उहाँले आफ्नो गला भिजाउन चाहानुभएको थियो, त्यसकारण पिउनुभएको हुनसक्छ।

जब येशूले सिर्का लिनुभयो, तब उहाँले भन्नुभयो, "अब सिद्धियो" (यूह १९:३०क)। लगभग उहाँको पीडाको अन्त्य भएको थियो, तर उहाँको शब्दहरूमा त्योभन्दा बढी तात्पर्य लुकेको थियो। परमेश्वरले उहाँलाई दिनुभएको काम उहाँले त्यही क्षणमा *पूरा* गर्नुभयो (यूह १७:४ हेर्नुहोस्)। बी. एस. डिन (B. S. Dean) ले लेखेका छन्,

> "अब सिद्धियो"; पृथ्वीमा जिवन बिताएका सबैभन्दा महान जीवनको समाप्ती मात्रको अन्त्य भएको थिएन; मानव मुक्तिको काम समाप्त भयो; पुरानो करारको प्रकार र प्रतिक अनि अगमवाणीहरू पितापुर्खाहरू र अगमवक्ताहरूले सोचेभन्दा उत्कृष्ट ढङ्गले सकिए र पूरा भए।[21]

चार्लस् आर. स्वीण्डल (Charles R. Swindoll) ले ख्रीष्टका यी शब्दहरूका बारेमा यस्तो विचार व्यक्त गरेका छन्, "विजयको एउटा चिच्याहट ... काम पूरा गरेपछि गरिने एउटा चिच्याहट ... र, हो, आरामको एउटा चिच्याहट। यसबेला येशूले आफ्नो काँडाका मुकुटलाई इनामको मुकुटसँग, उहाँको नग्नतालाई वस्त्रसँग, उहाँको अपमानलाई महिमासँग, उहाँको चोटहरूलाई आराधनासँग साट्न सक्नुभयो।"[22]

अनि **उच्च सोरले कराएर** येशू कराउनुभयो, **"हे पिता, म मेरो आत्मा तपाईंको हातमा**

---

[21]डिन (Dean), २९।

[22]चार्लस् आर. स्वीन्डोल (Charles R. Swindoll), *जिजस्, आवर लर्ड* (फुलेर्टन क्यालिफोनिया: इनसाइट फर लिभिङ, १९८७), २७।

सुम्पन्छु” (लूक २३:४६क)। येशूले फेरि पुरानो करारको शब्दावलीलाई प्रयोग गर्नुभएको हुनसक्छ (भज ३१:५)। यदि त्यस्तो हो भने, भजनसंग्रह ३१ को लेखकले भन्दा असाधारण तरीकाले यसलाई उहाँले प्रयोग गर्नुभयो। **यति भनेर** (लूक २३:४६ख), **र उहाँले शिर निहुराएर आफ्नो आत्मा त्यागिदिनुभयो** (यूह १९:३०ख)। प्रभुले अन्तिम सास लिएर **प्राण त्यागिदिनुभयो** (लूक २३:४६ग; मर्कू १५:३७)। “पवित्र धर्मशास्त्रअनुसार ख्रीष्ट हाम्रा पापका निम्ति मर्नुभयो” (१ कोर १५:३)।

येशू किन यति चाँडै मर्नुभयो भनेर मानिसहरूले अनुमान लगाएका छन्, तर यी पदहरूले हामीलाई अन्तरदृष्टि दिन्छ: उहाँले आफैं मर्ने इच्छा गर्नुभयो। मानिसहरूले उहाँबाट उहाँको जीवन खोसेनन्। उहाँले हामी सबैको लागि यो त्याग गर्नुभयो (यूह १०:१७, १८)।

येशूको मृत्यु भएको क्षणमा एउटा ठूलो भूकम्प गयो (मत्ती २७:५४ हेर्नुहोस्): **... जमिन काँप्न लाग्यो, र चट्टानहरू फुटे** (मत्ती २७:५१)। जमिन खस्ने बित्तिकै, ढुङ्गाले काटिएका **चिहानहरू उघारिए, र सुतिगएका धेरै सन्तहरूका मृत शरीर जीवित भई उठे** (मत्ती २७:५२क)। परमेश्वरका धेरै जनहरू जीवित भएका घटना धेरै दिनपछि भएको थियो, किनभने ***येशूको पुनरुत्थान भएपछि*** **तिनीहरू पवित्र सहरमा प्रवेश गरे र धेरैकहाँ देखा परे मत्तीले थपेका छन्** भन्ने कुरा मत्तीले थपेका छन् (मत्ती २७:५२क, ५३; जोड दिइएको छ)।

भूइँचालो जाँदा, सहरमा, **मन्दिरको पर्दा टुप्पादेखि फेदसम्म दुई भाग भएर च्यातियो** (मत्ती २७:५१क; हेर्नुहोस्: मर्कू १५:३८; लूक २३:४५)। यी असाधारण, उल्लेखनीय घटनाहरूले त्यसबेला “पृथ्वी-हल्लाउने” घटना घटेकै हो भन्ने कुराको घोषणा गर्छ।

गलगथामा हुनेहरूले दुई वटा आश्चर्यकर्मलाई मात्र थाहा पाए—अन्धकार भएको र भूँइचालो गएको—तर यी आश्चर्यकर्म र क्रूसमा येशूले देखाउनुभएको आचरणले तिनीहरूमा शक्तिशाली रूपले प्रभाव पाऱ्यो। **येशूले यसरी प्राण त्याग्नुभएको देखेर उहाँको सामने उभिएका कप्तानले** (मर्कू १५:३९क)। तब यो **कप्तान र तिनीसँग येशूलाई रुँग्नेहरूले भूकम्प र त्यहाँ भइरहेका घटना देखे, तब अति भयभीत भएर तिनीहरूले** (मत्ती २७:५४क)। कप्तानले **यसो भन्दै परमेश्वरको महिमा गरे, “निश्चय नै यिनी धार्मिक मानिस थिए”** (लूक २३:४७)। फेरि, उनले घोषणा गर्दै भने, **“साँच्चै नै यी मानिस परमेश्वरका पुत्र रहेछन्”** (मर्कू १५:३९ख), र तिनका सिपाहीहरूले पनि सहमति जनाए: **“साँच्चै, यिनी परमेश्वरका पुत्र रहेछन्”** (मत्ती २७:५४ख)। मूल बाइबलमा, मत्ती २७:५४ र मर्कूस १५:३९ कुनैमा पनि निश्चयवाचक शब्द (“the”) भन्ने प्रयोग गरेका छैनन्, तर त्यस वाक्यलाई निश्चयवाचक शब्द प्रयोग नगरी “परमेश्वरका *एक* जना पुत्र” भनी अनुवाद गर्नु गल्ती हुनेथियो। सिपाहीहरूले वास्तवमा यसो भने, “यिनी साँच्चै नै *परमेश्वरका* पुत्र हुन्!”

यी आश्चर्यकर्महरूले त्यहाँ उपस्थित अरूलाई पनि प्रभावित गऱ्यो। शायद तिनीहरू अन्धकारका कारण चुपचाप थिए। अब, **यो दृश्य हेर्न जम्मा भएका सबै मानिसहरूले यी सब देखे, र आ-आफ्ना छाती पिट्दै घर फर्के** (लूक २३:४८)—पूर्वीय चलन अनुसार विलापको अभिव्यक्ति (यशै ३२:१२; नहू २:७; लूक १८:१३)। अवश्य नै, त्यहाँ घटेका सबै घटनाले हप्तौंपछि पत्रुसले दिएको प्रवचनको निम्ति तिनीहरूलाई तयार गर्न सहायता गऱ्यो (प्रे २:१४, २३, ३६, ३७ हेर्नुहोस्)।

येशू परमेश्वरको पुत्र हुनुहुन्थ्यो; त्यसैले, उहाँको मृत्यु हामीले कल्पना गर्नै नसकिने किसिमको वृहत थियो। परमेश्वरको आफ्नै पुत्र क्रूसमा मर्नुभएको दृश्यलाई हामीले हेरेका

छौं। उहाँ हाम्रो मुक्तिको निम्ति मर्नुभयो भन्ने कुरा धर्मशास्त्रले हामीलाई बताउँछ (१ कोर १५:३)। यो जान्नु नै हाम्रो लागि काफी छ। यो महान सत्यताको निम्ति हामी आनन्द मनाऔं!

थप अध्ययनको निम्ति: येशू किन क्रूसमा मर्नुपर्‍यो?

येशूको मृत्युको उद्देश्य भन्ने शिर्षकमा सयौं ग्रन्थ भएको पुस्तक लेखिए पनि यसले सबै कुरालाई पूर्ण रूपमा समावेश गर्न सक्दैन; सोध्न सकिने हरेक प्रश्नहरूको उत्तर हजारौं पुस्तकहरूले समेत दिन सक्दैन। तैपनि, हाम्रो अन्य अध्ययन बाहेक, थप केही टिपोटहरू गरिएमा यो सहयोगीशिद्ध हुनसक्छ।

"सबैले पाप गरेका छन्" (रोम ३:२३क), र "पापको ज्याला मृत्यु हो" (रोम ६:२३)। पापीहरूले यो जीवनमा आत्मिक मृत्यु सहन्छन्—अर्थात्, परमेश्वरबाट अलग गरिनु (एफि २:१, १२)। यसको साथै, तिनीहरूले "दोस्रो मृत्यु" भोग्नेछन्, अर्थात्, आउने जीवनमा तिनीहरू परमेश्वरबाट अनन्त रूपमा अलग भई बस्नुपर्नेछ (प्रका २०:१४; २१:८)।

पवित्र परमेश्वरको निम्ति पाप एउटा अपमान हो (रोम ३:२३ख; हेर्नुहोस्: यशै ५:१६; हिब्रू १०:२९)। गरिएको एउटै पनि पापलाई असल काम र धर्मकर्मले मेटाउन सक्दैन; हामी हाम्रा कामद्वारा मुक्ति पाउन सक्दैनौं (एफि २:८, ९ हेर्नुहोस्)। हामीले सक्ने सबैभन्दा उत्तम काम गर्‍यौं भने पनि, यो पर्याप्त हुनेछैन (यशै ६४:६; रोम ३:१२)। उहाँ न्याय परमेश्वर हुनुहुन्छ (यशै ३०:१८), त्यसैले परमप्रभुले पापलाई दण्ड नदिई छाड्नुहुन्न (रोम १:१८ हेर्नुहोस्)। हामी सबै, पापको दोषलाई मेटाउन सक्ने सामर्थ्यविनाका पापीहरू थियौं (र हौं), त्यसकारण मानवजातिको दुर्दशा निराशाजनक थियो।

परमप्रभुलाई धन्यवाद होस्, किनभने उहाँ न्यायको परमेश्वर मात्र हुनुहुन्न, तर उहाँ *प्रेमको* परमेश्वर पनि हुनुहुन्छ (१ यूह ४:८)। प्रेमको परमेश्वरको रूपमा, उहाँले कसैलाई गुमाउने चाहाना गर्नुभएन (र गर्नुहुन्न) (२ पत्र ३:९ हेर्नुहोस्)। परमेश्वरका यी दुई आचरणबीच समस्यालाई प्रस्तुत गर्‍यो। उहाँ कसरी मानिसहरूको *न्यायी* भई पापलाई दण्ड दिने र पापीहरूलाई *धर्मी ठहराउने* व्यक्ति बन्न सक्नुहुन्थ्यो (रोम ३:२६ हेर्नुहोस्)? यो समस्याप्रति परमेश्वरको उत्तर थियो, "म आफै मूल्य तिर्नेछु; मानिसहरूका पापको दण्ड भोग्न म *मेरो पुत्रलाई* पठाउनेछु" (यूह ३:१६ हेर्नुहोस्)। १ यूहन्ना ४:१० मा यस्तो लेखिएको छ, "उहाँले हामीलाई प्रेम गर्नुभयो, र हाम्रा पापको प्रायश्चित हुनका निम्ति आफ्ना पुत्र पठाउनुभयो।" "प्रायश्चित" भन्ने शब्दको अर्थ, "परमेश्वरको न्यायलाई रिझाउने, सन्तुष्ट पार्ने वा पूरा गर्ने" भन्ने हुन्छ।

परमेश्वरलाई रिझाउने त्यो कष्ट कसरी हुनुपर्थ्यो? मानवजातिसँग सुरुमा परमेश्वरले सहकार्य गर्नुहुँदा, बलिदानको सिद्धान्त—एउटा जीवनलाई अर्को जीवनको निम्ति दिइने—स्थापना गरियो (उत ४:४; ८:२०; ३१:५४; हेर्नुहोस्: १२:७)। सिद्ध सत्य यो थियो: "... रगत नबगाईकन पापको क्षमा हुनै सक्दैन" (हिब्रू ९:२२)। वर्षौंसम्म, परमेश्वरको निर्देशन अनुसार हजारौं-हजार जनावरहरूको बलिदान गरियो। समस्या के थियो भने, "साँढ़े र बोकाहरूको रगतले पाप हरण गर्न असम्भव छ" (हिब्रू १०:४)। एउटै मात्र बलिदानले मेटाउन सक्थ्यो: परमेश्वरको सिद्ध पुत्रको बलिदानद्वारा (१ पत्र १:१८, १९ हेर्नुहोस्)। उहाँको रगतले मात्रै हामीलाई "परमेश्वरको क्रोधबाट" बचाउन सक्थ्यो (रोम ५:९)। "प्रायश्चितको लागि" ख्रीष्टको बहुमूल्य रगत "बगाइन्छ" पर्थ्यो (मत्ती २६:२८)।

येशूको रगत-बहाउने बलिदान कस्तो प्रकारले हुनुपर्नेथियो? स्पष्टै छ, परमेश्वरको अनन्त उद्देश्यमा (एफि ३:११) क्रूसद्वारा हुने मृत्यु पहिले नै पक्का गरिएको थियो। पीडा भोग्ने दासको हात र खुट्टा "छेड़ेका" भनी भजनकारले बताएका छन् (भज २२:१६)। आफूलाई क्रूसमा झुण्डयाइनेछ भनी ख्रीष्ट आफैले समेत भविष्यवाणी गर्नुभयो (मत्ती २०:१७-१९; हेर्नुहोस्: लूक २४:६-८)—जसमा उहाँको हात र पाउ छेडिने कुरा पनि समावेश थियो। रोमी क्रूसमा येशूको मृत्यु हुँदा छेडिएका उहाँका हात-पाउबाट अनि, काँडाले छेडिएका निधार र कोर्राले हानिएका ढाडबाट रगत बग्यो। उहाँको मृत्युपछि, उहाँको कोखाबाट रगत बग्यो (यूह १९:३४)। बाइबल अनुसार, उहाँले आफ्नो रगतद्वारा हामीलाई परमेश्वरको सामु ठीक ठहराउनुभयो र परमेश्वरसँग मिलाप गराउनुभयो, परमेश्वरको क्रोधबाट बचाउनुभयो (रोम ५:९, १०)।

येशूको मृत्युले कसरी हाम्रो मुक्तिलाई सम्भव तुल्यायो त्यो कुरालाई हामी स्पष्ट रूपमा बुझ्न सक्छौं त? सक्दैनौं—तर हामी यो कुरालाई भने बुझ्न सक्छौं: उहाँको मृत्युले परमेश्वरको न्यायलाई भुक्तान गरिदियो (रोम ३:२५; हिब्रू २:१७; १ यूह २:२)। त्यसैले, उहाँको प्रेमलाई ग्रहण गर्ने र उहाँको शर्तमा मुक्तिलाई स्वीकार गर्ने जोकोही (मर्कू १६:१५, १६; प्रे २:३७, ३८) बाँच्नेछन्! हाम्रोलागि परमेश्वरले के गर्नुभयो त्यो कुरा हामी पूर्ण रूपमा बुझ्न सक्दैनौं, तर हामी उहाँलाई यसको निम्ति प्रशंसा गर्छौं। "उहाँको वर्णन गर्न नसक्ने वरदानको निम्ति परमेश्वरलाई धन्यवाद होस्" (२ कोर ९:१५)।

थप अध्ययनको निम्ति: येशू कुन दिन मर्नुभयो?

हप्ताको कुन दिन येशू मर्नुभयो? *येशू हप्ताको पहिलो दिन बौरी उठ्नुभयो* भन्ने तथ्यबाट यस अध्ययनको सुरुवात हुन्छ। प्रभु "हप्ताको पहिलो दिन बिहानै" बौरी उठ्नुभयो भनेर मर्कूसले उल्लेख गरेका छन् (मर्कू १६:९)—र सुसमाचारका अरू पुस्तकहरूले पनि यही भन्छ। अघि बढ्नुभन्दा पहिले, हामीले यस आधारभूत सत्यलाई स्वीकार गर्नै पर्छ।

उहाँ *बौरी उठ्नुभएको* दिनको विषयमा हामी सहमत छौं भन्ने कुरालाई मानिलिएपछि पनि, हाम्रो मूल प्रश्न यथावत रहन्छ: "येशू कुन दिन *मर्नुभयो?*" वर्षौंसम्म, यहूदी हप्ताको छैटौं दिन येशू मर्नुभएको हो भनेर धेरैले विश्वास गर्दै आएका छन्—लगभग शुक्रबारको दिन। रोबर्ट थोमस (Robert Thomas) र स्टयान्ली एन. गन्ड्री (Stanley N. Gundry) ले लेखेका छन्, "... येशू मरेको दिन भनी मण्डलीले परम्परागत रूपमा शुक्रबारलाई मान्दै आएको छ। ... सबैभन्दा उत्कृष्ट बाइबलीय प्रमाणले क्रूसको घटना शुक्रबार भएको थियो भन्ने कुरालाई नै जोड दिन्छ।"[23]

तैपनि, वर्षौंदेखि, यसमा असहमत विचारहरू देखा परेका छन्। उदाहरणको लागि, दोस्रो शताब्दीमा, एउटा मण्डली समूहले ख्रीष्टले निस्तार-चाड खानुभएको दिनलाई मनाउने मानव-निर्मित उत्सव सुरु गरे। येशूले वास्तवमा निस्तार-चाड खानुभएन भनेर कतिले यसको विरोध गरे। येशू र चेलाहरूले साँझको खाना खानुभएकै दिन (खानेकुरा जेसुकै भए पनि), उहाँलाई मारियो भन्ने कुराद्वारा शिक्षा प्रभावित थियो।

येशूलाई शुक्रबार मारिएको होइन भनेर कतिपयले आज पनि शिक्षा दिन्छन्। ग्रीक

---

[23]रोबर्ट एल. थोमस् (Robert L. Thomas), एड. एण्ड स्टान्ली एन. गण्ड्री (Stanley N. Gundry), एसो. एड., *अ हार्मनी अफ गोस्पल* (सिकागो: मुडी प्रेस, १९७८), ३२०।

विद्वान बी. एफ. वेस्टकोट (B. F. Westcott) ले, येशूलाई बिहिबारको दिन क्रूसमा टाँगिएको हो भनी तर्क गरेका छन्।[24] *द न्यारेटेड बाइबल इन क्रोनोलोजिकल अडर (The Narrated Bible in Chronological Order)*, येशूको मृत्यु अवश्य नै बिहिबारको दिन भयो भनी उल्लेख गरिएको छ।[25] कतिपयले प्रभुको मृत्यु बुधबार भएको थियो भनेर पनि जोड दिन्छन्।

यो प्रश्नको बारेमा हामीले निकाल्ने निष्कर्ष *विश्वासको विषय होइन। येशू हप्ताको पहिलो दिन बौरी उठ्नुभएको* हो भन्ने कुरामा हामी सहमति जनाउँछौं भने, असहमतिले हाम्रो सङ्गतीलाई प्रभाव पार्न नदिई, उहाँको मृत्यु कुन दिन भएको थियो भन्ने कुरामा हामी असहमति जनाउन सक्छौं। मुख्यतया, येशूको सार्वजानिक सेवकाइको अन्तिम हप्ताको घटनाहरूलाई हामीले कसरी मिलाउँछौं त्यसमा यो प्रश्नको उत्तर भर पर्छ। तैपनि, कतिपयलाई यो प्रश्न सम्बन्धी चासो हुने भएकोले, यसलाई केही समय अध्ययन गर्नेछौं।

उहाँ शुक्रबारको दिन मर्नुभयो भनेर किन विश्वास गर्ने?

ख्रीष्ट शुक्रबार मर्नुभयो भन्ने कुरालाई विश्वास गर्नुपर्ने दुई कारणहरू यसप्रकार छन्।

(१) येशूले, "निस्तार-चाडको भोज चाहिँ होइन तर निस्तार-चाडको भोजजस्तै अर्को भोज खानुभएको हो" भन्ने कुरा साँचो होइन, तर उहाँले निस्तार-चाडको भोज खानुभएकै हो। येशूले निस्तार-चाड खानुभयो कि खानुभएन भन्ने प्रश्न यो छलफलको निम्ति अत्यावश्यक प्रश्न हो। लूकाले लेखेका छन्, "अखमिरी रोटीको चाड़को दिन आयो, जुन दिन *निस्तार-चाड़को* थुमा बलि चढ़ाउनुपर्थ्यो" (लूक २२:७; जोड दिइएको छ)। मत्तीले भनेका छन्, "अखमिरी रोटीको चाड़को पहिलो दिन चेलाहरूले येशूकहाँ आएर भने, 'तपाईंको निम्ति *निस्तार-चाड़को* भोज खाने प्रबन्ध हामी कहाँ गरौं'?" (मत्ती २६:१७; जोड दिइएको छ)। येशूले चेलाहरूलाई भन्नुभयो, "सहरमा एक जना मानिसकहाँ जाओ, र तिनलाई भन, 'गुरुज्यू भन्नुहुन्छ, मेरो बेला नजिक आएको छ। म आफ्ना चेलाहरूसँग तिम्रो घरमा *निस्तार-चाड* मान्नेछु'" (मत्ती २६:१८; जोड दिइएको छ)। त्यसपछि, "येशूको आदेशअनुसार चेलाहरूले गरे र तिनीहरूले *निस्तार-चाड़को* प्रबन्ध मिलाए" (मत्ती २६:१९; जोड दिइएको छ)। "साँझ भएपछि [तयारी गरिसकेपछि, घाम डुबेपछि निस्तार-चाड सुरु भयो] उहाँ बाह्रै चेलाहरूसँग खान बस्नुभयो" (मत्ती २६:२०)। उहाँ आफ्ना चेलाहरूसँग खान बस्नुभएपछि उहाँले तिनीहरूलाई भन्नुभयो, "मैले दुःख भोग्न अघि नै *यो निस्तार-चाड़को* भोजन तिमीहरूसँग खाने ठूलो इच्छा गरेको थिएँ" (लूक २२:१५; जोड दिइएको छ)। येशूले निस्तार-चाडको भोज खानुभएकै हो मैले यी खण्डहरूबाट निष्कर्ष निकालेँ।[26] येशू निस्तार-चाड खाएकै दिन मर्नुभयो, र त्यो वर्ष निस्तार-चाड शुक्रबारको दिन परेको थियो भन्ने आम मान्यता रहेको छ, त्यसकारण यो तथ्यले, येशूको मृत्यु शुक्रबारकै दिन भएको थियो भन्ने कुरालाई प्रस्तुत गर्दछ।

(२) सातौ दिनको शबाथ-दिनभन्दा अघिल्लो दिन येशू मर्नुभयो। "तयारीको दिन" येशू

---

[24]फोस्टर (Foster), १८७।

[25]एफ. लागार्ड स्मीथ (F. LaGard Smith), *द न्यारेटेड बाइबल इन क्रोनोलोजिकल अडर* (इउजेन, ओरेगन: हार्भेस्ट हाउस पब्लिसर्स, १९८४) १४५४-५६।

[26]"येशूले निस्तार-चाडको भोज खानुभयो भन्ने कुरालाई पोलीकार्प (Polycarp), यूहन्नाको चेलाले जोड दिन्छन्" (ए. टि. रोबर्टसन [A. T. Robertson], *अ हार्मोनी अफ द गोस्पलस् फर स्टुडेण्टस् अफ द लाइफ अफ क्राइष्ट* [न्यू योर्क: हार्पर एण्ड र:, १९५०], २८०)।

मर्नुभयो भन्ने कुरालाई सुसमाचारका सबै पुस्तकहरूले सूचित गर्दछ (यूह १९:३१; हेर्नुहोस्: मर्कू १५:४२; लूक २३:५४; हेर्नुहोस्: मत्ती २७:६२)। यो शबाथ-दिनको तयारी गर्ने दिन थियो। मर्कूसले लेखेका छन्, "[यो] तयारीको दिन [थियो], अर्थात् *शबाथ-दिनको अघिल्लो दिन*" (मर्कू १५:४२; जोड दिइएको छ; हेर्नुहोस्: लूक २३:५४; यूह १९:३१)। कतिपयले यो "शबाथ-दिन" हप्ताको सातौं दिनको विश्राम होइन, तर "विश्राम गर्ने विशेष दिन" थियो भनी दाबी गर्ने प्रयास गरेका छन्, तर चिहानमा जाने दुई स्त्रीहरूका बारेमा लूकाले दिएको विवरणको समयाक्रमले, यस प्रकारको निष्कर्षलाई रद्द गर्छ।

- योसेफ र निकोदेमसले येशूको दफन गरेका विषयमा, लूकाले लेखेका छन्, "त्यो तयारीको दिन थियो, अनि *शबाथ सुरु हुनै लागेको थियो*" (लूक २३:५४; जोड दिइएको छ)। यी दुई मानिसले येशूको शरीरलाई तयारी गरिरहेका बेला, दुई स्त्रीहरूले पनि हेरिरहेका थिए (लूक २३:५५)।
- घाम डुबेपछि शबाथ-दिनको सुरुवात भयो, र ती दुई स्त्रीहरू "[उनीहरू इलाकामा बसेको ठाउँमा] फर्केर ... सुगन्धित द्रव्य र अत्तरहरू तयार गरे" (लूक २३:५६क)। त्यसपछि, "व्यवस्थाको आज्ञाअनुसार *शबाथमा तिनीहरूले विश्राम गरे*" (लूक २३:५६ख; जोड दिइएको छ)।
- "*आइतबार बिहानै ती स्त्रीहरू* आफूले तयार पारेको अत्तर र मलम लिएर येशूको चिहानमा गए" (लूक २४:१; जोड दिइएको छ)।

लूका २४:१ ले लूका २३:५६ को घटनालई जोड्छ। यसको तात्पर्य के हो भने "हप्ताको पहिलो दिन" भनेको तिनीहरूले शबाथ-दिनमा विश्राम गरेपछिको अर्को दिन हो (मत्ती २८:१ हेर्नुहोस्), जसले उक्त शबाथ-दिन सामान्य सतौं-दिनको शबाथ-दिन थियो भन्ने कुरालाई देखाउँछ। यसकारण, ख्रीष्टलाई शबाथको अघिल्लो दिन अर्थात्, हप्ताको छैटौं दिन मारियो—अर्को शब्दमा शुक्रबार।

के "तीन रातको" अर्थ "७२ घण्टा" हो?

ख्रीष्टको मृत्यु शुक्रबारको दिन भयो भन्ने कुराको मुख्य विरोध-तर्कको रूपमा मत्ती १२:४० मा उल्लेख गरिएको ख्रीष्टको भनाइलाई लिइन्छ: "... जसरी योना ठूलो माछाको पेटभित्र तीन दिन र तीन रात थिए, उसरी नै मानिसको पुत्र पनि पृथ्वीको गर्भमा तीन दिन र तीन रात रहनेछ।" (परिशिष्ट २ मा "चीहानमा तीन दिन र तीन रात" हेर्नुहोस्।) कतिपयले, "तीन दिन र तीन रात" भन्ने वाक्यलाई ठेड रूपमा लिएर, उहाँ कुन दिन मर्नुभएको हो त्यसलाई निर्धारण गर्न ख्रीष्ट बौरी उठ्नुभएको हप्ताको पहिलो दिनबाट पछाडि गन्ती गर्दै ल्याउँछन्। त्यसपछि तिनीहरूका निष्कर्षसँग मिल्ने अरू खण्डहरू खोज्छन्।

प्रश्न के हो भने, "तीन दिन र तीन रात" लाई एक दिनको चौबिस घण्टाको हिसाबले पूरै तीन दिनको रूपमा नै लिनुपर्छ भन्ने अभिप्राय येशूको थियो कि थिएन भन्ने हो। आफू "तेस्रो दिन*मा*" बौरी उठ्नेछु भनी उहाँले धेरै पटक बताउनुभएको तथ्यले उहाँको अभिप्राय त्यो थिएन भन्ने देखिन्छ (मत्ती १६:२१; १७:२३; २०:१९; लूक २४:७, २१, ४६; जोड दिइएको छ)। येशू "तोस्रो दिन*मा* बिँउतनुभयो" भनी भन्ने क्रममा प्रेरणाद्वारा, पावलले प्रारम्भिक मण्डलीको आम मान्यतालाई व्यक्त गरेका छन् (१ कोर १५:४; जोड दिइएको छ)। वास्तविक "तीन दिन र तीन रात" पछि पुनरुत्थान हुन्छ भन्ने कुरालाई गन्ती गर्दा

पुनरुत्थानको दिन "तोस्रो दिनमा होइन, तर चौथो दिनमा" पर्छ।[27]

पुरानो करारमा प्रयोग गरिएको उस्तै वाक्यको निम्ति, एस्तर ४:१६ र ५:१ मा हेर्नुहोस्: ४:१६ मा एस्तरले मोर्दकै र अरू यहूदीहरूलाई "तीन दिनसम्म" उपवास बस्न अनुरोध गरिन्, र उनी र उनका चाकर्नीहरूले पनि त्यसै गर्नेछौं भनी भनिन्। तीन दिनपछि आफू राजाकहाँ जानेवाला थिइन्। तैपनि, ५:१ मा उल्लेख गरिए अनुसार एस्तर "लगभग तोस्रो दिनमा" राजाकहाँ गइन्। "लगभग" र "मा" भन्ने शब्दलाई ध्यान दिनुहोस्।

मत्ती १२ र एस्तर ४ र ५ मा "तीन दिन" भनी प्रयोग गरिएको—कुनै हिसाबले खुकुलो देखिने—वाक्यलाई हामी कसरी व्याख्या गर्न सक्छौं? "कुनै घटनाको क्रममा कुनै दिनको सुरुवात वा अन्त्य समावेश भएमा यहूदीहरूले त्यसलाई पूरै दिनको रूपमा गन्ती गर्थे" भन्ने कुरामा धेरैजसो विद्वानहरू सहमत हुन्छन्।[28] समयको यसप्रकारका लचकदार प्रयोग यस छलफलको मुख्य खण्डहरूमा देख्न सकिन्छ:

- येशू तेस्रो *दिनपछि* (μετά, *मेटा, meta*) जीवित भई उठ्नुभयो भनेर धर्मशास्त्रमा कहीं-कहीं उल्लेख गरिएको छ (मत्ती २७:६३; मर्कू ८:३१; हेर्नुहोस्: मर्कू ९:३१; १०:३४)।
- अर्कोतर्फ, येशू तेस्रो *दिनमा* जीवित भई उठ्नुहुनेछ/उठ्नुभयो भनेर पनि धर्मशास्त्रमा लेखिएको छ (मत्ती १६:२१; १७:२३; २०:१९; लूक ९:२२; १८:३३; २४:७, ४६; हेर्नुहोस्: १ कोर १५:४)।
- पुनरुत्थानसँग सम्बन्धित खण्डहरूमा कहिलेकहीं, "पछि" र "मा" भन्ने शब्दलाई पार्यवाचीको शब्दको रूपमा प्रयोग गरिएको छ। उदाहरणको लागि, मर्कूसको पुस्तकमा, असल-स्वीकारपछि येशूले भन्नुभयो, "तीन *दिनपछि*" ऊ "जीवित भई उठ्नु" (मर्कू ८:३१; जोड दिइएको छ) तर, मत्ती र लूकाका अनुसार, उहाँले "तेस्रो दिन *मा* जीवित भइउठ्नुपर्छ" भनी भन्नुभयो (मत्ती १६:२१; लूक ९:२२; जोड दिइएको छ)।
- ख्रीष्टका शत्रुहरूले येशूको यो भनाइलाई उदृढ गरे, "तीन दिन *पछि* म फेरि उठ्नेछु" (मत्ती २७:६३; जोड दिइएको छ), तर तिनीहरूले "तीन दिन" भनेको बहत्तर घण्टा नै हो भनी यसलाई बुझेनन्। बरु, तिनीहरूको मुख्य चासो "तेस्रो दिन *सम्म* त्यो चिहान सुरक्षित राख्नलाई" थियो (मत्ती २७:६४; जोड दिइएको छ)।

येशू मर्नुभएको दिन यही हो भनी कसैले कुनै दिनलाई दाबी गरे तापनि, "'तीन दिन र तीन रात' को अर्थ ठ्याक्कै बहत्तर घण्टा हो भनी हुबहु रूपमा अर्थ्याउने प्रयासलाई सुसमाचारका पुस्तकहरूका विवरणबाट पूरा गर्न सकिन्न।"[29] मत्ती १२:४० मा येशूले "समय क्रममा गणितीय सटिकता हासिल गर्ने प्रयास" गरिरहनुभएको थिएन[30] तर आफू चिहानमा बस्नु पर्ने कुरालाई बताउने क्रममा उहाँले योनाको "दफन" को उदाहरणको प्रयोग

---

[27]फोस्टर (Foster), १९२।

[28]म्याकगर्भे एण्ड पेण्ड्लेटन (McGarvey and Pendleton), ३०६। उदाहरणको लागि, हेर्नुहस्: उत्पत्ति ४२:१७, १८; १ शामूएल ३०:१२, १३; १ राजा २०:२९; २ इतिहास १०:५, १२। हिब्रू ११:३० लाई यहोशू ६:१५ सँग तुलना गर्नुहोस्।

[29]फोस्टर (Foster), १९१। क्रूसको मृत्युलाई बुधबार भएको थियो भनी मानिलिँदा, यसले बहत्तर *घण्टाभन्दा बढी* समयलाई समावेश गर्छ; यो घटना बिहिबार भएको थियो भनी मानिलिँदा तीन दिन र तीनको *भागलाई* समावेश गरेपनि, पूरै बहत्तर घण्टालाई समावेश गर्दैन।

[30]इबिड. (Ibid.)।

मात्र गरिरहनुभएको थियो।

किन सहदर्शी पुस्तकहरूमा दिइएका अनुक्रमहरूभन्दा यूहन्नाको अनुक्रम फरक छ?

क्रूसको घटना शुक्रबार भएको होइन भन्ने कुराको विषयमा मत्ती १२:४० पछिको अर्को सबैभन्दा प्रचलित तर्क भनेको के हो भने, ख्रीष्टको जीवनको अन्तिम घटनाहरूलाई यूहन्नाको पुस्तकको पाँच खण्डले अरू सहदर्शी पुस्तकहरूभन्दा फरक समय क्रममा राखेको छ। ए. टि. रोबर्टसन (A. T. Robertson) ले यी खण्डहरूका विषयमा वृहत छलफल प्रस्तुत गरेका छन्, र त्यस छलफललाई उनले यो टिपोटद्वारा सुरु गरेका छन्: "... यी प्रत्येक खण्डहरूको विस्तृत अवलोकनले के देखाउनेछ भने, निस्तार-चाडको भोज जुन दिनमा खानुपर्नेथियो त्यस दिनको अघिल्लो दिनमा येशूले निस्तार-चाडको भोज खानुभयो भनेर यूहन्नाले बताउँदैन, तर यसको विपरित कुरा उनले बताएका छन्।"[31] यहाँ, ठाउँ सीमित भएका कारण, प्रश्नसँग सम्बन्धित रहेका खण्डहरूलाई सूचिकृत गरी, एउटा छोटकरी टिप्पणी मात्र दिइएको छ।[32]

- यूहन्ना १३:१ मा "निस्तार-चाड़को अघि यस" भन्ने वाक्य छ, र अर्को पदको सुरुवात "... बेलुकीको भोजनको बेला" भन्ने वाक्यबाट सुरु भएको छ। येशूलाई शुक्रबारको दिन क्रूसमा टाँगिएको हो भन्ने कुरालाई इन्कार गर्नेहरूले के तर्क गर्छन् भने माथिल्लो तलाको कोठामा खाइएको खाना निस्तार-चाडको भोज थिएन भन्ने कुरालाई यूहन्ना १३:१, २ ले प्रमाणित गर्छ। तैपनि, यूहन्नाको विवरणलाई अन्य सहदर्शी पुस्तकका विवरणहरूसँग तुलना गर्दा, यूहन्ना १३:१ ले निस्तार-चाडको ठीक पहिलेको अवधिलाई उल्लेख गरेको देखिन्छ, र २ पदमा निस्तार-चाडको भोजको बारेमा उल्लेख बताइएको हो।
- माथिल्लो तलाको कोठामा खाना खाँदा, येशूले यहूदालाई भन्नुभयो, "तिमीलाई जे गर्नु छ, सो चाँड़ै गरिहाल" (यूह १३:२७)। येशूले तिनलाई, "चाड़को निम्ति चाहिएको सामग्री किनोस्" भनी भन्नुभएको हो भनेर अरू चेलाहरूले विचार गरे (यूह १३:२९)। क्रूसको घटना शुक्रबार भएको थियो भन्ने कुरालाई इन्कार गर्नेहरूले के विचार गर्छन् भने यहाँ "चाड" भनी उल्लेख गरिएको शब्दले निस्तार-चाडलाई उल्लेख गर्छ, त्यसैले, त्यस दिन माथिल्लो तलाको कोठामा येशू र प्रेरितहरूले निस्तार-चाडको भोज खानुभएको होइन। यो अनावश्यक निष्कर्ष हो। एक-दिने निस्तार-चाडपछि एक हप्ता लामो अखमिरी रोटीको चाड थियो। यहूदाले पछिको चाडको निम्ति तयारी गर्न लागेका छन् भन्ने अरू प्रेरितहरूले विचार गरेका हुनसक्छन्।
- यहूदी अगुवाहरूले येशूलाई पिलातसकहाँ ल्याएपछि, "निस्तार-चाड़को भोज खान पाउँदैनौं भन्ने डरले तिनीहरू महलभित्र पसेनन्" (यूह १८:२८)। क्रूसको घटना शुक्रबारको दिन भएको थियो भन्ने कुरालाई इन्कार गर्नेहरू यो निष्कर्ष निकाल्छन्, यो भनाइ माथिल्लो तलामा खाइएको खानाभन्दा पछि भनिएको थियो, अघिल्लो

---

[31]रोबर्टसन (Robertson), २८१-८४।

[32]रोबर्टसनले (Robertson) यस विषयमा अझै विस्तृत छलफल समावेश गरेका छन्। थोमस र गण्ड्री (Thomas and Gundry) ले एउटा फरक तरीका अपनाएका थिए, र ख्रीष्ट शुक्रबारको दिन मर्नुभएको हो भनी तिनीहरूले बताए। सुसमाचारका लेखकहरूले समय र दिनलाई उल्लेख गर्न फरक शैली अपनाएका थिए भनी थोमस र गण्ड्रीले यूहन्ना र सहदर्शी लेखकहरूको विवरणलाई मिलाएका छन् (थोमस एण्ड गण्ड्री [Thomas and Gundry], ३२१-२२)।

खाना निस्तार-चाडको भोज हुनसक्दैन। रोबर्टसन (Robertson) ले लेखेका छन्,

> झट्ट हेर्दा यो एउटा विरोधाभास जस्तै देखिन्छ।... तर नयाँ करारमा "निस्तार-चाड" लाई तीन अर्थमा प्रयोग गरिएको छ, निस्तार-चाडको भोज, निस्तार-चाडको थुमा, वा निस्तार चाड। यहाँ बाहेक यो शब्दलाई यूहन्नाको पुस्तकमा आठ पटक प्रयोग गरिएको छ, र प्रत्येकपल्ट निस्तार चाडलाई नै उल्लेख गरिएको छ।[33]

सहदर्शी लेखकहरूका स्पष्ट भनाइहरू अनुसार, निस्तार-चाडको भोज अघिल्लो रात खाइएको थियो (मत्ती २६:१७-१९; मर्कू १४:१२, १४, १६; लूक २२:८, ११, १३, १५) त्यसकारण, आठ-दिने चाडको बेलामा खाइने कुनै भोज (वा भोजहरू) को बारेमा महासभाका प्रतिनिधीहरूले त्यसबेला कुरा गरिरहेका थिए। यस पदमा उल्लेख गरिएको "निस्तार-चाड" ले निस्तार-चाडको भोजलाई जनाउँदैन भन्ने कुरालाई स्थापित गर्ने यहाँ अर्को तरीका छ (नोट: नेपाली बाइबलमा निस्तार चाडको भोज भनेर नै उल्लेख गरिएको छ, अंग्रेजी बाइबलमा 'passover' अर्थात्, निस्तार भन्ने शब्द पाइन्छ): दरबारमा प्रवेश गरेका भए ती अगुवाहरू घाम डुबुन्जेलसम्म अशुद्ध ठहरिन्थे। (धार्मिक रूपमा हुने अशुद्धता घाम डुबुन्जेलसम्म रहन्छ भन्ने मान्यताबारे उदाहरणहरूका लागि, हेर्नुहोस्: लेवी १५:१-२४; १७:१५, १६)। त्यसैले, हाम्रो प्रश्नमा रहेको दिन, निस्तार-चाडको अघिल्लो दिन थियो भने, तिनीहरूले घाम डुबेपछि निस्तार-चाडको भोज खानसक्नेथिए। तसर्थ, तिनीहरूले अवश्य नै निस्तार-चाडको भोजको बारेमा होइन, तर अर्कै भोजको बारेमा कुरा गरिरहेका थिए।

- येशूको परीक्षा अर्थात् सतावटको समयलाई यूहन्नाले "निस्तार-चाडको तयारीको दिन" भनी परिचित गरेका छन् (यूह १९:१४)। क्रूसको घटना शुक्रबारको दिन भएको थियो भन्ने कुरालाई इन्कार गर्नेहरूले के विचार गर्छन् भने "तयारीको दिन" को अर्थ निस्तार-चाडको भोजलाई तयारी गर्ने दिन हो, तर यहूदीहरूले शबाथ-दिनको तयारीको दिनलाई उल्लेख गर्न यो शब्द प्रयोग गर्थे (हेर्नुहोस्: मत्ती २७:६२; मर्कू १५:४२; लूक २३:५४; यूह १९:३१, ४२)। अवश्य नै, यस खण्डमा, यूहन्ना १८:२८ मा जस्तै "निस्तार" शब्दले, निस्तार-चाडको भोजलाई होइन तर निस्तार चाडलाई उल्लेख गर्छ। न्यू इन्टरनेशनल संस्करण (NIV) मा "निस्तारको हप्ताको तयारीको दिन" भन्ने वाक्य छ। अर्को शब्दमा, यो "निस्तार [को हप्ता] मा [परेको शबाथ-दिन] को तयारीको दिन थियो।"
- येशू मर्नुभएको दिनको भोलीपल्ट "शबाथ-दिन" थियो भनी यूहन्ना १९:३१ ले सूचित गर्छ तर यसलाई "महत्त्वपूर्ण" दिन भनी उल्लेख गरेको छ। क्रूसको घटना शुक्रबारको दिन भएको थियो भन्ने कुरालाई इन्कार गर्नेहरूले के निष्कर्ष निकाल्छन् भने, यसको अर्थ यो सामान्य (सातौं-दिन) शबाथ-दिन थिएन, तर यो निस्तार चाडको समयमा विश्राम लिइने अन्य कुनै विशेष दिन थियो। हामीले पहिले नै टिपोट गरेजस्तै, यो सामान्य सातौं-दिनको शबाथ थियो भन्ने कुरा लूकाको समय क्रमले सूचित गर्छ, र यो अर्कै विश्राम दिन थियो भन्नेबारे संकेत दिने कुनै प्रसंग उल्लेख छैन। शबाथ-दिन आठ-दिने चाडको अवधिमा परेकोले यो "अझै-विशेष" दिन

[33]रोबर्टसन (Robertson), २८२-८३। सहदर्शी लेखकहरूले "निस्तार" भन्ने शब्दलाई निस्तार-चाडको भोज उल्लेख गर्न प्रयोग गरेका छन्, तर हाम्रो चासोको विषय भनेको *यूहन्नाले* यो शब्दलाई कसरी प्रयोग गरेका छन् भन्ने हो।

भएको थियो।

विश्वासको एउटा कुरा?

एच. आइ. हस्टर (H. I. Hester) ले भनेका छन्, "प्रस्तुत गरिएका सबै तथ्यहरूलाई हेर्दा, [येशू] शुक्रबारको अपराह्नदेखि आइतबार बिहानसम्म चिहानमा रहनुभयो भन्ने कुराकै पक्ष लिनु तर्कसंगत देखिन्छ। सुसमाचारका पुस्तकमा उल्लेख गरिएका सम्पूर्ण मापदण्डहरूलाई यस अवधारणाले पूरा गर्छ।"[34] हामी सबैले यी तर्कहरूको लेखाजोखा गरौं र आफ्नै हिसाबले निष्कर्ष निकालौं—त्यसपछि सहमत नहुनेहरूप्रति परोपकारी बनौं।

प्रयोग: कलवरीका आश्चर्यकर्महरू[35]
(मत्ती २७:४५-५४; मर्कू १५:३३-३८; लूक २३:४४-४६; यूह १९:२८, ३०)

सगरमाथाको आसपासको इलाकामा संसारका केही विशाल हिमाल चुचुराहरू उभिएका छन्—तर, सगरमाथाको उचाइले गर्दा, हामीमध्ये धेरैले ती अरू हिमालहरूका बारेमा कहिल्यै सुनेका छैनौं। सगरमाथाको महानताले बाँकीलाई अस्पष्ट तुल्याउँछ। यस्तै तरीकाले, येशूको क्रूसका वरिपरि धेरै उल्लेखनीय आश्चर्यकर्महरू भए: सूर्यले प्रकाश दिन छोड्यो, ठूलो भूँइचालो गयो, मन्दिरको पर्दा च्यातियो, र चिहानहरू उघ्रिए अनि सन्तहरू जीवित भई उठे। तैपनि, ख्रीष्टको मृत्युको प्रभुत्वको कारण हामीमध्ये धेरै जना यी अद्भुत घटनाहरूका बारेमा परिचित छैनौं।

यी अलौकिक घटनाहरूलाई "कलवरीको साना पर्वतहरू" भनी उल्लेख गरिन्छ। राम्ररी बुझ्ने हो भने यी प्रत्येकले येशूको बलिदानको सुन्दरतालाई वृहत गरिदिन्छ। विलियम निकोल्सन (William Nicholson) ले यी घटनाहरूलाई "येशू ख्रीष्टको मृत्युलाई बाहिरबाट बाँध्ने चिन्हहरूको साङ्ला, जसलाई अनन्त छुट्काराको एउटै अर्थमा बाँधियो" भनी भनेका छन्।[36] "कलवरीका आश्चर्यकर्महरू" का बारेमा हेर्ने क्रममा हाम्रो अध्ययनद्वारा, येशूले हाम्रो निम्ति के गर्नुभयो त्यसलाई अझै पूर्ण रूपमा हामीले बुझ्न सकौं भन्ने मेरो प्रार्थना छ।

अन्धकार: एउटा ईश्वरीय चिन्ह
(मत्ती २७:४५, ४६; मर्कू १५:३३; लूक २३:४४, ४५क)

के भयो

आफ्नो मनमा गलगथाको दृश्यलाई कल्पना गर्नुहोस्। बिहानको ९:०० बजेदेखि दिउँसोसम्म, त्यहाँ कृयाकलापहरू भइरहेको थियो। येशूले आफ्ना शत्रुहरूका निम्ति प्रार्थना गर्नुभयो, आफ्नी आमाको हेरचहारको जिम्मा दिनुभयो, चोरलाई उद्धार गर्नुभयो, र उहाँलाई स्वास फेर्न गाह्रो भइरहेको थियो; उहाँ यिनै कुरामा व्यस्त हुनुहुन्थ्यो। उहाँका शत्रुहरू उहाँको वस्त्रको लागि चिट्ठा हाल्ने काममा र उहाँलाई गिल्ला गर्ने काममा व्यस्त थिए। अरू पनि व्यस्त नै थिए, जस्तै विलाप गर्ने स्त्रीहरू, र येशूको आमालाई त्यहाँबाट

---

[34]हेस्टर (Hester), २२४।

[35]यस अध्ययनको अवधारणा, विलियम आर. निकोल्सन (William R. Nicholson) को, *द सिक्स् मिराकल्स् अफ कलवरी* बाट आएको हो (सिकागो: मूडी प्रेस, १९२८)।

[36]निकोल्सन (Nicholson), १७।

लिएर जाने प्रेरित। त्यसपछि—अचानक—त्यस दृश्यलाई अंध्यारोले ढाकेपछि ती सबै कृयाकलापहरू रोकिए: "प्राय: दिउँसोको बाह्र बजेको थियो, र तीन बजेसम्म सारा देशलाई अन्धकारले ढाक्यो। सूर्यको तेजै कम भयो, र मन्दिरको पर्दा माझमा च्यातिएर दुई भाग भयो" (लूक २३:४४, ४५क; हेर्नुहोस्: मत्ती २७:४५; मर्कू १५:३३)।

यो अन्धकारको बारेमा धेरै कुरा हामीलाई थाहा छैन। यो कतिको अन्धकार थियो भन्ने कुरामा हामी निश्चित हुन सक्दैनौं—तैपनि म के विचार गर्छु भने, यो यति अन्धकार थियो कि कुनै मानिसले आफ्नै अनुहार अघिको हात देख्न सक्दैनथ्यो। यो कति टाढासम्म फैलिएको थियो हामीलाई निश्चित रूपमा थाहा छैन; यो त्यस क्षेत्रमा मात्रै फैलिएको हुनसक्छ, अथवा यहूदियाभन्दा बाहिर पनि फैलिएको हुनसक्छ। यो घटनाको बारेमा अविश्वासीहरूलाई पनि थाहा थियो र रोमी इतिहासमा समेत यसलाई लेखिएको थियो भन्ने कुरालाई प्राचीन इसाई तथा गैर-इसाई इतिहासकारहरूले सूचित गरेका छन्। "फेल्गोन (Phlegon) नामका एक रोमी इतिहासकारले उक्त अन्धकारको घटनालाई लेखे भन्ने कुरा ओरिजेन र इसेबियसले बताएका छन्।"[37] एक प्रारम्भिक इसाई पक्षपोषक, टेर्टुलियन (Tertullian) ले यो घटनालाई समावेश गरिएको एक रोमी अभिलेखका बारेमा बताएका छन्।[38]

कम्तीमा, हामी यो जान्न सक्छौं: त्यस अन्धकार प्राकृतिक घटना थिएन। शंका गर्ने मानिसहरू यो एउटा सूर्य ग्रहण थियो भनी यसलाई व्याख्या गर्ने प्रयास गरेका छन्, तर निस्तार-चाडको अवधिमा यहूदियामा सूर्य ग्रहण लाग्नु असम्भव थियो। त्यस दिन बादलले आकाश ढाकिएको थियो अथवा मरुभूमिबाट चल्ने बलौटे हुरी चलेको थियो भनेर कतिपयले यो विवरणलाई टार्ने प्रयास गरेका छन्, तर सुसमाचारका लेखकहरूले त्यस्ता सामान्य घटनालाई यति धेरै जोड दिनु नपर्ने हो। त्यस दिन भएको अन्धकार एउटा अलौकिक घटना थियो भनेर विश्वास गर्नुपर्ने कारणहरू धेरै छन्। यो घटेको समय, अनि क्रूसका नजिक हुनेहरूलाई यसले पारेको प्रभाव पनि यी कारणहरू मध्येका हुन्। तीन घण्टाको अन्धकारमा कुनै कृयाकलाप भएको थियो भन्ने विषयमा धर्मशास्त्रमा केही उल्लेख छैन त्यसैले यो अवधिमा भीड चुप थियो भन्ने कुरालाई यसले संकेत दिन्छ। त्यसभन्दा पहिले, भीडले गिल्ला गरिरहेका थिए तर उक्त तीन घण्टापछि भीडका मानिसहरू विलाप गर्दै र रुँदै घरतिर फर्के (लूक २३:४८)।

यसको अर्थ के हो

त्यस अन्धकारको घटना *एउटा ईश्वरीय चिन्ह* थियो: परमेश्वर मानिसहरूका योजनाद्वारा विफल हुनुभएन, तर उहाँले आफ्नो अनन्त योजनालाई पूरा गर्दैहुनुहुन्थ्यो भन्ने कुराको *चिन्ह*। मानिसहरूले स्वर्गबाटको चिन्ह देखाउन माग गरेका थिए (मत्ती १६:१; मर्कू ८:११; लूक ११:१६); तिनीहरूले सोच्दै नसोचेको एउटा चिन्ह तिनीहरूले पाए। त्यो अन्धकार *पीडाको* एउटा चिन्ह थियो: येशू हाम्रालागि मर्ने क्रममा उहाँले भोग्नु परेको घोर-पीडा (१ कोर १५:३)। यो *संघर्षको* एउटा चिन्ह थियो: ख्रीष्ट र दुष्टका शक्तिसँग भएको चरम युद्ध (उत ३:१५; लूक २२:५३; हिब्रू २:१४)। यो *त्यागिएको* एउटा चिन्ह थियो: येशूले

---

[37]आर. सी. फोस्टर (R. C. Foster), *स्टडिज़ इन् द लाइफ अफ क्राइष्ट* (ग्राण्ड ऱ्यापिडस्, मिचिगन: बेकर बुक्स् हाउस, १९७१), १२८२।

[38]टेर्टुलियन (Tertullian) *एपोलोजी* २१.२०।

हाम्रा पापका निम्ति अन्तिम मोल तिर्ने क्रममा, उहाँ आफ्ना पिताद्वारा त्यागिनुभयो (मत्ती २७:४६ हेर्नुहोस्)।

परमेश्वरले युगको सबैभन्दा ठूलो रहस्यमाथि अन्धकारको पर्दा तान्नुभयो: लाखौं मानिसहरूका पापको निम्ति कसरी एक जना मानिस मर्न सक्छ, त्यही कुराको रहस्य। येशूले भोग्नुभएको सबैभन्दा ठूलो पीडाको अवधि, एउटा मौन समय थियो, जुन स्वभाविक नै देखिन्छ—त्यस्तै, उहाँले हाम्रोलागि के गर्नुभएको छ त्यसलाई पूर्ण रूपमा बुझ्न नसक्ने हाम्रो असमार्थ्यप्रति, हामी पनि अन्त्यमा मौन हुन्छौं।

भूँइचालो: ईश्वरीय शक्ति
(मत्ती २७:४६, ५०-५२, ५४; लूक २३:४६; यूह १९:२८, ३०)

तीन घण्टासम्म भएको त्यस अन्धकारको अन्त्यतिर, येशू यसो भनेर ठूलो सोरले कराउनुभयो, "हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईंले मलाई किन त्याग्नुभयो?" (मत्ती २७:४६)। छोटो समयको अन्तरालमा, उहाँका ओठबाट थप तीन वटा वाक्यहरू निस्किए: "मलाई तिर्खा लाग्यो" (यूह १९:२८); "अब सिद्धियो!" (यूह १९:३०); र "हे पिता, म मेरो आत्मा तपाईंको हातमा सुम्पन्छु" (लूक २३:४६)। त्यसपछि उहाँ "ठूलो सोरले कराउनुभयो र आफ्नो आत्मा त्याग्नुभयो" (मत्ती २७:५०)। त्यसबेला, धेरै आश्चर्यचकित घटनाहरू घटे।

के भयो

पहिलो थियो, एउटा भूँइचालो गयो (मत्ती २७:५४ हेर्नुहोस्): जमीन काँप्यो (मत्ती २७:५१ख)। केही घटनाहरू भूँइचालो जत्तिकै भयङ्कर हुन्छन्, जब "सुक्खा जमिन" स्थिर रहँदैन, जब "ठोस" जमिन ठोस रहँदैन। यो भूँइचालोलाई रेक्टर स्केलमा मापन गरिएको भए कत्रो हुनेथियो मलाई थाहा छैन, तर यो यति हिंसात्मक थियो कि यसले गर्दा चट्टानहरू फुटे (मत्ती २७:५१ग) र चिहानहरू उघारिए (मत्ती २७:५२क)।

यो भूँइचालो पृथ्वीको भित्री भागमा रहेको आन्तरिक चापको कारणले एउटा चट्टानले अर्को चट्टानलाई ठक्कर दिएको कारण गएको थिएन। यसरी चापको कारण हुने अदलबदल सामान्य घटना हो जसले गर्दा भूँइचालो जान्छ। परमेश्वरले यसैलाई प्रयोग गर्नुभएको हुनसक्छ, तर घटनाको समयले के संकेत गर्छ भने योभन्दा बढी पक्ष यसमा समावेश थियो। परेमेश्वरले नै यस घटनालाई *घट्न* लगाउनुभयो। यो घटनाको समय र यसको प्रभावमा परमेश्वरको हात देखिन्छ। येशूको मृत्यु हुँदा भूँइचालो गयो (मत्ती २७:५०, ५१), मन्दिरको पर्दा च्यातियो (मत्ती २७:५१), र निश्चित चिहानहरू उघारिए (मत्ती २७:५१, ५२)। यस घटनालाई अनुभव गर्नेहरूलाई यसले पारेको प्रभावमा पनि परमेश्वरको उद्देश्य देखिन्छ (मत्ती २७:५४)।

यसको अर्थ के हो

त्यस भूँइचालो *ईश्वरीय शक्तिको* एउटा प्रदर्शन थियो। जब सीनै पर्वतमा व्यवस्था दिइयो "सारा पर्वत जोरसित काँप्न लाग्यो" (प्रस १९:१८) अब, येशूले त्यही व्यवस्थालाई पूरा गर्नुभयो र पृथ्वी फेरि काँप्यो। परमेश्वरले प्रकृतिलाई नियन्त्रण गर्न सक्नुहुन्छ भन्ने तथ्यलाई भूँइचालोले प्रदर्शन गऱ्यो, तर यसले त्योभन्दा बढी कुरालाई प्रदर्शन गरेको थियो। अर्थात्, मानिसको हृदयलाई छुने उहाँको शक्तिलाई समेत यसले पुष्टि गऱ्यो: "जब कप्तान

र तिनीसँग येशूलाई रुँग्नेहरूले भूकम्प र त्यहाँ भइरहेका घटना देखे, तब अति भयभीत भएर तिनीहरूले यसो भने, 'साँच्चै, यिनी परमेश्वरका पुत्र रहेछन्'" (मत्ती २७:५४)। ख्रीष्टको मृत्युसँगै यो घटना घटेकोले, पापलाई नष्ट गर्ने परमेश्वरको शक्तिलाई पनि यसले सूचित गरेको हुनसक्छ।

पर्दा च्यातियो: एउटा ईश्वरीय उद्देश्य (मत्ती २७:५१क; मर्कू १५:३७, ३८; लूक २३:४५ख)

के भयो

तेस्रो आश्चर्यकर्मलाई अवलोकन गर्नको लागि हामी गलगथाबाट दक्षिणतर्फ सहरको ढोकाबाट मन्दिरको क्षेत्रमा आउनै पर्छ। येशूले आफ्नो प्राण त्याग्नुभएको बेला भूँइचालोले त्यस क्षेत्रलाई हल्लायो, त्यसैबेला मन्दिरभित्र एउटा अभुतपूर्व घटना घटयो: "त्यसै घड़ी मन्दिरको पर्दा टुप्पादेखि फेदसम्म दुई भाग भएर च्यातियो" (मत्ती २७:५१क; हेर्नुहोस्: मर्कू १५:३८; लूक २३:४५ख)।

पर्दा च्यातिएको बारेमा लूकाले लेखेको विवरण मात्र हामीसँग थियो भने (लूक २३:४४, ४५), यो घटना तीन घण्टासम्म भएको अन्धकारको अवधिमा, कुनै बेला घटेको थियो भन्ने निष्कर्ष हामीले निकाल्न सक्थ्यौं। लूकाको विवरणलाई मत्ती र मर्कूसको विवरणसँग तुलना गर्दा, पर्दा च्यातिएको घटना "नवौं घण्टा" (वा "तीन बजेतिर") को *अन्त्यमा* घटयो भन्ने हामी बुझ्छौं।

यस अनौठो घटनाको महत्त्वलाई बुझ्नको निम्ति, हामीले घटनाको अवस्था र घटना स्वयमको बारेमा कल्पना गर्नुपर्छ। येशू साँझको प्रार्थना गर्ने समयमा मर्नुभयो: नवौं घण्टामा, वा अपराह्नको तीन बजे (मत्ती २७:४६; हेर्नुहोस्: प्रे ३:१)। त्यो समयमा विश्वासयोग्य यहूदीहरू, महिला र पुरुष दुवै स्त्रीहरूको चोकमा प्रार्थना गर्न भेला हुन्थे। तिनीहरूले प्रार्थना गरिसकेपछि, एक जना पूजाहारी मन्दिरमा धुप बाल्न जान्थ्यो।

आफैलाई त्यस दिन पवित्र स्थानमा गएर धुप बाल्ने मौका पाएको पूजाहारीको रूपमा कल्पना गर्नुहोस्। यो तपाईंले जीवनमा एक पटक मात्र प्राप्त गर्न सक्ने मौका हुनसक्थ्यो। तपाईं पवित्र स्थानमा प्रवेश गर्दैगर्दा तपाईंको धड्कन बढ्नथाल्छ। तपाईंको अघि महा-पवित्र स्थानको पर्दाको छेउमा धुप चढाउने एउटा बेदी छ। यसको नामले बताएजस्तै, तपाईंको निम्ति महा-पवित्र स्थान पृथ्वीको सबैभन्दा पवित्र स्थान हो। (प्रधान पूजाहारीलाई मात्र वर्षको एक पल्ट, प्रायश्चितको दिनमा महा-पवित्र स्थानमा प्रवेश गर्न अनुमति थियो; हेर्नुहोस्: हिब्रू ९:७; प्रस ३०:१०; लेवी १६:२९-३४।)

सुनौलो बेदीतर्फ तपाईं अघि बढिरहनुभएको बेला, तपाईंको अघि रहेको विशाल पर्दा देखेर तपाईं प्रभावित नभई सक्नुहुन्न, जसको लम्बाइ ३० फिट र चौडाई ३० फिट छ। मन्दिरको निम्ति त्यस प्रकारको पर्दा बनाउने निर्देशन मोशाले दिएका थिए:

> "अनि नीलो, बैजनी, रातो धागो र मसिनो गरी बाटेको सूती कपड़ाको एउटा छेक्ने पर्दा बनाउनू, र त्यसमा सिपालु शिल्पकारले बनाएका करूबहरू भएका होस्। सुनले मोहोरिएका बबुल काठका चार वटा खम्बामा सुनका अङ्कुसेहरूले त्यो टाँग्नू। ती खम्बाहरू चार वटा चाँदीका आधारमाथि होऊन्। तैंले त्यो छेक्ने पर्दा अङ्कुसेहरूबाट झुण्डयाउनू र त्यसको पछाड़ि गवाहीको सन्दूक राख्नू। त्यस पर्दाले तिमीहरूका निम्ति पवित्रस्थानलाई महा-पवित्रस्थानबाट अलग गर्नेछ" (प्रस २६:३१-३३)।

सोलोमनले मन्दिर बनाउँदा उनलाई पनि त्यस्तै निर्देशन दिइएको हुनसक्छ, किनकि "तिनले नीलो, बैजनी र रातो रङ्गको धागो र मलमलको कपड़ाको पर्दा बनाए, र त्यसमा बुट्टा भरेका करूबहरू बनाए" (२ इति ३:१४)। हेरोदको मन्दिरमा राखिएको पर्दा पनि अवश्य नै त्यही अनुसार बनाइएको थियो। पवित्र स्थानमा प्रवेश गर्ने पूजाहारीको निम्ति यो विशाल पर्दा कस्तो देखिएको हुनसक्छ त्यसबारे निकोल्सनले यस्तो व्याख्या गरेका छन्:

> यो राम्ररी बुनिएको कपडाको पर्दा थियो। "राम्ररी सिलाइएको सूती" मा निलो, बैजनी, र गाडा रातो रङ्ग झपक्क देखिन्थ्यो।... र यी तीन रङ्गलाई लाई करुबहरूमा हालिएको थियो। यो जीवन र शक्तिको भावले भरिएको अनि सुन्दरता र वैभवलाई प्रदर्शन गर्ने पर्दा थियो।...
>
> सुनौलो समादान[हरू]का ज्योतिले यो कति जगमगाएको थियो होला। यसको पछि रहेको महान महिमालाई लुकाउन यसलाई झुण्डयाइएको थियो त्यसकारण यसले मनलाई कस्तो विस्मयले भर्थ्यो होला! र रक्षकको सुरक्षात्मक दृष्टि र करुबहरूको शक्तिसहित, यसले चुपचापसित भनिरहेको देखिन्थ्यो, "यति नै, अब यसभन्दा बढी होइन।"[39]

तपाईं त्यस पर्दाबाट आफ्नो नजर हटाएर आफूलाई दिइएको कामको निम्ति तयारी गर्न थाल्नुभयो। तपाईंले बेदीको आगोमा धुप हाल्दै गर्दा, अचानक भूँइ हल्लिन सुरु भयो अनि तपाईं आफ्नो घुँडामा थुचुक्क बस्नुभयो। त्यस भूँइचालो गलगथा क्षेत्रमा मात्र सीमित रहेको थिएन (नजिकैका चिहानहरूमा पनि यसले प्रभाव पाऱ्यो; मत्ती २७:५१, ५२), र भूँइचालो र पर्दा च्यातिएको घटनालाई धर्मशास्त्रमा जोडिएको छ (मत्ती २७:५१), त्यसैले मन्दिरको क्षेत्रलाई पनि यो भूँइचालोले प्रभाव पारेको थियो। त्यसपछि, एउटा असामान्य घटना घट्छ: तपाईंले च्यातिएको आवाज सुन्नुहुन्छ। तपाईंको शिरतर्फ बीस-फिट भन्दामाथि हेर्दा, पर्दाको बीच भागमा अलिकति च्यातिएको देख्नुहुन्छ। तपाईं एकटक लगाएर हेर्नुहुन्छ, अनि पर्दा च्यातिदै तल आउँछ—च्यातिदै-च्यातिदै—अन्त्यमा पर्दा दुई टुक्रा हुन्छ र अब तपाईं महा-पवित्र स्थानको रहस्यमय छायालाई देख्न सक्नुहुन्छ! यो तपाईंको लागि कहिल्यै नबिर्सने क्षण बन्छ—आफ्ना नातानातिनालाई कहने कुरा!

आलोचकहरूले यो अचम्मको घटनालाई विभिन्न तर्कद्वारा टार्ने प्रयास गरेका छन्। "त्यस पर्दा भूँइचालोको चालद्वारा च्यातिएको हो" भनी तिनीहरू भन्छन्—तर तिनीहरूका "स्पष्टीकरणहरू" चित्त बुझाउन सकिने किसिमका समेत छैनन्। उदाहरणको लागि, यदि त्यस लचकदार कपडालाई क्षति गर्न सक्ने किसिमको शक्तिशाली भूँइचालो गएको थियो भने, त्यसले किन मन्दिरलाई नष्ट गरेन? यति मात्र होइन, भूँइचालोले ठोस वस्तुलाई नष्ट गर्न सक्छ, तर यसले एउटा कपडाको टुक्रालाई कमै प्रभाव पार्छ। यो कुरालाई विश्वास नगर्नेहरू भन्छन्, "अहो, अवश्य नै त्यो पर्दा पुरानो र मकिसकेको थियो र च्यातिन लागेको थियो होला नि।" यदि त्यस्तो हो भने, पर्दा टुक्रा-टुक्रा हुनुपर्नेथियो, तर त्यसो भएन। बरु, यो "च्यातिएर दुई भाग भयो" (लूक २३:४५)। होइन, पर्दा च्यातिएको कुरा प्राकृतिक शक्तिद्वारा भएको थिएन।

न त यसलाई मानिसले नै च्यातेको थियो। यदि (कल्पना नगरिएको कुनै कारणवश) मानिसहरूले पर्दालाई च्यात्ने निर्णय गरेका थिए भने, एक जनाले पर्दालाई फेदमा बीचबाट

---

[39]निकोल्सन (Nicholson), ४१।

तानेर अर्को छेउमा लानेथियो र अर्कोले त्यसरी नै अर्कोतर्फ लानेथियो। तिनीहरूले यसरी तानेपछि, पर्दा *तलदेखि माथिसम्म* च्यातिनेथियो। तैपनि वचनमा स्पष्टै लेखिएको छ, "मन्दिरको पर्दा *टुप्पादेखि फेदसम्म* दुई भाग भएर च्यातियो" (मत्ती २७:५१क; जोड दिइएको छ)। एउटै निष्कर्ष के निस्कन्छ भने यसलाई एउटा अदृश्य हातद्वारा च्यातियो, परमेश्वरको आफ्नै हातद्वारा। आश्चर्यजनक ढङ्गले पर्दा च्यातिएको कुरा अवश्य नै सबै पूजाहारीहरूलाई थाहा भयो, त्यसकारण धेरै पूजाहारीहरू इसाई बन्नुको कारक तत्व यही नै थियो भनी कतिपयले विचार छ (प्रे ६:७)।

यसको अर्थ के हो

यस घटनाबाट हामीले के सिक्न सक्छौं? पर्दा च्यातिएको घटना प्रत्यक्ष रूपमा क्रूसको *ईश्वरीय उद्देश्यसँग* गाँसिएको छ। यसबारेमा तीन वटा बुँदालाई हामी विचार गरौं:

(१) पर्दा नष्ट भएको घटनाले पुरानो करार (पुरानो नियम) को व्यवस्थाको अन्त्य भएको घोषणा गऱ्यो। येशूको मृत्युसँगै पर्दा च्यातिएको घटना घटऱ्यो, जसले नयाँ करार (नयाँ नियमको) उदघाटन गऱ्यो। हिब्रू ९:१६, १७ ले भन्छ, "किनकि जहाँ इच्छापत्रको प्रश्न छ त्यहाँ इच्छापत्र लेख्नेको मृत्यु भएको प्रमाणित हुनुपर्दछ। उसको मृत्यु भएपछि मात्र इच्छापत्र पक्का हुन्छ, किनकि इच्छापत्र दिने बाँचुञ्जेल त्यो पक्का ठहर्दैन।" येशूको मृत्युले पुरानो करार (नियम) को अन्त्य भएको (कल २:१४) र नयाँ करारको सुरु भएको घोषणा गऱ्यो।

(२) जसरी पर्दा च्यातिएको घटनाले महा-पवित्र स्थानलाई खुला गऱ्यो, त्यसरी नै येशूको शरीर च्यातिएको घटनाले स्वर्गको पवित्र स्थानमा फर्केर जानको निम्ति उहाँलाई तयार गऱ्यो। हिब्रूको पुस्तकका लेखकले महा-पवित्र स्थान र स्वर्गबीच, भौतिक पर्दा र येशूको शरीरबीच सम्बन्ध भएको कुरालाई उल्लेख गरेका छन्। उनले लेखेका छन्, "यसकारण भाइ हो, येशूको रगतद्वारा महापवित्र स्थानमा प्रवेश गर्ने साहस हामीलाई हुन्छ। हाम्रा निम्ति एउटा नयाँ र जीवित मार्ग उहाँले खोलिदिनुभयो, जसको कारण पर्दाद्वारा, अर्थात् उहाँको शरीरद्वारा भएर हामी भित्र पस्न सक्छौं" (हिब्रू १०:१९, २०)।

(३) सम्भवत: पर्दा च्यातिएको घटनाको सबैभन्दा असाधारण पाठ के हो भने, येशूको मृत्युद्वारा, परमेश्वरकहाँ जाने बाटो *सबै* मानिसहरूका निम्ति खोलियो। हामीले पहिले नै उल्लेख गरेझैं, प्रधान पूजाहारीलाई मात्र मन्दिरको पर्दाको भित्र, महा-पवित्र स्थानमा जाने अनुमति थियो। जब पर्दालाई हटाइयो, अरूले समेत उक्त रहस्यमय स्थानलाई अवलोकन गर्न सके र शायद प्रवेश समेत गर्न सके। परमेश्वर र मानिसबीचको अवरोध हटाइयो भन्ने कुरालाई यस खण्डका लेखकले स्पष्ट रूपमा बताएका छन्। "येशूको रगतद्वारा महापवित्र स्थानमा [स्वर्गमा] प्रवेश गर्ने साहस हामीलाई हुन्छ। हाम्रा निम्ति एउटा नयाँ र जीवित मार्ग उहाँले खोलिदिनुभयो, जसको कारण पर्दाद्वारा, अर्थात् उहाँको शरीरद्वारा भएर हामी भित्र पस्न सक्छौं।" त्यसपछिको पदमा समेत लेखकले यस सम्बन्धी आफ्नो विचारलाई जारी राखेका छन्: "परमेश्वरको घरानामा हाम्रा एक जना महान् पूजाहारी हुनुभएको हुनाले, ... साँचो हृदयले विश्वासको सम्पूर्ण भरोसामा हामी परमेश्वरको समीप जाऔं" (हिब्रू १०:२१, २२ख)।

परमेश्वर र मानिसबीचको अवरोधलाई मात्र हटाइएन, तर पर्दा च्यातिएको घटनासँगै "विशेष" पूजाहारीहरू र परमेश्वरका "सामान्य" छोराछोरीबीचको तगारोलाई समेत हटाइयो (१ पत्र २:५, ९ हेर्नुहोस्)। हामीले यो समेत भन्न सक्छौं, मानिसहरूबीच एक-

आपसमा रहेको भेदभाव र तगारोलाई हटाइएको कुरालाई पनि यसले घोषणा गऱ्यो (एफि २:१४-१६ हेर्नुहोस्)। हामीले त्यस "पर्दालाई" उठाएर यसको पहिलेकै स्थानमा राख्ने प्रयास गरिरहेका छौं कि त्यस कुरालाई ध्यान दिऊं!

मृतकहरू बिउँतिए: एउटा ईश्वरीय प्रतिज्ञा (मत्ती २७:५१ख-५३)

के भयो

बाइबलको सबैभन्दा असाधारण आश्चर्यकर्महरू मध्येका एक, तर थोरै शब्दमा बताइएको आश्चर्यकर्ममा अहिले हामी आइपुगेका छौं। मत्ती २७ ले भन्छ, जब भूइँचालोले "चट्टानहरू फुटे," "चिहानहरू उघारिए, र सुतिगएका धेरै सन्तहरूका मृत शरीर जीवित भई उठे, र तिनीहरू चिहानहरूबाट निस्के, र मृतकबाट येशूको पुनरुत्थान भएपछि तिनीहरू पवित्र सहरमा प्रवेश गरे र धेरैकहाँ देखा परे" (पद ५१ख-५३)। हामी यसलाई दुई वटा आश्चर्यकर्मका रूपमा विभाजन गर्न सक्छौं: (१) चिहानहरू उघ्रिएका र (२) मृतकहरू बिउँतेका। चिहानहरू शुक्रबार साँझतिर उघ्रिए (भूँइचालो जाँदा), तर परमेश्वरका जनहरू आइतबार बिहानसम्म बिउँतिएनन् (शायद तिनीहरू लगभग येशू जीवित हुनुभएकै समयमा बिउँतिए)। तैपनि, मत्तीले यी दुई घटनालाई एकैसाथ जोडेका छन्, त्यसैले हामी पनि यसलाई एकसाथ अध्ययन गर्नसक्छौं।

के भयो भन्ने कुरालाई हामी नजिकबाट नियालौं: भूँइचालोले चट्टानहरू फुट्दा यसले गलगथाको आसपासका ढुङ्गे चिहानहरूलाई उघाऱ्यो। त्यस क्षेत्रको आसपासमा दफन गर्ने केही ठाउँहरू थिए भन्ने कुरा पुरातत्त्वविद्हरूले पुष्टि गर्छन्। निश्चित चिहानहरू मात्रै उघ्रिए; अर्थात्, यी चिहानहरूबाट मानिसहरू निस्किआए—र परमेश्वरका "सन्तहरू" मात्रै बिउँतिए। यी "सन्तहरू" पुरानो करारका सन्तहरू हुनसक्छन् (भज ३४:९ हेर्नुहोस्)—आफ्ना परमेश्वरप्रति विश्वासयोग्य रहेका, व्यवस्थाको अधिनमा जन्मेर मरेकाहरू। "सन्त" भन्ने शब्दको अर्थ "अलग गरिएको" भन्ने हुन्छ। जब हामी परमेश्वरका सन्तान बन्छौं, तब हामी परमेश्वरको सेवाको निम्ति अलग गरिन्छौं।

भूँइचालोले चिहानहरू उघारेपछि ती सन्तहरू का मृत शरीर बाहिर देखिएको हुनसक्छ। तैपनि, ती मृत शरीरहरूलाई मानिसहरूले छुन सक्ने सम्भावना थियो। यदि ती शरीर छोइएका भए छुनेहरू धार्मिक रूपमा अशुद्ध ठहरिन्थे (गन्ती १९:११)। धार्मिक रूपमा अशुद्ध भएकाहरूलाई शबाथ-दिनको विशेष खाना खाने अनुमति थिएन। यसको साथै, मानिसहरूलाई शबाथ-दिनमा काम गर्ने अनुमति थिएन (प्रस २०:८-११)। त्यसकारण, ती मृत शरीरहरूलाई शुक्रबारको बाँकी समय, शनिबार, र शायद आइतबारको केही समयसम्म त्यतिकै छाडियो, कसैले छोएनन्।

त्यसपछि, ख्रीष्टको पुनरुत्थान भएको केही समयपछि—शायद तुरुन्तै—परमेश्वरले ती जनहरूलाई जीवित पार्नुभयो। तिनीहरू चिहानहरूबाट निस्केर "पवित्र सहरमा [यरूशलेम] प्रवेश गरे र धेरैकहाँ देखा परे" (मत्ती २७:५३)। यस घटनाको बारेमा धेरै कुरा हामीलाई थाहा छैन। तिनीहरू यरूशलेमवासीहरूका निम्ति परिचित थिए भन्ने देखिन्छ तैपनि को-को बिउँतिए भन्ने कुरा हामीलाई थाहा छैन। यदि तिनीहरू को हुन् भन्ने कुरा मानिसहरूलाई थाहा थिएन भने, तिनीहरूले ती जीवित भएका मानिसहरूलाई, सहर बाहिरका अपरिचित मानिसहरू हुन् भनी भन्ठान्थे होलान्। त्यसबेला जीवित रहेका यरूशलेमका मानिसहरूले मत्तीले लेखेका विवरणलाई सत्य भनी पुष्टि गर्न सक्थे भन्ने

कुरा संकेत, उनले घटनालाई लेखेको शैलीले देखाउँछ, तैपनि जीवित भएका ती मानिसहरू क-कसकामा देखा परे भन्ने कुरा हामीलाई थाहा छैन। तिनीहरूको पुनरुत्थान कसरी भयो त्यसको बारेमा समेत हामी निश्चित छैनौं। हामी के मानिलिन सक्छौं भने, पुरानो करारको समयमा र ख्रीष्टको सेवकाइको समयमा जीवित पारिएका मानिसहरूले जस्तै तिनीहरूले पनि पछि फेरि शारीरिक मृत्युलाई भोगे। अर्को शब्दमा, तिनीहरूको पुनरुत्थान अवश्य नै ख्रीष्टको जस्तो थिएन, जो कहिल्यै नमर्ने गरी जीवित हुनुभयो।

हामीलाई थाहा नभएका धेरै कुराहरूका बाबजुत पनि, यो घटना कति महत्त्वपूर्ण थियो विचार गर्नुहोस्। यस घटनालाई लेखाजोखा नगरी, पुरानो करार र नयाँ करारमा जीवित पारिएकाहरूलाई औंलामा गन्न सक्छौं। मलाई याद भएसम्म पुरानो करारमा तीन जनालाई जीवित पारिएको थियो (हेर्नुहोस्: १ राज १७; २ राज ४; १३), र ख्रीष्टको सेवकाइमा तीन जनालाई जीवित गरियो (मत्ती ९; लूक ७; यूह ११), र प्रेरितको पुस्तकमा लेखिए अनुसार प्रेरितहरूको सेवकाइको बेला दुई जनालाई जीवित पारियो (प्रे ९; २०)। यहाँ, एकै पटकमा, " *धेरै* सन्तहरू ... जीवित भई उठे"! कति अचम्म!

यसको अर्थ के हो

यो जीवनमा, यस घटनाको बारेमा हामीले जति जान्न चाहान्छौं, त्यति जान्न सक्दैनौं। तैपनि, यी जनहरू "येशूको पुनरुत्थान भएपछि" जीवित पारिएका हुन् भनी हामीलाई बताइएको तथ्यले के सूचित गर्छ भने, उहाँको पुनरुत्थान र तिनीहरूको पुनारुत्थानलाई हामीले जोड्नुपर्छ। निश्चित कुरा के हो भने उहाँको पुनारुत्थानले तिनीहरूको पुनरुत्थानलाई सम्भव तुल्यायो—त्यसरी नै उहाँको पुनरुत्थानले हाम्रो पुनरुत्थानलाई सम्भव तुल्याएको छ। पावलले लेखेका छन्, "वास्तवमा ख्रीष्ट मृतकहरूबाट जीवित हुनुभएको छ। सुतिजानेहरूमध्येमा उहाँचाहिँ प्रथम फल हुनुहुन्छ" (१ कोर १५:२०)। त्यसैले, यस आश्चर्यकर्मले *ईश्वरीय प्रतिज्ञाको* घोषणा गरेको छ: यदि हामी परमेश्वरका "सन्तहरू" हौं (अर्थात्, विश्वासयोग्य इसाईहरू) भने, हामी पनि परमेश्वरको शक्तिद्वारा "अन्त्यको दिनमा" महिमाका साथ जीवित हुनेछौं (यूह ६:४०)! पावलले लेखेका छन्,

> ... हामी सबै सुत्दैनौं [अर्थात्, मर्छौं; ख्रीष्ट आउँदा कोही जीवित हुनेछन्], तर हामी सबैको परिवर्तन हुनेछ, एकै क्षणमा, आँखाको एक निमेषमा, तुरहीको आखिरी आवाजमा। किनभने, तुरही बज्नेछ, र मृतकहरू अविनाशी भएर जीवित हुनेछन्। अनि हाम्रोचाहिँ परिवर्तन हुनेछ। किनकि यस विनाशी स्वभावले अविनाशी, र यस मरणशील शरीरले अमरत्व धारण गर्नुपर्छ। जब विनाशीले अविनाशी र मरणशीलले अमरत्व धारण गर्छ, तब लेखिएको त्यो वचन पूरा हुनेछ, "मृत्यु विजयमा निलिएको छ।" ... तर परमेश्वरलाई धन्यवाद होस्, जसले हामीलाई हाम्रा प्रभु येशू ख्रीष्टद्वारा विजय दिनुहुन्छ (१ कोर १५:५१-५७)।

कस्तो अचम्मको प्रतिज्ञा!

निष्कर्ष

जब हामी क्रूसमा हेर्छौं, के हामी यसको स्पर्शद्वारा प्रभावित नभई रहन सक्छौं र? आकाशलाई यसको स्पर्शले छोयो अनि अन्धकार भयो। चट्टानहरू स्पर्शविहिन छाडिएनन्, त्यसैले, ती फुटे, चिरा-चिरा परे। मन्दिरको पर्दा स्पर्शविहिन रहेन; यो माथिदेखि तलसम्मै च्यातियो। पुरानो करारका केही जनहरूका चिहान स्पर्शविहिन रहन सकेनन्; ती

धमाधम उम्रिए। ती सन्तहरू (परमेश्वरका जनहरू) लाई स्पर्शविहिन छाडिएन; तिनीहरूलाई बिउँताइयो। क्रूसका वरपर उभिएका कठोर हृदयहरूलाई समेत कोमल गराइयो। जब मानिसहरूले त्यस घटनालाई देखे, तिनीहरू यसो भनी कराए, "साँच्चै, यिनी परमेश्वरका पुत्र रहेछन्" (मत्ती २७:५४; हेर्नुहोस्: मर्कू १५:३९; लूक २३:४७, ४८)।

येशूको शरीरलाई चिहानमा राखिएको
(मत्ती २७:५५-६१; मर्कू १५:४०-४७; लूक २३:४९-५६क; यूह १९:३१-४२)

येशूको *मृत्यु*—जसले हाम्रो मुक्तिलाई सम्भव तुल्यायो (रोम ५:१०)—सुसमाचारको तीन वटा आधारभूत सत्यता मध्येका एक हो (१ कोर १५:१, ३)। अरू दुई हुन्, उहाँको *दफन* र उहाँको *पुनरुत्थान* (१ कोर १५:४)। ख्रीष्ट मर्नुभएको *शुक्रबारको* अन्तिम समय; उहाँको शरीरलाई चिहानमा राखिएको दिन, *शनिबार;* र उहाँ मृत्युबाट जीवत हुनुभएको, *आइतबारको* पहिलो भाग, हामी यस अध्ययनमा यिनैलाई समावेश गर्नेछौं। यी तीन दिन, इतिहासको सबैभन्दा महत्त्वपूर्ण दिनहरू हुन्, किनभने यी तीन दिनमा के भएको थियो त्यो हाम्रो आशाको केन्द्रबिन्दु हो।

उहाँको मृत्युलाई अवलोकन गरिएको
(मत्ती २७:५५, ५६; मर्कू १५:४०, ४१; लूक २३:४९)

मत्ती २७:५५, ५६

५५त्यहाँ गालीलबाट आएका धेरै स्त्रीहरू पनि थिए, तिनीहरूले टाढ़ाबाट यी सब हेरिरहेका थिए। तिनीहरू उहाँको सेवा-टहल गर्दै गालीलबाट येशूको पछिपछि आएका थिए। ५६तिनीहरूमध्ये मरियम मग्दलिनी, र याकूब र योसेफकी आमा मरियम, र जब्दियाका छोराहरूकी आमा थिए।

मर्कूस १५:४०, ४१

४०त्यहाँ टाढ़ैबाट हेरिरहने केही स्त्रीहरू पनि थिए। तिनीहरूमध्ये मरियम मग्दलिनी अनि सानोचाहिँ याकूब र योसेफकी आमा मरियम र सलोमी थिए। ४१उहाँ गालीलमा हुनुहुँदा, यिनीहरूले उहाँलाई पछ्याउँथे, र उहाँको सेवा-टहल गर्थे। येशूको साथमा यरूशलेममा आएका अरू धेरै स्त्रीहरू पनि त्यहाँ थिए।

लूका २३:४९

४९तर उहाँका चिनाजानीहरू र गालीलबाट उहाँको पछिपछि आउने स्त्रीहरू टाढ़ा उभिएर यी घटनाहरू हेरिरहे।

क्रूसमा चढाइएको समयमा, चार जना स्त्रीहरू "येशूको क्रूसको नजिकै उभिरहेका थिए": उहाँकी आमा; उहाँकी आमाकी बहिनी (शायद सलोमी); क्लोपासकी पत्नी मरियम; र मरियम मग्दलिनी (मत्ती २७:५५, ५६; हेर्नुहोस्: मर्कू १५:४०, ४१; लूक २३:४९)। यूहन्नाले ख्रीष्टकी आमालाई त्यहाँबाट लगेर गएपछि (यूह १९:२७), अरू स्त्रीहरू भीडका पछाडिपट्टि गए। प्रभुलाई गालीलमा सहायता गर्ने यी प्रिय महिलाहरू (मर्कू १५:४१; हेर्नुहोस्: लूक ८:२, ३) ले उहाँलाई उहाँको मृत्युमा समेत छाडेनन्। उहाँको क्रूसमा

अन्तिम सम्मै बस्ने र चिहानमा पहिलोपल्ट पुग्ने तिनीहरू नै थिए। कम्तीमा दुई जनाले उहाँको मृत्यु, दफन (मत्ती २७:६१; मर्कू १५:४७; लूक २३:५५) र उहाँको पुनरुत्थानलाई देखे (मत्ती २८:१-१०)।

उहाँको मृत्यु भएको ठहर गरिएको
(यूह १९:३१-३७)

[३१]त्यो दिन तयारीको दिन थियो। यसकारण यहूदीहरूले शबाथमा (विशेष गरी यस शबाथमा, जुनचाहिँ महत्त्वपूर्ण थियो) मृत शरीरहरू क्रूसमा नरहून् भनी पिलातसलाई बिन्ती गरे, र तिनीहरूका खुट्टा भाँचेर तिनीहरूका शरीर लगिऊन् भनी माग गरे। [३२]तब सिपाहीहरू आएर उहाँसँग क्रूसमा टाँगिएकाहरूका खुट्टा भाँचे, पहिले एक जनाको, त्यसपछि अर्कोको। [३३]जब तिनीहरू येशूकहाँ आए तिनीहरूले देखे, कि उहाँको मृत्यु अघि नै भइसकेको रहेछ, र उहाँका खुट्टा भाँचेनन्। [३४]तर सिपाहीहरूमध्ये एक जनाले उहाँको कोखामा भालाले घोच्यो, र तुरुन्तै रगत र पानी निस्क्यो। [३५]तिमीहरू पनि विश्वास गर्न सक भनी यो देख्नेले गवाही दिएको हो र उसको गवाही साँचो छ, र साँचो बोल्दछु भनी ऊ जान्दछ। [३६]"उहाँको कुनै पनि हड्डी भाँचिनेछैन" भन्ने धर्मशास्त्रको वचन पूरा होस् भनेर यी कुरा हुन आए। [३७]अनि फेरि अर्को ठाउँमा धर्मशास्त्र भन्छ, "जसलाई तिनीहरूले घोचेका छन्, तिनीहरूले उहाँलाई हेर्नेछन्।"

पिलातसले यहूदीहरूको अनुरोधलाई स्वीकार गरे र कलवरीमा एउटा आदेश पठाए। **तब सिपाहीहरू आएर उहाँसँग क्रूसमा टाँगिएकाहरूका खुट्टा भाँचे, पहिले एक जनाका, त्यसपछि अर्काका** (यूह १९:३२)। लाठा वा एउटा ठूलो मुग्रोद्वारा यो वीभत्स काम गरियो। **जब तिनीहरू येशूकहाँ आए तिनीहरूले देखे, कि उहाँको मृत्यु अघि नै भइसकेको रहेछ, र उहाँका खुट्टा भाँचेनन्** (यूह १९:३३)।

ख्रीष्टको मृत्यु भइसकेको थियो भनेर ती सिपाहीहरूले अनुमान मात्रै गरेका थिएनन्। उहाँको मृत्यु भएको *पक्का* गर्नलाई **सिपाहीहरूमध्ये एक जनाले उहाँको कोखामा भालाले घोच्यो** (यूह १९:३४क)। येशूले मरेको बाहाना गरिरहनुभएको छ कि भनेर तिनले छालामा घोचेको मात्र थिएन। उहाँको कोखामा भालाले घोचियो र यसले हात छिराउन मिल्ने एउटा ठूलो प्वाल पाऱ्यो (यूह २०:२५, २७)। क्रूसमा झुण्डयाइएको व्यक्तिलाई क्रूसबाट निकाल्नुभन्दा पहिले मृत्यु भयो कि भएन भनेर निर्धारण गर्ने काम सिपाहीहरूको हुन्थ्यो त्यसैले भालालाई कोखाबाट मुटुमा पर्ने गरी हानिन्थ्यो। यसले "ठूलो घाउ बनाउथ्यो। [यसो गर्ने तरीका] शायद धेरैजसो रोमी सिपाहीहरूलाई सिकाइएको हुन्थ्यो।" "आफ्नै जीवन मृत्युको खतरामा रहेका सिपाही र पहरेदारले येशूको मृत्यु पक्कै भएको हो र यसमा कुनै शंका छैन भन्ने कुरालाई निश्चित गरिरहेका थिए।"[40]

येशूका हाड भाँचिएको थिएन भन्ने तथ्यले पुरानको करारको एउटा अगमवाणीलाई पूरा गऱ्यो (यूह १९:३६; भज ३४:२०)। येशूको हाड भाँचिएनन् भन्ने तथ्य निस्तारको थुमाको नमुनालाई पुष्टि गर्नका निम्ति पनि महत्त्वपूर्ण थियो। उहाँको कोखामा भालाले घोपेको कुराले पनि अगमवाणीलाई पूरा गऱ्यो (यूह १९:३७; जक १२:१०)

जब उहाँको कोखामा भालाले रोपियो, **तुरुन्तै रगत र पानी निस्कियो** (यूह १९:३४ख)।

---

[40]एडवार्डस्, ग्याबेल, एण्ड होस्मर (Edwards, Gabel, and Hosmer), १४६०; र फोस्टर (Foster), १२८६।

मृत शरीरबाट रगत बहँदैन त्यसकारण यसको चिकित्सकीय कारण पत्ता लगाउन धेरै टिप्पणीकर्ताहरूले प्रयास गरेका छन्। यसको सबैभन्दा प्रचलित व्याख्य भनेको के हो भने, मुटु फुटेको कारण येशूको मृत्यु भएको थियो भन्ने कुरा रगत र पानी मिसिएको यस तरल पदार्थ उहाँको शरीरबाट आएको तथ्यले सूचित गर्छ (भज ६९:२० हेर्नुहोस्)।[41] धेरैजसो चिकित्सकीय स्पष्टीकरणहरूको एउटा कमजोरी के हो भने, येशूको मृत्यु हुँदा उहाँको शरीरले मृत्युको कारण हुने, प्राकृतिक विच्छेदन प्रक्रिया सुरु गऱ्यो भन्ने अवधारणाको आधारमा यी व्याख्याहरूलाई अघि सारिएका छन्। यद्यपि, पत्रुस र पावल दुवैले ख्रीष्टको शरीरलाई "कुह्यो" भोग्नु परेन भनेर जोड दिए (प्रे २:३१; हेर्नुहोस्: १३:३७)।

अनुत्प्रेरित प्रारम्भिक इसाई लेखकहरूले रगत र पानीमा रहस्यमय चिन्ह देखे। धेरैले रगत र पानीमा येशू "बाट आएको" प्रभु-भोज र बप्तिस्माको विधि देखे। कतिपयले यूहन्ना १९:३४ लाई १ यूहन्ना ५:६, ८ को उल्लेखनीय खण्डसँग जोडेका छन्। तैपनि, यस प्रकारको सांकेतिक अनुवाद गरिनु पर्छ भन्ने कुनै संकेत यूहन्ना १९:३४ मा पाइँदैन।

अवश्य नै, हाम्रो पापको निम्ति भएको येशूको मृत्युको रहस्यको भागकै रूपमा त्यस रगत र पानीलाई हामीले स्वीकार गर्नुपर्छ—र यसलाई त्यतिकैमा छाड्नुपर्छ। तिमीहरू पनि विश्वास गर्न सक भनी यो देख्नेले गवाही दिएको हो र उसको गवाही साँचो छ, र साँचो बोल्दछु भनी ऊ जान्दछ (यूह १९:३५)।

यूहन्नाको स्पष्ट व्याख्याले एउटा उद्देश्यलाई पूरा गर्छ: येशूको *मृत्यु भएकै हो*—उहाँका चेलाहरूले पछि बिउँताउन सक्ने गरी उहाँ बेहोस हुनुभएको होइन। येशू बेहोस मात्र हुनुभएको थियो भन्ने मान्यता, पुनरुत्थानलाई इन्कार गर्ने कतिपय मानिसहरूले प्रतिपादन गरेका एउटा सिद्धान्त हो। यसलाई सामान्यतया "अचेत सिद्धान्त" भनिन्छ। चिकित्सा सम्बन्धी एउटा पत्रिकाको एउटा लेखलाई यी शब्दहरूद्वारा सारांश प्रदान गरिएको छ:

> ऐतिहासिक र चिकित्सा प्रमाणले कोखामा भाला रोप्नुभन्दा पहिले नै येशूको मृत्यु भइसकेको थियो भन्ने कुरा स्पष्ट रूपमा देखाउँछ। ... यस्तै, अनुमानका आधारमा येशू क्रूसमा मर्नुभएको होइन भन्ने मान्यता, आधुनिक चिकित्सा विज्ञानको हिसाबमा नमिलेको देखिन्छ।[42]

लगभग अपराह्न ३:०० बजेतिर येशूको मृत्यु भयो (मत्ती २७:४५-५० हेर्नुहोस्)—घाम डुब्नुभन्दा केही घण्टा पहिले, त्यसपछि शबाथ सुरु भयो। नयाँ दिनको सुरुवात हुनलागेको थियो, "त्यो दिन तयारीको दिन थियो। यसकारण यहूदीहरूले [यहूदी नेताहरू] शबाथमा (विशेष गरी यस शबाथमा, जुनचाहिँ महत्त्वपूर्ण थियो) मृत शरीरहरू क्रूसमा नरहून् भनी पिलातसलाई बिन्ती गरे, र तिनीहरूका खुट्टा भाँचेर तिनीहरूका शरीर लगिऊन् भनी माग गरे" (यूह १९:३१)। यो पद लामो छ, र यसलाई केही स्पष्टिकरण दिन आवश्यक छ:

"तयारीको दिन।" शबाथको अघिल्लो दिन (छैटौं दिन, लगभग शुक्रबार) शबाथ-दिनको तयारीको दिन थियो (सातौं दिन, लगभग शनिबार)।

---

[41]विलियम स्ट्रड (William Stroud) ले *द फिजिकल कज अफ द डेथ अफ क्राइष्टमा* यही निष्कर्ष निकालेका छन् (फोस्टर [Foster], १२८५-८६ मा उद्धृत)। एड्वार्डस्, ग्याबेल, एण्ड होस्मर (Edwards, Gabel, and Hosmer), १४६३ मा धेरै चिकित्सकीय सम्भावनाहरूलाई उल्लेख गरिएको छ।

[42]एडवार्डस्, ग्याबेल, एण्ड होस्मर (Edwards, Gabel, and Hosmer), १४६३।

"त्यो ठूलो दिनमा लाश क्रूसमा राखिछोड्नुहुँदैन।" व्यवस्थामा भनिएको छ,

> "कुनै मानिसले प्राणदण्ड पाउने पाप गर्दा तिमीहरूले त्यसलाई मारेर त्यसको शरीर रूखमा झुण्डयायौ भने, त्यसको लाश रातभरि रूखमा झुण्डयाएर नराख्नू, तर त्यही दिन त्यसलाई गाड़िहाल्नू, किनभने जो झुण्डयाइन्छ त्यो परमेश्वरबाट श्रापित हुन्छ। परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूको अधिकारमा दिनुहुने देश अशुद्ध नपार" (व्य २१:२२, २३; हेर्नुहोस्: यहो ८:२९; १०:२६, २७)।

यस खण्डमा उल्लेख गरिएको "रूखमा झुण्डयाएर" भन्ने वाक्यको अर्थ घाँटिमा दोरी बाँदी झुण्डिनु वा काठमा बाँध्नु भन्ने हुन्छ, तर यहूदीहरूले यो शब्दलाई क्रूसमा झुण्डयाइएको व्यक्तिमा समेत लागू गर्थे (गला ३:१३ हेर्नुहोस्)। त्यसोभए, व्यवस्था २१ अनुसार, त्यस शुक्रबारको दिन गलगथामा मरेकाहरूलाई घाम डुब्नुभन्दा पहिले नै दफन गरिसक्नुपर्नेथियो। शबाथ-दिनमा मृत शरीरलाई क्रूसमा नै छाडिएमा यसले शबाथ-दिनलाई अशुद्ध पार्छ भन्ने अनुत्प्रेरित परम्परा यहूदीहरूको थियो भन्नेमा पनि धेरै लेखकहरूले विश्वास गर्छन्।

"(किनकि त्यो शबाथ-दिन ठूलो दिन थियो।)" मूल बाइबलमा "शबाथको दिन महान थियो" भन्ने वाक्य पाइन्छ। न्यू इन्टरनेशनल संस्करण (NIV) ले यस वाक्यलाई "विशेष शबाथ-दिन" भनी अनुवाद गरेको छ। सबै शबाथ-दिन महत्त्वपूर्ण थियो, तर निस्तार-चाडको अवधिमा पर्ने शबाथ-दिन अझै विशेष हुन्थ्यो। यसको साथै, यो शबाथको अझै थप महत्त्व थियो किनभने यो एक-हप्ते अखमिरी रोटीको चाडको सुरुवात थियो। हामीले पहिले नै उल्लेख गरेझैं, एक दिनको निस्तार-चाडपछि तुरुन्तै आठ-दिने अखमिरी रोटीको चाड सुरु भएको थियो। नयाँ करारको समयसम्ममा, दुई चाडहरू गाभिएका थिए र यसलाई निस्तार-चाड र अखमिरी रोटीको चाड, दुवैको रूपमा चिनिन्थ्यो।

"मृत्युदण्ड पाएकाहरू चाँडै मरून् भनेर तिनीहरूका खुट्टा भाँचियोस्।" मृत्यु दण्ड दिइएकाहरूले धेरै दिनसम्म पीडा भोगून् भन्ने चाहाना रोमीहरूको हुन्थ्यो, तर अवस्था आइपरेमा तिनीहरूले पीडितको खुट्टा भाँचेर तिनीहरूले मृत्युलाई छोटयाउँथे। क्रूसमा चढाइएकाहरूले सास फेर्नको लागि आफैलाई माथितिर ठेल्नुपर्नेहुन्थ्यो, त्यसकारण तिनीहरूका खुट्टा भाँचिएपछि, सास फेर्न नसकेर तिनीहरू चाँडै मर्थे।

"र तिनीहरूलाई क्रूसबाट झारियोस्।" यहूदी अगुवाहरूले रोमीहरूलाई क्रूसमा झुण्डयाइएकाहरूको मृत्यु छोटयाउन मात्र होइन, तिनीहरूका शरीरलाई चाँडै दफन गरियोस् भन्ने माग समेत गरेका थिए। यहूदी अगुवाहरूले मृतक शरीर छोएर आफैलाई धार्मिक रूपमा अशुद्ध पार्न चाहेनन् (गन्ती १९:११)। अवश्य नै रोमीहरूले अपराधीहरूलाई गाढ्ने ठाउँ बनाएका थिए, जहाँ मृत शरीरलाई चिन्ह नहालिएको चिहानहरूमा गाड्न सकिन्थ्यो। फेरि, यहूदी अगुवाहरूले आफ्ना पाखण्डीपन र, भनाई र गराईमा नमिल्ने तिनीहरूका कुरा राखे। "शबाथका प्रभुलाई" क्रूसमा चढाउन तिनीहरू हिचकिचाएनन् (मत्ती १२:८; मर्कू २:२८), तर अब तिनीहरू शबाथ-दिनलाई अशुद्ध पार्नेबारे चिन्ता गरिरहेका थिए।

उहाँको शरीरलाई चिहानमा राखियो
(मत्ती २७:५७-६०; मर्कू १५:४२-४६; लूक २३:५०-५४; यूह १९:३८-४२)

मत्ती २७:५७-६०

[५७]साँझ परेपछि अरिमाथियाका योसेफ नाउँ भएका एक जना धनी मानिस आए। तिनी
स्वयम् येशूका चेला थिए। [५८]तिनले पिलातसकहाँ गएर येशूको मृत शरीर मागे, र
पिलातसले सो तिनलाई दिने हुकुम गरे। [५९]योसेफले मृत शरीर लिएर सफा मलमलको
कपड़ाले बेह्रे, [६०]र तिनले चट्टानमा खोपेर बनाएका आफ्नै नयाँ चिहानमा त्यो राखे, र
चिहानको मुखमा एउटा ठूलो ढुङ्गा गुड़ाइदिए, र तिनी गए।

मर्कूस १५:४२-४६

[४२]तयारीको दिन, अर्थात् शबाथ-दिनको अघिल्लो दिन, साँझ पर्दैथियो।
[४३]महासभाका प्रतिष्ठित सदस्य अरिमाथियाका योसेफ, जसले परमेश्वरका राज्यको बाटो
हेर्दैथिए, तिनले साहसपूर्वक पिलातसकहाँ गएर येशूको लाश मागे। [४४]येशू अघि नै
मरिसक्नुभएको सुन्दा पिलातस छक्क परे। अनि कप्तानलाई आफूकहाँ बोलाएर उहाँको
मृत्यु भएको हो कि होइन भनी सोधपूछ गरे। [४५]उहाँको मृत्यु भइसकेको कुरा कप्तानबाट
थाहा पाएपछि पिलातसले येशूको मृत शरीर योसेफलाई लैजाने अनुमति दिए। [४६]अनि
योसेफले मलमलका कपड़ा किने, र लाश तल झारेर कपड़ाले बेह्रे, अनि चट्टानमा खोपेर
बनाइएको एउटा चिहानमा राखे। त्यसपछि चिहानको मुखमा तिनले एउटा ढुङ्गा
राखिदिए।

लूका २३:५०-५४

[५०]योसेफ नाउँ भएका एक जना असल र धार्मिक मानिस थिए। उनी महासभाका सदस्य
पनि थिए। [५१]उनले तिनीहरूका सल्लाह र कार्यमा सम्मति दिएका थिएनन्। उनी
यहूदीहरूका अरिमाथिया सहरका मानिस थिए। उनी परमेश्वरका राज्यको बाटो हेर्दैथिए।
[५२]उनले पिलातसकहाँ गएर येशूको लाश मागे, [५३]उहाँको लाश तल झारेर मलमलको
कपड़ामा लपेटे, र चट्टानमा कपेर बनाएको एउटा चिहानमा राखे, जहाँ कहिल्यै कोही
राखिएको थिएन। [५४]त्यो तयारीको दिन थियो, अनि शबाथ सुरु हुनै लागेको थियो।

यूहन्ना १९:३८-४२

[३८]त्यसपछि अरिमाथियाको योसेफ, जो यहूदीहरूको डरले गर्दा गुप्तमा मात्र येशूका
चेला थिए, तिनले पिलातसलाई येशूको मृत शरीर लैजान पाऊँ भनी बिन्ती गरे। पिलातसले
अनुमति दिए। तब तिनले आएर उहाँको मृत शरीर लगे। [३९]अनि अघि उहाँकहाँ राती आउने
निकोदेमस पनि प्राय: तेत्तीस किलो मूर्र र एलवा मिश्रित द्रव्य लिएर त्यहाँ आए। [४०]यसरी
तिनीहरूले येशूको शरीर यहूदीहरूको दफन-कार्यको रीतिअनुसार सुगन्धित द्रव्यसँग सूती
कपड़ामा बाँधे। [४१]उहाँ क्रूसमा टाँगिनुभएको ठाउँमा एउटा बगैंचा थियो। त्यस बगैंचामा
कहिल्यै कोही नराखिएको एउटा नयाँ चिहान थियो। [४२]किनकि यहूदीहरूका तयारीको
दिन थियो, अनि त्यो चिहान पनि नजिकै थियो, र तिनीहरूले येशूलाई त्यही चिहानमा
राखे।

सिपाहीहरूले क्रूसमा टाँगिएकाहरू सबैको मृत्यु भयो भन्ने कुरा पक्का गरिसकेपछि,
ती मृत शरीरलाई क्रूसबाट झारेर तिनलाई कुनै संस्कारविना दफन गर्न तिनीहरू तयार
भए। यदि येशूको शरीरलाई कसैले दाबी नगरेका भए उहाँको शरीरलाई दफन गरिने हालत
त्यही थियो। तैपनि, कसैले उहाँको शरीरलाई दाबी गऱ्यो—उहाँको परिवारको कुनै

व्यक्तिले होइन, चेलाहरूमध्येकाले होइन, तर **यहूदीहरूका** [यहूदी नेताहरू] **डरले** कारण गुप्त चेला बनी बसेका मानिसले (यूह १९:३८)। अचम्मै लाग्दो कुरा, तिनी महासभाका सदस्य थिए, (मर्कू १५:४३; लूक २३:५०) जुन सभाले ख्रीष्टलाई मृत्यु दण्ड दिने निर्णय गरेको थियो!

अरिमाथियाको योसेफ भनी तिनलाई चिनिन्थ्यो (मर्कू १५:४३; यूह १९:३८; हेर्नुहोस्: मत्ती २७:५७)। अरिमाथिया यहूदियाको एउटा सहर थियो (लूक २३:५१), शायद यो यरूशलेमको उत्तरतर्फ सामरियाको सीमानामा पर्ने एउटा गाउँ थियो।[43] मत्तीले योसेफलाई **धनी मानिस** भनी भनेका छन् (मत्ती २७:५७)। तिनीद्वारा यशैया ५३:९ को वचन पूरा भयो: "उसको चिहान दुष्टहरूसित [दुई जना चोरहरू] बनाइयो, र मृत्युमा धनीहरू [योसेफ] उसको साथमा थिए, यद्यपि उसले केही उपद्रव गरेको थिएन न त उसको मुखमा केही छल थियो।" योसेफ एक असल मानिस थिए र **परमेश्वरका राज्यको बाटो हेर्दैथिए** (लूक २३:५०, ५१; हेर्नुहोस्: मर्कू १५:४३)। आफ्नो राज्य स्थापना गर्ने मसीहको बाटो तिनले हेरिरहेका थिए। येशू मसीह, ख्रीष्ट हुनुहुन्छ भनेर तिनले पहिचान गरेका थिए (मत्ती २७:५७; यूह १९:३८)।

दुःख लाग्दो कुरा, येशूप्रति रहेको आफ्नो विश्वासलाई घोषणा गर्ने साहसको कमी योसेफमा थियो। **महासभाको प्रतिष्ठित सदस्य** भएका कारण (मर्कू १५:४३), आफ्नो विश्वासको स्वीकारले आफ्नो पद गुम्नेछ भन्ने उनलाई थाहा थियो। यस कुराले समग्र रूपमा उनलाई यहूदी समुदायबाट बहिस्कृत गर्नेथियो (यूह ९:२२)। लूकाका अनुसार, महासभाले येशूलाई दोषी ठहऱ्याउँदा, योसेफले **तिनीहरूका सल्लाह र कार्यमा सम्मति दिएका थिएनन्** (लूक २३:५१)—तर के देखिन्छ भने तिनले प्रभुको पक्षमा पनि बोलेनन्।

के यसको अर्थ, येशूको मृत्युको बारेमा महासभाले मतदान गर्दा योसेफ उपस्थित थिएनन्? तिनी जानी-जानी टाढै बसेका हुनसक्छन्, तिनको अरू नै काम रहेको हुनसक्छ, वा तिनलाई त्यस बैठकको बारेमा अवगत नगराइएको हुनसक्छ। तिनी उपस्थित भएपनि मतदानबाट अलग्गै बसेका हुनसक्छन्। हामीलाई यसबारे बताइएको छैन, तर येशूको पक्षमा त्यसबेलासम्म योसेफले बोलेका थिएनन् भन्ने देखिन्छ।

जब योसेफ येशूको शरीरलाई "निकालेर कुनै अँध्यारो चिहानमा" लान पाऊँ भनी माग गर्न जाँदा[44] **तिनले साहसपूर्वक पिलातसकहाँ गएर येशूको लाश मागे** (मर्कू १५:४३ख)। **येशूको मृत शरीर लैजान पाऊँ भनी** भनी तिनले सबै कुराको खतरा मोलेर अनुरोध गरे (यूह १९:३८ख)।

यहूदी सर्वोच्च अदालतको सदस्यबाट यस्तो अनुरोध प्राप्त गर्दा पिलातस अवश्य नै अचम्ममा परे। येशूको मृत्यु भैसेकेको खबर सुनेर पनि तिनी छक्कै परे (मर्कू १५:४४क)। येशू पक्कै मरेका हुन् भन्ने खबर कप्तानले दिएपछि **पिलातसले येशूको मृत शरीर योसेफलाई लैजाने अनुमति दिए** (मर्कू १५:४४ख, ४५; हेर्नुहोस्: मत्ती २७:५८ख; यूह १९:३८ग)।

पिलातसबाट योसेफले स्वीकृती प्राप्त गर्दा, घाम डुब्नै लागेको थियो (शबाथको सुरुवात) (मत्ती २७:५७क; मर्कू १५:४२; लूक २३:५४)। योसेफले चाँडो गर्नुपर्नेथियो। उनी

---

[43]अलफ्रेड एडर्सहेम (Alfred Edersheim), *द लाइफ एण्ड टाइमस् अफ जिजस द मसाया*, न्यू अपग्रेटेड भर्सन (पिबोडी, मासाच्युसेट: हेन्ड्रिक्सन पब्लिसर्स, १९९३), ८९८।

[44]जेम्स् स्टाल्कर (James Stalker), *द ट्रायल एण्ड डेथ अफ जिजस् क्राइष्ट* (न्यू योर्क: ए. सी. आर्मस्ट्रोङ एण्ड सन, १९०९), ३१०-११।

मलमलका कपड़ा किने जाँदा (मर्कू १५:४६), महासभाका अर्का सदस्य—तिनी पनि गुप्त विश्वासी थिए (यूह ७:५० हेर्नुहोस्)—निकोदेमसले चाहिने अत्तर खोजे (यूह १९:३९ हेर्नुहोस्)। हामीले यूहन्ना ३:१-२१ मा निकोदेमसलाई भेटयौं; ७:५०-५२। येशूलाई प्रेमसाथ दफनाउनेमा यिनीहरू नै थिए भन्ने तथ्यमा केही व्यंगोक्ति छ। "के कुरा अनौठो छ भने, येशूका चेलाहरू बन्न डर नमान्ने व्यक्तिहरूले प्रभुको मृत शरीर माग्न डराए, र चेला बन्न डराउने मानिसहरू यो कार्य गर्न डराएनन्।"[45]

ख्रीष्टका हात र पाउबाट किला निकालेपछि, योसेफले उहाँको शरीरलाई क्रूसबाट ओराले। उहाँका हातपाउबाट किलाहरू निकाल्नुभन्दा पहिले क्रूसको तेर्सो काठलाई निकालिएको हो कि येशूको मृत शरीर क्रूसमा हुँदै ती किला उखालिएका हुन् त्यसबारे हामीलाई थाहा छैन। किला जसरी उखालिएको भए तापनि, योसेफ धनी मानिस भएकाले त्यस काम र त्यसपछिका बल लगाउनु पर्ने कामहरूमा तिनलाई सहायता गर्न तिनीसँग अवश्य नै सेवकहरू आएका थिए। त्यसपछि योसेफले प्रभुलाई एउटा असल सुती कपडामा बेरे (मत्ती २७:५९; मर्कू १५:४६; लूक २३:५३क) र **आएर उहाँको मृत शरीर लगे** (यूह १९:३८)।

गोलगोथा नजिकै त्यहाँ **एउटा बगैँचा थियो। त्यस बगैँचामा कहिल्यै कोही नराखिएको एउटा नयाँ चिहान थियो** (यूह १९:४१)। यो सुझाव दिइएको छ कि चिहानमा "कहिल्यै कोही नराखिएको" भन्ने तथ्यलाई *कसलाई* उठाइएको थियो भन्ने बारे कुनै शंका हटाउन जोड दिइएको छ। यो योसेफले **चट्टानमा खोपेर बनाएका आफ्नै नयाँ चिहानमा** थियो (मत्ती २७:६०)। यो नजिकैको पहाडीक्षेत्रमा खनेर बनाइएको एउटा ठूलो खोपिल्टो हुनसक्छ। "चट्टानमा खोपेर बनाइएको" थियो भन्ने तथ्यले यसमा प्रवेश गर्ने द्वार *एउटै* मात्र थियो भन्ने कुरालाई सूचित गर्छ।

योसेफले उक्त चिहान अरिमाथियामा रहेको आफ्नो घरदेखि धेरै टाढा कसरी बनाएको हुनसक्छ भनी कतिपयले प्रश्न गरेका छन्, तर यी विचारहरूलाई ध्यान दिनुहोस्: (१) "अरिमाथियाका" भन्ने वाक्यद्वारा तिनलाई परिचित गरिएको छ तर यसको अर्थ उनी अझै पनि त्यहीं बसोबास गर्थे भन्ने हुँदैन। (येशूलाई पनि "नासरतका" भनी परिचित गरिएको छ तैपनि उहाँ नासरतमा बसोबास गर्नुहुन्नथ्यो।) (२) शायद, यरूशलेममा गाडिनुसँग कुनै इज्जतको सवाल गाँसिएको थियो।

योसेफ र निकोदेमससँग धेरै समय थिएन र **चिहान पनि नजिकै थियो** (यूह १९:४२), त्यसैले तिनीहरूले येशूलाई त्यहीं लाने निर्णय गरे। यूहन्ना १९:४२ र २०:१३ ले संकेत गरे अनुसार, यो चिहान *अस्थाई* रूपमा प्रयोग गरिने चिहान थियो र शबाथ-दिनपछि येशूलाई अझै सुहाँउदो स्थानमा सार्ने योजना योसेफको थियो। यदि कुरा त्यो थियो भने, ख्रीष्टको पुनरुत्थानले योसेफको योजनालाई बेकम्म तुल्याइदियो। ख्रीष्टको शरीरलाई योसेफको चिहानमा राखियो र यस क्रममा, क्रूसको छेउमा बसेका स्त्रीहरूले पनि तिनलाई पछ्याएका थिए (लूक २३:५५; मत्ती २७:६१)।

महासभाका यी सदस्यहरूले येशूको शरीरलाई चिहानमा राखे (मत्ती २७:६०; मर्कू १५:४६; लूक २३:५३; यूह १९:४२) र विधिविधानको तयारीमा लागे। त्यसो गर्ने क्रममा तिनीहरूले **यहूदीहरूको दफन-कार्यको रीतिअनुसार** देह संस्कार गरे (यूह १९:४०क); कतिपय संस्कृतिमा गरिने जस्तो (जस्तै मिश्रीहरू) तिनीहरूले शरीरको कुनै आन्तरिक अंग

---

[45]म्याकगर्भे एण्ड पेण्डल्टन (McGarvey and Pendleton), ७३४।

निकालेनन्।

यहूदी रीति अनुसार, तिनीहरूले मृत शरीरलाई पहिले धोएर, सुकेका रगत, थुक-राल, धुलो, र घाऊलाई सफा गरेका हुनसक्छन्। त्यसपछि तिनीहरूले शरीरलाई **सुगन्धित द्रव्यसँग सूती कपड़ामा बाँधे** (यूह १९:४०ख)। अनुहारमा बाहेक शरीरलाई कात्रोले पूरै बेरिन्थ्यो (यूह ११:४४ हेर्नुहोस्)। त्यसपछि अत्तरको एक तह कात्रोमा दलिन्थ्यो। यसपछि अर्को तह कात्रो बेरिन्थ्यो अनि फेरि अत्तर हालिन्थ्यो, र त्यसरी नै आवश्यक ठानिएमा अझै हालिन्थ्यो।

निकोदेमसले दफनमा प्रयोग गर्नका लागि तेत्तीस किलो जति **मूर्र र एलवा** बोटबाट बनाइएको मग्मग् बास्ना आउने अत्तर ल्याएका थिए (यूह १९:३९)। न्यू अमेरिकन स्टयाण्डर्ड बाइबल (NASB) मा **लगभग एक सय पाउण्ड तौल** भन्ने उल्लेख छ, तर ग्रीक बाइबलमा λίτρας (*लिट्रास्, litras*) छ। धेरैजसो विद्वानहरूका विचारमा एक *लिट्रा* (*litra*) बराबर बाह्र आउन्स हुन्थ्यो। यदि यसो हो भने, एक सय लिट्रा बराबर सत्तरी पाउण्ड हुन्छ। न्यू इन्टरनेशनल संस्करण (NIV) मा "लगभग पचहत्तर पाउण्ड" भन्ने छ। यति धेरै अत्तरलाई अवश्य नै धेरै महँगो परेको हुनसक्छ, र योसेफजस्तै निकोदेमस पनि धनी थिए भन्ने कुरा यस तथ्यले बताउँछ।

ज्योतिषीहरूले ल्याएका उपहारमध्ये मूर्र पनि एक थियो। क्रूसमा चढाइएका व्यक्तिहरूलाई दिन प्रयोग गरिएको तीतो पानीमा पनि यसलाई प्रयोग गरिएको थियो। अलवा फूल फुल्ने वनस्पति हो जसको पात मोटा हुन्छ। यसका पातबाट तयार गरिएको नरम लेपलाई चिलाउने वा पोलेको ठाउँमा उपचार गर्न प्रयोग गरिन्छ। नयाँ करारको समयमा यो वनस्पतिलाई सुकाइन्थ्यो अनि पिँदेर पाउडर बनाइन्थ्यो। मूर्र र एलवालाई मीठो वासनाको लागि प्रयोग गरिएको उदाहरणको लागि भजनसंग्रह ४५:८ मा हेर्नुहोस्।

येशूको शरीरलाई राख्ने काममा ती दुई मानिसले हतारमा काम गर्ने क्रममा आफैलाई अशुद्ध तुल्याए (गन्ती १९:११)। यसले गर्दा तिनीहरूलाई बाँकी रहेको अखमिरी रोटीको चाडमा सहभागी हुन अयोग्य तुल्यायो, तर तिनीहरूको चिन्ताको मुख्य विषय अवश्य नै यो थिएन।

योसेफ र निकोदेमसले आफूले गर्नसक्ने जति सक्दो गरिसकेपछि येशूको अनुहारलाई एउटा सानो कपडाले छोपिदिए (यूह २०:७; ११:४४ हेर्नुहोस्)। त्यसपछि, अन्धकार नजिकै आउँदा, जोसेफले **एउटा ठूलो ढुङ्गा गुड़ाइदिए**—"खूब ठूलो" ढुङ्गा—**चिहानको मुखमा ... र तिनी गए** (मत्ती २७:६०ख; मर्कू १६:४)।

येशूको पुनरुत्थान भएपछि योसेफ र निकोदेमसलाई के भयो? ख्रीष्टको मृत शरीरलाई दफनाउने क्रममा आफ्ना सबै कुराको खतरा मोल्ने यी दुई व्यक्तिहरू पछि खुला रूपमा इसाई भए, विश्वासको प्रखर पक्षधर बने भन्ने हाम्रो अपेक्षा छ—तर नयाँ करारले यसबारे बताउँदैन। मानिसहरूले पछि यी दुई व्यक्तिका बारेमा धेरै कथाहरूको परिकल्पना गरे, तर ती कथाहरू काल्पनिक कथा मात्रै हुन्।

उहाँको दफन-कार्यलाई अवलोकन गरिएको
(मत्ती २७:६१; मर्कू १५:४७; लूक २३:५५, ५६क)

मत्ती २७:६१

६१चिहानको सामुन्ने मरियम मग्दलिनी र अर्की मरियम पनि बसिरहेका थिए।

मर्कूस १५:४७

४७मरियम मग्दलिनी र योसेफकी आमा मरियमले उहाँलाई राखेको ठाउँ हेरिराखेका थिए।

लूका २३:५५, ५६क

५५गालीलबाट उहाँको साथमा आउने स्त्रीहरू पछिपछि गए, र त्यो चिहान हेरे, र उहाँको लाश कसरी राखियो सो देखे। ५६कतब फर्केर तिनीहरूले सुगन्धित द्रव्य र अत्तरहरू तयार गरे।

यी दुई मानिसको क्रियाकलापलाई अवलोकन गरिरहेका दर्शकहरू पनि थिए, जसको बारेमा तिनीहरूलाई अवश्य नै थाहा थिएन। **चिहानको सामुन्ने**, शायद नजिकैको पहाडमा, दुई जना स्त्रीहरू पनि बसिरहेका थिए जसले ती दुई मानिसलाई गलगथादेखि पछ्याएका थिए: मरियम मग्दलिनी, र याकूब र यूहन्नाका आमा मरियम (मत्ती २७:६१; हेर्नुहोस्: मर्कू १५:४०, ४७)। क्रूसमा यी दुई महिलासँग सलोमी (याकूब र यूहन्नाका आमा) पनि थिइन् (मर्कू १५:४०), तर उनी तिनीहरूसँग चिहानमा गइनन्। शायद तिनी येशूकी आमालाई सान्त्वाना दिन आफ्नो छोराको वासस्थानमा गइन्। दुई स्त्रीहरूले योसेफ र निकोदेमसले हतारमा गरेको कामलाई अवलोकन गरे (लूक २३:५५) तर यी दुई स्त्रीहरू तिनीहरूका कामप्रति पूर्ण रूपमा भने सन्तुष्ट थिएनन्। तिनीहरू बगैंचाबाट गएर यरूशलेममा फर्के अनि लाशमा लगाउने **सुगन्धित द्रव्य र अत्तरहरू तयार गरे** (लूक २३:५६क)। प्रभुको शरीरमा सुगन्धित द्रव्य र अत्तर हाल्ने कार्यलाई पूरा गर्न शबाथ दिनको भोलिपल्ट चिहानमा फर्किने विचार तिनीहरूले गरे (हेर्नुहोस्: लूक २३:५६ख; मर्कू १६:१)।

प्रयोग: "र ... उहाँलाई चिहानमा राखियो"

सुसमाचारका प्रमुख तीन अकाट्य सत्यताहरू ख्रीष्टको मृत्यु, दफन र पुनरुत्थान हुन्। येशूले धेरै पटक आफ्नो मृत्यु र पुनरुत्थानको भविष्यवाणी गर्नुभएको थियो (मत्ती १६:२१; १७:२२, २३; लूक १८:३१-३३)। उहाँले आफ्नो दफनको बारेमा पनि भविष्यवाणी गर्नुभएको थियो। उहाँले योना "ठूलो माछाको पेटभित्र बसेको" उदाहरण प्रयोग गरी यो कुरालाई यसो भनी संकेत गर्नुभए थियो, "... उसरी नै मानिसको पुत्र पनि पृथ्वीको गर्भमा तीन दिन र तीन रात रहनेछ" (मत्ती १२:४०)। उहाँलाई बेथानियामा मरियमले अत्तर हालिदिँदा आफ्नो दफनको बारेमा उहाँले स्पष्ट रूपमा बताउनुभएको थियो। उहाँले भन्नुभयो, "यस स्त्रीले जे गर्न सक्थी त्यही गरेकी छे। यिनले मेरो शरीरको दफनको निम्ति अघिबाटै सुगन्धित अत्तर घसेर तयार पारेकी छे" (मर्कू १४:८; हेर्नुहोस्: मत्ती २६:१२; यूह १२:७)।

दफन पनि अरू दुई मुख्य घटनाहरू जत्तिकै महत्त्वपूर्ण छ; तर त्यसभन्दा पहिलेको स्मरणीय घटना (उहाँको मृत्यु) र त्यसपछिको हृदयस्पर्शी घटना (उहाँको पुनरुत्थान) ले येशूको दफनलाई छायामा पारेको छ। येशूको दफनको महत्त्व के *हो?* सुसमाचारको कथामा यसले के भुमिका खेल्छ? कुन तवरद्वारा उहाँको दफनले हाम्रो जीवनमा प्रभाव पार्छ? यी प्रश्नहरूलाई अन्वेषण गर्न हामी केही समय अध्ययन गर्नेछौं।

विगतमा उहाँको दफन

येशूको मृत्यु भएको कुरा घोषणा गरिसकिएपछि, अरिमाथियाका योसेफले मृत शरीर

लान पाऊं भनी पिलातसको अनुमति मागे। निकोदेमसको सहायताद्वारा, योसेफले येशूको शरीरलाई कात्रोले बेरे अनि उनका आफ्नै चिहानमा राखे (मत्ती २७:५९, ६०; मर्कू १५:४६; लूक २३:५०-५३; यूह १९:३८-४०)।

दफन एउटा प्रेममय काम थियो। यदि योसेफले दाबी नगरेका भए, अपराधीहरूलाई गाड्ने, नीशानारहित चिहानमा येशूको शरीरलाई राखिनेथियो।

यो एउटा साहसिक कार्य थियो। येशूको शरीरलाई मागेर दफन गर्दा योसेफ र निकोदेमसले धेरै कुराको जोखिम उठाए।

यो एउटा अत्यावश्यक काम थियो। व्यवस्था अनुसार, येशूलाई घाम अस्ताउनुभन्दा पहिले नै चिहानमा राखिनुपर्थ्यो। अझै महत्त्वपूर्ण कुरा, *येशूको मृत्यु भएकै हो र जीवित भएर उठ्नुभएकै हो भन्ने कुरालाई पक्का गर्नको लागि यो अत्यन्तै महत्त्वपूर्ण भाग थियो।*

यो एउटा उचित काम थियो। करोडौं मानिसहरू मरेका छन्, र तिनीहरूका शरीरलाई पृथ्वीमा गडिएका छन्। "हरेक कुरामा उहाँ ... भाइहरूजस्तै बनाइनुपर्‍यो" व्यक्तिको रूपमा (हिब्रू २:१७), ख्रीष्टलाई पनि "पृथ्वीको गर्भमा" राखिनु उपयुक्त थियो (मत्ती १२:४०)। यसो नगरिएको भए उत्सुक आँखाहरूले युगको सबैभन्दा महान आश्चर्यकर्मलाई देख्न पाउनेथिएनन्।

यो अपेक्षा गरिएको एउटा काम थियो। योसेफ र निकोदेमसले यो कुरालाई महसुस गरेका थिएनन्, तर येशूको दफन तीन-चरणको योजनाको दोस्रो चरण थियो। यही नै अन्त्य थिएन; बरु यसको विपरित, यसद्वारा नयाँ सुरुवात भयो।

वर्तमानमा हाम्रो दफन

अब हामी हाम्रो दफनको बारेमा विचार गरौं—शारीरिक रूपमा मरेकाहरूका बारेमा होइन, तर बप्तिस्मामा ख्रीष्टसँग हुने हाम्रो दफनको बारेमा। नयाँ करारले बप्तिस्मा र ख्रीष्टको बलिदानबीचको सम्बन्धलाई जोड दिएको छ (रोम ६:३, ४; कल २:१२)।

यो प्रेममय कार्य हुनुपर्छ। यदि हामी येशूलाई प्रेम गर्छौं भने, बप्तिस्मा लेओ भन्ने उहाँको आज्ञालाई हामी पालन गर्नेछौं (यूह १४:१५)।

यो साहसिक कार्य हो। बप्तिसमा लिने निर्णय लिनका निम्ति साहस चाहिन्छ, कहिलेकहीं त निकै ठूलो साहस।

यो एउटा अत्यावश्यक काम हो। हामीले प्रभुको आज्ञा पालन गर्ने र मुक्तिको आशिषलाई प्राप्त गर्ने प्रक्रियाको एउटा अत्यावश्यक भाग बप्तिस्मा हो भन्ने कुरा बाइबलले सिकाउँछ (मर्कू १६:१५, १६; प्रे २:३८; गला ३:२६, २७)।

यो उपयुक्त कार्य हो। जसरी हामीले येशूको क्रूसलाई लिनुपर्छ (मत्ती १६:२४ हेर्नुहोस्), त्यसरी नै हामी "उहाँसँग गाडियौं" पर्छ (रोम ६:४)। पानीमा (डुबेर) वास्तविक दफनको अनुभव गर्नको लागि पनि यो हाम्रोलागि उपयुक्त छ—शिरमा छिड्काउ दिएर होइन पानीमा डुबेर।

यो अपेक्षा गरिएको काम हो। पानीमा हामीले लिने डुबाई, अर्थात्, दफन दोस्रो चरण मात्रै हो। पानीरूपी चिहानबाट निस्किआएर "नयाँ जीवनको मार्गमा हिड्दै" तेस्रो चरण हो (रोम ६:४)। यदि हामी इसाई जीवन जिउँछौं भने, संसारमा गरिने हाम्रो शरीरको दफनले हाम्रो जीवनलाई अन्त्य गर्दैन भन्ने ठूलो अपेक्षा हामीसँग हुन्छ। कुनै दिन हामी पनि मृत्युबाट जीवित भई उठ्नेछौं (१ कोर १५:२०, २३)!

शनिबार: येशूको मृत्युको भोलिपल्ट
(मत्ती २७:६२-६६; लूक २३:५६ख)

उहाँका चेलाहरू: डराएका (लूक २३:५६ख; हेर्नुहोस्: यूह २०:१९क)

५६ख अनि व्यवस्थाको आज्ञाअनुसार शबाथमा तिनीहरूले विश्राम गरे।

शबाथ-दिनमा ती स्त्रीहरूले आज्ञा **व्यवस्थाको आज्ञाअनुसार ... विश्राम गरे** (लूक २३:५६ख)। समग्र रूपमा ख्रीष्टका अनुयायीहरूका लागि, यो निराशाको दिन थियो, र "तिनीहरू विलाप गर्दै रोइरहेका थिए" (मर्कू १६:१०), "यहूदीहरूका डरले" बन्द कोठामा बसे (यूह २०:१९; न्यू इन्टरनेशनल संस्करण [NIV] हेर्नुहोस्)। तिनीहरूका आशाहरू सबै "येशूको शरीरसँगै चिहानमा गाडिएका थिए।"[46] "तिनीहरूको शोक दोहोरो थियो। आफूले गरेका दु:खद इन्कार र तिनीहरूले धेरै प्रेम गरेका साथीको मृत्युमा तिनीहरू शोकित भए। तर यी सबैद्वारा तिनीहरू योभन्दा बढी विक्षिप्त भएका थिए, तिनीहरूका विश्वासमा ग्रहण लगेको थियो।"[47] ख्रीष्टले भविष्यवाणी गर्नुभएजस्तै, तिनीहरू गोठालाविनाका भेडाहरू भए (मत्ती २६:३१; मर्कू १४:२७)।

उहाँका शत्रुहरू: आशंका गरेका (मत्ती २७:६२-६६)

६२ भोलिपल्ट, अर्थात् तयारीको दिनको भोलिपल्ट, मुख्य पूजाहारीहरू र फरिसीहरू पिलातसकहाँ भेला भए, ६३ र भने, "हजूर, हामीलाई याद छ, कि त्यस ठगाहाले जिउँदो छँदा, 'तीन दिनपछि म फेरि उठ्नेछु' भनेको थियो। ६४ यसकारण तेस्रो दिनसम्म त्यो चिहान सुरक्षित राख्नलाई हुकुम गर्नुहोस्, नत्रता त्यसका चेलाहरूले आएर त्यो चोरेर लैजालान्, र 'त्यो त मरेकोबाट जीवित भई उठ्यो' भनेर मानिसहरूलाई भन्नेछन्, र त्यो पछिल्लो धोका पहिलोभन्दा अझ नराम्रो हुनेछ।" ६५ पिलातसले तिनीहरूलाई भने, "तिमीहरूको आफ्नै पहरा छँदैछ। जाओ, तिमीहरूले सकेसम्म सुरक्षित राख।" ६६ तब तिनीहरूले गएर ढुङ्गामा मोहोर लाए, र पहरादारहरू खटाएर चिहान सुरक्षित राखे।

येशूका चेलाहरू कुनै काम नगरी शबाथ दिनमा बसेका हुनसक्छन्, तर उहाँका शत्रुहरू त्यसरी बसेनन्। **भोलिपल्ट, अर्थात् तयारीको दिनको भोलिपल्ट, मुख्य पूजाहारीहरू र फरिसीहरू पिलातसकहाँ भेला भए** (मत्ती २७:६२)। हामीले यसबारे जेसुकै भने पनि, पिलातस आफ्ना प्रजाहरूका निम्ति जुनसुकै बेला उपलब्ध हुन्थे: यहूदी अगुवाहरूले तिनीसँग एकाबिहानै भेटेका थिए (मर्कू १५:१), तिनीहरूसँग दिनभर बसेका थिए (यूह १९:२१, ३१; हेर्नुहोस्: मर्कू १५:४३), र अब रात परिसकेपछि पनि तिनले तिनीहरूलाई भेटे। यो भेटघाट अवश्य नै घाम डुबेर शबाथ-दिनको सुरुवात भैसकेपछि भएको हुनुपर्छ। महासभाका सदस्यहरूले चिहानलाई एक रात समेत पहरा नदिईकन रहन दिए भन्ने कुराको सम्भावना देखिँदैन।

यहूदी अगुवाहरूले पिलातसलाई भने, **"हजूर, हामीलाई याद छ, कि त्यस ठगाहाले जिउँदो छँदा, 'तीन दिनपछि म फेरि उठ्नेछु' भनेको थियो"** (मत्ती २७:६३)। तिनीहरूको

---

[46] डिन (Dean), ३०।

[47] हेस्टर (Hester), २२३।

भनाइ उल्लेखनीय छ। मृत्युबाट जिईउठ्नेछु भनी येशूले आफ्ना चेलाहरूलाई *स्पष्ट रूपमै* भन्नुभएको थियो (मत्ती १६:२१; १७:२२, २३; लूक १८:३१-३३)—तर तिनीहरूले बुझेका थिएनन् (मर्कू ९:९, १०)। अर्कोतर्फ, आफ्नो पुनरुत्थान हुने विषयमा उहाँले (उहाँका शत्रुहरू लगायत) सर्वसाधारणलाई *घुमाउरो* भाषामा बताउनुभएको थियो (मत्ती १२:३९, ४०; १६:४; यूह २:१९-२१; १०:१७, १८)—तर यहूदी अगुवाहरूले कुरा बुझेका थिए। तिनीहरूले येशूको वचनलाई विश्वास गरेका थिएनन् तैपनि "तीन दिनपछि" उहाँ "फेरि उठ्नेछु" भनी उहाँले सिकाउनुभएको थियो भन्ने कुरालाई भने तिनीहरूले बुझेका थिए।

त्यसैले तिनीहरूले बडा-हाकिमलाई अनुरोध गरे: **"यसकारण तेस्रो दिनसम्म त्यो चिहान सुरक्षित राख्नलाई हुकुम गर्नुहोस्, नत्रता त्यसका चेलाहरूले आएर त्यो चोरेर लैजालान्, र 'त्यो त मरेकोबाट जीवित भई उठ्यो' भनेर मानिसहरूलाई भन्नेछन्, र त्यो पछिल्लो धोका पहिलोभन्दा अझ नराम्रो हुनेछ"** (मत्ती २७:६४)। आफूलाई उपयुक्त लागेको बेला छली तरीका प्रयोग गर्न महासभाका सदस्यहरू हिचकिचाउँथेनन् (मत्ती २६:५९), त्यसकारण, येशूका चेलाहरूले पनि मौका परे त्यसै गर्नेछन् भन्ने तिनीहरूले ठाने। (हामीमध्ये धेरैजना हामीले जस्तै अरूले पनि विचार गर्छन् र त्यसै गर्छन् भन्ने ठान्छौं।)

पिलातसले उत्तर दिए, **"तिमीहरूको आफ्नै पहरा छँदैछ"** ("you have a guard") (नेपाली संस्करणमा फरक छ, तैपनि यहाँ प्रसंग मिलाउन अंग्रेजी अनुसार राखिएको छ) (मत्ती २७:६५क)। कतिपयले के भन्ने सुझाव दिन्छन् भने, बडा-हाकिमले यसो भनिरहेका थिए, "तिमीहरूसँग मन्दिरका पहरेदारहरू छन्; तिनलाई प्रयोग गर।" तैपनि, त्यसपछिको घटनाले देखाए अनुसार, पिलातस तिनीहरूलाई सहायता गर्न राजी भए र तिनीहरूलाई *रोमी* पहरेदार प्रदान गरे। पुनरुत्थान भएपछि, प्रधान पुजाहारीहरूले पहरेदारलाई त्यहाँ जे भएको थियो त्यसबारे झूट बोल्न लगाउँदा (मत्ती २८:११-१३), तिनीहरूले गार्डहरूलाई भने कि यदि यो कुरा "हाकिमको कानमा ... पुगिहाल्यो भने, [तिनीहरूले] उहाँलाई मनाएर तिमीहरूलाई जोगाइदिनेछौं" (मत्ती २८:१४)। त्यस्तो अवस्थामा बडा-हाकिमसँग रोमी पहरेदारहरूको समस्या हुनेथियो तर यहूदी पहरेदारका निम्ति कुनै समस्या हुनेथिएन।[48] आफ्ना केही सिपाहीहरूलाई प्रयोग गर्न अधिकार दिइसकेपछि तिनले यहूदी अगुवाहरूलाई भने, **"जाओ, [चिहान] तिमीहरूले सकेसम्म सुरक्षित राख"** (मत्ती २७:६५ख)।

पूजाहारीहरू **गएर ... र पहरादारहरू खटाएर चिहान सुरक्षित राखे** (मत्ती २७:६६क)—अर्थात्, तिनीहरूले सक्ने जति। शायद, पहिले तिनीहरूले येशूको शरीर चिहानमा नै छ कि छैन त्यसलाई पक्का गरे। त्यसपछि तिनीहरूले ठूलो ढुङ्गालाई पहिलेकै स्थानमा गुडाए र त्यसमा **मोहोर लाए** (मत्ती २७:६६ग)। यो मोहोर चिहानको ढकनीको वरिपरि मैन वा माटो हाली बनाइएको हुनसक्छ, वा मुखमा दोरी तानेर दुईतर्फ अडचाइएको हुनसक्छ। छाप लगाउनुको उद्देश्य मृत शरीरलाई लान वा नष्ट गर्न नदिनु थियो; त्यसो गर्ने प्रयास गर्ने मानिसलाई मृत्यु दण्डको सजाय दिन सक्थ्यो।[49] अन्त्यमा, रोमी सिपाहीहरूलाई चिहान वरिपरि राखियो (मत्ती २७:६६ख)। तीन दिनपछि येशूको मृत शरीर देखाउन सकिन्छ र "बाधापूर्ण, तर त्यति लामो समयसम्म नटिकेको ख्रीष्ट-अभियान" माथि अन्तिम प्रहार गर्न

---

[48]फोस्टर (Foster), १३१०।

[49]रिचर्ड रोगरस् (Richard Rogers), *द लाइफ अफ क्राइष्ट एण्ड हिज टिचिङ* (लुब्बक, टेक्सस्: सनसेट इन्टरनेशनल बाइबल इन्स्टिच्युट एक्स्टर्नल स्टडिज डिपार्टमेन्ट, १९९५), १०१।

सकिन्छ भनेर सन्तुष्ट भई तिनीहरू त्यहाँबाट गए।

चिहानमा कति जना सिपाहीहरूलाई खटाइएको थियो भन्ने बारेमा हामीलाई बताइएको छैन। हामीलाई के थाहा छ भने त्यहाँ एक जना मात्रै भने थिएन (मत्ती २८:४); तिनीहरू दुई जनाभन्दा बढी थिए भन्ने समेत हामीलाई जानकारी छ (मत्ती २८:११)। क्रूसमा चढाउने काममा चार जना सिपाहीहरू खटाइएको थियो (यूह १९:२३); यस कामको निम्ति पनि त्यति नै संख्यामा सिपाहीहरूलाई खटाइएको हुनसक्छ। के समेत सम्भव छ भने, यो काम धेरै दिनसम्म गरिनुपर्ने भएकोले, चार जना सिपाही भएको चार समूह पालै-पालो त्यहाँ खटिए—पत्रुसलाई पहरा दिइँदा त्यसै गरिएको थियो (प्रे १२:४)।

शनिबारको दिनको समप्ती हुन लागेको थियो। येशूका मानिसहरू शोक गरिरहेका थिए, येशूका शत्रुहरू खुसी मनाइरहेका थिए, र पिलातसका सिपाहीहरू पहरा दिइरहेका थिए। सबैभन्दा अद्‌भुत घटनाको निम्ति हो यस्तै दृश्य तयार गरिएको थियो: प्रभुको पुनरुत्थान्‌को निम्ति!

भाग ८

येशूको पुनरुत्थान, उहाँ देखा पर्नुभएको, र उहाँको स्वर्ग आरोहण

निम्न खण्डहहरूको संयोजित अध्ययन

मत्ती २८:१-२०

मर्कूस १६:१-२०

लूका २४:१-५३

यूहन्ना २०:१—२१:२५

आइतबार: येशूको पुनरुत्थानको दिन
(मत्ती २८:१-८; मर्कू १६:१-८; लूक २४:१-१२; यूह २०:१-१०)

हरेसको एउटा लामो सास तानेर त्यस शबाथ-दिनको अन्त्य भयो अनि एउटा गीतसँगै हप्ताको पहिलो दिनको शुभारम्भ भयो। तैपनि, चेलाहरूलाई निराशाबाट प्रशन्नतामा परिवर्तन हुन समय लाग्यो। हामी देख्न सक्छौं कि, उहाँ मृत्युबाट वास्तवमै उठ्नुभएको हो भन्ने कुरालाई स्वीकार गर्न येशूका जनहरूलाई निकै गाह्रो परेको थियो।

"सुसमाचारको पुस्तकका कुनै पनि लेखकहरूले पुनरुत्थान कसरी भएको थियो भनेर वर्णन गर्दैनन्—जुन सबैभन्दा महान आश्चर्यकर्म हो। ... त्यस सबैभन्दा पवित्र दृश्यमा एउटा पर्दा तानिएको छ।"[1] येशू "हप्ताको पहिलो दिनको बिहानै" बिउँतनुभयो भन्ने मात्र हामी पढ्न पाउँछौं (मर्कू १६:९)। घाम झुल्किनुभन्दा पहिले नै पुनरुत्थान भएको हो भन्ने कुरा सूचित गरिएको छ (यूह २०:१)। हप्ताको पहिलो दिनको सुरुवात (अघिल्लो दिनको घाम डुबेपछि) र अर्को बिहान घाम झुल्किनुभन्दा पहिलेको अवधिको कुनै समयमा ख्रीष्ट जीवित भई उठ्नुभएको हो।

धेरै लेखकहरूले के विचार गर्छन् भने, मत्ती २८:१-८ ले संकेत गरे अनुसार, स्त्रीहरू चिहानमा आउने क्रममा बाटोमा हुँदा नै स्वर्गदूतले चिहानको ढुङ्गा हटाएको थियो—र चिहानको ढुङ्गा खोलिनुभन्दा केही समय पहिले ख्रीष्ट जीवित हुनुभयो। यदि यो निष्कर्ष सही छ भने, हप्ताको पहिलो दिन घाम झुल्किनुभन्दा केही समय पहिले पुनरुत्थान भएको हो।

येशूको मृत्यु भएपछि, उहाँको आत्मा स्वर्गलोकमा गयो (लूक २३:४३; प्रे २:२७, ३१) र उहाँको शरीरलाई चिहानमा राखियो। रातको कुनै समयमा, उहाँको शरीर जीवित भयो, र उहाँको आत्मा फर्कियो। "शुक्रबारको अपराह्न ३ बजे आत्मालाई पिताकहाँ समर्पण गरियो ... र त्यो आत्मा शरीरमा प्रवेश गरेर, त्यसले शरीरलाई पुन: जीवित तुल्यायो।"[2] "उहाँ मृत्युबाट जीवित हुनुभयो" (प्रे १०:४१)। परमेश्वरले उहाँलाई जीवित पार्नुभयो भन्ने कुरालाई जोड दिंदै पुनरुत्थान सम्बन्धी लेखिएका धेरै विवरणहरूले येशूलाई जीवित पारियो (अप्रतक्ष कथन, कर्मवाच्य) भनेर उल्लेख गरेका छन्। तैपनि, आफ्नो पुनरुत्थानमा उहाँ आफै पनि सक्रिय हुनुहुनेछु भन्ने कुरा येशूले समेत सूचित गर्नुभएको थियो (यूह १०:१७, १८)। पवित्र आत्माको उपस्थिति पनि एउटा कारक तत्व थियो भनेर पावलले उल्लेख गर्न खोजेको देखिन्छ (रोम ८:११; १:४)। चिहानको अवरोधहरू तोड्दै, ख्रीष्ट जीवित हुनुभयो, "फेरि मर्नुहुनेछैन" कहिल्यै (रोम ६:९)।

यस घटनाको अकथनीयताको बारेमा व्याख्या गर्न पिटर मार्शल (Peter Marshall) ले एउटा गद्यात्मक शैली प्रयोग गरेका छन्:

> ... सूर्यअस्तार र सूर्यउदयको समय अवधिको कुनै बेला अचानक, अरिमाथियाका योसेफको चिहानमा, अदृश्य शक्तिहरू उडेर आए, ...
>
> परमेश्वरले स्वास लिनुभएको जस्तो हुँइकिएको बेगमा बगैंचाबाट भएर आयो त्यो

---

[1]जोन फ्र्याङ्कलिन कार्टर (John Franklin Carter), *अ लेम्यान्स हार्मनी अफ द गोस्पल* (न्यासभेल: ब्रोड- म्यान प्रेस, १९६१), ३४२।

[2]रोबर्ट डंकन कल्भर (Robert Duncan Culver), *द लाइफ अफ क्राइष्ट* (ग्राण्ड ज्यापिडस्, मिचिगन: बेकर बुक हाउस, १९७६), २६७।

आवाज।
तिनीहरूले ढुङ्गाको चिसो चिहानमा सुताइराखेका एउटा मृत शरीरमा एउटा अपार
शक्तिशाली जीवनलाई फुकेर हालियो;
र मृत मानिस अब जीवित भई
चिहानको कात्रो छोडेर निस्कनुभयो
चिहानको संघारलाई पार गर्दै,
आफ्ना पाउका घाउलाई एकैक्षण झुकेर नियाल्दै उहाँ खडा हुनुभयो,
र बगैंचाको सीतहरूबाट हिँड्दै सँधैका लागि जीवित भएर उहाँ आउनुभयो।[३]

पुनारुत्थान भएको केही समयपछि, अँध्यारो हुँदा नै (मत्ती २८:१; यूह २०:१), "ठूलो भूकम्प गयो" र "परमप्रभुका एउटा दूत स्वर्गबाट तल ओर्ले, र आएर [चिहानको अगाडिको] ढुङ्गो हटाएर त्यसमाथि बसे" (मत्ती २८:२)। येशूलाई चिहानबाट निक्लन दिनलाई त्यस स्वर्गदूतले चिहानको ढुङ्गा लडाएका थिएनन्—उहाँ त्यसभन्दा पहिले नै गइसक्नुभएको थियो—तर यो खाली छ भन्ने कुरा अरूले देख्न सकून् भनेर त्यो ढुङ्गा लडाइएको थियो। शायद कसैले यसलाई फेरि बन्द गर्ने आँट नगरोस् भनेर त्यस स्वर्गदूत ढुङ्गामाथि बसेका थिए।

त्यस स्वर्गदूतको "रूप बिजुलीजस्तो र पोशाक हिउँजस्तो सेतो थियो" (मत्ती २८:३)। जब गार्डहरूले उहाँलाई देखे, तिनीहरू "डरले ... थरथर काँपे, र मरेतुल्य भए" (मत्ती २८:४)। तिनीहरू डरले शक्तिहीन भए। तिनीहरूको होश आएपछि तिनीहरू अवश्य नै बगैंचाबाट सुँइकुच्चा ठोके अनि स्वर्गीय व्यक्तिबाट टाढै बसे। आखीर, रित्तो चिहानलाई पहरा दिइरहनुको के काम थियो र!

स्त्रीहरू र रित्तो चिहान (मत्ती २८:१-८; मर्कू १६:१-८; लूक २४:१-११; हेर्नुहोस्: लूक २४:२२-२४; यूह २०:१)

मत्ती २८:१-८

[१]शबाथपछि, साताको पहिलो दिन रिमरिम उज्यालो हुँदा मरियम मग्दलिनी र अर्की मरियम चिहान हेर्न आए। [२]ठूलो भूकम्प गयो, किनकि परमप्रभुका एउटा दूत स्वर्गबाट तल ओर्ले, र आएर ढुङ्गो हटाएर त्यसमाथि बसे। [३]तिनको रूप बिजुलीजस्तो र पोशाक हिउँजस्तो सेतो थियो। [४]तिनको डरले ती पहरादारहरू थरथर काँपे, र मरेतुल्य भए। [५]तर स्वर्गदूतले ती स्त्रीहरूलाई भने, "तिमीहरू नडराओ, किनभने मलाई थाहा छ, तिमीहरू क्रूसमा टाँगिनुभएको येशूलाई खोज्दैछौ। [६]उहाँ यहाँ हुनुहुन्न, किनकि उहाँले भन्नुभएबमोजिम उहाँ जीवित भई उठ्नुभएको छ। आओ, उहाँलाई राखिएको ठाउँ हेर। [७]तब चाँड़ो गएर उहाँका चेलाहरूलाई खबर देओ, कि उहाँ मृतकबाट जीवित भई उठ्नुभएको छ, र उहाँ तिमीहरूभन्दा अगाडि गालीलमा जाँदैहुनुहुन्छ। तिमीहरूले उहाँलाई त्यहाँ देख्नेछौ। हेर, मैले तिमीहरूलाई भनिदिएको छु।" [८]अनि तिनीहरू डर र अति आनन्दसँग झट्टै चिहानबाट निस्केर गए, र उहाँका चेलाहरूलाई खबर दिन दगुरे।

---

[३]पिटर मार्शल (Peter Marshall), *द फस्ट इस्टर*, एड. क्याथरिन मार्शल (Catherine Marshall) (न्यू योर्क: म्याकग्र-हिल को., १९५९), १२८-२९।

मर्कूस १६:१-८

[१]शबाथ-दिन बितेपछि मरियम मग्दलिनी र याकूबकी आमा मरियम र सलोमीले
सुगन्धित द्रव्य येशूको शरीरमा घस्नलाई किने। [२]साताको पहिलो दिनमा बिहानै घाम
झुल्कँदा तिनीहरू चिहानमा गए। [३]अनि तिनीहरूले आपसमा भने, "हाम्रा निम्ति चिहानको
ढोकाको ढुङ्गा कसले हटाइदेला?" [४]अनि मास्तिर हेर्दा तिनीहरूले चिहानको त्यो ढुङ्गा
हटाइराखेको देखे। त्यो ढुङ्गा खूब ठूलो थियो। [५]अनि चिहानभित्र पसेर तिनीहरूले सेतो
वस्त्र लाएको एक जना जवान मानिसलाई दाहिनेपट्टि बसिरहेको देखे, र तिनीहरू
आश्चर्यचकित भए। [६]तर उनले तिनीहरूलाई भने, "आश्चर्य नमान, तिमीहरू नासरतका
येशूलाई खोज्दछौ, जो क्रूसमा टाँगिनुभएको थियो। उहाँ जीवित भई उठ्नुभएको छ। उहाँ
यहाँ हुनुहुन्न। उहाँलाई राखेको ठाउँ हेर। [७]जाओ, र उहाँका चेलाहरू र पत्रुसलाई भनिदेओ
कि उहाँ तिमीहरूका अगिअगि गालीलमा जाँदैहुनुहुन्छ। उहाँले तिमीहरूलाई
भन्नुभएबमोजिम तिमीहरू उहाँलाई त्यहाँ देख्नेछौ।" [८]तिनीहरू निस्केर चिहानबाट दौड़े,
किनकि डर र आश्चर्यले तिनीहरू कामिरहेका थिए। अनि तिनीहरूले कसैलाई केही
भनेनन्, किनकि तिनीहरू डराएका थिए।

लूका २४:१-११

[१]हप्ताको पहिलो दिन बिहान सखारै ती स्त्रीहरूले तयार गरेका सुगन्धित द्रव्य लिएर
तिनीहरू चिहानमा आए। [२]तिनीहरूले ढुङ्गा चिहानबाट हटाएको भेट्टाए। [३]तर भित्र पस्दा
तिनीहरूले प्रभु येशूको शरीर पाएनन्। [४]जब तिनीहरू यस विषयमा अलमल्ल परिरहेका
थिए, तब चहकिलो पोशाक पहिरिएका दुई पुरुषहरू तिनीहरूका छेवैमा खड़ा भए।
[५]तिनीहरू भयभीत भए अनि जमिनतिर शिर झुकाए, तर ती दुई पुरुषले भने, "तिमीहरू
जीवित व्यक्तिलाई मृतकहरूका बीचमा किन खोज्छौ? [६]उहाँ यहाँ हुनुहुन्न, तर जीवित भई
उठ्नुभएको छ। गालीलमा हुनुहुँदा उहाँले तिमीहरूलाई के भन्नुभएको थियो त्यो याद गर,
[७]कि 'मानिसको पुत्र पापी मानिसहरूका हातमा सुम्पिनु, र क्रूसमा टाँगिनु, र तेस्रो दिनमा
जीवित भई उठ्नु आवश्यक छ'।" [८]तिनीहरूले उहाँका वचन सम्झे। [९]अनि चिहानबाट
फर्केर तिनीहरूले यी सबै कुरा एघार चेलाहरू र अरू सबैलाई बताए। [१०]ती स्त्रीहरूचाहिँ,
मरियम मग्दलिनी, योअन्ना, र याकूबकी आमा मरियम थिए। तिनीहरूसँग रहेका अरू
स्त्रीहरूले पनि यी कुरा प्रेरितहरूलाई भने। [११]तर तिनीहरूले यी कुरा वाहियात हुन् भन्ठाने,
र तिनीहरूले विश्वास गरेनन्।

शबाथपछि, साताको पहिलो दिन रिमरिम उज्यालो हुँदा, मरियम मग्दलिनी र याकूब र यूहन्नाकी आमा मरियम—योसेफ र निकोदेमसले येशूको शरीरलाई चिहानमा राखेका यी दुईले हेरेका थिए—चिहानतर्फ लागे (मत्ती २८:१)। तिनीहरूसँग सलोमी र योअन्ना पनि थिए, र शायद अरू स्त्रीहरू पनि थिए। येशूलाई गालीलमा सेवाटहल गर्ने महिलाहरूमध्येकी एक योअन्ना थिइन् (लूक ८:३)। येशूको शरीरलाई अभिषेक गर्ने काम पूरा गर्नलाई तिनीहरूले अत्तर ल्याएका थिए (मर्कू १६:१; लूक २४:१, १०)।

तिनीहरू बगैंचा आइपुग्न लाग्दा, तिनीहरूले यसो भनी प्रश्न गर्दैथिए, **"हाम्रा निम्ति चिहानको ढोकाको ढुङ्गा कसले हटाइदेला?"** (मर्कू १६:३)। तिनीहरूले अनावश्यक रूपमा चिन्ता गरिरहेका थिए। यहाँ आइपुग्दा तिनीहरूले **ढुङ्गा चिहानबाट हटाएको भेट्टाए** (लूक २४:२; हेर्नुहोस्: यूह २०:१)। चिहानभित्र पस्दा त तिनीहरूले प्रभु येशूको

लाशलाई देखेनन्। अलमल्ल परेर उभिरहेको बेलामा अचानक चम्किने लुगा लगाएका दुई जना मानिस तिनीहरूको छेउमा उभिए (लूक २४:३, ४)। तिनीहरूले "बेहेका सूती कपड़ाहरु" देखे (यूह २०:५), तर शरीरलाई देखेनन्।

त्यसपछि, **चहकिलो पोशाक पहिरिएका दुई पुरुषहरू तिनीहरूका छेवैमा खड़ा भए** (लूक २४:४)। सुसमाचारका पुस्तकका अन्य विवरणमा जस्तै, एउटा पुस्तकले *दुई* जना "पुरुषहरू" भनेको छ (लूक २४:४), र अर्कोले *एक* जना मात्रै थियो भनी उल्लेख गरेको छ (मर्कू १६:५; मत्ती २८:५)। *त्यस* व्यक्ति अरू दुई जनाका प्रवक्ता रहेको हुनसक्छ। जब स्त्रीहरूले तिनीहरूलाई देखे, तिनीहरू "भयभीत भए अनि जमिनतिर शिर झुकाए" (लूक २४:५क; न्यू लिभिङ अनुवाद [NLT])। ती दुई "पुरुषहरू" मध्ये एक जना चिहानको ढुङ्गा लडाउने स्वर्गदूत थिए (मत्ती २८:२, ५)। तिनले उनीहरूलाई भने,

> **तिमीहरू नडराओ, किनभने मलाई थाहा छ, तिमीहरू क्रूसमा टाँगिनुभएको येशूलाई खोज्दैछौ** (मत्ती २८:५)।
>
> **तिमीहरू जीवित व्यक्तिलाई मृतकहरूका बीचमा किन खोज्छौ?** (लूक २४:५ख)
>
> **उहाँ यहाँ हुनुहुन्न, किनकि उहाँले भन्नुभएबमोजिम उहाँ जीवित भई उठ्नुभएको छ** (मत्ती २८:६क)।
>
> **उहाँ ... जीवित भई उठ्नुभएको छ। गालीलमा हुनुहुँदा उहाँले तिमीहरूलाई के भन्नुभएको थियो त्यो याद गर, कि 'मानिसको पुत्र पापी मानिसहरूका हातमा सुम्पिनु, र क्रूसमा टाँगिनु, र तेस्रो दिनमा जीवित भई उठ्नु आवश्यक छ'** (लूक २४:६, ७)।
>
> **आओ, उहाँलाई राखिएको ठाउँ हेर। तब चाँड़ो गएर उहाँका चेलाहरूलाई** [पत्रुसलाई] **खबर देओ, कि उहाँ मृतकबाट जीवित भई उठ्नुभएको छ, र उहाँ तिमीहरूभन्दा अगाडि गालीलमा जाँदैहुनुहुन्छ। तिमीहरूले उहाँलाई त्यहाँ देख्नेछौ। हेर, मैले तिमीहरूलाई भनिदिएको छु** (मत्ती २८:६ख, ७; हेर्नुहोस्: मर्कू १६:७)।

त्यतिखेर तिनीहरूले येशूले भन्नुभएको कुरा सम्झे (लूक २४:८) अनि ती स्त्रीहरू **डर र अति आनन्दसँग झट्टै चिहानबाट निस्केर गए, र उहाँका चेलाहरूलाई खबर दिन दगुरे** (मत्ती २८:८)। बाटोमा जाँदा **तिनीहरूले कसैलाई केही** [पनि] **भनेनन्** (मर्कू १६:८), तर प्रेरितहरू बसिरहेका स्थानमा पुगेपछि स्त्रीहरूले आफूले देखेका **सबै कुरा एघार चेलाहरू र अरू सबैलाई बताए** (लूक २४:९; हेर्नुहोस्: २४:२२, २३)।

ती स्त्रीहरूले स्वर्गीय सन्देशवाहकहरूका बारेमा र एउटा आशाको सन्देश तिनीहरूलाई सुनाउँदा तिनीहरूका आवाजमा कति हर्ष र उत्साह देखिएको थियो होला भन्ने कुराको कल्पना गर्न त्यति गाह्रो छैन। दुःखको कुरा, तिनीहरूका शब्दहरू प्रेरितहरूलाई **कुरा वाहियात** जस्तै लागे, **र तिनीहरूले विश्वास गरेनन्** (लूक २४:१०, ११)। तिनीहरू विश्वस्त हुनका लागि थप प्रमाणको आवश्यकता थियो—र चाँडै नै यो कुरा तिनीहरूले पाए।

ती स्त्रीहरूले चेलाहरूलाई यी सबै कुरा बताइरहेका बेला त्यहीं उपस्थित रहेका क्लेओपास (लूक २४:२२, २३), ले भने, "हामीहरूमध्येका कोही-कोही चिहानमा गए, र ती स्त्रीहरूले जे भनेका थिए, त्यस्तै भेट्टाए, तर उहाँलाई चाहिँ देखेनन्" (लूक २४:२४)।

यसको अर्थ स्त्रीहरूले ल्याएको खबर सुन्ने केही मानिसहरू चिहानतिर गए भन्ने हुनसक्छ, तर के पनि हुनसक्छ भने,पत्रुस र यूहन्ना गएको कुरालाई उल्लेख गर्न लूकाले यो वाक्य प्रयोग हुन् (यूह २०:१-१०)।

प्रेरितहरूले स्त्रीहरूको खबरलाई "विश्वास गरेनन्" (लूक २४:११)। येशूको मृत्यु भएको बेला, उहाँ मृत्युबाट जीवित भई उठ्नुहुनेछ भन्ने कुरामा *कसैले विश्वास* गरेका थिएनन्। उहाँलाई दफनाउनेहरूले यो कुरालाई विश्वास गरेनन्। बन्द ढोकाभित्र बसिरहेका उहाँका चेलाहरूले यो कुरालाई विश्वास गरेनन्। उहाँको मृत शरीरमा अत्तर हाल्न आएका स्त्रीहरूले यो कुरालाई विश्वास गरेका थिएनन्। निश्चय नै, उहाँका शत्रुहरूले पनि यो कुरालाई विश्वास गरेका थिएनन्। एच. आइ. हेस्टर (H. I. Hester) ले लेखेका छन्, "जीवित भई उठ्नुभएको प्रभुको पहिलो सबैभन्दा ठूलो काम उहाँका आफ्नै चेलाहरूलाई आफू फेरि जीवित भएको कुरामा विश्वस्त दिलाउनु थियो।"[4]

दुई प्रेरितहरू र रित्तो चिहान (लूक २४:१२; यूह २०:१-१०; हेर्नुहोस्: लूक २४:२४)

लूका २४:१२

१२तर पत्रुस उठेर चिहानमा दौड़ेर गए, र निहुरेर हेर्दा सूती कपड़ाका पट्टिहरू मात्र देखे। त्यो घटना देखेर अचम्म मानी उनी गइहाले।

यूहन्ना २०:१-१०

१हप्ताको पहिलो दिन बिहान अँध्यारो छँदै मरियम मग्दलिनी चिहानमा आइन्, र तिनले ढुङ्गा चिहानबाट हटाइएको देखिन्। २तिनी सिमोन पत्रुस र येशूले माया गर्नुहुने अर्को चेलाकहाँ दगुरेर गइन्, र तिनीहरूलाई भनिन्, "तिनीहरूले प्रभुलाई चिहानबाट बाहिर लगेछन्, र उहाँलाई कहाँ राखेका छन्, सो हामी जान्दैनौं।" ३तब पत्रुस र अर्को चेला बाहिर निस्केर चिहानतिर गए। ४ती दुवै सँगसँगै दगुरे, तर अर्को चेला पत्रुसलाई उछिनेर चिहानमा अगाडि आइपुग्यो। ५चिहानभित्र निहुरेर हेर्दा, तिनले अघि बेह्रेका सूती कपड़ाहरू मात्र पड़िरहेका देखे, तर तिनी भित्र पसेनन्। ६सिमोन पत्रुस त्यसको पछिपछि आए, र चिहानभित्र पसे, अनि तिनले पनि मलमलका बेह्रने कपड़ाहरू मात्र त्यसै पड़िरहेका देखे। ७उहाँको शिरमा बाँधिएको रूमालचाहिँ मलमलका कपड़ाहरूसँग थिएन, तर अलग्गै एक ठाउँमा पटयाएर राखिएको थियो। ८तब चिहानमा पहिले आइपुग्ने अर्को चेला पनि भित्र पसे, र त्यो देखेर तिनले विश्वास गरे। ९किनभने तिनीहरूले उहाँ मृतकबाट जीवित भई उठ्नुपर्छ भन्ने धर्मशास्त्रको वचन अहिलेसम्म बुझेका थिएनन्। १०त्यसपछि ती चेलाहरू आफ्ना घर फर्के।

हप्ताको पहिलो दिनको एकाबिहानै चिहानमा जाने स्त्रीहरूमध्ये मरियम मग्दलिनी पनि एक थिइन् (मत्ती २८:१; मर्कू १६:१; यूह २०:१)। कुनै बेला, उनी अरू स्त्रीहरूबाट अलग भइन्। अरू स्त्रीहरू पुग्नु भन्दा पहिले तिनी चिहानमा पुगेर तिनीहरू त्यहाँ पुग्नभन्दा पहिले त्यहाँबाट हिँडेकी हुनसक्छ। **बिहान *अँध्यारो छँदै* मिरमिरे मरियम मग्दलिनी**

---

[4]एच. आइ. हेस्टर (H. I. Hester), *द हर्ट अफ द न्यू टेस्टामेन्ट* (लिबर्टी, मो.: क्वालिटी प्रेस, १९६३), २२५।

चिहानमा आइन् भनी यूहन्ना २०:१ ले भन्छ, र स्त्रीहरू "*दिनमा बिहानै घाम झुल्कँदा* तिनीहरू चिहानमा गए" भनी मर्कूस १६:२ ले भन्छ (जोड दिइएको छ), त्यसकारण मरियम अरूभन्दा अघि दगुरिन र अरू स्त्रीहरूभन्दा पहिले चिहानमा पुगिन्, भनेर कतिपयले विचार गर्छन्। अरू कतिपयका विचारमा, ती स्त्रीहरू "अँध्यारो छँदै" *बाटो लागे* र "बिहानै घाम झुल्कँदा" *पुगे*। यो विवरण त्यति महत्त्वपूर्छ छैन। यदि अरू स्त्रीहरू चिहानमा आइपुग्दा तिनी त्यहीं थिइन् भने, तिनीहरूलाई त्यहीं बस्न लगाएर तिनी सहयोगका लागि दगुरिन्।

जे भए तापनि, जब तिनी दफन गरिएको ठाउँमा पुगिन, तिनले **ढुङ्गा चिहानबाट हटाइएको देखिन्** (यूह २०:१)। चिहानमा नहेरीकन, नराम्रो घटना घटयो भन्ने लागेर तिनी पत्रुस र यूहन्नालाई खोज्न दगुरिन् (यूह २०:२क)। उनले तिनीहरूलाई भनिन्, **"तिनीहरूले प्रभुलाई चिहानबाट बाहिर लगेछन्, र उहाँलाई कहाँ राखेका छन्, सो हामी जान्दैनौं"** (यूह २०:२ख)।

फेरि, यूहन्नाले आफैलाई **येशूले माया गर्नुहुने ... चेला** भनी उल्लेख गरेका हुन् भन्ने मानिलिन्छौं (यूह २०:२)। यो पनि सम्भव छ—तर एकदमै कम—ती दुई चेला चिहानमा आइरहेका बेला मरिम मग्दलिनीले तिनीहरूलाई बाटैमा भेटे। शायद, तिनी यरूशलेममा पत्रुस र यूहन्ना बस्ने ठाउँमा वा ठाउँहरूमा गइन् (यूह २०:१० हेर्नुहोस्)। यदि यस्तो हो भने, अरू प्रेरितहरू बसिरहेका ठाउँमा पत्रुस अवश्य नै बसिरहेका थिएनन् (लूक २४:१२ हेर्नुहोस्)। येशूलाई इन्कार गरेपछि, अरू चेलाहरूका आमने-सामने देखा पर्न शायद पत्रुस तयार भएका थिएनन्।

अत्यन्तै घबराएका पत्रुस र यूहन्ना चिहान भएको बगैंचातिर दगुरे (यूह २०:३, ४क; लूक २४:१२क)। शायद यूहन्ना पत्रुसभन्दा जवान थिए, त्यसकारण तिनी **पत्रुसलाई उछिनेर चिहानमा अगाडि आइपुग्यो** (यूह २०:४ख; हेर्नुहोस्: २०:८क)। स्त्रीहरू त्यहाँबाट गइसकेपछि यी दुई मानिसहरू त्यहाँ पुगे भन्ने देखिन्छ (हेर्नुहोस्: मत्ती २८:८; लूक २४:९)।

त्यहाँ पुगेर यूहन्नाले चिहानभित्र हेरे (यूह २०:५क)। येशूको मृत शरीरलाई राखिएको ठाउँमा **बेह्रेका सूती कपड़ाहरू मात्र ... देखे**; तर सतर्कताका कारण **तिनी भित्र पसेनन्** (यूह २०:५ख)। तिनका पछिपछि पत्रुस आइपुगे (यूह २०:६क), र नसोची गरिहाल्ने र बोलिहाल्ने उनको बनी अनुसार तिनी चिहानभित्र छिरिहाले। **तिनले पनि मलमलका बेह्रने कपड़ाहरू मात्र त्यसै पड़िरहेका देखे। उहाँको शिरमा बाँधिएको रूमालचाहिँ मलमलका कपड़ाहरूसँग थिएन, तर अलग्गै एक ठाउँमा पटयाएर राखिएको थियो** (यूह २०:६ख, ७; हेर्नुहोस्: लूक २४:१२ख)।

पत्रुसको सहासद्वारा प्रोत्साहित भएर, यूहान्ना पनि चिहानभित्र पसे, र यी सबै कुरा देखेर उनले येशू बिउँतनुभएको रहेछ भनेर **विश्वास गरे** (यूह २०:८)। चिहानभित्र छाडिएको कपडामा त्यस्तो के कुरा थियो जसले गर्दा उनको जीवनमा विश्वास पैदा भयो? एकतर्फ, यदि कुनै *मित्रहरूले* येशूको शरीरलाई अर्को चिहानमा सारेका भए, तिनीहरूले कात्रो फुकाल्नेथिएनन्। अर्कोतर्फ, यदि *चोरहरूले* शरीरलाई चोरेर लगेका भए, कात्रो फुकाल्ने समय तिनीहरूसँग हुने थिएन। अवश्य नै, बसेर कात्रोलाई बेर्ने र उहाँको शिर ढाकिएको कपडालाई भिन्दै राख्ने समय तिनीहरूले कहिल्यै निकाल्ने थिएनन्। चिहानमा कपडाहरूलाई जस्तो अवस्थामा राखिएको थियो त्यसको एउटै व्याख्या भनेको तिनलाई ख्रीष्ट आफैले आफ्नो हिसाबमा छाड्नुभएको थियो। त्यसको अर्थ, उहाँ अवश्य नै जीवित हुनुभएको थियो!

ती कपडालाई *पटयाइएको तरीका* नै यूहन्नाले विश्वास गर्नुको कारण थियो भनेर पनि धेरै लेखकहरूले सुझाव दिएका छन्। जसरी पछि येशू बन्द ढोकाबाट "छिर्नुभयो" त्यसरी नै उहाँ कात्रो र अत्तरको तहबाट बाहिर निस्किआउनुभएको हुनसक्छ। यदि त्यसो हो भने, कात्रोको कपडालाई "रेशम किराको सुकेको खोलजस्तै अथवा सर्पको काँचुलीजस्तै छाडिएको हुनसक्छ ..."

> लार्भाबाट निस्केर पुतालीले आफ्ना चम्किलो पखेटाहरूलाई घाममा फिँजाउँएजस्तै, ... अझै यथार्थ रूपमा भन्दा, हातबाट निकालिएको पञ्जाजस्तै, जसमा अझै हातको आकार रहिरहन्छ, हो त्यस्तै।[5]

तैपनि, त्यसबेला पनि यूहन्नाको विश्वास कमजोर र अपूर्ण नै थियो। "म विश्वास गर्दछु। मेरो अविश्वासमा मलाई सहायता गर्नुहोस्" भनी कराउने बाबुसँग यूहन्नालाई तुलना गर्न सक्छौं (मर्कू ९:२४)। वर्षौंपछि, **किनभने तिनीहरूले** [उनले र पत्रुसले] **उहाँ मृतकबाट जीवित भई उठ्नुपर्छ भन्ने धर्मशास्त्रको वचन अहिलेसम्म बुझेका थिएनन्** भनी यूहन्नाले लेखे (यूह २०:९)। यी दुई मानिसहरू त्यहाँबाट **आफ्ना घर फर्किने** क्रममा (यूह २०:१०), यूहन्नाले केही हदसम्म "विश्वास" गरे (यूह २०:८), **तर घटना देखेर** पत्रुस अचम्म माने (लूक २४:१२ग)। शायद त्यसै दिन पत्रुस र यूहन्नाले आफूले देखेका कुरा अरू चेलाहरूलाई पनि बताए (लूक २४:२४ हेर्नुहोस्)। तैपनि, आफू जीवित भई उठ्नेबारे प्रभुले गर्नुभएको प्रतिज्ञा पूरा भएको हो भन्ने कुरा तिनीहरूले बुझ्न सकेनन्।

कतिपय लेखकहरूले के औंल्याउछन् भने, प्रेरितहरूले *पहिले* येशू पुनरुत्थान हुनुभएको कुरालाई विश्वास गरे र येशूले आफू जीवित भई बौरी उठ्नेछु भनी भन्नुभएको कुराको अर्थ *पछि मात्रै* बुझे। आफ्ना *अपेक्षाका* कारण तिनीहरूले बौरी उठ्नुभएको प्रभुलाई देख्ने *कल्पना* गर्न दिएनन् भनेर यी लेखकहरूले जोड दिन्छन्।

थप अध्ययनको निम्ति: येशूको पुनरुत्थान शरीर

पुनारुत्थानलाई धेरै रहस्यहरूले घेरेको थियो। एउटा सानो रहस्य हो, येशूको पुनरुत्थान भएको शरीर।

पहिला, *यो शरीर नै थियो* भन्ने कुरा हामीले बुझ्नै पर्छ। पुनरुत्थान हुनुभएको प्रभु कल्पनाद्वारा सृजित भ्रमित व्यक्ति होइन भन्ने कुरा सबैले जानून् भन्ने चाहाना प्रेरितहरूको थियो। तिनहरूले सपना देखेका थिएनन् अथवा दर्शन देखेका होइनन्। तिनीहरूले आत्मा वा भूत देखेका होइनन्। उहाँको पुनरुत्थानपछि, येशूसाँग देख्न सकिने शरीर थियो (यूह २०:१४, २०; प्रे १०:४०)। उहाँको शरीर "मासु र हाड" को शरीर थियो (लूक २४:३९)। उहाँसँग त्यो शरीर थियो, जो यो पृथ्वीमा हिँडडुल गऱ्यो (लूक २४:१५), र जसलाई छुन सकिन्थ्यो (मत्ती २८:९; लूक २४:३९)। उहाँसँग बोल्न सक्ने (लूक २४:१७), र खानेकुरा खानसक्ने शरीर थियो (लूक २४:४१-४३; प्रे १०:४१)। क्रूसमा उहाँलाई गरिएको कठिन परीक्षाद्वारा लागेका चोट बोकेका त्यही शरीर, उहाँको शरीर थियो (यूह २०:२०, २५, २७)।

यसको साथै, यो एउटा *असामान्य* शरीर थियो। चेलाहरू ढोका थुनेर चुक्कुल

---

[5]पिटर मार्शल (Peter Marshall), *मिष्टर जोनस्, मिट द मास्टर* (न्यू योर्क: फ्लेमिङ. एच रेभेल को., १९५०), ११०।

हालिएको कोठामा लुकेर बसिरहेका थिए, अचनाक येशू, "तिनीहरूका माझमा" देखा पर्नुभयो (यूह २०:१९, २६)। अर्थात्, उहाँको शरीर ठोस वस्तुबाट पार गर्न सक्थ्यो। कतिपयले के विश्वास गर्छन् भने येशूले ढोका ढकढक्याउनुभयो र कसैले उहाँलाई पस्न दियो। यस्तो प्रवेशले लूका २४:३६, ३७ मा उल्लेख गरिएको प्रतिक्रियालाई जन्माउन गाह्रै पर्थ्यो। होमर हेइले (Homer Hailey) ले लेखेका छन्,

> [यूह २०:१९, २६] मा उल्लेख गरिएको *थुनेर* भन्ने शब्द *kleiō* [κλείω, *क्लेइयो*] भन्ने शब्दबाट आएको हो, जसको अर्थ "थुन्नु, ढोका लगाउनु, बार लगाउनु" भन्ने हुन्छ (आर्ण्ड एण्ड गिन्ग्रिज [Arndt and Gingrich][6])। यस शब्दलाई नयाँ नियममा सामान्य अर्थमा गरिएको प्रयोगले कुनै कुरालाई बन्द गरिएको र खोल्न नसक्नु भन्ने अर्थ दिन्छ त्यसैले यसको अर्थ ढोका लगाउनु, बार लगाउनु भन्ने हुन्छ (हेर्नुहोस्: मत्ती २५:१०; लूक ११:७; प्रे २१:३०; प्रका ३:७, ८; २०:३; २१:२५)। त्यसैले, येशू अचानक कोठामा देखा पर्नुभएको कुरा विवरणले सूचित गर्छ, त्यसैले उहाँ ढोकाबाट प्रवेश गर्नुभएको थिएन।[7]

क्लेओपास र उनका साथीले येशूलाई पहिचान गरेका बेला, "उहाँचाहिँ तिनीहरूका दृष्टिबाट अल्पिनुभयो" (लूक २४:३१)। जोन फ्र्याङ्कलिन कार्टर (John Franklin Carter) ले लेखेका छन्, "उहाँको पुनरुत्थान भएपछि, पहिले कहिल्यै प्रकट नगर्नुभएको शारीरक सामर्थ्य र कहिलै प्रयोग नगर्नुभएको शक्तिलाई येशूले आफ्नो शरीरमा प्रयोग गर्नुभयो।"[8] दिइएको उदाहरण बाहेक, कार्टरले यो कुरालाई पनि समावेश गरेका छन्, "छोटो समय अवधिमा उहाँ व्यक्तिहरूकहाँ वा मानिसहरूका समूहमा देखा पर्नुहुन्थ्यो, र कसैकोमा देखा पर्नुभन्दा पहिले धेरैदिनसम्म अदृश्य रहनुहुन्थ्यो।"[9]

यो पनि सम्भव छ कि, येशूको शरीर पहिलेभन्दा केही फरक देखिन्थ्यो अथवा उहाँको उद्देश्य पूरा गर्ने अवस्थामा यो परिवर्तन हुनसक्थ्यो। मर्कूस १६:१२ अनुसार, इम्माउसको बाटोमा दुईजना मानिसकहाँ "उहाँ अर्को रूपमा देखा पर्नुभयो"। केही अनुवादहरूमा "अर्को स्वरूपमा" भन्ने वाक्य पाइन्छ (रिभाइज् स्टयाण्डर्ड संस्करण [RSV])। न्यू सेन्चुरी संस्करण (NCV) मा "उहाँ पहिलेजस्तो देखिनुभएन" भन्ने पाइन्छ। न्यू लिभिङ अनुवाद (NLT) मा, "उहाँले आफ्नो स्वरूप परिवर्तन गर्नुभएको थियो" भनेर अनुवाद गरिएको छ। जे भए तापनि, येशूको मृत्यु हुनुभन्दा पहिले उहाँलाई ज-जसले चिन्थे, उहाँको पुनरुत्थान भएपछि उहाँलाई तिनीहरूले झट्टै चिन्न सकेनन् (लूक २४:१६; यूह २०:१४)।

कार्टरको निष्कर्ष यस्तो छ, "यसमा [ख्रीष्टको पुनरुत्थान शरीरमा] उहाँ, यस जीवनमा स्त्री र पुरुषको रूपमा चित्रण गरिने रूपमा मात्रै सीमित हुनुहुन्नथ्यो—जुन शरीरद्वारा उहाँको मृत्यु हुनुभन्दा पहिले उहाँलाई परिचित गरिन्थ्यो।"[10] रोबर्ट डंकन कल्भर (Robert Duncan Culver) ले लेखेका छन्, "उहाँको शरीर स्वर्गीय शरीर

---

[6]यो सन्दर्भ वाल्टर बाउएर (Walter Bauer) को हो, *अ ग्रीक-इङ्लिस लेक्सिकन अफ द न्यू टेस्टामेन्ट र एण्ड ओदर अर्ली क्रिष्चियन लिट्रेचर,* दोस्रो संस्करण, संसोधित विलियम एफ. आर्ण्ड एण्ड एफ. विल्बर गिन्ग्रिज (William F. Arndt and F. Wilbur Gingrich) (सिकागो: युनिभर्सिटि अफ सिकागो प्रेस, १९५७), ४३४।

[7]होमर हेइले (Homer Hailey), *द्याट यु मे बिलिभ: स्टडिज इन द गोस्पल अफ जोन* (ग्राण्ड ऱ्यापिड्स्, मिचिगन: बेकर बुक हाउस, १९७३), १४५।

[8]कार्टर (Carter), ३४१।

[9]इबिड. (Ibid.)।

[10]इबिड. (Ibid.)।

(eschatological) मा परिवर्तन भएको थियो,[11] अर्थात्, महिमित शरीरमा।"[12] कल्भरको शब्द फिलिप्पी ३:२१ बाट आएको हुनसक्छ, जुन पदले उहाँको "महिमाको शरीर" को बारेमा बताउँछ। "[ख्रीष्टको पुनरुत्थान शरीरको] नयाँ विशेषता र शक्ति नै पावलले आत्मिक शरीर भनी भनेको शरीरको चिन्ह हो" भन्ने कुरामा कार्टर विश्वास्त छन् (१ कोर १५:४४)।[13]

येशूको पुनरुत्थान भएको शरीर र हाम्रो पुनरुत्थानपछि हामीले प्राप्त गर्ने आत्मिक शरीरबीच घनिष्ट सम्बन्ध रहेको हुनसक्छ। आत्मिक शरीरको विषयमा पावलले दिएको शिक्षाको एउटा सारांश यस्तो छ: जब हामी मृत्युबाट जीवित भई उठ्छौं, हामी शरीरबाट अलग गरिएका आत्माहरू हुनेछैनौं, तर हामीलाई नयाँ शरीर दिइएनेछ, आत्मिक शरीर (२ कोर ४:१६—५:४ हेर्नुहोस्)। आत्मा र आत्मिक शरीरबीच रहेको भिन्नताको बारेमा मलाई थाहा छैन, तर पूर्ण रूपमा कार्य गर्न र अनन्त गन्तव्यलाई पूरा गर्नका निम्ति हाम्रो आत्मालाई "वस्त्र धारण" गराइनु पर्छ। पावलले १ कोरिन्थी १५ (३५ पद हेर्नुहोस्) मा पुनरुत्थान शरीरको बारेमा व्याख्या गरेका छन्। नयाँ "आत्मिक" शरीर केही तवरले पुरानो "प्राकृतिक" शरीरसँग सम्बन्धित हुन्छ (पद: ३८-४१)। बीउ छर्नेको उदाहरण दिँदै, पावलले लेखेका छन्,

> मृतकहरूको पुनरुत्थान पनि त्यस्तै हो। जुन शरीर विनाशमा गाडिन्छ, त्यो अविनाशमा जीवित हुन्छ। अनादरमा त्यो गाडिन्छ, महिमामा त्यो जीवित हुन्छ। दुर्बलतामा त्यो गाडिन्छ, शक्तिमा त्यो जीवित हुन्छ। प्राकृतिक शरीरमा त्यो गाडिन्छ, आत्मिक शरीरमा त्यो जीवित हुन्छ (पद ४२-४४)।

ख्रीष्टको आगमन हुँदा, हामी शारीरिक रूपमा मरेका भए तापनि वा जीवितै भए तापनि हाम्रो शरीर "परिवर्तन हुनेछ" (पद ५१-५४)। हामीले *हाम्रो* पुनरुत्थान शरीर त्यसै बेला प्राप्त गर्नेछौं।

हामीले प्राप्त गर्ने आत्मिक शरीर र येशूको पुनरुत्थान शरीरबीच सम्बन्ध रहेको कुरा देख्न सकिन्छ—तर एउटा भिन्नतालाई टिपोट गर्नैपर्छ। उहाँको पुनरुत्थान शरीरमा "मासु र हाड" हुनेछ भन्ने कुरालाई उहाँले जोड दिनुभएको थियो (लूक २४:३९), तर "मासु र रगत स्वर्गका राज्यको हकदार हुन सक्दैन" (अर्थात्, स्वर्ग प्रवेश गर्न) भनेर पावलले लेखेका छन् (१ कोर १५:५०)। शायद येशूले "शरीर र हाड" भन्ने शब्दलाई "शरीर" भन्ने समायोजित अर्थमा प्रयोग गर्नुभएको हो। लूका २४:३९ मा लिभिङ बाइबल (LB) बाइबलमा यस्तो लेखिएको छ, "'... मलाई छोऊ अनि म भूत होइन भन्ने कुरालाई सुनिश्चित गर! किनभने भूतहरूको शरीर हुँदैन, तर तिमीहरूले देख्न सक्छौं मेरो शरीर छ'!" अर्को सम्भावना के हुनसक्छ भने, पुनरुत्थानपछि ख्रीष्टले प्रयोग गर्नुभएको शरीर उहाँको अन्तिम महिमित शरीरको *परिवर्तित* स्वरूप थियो—जसद्वारा, उहाँको स्वर्ग आरोहणको निम्ति तयारी गर्ने क्रममा उहाँले आफ्ना चेलाहरूसँग सहकार्य गर्न सक्नुभयो।

---

[11] "Eschatology" भनेको (λόγος, *लगस, logos*) अन्तिम (ἔσχατος, *इस्खाटस, eschatos*) वस्तुहरूको अध्ययन हो (अर्थात्, संसारको अन्त्य, न्याय, स्वर्ग र नरक , र त्यस्तै अन्यको अध्ययन हो)। "स्क्याटोलोजिकल" ("eschatological") शब्दको अर्थ "को भाग" ("pertaining to") भन्ने हुन्छ। ख्रीष्टको आगमन भएपछि हामीले प्राप्त गर्ने शरीर "स्वर्गीय शरीर" ("eschatological body") नै हो।

[12] कल्भर (Culver), २६७।

[13] कार्टर (Carter), ३४१।

यदि त्यस्तो हो भने, अवश्य नै उहाँको महिमित शरीरको अन्तिम र पूर्ण परिवर्तन उहाँ आफ्ना पिताकहाँ उचालिनुभएपछि मात्र भयो।

यति भनिसकेर, उहाँको पुनरुत्थान शरीरको बारेमा हामीले के *थाहा पाउन* सक्छौं? यो *असामान्य* शरीर थियो, तर यो वा*स्तविक* शरीर थियो। उहाँ *वास्तवमै* मृत्युबाट जीवित भई उठ्नुभएको थियो भन्ने कुरा हामीलाई विश्वासद्वारा थाहा छ। महत्त्वपूर्ण कुरा त्यही नै हो।

प्रयोग: पुनरुत्थानले के घोषणा गर्छ

येशूको मृत्यु, दफन र पुनरुत्थान हाम्रो विश्वास र परमेश्वरसँगको हाम्रो सम्बन्धको मुटु हो (१ कोर १५:१-४)। प्रत्येक हप्ताको पहिलो दिन, हामी प्रभुको मेचमा भेला हुँदा हामी ख्रीष्टको मृत्यु, दफन, र पुनरुत्थानको स्मरण गर्छौं। अहिलेको लागि, हामी यीमध्ये तेस्रो, पुनरुत्थानमा हाम्रो ध्यान केन्द्रित गर्नेछौं। हामी यी प्रश्नहरूको उत्तर दिन चाहान्छौं, जस्तै "पुनरुत्थानको महत्त्व के हो?" र "यो महान घटनाले केलाई घोषणा गर्दछ?" यसका आधारभूत सन्देशहरूमध्ये केही सन्देशहरू यसप्रकार छन्।

येशू परमेश्वरको पुत्र हुनुहुन्छ

पहिलो, पुनरुत्थानले येशूको ईश्वरीयतालाई दाबी गर्दछ। रोमी १:४ मा पावलले उहाँको बारेमा यस्तो लेखेका छन्, "येशू ख्रीष्ट हाम्रा प्रभु मरेकाहरूबाट पुनरुत्थान हुनुभएर पवित्रताको आत्माअनुसार शक्तिमा परमेश्वरका पुत्र ठहरिनुभयो।" येशू नै परमेश्वरको पुत्र हुनुहुन्छ भन्ने कुरालाई पुनरुत्थानले प्रमाणित गर्दछ।

उहाँको पुनरुत्थान भएको दिन पहिलोपल्ट चिहानमा पुग्नेहरू, उहाँको शरीरमा अत्तर हाल्न गएका महिलाहरू थिए। मरियम मग्दलिनीले अरूलाई छाडेर आउँदै गर्दा पत्रुस र यूहन्नालाई भेटेको देखिन्छ। मरियमको डरलाई सुनेर, ती दुई प्रेरितहरू चिहानलाई निरिक्षण गर्न दौडे। आफूले चिहानको कात्रो देखेपछि विश्वास गरेको कुरा यूहन्नाले पछि बताएका छन्। त्यसभन्दा पहिले, के कुरालाई विश्वास गर्ने सोबारे थाहै नपाई तिनी पत्रुससँग बगैंचा छिरेका थिए। त्यसपछि तिनले चिहानभित्र रहेको कुरा देखे। यूहन्नाको विवरण यसप्रकार छ:

> सिमोन पत्रुस त्यसको पछिपछि आए, र चिहानभित्र पसे, अनि तिनले पनि मलमलका बेह्रने कपड़ाहरू मात्र त्यसै पड़िरहेका देखे। उहाँको शिरमा बाँधिएको रूमालचाहिँ मलमलका कपड़ाहरूसँग थिएन, तर अलग्गै एक ठाउँमा पटचाएर राखिएको थियो। तब चिहानमा पहिले आइपुग्ने अर्को चेला [अर्थात्, यूहन्ना] पनि भित्र पसे, र त्यो देखेर तिनले विश्वास गरे (यूह २०:६-८)।

यूहन्नाले के देखे जसले गर्दा उनमा विश्वास पैदा गऱ्यो? तिनले "मलमलका बेह्रने कपड़ाहरू मात्र त्यसै पड़िरहेका देखे। उहाँको शिरमा बाँधिएको रूमालचाहिँ ... अलग्गै एक ठाउँमा ... राखिएको थियो।" यदि मानिसहरूले येशूको शरीरलाई हतार-हतार निकालेर लगेका भए, तिनीहरूसँग कात्रोलाई निकालेर, उहाँको शिर बेरेको लुगालाई छुट्टै राखिराख्ने समय हुनेथिएन। यूहन्नाले देखेको कुरा मानिसको प्रयाससँग मेल नखाएको तर ईश्वरको हस्तक्षेपसँग मिलेको थियो। यो कुरा पुनरुत्थानसँग मिलेको थियो जसको बारेमा येशूले धेरैपल्ट भविष्यवाणी गर्नुभएको थियो (मत्ती १६:२१; १७:२३; २०:१९; मर्कू ८:३१; ९:३१; १०:३४; लूक ९:२२; यूह २:१९)।

यदि हामीले यस प्रमाणलाई राम्ररी अवलोकन गऱ्यौं भने, यसले यूहन्नामा जस्तै हामीमा पनि विश्वास पैदा गर्नेछ। येशू मृत्युबाट जीवित भई उठ्नुभएको हो भन्ने कुरालाई विश्वास गर्ने कारणहरू प्रशस्तै छन्। उदाहरणको लागि, उहाँको पुनरुत्थानपछि उहाँलाई जीवित देख्ने सयौं मानिसहरूको गवाही हामीसँग छ (१ कोर १५:४-८)।

येशूका चेलाहरूमा आएको परिवर्तन पनि यसको एउटा प्रमाण हो। उहाँको पक्राउ अनि परीक्षाको बेला ख्रीष्टका जनहरूले देखाएको व्यवहारदेखि कोही पनि प्रभावित हुनेथिएनन्। तिनीहरू सबै कुरा हुनसक्थे तर साहसी हुन सकेनन्। कि त तिनीहरू आफ्नो प्राण बचाउन भागे कि त खतराबाट टाढै बस्ने प्रयास गरे। पत्रुसले त येशूलाई चिनेको कुरालाई समेत इन्कार गरे। तैपनि, पुनरुत्थानपछि, तिनै मानिसहरूले येशूको बारेमा खुला रूपमा र साहसका साथ प्रचार गरे। तिनीहरूका गाढा विश्वास नयाँ करारका पृष्ठ-पृष्ठमा घण्टी भैं बज्छन्।

केको बारेमा तिनीहरू निश्चित थिए? येशू *जीवित* हुनुभएको बारेमा। यसले निश्चय नै प्रेरितहरूका जीवनलाई परिवर्तन गरिदियो। त्यसपछि तिनीहरूको विश्वास कहिल्यै हल्लिन सकेन—तिनीहरूलाई जेलमा राखिए, कुटिए, ढुङ्गाले हानिए र मारिए तैपनि तिनीहरूको विश्वास हल्लिएन। दुर्बल, अस्थिर, विश्वासै नभएका व्यक्तिहरू संसारले अघि कहिल्यै नदेखेका उत्साहित अनि गतिशील व्यक्तिहरू भएर उठे। तिनीहरूका शिक्षाले रोमी साम्राज्यलाई हल्लायो, अनि रोमले सक्दो यातना दिए तैपनि असफल भए। पुनरुत्थानलाई छाडेर यी मानिसहरूमा आएको परिवर्तनलाई व्यख्या गर्न सकिन्न। तिनीहरूले पुनरुत्थान भई आउनुभएको प्रभुलाई देखे, अनि यसले तिनीहरूको जीवनलाई सदाको निम्ति परिवर्तन गरिदियो।

धेरै पहिले नै येशू परमेश्वरको पुत्र हुनुहुन्छ भन्ने कुरालाई पुनरुत्थानले प्रमाणित गरिसकेको छ, र यसले आज पनि त्यस महान सत्यतालाई घोषणा गर्दछ।

येशूको बलिदानलाई स्वीकार गरियो

परमेश्वरले येशूको क्रूसको बलिदानलाई स्वीकार गर्नुभयो भन्ने कुरा पुनरुत्थानले घोषणा गर्छ। इसाई जगत क्रूसैमा केन्द्रित छ। हामीलाई "क्रूसद्वारा ... परमेश्वरसँग" मिलाप गरिएको छ (एफि २:१६)। येशूको बलिदानद्वारा, परमेश्वरको न्याय सदर गरियो अनि हामीले अनन्त जीवनको आशा पायौं। धर्मशास्त्रले यो संकेत गर्ने एउटा तरिका धेरैलाई अपरिचित शब्दको साथ हो: "प्रायश्चित" (१ यूह २:२; ४:१०)।

त्यसैले पावलले भनेका छन्, "... येशू ख्रीष्ट र उहाँलाई क्रूसमा टाँगेका कुराबाहेक अरू केही नजान्ने नै मैले निश्चय गरेको थिएँ" (१ कोर २:२)। जब हामी प्रत्येक हप्ताको पहिलो दिन प्रभुको मेचको वरिपरि भेला हुन्छौं, "प्रभुको मृत्यु[लाई] घोषणा [गर्न]" भेला भएका हुन्छौं (१ कोर ११:२६)।

तैपनि, यदि येशू मृत्युबाट जीवित भई उठ्नुभएको थिएन भने, क्रूसले यसको उद्देश्यलाई पूरा गरेको थियो कि थिएन त्यसबारे हामी पक्का हुनेथिएनौं। हाम्रो पापको निम्ति येशूले दिनुभएको बलिदानलाई परमेश्वरले वास्तवमा नै स्वीकार गर्नुभएको हो भन्ने कुरालाई पुनरुत्थानले घोषणा गर्छ। यस अर्थमा, हामी येशूको मृत्युद्वारा मात्र होइन, उहाँको पुनरुत्थानद्वारा पनि बाँचेका हौं। यसर्थ, पावलले येशूको बारेमा यस्तो लेखेका छन्, "उहाँ हाम्रा अपराधहरूका निम्ति मारिनुभयो, र हामीलाई *धर्मी* तुल्याउनलाई *जीवित पारिनुभयो*" (रोम ४:२५; जोड दिइएको छ)।

हामी बाँच्न सक्छौं

परमेश्वरले येशूको बलिदानलाई स्वीकार गर्नुभएको एउटा अत्यन्तै उत्साहित कुरा भनेको के हो भने यसद्वारा हामी बाँच्न सक्छौं! हामी पापमा मरेकाथियौं तर अब जीवनको नयाँ पनमा पुनरुत्थान हुनसक्छौं भन्ने कुरा येशूको पुनरुत्थानले घोषणा गर्छ।

आफूसँग *आत्मिक* रूपमा चङ्गाइ गर्ने शक्ति रहेको कुरालाई प्रमाणित गर्न येशूले एकपल्ट *शारीरिक* चङ्गाइलाई प्रयोग गर्नुभयो (मत्ती ९:६ हेर्नुहोस्)। त्यस्तै, बाइबलले येशूको *शारीरिक* पुनरुत्थान र नयाँ जीवनसँग हाम्रो *आत्मिक* पुनरुत्थानको सम्बन्ध रहेको कुरालाई जोड दिएको छ। रोमका इसाईहरूलाई पावलले लेखे,

> यसकारण बप्तिस्माद्वारा हामी मृत्युमा उहाँसँगै गाडियौं, ताकि जसरी पिताको महिमाद्वारा ख्रीष्ट मरेकाहरूबाट जीवित पारिनुभयो, त्यसरी हामी पनि नयाँ जीवनको मार्गमा हिँड्नौं। यदि उहाँको मृत्युमा हामी उहाँसँग एउटै भएका छौं भने, उहाँको पुनरुत्थानमा पनि निश्चय नै हामी उहाँसँगै एक हुनेछौं। हामी जान्दछौं कि हाम्रो पुरानो मनुष्यत्व उहाँसँग क्रूसमा टाँगियो, ताकि हाम्रो पापमय शरीर नाश होस्, र अब उसो हामी पापका कमारा नहोऔं (रोम ६:४-६)।

पावलले एफिसीका मानिसहरूलाई लेख्ने क्रममा तिनीहरूका कुराकानीलाई उनले यी शब्दहरूमा सारांश दिए: "पापमा हामी मरेका भए तापनि उहाँले [परमेश्वर] हामीलाई *ख्रीष्टसँगै* जीवित पार्नुभयो— अनुग्रहबाट नै तिमीहरूले उद्धार पाएका छौ" (एफि २:५; जोड दिइएको छ)। परमेश्वरको आशीर्वाद "महान् सामर्थ्यको काम नै हो, जो उहाँले ख्रीष्टमा पूरा गर्नुभयो, जब *उहाँले ख्रीष्टलाई मरेकाहरूबाट जीवित पार्नुभयो*" (एफि १:१९ख, २०क; जोड दिइएको छ)।

हाम्रो उद्धारकर्ता जीवित हुनुहुन्छ

हामी हाम्रा पापबाट बाँचेपछि, इसाई जीवन जिउन हामीलाई सहायता चाहिन्छ। पुनरुत्थानले घोषणा गर्दछ कि हाम्रो मुक्तिदाता हाम्रो लागि "मध्यस्थताको ... चढ़ाउन उहाँ सदैव जीवित रहनुहुन्छ" (हिब्रू ७:२५)। हाम्रो भक्ति मृत आस्थामा होइन, तर जीवित व्यक्तिमा छ।

सँधैभरि हामीसँग रहनेछु भनी येशूले प्रतिज्ञा गर्नुभएको छ (मत्ती २८:२०)। जब हामी सँगै भेला हुन्छौं त्यहाँ उहाँ हुनुहुनेछ भनी उहाँले हामीलाई विश्वस्त तुल्याउनुभएको छ (मत्ती १८:२०)। हिब्रूको पुस्तकले बताए अनुसार, उहाँ हाम्रो "कृपालु र विश्वस्त प्रधान पूजाहारी" हुनुहुन्छ, जसले हाम्रो "दुर्बलतामा हामीसँग सहानुभूति," र हामी जाँचमा पर्दा उहाँ मद्दत गर्न आउनुहुन्छ (हिब्रू २:१७; ४:१५; २:१८)। उहाँद्वारा, "खाँचोको समयमा सहायता पाउनलाई कृपा र अनुग्रह प्राप्त गर्न सकौं" (हिब्रू ४:१६)।

हामी येशूको "मृत्युद्वारा परमेश्वरसँग ... मिलाप" मात्र होइनौं, तर हामी "ख्रीष्टको जीवनद्वारा ... बचाइनेछौं" पनि हौं (रोम ५:१०)। हामीलाई वास्ता गर्नुहुने र जीवित मुक्तिदाताको निम्ति परमेश्वरलाई धेरै-धेरै धन्यवाद!

एउटा दिनलाई छुट्याइएको छ

एउटा विशेष उद्देश्यको लागि एउटा दिनलाई छुट्याइएको छ भन्ने कुरालाई पनि पुनरुत्थानले घोषणा गर्दछ। "एउटा विशेष उद्देश्यको लागि एउटा दिन छुट्याइएको छ" भनी मैले भने, तर विशेष इसाई-चाडको निम्ति वर्षमा एक दिन वा दुई दिन छुट्याइएको

छ भन्ने यसको अर्थ होइन (ध्यान दिनुहोस्: गला ४:१०)। पुरानो करारमा छुट्याएको हप्ताको सातौं दिन (शबाथ-दिन) को बारेमा पनि मैले कुरा गरेको होइन (प्रस २०:८-११; व्य ५:१२-१५)।

बरु, मैले हप्ताको पहिलो दिनको बारेमा उल्लेख गरेको हुँ, जसलाई हामी "आइतबार" भनी भन्छौं। हप्ताको पहिलो दिनमा, प्रारम्भिक इसाईहरू आरधना गर्न भेला हुन्थे—प्रभु-भोज खान (प्रे २०:७) र आफूसँग भएका थोकबाट छुट्टाएको कुरा दिन (१ कोर १६:२)। प्रेरित यूहन्नाले हप्ताको पहिलो दिनलाई "प्रभुको दिन" भनी भनेका छन् (प्रका १:१०)।

हप्ताको पहिलो दिन इसाईहरूका निम्ति किन विशेष दिन थियो (र हो)? किनभने प्रभुको *पुनरुत्थान* पहिलो दिनमा भयो। मर्कूसले हामीलाई बताएका छन्, "*साताको पहिलो दिनमा* बिहानै घाम झुल्कँदा तिनीहरू [स्त्रीहरू] चिहानमा गए" (मर्कू १६:२; जोड दिइएको छ)। त्यहाँ एक जना स्वर्गदूतले तिनीहरूलाई यसो भने, "तिमीहरू नासरतका येशूलाई खोज्दछौ, जो क्रूसमा टाँगिनुभएको थियो। उहाँ जीवित भई उठ्नुभएको छ। उहाँ यहाँ हुनुहुन्न। उहाँलाई राखेको ठाउँ हेर" (मर्कू १६:६)। इसाईहरूका निम्ति, *प्रत्येक* पहिलो दिनको बिहानी "पुनरुत्थानको बिहानी हो।"

हामी पनि जीवित जईउठाइनेछौं

यसपछि हामी पुनरुत्थानको सबैभन्दा उत्साहित सन्देशहरूमध्येको एउटा सन्देशमा आएका छौं: एक दिन हाम्रो शरीर पनि मृत्युबाट जीवित भई उठ्नेछ भन्ने यसले घोषणा गर्छ! धेरै पहिलेको कुरा हो, अय्यूबले सोधेका थिए, "के मानिस मरेपछि ऊ फेरि जिउँछ?" (अयू १४:१४)। परमेश्वरको उत्तर यस्तो छ, "हो, पाउन सक्छ—किनभने येशू जीवित भई उठ्नुभयो!" यो सत्यतालाई १ कोरिन्ती १५:२०-२६ मा पुष्टि गरिएको छ।

यदि हामीले "सुकर्म" गरेका छौं भने हामी "निस्किआउने ... जीवनको पुनरुत्थानको"; यदि हामीले "कुकर्म [कार्यहरू]" गरेका छौं भने हामी "दण्डाज्ञाको पुनरुत्थानको निम्ति" निस्किआउने (यूह ५:२९)—तर हामी *सबै* जीवित भई उठ्नेछौं। अब उप्रान्त मृत्यु एउटा पर्खाल होइन, तर एउटा ढोका हो। यसबारे पुनारुत्थानले हामीलाई विश्वास्त दिलाउँछ!

परमेश्वरले आफ्नो वचनलाई पूरा गर्नुहुन्छ

थप एउटा सन्देशलाई टिपोट गर्नु आवश्यक छ, जुन सबै मानिसले जान्नै पर्ने एउटा सामान्य सत्यता हो: परमेश्वरले आफ्नो वचन पूरा गर्नुहुन्छ भन्ने कुरालाई पुनरुत्थानले घोषणा गर्छ। प्रचारकहरूले यसो भन्नेगर्थे, "परमेश्वरले जे भन्नुहुन्छ, त्यही गर्नुहुन्छ, र जे गर्नुहुन्छ त्यही भन्नुहुन्छ!"

आफ्नो पुनरुत्थानको बारेमा येशूले गर्नुभएको भविष्यवाणीले उहाँका कुरा सुन्ने मानिसहरूलाई प्रभावित पारेको थियो विशेष गरी मन्दिरको विषयमा उहाँले बताउनुभएको रहस्यमय भनाइले: येशूले भन्नुभयो, "यस मन्दिरलाई भत्काइदेओ, र म तीन दिनमा यसलाई खड़ा गर्नेछु"; "तर जुन मन्दिरको विषयमा उहाँ बोल्नुभएको थियो, त्यो उहाँको शरीर थियो" (यूह २:१९, २१)। येशूलाई कैयाफाका अघि सोधपुछ गरिँदा एक जना झूटा गवाही दिने व्यक्तिले त्यस भविष्यवाणीबाट उदृढ गरे (मत्ती २६:६१)। येशू क्रूसमा हुँदा, तिरस्कारीहरू कराए, "ए मन्दिर भत्काउने र तीन दिनमा निर्माण गर्ने, आफैलाई बचा" (मत्ती २७:४०क; प्रे ६:१४ मा महासभाको भनाइलाई पनि हेर्नुहोस्)।

येशूका शत्रुहरूले उहाँको भविष्यवाणीलाई विश्वास गरेनन्; तैपनि, यो पूरा भइछाड्यो। उहाँको शरीर—उहाँको पार्थिव मन्दिर—क्रूसमा मऱ्यो, र तेस्रो दिनमा, त्यो शरीर मृत्युबाट जीवित भई उठ्यो। जब प्रभुले यस्तो हुनेछ भनी भन्नुहुन्छ, त्यही हुन्छ। हामी यसमा ढुक्क हुनसक्छौं!

निष्कर्ष

पुनरुत्थानमा विश्वास गर्छौं भनेर कतिपयले *भनी* टोपल्छन्—अनि मुख्य कुरालाई वर्षको एकपल्ट मात्र सम्झिन्छन्। यसको साथै, पुनरुत्थानले गरेको सबैभन्दा महान सत्यतालाई तिनीहरू इन्कार गर्छन्:

- येशू परमेश्वरको पुत्र हुनुहुन्छ भनेर पुनरुत्थानले घोषणा गर्छ—तर धेरैले उहाँको ईश्वरीयतालाई इन्कार गर्छन्।
- क्रूसले परमेश्वरको क्रोधलाई शान्त गऱ्यो भनी पुनरुत्थानले घोषणा गर्छ—तर पापको वास्तविकता र परमेश्वरले पापीहरूलाई दण्ड दिनुहुन्छ भन्ने कुरालाई धेरैले इन्कार गर्छन्।
- विश्वास गरी, येशूको मृत्यु, दफन, र पुनरुत्थान जस्तै रहेको बप्तिस्मा लिइसकेपछि हामी बाँच्न सक्छौं भनेर पुनरुत्थानले घोषणा गर्छ (गला ३:२६, २७)—तर कतिपयले बप्तिस्माको अत्यावश्यकतालाई इन्कार गर्छन् र कतिपयले येशूलाई बप्तिस्मामा समावेश गर्न इन्कार गर्छन्।
- हाम्रो मुक्तिदाता जीवित हुनुहुन्छ र उहाँले हाम्रो निम्ति बिन्ती गरिदिनुहुन्छ अथवा मध्यस्थकर्ता बनिदिनुहुन्छ भनेर पुनरुत्थानले घोषणा गर्छ—तर परमेश्वरले जीवनको निम्ति व्यक्तिगत सामर्थ्य प्रदान गर्नुहुन्छ भन्ने कुरालाई धेरैले खिल्ली उडाउँछन्।
- आरधनाको निम्ति, प्रत्येक हप्ताको पहिलो दिनलाई विशेष दिनको रूपमा छुट्याइएको छ भन्ने कुरा पुनरुत्थानले घोषणा गर्छ—तर धेरैजना बर्षको एक-दुईपल्ट मण्डलीमा झुल्किन्छन्।
- एक दिन हामी जीवित भई उठ्नेछौं भनेर पुनरुत्थानले घोषणा गर्छ—तर धेरैले शारीरिक पुनरुत्थान हुन्छ भन्ने कुरालाई इन्कार गर्छन्।
- परमेश्वरले आफ्नो वचनलाई पूरा गर्नुहुन्छ भन्ने कुरा पुनरुत्थानले घोषणा गर्छ—तर धेरैले त्यस वचनको शिक्षामा मजाक गर्छन्।

चालीस दिन (मत्ती २८:९-२०; मर्कू १६:९-१९; लूक २४:१३-५३; यूह २०:११—२१:२४; हेर्नुहोस्: प्रे १:३)

लूकाले दिएको प्रेरितको परिचयमा, उनले लेखेका छन्, "आफैले छान्नुभएका प्रेरितहरूलाई येशूले" थियो (प्रे १:२)। त्यसपछि उनले भनेका छन्, "आफ्नो दुःख-भोगपछि धेरै अकाट्य प्रमाणद्वारा तिनीहरूका सम्मुख उहाँले [येशूले] आफैलाई जीवित प्रस्तुत गर्नुभयो। चालीस दिनसम्म उहाँ तिनीहरूकहाँ देखा पर्नुभयो अनि परमेश्वरका राज्यको विषयमा तिनीहरूलाई बताउनुभयो।" (प्रे १:३)। निस्तार चाड पेन्तिकोसको चाडभन्दा पचास दिन पहिले पर्थ्यो। निस्तार-चाडपछि येशू आफ्ना चेलाहरूसँग चालीस दिन रहनुभयो, त्यसपछि उहाँ उचालिनुभयो; पेन्तिकोसको लागि चेलाहरूले थप दश दिन प्रतिक्षा गर्नुपऱ्यो।

किन चालीस दिन? आफ्नो स्वर्ग आरोहण हुनभन्दा पहिले आफ्ना चेलाहरूलाई प्रभुले

थप शिक्षा र चुनौतिहरू दिन चाहानुभएको थियो। अझै महत्त्वपूर्ण कुरा, उहाँ वास्तवमै जिउँदो हुनुहुन्छ भन्ने कुरामा आफ्ना चेलाहरूलाई विश्वस्त तुल्याउन जतिसुकै समय लागेपनि उहाँले त्यो समय लिन चाहानुहुन्थ्यो। तिनीहरूका मनमा कुनै शङ्का नरहेको होस् भन्ने चाहाना उहाँको थियो।

सुसमाचारका पुस्तकहरूमा, चालीस दिनका घटनाहरूलाई गाभिएका छन्, कहिलेकहीं एक हप्ता पछि भएको घटना समेत त्यही दिन भएको जस्तो गरी उल्लेख गरिएको छ। उदाहरणको लागि, यदि हामीसँग मर्कुसको विवरण मात्रै थियो भने, इम्माउसको बाटोमा दुई मानिसहरूकहाँ येशू देखा पर्नुभएको कुरा (मर्कू १६:१२, १३),—यस घटनापछि येशू प्रेरितहरूकहाँ देखा पर्नुभयो (मर्कू १६:१४)—महान आज्ञा दिनुभएकै दिन भएको हो भन्ने निष्कर्ष निकाल्नेथियौं (मर्कू १६:१५-१७)। यसको साथै, यस घटनापछि, त्यही दिन उहाँको स्वर्ग आरोहण भयो भनेर सोच्ने थियौं (मर्कू १६:१९)। तैपनि यी घटनाहरू चालीस दिनको अवधिमा घटे भन्ने कुरा अरू पुस्तकका विवरणबाट हामीलाई थाहा हुन्छ। त्यसैले, यी अन्तिम घटनाहरू कुनपछि कुन घटना भएको थियो त्यसबारे दृढताका साथ हामी भन्न सक्दैनौं। यी घटनाहरूलाई यस पुस्तकमा जसरी राखिएको छ, त्यो अनुक्रम मिलाएर राख्ने एउटा तरीका मात्रै हो। सम्भवत: यो अवधिमा येशू आफ्ना जनहरूकहाँ धेरैपल्ट देखा पर्नुभयो। यीमध्ये दश वटा घटनाहरूका बारेमा विवरण दिइएको छ।

पहिलो पटक देखा पर्नुभएको: मरियम मग्दलिनीकहाँ (मर्कू १६:९-११; यूह २०:११-१८; हेर्नुहोस्: लूक २४:१०)

मर्कूस १६:९-११[14]

९[हप्ताको पहिलो दिनको बिहानै उहाँ जीवित भई उठ्नुभएपछि उहाँ पहिले मरियम मग्दलिनीकहाँ देखा पर्नुभयो। तिनीबाट येशूले सात वटा भूतहरू निकाल्नुभएको थियो। १०मरियमले गएर उहाँका चेलाहरूलाई यो खबर दिइन्। तिनीहरू विलाप गर्दै रोइरहेका थिए। ११तर जब येशू जीवित हुनुभयो र मरियमकहाँ देखा पर्नुभयो भन्ने कुरा तिनीहरूले सुने, तब तिनीहरूले पत्याएनन्।

यूहन्ना २०:११-१८

११तर मरियम चिहान बाहिर रुँदै उभिरहेकी थिइन्। तिनले रुँदै चिहानतिर निहुरेर हेरिन्, १२र जहाँ येशूको मृत शरीर राखिएको थियो, त्यहाँ सेता वस्त्र लाएका दुई स्वर्गदूतहरूलाई, एक जना शिरतिर र अर्का पाउतिर बसिरहेका तिनले देखिन्। १३उनीहरूले तिनलाई भने, "नारी, किन रुन्छ्यौ?" तिनले उनीहरूलाई भनिन्, "तिनीहरूले मेरा प्रभुलाई लगेछन्, र उहाँलाई कहाँ राखेका छन्, म जान्दिनँ।" १४यी कुरा भनेर तिनी पछिल्तिर फर्किन्, र तिनले येशूलाई उभिरहनुभएको देखिन्, तर येशू नै हुनुहुन्छ भनी चिनिनन्। १५येशूले तिनलाई भन्नुभयो, "नारी, तिमी किन रुँदैछ्यौ? कसलाई खोज्छ्यौ?" तिनले उहाँलाई माली भन्ठानेर भनिन्, "हजूर, तपाईंले उहाँलाई यहाँबाट लैजानुभएको भए, कहाँ राख्नुभएको छ मलाई भन्नुहोस्, र म उहाँलाई लैजानेछु।" १६येशूले तिनलाई भन्नुभयो, "मरियम!" तिनले

[14]परिशिष्ट १ मा "मर्कूसको पुस्तकको विवादास्पद अन्त्य" भन्ने हेर्नुहोस्।

फर्केर उहाँलाई हिब्रूमा भनिन्, "रब्बोनी," अर्थात् "हे गुरुज्यू!" १७येशूले तिनलाई भन्नुभयो, "मलाई नछोऊ, किनभने म अहिलेसम्म पिताकहाँ गएको छैनँ। तर मेरा भाइहरूकहाँ गएर तिनीहरूलाई भनिदेऊ, 'मेरा पिता र तिमीहरूका पिता, र मेरा परमेश्वर र तिमीहरूका परमेश्वरकहाँ गइरहेछु'।" १८मरियम मग्दलिनी गइन्, र चेलाहरूलाई सुनाइन्, "मैले प्रभुलाई देखें।" अनि उहाँले भन्नुभएका कुरा तिनीहरूलाई तिनले भनिदिइन्।

अन्त्यमा जब मरियम मग्दलिनी चिहानमा फर्किन, पत्रुस र यूहन्नासँगै अरू महिलाहरू पनि छन् भन्ने अपेक्षा तिनले गरेकी थिइन् होली—तर सबै जना त्यहाँबाट गइसकेका थिए। तिनी **चिहान बाहिर रुँदै** थिइन् (यूह २०:११क), आफ्नो मित्र गुमाएकोमा रोइरहेकी थिइन्, र कसैले उहाँको शरीरलाई चोरेर लगिसकेको अनि आफूले उहाँको शरीरमा अत्तर लगाउन नपाएकोमा उनी रोइरहेकी थिइन्।

अवश्य नै तिनले चिहानभित्र गएर हेरिन्। **तिनले रुँदै चिहानतिर निहुरेर हेरिन्, र जहाँ येशूको मृत शरीर राखिएको थियो, त्यहाँ सेता वस्त्र लाएका दुई स्वर्गदूतहरूलाई, एक जना शिरतिर र अर्का पाउतिर बसिरहेका तिनले देखिन्** (यूह २०:११ख, १२)। पत्रुस र यूहन्नाले पछि देखेका कात्रोलाई पनि तिनले त्यसबेला देखिन् होली, तर शायद तिनले त्यो के हो भनेर पहिचान गर्न सकिनन्। "येशूको चिहान नयाँ कृपा आसन भएको थियो र ती स्वर्गदूतहरू सन्दूकका करूबहरूजस्तै बसेका थिए।"[15] ती स्वर्गीय सन्देशवाहकहरूले मरियमलाई भने, **"नारी, किन रुन्छ्यौ?"** (यूह २०:१३क)। तिनले जवाफ दिइन्, **"तिनीहरूले मेरा प्रभुलाई लगेछन्, र उहाँलाई कहाँ राखेका छन्, म जान्दिनँ"** (यूह २०:१३ख)।

त्यसबेला, फर्केर हेर्दा मरियमले **येशूलाई उभिरहनुभएको देखिन्** (यूह २०:१४क)। मर्कूस १६:९ अनुसार, पुनरुत्थान पछि येशू पहिलो पटक देखा पर्नुभएको घटना यही हो। सुरुमा, **तर येशू नै हुनुहुन्छ भनी चिनिनन्** (यूह २०:१४ख)। तिनले उहाँलाई तुरुन्तै किन पहिचान गर्न सकिनन् त्यसबारे हामीलाई निश्चित रूपमा थाहा छैन। शायद उहाँको पुनरुत्थान शरीरमा केही परिवर्तन भएको थियो। शायद, उहाँ त्यस बगैंचामा उभिएको देख्नेछु भनेर तिनले अपेक्षा गरेकी थिइनन् त्यसकारण तिनले उहाँलाई चिन्न सकिनन्।

येशूले तिनलाई भन्नुभयो, "नारी, तिमी किन रुँदैछ्यौ? कसलाई खोज्छ्यौ?" तिनले उहाँलाई माली भन्ठानेर भनिन्, "हजूर, तपाईंले उहाँलाई यहाँबाट लैजानुभएको भए, कहाँ राख्नुभएको छ मलाई भन्नुहोस्, र म उहाँलाई लैजानेछु" (यूह २०:१५)। अर्को शब्दमा भन्दा, उनले यसो भनिरहेकी थिइन्, "म उहाँलाई योग्य तरिकाले दफन प्रदान गर्न चाहान्छु।" ख्रीष्टका अरू साथीहरूले आफूलाई मद्दत गर्नेछन् भन्ने कुरा समेत शायद, तिनी बताउन चाहान्थिन्।

येशूले तिनको अन्यौलतालाई उनको नाम उच्चारण गरी अन्त्य गरिदिनुभयो: **"मरियम!"** (यूह २०:१६क)। उहाँको ओठबाट आफ्नो नाम सुनेपछि आखिरमा तिनले उहाँ को हुनुहुन्छ भन्ने कुरा थाहा पइन्। अत्यन्तै खुसी हुँदै उहाँतर्फ फनक्क फर्केर, तिनले **हिब्रूमा भनिन्, "रब्बोनी," अर्थात् "हे गुरुज्यू!"** (यूह २०:१६ख)।

जसरी पछि अरू स्त्रीहरूले गरे, त्यसरी नै शायद त्यसैबेला तिनी उहाँको पाउमा परिन्

---

[15]जे. डब्ल्यू. म्याकगर्भे एण्ड फिलिप वाइ. पेण्ड्लेटन (J. W. McGarvey and Philip Y. Pendleton), *द फोरफोल्ड अफ गोस्पल अर हार्मनी अफ फोर गोस्पलस्* (सिन्सिनाटी:स्टचाण्डर्ड पब्लिसिङ को., १९१४), ७४३।

र "उहाँका पाउ पक्रेर" (मत्ती २८:९)। "म तपाईंलाई अब फेरि गुमाउन चाहान्न!" भनेजस्तै गरी तिनले येशूलाई पक्रिन् भन्ने स्पष्ट देखिन्छ। ख्रीष्टले तिनलाई भन्नुभयो, **"मलाई नछोऊ, किनभने म अहिलेसम्म पिताकहाँ गएको छैनँ"** (यूह २०:१७क)। बाँकी रहेका केही हप्तासम्म तिनले उहाँलाई देख्न पाउनेछिन् र उहाँलाई पक्रिराख्नु पर्ने आवश्यक छैन भनेर येशूले तिनलाई ढाढस दिनुभएको हुनसक्छ। उहाँको जाने समय आएपछि, जति नै पक्रे पनि उहाँलाई आफ्ना पिताकहाँ जानबाट रोक्न सकिन्न भन्ने कुराको समेत उहाँले तिनलाई जानकारी दिनुभएको हुनसक्छ।

किङ्ग जेम्स् संस्करण (KJV) मा, "मलाई नछोऊ" (Μή μου ἅπτου, *मे मोउ हप्तोउ, Mē mou haptou*) भन्ने छ। येशूले पछि अरूलाई आफ्नो शरीर छुन दिनुभयो, त्यसकारण, यो वाक्यद्वारा केही विवाद उत्पन्न भएको छ (मत्ती २८:९; लूक २४:३९; यूह २०:२७)। तैपनि, "क्रियापदको काल र भावलाई हेर्दा त्यसबेला तिनले गरिरहेको कुरालाई रोक्नू भनी उहाँले भन्नुभएको देखिन्छ।"[16]

उहाँले मिरयमलाई यो आज्ञा दिनुभयो: **"मेरा भाइहरूकहाँ गएर तिनीहरूलाई भनिदेऊ, 'मेरा पिता र तिमीहरूका पिता, र मेरा परमेश्वर र तिमीहरूका परमेश्वरकहाँ गइरहेछु'"** (यूह २०:१७ख)। (ध्यान दिनुहोस्, येशूले "हाम्रा पिता" वा "हाम्रा परमेश्वर" भनी भन्नुभएन। उहाँले प्रेरितहरूले भन्दा फरक तरिकाले परमेश्वरलाई सम्बोधन गर्नुभयो।) उहाँ जीवित हुनुहुन्छ भन्ने कुरा बताऊनू भनी उहाँले तिनलाई निर्देशन दिनुभएन (यो कुरा तिनले तिनीहरूलाई भन्ने नै छिन् भन्ने उहाँलाई थाहा थियो [यूह २०:१८]); बरु, उहाँ पिताकहाँ जानलाई तयार हुनुहुन्छ भन्नेबारे तिनीहरूलाई बताउनू भनी उहाँले तिनलाई निर्देशन दिनुभयो। शायद एउटा पुष्टि गर्ने सन्देशको रूपमा उहाँले यो सन्देश तिनीहरूलाई दिन चाहानुभएको थियो, किनकि प्रेरितहरूलाई उहाँले दिनुभएको अन्तिम उपदेशहरू आफ्ना पिताकहाँ जाने बारेमा केन्द्रित थिए (यूह १४:२-४, १२, २८; १६:५, ७, १०, २८)।

प्रेरितहरूलाई होइन तर आफ्नै निजी भाइहरूलाई येशूले खबर पठाउनुभएको थियो भन्ने विचार कतिपयले गर्छन्। तैपनि, उहाँले प्रेरितहरूलाई नै उल्लेख गर्नुभएको हो भनी मरियमले बुझेकी थिइन्; उनी तिनीहरूकहाँ नै गइन् (यूह २०:१८)। फिलिप वाइ. पेण्ड्लेटन (Philip Y. Pendleton) ले लेखेका छन्, "प्रभुले आफ्ना चेलाहरूलाई उल्लेख गर्ने क्रममा 'भाइहरू' भन्ने शब्द प्रयोग गर्नुभएको यो पहिलो पटक हो।"[17]

खुसीले गदगद भएर, **मरियमले गएर उहाँका चेलाहरूलाई यो खबर दिइन्। तिनीहरू विलाप गर्दै रोइरहेका थिए** (मर्कू १६:१०; हेर्नुहोस्: लूक २४:१०)। उनले **"मैले प्रभुलाई देखेँ,"** भनी भन्दा र उहाँले भन्नुभएका सबै कुरा सुनाउँदा उनको आवाजमा कति उत्साह थियो म त्यसलाई लगभग सुन्न सक्छु (यूह २०:१८)। तैपनि तिनीहरूले उनको कुरा पत्याएनन् (मर्कू १६:११)।

दोस्रो पटक देखापर्नुभएको: अरू स्त्रीहरूकहाँ (मत्ती २८:९-११क; हेर्नुहोस्: २८:५-८)

९अकस्मात् येशूले तिनीहरूलाई भेटेर भन्नुभयो, "शान्ति!" तिनीहरू नजिक आएर

---

[16]रोबर्ट डंकन कल्भर (Robert Duncan Culver), *द लाइफ अफ क्राइष्ट* (ग्राण्ड र्‍यापिडस्, मिचिगन: बेकर बुक हाउस, १९७६), २७०।

[17]म्याकगर्भे एण्ड पेण्ड्लेटन (McGarvey and Pendleton), ७४५।

उहाँका पाउ पक्रेर उहाँलाई दण्डवत् गरे। [१०]तब येशूले तिनीहरूलाई भन्नुभयो, "नडराओ, गएर मेरा भाइहरूलाई गालीलमा जानू भनिदेओ, र त्यहाँ तिनीहरूले मलाई देख्नेछन्।" [११]जब ती स्त्रीहरू बाटैमा थिए, कोही-कोही पहरादारहरू सहरमा गएर मुख्य पूजाहारीलाई त्यहाँ भएका घटनाहरूका बारेमा खबर दिए।

ख्रीष्ट दोस्रोपल्ट अरू स्त्रीहरूकहाँ देखा पर्नुभयो, त्यसबेला ती स्त्रीहरू **बाटैमा थिए** (मत्ती २८:११)। ती स्त्रीहरू एकदम खुसी भएर स्वर्गदूतले भनेका कुरा चेलाहरूलाई खबर दिन दगुरे (मत्ती २८:८; हेर्नुहोस्: लूक २४:९, १०, २२, २३)। तैपनि, जब प्रेरितहरूले तिनीहरूको समाचार सुने, तिनीहरूले यो "वाहियात हुन् भन्ठाने, र तिनीहरूले विश्वास गरेनन्" (लूक २४:११)।

ती स्त्रीहरू चेलाहरू भएको ठाउँबाट आइरहेका थिए कि वा त्यस ठाउँतर्फ जाँदैथिए त्यसबारे प्रष्ट छैन, तर **येशूले तिनीहरूलाई** [स्त्रीहरूलाई] **भेटेर** (मत्ती २८:९क)। मत्तीको विवरण अनुसार, स्वर्गदूतले भनेका कुरा चेलाहरूलाई बताउन गइरहेका बेला येशू तिनीहरूकहाँ देखा पर्नुभयो (मत्ती २८:५-१०)। तैपनि, ती स्त्रीहरूले चेलाहरूलाई भेटेको विरण बताउने क्रममा क्लेओपासले, तिनीहरूले स्वर्गदूतहरूलाई देखेका बारेमा मात्र बताएका छन् (लूक २४:२२, २३), प्रभुलाई देख्नुभएको बारेमा बताएका छैनन्। यसले के संकेत दिन्छ भने, चेलाहरू बसिरहेका स्थानबाट*जाँदैगर्दा* येशू तिनीहरूकहाँ देखा पर्नुभएको हो।

जब येशूले ती महिलाहरूलाई भेट्नुभयो, त्यतिखेरै तिनीहरूले घोप्टो परेर **तिनीहरू नजिक आएर उहाँका पाउ पक्रेर उहाँलाई दण्डवत् गरे** (मत्ती २८:९ख)। येशूले तिनीहरूलाई भन्नुभयो, **"नडराओ"** (मत्ती २८:१०क)। गालीलमा भएका भाइहरूलाई भेट गर्ने बारेमा स्वर्गदूतले भनेकै कुरालाई त्यसपछि उहाँले दोहोऱ्याउनुभयो (मत्ती २८:१०ख)। के सम्भावना छ भने, ती स्त्रीहरू फेरि फर्केर चेलाहरूकहाँ गए—आफूहरूले बौरी उठ्नुभएको येशूलाई नै देख्यौं भन्ने खबरका साथ तिनीहरू यसपल्ट गए।

विवरण र एउटा झूट (मत्ती २८:११ख-१५)

[११]जब ती स्त्रीहरू बाटैमा थिए, कोही-कोही पहरादारहरू सहरमा गएर मुख्य पूजाहारीलाई त्यहाँ भएका घटनाहरूका बारेमा खबर दिए। [१२]जब मुख्य पूजाहारीहरू धर्म-गुरुहरूसँग भेला भए, तिनीहरूले सल्लाह गरे, र सिपाहीहरूलाई यसो भनेर धेरै पैसा दिए, [१३]"तिमीहरूले भन्नू, कि 'हामी सुतिरहेको बेला त्यसका चेलाहरू आएर त्यसलाई चोरेर लगेछन्।' [१४]कतै हाकिमको कानमा यो कुरा पुगिहाल्यो भने, हामी उहाँलाई मनाएर तिमीहरूलाई जोगाइदिनेछौं।" [१५]तब तिनीहरूले सो पैसा लिए, र सिकाएबमोजिम गरे, र यहूदीहरूमा आजको दिनसम्म यही कुरा फैलिएको छ।

लगभग, ख्रीष्ट ती स्त्रीहरूकहाँ देखा पर्नुभएकै बेला [चिहानमा भएका] **कोही-कोही पहरादारहरू सहरमा गएर मुख्य पूजाहारीलाई त्यहाँ भएका घटनाहरूका बारेमा खबर दिए** (मत्ती २८:११ख)। (पहरा दिने कामको इन्चार्ज रहेका) उच्च दर्जाका सिपाहीहरूले नै मूख्य पूजाहारीहरूलाई खबर दिएका हुनसक्छन् किनभने पहरा दिने कामको जिम्मेवार तिनीहरू नै थिए, र तल्लो तहका सिपाहीहरू ब्यारेक फर्के। तिनीहरूले यसो भन्दै गुनासो गरेको अनुमान हामी गर्नसक्छौं, "भूँइचालो जानेछ, स्वर्गदूतहरू देखा पर्नेछ, र मृत शरीर गायब हुनेछ भन्ने बारेमा त हामीलाई कसैले पनि चेतावनी दिएनन्!"

आफू मसीह भएको बारे येशूले गर्नुभएको दाबीलाई *अबचाहिँ* यहूदी अगुवाहरूले गम्भीरतापूर्वक लिए होलान् भन्ने विचार हामी गर्छौं होला। तर यस्तो भएन, बरु तिनीहरूको एउटै चिन्ताको विषय भनेको "नोक्सानी नियन्त्रण" गर्नु थियो। चिहानलाई सुरक्षित गर्न तिनीहरूले गरेको सक्दो प्रयासको बाबजूत (मत्ती २७:६५) पनि अब यो रित्तो भएको थियो। यो तिनीहरूका लागि अप्ठ्यारो कुरा थियो। जोसुकै व्यक्ति चिहान भित्र गएर हेर्न सक्यो। येशूको शरीर त्यहाँ थिएन, त्यसबारे तिनीहरूले कस्तो स्पष्टिकरण दिनसक्थे?

अन्त्यमा तिनीहरूले येशूको शरीरलाई चेलाहरूले चोरेर लगे भन्ने झूटो हल्ला फिँजाए। मुख्य पूजाहारीहरू र अरू अगुवाहरूले **सिपाहीहरूलाई यसो भनेर धेरै पैसा दिए, "तिमीहरूले भन्नू, कि 'हामी सुतिरहेको बेला त्यसका चेलाहरू आएर त्यसलाई चोरेर लगेछन्'"** (मत्ती २८:१२, १३)। त्यसबेला यो एउटा हास्यास्पद कथा बनेको थियो र अहिले पनि यो हास्यास्पद कुरो नै छ। रोबर्ट एल. थोमस (Robert L. Thomas) र स्टान्ली एन. गण्ड्री (Stanley N. Gundry) ले यस्तो व्यख्यालाई अघि सारेका छन्:

> भर्खरै भएको घटनाहरूका कारण महासभाको सदस्यहरू कति निराश भएका थिए भन्ने कुरालाई ... तिनीहरूले सिर्जना गरेको यस हाँस उठ्दो परिस्थितिले नै देखाउँछ। चेलाहरूले चिहानको ठूलो ढुङ्गा निकालेका भए त्यसको आवाजले कम्तीमा एक जना सिपाहीलाई बिउँझाउनेथियो। यसको साथै, यदि सिपाहीहरू निधाइरहेका थिए भने, चिहानमा आएका चोरहरू चेलाहरू नै थिए भनेर कसरी तिनीहरूले थाहा पाउन सक्थे होलान्?[18]

पहरा दिइरहेको बेला सुत्नु भनेको ठूलो अपमान हो भन्ने कुरा सिपाहीहरूले यहूदी अधिकारीहरूलाई याद दिलाएका हुनुपर्छ (हेर्नुहोस्: प्रे १२:१८, १९; १६:२७)। तैपनि, ती अगुवाहरूले सिपाहीहरूलाई यसो भनी विश्वास दिए, **"... कतै हाकिमको कानमा यो कुरा पुगिहाल्यो भने, हामी उहाँलाई मनाएर तिमीहरूलाई जोगाइदिनेछौं"** (मत्ती २८:१४)।

यो आश्वासन पाएपछि, **तिनीहरूले सो पैसा लिए, र सिकाएबमोजिम गरे** (मत्ती २८:१५क)। "उक्त झूटको काम छोटो र सरल थियो अनि त्यसको इनाम ठूलो र तिनीहरूले चाहेजस्तै थियो।"[19] रिचर्ड रोगर्स् (Richard Rogers) का अनुसार, "त्यही झूटलाई आज पनि मानिसहरूले निशुल्क रूपमा बताउछन्।"[20]

यहूदीहरूमा आजको दिनसम्म यही कुरा फैलिएको छ भनी मत्तीले बताएका छन् (मत्ती २८:१५ख)—जुन इ.सं. ६० दशकको प्रारम्भतिरको समयसम्म हुनुपर्छ। "इ.सं. १७० तिर लेखिएको, डाइलग विथ ट्राइफोमा जस्टिन शहीद (Justin Martyr) ले उल्लेख गरे अनुसार, यहूदीहरूले उक्त झूटलाई विशेष सन्देशवाहकहरूका माध्यमद्वारा प्रत्येक देशमा फैलाए।"[21]

---

[18]रोबर्ट एल. थोमस् (Robert L. Thomas), एड. एण्ड स्टान्ली एन. गण्ड्री (Stanley N. Gundry), एसो. एड., *अ हार्मनी अफ गोस्पल* (सिकागो: मुडी प्रेस, १९७८), २५६।

[19]म्याकगर्भे एण्ड पेण्ड्लेटन (McGarvey and Pendleton), ७४७।

[20]रिचर्ड रोगरस् (Richard Rogers), *द लाइफ अफ क्राइष्ट एण्ड हिज टिचिङ* (लुब्बक, टेक्सस्: सनसेट इन्टरनेशनल बाइबल इन्स्टिच्युट एक्स्टर्नल स्टडिज डिपार्टमेन्ट, १९९५), १०४।

[21]म्याकगर्भे एण्ड पेण्ड्लेटन (McGarvey and Pendleton), ७४७। शहीदको (Martyr's) *डाइलग विथ ट्राइफो*, १०८ बाट लिइएको।

रित्तो चिहानको बारेमा "झूट विवरण" दिने तिनीहरूको यो पहिलो प्रयास थियो। "बिसौं शताब्दीसम्म रित्तो चिहानको बारेमा झूटो व्याख्या दिने प्रयासहरू गरिए, र ती सबै प्रयासहरू पहिलेको मुख्य प्रयासजस्तै बेकार भएर गए। [रित्तो चिहानको बारेमा] एउटै स्वीकारयोग्य व्याख्या भनेको, परमेश्वरले येशूलाई मृत्युबाट जीवित उठाउनुभएको हो, भन्ने हो।"[22]

तेस्रो पटक देखा पर्नुभएको: पत्रुसकहाँ (लूक २४:३४; हेर्नुहोस्: १ कोर १५:५क)

३४र तिनीहरूलाई यसो भने, "प्रभु साँच्चै नै जीवित भई उठ्नुभएछ र सिमोनकहाँ देखा पर्नुभएको हो रहेछ।"

त्यसपछि सम्भवत: येशू पत्रुसकहाँ देखा पर्नुभयो—जो आफूले चिहानमा देखेको कुराप्रति अझै अचम्म मानिरहेका हुनसक्छन् (लूक २४:१२)। पुनरुत्थानपछि ख्रीष्ट देखा पर्नुभएका विवरणहरूलाई उल्लेख गर्ने क्रममा पावलले "उहाँ केफासकहाँ ... देखा पर्नुभयो" भनी उल्लेख गरेका छन् (१ कोर १५:५क)। लूका २४:३४ मा, चेलाहरूले यसो भनिरहेका हामी पउछौं, **"प्रभु साँच्चै नै जीवित भई उठ्नुभएछ र सिमोनकहाँ देखा पर्नुभएको हो रहेछ।"** यस घटनाको बारेमा हामीसँग विवरण छैन। "नबताइएका महान विवरणहरूमध्ये यो पनि एक हो: आफूलाई इन्कार गर्नेकहाँ उहाँ विशेष रूपमा देखा पर्नुभएको एउटा घटना!"[23] जोन फ्र्याङ्कलिन कार्टर (John Franklin Carter) ले लेखेका छन्,

> पुनरुत्थान हुनुभएको प्रभु आफूकहाँ देखा परेको कुरा सिमोन पत्रुसले कसैलाई भनेका थिए भने पनि त्यसको विवरण हामीसँग छैन। उक्त अनुभव उनका लागि अत्यन्तै पवित्र भएका कारण उनले कसैलाई नबताएका हुनसक्छन्, र उक्त भेटघाटमा हालिएको पर्दालाई तानेर हटाउने प्रयास हामीले नगर्नु नै राम्रो हुन्छ। तैपनि, आफ्नो प्रेरितीय स्थान ग्रहण गरेर अरू चेलाहरू बसिरहेका बासस्थानमा बस्नका लागि ग्लानिले भरिएका चेला, अर्थात् पत्रुसलाई येशूले प्रोत्साहन दिनुभयो कि दिनुभएन भन्नेबारे मलाई खुल्दुली लागेको छ। केही समयपछि येशू तिनीहरूका बीचमा देखा पर्नुहुँदा तिनी अरूहरूसँगै उपस्थित रहेका थिए भन्ने कुरा हामी देख्न सक्छौं।[24]

चौथो पटक देखा पर्नुभएको: क्लेओपास र अर्का चेलाकहाँ (मर्कू १६:१२, १३; लूक २४:१३-३५)

मर्कूस १६:१२, १३

१२त्यसपछि दुई चेलाहरू गाउँतिर गइरहेको बेला तिनीहरूकहाँ उहाँ अर्को रूपमा देखा पर्नुभयो। १३अनि तिनीहरू फर्केर गई अरूहरूलाई बताए। तर तिनीहरूले उनीहरूलाई पनि विश्वास गरेनन्।

---

[22]थोमस एण्ड गण्ड्री (Thomas and Gundry), २५६।

[23]डेभिड एल. रोपर (David L. Roper), "द रोड टु इम्माउस (लूक २४:१३-३६)," *ट्रुथ फर टुडे* १५ (सेप्टेम्बर १९९४): ५०।

[24]कार्टर (Carter), ३५१।

[१३]त्यही दिन उहाँका चेलाहरूमध्ये दुई जना यरूशलेमबाट प्रायः एघार किलोमिटर
टाढ़ाको इम्माउस नाउँको एउटा गाउँतिर गइरहेका थिए। [१४]घटेका सबै घटनाहरूबारे
तिनीहरू आपसमा बातचीत गर्दैथिए। [१५]तिनीहरू आपसमा बातचीत गर्दै र बहस गरिरहेको
बेला येशू आफै नजिक आएर तिनीहरूका साथ लाग्नुभयो, [१६]तर तिनीहरूका आँखा
उहाँलाई चिन्न नसक्ने तुल्याइएका थिए। [१७]उहाँले तिनीहरूलाई सोध्नुभयो, "तिमीहरू
हिँड्दै आपसमा के बहस गरिरहेका छौ?" तिनीहरू उदास भएर टक्क अड़िए। [१८]ती
दुईमध्ये क्लेओपासले उहाँलाई जवाफ दिए, "यरूशलेम घुमफिर गरी आउने भएर पनि
हिजोआज त्यहाँ के घटिरहेछ तपाईंलाई थाहा छैन?" [१९]उहाँले तिनीहरूलाई सोध्नुभयो,
"कुन कुरा?" तिनीहरूले जवाफ दिए, "येशू नासरीको बारेमा, उहाँ एक जना अगमवक्ता
हुनुहुन्थ्यो, र परमेश्वर र सबै मानिसहरूका सामुन्ने काम र वचनमा शक्तिशाली हुनुहुन्थ्यो।
[२०]तर मुख्य पूजाहारीहरू र हाम्रा शासकहरूले उहाँलाई मृत्युदण्डको निम्ति सुम्पिदिए, र
उहाँलाई क्रूसमा टाँगे। [२१]इस्राएलको उद्धार गर्ने उहाँ नै हुनुहुन्छ भन्ने हामीले चाहिँ आशा
गरेका थियौं। यी सब कुरा छोड़ेर, यो घटना घटेको आज तेस्रो दिन हो। [२२]यसबाहेक हामी
मध्येका कोही-कोही स्त्रीहरूले हामीलाई चकित बनाएका छन्। तिनीहरू आज बिहान
सखारै चिहानमा गए, [२३]र येशूको शरीर भेट्टाएनन्। तिनीहरूले आएर हामीहरूलाई सुनाए,
'हामीले स्वर्गदूतहरूलाई देख्यौं, जसले येशू जीवित हुनुहुन्छ भने।' [२४]हामीहरूमध्येका
कोही-कोही चिहानमा गए, र ती स्त्रीहरूले जे भनेका थिए, त्यस्तै भेट्टाए, तर उहाँलाई
चाहिँ देखेनन्।" [२५]उहाँले तिनीहरूलाई भन्नुभयो, "ए अबूझ मानिस हो, तिमीहरूका हृदय
यति सुस्त भएको छ, कि अगमवक्ताहरूले भनेका कुराहरू विश्वास गर्दैनौ! [२६]के ख्रीष्टले
यी कष्टहरू भोग्नु र आफ्नो महिमामा प्रवेश गर्नु आवश्यक थिएन र?" [२७]तब मोशा र सबै
अगमवक्ताहरूबाट सुरु गरेर उहाँले धर्मशास्त्रमा आफ्नो विषयमा लेखिएका कुराहरूको
अर्थ तिनीहरूलाई खोलिदिनुभयो। [२८]तिनीहरू जुन गाउँमा गइरहेका थिए त्यसको नजिकै
पुगे। उहाँ अझै पर जान चाहने जस्तो गर्नुभयो। [२९]तर तिनीहरूले उहाँलाई यसो भनेर कर
लाए, "हामीसँगै बस्नुहोस्, किनकि साँझ पर्न लाग्यो, र दिन धेरै ढल्किसकेको छ।" अनि
उहाँ तिनीहरूसँग बस्नलाई घरभित्र पस्नुभयो। [३०]जब येशू तिनीहरूसँग खान बस्नुभयो
उहाँले रोटी लिएर आशीर्वाद दिनुभयो, र भाँचेर तिनीहरूलाई दिन लाग्नुभयो। [३१]तब
तिनीहरूका आँखा खुले, र तिनीहरूले उहाँलाई चिने। अनि उहाँचाहिँ तिनीहरूका
दृष्टिबाट अल्पिनुभयो। [३२]तिनीहरूले आपसमा भने, "उहाँ हामीसँग बाटोमा बातचीत
गर्नुहुँदा, र हामीलाई धर्मशास्त्रको अर्थ खोलिदिनुहुँदा के हाम्रो हृदय प्रज्वलित भएको
थिएन र?" [३३]तिनीहरू त्यति नै बेला उठेर यरूशलेममा फर्के, र एघार चेला र तिनीहरूसँग
जम्मा भएकाहरूलाई भेटे, [३४]र तिनीहरूलाई यसो भने, "प्रभु साँच्चै नै जीवित भई
उठ्नुभएछ र सिमोनकहाँ देखा पर्नुभएको हो रहेछ।" [३५]तिनीहरूले बाटोमा भएका कुराहरू
र रोटी भाँच्दाखेरि कसरी तिनीहरूले उहाँलाई चिने, सो बताइदिए।

मृत्युबाट जीवित भई उठ्नुभएकै दिन कम्तीमा अर्को एक स्थानमा येशू देखा पर्नुभयो। **त्यही दिन** [स्त्रीहरू चिहानमा गएकै दिन; लूक २४:१] **उहाँका चेलाहरूमध्ये दुई जना यरूशलेमबाट प्रायः एघार किलोमिटर टाढ़ाको इम्माउस नाउँको एउटा गाउँतिर गइरहेका थिए** (लूक २४:१३; हेर्नुहोस्: मर्कू १६:१२)। ती चेलाहरूमध्ये एक जनाको नाम क्लेओपास थियो (लूक २४:१८); अर्को चेलाको पहिचानबारे हामीलाई थाहा छैन। यो क्लेओपासको

छोरा हुनसक्छ, वा मित्र, अथवा पत्नी पनि हुनसक्छ। न्यू अमेरिकन स्टयाण्डर्ड बाइबल (NASB) का अनुसार, यी दुई व्यक्तिहरूलाई येशूले **अबूझ *मानिस[हरू]*** भनी भन्नुभयो (लूक २४:२५; जोड दिइएको छ), तर मूल भाषाको बाइबलमा "मुर्ख[हरू]" भन्ने मात्रै छ। यी दुई मानिसकहाँ ख्रीष्ट देखा पर्नुभएको विवरण, उहाँ देखा पर्नुभएको अन्य विवरणभन्दा विस्तृत र पूरा छ।

क्लेओपास र उनीसँग हुने व्यक्तिले यरूशलेममा भएका घटनाहरूका बारेमा कुराकानी गरिरहेका थिए भन्ने कुरा लूका २४ ले हामीलाई बताउँछ (लूक २४:१४)। ख्रीष्ट तिनीहरूसँग हिड्न लाग्नुभयो (लूक २४:१५), **तर तिनीहरूका आँखा उहाँलाई चिन्न नसक्ने तुल्याइएका थिए** (लूक २४:१६)। येशूलाई पहिचान गर्नबाट तिनीहरूलाई परमेश्वरले रोक्नुभएको हुनसक्छ; शायद शोकका कारण तिनीहरूको नजर अन्धा भएका थिए, त्यसकारण हुनसक्छ (लूक २४:१७ख)।

तिमीहरू केको बारेमा कुरा गर्दै हिंडिरहेका छौ भनी ख्रीष्टले सोध्नुभयो (लूक २४:१७क)। क्लेओपासले विगतका तीन दिनका घटनाहरूको बेलिविस्तार सुनाए (लूक २४:१८-२०), र रित्तो चिहान देख्नेहरूका खबरहरूलाई पनि बताए (लूक २४:२२-२४)। तिनले यसो भन्दा, अवश्य नै तिनको आवाजमा निराशा मिसिएको थियो, **"इस्राएलको उद्धार गर्ने उहाँ नै हुनुहुन्छ भन्ने हामीले चाहिँ आशा गरेका थियौं। यी सब कुरा छोड़ेर, यो घटना घटेको आज तेस्रो दिन हो"** (लूक २४:२१)। त्यस बेलासम्म "इस्राएल[लाई] उद्धार" दिनु भनेको रोमी अधिनताबाट देशलाई छुट्कारा दिनु हो भन्ने धारणा तिनीहरूको थियो। यो गलतफहमीको बाबजूत, प्रतिक्षा गरिएको मसीह येशू नै हुनुहुन्छ भन्ने कुराको भाव क्लेओपासको भनाइमा व्यक्त भएको छ—उहाँको क्रूसको मृत्युद्वारा पूर्णविराम लागेको एउटा आशा।

जब *हामी* "तेस्रो दिन" भन्ने वाक्य प्रयोग गर्छौं, "तेस्रो दिनमा [जिइउठाइने]" बारे येशूले गर्नुभएको प्रतिज्ञालाई उल्लेख गर्छौं (मत्ती १७:२३)। *क्लेओपासले* भन्न खोजेको कुरा के थियो भने, "जति दिन बित्नु पर्नेथियो ती दिनहरू बितिसके—र अब हामीले आशा गुमायौं!"

येशूले प्रतिक्रिया दिनुभयो, **"ए अबूझ मानिस हो, तिमीहरूका हृदय यति सुस्त भएको छ, कि अगमवक्ताहरूले भनेका कुराहरू विश्वास गर्दैनौ! के ख्रीष्टले यी कष्टहरू भोग्नु र आफ्नो महिमामा प्रवेश गर्नु आवश्यक थिएन र?"** (लूक २४:२५, २६)। क्रूस परमेश्वरको योजनाको अपरिहार्य भाग थियो—तसर्थ, ख्रीष्टको मृत्युले परमेश्वरको योजनालाई रद्ध गरेन, बरु तिनले नै त्यस उद्देश्यलाई स्थापित गऱ्यो भन्ने कुरा तिनीहरूले बुझ्नु आवश्यक थियो।

तब मोशा र सबै अगमवक्ताहरूबाट सुरु गरेर उहाँले [येशूले] **धर्मशास्त्रमा आफ्नो विषयमा लेखिएका कुराहरूको अर्थ तिनीहरूलाई खोलिदिनुभयो** (लूक २४:२७)। उहाँले क्लेओपास र उनका साथीलाई पुरानो नियमको एउटा क्रमवद्ध अध्ययन यात्रामा लैजानुभयो। शायद उहाँले मसीहको बारेमा रहेको तीन सयभन्दा बढी अगमवाणीमध्ये धेरैलाई उल्लेख गर्नुभएको हुनसक्छ। यी दुईले पछि यसो भनी बताएका छन्, **उहाँ हामीसँग बाटोमा बातचीत गर्नुहुँदा, र हामीलाई धर्मशास्त्रको अर्थ खोलिदिनुहुँदा के हाम्रो हृदय प्रज्वलित भएको थिएन र?** (लूक २४:३२)।

तिनीहरू इम्माउस आइपुग्दा लगभग अँध्यारो भइसकेको थियो (लूक २४:२९)। क्लेओपास र उनका साथीले उहाँलाई आफूहरूसँगै बास बस्न निम्तो दिए (लूक २४:२८,

२९)। खान बस्नुहुँदा उहाँले रोटी लिएर धन्यवाद चढाउनुभयो (लूक २४:३०)। त्यसैबेला **तिनीहरूका आँखा खुले, र तिनीहरूले उहाँलाई चिने** (लूक २४:३१क)। उहाँलाई पहिचान गर्नबाट तिनीहरूलाई जेले रोकिराखेका थिए, अब त्यो बाधा हटाइयो। **रोटी भाँच्दाखेरि कसरी तिनीहरूले उहाँलाई चिने** भन्ने कुरा पछि तिनीहरूले बताए (लूक २४:३५ख)। शायद येशूले प्रार्थना गर्ने फरक शैलीले तिनीहरूको स्मरण खुलाइदियो। अब पुनरुत्थान भएको प्रभुलाई तिनीहरूले चिने! तैपनि, तिनीहरूले उहाँलाई चिने **अनि उहाँचाहिँ तिनीहरूका दृष्टिबाट अल्पिनुभयो** (लूक २४:३१ख)।

ढिलो भइसकेको भए पनि, तिनीहरू हतारमा यरूशलेम फर्के (लूक २४:३३), **बाटोमा भएका कुराहरू ... सो बताइदिए** (लूक २४:३५) **एघार चेला र तिनीहरूसँग जम्मा भएकाहरूलाई** (लूक २४:३३; हेर्नुहोस्: मर्कू १६:१३क)। प्रेरितहरूलाई उल्लेख गर्ने सामान्य तरीका "एघार" हो। यस घटनामा थोमा उपस्थित थिएनन् (यूह २०:२४), तसर्थ बाँकी रहेका एघार जना चेलाहरू सबैजना त्यहाँ उपस्थित थिएनन्।

तिनीहरू त्यहाँ पुग्दा एउटा छलफल भइरहेको थियो। कतिपय भन्दैथिए, **"प्रभु साँच्चै नै जीवित भई उठ्नुभएछ र सिमोनकहाँ देखा पर्नुभएको हो रहेछ"** (लूक २४:३४), तर अरू भने शंका नै गरिरहेका थिए। क्लेओपास र उनका साथीले, प्रभु तिनीहरूका बीचमा देखा पर्नुभएको घटना तिनीहरूलाई बताउँदा, **तिनीहरूले उनीहरूलाई पनि विश्वास गरेनन्** (मर्कू १६:१३)। यसरी प्रभुका चेलाहरूले आफ्ना विश्वासमा निरन्तर संघर्ष गरे (मर्कू १६:१४)।

पाचौं पटक देखा पर्नुभएको: प्रेरितहरूकहाँ (थोमा नभएको बेला) (मर्कू १६:१४; लूक २४:३६-४३; यूह २०:१९-२५)

मर्कूस १६:१४

[१४]पछिबाट उहाँ एघार चेलाहरूकहाँ तिनीहरू भोजनमा बसेको बेला देखा पर्नुभयो। अनि तिनीहरूको अविश्वास र हृदयका कठोरताको लागि उहाँले तिनीहरूलाई हप्काउनुभयो। किनभने उहाँ मृतकबाट जीवित भई उठ्नुभएपछि उहाँलाई देख्नेहरूका कुरा तिनीहरूले विश्वास गरेका थिएनन्।

लूका २४:३६-४३[25]

[३६]तिनीहरूले यी कुरा गर्दागर्दै येशू तिनीहरूका बीचमा खड़ा हुनुभयो, र भन्नुभयो, "तिमीहरूलाई शान्ति होस्।" [३७]तिनीहरू तर्से, र डरले आत्तिए, र "हामीले त प्रेत देखिरहेछौं" भन्ने सम्झे। [३८]तर उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू किन विचलित हुन्छौ, र तिमीहरूका हृदयमा किन शङ्का उत्पन्न हुन्छ? [३९]मेरा हात र मेरा पाउ हेर, म नै हुँ, मलाई छोएर हेर। किनकि प्रेतको मासु र हाड हुँदैन, तर तिमीहरू देख्छौ, मेरा त छन्।" [४०]यसो भन्नुभएपछि उहाँले तिनीहरूलाई आफ्ना हात र पाउ देखाउनुभयो। [४१]तर खुसीले

---

[25]सम्पादकका तर्फबाट नोट: न्यू अमेरिकन स्टचाण्डर्ड बाइबल (NASB) का सबै मुद्रणहरूमा "र तिनीहरूलाई भन्नुभयो, 'तिमीहरूलाई शान्ति होस्'" भन्ने वाक्य समावेश छैन (लूक २४:३६)। यो टिप्पणीमा प्रयोग गरिएको १९९७ को न्यू अमेरिकन स्टचाण्डर्ड बाइबल (1997 NASB) (संशोधित संस्करण) मा यो वाक्य समावेश छ, त्यसकारण निरन्तरताको लागि यसलाई यथास्थितिमा राखिएको छ।

पत्यार गर्न नसकी तिनीहरू छक्क पर्दा उहाँले तिनीहरूलाई भन्नुभयो, "के तिमीहरूसित यहाँ केही खानेकुरो छ?" [४२]तिनीहरूले पकाएको माछाको एक टुक्रा उहाँलाई दिए। [४३]अनि उहाँले त्यो लिएर तिनीहरूकै सामुन्ने खानुभयो।

यूहन्ना २०:१९-२५

[१९]त्यही दिन, अर्थात् हप्ताको पहिलो दिनको साँझ, जब यहूदीहरूको डरले चेलाहरू ढोकाहरू बन्द गरेर भित्र बसेका थिए, येशू आएर तिनीहरूका माझमा उभिनुभयो, र तिनीहरूलाई भन्नुभयो, "तिमीहरूलाई शान्ति!" [२०]यति भनेर उहाँले तिनीहरूलाई आफ्ना हात र कोखा पनि देखाउनुभयो। प्रभुलाई देखेर चेलाहरू अति खुसी भए। [२१]तब येशूले फेरि तिनीहरूलाई भन्नुभयो, "तिमीहरूलाई शान्ति! जसरी पिताले मलाई पठाउनुभयो, त्यसरी म पनि तिमीहरूलाई पठाउँदछु।" [२२]अनि यति भनेर उहाँले तिनीहरूमाथि श्वास फुकेर भन्नुभयो, "पवित्र आत्मा लेओ। [२३]जसका पाप तिमीहरू क्षमा गर्छौ, तिनीहरूलाई क्षमा हुन्छ, र जसका पाप तिमीहरू क्षमा गर्दैनौ क्षमा हुनेछैन।" [२४]येशू आउनुहुँदा बाह्र जनामध्ये एक जना, दिदुमस भन्ने थोमाचाहिँ, तिनीहरूसँग थिएनन्। [२५]यसकारण अरू चेलाहरूले तिनलाई भने, "हामीले प्रभुलाई देख्यौं।" तर तिनले उनीहरूलाई भने, "जबसम्म म उहाँका हातमा कीलाहरूका डोब देख्दिनँ, र कीलाहरूका डोबमा मेरा औँला हाल्दिनँ, उहाँको कोखामा मेरो हात हाल्दिनँ, तबसम्म म विश्वास गर्नेछैनँ।"

आफू मृत्युबाट जीवित भई उठ्नुभएको कुरालाई प्रेरितहरूका सामु प्रमाणित गर्न एकपछि अर्को पाइला चाल्दै येशू अघि बढ्नुभयो। पहिला स्वर्गदूतले उहाँको पुनरुत्थान भएको घोषणा गरेको खबर तिनीहरूकहाँ पुग्यो। त्यसपछि मृत्युबाट जीवित भई उठ्नुभएको प्रभुलाई आफैले देखेको कुरा अरू चेलाहरूले तिनीहरूलाई बताए। तैपनि, प्रेरितहरूलाई विश्वास गर्न अझै गाह्रो परिरहेको थियो। तिनीहरूका मनमा भएका सबै आशंकाहरूलाई हटाउन तिनीहरूकहाँ प्रत्यक्ष रूपमै देखा पर्ने समय अब ख्रीष्टको निम्ति आएको थियो।

यूहन्नाका अनुसार, यो **त्यही दिन, अर्थात् हप्ताको पहिलो दिनको साँझ** थियो (यूह २०:१९क)। यहूदी गणना अनुसार (अघिल्लो दिनको सूर्यअस्तापछि भोलिपल्टको सूर्यअस्तासम्म), यो हप्ताको दोस्रो दिन भइसकेको हुनुपर्छ; तर हामीले पहिले हेरेका छौं, यूहन्नाले रोमी गणना प्रयोग गरेका छन् (मध्यरातदेखि अर्को मध्यरातसम्म)। वास्तवमा, यूहन्नाले रोमी गणनालाई नै प्रयोग गरेका हुन् भन्ने कुराको प्रमाणहरू मध्येको एउटा प्रमाण यूहन्ना २०:१९ पनि हो। १९ अध्यायमा, यूहन्नाले रित्तो चिहान र मरियम मग्दलिनीकहाँ प्रभु देखा पर्नुभएको घटनाको विवरण दिएका छन्—*त्यसपछि* प्रेरितहरूकहाँ येशू देखा पर्नुभएको बारेमा बताएका छन्। यदि यूहन्नाले रोमी गणना प्रयोग गरेका हुन् भने, प्रेरितहरूकहाँ प्रभु देखा पर्न *सक्ने* एउटै समय भनेको "हप्ताको पहिलो दिनको साँझ।" येशूको पुनरुत्थान भएको दिन, अर्थात् हप्ताको पहिलो दिन घटेका घटनाहरूका साथमा येशू प्रेरितहरूकहाँ देखा पर्नुभएको घटनालाई समावेश गर्नु यूहन्नाको निम्ति महत्त्वपूर्ण थियो भन्ने देखिन्छ। (उहाँ मध्यरात र घाम झुल्कने समयको बीचको अवधिमा जीवित भई उठ्नुभएको हो भन्ने कुरा लगभग निश्चित नै छ, त्यसकारण, यहूदी गणना प्रयोग गरिएको भए पनि वा रोमी गणना प्रयोग गरिएको भए पनि उहाँको पुनरुत्थान "हप्ताको पहिलो दिन" नै भएको हो। यो कुरालाई ध्यान दिनुहोस्।)

प्रेरितहरू कहाँ बसिरहेका थिए भन्नेबारे हामीलाई निश्चित रूपमा थाहा छैन। येशूले तिनीहरूसँग निस्तार-चाडको भोज खानुभएकै माथिल्लो तलाको कोठामा तिनीहरू थिए भन्ने विचार कतिपयको छ। यो स्थान जहाँ भए तापनि, **यहूदीहरूको डरले** तिनीहरू ढोकाहरू बन्द गरेर भित्र बसेका थिए (यूह २०:१९ख)। अरू चेलाहरू पनि तिनीहरूसँगै थिए (लूक २४:३३, ३६ हेर्नुहोस्), तर ख्रीष्टको मुख्य चासोको विषय प्रेरितहरू नै थिए (मर्कू १६:१४ हेर्नुहोस्)। त्यस साँझ एघार जना प्रेरितहरू समूहमा उपस्थित थिए (मर्कू १६:१४)—थोमाबाहेक सबै जना त्यहाँ उपस्थित थिए (यूह २०:२४)।

प्रेरितहरू **भोजनमा बसेको** थिए (मर्कू १६:१४क)। येशूलाई बाटोमा देखेको कुरा उत्साहका साथ भन्नलाई क्लेओपास र उनका साथी त्यहाँ पुग्दा शायद तिनीहरूले बेलुकीको खाना खान सुरु गरिसकेका थिए (लूक २४:४१, ४२ हेर्नुहोस्; मर्कू १६:१२, १३; लूक २४:३३-३५)।

येशूलाई देख्नेहरूका कुरा कतिपयले पत्याए (लूक २४:३४), र अरूले पत्याएनन् (मर्कू १६:१३)। एक तातो बहस सम्भवतः चलिरहेको थियो जब—अचानक—**येशू तिनीहरूका बीचमा खड़ा हुनुभयो** (लूक २४:३६) र भन्नुभयो, **"तिमीहरूलाई शान्ति होस्"** (लूक २४:३६; हेर्नुहोस्: यूह २०:१९ग)।

प्रेरितहरू **तर्से, र डरले आत्तिए, र "हामीले त प्रेत देखिरहेछौं" भन्ने सम्झे** (लूक २४:३७; मत्ती १४:२६ लाई प्रे १२:१५ सँग तुलना गर्नुहोस्)। तिनीहरूले विश्वास नगरेकामा दुःखी हुँदै, येशू तिनीहरूका बीचमा देखा पर्नुभयो। **अनि तिनीहरूको अविश्वास र हृदयका कठोरताको लागि उहाँले तिनीहरूलाई हप्काउनुभयो। किनभने उहाँ मृतकबाट जीवित भई उठ्नुभएपछि उहाँलाई देख्नेहरूका कुरा तिनीहरूले विश्वास गरेका थिएनन्** (मर्कू १६:१४ख)। प्रेरितहरूले कम्तीमा दुई जना पुरुष र आधा-दर्जन स्त्रीहरूका गवाही सुनेका थिए; तिनीहरूलाई गवाहीको कमी भएको थिएन। उहाँले तिनीहरूलाई सोध्नुभयो, **"तिमीहरू किन विचलित हुन्छौ, र तिमीहरूका हृदयमा किन शङ्का उत्पन्न हुन्छ?"** (लूक २४:३८)।

तिनीहरूमा भएको ती शङ्काहरूलाई नष्ट गर्न उहाँ त्यहाँ आउनुभएको थियो। उहाँले भन्नुभयो, **"मेरा हात र मेरा पाउ हेर, म नै हुँ, मलाई छोएर हेर। किनकि प्रेतको मासु र हाड हुँदैन, तर तिमीहरू देख्छौ, मेरा त छन्"** (लूक २४:३९)। त्यसपछि **उहाँले तिनीहरूलाई आफ्ना हात र पाउ देखाउनुभयो** (लूक २४:४०ख), जसमा रोमी किलाका डोब थिए (यूह २०:२५, २७ हेर्नुहोस्)। उहाँले **तिनीहरूलाई ... कोखा पनि देखाउनुभयो** (यूह २०:२०क) जसमा भालाले छेडिएको घाउ थियो (यूह २०:२५, २७ हेर्नुहोस्)।

चेलाहरू अति खुशी भए (यूह २०:२०ख)—तर भित्री रूपमा तिनीहरूका आन्तरिक संघर्ष जारी नै रह्यो, किनभने येशू जीवित हुनुभएको कुरा तिनीहरूका लागि विश्वासै नलाग्ने कुरो थियो। लूकाले यसबारे यसो भनेका छन्: **... खुशीले पत्यार गर्न नसकी तिनीहरू छक्क** परे (लूक २४:४१क)। तिनीहरू बीचमा उहाँ नै देखा पर्नुभएको हो, यो कुनै भ्रम वा प्रेत होइन भन्ने कुरालाई प्रमाणित गर्ने उहाँको अन्तिम प्रमाणस्वरूप येशूले सोध्नुभयो, **"के तिमीहरूसित यहाँ केही खानेकुरो छ?"** (लूक २४:४१ख)। **तिनीहरूले पकाएको माछाको एक टुक्रा उहाँलाई दिए। अनि उहाँले त्यो लिएर तिनीहरूकै सामुन्ने खानुभयो** (लूक २४:४२, ४३)। तिनीहरूलाई चाहिएको अन्तिम प्रमाण त्यही थियो। येशूले फेरि भन्नुभयो, **"तिमीहरूलाई शान्ति!"** (यूह २०:२१क)। तिनीहरूका मन शान्तिले भरियो किनभने तिनीहरूका प्रभु अब जीवित हुनुभएको थियो (यूह २०:२५क हेर्नुहोस्)!

उहाँ जीवित हुनुभएको कुरामा ख्रीष्टले आफ्ना चेलाहरूलाई विश्वस्त दिलाउनुभएपछि, उहाँको अर्को वचनले, तिनीहरूलाई दिइने महान आज्ञा र त्यसलाई अघि बढाउनु पर्ने कामबारे पूर्वाअन्दाजा प्रदान गऱ्यो। त्यसको चालीस दिनपछि उहाँले तिनीहरूलाई त्यो आज्ञा दिनलाग्नुभएको थियो (मत्ती २८:१८-२०; मर्कू १६:१५, १६)।

त्यस आज्ञालाई पूरा गर्नका लागि अपनाउनु पर्ने *प्रक्रियाको* बारेमा उहाँले बताउनुभयो: **"जसरी पिताले मलाई पठाउनुभयो, त्यसरी म पनि तिमीहरूलाई पठाउँदछु"** (यूह २०:२१ख; हेर्नुहोस्: १७:१८)। "प्रेरित" भन्ने शब्दको अर्थ "पठाइएको" हो।

त्यस आज्ञालाई अघि बढाउनका निम्ति तिनीहरूले प्राप्त गर्ने *शक्तिको* बारेमा पनि उहाँले बताउनुभयो: **अनि यति भनेर उहाँले तिनीहरूमाथि श्वास फुकेर भन्नुभयो, "पवित्र आत्मा लेओ"** (यूह २०:२२)। ख्रीष्टले प्रेरितहरूलाई फुक्नुभएको सासले त्यसै घडी तिनीहरूलाई पवित्र आत्माले भरेन। पवित्र आत्मा दिने काम भविष्यमा हुनै बाँकी थियो (हेर्नुहोस्: लूक २४:४९; यूह ७:३९; प्रे १:४, ५, ८; २:४)। धेरै हप्तापछि पवित्र आत्मा खन्याइने कुराको यो एउटा चित्रात्मक प्रदर्शन थियो। "आत्मा" अर्थ दिने ग्रीक शब्द (πνεῦμα, *न्युमा, pneuma*) को अर्थ "स्वास" भन्ने पनि हुनसक्छ, त्यसकारण हामीले भन्दा प्रेरितहरूले यो कुरा छर्लङ्ग रूपले बुझेको हुनसक्छ। सारा संसारमा सुसमाचार लैजानका निम्ति प्रेरितहरूलाई सशक्त गर्न, यहूदी पेन्तिकोसको दिनमा पवित्र आत्मा दिन लागिएको थियो।

त्यस महान आज्ञा भविष्यमा दिन लागिएको थियो र त्यसको *उद्देश्य* के हुनेछ त्यसबारे पनि उहाँले तिनीहरूलाई यसैबेला बताउनुभयो। उहाँले तिनीहरूलाई भन्नुभयो, **"जसका पाप तिमीहरू क्षमा गर्छौ, तिनीहरूलाई क्षमा हुन्छ, र जसका पाप तिमीहरू क्षमा गर्दैनौ क्षमा हुनेछैन"** (यूह २०:२३)। यसको अर्थ प्रेरितहरूले भेदभावका साथ कसैलाई क्षमा दिने र कसैलाई क्षमा नदिने गर्न सक्थ्यो भन्ने होइन। बरु, प्रेरितहरूको उत्प्रेरित शिक्षामा जोड दिइने पापक्षमाको बारेमा प्रभुले उल्लेख गरिरहनुभएको थियो। तिनीहरूका शिक्षालाई स्वीकार गर्नेहरूलाई क्षमा दिइयो र तिनीहरूका शिक्षालाई इन्कार गर्नेहरूलाई क्षमा दिइएन (प्रे २:३६-३८, ४१, ४७)।

हामीले पहिले उल्लेख गरेझैं, **येशू आउनुहुँदा बाह्र जनामध्ये एक जना, दिदुमस भन्ने थोमाचाहिँ, तिनीहरूसँग थिएनन्** (यूह २०:२४)। ती अनुपस्थित प्रेरित त्यहाँ फर्केर आइपुग्दा, अरू चेलाहरूले तिनलाई भने, **"हामीले प्रभुलाई देख्यौं"** (यूह २०:२५क)। थोमा शंकालु थिए: **"जबसम्म म उहाँका हातमा कीलाहरूका डोब देख्दिनँ, र कीलाहरूका डोबमा मेरा औंला हाल्दिनँ, उहाँको कोखामा मेरो हात हाल्दिनँ, तबसम्म म विश्वास गर्नेछैनँ"** (यूह २०:२५ख)।

छैटौं पटक देखा पर्नुभएको: एक हप्तापछि यहूदामा प्रेरितहरूकहाँ
(थोमा पनि उपस्थित भएको बेला)
(यूह २०:२६-३१; हेर्नुहोस्: १ कोर १५:५)

२६आठ दिनपछि उहाँका चेलाहरू फेरि घरभित्रै थिए। थोमा पनि तिनीहरूसँग थिए।
ढोकाहरू बन्द थिए, तर येशू भित्र प्रवेश गर्नुभयो, र माझमा उभिएर भन्नुभयो,
"तिमीहरूलाई शान्ति!" २७तब उहाँले थोमालाई भन्नुभयो, "तिम्रो औंला यहाँ राख, र मेरा
हातहरू हेर। तिम्रो हात बढ़ाएर मेरो कोखामा हाल। शङ्का नगर, तर विश्वासी होऊ।"
२८थोमाले उहाँलाई भने, "मेरा प्रभु, र मेरा परमेश्वर!" २९येशूले तिनलाई भन्नुभयो, "तिमीले

मलाई देखेको कारणले ममाथि विश्वास गरेका हौ? धन्य हुन् तिनीहरू, जसले मलाई देखेका छैनन्, र पनि विश्वास गर्छन्।" ३०येशूले अरू धेरै चिन्हहरू चेलाहरूका सामुन्ने गर्नुभयो, जुनचाहिँ यस पुस्तकमा लेखिएका छैनन्। ३१तर यी लेखिएका छन्, कि तिमीहरूले येशू परमेश्वरका पुत्र, ख्रीष्ट हुनुहुन्छ भनी विश्वास गर, र विश्वासद्वारा उहाँको नाउँमा तिमीहरूलाई जीवन प्राप्त होस्।

एक हप्ता बित्यो। प्रेरितहरूलाई गालीलमा जानू भनिएको थियो (मत्ती २८:१०), तर त्यहाँ जान तिनीहरूले ढिलाइ गरे। थोमाले विश्वास नगरेसम्म तिनीहरू जान तयार थिएनन्—किनभने त्यसबेलासम्म तिनिहरूका हृदय अझै विश्वासमा एकिकृत भएका थिएन'। तिनीहरूका बीचमा फेरि देखा पर्नुभन्दा पहिले प्रभुले किन एक हप्ता कुर्नुभयो त्यसबारे हामीलाई थाहा छैन। शायद आफूले देखेका कुरालाई चेलाहरूले राम्ररी विचार गरून् भन्ने चाहाना उहाँको थियो।

अन्त्यमा, **आठ दिनपछि उहाँका चेलाहरू** [तिनीहरू पहिले जहाँ थिए त्यहीं] **फेरि घरभित्रै थिए। थोमा पनि तिनीहरूसँग थिए** (यूह २०:२६क), त्यसबेला येशू तिनीहरूका बीचमा दोस्रो पल्ट देखा पर्नुभयो (१ कोर १५:५ख हेर्नुहोस्)। एक हप्ता अघिको जस्तै वातावरण त्यहाँ थियो (ढोकाहरू थुनिएका थिए), र प्रभुको सम्बोधन त्यही थियो: **"तिमीहरूलाई शान्ति!"** (यूह २०:२६ख)।

येशू देखा पर्नुभएको यो घटना विशेष गरी थोमाको फाइदाको लागि थियो। त्यस शंकालुलाई ख्रीष्टले भन्नुभयो, **"तिम्रो औँला यहाँ राख, र मेरा हातहरू हेर। तिम्रो हात बढ़ाएर मेरो कोखामा हाल। शङ्का नगर, तर विश्वासी होऊ"** (यूह २०:२७)। थोमाको प्रतिक्रिया "तत्काल, स्पष्ट रूपमा बुझेको, र वास्तवमै शानदार थियो; ... ख्रीष्टको ईश्वरीयतलाई स्पष्ट अत्यन्तै रूपमा स्वीकार गर्ने पहिलो व्यक्ति उनी नै थिए":[26] **"मेरा प्रभु, र मेरा परमेश्वर!"** (यूह २०:२८)। जे. डब्ल्यू. म्याक गर्भे (J. W. McGarvey) ले यस विषयमा लेखेका छन्,

> थोमाको पक्षमा के भन्न सकिन्छ भने, यदि उनको शङ्का ठूलो थियो भने उनको विश्वास पनि पूर्ण थियो। पुनरुत्थानको बारेमा उनीसँग धेरै शङ्काहरू थिए किनभने यो उनको लागी धेरै ठूलो कुरो थियो; यसको अर्थ येशू परमेश्वर स्वयम् बाहेक अरू कोही हुनसक्दैन भन्ने थियो।[27]

ख्रीष्टले थोमालाई भन्नुभयो, **"तिमीले मलाई देखेको कारणले ममाथि विश्वास गरेका हौ?"** (यूह २०:२९क)। यो हप्की थोमालाई केन्द्रित गरिएको थियो, तर यो सबै चेलाहरूका लागि पनि थियो (मर्कू १६:१४ हेर्नुहोस्)। उहाँलाई नदेखेसम्म तिनीहरू *कसैले पनि* विश्वास गरेका थिएनन्।

त्यसपछि प्रभुले यो कुरा थप्नुभयो, **"धन्य हुन् तिनीहरू, जसले मलाई देखेका छैनन्, र पनि विश्वास गर्छन्"** (यूह २०:२९ख)। यी शब्दहरूसँगै, उहाँले ती व्यक्तिहरूले पाउने आशिषको बारेमा घोषणा गर्नुभयो जसले उहाँलाई देख्नुभन्दा पहिले समेत विश्वास गर्छन्। यो संख्यामा चिहानमा जाने स्त्रीहरू पनि समावेश थिए। तिनीहरूले येशूको पुनरुत्थानको बारेमा स्वर्गदूतहरूले दिएको सन्देशलाई, उहाँ तिनीहरूका अघि देखा पर्नुभन्दा पहिले नै

---

[26]कल्भर (Culver), २७७।

[27]म्याकगर्भे एण्ड पेण्ड्लेटन (McGarvey and Pendleton), ७५४।

विश्वास गरे (मत्ती २८:५-१०; लूक २४:२२, २३)। हामीमध्ये ज-जसले पुनरुत्थान हुनुभएको प्रभुलाई हाम्रो शारीरिक आँखाद्वारा देखेका छैनौं र पनि उहाँमा विश्वास गर्छौं, हामीले पनि यो आशिष प्राप्त गर्छौं। ख्रीष्टले बोल्नुभएका ती शब्दहरूलाई प्रत्यक्ष रूपमा सुनेका पत्रुसले, पछि यो कुरा लेखे, "तिमीहरूले नदेखे तापनि उहाँलाई प्रेम गर्छौ। उहाँलाई तिमीहरू अहिले देख्दैनौ, तापनि उहाँमाथि विश्वास गर्छौ र अवर्णनीय र गौरवमय आनन्दमा रमाउँछौ" (१ पत्र १:८)।

हामीसँग एउटा पुरानो भनाइ छ: "हेर्नु भनेको विश्वास गर्नु हो।" एक हिसाबले हेर्दा, यसलाई उल्टयाउँदा पनि यो भनाइ सत्य नै सावित हुन्छ: "विश्वास गर्नु भनेको हेर्नु हो।" जब हामी प्रभुलाई विश्वास गर्छौं, हामी जीवनलाई फरक तरिकाले "हर्छौं" (बुझ्छौं); जीवनको वास्तविकता के हो त्यसलाई "हेर्छौं" (जन्दछौं)। त्यसपछि हामी "अवर्णनीय र गौरवमय आनन्दमा रमाउँछौ" हुनसक्छौं।

यदि हामी हाम्रा शारीरिक आँखाद्वारा येशूलाई देख्न सक्दैनौं भने, हामी कसरी विश्वास गर्न सक्छौं? यूहन्नाले एउटा प्रेरितीय टिपोटद्वारा त्यस प्रश्नको उत्तर दिएका छन्। उनले यसो भनी यसलाई सुरु गरेका छन्, **येशूले अरू धेरै चिन्हहरू चेलाहरूका सामुन्ने गर्नुभयो, जुनचाहिँ यस पुस्तकमा** [अर्थात्, यूहन्नाको पुस्तकमा] **लेखिएका छैनन्** (यूह २०:३०; हेर्नुहोस्: २१:२५)। यूहन्नाको पुस्तकमा उल्लेख नगरिएका केही "अन्य चिन्हहरू" मत्ती, मर्कूस र लूकाको पुस्तकमा उल्लेख गरिएको छ ,र यस कुरालाई विचार गर्दा यो भनाइको सत्यता प्रष्टै देखिन्छ। यूहन्नाले त्यसपछि भनेका छन्, **तर यी लेखिएका छन्, कि तिमीहरूले येशू परमेश्वरका पुत्र, ख्रीष्ट हुनुहुन्छ भनी विश्वास गर, र विश्वासद्वारा उहाँको नाउँमा तिमीहरूलाई जीवन प्राप्त होस्** (यूह २०:३१)।

यूहन्ना २०:३०, ३१ ले यूहन्नाको पुस्तकको अन्त्यलाई अनुकुल बनाएको छ, त्यसैले यूहन्नाले त्यहीं अन्त्य गरेका हुन् र २१ अध्यायलाई पछि यूहन्ना आफैले वा अरू कुनै व्यक्तिले थपेका हुनसक्छन् भन्ने सुझाव दिइन्छ। तैपनि, सबै हस्तलिपिहरूका प्रमाणले के सूचित गर्छ भने यूहन्ना २१ अध्याय सुरुदेखि नै मूल हस्तलिपिको भागमा समावेश थियो। यूहन्ना २०:३०, ३१ पावलले उल्लेख गरेका समाप्ती *जस्तो देखिने* वाक्यसँग तुलना गर्न सकिन्छ (उदाहरणको लागि, फिलि ३:१ र ४:८), जुन समाप्ती थिएन। येशूले यूहन्ना २०:२९ मा भन्नुभएको वचन यूहन्ना २०:३०, ३१ मा उपयुक्त तरिकाले लागू हुन्छ।

यूहन्नाका अनुसार, येशूको *बारेमा जे-जति लेखिए,* मुक्ति पाउने विश्वास पैदा गर्नको निम्ति त्यति नै काफि छ। यसभन्दा पहिले, *प्रेरितहरूका शिक्षाद्वारा* उहाँलाई विश्वास गर्नेहरूका बारेमा येशूले बताउनुभएको थियो (यूह १७:२०)। पछि पावलले लेखेका छन्, "जे सुनिएको छ, त्यसैबाट विश्वास आउँछ र जे सुनिन्छ त्यो ख्रीष्टको प्रचारबाट आउँछ" (रोम १०:१७)। येशूलाई आफ्ना शारीरिक आँखाद्वारा नदेखे तापनि नयाँ करारको गवाहीहरूका आधारमा उहाँलाई विश्वास गर्नेहरू धन्यका हुन्।

सातौं पटक देखा पर्नुभएको: चालीस दिनको अवधिमा गालीलमा कम्तीमा सात जना चेलाहरूकहाँ (यूह २१:१-२४)

[१]त्यसपछि चेलाहरूकहाँ तिबेरियास समुद्रको छेउमा येशूले फेरि आफूलाई प्रकट गर्नुभयो। उहाँले आफूलाई यसरी प्रकट गर्नुभयो: [२]सिमोन पत्रुस, दिदुमस भन्ने थोमा, गालीलका काना नगरका नथानेल, जब्दियाका दुई छोराहरू र उहाँका चेलाहरूमध्ये अरू दुई जना एकसाथ थिए। [३]सिमोन पत्रुसले तिनीहरूलाई भने, "म माछा मार्न जाँदैछु।"

तिनीहरूले उनलाई भने, “हामी पनि तिमीसँग आउँछौं।” तिनीहरू गएर डुङ्गामा चढ़े, तर
त्यो रात तिनीहरूले केही पक्रेनन्। ४बिहान हुन लागेको थियो, येशू किनारमा खड़ा हुनुभयो।
तर चेलाहरूले उहाँ येशू नै हुनुहुन्छ भनी चिनेनन्। ५येशूले तिनीहरूलाई भन्नुभयो, “बालक
हो, तिमीहरूसँग केही माछा छ?” तिनीहरूले उहाँलाई उत्तर दिए, “छैन।” ६उहाँले
तिनीहरूलाई भन्नुभयो, “जाल डुङ्गाको दाहिनेपट्टि हान, अनि भेट्टाउनेछौ।” तब
तिनीहरूले जाल हाने, र माछाहरूको थुप्रोले गर्दा तिनीहरूले जाल तान्न सकेनन्। ७येशूले
प्रेम गर्नुहुने चेलाले पत्रुसलाई भने, “उहाँ प्रभु पो हुनुहुँदोरहेछ।” “उहाँ प्रभु हुनुहुँदोरहेछ”
भन्ने सुनेर सिमोन पत्रुसले आफ्नो बाहिरी वस्त्र कम्मरमा लपेटे, किनभने तिनले वस्त्र
खोलेका थिए, र समुद्रमा हामफाले। ८अरू चेलाहरू डुङ्गामै बसी जाल तान्दै आए।
तिनीहरू किनारदेखि टाढ़ा होइन, तर प्रायः सय मिटर जतिमा थिए। ९जब तिनीहरू
किनारमा उत्रे, तब तिनीहरूले कोइलाको भुङ्ग्रोमा माछा राखिएका र रोटी देखे। १०येशूले
तिनीहरूलाई भन्नुभयो, “तिमीहरूले भर्खरै पक्रेका माछाबाट केही ल्याओ।” ११तब सिमोन
पत्रुसले डुङ्गामा चढ़ेर एक सय त्रिपन्न वटा ठूला-ठूला माछाले भरिएको जाल पाखामा
तानी ल्याए, तर यति धेरै भए तापनि जाल फाटेन। १२येशूले तिनीहरूलाई भन्नुभयो, “आएर
खाओ।” चेलाहरूमध्ये कसैले पनि “तपाईं को हुनुहुन्छ?” भनी सोध्ने आँट गरेन, किनकि
तिनीहरूले उहाँ प्रभु हुनुहुन्छ भनी जान्दथिए। १३येशू आउनुभयो र रोटी लिएर तिनीहरूलाई
दिनुभयो, र त्यसै गरी माछा पनि दिनुभयो। १४मृतकबाट जीवित भइउठ्नुभएपछि येशू
चेलाहरूकहाँ प्रकट हुनुभएको यो तेस्रो पल्ट थियो। १५जब तिनीहरूले खाइसके, तब येशूले
सिमोन पत्रुसलाई भन्नुभयो, “यूहन्नाका छोरा सिमोन, के तिमी मलाई यिनीहरूभन्दा बढ़ी
प्रेम गर्दछौ?” तिनले उहाँलाई भने, “ज्यू प्रभु, तपाईं जान्नुहुन्छ, म तपाईंलाई प्रेम गर्छु।”
उहाँले तिनलाई भन्नुभयो, “मेरा पाठाहरूलाई खुवाऊ।” १६उहाँले फेरि दोस्रो पल्ट तिनलाई
भन्नुभयो, “यूहन्नाका छोरा सिमोन, के तिमी मलाई प्रेम गर्दछौ?” तिनले उहाँलाई भने,
“ज्यू, प्रभु, तपाईं जान्नुहुन्छ, म तपाईंलाई प्रेम गर्छु।” उहाँले तिनलाई भन्नुभयो, “मेरा
भेड़ाहरूको हेरचाह गर।” १७उहाँले तिनलाई तेस्रो पल्ट भन्नुभयो, “यूहन्नाका छोरा सिमोन,
के तिमी मलाई प्रेम गर्छौ?” पत्रुस दुःखित भए, किनकि उहाँले तेस्रो पल्ट तिनलाई “के
तिमी मलाई प्रेम गर्छौ?” भन्नुभयो। तिनले उहाँलाई भने, “प्रभु, तपाईं सब कुरा जान्नुहुन्छ।
म तपाईंलाई प्रेम गर्दछु भनी तपाईंलाई थाहा छ।” येशूले तिनलाई भन्नुभयो, “मेरा
भेड़ाहरूलाई खुवाऊ। १८साँच्चै, म तिमीलाई भन्दछु, जब तिमी जवान थियौ तिमी आफैले
आफ्नो पटुका बाँध्थ्यौ, र जहाँ इच्छा लाग्छ जान्थ्यौ। तर जब तिमी बूढ़ा हुनेछौ, तब
तिमीले आफ्ना हात पसार्नेछौ, र अरूले तिम्रो पटुका बाँधिदिनेछ, र तिमी जहाँ जान
चाहँदैनौ त्यहाँ लगिनेछौ।” १९कुन किसिमको मृत्युद्वारा तिनले परमेश्वरको महिमा गर्नेछन्,
त्यसको सङ्गेत गर्दै उहाँले यो भन्नुभएको थियो। यति भनेर उहाँले तिनलाई भन्नुभयो,
“मेरो पछि लाग।” २०पत्रुसले पछि फर्केर हेर्दा येशूले प्रेम गर्नुहुने चेलालाई पछिपछि
आउँदैगरेका देखे। यिनले नै बेलुकीको भोजनको बेलामा उहाँको छातीमा ढल्केर, “प्रभु,
तपाईंलाई पक्राइदिने को हो?” भनी सोधेका थिए। २१तिनलाई देखेर पत्रुसले येशूलाई भने,
“प्रभु, यिनको चाहिँ के हुने?” २२येशूले पत्रुसलाई भन्नुभयो, “म नआएसम्म तिनी पर्खिरहून्
भन्ने मेरो इच्छा भए पनि तिमीलाई के? तिमी मेरो पछि लाग।” २३यसैकारण ती चेला
मर्दैनन् भन्ने कुरा भाइहरूका बीचमा फैलियो। येशूले तिनी मर्दैनन् भन्नुभएको थिएन, तर
“म नआएसम्म तिनी पर्खिरहून् भन्ने मेरो इच्छा भए पनि तिमीलाई के?” भन्नुभएको थियो।
२४यी ती नै चेला हुन्, जसले यी कुराका विषयमा गवाही दिँदछन्, र यी कुरा लेखेका छन्,

अनि हामी जान्दछौं कि तिनको गवाही साँचो छ।

दृश्य यहूदियाबाट गालीलमा सऱ्यो। येशूले चेलाहरूलाई गालीलमा भेट्नेछु भनी भन्नुभएको थियो (मत्ती २६:३२; २८:७)। त्यसपछि चेलाहरूकहाँ गालीलको **तिबेरियास समुद्रको छेउमा येशूले फेरि आफूलाई प्रकट गर्नुभयो—तेस्रो पल्ट** (यूह २१:१, १४)। यो गालीलको समुद्रको अर्को नाम हो (यूह ६:१)। यो घटना ठीक कहिले भएको थियो भन्नेबारे हामीलाई थाहा छैन। **त्यसपछि** यो घटना भयो भनेर मात्रै यूहन्ना २१:१ ले भन्छ—अर्थात्, प्रेरितहरूकहाँ यहूदियामा दुईपल्ट देखापर्नुभएपछि। यो घटना चालीस दिनको अवधिको कुनै बेला भएको हो।

गालीलको समुद्रमा सात जना चेलाहरू सँगै थिए: **सिमोन पत्रुस, दिदुमस भन्ने थोमा, गालीलका काना नगरका नथानेल, जब्दियाका दुई छोराहरू र उहाँका ... अरू दुई...** (यूह २१:२)। नथानेल येशूका प्रथम चेलाहरूमध्येका एक थिए (यूह १:४३-५१ हेर्नुहोस्)। के सुझाव दिइन्छ भने, येशूका बाह्र प्रेरितहरूमध्येका बारथोलोमाइको अर्को नाम "नथानेल" थियो। नथानेललाई यहाँ अरू प्रेरितहरूसँगै उल्लेख गरिएको तथ्यले त्यस मान्यतालाई समर्थन गर्छ।

प्रेरितहरूका निम्ति गालीलको समुद्र एउटा परिचित स्थान थियो; येशूको जीवनका धेरै उल्लेखनीय घटनाहरू त्यस समुद्रको पानी वा त्यसका वरिपरि घटेका थिए। येशूले समुद्रको छेउमा बसी प्रचार गर्नुभएको थियो; उहाँले आफ्ना धेरै चेलाहरूलाई त्यसैको किनारबाट बोलाउनुभएको थियो; उहाँले त्यस समुद्रलाई शान्त पार्नुभएको थियो; उहाँ त्यस समुद्रको पानीमाथि हिँड्नुभएको थियो। येशूको पूर्णकालीन चेलाहरू हुनुभन्दा पहिले त्यहाँ माछा मार्ने व्यवसाय गरेका पत्रुस, याकूब, र यूहन्नाको निम्ति विशेष गरी यो ठाउँ परिचित थियो (मत्ती ४:१८-२२)।

शायद त्यस स्थानमा चेलाहरू आइपुगेको केही समय भइसकेको थियो। पत्रुसलाई छटपटी भयो। उनले भने, **"म माछा मार्न जाँदैछु"** (यूह २१:३क)। अरूहरूले भने, **"हामी पनि तिमीसँग आउँछौं"** (यूह २१:३ख)। यिनीहरूले आफ्ना प्रेरित पदलाई त्यागे भन्ने अर्थमा कतिपयले यो वाक्यलाई अर्थ्याउँछन्। तिनीहरूका भविष्यका लागि प्रभुको योजना के छ भन्ने बारेमा शायद तिनीहरू अन्यौलग्रस्त थिए, तर तिनीहरूले आफ्ना प्रतिबद्धतालाई पिठ्युँ फर्काएर हिँडेका थिए भनेर हामीले निष्कर्ष निकालिहाल्नु मिल्दैन। फिलिप वाइ. पेण्ड्लेटन (Philip Y. Pendleton) ले लेखेका छन्,

> माछा मार्न गएर तिनीहरूले आफ्ना प्रेरित पदलाई अलग गरेका होइनन्; अघि आउने घटनाहरूलाई पर्खने क्रममा तिनीहरूले समयको सदुपयोग मात्र गरेका हुन्; तर तिनीहरूका पुरानो पेशामा फर्केर जाँदा तिनीहरूले आफैलाई बलियो परीक्षाको जोखिममा भने पारिरहेका थिए [लूक ९:६२]।[28]

तिनीहरू गएर डुङ्गामा चढ़े, तर त्यो रात तिनीहरूले केही पक्रेनन् (यूह २१:३ग)। जतिसुकै सिपालु मछुवाको पनि त्यस्ता दिन (वा रात) आउनसक्छ भन्ने कुरा बल्छी खेल्ने अथवा माछा मार्ने जोसुकैले तपाईंलाई बताउन सक्छ।

तिनीहरूले कसको डुङ्गा प्रयोग गरे? चेलाहरूले डुङ्गा भाडामा लिएका हुनसक्छन्। मेरो अनुमान के छ भने, पहिले माछा मार्ने व्यवसाय गर्नेहरूका परिवारले आफ्ना माछा

[28]इबिड. (Ibid.), ७५५, एन.।

मार्ने औजार तथा सामाग्रीहरू राख्ने ठाउँमा नै चेलाहरू थिए, तसर्थ तिनीहरूले पत्रुस र अन्द्रियसको परिवार अथवा याकूब र यूहन्नाको परिवारको डुङ्गा प्रयोग गर्नलाई मागे।

घाम झुल्किनु लाग्दा, **येशू किनारमा खड़ा हुनुभयो** (यूह २१:४क); तर किनारबाट लगभग सय गज टाढा रहेका चेलाहरूले (यूह २१:८), उहाँलाई चिनेनन् (यूह २१:४ख)। त्यसका सम्भावित कारणहरू यी हुनसक्छन्: उहाँ तिनीहरूबाट केही दूरी टाढा हुनुहुन्थ्यो; उहाँ आउनुहुन्छ भनेर शायद तिनीहरूले त्यसबेलासम्म आशा गरेका थिएनन्; यो अझै झिसमिसे अंध्यारो थियो। ख्रीष्ट ले तिनीहरूलाई उच्च सोरले भन्नुभयो, **"बालक हो, तिमीहरूसँग केही माछा छ?"** (यूह २१:५क)। **"छैन"** भनी उत्तर दिँदा अवश्य पनि तिनीहरूलाई लाज लागेको हुनुपर्छ (यूह २१:५ख)।

येशूले फेरि तिनीहरूलाई उच्च सोरले यसो भन्नुभयो, **"जाल डुङ्गाको दाहिनेपट्टि हान, अनि भेट्टाउनेछौ"** (यूह २१:६क)। माछाको ठूलो समूहको कारण पानीको सतहमा हलचल देखिएको, जस्ता तिनीहरू आफैले देख्न नसक्ने कुरा त्यस अपरिचित व्यक्तिले देख्न सक्छन् भनेर शायद ती मछुवाहरूले विचार गरे। जे भए तापनि, उहाँले निर्देशन दिनुभएजस्तै तिनीहरूले गरे। तब तिनीहरूले जाल हाने, र **माछाहरूको थुप्रोले गर्दा तिनीहरूले जाल तान्न सकेनन्** (यूह २१:६ख)। **तब सिमोन पत्रुसले डुङ्गामा चढ़ेर एक सय त्रिपन्न वटा ठूला-ठूला माछाले भरिएको जाल पाखामा तानी ल्याए** (यूह २१:११)।

यो संख्या हु-बहु रूपमा दिइएको कुरा असामान्य छ (सामान्यतया, बाइबलमा हामीलाई लगभगमा संख्या दिइएको छ)। यो "मछुवाको मनगडण्ते कथा" थिएन तर पक्रिएको माछाको संख्या वास्तवमा उनी आफैले गनेका हुन् भन्ने कुरा हामीले जानेको होस् भन्ने चाहाना शायद यूहन्नाको थियो। त्यति धेरै माछा भए पनि जाल च्यातिएन भन्ने टिपोट ११ पदमा गरिएको छ। यसभन्दा पहिले अचम्म रीतिले माछा पक्रिदाचाहिँ जाल च्यातिएको थियो भनेर यसले तुलना गर्न खोजेको हो भन्ने अर्थ यसको होइन (लूक ५:६); शायद, जाल नच्यातिएको तथ्यलाई आश्चर्यकर्मको एउटा भागको रूपमा अर्थ लगाउनुपर्छ।

अत्यन्तै अचम्म मानेका कारण, तीन वर्ष पहिले घटेको उस्तै घटनालाई अरूले बिर्सेका भए पनि, शायद यूहन्नाले सो कुरालाई सम्झिरहेका थिए: प्रभुले अरू तीन मछुवाहरू लगायत उनलाई पूर्णकालीन सेवाको लागि बोलाउनुहुँदा अचम्मै तरिकाले माछा पक्रिएको घटना (लूक ५:१-११)। पत्रुसलाई उनले **"उहाँ प्रभु पो हुनुहुँदोरहेछ।"** भनी भन्दा उनको आवाजमा कति उत्साह मिसिएको थियो, कल्पना गर्नुहोस् (यूह २१:७क)।

भन्ने सुनेर सिमोन पत्रुसले आफ्नो बाहिरी वस्त्र कम्मरमा लपेटे, किनभने तिनले वस्त्र खोलेका थिए (यूह २१:७ख)। माछा मार्नको लागि उनले आफ्नो खास्टो फुकालेका थिए, तर त्यसबेला उनले त्यो लगाए। लुगाले गर्दा पौडिएर जाने काम कठिन बनाउँछ, तैपनि आफ्ना गुरुज्यूप्रति उनी आदर देखाउन चाहान्थे। उनले किनारमा डुङ्गा पुगुन्जले पर्खेनन्, तर तिनी **समुद्रमा हामफाले** (यूह २१:७ग) र पौडिएर येशूकहाँ गए। अरू चेलाहरू **डुङ्गामै बसी जाल तान्दै आए** (यूह २१:८)। "सानो डुङ्गा" (न्यू अमेरिकन स्टयाण्डर्ड बाइबल [NASB] हेर्नुहोस्) तिनीहरूले माछा मार्दै गरेका डुङ्गा नै हुनसक्छ; तर कतिपय लेखकहरूले के विचार गर्छन् भने, तिनीहरूसँग मछुवाको ठूलो डुङ्गाको छेउमा बाँधेर राखिने एउटा सानो डुङ्गा पनि थियो, र तिनीहरू त्यस सानो डुङ्गामा चढे र किनारतर्फ त्यस डुङ्गालाई खिआए।

किनारमा आइपुग्दा **तिनीहरूले कोइलाको भुङ्ग्रोमा माछा राखिएका र रोटी देखे** (यूह

२१:९)। येशूले माछा र रोटी कहाँ भेट्टाउनुभयो त्यसबारे हामीलाई बताइएको छैन। प्रभुले तिनीहरूलाई, पकाइरहेको माछामा तिनीहरूले पक्रेका माछा थप्न लगाउनुभयो (यूह २१:१०, ११)। सबै कुरा तयारी भैसकेपछि, उहाँले तिनीहरूलाई भन्नुभयो **"आएर खाओ"** (यूह २१:१२क), र रोटी लिएर तिनीहरूलाई दिनुभयो, त्यसै गरी माछाहरू पनि दिनुभयो (यूह २१:१३)। तब उहाँ **प्रभु नै हुनुहुन्छ** र उहाँ जीवित हुनुभएको छ (यूह २१:१२ख) भनी सबैले देख्न सके!

चेलाहरूमध्ये कसैले पनि "तपाईं को हुनुहुन्छ?" भनी सोध्ने आँट गरेन भनेर १२ पदले बताउँछ। यस प्रसंगमा, यसको अर्थ अवश्य नै के हुनसक्छ भने, उहाँ को हुनुहुन्छ भनेर सोध्नु *अनावश्यक थियो* किनकि उत्तर स्पष्ट थियो। यसबेला चेलाहरू यूहन्ना १४:९ मा दिइएको जस्तै हप्की पाइन्छ कि भनेर डराएका थिए भन्ने अनुमान पनि कतिपयको छ।

यसभन्दा अघि येशू प्रेरितहरूका बीचमा देखा पर्नुको मुख्य उद्देश्य थोममा केन्द्रित भएजस्तै यसपल्ट तिनीहरूकहाँ उहाँ देखा पर्नुको मुख्य उद्देश्य पत्रुस थियो। सबै प्रेरितहरूमध्येमा, भविष्यको बारेमा सबैभन्दा अन्यौलग्रस्त व्यक्ति शायद पत्रुस नै थिए। पत्रुसले यसो भनी विचार गरिरहेको म कल्पना गर्नसक्छु, "के उहाँलाई इन्कार गरेको कुरामा प्रभुले मलाई कहिल्यै क्षमा दिन सक्नुहुन्छ? उहाँको योजनामा मेरो निम्ति अझै स्थान छ कि छैन?" खाजा खाइसकेपछि (यूह २१:१५क), येशूले प्रेरित पत्रुसलाई अरूबाट पर लैजानुभयो। यूहन्ना उहाँहरूका "पछिपछि आउँदैगरेका" थिए भनेर २० पदले बताउँछ। येशू र पत्रुस अरू प्रेरितहरूबाट अलिक टाढा गए भन्ने कुरा यसले सूचित गर्छ। त्यसपछि एउटा भावनात्मक दृश्य देखा पऱ्यो।

प्रभुले पहिले यसो भनी सोध्नुभयो **"यूहन्नाका छोरा सिमोन, के तिमी मलाई यिनीहरूभन्दा बढ़ी प्रेम गर्दछौ?"** (यूह २१:१५ख)। कतिपयको विचारमा, यो "यिनीहरू" भन्ने वाक्यले अरू चेलाहरूलाई उल्लेख गर्छ; आखीर, अरूले भन्दा पत्रुसले ठूलो इमान्दारीतालाई दाबी गरेका थिए (मत्ती २६:३३)। अरूका विचारमा, "यिनीहरू" भन्नाले माछा र माछामार्ने औजारलाई जनाउँछ; यसर्थमा, शायद निरुत्साहका कारण पत्रुस आफ्नो पुरानो पेशामा फर्केर जाने विचार गरिरहेका थिए भन्ने कुरा ख्रीष्टले देख्न सक्नुहुन्थ्यो। हामीले "यिनीहरू" भन्ने शब्दको अर्थलाई खोजी गर्नु त्यति महत्त्वपूर्ण छैन; येशूको प्रश्नको अर्थ के हो भने "के तिमी मलाई *अरू कुनै कुरा र अरू कोही व्यक्तिलाई* भन्दा बढी माया गर्छौ?" यो प्रश्न हामी सबैले आफैलाई सोध्नुपर्ने प्रश्न हो।

पत्रुसले जवाफ दिए, **"ज्यू प्रभु, तपाईं जान्नुहुन्छ, म तपाईंलाई प्रेम गर्छु"** (यूह २१:१५ग)। प्रश्न गर्ने क्रममा येशूले ग्रीक क्रियापद ἀγαπάω (*अगापाओ, agapaō*) प्रयोग गर्नुभयो, जुन प्रेम अर्थ दिने "उच्च" शब्द हो। "परमेश्वर प्रेम हुनुहुन्छ" भनी लेख्दा यूहन्नाले अगापाओ (*agapaō*) शब्दको अर्को रूप प्रयोग गरेका छन् (१ यूह ४:८)। प्रेमको महानताको बारेमा लेख्ने क्रममा पावलले उही शब्दको रूप प्रयोग गरेका छन् (१ कोर १३)। तैपनि, पत्रुसले येशूलाई उत्तर दिने क्रममा, उनले φιλέω (*फिलेयो, phileō*) भन्ने शब्द प्रयोग गरे, जुन "प्रेम" अर्थ दिने अगापेओ शब्दभन्दा न्यून शब्द हो—स्नेह र मित्रतालाई जनाउने शब्द। वास्तवमा, येशूले प्रश्न गर्नुभयो, "तिमी मलाई साँच्चै *प्रेम* गर्छौ?" र प्रेरितले उत्तर दिए, "प्रभु, म तपाईंको *साथी हुँ* भन्ने कुरा तपाईंलाई थाहा छ।" "एकपल्ट असफल भएका पत्रुसले, आफैलाई ἀγάπη (*अगापाओ* [*agapaō*] को

क्रियापद) मा हुने जिम्मेवारीमा आफैलाई सुम्पन चाहेनन्।"[29] पत्रुसको प्रतिक्रियामा येशूले यसो भनी जवाफ दिनुभयो, **"मेरा पाठाहरूलाई खुवाऊ"** (यूह २१:१५घ)।

अनि येशूले पत्रुसलाई फेरि सोध्नुभयो, **"यूहन्नाका छोरा सिमोन, के तिमी मलाई प्रेम गर्दछौ?"** (यूह २१:१६क)। प्रेरितले फेरि जवाफ दिए, **"ज्यू, प्रभु, तपाईं जान्नुहुन्छ, म तपाईंलाई प्रेम गर्छु"** (यूह २१:१६ख)। प्रभुले भन्नुभयो, **"मेरा भेड़ाहरूको हेरचाह गर"** (यूह २१:१६ग)।

अनि येशूले पत्रुसलाई तेस्रोपल्ट सोध्नुभयो, **"यूहन्नाका छोरा सिमोन, के तिमी मलाई प्रेम गर्छौ?"** (यूह २१:१७क)। यसपल्ट प्रभुले, पत्रुसले प्रयोग गरेका "प्रेम" शब्दलाई नै येशूले प्रयोग गर्नुभयो: *फिलेयो (phileō)*। वास्तवमा उहाँले यसो भनी प्रश्न गर्नुभयो, "के तिमी *वास्तवमै* मेरो साथी हौ त?" ख्रीष्टले त्यसो भनी सोध्नु परेकोमा प्रेरित अति नै **दुःखी भए**। उनले भने, **"प्रभु, तपाईं सब कुरा जान्नुहुन्छ। म तपाईंलाई प्रेम गर्दछु भनी तपाईंलाई थाहा छ"** (यूह २१:१७ख)। अर्को शब्दमा भन्दा, "म तपाईंको साथी हुँ भन्ने कुरा तपाईंलाई *थाहा छ*।" ख्रीष्टले भन्नुभयो, **"मेरा भेड़ाहरूलाई खुवाऊ"** (यूह २१:१७ग)।

उनलाई आफ्नो प्रेम तीनपल्ट स्वीकार गर्न लगाएर, पत्रुसले पहिले तीन पल्ट गरेको इन्कारलाई येशूले रद्ध गर्नुभयो भनेर लेखकहरूले सुझाव दिएका छन्—र कुरो त्यही हुनसक्छ। कम्तीमा, प्रभुले आफूलाई त्याग्नुभएको छैन भन्ने कुरा सिमोनलाई अब छर्लङ्ग भएको हुनसक्छ, तर उनले अझै महत्त्वपूर्ण काम गर्न बाँकी नै थियो। प्रेरितलाई दिइएको चुनौती यी वाक्यमा पाइन्छ, "मेरा पाठाहरूलाई खुवाऊ", "मेरा भेडाहरूको हेरचाह गर" र "मेरा भेड़ाहरूलाई खुवाऊ" (यूह २१:१५-१७)। मण्डलीको प्रारम्भिक दिनहरूमा, सम्पूर्ण "बथान" (परमेश्वरका सबै मानिसहरू) का निम्ति प्रेरितहरूले विशेष "गोठालाहरू" का रूपमा सेवा गरे। तिनीहरू परमेश्वरद्वारा नियुक्त गरिएका येशूका प्रतिनिधिहरू, अर्थात् "मूल गोठाला" थिए (१ पत्र ५:४)। प्रेरितका रूपमा वहन गर्नुपर्ने जिम्मेवारी बाहेक, पछि तिनले स्थानीय विश्वासीहरूका बीचमा एक गोठालाका रूपमा समेत सेवा गरे (एल्डर, वा हेरचहार गर्ने व्यक्ति; १ पत्र ५:१-४ हेर्नुहोस्)।

येशूले उनका निम्ति दिनुभएको भूमिकालाई स्वीकार गर्न पत्रुस राजी हुनुथियो भने, त्यसको मोल चुकाउनलाई उनी तयार हुनुपर्नेथियो: शहीदको मृत्यु। प्रेरित पत्रुसको अभिमुखीकरण कक्षालाई ख्रीष्टले जारी राख्नुभयो।

> **"साँच्चै, म तिमीलाई भन्दछु, जब तिमी जवान थियौ तिमी आफैले आफ्नो पटुका बाँध्थ्यौ, र जहाँ इच्छा लाग्छ जान्थ्यौ। तर जब तिमी बूढ़ा हुनेछौ, तब तिमीले आफ्ना हात पसार्नेछौ, र अरूले तिम्रो पटुका बाँधिदिनेछ, र तिमी जहाँ जान चाहँदैनौ त्यहाँ लगिनेछौ।" कुन किसिमको मृत्युद्वारा तिनले परमेश्वरको महिमा गर्नेछन्, त्यसको सङ्केत गर्दै उहाँले यो भन्नुभएको थियो। यति भनेर उहाँले तिनलाई भन्नुभयो, "मेरो पछि लाग"** (यूह २१:१८, १९)।

येशूले एउटा आख्यान प्रयोग गर्नुभयो: १८ पदमा प्रयोग गरिएको "बाँधिदिनेछ" भन्ने शब्दले, पत्रुसलाई उनका शत्रुहरूले मार्न लैजादा हात बाँधिदिएको कुरालाई संकेत गर्छ (तुलना गर्नुहोस्: मर्कू १५:१)। अनुत्प्रेरित परम्परा अनुसार, चौत्तीस वर्षपछि पत्रुसलाई उधोमुन्टे पारी क्रूसमा झुण्डयाइयो। त्यस परम्परा अनुसार, प्रभुजस्तो क्रूसमा चढ्न आफू

[29]रोपर (Roper), ३५।

योग्य नभएको अनुभव गरी पत्रुसले आफूलाई उधोमुन्टो पारी क्रूसमा चढाउन लगाए।[30] यो परम्पराको विवरण सत्य भए पनि, नभए पनि, पत्रुसले प्रभुलाई पछ्याउने चुनौतीलाई स्वीकार गरेपछि उनी आफ्नो विश्वासको लागि एक दिन मर्नुपर्नेथियो भन्ने कुरा यूहन्ना २१:१८ बाट स्पष्ट हुन्छ।।

पत्रुसको पुर्नस्थापनामा यूहन्ना शामिल भएको दृश्यसँगै यो विवरणको अन्त्य हुन्छ। पछि-पछि आइरहेका यूहन्नालाई पत्रुसले देखे (यूह २१:२०), र येशूलाई सोधे **"प्रभु, यिनको चाहिँ के हुने?"** (यूह २१:२१)। अर्को शब्दमा, "म मेरो विश्वासको खातिर मर्नुपर्नेछ भनेर तपाईंले मलाई भन्नुभयो। यूहन्नालाई चाहिँ के हुन्छ? तिनी पनि शहीदकै रूपमा मर्नेछ?" ख्रीष्टले तिनलाई अचानक उत्तर दिनुभयो: **"म नआएसम्म तिनी पर्खिरहून् भन्ने मेरो इच्छा भए पनि तिमीलाई के? तिमी मेरो पछि लाग"** (यूह २१:२२)। जुन उनको चासोको विषय थिएन त्यसबारे प्रश्न नगर्नू भनी येशूले पत्रुसलाई भनिरहनुभएको थियो। यूहन्नाको बारेमा सुर्ता नगरी, पत्रुसको चासोको विषय भनेको प्रभुलाई पछ्याउनका निम्ति भोग्नु पर्ने सजायहरूमा समेत *आफू* विश्वासयोग्य हुनेछु भन्ने कुरालाई निश्चित गर्नु थियो।

येशूले यूहन्नाका बारेमा बताउनुभएको कुरा शायद पत्रुसले अरूलाई पनि बताइदिएका थिए, **यसैकारण ती चेला मर्दैनन् भन्ने कुरा भाइहरूका बीचमा फैलियो** (यूह २१:२३क)— तैपनि यशूले यही हुनेछ भनेर भने भन्नुभएको थिएन (यूह २१:२३ख)। अनुत्प्रेरित परम्परा अनुसार, स्वभाविक मृत्युद्वारा मर्ने एउटै प्रेरित यूहन्ना मात्रै थिए। यदि यूहन्नाले उनको सुसमाचारको पुस्तक इ.सं. ९० तिर लेखेका हुन् भने, तिनी त्यसबेला लगभग ९० वर्षका थिए। यसले उक्त भनाइलाई सत्य साबित गर्छ। शायद पवित्र आत्माको अगुवाइमा यूहन्नाले २० देखि २३ पदसम्म उक्त हल्लाको विषयमा टिपोट लेखेका हुन्।

विवरणको त्यो भागलाई परमेश्वरले समावेश गर्नुका कारण जेसुकै भए तापनि, त्यसपछिको महत्त्वपूर्ण पदको परिचियको रूपमा यो उभिएको छ: **यी ती नै चेला हुन्** [जसका बारेमा पत्रुसले कुरा गरिरहेका थिए; अर्थात्, यूहन्ना]**, जसले यी कुराका विषयमा गवाही दिँदछन्, र यी कुरा लेखेका छन्, अनि हामी जान्दछौं कि तिनको गवाही साँचो छ** (यूह २१:२४)। यस खण्डले तृतिय पुरुष *'हामी'* लाई पहिलो पुरुष *'म'* सँग, र एक वचनलाई बहुवचनसँग गाँसेको छ। यो तारिफलाई थप्ने एफिससका मण्डली अगुवाहरूलाई यस *'हामी'* भन्ने शब्दले उल्लेख गर्छ भनेर पनि कतिपयले विचार गर्छन्। यसलाई कि त पिता, पुत्र र पवित्र आत्माले आफ्ना प्रेरणाको कलम, यूहन्नाद्वारा स्वीकृतीको छाप हाल्नुभएको रूपमा लिन सक्छौं अथवा सम्पादकीय *'हामी'* को रुपमा लिन सक्छौं। यो भाषा असामान्य देखिएको हुनसक्छ, तर सन्देश स्पष्ट छ: यूहन्नाले मृत्युबाट बौरी उठ्नुभएको ख्रीष्टलाई *देखे*, र उनको त्यस गवाहीलाई विश्वास गर्न सकिन्छ। ख्रीष्ट वास्तवमै मृत्युबाट जीवित भई उठ्नुभएको हो!

"धेरै अकाट्य प्रमाणहरूद्वारा" आफू वास्तवमै जीवित भई उठेको कुरालाई येशूले आफ्ना चेलाहरूलाई प्रमाणित गर्नुभयो (प्रे १:३)। त्यसपछि (सुसमाचारको पुस्तकका अरू लेखक लगायत) यूहन्नाले यी घटनाहरू लेखेका छन्, ताकि हामीले पनि विश्वास गर्न सकौं (यूह २०:३०, ३१)।

---

[30]इसेबियस (Eusebius) *एक्लेजियास्टिकल हिस्ट्री* ३.१ हेर्नुहोस्।

आठौं पटक देखा पर्नुभएको: गालीलको पहाडमा प्रेरितहरू (र पाँच सय चेलाहरूलाई) (मत्ती २८:१६, १७; हेर्नुहोस्: १ कोर १५:६)

१६ती एघारै जना चेलाहरू गालीलको त्यस डाँड़ामा गए, जहाँ येशूले तिनीहरूलाई जाने आदेश दिनुभएको थियो। १७तिनीहरूले उहाँलाई देखेर दण्डवत् गरे, तर कतिले चाहिँ शङ्का गरे।

उहाँको मृत्युभन्दा पहिले दिनुभएको आफ्नो अन्तिम उपदेशमा येशूले प्रेरितहरूलाई भन्नुभएको थियो, "... म मृत्युबाट जीवित भएपछि तिमीहरूभन्दा अगि गालीलमा जानेछु" (मत्ती २६:३२)। येशूको पुनरुत्थानपछि, स्वर्गदूतहरूले स्त्रीहरूलाई यसो भनी निर्देशन दिए, "तब चाँड़ो गएर उहाँका चेलाहरूलाई खबर देओ, कि उहाँ मृतकबाट जीवित भई उठ्नुभएको छ, र उहाँ तिमीहरूभन्दा अगाडि गालीलमा जाँदैहुनुहुन्छ। तिमीहरूले उहाँलाई त्यहाँ देख्नेछौ ..." (मत्ती २८:७)। त्यसको केही समयपछि, येशू आफैले स्त्रीहरूलाई भन्नुभयो, "नडराओ, गएर मेरा भाइहरूलाई गालीलमा जानू भनिदेओ, र त्यहाँ तिनीहरूले मलाई देख्नेछन्" (मत्ती २८:१०)। मत्तीका अनुसार, **ती एघारै जना चेलाहरू गालीलको त्यस डाँड़ामा गए, जहाँ येशूले तिनीहरूलाई जाने आदेश दिनुभएको थियो** (मत्ती २८:१६)।

उहाँको पुनरुत्थानभन्दा पहिले वा पुनरुत्थानभन्दा पछिको कुनै समयमा येशूले यस ठाउँमा भेट हुने भनी व्यवस्था मिलाउनुभयो। कुन पर्वतमा भेट्ने भन्नुभएको थियो त्यसबारे हामीलाई थाहा छैन। यो स्थान उहाँको सेवकाइको अवधिमा परिचित रहेका ठाउँहरूमध्येका एक हुनसक्छ: उदाहरणको लागि, रूप परिवर्तन भएको पर्वत, वा उहाँले डाँडाको उपदेश दिनुभएको डाँडाको उच्च स्थान हुनसक्छ। येशूले किन गालीललाई छनौट गर्नुभयो? शायद उहाँले आफ्ना चेलाहरू र शत्रुहरूबीच केही दूरी राख्न चाहानुहुन्थ्यो। शायद उहाँका धेरैजसो चेलाहरू त्यसबेला गालीलमा नै थिए, त्यसकारण हुनसक्छ। गालीलमा बसोवास गर्नेहरू निस्तार-चाडपछि आ-आफ्ना घर गइसकेका थिए। शायद, आफ्ना चेलाहरूसँग एकलै रहनसक्ने एकान्त ठाउँ गालीलमा सजिलै भेट्टाउन सकिन्थ्यो। येशूले आफ्ना चेलाहरूलाई गालीलको कुनै निश्चित पर्वतमा भेट्ने निर्देशन दिनुभयो भनेर मात्र हामीलाई बताइएको छ—र तिनीहरूले त्यसै गरे।

त्यहाँ भेला हुनेहरूमा प्रेरितहरू मात्र थिएनन् भन्ने विश्वास धेरैजसो लेखकहरूको छ। यो पूर्वनिर्धारित भेटघाटमा एघार जना थिए भनेर मात्र मत्तीको पुस्तकले उल्लेख गर्छ। तैपनि, माथिल्लो तलाको कोठामा येशू देखा पर्नुहुँदा त्यहाँ एघार जना मात्र थिए भनेर यूहन्ना २०:१९-२६ ले सूचित गरेको भएपनि त्यहाँ अरू पनि उपस्थित थिए भन्ने कुरा लूका २४:३३ बाट हामीलाई थाहा हुन्छ। पुनरुत्थान पछि ख्रीष्ट देखा पर्नुभएका घटनाहरूका बारेमा उल्लेख गर्ने क्रममा, पावलले (यहूदियामा) प्रेरितहरूका बीचमा येशू देखा पर्नुभएको कुरालाई उल्लेख गरेका छन्, त्यसपछि उनले भनेका छन्, "त्यसपछि उहाँ एकै समयमा पाँच सयभन्दा बढ़ी भाइहरूकहाँ एकसाथ देखा पर्नुभयो, जसमध्ये धेरैजसो अहिलेसम्म छँदैछन् तर कोही-कोही सुतिसकेका छन्" (१ कोर १५:६)। पहिलो कोरिन्थीको पुस्तक लगभग इ.सं. ५७ तिर लेखिएको थियो, अर्थात्, पुनरुत्थान भएको बीस वर्षभन्दा पछि, तर उहाँको पुनरुत्थानपछि येशूलाई आफूले देखेको कुरा बताउन सक्ने धेरै मानिसहरू त्यसबेलासम्म जीवितै थिए। यो खण्डमा, "सुतिसकेका" वाक्यको अर्थ "मृतक" भन्ने हुन्छ। यो ठूलो समूहका बीच देखा पर्नुभएको घटना उहाँले "डाँड़ामा ... जहाँ येशूले तिनीहरूलाई जाने आदेश दिनुभएको थियो" भएको हुनसक्छ (मत्ती

२८:१६)। यो जहाँ भएको भए तापनि, देखा पर्नुभएको अन्य घटनाहरूमध्ये यो सबैभन्दा महत्त्वपूर्ण घटना थियो: येशूलाई क्रूसमा चढाइएपछि उहाँ जीवित भई उठ्नुभएको कुरा आफूले प्रत्यक्ष देख्न सकेका कुरालाई पाँच सय व्यक्तिगत साक्षीहरूले पुष्टि गर्न सके।

चेलाहरू तोकिएको स्थानमा पुग्दा येशू पहिले नै त्यहाँ आइपुगिसक्नुभएको थियो। मत्तीले लेखेका छन्, **तिनीहरूले उहाँलाई देखेर दण्डवत् गरे, तर कतिले चाहिँ शङ्का गरे** (मत्ती २८:१७)। म्याथ्यूको खातामा शंकास्पद "कतिले" ले प्रेरितहरूलाई संकेत गरेको जस्तो लाग्न सक्छ, यद्यपि एलेभेनले यहूदियामा ख्रीष्ट जीवित हुनुहुन्छ भनेर विश्वस्त भइसकेका थिए। यो पदलाई सुसमाचारका अन्य पुस्तकहरूसँग मिलाप गर्ने धेरै तरिकाहरू छन्। शायद, प्रेरितहरूले पहिलोपल्ट येशूलाई पर्वत वा पर्वतको छेउमा देख्दा, उहाँ तिनीहरूबाट केही टाढा दूरीमा हुनुहुन्थ्यो त्यसकारण उहाँ नै हो भनी तिनीहरूले ठम्याउन सकेनन्। अर्को पद, मत्ती २८:१८ ले भन्छ, "तब येशू *तिनीहरूकहाँ आएर* भन्नुभयो" (जोड दिइएको छ)। (अरू लेखकहरूले जस्तै) मत्तीले पनि पुनरुत्थान पछिका घटनाहरूलाई खप्टयाएर लेखेका छन्, त्यसकारण उनको भनाइले प्रेरितहरूको त्यसभन्दा *पहिलेको* अविश्वासलाई उल्लेख गरेको हुनसक्छ। तैपनि, केही लेखकहरूले के विचार गर्छन् भने, ती शङ्का गर्नेहरू प्रेरितहरू थिएनन्, तर पाँच सयमध्ये केही मानिसहरू जसले उहाँलाई पुनरुत्थान भएपछि पहिलोपल्ट त्यहाँ देखिरहेका थिए, तिनीहरू नै शङ्कालुहरू थिए। यसभन्दा पहिले प्रेरितहरू जत्तिको शङ्कालु भएका थिए निश्चय नै ती केही मानिसहरू पनि त्यत्तिकै शङ्कालु थिए—र पुनरुत्थान भई उठ्नुभएको प्रभु उहाँ नै हुनुहुन्छ भन्ने कुरालाई विश्वास गर्नका लागि त्यस्तै प्रमाण तिनीहरूलाई पनि चाहिएको थियो।

डाँडामा दिइएको महान आज्ञा
(मत्ती २८:१८-२०; मर्कू १६:१५-१८; हेर्नुहोस्: लूक २४:४६-४८)

मत्ती २८:१८-२०

[१८]तब येशू तिनीहरूकहाँ आएर भन्नुभयो, "स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ। [१९]यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, [२०]मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ। हेर, म युगको अन्त्यसम्म सधैँ तिमीहरूका साथमा छु।"

मर्कूस १६:१५-१८

[१५]अनि उहाँले तिनीहरूलाई भन्नुभयो, "सारा संसारमा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर। [१६]विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ, तर विश्वास नगर्ने दोषी ठहरिनेछ। [१७]विश्वास गर्नेहरूसँग यी चिन्हहरू हुनेछन्— मेरो नाउँमा तिनीहरूले भूतहरू धपाउनेछन्, तिनीहरूले नयाँ भाषाहरूमा बोल्नेछन्, [१८]तिनीहरूले सर्पहरू समात्नेछन् र कुनै विषालु कुरा पिए तापनि कुनै किसिमले त्यसले तिनीहरूको हानि गर्नेछैन। तिनीहरूले रोगीहरूमाथि आफ्ना हात राख्नेछन् र तिनीहरू निको हुनेछन्।"

त्यति ठूलो मानिसहरूको समूहमा, ख्रीष्टले अवश्य नै धेरै कुरा बताउनु पर्नेथियो भन्ने अपेक्षा हाम्रो छ। उहाँले निश्चय नै तिनीहरूलाई "परमेश्वरका राज्यको विषयमा"

बताउनुभयो (प्रे १:३)। तैपनि, तिनीहरूलाई एकसाथ भेला गर्नुको उहाँको प्राथमिक उद्देश्य भनेको त्यो आज्ञालाई दिनु थियो, जसलाई हामी महान आज्ञा भनी भन्छौं:

> **... "स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ। यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ। हेर, म युगको अन्त्यसम्म सधैँ तिमीहरूका साथमा छु"** (मत्ती २८:१८-२०)।

यो आज्ञा सम्बन्धी मर्कूसले दिएको विवरण पनि शायद त्यही घटना हो:

> **... "सारा संसारमा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर। विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ, तर विश्वास नगर्ने दोषी ठहरिनेछ"** (मर्कू १६:१५, १६)।

लूकाले यस महान आज्ञाको बारेमा पछि उल्लेख गरेका छन्—उनको सुसमाचारको पुस्तकलाई समाप्त गर्ने क्रममा र प्रेरितको पुस्तकको सुरुका शब्दहरूमा। पूर्णताको लागि हामी यी दुई खण्डहरूलाई हेरौं:

> ... "यसो लेखिएको छ, कि ख्रीष्टले दुःख भोग्नु र तेस्रो दिनमा मृतकबाट जीवित हुनुपर्छ, अनि यरूशलेमबाट सुरु गरेर सबै जातिहरूलाई उहाँको नाउँमा पश्चात्ताप र पाप-क्षमाको प्रचार हुनुपर्छ। तिमीहरू यी नै कुराका साक्षी हौ" (लूक २४:४६-४८)।
>
> "... तिमीहरू यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ" (प्रे १:८)।

यी दुई विवरणहरू विरोधाभासपूर्ण छैनन् बरु परिपुरक छन्। यी दुईलाई जोडेर, महान आज्ञाको अत्यावश्यक पक्षहरूलाई अघि सार्न सकिन्छ। तीन लेखकहरूले दिएका विवरणहरूलाई सङ्गठित गर्नका लागि मत्तीको पुस्तकमा उल्लेख गरिएको चार वटा "सबै" भन्ने शब्दहरूलाई प्रयोग गर्न सकिन्छ:

(१) *"समस्त अधिकार।"* नयाँ करारमा, "अधिकार" भनी अनुवाद गरिएको ग्रीक शब्द (ἐξουσία, *एक्सुसिया, exousia*) ले "मुख्य रूपमा सम्पूर्ण शक्ति र वैधताका स्रोतको रूपमा परमेश्वरले गर्न सक्ने पूर्ण सम्भावनालाई जनाउँछ।"[31] परमेश्वरले आफ्नो पुत्रलाई स्वर्ग र पृथ्वीमाथिको सम्पूर्ण अधिकारलाई दिनुभएको छ (मत्ती २८:१८)। आफ्नो वृहत आज्ञालाई फैलाउने पूर्ण अधिकार येशूसँग थियो। उहाँको अधिकारलाई स्वीकार गर्नमा असफल हुनेहरूले एक दिन उहाँको क्रोधलाई सामना गर्नुपर्नेछ।

(२) *"सबै देशका।"* क्रूसमा झुण्डयाइनुभन्दा पहिले, येशू र उहाँका चेलाहरूले आफ्ना शिक्षालाई आधारभूत रूपमा यहूदीहरूमा मात्र सीमित गर्नुभएको थियो (हेर्नुहोस्: मत्ती १०:५; १५:२४)। त्यो सीमा हटाइएको थियो: प्रेरितहरू "साबै देशमा" (मत्ती २८:१९; लूक २४:४७), "सारा संसारमा" र "सारा सृष्टिमा" (मर्कू १६:१५), "पृथ्वीको अन्तिम

---

[31]डब्ल्यू. फोइस्टर ११ (W. Foerster II), "ἐξουσία," *थियोलोजिकल डिक्सनरी अफ न्यू टेस्टामेन्ट,* एड. गरहार्ड किट्टेल एण्ड गरहार्ड फ्रीड्रिच (Gerhard Kittel and Gerhard Friedrich), ट्रान्स्. एण्ड एब. जिओफ्रे डब्ल्यू. ब्रोमिली (Geoffrey W. Bromiley) (ग्राण्ड र्‍यापिड्स्, मिचिगन: डब्लूएम. बी. अर्डम्यान्स पब्लिसिङ को., १९८५), २३९।

छेउसम्म” अब जानुपर्ने भयो (प्रे १:८)।

जसलाई प्रचार गर्नुपर्ने हो ती मानिसहरूको समुदायमा मात्र परिवर्तन भएको थिएन, तर प्रचार गरिनुपर्ने सन्देशमा पनि परिवर्तन भएको थियो। उहाँको संसारिक सेवकाइको अवधिमा येशू र उहाँका चेलाहरूले प्रचार गर्नुभएको मुख्य सन्देश “परमेश्वरको राज्य नजिक आइपुगेको छ” भन्ने थियो (हेर्नुहोस्: मत्ती ४:१७; १०:७; लूक १०:९)। येशू नै ख्रीष्ट हुनुहुन्छ भन्ने कुरा खुल्लामखुल्ला बताउन प्रेरितहरूलाई निषेध गरिएको थियो (मत्ती १६:२०)। यो समयदेखि उसो, तिनीहरूले “ *समाचार* प्रचार” गर्नुपर्‍यो (मर्कू १६:१५; जोड दिइएको छ)। मानिसहरूले उद्धार पाऊन् भनेर मसीह राजा आउनुभयो र दुःख भोगेर तेस्रो दिनमा फेरि मरेकोबाट बिउँतनुभयो भन्दै अबदेखि तिनीहरूले *शुभ समाचार* सुनाउनु पर्नेभयो (लूक २४:४६; हेर्नुहोस्: १ कोरि १५:३, ४; मर्कू १६:१६)।

सुसमाचार सुन्नेहरूले दिनुपर्ने आधारभूत प्रतिक्रियालाई समेत येशूको आज्ञामा समावेश गरिएको थियो। महान आज्ञालाई पालन गर्ने क्रममा धेरै कुराहरू गरिनुपर्छ। मानिसहरूलाई येशूको सन्देशबारे शिक्षा दिनुपर्छ (मत्ती २८:१९; मर्कू १६:१५), र तिनीहरू “चेला” बन्नुपर्छ। सुसमाचारको सन्देश सत्य हो (मर्कू १६:१६) भनी तिनीहरूले विश्वास गर्नुपर्छ र तिनीहरूका लागि मर्नुहुनेमाथि भरोसा गर्नुपर्छ। तिनीहरूले आफ्ना पापको पश्चात्ताप गर्नुपर्छ (लूक २४:४७), आफ्ना जीवनलाई परिवर्तन गर्नुपर्छ, र प्रभुको निम्ति जिउन संकल्प गर्नुपर्छ। उद्धार पाउनका लागि तिनीहरूले बप्तिस्मा लिनुपर्छ (मत्ती २८:१९ख; मर्कू १६:१६) र बप्तिस्मा लिँदा “पिता र पुत्र र पवित्र आत्माको नाउँमा” डुबेर बप्तिस्मा लिनुपर्छ। मानिसहरूले आज्ञाकारी भई सुसमाचारलाई ग्रहण गरेपछि, परमेश्वरले तिनीहरूलाई उद्धार दिनुहुन्छ; तिनीहरूका विगतका पापहरू क्षमा हुन्छन् (लूक २४:४७)।

(३) *“मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा।”* भर्खरै व्याख्या गरिएको प्रतिक्रिया यस प्रक्रियाको अन्त्य होइन, तर सुरुवात मात्र हो। कुनै एक व्यक्तिलाई बप्तिस्मा दिइसकेपछि, उसलाई थप शिक्षा दिनु आवश्यक हुन्छ। येशूले उहाँका चेलाहरूलाई दिनुभएका *सबै* आज्ञाहरू बप्तिस्मा दिने व्यक्तिहरूलाई सिकाउनुपर्छ भन्ने कुरालाई येशूले जोड दिनुभयो।

यस प्रसंगमा, यो चुनौतीले यस कुरालाई समावेश गर्छ, “जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, ... तिनीहरूलाई बप्तिस्मा देओ,” किनभने उहाँले तिनीहरूलाई भर्खरै दिनुभएको आज्ञा यही थियो। तसर्थ उक्त महान आज्ञा “ज्युँताभर पालन गर्नुपर्ने” आज्ञा हो।[32] वाल्टर विङ्क (Walter Wink) ले भनेका छन्, “येशूलाई मारिएको घटना डेन्डिलिओन (एक प्रकारको बिरुवा, जसको फूल सुकेपछि सिरुको फुलजस्तै उड्छ) को फूललाई फुकेर नष्ट गर्ने प्रयास गरेजस्तै ठहरियो।”[33]

हो, येशूले आज्ञा दिनुभएको सबै कुरा सिकाउनू भन्ने आज्ञामा धेरै कुराहरू समावेश हुन्छ। कतिपयले सुसमाचारलाई फैलाउने आफ्ना उत्कट चाहानाका कारण कुनै व्यक्तिलाई बप्तिस्मा दिइसकेपछि, त्यस नयाँ इसाईलाई विश्वासमा अडिलो नबनाई अर्को व्यक्तिलाई शिक्षा दिन हतार गरिहाल्छन्। हाम्रो जिम्मेवारी भनेको पापीहरूलाई विश्वासमा ल्याउनु र बप्तिस्मा दिनु मात्र होइन; हामीले तिनीहरूलाई “हाम्रा प्रभु र

---

[32]कार्टर (Carter), ३५७।

[33]वाल्टर विङ्क (Walter Wink), *इङ्गेजिङ द पावर्स: डिसर्न्मेन्ट एण्ड रेजिस्टचाण्स् इन आ वर्ल्ड अफ डोमिनेसन* (मेनिपोलिस, मिन.: फोर्ट्रेस प्रेस, १९९२), १४३।

मुक्तिदाता येशू ख्रीष्टको अनुग्रह र ज्ञानमा बढ्दैजाओ" समेत सहायता गर्नैपर्छ (२ पत्र ३:१८क)।

(४) *"म... सधैँ तिमीहरूका साथमा छु।"* उहाँको नाउँ "इम्मानुएल" हुनेछ भनी येशूको जन्म हुनुभन्दा पहिले भविष्यवाणी गरिएको थियो, जसको अर्थ "परमेश्वर हामीहरूसँग" हो (मत्ती १:२३)। परमेश्वरको पुत्र मानिसहरूका बीचमा हिँडडुल गर्नुभएपछि यो अगमवाणी पूरा भयो, तर तिनीहरूसित आत्मिक रूपमा *रहिरहनुहुनेछ* भन्ने कुरा आफ्ना चेलाहरूले जानून् भन्ने चाहाना येशूको थियो। जे. डब्ल्यू. म्याकगर्भे (J. W. McGarvey) ले भनेका छन्, "यो प्रतिज्ञा, साथ दिन्छु भन्ने कबूल मात्र थिएन, तर समवेदना र सहयोग सहितको कबूल थियो ...।"[34]

प्रतिज्ञाको अवधिले हामीलाई के अवगत गराउँछ भने, त्यो प्रतिज्ञा र महान आज्ञा सामान्य रूपमा प्रेरितहरूका लागि मात्र थिएन। उहाँले दिनुभएको आज्ञा "युगको अन्त्यसम्मै" लागू हुनेछ भनी येशूले जोड दिनुभयो (मत्ती २८:२०)—अर्थात्, दोस्रो आगमसम्म। "युग" भनी अनुवाद गरिएको ग्रीक शब्द (αἰών, *आयोन, aiōn* को एउटा रूप) ले "समयको एउटा अवधि" भन्ने अर्थलाई सूचित गर्छ र यसको विभिन्न अर्थ हुनसक्छ। महान आज्ञाको प्रसंगमा यसले इसाई युगलाई जनाउँछ। किङ्ग जेम्स् संस्करण (KJV) मा "संसारको अन्त्यसम्मै" भन्ने वाक्य छ जसको अर्थ आधारभूत रूपमा उही हो। डी. डब्ल्यू. क्लेभर्ली फोर्ड (D. W. Cleverley Ford) ले लेखेका छन्, "बौरी उठ्नुभएको ख्रीष्ट जसरी गालील र यहूदियामा शारीरिक रूपमा आफ्ना चेलाहरूका साथमा हुनुहुन्थ्यो त्यसरी नै उहाँ आत्मिक रूपमा हामीसँग हुनुहुन्छ—यो हामीले सिक्नै पर्ने कुरा हो।"[35]

महान आज्ञाको वचनहरू विश्वव्यापी सुसमाचारको लागि लगभग दुई हजार वर्षदेखि अख्तियारको रूपमा रहँदै आएको छ। बीस शताब्दी पहिले जसरी यी आज्ञाहरूमा प्रेरितहरूका निम्ति अघि बढ्ने आदेशहरू समावेश थियो, आजका मण्डलीका निम्ति पनि त्यही आदेशहरू यसमा समावेश छन्।

येशूले प्रेरितहरूका निम्ति एउटा विशेष प्रतिज्ञा दिनुभयो भन्ने कुरा मर्कूसको पुस्तकले बताउँछ। तिनीहरूका अविश्वासलाई हटाउन उहाँले तिनीहरूलाई भेट्नुभएपछि (मर्कू १६:१४), आफ्ना शङ्कामाथि विजयी हुन सकेमा तिनीहरूले प्राप्त गर्ने शक्तिको बारेमा उहाँले बताउनुभयो:

> **विश्वास गर्नेहरूसँग यी चिन्हहरू हुनेछन्— मेरो नाउँमा तिनीहरूले भूतहरू धपाउनेछन्, तिनीहरूले नयाँ भाषाहरूमा बोल्नेछन्, तिनीहरूले सर्पहरू समात्नेछन् र कुनै विषालु कुरा पिए तापनि कुनै किसिमले त्यसले तिनीहरूको हानि गर्नेछैन। तिनीहरूले रोगीहरूमाथि आफ्ना हात राख्नेछन् र तिनीहरू निको हुनेछन्** (मर्कू १६:१७, १८)।

प्रेरितहरूले प्राप्त गरेका यी "चिन्हरू" मध्ये धेरैका बारेमा प्रेरितको पुस्तकले उदाहरण दिन्छ।

---

[34]म्याकगर्भे एण्ड पेण्ड्लेटन (McGarvey and Pendleton), ७६४।

[35]डी. डब्ल्यू. क्लेभर्ली फोर्ड (D. W. Cleverley Ford), *प्रिचिङ द रिजन क्राइष्ट* (पिबोडी, मासाच्युसेट: हेन्ड्रिक्सन पब्लिसर्स, १९८८), ८३।

नवौं पटक देखा पर्नुभएको: याकूबकहाँ (ठाँउको उल्लेख छैन) (१ कोरि १५:७क हेर्नुहोस्)

पाँच सय मानिसहरूकहाँ देखा पर्नुभएपछि, "उहाँ [याकूबकहाँ] देखा पर्नुभयो" भन्ने कुरा, पुनरुत्थानपछि ख्रीष्ट देखा पर्नुभएका विवरणहरूलाई उल्लेख गर्ने क्रममा पावलले उल्लेख गरेका छन् (१ कोरि १५:७क)। यो याकूब अवश्य पनि येशूको भाइ हुनुपर्छ, जो पछि यरूशलेमको मण्डलीमा एक जना सम्मानित अगुवा भए (प्रे १२:१७; १५:१३; २१:१८; गला १:१९; २:९)।

आफ्ना भाइकहाँ येशू कहिले वा कहाँ देखा पर्नुभयो भन्ने बारेमा हामीलाई थाहा छैन, तर यो भेटघाट अविस्मरणीय भएको हुनुपर्छ। आफू मसीह भएको कुरालाई आफ्ना भाइ याकूबलाई विश्वस्त दिलाउन येशूले यो विशेष भेटघाट गर्नुभएको थियो भन्ने कुरामा कुनै शङ्का छैन। उहाँका भाइहरूले उहाँलाई विश्वास गरेका थिएनन् (यूह ७:५)। भाइहरूमध्ये सबैभन्दा जेठा याकूब भएका कारण, तिनले अरू भाइलाई मनाउन सक्छ भन्ने कुरा प्रभुलाई थाहा थियो र शायद त्यही कारण उहाँ तिनकहाँ नै देखा पर्नुभयो। (येशूका भाइहरूको सूचीमा याकूबलाई पहिलो स्थानमा उल्लेख गरिएको छ [मत्ती १३:५५; मर्कू ६:३], त्यसकारण मरियमको दोस्रो सन्तान तिनी नै थिए भन्ने मान्यता रहेको छ।) जे भए तापनि, उहाँको पुनरुत्थानपछि येशूका भाइहरूले उहाँलाई विश्वास *गरे*र पवित्र आत्माको आगमनलाई पर्खिने क्रममा प्रेरितहरूसँग तिनीहरू पनि थिए (प्रे १:१२-१४)। यीमध्ये दुई जनाले हाम्रो नयाँ करारमा पत्रहरू लेखेका छन्: याकूब र यहूदा।

अन्तिम पटक देखा पर्नुभएको: यरूशलेम नजिकै यहूदामा सबै प्रेरितहरूकहाँ (लूक २४:४४-४९; प्रे १:३-८; हेर्नुहोस्: १ कोर १५:७ख)

४४उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूसँग हुँदा मैले बोलेका वचनहरू यी नै हुन्, अर्थात् मोशाको व्यवस्था, अगमवक्ता र भजनका पुस्तकमा मेरो विषयमा लेखिएका सबै कुरा पूरा हुनैपर्छ।" ४५तब धर्मशास्त्र बुझ्नलाई उहाँले तिनीहरूको समझ खोलिदिनुभयो। ४६उहाँले तिनीहरूलाई भन्नुभयो, "यसो लेखिएको छ, कि ख्रीष्टले दुःख भोग्नु र तेस्रो दिनमा मृतकबाट जीवित हुनुपर्छ, ४७अनि यरूशलेमबाट सुरु गरेर सबै जातिहरूलाई उहाँको नाउँमा पश्चात्ताप र पाप-क्षमाको प्रचार हुनुपर्छ। ४८तिमीहरू यी नै कुराका साक्षी हौ। ४९हेर, म मेरा पिताको प्रतिज्ञा तिमीहरूकहाँ पठाउँछु, तर माथिबाट शक्ति प्राप्त नगरुञ्जेल तिमीहरू यही सहरमा बसिरहो।"

चालीस दिनको समाप्ती नजिकिदै गर्दा, येशू यहूदियातर्फ फर्कनुभयो—यरूशलेमको आसपासमा (हेर्नुहोस्: लूक २४:५०, ५२; प्रे १:४, १२)। यरूशलेममा हुनेवाला मण्डली स्थापना र त्यस क्षेत्रमा पहिलो पटक सुसमाचार प्रचार गरिने कार्यको लागि अन्तिम तयारी गर्ने उद्देश्य उहाँको थियो (प्रे १:८ हेर्नुहोस्)। येशूले पुरानो नियमको धर्मशास्त्रमा ***यरूशलेमबाट सुरु गरेर*** भनी लेखिएको बताउनुभयो कि **सबै जातिहरूलाई उहाँको नाउँमा पश्चात्ताप र पाप-क्षमाको प्रचार हुनुपर्छ** (लूक २४:४७; जोड दिइएको छ)। यशैयाले अगमवाणी गरेका थिए, "परमप्रभुको मन्दिर" ("मण्डली"; १ तिमो ३:१५; किङ्ग जेम्स् संस्करण [KJV]) स्थापना भएपछि, "सम्पूर्ण राष्ट्रहरू" ओइरिएर त्यहाँ आउनेछ, र "परमप्रभुको वचन *यरूशलेमबाट* निस्कनेछन्" (यशै २:२, ३; जोड दिइएको छ)।

उहाँको स्वर्ग आरोहण हुनुभन्दा केही समय पहिले, येशू "सबै प्रेरितहरूकहाँ" अन्तिमपल्ट देखा पर्नुभयो (१ कोर १५:७ख)। उहाँले तिनीहरूलाई "परमेश्वरका राज्यको विषयमा तिनीहरूलाई बताउनुभयो" (प्रे १:३) र यसो भन्नुभयो, **"तिमीहरूसँग हुँदा मैले बोलेका वचनहरू यी नै हुन्, अर्थात् मोशाको व्यवस्था, अगमवक्ता र भजनका पुस्तकमा मेरो विषयमा लेखिएका सबै कुरा पूरा हुनैपर्छ"** (लूक २४:४४)।

यहूदीहरूले तिनीहरूका धर्मशास्त्रलाई तीन भागमा विभाजन गरेका थिए: मोशाको व्यवस्था, अगम्वक्ताहरूका पुस्तक, अनि लेखहरू। धेरैजसो "लेखहरू" भजनसंग्रहको पुस्तकबाट नै आएको थियो, त्यसकारण, धर्मशास्त्रको तेस्रो भागलाई उल्लेख गर्न समेत कहिलेकहीं "भजनसंग्रह" भन्ने शब्द प्रयोग गरिन्थ्यो। त्यसैले, उहाँ सम्बन्धी शिक्षामा *सम्पूर्ण* पुरानो करार समेत समावेश छ भन्ने कुरालाई ख्रीष्टले जोड दिइरहनुभएको थियो।

वाक्यमा भूतकाल प्रयोग गरिएको कुरा रोचक छ। यसको अर्थ "मेरो मृत्यु हुनुभन्दा पहिले म तिमीहरूसँग हुँदा" भन्ने हुनसक्छ, तैपनि आफ्नो स्वर्ग आरोहणको समय अत्यन्तै नजिक भएको कारणले यहाँ येशूले भूतकाल वाक्य प्रयोग गर्नुभएको हुनसक्छ। व्यवहारमा, उहाँ पहिले नै गइसक्नुभएको थियो।

सुसमाचारको पुस्तकका अन्य लेखकहरूले जस्तै, लूकाले पनि येशूको जीवनको अन्तिम घटनाहरूलाई गाभेर लेखेका छन्। त्यसैले लूका २४:४४-४९ मा उल्लेखित उपदेश उहाँको पुनरुत्थान भएकै दिनमा उहाँ प्रेरितहरूकहाँ देखा पर्नुहुँदाको समयमा दिइएको जस्तो देखिन्छ। तैपनि, अर्को पद, ५० पदको सुरुवात "त्यसपछि" शब्दद्वारा गरिएको छ, र उक्त उपदेश उहाँको स्वर्ग आरोहणको ठीक पहिले भएको हो भन्ने कुरालाई यसले संकेत गर्नसक्छ। हामीले यसलाई उहाँको स्वर्गआरोहण हुनुभन्दा ठीक पहिलेको समयमा नै राखेका छौं।

तब धर्मशास्त्र बुझ्नलाई उहाँले [प्रेरितहरूका समझ] **खोलिदिनुभयो** (लूक २४:४५)। उहाँले यो काम आश्चर्यकर्मको रूपमा गर्नुभएको हुनसक्छ; बाँकी उपदेशको निम्ति तिनीहरूलाई तयारी गर्न उहाँले यसो गर्नुभएको हो भन्ने कुरा अर्को पदले सूचित गर्छ। जसरी उहाँले इम्माउसका चेलाहरूलाई "र्मशास्त्रमा आफ्नो विषयमा लेखिएका कुराहरूको" व्याख्या गरिदिएर तिनीहरूको आँखा खोलिदिनुभएको थियो शायद त्यसरी नै यहाँ पनि उहाँले तिनीहरूका "[समझ] खोलिदिनुभयो" (लूक २४:२७)। उहाँले आफ्ना प्रेरितहरूलाई भन्नुभयो,

> **यसो लेखिएको छ, कि ख्रीष्टले दुःख भोग्नु र तेस्रो दिनमा मृतकबाट जीवित हुनुपर्छ, अनि यरूशलेमबाट सुरु गरेर सबै जातिहरूलाई उहाँको नाउँमा पश्चात्ताप र पाप-क्षमाको प्रचार हुनुपर्छ। तिमीहरू यी नै कुराका साक्षी हौ। हेर, म मेरा पिताको प्रतिज्ञा तिमीहरूकहाँ पठाउँछु, तर माथिबाट शक्ति प्राप्त नगरुञ्जेल तिमीहरू यही सहरमा** [यरूशलेममा] **बसिरहो** (लूक २४:४६-४९)।

पिताको "प्रतिज्ञा" र "माथिबाट शक्ति" ले पवित्र आत्मालाई जनाउँछ, जुन पवित्र आत्मालाई येशूले दश दिनपछि प्रेरितहरूमाथि पठाउन लाग्नुभएको थियो। उहाँले तिनीहरूलाई "तिमीहरू यरूशलेमबाट कतै नजाओ" भनी निर्देशन दिनुभयो। तिनीहरूले गर्नुपर्यो "पिताले गर्नुभएको प्रतिज्ञाको प्रतीक्षा गर"—"किनभने," उहाँले भन्नुभयो, "यूहन्नाले त पानीले बप्तिस्मा दिए, तर अबका थोरै दिनमा पवित्र आत्मामा तिमीहरूको बप्तिस्मा हुनेछ" (प्रे १:४, ५)।

हामीले टिपोट गरेजस्तै, प्रेरितहरूसँग आफ्नो अन्तिम क्षणमा, येशूले तिनीहरूलाई "परमेश्वरका राज्यको विषयमा" बताउने काम जारी राख्नुभयो (प्रे १:३)। राज्यको साँचो प्रकृतिको बारेमा तिनीहरूले अझै पनि स्पष्ट रूपमा बुझ्न सकेका थिएनन् भन्ने कुरा तिनीहरूको प्रतिक्रियाले देखाउँछ: "हे प्रभु, के तपाईंले इस्राएल राज्यको पुनर्स्थापन गरिदिनुहुनेछ?" (प्रे १:६)। येशूले आफ्नो आत्मिक राज्यलाई *कहिले* स्थापना गर्नुहुनेछ त्यसबारे प्रेरितहरू जान्न चाहान्थे भन्ने विचार केही लेखकहरूको छ। तैपनि, तिनीहरूले अझै पनि भौतिक राज्यको बारेमा नै विचार गरिरहेका थिए भन्ने कुरा "इस्राएल राज्यको पुनर्स्थापना" भन्ने वाक्यले सूचित गर्छ। लिभिङ बाइबल (LB) मा यस्तो वाक्यांश पाइन्छ, "हे प्रभु, तपाईंले इस्राएललाई [रोमबाट] मुक्त गरी हामीलाई एक स्वाधीन राज्यको रूपमा पुर्नस्थापना गर्नुहुनेछ?" छोटकारीमा भन्दा, यसबेला सम्म प्रेरितहरू कुनै न कुनै रूपमा अन्यौलतामा नै थिए।

येशूले वास्तवमा तिनीहरूलाई भन्नुभयो, प्रभुले कहिले राज्य स्थापना गर्नुहुनेछ त्यसबारे सुर्ता नगर (प्रे १:७)। केही समय पहिले, परमेश्वरको राज्य "[ठूलो] शक्तिमा आ[उनेछ]" भनी उहाँले भन्नुभएको थियो (मर्कू ९:१)। तिनीहरूमाथि पवित्र आत्मा आउनुभएपछि तिनीहरूले "शक्ति पाउनेछौ" भनेर उहाँले यहाँ तिनीहरूलाई भन्नुभयो (प्रे १:८क)। त्यसबेला पवित्र आत्माले तिनीहरूका अन्यौलतालाई हटाइदिनुभयो र तिनीहरूलाई सबै कुरा स्पष्ट पारिदिनुभयो (हेर्नुहोस्: यूह १४:२६; १६:१३)।

जैतून डाँडाबाट स्वर्ग आरोहण (मर्कू १६:१९; लूक २४:५०-५३; हेर्नुहोस्: प्रे १:९-१२)

मर्कूस १६:१९

१९तब यसरी तिनीहरूसँग बोलिसक्नुभएपछि प्रभु येशू स्वर्गारोहण हुनुभयो, र परमेश्वरको दाहिने बाहुलीतर्फ विराजमान हुनुभयो।

लूका २४:५०-५३

५०त्यसपछि उहाँले तिनीहरूलाई बेथानियासम्म लैजानुभयो, र आफ्नो हात उचालेर तिनीहरूलाई आशीर्वाद दिनुभयो। ५१उहाँले तिनीहरूलाई आशीर्वाद दिनुहुँदैगर्दा, उहाँ तिनीहरूबाट छुट्टिनुभयो र स्वर्गमा लगिनुभयो। ५२तिनीहरूले उहाँको उपासना गरे, र बड़ो आनन्दसाथ यरूशलेम फर्के। ५३अनि तिनीहरू परमेश्वरको प्रशंसा गर्दै मन्दिरमा निरन्तर रहन लागे।

येशूका आफ्ना अन्तिम वाणीरू जैतून डाँडामा वा त्यसको नजिकै कतै दिनुभयो (प्रे १:१२)। "उहाँले यो कुरा भन्नुभएपछि" (प्रे १:९क; हेर्नुहोस्: मर्कू १६:१९क), येशूले चेलाहरूलाई सहरबाट **बेथानियासम्म** लैजानुभयो (लूक २४:५०क)। यो स्थान त्यस पर्वतको दक्षिणपूर्वी भागको ओरालोमा पर्ने कुनै उच्च स्थान हुनसक्छ—बेथानियामा, जहाँ मुक्तिदाताको जीवनमा धेरै स्मरणीय घटनाहरू घटेका थिए। त्यहाँ पुगेर **उहाँले ... आफ्नो हात उचालेर तिनीहरूलाई आशीर्वाद दिनुभयो** (लूक २४:५०ख)। उहाँको अन्तिम शारीरिक इसारा एउटा आशिषको इसारा थियो भन्ने कुरा महत्त्वपूर्ण छ।

उहाँको स्वर्ग आरोहणलाई थोरै शब्दमा व्याख्या गरिएको छ: **उहाँले तिनीहरूलाई आशीर्वाद दिनुहुँदैगर्दा, उहाँ तिनीहरूबाट छुट्टिनुभयो** (लूक २४:५१क)। "बादलमा उहाँ

तिनीहरूका दृष्टिबाट लोप हुनुभयो" (प्रे १:९ख)। **उहाँ ... स्वर्गमा लगिनुभयो** (लूक २४:५१ख), जहाँ **प्रभु येशू स्वर्गारोहण हुनुभयो, र परमेश्वरको दाहिने बाहुलीतर्फ विराजमान हुनुभयो** (मर्कू १६:१९)। त्यहाँ उहाँले राज्य/मण्डलीलाई राज्य गर्न सुरु गर्नुभयो। पावलले लेखेका छन्, येशूलाई परमेश्वरले मृत्युबाट बौरी उठाउनुभएपछि, उहाँ ...

> ... स्वर्गीय स्थानहरूमा आफ्नै दाहिने बाहुलीपट्टि बसाल्नुभयो। सबै शासन, र अधिकार, र शक्ति र राज्यमाथि, र यस युगका मात्र होइन, तर आउने युगका पनि जति नाउँ छन्, ती सबैमाथि उहाँलाई राख्नुभयो, र परमेश्वरले सबै कुरा उहाँका पाउमुनि राखिदिनुभयो, र मण्डलीको निम्ति उहाँलाई नै सबै कुराको शिर बनाइदिनुभयो, जुन मण्डली उहाँको शरीर, उहाँको पूर्णता हो। र उहाँले नै सबै थोक परिपूर्ण पार्नुहुन्छ (एफि १:२०-२३)।

आफ्ना अतिप्रिय गुरुज्यू तिनीहरूबाट बादलमा हराउँदा प्रेरितहरूका भावनाको अवस्था कस्तो थियो भन्ने बारे हामी कल्पन गर्न सक्छौं। लूकाले भनेका छन्, "तिनीहरूले उहाँ जाँदैगर्नुभएको एकटक आकाशतिर हेरिरहेका थिए" (प्रे १:१०क)। लिभिङ बाइबल (LB) बाइबलमा यस्तो वाक्यांश छ, "उहाँलाई फेरि एक झलक देख्न पाइन्छ कि भनी तिनीहरूले आकाशतिर एकोहोरो हेरिरहे।"

त्यसपछि "अचानक सेतो पोशाक लाएका दुई जना मानिस तिनीहरूका नजिक खड़ा भए" को कुरा तिनीहरूले चाल पाए (प्रे १:१०ख)। ती "दुई जना" स्वर्गदूतहरू थिए, र तिनीहरूले प्रेरितहरूलाई भने, "गालीलका मानिस हो, तिमीहरू किन आकाशतिर हेर्दै उभिरहेका छौ? यही येशू, जो तिमीहरूबाट स्वर्गमा लगिनुभयो, अहिले जसरी तिमीहरूले उहाँलाई स्वर्गमा जानुभएको देख्यौ, त्यसरी नै उहाँ फेरि आउनुहुनेछ" (प्रे १:११; हेर्नुहोस्: प्रका १:७)। तिनीहरूले भनेका कुराले, फेरि आउनेछु भन्ने प्रभुको प्रतिज्ञालाई सुनिश्चित गऱ्यो (यूह १४:३)। ख्रीष्ट एकदिन आफ्नाहरूलाई उठाउन र दुष्ट काम गर्नेहरूलाई सजाय दिन आउनुहुनेछ भन्ने तथ्य प्रारम्भिक इसाईहरूका लागि ठूलो सान्त्वनाको वचन थियो (१ थेस ४:१६-१८; प्रका २२:२०)।

प्रयोग: "महिमामा उचालिनुभयो"[36]
(मर्कू १६:१९; लूक २४:५०-५३; हेर्नुहोस्: प्रे १:९-१२)

हामी ख्रीष्टको जीवनको प्राकृतिक अन्तमा आइपुगेका छौं: उहाँको स्वर्ग आरोहण। उहाँको दुःखकष्टपछि उहाँको महिमा हुनेछ भन्ने कुरा आफ्ना चेलाहरूलाई दिनुभएको अन्तिम सन्देशमा येशूले भन्नुभएको थियो—उहाँको स्वर्ग आरोहण हुँदा यो कुरा पूरा भयो: "के ख्रीष्टले यी कष्टहरू भोग्नु *र* आफ्नो महिमामा प्रवेश गर्नु आवश्यक थिएन र?" (लूक २४:२६; जोड दिइएको छ)। परमेश्वरले आफ्नो सबैभन्दा ठूलो शक्ति "उहाँले ख्रीष्टलाई मरेकाहरूबाट जीवित पार्नुभयो, *अनि* स्वर्गीय स्थानहरूमा आफ्नै दाहिने बाहुलीपट्टि बसाल्नुहुँदा" प्रदर्शन गर्नुभयो भनेर पावलले लेखेका छन् (एफि १:२०; जोड दिइएको छ)।

स्वर्ग आरोहण ख्रीष्टको जीवनको प्राकृतिक अन्त थियो किनभने उहाँ स्वर्गबाट आउनुभएको थियो, त्यसकारण उहाँ स्वर्गमा फर्केर जानु स्वभाविक देखिन्थ्यो। यो

---

[36]यस अध्ययनको अवधारणा जी. क्याम्पबेल मोर्गान (G. Campbell Morgan), *द क्राइसिस अफ द क्राइष्ट* (न्यू योर्क: फ्लेमिङ एच. रेभेल को., १९३६), ३८५-४४९ बाट आएको हो।

प्राकृतिक अन्त थियो किनभने परमेश्वरले “मानिसलाई आफ्नै स्वरूपमा, हाम्रै प्रतिरूपमा बनाऔं” भनी भन्नुभएको कुरा येशूको जीवनले प्रदर्शन गरेको थियो (उत १:२६क)। त्यस्तो हो भने, कुनैबेला मानिसले आदनको बगैंचामा प्राप्त गरेको परमेश्वर सँगको मिलाप तथा संगतीलाई पूरा गर्न येशू फर्केर आउनुहुनेछ भन्ने कुरा यसद्वारा स्पष्ट हुन्छ।

स्वर्ग आरोहणको बारेमा बाइबलले सिकाएको कुरालाई अध्ययन गर्ने क्रममा, हामीले यसबारे पूर्ण रूपमा बुझ्न सक्दैनौं भन्ने कुरालाई हामीले स्वीकार गर्नै पर्छ। उदाहरणको लागि, येशूको पुनरुत्थान भएको शरीर कसरी (“मासु र हाड” बाट; लूका २४:३९ हेर्नुहोस्) बाट परिवर्तन भई उहाँ स्वर्गको प्रवेशद्वारहरूबाट प्रवेश गर्न सक्नुभयो? नयाँ करारले यो प्रश्न र सोधिन सकिने अरू प्रश्नहरूको कुनै उत्तर दिंदैन। धर्मशास्त्रले स्वर्ग आरोहण भयो भन्ने बताउँछ, तर यसलाई व्याख्या गर्ने कुनै प्रयास गरेको छैन। तीन खण्डहरूले एउटै घटनालाई समावेश गरेको छन्:

> त्यसपछि उहाँले तिनीहरूलाई बेथानियासम्म लैजानुभयो, र आफ्नो हात उचालेर तिनीहरूलाई आशीर्वाद दिनुभयो। उहाँले तिनीहरूलाई आशीर्वाद दिनुहुँदैगर्दा, उहाँ तिनीहरूबाट छुट्टिनुभयो र स्वर्गमा लगिनुभयो। तिनीहरूले उहाँको उपासना गरे, र बड़ो आनन्दसाथ यरूशलेम फर्के (लूक २४:५०-५२)।

> उहाँले यो कुरा भन्नुभएपछि, तिनीहरूले हेर्दाहेर्दै उहाँ उँभो उचालिनुभयो, र बादलमा उहाँ तिनीहरूका दृष्टिबाट लोप हुनुभयो। जब तिनीहरूले उहाँ जाँदैगर्नुभएको एकटक आकाशतिर हेरिरहेका थिए, तब अचानक सेतो पोशाक लाएका दुई जना मानिस तिनीहरूका नजिक खड़ा भए। तिनीहरूले भने, “गालीलका मानिस हो, तिमीहरू किन आकाशतिर हेर्दै उभिरहेका छौ? यही येशू, जो तिमीहरूबाट स्वर्गमा लगिनुभयो, अहिले जसरी तिमीहरूले उहाँलाई स्वर्गमा जानुभएको देख्यौ, त्यसरी नै उहाँ फेरि आउनुहुनेछ।” तब तिनीहरू जैतून भनिने पहाड़बाट यरूशलेम फर्के। यरूशलेमदेखि यो पहाड प्राय: एक किलोमिटर जति टाढ़ा पर्छ (प्रे १:९-१२)।
>
> तब यसरी तिनीहरूसँग बोलिसक्नुभएपछि प्रभु येशू स्वर्गारोहण हुनुभयो, र परमेश्वरको दाहिने बाहुलीतर्फ विराजमान हुनुभयो (मर्कू १६:१९)।

यी संक्षिप्त विवरणहरू बाहेक, प्रत्यक्ष र अप्रत्यक्ष रूपमा यस घटनासँग सम्बन्धित अरू धेरै विवरणहरू पनि नयाँ करारमा दिइएका छन्। त्यसको एउटा नमुना यसप्रकार छ:

- पहिलोपल्ट सुसमाचारको प्रवचन दिने क्रममा, पत्रुसले भने, परमेश्वरको “दाहिने बाहुलीपट्टि उहाँ उच्च पारिनुभयो” (प्रे २:३३)।
- आफ्नो दोस्रो प्रवचनमा पत्रुसले ख्रीष्टको बारेमा बताउँदै भने, “सबै थोकको पुनर्स्थापना हुने समय नआउञ्जेल ख्रीष्ट स्वर्गमा अवश्य रहनुपर्छ” (प्रे ३:२१)। “सबै थोकको पुनर्स्थापना हुने समय” भन्ने वाक्यले येशूले सबै कुरालाई ठीक बनाउनुहुनेछ भन्ने अर्थ दिन्छ—भौतिक रूपमा होइन, तर आत्मिक रूपमा—उहाँको आगमन भएपछि।
- पिसिदियाको एन्टिओखियाको सभाघरमा पावलले दिएको प्रवचनमा उनले भने, परमेश्वरले “उहाँले ख्रीष्टलाई कहिले नसड्ने गरी मृतकबाट जीवित पार्नुभएको ... छ” (प्रे १३:३४)।
- एफिससको मण्डलीलाई लेखेको पत्रमा, पावलले स्वर्ग आरोहणको बारेमा यो विस्तृत टिप्पणी उल्लेख गरेका छन्: “यसकारण यसो भनिएको छ, ‘उहाँ

उच्चमा चढ़िजानुहुँदा कैदलाई बन्दी बनाएर लानुभयो, र मानिसहरूलाई वरदानहरू दिनुभयो' (अब यो "उच्चमा चढ़िजानुभयो" भनेको चाहिँ के हो? केवल यही कि उहाँ पृथ्वीको तल्लो भागमा ओर्लनु पनि भयो। उहाँ जो ओर्लनुभयो उहाँ नै सारा स्वर्गहरूभन्दा धेरै माथि चढ़िजानुभयो, यस हेतुले कि समस्त थोकलाई उहाँले भरिपूर्ण पार्न सकून्)" (एफि ४:८-१०)।

- प्रकाश १२ मा, स्त्री र ठूलो रातो अजिङ्गरको दर्शनको विवरणदिइएको छ। ५ पदमा, येशूको जन्म र पछि भएको उहाँको स्वर्ग आरोहणको बारेमा उल्लेख गरिएको छ: "त्यस स्त्रीले सारा जातिलाई फलामको डन्डाले शासन गर्ने एउटा छोरो जन्माई। त्यसको बालक परमेश्वरकहाँ उठाइएर उहाँको सिंहासनमा लगियो।" यो वाक्यशैली, मसीह सम्बन्धी रेहेको भजन (अर्थात्, ख्रीष्टको बारेमा बताउने भजन) अर्थात् भजनसंग्रह २:९ बाट आएको हो।

स्वर्ग आरोहणले दुई वटा महान उद्देश्यहरूलाई पूरा गऱ्यो: यसले विगतलाई समाप्त गऱ्यो र भविश्यको निम्ति मार्ग तयार गऱ्यो। यसलाई अर्को शब्दमा भन्दा, पुनरुत्थान, येशूको संसारिक सेवकाइको चरमबिन्दु र उहाँका चेलाहरूका सेवकाइलाई तयार गर्ने अर्को पाइला, यी दुवै थियो। पुनरुत्थान नभएको भए येशूको बौरी उठाइ र त्यसको लगभग पचास दिनपछि हुने पवित्र आत्माको आगमनको घटनाबीच हुने सम्बन्ध गुम्नेथियो (हेर्नुहोस्: लेवी २३:१५, १६; व्य १६:९)।

ख्रीष्टको महिमा

येशूलाई महिमामा ग्रहण गरिएपछि स्वर्ग आरोहणले विगतलाई चरमचुली प्रदान गरी समाप्त गऱ्यो। "... ख्रीष्टल ... आफ्नो महिमामा प्रवेश गर्नु आवश्यक थियो" भन्ने कुरा येशूले बताउनुभयो (लूक २४:२६)। येशू "महिमामा माथि उचालिनुभयो" भनी पावलले लेखेका छन् (१ तिमो ३:१६)। पत्रुसले भनेका छन्, "परमेश्वरले ... [उहाँलाई] महिमा दिनुभयो" (१ पत्र १:२१)।

झट्ट सुन्दा यो कुरा अचम्मको सुनिन्छ, तर ख्रीष्टको कामको सबैभन्दा उच्च बिन्दु स्वर्ग आरोहण नै थियो। यसको बारेमा एकैछिन विचार गर्नुहोस्। कुनचाहिँ बढी उत्साहजनक कुरो हो: निश्चित कामहरूलाई पूरा गर्नु कि ती कामहरूलाई पूरा गर्नुको उद्देश्यलाई समाप्त गर्नु? त्यसबेलासम्म, मुक्तिदाताले प्रधान पूजाहारी र राजाको रूपमा गर्नुपर्ने कामको लागि आफूलाई तयार गरिरहनुभएको थियो। स्वर्ग आरोहणले त्यस तयारीलाई समाप्त गऱ्यो। फिलिप यान्से (Philip Yancey) ले लेखेका छन्,

> यदि चेलाहरूका निम्ति [पुनरुत्थानको दिन] आइतबार सबैभन्दा उत्साहित दिन थियो भने, येशूको निम्ति पुनरुत्थानको दिन सबैभन्दा उत्साहपूर्ण दिन थियो। उहाँ, सृष्टिकर्ता ओर्ली आउनुभई अहिलेसम्म त्यहाँ रहेर धेरै कुरा दिनुभएको थियो, र अब उहाँको घर फर्कने समय भएको थियो। लामो र रक्ताम्मे युद्धबाट समुद्रपारि घरफर्कदै गरेको एक सिपाहीजस्तै। एक जना अन्तरिक्षा यात्रीले आफ्नो पोषाकलाई पृथ्वीको परिचित वायुमण्डलमा फहराएजस्तै। बल्लबल्ल घरमा।[37]

महिमित

---

[37]फिलिप यान्से (Philip Yancey), *द जिजस आइ नेभेर न्यु* (ग्राण्ड ऱ्यापिड्स्, मिचिगन: जोन्डरभान पब्लिसिङ हाउस, १९९५), २२६।

महान राजा घर फर्केर आउँदा गाइने विजयको गीत भजनसंग्रह २४ हो। यसका शब्दहरूलाई प्रभु स्वर्गमा फर्कनुभएको घटनामा लागू गर्न सकिन्छ भनेर कसैले सुझाव दिएका छन्। त्यस खण्डलाई प्रयोग गर्दै, येशूको स्वर्ग आरोहण हुँदा कस्तो भयो होला कल्पना गर्नुहोस्।

उहाँ उचालिँदै गर्दा, स्वर्गदूतहरूले उहाँलाई भेट्छन्, र उहाँलाई अनुरक्षा गरी लैजान्छन्। उहाँहरू स्वर्गीय सहरमा पुग्नलाग्दा, तिनीहरू उच्च सोरले कराउँछन्: "हे मूल ढोका हो, तिमीहरूका शिर उठाओ, हे प्राचीन ढोका हो, उच्च होओ, र महिमाका महाराजा तीबाट प्रवेश गरून्" (भज २४:७)। सहरभित्र हुनेहरूले प्रतिक्रिया दिन्छन्, "महिमाका महाराजा को हुनुहुन्छ?" (भज २४:८क)। येशूसँग हुने स्वर्गदूहरू कराउँछन्, "परमप्रभु, जो सामर्थी र प्रतापी हुनुहुन्छ, परमप्रभु, जो लड़ाइँमा पराक्रमी हुनुहुन्छ" (भज २४:८ख)। तिनीहरूले फेरि उच्च सोरमा भन्छन्, "हे मूल ढोका हो, तिमीहरूका शिर उठाओ, हे प्राचीन ढोका हो, शिर उठाओ, र महिमाका महाराजा तीबाट प्रवेश गरून्!" (भज २४:९)। फेरि पनि, सहरभित्र हुनेहरूले प्रश्न गर्छन्, "महिमाका यी महाराजाचाहिँ को हुनुहुन्छ?" (भज २४:१०क)। यसपटक येशूसँग हुनेहरूले यो स्तुतिगान गाउँछन्: "सर्वशक्तिमान् परमप्रभु, उहाँ नै महिमाका महाराजा हुनुहुन्छ" (भज २४:१०ख)।

येशू स्वर्गका द्वारहरूबाट प्रवेश गरिसक्नुभएपछि, "संसारको सृष्टि हुन अघि" उहाँसँग भएको महिमालाई उहाँले पुन लिनुभयो (यूह १७:५)।

> त्यसैकारण परमेश्वरले उहाँलाई अति उच्च पार्नुभयो, र उहाँलाई त्यो नाउँ प्रदान गर्नुभयो, जो हरेक नाउँभन्दा उच्च छ, कि स्वर्गमा, पृथ्वीमाथि र पृथ्वीमुनि भएको हरेक प्राणीले येशूको नाउँमा घुँड़ा टेक्नुपर्छ, र हरेक जिब्रोले परमेश्वर पिताका महिमाको निम्ति येशू ख्रीष्टलाई प्रभु भनी स्वीकार गर्नुपर्छ (फिलि २:९-११)।

स्वर्गका सम्पूर्ण प्राणीहरूले येशूलाई मानवजातिको पापको निम्ति मारिने निर्दोश थुमाको रूपमा प्रशंसा गरे (१ पत्र १:१८, १९ हेर्नुहोस्)। यूहन्नाले लेखेका छन्,

> तब मैले हेरें, अनि सिंहासन, जीवित प्राणीहरू र धर्म-गुरुहरूका वरिपरि धेरै स्वर्गदूतहरूका आवाज सुनें। तिनीहरूको संख्या लाखौँ र करोडौँ थियो। तिनीहरू चर्को सोरले यसो भनिरहेका थिए, "मारिएका थुमा सामर्थ्य, वैभव, बुद्धि, शक्ति सम्मान, महिमा, र स्तुति ग्रहण गर्ने योग्यका हुनुहुन्छ" (प्रका ५:११, १२)।

त्यसपछि परमेश्वरले उहाँलाई "स्वर्गीय स्थानहरूमा आफ्नै दाहिने बाहुलीपट्टि बसाल्नुभयो" (एफि १:२०)।

प्रधान पूजाहारीको रूपमा

येशूको स्वर्ग आरोहण भएपछि उहाँ हाम्रो *प्रधान पूजाहारी* बन्नुभयो। हिब्रूको पुस्तकका लेखकले भनेका छन्, "आकाश छिचोलेर जानुभएका परमेश्वरका पुत्र येशू हाम्रा महान् प्रधान पूजाहारी हुनुभएको हुनाले हामीले पक्कासँग स्वीकार गरेको यो विश्वास थामिराखौं" (हिब्रू ४:१४)।

पुरानो करारको समयमा, वर्षको एकपल्ट—प्रायश्चितको दिनमा—आफ्ना पाप र मानिसहरूका पापलाई प्रायश्चित गर्नका निम्ति प्रधान पूजाहारी महा-पवित्र स्थानमा जनावरहरूको रगत लिएर प्रवेश गर्ने चलन थियो (लेवी १६:२-३४ हेर्नुहोस्)। हाम्रा महान

प्रधान पूजाहारीको रूपमा येशू स्वर्गमा फर्कनुहुँदा, *हाम्रा* पापलाई प्रायश्चित गर्न उहाँले आफ्नै रगत लिएर जानुभएको सरह भयो। यसबारे, हिब्रूको पुस्तकले भन्छ,

> जब ख्रीष्ट अघिबाटै आइसकेका असल कुराहरूका प्रधान पूजाहारी भएर आउनुभयो, उहाँ अझ महान् र सिद्ध पवित्र वासस्थानद्वारा जानुभयो, जो हातले बनेको होइन, अर्थात् यस सृष्टिको अङ्ग होइन। बोका र बाछाहरूको रगतले होइन, तर आफ्नै रगतद्वारा अनन्त उद्धार प्राप्त गरिदिएर सधैँको निम्ति एकै पल्ट महापवित्र स्थानभित्र उहाँ प्रवेश गर्नुभयो (हिब्रू ९:११, १२)।
>
> ख्रीष्ट हातले बनाएको पवित्रस्थानभित्र प्रवेश गर्नुभएन, जोचाहिँ साँचो पवित्रस्थानको नकल मात्र हो, तर उहाँ स्वर्गभित्रै प्रवेश गर्नुभयो, र उहाँ हाम्रो पक्षमा परमेश्वरको सामु उपस्थित हुनुभएको छ (हिब्रू ९:२४)।
>
> तर ख्रीष्टले त पापहरूका निम्ति सदाको लागि एउटै बलिदान चढ़ाउनुभयो, अनि उहाँ परमेश्वरको दाहिने बाहुलीतर्फ विराजमान हुनुभयो (हिब्रू १०:१२)।

येशू हाम्रो मध्यस्तकर्ता पनि हुनुहुन्छ, यो उहाँको प्रधान-पूजाहारी भूमिकाको अर्को विशेषता हो। पावलले लेखेका छन्, "किनकि परमेश्वर एउटै हुनुहुन्छ, परमेश्वर र मानिसहरूका बीचमा मध्यस्थ पनि एउटै हुनुहुन्छ—मानिस, ख्रीष्ट येशू" (१ तिमो २:५)। यो प्रबन्धको एउटा गजबको पक्ष के छ भने, येशू यो भूमिकामा *सहानुभूतिशील* तथा दयालु हुनुहुन्छ:

> किनकि हाम्रा प्रधान पूजाहारी हाम्रो दुर्बलतामा हामीसँग सहानुभूति देखाउन नसक्ने हुनुहुन्न। तर हामीजस्तै उहाँ सबै कुरामा परीक्षित हुनुभयो ...। यसकारण साहससँग अनुग्रहको सिंहासन नजिक जाऔं, र खाँचोको समयमा सहायता पाउनलाई कृपा र अनुग्रह प्राप्त गर्न सकौं (हिब्रू ४:१५, १६)।

शायद, येशू *शारीरिक रूपमै* स्वर्गमा उचालिनु महत्त्वपूर्ण थियो भन्ने कुराको एउटा कारण यो पनि हो। यो भनिएको छ कि त्यहाँ सधैं येशूको एक भाग हुनेछ जुन *मानिस* हो। १ तिमोथी २:५ मा प्रयोग गरिएको "मानिस" भन्ने शब्दलाई ध्यान दिनुहोस्: "किनकि परमेश्वर एउटै हुनुहुन्छ, परमेश्वर र मानिसहरूका बीचमा मध्यस्थ पनि एउटै हुनुहुन्छ—*मानिस*, ख्रीष्ट येशू" (जोड दिइएको छ)। पावलले "मार्स पर्वतको उपदेशमा" यस्तै वाक्य प्रयोग गरेका छन्: "किनकि उहाँले एक दिन तोकिदिनुभएको छ, जुन दिन उहाँले आफूले नियुक्त गर्नुभएका *एक जना* व्यक्तिद्वारा धार्मिकतामा संसारको इन्साफ गर्नुहुनेछ। उनलाई मृतकबाट जीवित पार्नुभएर उहाँले सबै मानिसहरूलाई यसको प्रमाण दिनुभएको छ" (प्रे १७:३१; जोड दिइएको छ)। प्रकाश ४ र ५ मा उल्लेख गरिएको सिंहासनको दृश्यमा, एउटा थुमा (येशू) उभिरहनुभएको थियो र उहाँ "मारिएको जस्तो देखा पर्नुहुन्थ्यो" (प्रका ५:६)—केही लेखकहरूका विचारमा, कुनै न कुनै हिसाबले येशूले स्वर्गमा समेत क्रूसका दागहरू कायम राख्नुभएको छ।

येशूको पुनरुत्थान भएपछि, शरीर कत्तिको कमजोर हुन्छ वा हामी यी भौतिक शरीरमा कत्तिको दु:ख भोग्छौं त्यस कुरालाई बिर्सनुभएको छैन। हाम्रा प्रधान पूजाहारीको रूपमा, उहाँले ती कुरालाई याद गर्नुहुन्छ र बुझ्नुहुन्छ! यसको अर्थ यो होइन, येशूले हाम्रा पापलाई स्वीकार गर्नुहुन्छ र स्वत: तिनलाई क्षमा गर्नुहुन्छ, तर यसको अर्थ के हो भने, हामीले

जीवनमा सही काम गर्नलाई कति संघर्ष गर्छौं उहाँले त्यो कुरा बुझ्नुहुन्छ र हामीलाई सहानुभूति दिनुहुन्छ।

राजाको रूपमा

येशू हाम्रो प्रधान पूजाहारी बन्नुभयो; तैपनि, "महिमित हुनुभयो" भन्ने वाक्य सुन्दा निश्चय नै हामी के विचार गर्छौं भने, उहाँलाई *राजाको* रूपमा मुकुट पहिऱ्याइयो। हामीले पहिले नै टिपोट गरेझैं, "... प्रभु येशू स्वर्गारोहण हुनुभयो, र परमेश्वरको दाहिने बाहुलीतर्फ विराजमान हुनुभयो" (मर्कू १६:१९)। ख्रीष्ट अहिले परमेश्वरको दाहिने हातततर्फ हुनुहुन्छ भन्ने कुरा धर्मशास्त्रले धेरैपटक घोषणा गरेको छ। स्तिफनस मर्न लागेका बेला, "तिनले चाहिँ पवित्र आत्माले भरिपूर्ण भईकन स्वर्गतिर एकटक लाएर हेरे, र परमेश्वरको महिमा र येशूलाई परमेश्वरको दाहिनेपट्टि उभिरहनुभएको देखे। तिनले भने, 'हेर, स्वर्ग उघ्रेको म देख्छु, र मानिसको पुत्रलाई परमेश्वरको दाहिनेपट्टि उभिरहनुभएको म देख्तछु'" (प्रे ७:५५, ५६)। "यसकारण यदि तिमीहरू ख्रीष्टसँग जिइउठाइएका छौ भने माथिका कुराहरूको खोजी गर, जहाँ ख्रीष्ट हुनुहुन्छ, र परमेश्वरको दाहिने बाहुलीपट्टि बस्नुभएको छ" भनेर पावलले सम्पूर्ण इसाईहरूलाई अनुरोध गरेका छन् (कल ३:१)। पत्रुसले लेखेका छन्, "यही पानी बप्तिस्माको एउटा रूप हो, जसले तिमीहरूलाई बचाउँछ। यो शरीरको मैला हटाएजस्तो होइन, तर शुद्ध विवेकको निम्ति परमेश्वरतर्फको एउटा प्रतिज्ञा हो। यसले मृतकबाट भएको येशू ख्रीष्टको पुनरुत्थानद्वारा तिमीहरूलाई बचाउँदछ। उहाँ स्वर्गमा जानुभयो र स्वर्गदूतहरू, अधिकारहरू र शक्तिहरूलाई वशमा पारी परमेश्वरको दाहिने बाहुलीपट्टि विराजमान हुनुहुन्छ" (१ पत्र ३:२१, २२)।

पेन्तिकोसको दिनमा, पत्रुसले त्यसदिन देखिएको अचम्मका दृश्यहरू र आवाजहरूलाई प्रयोग गरे, जसले येशू परमेश्वरको दाहिनेपट्टि बस्नुभएको छ त्यसकारण उहाँलाई प्रभुको रूपमा मुकुट पहिऱ्याइएको छ भन्ने कुरालाई प्रमाणित गर्छ:

> यसैकारण परमेश्वरको दाहिने बाहुलीपट्टि उहाँ उच्च पारिनुभयो, र पिताबाट पवित्र आत्माको प्रतिज्ञा पाउनुभयो, र उहाँले यो खन्याइदिनुभएको हो, जे तपाईंहरू देख्नु र सुन्नुहुन्छ। किनकि दाऊद त स्वर्गमा चढ़ेनन्, तर उनी आफैले भन्दछन्, 'परमप्रभुले मेरा प्रभुलाई भन्नुभयो, तिमी मेरो दाहिने हातपट्टि बस जबसम्म म तिम्रा शत्रुहरूलाई तिम्रा खुट्टाको पाउदान तुल्याउँदिनँ।' "त्यसैकारण इस्राएलको सारा परिवारले यो पक्का गरी जानोस्, कि येशू, जसलाई तपाईंहरूले क्रूसमा टाँग्नुभयो, परमेश्वरले उहाँलाई प्रभु र ख्रीष्ट बनाउनुभयो" (प्रे २:३३-३६)।

पावलले लेखे कि परमेश्वरले येशूलाई मृत्युबाट जीवित पार्नुभयो ...

> ... अनि स्वर्गीय स्थानहरूमा आफ्नै दाहिने बाहुलीपट्टि बसाल्नुभयो। सबै शासन, र अधिकार, र शक्ति र राज्यमाथि, र यस युगका मात्र होइन, तर आउने युगका पनि जति नाउँ छन्, ती सबैमाथि उहाँलाई राख्नुभयो, र परमेश्वरले *सबै कुरा* उहाँका पाउमुनि राखिदिनुभयो, र मण्डलीको निम्ति उहाँलाई नै *सबै कुराको* शिर बनाइदिनुभयो (एफि १:२०-२२; जोड दिइएको छ)।

ख्रीष्टलाई राजाको रूपमा मुकुट पहिऱ्याइँदा र उहाँको पिताको सह-शासकको रूपमा बिराजमान हुनुहुँदाको त्यो अवसर कति महिमित र महान थियो होला! धेरैले के विचार गर्छन् भने दानिएल ७ मा उल्लेख गरिएको अगमवक्ताले सपनामा देखेको दर्शनले येशूको

राज्यभिषेकलाई चित्रण गर्छ:

> राती मैले मेरो दर्शनमा हेरें, र त्यहाँ मेरो सामु आकाशका बादलका साथ आइरहनुभएको एक जना मानिसको पुत्रजस्तै हुनुहुन्थ्यो [येशू]। उहाँ ती अति प्राचीनकहाँ [परमेश्वर] आउनुभयो, र उहाँकै सामु उपस्थित गराइनुभयो। उहाँलाई [येशूलाई] अधिकार, महिमा र सार्वभौमिक शक्ति [मण्डली] दिइयो, र हरेक भाषा बोल्ने सबै मानिसहरू र जातिहरूले उहाँको आराधना गरे। उहाँको प्रभुत्व अनन्तसम्म रहने प्रभुत्व छ, जुनचाहिँ कहिल्यै टल्नेछैन, र उहाँको राज्य त्यो हो जुन कहिल्यै नष्ट हुनेछैन (दान ७:१३, १४)।

उहाँको पुनरुत्थान हुनुभन्दा पहिले, येशूले यस्तो दाबी गर्नुभएको थियो, "स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ" (मत्ती २८:१८)। सारा सृष्टिमा "एउटै प्रभु" हुनुहुन्छ (एफि ४:५), र त्यो येशू हुनुहुन्छ (प्रे २:३६; रोम १:४; १ कोर ८:५, ६; याकू २:१; यहू ४)। स्वर्ग आरोहणले हामीलाई यो महान सत्यताको बारेमा विश्वस्त दिलाउँछ।

चेलाहरूको तयारी

स्वर्ग आरोहण येशूको निम्ति आफ्नो संसारिक सेवकाइको सबैभन्दा उत्साहित दिन थियो भन्ने कुरा लगभग निश्चित छ। तैपनि, स्वर्ग आरोहण उहाँको फाइदाको लागि मात्र थिएन; चेलाहरूका लागि पनि यसको विशेष महत्त्व थियो। महान बिदाइ उपदेशमा, ख्रीष्टले तिनीहरूलाई भन्नुभएको थियो, "... म जानमा नै *तिमीहरूको* हित छ" (यूह १६:७क; जोड दिइएको छ)।

जिम्मेवारी हस्तान्तरण भयो

आफू तिनीहरूबाट जाने र तिनीहरूले उहाँको कामलाई निरन्तरता दिनुपर्नेबारे येशूले आफ्ना प्रेरितहरूलाई बताउनुभएको थियो। उहाँले तिनीहरूलाई भन्नुभयो, "... जसरी पिताले मलाई पठाउनुभयो, त्यसरी म पनि तिमीहरूलाई पठाउँदछु" (यूह २०:२१)। उहाँले तिनीहरूलाई यो पनि भन्नुभएको थियो, "तिमीहरू ... पृथ्वीको अन्तिम छेउसम्म *मेरा* साक्षी हुनेछौ" (प्रे १:८; जोड दिइएको छ)।

एकैछिनको लागि, आफैलाई प्रेरितहरूका स्थानमा राख्नुहोस्। आफू तिनीहरूका बीचबाट जानेछु भनी प्रभुले तिनीहरूलाई भन्नुभएको थियो, तर उहाँ कहिले वा कहाँ वा कसरी जानुहुनेछ भन्नेबारे तिनीहरूलाई थाहा थिएन। चालीस दिनको अवधिमा प्रत्येक पल्ट तिनीहरूले उहाँलाई भट्दा, तिनीहरूले शायद यो विचार गर्थे, "के समय यही हो? के ठाउँ यही हो?" तैपनि अन्त्यमा, उहाँ स्वर्ग जानुभएको दृश्यलाई तिनीहरूले सास नफेरी हेर्न पाए। जब उहाँ बादलभित्र हराएर जानुभयो, तब तिनीहरूकहाँ कुनै प्रश्न बाँकी थिएन। उहाँ *जानुभयो*, वास्तवमा नै जानुयो। यदि तिनीहरूका मनमा कुनै प्रश्न थिए भने, "सेतो पोशाक लाएका दुई जना मानिस" ती प्रश्नलाई हटाइदिए (प्रे १:१०, ११)। जिम्मेवारी अब तिनीहरूमा हस्तान्तरण गरिएको थियो, अर्थात्, तिनीहरूमा सरेको थियो।

म मनमनै यससम्बन्धी केही तुलनात्मक उदाहरणहरूलाई विचार गर्छु। एउटा प्रकृतिबाट आउँछ: एक दिन चरीले आफ्ना गुँडमा हुर्किएका बचेराहरूलाई गुँडबाट यसोभन्दै निकाल्छिन्, "अब तिमीहरू आफैले गरिखाने समय आएको छ!" येशूको स्वर्ग आरोहण, हो यस्तै थियो। अर्को उदाहरण मण्डलीबाट लिइएको छ: एउटा मिसनेरीले मण्डलीका विश्वासीहरूलाई यसो भन्छ, "मेरो घर फर्किने समय भयो; अब यस ठाउँमा

मण्डलीको काम अघि बढाउने जिम्मेवारी तपाईंहरूको हो!” येशूको स्वर्ग आरोहण यस्तै थियो।

आत्मा दिइयो

प्रेरितहरूमाथि ठूलो जिम्मेवारी सुम्पिएको कुरालाई मात्र पुनरुत्थानले घोषणा गरेन, तर त्यस जिम्मेवारीलाई पूरा गर्नका लागि तिनीहरूले पाउने ईश्वरीय सहायता प्राप्त गर्नका लागि आवश्यक शर्त पनि यही थियो। आफू जाने कुरा तिनीहरूका फाइदाको लागि हो भन्ने कुरालाई बताउनुभएपछि, येशूले तिनीहरूलाई त्यसको कारण पनि बताउनुभयो: “किनभने म गइनँ भने, सल्लाहकार तिमीहरूकहाँ आउनुहुनेछैन” (यूह १६:७ख)। उहाँले उल्लेख गर्नुभएको “सल्लाहकार” व्यक्ति पवित्र आत्मा हो। आफूले राज्य गर्न सुरु नगरुन्जेलसम्म उहाँले तिनीहरूमाथि पवित्र आत्मा पठाउन सक्नुहुन्नथ्यो, र परमेश्वरको दाहिने हाततर्फ नबसुन्जेलसम्म उहाँले राज्य गर्न सक्नुहुन्न थियो। उहाँले भन्नुभयो, “गएँ भने म उहाँलाई तिमीहरूकहाँ पठाइदिनेछु” (यूह १६:७ग), र “जब उहाँ, अर्थात् सत्यका आत्मा आउनुहुनेछ, तब उहाँले तिमीहरूलाई सबै सत्यतामा डोऱ्याउनुहुनेछ” (यूह १६:१३क)।

स्वर्ग आरोहण हुनुभन्दा ठीक पहिले, येशूले आफ्ना चेलाहरूलाई भन्नुभएको थियो, “हेर, म मेरा पिताको प्रतिज्ञा तिमीहरूकहाँ पठाउँछु, तर माथिबाट शक्ति प्राप्त नगरुञ्जेल तिमीहरू यही सहरमा बसिरहो” (लूक २४:४९)। तिनीहरूलाई भ्रम नहोस् भनेर उहाँले यो कुरा पनि थप्नुभयो, “तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ” (प्रे १:८क)। तिनीहरूले यरूशलेममा दश दिन पर्खिए, त्यसपछि पेन्तिकोस भनिने यहूदी चाडमा तिनीहरूमाथि पवित्र आत्मा शक्तिसहित आउनुभयो:

> जब पेन्तिकोसको दिन आयो, तिनीहरू सबै एकै ठाउँमा भेला भएका थिए। अनि स्वर्गबाट अचानक ठूलो बतासको झोक्काजस्तै एउटा आवाज आयो, र तिनीहरू बसेको पूरा घरै भरिदियो। आगोका जिब्राहरूजस्ता तिनीहरूकहाँ देखा परे, र भाग-भाग भएर तिनीहरू हरेकमाथि बसे। अनि तिनीहरू सबै जना पवित्र आत्माले भरिए, र पवित्र आत्माले तिनीहरूलाई दिनुभएको उच्चारणबमोजिम तिनीहरू अन्य भाषाहरूमा बोल्न लागे (प्रे २:१-४)।

यसभन्दा अघि नै उल्लेख गरेझैं, पत्रुसले त्यस दिनको आश्चर्यजनक प्रकटलाई, येशूले वास्तवमा नै राजाको रूपमा मुकुट पहिरिनुभएको छ भन्ने कुराको प्रमाणको रूपमा प्रयोग गरे: “यसैकारण परमेश्वरको दाहिने बाहुलीपट्टि उहाँ उच्च पारिनुभयो, र पिताबाट पवित्र आत्माको प्रतिज्ञा पाउनुभयो, र उहाँले यो खन्याइदिनुभएको हो, जे तपाईंहरू देख्नु र सुन्नुहुन्छ” (प्रे २:३३)। यो क्रमलाई ध्यान दिनुहोस्: येशूले पिताबाट पवित्र आत्माको प्रतिज्ञा प्राप्त गर्नुभयो र उहाँले प्रेरितहरूमाथि पवित्र आत्मा पठाउनुभयो।

यसरी प्रभुले प्रेरितहरूलाई दिइएको उक्त गहन जिम्मेवारी बहन गर्न तिनीहरूलाई तयार गर्नुभयो। पवित्र आत्माको अगुवाइमा, पत्रुसले सुसमाचारलाई यसको पूर्णतामा सबैभन्दा पहिलोपल्ट प्रचार गरे (प्रे २:१४-३६)। पवित्र आत्माको अगुवाइमा, पत्रुसले मानिसहरूलाई, तिनीहरूका पापबाट क्षमा प्राप्त गर्नका लागि तिनीहरूले के गर्नुपर्छ सो कुरा बताइदिए (प्रे २:३७, ३८)। तीन हजार मानिसहरूले विश्वास गरे, आज्ञा पालन गरे, अनि उद्धार पाए (प्रे २:४१, ४७)!

आज हामी, आत्माद्वारा प्रेरणाप्राप्त त्यही सुसमाचार सुन्छौं, आत्माद्वारा प्रेरणाप्राप्त त्यही सत्यतालाई विश्वास गर्छौं, आत्माद्वारा प्रेरणाप्राप्त तिनै आज्ञाहरूलाई पालन गर्छौं, र आत्माद्वारा प्रेरणाप्राप्त धर्मशास्त्रमा हामीले पढ्ने तिनै आशिषहरूलाई प्राप्त गर्छौं। येशूलाई "महिमामा लगियो" त्यसैको परिणामस्वरूप यी सबै कुरा सम्भव भयो।

निष्कर्ष

स्वर्ग आरोहणको बारेमा बताउन सकिने सबै कुरालाई हामीले समावेश गरेका छैनौं, तर पृथ्वीमा ख्रीष्टको जीवनको अन्तको चरम उत्कर्षलाई, हामीले बुझेर त्यसलाई महान रूपमा कदर गर्नका लागि यति नै पर्याप्त छ भन्ने विश्वास हाम्रो छ। येशू अहिले, परमेश्वरको दाहिने हातपट्टि बिराजमान भई आफ्नो राज्य, मण्डलीमाथि शासन गरिरहनुभएको छ र हाम्रोलागि मध्यस्थता गरिरहनुभएको छ। येशूको लागि र हाम्रो लागि अर्को चरम घटना, उहाँको दोस्रो आगमन हुनेछ। त्यसबेला विश्वासीहरूले उहाँलाई आकाशमा भेट्नेछन्। हामी हाम्रो अध्ययनको अन्त्यतिर आइपुगेका छौं, यसक्रममा हामीले यो प्रश्न गर्नैपर्छ: "के हामी उहाँको दोस्रो आगमनको लागि *तयार* छौं?"

सारांश अभिव्यक्तिहरू

ख्रीष्टको जीवनको बारेमा सारांश अभिव्यक्ति (यूह २०:३०, ३१; २१:२५)

यूहन्ना २०:३०, ३१

[३०]येशूले अरू धेरै चिन्हहरू चेलाहरूका सामुन्ने गर्नुभयो, जुनचाहिँ यस पुस्तकमा लेखिएका छैनन्। [३१]तर यी लेखिएका छन्, कि तिमीहरूले येशू परमेश्वरका पुत्र, ख्रीष्ट हुनुहुन्छ भनी विश्वास गर, र विश्वासद्वारा उहाँको नाउँमा तिमीहरूलाई जीवन प्राप्त होस्।

यूहन्ना २१:२५

[२५]येशूले अरू पनि धेरै काम गर्नुभयो। तीमध्ये प्रत्येकको बारेमा लेखिने हो भने, मलाई यस्तो लाग्छ, कि तिनका विषयमा लेखिएका पुस्तकहरू संसारैभरि पनि अटाउने थिएनन्।

ख्रीष्टले धेरै काम गर्नुभयो—र यी सबै काम उहाँले लगभग तीन वर्षको अवधिमा गरिसक्नुभयो (यूह २०:३०, ३१; २१:२५)। उहाँको मृत्यु हुँदा उहाँ तेत्तिस वर्षको मात्रै हुनुहुन्थ्यो, तर मानव जातिलाई उहाँले कति ठूलो प्रभाव पार्नुभएको छ! *द न्यारेटेड बाइबल इन क्रोनोलोजिकल अडर,* एफ. लागार्ड स्मीथ (F. LaGard Smith) ले सुसमाचारका पुस्तकहरूका खण्डलाई उनले यसो भनी समाप्त गरेका छन्,

> उहाँको जीवनबारे लेखिएका यी चार वटा संक्षिप्त पुस्तकहरूद्वारा समेत, येशूको कथालाई शताब्दीयौंदेखि प्रत्येक पुस्तामा संरक्षण गरिँदै आइएको छ, पृथ्वीका लगभग सबै भाषामा अनुवाद गरिएको छ, र करोडौं-करोड मानिसहरूले परमेश्वरलाई आज्ञाकारी विश्वासको प्रतिक्रियास्वरूप परमेश्वरको पुत्र येशू ख्रीष्टद्वारा विश्वास

गरेका छन्।[38]

मलाई अझै याद आउँछ, म तेत्तिस वर्षको हुँदा मैले यस्तो विचार गरेको थिएँ, "येशूको मृत्यु हुँदा उहाँ मेरै उमेरको हुनुहुन्थ्यो, तर उहाँले गर्नुभएका सबै कामहरू हेर। *मैले* त अहिलेसम्म के नै गरेको छु र?" हामीले हाम्रो जीवनलाई येशूको जीवन जस्तो थियो त्यस्तै बनाउन त सक्दैनौं, तैपनि हामीले उहाँको जीवनलाई अनुकरण गर्ने प्रयास गर्न *सक्छौं*।

त्यसपछिका घटनाहरूका बारेमा सारांश अभिव्यक्ति (मर्कू १६:२०; हेर्नुहोस्: लूक २४:५२, ५३; प्रे १:१२)

[२०]अनि ती चेलाहरूले गएर सबै ठाउँमा प्रचार गरे। प्रभुले तिनीहरूका साथमा काम गर्दैरहनुभयो, र चिन्हहरूद्वारा वचनलाई सुदृढ़ पार्नुभयो। आमेन।] [र तिनीहरूले तुरुन्तै यी निर्देशनहरूलाई पत्रुस र उनका सहकर्मीहरूलाई बताए। त्यसपछि तिनीहरूद्वारा उहाँले अनन्त मुक्तिको पवित्र र अविनाशी घोषणालाई पूर्वदेखि पश्चिमसम्म पठाउनुभयो।]

तिनीहरूले उहाँलाई उपासना गरे अनि "बड़ो आनन्दसाथ यरूशलेम फर्के। अनि तिनीहरू परमेश्वरको प्रशंसा गर्दै मन्दिरमा निरन्तर रहन लागे" (लूक २४:५२, ५३; हेर्नुहोस्: प्रे १:१२)। यसरी तिनीहरूले पवित्र आत्माको आगमन र राज्य/मण्डलीको स्थापनालाई पर्खे। प्रेरितको पुस्तकमा उल्लेख भएका घटनाहरू *भइसकेपछि* मर्कूसले आफ्नो पुस्तक लेखेका हुन्। प्रेरितहरूले त्यस महान आज्ञालाई अघि बढाएका र प्रभुले गर्नुभएका प्रतिज्ञाहरू पूरा भएको कुरा उनले देखे। उनले आफ्नो पुस्तकलाई यसरी समाप्त गरे, **अनि ती चेलाहरूले गएर सबै ठाउँमा प्रचार गरे। प्रभुले तिनीहरूका साथमा काम गर्दैरहनुभयो, र चिन्हहरूद्वारा वचनलाई सुदृढ़ पार्नुभयो** (मर्कू १६:२०)। आश्चर्यकर्महरूको एउटा उद्देश्य भनेको वचलाई पुष्टि गर्नु थियो (हिब्रू २:३, ४ हेर्नुहोस्)। एकपल्ट पुष्टि भइसकेपछि, वचनलाई पुन: पुष्टि गर्नु परेन। त्यसैले, आश्चर्यकर्मको यो आवश्यकता अब रहेन। "बाँकी कथा" को लागि प्रेरितको पुस्तक पढ्नुहोस्।

मर्कूसले दिएका सारांश अभिव्यक्तिसहित, ख्रीष्टको जीवन भन्ने हाम्रो यस अध्ययनको अन्त्यमा हामी आइपुगेका छौं—अर्थात्, यो संसारमा उहाँले जिउनुभएको जीवनको अन्त्य। उहाँ अझै स्वर्गमा बस्नुहुन्छ र हाम्रा निम्ति बिन्ती गरिदिनुहुन्छ (हिब्रू ७:२५), र उहाँ फेरि आउनुहुनेछ र हामीलाई आफूसँगै स्वर्गमा लैजानुहुनेछ भन्ने प्रतिज्ञा उहाँले दिनुभएको छ। यी सबैका लागि प्रभुलाई धन्यवाद (यूह १४:३; हेर्नुहोस्: प्रे १:११)। प्रभुको बारे तपाईंले गरिरहनुभएको अध्ययनलाई जारी राख्न, उहाँलाई अझै नजिकबाट चिन्नका लागि, यी दुई भागमा भएको पुस्तकले तपाईंलाई उत्साह दिएको होस् भन्ने हाम्रो प्रार्थना छ।

---

[38]एफ. लागार्ड स्मीथ (F. LaGard Smith), *द न्यारेटेड बाइबल इन क्रोनोलोजिकल अडर* (इउजेन, ओरेगन: हार्भेस्ट हाउस पब्लिसरस्, १९८४),१४८४।

परिशिष्ट १

थप अध्ययन

पन्तियस पिलातस र येशूको मृत्यु ५२५

मर्कूसको पुस्तकको विवादास्पद अन्त्य ५२९

पन्तियस पिलातस र येशूको मृत्यु

तपाईंले कहिल्यै ग्राटस (Gratus) को बारेमा सुन्नुभएको छ? के मार्सेलस (Marcellus) भन्ने नाम तपाईंको निम्ति परिचित छ? तपाईंले भन्नुहोला "यी दुई को थिए मलाई थाहा छैन!" के तपाईंले पिलातसको बारेमा सुन्नुभएको छ? अवश्य नै तपाईंले उनको बारेमा सुन्नुभएको छ। यो रोचक छ, किनभने पिलातसभन्दा पहिले यहूदियाको रोमी बडा-हाकिम ग्राटस थिए, र पिलातसभन्दा पछिका बडा-हाकिम मार्सेलस थिए—र यी दुवै पिलातसभन्दा असल बडा-हाकिमहरू थिए। हामी पिलातसलाई किन याद गर्छौं? किनभने एक पटक शुक्रबारको दिन *येशू* तिनको अघि उभिनुभयो।

हामीलाई पिलातसको बारेमा थाहा भएका धेरैजसो कुरा सुसमाचारका पुस्तकहरूबाट आउँछन् र उनले हाकिम पदमा काम गरेको विवरण फ्लेभियस जोसेफस नामका यहूदी इतिहासकारबाट थाहा हुन्छ।[1] तैपनि, उनका बारेमा अरू धर्मशास्त्रीय, ऐतिहासिक, र पुरातात्त्विक विवरण पनि छन्। यस अध्ययनले यी स्रोतहरू लगायत प्रभुको मृत्युको बारेमा उल्लेख गर्ने अन्य स्रोतहरूबाट जानकारी लिन्छ।

नयाँ करारका विवरणहरू

येशूलाई गरिएको रोमी परीक्षामा बाहेक (मत्ती २७; मर्कू १५; लूक २३; यूह १८; १९), नयाँ करारले रोमी बडा-हाकिम, पिलातसको बारेमा एक-दुई ठाउँ मात्रै उल्लेख गरेको छ। बप्तिस्मा-दिने यूहन्नाले आफ्नो सेवकाइलाई सुरु गर्दा तिनी नै बडा-हाकिम थिए (लूक ३:१)। "पिलातसले मारेर तिनीहरूको रगत बलि चढाइने जनावरको रगतमा मिसाएको" ग्यालिलीहरूबारे एउटा रिपोर्ट फैलियो (लूक १३:१)। शायद विद्रोहीहरूलाई दबाउने क्रममा उनले त्यसो गरेका थिए। येशूलाई मार्ने काममा सहभागि भएको भनी प्रेरितहरूको उपदेशमा पिलातसको बारेमा उल्लेख गरिएको पाइन्छ (प्रे ४:२७; १३:२८; हेर्नुहोस्: ३:१३)। येशूले "पन्तियस पिलातसको अगाडि असल गवाही दिनु[भयो]" भन्नेर पावलले उल्लेख गरेका छन् (१ तिमो ६:१३)।

जे. जी. भोस (J. G. Vos) ले नयाँ करारको यस्तो सारांश दिएका छन्: यसले "पिलातसलाई एक स्वार्थी र शंकालु, कठोर मन भएका रोमी, तर परम्परागत रोमी सम्मान, न्याय, र सत्यनिष्ठाको अभाव भएका व्यक्तिको रूपमा चित्रण गरेको छ। पिलातस, न्यायलाई कायम राख्ने होइन तर सम्झौतालाई बेचेर फाइदा लिने व्यक्ति थिए।"[2]

फ्लाभियस जोसेफस (Flavius Josephus) (इ.सं. ३७—इ.सं. ९३ पछि)

पिलातस बडा-हाकिमका रूपमा कार्यरत रहेको बेलाका तीन वटा घटनाहरूलाई जोसेफसले लेखेका छन्, र यी लेखहरूले यहूदीहरूसँग रहेको तिनको अस्थिर सम्बन्धलाई देखाउँछ। (१) पिलातसले यरूशलेममा सेना दल पठाउँदा, यहूदीहरूको व्यवस्था र रोमीहरूले यहूदामा पहिले जुन नियम पालन गर्थे त्यसको विपरित सम्राटको

---

[1]जोसेफस (Josephus) *एण्टिक्विटिज अफ द जिविस्* १८.२.२; १८.३.१-२; *वार्स् अफ द जिविस्* २.९.२-४।

[2]जे. जी. भोस (J. G. Vos), "पिलातस, पन्तियस," *द जन्डरभान पिक्चरियल इन्साइक्लोपेडिया अफ द बाइबल*, एड. मेर्रिल सी. टेन्नी (Merrill C. Tenney) (ग्राण्ड ज्यापिड्स्, मिचिगन: जोन्डरभान पब्लिसिङ हाउस, १९७५), ४:७९२।

तस्विरहरू प्रदर्शन गर्न लगाउँथे। यहूदीहरूसँगको संघर्षपछि, पिलातसले त्यस चिन्हलाई हटाए।[3] (२) यरूशलेम सहरमा पानीको नहर ल्याएर पिलातसले यहूदी शत्रुतालाई मिलाउने प्रयास गरे। तैपनि, यस परियोजनाको लागि मन्दिरको रकम प्रयोग गरिएको हो भन्ने कुरा पत्ता लाग्यो अनि हिंसात्मक प्रदर्शन भयो र विद्रोहीहरूलाई मारियो।[4] (कतिपयको विचारमा, लूक १३:१ को घटनाको पृष्ठभूमी यही थियो।) (३) उनका कार्यभारको दशौं तथा अन्तिम वर्षमा, पिलातसले सामरियाको सशस्त्र समूहलाई दबाउन सेना प्रयोग गरे। त्यस समूहले विद्रोह गरेको कुनै प्रमाण भेटिएन तैपनि यो समूहलाई एकाएक आक्रमण गरियो। भिडन्तको क्रममा धेरै मारिए, र भिडन्तमा बाँचेका धेरैजनालाई मृत्यु दण्ड दिइयो। सामरी अधिकारीहरूले पिलातसका मुख्य अधिकारी, अर्थात् सिरियाका बडा-हाकिम विरुद्ध विरोध गरे। त्यसपछि तिनले पिलातसलाई कार्यलयबाट बोलाए र रोममा अनुसन्धानको लागि पठाए।[5]

हाम्रो हालको अध्ययनको प्रसंगमा, सबैभन्दा रोचक कुरा भनेको जोसेफसका तथाकथित *टेस्टिमोनियम फ्लाभियम (Testimonium Flavianum)* (येशूको बारेमा उनको "गवाही") हुनसक्छ। इतिहासकार जोसेफसका शब्दहरूलाई पछि इसाईहरूले परिवर्तन गरेका हुन् भनेर कतिपयले विचार गर्छन्, तर भनाइको मुख्य कुरा जोसेफसद्वारा नै लेखिएको थियो भन्नेमा धेरैले विश्वास गर्छन्—जसमा यो वाक्य पनि समावेश छ: "... हामीमध्येका मुख्य-मुख्य व्यक्तिहरूका सुझावमा पिलातसले उनलाई क्रूसमा चढाउनका लागि दोषी ठहऱ्याएपछि, पहिले तिनलाई प्रेम गर्नेहरूले तिनलाई त्यागेनन्।"[6]

फिलो (Philo) (लगभग २० इ.पू. सताब्दी— लगभग इ.सं. ५० सताब्दी)

अलेक्जेण्ड्रियाका यहूदी दार्शनिक, फिलोले पिलातसलाई हरेक प्रकारका खराबीको दोष लगाएका थिए। यी धर्मशास्त्रीले अत्युक्ति गरेका हुन् भन्नेमा धेरैजसो विद्वानहरू सहमत हुन्छन्, तर बडा-हाकिमका बारेमा तिनले उल्लेख गरेका धेरैजसो चरित्र चित्रणहरू बाइबलीय र ऐतिहासिक विवरणहरूसँग मिल्दो छन्। फिलो (Philo) ले पिलातसको "भ्रष्टाचार, निर्लज्ज कार्यहरू, लुटपाट वा डकैतीपूर्ण व्यवहार [सम्पत्तिलाई जबर्जस्ति हडप्ने], मानिसहरूलाई अपमान गर्ने उनको बानी, उनका निर्दयी व्यवहार, र विनापरीक्षा र विनादोष मानिसहरूको हत्या गर्ने बानी, र उनको अत्यन्तै सोचनीय निर्दयीपना" का बारेमा लेखेका छन्।[7]

पिलातस र यहूदीहरूबीचको पराधिन तथा अनिश्चित सम्बन्धको बारेमा फिलोले एउटा घटनालाई उल्लेख गरेका छन्। बडा-हाकिमले यरूशलेममा रहेको आफ्नो वासस्थानको पर्खालमा, सम्राट समर्पित ढालहरू कुँदे। त्यसपछि क्रोधित यहूदी अगुवाहरूले विरोधको खबर तिबेरियसमा पठाए। अनि तिबेरियसले कैसरियामा रहेको अगस्टसको मन्दिरमा रहेको ढालहरूलाई हटाउने आदेश दिए।[8]

---

[3]जोसेफस (Josephus) *एण्टिक्विटिज़ अफ द जिविस्* १८.३.१; *वार्स अफ द जिविस्* २.९.२, ३।

[4]जोसेफस (Josephus) *वार्स अफ द जिविस्* २.९.४।

[5]जोसेफस (Josephus) *एण्टिक्विटिज़ अफ द जिविस्* १८.४.१, २।

[6]इबिड. (Ibid.), १८.३.३।

[7]फिलो (Philo) *लेगातियो एड गालियम* ३८।

[8]फिलो (Philo) *दि लेगासोन एड गालियम* २९९-३०५।

विविध ऐतिहासिक विवरणहरू

येशूलाई "निस्तार-चाडको अघिल्लो दिनमा" झुण्डयाइएको बारे *ताल्मूडले (Talmud)* उल्लेख गरेको छ[9] र (अपेक्षा गरिएजस्तै) यसले के कुरालाई जोड दिएको छ भने, उहाँलाई दोषी ठहराएको कामको निम्ति यहूदी अगुवाहरूलाई निर्दोश ठहराइएको छ।

टसिटस (Tacitus) नामका एक जना ल्याटिन इतिहासकारले इसाईहरूका बारेमा यो कुरा उल्लेख गरेका छन्: "तिनीहरूले आफ्ना नाम ख्रीष्टबाट पाएका हुन्। तिबेरियसमा शासन गर्ने पन्तियस पिलातसले सजाय सुनाई ख्रीष्टलाई मृत्यु दण्ड दिइएको हो।"[10] यस इतिहासकारले आफ्नो लेख इ.सं. ११५ र ११७ को बीचमा लेखेका थिए।

माराबार सेरापियन (Marabar Serapion) ले आफ्ना छोरालाई लेखेको एउटा सिरियाली भाषाको पत्रमा यशूको बारेमा यस्तो लेखिएको छ: "आफ्ना ज्ञानी राजालाई मृत्यु दण्ड दिएर यहूदीहरूलाई के फाइदा भयो र? त्यही घटनापछि तिनीहरूका राज्य विनाश गरियो। ... उक्त ज्ञानी राजा पूर्ण रूपले मरेका पनि होइनन्; उनले दिएका शिक्षाका माध्यमद्वारा तिनी जीवितै रहिरहेका छन्।"[11] यो स्रोतको मिति अनिश्चित छ, तैपनि यो इ.सं. ७३ को सुरुतिर लेखिएको हुनुपर्छ भन्ने अनुमान छ।

इ.सं. १९६१ मा पिलातसको प्रथम पुरातात्त्विक प्रमाण फेला पऱ्यो। पुरातत्वविदहरूले कैसरियाको रोमी नाटयाशालामा, एउटा शिलालेख फेला पारे, जसमा ल्याटिन भाषामा "पन्तियस पिलातस, यहूदियाको अधिकारी" भनी लेखिएको छ।[12] (परिशिष्ट २ मा "प्यालेष्टाइन दृश्यहरू" हेर्नुहोस्।)

पटिस्ट्रिक लेखकहरू (Patristic Writers)[13]

ओरिजेन लगायत विभिन्न प्रारम्भिक इसाई लेखकहरूले पिलातसका बारेमा उल्लेख गरेका छन्। येशूको परीक्षाको बारेमा आधिकारिक रोमी अदालतले विवरण राखेका थिए भन्ने कुरा शहीद, जस्टिन र टेर्टुलियनले उल्लेख गरेका छन्,[14] तर तिनीहरूले यो विवरणलाई वास्तवमा नै देखेका थिए कि थिएनन् त्यसबारेमा स्पष्ट छैन।

हामीमध्ये धेरैका लागि पिलातसको अन्तिम दिनहरू एउटा रुचिको विषय हो। बडा-हाकिमलाई रोममा फिर्ता बोलाइयो (यस अध्ययनमा "फ्लाभियस जोसेफस [Flavius Josephus]" अन्तर्गत उल्लेख गरिए अनुसार) तर तिनी टासिटसको (Tacitus) मृत्युभएपछि मात्र त्यहाँ पुगे। त्यसपछि के भयो भन्ने विषयमा हामीसँग कुनै ऐतिहासिक प्रमाण छैन, तर तिनको परीक्षापछि तिनले आत्महत्या गरेको भनी फैलेको कुरालाई

---

[9] *मिश्ना*, सानहेड्रिन (*Mishna*, Sanhedrin) ४३क।

[10] टासिटस (Tacitus) *अन्नालस्* १५.४४।

[11] ब्रूस कोर्ली (Bruce Corley) मा उद्धृत, "ट्रायल अफ जिजस्," *डिक्सनरी अफ जिजस् एण्ड द गोस्पलस्*, एड. जोएल बी. ग्रीन (Joel B. Green) एण्ड स्कट म्याकनाइट (Scot McKnight) (डाउनर्स ग्रोभ, Ill.: इन्टर-भार्सिटि प्रेस, १९९२), ८४२।

[12] जोन म्याकरे (John McRay), *आर्कियोलोजी एण्ड द न्यू टेस्टामेन्ट* (ग्राण्ड ऱ्यापिडस्, मिचिगन बेकर बुक हाउस, १९९१), २०३-४।

[13] "पटिस्ट्रिक" ("Patristic") शब्दले दोस्रो शताब्दीदेखि लगभग चौथो शताब्दीसम्मका इसाई मण्डलीका अनुत्पेरित लेखकहरू तथा अगुवाहरूलाई जनाउँछ।

[14] जस्टिन मार्टर (Justin Martyr) *एपोलोजी* १.३५; १.४८; टेर्टुलियन (Tertullian) *एपोलोजी* ५.२; २१.२४।

इसेबियसले (Eusebius) उल्लेख गरेका छन्।[15] उनलाई (इ.सं. ३७-४१) गउल (हाल फ्रान्स) भेन्न्या आलोब्रोगन गाइयस (Gaius) प्रान्तमा निर्वासन गरियो र उनले त्यहीं आत्महत्या गरे भनेर पछिका परम्पराले बताउँछ। इसेबियसले (Eusebius) बडा-हाकिमको मृत्युलाई ईश्वरीय न्यायको रूपमा उल्लेख गरेका छन्।[16]

---

[15]इसेबियस (Eusebius) *एक्लेजियस्टिकल हिस्ट्री* २.७।

[16]इबिड. (Ibid.)।

मर्कूसको पुस्तकको विवादास्पद अन्त्य

मर्कूस १६ को अन्त्यको बारेमा केही प्रश्नहरू छन्—विशेष गरी, ९ पददेखि २० पदसम्म। किङ्ग जेम्स् संस्करण (KJV) र न्यू किङ्ग जेम्स् संस्करण (NKJV) (जुन बहुसंख्यामा आधारित छ) ले यी पदहरूलाई धर्मशास्त्रको भागको रूपमा यथावत राखेका छन्। तैपनि, धेरैजसो (वेस्टकोट-हर्ट र सम्बन्धित अन्यका आधारमा रहेका) आधुनिक अनुवादहरूले सूचित गरे अनुसार यसमा समस्या रहेको छ। उदाहरणको लागि, न्यू अमेरिकन स्टयाण्डर्ड बाइबल (NASB) (यो टिप्पणीमा प्रयोग गरिएको मुख्य बाइबल) मा मर्कूस १६:९-२० पदलाई कोष्ठकमा राखिएको छ र यसपछि "संक्षिप्त समाप्ती" भनिने भाग समावेश गरिएको छ। न्यू अमेरिकन स्टयाण्डर्ड बाइबल (NASB) को केही संस्करणमा ९ पददेखि २० पदसम्म यो केन्द्रिय-स्तम्भ नोट राखिएको छ: "केही पुराना हस्तलिपिहरूमा ९-२० पद समावेश छैन।" यसमा "संक्षिप्त समाप्ती" मा केन्द्रिय-स्तम्भ नोट छ: "पछिल्ला केही [हस्तलिपिहरू] र [संस्करणहरू] मा यो अनुच्छेद समावेश छ।"

यो समस्याको बारेमा बताइनुपर्ने पहिलो कुरा भनेको संभवत: के हो भने, प्रचार गर्न तथा शिक्षा दिनको लागि शायद यो प्रमुख समस्या हुनेछैन। नयाँ करारको अरू ठाउँमा समानता नपाइने कुनै पनि आधारभूत सिद्धान्त मर्कूस १६:९-२० सम्म समावेश छैन। यदि कसैले मर्कूस १६ को समाप्तीलाई चुनौतीको रूपमा देखाउँछ भने, सिकाइदै गरिएको विषयमा सम्बन्धित अन्य खण्डलाई विकल्पको रूपमा प्रयोग गर्न सकिन्छ।

यसको साथै, वास्तविक अभ्यासमा, मर्कूस १६:९-२० को विशुद्धताको कुरा कुनै पनि गम्भीर बाइबलीय छलफलमा संलग्न हुने सम्भावना कम छ। मैले प्रचार गरेको पचास वर्षभन्दा बढी समय भयो र यस खण्डको प्रामाणीकताको बारेमा प्रतिरक्षा गर्नु परेको घटना मलाई याद छैन। विश्वासद्वारा उद्धार पाइन्छ भन्ने शिक्षा दिनेहरू वा आज पनि हामीसँग आश्चर्यकर्मको शक्ति छ भनेर शिक्षा दिनेहरूसँग अध्ययन गर्दा मात्र यी पदहरूका विषयमा बहस चल्ने सम्भावना धेरै हुन्छ। यी दुई समूहका कुनै पनि त्यस्ता मानिसहरूलाई मैले भेटेको छैन जसले मर्कूस १६:९-२० परमेश्वरको प्रेरणा-प्राप्त धर्मशास्त्रको भागको रूपमा विश्वास गर्दैनन्।

तैपनि, सेवकाइमा यसबारे प्रश्न *उठ्नसक्छ*, त्यसैले केही टिपोट गर्न आवश्यक छ। मर्कूसको पुस्तकको समाप्तीको बारेमा म मेरो छलफललाई चार वटा सम्भावनाहरूमा सीमित गर्छु।

सम्भावना #१: मर्कूसले आफ्नो प्रेरणाप्राप्त विवरणलाई ८ पदमा समाप्त गरेका हुन्। यो हुने सम्भावना एकदमै कम रहेको देखिन्छ। १६ अध्यायलाई खास पाठकहरूका दृष्टिकोणबाट पढ्नुहोस्, र ८ पदमा रोकिनुहोस्। विवरण पूरा भएको जस्तो देखिन्छ? यसलाई पढ्दा *केही* थप्नु पर्ने आवश्यकता रहेको जस्तो देखिन्छ। यस विषयमा लेखिएको निबन्दमा, थोमस इ. बुमरसाइन (Thomas E. Boomershine) ले के टिपोट गरेका छन् भने, मर्कूसले आफ्ना पुस्तक लेख्ने क्रममा सामान्यतया "भविष्यवाणी र त्यसको पूर्णता" शैली अपनाएका छन्, र पद आठमा रोकिएमा यसले "[मर्कूसको पुस्तकको] पाठकलाई

निराश पारेर छोड्छ।”[1]

सम्भावना #२: मर्कूसको पुस्तकको मूल समाप्ती एक वा त्यसभन्दा बढी प्रारम्भिक हस्तलिपिबाट हराएको थियो, र यसको अन्त्य कस्तो हुनुपर्छ भन्ने बारेमा हामीलाई थाहा छैन। उल्लेख गरिएको भनाइको पहिलो भाग एउटा फरक सम्भावना हो। मर्कूसको पुस्तकको बेह्रिएको चम्रपत्रीय वा पाण्डुलिपि (पुस्तक) को रूपमा रहेको हस्तलिपिको अन्तिम पृष्ठ कसरी च्यातियो अथवा हरायो भन्ने अनुमान गर्न त्यति गाह्रो छैन। (मेरो पुस्तकालयमा धेरै पुस्तकहरू छन् जसका केही पृष्ठहरू हराएका छन्।) दुई वटा सबैभन्दा पुरानो “पूर्ण” (चौथो शताब्दीको) हस्तलिपिमा यो समाप्ती किन छैन त्यसलाई वर्णन गर्ने सबैभन्दा तार्किक व्याख्या यही हुनसक्छ। तैपनि, यसको समाप्ती पृष्ठ हराएको हो र यसको बारेमा जान्न सकिन्न भन्ने सुझाव, एउटा व्यवहारिक विकल्प होइन। परमेश्वरले आफ्नो प्रेरणाप्राप्त वचनलाई सुरक्षित गर्नुहुन्छ र नष्ट हुनबाट बचाउनुहुन्छ भन्ने कुरामा म विश्वास गर्छु (१ पत्र १:२३-२५ हेर्नुहोस्)।

सम्भावना #३: यो तथाकथित “संक्षिप्त समाप्ती” नै मर्कूसको पुस्तकको पवित्र आत्माद्वारा प्रेरणाप्राप्त समाप्ती हो। यसमा यस्तो लेखिएको छ:

> र तिनीहरू [स्त्रीहरू] ले तुरुन्तै यी निर्देशनहरूलाई पत्रुस र उनका सहकर्मीहरूलाई बताए। त्यसपछि तिनीहरूद्वारा येशू आफैले अनन्त मुक्तिको पवित्र र अविनाशी घोषणालाई पूर्वदेखि पश्चिमसम्म पठाउनुभयो।

केही पछिल्ल हस्तलिपि र संस्करणहरूमा यो समाप्ती पाइन्छ, तर ज्याक पी. लिविस (Jack P. Lewis) ले यस्तो टिपोट गरेका छन्, “संक्षिप्त समाप्तीको लागि सहयोग यति थोरै भयो कि, मर्कूसले नै यो समाप्ती लेखेका हुन् भनेर कुनै पनि विद्वानले ठोकुवा गरी भन्न सक्दैनन्।”[2] सी. मिलो कोन्निक (C. Milo Connick) को विचारमा “साधरण पाठकले पनि यो भन्न सक्छ, यो शैली र शब्दचयन मर्कूसबाट आएको होइन।”[3] यस समाप्तीको हरेक कुराले के कुरालाई सूचित गर्छ भने, ८ पदमा समाप्त भएको हस्तलिपिलाई प्रति बनाउने क्रममा कुनै असन्तुष्ट शास्त्रीले यो समाप्तीलाई “आफ्नै हिसाबले थापेका” हुन्।

सम्भावना #४: मर्कूस १६:९-२० पुस्तकको मुख्य समाप्ती हो। त्यसै गरी, यो परमेश्वरको प्रेरणाबाट भएको हो, र यो “सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ” (२ तिमो ३:१६)। ख्रीष्टको जीवन विषायक हाम्रो अध्ययनको टिप्पणी र प्रयोगमा यी पदलाई समावेश गरेर मैले यो सम्भावना सम्बन्धी मेरो विचारलाई पहिले नै उल्लेख गरिसकेको छु।

यस विषयमा व्यक्तिले आफै निर्णय गर्नुपर्छ। पहिले सूचित गरेझैं, नयाँ करारको अरू ठाउँमा पाइने कुनै पनि अत्यावश्यक सिद्धान्त मर्कूस १६:९-२० मा छैन, त्यसकारण हामी

---

[1]थोमस इ. बुमरसाइन (Thomas E. Boomershine), “मार्क १६:८ एण्ड एपोस्टोलिक कमिसन,” *जर्नल अफ बिब्लिकल लिट्रेचर* १०० (जुन १९८१): २२५-३९। ज्याक पी. लिविस (Jack P. Lewis) मा उद्धृत, “द इन्डिङ अफ मार्क,” मा समावेश गरिएको छ, *हार्डिङ युनिभर्सिटि लिट्रेचरस्* (१९८८), ६००।

[2]लिविस (Lewis), ५९८।

[3]सी. मिलो कोन्निक (C. Milo Connick), *येशू: द म्यान, द मिसन, एण्ड द म्यासेज,* २ एड. (एन्जल-वुड क्लिफ्स्, एन.जे.: प्रेन्टाइस्-हल, १९७४), ४०५।

यस विषयमा सहमत हुनैपर्छ भन्ने छैन। धेरैजसो परम्परावदी विद्वानहरू, यस प्रश्नलाई समाधान नगरिएको रहस्यकै रूपमा छाड्न रुचाउँछन्।[4]

हामीले ध्यान दिनुपर्ने केही विचारहरू यसप्रकार छन्। तथाकथित "लामो समाप्ती" (मर्कू १६:९-२०) अलिक पुरानो हो भन्ने कुरामा विद्वानहरू सहमत छन्। जोन फ्र्याङ्कलिन कार्टर (John Franklin Carter) ले लेखेका छन्,

> ... मुख्य दुई हस्तलिपिहरू (जसमा यो समाप्ती छैन) जत्तिकै पुराना अरू हस्तलिपिहरूमा र ग्रीक भाषा नबोल्ने मानिसहरूका भाषामा अनुवाद गरिएका नयाँ करारका पुस्तकहरूमा यो खण्ड समावेश छ तर खण्डमा प्रयोग वाक्यहरूमा भिन्नता छ। यसको एउटा भाग इरानियस (Irenaeus) द्वारा उदृढ गरिएको छ र मर्कूसको लेखको रूपमा उल्लेख गरिएको छ। इरानियस इ.सं. १३०-२०० तिरका एक इसाई लेखक हुन्। माथि उल्लेख गरिएको नयाँ करारको सबैभन्दा पुराना प्रतिहरू बनाइएको लगभग १५० वर्षभन्दा पहिले उनले आफ्ना लेखहरू लेखेका हुन्।[5]

"सबैभन्दा पुराना अनुवादहरू" का बारेमा आर. सी. फोस्टर (R. C. Foster) ले लेखेका छन्,

> सबैभन्दा महत्त्वपूर्ण कुरा के हो भने, विभिन्न संस्करणहरू [अन्य भाषामा अनुवाद गरिएका सुसमाचारका पुस्तकहरू] बाट प्राप्त प्रमाण, सर्वसम्मत रूपमा, यो भाग पुस्तकको खण्ड नै हो भन्ने कुराको पक्षमा छ।... हामीसँग भएका कुनैपनि हस्तलिपिभन्दा धेरै पुराना ग्रीक हस्तलिपिहरू[,] उपलब्ध हुँदा नै, धेरै पहिले यी संस्करणहरूलाई तयार गरिएका थिए।[6]

"लामो समाप्ती" को विषयमा धेरै खण्डनहरूलाई अघि सार्न सकिन्छ,[7] तर यीमध्ये कुनै पनि खण्डन निर्णायत्मक हुँदैनन्। उदाहरणको लागि, एउटा विरोध के राखिँदै आइएको छ भने, मर्कूस १६:९-२० मा समावेश सत्र शब्द, पुस्तकको अरू कुनै भागमा पाइँदैन। यस खण्डनको बारेमा, फोस्टर (Foster) ले लेखेका छन्,

> ब्रोडस (Broadus) ले मर्कूसको कहिल्यै प्रश्न नगरिएको अघिल्ला बाह्र पदलाई लिएर तुलना गरे अनि, पुस्तकका अरू कुनै भागमा नरहेका सत्र वटा शब्दहरू फेला पारे। म्याकगर्भे (McGarvey) ले लूकाको अन्तिम बाह्र पदहरूलाई लिए—जसको बारेमा कुनै प्रश्न गरिएको छैन—र उनले त्यसमा नौ वटा नयाँ शब्द फेला पारे।[8]

---

[4]लिविस (Lewis), ५९७-६०३।

[5]जोन फ्र्याङ्कलिन कार्टर (John Franklin Carter), *अ लेम्यान्स हार्मनी अफ द गोस्पल* (न्यासभेल: ब्रोड- म्यान प्रेस, १९६१), ३४७।

[6]आर. सी. फोस्टर (R. C. Foster), *स्टडिज् इन् द लाइफ अफ क्राइष्ट* (ग्राण्ड ऱ्यापिडस्, मिचिगन: बेकर बुक हाउस, १९७१), १३५८।

[7]सबैभन्दा पुराना दुई वटा पूर्ण हस्तलिपिहरूमा यो समाप्ती नपाइएको तथ्य बाहेक, धेरैजसो महत्त्वपूर्ण प्रारम्भिक इसाई लेखकहरूलाई यसको बारेमा थाहा थिएन। यदि एक वा दुई प्रारम्भिक हस्तलिपिबाट मुख्य समाप्तीको पृष्ठ हराएको थियो भने, किन कतिपय लेखकहरूलाई यो थाहा थिएन भन्ने कुरालाई यो तथ्यले व्याख्या गर्छ।

[8]फोस्टर (Foster), १३५८।

कार्टरबाट (Carter) लिइएको उद्धरणसँगै यो अध्ययनलाई समाप्त गरिनेछ:

म सम्पूर्ण कठिनाइहरूलाई पहिचान् गर्छु ...; तर नयाँ करारको प्रारम्भिक दिनहरूदेखि नै पवित्र आत्माले यसलाई इसाई बाइबलमा समावेश गर्न अनुमति दिनुभयो, त्यसकारण [यो मूल समाप्ती हो भने पनि अथवा होइन भने पनि], मर्कूस आफैले पछि आफ्नो मूल लेखमा थपेका भए पनि अथवा प्रेरितीय युगमा कसैले यो थपेको भए पनि हामीले यसलाई पवित्र आत्माद्वारा प्रेरणाप्राप्त र प्रामाणिक वचनको भागको रूपमा स्वीकार गर्नुपर्छ भन्ने मलाई लाग्छ।... जसरी पवित्र आत्माले यसको बाँकी भागलाई लेख्न प्रेरणा दिनुभयो निश्चय नै उहाँले यो थप भाग लेख्न पनि त्यसरी नै प्रेरणा दिनुभएको हो [यदि यो त्यही थियो भने]।[७]

[७]कार्टर (Carter), ३४७। पुरानो करारमा अपरिचित तर पवित्र आत्माद्वारा प्रेरणाप्राप्त लेखकले पुस्तकमा थपेको बारे व्यवस्थाको समाप्ती हेर्नुहोस्। यसले पुस्तकको मुख्य लेखक मोशाको मृत्युको बारेमा बताउँछ (विशेष गरी ध्यान दिनुहोस्: व्य ३४:५, ६)। प्रेरणाद्वारा मोशा आफैले आफ्नो मृत्युको बारेमा लेखेका हुनसक्छन्, तर अझै सम्भावित कुरो के हुनसक्छ भने अर्का प्रेरणाप्राप्त लेखकले (यहोशूले हुनसक्छ) अन्तिम हरफहरूलाई थपे।

परिशिष्ट २

चार्ट, मानचित्र, र पुरातत्व

मन्दिर ५३४

चिहानमा तीन दिन र तीन रात ५३५

यरूशलेम सहर ५३६

ख्रीष्टको जीवनकालमा प्यालेष्टाइन ५३७

प्यालेष्टाइनका दृश्यहरू ५३८


अन्टोनियाको
महल
अन्यजातिको
चोक
पूजाहारी
चोक
इस्रायलको
चोक
होम-वेदी
सुन्दर ढोका
स्त्रीहरूको
चोक
महा
पवित्र-स्थान
पवित्र-स्थान
सोलोमनको
चोक

मन्दिर

चीहानमा तीन दिन र तीन रात



यरूशलेम शहर (र जीवनको अन्तिम घडिमा येशूले यात्रा गर्नुभएको प्रस्तावित मार्गहरू)



चिन्ह

- किद्रोन उपत्यका
- पुल/ढोका
- गेतसमनीको बगैंचामा, जैतून डाँडाको फेदमा रहेका रूखहरू
- जमिनको उठेका भागहरू
- सहरको उच्च सतहमा चढ्ने खुड्किला
- येशूको पालामा यरूशलेमको पर्खाल
- पुरानो यरूशलेमको पर्खाल आज

परीक्षाको अवधीमा येशूले यात्रा गर्नुभएको मार्गहरू:

(१) माथिल्लो तलाको कोठामा
(२) गेतसमनीको बगैंचामा
(३) हन्नास र कैयाफाको घरमा
(४) महासभाकहाँ
(५) पिलातसकहाँ
(६) हेरोदकहाँ, पिलातसकहाँ फिर्ता र अन्त्यमा गलगथा


ख्रीष्टको
जीवनकालमा
प्यालेष्टाइन
सीदोन
फिनिके
टुरोस
हर्मोन पर्वत
कैसरिया
गालील
बाशान
जिल्ला
कफर्नहुम
कार्नेइ हित्तिन
गालीलको समुन्द्र
तबोर पर्वत
डेकापोलिस
सामरिया
यर्दन नदी
भू-मध्य सागर
अरिमाथिया?
परिया
(यर्दन पारि)
इफ्राइम?
यरीहो
इम्माउस?
जैतून डाँडा
यरूशलेम
बेथफागे
बेथनीया
यहूदिया
मृत
सागर
माइल ० १० २०
कि मि ० १० २० ३०

प्यालेष्टाइनका दृश्यहरू

यरूशलेम—यहाँ देखाइएको चित्र मन्दिर हताको पश्चिम पर्खाल हो। मन्दिरको वरिपरि हेरोदले बनाएको पर्खाललाई कायम राख्ने यी ढुङ्गाहरू, जगको भाग थिए। रोमीहरूले इ.सं. ७० मा नष्ट नगरेको मन्दिरको एउटै भाग यही हो। पृष्ठभूमिमा देखिने, ढुङ्गाको गुम्बद (dome of the Rock) नामको मस्जिद हो। पहिले विशाल मन्दिर अवस्थित रहेको स्थानमा यो मस्जिद रहेको छ।

यरूशलेम सहरको नमूना—हालको यरूशलेममा देखाइएको यो नमूनाले, येशूको पालामा यो सहर कस्तो थियो त्यसको स्वरूप देखाउँछ। अन्टोनियाको महल र हेरोदको मन्दिरलाई यसको पछाडिको भागमा पहिचान गर्न सकिन्छ।

पश्चिम पर्खाल—यहूदीहरू अझै यो पर्खालमा प्रार्थना गर्न र मन्दिरको विनाशको निम्ति शोक गर्न भेला हुन्छन्। प्रत्येक ढुङ्गाको आकारलाई ध्यान दिनुहोस्। यो हेरोदको असल वास्तुकला-सीपको प्रमाण हो।

गेतसमनीको बगैंचा—यरूशलेमको पूर्वपट्टि, किद्रोन उपत्यका पारि, जैतून डाँडामा अवस्थित यो ठाउँ, प्रार्थना गर्न र आफ्ना चेलाहरूसँग शान्त समय बिताउनका लागि येशूलाई मन पर्ने स्थान थियो (यूहन्ना १८:१, २)। पहाडी क्षेत्रमा रहेको जैतूनघारिलाई पार गरेपछि यो बगैंचा पुगिन्थ्यो भन्ने कुराको संकेत मत्ती २६:३०, ३६ र मर्कूस १४:२६, ३२ ले दिन्छ (जे. सी. डियोङ्ग [J. C. DeYoung], "गेतसमनी," द जोण्डरभान पिक्चरियल इन्साइक्लोपेडिया अफ द बाइबल, एड. मेर्रिल सी. टेन्नी [Merrill C. Tenney] [ग्राण्ड र्‍यापिड्स्, मिचिगन: जोन्डरभान पब्लिसिङ हाउस, १९७५], २:७०६।

"गोर्डोनको कलवरी"— सन् १८८५ मा चार्लस् गोर्डनले यसलाई ख्रीष्टलाई क्रूसमा टाँगिएको सम्भावित स्थानको रूपमा पहिचान गरेका थिए, यरूशलेमको उत्तरतर्फ रहेको यो स्थानलाई खपरे डाँडा भनी चिनिन्छ। पुरानो करारमा थुमालाई बली चढाइएजस्तै येशूलाई वेदीको उत्तरतर्फ मारिएको हुनसक्ने तर्क गोर्डोनको छ (लेवी १:११)। परम्परागत स्थान (जहाँ चर्च अफ द होली सेपल्कर अवस्थित छ) येशूको पालामा रहेको सहरको पर्खाल बाहिर अवस्थित थियो भन्ने कुरा उनलाई थाहा थिएन, आर्कियोलोजी एण्ड द न्यू टेस्टामेन्ट [ग्राण्ड र्‍यापिडस्, मिचिगन: बेकर बुक हाउस, १९९१], २११-१२)।

"पिलातस"—यो ढुङ्गा कैसरियामा रहेको रोमी नाट्यशालामा भेट्टाइएको हो, र यसमा ल्याटिन भाषामा लेखिएको शिलालेख पाइन्छ जसमा, "पन्तियस पिलातस, यहूदियाको अधिकारी" भनी लेखिएको छ। यसरी पत्ता लागेका पुरातात्विक वस्तुहरूले बाइबलको ऐतिहासिक सटीकतालाई प्रकट गर्छ।



"ढुङ्गाले छापिएको जमिन"—यो कुनैबेला अन्टोनियाको महलको भाग रहेको हुनसक्ने सम्भावना धेरै छ। ख्रीष्टले आफ्नो क्रूसको यात्रा गर्नुभएको यात्रा, अर्थात् भिया डोलोरोजा यात्राको सुरुवात यसै ठाउँबाट गर्नुभएको थियो भन्ने मानिन्छ। यो हेरोदीहरूको क्षेत्र थियो भनेर कतिपयले विश्वास गर्छन्।

प्रेरित अध्यायहरू १ र २

डेभिड एल. रोपर

येशूको स्वर्गारोहण पछि, उहाँको मण्डलीको स्थापना

सुसमाचारमा प्रस्तुत ख्रीष्टको जीवन बारेमा पढिरहेको नयाँ विश्वासीमा येशुको मृत्यु, दफन, र पुनरुत्थानपछि के हुन्छ भनेर कुतूहल हुन सक्छ। उहाँले आफ्नो पुनरुत्थान भएको अविनाशी शरीर प्राप्त गर्नुभएपछि र उहाँ स्वर्गमा उचालिनुभएपछि, चार वटा सुसमाचारले येशुको पार्थिव जीवन पश्चात् एक जना सहायक (पवित्र आत्मा) आउनुहुनेछ भनेर सिकाउँछ। प्रेरितको पुस्तक को पहिलो दुई अध्यायहरूले प्रतिज्ञा त्यसको परिपूर्तिलाई अभिलेख गर्छन्। प्रेरित १:१-३ ले यो कुरा अभिलेख गर्छ:

> प्रिय थियोफिलस, येशूले गर्न र सिकाउन थाल्नुभएका सबै कुराका विषयमा मेरो पहिलो पुस्तकमा मैले लेखेको छु। आफैले छान्नुभएका प्रेरितहरूलाई येशूले पवित्र आत्माद्वारा आज्ञा दिनुभएपछि उहाँ स्वर्गमा उचाली लगिनुभएको दिनसम्मका सबै कुरा त्यस पुस्तकमा लेखिएका छन्। आफ्नो दु:ख-भोगपछि धेरै अकाट्य प्रमाणद्वारा तिनीहरूका सम्मुख उहाँले आफैलाई जीवित प्रस्तुत गर्नुभयो। चालीस दिनसम्म उहाँ तिनीहरूकहाँ देखा पर्नुभयो अनि परमेश्वरका राज्यको विषयमा तिनीहरूलाई बताउनुभयो।

प्रेरित अध्याय १ र २ का घटनाहरू मण्डलीको इतिहासको लागि एकदमै महत्त्वपूर्ण छन्। यी अध्यायहरू पहिलो शताब्दीको मण्डली इतिहासको सुविस्तृत अभिलेख होइनन्। तर, त्यहाँ अभिलेख गरिएका घटनाहरू र येशुको पार्थिव जीवनको बारेमा धेरै शताब्दीअघि नै अगमवक्ताहरूद्वारा अगमवाणी गरिएको थियो। इस्राएलीहरू तिनीहरूका महान् राजा, दाऊदको वंशबाट आउने एक जनाबाट इस्राएल राज्यको पुनर्स्थापना हुनेछ भन्ने अपेक्षा गरिरहेका थिए। येशुको समयका अधिकांश मानिसहरूले यो अगमवाणी नासरतको येशुमा परिपूर्ति हुनेछ भन्ने बुझेका थिएनन्; तर त्यो राज्य त त्यो हो जो कहिल्यै मर्दैन; यो मण्डली स्थापना गरेर भयो। तिनीहरूले उहाँजस्तो सामान्य व्यक्ति, अगमवाणी गरिएका र आफूले प्रतीक्षा गरिरहेको राजा हुनुहुन्छ भनेर पत्याएनन्। आफ्नो महान् राज्य स्थापना गर्न आउनुभएको येशु नै यहूदीहरूले एकदमसँग प्रतीक्षा गरेको मसिहा हुनुहुन्छ, जसलाई तिनीहरूले मारे भनेर थाहा पाउँदा ती यहूदीहरू कति छक्क परे होला भनेर के तपाईं कल्पना गर्न सक्नुहुन्छ? यद्दपि, ती यहूदीहरूमध्ये धेरैले केही हप्तापछि येशुमा विश्वास गर्ने र उहाँको नाउँमा बप्तिस्मा लिने थिए।

तल दिइका पाठहरूमा प्रेरित पुस्तकको यी नै दुई अध्यायहरूको विस्तृत टिप्पणीहरू रहेका छन्। यस अध्ययनलाई यहाँ यही कारणले राखिएको छ कि येशुको पार्थिव सेवाकाइ पछिका दिनहरू र हप्ताहरूका बारेमा तपाईंको बुझाइलाई अरू फराकिलो बनाउन तपाईंले निरन्तरता दिन सक्नुभएको होस्। हामी आशा गर्छौं कि यी पढाइले तपाईंलाई प्रोत्साहित गर्ने छ र साथै, कसरी प्रारम्भिक मण्डली सुरु भयो र

आजसम्म पनि संसारभरि कसरी अगि बढिरहेको छ भन्ने कुरा सिकाउने छ।

येशुको चेलाहरूसँग येशुका शिक्षाअनुसार जिउने अनि गएर येशु फेरि नआउनुभएसम्म हरेक जाति, भाषी र पुस्ता जसले सुन्छन्, तिनीहरूलाई उहाँको राज्य-मण्डलीको बारेमा खुसीको खबर सुनाउने सक्रिय जिम्मेवारी छ। आफ्ना चेलाहरूलाई येशुले दिनुभएका आज्ञा आजको उहाँका चेलाहरूमा पनि जारी छ। "यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ ..." (मत्ती २८:१९, २०) ।

प्रेरित अध्याय १

पतीक्षाको अवधि

परिचयात्मक अभिव्यक्ति (१:१, २)

[१]प्रिय थियोफिलस, येशूले गर्न र सिकाउन थाल्नुभएका सबै कुराका विषयमा मेरो पहिलो पुस्तकमा मैले लेखेको छु। [२]आफैले छान्नुभएका प्रेरितहरूलाई येशूले पवित्र आत्माद्वारा आज्ञा दिनुभएपछि उहाँ स्वर्गमा उचाली लगिनुभएको दिनसम्मका सबै कुरा त्यस पुस्तकमा लेखिएका छन्।

हलिउडका एक जना प्रसिद्ध चलचित्र निर्माताले यसो भनेका छन्, चलचित्रको सुरुवात एउटा भूकम्पबाट हुनुपर्छ र यसको चरम विन्दुमा पुग्नुपर्छ। त्यस अवधारणा अनुसार हेर्दा, दोस्रो अध्याय प्रेरितको पुस्तकको महान प्रारम्भको रूपमा हुनुपर्नेथियो, किनभने पवित्र आत्मा आगोका जिब्राहरू र ठूलो बतासको आवाजमा आउनुभयो। हल्लाखल्ला र हर्ष उल्लासको साथ सुरु हुनुको सट्टा, अध्याय १ को सुरुवात शान्तसित भएको छ। येशूले आफ्ना प्रेरितहरूसँग कुराकानी गर्नुभएको र काम सम्बन्धी रहेको एउटा भेटघाटको समाप्तिसँगै यसको प्रारम्भ हुन्छ। काम सम्बन्धी भेटघाटहरू सामान्यतया त्यति रोचक हुँदैनन्।

प्रेरितको पुस्तकको सुरुवात यसरी किन गरियो? यसको कारण यो हो: अध्याय २ मा चित्रण गरिएको जस्तो महान दिनको लागि *तयारीको* आवश्यकता पर्छ। परमेश्वरले प्रेरित २ अध्यायको लागि अनन्तदेखि तयारी गर्दै आउनुभएको थियो (एफि ३:१०, ११)—तर अब यो अन्तिम-क्षणको तयारीको समय भएको थियो। निश्चित रूपमा, प्रेरितहरूका निम्ति यो अन्तिम-क्षणको तयारी थियो।

पद १. आफूले यसभन्दा पहिले लेखेकै कुरालाई आफ्ना पाठक समक्ष याद दिलाएर लूकाले प्रेरितको पुस्तकलाई सुरु गरेका छन्। **पहिलो पुस्तकले** लूकाको पुस्तकलाई जनाउँछ। लूकाले आफ्नो पहिलो पुस्तकको बारेमा प्रेरितको पुस्तकमा गरेका कारणले, आफ्ना पाठकहरू आफूले लेखेको सुसमाचारको पुस्तकप्रति परिचित हुनुपर्छ, विशेष गरी अन्तिम अध्यायहरू, भन्ने अपेक्षा उनले गरेका थिए।

लूकाको सुसमाचारको पुस्तकले **येशूको** मृत्यु, गडाइ, पुनरुत्थान, र स्वर्ग आरोहणमा समाप्त भएको उहाँको कथालाई बताएको छ। त्यो समयमा "येशू" भन्ने नाउँ सामन्य ग्रीक भाषाको नाउँ थियो (१३:६; कल ४:११) जुन हिब्रू "जोसुहा" वा यहोशू (Joshua) भन्ने शब्द सरह छ, र यो "जेहोसुहा" (Jehoshua) (יְהוֹשׁוּעַ, *यहोसुहा, Y^e^hoshua'*) को छोटकरी रूप हो। यी दुवैको अर्थ "यहोवेले बचाउनुहुन्छ" भन्ने हो (मत्ती १:२१)। **येशूले गर्न र सिकाउन थाल्नुभएका सबै कुराका** लूकाले लेखे।

येशूले पहिले काम *गर्नुभयो* र *त्यसपछि* सिकाउनुभयो। यदि हाम्रो शिक्षा प्रभावकारी बनाउनु छ भने हामीले जे सिकाउँछौं त्यसमा हामी पहिले *जिउनु* पर्छ (१ तिमो ४:१६)।

पद २. येशू स्वर्गमा उचालिनुभएको र प्रेरितहरू यरूशलेम फर्कंदैगरेको दृश्य लूकाको पुस्तकमा उल्लेख गरिएको अन्तिम दृश्य हो (लूक २४:५०-५३)। **आफैले छान्नुभएका प्रेरितहरूलाई** येशूले **पवित्र आत्माद्वारा आज्ञा दिनुभएपछि** उहाँ स्वर्गमा उचाली लगिनुभएको हो भन्ने कुरा हामी प्रेरित १ मा पढ्छौं। लूकाको पुस्तकमा हामी के देख्छौं भने, उक्त आज्ञा प्रेरितहरूलाई ख्रीष्टको "साक्षी" भई, "यरूशलेमबाट सुरु गरेर सबै जातिहरूलाई उहाँको नाउँमा पश्चात्ताप र पाप-क्षमाको प्रचार हुनुपर्छ" भनी दिइएको आज्ञा थियो (२४:४७)। अर्को शब्दमा भन्दा, **आज्ञाले** महान आज्ञालाई जनाउँछ (मत्ती २८:१८-२०; मर्कू १६:१५, १६)।

स्वर्ग आरोहण (१:३-११)

अन्तिम निर्देशनहरू (१:३-८)

[३]आफ्नो दुःख-भोगपछि धेरै अकाट्य प्रमाणद्वारा तिनीहरूका सम्मुख उहाँले आफैलाई जीवित प्रस्तुत गर्नुभयो। चालीस दिनसम्म उहाँ तिनीहरूकहाँ देखा पर्नुभयो अनि परमेश्वरका राज्यको विषयमा तिनीहरूलाई बताउनुभयो। [४]तिनीहरूसँग भोजनमा बस्नुहुँदा उहाँले तिनीहरूलाई यस्तो आदेश दिनुभयो, "तिमीहरू यरूशलेमबाट कतै नजाओ, तर पिताले गर्नुभएको प्रतिज्ञाको प्रतीक्षा गर। यसबारे तिमीहरूले मबाट सुनिसकेका छौ।" [५]किनभने यूहन्नाले त पानीले बप्तिस्मा दिए, तर अबका थोरै दिनमा पवित्र आत्मामा तिमीहरूको बप्तिस्मा हुनेछ।" [६]यसकारण जब प्रेरितहरू भेला भए, तब तिनीहरूले उहाँलाई सोधे, "हे प्रभु, के तपाईंले इस्राएल राज्यको पुनर्स्थापन गरिदिनुहुनेछ?" [७]उहाँले तिनीहरूलाई भन्नुभयो, "पिताले आफ्नो अधिकारद्वारा तोक्नुभएको बेला वा समय जान्ने तिमीहरूको काम होइन। [८]तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ।"

पद ३। पुनरुत्थानपछि येशू प्रेरितहरूका बीचमा देखा परेर उहाँले तिनीहरूलाई साक्षी हुनका निम्ति योग्य तुल्याउनुभयो भन्ने कुरालाई लूकाले टिपोट गरेका छन्: **आफ्नो दुःख-भोगपछि धेरै अकाट्य प्रमाणद्वारा तिनीहरूका सम्मुख उहाँले आफैलाई जीवित प्रस्तुत गर्नुभयो। चालीस दिनसम्म उहाँ तिनीहरूकहाँ देखा पर्नुभयो।** लूकाले सुसमाचारको आफ्नो पुस्तकमा येशूले दिनुभएका विश्वासयोग्य उदाहरणहरू दिएका छन्: उहाँले आफूलाई छुन आफ्ना चेलाहरूलाई अनुमति दिनुभयो, र उहाँ एक आत्मा हुनुहुन्न भन्ने कुरालाई देखाउन उहाँले खानेकुरा खानुभयो (लूक २४:३६-४३; हेर्नुहोस्: प्रे १०:४०, ४१)।

पुनरुत्थानपछि येशू देखा पर्नुभएका धेरैजसो घटनाहरू उहाँ बौरी उठ्नुभएको दिनमा नै भए। लामो समय अवधिमा (१३:३१), अर्थात् चालीस दिनको अवधिमा **धेरै** पटक येशू देखा पर्नुभयो। बार्क्लेको अनुवादमा यस्तो छ, "चालीस दिनको अवधिमा

तिनीहरूले विभिन्न घटनाहरूमा [येशूलाई] देखे।"[1] पुनरुत्थानपछि उहाँ देखा पर्नुभएका घटनाहरूको सबैभन्दा पूर्ण सूची १ कोरिन्थी १५:५-८ मा दिइएको छ, तर सुसमाचारको पुस्तकमा उहाँ देखा पर्नुभएको कुरालाई १ कोरिन्थी १५ मा उल्लेख गरिएको छैन। के देखिन्छ भने, देखा पर्नुभएका अन्य धेरै घटनाहरूको विवरण लेखिएन।

चालीस दिनसम्म पृथ्वीमा रहनुको येशूको उद्देश्य आफ्ना मित्रहरूसँगको साथमा रमाउनु मात्रै थिएन। बरु, उहाँले आफ्ना चेलाहरूलाई *तयार* गर्नको निम्ति यो समय अवधिको प्रयोग गर्नुभयो। येशूले **परमेश्वरको राज्यसँग विषयमा तिनीहरूलाई बताउनुभयो**। येशूको सेवकाइको सुरुवातदेखि नै राज्य भन्ने विषय उहाँको मुख्य विषयको रूपमा रहेको थियो (मत्ती ४:१७)। उहाँको धेरैजसो दृष्टान्तहरू "स्वर्गको राज्य ... जस्तो हो" भन्ने वाक्यबाट सुरु भएका छन् (मत्ती १३:३१, ३३, ४४, ४५, ४७)। अहिले राज्यको सम्बन्धी आफ्नो शिक्षाको विषयमा येशूले आफ्ना जनहरूको विचारमा स्फूर्ति दिनुभयो। अन्य कुराहरूमा, उहाँले तिनीहरूलाई राज्य *शक्तिमा* आउनेछ भनेर आफूले गर्नुभएको प्रतिज्ञाबारे याद दिलाउनुभएको हुनुपर्छ, किनभने उहाँले तिनीहरूलाई भन्नुभएको थियो "... यहाँ उभिएकाहरूमध्ये कोही-कोही छन्, जसले परमेश्वरको राज्य शक्तिमा आएको नदेखुञ्जेल कुनै किसिमले मृत्यु चाख्नेछैनन्" (मर्कू ९:१)।

राज्यको विषयमा येशूले आफ्ना चेलाहरूलाई सिकाउने क्रममा उहाँसँग एउटा मुख्य वाधा थियो। "राज्य" भनी उल्लेख गर्ने क्रममा, येशूको मनमा एउटा विचार थियो; जब प्रेरितहरूले "राज्य" भन्ने कुरा सुने तिनीहरूको मनमा भिन्नै विचार थियो। येशूले एउटा *आत्मिक* जगतको स्थापनाबारे विचार गर्नुभएको थियो जसमा परमेश्वरले आफ्ना मानिसहरूका हृदय र जीवनमा राज्य गर्नुहुनेवाला हुनुहुन्थ्यो। येशूका चेलाहरूका विचारमा एउटा *सांसारिक* राज्य थियो—मसीहले इस्राएलको शत्रुहरूमाथि विजय गर्नुहुनेछ र यरूशलेममा आफ्नो सिंहासनको स्थापना गर्नुहुनेछ भन्ने एउटा अवधारणा। यहूदीहरूमध्ये धेरैले येशूलाई मसीहको रूपमा स्वीकार नगर्नुको कारण, प्रतिज्ञा गरिएको राज्य सम्बन्धी आम रूपमा तिनीहरूको विचारमा रहेको गलत अवधारणा थियो। सुसमाचारको पुस्तकमा चेलाहरूले देखाएको व्यवहारले के संकेत दिन्छ भने यही अवधारणा सही हो भनेर तिनीहरूले स्वीकार गरेका थिए। आफ्नो राज्य "यस संसारको *होइन*" भनेर येशूले जोड दिनुभएको थियो (यूह १८:३६; जोड दिइएको छ), तर त्यस धारणालाई बुझ्नको लागि उहाँका प्रेरितहरूलाई निकै गाह्रो भएको थियो।

पद ४, ५. प्रेरितहरूको गलत बुझाइ नै १:४-८ को पृष्ठभूमि हो। यी पदहरूमा, येशूले तिनीहरूसँग एउटा अचम्मको *प्रतिज्ञा* गर्नुभयो जुन तिनीहरूको तयारीको अत्यावश्यक भाग थियो। आफूहरूले सम्मानको अहोदाहरू ओगट्न पाउने राजनीतिक संस्थाको पर्खाइ प्रेरितहरूले गरिरहेका थिए (मत्ती २०:२०-२८)। परमेश्वरसँग तिनीहरूका निम्ति अझै उत्तम अर्थात्, तिनीहरूले अपेक्षा गरेको कुनै

---

[1]विलियम बार्क्ले (William Barclay), *द एक्टस् अफ एपस्टल्स,* द डेली बाइबल स्टडी सेरिज, रेभ. एड. (फिलादेल्फिया: वेस्टमिन्स्टर प्रेस, १९७६), ९।

पनि कुराभन्दा उत्तम योजना छ भन्ने कुरा तिनीहरूले थाहा पाऊन् भन्ने चाहना येशूको थियो। तिनीहरूले *अहोदा* प्राप्त गर्नेछौं भन्ने विचार गरिरहेका थिए; तिनीहरूले *शक्ति* प्राप्त गर्नेछन् भनेर येशूले तिनीहरूलाई भन्नुभयो।

भविष्यका उत्साहपूर्ण दिनहरूका निम्ति येशूले आफ्ना प्रेरितहरूलाई तयारी गर्नुभयो। आफ्नो स्वर्ग आरोहण हुनुभन्दा पहिले आफ्ना प्रेरितहरूलाई अन्तिम निर्देशनहरू दिनका निम्ति उहाँले तिनीहरूलाई **एकसाथ भेला** (न्यू अमेरिकन स्टयाण्डर्ड बाइबल [NASB] हेर्नुहोस्) गर्दै हुनुहुन्थ्यो। न्यू इन्टरनेशनल भर्सन (NIV) मा यस्तो लेखिएको छ, "एक समयमा, उहाँ तिनीहरूसँग खानपान गरिरहनुभएको बेला, ...।" यस पदमा अर्थ्याइएको क्रियापदको अर्थप्रति विद्वानहरू असहमत छन्, जुन शब्द ग्रीक शब्द συναλίζομαι (*सुनालिझोमाइ, sunalizomai*) बाट आएको हो। पुनरुत्थानपछि येशूले आफ्ना चेलाहरूसँग खानपान गर्नुभयो भन्ने कुरा हामीलाई थाहा छ (लूक २४:४१-४३)—उहाँलाई कुनै आवश्यकता परेर होइन, तर तिनीहरूका फाइदाको लागि। यी पदहरूमा लूकाले शायद त्यही दृश्यलाई विचार गरेका थिए।

पिताले [प्रतिज्ञा] **गर्नुभएको** कुरालाई प्राप्त गर्नुभन्दा पहिले **यरूशलेमबाट कतै नजाओ** भनी येशूले आफ्ना प्रेरितहरूलाई **आदेश दिनुभयो** गर्नुभएको थियो। पछि यरूशलेम शहर राज्य वा मण्डलीको सुरुवात विन्दु बन्यो (यशै २:१-४; लूक २४:४६, ४७; प्रे २)। येशूले पिताको प्रतिज्ञाको बारेमा व्याख्या गर्न सुरु गर्नुभयो: उहाँले भन्नुभयो, **"यसबारे तिमीहरूले मबाट सुनिसकेका छौ। किनभने यूहन्नाले त पानीले बप्तिस्मा दिए, तर अबका थोरै दिनमा पवित्र आत्मामा तिमीहरूको बप्तिस्मा हुनेछ।"** पिताले पहिले नै राज्य "नजिकै ... छ" भनी येशू र अन्य व्यक्तिहरूबाट प्रतिज्ञा गर्नुभएको थियो (मत्ती ४:१७); राज्यलाई स्थापना गर्ने प्रतिज्ञा अब पूरा भएको थियो। यसको साथै, मसीहले आफ्ना जनहरूलाई पवित्र आत्माद्वारा बप्तिस्मा दिनुहुनेछ भनी पिताले बप्तिस्मा-दिने यूहन्नाको माध्यमबाट प्रतिज्ञा गर्नुभएको थियो।

"बप्तिस्मा" (βάπτισμα, *बप्तिस्मा, baptisma* वा βαπτισμός, *बाप्तिस्मोस्, baptismos*) भन्ने शब्द ग्रीकबाट लिप्यांतरण गरिएको हो। *बप्तिस्मा (Baptisma)* को अर्थ "डुबाउनु" हो र *बप्तिस्मोस् (baptismos)* को अर्थ "डुबाउने कार्य" हो—त्यति भिन्न नभएकोले लगभग उही अर्थ दिन्छ। यसको क्रियापद रूप βαπτίζω (*बप्टिझो, baptizō*) हो, जसको अर्थ "डुबाउनु" भन्ने हुन्छ। के मा डुबाइन्छ भन्ने कुरालाई प्रसंगद्वारा निर्धारण हुन्छ। उपमाको रूपमा प्रयोग गर्दा, यसले वचलित हुनुलाई जनाउँछ। यस प्रयोगको एउटा उदाहरण येशूले लिनुभएको दु:खकष्टको बप्तिस्मा हो (मर्कू १०:३८, ३९)।

बप्तिस्मा-दिने यूहन्नाले यसरी अगमवाणी गरेका थिए: "म तिमीहरूलाई पानीले बप्तिस्मा दिन्छु, तर एक जना मभन्दा शक्तिशाली आउँदैहुनुहुन्छ, जसका जुत्ताको फित्ता खोल्ने लायकको म छैनँ। उहाँले तिमीहरूलाई पवित्र आत्मा र आगोले बप्तिस्मा दिनुहुनेछ" (लूक ३:१६)। यूहन्नाले पवित्र आत्मा र आगोलाई उल्लेख गरे भने, येशूले पवित्र आत्मालाई मात्रै उल्लेख गर्नुभयो भन्ने कुरा महत्त्वपूर्ण छ। यूहन्नाले एउटा मिश्रित समूहलाई यो कुरा बताइरहेका थिए, जसमा पश्चात्तापी र अपश्चात्तापी मानिसहरू संलग्न थिए। यस प्रसंगमा "आगो" ले अपश्चात्तापी मानिसहरूलाई दिइने दण्डलाई जनाउँछ (लूक ३:९, १७)। "आगोको बप्तिस्मा" ले पेन्तिकोसको दिनको

"आगोका जिब्राहरू" लाई जनाउँदैन, तर यसले नरकको आगोमा दुष्टहरूलाई दिइने अनन्त दण्डलाई जनाउँछ (प्रका २०:१४, १५)।

तिनीहरूलाई अगुवाइ गर्नको निम्ति पवित्र आत्मालाई पठाइनेछ भन्ने कुरालाई येशूले आफैले जोड दिनुभएको कुरा तिनीहरूले सुनेका थिए (लूक १२:१२; यूह १४:२६; १५:२६; १६:१३)। पवित्र आत्मा पठाइने प्रतिज्ञा त्यो समयको **थोरै दिनमा** पूरा हुनेछ भनी येशूले यहाँ भन्नुभयो। दुई प्रतिज्ञाहरू—राज्यको स्थापना र पवित्र आत्माको आगमन—छुटाउन नसकिने किसिमले गुँथिएका थिए। राज्य स्थापना गरिने प्रतिज्ञा पूरा हुनको निम्ति पवित्र आत्मा पठाइने प्रतिज्ञाको पूर्णता अत्यावश्यक थियो।

पद ६. आफ्ना मन अन्तै छ भन्ने कुरा प्रेरितहरूले देखाए। राज्यको विषयमा येशूले दिनुभएको शिक्षाद्वारा तिनीहरूको राजनीतिक आशालाई जागृत गऱ्यो: **तिनीहरूले उहाँलाई सोधे "हे प्रभु, के तपाईंले इस्राएल राज्यको पुनर्स्थापन गरिदिनुहुनेछ?"** प्रेरितहरूको विचारलाई बुझ्नको निम्ति **पुनर्स्थापना** र **इस्राएल** भन्ने शब्दहरू मुख्य छन्। दाऊद र सोलोमनको पालामा इस्राएल संसारको सबैभन्दा महान राज्य भएको बेला रहेको इस्राएलको भौतिक वैभवलाई येशूले पुर्नस्थापना गर्नुहुन्छ भन्ने हिसाबमा नै अझै तिनीहरूले विचार गरिरहेका थिए। **तिनीहरूले उहाँलाई सोधे** भन्ने वाक्यले तिनीहरूले येशूलाई बारम्बार प्रश्न गरे भन्ने कुराको संकेत दिन्छ। तिनीहरूले उहाँलाई यसो भनी उत्तर दिन बाध्य गरे, "कहिले, प्रभु? कहिले?" प्रेरितहरूले राज्यको स्वभावको बारेमा बुझेका थिएनन्, तर तिनीहरूले यो कहिले स्थापना हुनेछ भनेर मात्रै प्रश्न गर्दैथिए भनेर कतिपयले विश्वास गर्छन्। राज्यको विषयमा येशूले दिनुभएको शिक्षाप्रति तिनीहरू अझै पनि अस्पष्ट थिए भन्ने कुराको संकेत "पुर्नस्थापना" र "इस्राएल" भन्ने शब्दले दिए तापनि, माथिल्लो हरफमा उल्लेख गरेको कुरा सत्य हुने सम्भावना छ। एफ. एफ. ब्रूस (F. F. Bruce) ले यस विषयमा लेखेका छन्, "आफूहरू चाँडै नै धर्मतन्त्रमा रही प्रमुख स्थानहरू ओगट्नेछौं भन्ने किसिमको तिनीहरूको ज्वलन्त भइरहेको पूर्व-अपेक्षाको अन्तिम फड्कोको रूपमा तिनीहरूले गरेको हालको प्रश्न प्रस्तुत भएको देखिन्छ।"[2]

पद ७, ८. येशूले यसो भनी उत्तर दिने क्रममा अवश्य पनि आफ्नो शिर हल्लाउनुभयो: **"पिताले आफ्नो अधिकारद्वारा तोक्नुभएको बेला वा समय जान्ने तिमीहरूको काम होइन। तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ।" समय** (χρόνοι, *ख्रोनोइ, chronoi*) **र बेला** (καιροί, *काइरोइ, kairoi*) भनी अनुवाद गरिएका शब्दहरूको अर्थ उही हो। एउटा भावलाई जोड दिनको लागि येशूले शायद यी दुई वटा शब्दहरू प्रयोग गर्नुभएको हो: परमेश्वरले राज्य स्थापना गर्नुहुने ठीक *समयको* बारेमा तिनीहरूले जान्नैपर्छ भन्ने अधिकार तिनीहरूसँग थिएन। किंग जेम्स भर्सन (KJV) मा "समय र युग" भन्ने छ; न्यू इन्टरनेशनल भर्सन (NIV) मा "समय र मिति" भन्ने छ।

राज्यको स्वभाव कस्तो हुनेछ भन्ने विषयमा तिनीहरूले गलत रूपमा बुझेको

---

[2]एफ. एफ. ब्रूस (F. F. Bruce), *द बुक अफ एक्टस,* द न्यू इन्टरनेशनल कमेन्ट्री अन द न्यू टेस्टामेन्ट, जेन. एड. एफ. एफ. ब्रूस (F. F. Bruce), रेभ. एड. (ग्राण्ड र्‍यापिड्स्, मिचिगन: विलियम बी. अर्डम्यान्स पब्लिसिङ को., १९८८), ३६।

कारण येशूले तिनीहरूलाई हप्काउनुभएन; राज्यको आत्मिक स्वभावबारे चाँडै नै तिनीहरूले स्पष्ट रूपमा थाहा पाउन लागेका थिए। पेन्तिकोसको दिनमा घटेका घटनाहरूले येशूको शिक्षालाई तिनीहरूका यस दृष्टिकोणमा राखिदियो। पेन्तिकोसको दिनपछि, राज्यलाई भौतिक वा राजनीतिक हिसाबले उल्लेख गर्ने गल्ती प्रेरितहरूले कहिल्यै गरेनन्। बरु, येशूले परमेश्वरको समय-तालिकासँग सम्बन्धित प्रश्नलाई सम्बोधन गर्नुभएको हो। *कहिले* भन्ने कुरा *कसरी* भन्ने प्रश्न जत्तिको महत्त्वपूर्ण छैन भन्ने कुरालाई उहाँले जोड दिनुभयो। वास्तवमा उहाँले भन्नुभयो, "म तिमीहरूलाई परमेश्वरको समय-तालिका दिन गइरहेको छैन, तर राज्य आएको छ भन्ने कुरा तिमीहरूले यसरी थाहा पाउनेछौ: *पवित्र आत्मा* तिमीहरूमाथि आउनुभएपछि तिमीहरूले *शक्ति* पाउनेछौ।"

राज्य **शक्तिमा** आउनेछ भनी येशूले भन्नुभएको थियो भन्ने कुरालाई याद गर्नुहोस् (मर्कू ९:१)। **पवित्र आत्मा ... आउनुभएपछि** शक्ति आउनेछ भनेर यहाँ येशूले भन्नुभयो। तसर्थ पवित्र आत्मा आउनुभएपछि, शक्ति आउनुभयो, र आफ्नो राज्य स्थापना गर्नेछु भनी परमेश्वरले गर्नुभएको प्रतिज्ञा त्यही बेला पूरा भयो।

यी सबै विचारहरू सुनेपछि सम्भवत: प्रेरितहरूले उदेक मानिरहेका थिए: "अबका थोरै दिनमा पवित्र आत्मामा तिमीहरूको बप्तिस्मा हुनेछ" (पद ५); "पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ" (पद ८)। येशूको वचनको अर्थ के हो भन्ने विषयमा तिनीहरूले आश्चर्य मानेको हुनुपर्छ।

तिनीहरूलाई आश्चर्यचकित पार्ने कार्यलाई येशूले समाप्त गर्नुभएको थिएन। ख्रीष्टको राज्यको *विश्वव्यापी* स्वभावको अवधारणालाई बुझ्न पनि प्रेरितहरूलाई गाह्रो परेको थियो; महानता सम्बन्धी तिनीहरूले देखेको सपना सानो देश प्यालेष्टाइनमा सीमित थियो। प्रेरितको पुस्तकमा तिनीहरूले गरेको पछिल्लो क्रियाकलापमा तिनीहरूको यो कठिनतालाई देख्न सकिन्छ: यरूशलेमबाट बाहिर गएर अन्यजातिहरूलाई स्वीकार गर्नका लागि तिनीहरूलाई मनाउन परमेश्वरले निकै जोडले घचघच्याउनु परेको थियो। येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, **"तिमीहरू यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ।"** अवश्य पनि, सिरियाको दक्षिणी सीमानाभन्दा उत्तर, गालील समुद्रको पूर्वी किनारभन्दा पूर्व, मिश्रको सीमानाभन्दा दक्षिण, वा भूमध्य सागरको किनारभन्दा पश्चिमतर्फ कोही पनि प्रेरितहरू गएका थिएनन्। येशूको पुनरुत्थानको सुसमाचार सबैतिर लैजाँदै, तिनीहरूले संसारभरि यात्रा गर्नेछन् भनी अहिले उहाँले तिनीहरूलाई भन्नुभयो। प्रेरितको पुस्तकले मुख्य रूपमा टाढा-टाढा स्थानहरूमा पावललेगरेका यात्राहरूको बारेमा हामीलाई बताउँछ, तर यो प्रतिज्ञा बाह्र जनालाई दिइएको थियो भन्ने कुरालाई हामीले भुल्नु हुँदैन। प्रारम्भिक मण्डलीको कथाहरूले प्रेरितहरूले गरेका प्रचार-यात्राहरूका बारेमा बताउँछ। यी कथाहरू एक-एक रूपमा ठीक नहुन सक्छन्, तर प्रेरितहरू येशूको सन्देश लिएर टाढा-टाढा र निकै वृहत रूपमा यात्रा गरे भन्ने हिसाबले यी कथाहरू निश्चय नै सही छन्।

येशूले दिनुभएको नमुनाको योजना प्रत्येक पुस्ताको लागि चुनौतीको रूपमा रहेको छ: घर (**यरूशलेम**) मा सुरु गरेर, नजिकका ठाउँहरूमा फैलाउनु (**यहूदीया** र **सामरियामा**), र अन्त्यमा संसारभरि गएर सुसमाचार प्रचार गर्नु (**पृथ्वीको अन्तिम**

छेउसम्म)। कुनै पनि "मिसन विन्दु" परमेश्वरले चाहनुभएको जस्तो बन्नका लागि, त्यहाँ कामको सुरुदेखि नै महान आज्ञालाई अघि बढाउने योजना गरिएको हुनुपर्छ।

येशूले प्रेरितहरूलाई तिनीहरू पृथ्वीको टाढा-टाढासम्म यात्रा गर्दा तिनीहरू उहाँको **साक्षी** हुनुपर्छ भनी भन्नुभयो (लूक २४:४८)। प्रेरितको पुस्तकको कुञ्जी शब्द "साक्षी" भन्ने शब्द हो। यो ग्रीक शब्द μάρτυς (*मार्तुस, martus*) भन्ने शब्दबाट अनुवाद गरिएको हो, जसलाई यस पुस्तकमा नामपद र क्रियापद सहित उन्तीस पटक प्रयोग गरिएको छ। यसलाई "साक्षी," "गवाही," वा "को बारेमा राम्ररी बताउनु" भनी अनुवाद गरिएको छ। यही शब्दबाट "शहीद" ("martyr") भन्ने शब्द आएको हो—मृत्युसम्म ख्रीष्टको साक्षी हुने व्यक्ति।

"साक्षी" ("witness") भन्ने शब्दको मुख्य अर्थ "प्रतक्षदर्शी" ("eyewitness") भन्ने शब्दमा व्यक्त हुन्छ: आफूले देखेको वा सुनेको कुरालाई साक्षी दिन सक्ने व्यक्ति (४:२०; १ यूह १:१-३)। प्रेरितहरू विशेष हिसाबले साक्षीहरू थिए। तिनीहरूले ख्रीष्टको पुनरुत्थानको बारेमा साक्षी दिनसक्थे किनभने उहाँको पुनरुत्थानपछि तिनीहरूले उहाँलाई *देखेका* थिए (पद २२)। लूकाले प्रेरितको पुस्तकमा "साक्षी" ("witness") भन्ने शब्दलाई सामान्यतया यही अर्थमा प्रयोग गरेका छन्। हामीले पुनरुत्थान हुनुभएको प्रभुलाई देखेका छैनौं, त्यसकारण प्रेरितहरूको हैसियतमा रही हामी साक्षी दिन सक्दैनौं।

अर्कोतर्फ, प्रेरितहरूले दिएको ख्रीष्टको पुनरुत्थान बाहेकको गवाहीलाई जनाउनका लागि लूकाले एक-दुई पटक "साक्षी" भन्ने शब्दको नाप र क्रियापद रूपलाई प्रयोग गरेका छन् (६:१३; १३:२२; १४:३, १७; १६:२; २२:१२; २६:५)। उदाहरणको लागि, इसाई शहीद स्तिफनसलाई ख्रीष्टको "साक्षी" भनी भनिएको छ (२२:२०) हामी पनि। स्तिफनसजस्तै साक्षी बन्न सक्छौं। परमेश्वरले गर्नुभएको कुरा, विशेष गरी उहाँले हाम्रो जीवनमा गर्नुभएको कुराको बारेमा हामी बताउन सक्छौं, र आवश्यक परे हाम्रो विश्वासको खातिर हामी मर्न समेत तयार हुनसक्छौं। प्रेरित ७ मा हामी स्तिफनसको यही उदाहरण देख्छौं।

स्वर्ग आरोहण (१:९-११)

[९]उहाँले यो कुरा भन्नुभएपछि, तिनीहरूले हेर्दाहेर्दै उहाँ उँभो उचालिनुभयो, र बादलमा उहाँ तिनीहरूका दृष्टिबाट लोप हुनुभयो। [१०]जब तिनीहरूले उहाँ जाँदैगर्नुभएको एकटक आकाशतिर हेरिरहेका थिए, तब अचानक सेतो पोशाक लाएका दुई जना मानिस तिनीहरूका नजिक खड़ा भए। [११]तिनीहरूले भने, "गालीलका मानिस हो, तिमीहरू किन आकाशतिर हेर्दै उभिरहेका छौ? यही येशू, जो तिमीहरूबाट स्वर्गमा लगिनुभयो, अहिले जसरी तिमीहरूले उहाँलाई स्वर्गमा जानुभएको देख्यौ, त्यसरी नै उहाँ फेरि आउनुहुनेछ।"

पद ९. चालीस दिनपछि, येशूले आफू जुन कार्यको लागि रहनुभएको थियो त्यस कार्यलाई समाप्त गर्नुभयो, र अब उहाँको निम्ति स्वर्ग फर्कने समय भएको थियो। लूकाले स्वर्ग आरोहणको घटनालाई यी शब्दहरूद्वारा व्याख्या गरेका छन्: **उहाँले यो कुरा भन्नुभएपछि, तिनीहरूले हेर्दाहेर्दै उहाँ उँभो उचालिनुभयो, र बादलमा उहाँ**

तिनीहरूका दृष्टिबाट लोप हुनुभयो। लूका २४:५०, ५१ मा यस्तो टिपोट गरिएको छ, "त्यसपछि उहाँले तिनीहरूलाई बेथानियासम्म लैजानुभयो, र आफ्नो हात उचालेर तिनीहरूलाई आशीर्वाद दिनुभयो। उहाँले तिनीहरूलाई आशीर्वाद दिनुहुँदैगर्दा, उहाँ तिनीहरूबाट छुट्टिनुभयो र स्वर्गमा लगिनुभयो।" येशू **उचालिनुभयो** भन्ने तथ्यप्रति कतिपय मानिसहरूले चिन्ता व्यक्त गर्छन्; यसले स्वर्ग "माथि" छ र नरक "तल" छ भन्ने भाव दिन्छ भनी तिनीहरू ठान्छन्। तैपनि, हामीले यो प्रश्न गर्नैपर्छ: येशू वास्तवमा यो पृथ्वी *छाडेर* जानुभएको हो भन्ने कुरा मानिसहरूलाई परमेश्वरले अन्य कुन तरिकाद्वारा प्रकट गर्न सक्नुहुन्थ्यो? "माथि" बाहेक अन्य कुन दिशातिर उहाँ जान सक्नुहुन्थ्यो र—अर्थात्, *पृथ्वीबाट टाढा जाने कार्य?*

पद १०. येशूको स्वर्ग आरोहण उहाँको पृथ्वी बसाइको समाप्ती थियो। उहाँले आफ्नो कार्यलाई पूरा गर्नुभएको थियो; उहाँ महिमामा घर फर्कँदै हुनुहुन्थ्यो (एफि ४:१०; १ तिमो ३:१६; १ पत्र ३:२२)। तैपनि चेलाहरूले उदेक माने: **तिनीहरूले उहाँ जाँदैगर्नुभएको एकटक आकाशतिर हेरिरहेका थिए।** येशूको पुनरुत्थानपछि रहस्यमय तरिकाले तिनीहरूबाट उहाँ बिदा हुनुभएको घटना तिनीहरूले देखेको यो पहिलो पटक थिएन (लूक २४:३१)। उहाँ वास्तवमा कहाँ जानुभएको हो, वा चालीस दिनको अवधिमा बारम्बार देखा पर्नुभए जस्तै गरी अचानक देखा पर्नुहुन्छ कि पर्नुहुन्न भन्ने विषयमा तिनीहरूले उदेक मानेको हुनुपर्छ (यूह २०:१६, १९)।

प्रेरितहरूले यसरी लामो समयसम्म उदेक मान्नु परेन, किनभने **अचानक सेतो पोशाक लाएका दुई जना मानिस तिनीहरूका नजिक खड़ा भए**। यिनीहरू परमेश्वरले तिनीहरूकहाँ पठाउनुभएका दुई स्वर्गदूतहरू थिए। लूकाले स्वर्गदूतलाई उल्लेख गरेको यो एउटा तरिका हो (लूक २४:४)। शायद दुई जना साक्षीको रूपमा ती *दुई* स्वर्गदूतहरू आएका थिए (व्य १९:१५)।

पद ११. ती दुई स्वर्गदूतहरूले भने, **"गालीलका मानिस हो, तिमीहरू किन आकाशतिर हेर्दै उभिरहेका छौ? यही येशू, जो तिमीहरूबाट स्वर्गमा लगिनुभयो, अहिले जसरी तिमीहरूले उहाँलाई स्वर्गमा जानुभएको देख्यौ, त्यसरी नै उहाँ फेरि आउनुहुनेछ।" आकाशतिर हेर्दै** आफ्नो समय बरबाद गर्नुको सट्टा चेलाहरू यरूशलेम फर्केर *काम* गर्नको निम्ति तयार हुनुपर्नेथियो भनेर धेरैपटक प्रचारकहरूले टिपोट गर्ने गर्छन्। तिनीहरू भन्छन्: "कतिपय मानिसहरू स्वर्गीय मानसिकताले यति गहन रूपमा भरिएका हुन्छन् कि, तिनीहरू पृथ्वीको लागि कामै नलाग्ने हुन्छन्।"

प्रेरितहरूलाई मानसिक रूपमा र भावनात्मक रूपमा तयार गर्नको लागि स्वर्गदूतहरूको वचन एउटा अत्यावश्यक भाग थियो। सन्देशको पहिलो भागमा एउटा *चुनौती* समावेश थियो: **येशू ... तिमीहरूबाट स्वर्गमा लगिनुभयो।** येशू गइसक्नुभएको थियो। विगत चालीस दिनमा जस्तो अब उहाँ फेरि तिनीहरूका बीचमा देखा पर्नेवाला हुनुहुन्न थियो। उहाँ स्वर्ग गइसक्नुभएको थियो, त्यसकारण उहाँको कार्यलाई अघि बढाउने कामको जिम्मा अब तिनीहरूको थियो। सन्देशको दोस्रो भागमा *सान्त्वना* समावेश थियो: **यही येशू ... अहिले जसरी तिमीहरूले उहाँलाई स्वर्गमा जानुभएको देख्यौ, त्यसरी नै उहाँ फेरि आउनुहुनेछ।** येशू स्वर्गमा उचालिनुभएको भए तापनि, एक दिन उहाँ फर्कनुहुनेछ। यो संसारमा जेसुकै भए तापनि, अन्त्यमा प्रभु फेरि आउनुहुनेछ र सबै कुरालाई ठीक बनाउनुहुनेछ। तसर्थ लूकाले सुसमाचारको आफ्नो पुस्तकमा

चेलाहरू "बड़ो आनन्दसाथ यरूशलेम फर्के" भनेर टिपोट गरेको कुरा अचम्मको कुरो होइन (लूक २४:५२)। विजय भएको कुरा पक्का भयो।

दोस्रो आगमनको प्रतिज्ञा प्रारम्भिक इसाईहरूका लागि सान्त्वनाको अत्यन्तै बहुमूल्य स्रोतको रूपमा रहेको थियो। तिनीहरू "मारानाथा"—"प्रभु येशू आउनुहोस्" भन्दै निरन्तर प्रार्थना गर्थे (१ कोर १६:२२; प्रका २२:२०)। "मारानाथा" (μαρανα θα, *मारानाथा, marana tha*) भन्ने शब्द "प्रभु" र "आउनुहोस्" अर्थ दिने आरामीक शब्दहरूको मिश्रित शब्द हो। यो एउटा वाक्य ("प्रभु आउँदैहुनुहुन्छ") हुनसक्छ वा उत्कट मनले गरिने प्रार्थना ("हे प्रभु आउनुहोस्!") हुनसक्छ।

पहिलो-शताब्दीको इसाईहरूले जस्तै गरी हामीले दोस्रो आगमनमा विश्वास गर्यौं भने, यसले हाम्रो जीवनमा कस्तो भिन्नता ल्याउनेथियो (२ पत्र ३:१०, ११)। स्वर्गदूतहरूले प्रेरितहरूलाई सान्त्वना दिएजस्तै हामी पनि, जसरी येशू स्वर्ग जानुभयो "त्यसरी नै" उहाँ *आउनुहुनेछ* भन्ने कुरामा विश्वस्त हुनसक्छौं—नचिताएको बेला, सबैले देख्ने गरी, बादलमा, र शक्तिको साथमा। यी सत्यताहरूको बाबजुद पनि कतपयले प्रभुको आगमन हुने समय तोके—उहाँको आगमन त्यो समयमा नभएपछि लज्जित हुनलाई मात्रै। त्यसपछि तिनीहरूले भने, प्रभु एक-दुई जनालाई छनौट गर्नको लागि मात्रै *अदृश्य* रूपमा देखा पर्नुभयो र स्वर्ग फर्केर जाने र पछि फेरि प्रयास गर्ने निर्णय उहाँले गर्नुभयो। प्रेरित १:११ र दोस्रो आगमन सम्बन्धी रहेका अन्य खण्डहरूले यस आत्म-सेवी गल्तीको बारेमा खुलासा गरेको छ (मत्ती २४:३०, ३६, ४२; १ थेस ४:१६; प्रका १:७)।

यरूशलेममा प्रतीक्षा (१:१२-१४)

१२तब तिनीहरू जैतून भनिने पहाड़बाट यरूशलेम फर्के। यरूशलेमदेखि यो पहाड प्रायः एक किलोमिटर जति टाढ़ा पर्छ। १३सहर भित्र पसेपछि तिनीहरू माथिल्लो तलाको आफू बस्ने कोठामा उक्ले। तिनीहरूचाहिँ पत्रुस, यूहन्ना, याकूब, अन्द्रियास, फिलिप र थोमा, बारथोलोमाइ र मत्ती, अल्फयसको छोरो याकूब र उग्रपन्थी दलको सिमोन र याकूबको छोरो यहूदा थिए। १४कति जना स्त्रीहरू र येशूकी आमा मरियम अनि उहाँका भाइहरूका साथ यिनीहरू सबै एक मनका भएर निरन्तर प्रार्थना गरिरहन्थे।

मण्डलीको स्थापना हुनुभन्दा पहिले आवश्यक पर्ने *तयारीको* बारेमा अध्याय १ ले बताउँछ भन्ने कुरा हामीले अघिल्लो खण्डमा जोड दिएका थियौं। हामीले तयारीको दुई वटा पक्षहरूको बारेमा टिपोट गर्यौं: आत्माको प्रतिज्ञा र ख्रीष्टको आगमनको प्रतिज्ञा। यस खण्डमा, चेलाहरूलाई तयारी गर्नको लागि अन्य के कुरा आवश्यक परेको थियो हामी त्यसबारे हेर्नेछौं। प्रेरितहरूले यरूशलेममा प्रतीक्षा गर्दैगर्दा तयारीको यो चरण पूरा भयो।

पद १२। "*यरूशलेमबाट सुरु गरेर* सबै जातिहरूलाई उहाँको नाउँमा पश्चात्ताप र पाप-क्षमाको प्रचार हुनुपर्छ" र "माथिबाट शक्ति प्राप्त नगरुञ्जेल" तिमीहरू "यही *सहर* [अर्थात्, यरूशलेम] मा बसिरहो" भनी येशूले प्रेरितहरूलाई भन्नुभएको थियो (लूका २४:४७, ४९; जोड दिइएको छ)। यसको साथै, तिनीहरू यरूशलेममा उहाँको

साक्षी हुनेछन् भन्ने कुरा पनि उहाँले तिनीहरूलाई भन्नुभएको थियो (पद ८)। येशूको इच्छा के थियो भन्ने विषयमा कुनै प्रश्न थिएन: उहाँले प्रेरितहरूलाई **यरूशलेममा** रहेको चाहनुभयो।

शायद प्रेरितहरूले जान चाहने अन्तिम स्थान यरूशलेम नै थियो। येशूलाई क्रूसमा टाँगिएको स्थान यरूशलेम नै थियो। तिनीहरूका शत्रुहरू यरूशलेममा नै थिए। यरूशलेमसँग प्रेरितहरूको कुनै सरोकार थिएन; तिनीहरूका घरपरिवार गालीलमा थिए। तैपनि, येशूले तिनीहरूलाई यरूशलेममा पर्ख भनी भन्नुभएको थियो। आज्ञाकारी विश्वासको साथ, प्रेरितहरू त्यस सहरमा फर्किए।

शबाथ-दिनमा गरिने यात्रा भन्ने वाक्यांश यहाँ न्यू अमेरिकन स्टयाण्डर्ड बाइबल (NASB) मा दुरीलाई जनाउन प्रयोग गरिएको छ, येशूको स्वर्गारोहण शबाथमा भएको हो भनेर संकेत गर्न होइन । "शबाथ-दिनमा यात्रा गर्न सक्ने दूरी," प्रस्थान १६:२९ र गन्ती ३५:५ को आधारमा यहूदीहरूले यात्रा गर्न सक्ने दूरीको रूपमा यहूदी शिक्षकहरूले तोकेको दूरी थियो: लगभग २,००० क्यूबिट। एक क्यूबिट बराबर अठारदेखि बीस इन्चसम्म हुने हुँदा, "शबाथ-दिनमा यात्रा गर्न सकिने दूरी," चार देखि सात-आठ माइलसम्म हुनसक्थ्यो। के देखिन्छ भने, येशूको स्वर्ग आरोहण बेथानिया नजिकैको स्थानमा भएको थियो (लूक २४:५०), जुन जैतून डाँडाको पूर्वी ओरालोमा पर्थ्यो। यरूशलेमबाट बेथानिया पुग्न मात्रै शबाथ-दिनमा यात्रा गर्न सकिने दूरीभन्दा टाढा पर्थ्यो। **जैतून भनिने** [डाँडा] **यरूशलेम** [नजिकै] छ, "शबाथ-दिनमा यात्रा गर्न सकिने दूरीमा" भन्ने देखिन्छ। तसर्थ यरूशलेम फर्कनको लागि चेलाहरूले त्यति टाढाको दूरी यात्रा गर्नु परेन।

पद १३. यरूशलेममा बसेका प्रेरितहरूको सूचीको विवरण लूकाले दिएका छन्: **पत्रुस, यूहन्ना, याकूब, अन्द्रियास, फिलिप र थोमा, बारथोलोमाइ र मत्ती, अल्फयसको छोरो याकूब र उग्रपन्थी दलको सिमोन र याकूबको छोरो यहूदा।** नयाँ करारमा दिइएको प्रेरितहरूको यो चौथो र अन्तिम सूची हो (हेर्नुहोस्: मत्ती १०:२-४; मर्कू ३:१६-१९; लूक ६:१३-१६)। के कुराले यस सूचीलाई भिन्न गरेको छ भने यसमा एघार जनालाई मात्रै सूचीकृत गरिएको छ; गद्दारी यहूदाको नाम छुटेको छ। **उग्रपन्थी दलको सिमोन** भन्ने उपनाम पनि टिपोट योग्य छ। उग्रपन्थी दल (जीलटहरू) रोमी शासनलाई प्यालेष्टाइनबाट हटाउन समर्पित राजनीतिक समूह थियो। रोमी सरकारको भूतपूर्व कर्मचारी (**मत्ती**, कर उठाउने व्यक्ति) र उग्रपन्थी दलको भूतपूर्व सदस्यले सँगै काम गरेको कुराले मानिसहरूलाई एकीकृत गर्ने प्रभुको शक्तिलाई देखाउँछ।

प्रेरितहरू **माथिल्लो तलाको ... कोठामा** बसिरहेका थिए। "बसिरहेका थिए" न्यू अमेरिकन स्टयाण्डर्ड बाइबल (NASB) भन्ने शब्दले के कुराको संकेत दिन्छ भने तिनीहरूले आफ्ना सरसामान राख्ने, सुत्ने, र केही खानपान गर्ने स्थान यही थियो। *दिनको* समयमा तिनीहरू "मन्दिरमा निरन्तर रहन लागे" भनेर लूका २४:५३ ले टिपोट गरेको छ। १४ पदमा उल्लेख गरिएका व्यक्तिहरू र १५ पदमा उल्लेख गरिएका १२० जना व्यक्तिहरू पनि माथिल्लो तलाको कोठामा बसिरहेका थिए भनेर आम रूपमा मान्यता राखिन्छ, तर धर्मशास्त्रले यसो भनेको छैन। बरु, प्रेरितहरू कतिपय व्यक्तिहरूसँग मिलेर प्रार्थना गरिरहेका थिए भनेर १४ पदले भन्छ। प्रेरितहरू निरन्तर मन्दिरमा रहने गरेका कारणले, यी प्रार्थनाहरू मन्दिरमा गरिने गरिएको हुनसक्छ। १५

पदमा उल्लेख गरिएको भेला भएको घटना मन्दिरको हातामा भएको हुनसक्छ। प्रेरितहरू बस्ने गरेको माथिल्लो तलाको कोठा शायद येशूसँग तिनीहरूले अन्तिम भोज खाएको उही स्थान हो। यो मर्कूस भनिने यूहन्नाकी आमाको घर थियो भनेर अरूहरूले अनुमान गरेका छन् (१२:१२)।

क्रूसको घटना भएको ठीक पछि जसरी प्रेरितहरू डराएर बसेका थिए त्यसरी तिनीहरू डराएर अन्धकार कोठामा ढोका थुनेर बसेका थिएनन् (यूह २०:१९)। बरु, आफूहरू गुप्त रहने प्रयास नगरी तिनीहरूले आफ्ना दिनहरू मन्दिरमा बिताए। तिनीहरूले परमेश्वरलाई पुकार्थे। लूकाले सुसमाचारको आफ्नो पुस्तकलाई यी शब्दहरूद्वारा समाप्त गरेका छन्: "तिनीहरूले उहाँको उपासना गरे, र बड़ो आनन्दसाथ यरूशलेम फर्के। अनि तिनीहरू परमेश्वरको प्रशंसा गर्दै मन्दिरमा निरन्तर रहन लागे" (लूक २४:५२, ५३)। तिनीहरूमा कस्तो परिवर्तन आउँदैथियो—तिनीहरूले पुनरुत्थान हुनुभएको प्रभुलाई गरेको विश्वासद्वारा आएको एउटा परिवर्तन।

मन्दिर र माथिल्लो तलाको कोठामा समय बिताउने क्रममा, प्रेरितहरूले तयारीको सबैभन्दा कठिन भागको सामना गरिरहेका थिए: *प्रतीक्षा गर्नु*। तिनीहरूले कति लामो समयसम्म पर्खनुपर्नेछ भन्ने कुरा तिनीहरूलाई थाहा थिएन। "अबका थोरै दिनमा" पवित्र आत्मा आउनुहुनेछ भनी येशूले भन्नुभएको थियो (पद ५), तर यो हप्तौं हुनसक्थ्यो, अथवा महिनौं वा वर्षौंको अवधि पनि हुनसक्थ्यो। आखिर, राज्य "नजिकै छ" भनी येशूले तीन *वर्ष* पहिले भन्नुभएको थियो, तर त्यस बेलासम्म यो आएको थिएन। तिनीहरूले प्रतीक्षा गर्नुपर्छ भन्ने प्रभुको इच्छा थियो भने, तिनीहरू प्रतीक्षा गर्न इच्छुक थियो।

पद १४. अरूसँग मिलेर प्रतीक्षा गर्दा यो कार्य सहज हुन्छ, भन्ने कुराको प्रमाण प्ररितहरूसँग प्रतीक्षा गर्ने मानिसहरूको सूचीले दिँदछ: **कति जना स्त्रीहरू र येशूकी आमा मरियम अनि उहाँका भाइहरूका साथ यिनीहरू सबै एक मनका भएर निरन्तर प्रार्थना गरिरहन्थे।** एक पटकको भेलामा, १२० जना व्यक्तिहरू थिए भन्ने कुरा अर्को पदमा टिपोट गरिएको छ। "एकै समयमा पाँच सयभन्दा बढ़ी भाइहरूकहाँ" येशू देखा पर्नुभएको हुँदा (१ कोर १५:६), ख्रीष्टका बाँकी रहेका सबै जनहरूलाई १२० ले संलग्न गर्दैन। अरू मानिसहरू अवश्य पनि गालीलमा थिए।

यो समूह कति रोचक समूह थियो होला। त्यहाँ **स्त्रीहरू** पनि थिए। यसमा मरियम र मार्था (लूक १०:३८), प्रेरितहरूका पत्नीहरू (१ कोर ९:५), येशू र उहाँका चेलाहरूको खाँचोमा सेवा गर्ने स्त्रीहरू (मत्ती २७:५५, ५६; लूक ८:२, ३), क्रूसको छेउमा उपस्थित भएका स्त्रीहरू (मर्कू १५:४०; यूह १९:२५), र येशूको शरीरमा द्रव्य हाल्न गएका स्त्रीहरू रहेका हुनसक्छन् (लूक २३:५५; २४:१०)। निश्चय नै, यी सूचीहरू एक-अर्कामा खप्टिएका छन्। येशूका भाइहरू उपस्थित रहेका कारण, उपस्थित हुने स्त्रीहरूमा उहाँकी बहिनीहरू पनि थिए (मत्ती १३:५६)। उपस्थित भएका स्त्रीहरूमा **येशूकी आमा मरियम** पनि थिइन भनेर निश्चित रूपमा उल्लेख गरिएको छ। धर्मशास्त्रमा उनको बारेमा उल्लेख गरिएको यो अन्तिम पटक हो। मण्डलीको कथा अनुसार, पछि मरियम प्रेरित यूहन्नाको साथमा एफिसस गइन र त्यहीँ मरिन्।

त्यसपछि, येशूका **भाइहरूलाई** सूचीकृत गरिएको छ। यी व्यक्तिहरू वास्तविकतामा येशूका सौतिनी-भाइहरू थिए। उहाँहरूको आमा (मरियम) एउटै

थिइन, तर बाबु उही थिएनन्। येशूको बाबु परमेश्वर हुनुहुन्थ्यो; तिनीहरूका बाबु योसेफ थिए। येशूको जीवनकालमा उहाँका भाइहरूले उहाँलाई विश्वास गरेनन् (यूह ७:५)। येशू मृत्युबाट बौरी उठ्नुभएपछि, उहाँको जेठो भाइ, याकूबकहाँ उहाँ विशेष रूपमा देखा पर्नुभयो (१ कोर १५:७)। यी याकूब यरूशलेमको मण्डलीको "एउटा खम्बा" बने (गला २:९) र याकूबको पत्र लेखे। आफूले सिकेका कुरा आफ्ना बाँकी भाइहरूलाई याकूबले सिकाए भन्ने कुरामा कुनै शंका छैन: योसेफ, सिमोन, र यहूदा (मत्ती १३:५५)। यतिखेर सबै जना प्रेरितहरूसँग भेला भए।

हाम्रो निम्ति सुपरिचित अन्य उपस्थित व्यक्तिहरूमा लाजरस, निकोदेमस, अरिमाथियाका योसेफ, र जखायस रहेको हुनुपर्छ। निश्चय नै यो एउटा आकर्षक समूह थियो। तिनीहरूले प्रतीक्षा गर्ने क्रममा के-कस्ता कुरा गरे के तपाईं जान्न चाहानुहुन्न? तिनीहरूको उत्साह दिन प्रति दिन बढ्दैथियो भन्ने कुरा के तपाईंलाई थाहा छैन र?

तिनीहरूले प्रतीक्षा गरेको अवधिमा के-के भए भनेर सबै कुरा हामीलाई थाहा नहुन सक्छ, तर यो सानो समूहले विभिन्न कुराहरू गरे भन्ने कुरा हामीलाई थाहा छ। एउटा कार्यको बारेमा निश्चित रूपमै उल्लेख गरिएको छ: तिनीहरूले आफैलाई **प्रार्थनामा** समर्पित गरे। तिनीहरू प्रशंसा गर्दै बस्थे भनेर लूका २४:५३ ले बताउँछ। आफूहरूलाई प्रार्थना गर्न सिकाउनुहोस् भनी चेलाहरूले येशूलाई अनुरोध गरेका थिए (लूक ११:१), त्यसकारण तिनीहरूले प्रार्थना गरे भनेर हामी मानिलिनु सक्छौं। तैपनि, ख्रीष्टको व्यक्तिगत सेवकाइको अवधिमा तिनीहरूले प्रार्थना गरे भन्ने कुराको कुनै विवरण छैन। मर्कूस १४:३८-४० मा येशूले तिनीहरूलाई प्रार्थना गर भनी भन्नुभएको बेला, तिनीहरू निदाए। चेलाहरूले प्रार्थना गरेको बारेमा हामीले प्रथम पटक पढ्ने यही खण्ड हो, तर यो अन्तिम भने होइन। प्रेरितको पुस्तकको लगभग प्रत्येक पृष्ठमा प्रार्थना संलग्न भएको छ।

प्रेरितहरूले गरेको अर्को कार्यको विषयमा, **एउटै मनका भएर** भन्ने वाक्यले सुझाव दिएको छ, जुन वाक्य ग्रीक शब्द ὁμοθυμαδόν (*होमोथुमाडन, homothumadon*) बाट अनुवाद गरिएको हो। प्रेरितको पुस्तकमा यो ग्रीक शब्द एघार पटक उल्लेख गरिएको पाइन्छ। प्रतीक्षा गर्नको निम्ति भेला भएका मानिसहरूको बारेमा विचार गर्नुहोस्। "एउटै मनको हुनु" वा एकताको हृदयमा रहनु, तिनीहरूका स्वचालित आचरण थिएन। क्रूसमा येशूको मृत्यु हुनुभन्दा ठीक पहिले कतिपयले उपस्थित भएका अरूसँग विवाद गरेका थिए (लूक २२:२४)। धेरैले प्रभुलाई बिर्सेका थिए वा इन्कार गरेका थिए। एकले अर्कालाई औंला ठड्याउने कार्य निश्चय नै सजिलो हुनेथियो। येशूलाई गिल्ला गर्ने उहाँका भाइहरू, उहाँलाई पछ्याउने व्यक्तिहरूका छेउमा आएर बसेका थिए। यो समूह "एउटै मनको" हुनको निम्ति शायद केही आँशु बगाइयो; केही घमण्ड तथा अहमतालाई बिर्सिदिनु परेको थियो। यी चेलाहरू एकताको हृदयमा बाँधिन सके किनभने पुनरुत्थान हुनुभएको प्रभुमा रहेको तिनीहरूको विश्वासले तिनीहरूलाई एकताबद्ध गरेको थियो।

यहूदाको प्रतिस्थापन (१:१५-२६)

यहूदाको मृत्युको समीक्षा (१:१५-२०)

**[१५]ती दिनमा भाइहरूका बीचमा पत्रुस खड़ा भए (यी मानिसहरूको संख्या प्रायः
एक सय बीस थियो), र भने, [१६]"भाइ हो, धर्मशास्त्रको वचन पूरा हुनुपर्दथियो, जुन
वचन येशूलाई पक्रनेहरूको अगुवा यहूदाको विषयमा दाऊदको मुखबाट अघिबाटै
पवित्र आत्माले बोल्नुभएको थियो। [१७]किनकि त्यसको गणना हामीसँगै भएको थियो।
र यही सेवामा त्यसले हिस्सा पाएको थियो।" [१८]त्यस मानिसले अधर्मको कमाइबाट
एउटा जग्गा किन्यो, र उँधोमुन्टो भई खस्यो र त्यसको भुँड़ी फुट्यो, र त्यसका सबै
आन्द्रा-भुँड़ी निस्के। [१९]यो कुरा यरूशलेमका बासिन्दाहरू सबैलाई थाहा भयो। त्यो
जग्गाको नाउँ तिनीहरूको आफ्नो भाषामा आखेल्दामा राखियो, अर्थात् रगतको खेत।
[२०]पत्रुसले भने, "किनकि भजनको पुस्तकमा यसो लेखिएको छ, 'त्यसको वासस्थान
उजाड होस्, र त्यहाँ वास गर्ने कोही नहोस्, र त्यसको कार्य पदाधिकार अर्काले
लिओस्।'"**

पद १५. प्रतीक्षाको अवधिमा प्रेरितहरू र अरूहरूले गर्नुपर्ने एउटा थप काम थियो: तिनीहरूले यहूदालाई प्रतिस्थापन गर्नुपर्नेथियो। त्यसकारण लेखिएको छ: **ती दिनमा भाइहरूका बीचमा पत्रुस खड़ा भए। पत्रुस** अगुवाइको स्थानमा फर्केका थिए। उनको भयानक पतनपछि, उनलाई गालील समुद्रको किनारमा येशूले पुर्नस्थापना गर्नुभएको थियो (यूह २१:१५-१७)। **भाइहरू** (ἀδελφοί, *अदेल्फोइ, adelphoi*) भन्ने शब्दलाई यस खण्डमा दुई पटक प्रयोग गरिएको छ—१५ मा एक पटक र १६ मा एक पटक। पुस्तकमा यो शब्दलाई प्रयोग गरिएको यो पहिलो पटक हो। भाइहरूमा त्यस बेला भेला भएका **एक सय बीस** जना व्यक्तिहरू संलग्न थिए। तैपनि, यस समूहमा येशूका सबै जनहरू समावेश थिएन (१ कोर १५:६)।

पद १६। यहूदाको विषयमा घटनाहरूका बारेमा **पवित्र आत्माले दाऊदको** माध्यमद्वारा बोल्नुभएको थियो भन्ने कुरालाई पत्रुसले जोड दिए। यो प्रेरणाद्वारा धर्मशास्त्र लेखिएको हो भन्ने विषयसँग सम्बन्धित एउटा बलियो खण्ड हो। गेतसमनीको बगैंचामा **येशूलाई पक्रनेहरूको अगुवा** यहूदा थिए (लूक २२:४७-५४)।

पद १७। यहूदा वास्तवमा नै एक प्रेरित थिए भन्ने कुरालाई पत्रुसले जोड दिए: **"त्यसको गणना हामीसँगै भएको थियो** [तिनी हाम्रो सदस्यहरू मध्येका एक थिए, न्यू इन्टरनेशनल भर्सन (NIV)]। **र यही सेवामा त्यसले हिस्सा पाएको थियो।"** सबै प्रेरितहरूजस्तै, यहूदालाई तिनको क्षमता तथा सम्भावनाको कारण चुनिएको थियो। अन्य प्रेरितहरूले प्राप्त गरेका सबै अधिकार तथा विशेष अधिकारहरू तिनले पनि प्राप्त गरेका थिए। अरूलाई अशुद्ध आत्माहरू निकाल्ने र हरप्रकारका रोग र दुर्बलता निको पार्ने अधिकार दिइएजस्तै तिनलाई पनि त्यही अधिकार दिइएको थियो (मत्ती १०:१)। कतिपयले के भन्छन् भने येशूलाई धोका दिने विशेष उद्देश्यको लागि यहूदालाई चुनिएको थियो। ख्रीष्टलाई इन्कार गरोस् भनेर के पत्रुसलाई चुनिएको थियो? के राज्यमा ठूलो को हो भनेर विवाद गरून् भनेर अरूलाई छनौट गरिएको थियो? तिनीहरू जे थिए त्यसको आधारमा होइन, तर तिनीहरू जे बन्न सक्थे त्यसको

आधारमा तिनीहरू सबैलाई छनौट गरिएको थियो। तिनीहरूको कमजोरीको बारेमा येशू सचेत हुनुहुन्थ्यो, तर उहाँले तिनीहरूको क्षमता पनि देख्नुभयो। अन्य जोसुकै व्यक्तिहरूको हकमा जस्तै यो कुरा यहूदामा पनि लागू भएको थियो। हरेक संकेतहरूलाई हेर्दा, राम्रो काम गर्ने ठूलो सम्भावना यहूदासँग थियो। कतिपयले विचार गरेझैँ, यदि तिनी यहूदियाका थिए भने, तिनी पक्कै पनि अरू चेलाहरूभन्दा शिक्षित थिए, जुन चेलाहरू गालीलका थिए (पद ११)। येशू र उहाँका चेलाहरूका निम्ति रकम बोक्ने जिम्मा यहूदालाई दिइएको थियो भन्ने तथ्यद्वारा येशूले तिनलाई सम्मान गर्नुहुन्थ्यो भन्ने कुरा प्रमाणित हुन्छ (यूह १२:६; १३:२९)।

यहूदाको समस्या भनेको तिनमा "सुरुदेखि नै एक दियाबलस" थियो भन्ने होइन। परमेश्वरको सन्तान उहाँको अनुग्रहबाट कहिल्यै पनि पतन हुनसक्दैन भनेर विश्वास गर्ने कतिपयले यो वाक्यलाई प्रयोग गर्छन्। येशूले यहूदालाई "दियाबलस" भनी भन्नुभयो (यूह ६:७०, ७१), तर उहाँले पत्रुसलाई पनि "शैतान" भनी भन्नुभएको थियो (मर्कू ८:३३); यी दुवै अभिव्यक्तिको अर्थ के हो भने तिनीहरूले आफूलाई प्रयोग गर्नको लागि दियाबलसलाई अनुमति दिएका थिए। दियाबलसले यहूदाको हृदयमा येशूलाई धोका दिने विचार हालिदियो र "शैतान त्यसभित्र पस्यो" भनेर बाइबलले भन्छ (यूह १३:२७; हेर्नुहोस्: यूह १३:२), तर यहूदा "सुरुदेखि नै दियाबलस थिए" यसले भनेर भन्दैन। तिनले नीच भई सुरु गरेर तिनी नीच नै रहेका थिएनन्। बरु, तिनले उच्च स्थानमा सुरु गरे र पछि पतन भए। येशूलाई पछ्याउने प्रत्येक व्यक्तिको निम्ति यहाँ एउटा चेतावनी छ (१ कोर १०:१२, १३ हेर्नुहोस्)।

पद १८, १९. खण्डको यो विन्दुमा, यहूदामा के भएको थियो त्यसबारे आफ्ना अन्यजाति पाठकहरूका निम्ति एउटा व्याख्या थप्ने शिलशिलामा लूकाले पत्रुसको वचनहरूलाई रोकेका छन्: **त्यस मानिसले अधर्मको कमाइ** ["इनाम," न्यू इन्टरनेशनल भर्सन (NIV)] **बाट एउटा जग्गा किन्यो, र उँधोमुन्टो भई खस्यो र त्यसको भुँड़ी फुट्यो, र त्यसका सबै आन्द्रा-भुँड़ी निस्के। यो कुरा यरूशलेमका बासिन्दाहरू सबैलाई थाहा भयो। त्यो जग्गाको नाउँ तिनीहरूको आफ्नो भाषामा आखेल्दामा राखियो, अर्थात् रगतको खेत।** धेरैजसो आधुनिक अनुवादहरूले १८ र १९ पदलाई कोष्ठकभित्र राखेर लूकाले पत्रुसको कुरालाई रोकेको संकेत दिएको छ। किंग जेम्स भर्सन (KJV) मा कोष्ठक नभए तापनि, यी दुई पदहरूको शब्दसंरचनाद्वारा के कुरा स्पष्ट हुन्छ भने यस बेला पत्रुस बोलिरहेका थिएनन्। यहूदालाई के भएको थियो भन्ने कुरा उपस्थित भएका व्यक्तिहरूका अघि पत्रुसले व्याख्या गरिरहनु आवश्यक पर्नेथिएन। पत्रुसले आरामीक भाषालाई **तिनीहरूका आफ्नै भाषा** भनी उल्लेख गर्नेथिएनन्। आफ्ना कुरा सुन्ने मानिसहरूलाई आरामीक शब्द **आखेल्दामाको** अर्थ बुझाउनु पत्रुसको निम्ति अनावश्यक कुरो हुनेथियो। (यसलाई अ को सट्टा "ह" सहित लेख्न सकिन्छ।)

यहूदाको मृत्युको बारेमा मत्ती २७:३-९ मा दिइएको विवरणभन्दा केही हिसाबले यो विवरण फरक छ, तर यी दुई विवरणहरू विरोधाभासपूर्ण भने छैनन्। बरु, यिनीहरू एक-अर्काको परिपूरक हुन्; यिनीहरूले एक-अर्कालाई पूरा गर्छन्। बाइबल परमेश्वरद्वारा दिइएको हो भन्ने कुरामा विश्वास नगर्ने मानिसहरूले बाइबल आफैप्रति विरोधाभासमय छ भन्ने कुरालाई "प्रमाणित गर्न" का निम्ति प्रायजसो यी दुई

विवरणहरूलाई प्रयोग गर्छन्। तैपनि, यी दुई प्रत्येक वृत्तान्तले अर्कोले नदिएको विवरणहरू दिएको छ। उदाहरणको लागि, पूजाहारीहरूले जग्गा किने भनेर मत्ती २७:६, ७ ले भन्छ, भने यहूदाले **जग्गा अधिग्रहण गरे** भनेर न्यू अमेरिकन स्टयाण्डर्ड बाइबल (NASB) मा प्रेरित १ ले भन्छ। यी दुई विवरणलाई एकसाथ राख्दा, यहूदाको रकमले पूजाहारीहरूले जग्गा किने भन्ने कुरा हामी पाउँछौं; तसर्थ कानूनी हिसाबले उक्त जग्गा यहूदाको थियो। फेरि, त्यस जग्गालाई "रगतको खेत" भनियो किनभने यो रगतको रकमद्वारा खरिद गरिएको थियो भनेर मत्ती २७:८ ले भन्छ, तर यहूदाको रगत बहेको कारणले त्यसलाई **रगतको खेत** भनियो भनेर प्रेरित १ ले भन्छ। यी दुई विवरणहरूलाई एकसाथ राख्दा, त्यस जग्गालाई "रगतको खेत" भनी भनिनुको *दुई* वटा कारणहरू थिए भन्ने हामी पाउँछौं; मत्तीले एउटा कारण दिएका छन् भने लूकाले अर्को कारण दिएका छन्।

ठूलो सम्भावना बोकेको जीवनको दु:खद अन्त्यको बारेमा यी दुई परिपूरक विवरणहरूले बताउँछ। येशूलाई पक्राइदिनको लागि यहूदालाई चाँदीका तीस सिक्का दिइएको थियो (मत्ती २६:१५)—उसको **अधर्मको कमाइ**। ग्लानी भएपछि, तिनले उक्त रकम मन्दिरमा फ्याँके र आत्महत्या गर्न निस्केर गए। दोरी (वा अन्य कुनै वस्तु) मकिन्जेल वा उनको शरीर कुहिन्जेल तिनको घृणित शरीर कसैले वास्ता नगरेको अवस्थामा झुण्डिरह्यो। तिनको शव खस्यो र कुमालेको जग्गाको ढुङ्गेनी माटोमा छरियो।

"कुमालेको जमिन" (मत्ती २७:७) माटोको भाँडा बनाउने मानिसको जग्गा थियो, जुन जग्गाबाट तिनले माटोका भाँडाहरू बनाउनका लागि माटो निकाल्नेगर्थे। कुमालेले जग्गाको प्रयोग गरिसकेपछि, यो आधारभूतरूपमा काम नलाक्ने किसिमको भएको थियो; यसलाई आज खानी उत्खनन गरिएको स्थानमा हुने रोडा भएको ठाउँसँग तुलना गर्न सकिन्छ। यो, साथै यहूदाको अवशेष त्यस क्षेत्रमा छरिएको तथ्यले जग्गाको मोललाई घटाइदियो, र यसलाई चाँदीको तीस सिक्कामा किन्न सकियो। आज, दरिद्र मानिसहरूको मृत शरीरलाई गाडिने स्थानलाई प्रायजसो "कुमालेको जमिनहरू" भनिन्छ।

पद २०. अब हामी पत्रुसको शब्दहरूमा फर्कन्छौं। "धर्मशास्त्रको वचन पूरा हुनुपर्दथियो, जुन वचन येशूलाई पक्रनेहरूको अगुवा यहूदाको विषयमा दाऊदको मुखबाट अघिबाटै पवित्र आत्माले बोल्नुभएको थियो" भनेर पद १६ मा पत्रुसले भनेका थिए। आफ्नो मनमा रहेको खण्डलाई पत्रुसले २० पदमा बताएका थिए: **"किनकि भजनको पुस्तकमा यसो लेखिएको छ, 'त्यसको वासस्थान उजाड होस्, र त्यहाँ वास गर्ने कोही नहोस्, र त्यसको कार्य पदाधिकार अर्काले लिओस्।'"** पत्रुसले भजनसंग्रह ६९:२५ र भजनसंग्रह १०९:८ बाट दाऊदको शब्दहरूलाई उद्धरण गरे। भजनसंग्रहका यी दुवै खण्डले दाऊदका शक्तिशाली शत्रुहरूको बारेमा बताउँदछ, अगुवाको पदमा रहेका व्यक्तिहरूका बारेमा। यी मानिसहरू दाऊदका विरुद्धमा उठेका थिए र तिनलाई जित्ने र तिनलाई सिंहासनबाट हटाउने प्रयास गरेका थिए। यसको सट्टामा परमेश्वरले *तिनीहरूलाई* निकाल्नुभएको होस्, र तिनीहरूका स्थानमा ईश्वरीय, भरोसायोग्य अगुवाहरू आऊन् भनेर दाऊदले प्रार्थना गरे। पत्रुसले वास्तवमा यसो भने, दाऊद एक प्रकारले मसीह जस्तै थिए, त्यसकारण यहूदाले येशूलाई पक्राइदिएको घटनालाई यी

खण्डहरूले पूर्वाभासित गऱ्यो र यहूदालाई प्रतिस्थापन गरिनु आवश्यक छ।

अगमवाणीको पूर्णताको विषय एउटा जटिल विषय हो। कतिपय अगमवाणीहरूले भविष्यमा हुने घटनाको बारेमा मात्रै बताएको छ (२:१६-२१ हेर्नुहोस्)। अन्यले भविष्यमा हुने घटनाहरूको प्रकार बताएका छन् र तिनका नमूना दिएका छन् (हेर्नुहोस्: हिब्रू ८:५; १०:१)। के कुरालाई जोड दिइनुपर्छ भने अगमवाणी के हो र के होइन भनेर अनुवाद गर्ने अधिकार हामीसँग छैन, न त अगमवाणीको पूर्णता के हो भन्ने अधिकार हामीलाई छ।अर्कोतर्फ, "पवित्र आत्माले जसरी चाहनुहुन्छ त्यसरी अर्थ-अनुवाद गर्न सक्नुहुन्छ।"[3]

प्रेरितहरूमाथि पवित्र आत्मा आउनुभन्दा पहिले पत्रुसको यो अभिव्यक्ति बोलिएको हुनाले (अध्याय २), यहूदालाई प्रतिस्थापन गरिनु आवश्यक छ, र यी खण्डहरूले यहूदाको प्रतिस्थापनबारे बताउँछ भन्ने कुरा पत्रुसलाई कसरी थाहा भयो? शायद पत्रुसले एउटा विशेष प्रकाश प्राप्त गरे जसको बारेमा विवरण दिइएको छैन। पुनरुत्थानपछिको चालीस दिनको अवधिमा येशूले "धर्मशास्त्रलाई बुझ्नको निम्ति येशूले [प्रेरितहरूका] समझ खोलिदिनुभएपछि" शायद तिनले यी कुराहरू जानेका हुन् (लूक २४:४५)।

त्यसको [यहूदाको] **कार्य पदाधिकारको** सट्टामा न्यू इन्टरनेशनल भर्सन (NIV) मा "अगुवाइको त्यसको स्थान" भन्ने छ। किंग जेम्स भर्सन (KJV) मा मौलिक ग्रीक शब्दलाई लिप्यांतरण गरिएको शब्द राखी "त्यसको बिसोप्रिक (bishopric)" भन्ने लेखिएको छ, जुन ἐπίσκοπος (*एपिस्कपस, episkopos*) अर्थात् "रेखदेख गर्ने व्यक्ति" भन्ने शब्दको एउटा रूप हो। यो शब्दको ठेड अर्थ "उसको रेखदेख" भन्ने हुन्छ। सिम्पल इङ्लिस बाइबल (Simple English™ Bible) मा "रेखदेख गर्ने त्यसको काम" भन्ने छ।

मतियासको नियुक्ति (१:२१-२६)

२१"यसैकारण हाम्रा साथमा रहने मानिसहरूमध्ये यस्तो एक जना छान्नु आवश्यक छ, जुन व्यक्ति प्रभु येशू हाम्रा बीचमा रही भित्र-बाहिर गर्नुहुँदा सधैँ हामीसँग थियो, २२अर्थात् यस्तो व्यक्ति जो यूहन्नाको बप्तिस्मादेखि लिएर उहाँ हामीबाट उँभो लगिनुभएको दिनसम्म हामीसँग थियो। त्यो मानिस हामी सँगसँगै उहाँको पुनरुत्थानको साक्षी हुनुपर्छ।" २३तिनीहरूले दुई जना, अर्थात् बारसाबास भन्ने योसेफ, जसको कुलनाउँ युस्तस थियो, र मतियासको नाउँ प्रस्ताव गरे। २४तिनीहरूले यसरी प्रार्थना गरे, "सबै मानिसका हृदयको कुरा जान्नुहुने प्रभु, यी दुईमध्ये तपाईंले कसलाई चुन्नुभएको छ सो हामीलाई देखाउनुहोस्, २५र त्यो यस सेवा र प्रेरितको काममा प्रवेश गर्न सकोस्, जुन सेवाबाट यहूदा भड्केर आफ्नो निज ठाउँमा मऱ्यो।" २६अनि तिनीहरूले ती दुईका बीचमा गोला हाले, र मतियासको नाउँमा पऱ्यो, र एघार

---

[3]एन्थोनी ली ऐश (Anthony Lee Ash), *द एक्ट्स अफ द एपोस्टलस्,* पार्ट १, द लिभिङ वर्ड कमेन्ट्री, एड. इभर्रेट फर्गुसन (Everett Ferguson) (अस्टिन, टेक्सस्: स्वीट पब्लिसिङ को., १९७९), ३४।

प्रेरितहरूसँग तिनको गणना भयो।

पद २१, २२. तैपनि यहूदाको प्रतिस्थापनको लागि चाहिने योग्यताहरूको बारेमा पनि पत्रुसलाई थाहा थियो भन्ने बारेमा जानकारी आयो। (१) यहूदाको सट्टामा नियुक्त हुने **व्यक्ति** प्रेरितहरूको **साथमा** रहेको हुनुपर्नेथियो; उसलाई स्त्रीद्वारा प्रतिस्थापन गर्न सकिँदैनथियो। मूल पुस्तकमा प्रयोग गरिएको शब्द ἄνθρωπος (*अन्थ्रोपस्, anthrōpos*) भन्ने सामान्य शब्द होइन, तर ἀνήρ (*अनेयर, anēr*) भन्ने निश्चित शब्द हो—"एक पुरुष," "स्त्री" होइन। मण्डलीको सुरुवातदेखि नै पुरुषको अगुवाइलाई जोड दिइएको छ। (२) यहूदाको सट्टामा नियुक्त गरिने व्यक्तिले **येशूको** व्यक्तिगत सेवकाइको समयमा येशू र उहाँका प्रेरितहरूसँग धेरै यात्रा गरेको व्यक्ति हुनुपर्नेथियो। येशूसँग यात्रा गर्ने मानिसहरू बाह्र जना मात्रै थिएनन्; एकपटक उहाँले सत्तरी जनालाई प्रचार-यात्रामा पठाउनुभएको थियो (लूक १०:१)। अवश्य पनि, मृत्युबाट जीवित हुनुभएको व्यक्ति वास्तवमा येशू नै हुनुहुन्थ्यो, अन्य कुनै धोकेबाज होइन भन्ने तिनीहरूको साक्षीमा विश्वासनीयता दिनु यस योग्यताको उद्देश्य थियो। येशूलाई सबैभन्दा राम्ररी चिनेका व्यक्तिहरू नै तिनीहरूले देखेको व्यक्ति येशू हो कि अर्कै व्यक्ति हो त्यस कुरालाई जान्नको लागि सबैभन्दा बढी योग्य हुनेथियो। (३) यहूदाको सट्टामा नियुक्त गरिने व्यक्तिले येशूको **पुनरुत्थानको** साक्षी भएको हुनुपर्नेथियो। अर्को शब्दमा भन्दा, त्यस व्यक्तिले येशूलाई उहाँ पुनरुत्थान भएपछिको समयमा देखेको हुनुपर्नेथियो। पुनरुत्थान हुनुभएको प्रभुलाई ठूलो संख्याको मानिसहरूले देखेका थिए (१ कोर १५:६)। आजका धेरै धार्मिक समूहहरूमा, आफूहरू बाह्र जनाको अनुगामी भएको दाबी गर्ने मानिसहरू छन्। तैपनि, तिनीहरूले यी योग्यताहरूलाई पूरा गरेका हुँदैनन्।

यो प्रतिस्थापन किन **आवश्यक** थियो? प्रत्येक प्रेरितको मृत्यु भएपछि उसको निम्ति अर्को व्यक्तिलाई नियुक्त गरिनुपर्छ भन्ने कुराको प्रक्रिया सुरु गर्नको लागि यसो गरिएको थिएन। यूहन्नाको भाइ याकूबलाई मारिएपछि (१२:२), तिनको सट्टामा अर्को व्यक्तिलाई नियुक्त गरियो भन्ने कुनै पनि संकेत छैन। बरु, पत्रुसले भने कि यहूदालाई प्रतिस्थापन गर्नुपर्‍यो किनभने ऊ आफ्नो "सेवा र प्रेरितको काम" बाट "भड्केर आफ्नो" थियो (पद २५)। यहूदाको मृत्यु भएको कारणले होइन, तर तिनी भड्केर गएको कारणले तिनको सट्टामा अर्को व्यक्तिलाई नियुक्त गर्नु परेको थियो।

पवित्र आत्मा आउनुहुँदा प्रेरितहरूको संख्या बाह्र भई उनीहरूको समूह फेरि पूर्ण शक्तिमा हुन सकून् भनेर यहूदाको सट्टामा नियुक्ति गरिने कार्यलाई तुरुन्तै अघि बढाइनुपर्छ भन्ने तिनीहरूलाई लाग्यो। हामी अचम्म मान्न सक्छौं, "पेन्तिकोसको दिनमा किन *बाह्र* जना प्रेरितहरू हुनु अत्यावश्यक थियो?" एउटा अझै उपयुक्त प्रश्न हुनसक्छ, "*प्रथम कुरो* येशूले किन बाह्र प्रेरितहरूलाई छनौट गर्नुभयो—दश, पन्ध्र, वा बीसको सट्टा?" के देखिन्छ भने, इस्राएलको बाह्र कुललाई प्रतिनिधित्व गर्नको लागि येशूले बाह्र प्रेरितहरूको छनौट गर्नुभएको हो। आफ्नो व्यक्तिगत सेवकाइको अवधिमा, येशूले आफ्ना चेलाहरूलाई प्राप्त गर्ने इनामको बारेमा यो वचनद्वारा बताउनुभयो: "साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरू जो मेरो पछि लागेका छौ, नयाँ सृष्टिमा जब मानिसको पुत्र आफ्नो महिमाको सिंहासनमा बस्नेछ, तब तिमीहरू

पनि *बाह्र* सिंहासनमा बस्नेछौ, र *इस्राएलका बाह्र कुलमाथि* इन्साफ गर्नेछौ" (मत्ती १९:२८: जोड दिइएको छ)। फेरि, अन्तिम भोजको समयमा, येशूले आफ्ना चेलाहरूलाई यसो भन्नुभएको थियो:

> तिमीहरूचाहिँ मेरो परीक्षामा मलाई साथ दिनेहरू हौ। जसरी मेरा पिताले मलाई एउटा राज्य दिनुभयो, म पनि तिमीहरूलाई दिन्छु, ताकि मेरो राज्यमा तिमीहरू मेरो टेबिलमा खाने र पिउनेछौ, र *इस्राएलका बाह्रै कुलको* न्याय गरेर सिंहासनहरूमा बस्नेछौ (लूक २२:२८-३०; जोड दिइएको छ)।

यी पदहरूमा हेर्ने क्रममा, प्रेरितहरूले कसरी न्याय गरे भन्ने प्रश्नद्वारा तपाईं विचलित नहुनुहोस्। आधारभूत रूपमा, तिनीहरूले प्रचार गरेको वचनद्वारा तिनीहरूले न्याय गरे। आफूलाई इन्कार गर्नेहरूलाई आफ्नो वचनले न्याय गर्नेछ भनेर येशूले जोड दिनुभएको थियो (यूह १२:४८)। उहाँले आफ्ना प्रेरितहरूलाई प्रकट गर्नुभएको सत्यताको वचन यही थियो (यूह १६:१३ हेर्नुहोस्)। बरु, *बाह्र* कुलमाथि न्याय गर्दै *बाह्र* प्रेरितहरू *बाह्र* सिंहासनमा बस्ने बारे जोड दिइएको कुरालाई टिपोट गर्नुहोस्। राज्यको स्थापनाको समय नजिक आउँदै गरेको समयमा, प्रेरितहरूको संख्या फेरि बाह्र जना हुनु अनिवार्य थियो। राज्य/मण्डलीको स्थापना भएपछिको समयमा, प्रेरितहरूको मृत्यु भएपछि, एक हिसाबले, तिनीहरू सिंहासनमा बसेर येशूसँग राज्य गर्न थाले—र प्रभुलाई इन्कार गर्ने बाह्र कुलमाथि न्याय गर्न थाले। तिनीहरूको सट्टामा अर्को व्यक्तिलाई नियुक्ति गर्नु कुनै आवश्यक थिएन।

पद २३. यी योग्यताहरू मिल्ने दुई जना मात्रै मानिसहरू थिए भन्ने देखिन्छ: **तिनीहरूले दुई जना, अर्थात् बारसाबास भन्ने योसेफ, जसको कुलनाउँ युस्तस थियो, र मतियासको नाउँ प्रस्ताव गरे।** मानिसहरूको एउटा भन्दा बढी नाउँ हुनु सामान्य थियो। उल्लेख गरिएको पहिलो चेलाको तीन वटा फरक नाउँहरू थियो। **योसेफ** (יוֹסֵף, *योसेफ, Yosef*) उसको हिब्रू नाउँ थियो, र **युस्तस** भन्ने उसको ग्रीक नाउँ थियो। उसको अर्को नाउँ **बारसाबास** अर्थात् "साबासको छोरा" थियो। यो नाउँको अर्थ "शबाथको छोरा" भन्ने हुनसक्छ। शायद त्यस मानिसको जन्म शबाथ-दिनमा भएको कारणले उसलाई यो उपनाम दिइएको थियो। यस उपनाम भएका अर्का व्यक्तिको बारेमा १५:२२ मा उल्लेख गरिएको छ। शायद यो आम उपनाम थियो; ती दुई मानिसहरू सम्बन्धित व्यक्तिहरू थिए भनेर विश्वास गर्ने कुनै कारण छैन। प्रस्ताव गरिएको दोस्रो चेला **मतियास** थिए। तिनी सत्तरी मध्येका एक थिए भनेर मण्डली परम्पराले बताउँछ (लूक १०:१)। यो कुरा शायद सत्य हो, किनभने छनौट गरिएको व्यक्तिले येशूको सेवकाइको अवधिमा यात्रा गरेको हुनुपर्नेथियो।

धर्मशास्त्रले यी मानिसहरूका बारेमा यसभन्दा बढी केही पनि बताएको छैन, तर यी दुवै उल्लेखनीय चेलाहरू रहेका हुनसक्छन्। योसेफ बारसाबासको बारेमा धेरै परम्परागत मान्यताहरू अस्तित्वमा रहेका छन्। तिनले सर्पको विष पिए तर तिनलाई

कुनै हानी भएन भनेर एक थरीले भन्छ।[4] तिनलाई नेरोले भ्यालखानामा राखेका थिए तर पछि छाडिदिए भनेर अर्का थरीले भन्छ। तैपनि, धर्मशास्त्रले उसको बारेमा थप केही पनि बताएको छैन। तिनको बारेमा लूकाले दिएको विस्तृत पहिचानबाट हामी के निष्कर्ष निकाल्न सक्छौं भने तिनलाई बाह्रमध्ये एक जनाको रूपमा नियुक्त नगरिएको भए तापनि तिनी प्रारम्भिक मण्डलीमा प्रसिद्ध बने।

पद २४, २५. यहूदाको सट्टामा एक जना मात्रै व्यक्तिको आवश्यकता थियो र यसको निम्ति दुवै मानिसहरूको योग्यता पुगेको कारणले गर्दा, त्यस कार्यलाई परमेश्वरको हातमा सुम्पने निर्णय तिनीहरूले गरे: **तिनीहरूले यसरी प्रार्थना गरे, "सबै मानिसका हृदयको कुरा जान्नुहुने प्रभु, यी दुईमध्ये तपाईंले कसलाई चुन्नुभएको छ सो हामीलाई देखाउनुहोस्, र त्यो यस सेवा र प्रेरितको काममा प्रवेश गर्न सकोस्, जुन सेवाबाट यहूदा भड्केर आफ्नो निज ठाउँमा मऱ्यो।"** यस पुस्तकमा प्रार्थना गरेको बारे उल्लेख गरिएको यो दोस्रो पटक हो र प्रार्थनामा बोलिएका वचनहरू उल्लेख गरिएको यो पहिलो पटक हो। परमेश्वरलाई यहाँ καρδιογνώστης (*कार्डियोनोस्टेस्, kardiognōstēs*) अर्थात् मानिसको हृदयको कुरा जान्नुहुने प्रभु भनेर उल्लेख गरिएको छ। "परमप्रभुले मानिसले झैँ हेर्नुहुन्न। मानिसले रूप हेरेर विचार गर्छ, तर परमप्रभुले हृदयभित्र हेरेर विचार गर्नुहुन्छ" (१ शमू १६:७)।

यहूदाको अन्तिम गन्तव्यको घटनालाई कोमल हिसाबले उठाइएको कुरालाई ध्यान दिनुहोस्: **जुन सेवाबाट यहूदा भड्केर आफ्नो निज ठाउँमा मऱ्यो।** "आफ्नो निज ठाउँमा जानु" भन्नुको अर्थ "आफ्नो कार्यको फलस्वरूप आफूलाई सुहाउँदो ठाउँमा जानु" भन्ने हो। न्यू इन्टरनेशनल भर्सन (NIV) "उसको ठाउँ जहाँ हो त्यहाँ जानु" भन्ने छ। यहूदा आफ्नो प्रेरितीय सेवकाइबाट "भड्केर आफ्नो" कारण, यहूदाको "निज ठाउँ" के थियो त्यसबारे कुनै पनि न्यायसंगत शंका उठ्न सक्दैन। यहूदाले अवश्य पनि उद्धार पाए भनेर विचार गर्न मन पराउने केही मानिसहरू छन्। एक जना व्यक्तिले के तर्क गरेका छन् भने यहूदाले पक्राइदिन्छन् भन्नेबारे भविष्यवाणी गरिएको कारण, तिनी त्यस कामप्रति जिम्मेवार थिएनन्। तैपनि, अध्याय २ मा, पत्रुसले यहूदीहरूलाई के भनेका छन् भने येशूको मृत्युबारे भविष्यवाणी गरिएको भए तापनि, तिनीहरू यसप्रति जिम्मेवार थिए। येशूले यहूदाको विषयमा दिनुभएको अभिव्यक्तिले, यहूदाको दुर्भाग्य कस्तो रह्यो भन्ने बारेमा रहेको शंकालाई हामीबाट हटाइदिन्छ (हेर्नुहोस्: मत्ती २६:२४; यूह १७:१२)। जसको जीवनमा त्यति धेरै सम्भावनाहरू थिए उसको जीवनको अन्त्य यसरी भएको कुरा कति दु:ख लाग्दो छ।

पद २६. पतित यहूदाको स्थानमा दुईमध्ये कसलाई नियुक्त गर्ने? प्रेरितहरूमाथि त्यस बेलासम्म पवित्र आत्मा आउनुभएको थिएन, त्यसकारण तिनीहरूले परमेश्वरले गर्नुभएको छनौटलाई कसरी थाहा पाए? त्यहाँ प्रयोग गरिएको विधि चिट्ठा हाल्ने विधि हो: **अनि तिनीहरूले ती दुईका बीचमा गोला हाले।** मूल ग्रीक बाइबलमा "तिनीहरूले तिनीहरूका निम्ति गोला हाल्न दिए" भन्ने छ। किंग जेम्स भर्सन (KJV) मा "तिनीहरूले

---

[4] सी. एम. केर (C. M. Kerr), "योसेफ बारसाबास," *इन्टरनेशनल स्टयाण्डर्ड बाइबल इन्साइक्लोपेडिया,* जेन. एड. जेम्स् ओर्र (James Orr) (ग्राण्ड ऱ्यापिड्स्, मिचिगन: विलियम बी. अर्डम्यान्स पब्लिसिङ को., १९६०), १७४०।

तिनीहरूका निम्ति गोला हाल्न दिए" भन्ने छ। न्यू सेन्चुरी भर्सन (NCV) मा "तिनीहरूले गोला प्रयोग गरे" भन्ने छ। अन्य कतिपय अनुवादहरूमा "तिनीहरूले गोला लडाए" भन्ने छ। तिनीहरूका प्रक्रियाको बारेमा विभिन्न टिप्पणीहरूमा विभिन्न सुझावहरू दिइएका छन्। सुझाव दिइएका विधिहरूमा सेतो ढुङ्गाहरू र कालो ढुङ्गाहरूको विधि पनि पर्छ। यो प्रधान पूजाहारीले प्रयोग गर्ने गरेको ऊरीम र तुम्मीम जस्तै प्रक्रिया थियो भनेर अन्य सुझावहरू दिइएका छन्। यी सबै अनुमानहरू मात्रै हुन्। तैपनि, "*तिनीहरूले*... गोला हाले" भनेर धर्मशास्त्रले बताएको हुँदा, *एक* जनाले गोला लगाउने वा हाल्ने कुनै पनि विधिलाई हामी अवश्य हटाउन सक्छौं। यो प्रक्रियाको बारेमा हामी निश्चित छैनौं, तर यो आजको चिट्ठा तान्ने वा सिक्का पल्टाउने प्रचलन जस्तै लगभग थियो भनेर भन्न सकिन्छ।

यो प्रक्रियाको बारेमा हामीलाई हु-बहु रूपमा थाहा नभए तापनि, दुई वटा बुँदालाई जोड दिइनुपर्छ: (१) "तिनीहरूले ... गोला हाले" भन्नुको अर्थ उपस्थित व्यक्तिहरूले ती दुई जना व्यक्तिको निम्ति *चुनाव गरे* भन्ने होइन। यी मानिसहरूको हृदयलाई परमेश्वरले मात्रै जान्नुहुन्थ्यो; चेलाहरूले जान्दैनथिए। (२) "तिनीहरूले ... गोला हाले" भन्नुको अर्थ उपस्थित व्यक्तिहरूले उक्त समस्यालाई *भाग्य* वा *संयोगको* हातमा छाडिरहेका थिए भन्ने होइन। बरु, तिनीहरूले निर्णयलाई *परमेश्वरको* हातमा राखिरहेका थिए।

यहूदाको सट्टामा अर्को व्यक्ति नियुक्त गर्ने कार्य येशूले प्रेरितहरूको "समझ खोलिदिनुभएको" कार्यको भागको रूपमा रहेको हुनुपर्छ भन्ने कुराको सम्भावना पहिले नै प्रस्तावित गरिएको छ (लूक २४:४५)। शायद येशूले तिनीहरूलाई प्रयोग गर्ने प्रक्रिया पनि दिनुभएको थियो, अथवा शायद यो विधि प्रेरितहरूका निम्ति परिचित भएको कारण तिनीहरूले यो अपनाए। पुरानो करारको समयमा गोला हाल्ने प्रचलन सामान्य थियो (लेवी १६:८; गन्ती २६:५६)। पूजाहारीले कुन कार्य गर्ने त्यस कुरालाई निर्धारण गर्नका लागि प्रेरितहरूको पालामा समेत यो विधिलाई प्रयोग गरिन्थ्यो (लूक १:९)। पुरानो करारले भनेको छ, "चिट्ठा त हालिन्छ, तर त्यसको प्रत्येक निर्णय परमप्रभुबाट नै हुन्छ" (हितो १६:३३)। पवित्र आत्मा आउनुभएपछि, परमेश्वरको इच्छालाई पक्का गर्नका लागि इसाईहरूले यो विधि फेरि कहिल्यै पनि प्रयोग गरेनन्। यो "पुरानो व्यवस्थाको अन्तिम प्रयोग थियो।"[5] प्रारम्भिक मण्डलीमा तिनीहरूले यस विधिद्वारा एल्डरहरू र डिकनहरूलाई नियुक्त गरेनन् (६:१-६; १ तिमो ३:१-१३; तीत १:५-९)। सैद्धान्तिक विषयहरूलाई तिनीहरूले यस तरिकाद्वारा मिलाएनन् (१५:१-३१)। अध्याय १ मा, परमेश्वरको इच्छालाई थाहा पाउनको लागि "गोला हाले" कार्य एउटा अस्थाई, र परमेश्वरले स्वीकृती दिनुभएको प्रक्रिया थियो; आज यसो गरिएमा यो अन्धविश्वास हुनेछ।

दुईमध्ये कसलाई परमेश्वरले छनौट गर्नुभयो? **र मतियासको नाउँमा पऱ्यो, र एघार प्रेरितहरूसँग तिनको गणना भयो।** परमेश्वरले आफ्नो छनौट गर्नुभएको थियो। **मतियास** बाह्रौं प्रेरित बने। अनौठो कुरा के छ भने, मतियासलाई छनौट गरेर प्रेरितहरूले

---

[5]रिक एच्ले (Rick Atchley), "पासा प्रयोग गर्न राम्रो छ?" ("Is It Nice to Use Dice?") साउथर्न हिलस् चर्च अफ क्राइष्ट, एबिलेने, टेक्सासमा, १६ सेप्टेम्बर १९८४ मा प्रचार गरिएको प्रवचन।

गल्ती गरे भनेर कतिपयले विश्वास गर्छन्। परमेश्वरले बाह्रौं प्रेरितको रूपमा पावललाई छान्ने अभिप्राय राख्नुभएको थियो भनेर तिनीहरू दाबी गर्छन्। तैपनि, पत्रुसले अघि सारेका योग्यताहरू पावलले पूरा गरेका थिएनन्। तिनले येशू र उहाँका चेलाहरूसँग यात्रा गरेका थिएनन्। पावलले आफ्नो पत्रहरूको प्रारम्भिक शब्दहरूमा जोड दिएझैं तिनी एक प्रेरित *थिए*। त्यो बाहेक, तिनी एक *विशेष* प्रेरित थिए—अन्यजातिहरूका निम्ति चुनिएका प्रेरित। त्यो घटना भएको कम्तीमा तीस वर्षपछि र पावल एक प्रेरित बनेको धेरै समयपछि प्रेरित १ लेखिएको हुनाले, यस कार्यमा गल्ती गरिएको भए त्यसलाई लूकाले सहजै टिपोट गर्नसक्थे। यस कार्यमा कुनै गल्ती भएको थिएन। मतियासलाई एघारमा संलग्न गरियो; तिनी "तिनीहरूमध्येका एक," अर्थात् बाह्र मध्येका एक बने।

नयाँ करारमा फेरि मतियासको बारेमा उल्लेख गरिएको छैन, तर हाम्रो अध्ययनको क्रममा हामीले प्रत्येक पटक "प्रेरितहरू" भनी पढ्दा, मतियास पनि त्यस समूहमा उपस्थित थिए। पुरानो कथा अनुसार, तिनी इथियोपियामा प्रचार गर्न गए र तिनलाई त्यहाँ कैदी बनाई अन्धा तुल्याइयो। अर्को कथा अनुसार, मतियासलाई दमस्कसमा पठाइयो र पछि यहूदियाको सहर, फलायोनमा तिनको मृत्यु भयो।[6] यी कथाहरू साँचो भए पनि वा नभए पनि, अरू सबै प्रेरितहरूजस्तै तिनी पनि "यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म" येशूको साक्षी भए (पद ८)।

पूर्ण संख्या बाह्रै जनालाई प्रेरितीय पदमा पुर्नस्थापना गरियो। फेरि पनि प्रेरितहरूलाई "बाह्र" भनी चिनियो (६:२ हेर्नुहोस्)। तयारीको काम पूरा भयो। सबै कुरा तयार भएको थियो। अब आत्माको आगमनको समय भएको थियो।

प्रयोग

राज्य/मण्डलीको स्थापना (अध्याय १; २)

मण्डली/राज्य अस्तित्वमा आउनुको उद्देश्य थियो। अनन्तदेखि नै, परमेश्वरको योजना र उद्देश्यभित्र यो अस्तित्वमा थियो (एफि ३:१०, ११ हेर्नुहोस्)।

यो प्रतिज्ञामा रहेको थियो। पुरानो करारभरि, अगमवाणी र प्रतिज्ञाभित्र राज्य/मण्डली अस्तित्वमा रहेको थियो। पछिल्ला दिनमा परमप्रभुको घर बसालिनेछ र परमप्रभुको वचन यरूशलेमबाट निस्कनेछन् भनेर यशैयाले भनेका थिए (यशै २:२, ३); पावलले परमप्रभुको घरलाई मण्डलीको रूपमा परिचित गरेका छन् (१ तिमो ३:१५)। रोमी साम्राज्यको युगमा परमेश्वरको राज्य स्थापना हुनेछ भनेर दानिएलले अगमवाणी गरेका थिए (दान २:४४)।

तयारीभित्र यो अस्तित्वमा रहेको थियो। ख्रीष्टले रोमी साम्राज्यको पालामा आफ्नो सेवकाइको सुरुवात गर्नुभयो। उहाँको व्यक्तिगत सेवकाइको अवधिमा, राज्य/मण्डलीको अस्तित्व तयारीभित्र रहेको थियो। राज्य "नजिकै ... छ" वा लगभग

---

[6]सी. एम. केर (C. M. Kerr), "मथियास," *इन्टरनेशनल स्टयाण्डर्ड बाइबल इन्साइक्लोपेडिया,* जेन. एड. जेम्स् ओर्र (James Orr) (ग्राण्ड र्‍यापिड्स्, मिचिगन: विलियम बी. अर्डम्यान्स पब्लिसिङ को,. १९६०), २०१२।

आइसकेको छ भनेर येशू र बप्तिस्मा-दिने यूहन्ना दुवैले प्रचार गर्नुभयो (मत्ती ४:१७; ३:१, २)। आफ्नो राज्य एउटा आत्मिक राज्य हुनेछ भनी येशूले जोड दिनुभयो (यूह १८:३६) र "राज्य" र "मण्डली" भन्ने शब्दहरूलाई पार्यवाची शब्दको रूपमा प्रयोग गर्नुभयो (मत्ती १६:१८, १९)।

आफ्नो राज्य "शक्तिमा" आउनेछ भनी येशूले भन्नुभयो (मर्कू ९:१)। उहाँको पुनरुत्थानपछि, उहाँले आफ्ना चेलाहरूलाई पवित्र आत्मा आउनुभएपछि उक्त शक्ति आउनेछ र यरूशलेममा सुरु गरेर तिनीहरू उहाँको साक्षी बन्नेछन् भनेर भन्नुभएको थियो (पद ८)। शक्तिको आगमन भइञ्जेलसम्म तिनीहरूले यरूशलेममा पर्खनु पर्नेथियो; त्यसबेला "यरूशलेमबाट सुरु गरेर" पाप क्षमाको निम्ति पश्चात्तापको सुसमाचार प्रचार गरिनेवाला थियो (लूक २४:४५-४९)।

यो शक्तिमा अस्तित्वमा थियो, र यही अवस्थामा यसको अस्तित्व रहिरहेको छ। ख्रीष्टको मृत्यु, गडाइ, र पुनरुत्थानपछि पेन्तिकोसको पहिलो दिनमा पवित्र आत्मा आउनुभयो (२:१-४)। शक्ति आयो; तसर्थ राज्य/मण्डलीको स्थापना भयो।

सुसमाचार प्रचारको सुरुवात यरूशलेममा हुनेछ भनेर यशैया र येशूले भविष्यवाणी Annapurna SIL Nepal गर्नुभएको थियो (२:२९-३८)। विश्वास गरी, पश्चात्ताप गरेर बप्तिस्मा लिने मानिसहरूलाई राज्य/मण्डलीमा संलग्न गरियो (२:४१, ४७; किंग जेम्स भर्सन [KJV]) त्यो समयदेखि, अस्तित्वमा रहेको कुराको रूपमा राज्य/मण्डलीलाई उल्लेख गर्न थालियो (५:११; ८:१, ३; कल १:१३; हिब्रू १२:२८; प्रका १:६)।

ख्रीष्टले अब स्वर्गमा आफ्नो राज्यमा शासन गरिरहनु भएको छ, र उहाँले आफ्ना विश्वासी अनुयायीहरूलाई उहाँसँगै स्वर्गमा लैजानको लागि समयको अन्त्यमा (१ कोर १५:२४-२७) नआउञ्जेल राज्य गरिरहनु हुनेछ (यूह १४:१-३)।

तयारी (१:१-११)

परमेश्वरको कार्य गर्नको निम्ति पर्याप्त तयारी गर्नुको महत्त्वलाई हामीले सिक्नै पर्छ। राज्य र पवित्र आत्माको आगमनको लागि येशूले आफ्ना प्रेरितहरूलाई तयारी गर्नुभयो। आफ्नो सेवकाइको अवधिमा, येशूले आफ्ना चेलाहरूलाई "सीमित आज्ञा" दिएर पठाउनुभई शिक्षा दिन र सुसमाचार प्रचार गर्न तिनीहरूलाई सिकाउनुभयो (लूक १०:१-२४)। उहाँले आफ्ना जनहरूलाई निर्देशन दिएर आफ्नो आइरहेको मृत्युको निम्ति पनि तयारी गर्नुभयो (मत्ती २०:१७-१९)। मिसन कार्य, सुसमाचार सम्बन्धी सभाहरू, र व्यक्तिगत कार्यको निम्ति हामीलाई आफूलाई र अरूलाई पर्याप्त रूपमा तयारी गर्नुपर्छ। चेलाहरूलाई तालिम दिनको निम्ति महत्त्वपूर्ण कुरा तयारी हो।

घोषणा (१:८)

येशूले आफ्ना प्रेरितहरूलाई सारा संसारमा उहाँको साक्षी हुनको निम्ति तयारी गर्नुभयो। हामीले बौरी उठ्नुभएको प्रभुलाई (प्रतक्षदर्शीको रूपमा) भौतिक रूपमा नदेखेको भए तापनि, हामी उहाँको वचनको शक्तिले परिवर्तन भएका छौं। आज इसाईहरूको निम्ति सबैभन्दा ठूलो आवश्यकता भनेको आफ्नो विश्वासलाई निर्धक्क रूपमा घोषणा गर्नु हो—घरमा र घरभन्दा बाहिर। काम पूरा गर्नको लागि गरिने तयारीको एउटा अत्यावश्यक भाग भनेको चुनौतीलाई पहिचान गर्नु हो र परमेश्वरको

इच्छालाई महसुस गरिएमा उहाँले जे भन्नुभएको छ त्यो कार्य गर्नको निम्ति हामीलाई सशक्त तुल्याउँछ। प्रेरितहरूसँग जस्तो हामीसँग आश्चर्यकर्म गर्ने शक्ति नहुन सक्छ, तर "हामीभित्र काम गर्ने ... शक्ति" हामीमा हुन्छ (एफि ३:२०)।

प्रेरित १ को विषयमा रिक आच्ले (Rick Atchley) को "भिन्नताको साक्षी दिनु" ("Witnessing the Difference") भनिने एउटा प्रवचन छ। उक्त प्रवचनले पहिलो शताब्दीको इसाईहरूको सुसमाचारीय आत्मा र आजका इसाईहरूले प्रायजसो प्रदर्शन गर्ने गरेको स्वभावबीच भिन्नता छुटाएको छ। तिनीहरूको भिन्नता भनेको *विश्वास* हो। उक्त प्रवचनले तीन वटा बुँदाहरूलाई अघि सारेको छ: (१) येशू *बौरी उठ्नुभएको* हो भन्नेमा तिनीहरूले विश्वास गरे; यसले तिनीहरूलाई एउटा *सन्देश* प्रदान गऱ्यो। (२) येशूले *शासन गरिरहनुभएको छ* भनेर तिनीहरूले विश्वास गरे; यसले तिनीहरूलाई एउटा *मिसन* प्रदान गऱ्यो। (३) येशू *आउनुहुनेछ* भनेर तिनीहरूले विश्वास गरे; यसले तिनीहरूलाई *प्रेरणा* प्रदान गऱ्यो।

मिसन मानसिकताको विकास गर्नु (१:८)

ख्रीष्टले प्रेरितहरूलाई दिनुभएकै मिसन रणनीतिलाई नै आज उहाँको मण्डलीमा प्रयोग गरिनुपर्छ: यरूशलेममा सुरु गरे (हाम्रो गृह-नगरमा), यहूदिया र सामरियामा गए (हाम्रो देशमा), र त्यसपछि "पृथ्वीका कुना-कुनासम्म" (संसारभरि)। के हामी हाम्रो समुदाय, राष्ट्र, र संसारका हराएका आत्माहरूका निम्ति चासो राख्छौं? कतिपय मानिसहरू स्थानीय र राष्ट्रिय कामप्रति निकै चासो राख्छन्, तर संसारका अन्य राष्ट्रहरूका निम्ति निकै कम चासो देखाउँछन्। तिनीहरू यसो भनी प्रश्न गर्छन्, "यहाँ हाम्रै देशमा धेरै आत्माहरू हराएका छन् भने विदेशी मिसनेरीहरूका निम्ति रकम पठाएर पैसा किन खर्च गर्नु?" वास्तवमा किन? हामी यसो भनेर पनि प्रश्न गर्न सक्छौं, "हाम्रै क्षेत्रमा धेरै मानिसहरूले उद्धार पाएका छैनन् भने हाम्रो देशभरि सुसमाचार प्रचार गर्नको लागि किन रकम पठाउने?" अथवा "हाम्रै सहरमा धेरै मानिसहरूले उद्धार पाएका छैनन् भने हाम्रो देशभरि सुसमाचार प्रचार गर्नको निम्ति रकम पठाउने?" अथवा "*मलाई* अत्यन्तै खाँचो परेको बेला यो सहरमा सुसमाचार प्रचार गर्नको लागि किन रकम पठाउने?" यसको उत्तर सरल छ: किनभने हामी *इसाई* हौ, त्यसैले।

धैर्यता (१:१३, १४)

मन्दिर र माथिल्लो तलाको कोठामा समय बिताउने क्रममा, प्रेरितहरूले तयारीको सबैभन्दा कठिन भागको सामना गरिरहेका थिए: *प्रतीक्षा गर्नु*। हामीमध्ये धेरैलाई प्रतीक्षा गर्नु मन पर्दैन। तयारीको लागि समय लाग्छ, तर यसले लिने समयप्रति हामीमध्ये धेरै जना उत्साहित हुँदैनौं। हामी सबैले यो पाठ सिक्नुपर्ने आवश्यक छ। "परमप्रभुको प्रतीक्षा गर। बलिया होऊ, र तिम्रो हृदय साहसिलो होस्, र परमप्रभुकै प्रतीक्षा गर" (भज २७:१४)। जब हामीले "प्रभुको प्रतिक्षा" गर्नुपर्छ, हामी र परमेश्वरको बीचमा, र हामी र ख्रीष्टमा हाम्रा दाजुभाइ बीचमा सबै कुरा ठीक छ भन्ने कुरालाई सुनिश्चित गरी समय बिताउने बाहेक अन्य कुनै उत्तम तरिका छैन।

विश्वासघात (१:१८, १९)

यहूदाले आत्महत्या गरेको बारे लूकाले दिएको चित्रात्मक विवरण कुरूप, तथा घृणास्पद समेत छ—अवश्य पनि जानी-जानी त्यस्तो व्याख्या दिइएको हो। प्रभुलाई धोका दिने कार्यको कुरूपता र त्यस धोकाको परिणामको बारेमा इसाईहरूले जानेका होऊन् भन्ने चाहना लूकाको थियो।

परमेश्वरको इच्छालाई खोजी गर्नु (१:२६)

आज परमेश्वरको इच्छालाई पक्का गर्नको लागि हामी पवित्र-आत्माद्वारा प्रेरणाप्राप्त वचनमा जान्छौं। परमेश्वरको वचनमा स्पष्ट रूपमा नबताइएका विषयहरूमा हामीले निर्णय गर्नु पर्ने भएमा समेत, उहाँको इच्छा थाहा पाउने विषयमा परमेश्वरद्वारा स्वीकृतीप्राप्त तरिकाहरू छन्, जस्तै परिपक्व इसाई साथीहरूसँग कुराकानी गर्नु वा "खुला ढोकाहरू" हेर्ने (१ कोर १६:९)। महत्त्वपूर्ण निर्णयहरूलाई संयोग तथा परिस्थितिको हातमा सुम्पिनु (जस्तै गोला हल्नु, इत्यादि) भनेको निर्णयहरू गर्ने हाम्रो जिम्मेवारीहरूबाट भाग्न खोज्ने प्रयास गर्नु हो।

प्रेरित अध्याय २

मण्डलीको स्थापना भयो

शक्ति आयो (२:१-१३)

आत्माको बप्तिस्मा (२:१-४)

[१]जब पेन्तिकोसको दिन आयो, तिनीहरू सबै एकै ठाउँमा भेला भएका थिए। [२]अनि स्वर्गबाट अचानक ठूलो बतासको झोक्काजस्तै एउटा आवाज आयो, र तिनीहरू बसेको पूरा घरै भरिदियो। [३]आगोका जिब्राहरूजस्ता तिनीहरूकहाँ देखा परे, र भाग-भाग भएर तिनीहरू हरेकमाथि बसे। [४]अनि तिनीहरू सबै जना पवित्र आत्माले भरिए, र पवित्र आत्माले तिनीहरूलाई दिनुभएको उच्चारणबमोजिम तिनीहरू अन्य भाषाहरूमा बोल्न लागे।

बाइबलका कयौं अध्यायहरू यति महान छन् कि तिनीहरूको महानतालाई व्यक्त गर्ने हाम्रो क्षमतामा तिनीहरूले चुनौती दिन्छ। यीमध्ये केही हुन्, उत्पत्ति १, यशैया ५३, रोमी ८, १ कोरिन्थी १५, र हिब्रू ११। प्रेरित २ पनि एउटा महान अध्याय हो। जे. डी. बेल्स (J. D. Bales) ले यस अध्यायमा आधारित, *द हब अफ द बाइबल (The Hub of the Bible)* अर्थात् बाइबलको केन्द्र नामको एउटा सिङ्गो पुस्तक लेखेका छन्।

प्रेरित २ ले ख्रीष्टको पुनरुत्थानपछिको पहिलो पेन्तिकोसको बारेमा बताउँछ। चाडको त्यस दिनमा के भयो र त्यसपछि तुरुन्तै कस्ता घटनाहरू घटे भन्ने कुराहरूलाई यसले व्याख्या गरेको छ: मण्डलीको स्थापना भयो, सुसमाचारलाई यसको पूर्णतामा पहिलो पटक प्रचार गरियो, र मानवताको एउटा नयाँ वर्ग अस्तित्वमा आयो—"ख्रीष्टियान" भनी चिन्न थालिएका मानिसहरू (११:२६)। त्यो दिन परमेश्वरको अनन्त योजना तथा उद्देश्यहरूको चरम विन्दु थियो (एफि ३:१०, ११)।

प्रेरित २ मा घटेका घटनाहरू अगमवाणीको पूर्णता थिए। यशैया २ मा पहिले प्रयोग गरिएका केही कुञ्जी शब्दहरूलाई याद गर्नुहोस्। त्यो अध्यायले मसीहको राज्यको स्थापनाको बारेमा बताउँछ:

> *पछिल्ला दिनमा* परमप्रभुको मन्दिर बसालिएको पर्वत सबै पर्वतहरूभन्दा मुख्य रूपमा स्थापना हुनेछ .... र *सबै जातिहरू* त्यहीँ ओइरिएर आउनेछन् .... व्यवस्था सियोनबाट र परमप्रभुको वचन *यरूशलेमबाट* निस्कनेछन् (पद २, ३; जोड दिइएको छ)।

पुनरुत्थानपछि आफ्ना चेलाहरूसँग कुराकानी गर्ने क्रममा येशूले यशैयाको

शब्दावलीको प्रयोग गर्नुभयो:

> यसो लेखिएको छ, कि ख्रीष्टले दु:ख भोग्नु र तेस्रो दिनमा मृतकबाट जीवित हुनुपर्छ, अनि *यरूशलेमबाट सुरु गरेर सबै जातिहरूलाई* उहाँको नाउँमा पश्चात्ताप र पाप-क्षमाको प्रचार हुनुपर्छ (लूक २४:४६, ४७; जोड दिइएको छ)।

येशूको स्वर्ग आरोहण हुनुभन्दा ठीक पहिले, उहाँले प्रेरितहरूलाई पवित्र आत्माको प्रतिज्ञाको लागि *यरूशलेममा* प्रतिक्षा गर्न आज्ञा दिनुभयो (१:४, ५)। *यरूशलेममा* सुरु गरेर "पृथ्वीको अन्तिम" तिनीहरू उहाँको साक्षी हुनुपर्नेछ भन्ने कुरालाई उहाँले जोड दिनुभयो (१:८)। येशूको स्वर्ग आरोहण भएपछि, चेलाहरू *यरूशलेममा* फर्के (लूक २४:५२, ५३; प्रे १:१२, १३) र तिनीहरूमाथि पवित्र आत्मा आउनुहुँदा तिनीहरूले त्यहीँ पर्खिरहेका थिए (२:१-४)।

प्रेरित ११ मा पत्रुसले प्रेरित २ को घटनाहरू "सुरुवात" थिए भनी जोड दिएका छन्। कर्नेलियसको घरपरिवारलाई के भएको थियो त्यस बारेमा व्याख्या गर्ने क्रममा तिनले यसो भने, "जब मैले बोल्न थालें, तब *सुरुमा* हामीमाथि ओर्लनुभएकोजस्तै पवित्र आत्मा तिनीहरूमाथि पनि ओर्लनुभयो" (११:१५; जोड दिइएको छ)। अध्याय २ को पेन्तिकोसको घटना *यरूशलेममा सुरु भएको* घटना थियो भन्ने कुरा स्पष्ट छ। यशैया, येशू र अन्य व्यक्तिहरूले भविष्यवाणी गरेका घटनाहरू नाटकीय रूपले पूरा भएको कुरा हामी यस अध्यायमा देख्न सुरु गर्छौं।

"पछिल्ला दिनमा" "परमप्रभुको भवन" सियोन अर्थात् यरूशलेममा बसालिनेछ भनी यशैयाले भनेका थिए (यशै २:२, ३)। पावलले पछि परमेश्वरको "घर" (किंग जेम्स भर्सन [KJV]) वा "परिवार" (न्यू अमेरिकन स्टयाण्डर्ड बाइबल [NASB]) लाई मण्डलीको रूपमा परिचित गरे (१ तिमो ३:१५)। आफ्नो सांसारिक जीवनको अवधिमा, येशूले यो ईश्वरीय स्थापनालाई "राज्य" भनी भन्नुभयो। तैपनि, शब्दहरूलाई पार्यवाची शब्दको रूपमा प्रयोग गर्दै उहाँले राज्यलाई मण्डली भनेर पनि परिचित गर्नुभयो (मत्ती १६:१८, १९)। राज्य/मण्डली "शक्तिमा" आउनेछ भनी येशूले जोड दिनुभयो (मर्कू ९:१)। स्वर्ग आरोहण हुनुभन्दा पहिले, उहाँले आफ्ना प्रेरितहरूलाई तिनीहरूमाथि पवित्र आत्मा आउनुभएपछि तिनीहरूले शक्ति प्राप्त गर्नेछन् भनी भन्नुभयो (१:८)। अध्याय २ मा, प्रभावशाली ढङ्गले शक्ति आयो।

राज्य/मण्डलीको सुरुवात बाहेक, अध्याय २ को प्रारम्भिक पदहरूले प्रेरितीय शक्तिको सुरुवातको बारेमा बताउँछ। येशूले प्रेरितहरूलाई तिनीहरूले पवित्र आत्माको बप्तिस्मा प्राप्त गर्नेछन् र तिनीहरूमाथि पवित्र आत्मा आउनुभएपछि "*शक्ति* पाउनेछौ" भनी प्रतिज्ञा गर्नुभएको थियो (१:५, ८)। "बप्तिस्मा" को ठेड अर्थ "डुबाउनु" भन्ने हुन्छ। प्रेरितहरू आत्माको शक्तिमा *डुबे*। मरणशील मानिसले कहिल्यै प्राप्त नगरेको ठूलो मात्रामा प्रेरितहरूले पवित्र आत्माको आश्चर्यकर्म गर्ने शक्ति प्राप्त गरे। त्यसपछिका अध्यायहरूमा, तिनीहरूले गरेका प्रेरणाप्राप्त प्रचार बाहेक, हामी बिरामीहरूलाई चङ्गाइ गरिएको, दुष्ट आत्माहरूलाई धपाइएको लगायत मृतकलाई जीवित पारिएका घटनाहरू समेत देख्छौं (५:१२-१६; ९:३६-४१)।

पद १। पहिले, यस घटना घटेको दृश्यलाई विचार गरौं। **पेन्तिकोसको दिन** यहूदीहरूका मुख्य तीन वटा चाडहरू मध्येको एउटा चाड थियो: निस्तार-चाड (अप्रिल

महिनाको मध्यतिर), पेन्तिकोसको दिन (जुन महिनाको सुरुतिर), र छाप्रो-वासको चाड (अक्टोबर महिनामा) (२ इति ८:१२, १३)। अन्य कैयौं साना चाडहरू पनि थिए, जस्तै पूरीमको चाड (एस ९:२९-३२)।

पुरानो करारमा पेन्तिकोसको दिनको धेरै नामहरू थिए। यसलाई साताहरूको चाड भनिन्थ्यो (प्रस ३४:२२; गन्ती २८:२६; व्य १६:१०; २ इति ८:१३) किनभने निस्तार-चाडपछि सात हप्तामा यो चाड पर्थ्यो (लेवी २३:१५; व्य १६:९)। यसलाई कटनी-चाड भनेर चिनिन्थ्यो (प्रस २३:१६) किनभने जौको कटनी समाप्त भएको बेला यो चाड मनाइन्थ्यो। र यसलाई अगौटे फलको दिन भनेर उल्लेख गरिन्थ्यो (प्रस २३:१६; गन्ती २८:२६) किनभने त्यस दिन गहुँ कटनीको अगौटे फल चढाइन्थ्यो (प्रस ३४:२२)। त्यस दिनको सबैभन्दा महत्त्वपूर्ण संस्कार भनेको दुई वटा रोटी चढाउने कार्य थियो।

महान अलेक्जेन्डरको विजयपछि, ग्रीक भाषा विदेशतिर फैलियो। यो चाडलाई "पेन्तिकोस" भन्ने ग्रीक नामबाट चिन्न थालियो। पुरानो करारमा यो चाडलाई पेन्तिकोसको चाड भनेर कहिल्यै पनि उल्लेख गरिएको छैन। यसलाई यो नाउँद्वारा २ मकाबीमा उल्लेख गरिएको छ, जुन मध्यकरारीय अवधिमा लेखिएको अनुत्प्रेरित पुस्तक हो। यस चाडलाई नयाँ करारमा पेन्तिकोसको चाड भनी तीन पटक उल्लेख गरिएको छ: प्रेरित २:१; २०:१६; १ कोरिन्थी १६:८। पेन्तिकोसको अर्थ "पचासौं" भन्ने हुन्छ। २:१ मा प्रयोग गरिएको शब्द πεντηκοστή (*पेन्तेकस्ते, pentēkostē*) हो, जसको ठेड अर्थ "पचासौंको" भन्ने हुन्छ। यो निस्तार-चाडको पचासौं दिनपछि मनाइन्थ्यो भन्ने कुरालाई यसले संकेत गर्छ (लेवी २३:१६)।[1]

शारीरिक रूपमा सक्षम सबै यहूदी पुरुषहरू यी चाडहरूमा यरूशलेममा आउँछन् भन्ने अपेक्षा गरिन्थ्यो त्यसकारण (प्रस ३४:२३), संसारको चारै दिशाबाट यहूदीहरू त्यहाँ आउँथे। प्रेरित २ को समय सम्ममा, यहूदीहरू संसारको कुना-कुनामा छरपष्ट भएका थिए। यदि कुनै यहूदी पुरुष नब्बे दिनमा यात्रा गर्न सक्ने क्षेत्रभित्र बसोवास गर्छ भने, ऊ यी चाडहरूमा आउँछ भन्ने अपेक्षा गरिन्छ भनी यहूदी शिक्षकहरूलाई उर्दी जारी गरेका थिए। हजारौं यहूदीहरू यरूशलेममा ओइरिने निस्तार-चाडको समयलाई परमेश्वरले येशू क्रूसमा टाँगिने समयको रूपमा छनौट गर्नुभएको थियो। परमेश्वरले अर्को ठूलो चाड, पेन्तिकोसको चाडलाई आफ्नो राज्य स्थापना गर्ने र पुनरुत्थान हुनुभएको प्रभुको प्रचारलाई अघि बढाउने समयको रूपमा छनौट गर्नुभयो। शायद पेन्तिकोसको चाडमा निस्तार-चाडको समयमा भन्दा बढी मानिसहरू यरूशलेममा उपस्थित थिए किनभने यात्रा गर्नको लागि राम्रो परिस्थिति जुन महिनामा हुन्छ।

पेन्तिकोसको दिन विश्राम र उत्सवको दिन थियो। रङ्गीचङ्गी, विभिन्न देशको वस्त्र

---

[1]पछिल्ला वर्षहरूमा, यहूदीहरूले सीनै पर्वतमा व्यवस्था दिइएको उपलक्ष्यमा यही दिन चाड मनाउँथे। प्रस्थान १९:१ अनुसार, मिश्रमा मनाइएको पहिलो निस्तार-चाडपछि व्यवस्था दिइएको घटना निस्तार-चाडदेखि पेन्तिकोससम्मको पचास दिनपछि घटेको थियो। त्यसपछिका वर्षहरूमा, प्रेरितीय मण्डलीले "विशेष पवित्र दिनहरू" को संख्यालाई बढाएपछि, यसले पेन्तिकोसको दिनलाई "विटसण्डे" (ह्वाइट सण्डे अर्थात् सेतो आइतबार) वा "विटसण्टाइड" (ह्वाइट सण्डे टाइड, अर्थात् सेतो आइतबारको समय) भन्दै मनाउन थाले। त्यस दिन तिनीहरूले सेता वस्त्र लगाएर बप्तिस्मा लिन्थे। त्यस्तो कार्य गर्नुपर्छ भनेर नयाँ करारले स्वीकृती दिंदैन (गला ४:९-११) ।

लगाएका ठूला भीडहरू यरूशलेमको साँघुरो सडकहरूबाट अघि बढ्ने क्रममा तिनीहरू बिदा र रमझमको मानसिकतामा अघि बढिरहेका हुनुपर्छ। अध्याय २ को सुरुवात यो दृश्यबाट भएको छ।

पद २. यो दृश्य कति उत्साहित दृश्य रहेको थियो होला! अचानक **ठूलो बतासको झोक्काजस्तै** एउटा **आवाज** *सुनियो*। यो वास्तविक बतास थिएन—हावामा कुनै हलचल थिएन—तर बतासको झोक्काजस्तै आवाज थियो। यस आवाजले **तिनीहरू बसेको पूरा घरै भरिदियो** । के सम्भावना छ भने यो "घर," "माथिल्लो तला" भएको घर थियो (१:१३), तर यसले मन्दिरलाई जनाउने सम्भावना अझै बढी छ। स्तिफनसले पछि आफ्नो प्रवचनमा मन्दिरलाई "भवनचाहिँ" भनी उल्लेख गरेका छन् (७:४७)। प्रेरितहरू अन्यजातिहरूको चोकमा रहेका भवनहरूमा बसेका हुनसक्छन्। आफ्नो सेवकाइको अवधिमा येशू मन्दिर जानुभएको बेला, "उहाँ *बस्नुभयो,* र तिनीहरूलाई शिक्षा दिनुभयो" (यूह ८:२; जोड दिइएको छ)। यदि प्रेरितहरू माथिल्लो तलाको कोठामा भएको बेला तिनीहरूले पवित्र आत्माको बप्तिस्मा पाएका हुन् भने, यसको परिदृश्य जटिल बन्छ: भेला भएका भीडको लागि एउटै मात्र पर्याप्त स्थान भएको स्थान मन्दिरमा प्रेरितहरू आउनुपर्नेथियो—र के भएको थियो सो विषयमा सुनाउनुपर्नेथियो। अर्कोतर्फ, यदि २:१-४ मा उल्लेख गरिएको घटना अन्यजातिहरूको चोक *मा* भएको हो भने, यसको परिदृश्य सरल बन्छ: *तुरुन्तै* "आश्चर्यचकित भए, ... अचम्म माने" (पद ६, ७) का भीडहरूलाई प्रचार गर्नका निम्ति पवित्र आत्माले भरिएका प्रचारकहरू पहिले नै त्यहाँ उपस्थित भइसकेका थिए।

प्रतिज्ञाको आगमनको निम्ति प्रतीक्षा गर्ने क्रममा, प्रेरितहरूले "अनि तिनीहरू परमेश्वरको प्रशंसा गर्दै *मन्दिरमा* निरन्तर रहन लागे" (लूक २४:५३; जोड दिइएको छ)। भीडको ध्यानाकर्षण गर्नको लागि हावा नचलेको भए तापनि मन्दिरलाई तूफानको आवाजले भर्नुभन्दा अर्को कुनै उत्तम तरिकाको बारेमा सोच्नु कठिन छ ... वा बाह्र चेलाहरूलाई भीडको बीचमा पृथक रूपले उभाउनुका लागि तिनीहरूका शिरमाथि चम्किरहेका आगोका जिब्रा राख्नुभन्दा अन्य कुनै तरिका त्यत्तिको प्रभावकारी हुनेथियो ... अथवा मानिसहरूका हृदय तयारी गर्नका लागि, उपस्थित भएका मानिसहरूका मातृ भाषाहरूमा "परमेश्वरका महान् कार्यहरूको" बारेमा प्रचार गर्नु जत्तिको प्रभावकारी तरिका अरू हुनेथिएन (पद ११)।

पद ३. एउटा स्मरणीय घटनाको *अवलोकन गरियो*: **आगोका जिब्राहरूजस्ता** तिनीहरूकहाँ देखा परे, र भाग-भाग भएर तिनीहरू हरेकमाथि बसे। यहाँ ग्रीक शब्दको बहुवचन रूप γλῶσσα (*ग्लोस्सा, glōssa*) प्रयोग गरिएको छ। *ग्लोस्सा (Glōssa)* ले मुखको मांसपेशी वा त्यस मांसपेशीले उत्पन्न गरेको बोलीलाई जनाउँन सक्छ। आज हामी यो शब्दलाई "ग्लोसरी" (शब्दावली, "glossary") जस्ता शब्दमा प्रयोग गर्दछौं, जसको अर्थ "व्याख्या गर्न आवश्यक शब्दहरू" भन्ने हुन्छ। अन्यभाषामा बोलिएको घटनालाई प्रायजसो *ग्लोस्सालेलिया (glossalalia)* भनेर उल्लेख गरिन्छ, जसको ठेड अर्थ "अन्यभाषा बोल्नु" ("tongue-speaking") भन्ने हुन्छ। यस खण्डमा सांकेतिक शब्दहरू छन्। प्रेरितहरूमाथि *जिब्राहरू* बसे; त्यसपछि तिनीहरू *जिब्राहरू (अन्यभाषा)* मा बोले।

किंग जेम्स भर्सन (KJV) मा "टुक्रेका भाषाहरू" भन्ने छ, जसको अर्थ

"टुक्राइएका वा विभाजित गरिएका भाषाहरू" भन्ने हुन्छ। मूल धर्मशास्त्रमा διαμερίζω (*डियामेरिझो, diamerizō*) को एउटा रूप प्रयोग गरिएको छ, जसको अर्थ "विभाजन गर्ने" भन्ने हुन्छ। किंग जेम्स भर्सन (KJV) ले नामपद "अन्यभाषा" लाई परिमार्जन गरी, ग्रीक शब्दलाई विशेषणको रूपमा अनुवाद गरेको छ। न्यू अमेरिकन स्टचाण्डर्ड बाइबल (NASB) ले प्रेरितहरूका बीचमा अन्यभाषाहरू विभाजन गरिएको कार्यलाई व्याख्या गर्नको निम्ति यो शब्दलाई क्रियापदको रूपमा अनुवाद गरेको छ। त्यहाँ वास्तविक आगो थिएन, तर आगोको स्वरूप मात्रै देखा परेको थियो। न्यू इन्टरनेशनल भर्सन (NIV) मा "आगोको जिब्राहरूजस्ता देखिने" कुरा भनी अनुवाद गरिएको छ। बप्तिस्मा-दिने यूहन्नाले उल्लेख गरेको "आगोको बप्तिस्मा" यो *थिएन*। "आगोको बप्तिस्मा" ले नरकमा दुष्टलाई दिइने दण्डलाई जनाउँछ।

पद ४. त्यसपछि एउटा *कार्यलाई* अघि बढाइयो: **पवित्र आत्माले भरिए** मानिसहरू **... अन्य भाषाहरूमा बोल्न लागे**। **अन्य भाषाहरूले** बकबक गर्नु वा भकभक गरी अनर्थको कुरा बोल्ने कार्यलाई जनाउँदैन। त्यो समयमा, अन्यजाति देवताहरूको लागि बोल्ने गरेको दाबी गर्ने मानिसहरूले कहिलेकहीं बकबक गर्ने वा फलाक्ने भाषामा बोल्न थाल्थे। यो "देवताहरूको भाषा हो" र देवताहरू तिनीहरूको माध्यमबाट बोलेका हुन् भनेर तिनीहरूले दाबी गर्थे। यो रहस्यमय बकबकाइलाई "मस्त उच्चारण" भनी उल्लेख गरिएको छ। प्रेरितहरूले गरेको कुरा यो होइन। यो रहस्यमय बकबकाइलाई "मस्त उच्चारण" भनी उल्लेख गरिएको छ। प्रेरितहरूले गरेको कुरा यो *होइन*। बरु, "अन्य भाषाहरू" ले त्यस बेलाका समकालीन *भाषाहरूलाई* जनाउँछ: "*हरेकले आ-आफ्नो भाषामा* तिनीहरू बोलिरहेका सुन्यो"; "तिनीहरू हरेकले *हाम्रा आफ्ना मातृभाषामा बोलेको* हामी सुन्छौं?" (पद ६, ८; जोड दिइएको छ)। आज "अन्य भाषाहरूमा बोल्छौं" भनी दाबी गर्ने मानिसहरूमध्ये धेरैजसोले अर्थ विहीन बकबक भटचाउँछन्। बाइबलमा "भाषाहरू" लाई व्याख्या गरिएको एउटै मात्र खण्ड यही मात्रै हो, र यो शब्दले त्यस समयमा अस्तित्वमा रहेको वास्तविक भाषाहरूलाई जनाउँछ, विना अर्थका वाक्यहरूलाई होइन। नयाँ करारको आश्चर्यचकित ढङगले अन्य भाषाहरूमा बोलेको घटनालाई उल्लेख गरिएको प्रत्येक स्थानमा "भाषाहरू" भन्ने शब्दले "अन्य भाषाहरू" को परिभाषाको रूपमा पूर्ण अर्थ दिन्छ।

२:१-४ मा बताइएको **तिनीहरू** भन्ने शब्दले १२० मानिसहरूलाई जनाउँछ भन्दै कतिपयले १:१५ मा उल्लेख गरिएको १२० जना मानिसहरू सबैले पवित्र आत्माको बप्तिस्मा पाए भनी सिकाउँछन्। तैपनि, यो कुराको कुनै पनि सबुत खण्डमा पाइँदैन। १२० जना मानिसहरूले पवित्र आत्माको बप्तिस्मा पाए भन्ने कुरालाई प्रमाणित गर्नको लागि प्रयोग गरिने मुख्य तर्क भनेको योएल २ ले स्त्रीहरूलाई उल्लेख गरेको छ भन्ने हो (पद १७, १८) र प्रेरितहरूका बीचमा कुनै स्त्रीहरू थिएनन्। तैपनि, आफूले २:२८-३२ मा योएलबाट उद्धरण गरेको सबै कुरा त्यस दिन पूरा भयो भनेर पत्रुसले भन्न खोजेका हुन् भन्ने कुनै संकेत छैन। उदाहरणको लागि, त्यस दिन कुनै दर्शनहरू वा सपनाहरू देखिएन। बरु, पेन्तिकोसको दिन योएल २ को प्रतिज्ञाहरूको पूर्णताको *सुरुवात* थियो । पछि, महिलाले पनि चमत्कारी शक्ति पाउनेछन् (२१:८, ९)।

निम्न सबुतहरूलाई विचार गर्नुहोस्: (१) प्रेरित १ मा, येशूले पवित्र आत्माको

बप्तिस्माको प्रतिज्ञा प्रेरितहरूलाई मात्रै दिनुभएको थियो (१:२, ४, ५)। (२) २:१ मा उल्लेख गरिएको "तिनीहरू" भन्ने शब्दको पूर्वपद १:२६ मा उल्लेख गरिएको "प्रेरितहरू" भन्ने शब्द हो। मूल शास्त्रमा अध्याय वा पद विभाजन समावेश छैन। (३) पवित्र आत्माले भरिएका सबैले अन्य भाषाहरूमा बोले (२:४), तर अन्य भाषा बोल्ने यी मानिसहरू सबै गालीलीहरू थिए (२:७)। प्रेरितहरू सबै गालीलीहरू थिए, तर १२० मानिसहरू गालीलीहरू नरहेका हुनसक्छन्। यहूदियाबाट आएका मार्था, मरियम, र लाजरस अनि अन्य मानिसहरू पनि अवश्य नै प्रेरितहरूसँग भेला भएका थिए। (४) पवित्र आत्माले भरिएका मानिसहरूलाई मद्यले मातेको आरोप लगाइयो (२:१३), तर पत्रुसले, "एघार जनासँग खड़ा भएर" अर्थात्, अन्य *प्रेरितहरूसँग* खडा भएर, भने, "यिनीहरू मातेका छैनन्" (२:१४, १५)। (५) २:३७ मा, प्रेरितहरूलाई मात्रै सम्बोधन गरिएको छ, र तिनीहरूले मात्रै यसरी बोलिरहेका थिए भन्ने कुराको संकेत यसले दिन्छ। (६) पवित्र आत्माले भरिएका मानिसहरूलाई अन्य भाषाहरूमा बोल्ने आश्चर्यजनक शक्ति दिइएको थियो (२:४), तर प्रेरितको पुस्तकको प्रारम्भिक अध्यायहरूमा, आश्चर्यकर्म गर्ने शक्ति पाएका मानिसहरू भनेर प्रेरितहरूलाई मात्रै उल्लेख गरिएको छ (२:४३; ४:३३; ५:१२)। त्यसैले, हामी के निष्कर्ष निकाल्छौं भने, २:१-४ मा हामी *प्रेरितीय* शक्तिको सुरुवात भएको कुरालाई देख्छौं।

शक्तिको यो प्रादुर्भावको धेरै उद्देश्यहरू थिए। पहिलो, यसले प्रेरितहरूलाई शक्तिले मात्र होइन तर आत्मविश्वासले पनि भऱ्यो। शायद येशूले प्रेरितहरूका अघि तिनीहरूले वास्तवमै "पृथ्वीको अन्तिम" सुसमाचार लैजान सक्नेछन् भन्ने कुरालाई प्रमाणित गर्न चाहनुभएको थियो। "स्वर्गमुनि भएको हरेक देशबाट" प्रतिनिधिहरू उपस्थित थिए, र परमेश्वरको सहायताद्वारा आफूहरूले संसारभरिका मानिसहरूसँग बातचित गर्न, तिनीहरूलाई प्रचार गर्न, र परिवर्तन गर्न सक्नेछौं भन्ने कुरा प्रेरितहरूले पत्ता लगाए। दोस्रो, शक्तिको यो प्रस्फुटीकरणले यरूशलेममा हुने मानिसहरूको ध्यानाकर्षण गऱ्यो र प्रेरितहरूले प्रचार गर्ने सत्यताहरूलाई स्वीकार गर्नको निम्ति तिनीहरूको मनलाई तयारी गऱ्यो।

भीडको प्रतिक्रिया (२:५-१३)

५स्वर्गमुनि भएको हरेक देशबाट ईश्वरभक्त यहूदीहरू त्यस बेला यरूशलेममा बसेका थिए। ६तब यो आवाज सुनेर भीड जम्मा भयो। तिनीहरू आश्चर्यचकित भए, किनकि हरेकले आ-आफ्ना भाषामा तिनीहरू बोलिरहेका सुन्यो। ७तिनीहरू सबै आश्चर्यचकित भए, र अचम्म मानेर भन्न लागे, "के यी बोल्नेहरू सबै गालीलीहरू होइनन् र? ८त कसरी तिनीहरू हरेकले हाम्रा आफ्ना मातृभाषामा बोलेको हामी सुन्छौं? ९हामीहरू यहाँ पार्थीहरू, मादीहरू र एलामीहरू, र मेसोपोटामियाका, यहूदियाका, कापाडोकियाका, पोन्टस र एशियाका बासिन्दाहरू छौं। १०अनि फ्रिगिया, पामफिलिया, मिश्र र कुरेनीमा पर्ने लिबियाका कतिपय क्षेत्रहरू र रोमबाट आएका यहूदी र यहूदी मत मान्नेहरू दुवै छौं, ११क्रेटका बासिन्दाहरू र अरबीहरू पनि छौं, अनि हामी आ-आफ्ना भाषामा परमेश्वरका महान् कार्यहरूको चर्चा तिनीहरूले गरिरहेका सुन्दैछौं।" १२तिनीहरू सबै आश्चर्यचकित भए र अन्योलमा परेर एउटाले

अर्कालाई यसो भन्न लागे, "यसको अर्थ के हो?" [१३]तर अरूहरूले हाँसो गरेर भने, "तिनीहरू नयाँ मद्यले मातेका छन्।"

पद ५. यी कुरा सुन्नेहरूमध्ये धेरैजसो मानिसहरू कसरी प्रभावित भए त्यसबारे यस खण्डले बताउँछ: तिनीहरू "आश्चर्यचकित भए" (पद ६); तिनीहरू "आश्चर्यचकित भए, र अचम्म माने" (पद ७); तिनीहरू सबै "आश्चर्यचकित भए ... अन्योलमा परे" (पद १२)। **स्वर्गमुनि भएको हरेक देशबाट ईश्वरभक्त यहूदीहरू त्यस बेला यरूशलेममा बसेका थिए** भन्ने वाक्य सहित यस खण्डको सुरुवात भएको छ। **यरूशलेममा बसेका** भन्नाले तिनीहरूले त्यहाँ स्थायी घर बनाएका थिए भन्ने हुँदैन। यसको अर्थ तिनीहरू त्यहाँ बसोवास गरिरहेका थिए भन्ने मात्रै हुनसक्छ। संसारका हरेक देशमा बसोवास गर्ने ईश्वरभक्त यहूदीहरू अवकाश पाएपछि यरूशलेममा स्थायी रूपमा बसोवास गर्थे, तर त्यसलाई ध्यानमा राख्दै, यो चाडको दिन थियो र यस बेला प्रत्येक देशबाट आएका हजारौं यात्रीहरू त्यहाँ "बसेका थिए" भन्नाले अवश्य पनि अस्थाई निवासीहरूलाई जनाउँछ। धेरै मानिसहरू हजारौं माइल यात्रा गरि आउने गरेका कारण, साथै निस्तार-चाड र पेन्तिकोसको बीचको समयमा दुई महिनाभन्दा कम अवधि रहने हुँदा, यी दुवै चाड मनाउनका लागि यात्रीहरू प्रायजसो यरूशलेममा नै रहन्थे। **ईश्वरभक्त यहूदीहरू** [न्यू अमेरिकन स्टयाण्डर्ड बाइबल (NASB) "भक्त पुरुषहरू" छन्] मात्रै यिनीहरूले यात्रा गरेजस्तो खतरा यात्राहरू गर्नेथिए, र ईश्वरभक्त मानिसहरू मात्रै सुसमाचारको प्रचारप्रति ग्रहणशील हुनेथिए।

पद ६. तब यो आवाज सुनेर भन्ने वाक्यले कि त बतासको आवाजलाई जनाउँछ कि त प्रेरितहरूले बोल्दै गरेको भाषाहरूलाई जनाउँछ। आवाज सुनेपछि **भीड जम्मा भयो। तिनीहरू आश्चर्यचकित भए, किनकि हरेकले आ-आफ्ना भाषामा तिनीहरू बोलिरहेका सुन्यो।** लूकाले हामीलाई विस्तृत विवरणहरू त दिएका छैनन्, तर अवश्य पनि प्रेरितहरू अन्यजातिहरूको चोकको फरक भागमा उभिए र बोल्न सुरु गरे। बाह्र वटाभन्दा बढी देशबाट आएका मानिसहरू उपस्थित रहेका कारणले, कम्तीमा केही प्रेरितहरू, अथवा सबै जना प्रेरितहरूले एक वटाभन्दा बढी भाषामा बोल्नु अत्यावश्यक परेको हुनुपर्छ। ९ देखि ११ पदसम्म पन्ध्र वटा राष्ट्रहरूलाई सूचीकृत गरिएको छ, तर यिनीहरू प्रतिनिधिहरू मात्रै थिए। तिनीहरू "स्वर्गमुनि भएको हरेक देशबाट" यहूदीहरू थिए भनेर ५ पदमा टिपोट गरिएको छ।

पद ७. तिनीहरू सबै आश्चर्यचकित भए, र अचम्म मानेर भन्न लागे, "के यी बोल्नेहरू सबै गालीलीहरू होइनन् र?" प्रेरितहरू गालीलीहरू हुन् भन्ने कुरा त्यहाँ भएका मानिसहरूले थाहा पाए किनभने गालील-निवासी मानिसहरूको बोल्ने शैली फरक थियो—अन्य यहूदीहरूलाई यो रूखो र अनाकर्षक लाग्थ्यो। येशूको परीक्षा भएको रातमा पत्रुस आँगनमा पर्खिरहेका बेला, तिनी गालीली हुन् भन्ने कुरा सबैले थाहा पाए (मर्कू १४:७०; लूक २२:५९), किनभने "तिनको बोलीले त्यो कुरा जाहेर गर्थ्यो" (मत्ती २६:७३ हेर्नुहोस्)। संयोगवश, प्रेरितहरूले उचित भाषाशैलीमा विभिन्न भाषाहरूमा बोले भन्ने कुराको संकेत यसले दिन्छ। गालीललाई सांस्कृतिक रूपमा पिछडिएको र अशिक्षित मानिसहरूले भरिएको स्थानको रूपमा हेरिन्थ्यो (४:१३)। गालीलका यी मानिसहरूले हरेक भाषामा फरर बोल्न थालेपछि, भीड विशेष गरी

आश्चर्यचकित भए।

पद ८. भीडले यसो भनी सोधे, **"त कसरी तिनीहरू हरेकले हाम्रा आफ्ना मातृभाषामा बोलेको हामी सुन्छौं?"** क्रूर सतावट र आर्थिक आवश्यकताको कारण यहूदीहरू संसारको चारैतिर छरिएका थिए। यी छरिएर रहेका मानिसहरूमध्ये धेरैजसोले कम्तीमा तीन वटा भाषाहरू बोल्थे। पहिलो, तिनीहरू यहूदी मातृभाषा, हिब्रू वा आरामीक भाषामा बोल्थे। आरामीक भाषा हिब्रू भाषासँग मिल्ने भाषा थियो। आराधनाको सेवाहरूमा प्रयोग गरिने प्राचीन हिब्रूको विपरित, आम यहूदीले यो भाषा बोल्थ्यो। दोस्रो, तिनीहरूले कोइने ग्रीक (Koine Greek) भाषा बोल्थे। *Koinē* (κοινή, *कोइने*) को अर्थ "आम" भन्ने हुन्छ; यो सर्वसाधारण मानिसहरूले बोल्ने भाषा थियो। त्यस बेलाको विश्वव्यापी भाषा पनि यही थियो, जसलाई नयाँ करार लेख्नको लागि प्रयोग गरियो। तेस्रो, तिनीहरूले आफू बसोवास गर्ने देशको भाषा बोल्थे। यो भाषालाई **हाम्रा आफ्ना मातृभाषामा** भन्ने अभिव्यक्तिद्वारा उल्लेख गरिएको छ। यहाँ "भाषा" भनी अनुवाद गरिएको शब्द διάλεκτος (*डियालेक्टस्, dialektos*) हो जुन शब्दबाट "डायलेक्ट" ("dialect") अर्थात् बोली भन्ने शब्द आउँछ।

यो "सुन्ने सम्बन्धी आश्चर्यकर्म थिएन तर बोल्ने सम्बन्धी थियो" भन्ने कुरालाई बुझिनुपर्छ।[2] अन्यभाषा बोल्ने आश्चर्यकर्म भनेको नबुझिने शब्दहरू बरबराउनु हो भन्ने मान्यताको पक्षमा बोल्नका लागि कतिपयले के भनेका छन् भने, अध्याय २ मा *दोस्रो* आश्चर्यकर्म भयो जुन आश्चर्यकर्मले त्यहाँ यी कुरा सुन्ने मानिसहरूलाई यी बकबकहरूको अर्थ लगाउन सक्षम तुल्यायो। तैपनि, प्रतिज्ञा *एउटै* मात्र थियो, जुन प्रतिज्ञा प्रेरितहरूलाई दिइएको थियो; र पवित्र आत्माको *एउटै* मात्र वर्षा भएको थियो, र जुन प्रेरितहरूमाथि वर्ष्यो।

पद ९-१२। लूकाले पूर्व (बेबिलोन र पर्सिया) देख पश्चिम (उत्तर अफ्रिका र रोम) सम्म फैलिएका पन्ध्र वटा क्षेत्रहरू तथा राष्ट्रहरूको नाम दिएका छन्:

> **"हामीहरू यहाँ पार्थीहरू, मादीहरू र एलामीहरू, र मेसोपोटामियाका, यहूदियाका, कापाडोकियाका, पोन्टस र एशियाका बासिन्दाहरू छौं। अनि फ्रिगिया, पामफिलिया, मिस्र र कुरेनीमा पर्ने लिबियाका कतिपय क्षेत्रहरू र रोमबाट आएका यहूदी र यहूदी मत मान्नेहरू दुवै छौं, क्रेटका बासिन्दाहरू र अरबीहरू पनि छौं, अनि हामी आ-आफ्ना भाषामा परमेश्वरका महान् कार्यहरूको चर्चा तिनीहरूले गरिरहेका सुन्दैछौं।" तिनीहरू सबै आश्चर्यचकित भए र अन्योलमा परेर एउटाले अर्कालाई यसो भन्न लागे, "यसको अर्थ के हो?"**

मानचित्र लिएर लूकाले सूचीकृत गरेका यी क्षेत्रहरूको अवस्थितिहरूलाई हेर्नु सहयोगी हुनेछ। उनले पूर्वबाट सुरु गरेका छन् र पश्चिमतर्फका स्थानहरू उल्लेख गरेका छन्, अनि अचानक पूर्वको **अरबलाई** उल्लेख गरेका छन्, उनले एउटा उद्देश्यको साथ यसो गरेको देखिन्छ। दुर्भाग्यवश, उनको उद्देश्य के थियो हामीलाई थाहा छैन, न त तिनले किन केही राष्ट्रहरूलाई सूचीकृत गरे र अरूलाई सूचीकृत गरेनन् त्यसबारे हामीलाई थाहा छैन। "स्वर्गमुनि भएको हरेक देशबाट" आएका

---

[2]लिविस् फोस्टर (Lewis Foster), नोट्स अन एक्ट्स्, *द एन आइ भि स्टडी बाइबल* (ग्राण्ड र्‍यापिड्स्, मिचिगन: जोण्डारभन पब्लिसिङ हाउस, १९८५), १६४७।

यहूदीहरू त्यहाँ थिए भन्ने उनको अभिव्यक्ति अनुसार उनले पर्याप्त रूपमा सूचीकृत गरे कि गरेनन् हामीलाई थाहा छैन (पद ५)।

पेन्तिकोसको दिनमा भेला भएका यी मानिसहरूमा **यहूदी र यहूदी मत मान्नेहरू** दुवै थिए। "यहूदी मत मान्नेहरू" ("Proselytes)" (προσήλυτοι, *प्रोसेलुतोइ, prosēlutoi*), अन्यजातिहरू मानिसहरूबाट "धर्म परिवर्तन गरी यहूदी धर्ममा आएका" मानिसहरू थिए (न्यू इन्टरनेशनल भर्सन [NIV])। मन्दिर भइञ्जेलसम्म, धर्म परिवर्तन गर्नको लागि पुरुषहरूले खतना गर्नुपर्थ्यो र बलिदान चढाउनुपर्थ्यो। धेरैजसो विद्वानहरूले के पनि विश्वास गर्छन् भने यसको लागि साक्षीहरूका अघि आत्म-बप्तिस्मा (डुबाउनु) पनि लिनु पर्थ्यो, तर यस मापदण्डको बारेमा केही अनिश्चितताहरू रहेका छन्। खतना गर्नुपर्ने मापदण्ड भएको कारण, धर्म परिवर्तन गरी आउने पुरुषहरूभन्दा स्त्रीहरूको संख्या बढी हुन्थ्यो। धेरैजसो अन्यजातिहरू "परमेश्वरको डर मान्ने व्यक्तिहरू" को रूपमा रहन मन पराउँथे—साँचो परमेश्वरमा विश्वास गर्ने र सभाघरको सेवाहरूमा सहभागी हुने तर धर्म परिवर्तन गरी आई नसकेका अन्यजातिहरू। **रोममा** यहूदीहरूको निकै ठूलो जनसंख्या रहेको थियो, र ती यहूदीहरू प्रचारकहरू थिए। तिनीहरूले धेरै अन्यजातिहरूलाई धर्म परिवर्तन गराई यहूदी मतमा ल्याएका थिए।

प्रेरितहरूले अन्य भाषाहरूमा बोलेको विषयबारे ११ पदले बताउँछ: **परमेश्वरका महान् कार्यहरू**। प्रेरित ७ मा स्तिफनसले दिएको पहिलो प्रवचनले यी "महान कार्यहरू" को विषय वस्तुको बारेमा हामीलाई संकेत दिनसक्छ। यी कार्यहरूले अवश्य पनि परमेश्वरले इस्राएलको निम्ति गर्नुभएका कामहरू र इस्राएलको माध्यमद्वारा गर्नुभएका कामहरूलाई जनाउँछ—मोशादेखि दाऊद हुँदै अगमवक्ताहरू लगायत शायद मसीह सम्बन्धी अगमवाणीहरूलाई समेट्ने यहूदी इतिहासको एउटा सर्वेक्षण। अन्य कुनै पनि विषयले मानिसहरूको मन तुरुन्ते जितेर तिनीहरूको हृदयलाई पत्रुसको प्रवचनको निम्ति तयारी गर्नेथिएन। प्रेरितहरू आफ्ना दर्शकहरूका बीचमा अन्य भाषाहरूमा फरर, स्पष्ट रूपले, र सिपालु तरिकाले बोले। १२ पदमा उल्लेख गरिएको **आश्चर्यचकित भए र अन्योलमा परेर** मानेको कुराले त्यहाँ उपस्थित भएका धेरैजसो मानिसहरूलाई समेट्छ।

पद १३. मानिसको स्वभाव नै यस्तै हुन्छ, भीडमा केही शंकालु मानिसहरू पनि थिए: **तर अरूहरूले हाँसो गरेर भने, "तिनीहरू नयाँ मद्यले मातेका छन्।"** किंग जेम्स भर्सन (KJV) र नेपाली संस्करण (NNRV) मा "*नयाँ* मद्य" भन्ने छ, तर पछि वर्षको अन्त्यतिर मात्रै दाखको कटनी हुने गरेको कारण, धेरैजसो अनुवादहरूमा "गुलियो दाखमद्य" भन्ने छ। यी मानिसहरूले किन यस्तो अभिव्यक्ति दिए हामीलाई वास्तविक रूपमा थाहा छैन। शायद तिनीहरू दृश्यहरू देखेर अलमलिए, तिनीहरूले नबुझ्ने भाषाहरूमा बोलेको सुनेर तिनीहरूले प्रेरितहरू मातेर अनर्थका कुरा बोल्दैछन् भन्ने निष्कर्ष निकाले। तिनीहरूले राम्ररी निरीक्षण नगरेका कारण प्रेरितहरू मातेका छन् भनेर तिनीहरूले वास्तवमा नै ठानेका भए। तैपनि सम्भावना के छ भने, तिनीहरूले वास्तविक भाषाहरू बोलेका हुन् भनेर थाहा पाएका थिए, *तैपनि* तिनीहरूले केही अपमानजनक कुरा भन्ने प्रयास गरे। संसारमा तिनीहरूजस्ता मानिसहरू धेरै छन्। न्यू इन्टरनेशनल भर्सन (NIV) मा "कतिपयले ... तिनहरूको गिल्ला गरे" भनी लेखिएको

छ। तिनीहरूको अभिव्यक्ति हास्यास्पद किसिमको थियो। मातेर कोही मान्छे पनि भाषाविद बन्न सक्दैन। तैपनि यी शब्दहरू त्यसपछि पत्रुसले दिएको टिप्पणीहरूको पृष्ठभूमि बन्यो।

पहिलो सुसमाचार-प्रवचन (२:१४-३६)

आत्माको आगमन सम्बन्धी योएलको अगमवाणी (२:१४-२१)

१४तर पत्रुसले एघार जनासँग खड़ा भएर उच्च सोरमा तिनीहरूलाई भने, "यहूदियाका मानिस हो, र यरूशलेमका जम्मै बासिन्दाहरू, तपाईंहरूलाई यो कुरा थाहा होस्, र मेरा कुरा सुन्नुहोस्। १५किनभने तपाईंहरूले ठान्नुभएझैँ यिनीहरू मातेका छैनन्, किनकि अहिले बिहानको नौ मात्र बजेको छ। १६तर योएल अगमवक्ताद्वारा भनिएको कुरा यही हो, १७"आखिरी दिनहरूमा यस्तो हुनेछ भनी परमेश्वर भन्नुहुन्छ, म सबै मानिसहरूमाथि मेरा आत्मा खन्याइदिनेछु, र तिमीहरूका छोराहरू, र तिमीहरूका छोरीहरूले अगमवाणी बोल्नेछन्, र तिमीहरूका युवकहरूले दर्शन देख्नेछन्, र तिमीहरूका बूढ़ापाकाहरू स्वप्नदर्शी हुनेछन्। १८हो, म आफ्ना दास-दासीहरूमाथि ती दिनमा मेरा आत्मा खन्याइदिनेछु, र तिनीहरूले अगमवाणी बोल्नेछन्। १९माथि आकाशमा म अचम्मका काम र तल पृथ्वीमा चिन्हहरू देखाउनेछु, अर्थात् रगत, आगो, र धूवाँको मुस्लो। २०परमप्रभुको महान् र गौरवमय दिन आउन अगाडि सूर्य अन्धकारमा र चन्द्र रक्तमा परिवर्तन हुनेछन्। २१अनि जसले परमप्रभुको नाउँ लिनेछ, त्यसले उद्धार पाउनेछ।'"

हामी कहिलेकहीं भन्छौं, "सुसमाचारको प्रथम प्रवचन पत्रुसले प्रचार गरे।" त्यस अभिव्यक्तिलाई प्रमाणित गरिनु आवश्यक छ। "सुसमाचार" भन्ने शब्दलाई ग्रीक शब्द εὐαγγέλιον (*एयुआंगेलियोन, euangelion*) बाट अनुवाद गरिएको हो, जसको अर्थ "शुभ समाचार" वा "खुसीको सन्देश" भन्ने हुन्छ। मत्ती, मर्कूस, लूका, र यूहन्नाको पुस्तकलाई "*सुसमाचारका* पुस्तकहरू" भनेर चिनिन्छ (मर्कू १:१ हेर्नुहोस्); अर्थात्, यिनीहरूले येशूको जीवन र सेवकाइको विषयमा शुभ समाचार बताउँछन्। येशूको जन्मलाई "आनन्दको सुसमाचार" भनी भनियो (लूक २:१०; किंग जेम्स भर्सन [KJV] मा "खुसीको सन्देश" भन्ने छ)। येशूले आफ्नो व्यक्तिगत सेवकाइ सुरु गर्ने क्रममा सुसमाचार प्रचार गर्नुभयो (लूक ४:१८; हेर्नुहोस्: मत्ती ११:५; लूक ७:२२; २०:१), विशेष गरी "राज्यको सुसमाचार" (मत्ती ४:२३; ९:३५; २४:१४; मर्कू १:१४, १५)। उहाँले राज्य "नजिकै आइपुगेको छ" भन्ने सुसमाचार प्रचार गर्नुभयो (मत्ती ४:१७)।

अध्याय २ भन्दा पहिले धेरै पटक "सुसमाचार" र "सुसमाचार प्रचार" भन्ने वाक्यलाई उल्लेख गरिएको कारण, पत्रुसले सुसमाचारलाई *यसको पूर्णतामा* पहिलो पटक प्रचार गरे भन्नु अझै उपयुक्त हुन्छ। १ कोरिन्थी १५:१-४ मा, पावलले सुसमाचारको सन्देशको मुटु ख्रीष्टको मृत्यु, गडाइ, र पुनरुत्थान हो भनी सिकाएका छन्। येशूको पुनरुत्थान *नभइञ्जेलसम्म* यो ठूलो सत्यतालाई यसको पूर्णतामा प्रचार गर्न सकिएको थिएन। १४-३६ मा पत्रुसले पहिलो पटक यो कार्य गरे।

पत्रुसले ख्रीष्टको बारेमा स्वीकार गर्दा, येशूले तिनलाई यो उपदेश प्रचार गर्ने मौका

प्राप्त गर्नेछन् भनी प्रतिज्ञा गर्नुभएको थियो: "म तिमीलाई स्वर्गको राज्यका साँचाहरू दिनेछु" (मत्ती १६:१९)। अध्याय २ मा उल्लेख गरिएका घटनाहरू घट्नुभन्दा केही हप्ता पहिले, पत्रुसले येशूलाई इन्कार गरेका थिए; यो समयमा तिनले उहाँको घोषणा गरे। यो "प्रथम सुसमाचार-प्रवचन" सर्वोत्कृष्ट छ; यो सोच्नै नसकिने दोषप्रति दिइएको विश्वास गर्नै नसकिने अनुग्रहको सन्देश हो।

पद १४, १५. पत्रुस र अन्य प्रेरितहरू **मातेका छन्** भन्ने भीडले लगाएको आरोपलाई खण्डन गर्दै तिनले सुरु गरे। **एघार जनाले** अन्य प्रेरितहरूलाई जनाउँछ (१:२६ हेर्नुहोस्)। सबै प्रेरितहरूलाई उल्लेख गर्दा तिनीहरूलाई "बाह्र" जना भनी भनिन्छ (६:२)। यो प्रवचनको समाप्तिमा, भीडले सबै प्रेरितहरूलाई सम्बोधन गरेका कारण (पद ३७), सम्भावना के रहेको छ भने पत्रुसले एउटा भाषामा प्रवचन दिए र अरू एघार जनाले अन्य मुख्य भाषाहरूमा अनुवाद गरे। योभन्दा अझै सम्भावित कुरा के छ भने, पत्रुसले सबैले बुझ्न सक्ने भाषा अर्थात् अवश्य पनि कोइने ग्रीकमा बोले, र त्यसबेला अन्य प्रेरितहरू साक्षीको रूपमा सहकार्य गर्दै तिनको वरिपरि रहे। "*उनले* ... अर्ती दिइरहे" भनेर ४० पदले भन्छ र "जस-जसले *उनको* कुरा ग्रहण गरे तिनीहरूले बप्तिस्मा लिए" भनेर ४१ पदले भन्छ (जोड दिइएको छ)। **यहूदिया** र **यरूशलेममा** बस्ने मानिसहरूलाई पत्रुसले सम्बोधन गरे। "यरूशलेममा" बस्ने मानिसहरू, "स्वर्गमुनि भएको हरेक देशबाट" आएका अस्थाई यात्रीहरू थिए (पद ५ को टिप्पणी हर्नुहोस्)।

"दिनको तेस्रो प्रहार" भन्नाले **बिहानको** लगभग **नौ ... बजेको** समयलाई जनाउँछ। यहूदीहरूले घाम झुल्केपछि दिनको प्रहारलाई गन्ती गर्न सुरु गर्थे, अर्थात् बिहान ६:०० बजेतिर। फरक-फरक समयमा घाम झुल्किने हुँदा, बिहान ९:०० बजेको समय अनुमानित समय हो। पत्रुसका कुरा सुन्नेहरूका निम्ति, उसको तर्क न्यायोचित थियो, किनभने कट्टर यहूदीहरूले शबाथ-दिन वा पवित्र दिनमा बिहान ९:०० बजेभन्दा पहिले खाने वा पिउने गर्दैनथिए। पेन्तिकोसको चाडको दिन धेरैजसो मानिसहरूले बिहान १०:०० बजेभन्दा पहिले खाने वा पिउने गर्दैनथिए, र कतिपयले मध्य दिनभन्दा पहिले खानपान गर्दैनथिए।

पद १६-१८. भीडमा भएका मानिसहरूले जे कुरा देखे र सुने त्यो दाखमद्य खन्याइएको परिणाम होइन तर ईश्वरीय आत्माको वर्षको परिणाम हो भनेर पत्रुसले त्यसपछि व्याख्या गरे (एफि ५:१८ हेर्नुहोस्)। उनले तिनीहरूलाई भने, **"तर योएल अगमवक्ताद्वारा भनिएको कुरा यही हो, 'आखिरी दिनहरूमा यस्तो हुनेछ भनी परमेश्वर भन्नुहुन्छ, म सबै मानिसहरूमाथि मेरा आत्मा खन्याइदिनेछु।'"** पत्रुसको उद्धरण योएल २:२८-३२ बाट लिइएको हो। तिनले सेप्टुजेन्ट, वा पुरानो करारको ग्रीक अनुवादबाट उद्धरण गरेका छन्। परम्परा अनुसार, सत्तरी जना अनुवादकहरूद्वारा सेप्टुजेन्टको तयारी गरिएको थियो। यो प्रायः रोमन अंकहरू द्वारा सत्तरी, LXX को लागि नामित गरिन्छ। पत्रुसको वचनहरू र सेप्टुजेन्टमा लेखिएको वचनबीच रहेको भिन्नताहरू औंल्याउन धेरै टिप्पणीकर्ताहरूलाई मन पर्छ। यीमध्ये धेरैजसो लेखकहरूले दुई वटा तथ्यहरूलाई बेवास्ता गर्छन्: (१) मूल सेप्टुजेन्टमा वास्तविक रूपमा कसरी लेखिएको थियो भन्ने कुरामा हामी १०० प्रतिशत पक्का हुन सक्दैनौं। आज हामीसँग जुन सेप्टुजेन्ट पुस्तक छ त्यसमा उल्लेख गरिएको खण्डभन्दा पत्रुसको वचन मूल वचनसँग

बढी मिलेको हुनसक्छ। (२) पत्रुसले परमेश्वरबाट प्रेरणाप्राप्त गरेका थिए। उसको वचन सेप्टुजेन्टमा उल्लेख गरिएको वचनभन्दा फरक भए तापनि, ती वचनको प्रेरणाप्राप्त *अनुवाद* पवित्र आत्माले दिँदै हुनुहुन्छ।

पत्रुसले पहिले **आखिरी दिनहरूका** बारेमा बताए। हाम्रो अंग्रेजी बाइबलहरूमा, योएल २:२८ मा "आखिरी दिनहरूमा" भन्ने छैन तर यसको सट्टा "यसपछि" भन्ने छ। स्पष्ट रूपमा, "यसपछि" भन्ने शब्दहरूले सूचित गर्ने समय अवधि, यशैया र मीकाले प्रयोग गरेको "आखिरी दिनहरूमा" भन्ने शब्दले सूचित गर्ने समय अवधि उही हो (यशै २:२; मीका ४:१)। प्रेरणाद्वारा, पत्रुसले हामीलाई के जानकारी दिएका छन् भने योएलले "आखिरी दिनहरू" का बारेमा *बताउँदैथिए*। यहूदी सोचाइको लागि यस वाक्यले मसीहको शासनलाई जनाउँथ्यो। के सम्भावना रहेको छ भने, पत्रुसले यहूदी व्यवस्थाको "आखिरी दिनहरू" का बारेमा बताउँदैथिए। तैपनि, अर्थ-अनुवाद गर्ने कार्यको आधारभूत सिद्धान्त भनेको त्यसबेला सुन्ने मानिसहरूका निम्ति यसको अर्थ के थियो भन्ने प्रश्न गर्नु भएकोले, "आखिरी दिनहरू" लाई मसीही शासनमा लागू गर्नु उपयुक्त देखिन्छ।

पत्रुसले वास्तवमा यसो भने, "तपाईंहरूले शताब्दीयौंदेखि अपेक्षा गर्दै आउनुभएको क्षण यहाँ आएको छ। आखिरी दिनहरू आइपुगेको छ!" पछि, हिब्रूका लेखकले यसो भने, "परमेश्वर ... *आखिरी दिनहरूमा* ... आफ्ना पुत्रद्वारा हामीसँग बोल्नुभएको छ" (हिब्रू १:१, २; जोड दिइएको छ)। (हेर्नुहोस्: १ कोर १०:११; हिब्रू ९:२६; १ पत्र १:२०; १ यूह २:१८।) "आखिरी दिनहरू" आउन अझै बाँकी छ भनेर कतिपयले विचार गर्छन्। धेरैजसो पूर्वहजारवर्षेवादीहरूले येशूले यरूशलेममा हजार वर्ष शासन गर्नुहुन्छ भन्ने काल्पनिक कुरालाई उल्लेख गर्नका लागि "आखिरी दिनहरू" भन्ने शब्दको प्रयोग गर्छन्। तैपनि, हामी यही घडी "आखिरी दिनहरू" मा जिइरहेका छौं। पूर्वहजारवर्षेवादी टिप्पणीकर्ताहरू योएलको अभिव्यक्तिको क्षमताबाट उम्कनको निम्ति समस्या भोग्छन्, तर पत्रुसले स्पष्ट रूपमा यहाँ भनेका छन्, "योएल अगमवक्ताद्वारा भनिएको कुरा *यही हो*, 'आखिरी दिनहरूमा यस्तो हुनेछ ...,'" (जोड दिइएको छ)। उनले यसो भनेनन्, "यसले मलाई यसबारे याद दिलाउँछ ...," वा "यो ...," जस्तै छ," तर "यही *हो* ..." भनी तिनले भने। सम्पूर्ण मानवजातिलाई न्याय गर्नका लागि ख्रीष्ट आउनुभन्दा पहिलेको अन्तिम समय इसाई युग नै हो।

योएलको अगमवाणी अनुसार, "आखिरी दिनहरूमा" के हुनेछ?

> **"आखिरी दिनहरूमा यस्तो हुनेछ भनी परमेश्वर भन्नुहुन्छ, म सबै मानिसहरूमाथि मेरा आत्मा खन्याइदिनेछु, र तिमीहरूका छोराहरू, र तिमीहरूका छोरीहरूले अगमवाणी बोल्नेछन्, र तिमीहरूका युवकहरूले दर्शन देख्नेछन्, र तिमीहरूका बूढ़ापाकाहरू स्वप्नदर्शी हुनेछन्। हो, म आफ्ना दास-दासीहरूमाथि ती दिनमा मेरा आत्मा खन्याइदिनेछु, र तिनीहरूले अगमवाणी बोल्नेछन्।"**

मलाकीले आफ्नो लेख्ने कार्यलाई समाप्त गरेर आफ्नो कलम राखेपछि, मसीह आउनुभएपछिको "आखिरी दिनहरू" सम्मको लागि अगमवाणीको वरदान पृथ्वीबाट हराएर गयो भन्ने कुरा यहूदीहरूले बुझेका थिए। तिनीहरू बप्तिस्मा-दिने यूहन्नाको

प्रचारप्रति उत्साहित भएका थिए, किनभने तिनीहरूले अगमवाणीको जागृतिलाई हेर्दैथिए। तिनीहरूले जुन कुरालाई सीमित हिसाबमा देखेका थिए—यूहन्ना र येशूको व्यक्तिगत सेवकाइ अवधिमा एक-दुई जना व्यक्तिहरूमा सीमित गरिएको—अहिले त्यसलाई वृहत गरिएको छ भनी पत्रुसले तिनीहरूलाई बताए। बतासको आवाज, आगो देखा परेको घटना, र अन्यभाषाहरूमा बोलिएको घटना सबै पवित्र आत्मा खन्याइएको घटनामा देखियो।

आखिरी दिनहरूमा आफ्ना **आत्मा खन्याउने** बारेमा परमेश्वरले प्रतिज्ञा गर्नुभएको थियो। बप्तिस्मा दिँदा डुबाइनु पर्दैन भन्ने कुरालाई प्रमाणित गर्नका निम्ति लागि परेका एक-दुई जना व्यक्तिहरूले "खन्याएर बप्तिस्मालाई सन्चालन गर्न सकिन्छ भन्ने कुरालाई यसले प्रमाणित गर्छ" भनी दाबी गर्नका निम्ति यहाँ र ३३ पदमा प्रयोग गरिएको "खन्याउनु" भन्ने शब्दलाई औंल्याउँछन्। हो, प्रेरितहरूमाथि पवित्र आत्मा आउनुभएको कुरालाई उल्लेख गर्नका लागि प्रयोग गरिएका *सबै* शब्दहरू—"बप्तिस्मा दिए" (१:५), "भरिए" (२:४), "खन्याउनु" (२:१७)—*सांकेतिक* अर्थमा प्रयोग गरिएका छन्। पवित्र आत्मा *व्यक्ति* हुनुभएको कारण, उहाँलाई वास्तविक रूपमा "खन्याइन" सकिन्न।

योएलले बोलेका सबै कुरा पेन्तिकोसको दिनमा पूरा भएनन्। उदाहरणको लागि, हामीलाई थाहा भएसम्म, त्यस दिन कुनै पनि **दर्शनहरू** तथा **स्वप्नदहरू** देखिएन (पद १७)। त्यसबेला, पत्रुसले स्पष्ट रूपमा के भन्दैथिए भने, पेन्तिकोसको दिनमा घटेका घटनाहरू योएलको अगमवाणीको पूर्णताको *सुरुवात* थियो। पछि प्रेरितको पुस्तकमा, पत्रुस र पावलजस्ता धेरै इसाईहरूले दर्शन देखे (१०:१७; १६:९)। "स्वप्नदहरू" भन्ने शब्दलाई निश्चित रूपमा उल्लेख गरिएको छैन, तर धेरै दर्शनहरू रातको समयमा देखिए (१८:९; २७:२३)। शायद यी रात्रीदर्शनहरू प्रेरणाप्राप्त सपनाहरूका रूपमा आए।

आउँदा दिनहरूमा, विगतको दिनमा जस्तो केही चुनिएका केही व्यक्तिहरूलाई मात्र होइन, तर **सबै मानिसहरूलाई** आश्चर्यजनक वरदानहरू दिइनेछ भनी योएलले अगमवाणी गरे। जुनसुकै लिङगका मानिसहरूलाई यी वरदानहरू दिइनेवाला थियो। **छोराहरूलाई** र **छोरीहरूलाई** (पद १७), **पुरुष र स्त्रीहरू** दुवैलाई वरदानहरू दिइनेछ भनी प्रतिज्ञा गरिएको थियो (पद १८; न्यू अमेरिकन स्टचाण्डर्ड बाइबल [NASB])। पछि स्त्रीहरूले आश्चर्यकर्मका वरदानहरू प्राप्त गरे (२१:९)। जुनसुकै उमेरको मानिसहरूलाई यी वरदानहरू दिइनेवाला थियो। **युवकहरू** र **बूढ़ापाकाहरू** सबैलाई वरदानहरू दिइनेछ भनी प्रतिज्ञा गरिएको थियो (पद १७)। जस्तोसुकै सामाजिक हैसियत भए तापनि वरदान दिइनेवाला थियो; दास-दासीहरूलाई समेत संलग्न गरिएको छ (पद १८)। **[मेरा] दास-दासीहरूमाथि** समेत भन्ने वाक्य पत्रुसको वाक्य हो। योएल २:२९ मा "मेरो" भन्ने शब्द नभएकोले "दास-दासीहरू" भन्ने वाक्यले अवश्य पनि वास्तविक दास-प्रथालाई जनाउँछ। अर्को शब्दमा, यसले अवश्य पनि शारीरिक रूपमा दास रहेका तर इसाईहरू बनेका व्यक्तिहरूलाई जनाउँछ। "सबै मानिसहरू" भन्ने वाक्यले पृथ्वीमा भएका हरेक व्यक्तिलाई जनाउँदैन भन्ने कुरालाई हामीले टिपोट गर्नुपर्छ। मूल धर्मशास्त्रमा "सबै शरीर" (किंग जेम्स भर्सन [KJV] हेर्नुहोस्) भन्ने छ, जसले जनावर, माछा, र चराचुरुङ्गीलाई समावेश गर्नसक्छ (१ कोर १५:३९)। तर,

"सबै मानिसहरू" भन्ने वाक्यले मानवजातिको प्रतिनिधित्व समूहलाई जनाउँछ।

पेन्तिकोसको दिनमा आत्माको प्रेरणाप्राप्त प्रेरितहरूको प्रचारद्वारा योएलको अगमवाणी पूरा हुन सुरु भएको थियो। तिनीहरू आफैले समेत अगमवाणी गर्दैथिए। **अगमवाणी बोल्नु** भनेको परमेश्वरको लागि बोल्नु हो, चाहे त्यो "विगतमा भविष्यवाणी गरिएको कुरालाई अर्थ्याउने कार्य होस" वा "भविष्यमा हुने घटनाको बारेमा बताउनु होस्।" प्रेरितहरूको वचनको सबैभन्दा महत्त्वपूर्ण पक्ष भनेको तिनीहरू आश्चर्यजनक ढङगले धेरै भाषाहरूमा बोलेको घटना होइन, तर तिनीहरू *परमेश्वरका लागि* बोले। आफू र अरू प्रेरितहरूले परमेश्वरको आत्माको प्रेरणाद्वारा बोल्दैछन् भनेर पत्रुसले साहससित पुष्टि गरे।

पद १९-२१। योएलको अगमवाणीको त्यसपछिका वचनहरूले धर्मशास्त्रको धेरै विद्यार्थीहरूलाई अलमल्ल पारेको छ:

> **"माथि आकाशमा म अचम्मका काम र तल पृथ्वीमा चिन्हहरू देखाउनेछु, अर्थात् रगत, आगो, र धूवाँको मुस्लो। परमप्रभुको महान् र गौरवमय दिन आउन अगाडि सूर्य अन्धकारमा र चन्द्र रक्तमा परिवर्तन हुनेछन्। अनि जसले परमप्रभुको नाउँ लिनेछ, त्यसले उद्धार पाउनेछ।"**

योएलको अगमवाणीको पूर्ण भागलाई प्रदान गर्नको निम्ति पत्रुसले यी वचनहरू उद्धरण गरे, तर तिनी यिनलाई व्याख्या गर्ने कार्यमा लागेका छैनन्। त्यसैले, पत्रुसको सन्देशलाई बुझ्नका निम्ति यी वचनको अर्थ अत्यावश्यक छैन। तैपनि, यी पदहरूको विनाश-वाणी शब्दहरूको बारेमा हामी विचार गरौं। विनाश-वाणीको केही खण्डहरू पुरानो करारमा पाइन्छ, जस्तै दानिएल ७—१२। बाइबलमा उल्लेख यस प्रकारको वाणीको सबैभन्दा टिपोट गर्न योग्य उदाहरण प्रकाशको पुस्तक हो। मूल धर्मशास्त्रमा, प्रकाशको पुस्तक "येशू ख्रीष्टको प्रकाश (ἀποκάλυψις, *आपोकालुप्सिस्, apokalupsis*) ... " भन्ने वाक्यद्वारा सुरु भएको छ। यस प्रकारको वचन ठेड रूपमा बताइएको हुन्छ भन्ने छैन; यसले *चिन्हहरूद्वारा* शिक्षा दिन्छ।

सूर्य र **चन्द्रमाको** विषयमा योएलले प्रयोग गरेको शब्दावलीलाई पुरानो करारभरि "आशिष दिन वा श्राप दिनको लागि परमेश्वरले विशेष रूपले कार्य गर्ने" घटनाहरूलाई उल्लेख गर्ने क्रममा प्रयोग गरिएको छ[3] (हेर्नुहोस्: यशै १३:६, १०, ११; इज ३२:२, ७, ८; आमो ५:१८, २०)। यस प्रकारको वचनहरू संसारको अन्त्यलाई उल्लेख गर्नको लागि प्रयोग गर्न *सकिन्छ* (२ पत्र ३:१०)। त्यस घटनामा, परमेश्वरले आशिष वा श्राप दिनको लागि निश्चय नै विशेष रूपले कार्य गर्नुहुनेछ। धेरैपटक यस किसिमको वचनले खालि परमेश्वरको योजना र उद्देश्यको चरम क्षणहरूलाई उल्लेख गर्दछ।

यी विचारहरूलाई मनमा राख्दै, हामी प्रश्न गरौं, "१९ देखि २१ पदको योएलको वचनले कुन घटनालाई उल्लेख गर्छ?" यी वचनहरूले ख्रीष्ट आउनु भएपछि हुने "आखिरी दिनहरूको" *अन्त्यलाई* जनाउँछ र यो संसार त्यसपछि रहनेछैन भन्ने विचार धेरैले गर्छन्। योएलको अगमवाणीमा उल्लेख गरिएका सबै घटनाहरू त्यही दिन पूरा

---

[3]एन्थोनी ली ऐश (Anthony Lee Ash), *द एक्ट्स अफ द एपोस्टलस्,* पार्ट १, द लिभिङ वर्ड कमेन्ट्री, एड. इभर्रेट फर्गुसन (Everett Ferguson) (अस्टिन, टेक्सस्: स्वीट पब्लिसिङ को., १९७९), ४८।

भएन भन्ने कुरालाई हामीले यसभन्दा अघि नै चर्चा गरिसकेका छौं। १९ देखि २१ पदले संसारको अन्त्यलाई जनाउँछ भन्ने अवधारणाको फाइदा के छ भने योएलको अगमवाणीले सम्पूर्ण इसाई युगको एउटा छोटो सर्वेक्षणलाई प्रस्तुत गर्छ—पेन्तिकोसको दिनदेखि युगको अन्त्यसम्म। यो कुरा साँचो हुनसक्छ, तर यस व्याख्यामा एउटा समस्या छ। १९ र २० पदपछि २१ पदमा यस्तो लेखिएको छ: **अनि जसले परमप्रभुको नाउँ लिनेछ, त्यसले उद्धार पाउनेछ।** ख्रीष्टको आगमन हुँदा, उहाँको नाउँ लिएर उद्धार पाउनको लागि निकै ढिलो भइसकेको हुनेछ। त्यसैले अझै सम्भावित अवधारणा भनेको के हो भने, १९ र २० पदले *पेन्तिकोसको दिनलाई* जनाउँछ, जुन क्षणिक घटनामा परमेश्वरले मण्डलीलाई अस्तित्वमा ल्याउनको लागि "आकाश र पृथ्वीलाई हल्लाउनुभयो" र प्रथम सुसमाचार-प्रवचनको प्रचार गरियो। १९ र २० पदमा चित्रण गरिएका घटनाहरू येशू क्रूसमा हुनुहुँदा केही हिसाबले घटे र सूर्यले चमक दिन छाड्यो भन्ने कुरालाई धेरैजसो टिप्पणीकर्ताहरूले टिपोट गरेका छन्। येशूको मृत्यु भएको बेला घटेका भौतिक घटनाहरू योएलको अगमवाणीको आंशिक पूर्णता रहेको हुनसक्छ।

यसभन्दा अघि उल्लेख गरिएका दुई वटा अवधारणाहरू बाहेक, अर्को सम्भावना के रहेको छ भने, योएलले इ.सं. ७० मा भएको यरूशलेमको विनाशलाई उल्लेख गरेको हो। त्यस दिन, सहरमा हुनेहरूमध्ये जसले "येशूको नाउँलाई पुकारेका थिए" अर्थात्, इसाईहरू, विनाशबाट बाँचे। मत्ती २४:१५, १६ मा ख्रीष्टले गर्नुभएको अगमवाणीद्वारा चेतावनी पाएका कारण, तिनीहरू रोमीहरू आइपुगेपछि सहरबाट भागे। यस अवधारणा खण्डको विपरित जाँदैन, तर माथि उल्लेख गरिएको अवधारणा नै उचित मानिन्छ।

प्रवचनको समाप्तिमा पत्रुसले आफ्ना कुरा सुन्ने मानिसहरूलाई बाँच्नका लागि "परमप्रभुको नाउँ लिनुहोस्" *कसरी* त्यसबारे व्याख्या गरिदिए। "परमप्रभुको नाउँलाई लिँदै" भनेको मौखिक कसरत मात्रै होइन (मत्ती ७:२१)। यससँग सम्बन्धित उचित खण्ड २२:१६ हो, जहाँ हननियाले शाऊललाई भनेका छन्, "उठ्नुहोस्, र बप्तिस्मा लिनुहोस्, अनि *उहाँको नाउँको* पुकार गरेर आफ्ना पाप धुनुहोस्" (जोड दिइएको छ)।

येशू नै ख्रीष्ट हुनुहुन्छ (२:२२-३६)

२२"इस्राएलका मानिस हो, यी कुरा सुन्नुहोस्, नासरतका येशू यस्ता व्यक्ति हुनुहुन्थ्यो, जसलाई परमेश्वरले शक्तिशाली कामहरू, अचम्मका कामहरू र चिन्हहरूद्वारा तपाईंहरूका सामुन्ने प्रमाणित गर्नुभयो। तपाईंहरूलाई थाहै छ कि परमेश्वरले तपाईंहरूका बीचमा यी कामहरू उहाँद्वारा गर्नुभएको हो। २३परमेश्वरले ठहराउनुभएको निश्चित योजना र पूर्वज्ञानअनुसार पक्राउ पर्नुभएको यिनै येशूलाई अधर्मी मानिसहरूका हातद्वारा तपाईंहरूले क्रूसमा टाँगेर मार्नुभयो। २४उहाँलाई परमेश्वरले मृत्युको पीडाबाट छुटकारा दिएर जीवित पार्नुभयो। किनकि मृत्युको अधीनमा उहाँ भइरहनु असम्भव थियो, २५किनकि दाऊदले उहाँको विषयमा भन्दछन्, 'मैले प्रभुलाई सधैँ मेरो सामने देखें, किनभने म नडगमगाऊँ भनेर उहाँ मेरो दाहिनेतर्फ हुनुहुन्छ। २६यसकारण मेरो हृदय आनन्दित र मेरो जिब्रो हर्षित भयो। यसबाहेक मेरो

शरीरले पनि आशामा जिउनेछ। [२७]किनकि तपाईंले मेरो प्राणलाई पातालमा छोड्नुहुनेछैन, न त तपाईंले आफ्ना पवित्र जनको शरीर कुहुन दिनुहुनेछ। [२८]तपाईंले मलाई जीवनको मार्गहरू बताउनुभयो, तपाईंले मलाई आफ्नो उपस्थितिद्वारा आनन्दले गद्गद् पार्नुहुनेछ।' [२९]भाइ हो, हाम्रा पुर्खा दाऊदको विषयमा म तपाईंहरूलाई निश्चयतासाथ भन्न सक्छु, कि उनी मरे र गाडिए, अनि आजको दिनसम्म उनको चिहान छँदैछ। [३०]यसकारण एक अगमवक्ता भएका हुनाले, उनले जान्दथिए कि परमेश्वरले शपथ खानुभएको थियो कि उनकै सन्तानबाट उनको सिंहासनमा एक जनालाई परमेश्वरले बसाल्नुहुनेछ। [३१]अघिबाटै यो देखेर उनले ख्रीष्टको पुनरुत्थानको विषयमा भने कि उहाँ न पातालमा छोडिनुभयो, न त उहाँको शरीर नै कुह्यो। [३२]यिनै येशूलाई परमेश्वरले जीवित पार्नुभयो। यस कुराका हामी सबै साक्षी छौं। [३३]यसैकारण परमेश्वरको दाहिने बाहुलीपट्टि उहाँ उच्च पारिनुभयो, र पिताबाट पवित्र आत्माको प्रतिज्ञा पाउनुभयो, र उहाँले यो खन्याइदिनुभएको हो, जे तपाईंहरू देख्नु र सुन्नुहुन्छ। [३४]किनकि दाऊद त स्वर्गमा चढ़ेनन्, तर उनी आफैले भन्दछन्, 'परमप्रभुले मेरा प्रभुलाई भन्नुभयो, तिमी मेरो दाहिने हातपट्टि बस [३५]जबसम्म म तिम्रा शत्रुहरूलाई तिम्रा खुट्टाको पाउदान तुल्याउँदिनँ।' [३६]त्यसैकारण इस्राएलको सारा परिवारले यो पक्का गरी जानोस्, कि येशू, जसलाई तपाईंहरूले क्रूसमा टाँग्नुभयो, परमेश्वरले उहाँलाई प्रभु र ख्रीष्ट बनाउनुभयो।"

पद २२. आफ्ना कुरा सुन्नेहरूले जे जान्न *चाहेका थिए* तिनीहरूलाई त्यो कुरा बताइसकेपछि—तिनीहरूले सुनिरहेका र देखिरहेका कुराको एउटा व्याख्या—तिनीहरूले के जान्न *आवश्यक थियो* त्यो कुरा पत्रुसले तिनीहरूलाई बताइदिए। पत्रुसले तिनीहरूलाई **नासरतका येशू** बारेमा बताउन सुरु गरे। "नासरतका" को अर्थ येशू नासरत सहरको वासिन्दा हुनुहुन्थ्यो भन्ने हुन्छ (हेर्नुहोस्: किंग जेम्स भर्सन [KJV], न्यू इन्टरनेशनल भर्सन [NIV])। त्यो समयमा "येशू" भन्ने नाउँ प्रसिद्ध नाउँ थियो। आफूले कुन येशूको बारेमा उल्लेख गरेको हो *त्यस* कुरालाई संकेत दिनका लागि पत्रुसले "नासरतका" भन्ने परिमार्जित वाक्यको प्रयोग गरे।

येशू **यस्ता व्यक्ति हुनुहुन्थ्यो, जसलाई परमेश्वरले शक्तिशाली कामहरू, अचम्मका कामहरू र चिन्हहरूद्वारा तपाईंहरूका सामुन्ने प्रमाणित** ("स्वीकृती दिइएको," किंग जेम्स भर्सन [KJV]; "अधिकृत गरिएको," न्यू इन्टरनेशनल भर्सन [NIV]) **गर्नुभयो**। **शक्तिशाली कामहरू, अचम्मका कामहरू र चिन्हहरू** नयाँ करारमा आश्चर्यकर्मलाई उल्लेख गर्ने तीन शैली हुन्। "आश्चर्यकर्म" ("miracle") भन्ने शब्द ग्रीक शब्द δύναμις (*दुनामिस्, dunamis*) बाट अनुवाद गरिएको हो, जसको अर्थ "शक्ति" भन्ने हुन्छ। "आश्चर्यकर्म" भन्ने शब्दले *के* गरिएको हो त्यस कुरालाई जनाउँछ। "अचम्मका काम" (τέρας, *तेरास्, teras*) भन्ने वाक्यले आश्चर्यकर्मद्वारा मानिसहरूलाई पारेको *प्रभावलाई* जनाउँछ। "चिन्ह" (σημεῖον, *सेमीयोन, sēmeion*) भन्ने शब्दले आश्चर्यकर्मको *उद्देश्यलाई* जनाउँछ। आश्चर्यकर्महरू ती कार्य गर्ने मानिसहरूका साथमा परमेश्वर हुनुहुन्छ भन्ने कुराको चिन्हहरू थिए (हिब्रू २:४ हेर्नुहोस्)। ईश्वरीय शक्तिको यी कार्यहरूका बारेमा पत्रुसका कुरा त्यसबेला सुनिरहेका मानिसहरूलाई थाहा थियो, **कि परमेश्वरले तपाईंहरूका बीचमा यी कामहरू उहाँद्वारा**

गर्नुभएको हो। येशूले गर्नुभएका कार्यहरू "कुरा गुपचूपमा" गरिएका थिएनन् (२६:२६); उहाँले महान आश्चर्यकर्महरू गर्नुभएको थियो भन्ने तथ्य आम कुरा थियो (यूह ९:१६; १२:३७)। येशूले बालजिबुलद्वारा आश्चर्यकर्महरू गर्नुभएको हो भनी फरिसीहरूले अभियोग लगाउन सके, तर उहाँले आश्चर्यकर्महरू गर्नुभएको कुरालाई तिनीहरूले इन्कार गर्न सकेनन् (मत्ती १२:२४; लूक ११:१५)। येशू पृथ्वीमा हुनुहुँदा निकोदेमसले जे कुरालाई अघि सारेका थिए त्यही कुरा पत्रुसले बताए: "परमेश्वर साथमा हुनुभएन भने" कसैले पनि येशूले गर्नुभएका चिन्हहरू गर्न सक्दैनथिए (यूह ३:२)।

"तपाईंहरूका बीचमा" भनी भन्ने क्रममा पत्रुसले त्यसबेला प्यालेष्टाइनमा बसेका मानिसहरूतर्फ औंल्याएको हुनसक्छ, तर **"तपाईंहरूलाई थाहै छ कि"** भनी भन्दा तिनले अवश्य पनि आफ्ना हात फैलाए। विगत पचास दिनको अवधिमा, यरूशलेममा कुराकानी निकै तातेको विषय अवश्य पनि नासरतको येशू सम्बन्धी विषय रहेको थियो—उहाँको जीवन, क्रूसमा उहाँको मृत्यु (लूक २४:१८), उहाँको शरीर राखिएको चिहान रित्तो पाइएको, र उहाँको मृत शरीरलाई के भएको हो भन्ने विषयमा चलेको हल्ला (मत्ती २८:११-१५)। संयोगवश, चिहानमा हेर्न चाहने जोसुकै मानिसहरू चिहानमा जान सक्थे (यूह २०:५ हेर्नुहोस्)। येशूको नाउँ र राम्ररी प्रलेखमा रहेका, उहाँले गर्नुभएका आश्चर्यकर्महरूका विषयमा, प्यालेष्टाइनमा बसोवास नगर्नेहरू लगायत, उपस्थित सबै मानिसहरू परिचित थिए।

पद २३. त्यसपछि पत्रुसले तिनीहरूलाई थाहा *नभएको* कुरा बताए: **"परमेश्वरले ठहराउनुभएको निश्चित योजना र पूर्वज्ञानअनुसार पक्राउ पर्नुभएको यिनै येशूलाई अधर्मी मानिसहरूका हातद्वारा तपाईंहरूले क्रूसमा टाँगेर मार्नुभयो।"** फेरि पनि पत्रुसले प्यालेष्टाइनमा बसोवास गर्ने मानिसहरूलाई केन्द्रित गरी यो कुरा बताएका हुनसक्छन्, तर उनले के कुरालाई जोड दिँदैथिए भने *एउटा राष्ट्रको* रूपमा यहूदीहरूले येशूलाई इन्कार गरेका थिए (यूह १:११ हेर्नुहोस्)। त्यसैले, तिनीहरू जहाँसुकै बस्ने गरेका भए तापनि "उहाँलाई क्रूसमा टाँगेको" कार्यमा तिनीहरू *सबै* दोषी थिए। यहूदीहरूले **अधर्मी मानिसहरूका हातबाट** येशूलाई क्रूसमा चढाए, र [उहाँलाई] **मार्नुभयो**। **अधर्मी मानिसहरू** रोमी सिपाहीहरू थिए। मूल धर्मशास्त्रमा "व्यवस्था विहीन मानिसहरू" (ἄνομοι, *अनोमोइ, anomoi*) भन्ने छ, यसले अवश्य पनि परमेश्वरको व्यवस्था नभएका मानिसहरू, अर्थात् अन्यजातिहरूलाई जनाउँछ। येशूलाई क्रूसमा किला ठोक्ने वास्तविक कार्य रोमी सिपाहीहरूले गरेका थिए, तर त्यसो गर्ने क्रममा तिनीहरूले यहूदी मानिसहरूको इच्छालाई पूरा गर्दैथिए (लूक २३:२१)। तसर्थ पत्रुसले यसो भन्न सके, "[उहाँलाई] *तपाईंहरूले* क्रूसमा टाँगेर मार्नुभयो।"

पत्रुसको अभिव्यक्तिको अन्तिम भागमा उल्लेख गरिएको कुराबारे यहूदीहरूलाई स्पष्टै थाहा थियो, र यो कुरा पीडादायी थियो, किनभने मानिसहरूका नाताले तिनीहरूले येशूलाई इन्कार गरेका थिए र उहाँलाई मृत्युदण्ड दिन माग गरेका थिए। तैपनि, उनले उल्लेख गरेको पहिलो विवरण प्रकाशमय नै थियो: येशूको मृत्यु **परमेश्वरले ठहराउनुभएको निश्चित योजना र पूर्वज्ञानअनुसार** थियो। परमेश्वरको पूर्वज्ञानको विषयभन्दा बाइबलका केही विषयहरू थप चुनौतीपूर्ण छन्। परमेश्वरले सबै कुरा जान्नुहुन्छ, चाहे ती भविष्यमा हुने कुराहरू नै किन नहोऊन् भन्ने बाइबलीय

सत्यतालाई, मानिसको स्वतन्त्र नैतिक छनौट हुन्छ भन्ने बाइबलीय शिक्षासँग कसरी अनुरूप गर्न सकिन्छ? परमेश्वरले सबै कुरा *जान्नुहुन्छ,* तर भविष्यमा के *हुनेछ* भन्ने कुरा उहाँ जान्नुहुन्छ भन्ने तथ्यले, हिजो के *भएको थियो* भन्ने कुरा *हामीलाई* थाहा हुन्छ भन्ने तथ्यले जत्तिको व्यक्तिगत जिम्मेवारीलाई हटाउँदैन। हाम्रो निम्ति यो प्रश्न कठिन भए तापनि, पत्रुस र उनका कुरा सुन्ने मानिसहरूका निम्ति यो विरोधाभास कुनै समस्याको रूपमा रहेको थिएन।

येशूलाई मसीहको रूपमा स्वीकार गर्नबाट यहूदीहरूलाई अवरोध गर्ने सबैभन्दा ठूलो वाधा भनेको उहाँ रोमी क्रूसमा मर्नुभएको तथ्य थियो। आफ्नो मृत्यु र पुनरुत्थानको बारेमा येशूले धेरैपटक भविष्यवाणी गर्नुभएको बाबजुत पनि उहाँका जनहरूले उहाँको मृत्यु भएपछि सबै कुरा सकियो भन्ने ठाने भन्ने कुरालाई याद गर्नुहोस् (मर्कू ८:३१; ९:१२, ३१; १०:३३; लूक १७:२५; १८:३१-३३)। मोशाले भनेका थिए, "काठमा झुण्डिने हरेक श्रापित हुन्छ" (गला ३:१३; हेर्नुहोस्: व्य २१:२३)। मसीह वैभव र शक्तिमा आउनुहुनेछ भन्ने सोचाइ यहूदीहरूको थियो। उहाँ गरिवीमा आउनुहुनेछैन, सेवक भएर जिउनुहुनेछैन, र एक अपराधीको रूपमा मारिनुहुनेछैन भन्ने तिनीहरू ठान्थे। त्यसकारण, यहूदीहरूका निम्ति क्रूस एउटा "बाधा" थियो भनेर पावलले भनेको कुरा आश्चर्यजनक कुरो होइन (१ कोर १:२३)।

तैपनि, आफू मसीह भएको येशूको दाबीलाई क्रूसले बेकम्मा गराएन, बरु यसलाई प्रमाणित गऱ्यो—किनभने क्रूस पहिलेदेखि नै परमेश्वरको योजनाको भाग थियो भन्ने कुरा पत्रुसले घोषणा गरे। पत्रुसले शायद यशैया ५३ र भजनसंग्रह २२ जस्ता कष्ट भोग्ने सेवक सम्बन्धी पुरानो करारको अगमवाणीहरूलाई उद्धरण गर्दै यस कुरालाई जोड दिए। अगमवक्ताहरूले भविष्यवाणी गरेजस्तै येशूलाई *कष्ट भोग्ने सेवकको* रूपमा पत्रुसको दोस्रो प्रवचनको लिखित विवरणमा जोड दिइएको छ (३:१८ हेर्नुहोस्)। पहिलो प्रवचनमा पत्रुसले बताएका कुराको *सारांश* मात्रै हामीसँग छ भन्ने कुरालाई प्रेरित २:४० ले संकेत गरेको छ। प्रेरितको पुस्तकमा जानकारीहरूलाई नदोऱ्याइकन पछि त्यसको *पूरक* जानकारी प्रदान गर्ने अभ्यास लूकाको थियो। पहिलो प्रवचनमा, पत्रुसले उसको दोस्रो प्रवचनमा (अध्याय ३) र कर्नेलियसको घरपरिवारको निम्ति उसले दिएको प्रवचनमा समावेश गरेका धेरै अवधारणाहरूलाई प्रचार गरेका हुनसक्छन् (अध्याय १०)।

पद २४. परमेश्वरका आश्चर्यचकित कुराहरूबारे बताउने क्रमलाई पत्रुसले समाप्त गरेका थिएनन्। येशूको बारेमा रहेको अर्को तथ्य सबैभन्दा छक्कलाग्दो थियो: **"उहाँलाई परमेश्वरले मृत्युको पीडाबाट छुटकारा दिएर जीवित पार्नुभयो। किनकि मृत्युको अधीनमा उहाँ भइरहनु असम्भव थियो।"** निस्तार-चाड र पेन्तिकोस बीचको समय अवधिमा, उत्सुक यहूदीहरू अवश्य पनि अरिमाथियाका योसेफको रित्तो चिहानमा गएर यसको अँध्यारोमा चिहाएका थिए। धेरैले शायद यसो भनी प्रश्न गरिरहेका थिए, "मृत शरीरलाई के भयो?" पुनरुत्थानलाई विश्वास नगर्नेहरूले अझै पनि यो प्रश्नको उत्तर दिनुपर्छ। इसाई जगतलाई नष्ट गर्नका लागि, त्यस भर्खरै सुरु भएको अभियानको शत्रुहरूले येशूको शरीर निकाल्नु मात्रै पर्नेथियो। तिनीहरूले यसो गर्न सकेनन्। येशूको शरीरको चोरी नहोस् भन्ने कुरालाई सुनिश्चित गर्नका लागि हरेक सावधानी अपनाइएको थियो भन्ने कुरा आम रूपमा थाहा थियो। भोलिपल्ट बिहान

चिहान रित्तो थियो भन्ने कुरा पनि आम रूपमा थाहा थियो। शरीरलाई के भयो? येशूका मित्रहरूले यो लिन *सक्दैनथिए*, येशूका शत्रुहरूले यो *लैजानेथिएनन्*। तैपनि, यो त्यहाँ थिएन। पत्रुसले वास्तवमा त्यस अन्योलताको उत्तर सरल छ भनी भने: आफूले भविष्यवाणी गर्नुभएझैँ येशू *बौरी उठ्नुभएको* हो। हल्लाहरू फिँजिरहेको हुनसक्छ: "नासरतको येशू मृत्युबाट बौरी उठ्नुभएपछि उहाँलाई देखेको दाबी गर्ने एक जना मानिसलाई चिन्ने व्यक्तिलाई म चिन्छु।" बोलिएका र नबोलिएका सबै प्रश्नहरूको उत्तर पत्रुसले दिए: येशू जीवित हुनुभएको *थियो*। उहाँलाई मृत्युदण्ड दिइएको थियो, तर परमेश्वरले उक्त फैसलालाई उल्टयाउनुभयो। "परमेश्वरले [उहाँलाई] ... जीवित पार्नुभयो!"

पुनरुत्थानलाई घोषणा गर्ने क्रममा, पत्रुसले चित्रात्मक भाषालङ्कार प्रयोग गरेका छन् जुन धेरैजसो अंग्रेजी अनुवादहरूमा हराएका छन्। ठेड रूपमा, येशूलाई परमेश्वरले "मृत्युको *पीडाबाट* छुटकारा दिएर" जीवित पार्नुभयो भनी पत्रुसले भने (रिभाइज् स्टयाण्डर्ड भर्सन [RSV], जोड दिइएको छ)। ὠδίν (*ओडिन, ōdin*, "अर्थात् पीडा" ["pangs"]) भन्ने शब्दलाई ग्रीकहरूले "गर्भको पीडा" भन्ने वाक्यमा प्रयोग गर्थे (हेर्नुहोस्: गला ४:१९, २७; १ थेस ५:३; प्रका १२:२)। पत्रुसले चिहानमा हुनुभएको येशूलाई गर्भमा रहेको बच्चासँग तुलना गर्दैथिए। समय आएपछि, आमा तयार भए पनि वा नभए पनि बच्चा जन्मैरै छाड्छ। जन्म दिइने क्रममा कठिनताहरू आउन सक्छन्, तर सामान्य अवस्थाहरूका हकमा यो अभिव्यक्ति साँचो हो। त्यसरी नै, येशू चिहानबाट बाहिर आउने समय भएपछि, "मृत्युको अधीनमा उहाँ भइरहनु *असम्भव* थियो।"

"परमेश्वरले [उहाँलाई] ... जीवित पार्नुभयो" भन्ने शब्दहरू कति उत्साहपूर्ण छ होइन र! यी शब्दहरू इसाई जगतको ढुकढुकी हुन्। नयाँ करारमा पुनरुत्थानलाई एक सय पटकभन्दा बढी उल्लेख गरिएको छ। सबैभन्दा मुख्य कुरो के छ भने, पुनरुत्थानको साक्षीहरू प्रेरितहरू थिए (१:२२)। येशू "मरेकाहरूबाट पुनरुत्थान हुनुभएर पवित्रताको आत्माअनुसार शक्तिमा परमेश्वरका पुत्र ठहरिनुभयो" भनेर तिनीहरूले निर्धक्क रूपमा घोषणा गरे (रोम १:४)। पुनरुत्थानले तिनीहरूको आवाजहरूमा सामर्थ्य दियो, तिनीहरूका हृदयमा साहस, र तिनीहरूका खुट्टामा पखेटा हालिदियो। प्रेरितहरूले एक मृतक मुक्तिदातालाई होइन तर जीवित उद्धारकर्तालाई विश्वास गरेका थिए, जसले तिनीहरूलाई सहायता गर्नुभयो र सामर्थ्य दिनुभयो (मत्ती २८:२०; हेर्नुहोस्: फिलि ४:१३)। प्रत्येक दिन तिनीहरूले पुनरुत्थान हुनुभएको प्रभुको निम्ति आफ्नो जीवन खतरामा राखे। पुनरुत्थानको अन्य कुनै प्रमाण नभएको भए तापनि, प्रेरितहरूको जीवनमा आएको प्रभावशाली परिवर्तन नै पर्याप्त हुनेथियो। तिनीहरूले पुनरुत्थान हुनुभएको प्रभुलाई आमने-सामने भेटेका थिए भन्ने तथ्य बाहेक तिनीहरूको जीवनको त्यस्तो परिवर्तनलाई व्याख्या गर्ने अर्को कुनै बाटो थिएन।

पद २५. "परमेश्वरले [उहाँलाई] ... जीवित पार्नुभयो" भनी पत्रुसले भन्दा यो कुरा सुन्ने प्रत्येक मानिसहरूले "के यो साँचो हुनसक्छ?" भन्दै प्रश्न गरेको हुनुपर्छ। सबै कुरा त्यही प्रश्नमा अडिएको थियो। पुनरुत्थानलाई पुष्टि गर्नका लागि, पत्रुसले यस बारेमा भविष्यवाणी गरिएको थियो भन्ने कुरालाई देखाउँदै कुरालाई अघि बढाए। प्रेरित ३ मा उल्लेख गरिएको प्रवचनमा, पत्रुसले अगमवाणीहरू मोशा, यशैया, र अरूले

गरेका थिए भनी उल्लेख गरे। यस प्रथम प्रवचनमा, यिनै मानिसहरूले अगमवाणी गरेका हुन् भन्ने कुरालाई पत्रुसले उल्लेख गरेका हुनसक्छन्। तैपनि, यस प्रवचनमा पत्रुसले *मुख्य रूपमा* ध्यानाकर्षण गराएको कुरा *दाऊदका* लेखहरू थियो। निश्चित रूपमा, उनले भजनसंग्रह १६:८-११ बाट उद्धृत गरे। पत्रुसले सेप्टुजेन्टबाट उद्धरण गरेका हुन्, त्यसकारण हिब्रू बाइबलबाट अनुवाद गरिएका केही बाइबलमा पुरानो करारको यो खण्ड केही फरक हुनसक्छ: **"किनकि दाऊदले उहाँको विषयमा भन्दछन्, 'मैले प्रभुलाई सधैँ मेरो सामने देखें, किनभने म नडगमगाऊँ भनेर उहाँ मेरो दाहिनेतर्फ हुनुहुन्छ।'"** दाऊदको बारेमा उल्लेख गर्दा यहूदीहरूले ध्यान दिएर सुनेका हुनसक्छन्। "[मीठो] इस्राएलका भजनहरू गाउनेको" (२ शमू २३:१) इस्राएलका मानिसहरूको प्रिय व्यक्तिको याद दिलाउँथ्यो। मसीह दाऊदको सन्तान हुनेछन् र दाऊदको सिंहासनको उत्तराधिकारी हुनेछन् भन्ने विश्वास तिनीहरू गर्थे।

पद २६-२८। पत्रुसले भजनसंग्रह १६ को दाऊदको वचनबाट आफ्नो प्रमाणलाई राख्ने कार्य जारी राखे:

> **"यसकारण मेरो हृदय आनन्दित र मेरो जिब्रो हर्षित भयो। यसबाहेक मेरो शरीरले पनि आशामा जिउनेछ। किनकि तपाईंले मेरो प्राणलाई पातालमा छोड्नुहुनेछैन, न त तपाईंले आफ्ना पवित्र जनको शरीर कुहुन दिनुहुनेछ। तपाईंले मलाई जीवनको मार्गहरू बताउनुभयो, तपाईंले मलाई आफ्नो उपस्थितिद्वारा आनन्दले गद्गद् पार्नुहुनेछ।"**

यहाँ कुञ्जी वचन यही हो: **तपाईंले मेरो प्राणलाई पातालमा छोड्नुहुनेछैन, न त तपाईंले आफ्ना पवित्र जनको शरीर कुहुन दिनुहुनेछ।** मूल धर्मशास्त्रमा ψυχή (*सुखे, psuchē*) छ, जुन **प्राण** अर्थ दिने सामान्य शब्द हो। यो शब्दले व्यक्तिको जीवन वा व्यक्तित्वलाई पनि जनाउँन सक्छ। भजनसंग्रहले उल्लेख गरेको व्यक्तिलाई **पातालमा** छाडिनेथिएन। किंग जेम्स भर्सन (KJV) ले दुर्भाग्यवश यहाँ "नरक" भनी अनुवाद गरेको छ। मूल धर्मशास्त्रमा प्रयोग गरिएको शब्द *Gehenna* (γέεννα, *गहेना*), दुष्टहरूको अनन्त वासस्थान (अर्थात्, नरक) होइन, तर *Hadēs* (ᾅδης, *हेडीस*) हो। "पाताल" ("Hades") को ठेड अर्थ "अदृश्य" भन्ने हुन्छ र "अदृश्य संसारलाई" उल्लेख गर्नका लागि ग्रीकहरूले यो शब्दको प्रयोग गर्थे। येशू र नयाँ करारका अन्य व्यक्तिहरूले मृत्यु र पुनरुत्थान बीचको अवस्थालाई जनाउँन यसको प्रयोग गर्नुभयो। लूका १६:१९-३१ को धानी मानिस र लाजरसको कथाले यस पाताल लोकको एउटा झलक दिन्छ। न्यू इन्टरनेशनल भर्सन (NIV) जस्ता केही अनुवादहरूमा, "पाताल" भन्ने शब्दलाई "चिहान" भनी अनुवाद गरिएका छन् किनभने हिब्रू भाषाको बाइबलको भजनसंग्रह १६ मा "शियोल" (שְׁאוֹל, *शेओल, she'ol*) भन्ने छ, जसले चिहानलाई जनाउँन सक्छ। तसर्थ ख्रीष्टको शरीर चिहानमा रहनेछैन र उहाँको शरीर कुहुनेछैन भनेर मात्रै दाऊदले भनेका हुन् भनेर तिनीहरू भन्छन्। तैपनि, हामी २७ पदको "पाताल" भन्ने शब्दलाई "अदृश्य संसार" भन्ने अर्थमा प्रयोग गर्ने अवधारणालाई हामी उपयुक्त मान्छौं।

येशू क्रूसमा हुनुभएको बेला, पश्चात्ताप गर्ने डाँकुलाई उहाँले "आजै तिमी मसित स्वर्गलोकमा हुनेछौ" भनी भन्नुभएको कुरालाई ध्यान दिनुहोस् (लूक २३:४३)। "स्वर्गलोक" भन्ने शब्दले स्वर्गलाई जनाउँछ भनी हामी ठान्न सक्छौं, तर

पुनरुत्थानपछि येशूले भन्नुभयो, "म अहिलेसम्म पिताकहाँ गएको छैनँ" (यूह २०:१७)। येशू र पश्चात्तापी डाँकु "स्वर्गलोक" मा जानुभएपछि उहाँहरू कहाँ हुनुहुन्थ्यो भन्ने बारेमा हामीलाई २७, ३१ पदले जानकारी दिन्छ भन्ने विश्वास हामी गर्छौं: येशूको शरीरलाई चिहानमा राखियो र उहाँको प्राण *पाताल,* "अदृश्य संसार," अर्थात् शरीरबाट छुटेका आत्माहरू न्यायको लागि प्रतीक्षा गर्ने ठाउँमा गयो। "स्वर्गलोक" ले निश्चय नै न्यायको दिनसम्म धर्मीजन शान्तिमा रहने स्थान, अर्थात् मृत्युपछि लाजरस गाएको पातालको भागलाई जनाउँछ (लूक १६:२२ हेर्नुहोस्)। येशू र पश्चात्ताप गर्ने डाँकूको मृत्यु भएपछि उहाँहरू जानुभएको स्थान यही थियो।

भजनसंग्रहमा, दाऊदले प्रथम पुरुषमा बोलेका छन्; तसर्थ तिनले आफ्नै विषयमा बताएको देखिन्छ। तैपनि, दाऊद र उनको उत्तराधिकारीप्रति गहिरो सम्बन्ध रहेको थियो तसर्थ मसीहको बारेमा बताउने क्रममा दाऊदले प्रायजसो प्रथम पुरुषमा बोल्थे भन्ने कुरालाई यहूदीहरूले बुझेका थिए। उत्तर दिइनुपर्ने एउटा प्रश्न के थियो भने भजनसंग्रह १६ मा दाऊदले आफ्नै बारेमा उल्लेख गरेका थिए कि मसीहको बारेमा बताएका थिए।

पद २९. दाऊदले आफ्नो बारेमा उल्लेख गर्दा "पवित्र जन" भन्ने शब्दको प्रयोग गर्न निकै कठिन हुनेथियो, विशेष गरी बतसेबासँगको उसको पापपछि भनेर पत्रुसले तर्क गर्न सक्नेथियो। तैपनि पत्रुसले अर्कै पद्धति अपनाए: **"भाइ हो, हाम्रा पुर्खा दाऊदको विषयमा म तपाईंहरूलाई निश्चयतासाथ भन्न सक्छु, कि उनी मरे र गाडिए, अनि आजको दिनसम्म उनको चिहान छँदैछ।"** दाऊदलाई उल्लेख गर्नको लागि **पुर्खा** भन्ने शब्दको प्रयोग गरिएको कुरा असामान्य छ। शायद पत्रुसले दाऊद इस्राएलको एक *आत्मिक* पुर्खा थिए भन्ने कुरालाई जोड दिँदैथिए, अथवा यो शब्दले दाऊद एक राज-वंशको संस्थापक थिए भन्ने कुरालाई जनाउँछ। दाऊदको **चिहान** यरूशलेमका सबै मानिसहरूका निम्ति एउटा परिचित स्थान थियो। यो प्रख्यात स्थान सहरभित्रै अवस्थित थियो (१ राज २:१०; नहे ३:१६), र यहाँबाट भएर दैनिक रूपमा धेरै मानिसहरू आवत-जावत गर्थे। हेरोद राजाले दाऊदको चिहानको ढोकामा सेतो संगमरमरको एउटा स्मारक बनाएका थिए। दाऊद जीवित भई उठेका थिएनन् भन्ने कुरा स्पष्टै थियो। त्यसकारण भजनसंग्रह १६ मा तिनले आफ्नो बारेमा बताएको हुन सक्दैन। यदि उनले आफैलाई उल्लेख गरेका होइनन् भने, यो मसीहको बारेमा नै हो।

पद ३०, ३१. त्यसपछि पत्रुसले भने,

> **यसकारण एक अगमवक्ता भएका हुनाले, उनले जान्दथिए कि परमेश्वरले शपथ खानुभएको थियो कि उनकै सन्तानबाट उनको सिंहासनमा एक जनालाई परमेश्वरले बसाल्नुहुनेछ। अघिबाटै यो देखेर उनले ख्रीष्टको पुनरुत्थानको विषयमा भने कि उहाँ न पातालमा छोडिनुभयो, न त उहाँको शरीर नै कुह्यो।**

अगमवक्ताको रूपमा दाऊदको परिचय दाऊदको जीवनको एउटा आकर्षक पक्ष हो जुन कुरा पुरानो करारलाई अध्ययन गर्दा हामी सजिलै भुल्न सक्छौं। दाऊदमाथि परमप्रभुको आत्मा आएको थियो भन्ने कुरा १ शमूएल १६:१३ बाट स्पष्ट हुन्छ (२ शमू २३:२ हेर्नुहोस्), तर पुरानो करारमा दाऊदको बारेमा उल्लेख गर्नका निम्ति "अगमवक्ता" भन्ने शब्दलाई प्रयोग गरिएको छैन। तैपनि, दाऊद एक अगमवक्ता थिए

भन्ने कुरा यहूदीहरूले बुझेका थिए र नयाँ करारमा पुरानो करारको अन्य कुनै पनि पुस्तकहरूभन्दा बढी भजनसंग्रहको पुस्तकबाट उद्धरण गरिएको छ।

एक अगमवक्ता भएका हुनाले, दाऊदले **जान्दथिए कि परमेश्वरले शपथ खानुभएको थियो कि उनकै सन्तानबाट उनको सिंहासनमा एक जनालाई परमेश्वरले बसाल्नुहुनेछ**। २ शमूएल ७:८-१७ मा दाऊदसँग गरिएको महान प्रतिज्ञालाई यसले जनाउँछ (भज १३२:११ हेर्नुहोस्)। २ शमूएल ७ मा दिइएका प्रतिज्ञाहरू दाऊदका सन्तान सोलोमनको शासनकालमा आंशिक रूपमा पूरा भए जसले यहूदियाको दक्षिणी राज्यको सिंहासनमा गरे। तैपनि दाऊदका सन्तान, येशू (मत्ती १:१-१६) स्वर्गमा उचालिनुभई परमेश्वरको दाहिने हाततर्फ बस्नुभएपछि यो पूर्ण र अन्तिम रूपमा पूरा भयो (पद ३३)।

परमेश्वरको प्रतिज्ञाहरूलाई विचार गर्दै अगमवक्ता दाऊदले **यो देखेर उनले ख्रीष्टको पुनरुत्थानको विषयमा** [बोले]। प्रेरितमा **ख्रीष्ट** शब्दको यो पहिलो प्रयोग हो। "ख्रीष्ट" भनी अनुवाद गरिएको Χριστός (*ख्रीस्टस, Christos*) भन्ने शब्द "मसीह" अर्थ दिने हिब्रू शब्द (מָשִׁיחַ, *मशियाख, mashiach*) को ग्रीक रूप हो। यी दुवैको अर्थ "अभिषिक्त जन" भन्ने हुन्छ। पुरानो करारमा पूजाहारीहरू, अगमवक्ताहरू, र राजाहरूलाई अभिषेक गरिन्थ्यो, त्यसकारण यो शब्द यीमध्ये कुनै पनि पक्षमा लागू हुन सक्छ। प्रधान पूजाहारीलाई "अभिषेक भएको" भनी भनिन्थ्यो (लेवी ४:३ हेर्नुहोस्)। अगमवक्ताहरूलाई "अभिषेक भएकाहरू" भनी भनिन्थ्यो (भज १०५:१५)। निश्चित रूपमा इस्राएलको राजालाई उल्लेख गर्न यो शब्द प्रयोग गरिन्थ्यो (भज २:२; १८:५०)। दाऊदले शाऊललाई मार्न इन्कार गरे किनभने शाऊल "परमप्रभुका अभिषिक्त जन" थिए (१ शमू २४:६; २६:९; हेर्नुहोस्: २ शमू १:१४)। यहूदीहरूले आफ्नो विगतको वैभवलाई पुर्नस्थापना गर्ने दाऊदका सन्तान "मसीह" को प्रतीक्षा गरे। प्रतीक्षा गरिएको मसीह, वा ख्रीष्ट वास्तवमा येशू नै हुनुहुन्थ्यो (मत्ती १६:१६, १७; मर्कू १४:६१, ६२; यूह ४:२५, २६)। येशू पूजाहारी (हिब्रू ४:१४), अगमवक्ता (प्रे ३:२२), र राजा (१ तिमो ६:१५) हुनुभएकोले, यी *सबै* भूमिकाहरूका लागि "अभिषिक्त जन" भन्ने नाउँ उहाँमा लागू हुन्छ। तैपनि यहूदीहरूले "मसीह/ख्रीष्ट" भन्ने शब्द सुन्दा मुख्यतया तिनीहरूले एक *राजाको* बारेमा सोच्ने गर्थे। येशूलाई "ख्रीष्ट" भनी भन्दा हामीले उहाँलाई राजा घोषणा गर्छौं।

पत्रुसले ख्रीष्टको पुनरुत्थानको विषयलाई विस्तारित गरे: **"उहाँ न पातालमा छोडिनुभयो** [२६-२८ पदको टिप्पणी हेर्नुहोस्]**, न त उहाँको शरीर नै कुह्यो।"** चार दिनसम्म मृत अवस्थामा रहेको लाजरसको शरीरको विपरित (यूह ११:३९), येशूको शरीर कुहिन सुरु भएको थिएन। येशूको शरीर एक दिन पूरै र अन्य दुई दिनको केही भाग समय अवधिसम्म चिहानमा रहेको थियो। यहूदी गणना अनुसार, यो तीन दिनको अवधि थियो। ख्रीष्ट चिहानमा रहनुहुनेछैन भनेर दाऊदले अगमवाणी गरेका थिए भन्ने कुरालाई पत्रुसले अघि सारे। यो सत्यताको निम्ति मृत्युबाट जीवित हुनु अत्यावश्यक थियो। आफूले लेखेको कुरालाई दाऊदले पूर्ण रूपमा बुझेका थिएनन्। प्रेरणाद्वारा अगमवक्ताहरूले प्रायजसो त्यस्ता कुराहरूका बरेमा बोल्थे जसका वचनलाई वर्षौंपछि प्रेरणाप्राप्त वक्ता वा लेखकले—यस सन्दर्भमा पत्रुसले—अर्थ-अनुवाद नगरेसम्म पूर्ण रूपमा बुझिएको हुँदैनथियो।

येशूलाई जिइउठाइनुभएको हो भन्ने विषयमा जानुभन्दा पहिले, यो कुरालाई ध्यान दिनुहोस्: जब हामी "ख्रीष्ट" भन्ने शब्द सुन्छौं, स्वतः रूपमा हामी येशूको बारेमा विचार गर्छौं। पत्रुसभन्दा पहिले नजानुहोस्। यस विन्दु सम्ममा, आफ्ना कुरा सुन्ने मानिसहरूले चिनेको येशूलाई परमेश्वरले जीवित उठाउनुभएको थियो भन्ने कुरालाई उनले *दाबी गरे* (पद २२, २४), र तिनीहरूले अपेक्षा गरिरहेको ख्रीष्टलाई जीवित उठाउनेछु भनी परमेश्वरले प्रतिज्ञा गर्नुभएको थियो भनेर तिनले *प्रमाणित गरेका थिए* (पद ३१)। त्यसपछि तिनले के कुरालाई प्रमाणित गर्नुपर्ने थियो भने, तिनीहरूले चिनेको येशू र तिनीहरूले अपेक्षा गरिरहेको ख्रीष्ट एउटै र उही व्यक्ति हुनुहुन्थ्यो। ख्रीष्टलाई जीवित पारी उठाइनेछ भनेर दाऊदले भनेजस्तै येशू बौरी उठ्नुभएको छ भन्ने कुरालाई प्रमाणित गर्दै उनले यस कुरालाई अघि बढाए।

पद ३२. पत्रुसको पहिलो प्रमाण उसको आफ्नै र अन्य प्रेरितहरूको गवाही थियो। **हामी सबै** भनी भन्दा, शायद उनले आफ्ना हात फिँजाएर अरू एघारलाई इसारा गरे। "दुई वा तीन साक्षीको बयानद्वारा मात्र अभियोग कायम गर्न सकिन्छ" भनेर पुरानो करारले भन्छ (व्य १९:१५)। पत्रुसको कुरा सुन्ने मानिसहरूले दुई वा तीन जना **साक्षीहरूलाई** होइन, तर बाह्र जना निस्सन्देह मानिसहरूलाई देखिरहेका थिए, जसलाई संसारले उपलब्ध भनी मान्ने कुनै पनि उपलब्धिका कुरा ख्रीष्टको प्रचार गरे बापत व्यक्तिगत रूपमा प्राप्त गर्नु थिएन—र हरेक कुरा गुमाउनु थियो। यो संसारको हिसाबले हेर्ने हो भने त, येशूले तिनीहरूलाई परीक्षा र संकष्टहरू दिने प्रतिज्ञा गर्नुभएको थियो (यूह १५:१८-२१)। येशूले भविष्यवाणी गर्नुभएको सतावट चाँडै नै सुरु हुनेवाला थियो (४:१-३)। आखिरमा, पत्रुसको कुरा सुन्ने मानिसहरूका अघि उभिएका एक जना बाहेक सबै मानिसहरू आफ्नो विश्वासको खातिर मारिए। प्रारम्भिक परम्परा अनुसार, पत्मोस टापूमा निर्वासित गरिएका यूहन्ना बाहेक, सबै प्रेरितहरू शहीद भए।

आफ्नो शंका र येशू वास्तवमा नै चिहानबाट बौरी उठ्नुभएको हो भन्ने कुराबारे आफूलाई विश्वास्त दिलाउन कति कठिन भएको थियो भनेर बताउँदै पत्रुसले त्यस विषयलाई विस्तारित गरेको हुनसक्छ। शायद आफ्ना गवाहीहरूका साथमा अन्य प्रेरितहरू पनि ऊसँग सामेल भए। थोमाले त्यहाँ वरिपरि भएका धेरै मानिसहरूको शंकालु अनुहारमा हेर्दै यसो भनेको हुनसक्छ, "तपाईंहरूलाई कस्तो महसुस गर्नुहुन्छ मलाई एकाएक थाहा छ। मलाई पनि यस्तै भएको थियो। मैले पनि विश्वास गर्न चाहेको थिइँन। तर जसलाई मैले तीन वर्षसम्म पछ्याएँ, उहाँ किलाले ठोकिएको छेड र सुकेको रगत सहितको आफ्ना फैलाउँदै, मैले उहाँको कोखाको घाउ र बाहिरबाट देख्न सकिने हाड सहितको भालाले छेडेको प्वाल देख्न सकौं भनेर आफ्नो बाहिरी वस्त्र हटाउँदै, मेरो सामु आउनुभयो। उहाँको अघि घोप्टो परेर 'हे मेरा प्रभु, हे मेरा परमेश्वर!'" भन्दै रुनु बाहेक मैले अरू केही गर्न सकिनँ (यूह २०:२४-२८ हेर्नुहोस्)।

पद ३३. पत्रुसको दोस्रो प्रमाण भीडका मानिसहरूले देखिरहेका आश्चर्यकर्महरू थिए। तिनीहरूले बतासको आवाज सुने, आगाको जिब्रा देखे, र तिनीहरूका आफ्नै भाषामा प्रेरितहरूले बोलेको देखेका थिए। पत्रुसले **"जे तपाईंहरू देख्नु र सुन्नुहुन्छ"** भनेका हुनाले, शायद प्रेरितहरूका शिरमा आगाको जिब्रा अझै धपधपाइरहेका थिए भन्ने कुराको सुझाव यसले दिन्छ। शायद बतासको डरलाग्दो आवाज त्यस भवनको पर-पर कुनातिर अझै गुञ्जिरहेको थियो। परमेश्वरको **आत्मा** उपस्थित हुनुहुन्थ्यो र

त्यसकारण पत्रुसले येशू मृत्युबाट जीवित उठाइनुभएको छ र **परमेश्वरको दाहिने बाहुलीपट्टि उहाँ उच्च पारिनुभयो** भनी प्रचार गर्दा परमेश्वरको तर्फबाट बोलिरहेका थिए भन्ने कुरा सबैलाई स्पष्ट भएको हुनुपर्छ।

पद ३४-३६. पत्रुसले एउटा नयाँ विषयलाई परिचित गरेका थिए: येशूलाई परमेश्वरको दाहिने हाततर्फ उचालिएको। पुनरुत्थानको तथ्यलाई अघि सारिसकेपछि, अर्को प्रश्न यो हुनेथियो, "यदि येशू मृत्युबाट जीवित उठाइनुभएको हो भने, उहाँ कहाँ हुनुहुन्छ?" पत्रुसको उत्तर के थियो भने येशू स्वर्गमा हुनुहुन्छ; उहाँ परमेश्वरकहाँ उचालिनुभएको थियो। पत्रुसको उत्तर के थियो भने येशू स्वर्गमा हुनुहुन्छ; उहाँ परमेश्वरकहाँ **चढ़े** थियो।

यहूदीहरूका निम्ति यो अवधारणा आमूल र नयाँ रहेको कारणले, यो कुराको बारेमा पनि भविष्यवाणी गरिएको थियो भन्ने कुरालाई देखाउन पत्रुसले दाऊदलाई उद्धृत गरे (भज ११०:१): **"परमप्रभुले मेरा प्रभुलाई भन्नुभयो, तिमी मेरो दाहिने हातपट्टि बस जबसम्म म तिम्रा शत्रुहरूलाई तिम्रा खुट्टाको पाउदान तुल्याउँदिनँ।"** येशूले आफ्ना शत्रुहरूसँग कुरा गर्दा यसभन्दा पहिले नै यस खण्डको प्रयोग गर्नुभएको थियो (मत्ती २२:४४) र प्रारम्भिक इसाई लेखकहरूका निम्ति यो मन पर्ने खण्ड थियो (१ कोर १५:२५; एफि १:२०, २२; हिब्रू १:१३)। किंग जेम्स भर्सन (KJV) मा, "Lord" ("परमप्रभु") भन्ने पहिलो शब्दको सबै अक्षरहरू क्यापिटल लेटर ("LORD") वा ठूलो अक्षरमा लेखिएको छ, र "Lord" भन्ने दोस्रो शब्दको सबै अक्षरहरू स्मल लेटर वा सानो अक्षरमा छ। यसले के कुराको संकेत दिन्छ भने पहिलो "Lord" ("परमप्रभु") ले परमेश्वरको पवित्र नाउँ "यहोवे" लाई जनाउँछ, र दोस्रो "Lord" ("प्रभु") ले "प्रभु" भन्ने सामान्य शब्दलाई जनाउँछ। ग्रीक धर्मशास्त्रमा "प्रभु" ("Lord") भन्ने दुवै शब्दहरूका निम्ति κύριος (*कुरियस्, kurios*) भन्ने शब्दको प्रयोग गरिएको छ। हिब्रू बाइबलको भजनसंग्रह ११०:१ मा पहिले "यहोवा" वा "यहोवे" (יְהוָה, *यावे, yhwh*) भन्ने शब्द प्रयोग गरिएको छ, जसलाई "परमप्रभु" ("LORD") भनी अनुवाद गरिएको छ र त्यसपछि "एदोनाइ" (אָדוֹן, *एदोन, 'adon*) भन्ने शब्द प्रयोग गरिएको छ जसलाई "प्रभु" भनी अनुवाद गरिएको छ। पत्रुसले ग्रीक अनुवादबाट उद्धरण गरिरहेका भए तापनि, मूल रूपमा पवित्र आत्माले दुई वटा फरक शब्दहरूको प्रयोग गर्नुभएको हो भन्ने कुरालाई टिपोट गर्न महत्त्वपूर्ण छ भनी किंग जेम्स भर्सन (KJV) अनुवादकहरूले ठाने। अर्को शब्दमा भन्दा, दाऊदले के भने भने परमप्रभुले ("the" Lord) (अर्थात्, परमेश्वर) "मेरा" प्रभुलाई भन्नुभयो, **"तिमी मेरो दाहिने हातपट्टि बस।"** परमेश्वरको दाहिने हातपट्टि बस्नु भनेको अख्तियारको पदमा रहनु, उहाँसँग सहशासक हुनु हो (मत्ती २८:१८; हेर्नुहोस्: मर्कू १०:३७)।

पत्रुसले पहिले गरेकै तर्क अघि सारे: दाऊदले आफ्नो बारेमा बताएको हुनसक्दैन किनभने तिनी अझै आफ्नो चिहानमा थिए; त्यसकारण उल्लेख गरिएको दोस्रो "प्रभु" अवश्य पनि मसीह हुनुहुन्छ। दाऊदले *ख्रीष्टको* स्वर्ग आरोहण र महिमाको बारेमा बताउँदैथिए।

ख्रीष्ट परमेश्वरको दाहिने हातपट्टि बस्नुभएको छ भन्ने कुरा बताउने क्रममा पत्रुस ३० र ३१ पदमा परिचित गरिएको विषयमा फर्कंदैथिए: "यसकारण एक अगमवक्ता भएका हुनाले, उनले जान्दथिए कि परमेश्वरले शपथ खानुभएको थियो कि *उनकै*

सन्तानबाट उनको सिंहासनमा एक जनालाई परमेश्वरले बसाल्नुहुनेछ। अघिबाटै यो देखेर उनले ख्रीष्टको पुनरुत्थानको विषयमा भने ...” (जोड दिइएको छ)। पुनरुत्थान अन्त्य थिएन, तर *दाऊदको सिंहासनमा* मसीह बस्नुभएको घटनाको आरम्भ थियो भनेर ३० र ३१ पदले सिकाउँछ। यस विचारलाई ३३ र ३४ पदसँग जोड्नुहोस्। येशूले मसीह सम्बन्धी अगमवाणीलाई पूरा गर्नुभयो किनभने उहाँ *परमेश्वरको दाहिने हातपट्टि* उचालिनुभयो भन्ने कुरा ३३ पदमा पत्रुसले घोषणा गरे। उहाँ परमेश्वरको दाहिने हातपट्टि *बस्नुभएको छ* भन्ने कुराको टिपोट ३४ पदले गर्छ। दाऊदको सिंहासनमा बस्नु भनेको परमेश्वरको दाहिने हातपट्टि, अर्थात परमेश्वरको सिंहासनको दाहिनेतर्फ बस्नु सरह थियो, र हो भन्ने हाम्रो निष्कर्ष छ। ध्यान दिनुहोस्, येशू *स्वर्गमा* सिंहासनमा बस्नुभएको हो, यस पृथ्वीमा होइन। प्रकाश ३:२१ मा येशूले लाउडिकियाको मण्डलीलाई भन्नुभयो, “म ... जितें, र मेरा पितासँग उहाँको सिंहासनमा बसेको छु।” येशूको सिंहासनलाई किने दाऊदको सिंहासन र परमेश्वरको सिंहासन दुवै भनियो? यसलाई दाऊदको सिंहासन भनियो किनभने येशूलाई आधिकारिक राजा बनाउने दाऊदको वंश नै थियो। वास्तवमा, यो *परमेश्वरको* सिंहासन हो किनभने सम्पूर्ण अख्तियारको स्रोत उहाँ नै हुनुहुन्छ। नयाँ करारमा फेरि “दाऊदको सिंहासन” वा यस्तो कुनै शब्द प्रयोग गरिएको छैन। यसभन्दा पछि, हामी परमेश्वर/येशूको सिंहासन भनेर मात्रै पढ्छौं।

येशू स्वर्गमा उचालिनुभयो जहाँ उहाँलाई राजाको रूपमा मुकुट पहिराइयो भनेर पत्रुसले घोषणा गरे। उहाँको राज्यभिषेकको घोषणा गर्नका निम्ति पवित्र आत्मा पठाइयो, जुन पठाइनु पर्ने नै थियो। के कुरालाई जोड दिइनुपर्छ भने ख्रीष्टले *अहिले* शासन गरिरहनुभएको छ। ख्रीष्ट यो संसारमा फर्केर आउनुहुनेछ, यरूशलेममा उहाँको राज्य स्थापना गर्नुहुनेछ, र वास्तविक सिंहासनमा हजार वर्ष राज्य गर्नुहुनेछ भनेर पूर्वहजारवर्षेवादीहरूले सिकाउँछन्। तिनीहरूले यो सिंहासनलाई “दाऊदको सिंहासन” भनी भन्छ। ख्रीष्टले पहिले नै आफ्नो राज्य स्थापना गर्नुभएको छ, उहाँले दाऊदको सिंहासनबाट पहिले नै शासन गर्दै हुनुहुन्छ, र उहाँको शासन स्वर्गमा हो, पृथ्वीमा होइन भन्ने कुरालाई तिनीहरूले बुझ्न असफल भएका छन्। ३५ अनुसार, परमेश्वरले ख्रीष्टका शत्रुहरूलाई उहाँको **पाउदान** तुल्याउनुभइञ्जेलसम्म उहाँले शासन गर्नुहुनेछ। यसले हामीलाई १ कोरिन्थी १५:२५, २६ को याद दिलाउँछ: “किनकि उहाँले आफ्ना सारा शत्रुलाई आफ्ना पाउमुनि नपारुञ्जेल उहाँ [येशू] ले राज्य गर्नैपर्छ। सबैभन्दा पछि नष्ट पारिने शत्रु मृत्यु हो।” प्राचीन राजाहरूले कहिलेकहीं आफ्ना शत्रुहरूको तस्विरहरू भएको पाउदानमा आफ्ना खुट्टा राख्थे। यस प्रचलन आफ्ना शत्रुहरूमाथि राजाको सार्वभौमिकता र शक्तिको प्रतीक थियो।

पत्रुस आफ्नो कुरालाई समाप्त गर्न तयार भएका थिए। *ख्रीष्टको* बारेमा पुरानो करारले के भनेको थियो त्यसबारे तिनले टिपोट गरेका थिए। *येशूले* प्रत्येक अगमवाणीलाई पूरा गर्नुभएको थियो भनेर तिनले प्रमाणित गरेका थिए। अब दुई वटा विचारहरूलाई एकसाथ राख्नका लागि तिनी तयार थिए: **“त्यसैकारण इस्राएलको सारा परिवारले यो पक्का गरी जानोस्, कि येशू, जसलाई तपाईंहरूले क्रूसमा टाँग्नुभयो, परमेश्वरले उहाँलाई प्रभु र ख्रीष्ट बनाउनुभयो।”**

येशूलाई यहूदीहरूले गरेको व्यवहारसँग परमेश्वरले उहाँलाई गर्नुभएको

व्यवहारसँग तुलना गरियो: यहूदीहरूले येशूलाई **क्रूसमा टाँगे**, तर परमेश्वरले उहाँलाई **प्रभु र ख्रीष्ट** बनाउनुभयो। **परमेश्वरले उहाँलाई ... बनाउनुभएको** भन्ने शब्दहरूले उहाँको पुनरुत्थान हुनु अघि येशू मसीह नहुनुहुन्थ्यो भन्ने होइन। उहाँ आफ्नो पुनरुत्थानभन्दा पहिले ख्रीष्ट हुनुहुन्थ्यो भन्ने कुरा येशूले निश्चय नै स्वीकार गर्नुभएको थियो (मर्कू १४:६१, ६२)। "परमेश्वरले उहाँलाई ... बनाउनुभयो" भन्ने शब्दको अर्थ हो कि उहाँलाई मृत्युबाट बौरी उठाएर, परमेश्वरले सबै मानिसजातिलाई उहाँ मसीह हुनुहुन्थ्यो भनी थाहा दिनुभयो (रोम १:४)। पुनरुत्थानद्वारा, परमेश्वरले येशू "प्रभु" हुनुहुन्छ—तिनीहरूका शासक, तिनीहरूको गन्तव्यको अन्तिम मालिक, तिनीहरूले आफ्नो अधीनता दिनुपर्ने व्यक्ति—भन्ने कुरालाई पनि पुष्टि गर्नुभयो कस्तो आश्चर्यचकित किसिमको प्रवचन; कस्तो प्रभावशाली समाप्ति।

परिवर्तन भएका प्रथम व्यक्तिहरू (२:३७-४१)

३७यो कुरा सुनेर तिनीहरूको हृदय छियाछिया भयो, अनि पत्रुस र अरू प्रेरितहरूलाई तिनीहरूले भने, "ए भाइ हो, हामीले के गर्ने?" ३८पत्रुसले तिनीहरूलाई भने, "पश्चात्ताप गर, र तिमीहरूका पाप-क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ। ३९किनकि प्रतिज्ञा तिमीहरूका निम्ति, तिमीहरूका सन्तानको निम्ति र टाढ़ा-टाढ़ामा रहेका सबैका निम्ति हो, प्रत्येक जसलाई प्रभु हाम्रा परमेश्वरले बोलाउनुहुन्छ।" ४०अरू धेरै कुराहरूद्वारा उनले तिनीहरूलाई गवाही दिए, र यसो भनेर अर्ती दिए, "यस दुष्ट पुस्ताबाट तिमीहरूले आफैलाई बचाओ।" ४१तब जस-जसले उनको कुरा ग्रहण गरे तिनीहरूले बप्तिस्मा लिए, र त्यसै दिन प्राय: तीन हजार मानिसहरू तिनीहरूको संख्यामा थपिए।

पेन्तिकोसको उत्साहपूर्ण दिनमा प्रेरितहरूले पवित्र आत्माद्वारा बप्तिस्मा पाए र पत्रुसले सुसमाचारलाई यसको पूर्णतामा पहिलो पटक प्रचार गरे। तीन हजार मानिसहरूले उद्धार पाएको त्यस महत्त्वपूर्ण घटनामा यहूदीहरूको जीवन परिवर्तन भएको कुरातर्फ हाम्रो ध्यानाकर्षण गरौं। तिनीहरू परिवर्तन हुनुको मुख्य कारण पत्रुसको कुशल प्रवचन थियो। पावलले लेखेका छन्, "जे सुनिएको छ, त्यसैबाट विश्वास आउँछ र जे सुनिन्छ त्यो ख्रीष्टको [वा, बारेमा गरिएको[4]] प्रचारबाट आउँछ" (रोम १०:१७)। यदि कसैले उद्धार पाउनु छ भने, उसले पहिले येशूको बारेमा सुनेको हुनुपर्छ। पत्रुसको प्रवचनको अन्तिम वचन पक्कै पनि तिनीहरूको कानमा गुन्जियो: "त्यसैकारण इस्राएलको सारा परिवारले यो पक्का गरी जानोस्, कि येशू, जसलाई तपाईंहरूले क्रूसमा टाँग्नुभयो, परमेश्वरले उहाँलाई प्रभु र ख्रीष्ट बनाउनुभयो" (पद ३६)। यी वचनहरू सुनेपछि पत्रुसका कुरा सुन्ने मानिसहरूले कस्तो प्रतिक्रिया दिए?

पद ३७. पत्रुसले येशूको बारेमा आफ्नो शक्तिशाली कक्षा समाप्त गरिसकेपछि, केही समयको लागि शायद गम्भीर मौनता छायो: **यो कुरा सुनेर तिनीहरूको हृदय**

---

[4]एड्गर जे. गुडस्पिड (Edgar J. Goodspeed), *द न्यू टेस्टामेन्ट: एन अमेरिकन ट्रान्सलेसन*। रिभाइज् स्टचाण्डर्ड भर्सन (RSV) मा "ख्रीष्टको प्रचार" भन्ने छ।

छियाछिया भयो। "तिनीहरूले पवित्र आत्माको प्रत्यक्ष कार्य प्राप्त गरिसकेपछि, तिनीहरूको हृदय छियाछिया भयो" भनेर यस खण्डले भन्दैन, बरु "यो कुरा *सुनेर* तिनीहरूको हृदय छियाछिया भयो" भनी यसले भन्छ। पवित्र आत्माले प्रेरितहरूको प्रचारद्वारा आफ्नो तरवार अर्थात् वचनलाई चलाउँदै हुनुहुन्थ्यो (एफि ६:१७)। "हृदय छियाछिया भयो" भन्ने वाक्यको अझै आम अभिव्यक्ति "हृदय तोडियो" भन्ने हुन्छ (न्यू इन्टरनेशनल भर्सन [NIV])।

त्यसपछि उनका कुरा सुन्ने मानिसहरूबाट एउटा चित्कारपूर्ण चिच्याहट सुनियो। तिनीहरूले **पत्रुस र अरू प्रेरितहरूलाई ... भने, "ए भाइ हो, हामीले के गर्ने?"** पत्रुसले तिनीहरूलाई येशूको बारेमा भनेको कुरामा यी मानिसहरूले विश्वास गरे, अन्यथा तिनीहरूले यस्तो प्रतिक्रिया दिनेथिएनन्। उद्धार पाउनको लागि विश्वास अपरिहार्य छ (यूह ८:२४)। संलग्न व्यक्तिहरूको स्वतन्त्र विचारलाई प्रभाव नपारिकन परमेश्वले कसरी कुनै पनि कुराको बारेमा पहिले नै देख्नुहुन्छ र भविष्यवाणी गर्नुहुन्छ भन्ने प्रश्नप्रति हामी समस्यामा पर्छौं। हामीजस्तो यहूदीहरू यसप्रति समस्यामा परेनन् भन्ने देखिन्छ। "परमेश्वरले ठहराउनुभएको निश्चित योजना र पूर्वज्ञानअनुसार" येशूलाई क्रूसमा मारिएको थियो भनेर पत्रुसले भनेका थिए (पद २३), तर त्यस कार्य गरेको कुराप्रति तिनीहरू दोषमुक्त हुने बाटो यो होइन भन्ने कुरा उनका कुरा सुन्ने मानिसहरूले बुझेका थिए (पद ३७)। यदि दोषमुक्त हुने बाटो यो थियो भने, पत्रुसले यस्तो उत्तर दिने थिए, "तिपाईंहरूले केही पनि गर्नुपर्दैन, किनभने तपाईंहरूले त्यस विषयमा केही पनि *गर्न* सक्नुहुनेथिएन!"

येशू नै ख्रीष्ट हुनुहुन्छ भन्ने कुरालाई विश्वास गर्दै, तिनीहरू यसो भन्दै कराए, **"हामीले के गर्ने?"** तिनीहरूको प्रश्नमा कति पीडा लुकेको थियो भन्ने कुरा हामी पूर्ण रूपमा बुझ्न सक्दैनौं। तिनीहरूले आफ्नो जीवनकालभरि मसीहको बाटो हेरेका थिए। हरेक प्रार्थना, सभाघरको सेवा, र चाडको दिनले मसीहको निम्ति रहेको राष्ट्रिय उत्कट अपेक्षालाई व्यक्त गर्थ्यो; उहाँ तिनीहरूको मुक्ति र एउटै मात्र आशा हुनुहुन्थ्यो। पत्रुस आफ्नो कक्षाको चरम विन्दुमा पुगेपछि, सत्यताले तिनीहरूलाइ हिर्कायो—मसीह आउनुभएको *थियो*। तिनीहरूले उहाँलाई इन्कार मात्र गरेका थिएनन्, तर *तिनीहरूले उहाँलाई क्रूसमा मारेका थिए*! पत्रुसले "इस्राएलको *सारा* परिवार" लाई सम्बोधन गरे र "येशू, जसलाई *तपाईंहरूले* क्रूसमा टाँग्नुभयो" भने। यो अन्तिम अभिव्यक्ति दिने क्रममा पत्रुसले नजिकमा उभिने मानिसहरूतर्फ औंल्याएको हुनसक्छ; तैपनि, अझै सम्भावित कुरो के छ भने येशूलाई मसीहको रूपमा इन्कार गरेको कारण तिनले "इस्राएलको ... परिवार" एकमुस्ट रूपमा संकेत गर्दैथिए। यो कुरालाई महसुस गरेपछि ग्लानी भई पत्रुसका कुरा सुन्ने मानिसहरूको हृदय तोडियो। तिनीहरूले पापहरूको पनि पाप गरेका थिए। एउटा उत्सवको दिन अब दु:खद घडीमा परिवर्तन भएको थियो। तिनीहरूले उच्च सोरमा यसो भने, "ए भाइ हो, हामीले के गर्ने?" के तिनीहरूको भविष्य आशाविहिन थियो?

पद ३८. यहूदीहरूले अनुभव गरेको ग्लानी भावना कस्तो थियो भनी हामीले सटीक रूपमा भन्न नसके तापनि, पत्रुसले तिनीहरूको प्रश्नको उत्तर दिँदा तिनीहरूको प्राणमा आएको राहतको महसुसलाई हामी पूर्ण रूपमा अनुभव गर्न सक्छौं: **"पश्चात्ताप गर, र तिमीहरूका पाप-क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले**

बप्तिस्मा लेऊ, र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ।” तिनीहरूका निम्ति आशा थियो। मसीहलाई क्रूसमा मारेको पापको निम्ति तिनीहरूले क्षमा प्राप्त गर्न सके। यसको साथै, पापक्षमाको सर्त कसैले पूरा गर्नै नसक्ने किसिमको थिएन; सबैले पश्चात्ताप गरी बप्तिस्मा लिन सक्थे। यसको साथै, पत्रुसले के भनेका थिएनन् भने, “पश्चात्ताप गर, र मसीहलाई क्रूसमा टाँगेको *पापको* निम्ति क्षमा प्राप्त गर”; बरु, तिनले **पाप** भन्ने शब्दको निम्ति बहुवचन (ἁμαρτιῶν, *हामार्तियोन, hamartiōn*) शब्द प्रयोग गरे। तिनीहरूले पत्रुसको निर्देशनहरूलाई पालन गरेमा, तिनीहरूको जीवनको *सम्पूर्ण* पापलाई परमेश्वरको अनुग्रहले जित्नेथियो।

पत्रुसको निर्देशनहरू पालन गर्न असम्भव नरहेको भए तापनि, यो सजिलो पनि थिएन भन्ने कुरालाई जोड दिइनुपर्छ। पत्रुसले उनीहरूको जीवनमा कट्टरपन्थी १८०-डिग्री मोड भन्दा भन्दा कम छैन बारेमा कुरा गरिरहेका थिए: तिनीहरू आफ्नो पापमय पुरानो बाटोबाट फर्केर नयाँ जीवनशैलीमा फर्कनुपर्नेथियो, र तिनीहरू मोशालाई पछ्याउने बाटोबाट फर्केर येशूलाई पछ्याउनु पर्नेथियो। तिनीहरू ख्रीष्टमा *समर्पित* हुनुपर्ने बारेमा पत्रुसले कुरा गरिरहेका थिए, जुन कार्यले तिनीहरूको बाँकी जीवनलाई प्रभाव पार्नेवाला थियो।

तिनीहरूले **पश्चात्ताप** गर्नुपर्छ भनी पत्रुसले पहिले भने। “पश्चात्ताप” भन्ने शब्द μετανοέω (*मेटानोएओ, metanoeō*) भन्ने मिश्रित ग्रीक शब्दबाट आएको हो, जसको अर्थ “कुनै कुराप्रति व्यक्तिको मन वा व्यवहार परिवर्तन गर्नु” भन्ने हुन्छ (हेर्नुहोस्: मत्ती २१:२९; हिब्रू १२:१७)। मानिसमा लागू गर्दा, सामान्यतया यसको अर्थ “ *पापको* हकमा व्यक्तिको मन परिवर्तन गर्नु” भन्ने हुन्छ, अर्थात्, पाप गर्न छोड्ने संकल्प गरी फरक प्रकारको जीवन जिउनु। ईश्वरीय शोकबाट यो आउँछ (२ कोर ७:१०) किनभने यसद्वारा हामी, परमेश्वरले जसरी हेर्नुहुन्छ त्यही नजरले पापलाई हेर्छौं, अनि पाप कति भयानक कुरो हो भन्ने महसुस गर्छौं। यसलाई “सांसारिक शोक” सँग विपरित छ, जुन फिक्री व्यक्तिको पापको *परिणामसँग* सम्बन्धित दुःख हो। पापको निम्ति *ग्लानी* हुनु पश्चात्ताप होइन। पत्रुसको कुरा सुन्ने मानिसहरूको “हृदय छियाछिया भयो” थियो—आफूले गरेका कुराहरूप्रति तिनीहरूलाई अवश्य पनि खेद लागेको थियो—*तैपनि* पत्रुसले तिनीहरूलाई “पश्चात्ताप गर्न” निर्देशन दिए। साँचो पश्चात्तापले *जीवन* परिवर्तन गर्दछ। पावलले अन्यजातिहरूलाई भने, “पश्चात्ताप गरेर परमेश्वरतिर फर्क *र* आफ्ना पश्चात्ताप योग्यका काम गर” (२६:२०; जोड दिइएको छ)। पश्चात्ताप गर्नु कठिन कुरा हो किनभने यसको लागि नयाँ जीवनशैली आवश्यक पर्छ।

त्यसपछि, पत्रुसले आफ्ना कुरा सुन्ने मानिसहरूलाई **बप्तिस्मा लेऊ** भने (βαπτισθήτω, *बाप्तिस्थेतो, baptisthētō*; बाट βαπτίζω, *बाप्टिझो, baptizō*), जसको ठेड अर्थ “डुबाइनु” भन्ने हुन्छ। यस खण्डमा, यसको अर्थ “पानीमा डुबाइनु” भन्ने हुन्छ, किनभने प्रेरितहरूले यही गर्ने आज्ञा दिए (१०:४७, ४८ हेर्नुहोस्)। पानीमा डुबाइने कार्य पत्रुसको कुरा सुन्नेहरूका निम्ति नयाँ कुरो थिएन। यस किसिमको विधि अनुसार धुने कार्यप्रति तिनीहरू परिचित थिए (हेर्नुहोस्: यूह २:६; ११:५५; १८:२८; प्रे २४:१८)। धर्म परिवर्तन गरी यहूदी बन्न चाहने अन्यजातिहरूले औपचारिक विधिको अवधिमा अन्य मापदण्डहरू पूरा गर्ने बाहेक, आफैलाई डुबाउनु पर्थ्यो भन्ने विचार गरिन्छ। यसको साथै, बप्तिस्मा-दिने यूहन्नाले केही वर्ष पहिले यर्दन नदीमा डुबाएर

एउटा तहल्का मचाएका थिए (मत्ती ३:६; यूह ३:२३).

तैपनि, पत्रुसको आज्ञामा विभिन्न नयाँ अवधारणाहरू समावेश थिए: पहिलो, तिनीहरूले **येशू ख्रीष्टको नाउँमा** बप्तिस्मा लिनुपर्नेथियो। पत्रुसले "येशू" भन्ने नाउँसँग "ख्रीष्ट" भन्ने पदवी नाउँ जोडे। येशू स्वयंले समेत एक पटक "येशू ख्रीष्ट" भन्ने शब्द प्रयोग गर्नुभएको थियो (यूह १७:३); त्यस बाहेक, बाइबलमा प्रयोग गरिएको यो पहिलो पटक हो। "*नाउँ* वाहक व्यक्तिको बारेमा सबै कुरा *नाउँले* नै बताएको थियो"[5]—उहाँको शक्ति र उहाँको व्यक्तित्व दुवैलाई। "ख्रीष्टको नाउँमा" बप्तिस्मा लिनु भनेको "उहाँको अधिकारद्वारा" बप्तिस्मा लिनु हो भनेर हामी प्राय भन्ने गर्छौं। ख्रीष्टको "नाउँ" ले उहाँको शक्ति वा अधिकारलाई *संलग्न गर्छ*। ४:७ लाई ध्यान दिनुहोस्, जहाँ "शक्ति" र "नाउँ" लाई पार्यवाची शब्दको रूपमा प्रयोग गरिएको छ। तैपनि, नाउँले उहाँको अधिकारलाई मात्रै संलग्न गर्दैन; यसले उहाँ जे-जस्तो व्यक्ति हुनुहुन्थ्यो *सबै* कुरालाई समावेश गरेको छ। वास्तवमा, यिनीहरूले "येशू ख्रीष्टको नाउँ *मा* वा *माथि* [ἐπί, *एपि, epi*]" बप्तिस्मा लिनुपर्नेथियो। कतिपय प्रारम्भिक हस्तलिपीहरूमा ἐν (*एन, en,* "इन") भन्ने छ, तर धेरैजसोमा *epi (एपि)* ("मा" वा "माथि") भन्ने छ। १०:४८ मा *en (एन)* निर्विवाद छ, जहाँ बप्तिस्मालाई उल्लेख गर्नका निम्ति उही वाक्यको प्रयोग गरिएको छ। यसको अर्थ तिनीहरूले येशूलाई ख्रीष्ट र आफ्नो जीवनको प्रभुको रूपमा स्वीकार गरे।

"येशू ख्रीष्टको नाउँमा" भन्ने वाक्यले के कुराको संकेत दिन्छ भने, कुनै हिसाबले तिनीहरूले बप्तिस्मा लिनुभन्दा पहिले तिनीहरूले येशूमाथिको आफ्नो विश्वासलाई स्वीकार गरे। पत्रुसले अघि सारेका सर्तहरूलाई स्वीकार गर्दै, तिनीहरूले अधीनतालाई परिवर्तन गरेको कुराको संकेत दिए, तर २१ पदमा उल्लेख गरिएको "नाउँ लिनेछ" भन्ने वाक्य र ३८ पदमा उल्लेख गरिएको "नाउँमा" भन्ने शब्दले कुन कुरालाई अझै गहन बनाउँछ भने, तिनीहरूले बप्तिस्मा लिनुभन्दा पहिले तिनीहरूले येशू प्रतिको आफ्नो विश्वासलाई मौखिक रूपमा स्वीकार गरे। बप्तिस्मा लिनुभन्दा पहिले विश्वासको स्वीकार गर्ने प्रचलन प्रारम्भिक मण्डलीमा रहेको थियो। यसभन्दा पहिले, पत्रुसले "जसले परमप्रभुको नाउँ लिनेछ [वा स्वीकार गर्नेछ], त्यसले उद्धार पाउनेछ" भन्ने योएलको अगमवाणीलाई उल्लेख गरेका थिए (पद २१)। "लिनेछ" भन्ने शब्द ἐπικαλέω (*एपिकालेयो, epikaleō*) भन्ने मिश्रित ग्रीक शब्दबाट अनुवाद गरिएको हो, जसको अर्थ "पुकार्नु" भन्ने हुन्छ। यस खण्डमा, यो मध्म स्वर हो; मध्म स्वरको अर्थ "स्वीकार गर्नु" हुन्छ। मार्शल्स लिटेरल इङ्लिस ट्रान्स्लेशन (Marshall's Literal English Translation), ट्वेन्टिएथ सेन्चुरी न्यू टेस्टामेन्ट (20th Century New Testament), र एम्लिफाइड बाइबल (AB) यसलाई "स्वीकार गर्नु" ("invoke") भनी अनुवाद गरिएको छ। एफ. एफ. ब्रूस (F. F. Bruce) ले के टिपोट गरेका छन् भने बप्तिस्मा "'येशू ख्रीष्टको नाउँमा' सन्चालन गरिन्थ्यो—उहाँको अधिकारद्वारा मात्रै होइन, तर, पक्कै पनि, बप्तिस्मा लिने व्यक्तिले उहाँको नाउँलाई

[5]ऐश (Ash), ४६।

स्वीकार गरेको वा लिएको कारणद्वारा पनि हो (२२:१६ हेर्नुहोस्)।"[6] अर्का टिप्पणीकर्ता, आइ. होवार्ड मार्शल (I. Howard Marshall) ले के टिपोट गरेका छन् भने, येशूको "नाउँमा" बप्तिस्मा लिइएको तथ्यले "बप्तिस्मा लिने व्यक्ति येशूको अधीनतामा प्रवेश गर्छ भन्ने भाव दिन्छ, र यो कुरा बप्तिस्मा लिँदा येशूलाई प्रभु हो भनी स्वीकार्ने प्रचलनसँग मिल्छ।"[7] पत्रुसका कुरा सुन्ने मानिसहरूले येशू ख्रीष्टको नाउँ "मा" वा "द्वारा" बप्तिस्मा लिएपछि, तिनीहरूले आफैलाई उहाँमा समर्पित गरे।

बप्तिस्मासँग सम्बन्धित दोस्रो भिन्नता के थियो भने यो **पापक्षमाको लागि** दिइएको बप्तिस्मा थियो। यी वचनहरूको शक्तिबाट उम्कने विभिन्न प्रयासहरू भएका छन्। Μετανοήσατε (*मेटानोएसाते, metanoēsate*; "पश्चात्ताप") भन्ने शब्द द्वितीय पुरुषको वहुवचनमा छ, र βαπτισθήτω (*बाप्टिस्थेटो, baptisthētō*; "बप्तिस्मा लेओ") भन्ने शब्द तृतीय पुरुषको एकवचनमा छ भनेर कतिपयले टिपोट गरेका छन्। तिनीहरूको निष्कर्ष छ, "यसको अर्थ के हो भने, यी दुई आज्ञाहरू फरक आज्ञाहरू हुन् र उही उद्देश्यका लागि दिइएको होइन। पापको निम्ति पश्चात्ताप गरेपछि पाप क्षमा हुन्छ, त्यसकारण यसपछि बप्तिस्मा लिए पनि वा नलिए पनि, यो कुरा वैकल्पिक कुरा हो। यदि व्यक्तिले बप्तिस्मा लिने निर्णय गर्छ भने, यो चिन्ह-विधिको कार्य मात्रै हुन्छ।" तैपनि, ३८ पदमा प्रयोग गरिएको वाक्यशैली अंग्रेजी र ग्रीक दुवैमा आम किसिमको छ, र यी दुई आज्ञाहरू फरक उद्देश्यको निम्ति दिइएको थियो भन्ने कुराको संकेत *दिँदैन*। आफूले गरेको पापको निम्ति के गर्ने भनेर पत्रुसका कुरा सुन्ने मानिसहरूले जान्न चाहेका थिए, त्यसकारण पत्रुसले तिनीहरूलाई तिनीहरूको पाप क्षमा हुन सकून् भनेर पश्चात्ताप गर *र* बप्तिस्मा लेओ भनी भने। क्षमा पाउने इच्छाको बारेमा पत्रुसले बप्तिस्मा लेओ भन्ने आज्ञा *नदिएसम्म* उल्लेख गरिएको छैन।

सबैभन्दा आम तर्क भनेको "को निम्ति" भन्ने शब्दको अर्थ "किनभने" वा "त्यसैले" हुन्छ भन्ने हो।[8] यस अर्थ-अनुवाद अनुसार, पेन्तिकोसको दिनमा यहूदीहरूले आफ्ना पापको निम्ति *पहिले नै* क्षमा प्राप्त गरिसकेका कारण बप्तिस्मा लिए। झट्ट हेर्दा समेत, यो अनौठो अर्थ-अनुवाद जस्तो देखिन्छ: पीडित मानिसहरू पापक्षमाको निम्ति कराए, र तिनीहरूले पापक्षमा प्राप्त *गरिसकेपछि* पत्रुसले तिनीहरूलाई तिनीहरूले के गर्नुपर्छ भनी उत्तर दिए?

अंग्रेजी शब्द "फर" ("for") (को निम्ति) को अर्थ "त्यसकारण" हुनसक्छ। तैपनि "को निम्ति" ("for") भनी अनुवाद गरिएको ग्रीक शब्द त्यति अस्पष्ट छैन। यो ग्रीक

---

[6]एफ. एफ. ब्रूस (F. F. Bruce), *द बुक अफ एक्टस,* द न्यू इन्टरनेशनल कमेन्ट्री अन द न्यू टेस्टामेन्ट, जेन. एड. एफ. एफ. ब्रूस (F. F. Bruce), रेभ. एड. (ग्राण्ड ऱ्यापिड्स्, मिचिगन: विलियम बी. अर्डम्यान्स पब्लिसिङ को., १९८८), ७०।

[7]आइ. होवार्ड मार्शल (I. Howard Marshall), *द एक्टस अफ एपोस्टलस्,* द टेन्डेल न्यू टेस्टामेन्ट कमेन्ट्रीज, जेन. एड. आर. वी. जी. टास्कर (R. V. G. Tasker) (ग्राण्ड ऱ्यापिड्स्, मिचिगन: विलियम बी. अर्डम्यान्स पब्लिसिङ को., १९८०), ८१।

[8]नोट, वारेन डब्ल्यू. वियर्सबे (Warren W. Wiersbe), *बाइबल एक्सपोजिशन कमेन्टरी,* भोल. १ (व्हीटन, इल।: भिक्टर बुक्स, १९८९), ४१०।

शब्द εἰς (*एइस, eis*) उपसर्ग हो, सामान्यतया जसको अर्थ "मा"[9] वा "द्वारा" भन्ने हुन्छ। डी. एफ. हुड्सन (D. F. Hudson) "*eis (मा)* भन्ने शब्द कर्ता कारक [अवस्था] मा मात्रै प्रयोग गर्न सकिन्छ" किनभने "कर्ता कारक [अवस्था] को अर्थ कुनै *गति जनाउने* भाव भन्ने हुन्छ।"[10] ग्रीक भाषाको कर्ता कारक अंग्रेजीको "डाइरेक्ट अब्जेक्ट" ("direct object") र नेपालीको प्रतक्ष कर्मसँग सम्बन्धित छ। तसर्थ ३८ पदमा *eis (एइस)* भन्ने शब्दलाई "गति जनाउने भाव" दिने कुनै शब्दमा अनुवाद गर्नु अनुवादकहरूको लागि त्यति असामान्य कुरो होइन। उदाहरणको लागि, अमेरिकन स्टयाण्डर्ड भर्सन (ASV) मा यस्तो अनुवाद गरिएको छ: "तिमीहरूका पाप क्षमाको *निम्ति (unto)*।"[11] अर्को अनुवादमा "तिमीहरूका पाप क्षमाको *निम्ति (into)*" छ।[12] अन्य अनुवादहरूमा "तिमीहरूका पाप क्षमा *गरिनको निम्ति*"[13] र "*ताकि तिमीहरूका* पाप क्षमा गरियोस्" भन्ने छ।[14]

३८ पदमा "तिमीहरूका पाप-क्षमाको निम्ति (for)" अनुवाद गरिएको ग्रीक वाक्यलाई बुझ्ने सबैभन्दा उत्कृष्ट तरिका भनेको यस्तै शब्दावली प्रयोग गरिएका सम्बन्धित खण्डहरूमा यसको अर्थ के हो त्यसलाई हेर्नु हो। माथिल्लो तलाको कोठामा, आउन लागेका घटनाहरूका निम्ति येशूले आफ्ना चेलाहरूलाई तयारी गरिरहनुभएको बेला उहाँले तिनीहरूलाई कचौरा दिनुभयो र भन्नुभयो, "तिमीहरू सबैले यसबाट पिओ। किनभने यो नयाँ करारको मेरो रगत हो, जो धेरैका निम्ति *पापको प्रायश्चितको लागि* बहाइन्छ" (मत्ती २६:२७, २८; जोड दिइएको छ)। पुनरुत्थानपछि, फेरि भविष्यको बारेमा बताउने क्रममा, येशूले भन्नुभयो, "अनि यरूशलेमबाट सुरु गरेर सबै जातिहरूलाई उहाँको नाउँमा पश्चात्ताप र *पाप-क्षमाको* प्रचार हुनुपर्छ" (लूका २४:४७; जोड दिइएको छ)। प्रेरित २ मा पत्रुसले, "पश्चात्ताप गर, र *तिमीहरूका पाप-क्षमाको* निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ" भनेपछि यो महान घटना पूरा भयो (पद ३८; जोड दिइएको छ)। यी खण्डहरूबीच एउटा विरोधाभास रहेको छ भनेर कतिपयले विश्वास गर्नसक्छन्: "हामीलाई पापबाट के ले बचाउँछ: ख्रीष्टको रगतले कि मानिसको आज्ञा पालनले?" यी खण्डहरू विरोधाभासपूर्ण छैनन्, तर परिपूरक छन्। हाम्रो पापबाट हामीलाई *के* ले धुन्छ भन्ने कुरा मत्ती २६:२८ ले बताउँछ—ख्रीष्टको रगतले। रगतले

---

[9]उदाहरणको लागि, ध्यान दिनुहोस्, *द एनालाइटिकल ग्रीक लेक्सिकन* (लण्डन: समुएल ब्याग्स्टर एण्ड सनस्, १९७१), ११९।

[10]डी. एफ. हुड्सन (D. F. Hudson), *टिच योरसेल्फ न्यू टेस्टामेन्ट ग्रीक* (लण्डन: इङ्लिस युनिभर्सिटिज् प्रेस, १९६०), १०५। जोड दिइएको छ।

[11]*द न्यू टेस्टामेन्ट अफ आवर लर्ड एण्ड सेभर जिजस क्राइष्ट*, जोन ब्रोडस (John Broadus) र अन्यद्वारा अनुवाद गरिएको अनुवादमा, उही अनुवाद छ। नोट: दिइएका सबै अनुवादहरूमा दिइएको जोडलाई थपिएको छ।

[12]जे. बी. रोथरहाम (J. B. Rotherham), *द इम्फासाइज्ड न्यू टेस्टामेन्ट: अ न्यू ट्रान्सलेसन*।

[13]एड्गर जे. गुडस्पिड (Edgar J. Goodspeed), *द न्यू टेस्टामेन्ट: एन अमेरिकन ट्रान्सलेसन*।

[14]जे. बी. फिलिप्स (J. B. Phillips), *द न्यू टेस्टामेन्ट इन मोडर्न इङ्लिस*। चार्ल्स बी. विलियमस् (Charles B. Williams') ट्रान्स्लेसन, *द न्यू टेस्टामेन्ट: अ ट्रान्स्लेसन इन द ल्याङ्ग्येज अफ पिपल* मा उस्तै वाक्यशैली छ।

हामीलाई *कहिले* धुन्छ भन्ने कुरा लूका २४:४७ र प्रेरित २:३८ ले हामीलाई बताउँछ—जब हामी पश्चात्ताप गर्छौं र बप्तिस्मा लिन्छौं। हरेक खण्डमा, हामीसँग ग्रीक उपसर्ग *एइस (eis)* छ जसको पछाडि "पाप-क्षमा" अर्थ दिने ग्रीक शब्द छ। यी प्रत्येक खण्डहरूमा, हामीसँग अंग्रेजी, ग्रीक र नेपालीमा उही वाक्यशैली छ।

यी प्रत्येक खण्डको आमने-सामने ग्रीक वाक्यहरूलाई राखौं। तपाईं कोइने ग्रीकप्रति अपरिचित हुनुहुन्छ भने पनि तिनीहरू आधारभूत रूपमा उस्तै छन् भन्ने कुरा तपाईंले देख्न सक्नुहुन्छ:

मत्ती २६:२८: येशूको रगत बहाइयो
εἰς ἄφεσιν ἁμαρτιῶν
(ठेड रूपमा, पापको प्रायश्चितको लागि)।

लूका २४:४७: पश्चात्ताप र पाप-क्षमाको प्रचार हुनुपर्नेथियो
εἰς ἄφεσιν ἁμαρτιῶν
(ठेड रूपमा, पापको प्रायश्चितको लागि)।

प्रेरित २:३८: पश्चात्ताप, र बप्तिस्मा
εἰς ἄφεσιν τῶν ἁμαρτιῶν ὑμῶν
(ठेड रूपमा, तिमीहरूका पाप-क्षमाको निम्ति)।

बाइबलीय अर्थ-अनुवादको एउटा आधारभूत सिद्धान्त भनेको "अन्यथा वाध्य नभएसम्म, यसको आम, सामान्य, स्वभाविक अर्थलाई लिनु हो।" यहाँको प्रसंगमा, २:३८ को "आम, सामान्य, स्वभाविक अर्थ," पश्चात्ताप र बप्तिस्मा दुवैको उद्देश्य भनेको पाप-क्षमा प्राप्त गर्नु हो। यस खण्डलाई अन्य कुनै तरिकाले व्यक्तिलाई अर्थ-अनुवाद गर्न "जोड" दिने एउटै तत्व भनेको, उद्धार सम्बन्धी परमेश्वरको योजनामा बप्तिस्माको कुनै भाग छैन भन्ने धर्मशास्त्रीय पूर्वाग्रह हो।

बप्तिस्मा विरुद्ध उठाइने सबैभन्दा आम तर्क भनेको "उद्धार विश्वासद्वारा पाइन्छ, कर्मद्वारा होइन" (हेर्नुहोस्: एफि २:८, ९; रोम ४), र बप्तिस्मा "एउटा कर्म" भएकोले हाम्रो उद्धारमा यसको कुनै भाग हुनसक्दैन भन्ने भनाइ हो। यस तर्कले पुण्यका कर्महरू र आज्ञापालनको कर्महरूबीच एउटा भिन्नता छुट्याउन असफल हुन्छ। धर्मशास्त्रभरि, हामीले प्रभुको आज्ञा *पालन* गरेनौं भने, हामीले उद्धार पाउन सक्दैनौं भन्ने कुरालाई जोड दिइएको छ (मत्ती ७:२१; हिब्रू ५:९)। हाम्रो समयमा, हामीले बप्तिस्मा लिएपछि हामीले हाम्रो उद्धार *कमाउँछौं* भनेर कसैले पनि दाबी गरिरहेका छैनन्। बरु परमेश्वरले हामीलाई जे गर्न भनी भन्नुभएको छ त्यसलाई गरेर उहाँको अनुग्रहको प्रावधानको निम्ति *उचित रूपले* अघि बढिरहेका छौं। रोचक कुरा के छ भने, "बप्तिस्मा लेओ" भन्ने वाक्य *अप्रतक्ष कथनको* रूपमा छ, *प्रतक्ष कथन* होइन। हामीले विश्वास गर्ने, पश्चात्ताप गर्ने, र येशूको नाउँलाई स्वीकार गर्ने कार्य गर्दा भन्दा आफैलाई बप्तिस्मा दिन (डुबाउन) अनुमति दिँदा हामीले कम रूपमा वास्तविक "कर्म" गर्छौं।

बप्तिस्मा लेओ भनी पत्रुसले दिएको आज्ञाको तेस्रो भिन्नता **पवित्र आत्माको**

वरदान प्राप्त गर्ने प्रतिज्ञा थियो। "पवित्र आत्माको वरदान" भन्ने वाक्य एउटा आम वाक्य हो जसको विभिन्न अर्थहरू हुनसक्छ। आश्चर्यजनक शक्ति प्रदान गर्नको लागि प्रेरितहरूले मानिसहरूमा आफ्ना राख्ने क्षमतालाई "परमेश्वरको वरदान" भनी भनिएको छ (८:२०)। पवित्र आत्माको बप्तिस्मालाई "पवित्र आत्माको वरदान" भनिएको छ (१०:४५; हेर्नुहोस्: ११:१७)। नयाँ करारमा अर्को ठाउँमा, सुसमाचारका प्रारम्भिक प्रेरणाप्राप्त प्रचारकलाई प्रदान गरिएको आश्चर्यकर्म गर्ने वरदानलाई उल्लेख गर "पवित्र आत्माको वरदान" भन्ने वाक्यको प्रयोग गरिएको छ (हिब्रू २:४)। प्रेरितहरूका हात राखेर दिइएको आश्चर्यकर्म गर्ने क्षमतालाई आत्माद्वारा दिइएको "वरदानहरू" भनिन्छ (१ कोर १२:४, ९, २८, ३०, ३१; हेर्नुहोस्: रोम १२:६)।

त्यसोभए, ३८ पदमा "पवित्र आत्माको वरदान" ले केलाई जनाउँछ? मूल ग्रीक र अंग्रेजी बाइबलमा यो वाक्यको अर्थ "पवित्र आत्माद्वारा दिइएको वरदान" वा "पवित्र आत्मा संलग्न वरदान" लाई जनाउँछ। प्रसंगले नै यसको अर्थलाई निर्धारण गर्छ। ३८ पदको तत्कालीन र वृहत प्रसंगलाई हेर्दा, हामी यी तथ्यहरू टिपोट गर्छौं: (१) यो वरदान पानीको बप्तिस्मा लिने सबै मानिसहरूलाई प्रतिज्ञा गरिएको एउटा विश्वव्यापी वरदान थियो। पवित्र आत्माको बप्तिस्मा वा मानिसहरूमाथि हात राख्ने क्षमता कुनै पनि विश्वव्यापी वरदान थिएनन्, त्यसकारण यस वरदानले यी वरदानहरूलाई जनाउँन सक्दैन। (२) यो वरदान आश्चर्यकर्म गर्ने वरदान थिएन। त्यस दिन तीन हजार मानिसहरूले "पवित्र आत्माको वरदान" प्राप्त गरेका भए तापनि, केही वर्षसम्म प्रेरितहरूले बाहेक कसैले पनि आश्चर्यकर्म गरे भनी भनिएको छैन। त्यस बेला, प्रेरितहरूले सात जना मानिसहरूमाथि आफ्ना हात राखे र तिनीहरूलाई आश्चर्यकर्म गर्ने शक्ति दिए (६:६, ८; ८:६)। त्यसकारण, यस पदले आश्चर्यकर्म गर्ने "पवित्र आत्माको वरदानहरू [बहुवचन] लाई" जनाउँदैन। (३) यो वरदान पाप-क्षमाको (वा उद्धारको) वरदान थिएन, किनभने पाप-क्षमाको वरदानमा पवित्र आत्माको वरदानलाई थपिएको छ (पद ३८)। (४) यो वरदान केही हिसाबले "आनन्दको समय" सँग सम्बन्धित छ (३:१९)। (५) केही अध्यायहरूपछि, "आफ्ना आज्ञा पालन गर्नेहरूलाई" परमेश्वरले पवित्र आत्मा दिनुहुन्छ भन्ने बारेमा पत्रुसले बताएका छन् (५:३२)। पवित्र आत्मा स्वयम नै त्यो वरदान हुनसक्नुहुन्छ। (६) नयाँ करारको बाँकी भागमा, पवित्र आत्माले इसाईहरूलाई परमेश्वरको सन्तान हुन् भनी गवाही दिँदै र संसारलाई जित्न तिनीहरूलाई सहायता गर्दै तिनीहरू सबैसँग (तिनीहरूमा "बास गर्दै") रहनुहुन्छ भनी भनिएको छ (रोम ८:९, १३, १६, १७, २६; १ कोर ६:१९, २०; गला ४:६, ७; एफि १:१३, १४)। यस गवाहीलाई विचार गर्दा, एफ. एफ. ब्रूस (F. F. Bruce) ले जस्तै हामी पनि के निष्कर्ष निकाल्छौं भने, "पवित्र आत्माको वरदान भनेको उचालिनुभएको प्रभुद्वारा पिताको अधिकारमा प्रदान गरिएको पवित्र आत्मा स्वयम हुनुहुन्छ।"[15]

यस घटनामा पत्रुसका कुरा सुन्नेहरूका निम्ति यसको अर्थ के थियो? त्रीएक परमेश्वरको तेस्रो व्यक्तित्वको रूपमा पवित्र आत्मा रहनुभएको सिद्धान्तबारे पुरानो करारमा संकेत दिइएको भए तापनि, स्पष्ट रूपमा परिभाषित गरिएको थिएन। पवित्र

[15]ब्रूस (Bruce), ७१।

आत्माको बारेमा हामीले जानेका धेरै कुरा, हामी नयाँ करारबाट सिक्छौं। पत्रुसले योएलको वचन उद्धरण गर्ने क्रममा, प्रयोग गरिएको शब्द "*मेरो* आत्मा" हो (पद १७, १८; जोड दिइएको छ), अर्थात्, *परमेश्वरको* आत्मा। ३३ र ३८ पदमा पत्रुसले "पवित्र आत्मा" भन्ने शब्द प्रयोग गर्दा, उनका कुरा सुन्ने मानिसहरूले अवश्य पनि पवित्र आत्मालाई त्रीएक परमेश्वरको अलग व्यक्तिको रूपमा होइन, तर परमेश्वरको आफ्नै आत्माको रूपमा विचार गरे। (येशूले आफ्ना चेलाहरूलाई पवित्र आत्माको बारेमा बताउनुभएको थियो, तर पवित्र आत्माको बारेमा मानिसहरूलाई निकै कम शिक्षा दिइएको थियो।) अर्को शब्दमा भन्दा, आफूहरूले बप्तिस्मा लिएपछि *परमेश्वर* व्यक्तिगत रूपमा आउनुभएर तिनीहरूका जीवनमा वास गर्नुहुनेछ भन्ने अर्थमा तिनीहरूले पत्रुसको वचनलाई लिए। प्रतिज्ञामा समावेश सबै कुराको बारेमा तिनीहरूले नबुझेका हुनसक्छन्, तर तिनीहरूलाई उत्तेजित पार्ने यो भन्दा अर्को वचनको कल्पना गर्न कठिन छ। तिनीहरूले मसीहलाई क्रूसमा मारेको कारण तिनीहरूलाई त्याग्नुको सट्टा, पश्चात्ताप गरेर बप्तिस्मा लिने मानिसहरूका साथमा परमेश्वर हुनुहुने वाला हुनुहुन्थ्यो, जुन किसिमले उहाँ कहिल्यै आफ्ना मानिसहरूसित रहनुभएको थिएन।

पत्रुसले आफ्ना कुरा सुन्ने मानिसहरूका अघि एउटा छनौट प्रदान गरे। तिनीहरूले येशूलाई मसीहको रूपमा इन्कार गर्ने कुरा जारी राखेर उहाँको आज्ञा पालन गर्न इन्कार गर्न सक्थे। यदि तिनीहरूको निर्णय यो थियो भने, तिनीहरूको सोँच्नै नसकिने घोर पापको क्षमा कहिल्यै हुनेथिएन र परमेश्वरले तिनीहरूबाट आफ्नो मुहार हटाउनुहुनेथियो; आफ्ना कुरा सुन्ने मानिसहरू *हराएका छन्* भन्ने कुरालाई पत्रुसले स्पष्ट रूपमा बताए। अर्कोतर्फ, पानीमा डुबेर आफ्ना जीवनलाई येशूमा समर्पित गरेर तिनीहरूले पश्चात्ताप गर्न सक्थे र उहाँमा फर्कन सक्थे। यदि तिनीहरूले यसो गरेमा, तिनीहरूका सबै पाप क्षमा हुनेथियो र परमेश्वर फेरि तिनीहरूसँग हुनुहुनेथियो।

पद ३९. पत्रुसले तिनीहरूलाई परमेश्वरको अनुग्रहमा आफूलाई समर्पण गर्न अनुरोध गरे: **"किनकि प्रतिज्ञा तिमीहरूका निम्ति, तिमीहरूका सन्तानको निम्ति र टाढ़ा-टाढ़ामा रहेका सबैका निम्ति हो, प्रत्येक जसलाई प्रभु हाम्रा परमेश्वरले बोलाउनुहुन्छ।"** उल्लेख गरिएको **प्रतिज्ञाले** परमेश्वरको असल अनुग्रहमा प्रतस्थापित हुनु र त्यससँग सम्बन्धित सबै आशिषहरूलाई जनाउँछ। **तिमीहरूका सन्तानको** निम्ति समेत उक्त प्रतिज्ञा फैलाइनेछ भन्ने कुराले प्रतिज्ञाको *निरन्तर* स्वभावलाई जनाउँछ। कतिपयले यस वाक्यमा शिशु-बिप्तिस्माको कुरा खोज्ने प्रयास गरेका छन्। तैपनि, "प्रतिज्ञा" भनेको, *पश्चात्ताप गरी* बप्तिस्मा लिएकाहरूले पाप-क्षमा र पवित्र आत्मालाई एक वरदानको रूपमा प्राप्त गर्नेछन् भन्ने हो। पश्चात्ताप गर्नको लागि कुनै बालकमा पाप हुँदैन र ऊ पश्चात्ताप गर्न सक्षम हुँदैन। "तिमीहरूका सन्तान" के कुरालाई मात्रै संकेत दिन्छ भने यो एक पटक पूरा भएर समाप्त हुने प्रतिज्ञा होइन, तर यसले भावि पुस्ताहरूलाई पनि समावेश गर्छ।

यो प्रतिज्ञा **टाढ़ा-टाढ़ा रहेका सबैका निम्ति** हो भन्ने वाक्यले प्रतिज्ञाको *विश्वव्यापी* स्वभावलाई जनाउँछ। यो *सबै* मानिसहरूका लागि थियो, तर पत्रुसले यो कुरालाई पूर्ण रूपमा बुझ्नको लागि एउटा आश्चर्यकर्म हुनुपर्नेथियो। कर्नेलियसको घरमा घटेको अचम्मको घटनापछि, स्वर्गबाट तन्नाजस्तो वस्तु झारिएको दर्शन, त्यो आश्चर्यकर्म थियो (अध्याय १०)। यस बेला, "टाढ़ा-टाढ़ा रहेका" भन्ने वाक्यले हरेक

ठाउँमा रहेका *यहूदीहरूलाई* मात्रै जनाउँछ भनेर सम्भवत: पत्रुसले विचार गरेका थिए। यस वाक्यले *अन्यजातिहरूलाई* संलग्न गर्नसक्छ भन्ने कुरा उनको मनमा प्रवेश गरेको भए, अन्यजातिहरूले खतना भई धर्म परिवर्तन गरेर यहूदी नभइकन तिनीहरूलाई परमेश्वरले बोलाउनुहुन्न भन्ने विचार अवश्य पनि तिनको मनमा आयो। आफूले अन्यजातिहरूलाई स्वीकार गरेको कुरा परमेश्वरले खुलासा गरिसक्नुभएपछि समेत (अध्याय १०), ख्रीष्टमा यहूदी/अन्यजाति सम्बन्धको विषयमा पत्रुस समस्यारत थिए (गला २)।

क्षमाको आशीर्वाद र बास गर्ने आत्मा लागि हो **प्रत्येक जसलाई प्रभु हाम्रा परमेश्वरले बोलाउनुहुन्छ**। परमेश्वरले मानिसहरूलाई सुसमाचार प्रचारको माध्यमद्वारा बोलाउनुहुन्छ (२ थेस २:१४)।

पद ४०. अरू धेरै कुराहरूद्वारा भन्ने वाक्यले हामीसँग भएको पत्रुसको प्रवचन संक्षिप्त संस्करण हो भन्ने कुराको संकेत दिन्छ। **उनले तिनीहरूलाई गवाही दिए** (साक्षी दिए) **र यसो भनेर अर्ती दिए।** अर्को शब्दमा भन्दा, तिनले येशूको पुनरुत्थान र ईश्वरीयताको बारेमा अध्याय २ मा समावेश नगरिएको थप सबुतहरू प्रदान गरे। प्रेरितको पुस्तकमा पाइने पत्रुसका अन्य प्रवचनहरूले त्यस थप साक्षी कस्तो थियो भन्ने कुराको संकेत हामीलाई दिन्छ। पत्रुसले यसो **भनेर, "यस दुष्ट पुस्ताबाट तिमीहरूले आफैलाई बचाओ।"** दुष्ट (σκολιός, *स्कोलियोस्, skolios*) को अर्थ "टेढा" वा "बेइमान" भन्ने हुन्छ। असामान्य रूपमा ढाड बंगिएको अर्थ दिने "स्कोलियोसिस" ("scoliosis") भन्ने अंग्रेजी शब्द *स्कोलियोस (skolios)* बाट आएको हो। लूका ३:५ मा बाङ्गा-टेढ़ा सडकलाई जनाउँन *स्कोलियोस (skolios)* भन्ने शब्दको प्रयोग गरिएको छ। फिलिप्पी २:१५ मा उही शब्द प्रयोग गरिएको छ र यसलाई "टेढा" भनी अनुवाद गरिएको छ। "यस दुष्ट [टेढा] पुस्ता" ले येशूलाई इन्कार गर्ने यहूदी राष्ट्रलाई जनाउँछ। "दुष्ट" वा "टेढा" शब्दको अर्थ के हो भने तिनीहरूको *इमानदार* हृदय भएको भए, तिनीहरूले येशूलाई इन्कार गर्नेथिएनन्, तर उहाँलाई स्वीकार गर्नेथिए।

फेरि पनि तिनीहरूलाई एउटा छनौट दिइयो: तिनीहरू "दुष्ट पुस्ता" कै रूपमा रहेर परमेश्वरद्वारा इन्कार गरिनसक्थे, अथवा तिनीहरू टेढा समूहबाट बाहिर निस्केर परमेश्वरद्वारा स्वीकार गरिन सक्थे। "यस दुष्ट पुस्ताबाट ... बचा[इनु]" को अर्थ यसको दुष्टता र/वा यसको दुर्गतिबाट बचाइनु हो। यसले चालीस वर्षपछि घटेको यरूशलेमको विनाशको घटनालाई जनाउँछ भनेर कतिपयले विश्वास गर्छन्। यरूशलेममा मारिएका यहूदीहरूबाट इसाईहरू "बचाइए" भन्ने कुरा साँचो हो, किनभने येशू ख्रीष्टको वचनद्वारा चेतावनी पाएका कारण (मत्ती २४), रोमीहरू आउन लागेपछि तिनीहरू भागे। तैपनि, पत्रुसले योभन्दा गम्भिर कुराको बारेमा विचार गरेका थिए भन्ने देखिन्छ: "यस दुष्ट पुस्ताको *अन्तिम* दुर्गतिबाट बचाओ—नरकमा अनन्तको निम्ति जानबाट!" निर्णय गर्ने जिम्मा तिनीहरूको थियो। **बाचाओ** (σώθητε, *सोथेटे, sōthēte*; बाट σῴζω, *सोझो, sōzō*) आज्ञार्थक भावमा छ; पालन गरिनको निम्ति यो आज्ञा दिइएको थियो; यो *तिनीहरूले* गर्नुपर्ने कुरा थियो। यसलाई जोड दिनुपर्छ, किनभने "बचाओ" भन्ने शब्द कर्मवाच्य हो भनेर कतिपयले टिपोट गर्छन् र हामी हात बाँधेर बस्नुपर्छ र *परमेश्वरलाई*नै यी सबै कुरा गर्न दिनुपर्छ भनी सिकाउँछन्।

तीन हजार मानिसहरूले दिएको प्रतिक्रियाले के कुरालाई स्पष्ट पार्छ भने आफूहरूले केही कुरा गर्नुपर्छ भन्ने कुरा *तिनीहरूले* बुझेका थिए। किंग जेम्स भर्सन (KJV) र न्यू इन्टरनेशनल भर्सन (NIV) मा "आफैलाई बचाओ" भन्ने छ, जसले आज्ञामा दिइएको जोडलाई जनाउँछ।

पद ४१. भीडलाई तिनीहरूको पापको दोष लगाइएको थियो र तिनीहरूले "हामीले के गर्ने?" भने भन्ने तथ्यले, तिनीहरूले जे गर्नुपर्छ भनी पत्रुसले भनेका थिए त्यो तिनीहरूले गर्नेछन् भन्ने कुरालाई पक्का गरेको *थिएन*। पाप गर्ने त्यस्ता व्यक्तिहरूलाई हामीले देखेका छौं जसलाई तिनीहरूले गर्नु आवश्यक प्रतिबद्धताको बारेमा बताउँदा, तिनीहरूले कुनै मोल तिर्न चाहेनन्। त्यसकारण अर्को वाक्य पढ्नु कति उत्साहपूर्ण छ: **तब जस-जसले उनको कुरा ग्रहण गरे तिनीहरूले बप्तिस्मा लिए** (पानीमा डुबे)। **प्राय: तीन हजार मानिसहरूले** येशूलाई "स्वीकार गरे" र आफ्ना पुरानो जीवनशैलीलाई "बिदा दिए"।

बप्तिस्मा लिनुपर्छ भन्ने आज्ञालाई पालन गर्नको लागि तीन हजार मानिसहरूलाई कुनै समस्या भएन, न त पछि इसाई बन्न निर्णय गर्नेहरूलाई नै यो समस्या भयो। ब्रूसले (Bruce) के टिपोट गरेका छन् भने, "नयाँ करारमा बप्तिस्मा नलिएका विश्वासीहरूलाई मान्यता दिइँदैनथियो भन्ने देखिन्छ।"[16] तैपनि आज, बप्तिस्मा-दिने आज्ञालाई पालन गर्नमा कतिपय मानिसहरू ठक्कर खान्छन्। बप्तिस्मा भनेको एउटा धार्मिक अनुष्ठान हो र त्यस कार्यलाई गरेकै भरमा व्यक्तिले आशिष प्राप्त गर्दछ भनेर क्याथोलिक चर्चले सिकाउने हुँदा, कतिपय प्रोटेस्टेन्टहरू यसको विपरित धारमा उभिएर बप्तिस्मामा कुनै आशिष संलग्न गरिएको *हुँदैन* भनी भन्छन्। तिनीहरू भन्छन्, "यो गर्नु असल कुरा हो तर यो भित्री शुद्धताको बाहिरी चिन्ह मात्रै हो।" धेरैजसो धार्मिक समुदायले आफ्नो व्यक्तिगत इसाई सम्प्रदायमा प्रवेश गर्ने मापदण्डको रूपमा बप्तिस्मालाई लिन्छन्, तर परमेश्वरले बनाउनुभएको उद्धारको योजनामा यसको कुनै भाग छैन भन्ने तर्क गर्छन्। यसको विपरित, महान आज्ञा दिने क्रममा येशूले यदि कसैले उद्धार पाउन चाहन्छ भने उसले विश्वास गर्नुपर्छ र बप्तिस्मा लिनुपर्छ भनी भन्नुभयो (मर्कू १६:१६)। त्यस आज्ञालाई पालन गर्दै, पवित्र आत्माद्वारा अगुवाइ पाएका पत्रुसले आफ्ना कुरा सुन्नेहरूलाई "तिमीहरूका पाप-क्षमाको निम्ति" बप्तिस्मा लिनुपर्छ भनी भने (पद ३८)।

आफ्ना कुरा सुन्ने मानिसहरूलाई पत्रुसले बप्तिस्मा लिने आज्ञा गरेपछि, आजका कतिपय मानिसहरूका विपरित, बप्तिस्मा अपरिहार्य कुरो हो कि होइन भन्ने विषयमा धक मान्ने, आपत्ति जनाउने, वा तर्क गर्ने जस्ता कार्य गरेनन्। बरु, किंग जेम्स भर्सन (KJV) को वाक्यशैलीमा उल्लेख गरिएजस्तै, "तिनीहरूले *खुसीसाथ* उनको कुरालाई स्वीकार गरे र बप्तिस्मा लिए"—जम्मा तीन हजार जनाले।

बप्तिस्मा भनेको छर्केर दिने हो डुबाएर दिने होइन भन्ने अवधारणाको समर्थकहरूले कहिलेकहीं के भनेका छन् भने त्यस दिन तीन हजार मानिसहरूलाई बप्तिस्मा दिन सक्ने किसिमको सुविधा यरूशलेममा थिएन; त्यसकारण, बप्तिस्मा छर्केर दिइन्छन्, डुबाएर होइन। जे. डब्लू. म्याकगर्भे (J. W. McGarvey) ले के टिपोट

[16]ब्रूस (Bruce), ७०।

गरेका छन् भने, डुबाउने उद्देश्यको लागि उचित किसिमका प्रशस्त दहहरू यरूशलेममा थिए र त्यस दिन तीन हजार मानिसहरूलाई डुबाउनको लागि कुनै समस्या परेको थिएन।[17]

बप्तिस्मा लिएका ती मानिसहरू **थपिए**। किंग जेम्स भर्सन (KJV) ले "तिनीहरमा" भन्ने वाक्यलाई इटालिकमा राखेको छ, र यी शब्दहरू अनुवादकहरूले थपेका हुन् भन्ने कुरालाई यसले संकेत दिन्छ; न्यू इन्टरनेशनल भर्सन (NIV) मा "तिनीहरूको संख्यामा" भन्ने छ, यद्यपी यी शब्दहरू मूल धर्मशास्त्रमा छैन। मण्डलीमा पहिले नै कोही व्यक्ति थिए भन्ने तात्पर्य नदिइकन "थपिए" भन्ने शब्दले तीन हजार मानिसहरू *मण्डलीमा* थपिए भन्ने कुरालाई मात्रै संकेत दिन सक्छ। तैपनि, "थपिए" भन्ने तात्पर्य सामान्यतया "मा थपिए" भन्ने हुन्छ। सम्भवत ४१ मा संकेत दिइएको कुरो के हो भने, तीन हजार मानिसहरू प्रेरितहरू र मण्डलीका अन्य "विशेष सदस्यहरू" को संख्यामा थपिए। ४७ पदले भन्छ, "उद्धार पाउनेहरूलाई प्रभुले दिनदिनै तिनीहरूको संख्यामा थपिदिनुहुन्थ्यो।" धर्मशास्त्रको पश्चिमी प्रति (the Western Text) बाट संकेत लिंदै, किंग जेम्स भर्सन (KJV) मा "उद्धार पाउने मानिसहरूलाई प्रभुले दैनिक रूपमा *मण्डलीमा थपिदिनुभयो*" (जोड दिइएको छ)। धेरैजसो अनुवादहरूले प्रयोग गरेको "मण्डली" भन्ने शब्द मूल शास्त्रमा पाइँदैन, तर उद्धार पाउने मानिसहरूलाई यसैमा थपिएको *हो* भन्ने कुरालाई प्रसंगले पुष्टि गर्छ। एक जना टिप्पणीकर्ताले सामान्य रूपमा भनेका छन्, "नयाँ विश्वासीहरूलाई प्रभुले मण्डलीमा थप्नुहुन्छ भन्ने कुरालाई बताउँदै लूकाले यो खण्डलाई समाप्त गरेका छन्।"[18]

पहिले नै टिपोट गरिएझैँ, **त्यस दिन** सुसमाचारको पालन गर्नेहरूको संख्या **प्राय: तीन हजार** थियो। के गर्नुपर्ने हो भन्ने कुरा यी मानिसहरूले थाहा पाएपछि, तिनीहरूले यो काम तुरुन्तै गरिहाले। तिनीहरूको आत्मा जोखिममा थिए; तिनीहरूको छनौटमा अनन्त अडेको थियो। आफ्ना प्रभुको आज्ञा पालन गर्नको निम्ति तिनीहरूले घाम डुबिञ्जेल प्रतीक्षा गरेनन्। तिनीहरूको प्रतिक्रिया येशूको बारेमा सुसमाचार सुन्नेबित्तिकै बप्तिस्मा लिने इथियोपियाली नपुसंकको प्रतिक्रियासँग तुलना गर्न योग्य छ (८:३५-३९)।

प्रारम्भिक मण्डलीको विषयमा एउटा सारांश (२:४२-४७)

४२तिनीहरू प्रेरितहरूका शिक्षा, सङ्गति र रोटी भाँच्न र प्रार्थनामा भक्तिसाथ लागिरहन्थे। ४३हरेकको हृदयमा भय उत्पन्न भयो, र प्रेरितहरूद्वारा धेरै अचम्मका काम र चिन्हहरू भए। ४४विश्वास गर्नेहरू जति सबै एकसाथ बस्थे, र तिनीहरूका सबै थोक साझा थिए। ४५तिनीहरूले आफ्ना सम्पत्ति र मलमत्ता बेचिकन जस-जसलाई जे-जे कुराको खाँचो पर्थ्यो सबैलाई ती बाँड़िदिन्थे। ४६तिनीहरू एकै मनका भई मन्दिरमा एकसाथ उपस्थित हुन्थे, र घर-घरमा रोटी भाँच्थे, र तिनीहरू खुशी र शुद्ध हृदयले

---

[17]हेर्नुहोस्, जे. डब्लू. म्याकगर्भे (J. W. McGarvey), *न्यू कमेन्ट्री अन एक्टस अफ एपोस्टलस्,* भोल. १ (डेलाइट, आर्क.: गोस्पल लाइट पब्लिसिङ को., एन.डी.), ४२-४५।

[18]साइमन जे. किष्टमेकर (Simon J. Kistemaker), *एक्स्पोजिसन अफ द एक्ट्स् अफ द एपस्टलस्,* न्यू टेस्टामेन्ट कमेन्ट्री (ग्राण्ड ञ्यापिड्स्, मिचिगन: बेकर बुक हाउस, १९९०), ११४।

मिलीजुली खान्थे, [४७]र परमेश्वरको प्रशंसा गर्दै, र सबै मानिसहरूबाट शुभेच्छा पाउँदै बस्थे। उद्धार पाउनेहरूलाई प्रभुले दिनदिनै तिनीहरूको संख्यामा थपिदिनुहुन्थ्यो।

विश्वास गर्नु र बप्तिस्मा लिनु भनेको ख्रीष्टसँगको हाम्रो सम्बन्धको सुरुवात मात्रै हो। त्यसपछि हामी उहाँसँगै *हिँड्नु* आवश्यक हुन्छ। यस अध्यायको अन्तिम पदहरूले (पद ४२-४७) "ख्रीष्टमा दुधे-बालकहरू" भएका प्रथम मानिसहरूले (१ कोर ३:१) हिँड्न सिके भन्ने बारे बताउँछ।

यी पदहरूले उल्लेखनीय मण्डली समुदायको असाधारण चित्रलाई प्रस्तुत गर्छ—प्रभुको निम्ति जोसिला नयाँ इसाईहरू मिलेर बनेको एउटा मण्डली समुदाय। त्यस संगतिको भाग बन्नु निकै गजबको कुरा रहेको हुनुपर्छ। यस अद्वितीय समूहको विभिन्न विशेषताहरूलाई उल्लेख गर्न सकिन्छ: यो सिकिरहने मण्डली, संगती गरिरहने मण्डली, प्रार्थना गरिरहने मण्डली, सक्रिय मण्डली, र वृद्धि हुने मण्डली थियो।

पद ४२. ४२ पदको सुरुमा "र" (δέ, *दे, de*) भन्ने ग्रीक शब्दको प्रयोग गरिएको छ, र यसले अघिल्लो पदसँग यस पदलाई जोड्दछ। न्यू अमेरिकन स्टचाण्डर्ड बाइबल (NASB) ले यो संयोजकलाई हटाएको छ। ४१ पदजस्तै ४२ पद पनि उही अनुच्छेदको भाग हो; अर्को शब्दमा, यसले ४१ पदको भावलाई जारी राख्छ। तीन हजार मानिसहरूले बप्तिस्मा पाउने *बित्तिकै*, तिनीहरूले तुरुन्तै नयाँ इसाईहरूका रूपमा र ख्रीष्टको शरीरको सदस्यहरूका रूपमा कार्य गर्न सुरु गरे। **भक्तिसाथ लागिरहन्थे** भन्ने वाक्यले ४२ पदमा सूचीकृत गरिएका चार वटै कार्यहरूमा लागू हुँदछ।

पहिलो, तिनीहरू **प्रेरितहरूको शिक्षामा** समर्पित थिए। किंग जेम्स भर्सन (KJV) मा "प्रेरितहरूको सिद्धान्तमा" भन्ने छ। "सिद्धान्त" भनी अनुवाद गरिएको ग्रीक शब्द διδαχή (*डिडाखे, didachē*) को अर्थ सैद्धान्तिक अथवा व्यवहारिक "शिक्षा" भन्ने हुन्छ। मण्डली स्थापना भएपछि, यसलाई तुरुन्तै विस्तृत निर्देशनहरू प्रदान गरिएन। नयाँ करारको अन्तिम पुस्तक साठी वर्ष पछिसम्म समेत समाप्त भएको थिएन। बरु, के विश्वास गर्ने र के गर्ने भन्ने बारेमा मण्डलीका सदस्यहरूलाई व्यक्तिगत रूपमा शिक्षा दिनको निम्ति परमेश्वरले प्रारम्भमा प्रेरितहरूलाई प्रदान गर्नुभयो। प्रेरितहरूले मात्रै पवित्र आत्माको बप्तिस्मा प्राप्त गरेका थिए भन्ने कुराको प्रमाण प्रेरितहरूले मात्रै शिक्षा दिइरहेका थिए भन्ने तथ्यको तात्पर्य हो। येशूले प्रेरितहरूलाई तिनीहरूले मानिसहरूलाई बप्तिस्मा दिएपछि, आफूले आज्ञा गर्नुभएका सबै आज्ञाहरू पालन गर्न तिनीहरूलाई सिकाउनुपर्छ भन्ने आज्ञा दिनुभएको थियो (मत्ती २८:१९, २०)। यस कार्य गर्नका निम्ति तिनीहरू खुसी थिए, र बप्तिस्मा लिएका मानिसहरू खुसीसाथ तिनीहरूका शिक्षा सुन्न चाहन्थे। जीवनको नयाँ शैलीको बारेमा सिक्न अत्यन्तै उत्कट इच्छा यी नयाँ इसाईहरूलाई थियो। तसर्थ परमेश्वरका प्रवक्ताहरूको शिक्षा सुन्नमा तिनीहरू *भक्तिसाथ लागिरहन्थे*। निस्सन्देह, "तिनीहरू प्रेरितहरूका शिक्षा ... भक्तिसाथ लागिरहन्थे" भन्ने वाक्यांशको अर्थ प्रेरितहरूले उनीहरूलाई जे गर्न भनेका थिए त्यही गर्न तिनीहरू उत्सुक थिए भन्ने पनि हो। आज, त्यही शिक्षा "नयाँ करारको पुस्तकहरूमा उपलब्ध छन्।"[19]

---

[19]फोस्टर (Foster), १६४८।

त्यसपछि, नयाँ इसाईहरू **सङ्गतिमा** भक्तिसाथ निरन्तर लागिरहन्थे। "सङ्गति" भन्ने शब्द, κοινωνία (*कोइनोनिया, koinōnia*) भन्ने ग्रीक शब्दबाट अनुवाद गरिएको हो। *कोइनिनिया (koinōnia)* भन्ने शब्दको आधारभूत अर्थ "आम रूपमा वा साझे हुनु" भन्ने हुन्छ र यसलाई कहिलेकहीं "बाँड़चूड़" भनेर अनुवाद गरिएको छ (गला ६:६; हिब्रू १३:१६)। यसैसंग सम्बन्धित शब्दलाई "सहकर्मी" भनेर अनुवाद गरिएको छ (२ कोर ८:२३; फिले १७)। कहिलेकहीं यो शब्दले हामीसँग सम्बन्ध रहेका व्यक्तिहरूलाई जनाउन सक्छ। त्यसकारण हामी परमेश्वर, ख्रीष्ट, र पवित्र आत्मासँग (१ यूह १:३; १ कोर १:९; २ कोर १३:१४)—र अरू इसाईहरूसँग हाम्रो संगति हुन्छ भनी पढ्छौं (१ यूह १:७)। *कोइनोनिया (Koinōnia)* ले हाम्रो साझै सम्बन्धको *अभिव्यक्तिलाई* पनि जनाउन सक्छ। १ कोरिन्थी १०:१६ मा "सहभागिता" भनी अनुवाद गरिएको लगायत, नयाँ करारमा यो शब्दलाई विभिन्न तरिकाले अनुवाद गरिएको छ (किंग जेम्स भर्सन [KJV])। प्रभु-भोजलाई "सहभागिता" भनी उल्लेख गर्नको लागि हामीले प्रयोग गर्ने खण्ड यही हो। यो शब्दलाई रोमी १५:२६ मा "भेटी" भनी अनुवाद गरिएको छ (२ कोर ९:१३ हेर्नुहोस्)। प्रभु-भोजमा हामी सहभागि हुँदा, र हप्ताको पहिलो दिन दिने कार्यमा हामी सहभागि हुँदा, हामी हाम्रो साझा विश्वासलाई व्यक्त गर्दछौं। ख्रीष्टमा हाम्रो संगतिलाई व्यक्त गर्ने अर्को कार्य भनेको साझे खानेकुरा बाँडचूड गर्नु हो (२:४६ हेर्नुहोस्)। जब हामी कुनै दाजुभाइलाई "सङ्गतिबाट हटाउछौं," त्यस व्यक्तिसँग उप्रान्त खानपान नगर्नू भनी हामीलाई भनिएको छ (१ कोर ५:११)। मण्डलीका सदस्यहरू एकसाथ बसेर खानपान गर्ने कार्यलाई "सङ्गति" भनी भन्दा, यो शब्दको दुरुपयोग हुँदैन। दुर्भाग्यवस, कतिपय मण्डली समूदायहरूमा, त्यस्ता अवसरहरूलाई उल्लेख गर्नको लागि मात्रै "सङ्गति" भन्ने शब्दलाई *अनन्य रूपमा* प्रयोग गरिन्छ; यो ठिक कुरो होइन।

नयाँ करारमा आर्थिक संगतिलाई उल्लेख गर्नको लागि प्रायजसो *कोइनोनिया (koinōnia)* भन्ने शब्दको प्रयोग गरिएको हुनाले र प्रारम्भिक इसाईहरूको "सब थोक *साझा* थिए" (κοινός [*कोइनस्, koinos*] बाट, *कोइनोनिया, [koinōnia]* को ब्युत्पन्न शब्द) भनेर ४४ पदले बताएको हुँदा, केही विद्वानहरू के कुरामा विश्वस्त छन् भने आर्थिक संगतिको विषय यहाँ मुख्य छ। कतिपय अनुवादहरूले यस पदमा *कोइनोनिया (koinōnia)* भन्ने शब्दलाई "भेटी" वा यस्तै अर्थ दिने शब्दको रूपमा अनुवाद गरेको छ।[20] यस शब्दलाई अझै वृहत रूपमा विचार गर्नु अझै राम्रो हुन्छ। संसारिक थोकहरू बाँडचूड गर्ने कुरालाई यसले समावेश गर्छ, तर येशूमा इसाईहरूको नयाँ जीवनको समूर्णतालाई पनि यसले सामिल गर्दछ। न्यू इङ्लिस बाइबल (NEB) ले यस अवधारणालाई यसरी व्यक्त गरेको छ: "आम जीवन बाँडचूड गर्नका लागि ... तिनीहरू बारम्बार भेटघाट गर्थे।"

तेस्रो, ती नयाँ इसाईहरू **रोटी भाँच्ने** कार्यमा भक्तिसाथ लागि रहन्थे। "रोटी भाँच्ने" कार्यले प्रभु-भोज (२०:७; १ कोर १०:१६) वा सँगै बसेर खानपान गर्नुलाई जनाउँछ (पद ४६)। सुन्ने र प्रार्थना गर्ने प्रसंगले *आराधनालाई* जोड दिन्छ, र लूकाले यहाँ प्रभु-भोजको बारेमा बताउँदैथिए भन्ने कुराको संकेत यसले दिन्छ। पछि, प्रारम्भिक मण्डली

---

[20] *लिभिङ ओराकल्स, द ट्वेन्टिएथ सेन्चुरी न्यू टेस्टामेन्ट।*

हप्ताको पहिलो दिनमा रोटी भाँच्नलाई जम्मा हुन्थे भन्ने कुरालाई टिपोट गर्नेछौं। यो प्रचलन तुरुन्तै सुरु भयो, र ख्रीष्टमा रहेका यी बालकहरूले हप्ताको पहिलो दिनमा हुने हरेक प्रभु-भोज संगतिमा विश्वास योग्य ढङगले लागिपरे भन्ने देखिन्छ।

प्रभु-भोजलाई "रोटी भाँच्ने" कार्यको रूपमा उल्लेख गरिएको तथ्यलाई कतिपयले तिनीहरूको प्रभु-भोज संगतिमा रोटी मात्रै प्रयोग गरियो, तर धर्मगुरुहरूले दाखमद्य पनि पिउँछन् भन्ने कुरा "प्रमाणित गर्न" प्रयोग गर्छन्। तैपनि, यो वाक्यको प्रयोगले प्रभु-भोजमा प्रयोग गरिने सामग्री रोटी मात्रै हो भन्ने कुरालाई प्रमाणित गर्दैन, तर आम खानपानलाई बुझाउनका लागि यो वाक्यको प्रयोग गरिएको तथ्यले, तिनीहरूले त्यसबेला खानाको रूपमा रोटी मात्रै खान्थे भन्ने कुरालाई प्रमाणित गर्छ। यहाँ एउटा आम भाषालङ्कारको प्रयोग गरिएको छ जसमा मुख्य कार्यलाई सम्पूर्ण कार्यको रूपमा लिइएको छ। हामीले अखमिरी रोटी र दाखको फल *दुवैमा* भाग लिनुपर्छ भनी येशूले आज्ञा दिनुभयो (१ कोर ११:२३-२६)।

४२ पदमा उल्लेख गरिएको अन्तिम कुरा **प्रार्थना** हो। मण्डलीको सुरुवात प्रार्थनाको वातावरणमा भयो र प्रार्थनाको वातावरणमा नै यो अघि बढिरह्यो। जीवनले प्रत्येक दिन ल्याउने चुनौतीहरूलाई प्रारम्भिक इसाईहरूले सामना गर्न सके किनभने तिनीहरूले प्रत्येक दिन प्रभुलाई प्रार्थनामा भेट्थे।

४२ पदको मूलभाव *आराधना* हो। मानिसहरूले बप्तिस्मा लिएपछि, परमेश्वरलाई आराधना गर्नमा तिनीहरू "भक्तिसाथ लागिरहन्थे।" यो *सामूहिक* आराधना थियो भन्ने कुरालाई पनि याद गर्नुहोस्। ख्रीष्टमा रहेका दाजुभाइ र दिदिबहिनीहरू *सँगै* मिलेर आराधना गर्थे। एक-अर्का र परमेश्वरको नजिकतालाई वृद्धि गर्नको लागि सँगै मिलेर आराधना गर्नु जत्तिको महत्त्वपूर्ण अरू छैन। पेन्तिकोसको दिन हप्ताको पहिलो दिन परेको हुनाले, के सम्भावना रहेको छ भने, त्यस दिन अन्तिम आत्माले बप्तिस्मा लिइसकेपछि, त्यही दिन परमेश्वरको वचन सिकाइएको सुन्न, प्रार्थना गर्न र आफ्ना प्रिय उद्धारकर्ताको मृत्युको स्मरण गर्नका लागि यरूशलेममा नयाँ मण्डली समुदाय भेला भए।

पद ४३. पेन्तिकोसको दिनमा बप्तिस्मा लिएका लगभग तीन हजार जना मानिसहरूसँग सम्बन्धित छोटो अभिव्यक्तिपछि, लूकाले ४३ देखि ४७ पदसम्म—जसले नयाँ अनुच्छेदको निर्माण गर्छ—मण्डलीको प्रारम्भिक जीवनको एउटा खाका प्रदान गरेका छन्। **हरेकको हृदयमा भय उत्पन्न भयो** भन्दै उनले सुरु गरेका छन्। "भय" भनी अनुवाद गरिएको शब्दलाई "सम्मान" भनेर पनि अनुवाद गर्न सकिन्छ। किंग जेम्स भर्सन (KJV) र नेपाली संस्करणमा "भय" भन्ने छ, जुन φόβος (*फोबोस्, phobos*) भन्ने ग्रीक शब्दलाई ठेड रूपमा अनुवाद गरिएको हो, तर यहाँ "डर" भन्ने शब्दलाई गहन सम्मान, विस्मय, वा सम्मानको अर्थमा प्रयोग गरिएको छ। यो विस्मय **प्रेरितहरूद्वारा धेरै अचम्मका काम र चिन्हहरू भए** को प्रतिक्रिया थियो। "अचम्मका कामहरू र चिन्हहरू" ले प्रेरितहरूद्वारा गरिएका आश्चर्यकर्महरूलाई जनाउँछ (२२ पदको टिप्पणी हेर्नुहोस्)। येशूले प्रेरितहरूलाई तिनीहरू सुसमाचार प्रचार गर्न जाँदा, तिनीहरूलाई "चिन्हहरू" ले साथ दिनेछन् भनी प्रतिज्ञा गर्नुभएको थियो (मर्कू १६:१७, १८); यो त्यस प्रतिज्ञाको पूर्णताको सुरुवात थियो। पछि प्रेरितको पुस्तकमा, तिनीहरूले गरेका केही आश्चर्यकर्महरूको विवरण लूकला दिएका छन्:

बिरामीलाई निको पारेको (३:१-१०), अशुद्ध आत्माहरूलाई धपाइएको (५:१६), मृतकलाई जीवित पारिएको (९:३६-४१)। तैपनि, अहिलेको लागि, यो विस्मय हुने किसिमको समय थियो भनेर मात्रै हामीलाई बताइएको छ। यस पटक प्रेरितहरूले मात्रै आश्चर्यकर्महरू गर्न सके भनिएको छ; अरू कसैसँग पनि आश्चर्यकर्म गर्ने शक्ति थिएन।

पद ४४, ४५. यी पदहरूले ४२ पदमा उल्लेख गरिएको संगतिको एउटा ठोस उदाहरण दिएको छ। यस्तो कुरा संसारले पहिले कहिल्यै देखेको थिएन। आम यहूदी परम्परा रहेको भए तापनि, केही दिन पहिलेसम्म मण्डलीका यी मानिसहरू पूर्ण पराई मानिसहरू थिए। तिनीहरू विभिन्न पृष्ठभूमि र संस्कृतिहरूबाट आएका थिए। यसको बाबजुत पनि, कमजोर र सहयोगविहिन मानिसहरूलाई विशेष ध्यान दिँदै तिनीहरूले तुरुन्तै एक अर्काको वास्ता गर्न थाले। खाँचोमा परेकाहरूलाई वास्ता गर्नू भनी व्यवस्थाले यहूदीहरूलाई सिकाएको भए तापनि, तिनीहरूले त्यस्ता मानिसहरूलाई बेवास्ता गरेका थिए। स्वभावैले, गरिब-दुःखीहरूका बारेमा अन्यजातिहरूलाई चासो थिएन। येशूका यी जनहरूलाई देखेर सम्पूर्ण समुदाय प्रभावित भए भन्ने कुरा आश्चर्यजनक छैन (पद ४७)।

४४ र ४५ पद बेजोड र चुनौतीपूर्ण पदहरू हुन्। दुःखको कुरा, यी पदहरूलाई दुरुपयोग र गलत रूपले प्रयोग गरिएको छ। कतिपयले यी पदहरूलाई "इसाई संगतिको उदाहरण" भनेका छन्। अव्यवाहरिक वा काल्पनिक समाजको स्थापना गर्न चाहने मानिसहरूले आफ्ना प्रयासहरूलाई प्रमाणित गर्नका लागि यी वचनहरू प्रयोग गरेका छन्। विगतमा यस्ता कैयौं प्रयासहरू भए, तर ती सबै विफल भए। धर्म-संप्रदायका अगुवहारूले आफ्ना अनुयायीहरूलाई आफ्ना सारा सम्पत्ति बेचेर तिनीहरूका हातमा सुम्पिदिन जबरजस्ती गर्नका लागि यी पदहरू प्रयोग गर्छन्। लूकाले यहाँ के *भन्दैथिए* र के भनिरहेका *थिएनन्* भन्ने कुरालाई हामीले बुझ्नु आवश्यक छ।

पहिलो, मण्डलीका प्रत्येक सदस्यले आफूसँग भएका सबै कुरा तुरुन्तै बेचेर साझे कोशमा जम्मा गरे भनेर लूकाले भनिरहेका *थिएनन्*। यदि हामीले तिनीहरूका **सबै थोक साझा थिए** भन्ने वाक्यलाई मात्रै हेर्‍यौं भने हामी त्यसरी सोंच्न सक्छौं। किंग जेम्स भर्सन (KJV) ले ४५ पदमा भुतकाल प्रयोग गरेको छ र त्यस अवधारणालाई जोड दिएको छ: "र आफ्ना सम्पत्तिहरू बेचे, र तिनलाई सबैको साक्षे सम्सतिमा ल्याए ..." तैपनि, ग्रीक क्रियापदहरू ἐπίπρασκον (*एपिप्रास्कोन, epipraskon*, "बेच्दैथिए"; जुन πιπράσκω, *पिप्रास्को, piprasko* बाट आएको हो) र διεμέριζον (*डाएमेरिझोन, diemerizon*, "बाँडचूड गर्दैथिए"; जुन διαμερίζω, *डाएमेरिझो, diamerizō* बाट आएको हो) *अनिश्चित (aorist)* (भूतकाल) मा होइन, तर *अपूर्ण* भूतकालमा छन्। अपूर्ण भूतकालले विगतको निरन्तर कार्यलाई जनाउँछ, तर प्रसंग अनुसार, शब्दकालले कुनै कार्यको सुरुवातलाई ध्यान केन्द्रित गर्छ। न्यू अमेरिकन स्टचाण्डर्ड बाइबल (NASB) ले यस पदलाई सही रूपमा अनुवाद गरेको छ: "तिनीहरूले आफ्ना सम्पत्ति र मालसमान बेचेर ती सबैसँग बाँडचूड *गर्नथाले, ...*" (जोड दिइएको छ)। (नेपाली बाइबल [NNRV] भन्छ, "तिनीहरूले आफ्ना सम्पत्ति र मालमत्ता बेचिकन ... सबैलाई ती बाँड़िदि"।) ४६ पदलाई ध्यान दिनुहोस्: तिनीहरू एकै मनका भई मन्दिरमा एकसाथ उपस्थित हुन्थे, र "घर-घरमा" रोटी भाँच्थे। यदि सबै इसाईहरूले आफ्ना

घरहरू बेचेका भए तिनीहरू कसका घरमा भेला भए? केही लामो समयपछि, ४ र ५ मालसमान बेच्ने कार्य भइरहेको थियो। निकै पछि, यरूशलेमका इसाईहरू प्रार्थना गर्नका लागि "मरियमको घरमा" भेला भए (१२:१२)। उनको घर अझै बेचिएको थिएन। यरूशलेमका प्रत्येक इसाईले साझा सम्पत्तिमा थप्नका लागि हतार गरेर तुरुन्तै आफ्नो सम्पत्ति *बेचेनन्*।

फेरि, नयाँ इसाई "समाज" को सदस्य हुनको लागि आफ्नो सम्पत्तिहरूलाई बेचेर अनुदान दिनुपर्ने *मापदण्ड* प्रेरितहरूले तोकेका थिए भनेर लूकाले भनेका *होइनन्*। अध्याय ५ मा, हननिया र सफिराले आफूहरूले सबै सम्पत्ति बेचेको भनी बहाना गर्दा, पत्रुसले हननियालाई सोधे: "... पवित्र आत्मासँग झूट बोल्ने र जमिनको बिक्रीको मोलबाट केही हिस्सा आफूसँग राख्ने कुरा शैतानले कसरी तिम्रो मनमा भरिदियो? *त्यो बिक्री नभइञ्जेल के त्यो तिम्रो आफ्नै थिएन? र त्यो बिक्री भएपछि पनि त्यो तिम्रै अधिकारमा थिएन र?*" (५:३, ४; जोड दिइएको छ)। अर्को शब्दमा भन्दा, तिनीहरूले सम्पत्ति बिक्री गर्नुभन्दा पहिले, त्यस जग्गालाई तिनीहरूले चाहे अनुसार गर्ने हक-अधिकार तिनीहरूको थियो र तिनीहरूले बिक्री गरेपछि, त्यसको रकमलाई तिनीहरूले चाहे अनुसार गर्ने अधिकार तिनीहरूको थियो। बिक्री गरिएको सम्पूर्ण रकम ल्याउन असफल भएको कुरा तिनीहरूको पाप थिएन; तिनीहरूको पाप के थियो भने तिनीहरूले यी सबै ल्याएको *बहाना* बनाएको कुरा थियो। शायद बारनाबासले प्राप्त गरेको सम्मान तिनीहरूले प्राप्त गर्न चाहेका थिए (४:३६, ३७)।

इसाई संगतिमा सहभागी हुनका लागि प्रत्येक सदस्यले आफूसँग भएको कुरालाई अनुदान दिनुपर्थ्यो भन्ने कुराको कुनै संकेत हामीसँग छैन; र कुरा यो *थिएन* भन्ने विषयमा धेरै संकेतहरू छन्। एक पटक येशूले धनी जवान शासकलाई आफूसँग भएको सबै कुरा बेची गरिबहरूलाई दिएर उहाँको पछि लाग्न चुनौती दिनुभएको थियो (लूक १८:१८-२५)। तैपनि, यो त्यस विशेष जवान मानिसलाई दिइएको विशेष चुनौती थियो, र ख्रीष्टलाई पछ्याउने प्रत्येक मानिसको निम्ति दिइएको यो चुनौती थिएन। यदि कुनै सम्प्रदायको अगुवाले आफ्ना अनुयायीहरूले आफ्ना सबै संसारिक थोकहरू दिनुपर्छ भन्ने आफ्नो जिद्धीलाई प्रमाणित गर्नको लागि यस घटनाको प्रयोग गर्छ भने, हामीले के कुरालाई याद गर्नुपर्छ भने बिक्री गरेर *गरिबहरूलाई* देओ भनी येशूले भन्नुभयो, उहाँलाई होइन।

यदि इसाईहरूले तुरुन्तै सबैकुरा बेचे वा तिनीहरूले जे बिक्री गरे, त्यो बिक्री गर्नुपर्ने *मापदण्ड* तिनीहरूलाई थियो भनेर लूकाले बताइरहेका थिएनन् भने उनले के *भन्दैथिए?* पहिलो, नयाँ इसाईहरूले *विशेष चुनौतीको* सामना गर्नुपरेको थियो भन्ने कुरा उनले बताइरहेका थिए। यहूदीहरू संसारका विभिन्न स्थानहरूबाट पेन्तिकोसको चाडको आएका थिए। यिनीहरूमध्ये धेरैले बप्तिस्मा लिएका थिए। यीमध्ये सबै नभएपनि, धेरैजसो मानिसहरू त्यहीँ नै रहे। प्रसंग यही थियो भन्ने देखिन्छ किनभने शाऊलले सतावट गरेपछि मण्डली तितर-बितर नभएसम्म सुसमाचार फैलिएको थिएन भन्ने कुरालाई ८:१-४ ले सूचित गर्छ। तिनीहरूले ल्याएको जेसुकै रकम तुरुन्तै सकिएको हुनुपर्छ। यरूशलेममा आफ्ना व्यपार गर्नका निम्ति तिनीहरूसँग सीमित मौकाहरू थियो। शायद धेरैलाई आर्थिक सहायता चाहिएको थियो।

त्यसपछिका अध्यायहरूमा सहयाताको खाँचो परेको दुई वटा समूहहरूका बारेमा

मात्रै निश्चित रूपमा उल्लेख गरिएका छन्: आफ्ना सबै समय प्रचार र शिक्षामा बिताउने प्रेरितहरूसँग कुनै पैसा थिएन (३:६), र विधवाहरू (६:१)। तैपनि, अरू पनि खाँचोमा परेका थिए भन्ने अनुमान धेरैले गर्छन् (११:२९)। यो योजना बनाएर आएको अवस्था थिएन, तर यो आफै विकास भएको थियो। अर्को शब्दमा भन्दा, इसाईहरूको समूह भेला भएर "प्रत्येकले आफ्नो क्षमता अनुसार दिने र आफ्नो आवश्यकता अनुसार प्राप्त गर्ने सिद्ध समुदायको" निर्माण गर्ने निर्णय गरेनन्। सृजना भएको त्यो परिस्थिति प्ररम्भतिर यरूशलेममा अद्वितीय थियो; यो परिस्थिति त्यस पछिका वर्षहरूमा कहीं पनि दोहोरिएन। यरूशलेमबाट मण्डली छरपष्ट भएपछि, खाँचोमा परेका सदस्यहरूलाई सहायता गर्नका निम्ति इसाईहरूले यस्तै प्रतिक्रिया दिएको हामी फेरि कहिल्यै पढ्दैनौं।

"सबै थोक साझा" थियो भन्नुको अर्थ तिनीहरूले आफूसँग भएका सबै कुरा तुरुन्तै बेचेर आफ्ना सम्पूर्ण स्रोतहरू ल्याए भन्ने होइन भनेर टिपोट गरेका छौं। त्यसो भए यसको अर्थ के हो? यो वाक्यले यी प्रारम्भिक इसाईहरूको *आधारभूत आचरणको* बारेमा व्याख्या गर्दछ। आफूसँग भएका कुनै पनि कुरा वास्तवमा तिनीहरूको होइन, तर परमेश्वरको हो भन्ने कुरा तिनीहरूले बुझेका थिए (भज ५०:१०-१२); तिनीहरू परमेश्वरका *भण्डारेहरू* मात्रै थिए (१ कोर ४:२)। ख्रीष्टमा तिनीहरूको दाजुभाइ र दिदीबहिनीहरूसित ("सङ्गति") तिनीहरूको साझा जीवन रहेको कारण, तिनीहरूका सम्पत्तिहरू पनि साझा हो भन्ने विचार तिनीहरूले गरेको कुरा स्वभाविकै छ। आवश्यक परेमा आफ्ना सम्पत्ति प्रयोग गर्न तिनीहरू तयार थिए। आफ्ना दाजुभाइलाई खाँचोहरू हुँदा, ती खाँचोहरूलाई पूरा गर्नका लागि तिनीहरूले आफ्ना सम्पत्तिहरू बेचे, जुन वास्तवमा पिताका नै थिए।

पद ४६, ४७। यी पदहरूले यो प्रारम्भिक मण्डलीको खाकालाई पूरा गर्दछ। यी प्रारम्भिक इसाईहरू [दैनिक रूपमा] **एकै मनका** भएर अघि बढिरहेका थिए। मण्डलीको विशेषता चित्रण गर्ने मनको एकताको बारेमा लूकाले विभिन्न ठाउँमा उल्लेख गरेको मध्ये यो एउटा हो। प्रारम्भिक मण्डली भेला हुने सार्वजनिक स्थानहरू (जस्तै मन्दिर) र व्यक्तिगत घरहरू लगायत विभिन्न स्थानहरूमा भेला हुन्थ (रोम १६:५; १ कोर १६:१९; कल ४:१५; फिले २)। हामीलाई थाहा भए अनुसार, मण्डलीहरूले आराधना गर्नका लागि भवनहरू निर्माण गर्न सुरु गर्नुभन्दा पहिले धेरै वर्ष बित्यो। मण्डली भवन बहुमूल्य थोक हुनसक्छ, तर प्रभुको कार्यको निम्ति यो अपरिहार्य छ भनेर हामीलाई कहिल्यै पनि विचार गर्नुहुँदैन।

प्रारम्भिक इसाईहरू दैनिक रूपमा **मन्दिरमा** भेला हुन्थे, जुन तिनीहरू सबै एकसाथ भेला हुनका निम्ति अटाउन सक्ने एउटै मात्र स्थान थियो। यी प्रारम्भिक यहूदी इसाईहरूले *यहूदी* मन्दिरमा आराधना गर्ने कार्यलाई निरन्तरता दिए, शायद इ.सं. ७० मा मन्दिरको विनाश भइञ्जेलसम्म भन्ने अनुमान धेरै टिप्पणीकर्ताहरूले गरेका छन्, तर धर्मशास्त्रले यस निष्कर्षबारे केही बताएको छैन। इसाई युगको लागि परमेश्वरको इच्छा के हो भन्ने कुरा एकै पटक प्रकट गरिएन भन्ने कुरा साँचो हो, तर प्रकट गरिएको सबैभन्दा *पहिलो* कुरा इसाईले कसरी *आराधना* गर्नुपर्छ भन्ने थियो भनेर ४२ पदले संकेत दिन्छ। ४७ पदले **परमेश्वरको प्रशंसा** गरिएको बारेमा उल्लेख गरेको कुरा साँचो हो, तर यी इसाईहरू मन्दिरमा होस् वा घरमा होस् जहाँसुकै भए पनि तिनीहरूले

आराधना गरेको कुरालाई यसले बताउँछ। *यहूदी* प्रशंसाको अर्थलाई सीमित गर्ने केही कुरा यो शब्दमा छैन। "तिनीहरू सबै *सोलोमनको दलानमा* एकसाथ जम्मा भएका थिए" भनेर प्रेरित ५:१२ मा टिपोट गरिएको छ (जोड दिइएको छ)। सोलोमनको दलान *अन्यजातिहरूको* चोकमा थियो। यहूदी आराधना हुने मन्दिरको क्षेत्र यो *थिएन*।

आफ्ना दाजुभाइ र दिदीबहिनीहरूसँग परिचित हुँदै र **घर-घरमा** पकाइको कुरा मिलीजुली खाँदै तिनीहरू दिनहुँ घर-घरमा भेला हुन्थे। **रोटी भाँच्ने** कार्य दैनिक रूपमा गरिन्थ्यो र प्रभु-भोज हप्ताको पहिलो दिन मात्रै खाइने हुँदा, यहाँ यो वाक्यले अवश्य पनि सामान्य खानपानलाई जनाउँछ। यो विचारलाई निम्न अभिव्यक्तिले समर्थन गर्छ: **तिनीहरू ... मिलीजुली खान्थे।** किंग जेम्स भर्सन (KJV) मा "खाना" को सट्टा "मासु" भन्ने छ, तर यसको अर्थ "स्तनधारी पशुको मासु" भन्ने होइन। आम खानेकुरालाई जनाउनको निम्ति "मासु" अर्थ दिने अंग्रेजी शब्द ("meat") को प्रयोग गरिएको छ। न्यू किङग जेम्स् भर्सन (NKJV) ले किंग जेम्स भर्सन (KJV) शब्दलाई परिमार्जन गरी "खाना" भनेर लेखेको छ। सँगै खानपान गर्नु इसाईहरूको संगतिको महत्त्वपूर्ण अभिव्यक्ति थियो। यी संगतिको खानपानलाई "प्रीतिभोज" भन्न थालियो (यहू १२)।

यसको साथै, तिनीहरूले *खुशीसाथ* यसो गर्थे: तिनीहरू **खुशी** र शुद्ध हृदयले मिलीजुली खान्थे। तिनीहरूलाई नरकको आगोको नजिकबाट परमेश्वरले उठाएर ल्याउनुभएको थियो; आनन्दले तिनीहरूका हृदय भरिएका थिए। उही आनन्दले भरिएका अरू मानिसहरूप्रति आकर्षित हुनु स्वभाविक कुरा थियो; यो बाहेक अन्यथा गर्नु अस्वभाविक हुनेथियो। तिनीहरू एक-अर्काको साथमा *नित्य* रूपमा मात्रै रहेनन्; तिनीहरू एक-अर्काप्रति *रमाए*। तिनीहरूले **शुद्ध हृदयले** एक-अर्कासँग बाँडचूड गरे। ἀφελότης (*अफेलोतेस्, aphelotēs*) भन्ने शब्दबाट आएको ग्रीक शब्दलाई "शुद्ध" भनी अनुवाद गरिएको छ, र यसले "एक मनको हुनु" वा "सरलता" भन्ने भाव दिन्छ।

यी प्रारम्भिक इसाईहरूको चरित्रद्वारा चित्रित संगति र उत्साह कसैले नदेखीकन रहन सकेन। येशूले भन्नुभएको थियो, "यसैबाट सबैले जान्नेछन्, कि तिमीहरू मेरा चेलाहरू हौ" (यूह १३:३५)। अध्याय २ को अन्तिम शब्दहरू पढ्दा हामी आश्चर्यचकित हुनुपर्दैन: **तिनीहरू ... सबै मानिसहरूबाट शुभेच्छा पाउँदै बस्थे। उद्धार पाउनेहरूलाई प्रभुले दिनदिनै तिनीहरूको संख्यामा थपिदिनुहुन्थ्यो।** यो संयोग मात्र होइन कि "दिन-दिन" वाक्यांश (न्यु अमेरिकन स्टयान्डर्ड बाइबल [NASB] बाट) क्रिस्चियनहरू एक दिमागले दैनिक रूपमा जारी रहे भन्ने तथ्यलाई बुझाउन प्रयोग गरिएको छ (पद ४६) र यो तथ्यलाई पनि मानिसहरू दैनिक तिनीहरूको संख्यामा थपिन्थ्यो (पद ४७)। प्रभु र एक अर्कासँग जोसिलो सम्बन्ध भएका इसाईहरूले अरू मानिसहरूलाई आकर्षित गर्छन्।

प्रयोग

ठूलो भेला कसरी गराउने (अध्याय २)

सुसमाचारीय भेलाहरूका निम्ति तयारी गर्ने क्रममा प्रयोग गरिने उचित खण्ड प्रेरित २ हो। स्थानीय प्रचारकले "ठूलो भेला कसरी गराउने" भन्ने विषयमा एउटा कक्षा संचालन गर्न सक्छ। सुसमाचारको ठूलो भेला गराउनको निम्ति, तपाईंलाई (१) ठूलो

तयारी—प्रेरित १ लाई पुर्नवलोकन गर्नुहोस्; (२) ठूलो प्रचार-प्रसार—सबैको ध्यानाकर्षण परमेश्वरले गर्नुहुन्छ (पद १-१३); (३) महान प्रचार—पत्रुसले गरेजस्तै येशूको विषयमा प्रचार (पद १४-३६, ३८-४०); र (४) ठूलो चेताना—ठूलो परिणाम प्राप्त गर्नको लागि सुन्ने इमान्दार मानिसहरूको आवश्यकता हुन्छ—आदि कुराको आवश्यकता पर्छ (पद ३७, ४१)। यी प्रत्येक बुँदाहरूले प्रचारकलाई भेलाको निम्ति अहिलेसम्म मण्डलीले के गरेको छ र के गर्न बाँकी छ भन्ने बारेमा कुरा गर्ने मौका दिन्छ।

पेन्तिकोसको महत्त्व (अध्याय २)

परमेश्वरले दश-आज्ञा दिनुभएको बेला, पृथ्वी हल्लियो, मेघ गर्जियो, बिजुली चम्कियो र धुवाँ निस्कियो (प्रस १९:१८) परमेश्वरले मानिसको निम्ति आफ्नो नयाँ करार जारी गर्नुभएको बेला, उहाँले फेरि आफ्नो महान शक्तिद्वारा मानिसहरूको ध्यानाकर्षण गराउनुभयो—(बतासको) *आवाज,* (आगाको) *चिन्ह,* र (अन्यभाषाहरूमा बोलिएको) *चिन्ह*।

पवित्र आत्मा आउनुभएपछि *शक्ति* आउनेछ—र शक्ति आएपछि, *राज्य* आउनेछ भनेर येशूले भन्नुभएको थियो। तसर्थ प्रतिज्ञा गरिएको राज्यको सुरुवात प्रेरित २ मा भएको हो। त्यो समयदेखि, राज्य/मण्डलीलाई अस्तित्वमा रहेको कुराको रूपमा उल्लेख गर्न थालियो (५:११; कल १:१३; इत्यादि)।

प्रेरित २ मा राज्य स्थापना भएको तथ्य सुक्खा थियो, शायद पटयारलाग्दो किसिमको समेत थियो भनी कतिपयले ठान्छन्। यो घटना कति उत्साहपूर्ण थियो भन्ने कुरालाई बुझ्नको लागि, तपाईंले आफैलाई मसीह राज्यको स्थापनाको लागि आफ्नो जीवनभरि प्रतिक्षा गरिरहेको एक भक्तालु यहूदीको रूपमा विचार गर्नुहोस्। तपाईंको बुबाले जीवनभर यो राज्यको लागि चाहनुहुन्थ्यो र प्रार्थना गर्नुहुने थियो ... र उहाँको अगाडि उहाँको बुबा ... र उहाँको अघि उहाँका बुबा ... र यस्तै—शताब्दीयौंदेखि। एक यहूदीको निम्ति, ख्रीष्टको दोस्रो आगमनले हामीलाई भावनात्मक रूपमा जति प्रभाव पार्नेछ त्यतिकै प्रभाव मसीहको राज्यको आगमनले पार्नेथियो।

सरापलाई उल्टयाइयो (अध्याय २)

प्रेरित २ मा बाबेलको सरापलाई उल्टयाइएको घटना हामीसँग छ भनी धेरै टिप्पणीकर्ताहरूले टिपोट गर्छन्। उत्पत्ति ११ मा, मानिसहरूलाई धेरै भाषाहरूद्वारा सराप दिइयो र तिनीहरू छरपष्ट भए। प्रेरित २ मा, हरेक भाषाका मानिसहरू सँगै भेला भए र आशिषित बने। यी दुई खण्डहरूबीच विभिन्न तुलनाहरू गर्न सकिन्छ। उत्पत्ति ११ मा, मानिसहरूले आफैलाई उच्च पार्न चाहे; प्रेरित २ मा, परमेश्वर उचालिनुभयो। उत्पत्ति ११ मा, मानिसहरूले एक-अर्काको कुरा बुझ्न सकेनन्; प्रेरित २ मा, तिनीहरूले अरूका कुरा बुझे। उत्पत्ति ११ लाई विद्रोहद्वारा चित्रण गरिएको छ; प्रेरित २ लाई आज्ञाकारीताद्वारा चित्रण गरिएको छ।

पेन्तिकोस (अध्याय २)

यरूशलेमको विनाश भएपछि, यहूदीहरूले मोशाले सीनै पर्वतमा व्यवस्था दिएको

समयको रूपमा पेन्तिकोसको दिनलाई मनाउन थाले (प्रस २०)। यी दुई खण्डहरूबीच विभिन्न रोचक तुलनाहरू गर्न सकिन्छ: पचास दिने निस्तार-चाडपछि सीनै पर्वतमा व्यवस्था दिइएको घटना घटयो; निस्तार-चाडमा येशूको मृत्यु भएको पचास दिनपछि सुसमाचार प्रचार गरियो। दुवै घटनाहरूमा, परमेश्वरले आश्चर्यजनक चिन्हहरूका साथ आफ्नो उपस्थितिलाई प्रकट गर्नुभयो। व्यवस्था दिइएको घटनापछि, तीन हजार मानिसहरू मरे (प्रस ३२:२८); सुसमाचार प्रचार गरिएपछि, तीन हजार मानिसहरूले नयाँ जन्म पाए (प्रे २:४१)। व्यवस्था दिइएको घटनापछि, मानिसहरूमा भय छायो (प्रस १९:१६); सुसमाचार प्रचार गरिएपछि, मानिसहरूमा आनन्द छायो (प्रे २:४६)। पेन्तिकोसको दिनलाई "पहिलो फलको" चाड भनिन्थ्यो; प्रेरित २ मा आत्मिक बीउ अर्थात् परमेश्वरको वचनको पहिलो फलको बारेमा विवरण छ (लूक ८:११)।

यसद्वारा एउटा रोचक पाठ तयार गर्न सकिन्छ। अघि टिपोट गरिएझैँ, मिश्रको दासत्वको अन्त्य र प्रस्थानमा व्यवस्था दिइएको घटनाबीच गरिएको लगभग पचास दिनको प्रतीक्षा, र (येशूको मृत्यु भएपछि; कल २:१४) पुरानो करारको अन्त्य र प्रेरित २ मा नयाँ करारको प्रकटिकरणबीचको पचास दिने प्रतीक्षाबीच एउटा सम्बन्ध कायम गर्न सकिन्छ। यसलाई व्यक्तिको मृत्यु र उसको इच्छापत्र पढ्दा बीचको अवधिसँग तुलना गर्न सकिन्छ। कानूनी हिसाबमा, व्यक्तिको इच्छापत्र उसको मृत्युभएपछि लागू हुन्छ; व्यवहारिक हिसाबमा, उसको इच्छापत्रको सर्तहरू थाहा भएपछि उसको इच्छापत्र लागू हुन्छ।

सुन्ने कार्य (२:१२, १३)

पेन्तिकोसको दिनको दर्शकहरूको कुन पक्षले तपाईंको चरित्र चित्रण गर्छ: आश्चर्य मान्नेहरू कि गिल्ला गर्नेहरू? त्यस दिन उद्धार पाउने तीन हजार मानिसहरूमा, गिल्ला गर्ने कोही पनि मानिसहरू थिए भन्ने कुरा शङ्कास्पद छ। संसारप्रति तपाईंको आचरणले तपाईंको अनन्त गन्तव्यलाई प्रभावित गर्दछ। येशूले आफ्ना चेलाहरूलाई यस्तो चेतावनी दिनुभएको थियो, "मानिसको सुन्ने कान छ त्यसले सुनोस् .... तिमीहरू जे सुन्छौ, त्यसमा ध्यान देओ ..." (मर्कू ४:२३, २४)। न्यू इन्टरनेशनल भर्सन (NIV) मा "तिमीहरूले के सुन्छौ त्यसलाई ध्यान दिएर विचार गर" भन्ने छ।

येशू नै ख्रीष्ट हुनुहुन्छ (२:२२-३६)

प्रेरित २ मा पत्रुसको शिक्षा वा प्रवचन उल्लेख गरिँदा ३६ पदमा उनले दिएको अभिव्यक्तिसम्म, पत्रुसका कुरा सुन्ने मानिसहरूका निम्ति "ख्रीष्ट" र "येशू" भन्ने शब्दहरूको अर्थ फरक थिए भन्ने कुरालाई जोड दिइएको छ। यदि तपाईंसँग चक वा मार्कर बोर्ड छ भने, तपाईंले एउटा रेखाचित्र प्रयोग गर्न सक्नुहुन्छ। तपाईं २२ पदमा पुग्नुभएपछि बायाँतर्फ "येशू" भन्ने लेख्नुहोस्। तपाईंले २५ देखि ३१ पदसम्म छलफल गर्ने क्रममा दायाँतर्फ "ख्रीष्ट" लेख्न सक्नुहुन्छ। ३२ र ३३ पद "येशू" भन्ने शब्दमा फर्केको छ र ३४ र ३५ पदले फेरि "ख्रीष्ट" को बारेमा छलफल गरेको छ। तपाईं ३६ पदमा पुग्नुभएपछि, यी दुई विषयहरूलाई जोड्नुहोस्। पत्रुसको उपदेशको चरम विन्दु यही नै हो। येशू नै ख्रीष्ट *हुनुहुन्छ*!



मृत्युपछि के हुन्छ? (२:२७)

हाम्रो मृत्यु भएपछि, हाम्रो शरीर चिहानमा जान्छ र आत्मा पातालमा जान्छ; तुरहीको अन्तिम बोलावटसम्म पातालले हामीलाई बलियो साथ थामेर राख्नेछ (१ कोर १५:५२-५७) तैपनि, जुन कुरा सबैका निम्ति सत्य रह्यो ख्रीष्टको निम्ति सत्य रहने वाला *थिएन* भन्ने कुरा दाऊदले प्रेरणाद्वारा घोषणा गरे। बाइबलमा केही मानिसहरू मृत्युबाट बौरी उठे, तर चिहान र पातालबाट तिनीहरू "उम्किएको" कुरा अस्थाई थियो किनभने तिनीहरू सबै फेरि मरे। तसर्थ फेरि तिनीहरूका शरीर चिहानमा, र तिनीहरूका आत्मा पातालमा "बन्द" गरियो। मृत्युबाट जीवित भई फेरि कहिल्यै नमर्ने व्यक्ति येशू मात्रै हुनुहुन्थ्यो (रोम ६:९)। पाताल र चिहानले उहाँलाई राख्न सकेन। परमेश्वरले उहाँको आत्मालाई पातालमा र उहाँको शरीरलाई चिहानमा छोड्नुभएन।

पश्चात्ताप गर्नु (२:३८)

कक्षाको वातावरणमा तपाईंले "पश्चात्ताप गर्नु" भन्ने विषयमा कुरा गर्दा, यो शब्दको अर्थ के हो भनी तपाईंले विद्यार्थीहरूलाई सोध्न सक्नुहुन्छ। धेरैले "पापको लागि खेद मान्नु" वा "व्यक्तिको जीनव परिवर्तन गर्नु" भन्ने अर्थ दिने शब्दहरू प्रयोग गर्नेछन्। तपाईंले यो रेखाचित्रलाई बोर्डमा राख्न सक्नुहुन्छ:

पापको निम्ति ईश्वरीय शोक → पापको निम्ति पश्चात्ताप (पापको बारेमा मन वा आचरणमा परिवर्तन) → जीवन परिवर्तन

पापको निम्ति शोक गर्नु पश्चात्ताप होइन, तर यसले पश्चात्ताप *निम्त्याउँछ* भन्ने कुरालाई जोडका साथ व्याख्या गरिदिनुहोस्। जीवनको परिवर्तन पश्चात्ताप होइन, तर यो पश्चात्तापको *परिणाम* हो भन्ने कुरालाई जोडका साथ व्याख्या गरिदिनुहोस्। वास्तवमा यी दुईको बीचमा पश्चात्ताप पर्दछ; यो "(पापको बारेमा) मन वा आचरणमा परिवर्तन हो।" ती सबै भनिसकेपछि, सम्पूर्ण रेखाचित्रको वरिपरि ठूलो घेरा कोर्नुहोस् र सबैलाई "पश्चात्ताप!" लेबल गर्नुहोस् कि जब परमेश्वरले हामीलाई पश्चात्ताप गर्न आदेश दिनुहुन्छ (लूक १३:३; इत्यादि), लाई यो सबै हुनको लागि उहाँको दिमागमा

छ हाम्रो हृदयमा र हाम्रो जीवनमा।

"येशू ख्रीष्टको नाउँमा" बप्तिस्मा (२:३८)

बप्तिस्मा लिनेहरूले आज्ञा पालन मात्रै गरिरहेका हुँदैनन्, तर येशूमा जीवनपर्यन्त समर्पण गरिरहेको हुन्छ भन्ने कुरालाई बप्तिस्मा लिने व्यक्तिहरूले महसुस गर्नु महत्त्वपूर्ण छ।

पाप-क्षमाको "निम्ति" बप्तिस्मा (२:३८)

ग्रीक उपसर्गहरूलाई अध्ययन गर्दा, प्रत्येकको आधारभूत क्रियालाई ध्यान दिने आम तरिका भनेको यसको सम्बन्धलाई गोलाकारमा संकेत गर्नु हो। εἰς (*आएस्, eis*) लाई गोलाकार *तर्फ* गइरहेको तीरद्वारा चित्रित गरिएको छ। *अर्थात्, आफैलाई नयाँ करारको ग्रीक सिकाउनुहोस् (Teach Yourself New Testament Greek)* मा, (*आएस्, eis*) को बारेमा सूचित गर्नको लागि व्यंग्यात्मक उदाहरण प्रयोग गरिएको छ: एक जना मानिस सिंहको मुख *भित्र* गइरहेको हुन्छ, र उसको शरीरको पछिल्लो भाग सिंहको बाहिर हुन्छ।[21]

प्रेरितको पुस्तकमा परिवर्तनका उदाहरणहरू (२:४१)

प्रेरितको पुस्तकमा भएका परिवर्तनका उदाहरणहरूको विषयमा प्रवचनहरूको एउटा श्रृंखला तयार गर्न सकिन्छ।

१. महान आज्ञा (मत्ती २८:१८-२०; मर्कू १६:१५, १६; लूक २४:४५-४९)। यसले परिवर्तनको उदाहरणहरूको पृष्ठभूमि प्रदान गर्नेछ।
२. पेन्तिकोसको दिनमा यहूदीहरूको परिवर्तन (अध्याय २)।
३. सामरीहरूको परिवर्तन (अध्याय ८)।
४. सिमोन जादूगर: "एक जना जादूगरको परिवर्तन" (अध्याय ८)।
५. एक जना इथियोपियाली मानिसको परिवर्तन (अध्याय ८)।
६. शाऊलको जीवन परिवर्तन (अध्याय ९; २२; २६)।
७. कर्नेलियसको परिवर्तन (अध्याय १०; ११)।
८. लिडियाको परिवर्तन (अध्याय १६)।
९. भ्यालखानका हाकिमको परिवर्तन (अध्याय १६)।
१०. कोरिन्थका मानिसहरूको परिवर्तन (अध्याय १८)।
११. अपोल्लोस: "एक जना प्रचारकको परिवर्तन" (अध्याय १८)।
१२. फेलिक्स परिवर्तन हुन नचाहेको (अध्याय २४)।
१३. अग्रिपास परिवर्तन हुन नचाहेका (अध्याय २५; २६)।

मण्डलीमा थपिए (२:४१, ४७)

पत्रुसले येशूको बारेमा स्वीकार गरिसकेपछि (मत्ती १६:१६), "राज्यको साँचा"

---

[21]हुस्डोन (Hudson), १११।

दिनेछु भनी येशूले तिनलाई प्रतिज्ञा गर्नुभएको थियो (मत्ती १६:१९)। अर्थात्, राज्य/मण्डलीको ढोका खोली मानिसहरूलाई प्रवेश गर्न दिने प्रथम व्यक्ति हुनेछ भन्ने बारेमा येशूले प्रतिज्ञा गर्नुभयो। पेन्तिकोसको दिनमा ठीक त्यही कुरा भयो। मण्डलीमा प्रवेश गर्नका लागि पूरा गर्नुपर्ने सर्तहरू पत्रुसले प्रदान गरे, र तीन हजार मानिसहरूले अनुग्रही परमेश्वरको प्रस्तावको फाइदा उठाए। तिनीहरूले बप्तिस्मा लिएपछि, तिनीहरूले उद्धार पाए; तिनीहरूले उद्धार पाएपछि, परमेश्वरले तिनीहरूलाई मण्डलीमा थप्नुभयो।

४१ र ४७ पदबाट धेरै महत्त्वपूर्ण जोडहरूलाई अघि सार्न सकिन्छ। पहिलो, हामीलाई मण्डलीको सरल, तर गहन परिभाषा दिइएको छ। *मण्डली उद्धार पाउने मानिसहरूद्वारा निर्मित शरीर हो*—ख्रीष्टको रगतद्वारा बचाइएका मानिसहरू। मानिसहरूले मण्डलीको सदस्य र उद्धारलाई दुई वटा भिन्न कुराहरूका रूपमा उल्लेख गर्छन्। त्यसो गर्नेहरूले सामान्यतया व्यक्तिगत इसाई सम्प्रादायहरूका बारेमा विचार गरिरहेका हुन्छन्। कुनै व्यक्तिले उद्धार पाएर पनि कुनै सम्प्रादयको सदस्य नभएको हुनसक्छ, तर कुनै व्यक्तिले उद्धार पाएको तर प्रभुको मण्डलीको सदस्य नभएको भन्ने हुनसक्दैन। हामीले हेर्दै गरेको दुई वटा पदहरू अनुसार, मण्डलीको सदस्यता र उद्धार एउटै र उही हुन्।

त्यसपछि, हामी मण्डलीमा गएर "संलग्न" हुँदैनौं; बरु, प्रभुले हामीलाई मण्डलीमा *"थप्नुहुन्छ"* भन्ने कुरा यी पदहरूले सिकाउँछ। के यो शाब्दिक अर्थको कुरा मात्रै हो? होइन, यो एउटा महत्त्वपूर्ण बाइबलीय सिद्धान्तको कुरा हो। जब कुनै व्यक्ति एउटा संस्थामा "प्रवेश गर्छ," त्यो काम *उसले* आफै गर्छ। निश्चित मापदण्डहरूलाई पूरा गरेर, उसले त्यस संस्थाको भाग हुने अधिकार *प्राप्त गर्छ*। तैपनि, कुनै व्यक्तिले प्रभुको मण्डलीको भाग बन्ने अधिकार प्राप्त गर्न सक्दैन। मण्डली *उद्धार पाएका मानिसहरूद्वारा* निर्मित शरीर हो। व्यक्तिले आफैलाई उद्धार दिन वा बचाउन नसक्ने हुँदा, उसले आफैलाई त्यस शरीरको सदस्य बनाउन सक्दैन। आफ्नो अनुग्रहद्वारा हामीलाई बचाउने व्यक्तिले नै हामीलाई त्यस शरीरको भाग बनाउनुहुन्छ। विश्वव्यापी मण्डली र स्थानीय मण्डली समुदायहरूबीच एउटा भिन्नता छुट्याइनै पर्छ। प्रभुले हामीलाई विश्वव्यापी मण्डलीमा थप्नुभएपछि, परमेश्वरका मानिसहरूको विश्वासयोग्य मण्डली समुदायमा "हामीले आफैलाई सामिल" गर्नु आवश्यक छ। *परमेश्वरले* थप्नुहुन्छ र *हामी* स्वागत गर्छौं।

४१ र ४७ पदबाट अन्य सत्यताहरूलाई पनि अनुमान गर्न सकिन्छ, तर जब हामी धर्मशास्त्रीय हिसाबले बप्तिस्मा लिन्छौं, हामी "मण्डली" भनिने आत्मिक संगतिको भाग बन्छौं भन्ने कुरालाई हामीले जोड दिनुपर्छ। आत्मिक रूपमा हामी एकले मानिसहरू होऔं भन्ने अभिप्राय परमेश्वरको थिएन। ढिलो चाँडो, सहायता गर्न र सामर्थ्य दिनको लागि हामीलाई अरूको आवश्यकता पर्छ। मण्डली निर्माण गर्ने क्रममा, परमेश्वरले अन्तर-निर्मित सहयोगी समूह, एउटा आत्मिक सन्जाल प्रदान गर्नुभयो।

उद्धारको हकमा, हामी सबैले हाम्रो विगत, वर्तमान, र भविष्यको कुरालाई अघि सार्नुपर्छ: हामीसँग दवावपूर्ण दोष दिने *विगतको* पाप छन्; *भविष्यको* निम्ति हामीसँग सामर्थ्य छ कि छैन भनेर हामी उदेक मान्छौं; हामीलाई हतास बनाउन चुनौती दिने

वर्तमान आत्मिक चुनौतीहरू हामीसँग छन्। परमेश्वरले सबै आवश्यकताहरूलाई पहिले नै देख्नुभएको थियो। पश्चात्तापी विश्वासीहरूका रूपमा हामीले बप्तिस्मा लिइसकेपछि, परमेश्वरले हाम्रो हरेक पापलाई क्षमा गरी हाम्रो विगतलाई समाधान गर्न हामीलाई सहायता गर्नुहुन्छ (पद ३८); हामीलाई सामर्थ्य दिन र हामीलाई सहायता गर्नको निम्ति आफ्नो पवित्र आत्मा हामीलाई दिएर परमेश्वरले भविष्यको सामना गर्न सहायता गर्नुहुन्छ (पद ३८); र एउटा प्रेमिलो परिवार अर्थात् मण्डलीको भाग हामीलाई बनाएर उहाँले वर्तमानको सामना गर्न हामीलाई सहायता गर्नुहुन्छ (पद ४१, ४७)। परमेश्वरले हाम्रो आत्मिक आवश्यकताहरूका बारेमा पहिले नै देख्नुभई हाम्रो निम्ति प्रवन्ध गर्नुभएको तरिकाहरू यी मात्रै होइनन्, तर परमेश्वरले हाम्रोलागि जुटाउनुहुने तीन वटा महत्त्वपूर्ण तरिकाहरू यिनै हुन्, र यी सबै अध्याय २ मा पाइन्छ।

आराधनामा भक्तिसाथ लागे (२:४२)

प्रारम्भिक इसाईहरू प्रेरितहरूको शिक्षा, संगति, रोटी भाँच्ने कार्य, र प्रार्थनामा भक्तिसाथ लागे। यहाँ हाम्रो निम्ति निकै महत्त्वपूर्ण एउटा पाठ छ: आराधना प्रभुप्रति हाम्रो समर्पणताको हृदय हो, इसाईहरूका रूपमा वृद्धि हुने हाम्रो प्रक्रियाको केन्द्रविन्दु हो, परमेश्वरप्रति विश्वासयोग्य रहिरहने हाम्रो कार्यको केन्द्रविन्दु हो। के हामी परमेश्वरको इच्छालाई जान्नका लागि ती प्रारम्भिक इसाईहरू जत्तिकै उत्कट इच्छा गर्छौं? के वचन पढ्ने र अध्ययन गर्ने कार्यमा हामी वास्तवमै आफैलाई समर्पित गर्छौं? के हामी यो कार्यलाई निरन्तर गरिहरन्छौं? हामीले आफ्ना संगी-इसाईहरूसँगको हाम्रो सम्बन्धप्रति तिनीहरूजस्तै फिक्री गर्छौं कि गर्दैनौं भनेर प्रश्न गर्नुपर्छ। के हामी ख्रीष्टमा हाम्रा दाजुभाइ र दिदीबहिनीहरूलाई चिन्न र हाम्रो एकतालाई व्यक्त गर्ने कार्यमा समर्पित छौं? प्रभु-भोजप्रति हाम्रो आचरण कस्तो छ त्यसलाई पनि हामीले ध्यान दिनै पर्छ। आजका कतिपय मानिसहरूले कस्तो लापरबाही तरिकाले प्रभुको मृत्युको स्मरण कार्यमा भाग लिन्छन् त्यस कुरालाई अवलोकन गर्छौं, तसर्थ हामीले रोटी भाँच्ने कार्यमा निरन्तर भक्तिसाथ लागिरहने व्यक्तिहरूको आत्मिक नवीकरणको लागि उत्कट इच्छा गर्नुपर्दछ। अन्तिममा, हामीले प्रार्थनाको मार्गद्वारा परमेश्वर अर्थात् शक्तिको स्रोतसँग हाम्रो कुराकानी-सम्बन्धलाई ध्यान दिनैपर्छ। के हामी निरन्तर प्रार्थनामा लागेका छौं (१ थेस ५:१६-१८ हेर्नुहोस्)?

मण्डलीको वृद्धि (२:४२-४७)

"मण्डलीको वृद्धि कसरी गर्ने" भन्ने विषयमा आज मञ्च, पुल्पिट, र संचारमाध्यमद्वारा अनगिन्ती वचनहरू बहिरहेका छन्। *परमेश्वरलाई प्रसन्न पार्ने किसिमको* मण्डलीको वृद्धिलाई कसरी प्रभाव पार्ने भन्ने विषयमा हामी जान्न चाहन्छौं भने, २:४२-४७ मण्डली समुदाय यसको आकारमा वृद्धि भएर मात्रै यसको "वृद्धिले" परमेश्वरलाई प्रसन्न पार्छ भन्ने हुँदैन। परमेश्वरलाई प्रसन्न पार्ने किसिमको वृद्धिमा सत्यतालाई सम्झौता गर्ने कार्य समावेश हुँदैन। हामी आर्थिक रूपमा साथै आत्मिक रूपमा वृद्धि भएको परमेश्वर चाहनुहुन्छ, तर संख्यामा वृद्धि हुने कार्यभन्दा प्रमुख कुरा परमेश्वरप्रतिको विश्वासयोग्यता हो। क्यान्सर लाग्द पलाउने मासु पनि वृद्धि नै हो, तर यो अस्वस्थ्य, र जीवनलाई जोखिममा पार्ने वृद्धि हो।

प्रेरित २:४२-४७ मा व्याख्या गरिएको मण्डली समुदाय जस्तै समुदायको भाग हुनु पाउनु कति गजबको कुरा हुनेथियो, होइन र? जोशका साथ आफ्नो शिर हल्लाउनुभन्दा पहिले, यदि हामी प्रत्येक व्यक्ति कस्तो हुनुपर्ने हो त्यस्तै भयौं भने हामी त्यस्तो समुदायको भाग *हुनसक्छौं* भन्ने कुरालाई ध्यान दिनुहोस्: आराधना गर्ने, सम्मान गर्ने, स्वार्थ विहीन, खुसी, र बाँडचूड गर्ने। बाइबल भनेको हामी आफैलाई हेर्न सहायता गर्ने एउटा ऐना हो, अरूका कुरालाई जाँचेर ठूलो बनाई हेर्ने सिसा होइन भन्ने कुरालाई याद गर्नुहोस्। "जस्तो मण्डलीको सदस्य बन्न हामी मन पराउछौं" त्यस्तो मण्डलीमा सुहाउने इसाईहरू बन्न परमेश्वरले हामीलाई सहायता गर्नुभएको होस्।

"सबै कुरा साझा" (२:४४, ४५)

साम्प्रदायिक अगुवाहरूले ४४, ४५ पदलाई गरेको दुरुपयोग विरुद्ध आवाज उठाउन, र खाँचोमा परेका इसाईहरूलाई सहायता गर्नको निम्ति मण्डली निस्वार्थ हुनुपर्छ भन्ने कुराबारे व्यवहारिक शिक्षा दिन, यी दुवैको लागि प्रारम्भिक मण्डलीमा सबै कुरा साझा थियो भन्ने विषयमा एउटा महत्त्वपूर्ण पाठ तयार गर्न सकिन्छ। यो पाठ २:४४, ४५ बाट सुरु भएर ४:३२-३५ सम्म अघि बढ्छ। जब हाम्रा दाजुभाइ खाँचो गाह्रो परिस्थितिमा हुन्छन्, उसलाई जीवनको आधारभूत आवश्यकताहरूमा (सीमितताहरूका साथमा) सहायता गर्ने एउटा जिम्मेवारी हाम्रो हुन्छ। (यस खण्डमा उल्लेख गरिएको शब्द "खाँचो" हो, "चाहना" होइन।) उसलाई *सहायता गर्नको निम्ति* हामी तयार हुनुपर्छ—चाहे यसो गर्नको लागि हामीसँग भएको कुरा बिक्री गर्नु नै किन नपरोस्।

यस सम्बन्धमा हाम्रो लागि व्यवहारिक शिक्षा १ यूहन्ना ३:१७ मा उल्लेख गरिएको छ: "कसैसित संसारको धन-सम्पत्ति छ, र पनि आफ्ना दाजुभाइलाई खाँचोमा परेको देख्दा उनीहरूप्रति आफ्नो मन कठोर पार्छ भने, परमेश्वरको प्रेमले कसरी त्यसमा वास गर्छ?" यस प्रश्नको उत्तर स्पष्टै छ: यदि मेरो दाजुभाइको खाँचो यथार्थ हो भने र उसलाई सहायता गर्ने क्षमता मसँग छ र मैले त्यसो गर्दिनँ भने, परमेश्वरको प्रेम ममा वास गर्नहुन्न। यसैसँग सम्बन्धित अर्को खण्ड गलाती ६:१० हो: "... हामी सबै मानिसको भलाइ गर्दैजाऔं, *विशेष गरी तिनीहरूको, जो हाम्रो विश्वासका परिवारका हुन्"* (जोड दिइएको छ)। हाम्रा दाजुभाइ तथा दिदीबहिनीहरूको खाँचोप्रति संवेदनशील बन्न र सहायता गर्न तयार रहनको निम्ति परमेश्वरले हामीलाई सहायता गर्नुहुन्छ—चाहे यसको निम्ति व्यक्तिगत परित्याग गर्न नै किन नपरोस्। प्रेरित २:४४, ४५ मा सूचित गरिएको र १ यूहन्ना ३:१७ र गलाती ६:१० मा खुलस्त व्यक्त गरिएको सिद्धान्तको एउटा मापदण्ड छ: हाम्रो सहयोगले व्यक्तिलाई हात बाँधेर बस्न प्रोत्साहन दिनुहुँदैन, *अन्यथा* हामीले हाम्रा दाजुभाइको खाँचोलाई पूरा गर्नुपर्छ (२ थेस ३:१० हेर्नुहोस्)।

एकसाथ भेला हुनु (२:४६)

"उद्धार पाउनको लागि व्यक्ति बुधबार साँझको संगतिमा *आउनुपर्छ?"* भन्ने प्रश्नमा वर्षौंदेखि छलफल गरिएको छ। हप्ताको बीचतिर हुने सेवाको बारेमा बाइबलले निश्चित रूपमा केही पनि बताएको छैन, तर प्रारम्भिक इसाईहरू

तिनीहरूले जहाँ सक्थे त्यहीँ भेला हुन्थे (२:४६), हप्ताको पहिलो दिनमा मात्रै होइन भन्ने कुराको धेरै संकेतहरू छन्। तिनीहरू आत्मिक संगतिको निम्ति, परमेश्वरको वचन अध्ययन गर्न, परमेश्वरलाई आराधना गर्न, इसाई सेवाको लागि तालिम प्राप्त गर्न, इत्यादिको लागि भेला हुन्थे। परमेश्वरले आज्ञा गर्नुभएको कुरा अर्थात् प्रभुको दिनमा संगति गर्ने बाहेक, सदस्यहरूको आत्मिक आवश्यकताहरूलाई सबैभन्दा उत्तम रूपमा कसरी पूरा गर्न सकिन्छ त्यस विषयमा निर्णय गर्दै संगतिको निम्ति समय-तालिका निर्माण गर्ने जिम्मेवारी स्थानीय मण्डली समुदायको अगुवा पक्षको हुन्छ। प्रारम्भिक इसाईहरूले बुधबारको दिन सम्बन्धी यो प्रश्न हास्यास्पद किसिमको छ भनेर ठान्नेथिए। तिनीहरू संगी-इसाईहरूसँग *दैनिक* भेला हुन्थे।

ख्रीष्टमा आनन्द मनाउनु (२:४६, ४७)

येशू ख्रीष्टद्वारा तिनीहरूले कायम गरेको परमेश्वरसँगको तिनीहरूको नयाँ सम्बन्धको कारण प्रारम्भिक मण्डलीमा उत्साहपूर्ण आनन्द थियो (२:४६, ४७)। हामीमध्ये कति जना मानिसहरू इसाई बनेको यति लामो समय भइसक्यो कि हामीलाई हाम्रो पापबाट निकालेर ल्याइएको उत्साहलाई हामीले बिर्सिसक्यौँ (२ पत्र १:९) र हामीले खुसीको त्यस अनुभूतिलाई गुमाएका छौं। हामीले पनि दाऊदसँगै प्रार्थना गर्नुपर्ने आवश्यकता हुनसक्छ, "तपाईंको मुक्तिको *आनन्द* मलाई फेरि दिनुहोस्" (भज५१:१२; जोड दिइएको छ)।

दैनिक रूपमा मान्नुपर्ने धर्म (२:४६, ४७)

२:४६, ४७ मा "दिनदिनै" भन्ने वाक्यको प्रयोग गरिएको छ। प्रेरितको पुस्तकको "दैनिक रूपमा मान्नुपर्ने धर्म" भन्ने प्रवचनको यो सुरुवात विन्दु हुनसक्छ: तिनीहरू दैनिक भेला हुन्थे (२:४६), दिनहुँ धर्मशास्त्र छानबिन गर्थे (१७:११), दिनहुँ वास्ता गर्थे (६:१), दिनदिनै आत्माहरू बचाउँथे (२:४७), र दैनिक रूपमा संख्यामा बढ्थे (२:४७; १६:५)।

सम्पादकबाट

आजको लागि सत्यता
वर्ल्ड मिशन स्कूल के हो?

आजको लागि सत्यता वर्ल्ड मिशन स्कूलले कस्तो प्रकारको मिशन कार्य गर्छ? जो मानिसहरूले मिशनरी प्रचारकार्य र आत्मिक निर्माणलाई ध्यानपूर्वक अध्ययन गर्छन्, तिनीहरूले मिशन क्षेत्रमा सधैं रहने दुई संघर्षहरूलाई औंल्याउँछन्।

चुनौतीपूर्ण चिन्तनहरू

पहिलो चुनौती भनेको स्वदेशी मानिसलाई शिक्षित गर्नु हो। मिशनरीका लागि सबैभन्दा महत्वपूर्ण कार्यहरू मध्ये एक स्वदेशी ख्रीष्टियनलाई शिक्षित र परिपक्व बनाउनु हो, ताकि उनीहरू आफ्नै भाषामा आफ्नै मानिसहरूसँग सुसमाचार प्रचार गर्न सकून्। स्वदेशी प्रचारकहरूलाई यस प्रकारको सहयोग प्रदान गर्नुले हाम्रा मिशनरी प्रयासहरूलाई निखार्दछ, जसले गर्दा यी प्रचारकहरू अझ आत्मनिर्भर, विश्वसनीय, र स्थायी बन्न सक्छन्। हामी आफैंभित्रका व्यक्तिले हामीलाई प्रचार गर्दा मूल्यवान ठान्छौं, र अन्य व्यक्तिहरू पनि त्यसै गर्छन्। जब हामी कुनै कार्यलाई "हाम्रो कार्य" भनेर लिन्छौं, तब हामी त्यसप्रति अझ बढी ध्यान दिन्छौं र त्यसका लागि अझ बढी बलिदान दिन्छौं। यो सिद्धान्त प्रायः हरेक संस्कृतिमा लागू हुन्छ।

यदि हामी इसाईत्वलाई अझ स्वदेशी रूप दिन्छौं भने, यो कुनै पनि राष्ट्र, संस्कृति, समय वा परिस्थितिमा फस्टाउन सक्छ। स्वदेशी प्रचारकहरूलाई उपयोग गर्दा, मिशन कार्य आफ्नो राष्ट्रिय परिवेशमा बढी सम्भावनाका साथ बढ्न सक्छ, जुन कि पूर्ण रूपमा अमेरिकी सहयोगमा निर्भर हुँदा सम्भव हुँदैन।

अमेरिकामा पुनर्स्थापन आन्दोलन सुरु भएपछि, प्रारम्भिक प्रचारकहरू र शिक्षकहरूले चाँडै नै बुझे कि यदि आन्दोलनलाई स्थायी बनाउनु हो भने युवाहरूलाई प्रचार गर्न सिकाउनुपर्छ। त्यसैले, पुनर्स्थापन आन्दोलनको इतिहासमा धेरै चाँडै विद्यालयहरू स्थापना गरिए। बुद्धिले यही उपाय अपनाउन सुझाव दियो।

ख्रीष्टियनहरू प्रचार अभियान, चिकित्सा मिशन, र अन्य प्रकारका प्रस्तुतिहरूजस्ता सबै मिशन प्रयासहरूका लागि आभारी छन्। तर, हामीले स्वदेशी ख्रीष्टियनहरूलाई आफ्नै मानिसहरूसँग प्रभावकारी रूपमा प्रचार गर्न सक्षम बनाउने विदेशी शैक्षिक अवसरहरूको महत्त्वलाई बेवास्ता गर्नुहुँदैन। यो मण्डलीका समग्र मिशनरी प्रयासहरूको निरन्तर सफलताका लागि अत्यन्त आवश्यक विषय हो।

बाइबल सम्बन्धी साहित्य उपलब्ध गराउनु, जसको ठूलो महत्व छ, दोस्रो चुनौती हो। मिशनरी प्रचारकार्यमा यस्तो तत्व समावेश हुनुपर्छ, जसले मानिसहरूले आफ्नो स्तरअनुसार बाइबल बुझ्न सकून्। जसलाई मिशनरीले शिक्षा दिन खोज्दैछ, तिनीहरूसँग आफ्नै बाइबलको प्रतिलिपि हुनुपर्छ र तिनीहरूलाई धर्मशास्त्रमा आधारित परमेश्वरप्रतिको विश्वासमा डोऱ्याउनुपर्छ (रोमी. १०:१७ हेर्नुहोस्)। तिनीहरूलाई धर्मशास्त्र अध्ययनमा सहायता गर्ने उचित अध्ययन सामग्रीहरू पनि आवश्यक छन्। निःसन्देह, ख्रीष्टमा वृद्धि परमेश्वरको वचनद्वारा पोषण पाउनु र प्रार्थनाद्वारा सम्भव हुन्छ। जब कुनै मिशन कार्यले

बाइबलको स्पष्ट र सही बुझाइ देखाउँछ र प्रार्थनामा समर्पित हुन्छ, तब त्यो ठोस आधारमा स्थापित हुन्छ (प्रेरित ६:४; ८:३०, ३१ हेर्नुहोस्)।

जब टेक्स विलियम्स, जो वर्ल्ड बाइबल स्कूलका पूर्व निर्देशक थिए, हार्डिङ विश्वस्कूलको क्याम्पसमा थिए, उनले विद्यार्थीहरूलाई वर्ल्ड बाइबल स्कूलबारे सम्बोधन गरे। उनले मिशनरी कक्षालाई सम्झाउँदै भने कि ख्रीष्टियन साहित्य अफ्रिकाको सबैभन्दा ठूलो आवश्यकतामध्ये एक हो। उनले भने, "यस साहित्यविना, तिनीहरू ख्रीष्टियन बन्न र हुनुपर्ने ख्रीष्टियन परिपक्वतामा वृद्धि हुन सक्दैनन्।" बाइबल साहित्य कसैको आत्मिक वृद्धिमा अति महत्त्वपूर्ण स्थान राख्छ। जब नयाँ विश्वास गर्नेहरू विश्वासका मानिसहरू र बाइबल ज्ञान भएका शिक्षकहरूको उपस्थितिमा बस्छन्, तब ख्रीष्टमा वृद्धि निश्चित रूपमा हुन्छ। तर, संसारका धेरै स्थानहरू यस्ता शिक्षाबाट वञ्चित छन्। आजको लागि सत्यता वर्ल्ड मिशन स्कूलले यस्ता ठाउँहरूमा आवश्यक बाइबल अध्ययन सामग्री र व्याख्याहरू पठाउने प्रयास गर्छ, जहाँ मानिसहरू यी सामग्रीका लागि अत्यन्तै तड्पिरहेका छन्। हालसम्म, १४० राष्ट्रका ३२,००० पुरुषहरू हाम्रा मासिक पत्राचार प्राप्त गर्छन्, जुन १३ फरक भाषाहरूमा पठाइन्छ।

यी दुई प्रमुख मिशनरी आवश्यकताहरू-स्वदेशी प्रचारकहरूलाई तयार पार्ने आवश्यकता र संसारभरि बाइबल साहित्य उपलब्ध गराउने आवश्यकता-सधैं स्मरण गर्नुपर्छ र सम्बोधन गरिनुपर्छ। हाम्रा प्रयासहरू सधैं यी लक्ष्यहरू पूरा गर्न केन्द्रित हुनुपर्छ। यदि हामीले तिनीहरूलाई पछ्याएनौं भने, मिशनरी रणनीतिहरूमा गरिएको ठोस अनुसन्धानका परिणामहरूलाई बेवास्ता गरेको हुनेछ।

एक अद्वितीय विद्यालय

आजको लागि सत्यता वर्ल्ड मिशन स्कूल (TFTWMS) १९९० मा एक मुद्रित सेवकाई स्कूलको रूपमा स्थापना गरिएको थियो। यसको प्रारम्भदेखि नै यसलाई ह्यूस्टन, टेक्सास स्थित च्याम्पियन्स चर्च अफ क्राइस्टले प्रेरित, प्रोत्साहित, र समर्थन गरेको छ। TFTWMS ले प्रचारका दुई विधिहरूलाई एकसाथ मिलाएर पृथ्वीका ठूलो भागमा प्रभावकारी रूपमा सेवा पुऱ्याउने सफल उपायको रूपमा प्रमाणित गरेको छ।

TFTWMS एक मुद्रित प्रचारक/शिक्षक स्कूल हो। यसको काम १,४६० स्वदेशी प्रचारकहरूसँग सुरु भयो, जो ११० राष्ट्रहरूमा सेवा गरिरहेका थिए। आज, साहित्य हजारौँ स्वदेशी व्यक्तिहरूलाई थप राष्ट्रहरूमा पठाइन्छ। यी प्रचारकहरूको सिफारिस वर्ल्ड बाइबल स्कूलका शिक्षकहरू, मिशनरीहरू, प्रचार अभियानकर्ताहरू, र स्वदेशी प्रचारकहरू आफैंबाट प्राप्त हुन्छ। मुद्रित प्रचारक स्कूलले ठोस र निरन्तर वृद्धि हासिल गरेको छ।

TFTWMS ले मुद्रित र विद्युतीय दुबै पृष्ठ प्रयोग गर्छ। नाम दर्ता गरेका प्रचारकहरूले हरेक तीन महिनामा ४५० पृष्ठ बराबरको बाइबल व्याख्यात्मक अध्ययन प्राप्त गर्छन्। विश्वास गरिन्छ कि व्याख्यात्मक अध्ययनको विधि अन्य अध्ययन विधाहरूभन्दा संस्कृतिहरूलाई समेट्ने क्षमतामा प्रभावकारी हुन्छ। पठाइने सामग्रीहरूले अध्ययन भइरहेको पुरानो वा नयाँ नियमको पुस्तकलाई विस्तृत रूपमा व्याख्या गर्छ। प्रकाशन पछि, ती पाठहरू हाम्रो वेबसाइट (www.biblecourses.com) मा पनि उपलब्ध गराइन्छ।

यसका अतिरिक्त, जसले पहुँच राख्छन् तिनीहरूका लागि अनलाइन बाइबल अध्ययन स्कूल पनि उपलब्ध छ। ThroughTheScriptures.com सेप्टेम्बर १, २०१५ मा

सुरु भएको थियो। यसको सुरुवाती संस्करणमा सम्पूर्ण नयाँ नियम र ७० प्रतिशत पुरानो नियम अङ्ग्रेजी भाषामा समेटिएको थियो। यी पाठ्यक्रमहरू आजको लागि सत्यता टिप्पणी श्रृंखलामा आधारित छन्। TFTWMS २३ भाषामा सम्पूर्ण स्कूल उपलब्ध गराउने लक्ष्य राख्छ, ताकि संसारभरका बढ्दो संख्यामा मानिसहरूले यी पाठ्यक्रमहरू लिन सकून्। विद्यार्थीहरूसँग कम्प्युटर वा इन्टरनेट जडित स्मार्टफोन हुन आवश्यक छ, साथै स्कूलले उपलब्ध गराएका भाषाहरू मध्ये कुनै एक प्रयोग गर्न सक्षम हुनुपर्छ। अमेरिकाबाहिरका विद्यार्थीहरूका लागि छात्रवृत्तिको व्यवस्था पनि छ।

मासिक रूपमा पठाइने सामग्रीहरूले स्वदेशी प्रचारकहरूलाई आफ्नै भाषामा आफ्नै मानिसहरूलाई प्रचार र शिक्षा दिन सक्षम बनाउने अवसर प्रदान गर्छ। यो कार्य मुख्य रूपमा मुद्रित सामग्रीमार्फत सम्पन्न गरिने भएकाले, यसले यी शिक्षक र प्रचारकहरूको ख्रीष्टियन साहित्यको आवश्यकतालाई केही हदसम्म पूरा गर्छ। मुद्रित पृष्ठ सधैं हाम्रो साथमा रहनेछ-यो विद्युतीय रूपमा वितरण गर्न सकिन्छ, तर संसारभरि सुसमाचारको सत्यता पुऱ्याउने एक प्रभावकारी माध्यममध्ये यो एक हो।

बलियो पक्षहरू

यो मिशनरी पत्राचार विधिको केही बलिया पक्षहरू छन्। सुरुमा, यसले स्वदेशी मानिसहरूका लागि सस्तो निरन्तर शिक्षा प्रदान गर्छ। व्याख्यात्मक सामग्रीहरू कम खर्चमा विदेश पठाउन सकिन्छ। प्रत्येक स्वदेशीलाई पठाइने पुस्तिका १० वर्षसम्म टिक्न सक्छ। त्यसैले, यस प्रकारको मिशनरी सहायता लामो समयसम्म उपयोगी हुन्छ। यसरी, TFTWMS ले सयौं स्वदेशी मानिसहरूलाई निरन्तर शिक्षा प्रदान गर्न सक्छ, जसका लागि तुलनात्मक रूपमा थोरै मिशनरी रकम खर्च हुन्छ।

यस कार्यमार्फत स्वदेशी मानिसहरू आफ्नै देशमा आफ्नो काम गर्दा साहित्यिक उत्साह प्राप्त गर्छन्। यी मानिसहरूलाई शिक्षा प्राप्त गर्न संयुक्त राज्य अमेरिका ल्याउनुका दुई समस्या छन्। पहिलो, यो अत्यन्त महँगो छ। त्यसका साथै, जब स्वदेशी मानिसले अमेरिकाका आशिष्हरूको स्वाद लिन्छ, ऊ प्रायः अमेरिका बस्ने दृढ निश्चय गर्छ र आफ्नै देश फर्कन चाहँदैन। यदि सम्भव छ भने, स्वदेशी प्रचारकलाई आफ्नै देशमै निरन्तर शिक्षा प्रदान गर्नु निकै व्यवहारिक र किफायती हुन्छ।

यी पत्राचारहरूले हजारौं स्वदेशी मानिसहरूसम्म छिट्टै पुग्न सक्छन्। यी मानिसहरूलाई तत्काल सहायता चाहिन्छ, र TFTWMS मार्फत उनीहरू प्रत्येक महिना यो सहायता प्राप्त गरिरहेका छन्! हाम्रो समय र स्रोतका लागि, मुद्रित र इलेक्ट्रोनिक पृष्ठहरू सम्भवत: संसारभरका हजारौं स्वदेशी प्रचारकहरू र शिक्षकहरूलाई सहायता प्रदान गर्ने सबैभन्दा व्यवहारिक माध्यम हुन्।

स्वदेशी मानिसहरूले एक निश्चित अवधिमा गुणस्तरीय शिक्षा प्राप्त गर्न सक्छन्। यहाँ मुख्य शब्द "गुणस्तर" हो। उचित हेरचाहका साथ पठाइएका पत्रिकाहरू उनीहरूले धेरै वर्षसम्म आफ्नो साथमा राख्न सक्छन्। मासिक रूपमा पठाइने अध्ययन सामग्रीहरूले उनीहरूलाई पाठ बुझ्न र आत्मसात गर्न पर्याप्त समय प्रदान गर्छ। उनीहरूले पुस्तकहरू सजिलै भण्डारण गर्न सक्छन् ताकि भविष्यमा फेरि पढ्न सकून्। साथै, अध्ययन सामग्रीमा पाइने बाइबलका सत्यहरू आफ्नै क्षेत्रमा अरूसँग साझा गर्न सक्छन्।

एउटा महान दर्शन

यी पत्राचारहरूलाई कल्पना गर्दा हामी संसारका अधिकांश राष्ट्रहरूमा तयार भएका हजारौं पुरुषहरूलाई देख्न सक्दछौं, जसले आफ्नै भाषामा आफ्नै मानिसहरूलाई प्रचार गर्न जान्छन्। हामीले उनीहरूको श्रममा सहभागिता जनाएका छौं र यी बाइबल अध्ययन सामग्रीहरूसँग तिनीहरूलाई समर्थन गरेका छौं। यी मानिसहरू ख्रीष्टप्रति समर्पित छन्, र उनीहरूले वचन प्रचार र शिक्षाको महत्त्व बुझ्छन्। शायद तिनीहरूलाई अझ सटीक र विश्वासपूर्वक प्रचार गर्न सक्षम गराउन तिनीहरूलाई प्रचारक/शिक्षक स्कूल (वा अरू कुनै प्रकारको स्कूल) मा अध्ययन गर्ने अवसर कहिल्यै नपाउन सक्छन्। कम्तीमा, उनीहरूलाई हामी जस्तो स्कूलमा अध्ययन गर्ने अवसर पनि नहुन सक्छ। यदि कुनै छ भने, तिनीहरूसँग थोरै किताबहरू छन्। तिनीहरूका लागि, हामीले पठाउने सामग्रीहरू लगभग शुद्ध सुनको रूपमा मूल्यवान छन्।

विभिन्न पुरानो करार र नयाँ करारका पुस्तकहरूका सामग्रीहरू प्राप्त गर्दा यी मानिसहरूको प्रतिक्रिया कस्तो हुन्छ भनी हामीलाई कल्पना गर्न गाह्रो छ। TFTWMS ले स्वदेशी मानिसहरूको प्रभावकारिता बढाउने काममा भाग लिएको छ, जसले ख्रीष्टतर्फ आत्माहरूलाई मार्गदर्शन गर्न र ख्रीष्टियन बनेका व्यक्तिहरूको सुधार गर्न मद्दत गरेको छ।

व्यक्तिगत प्रचार

सुसमाचार कहिल्यै नसुनेकाहरूलाई शिक्षा दिनको लागि, TFTWMS द्वारा १९९८ मा एक विशेष पुस्तक तयार पारिएको थियो। यस पुस्तकको नाम Into the Abundant Life (पहिले "Becoming a Faithful Christian" भन्ने शीर्षकमा चिनिन्थ्यो)जसमा तीन सयभन्दा बढी पृष्ठहरू छन् जसले कसरी ख्रीष्टियन बन्ने भनेर बताउँछ। पुस्तकका पाठकलाई परमेश्वर, ख्रीष्ट, र पवित्र आत्मा; बाइबल; येशूको पृथ्वीको जीवन; येशूको मृत्यु, दफन, र पुनरुत्थान; मण्डलीको स्थापना; र आजको दिनमा कसरी एउटा मण्डलीको सदस्यको रूपमा ख्रीष्टको लागि जीवन यापन गर्ने भन्ने कुरा परिचित गराइएको छ। पुस्तकका अन्तिम दुई सय पृष्ठहरूमा नयाँ करारको पूरा प्रति (NASB) समावेश छ।

यी किताबहरूको दुई लाख प्रति सत्र विभिन्न भाषामा अफ्रिका, पूर्वी युरोपका देशहरू, भारत, ल्याटिन अमेरिका र अन्य राष्ट्रहरूमा पठाइएको छ। सफलता दर धेरै उच्च रहेको छ-वास्तवमा अचम्मको रूपमा उच्च। यो किताबले त्यो सन्देशलाई समेटेको छ जुन कुनै पनि ख्रीष्टियनले त्यो व्यक्तिलाई दिन चाहनुहुन् जसले सुसमाचार सुन्नको लागि अवसर प्राप्त गरेको छैन।

दृढ रहनु

संगै, आउनुहोस् र यस मिशनरी पहललाई कायम राखौं जुन मण्डलीको सबैभन्दा प्रभावकारी प्रचार प्रयासहरू मध्ये एउटा बनिसकेको छ। अरूसँग यस कार्यको बारेमा बताउनुहोस्। तिनीहरूलाई पुरा बाइबल अध्ययन गर्ने अवसरहरू देखाउन मद्दत गर्नुहोस्। ThroughTheScriptures.com मा बाइबल अध्ययन गर्नुहोस्, जुन बाइबलीय पाठको ज्ञानमा प्रगति गर्ने अद्भुत तरिका हो। यो सम्भवतः अनलाइनमा उपलब्ध बाइबलको सबैभन्दा गहिरो अध्ययन हो। अहिले, यस वेबसाइटमा विभिन्न भाषामा चार सय पाठ्यक्रमहरु लाइभ छन्। जब कुनै व्यक्तिले यो अनलाइन स्कूलमार्फत पाठ्यक्रमहरु लिन्छ, तब उसले बाइबलको राम्रो बुझाइको साथ आफैलाई सुसज्जित गर्दछ।

परमेश्वरले हामीलाई आशिष् दिनुभएको होस्, ताकि हामी उहाँमा बढ्दै गर्दा यी अद्भुत अवसरहरूको उत्तम प्रयोग गर्न सकौं।

एडि क्लोएर